महालेखापरीक्षकको

सन्ताउनौं वार्षिक प्रतिवेदनसँग सम्बन्धित



कार्यमूलक तथा विशेष लेखापरीक्षण प्रतिवेदन २०७७



महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं,

नेपाल

महालेखापरीक्षकको सन्देश



नेपालको संविधानको धारा २४१ अनुसार राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा वित्तीय लेखापरीक्षणको अतिरिक्त सूचना प्रविधि, कार्यमूलक, वातावरण विषयको लेखापरीक्षण गर्न सक्ने उल्लेख छ । लेखापरीक्षणमा असल अभ्यासको अनुसरण गर्न तथा लेखापरीक्षण कार्यलाई प्रणालीवद्ध गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय मानदण्ड (इसाई) अनुरूप कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ र वातावरणीय लेखापरीक्षण मार्गदर्शन, २०६८ तयार गरी सोही अनुरूप लेखापरीक्षण हुँदै आएको छ ।

कार्यमूलक, सुचना प्रविधि तथा विशेषज्ञ लेखापरीक्षणका लागि छुट्टै महानिर्देशनालय गठन गरी कार्य भैरहेको छ । कार्यालयले २०२९ देखि कार्यमूलक, २०६७ देखि सूचना प्रविधि र २०६८ देखि वातावरणीय लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्दै आएको छ । यस वर्ष ११ विषयको कार्यमूलक, २ विषयको वातावरणीय, ३ विषयको सूचना प्रविधि र १ विषयको विशेष लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको विषय छनौट गर्दा लगानी र सोको प्रतिफल, सार्वजनिक सम्पत्ति र सोको उपयोग, स्थानीय तहको सेवा प्रवाह, स्वास्थ्य सेवाको नियमन, सार्वजनिक संस्थान सञ्चालन, आयोजना व्यवस्थापन, वातावरणीय पक्ष, सामाजिक सुरक्षा, सूचना प्रविधिको प्रयोग र सोको सुरक्षा साथै सार्वजनिक सरोकार र जनचासोका विषय, सञ्चार माध्यममार्फत उठान भएको विषय, सरोकारवालाहरूबाट देखाएको चासो लगायतलाई मध्यनजर गरिएको छ ।

सार्वजनिक स्रोतको प्राप्ति, उपयोग र व्यवस्थापनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको पक्षलाई मध्यनजर राखी अध्ययन, मूल्याङ्कन र विश्लेषण गरी सुझाउ सहितको प्रतिवेदन प्रस्तुत गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको छ । न्यूनतम लागत र समयमा तोकिएको गुणस्तरको वस्तु वा सेवा प्राप्त भए नभएको, निश्चित स्रोत साधनको उपयोगबाट अधिकतम उपलब्धि हाँसिल भए नभएको र तोकिएको उद्देश्य प्राप्त भई लक्षित प्रतिफल हासिल भए नभएको एवं सोबाट सकारात्मक प्रभाव परे नपरेको परीक्षण गर्ने कार्य कार्यमूलक लेखापरीक्षणमा गरिएको छ । सोका अतिरिक्त कार्यमूलक लेखापरीक्षणले सम्बन्धित नीतिगत, कानुनी र व्यवस्थापकीय पक्षमा अध्ययन केन्द्रित गरी देखिएका समस्या समाधानका लागि सुझाउ प्रस्तुत गरेको छ । कार्यमूलक लेखापरीक्षणलाई गुणस्तरीय, नतिजामूलक र सहभागितात्मक बनाउन नागरिक सहभागितामा लेखापरीक्षण गर्ने गरिएको छ । सूचना प्रविधि लेखापरीक्षणले सार्वजनिक सेवाप्रवाहमा सूचना प्रविधिको प्रयोग, जोखिम विश्लेषण र परिपालना, विपद् व्यवस्थापन, डाटा र सूचनाको सुरक्षा, पहुँच नियन्त्रण, भौतिक सुरक्षा लगायतका पक्षको मूल्याङ्कन गरेको छ । वातावरणीय लेखापरीक्षणमा यस वर्ष काठमाडौं उपत्यकाको पर्यावरणीय अवस्था (भूमि, जल, ध्वनी प्रदूषण र फोहरमैला व्यवस्थापन) को मूल्याङ्कन गरिएको छ । त्यसैगरी विशेष लेखापरीक्षण अन्तर्गत दीगो विकास लक्ष्य हाँसिल गर्न गरेका प्रयासहरूको लेखाजोखा गरिएको छ ।

उल्लिखित लेखापरीक्षण गर्न प्राविधिक ज्ञान, विश्लेषणात्मक क्षमता, पर्याप्त समय तथा स्रोत साधनको आवश्यकता पर्दछ । त्यसका साथै लेखापरीक्षणमा तथ्याङ्कको विश्लेषण, प्रश्नावली, सर्वेक्षण, स्थलगत निरीक्षण, सरोकारवालासँग सामूहिक छलफल, अन्तर्वार्ता जस्ता विधिको प्रयोग गरिने हुँदा विषयसँग सम्बन्धित निकाय तथा कर्मचारी र सरोकारवालाको सकारात्मक सहयोग जरुरी हुन्छ । कार्यालयबाट उपलब्ध सीमित साधन स्रोतका वावजुद पनि लेखापरीक्षणमा खटिएका जनशक्तिको लगनशिलता एवं मेहनत र लेखापरीक्षण गरिएका विषय सम्बद्ध निकायका पदाधिकारी तथा कर्मचारीको सहयोगले यो प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको छ ।

अन्त्यमा, कार्यमूलक, सूचना प्रविधि, वातावरण तथा विशेष लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनबाट कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि हुनुका साथै सम्बन्धित क्षेत्रमा सकारात्मक प्रभाव पर्नेमा विश्वस्त छु । यस कार्यमा संलग्न हुने कार्यालयका कर्मचारी, परामर्शदाता, नागरिक समाजका संस्था र प्रतिनिधि तथा सम्बद्ध सबैमा धन्यवाद व्यक्त गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

विषय-सूची

क्र.सं.	विषय/क्षेत्र	निकाय/मन्त्रालय	पेज नं.
कार्यमूलक लेखापरीक्षण			
१	आयोजना व्यवस्थापन	राष्ट्रिय योजना आयोग	१
२	खेलकुद पूर्वाधारको अवस्था	युवा तथा खेलकुद मन्त्रालय	३६
३	सरकारी अनुदानमा निजी आवास निर्माण तथा उपयोग	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	५५
४	विद्युत प्रसारण लाईन निर्माण र सञ्चालन	उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय	८७
५	सरकारी सम्पतिको संरक्षण एवं उपयोग	महालेखा नियन्त्रकको कार्यालय	१२५
६	सामाजिक सुरक्षा कार्यक्रमको अवस्था	श्रम तथा रोजगार मन्त्रालय, गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	१३५
७	स्थानीय तह सञ्चालन तथा व्यवस्थापन	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	१७१
८	स्वास्थ्य सेवाको नियमन	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	१९२
९	स्वास्थ्य सेवा प्रवाहमा विरामी हेरचाह गुणस्तर	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२२३
१०	सार्वजनिक संस्थान संचालन	अर्थ मन्त्रालय	२४४
११	कर निर्धारण र असुली व्यवस्था	आन्तरिक राजश्व विभाग	२५८
वातावरणीय लेखापरीक्षण			
१२	काठमाडौं उपत्यकाको पर्यावरणीय अवस्थाको मूल्यांकन	वन तथा वातावरण मन्त्रालय, काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका	२७९
१३	वागमती नदी सफाई र सौन्दर्यीकरण	अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति	३१५
सूचना प्रविधि लेखापरीक्षण			
१३	विद्युतीय सवारी चालक अनुमति तथा सवारी दर्ता प्रणाली (EDLVRS)	यातायात व्यवस्था विभाग	३३६
१५	कम्पनी रजिष्ट्रेशन तथा व्यवस्थापन (OCR)	कम्पनी रजिष्ट्रारको कार्यालय	३४५
१६	एकीकृत कर प्रणाली (ITS)	आन्तरिक राजश्व विभाग	३५३
विशेष लेखापरीक्षण			
१७	दीगो विकास लक्ष्य	राष्ट्रिय योजना आयोग	३६१
	अनुसूचीहरू		३६६

महालेखापरीक्षकको सन्ताउन्नौं वार्षिक प्रतिवेदनसँग सम्बन्धित कार्यमूलक तथा विशेष लेखापरीक्षण प्रतिवेदन

१. **पृष्ठभूमि** – विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि महालेखापरीक्षकको कार्यालयले संघीय र प्रादेशिक निकाय तथा कार्यालयहरू, स्थानीय तहको लेखापरीक्षण गरी प्रतिवेदन तयार गरेको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा वित्तीय लेखापरीक्षणको अतिरिक्त सूचना प्रविधि, कार्यमूलक, वातावरण विषयको लेखापरीक्षण गर्न सक्ने उल्लेख छ । सोही व्यवस्था बमोजिम यस वर्ष ११ विषयको कार्यमूलक, २ विषयको वातावरणीय, ३ विषयको सूचना प्रविधि र १ विषयको विशेष लेखापरीक्षण गरी प्रारम्भिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाइएकोमा उक्त निकायबाट प्राप्त प्रतिक्रियाका आधार अन्तिम प्रतिवदेन तयार गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरूलाई महालेखापरीक्षणको वार्षिक प्रतिवदेनमा समावेश गरिएको छ । कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षणका पूर्ण प्रतिवेदनलाई एकत्रित गरी यस सँगालो तयार गरिएको छ ।

२. **लेखापरीक्षणको आधार** – नेपालको संविधानको धारा २४१ अनुसार राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, अवधि निर्धारण गर्ने र परीक्षण गर्ने कुराको सम्बन्धमा लेखापरीक्षण ऐन, २०७५ ले स्पष्ट गरेको छ । लेखापरीक्षण गर्दा कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९, सरकारी लेखापरीक्षण नीति मानदण्ड, २०६३, सहभागितात्मक लेखापरीक्षण मार्गदर्शन, २०७३, वातावरणीय लेखापरीक्षण मार्गदर्शन, २०६८ लगायतका अन्य क्षेत्रगत निर्देशिका, मार्गदर्शन र आचारसंहिता समेतका आधारमा लेखापरीक्षण योजना, कार्यान्वयन, प्रतिवेदन गुणस्तर नियन्त्रण कार्य गरिएको छ ।

३. **कार्यमूलक लेखापरीक्षण** – कार्यमूलक लेखापरीक्षणमा स्रोत साधनको व्यवस्थापन तथा उपयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता पक्षको मूल्याङ्कन गर्ने सन्दर्भमा सबै वा कुनै दुई वा एक पक्षको मूल्याङ्कन गरी सोबाट प्राप्त नतिजाको आधारमा सुझाउ सहितको प्रतिवेदन तयार गरिन्छ । मितव्ययिता अन्तर्गत न्यूनतम लागत र समयमा निर्धारित गुणस्तरको वस्तु वा सेवा प्राप्त भए नभएको, कार्यदक्षता अन्तर्गत निश्चित स्रोत साधनको उपयोगबाट अधिकतम उपलब्धि हासिल भए नभएको र प्रभावकारिता अन्तर्गत निर्धारित उद्देश्य हासिल भए नभएको वा सम्पन्न क्रियाकलापबाट अपेक्षित उपलब्धि वा प्रभाव हासिल भए नभएको मूल्याङ्कन गरिन्छ । स्रोत, साधन र क्षमता अनुसार हरेक वर्ष छनौट गरिएका विषयमा कार्यमूलक लेखापरीक्षण गर्ने सन्दर्भमा यो वर्ष कार्यमुलक, सूचना प्रविधि तथा विशेष लेखापरीक्षण महानिर्देशनालयबाट १० र आन्तरिक राजश्व निर्देशनालयबाट १ समेत ११ विषयको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा सरोकारवालासँग अभिलेख परीक्षण, छलफल, स्थलगत अवलोकन, सेवाग्राही तथा सरोकारवालासँग अन्तरवार्ता, प्रश्नावली तथा सर्भेक्षण तयार गरी सूचना सङ्कलन लगायतका प्रक्रिया अवलम्बन गरी सोको आधारमा मूल्याङ्कन तथा विश्लेषण गरि प्रतिवेदन तयार गरिएको छ ।

४. **लेखापरीक्षणमा नागरिक सहभागिता** – लेखापरीक्षणलाई थप विश्वसनीय र प्रभावकारी बनाउन तथा लेखापरीक्षणका क्रममा सूचना सङ्कलन, विश्लेषण, प्रतिवेदन, प्रतिवेदनको पैरवी तथा सोको कार्यान्वयनमा नागरिक समाजको महत्वपूर्ण भूमिका हुने हुँदा सुशासन, वित्तीय अनुशासन, भ्रष्टाचार विरुद्धको अभियान लगायतका क्षेत्रमा कार्यरत नागरिक तथा संस्थाहरू छनौट गरी सहभागी गराइएको छ । विशेष गरी सार्वजनिक सेवा प्रवाह, सार्वजनिक निर्माण र नागरिकसँग प्रत्यक्ष सम्बन्धित कार्यहरूमा सार्वजनिक भूमिका र देखिएका समस्या र सोको निराकरणका लागि सुझाउ प्रस्तुत गर्न यस प्रकारको लेखापरीक्षण उपयोगी भएको छ । यस वर्ष *स्थानीय तहको सञ्चालन र व्यवस्थापन* विषयको लेखापरीक्षणका लागि विभिन्न भौगोलिक क्षेत्रका २७ स्थानीय तहमा र *सरकारी अनुदानमा निर्माण भएका निजी आवासको उपयोग* विषयको लेखापरीक्षणको लागि ६ जिल्लामा विभिन्न १७ नागरिक संस्थाका २९ प्रतिनिधिलाई सहभागी गराई लेखापरीक्षण सम्पन्न गरिएको छ ।

५. **सूचना प्रविधि लेखापरीक्षण** – यस वर्ष ३ विषय *एकीकृत कर प्रणाली, कम्पनी रजिष्ट्रेशन तथा व्यवस्थापन र विद्युतीय सवारीचालक अनुमति तथा सवारी दर्ता प्रणाली*को सूचना प्रविधि लेखापरीक्षण सम्पन्न गरिएको छ । यस लेखापरीक्षण सम्पन्न गर्न बेलायतको महालेखापरीक्षकको कार्यालय (नेशनल अडिट अफिस) र बेलायती सहयोगी संस्था डिपार्टमेन्ट फर इन्टरनेशनल डेभलपमेन्ट (डी.एफ.आइ.डी) को पनि सहयोग प्राप्त भएको थियो । यस किसिमको सहयोगले जनशक्तिको क्षमता अभिवृद्धि गर्न र लेखापरीक्षणको गुणस्तर सुधारमा सहयोग मिलेको छ ।

६. **वातावरणीय लेखापरीक्षण** – विगत वर्षहरूमा जस्तै यस वर्षपनि वातावरणीय लेखापरीक्षणलाई निरन्तरता दिइएको छ । यस वर्ष *काठमाडौं उपत्यकाको पर्यावरणीय अवस्थाको मुल्याङ्कन* र *वागमती नदी सफाई र सौन्दर्यीकरण* गरी २ विषयको वातावरणीय लेखापरीक्षण सम्पन्न गरिएको छ ।

७. **संगठन संरचना एवं जनशक्ति** – कार्यमूलक, सूचना प्रविधि तथा विशेष लेखापरीक्षण महानिर्देशनालय अन्तर्गत कार्यमूलक र सूचना प्रविधि लेखापरीक्षण निर्देशनालय रहेका छन् । कार्यमूलक लेखापरीक्षण निर्देशनालयमा निर्देशक ४, लेखापरीक्षण अधिकारी ८ तथा सहायक कर्मचारी ६ समेत १८ जनशक्ति रहेको छ । सूचना प्रविधि लेखापरीक्षण निर्देशनालयमा उप सचिव सुचना प्रविधि १, लेखापरीक्षण अधिकारी १ र कम्प्यूटर अधिकृत २ जना र सहायक कर्मचारी १ जना रहेका छन् । लेखापरीक्षणमा संलग्न कर्मचारीहरूको विवरण अनुसूची १ मा संलग्न छ ।

कार्यमूलक लेखापरीक्षण विश्लेषणात्मक प्रकृतिको भएकोले प्रतिवेदनको स्तरीयता र विश्वसनीयता परीक्षणमा संलग्न हुने जनशक्तिको योग्यता, सीप, दक्षता, रचनात्मक प्रतिभाका साथै साधन स्रोत एवं प्रविधिक ज्ञानमा निर्भर रहन्छ । यसका लागि कर्मचारीलाई कार्यमूलक लेखापरीक्षणको ज्ञान र सीप अभिवृद्धिका लागि तालिम एवं अध्ययनको आवश्यकता रहन्छ । लेखापरीक्षण गर्ने निकायहरूको विविधता र जटिलतालाई दृष्टिगत गर्दा जनशक्ति विकासको उल्लिखित अवस्था पर्याप्त नभएको महशुस गरिएको छ ।

लेखापरीक्षण कार्यको गुणस्तर अभिवृद्धि गर्न व्यवस्थित रूपमा मार्गदर्शन अनुसारको प्रक्रिया अवलम्बन गरी प्रतिवेदनमा सही र यथार्थ व्यहोराहरू प्रस्तुत गर्नु आवश्यक छ । यसबाट प्रतिवेदनको विश्वसनीयता बढ्ने र सम्बद्ध पक्ष समक्ष यथार्थ सूचना सम्प्रेषणमा सहयोग पुग्ने हुँदा साधन स्रोतले भ्याएसम्म प्रतिवेदनको गुणस्तर अभिबृद्धि कार्यमा कार्यालय सधै सचेत रहेको छ ।

८. **लेखापरीक्षणको उद्देश्य** – लेखापरीक्षणको विषयसँग सम्बन्धित निकायले सञ्चालन एवं सम्पादन गरेका कार्यक्रम एवं सार्वजनिक सेवा प्रवाह लगायतका विषयमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको दृष्टिकोणबाट अध्ययन, मूल्याङ्कन र विश्लेषण गरी सुधारको लागि सुझाउ प्रस्तुत गरी सम्बन्धित निकायको कार्य प्रभावकारिता अभिवृद्धिमा सहयोग पुऱ्याउनु कार्यमूलक लेखापरीक्षणको उद्देश्य रहेको छ ।

९. **लेखापरीक्षणको क्षेत्र** – लेखापरीक्षण गर्दा आयोजना, कार्यक्रम, निकाय वा विषयसँग सम्बन्धित क्रियाकलापहरूको गहनता, कार्य प्रकृति, जोखिम र सार्वजनिक जवाफदेहितामा लेखापरीक्षणबाट योगदान पुऱ्याउन सकिने सम्भावनालाई दृष्टिगत गरी प्रमुख रूपमा निम्न क्षेत्रलाई समेटिएको छ:

• राष्ट्रिय गौरव तथा ठूला आयोजनाहरू • सार्वजनिक संस्थान • वातावरण सन्तुलन र व्यवस्थापनमा संलग्न निकाय • सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षणमा संलग्न निकाय • स्थानीय तह • दिगो विकास लक्ष्य हासिलसँग सम्बन्धित निकाय	• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने निकाय • खेलकुद पूर्वाधार निर्माणसँग सम्बन्धित निकाय • पुननिर्माणसँग सम्बन्धित निकाय • विद्युत प्रशारण लाईन निर्माणसँग सम्बन्धित निकाय • स्वास्थ्य सेवा प्रवाहको अनुगमन गर्ने निकाय

कार्यमूलक लेखापरीक्षणमा उपलब्ध भएसम्म ३ वर्षको तथ्याङ्कलाई उपयोग गरिएको छ ।

१०. **लेखापरीक्षण पद्धति तथा विधि** – कार्यमूलक लेखापरीक्षणमा मुख्यत: नतिजामूलक, प्रक्रियामूलक एवं समस्यामूलक पद्धतिको अवलम्बन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्ने सन्दर्भमा प्राथमिक र द्वितीयक स्रोत दुवैको उपयोग गरिएको छ । विषयगत लेखापरीक्षणको उद्देश्य र क्षेत्र समेतलाई विचार गरी मूल्याङ्कनका लागि आवश्यक सूचना, विभिन्न प्रतिवेदन, विवरण आदिको माध्यमबाट सूचना सङ्कलन गरी विश्लेषण गरिएको छ । प्राप्त सूचना, तथ्याङ्क, जानकारी र छलफलको आधारमा जोखिमको मूल्याङ्कन गर्ने र सोबाट पहिचान गरिएका तात्विक महत्वका विषयहरू परीक्षण गर्न अभिलेख परीक्षण, प्रश्नावली, सोधपुछ, सरोकारवालासँग छलफल, अन्तरवार्ता, विशेषज्ञको राय/परामर्श समेतको आधारमा निकायको प्रमुख कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण एवं मूल्याङ्कन गरी सोही आधारमा विषयवस्तुमा सुधार ल्याउन गर्नुपर्ने कार्यका सम्बन्धमा सुझाउ प्रस्तुत गरिएको छ । लेखापरीक्षण कार्यलाई सहभागितामूलक बनाउन सम्बद्ध पक्षसँगको प्रवेश बैठक, पदाधिकारीहरूसँग मस्यौदा प्रतिवेदनउपर छलफल र प्राप्त सुझाउ सहितका व्यहोरा सम्प्रेषण गरी प्राप्त जवाफबमोजिम प्रतिवेदन परिमार्जन गरी अन्तिम प्रतिवेदन समेत जारी गरिएको छ ।

११. **लेखापरीक्षणको सीमा** – पर्याप्त र उपयोगी तथ्याङ्क तथा सूचनाहरू लेखापरीक्षण अवधिसम्म प्राप्त नहुनु, प्रश्नावलीहरूमा तथ्यपरक ढङ्गले पूर्णरूपमा सूचना प्राप्त नहुनु, अन्तरवार्तामा संलग्न हुनेको ज्ञानस्तर एवं अनुभवले सङ्कलित सूचनालाई असर पुऱ्याउनु, कतिपय विषयहरूको लागि समय पर्याप्त नहुनु आदि लेखापरीक्षणको सीमा रहेको छ ।

१२. **लेखापरीक्षणको प्रक्रिया** – कार्यमूलक लेखापरीक्षण गर्न छनौट गरिएका विषयसँग सम्बन्धित कार्यक्रम/आयोजनाको लेखापरीक्षण प्रक्रिया अन्तर्गत प्रवेश बैठक, प्रश्नावली, अन्तरवार्ताबाट सूचना एवं सङ्कलित विवरणको अध्ययन विश्लेषण, मस्यौदा प्रतिवेदन तयारी, बहिर्गमन बैठक, प्रारम्भिक प्रतिवेदन जारी र प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया समेतलाई आधार लिई अन्तिम प्रतिवेदन जारी गर्ने कार्य गरिएको छ । सूचना प्रविधि लेखापरीक्षणको सिलसिलामा सफ्टवेयरको उपयोगको स्थिति, आगत एवं निर्गत प्रक्रिया, आन्तरिक नियन्त्रण व्यवस्था समेतको मूल्याङ्कन गरिएको छ । कार्यमूलक लेखापरीक्षणको समग्र प्रक्रियालाई देहायको चित्रमा दर्शाइएको छ ।



१२.१. **विषय छनौट तथा सर्भेक्षण** – कार्यमूलक लेखापरीक्षण गर्न सरकारको लगानी, प्राथमिकता क्षेत्र, स्थानीय तहको सेवा प्रवाह, आयोजना व्यवस्थापन, सामाजिक सुरक्षा, सार्वजनिक संस्थान सञ्चालन, सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण, वातावरणीय पक्ष, भुकम्पपश्चातको पुननिर्माणमा भएको लगानीको उपयोग तथा जनचासो एवं सञ्चार माध्यममा आएका विषय समेतलाई दृष्टिगत गरी विषय छनौट गरिएको थियो । छनौट भएका विषयको लेखापरीक्षण योजना तयारीका लागी सम्बन्धित निकायबाट सूचना, जानकारी, विवरण सङ्कलन गरी

सर्भेक्षण तथा समीक्षा प्रतिवेदन तयार गरिएको थियो । सर्भेक्षण प्रतिवेदन उपर छलफल पश्चात सम्भाव्य देखिएका विषयको लेखापरीक्षणको प्रक्रिया अगाडि बढाईएको थियो ।

१२.२. **जोखिम विश्लेषण तथा योजना तयारी** – कार्यमूलक लेखापरीक्षणका क्षेत्र पहिचान सोको आधारमा लेखापरीक्षण आधार निर्धारण, अनुशिलन श्रृखला तयारी र सोको आधारमा प्रश्न तथा उपप्रश्न तयार गरिएको थियो । लेखापरीक्षणको उद्देश्य र क्षेत्र निर्धारण पश्चात विषय अनुसारको विधि र पद्धति निर्धारण गरिएको छ । यस लेखापरीक्षणमा समेत जोखिममा आधारित लेखापरीक्षण विधिको अनुशरण गरिएको छ । लेखापरीक्षण कार्यान्वयनलाई व्यवस्थित गर्न लेखापरीक्षण कार्यक्रम तयार गरिएको छ ।

१२.३. **कार्यान्वयन** – लेखापरीक्षण कार्यान्वयनको सन्दर्भमा सम्बद्ध पक्षसँगको प्रवेश बैठक, स्रेस्ता परीक्षण, प्रश्नावली विश्लेषण, सरोकारवालासँग छलफल, अन्तरवार्ता, स्थलगत अवलोकन र भौतिक परीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा जोखिम मूल्याङ्कन तथा योजना तयारी, समस्याको कारण, प्रभाव पहिचान र लेखापरीक्षण निष्कर्ष र सुझाउ सहितको प्रतिवेदन पद्धति अपनाईएको छ । निकायको संगठन संरचना तथा कार्यप्रक्रियासम्बन्धी विवरण लिई अन्तर्निहित जोखिम पहिचान, नियन्त्रण वातावरण, कार्यविधिको जानकारी र विस्तृत लेखापरीक्षण कार्यक्रमका आधारमा लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणलाई यथार्थपरक, सान्दर्भिक, विश्वसनीय र परिष्कृत गर्न लेखापरीक्षणबाट देखिएका सवल तथा दुर्वल पक्षहरू र अवसर तथा चुनौतीहरूको विश्लेषण एवं मूल्याङ्कन गरी तयार पारिएको मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग छलफल गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको हो ।

१२.४. **प्रतिवेदन** – निकायको स्रेस्ता परीक्षण, प्रश्नावली एवं अन्तरवार्ता, विश्लेषण, सेवा प्रवाहको स्थिति, स्थलगत अवलोकन आदिको आधारमा कार्यमूलक लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा आधार (Criteria), अवस्था (Condition), कारण (Cause), प्रभाव (Consequence) र देखिएका कमी कमजोरीमा आगामी दिनमा सुधारका लागि व्यावहारिक सुझाउ (Corrective Action) उल्लेख गरिएको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनउपर प्रतिक्रिया प्राप्त भएपछि प्रतिवेदन परिमार्जन समेत गर्ने र निर्धारित समयमा प्रतिक्रिया प्राप्त नभएमा सुझाउ सहितको अन्तिम प्रतिवेदन तयार गरी जारी गरिएको छ । कार्यमूलक लेखापरीक्षण प्रतिवेदन सन्तुलित रूपमा सकारात्मक पक्ष र सुधार गर्नुपर्ने क्षेत्र उल्लेख गरी जारी गर्ने प्रयास गरिएको छ ।

१२.५. लेखापरीक्षणको नतिजालाई सरल, स्पष्ट, द्विविधारहित तथा प्रस्तुतिमा एकरूपता कायम गर्न प्रतिवेदनलाई निश्चित ढाँचामा प्रस्तुत गरिएको छ । मानदण्ड र मार्गदर्शनमा सुझाए बमोजिम विभिन्न विषय, निकाय, आयोजना, कार्यक्रमको कार्यमूलक लेखापरीक्षण प्रतिवेदन देहायको ढाँचा बमोजिम प्रस्तुत गरिएको छ ।

प्रतिवेदनको ढाँचा	समेटिएका विषयहरू
परिचय	यस खण्डमा लेखापरीक्षण गरिएको बिषय, निकाय, आयोजना, कार्यक्रम आदिको पृष्ठभूमि, नीतिगत व्यवस्था, कानुनी व्यवस्था, उद्देश्य तथा लक्ष्य उल्लेख गरिएको छ ।
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति	यसमा लेखापरीक्षण छनौटका आधार, उद्देश्य, क्षेत्र, पद्धति एवं विधि र सीमा उल्लेख गरिएको छ ।
लेखापरीक्षणबाट देखिएको व्यहोरा	यसमा लेखापरीक्षण गरिएको बिषय, निकाय, आयोजना र कार्यालयको कार्यसञ्चालनका आधार, यथार्थ अवस्था, आधार एवं यथार्थ अवस्थामा भिन्नता देखिए त्यसको कारण र सोको असर र समाधानका लागि सुझाउ प्रस्तुत गरिएको छ ।
निष्कर्ष	परीक्षण गरिएको बिषयमा देखिएका व्यहोरा, समस्या र सुझाउलाई संक्षिप्तमा निष्कर्षमा प्रस्तुत गरिएको छ ।

१२.६. **गुणस्तर नियन्त्रण र आश्वस्तता** – कार्यमूलक लेखापरीक्षणमा गुणस्तर कायम गर्न कार्यमूलक लेखापरीक्षण मार्गदर्शन बमोजिम लेखापरीक्षणका औजारहरूको प्रयोग गरी प्रारम्भिक प्रतिवेदनको पुनरावलोकन भएपछि सम्बन्धित निकायमा पठाईएको छ । प्रतिवेदन जारी भएपछि लेखापरीक्षण गुणस्तर आश्वस्तता निर्देशिका बमोजिम लेखापरीक्षण गुणस्तर आश्वस्तता मूल्याङ्कन गरिएको छ ।

१३. **सुझाउ** – लेखापरीक्षण प्रतिवदेनका देखिएका प्रत्येक व्यहोरामा सोको सुधारका लागि सुझाउ प्रस्तुत गरिएको छ । सुझाउ व्यहोराको तह भिन्न रूपमा स्पष्ट रूपमा खुल्ने गरी प्रस्तुत गरिएको छ । लेखापरीक्षण गर्दा प्रमुख कार्यसम्पादन सूचकका आधारमा व्यहोरा राखिएको र सोही अनुसार सुझाउ दिइएको छ । सुझाउमा मुख्य रूपमा नीतिगत तथा कानुनी रूपमा गर्नुपर्ने, संरचनात्मक रूपमा गर्नुपर्ने, कार्यसञ्चालन र व्यवस्थापनमा गर्नुपर्ने सुधारहरूलाई समेटिएको छ । सुझाउहरूको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित निकाय हो । व्यवस्थापन पक्षसँगको छलफल, अन्तरक्रियाबाट तयार गरिएको सुझाउहरूको कार्यान्वयनबाट कार्यसम्पादनमा सकारात्मक प्रभाव पर्ने भएकोले आगामी दिनमा सरकारी क्रियाकलापमा थप सुधारको अपेक्षा गरिएको छ ।

१४. **कार्यदिशा** – कार्यमूलक लेखापरीक्षणमा गहन रूपमा अध्ययन बिश्लेषण गर्नका लागि विषयगत विशेषज्ञ सेवाको आवश्यकता, तत्सम्बन्धी प्रश्नावली निर्माण, अन्तरवार्ता, छलफलको आयोजना र विश्लेषण, स्थलगत निरीक्षण आदिका लागि थप स्रोत साधनको आवश्यकता पनि त्यतिकै महत्वपूर्ण हुन्छ । लेखापरीक्षण गरिने निकायहरूले कार्यसम्पादन सूचकाङ्कको निर्धारण नगर्दा कम समयमा सरोकारवालाहरूको आवश्यकता सम्बोधन हुने गरी लेखापरीक्षण सम्पन्न गर्नु अझै चुनौतीको बिषय रहेको छ ।

कार्यमूलक लेखापरीक्षणका सन्दर्भमा लेखापरीक्षण गरिने निकाय, दातृसंस्था एवं सरोकारवालाको बढ्दो चासो र आवश्यकतालाई सम्बोधन गर्न, लेखापरीक्षणमा चुनौती, समस्या र जटिलताहरूलाई सहज रूपमा समाधान गर्न, लेखापरीक्षण टोलीलाई उच्च मनोबलका साथ लेखापरीक्षण कार्यमा अभिप्रेरित गर्न एवं विश्वव्यापी मान्यता अनुरूप गुणस्तरीय र विश्वसनीय लेखापरीक्षण प्रतिवेदन तयार गर्न अपरिहार्य देखिएको छ ।

कार्यमूलक लेखापरीक्षणप्रति सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) र एशियाली संगठन (ASOSAI) का सदस्य राष्ट्रहरूबीच अनुभव आदान प्रदान गर्न तथा सरोकारवाला सबैको आवश्यकतालाई ध्यानमा राखी अघि बढ्नुपर्ने आवश्यकता छ ।

१५. **निष्कर्ष** – कार्यमूलक लेखापरीक्षणले स्रोत साधनको उपयोग तथा उद्देश्य प्राप्तिमा केन्द्रित रही पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्न सघाउ पुऱ्याउने भएकोले प्रत्येक वर्ष कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएका विषयमा देखिएका सकारात्मक एवं सुधार गर्नुपर्ने क्षेत्रमा सुझाउ सहितको प्रतिवेदन दिने व्यवस्था अवलम्बन हुँदै आएको छ । लेखापरीक्षणका नवीन अवधारणालाई अवलम्बन गर्दै सूचना प्रविधि र वातावरणीय लेखापरीक्षण समेत सम्पन्न गरी सुझाउ समेतको प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणबाट दिएका सुझाउहरूको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित निकाय र कार्यालयको हुन्छ । व्यवस्थापन पक्षसँगको छलफल, अन्तरक्रियाबाट तयार गरिएका सुझाउहरूको कार्यान्वयनबाट निकायहरूको कार्यसम्पादनमा सकारात्मक प्रभाव पर्ने भएकोले दिइएका सुझाउलाई भविष्यका लागि सुधार गर्ने महत्वपूर्ण अवसरको रूपमा लिन सकेमा सरकारी क्रियाकलाप तथा सेवा प्रवाहमा थप सुधारको अपेक्षा गर्न सकिन्छ ।

आयोजना व्यवस्थापन

परिचय

१. **पृष्ठभूमि -** उपलब्ध सार्वजनिक स्रोत र साधनको प्रभावकारी उपयोग गरी राष्ट्रको सामाजिक आर्थिकरूपान्तरण गर्नु नै आजको आवश्यकता हो । देश विकासको लागि आयोजनाको सफल कार्यान्वयन एक अनिवार्य शर्त हो ।निर्धारित समय, क्षेत्र र साधनस्रोत सहित निश्चित समयावधिका लागि (सामान्यतया छोटो समयका लागि) तयार गरिएको संगठन संरचनालाई आयोजना भनिन्छ । उद्देश्य, शुरु र अन्त्य अवधि निश्चित हुनु, कार्यप्रकृति अनुसारको संगठनात्मक संरचना रहनु, प्रशासनिक तथा प्राविधिक कर्मचारीको टोली तयार गरी कार्य गर्नु, क्रियाकलाप समूहमा रही सञ्चालन गरिनु, वस्तु वा सेवा उत्पादन गर्नु, अपेक्षित उपलब्धि हासिल गरिनु आदि आयोजनाका विशेषता हुन् । आयोजना व्यवस्थापन भन्नाले ज्ञान, सीप, विधि, प्रक्रियाद्वारा आयोजनाका क्रियाकलाप कुशलतापूर्वक सञ्चालन गरी तोकिएको लक्ष्य तथा उद्देश्य हासिल गर्ने समग्र पक्षलाई जनाउँदछ । आयोजना व्यवस्थापनलाई एक चक्रकोरूपमा अध्ययन गरिन्छ । विशेषत:आयोजना व्यवस्थापन चक्रका ५ चरण रहेका हुन्छन् । आयोजनाको आवश्यकता तथा सोच तयारी (Initiation) आयोजना तर्जुमा (Planning), आयोजना कार्यान्वयन (Execution), अनुगमन तथा नियन्त्रण (Monitoring and Control) र समापन (Closing) यसका चरणहरू हुन् । तसर्थ निश्चित उद्देश्य प्राप्तिका लागि स्थापना गरिएको आयोजनाको यिनै ५ चरणको व्यवस्थापन नै आयोजना व्यवस्थापन हो ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)
- आयोजनाको स्वीकृति पूर्वको अध्ययन
- ठेक्का व्यवस्थापन
- स्रोत साधन व्यवस्थापन
- अधुरा आयोजना
- आयोजनाको नियमित सञ्चालन र दिगोपना

नेपालमा विभिन्न मन्त्रालय तथा निकायबाट ठूलो संख्यामा आयोजना सञ्चालन भईरहेका छन् । त्यस्ता आयोजना नेपाल सरकारको लगानी तथा विकास साझेदारीको सहयोगमा सञ्चालित रहेका छन् । कुशल आयोजना व्यवस्थापनबाट नै राष्ट्रको विकास र प्रगति सम्भव हुन्छ । आयोजनाको सफल कार्यान्वयनबाट मात्र राज्यले निर्धारित विषयगत तथा क्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्नसक्ने तथा सोबाट जनताको जीवनस्तर माथि उठाउन सघाउ पुग्ने विषय निर्विवाद छ ।यद्यपि नेपालको सन्दर्भमा आयोजना व्यवस्थापन कुशल नहुँदा निर्धारित उद्देश्य पुरा हुन नसकेको अवस्था छ । आयोजनालाई तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्न राष्ट्रिय गौरवका आयोजनाकारूपमा प्राथमिकीकरण गरेको भएतापनि त्यस्ता आयोजना समेत समस्याग्रस्त रहेका छन् । त्यसैगरी आयोजना रुग्ण तथा अधुरो रहँदा राज्यको ठूलो रकम नोक्सानी हुनुका साथै सर्वसाधारण तथा लाभान्वित हुने जनताले सेवाबाट वञ्चित हुनुपरेको अवस्था छ । आयोजना व्यवस्थापन प्रभावकारी नहुँदा नेपाल अति कम विकसित राष्ट्रबाट माथि उठ्न बाधा परेको छ भने दिगो विकास लक्ष्य हासिल गर्न समेत समस्या पर्ने देखिन्छ ।

२. **संगठनात्मक संरचना -** विभिन्न मन्त्रालय तथा निकायहरूबाट आयोजनाहरू सञ्चालन भईरहेका छन् । संघमा मुख्यत: आयोजना व्यवस्थापनमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सहरी विकास मन्त्रालय र खानेपानी तथा सरसफाई मन्त्रालयको भूमिका रहेको छ । प्रादेशिकरूपमा सामाजिक विकास मन्त्रालय अन्तर्गत अधिकांश आयोजना सञ्चालनमा रहेका छन् । त्यसैगरी स्थानीय तहबाट समेत आयोजना सञ्चालन भईरहेका छन् । आयोजनालाई समयमा नै सम्पन्न गरी जनताको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले २०७५/७६ मा २२ आयोजनालाई राष्ट्रिय गौरवका आयोजना नामाकरण गरी कार्यान्वयनमा रहेका छन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत ६, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत ८, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत ५, खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गत १, वन तथा वातावरण मन्त्रालय अन्तर्गत १, र रक्षा मन्त्रालय अन्तर्गत १ राष्ट्रिय गौरवको आयोजना सञ्चालनमा रहेका छन् ।

३. **निकायको सोच, लक्ष्य, उद्देश्य र रणनीति -** जलस्रोत तथा सिँचाइ मन्त्रालय, सहरी विकास मन्त्रालय र खानेपानी तथा सरसफाई मन्त्रालयले भविष्यको सोच, लक्ष्य, उद्देश्य र रणनीति निर्धारण गरेको पाइएन । तर भौतिक पूर्वाधार तथा निर्माण मन्त्रालयले लक्ष्य, दूरदृष्टि र उद्देश्य तय गरेको पाइयो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

लक्ष्य - सडक, रेल, जलमार्ग तथा रज्जुमार्ग जस्ता पूर्वाधारको विकास गरी राष्ट्रिय रणनैतिक यातायात सञ्जाल मार्फत देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरूलाई एक अर्कासँग आवद्ध गरी मुलुकको आर्थिक एवं सामाजिक विकास अभिवृद्धि गर्नुका साथै देशका ग्रामीण क्षेत्रहरूलाई स्थानीय बजारसँग आवद्ध गरी पर्यटन, कृषि, विद्युत, उद्योग लगायत विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित क्रियाकलाप एवं आयोजनाहरूलाई टेवा पुऱ्याउने ।

दुरदृष्टि - राष्ट्रिय एकीकरण, आर्थिक सामाजिक विकास, गरिबी निवारण र दिगो शान्तिको लागि पूर्वाधारको विकासमा योगदान पुग्ने गरी स्तरीय, भरपर्दो, सुलभ र सुरक्षित यातायात सञ्जाल विस्तार गर्ने ।

उद्देश्य

- देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरूलाई परिपूरक हुने गरी विभिन्न मार्गहरूलाई एक अर्कोसँग आवद्ध गरी आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउन सडक, पुल, मूल बाटाहरू, रज्जुमार्ग र जलमार्गहरूको समष्टिगत विकास, विस्तार, प्रवर्द्धन गरी राष्ट्रिय यातायात प्रणालीको विकास गर्ने ।
- देशका ग्रामीण क्षेत्रका गाउँहरूलाई बजारसँग आवद्ध गर्नुका साथै पर्यटन, कृषि, उद्योग, विद्युत आदि विभिन्न आर्थिक क्षेत्रसँग सम्बन्धित राष्ट्रिय महत्वका र अन्य आर्थिक क्षेत्रको विविध क्रियाकलाप एवं आयोजनाहरूमा टेवा पुऱ्याई सन्तुलन कायम गर्ने ।

४. **निकायको सञ्जाल तथा क्षेत्र -** आयोजना व्यवस्थापनमा प्रत्यक्ष संलग्न रहेका संघका चार मन्त्रालयको संगठनात्मक सञ्जाल निम्नानुसार रहेका छन् -

(क) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - यस मन्त्रालय अन्तर्गत ३ विभाग तथा विभाग अन्तर्गत विभिन्न आयोजना तथा कार्यालयहरू, १ बोर्ड र २ लिमिटेड कम्पनी रहेका छन् ।



यस मन्त्रालयको कार्यक्षेत्र निम्नानुसार छ :

- भौतिक पूर्वाधारको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन ।
- यातायात (हवाई यातायातबाहेक) तथा परिवहन व्यवस्थापन र सञ्चालनसम्बन्धी नीति, योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन ।
- स्थलमार्ग, जलमार्ग, रेलमार्ग, सव-वे, फ्लाइओभर र रज्जुमार्गको निर्माण तथा विकाससम्बन्धी नीति र योजनाको नियमन, स्वीकृति र कार्यान्वयन ।
- रणनीतिक सडक (गोरेटो, घोडेटो बाटो र स्थानीय सडकबाहेक) तथा पुल (झोलुङ्गे पुलबाहेक) को निर्माण, मर्मत, सम्भार तथा संरक्षण ।
- स्थलमार्ग तथा रज्जुमार्ग निर्माणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क ।
- यातायात (हवाई यातायातबाहेक) तथा परिवहन व्यवस्थापन र सञ्चालनसँग सम्बन्धित, कम्पनी तथा सङ्गठन ।
- यातायात (हवाई यातायातबाहेक) सेवा नियमन, व्यवस्थापन र सञ्चालनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्था तथा निकायसँग सम्पर्कसम्बन्धी कार्य ।
- यातायातसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण ।
- रेलमार्ग, मेट्रो निर्माण सञ्चालन र सम्भार आदि ।

(ख) उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - यस मन्त्रालय अन्तर्गत निम्नानुसारका ३ विभाग रहेका छन् । जस अन्तर्गत आयोजना तथा कार्यालयहरू रहेका छन् ।



यस मन्त्रालयको कार्यक्षेत्र निम्नानुसार छ :

- जलस्रोत र उर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँडसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन ।
- जलस्रोत र उर्जा पूर्वाधार संरचना, निर्माणसम्बन्धी एकीकृत नीति, कानुन, मापदण्ड र नियमन ।
- सिँचाइसम्बन्धी एकीकृत नीति, कानुन, मापदण्ड र नियमन ।
- जलस्रोत, उर्जा, सिँचाइ र भूमिगत जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास ।
- संघीय र अन्तर प्रदेशस्तरमा सञ्चालन हुने जलस्रोत उपयोगका बहुउद्देश्यीय आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन ।
- संघीय र अन्तरप्रादेशिक सिँचाइ र अन्तरप्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन ।
- जलस्रोत, उर्जा र सिँचाइसम्बन्धी ठूला पूर्वाधार आयोजनाबाट विस्थापितहरूको पुनर्बास र पुनर्स्थापना ।
- संघीय र अन्तरप्रदेश सिँचाइ प्रणालीको बाँध, जलाशय, अन्य संरचना, मूल नहरको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड र कार्यान्वयन ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत प्रसारण लाइन तथा विस्तार ।
- राष्ट्रिय महत्वका बहुउद्देश्यीय जल आयोजना र अन्तर जलाधार स्थानान्तरण आदि ।

(ग) सहरी विकास मन्त्रालय - सहरी विकास मन्त्रालय अन्तर्गत सहरी विकास तथा भवन निर्माण विभाग रहेको छ । जस अन्तर्गत विभिन्न आयोजना तथा कार्यालयहरू रहेका छन् । यस मन्त्रालयको कार्यक्षेत्र निम्नानुसार छ :

- सहरी विकाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन ।
- बस्ती विकास, सहरी विकास र आवास विकाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन ।
- राष्ट्रिय भवनसंहितासम्बन्धी नीति, कानुन र मापदण्ड ।
- राष्ट्रिय सहरी पूर्वाधार विकास, संघीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भार ।
- राष्ट्रियस्तरको पार्क, मनोरञ्जन स्थलसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन आदि ।

(घ) खानेपानी तथा सरसफाई मन्त्रालय - यस मन्त्रालय अन्तर्गत १ विभाग र सो अन्तर्गत आयोजना तथा कार्यालयहरू, १ आयोजना, २ संस्थान र १ आयोग रहेको छ ।



यस मन्त्रालयको कार्यक्षेत्र निम्नानुसार छ :

- खानेपानीसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन ।
- खानेपानी, सरसफाइ तथा ढल निकास ।
- काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड ।
- काठमाडौं उपत्यका खानेपानी लिमिटेड ।
- काठमाडौं उपत्यका खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशनालय ।
- नेपाल खानेपानी संस्थान ।
- मेलम्ची खानेपानी विकास समिति तथा मेलम्ची खानेपानी आयोजना ।
- खानेपानी तथा महशुल निर्धारण आयोग आदि ।

५. आवधिक योजना तथा बजेटमा उल्लेख रणनीति, कार्यनीति

दीर्घकालीन सोच

- पूर्वाधार क्षेत्रमा निर्माणाधीन आयोजनाहरू सम्पन्न गर्ने र रूपान्तरणीय आयोजनाको पहिचान, छनोट तथा निश्चित अवधिभित्र तोकिएको गुणस्तर हासिल गर्ने गरी कार्यान्वयन गरिनेछ ।

पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ देखि २०८०।८१)

- काठमाडौं उपत्यका लगायत अन्य सम्भाव्यसहरी क्षेत्रमा मेट्रो तथा मोनो रेल सेवा सञ्चालनको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण कार्य अगाडि बढाउन निजी क्षेत्रको लगानी आकर्षित गर्ने कार्य अगाडि बढाइनेछ ।
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यलाई तिव्रताका साथ अगाडि बढाइनेछ ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य समयमै सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।
- आयोजना बैंकको स्थापना गरी आयोजना पहिचान, छनौट, स्वीकृति र कार्यान्वयनलाई व्यवस्थित गरिनेछ ।
- जग्गा अधिग्रहण, सडक क्षेत्राधिकार, रेखाङ्कन, वन क्षेत्र प्रयोग स्वीकृति लगायत पूर्वतयारीका कार्यहरूको विस्तृत कार्ययोजना तयारी पश्चात योजना कार्यान्वयन अगाडि बढाइनेछ ।

आर्थिक वर्ष २०७६/७७ को बजेट

- निर्माणाधीन प्रथम चरणको मेलम्ची खानेपानी आयोजना आगामी आर्थिक वर्षमा सम्पन्न गर्दै दोश्रो चरणको लागि प्रवेश मार्ग र विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरिनेछ ।
- निर्माणाधीन राष्ट्रिय गौरवका रानी जमरा, भेरी ववई डाइभर्सन र ववई आयोजना अघि बढाइनेछ । सुनकोशी-मरिन वहुउद्देश्यीय आयोजनालाई राष्ट्रिय गौरवको योजनाको रूपमा विकास गरिनेछ ।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको संरचनागत परिवर्तन गर्दै पूर्वी, मध्य र पश्चिम क्षेत्रमा आयोजना कार्यालय मार्फत कार्यक्रम अघि बढाइनेछ ।
- आगामी वर्ष माथिल्लो तामाकोशी र रसुवागढी लगायतका निर्माणाधीन जलविद्युत आयोजनाहरूको निर्माण कार्यलाई तिव्रता दिइ कम्तीमा एक हजार मेगावाट जलविद्युत क्षमता राष्ट्रिय प्रणालीमा थप गरिनेछ ।
- दुधकोशी, पश्चिम सेती, कर्णाली चिसापानी, नलगाड र उत्तरगँगा लगायतका जलविद्युत आयोजनाका लगानीको ढाँचा यकिन गरी निर्माण अघि बढाइनेछ ।

- निर्माणाधीन मध्यपहाडी पुष्पलाल राजमार्ग ४३५ किलोमिटर कालोपत्रे गरिनेछ ।
- तराईका जिल्ला जोड्ने हुलाकी राजमार्गको ३५० किलोमिटर कालोपत्रे गरिनेछ ।
- मेची करिडोर, कालीगण्डकी करिडोर, कोशी करिडोर र कर्णाली करिडोरको निर्माणलाई तिव्रता दिइनेछ ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरणको कार्य आगामी वर्ष सम्पन्न गरी अन्तर्राष्ट्रिय उडान सञ्चालन गरिनेछ ।
- पोखरा विमानस्थल निर्माणको कार्यलाई अघि बढाउन बजेटको व्यवस्था गरिएकोछ ।
- राष्ट्रिय गौरव लगायत आयोजनाहरूको नियमितरूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिलाई सूचना प्रविधिमा आधारित बनाईनेछ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट छानिएका आयोजनाहरूको प्रत्यक्ष अनुगमन गरिनेछ ।

६. नीतिगत तथा कानुनी आधार

नेपालको संविधान

- क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने,
- विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकुल, गुणस्तरीय तथा दिगोरूपमा भौतिक पूर्वाधारको विकास गर्ने,
- विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिँदै आम जनताले न्यायोचितरूपमा पाउने व्यवस्था गर्ने,
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने,
- संघको अधिकारको सूची (अनूसुची ५) मा केन्द्रीयस्तरका ठूला विद्युत, सिँचाइ तथा अन्य आयोजना तथा परियोजना, हवाई उड्डयन विमानस्थल, राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन लगायतका अधिकार संघमा रहेको,
- प्रदेशको अधिकारको सूची (अनुसूची ६) मा प्रदेशस्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा, परिवहन, प्रदेश लोकमार्ग लगायतका अधिकार प्रदेशमा रहेको,
- संघ र प्रदेशको साझा अधिारको सूची (अनुसूची ७) मा उद्योग तथा खनिज र भौतिक पूर्वाधार लगायतका अधिकार रहेको,
- स्थानीय तहको अधिकारको सूची (अनुसूची ८) मा स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ लगायतका अधिकार स्थानीय तहमा रहेको,
- संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची (अनुसूची ९) मा विद्युत, खानेपानी, सिँचाइ जस्ता सेवाहरू समावेश गरिएको,

कानुनी आधार

- सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५
- रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०
- पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी नियमावली, २०६४
- विकास समिति ऐन, २०१३

- निर्माण व्यवसाय ऐन, २०५५ तथा नियमावली, २०५६
- नगर विकास ऐन, २०४५
- काठमाडौ उपत्यका विकास प्राधिकरण नियमावली, २०६८
- सडक बोर्ड ऐन, २०५८
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

७. **औचित्य -** नेपाल सरकारले क्षेत्रगत रूपमा विभिन्न आयोजनामा ठूलो धनराशी खर्च गरिरहेको छ । राष्ट्रको उन्नति र समृद्धि त्यस्ता आयोजनाको सफलतामा समेत निर्भरगर्दछ । यद्यपि नेपालका आयोजनाबाट समयमा नै आशातितरूपमा प्रतिफल प्राप्त हुनसकेको छैन । यसो हुनुमा निश्चित मापदण्ड बेगरआयोजनाको पहिचान तथा छनौट गर्नु, पूर्वतयारी वेगर आयोजना सञ्चालन हुनु, आयोजनाको प्राथमिकीकरण नगर्नु, टुक्रे आयोजना सञ्चालन गर्नु, आयोजना कार्यान्वयनमा निकायबीच समन्वय र सहकार्य नहुनु, कार्यान्वयन फितलो हुँदा आयोजनाको लागत र समय वृद्धि हुनु, आयोजनाहरू रुग्ण तथा अधुरा रहँदा लगानी प्रतिफलविहीन हुनु, आयोजनाको अनुगमन, मूल्याङ्कन तथा नियन्त्रण कमजोर रहनु लगायतका समस्या रहेका छन् । आयोजनामा साविकमा देखिएका समस्या आउन नदिई स्रोतको सुनिश्चितता र निरन्तरण अनुगमन तथा सुपरीवेक्षमा सञ्चालन गर्ने उद्देश्यले स्थापित राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति समेत सन्तोषजनक रहेको छैन । आयोजना व्यवस्थापन प्रभावकारी नभएको सन्दर्भमा विभिन्न सञ्चार माध्यममा समाचार प्रकाशन भईरहको, संसदको छलफलमा समेत यस्ता विषयहरूले प्राथमिकता पाएको, विकास साझेदार, सरोकारवाला तथा सर्वसाधारणले समेत चासोको रूपमा हेरिरहेको विषय भएको हुँदा यस विषय कार्यमूलक लेखापरीक्षणका लागि छनौट गरिएको हो । समग्रमा देखिएका समस्याको अध्ययन विश्लेषण गरी सुधारका लागि सुझाउ पेश गर्न प्रयोजनार्थ यस विषयमा लेखापरीक्षण गरिएको हो ।

८. **उद्देश्य -** नेपालमा सञ्चालनमा रहेका प्रमुख आयोजनाहरूको व्यवस्थापनको समग्र पक्षहरूमा मितव्ययिता, कार्यदक्षता, र प्रभावकारिताको दृष्टिकोणबाट अध्ययन, मूल्याङ्कन तथा विश्लेषण गरी देखिएका समस्या समाधानका लागि सुझाउ प्रस्तुत गर्नु यस लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ । सोका अतिरिक्त देहायअनुसारका सहायक उद्देश्य समेत रहेका छन् :

- आयोजनाको आवश्यकता तथा स्वीकृतिपूर्वका कार्यको अध्ययन तथा विश्लेषण गर्नु,
- आयोजनाको स्वीकृति र कार्यान्वयन चरणका समस्याको विश्लेषण गर्नु,
- आयोजनाको निर्माण कार्यका लागि हुने खरिद र सोको व्यवस्थापन पक्षको विश्लेषण गर्नु,
- आयोजनाको नियमित सञ्चालन र दिगोपनासँग सम्बन्धित विषयको अध्ययन र विश्लेषण गर्नु ।

९. **क्षेत्र -** लेखापरीक्षणमा आयोजनाको आवश्यकता, आयोजना स्वीकृति पूर्वको तयारी, बजेट तथा समय व्यवस्थापन, खरिद व्यवस्थापन, निर्माण कार्यको गुणस्तर नियन्त्रण, सम्पन्न नभई अधुरो अवस्थामा रहेका तथा सम्पन्न आयोजनाहरूको प्रभावकारिता र दिगोपना जस्ता पक्षहरूलाई अध्ययन विश्लेषण गरिएको छ ।लेखापरीक्षणमा धेरै आयोजना भएका तथा निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धित मन्त्रालयहरू (क) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (ख) उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय (ग) खानेपानी मन्त्रालय (घ) सहरी विकास मन्त्रालय छनौट गरिएको छ । लेखापरीक्षण विशेषत: राष्ट्रिय गौरवका आयोजना तथा ठूला आयोजनाको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । अध्ययनलाई प्रभावकारीरूपमा प्रस्तुत गर्नका लागि उपलव्ध भएसम्मकम्तीमा ३ वर्षका तथ्याङ्कहरू सङ्कलन गरी सोको विश्लेषण गरिएको छ ।

१०. **पद्धति र विधि -** लेखापरीक्षणमा निम्नानुसार पद्धति तथा विधि अवलम्बन गरिएको छ :

पद्धति - यस कार्यमूलक लेखापरीक्षमा मुख्यरूपमा समस्यामूलक पद्धतिको अवलम्बन गरिएको छ । सोको अतिरिक्त आयोजना समयमा सम्पन्न भए नभएको, तोकिएको लक्ष्य तथा उद्देश्य हासिल भए नभएको, आयोजनाको असर र प्रभाव तथा सोको दिगोपना जस्ता विषयको सन्दर्भमा नतिजामूलक पद्धतिको समेत अवलम्बन गरिएको छ ।

विधि - लेखापरीक्षणको प्रमाण सङ्कलनको लागि छलफल, कागजात भिडान, प्रश्नावलीआदि विधि प्रयोग गरिएको छ । विषयसँग सम्बन्धित जोखिम मूल्याङ्कन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त, सान्दर्भिक प्रमाण सङ्कलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि, विस्तृत विवरणको परीक्षण विधि समेत अवलम्बन गरिएको छ ।

११. **सीमा -** लेखापरीक्षण ।सार्वजनिक निर्माणसँग सम्बन्धितआयोजनाको व्यवस्थापनमा मात्र केन्द्रित रहेको छ। लेखापरीक्षणमा प्रश्नावली र द्वितीयक स्रोतबाटसूचनासङ्कलन गरिएको छ । प्राप्त सूचनाको विश्वसनियता, सूचना विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा प्रयोग गरिएको स्रोत साधन आदि लेखापरीक्षणका सीमा हुन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

आयोजना व्यवस्थापन प्रभावकारी नहुँदा अपेक्षित प्रतिफल प्राप्त हुनसकेको छैन । तसर्थ समग्र आयोजना व्यवस्थापनमा देखिएका समस्यालाई मध्यनजर गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

१२. **आयोजना व्यवस्थापन -** आयोजना व्यवस्थापनका सन्दर्भमा विभिन्न देशले निर्देशिकाहरू तयार गरेका छन् ।निर्देशिकाले आयोजना व्यवस्थापनलाई मार्गदर्शन प्रदान गर्दछ ।आयोजना व्यवस्थापनको क्षेत्रमा अग्रणीरूपमा विश्वभर कार्य गरिरहेको आयोजना व्यवस्थापन संस्था (Project Management Institute, PMI) ले २०१७ मा तयार गरेको A Guide to the*Project Management Body of Knowledge (PMBOK®* Guide, छैठौ संशोधन*)*हाल कार्यान्वयनमा रहेको छ । जसमा आयोजना व्यवस्थापनलाई ५ चरण (आवश्यकता पहिचान तथा सोच, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियन्त्रण र समापन), यसको ज्ञान क्षेत्र (Knowledge Area) लाई १० प्रकार र यसको प्रक्रिया (Process) लाई ४९ प्रकारमा विभाजन गरी त्यसको सविस्तार व्याख्या गरिएको छ ।



स्रोत : PMBOK छैठौं संशोधन, २०१७

आयोजना व्यवस्थापनले आयोजना एकीकरण, क्षेत्र, अवधि, लागत, गुणस्तर, मानव संशाधन, सूचना, खरिद, जोखिम र सरोकारवाला व्यवस्थापन लगायतका विषयवस्तुलाई समेटेको हुन्छ ।उक्त पक्षको कुशल व्यवस्थापनबाट मात्र कुनै पनि आयोजना सफलरूपमा सञ्चालन भई अपेक्षित उपलब्धि हासिल

हुनसक्दछ । आयोजना व्यवस्थापनका विभिन्न देशका असल अभ्यास समावेश गरी उक्त निर्देशिका तयार गरिएको छ । नेपालमा आयोजना निर्देशिका नहुँदा एकातर्फ आयोजना चक्रका चरणका सम्बन्धमा स्पष्टता र एकरूपता देखिँदैन भने आयोजना व्यवस्थापनमा उल्लेखित पक्षहरूनिर्दिष्ट गरी कार्य गरेको पाइएन । आयोजनाको घोषणा तथा तयारी गर्ने र समय क्रममा आईपर्ने समस्यालाई निराकरण गर्दै जाने प्रवृत्ति देखिन्छ । कहिलेकाही समयमैविचार नपुऱ्याउँदा कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न नसकि आयोजना असफल हुने गरेको देखिन्छ। भविष्यको मार्गचित्र प्रष्ट नहुँदा नेपालका आयोजनाखर्चिला, बोझिला र रुग्ण बन्न पुगेका छन् । जसको परिणाम राज्यको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुनसकेको छैन भने नागरिकको जीवन स्तरोन्नति हुनसकेको छैन ।

सुझाउ - आयोजना व्यवस्थापन र यसका चरण, ज्ञान क्षेत्र, प्रक्रिया र अन्तर्गतका क्रियाकलापहरू मिहिन रूपमा पहिचान गरी कार्य सञ्चालन गर्नुपर्दछ । विभिन्न देशका असल अभ्यासलाई समावेश गरी आयोजना व्यवस्थापन निर्देशिका तयार गर्नुपर्दछ ।

१३. **राष्ट्रिय गौरवका आयोजनाको स्थिति -** आम नेपाली जनताको गुणस्तरीय जीवन तथा साझा पहिचानमा सकारात्मक अभिवृद्धि ल्याउन आर्थिक, सामाजिक, सांस्कृतिक वा वातावरणीय दृष्टिले प्रभावकारी हुने विश्वास लिएका निश्चित समयावधिभित्र सक्ने लक्ष्यका आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाकोरूपमा नामाकरण गरिएको छ । २०७५/७६ मा २२ राष्ट्रिय गौरवका आयोजनासञ्चालनमा रहेका छन् । सञ्चालित आयोजनाको प्रगति निम्नानुसार छ :

क्र. सं.	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुनुपर्ने वर्ष	प्रगति (२०७५/७६)		लागत (रु.करोडमा)	
				भौतिक	वित्तीय	शुरुको	संशोधित
१.	सिक्टा सिँचाइ	२०६१/६२	२०७६/७७	८०.७९	९३.६०	१२८०	२५०२
२.	बबई सिँचाइ	२०४५/४६	२०७९/८०	४६.४०	९६.२६	२८७.३९	१८९६
३.	रानीजमरा गुलरिया सिँचाइ	२०६७/६८	२०८०/८१	८२.७०	५१.४०	१२३७	२७७०
४.	भेरी डाइभर्सन बहुउद्देश्यीय	२०६८/६९	२०७९/८०	१००	९९.०५	१६४३	३३१९
५.	माथिल्लो तामाकोशी जलविद्युत	२०६७/६८	२०७६/७७	७१.५६	नखुलेको	३५२९	४९२९
६.	बुढीगण्डकी जलविद्युत	२०६९/७०	नखुलेको	९१.५	९१.५०	२६०००	२६०००
७.	पश्चिम सेती जलविद्युत	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	१४८७०	१४८७०
८.	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	२०७१/७२	२०७६/७७	९६	९१	२९८१	३०४१
९.	पोखरा अन्तर्राष्ट्रिय विमानस्थल	२०७१/७२	२०७९/८०	१००	६९	२२१०	२२१०
१०.	दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलबारा	२०७१/७२	नखुलेको	९०	९३.१८	७००००	७००००
११.	पशुपति क्षेत्र विकास कोष	२०७०/७१	नखुलेको	८३.७०	५४.५०	२०१	२०१
१२.	लुम्बिनी क्षेत्र विकास कोष	२०७०/७१	२०७९/८०	१००	९९.९०	५५५	६१०
१३.	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग	२०६४/६५	२०७९/८०	९७.४	९७.४०	३३३६	८४३३
१४.	रेल्वे तथा मेट्रो विकास	२०६६/६७	नखुलेको	७७.६७	७१	७०६१	७०६१
१५.	हुलाकी लोकमार्ग	२०६६/६७	२०७९/८०	१००	९७.७०	४७२४	६५२०
१६.	उत्तर-दक्षिण (कोशी करिडोर) लोकमार्ग	२०६५/६६	२०८०/८१	१००	८७.३९	५७९	१६२०
१७.	उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्ग	२०६६/६७	२०८०/८१	१००	९२.४०	२८८०	२८८०
१८.	उत्तर-दक्षिण (कर्णाली करीडोर) लोकमार्ग	२०६५/६६	२०७९/८०	१००	१००	४१०	११००
१९.	काठमाडौं तराई मधेश द्रुतमार्ग	२०७४/७५	२०८०/८१	१००	९६.४०	१११००	२१३९५
२०.	मेलम्ची खानेपानी	२०५५/५६	२०७७/७८	७४.७०	४१.३८	२४००	३५५४
२१.	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम	२०७१/७२	२०९३/९४	८४.३०	९७.०७	१२५	८५५
२२.	विद्युत प्रशारण	*नखुलेको*	*नखुलेको*	*नखुलेको*	*नखुलेको*	७०००	७०००

१३.१ बाँके जिल्लाको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी ४२ हजार ७६६ हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले सिक्टा सिँचाइ आयोजना २०७१/७२ मा सम्पन्न गर्ने गरी २०६१/६२ मा शुरु भएकोमा संशोधित सम्पन्न अवधि २०७६/७७ कायम गरिएको छ। सम्पन्न हुने अवधि थप भईरहँदा आयोजनाको लागतमा दोब्बर वृद्धि हुने अनुमान गरिएको छ । २०७५/७६ सम्ममा केवल ८१ प्रतिशत भौतिक प्रगति भएको, आयोजनाका ४३ ठेक्कामध्ये २६ ठेक्का क्रमागतरूपमा कार्यान्वयन भईरहेका तथा २ ठेक्का समस्याग्रस्त भई अदालतमा विचाराधीन अवस्थामा रहेका कारण पछिल्लो पटक तोकिएको अवधिमा समेत आयोजना सम्पन्न हुने देखिँदैन ।

१३.२ बबई सिँचाइ आयोजनाबर्दिया जिल्लाको ३६ हजार हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउन २०४४/४५ देखि शुरु भएको देखिन्छ। आयोजनाको शुरु लागत रु.२ अर्ब ८७ करोड र सम्पन्न गर्ने अवधि २०६९/७० रहेकोमा संसोधित लागत अनुमान रु.१८ अर्ब ९६ करोड र संशोधित अवधि २०७९/८० कायम गरेको छ । आयोजनाको २०७६/१/१० मा स्वीकृत पाँचौ गुरुयोजनाअनुसारसोअवधिसम्म ४६ प्रतिशत भौतिक प्रगति भएको छ ।

१३.३ कैलाली जिल्लाको ३८ हजार ३०० हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले रानीजमरा कुलरिया सिँचाइ आयोजना २०६७/६८ मा शुरुभएको हो । आयोजनाको शुरु लागत रु.१२ अर्ब ३७ करोड र सम्पन्न गर्ने अवधि २०७४/७५ रहेकोमा निर्धारित समयमा कार्य हुन नसकी आयोजनाको पटक पटक समय र लागत वृद्धि हुन गएकोछ। जसअनुसार संसोधित लागत अनुमान रु.२७ अर्ब ७० करोड र संशोधित अवधि २०८०/८१ कायम गरेको छ। आयोजनाको २०७५/७६ सम्मको भौतिक प्रगति ४३ प्रतिशत रहेको छ ।

१३.४ भेरी नदीको ४० क्यूसेक पानीलाई बबई नदीमा मिसाई विद्युत उत्पादन र ५१ हजार हेक्टर जमीनमा सिँचाइ सुविधा प्रदान गर्ने उद्देश्यले २०६८/६९ देखि भेरी बबई डाइभर्सन आयोजना शुरु भएको छ। शुरु लागत रु.१६ अर्ब ४३ करोड रहेको यस आयोजनाको बाँध र विद्युत गृह निर्माण समेतको संशोधित लागत रु.३३ अर्ब १९ करोड कायम भएको देखिन्छ। यो आयोजना २०७६/७७ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा संशोधित सम्पन्न गर्नुपर्ने अवधि २०७९/८० सम्म कायम गरिएको छ। आयोजना अन्तर्गत भेरी नदीमा हेडवर्क्स, १२ किलोमिटर शुरुङ र बबई नदीमा पावर हाउस निर्माण समेत मुख्य तीन कार्य पर्दछन् । यो आयोजनाको २०७५/७६ सम्म ३८.६ प्रतिशतमात्र भौतिक प्रगति भएको छ ।

१३.५ माथिल्लो तामाकोशी जलविद्युत आयोजना ४५६ मेघावाट विद्युत उत्पादन गर्ने लक्ष्यका साथ २०६७/६८ मा शुरुभएको देखिन्छ। आयोजनाको शुरु लागत रु.३५ अर्ब २९ करोड रसम्पन्न गर्ने अवधि २०७२/७३ रहेकोमा भूकम्प लगायतको कारण निर्धारित समयमा कार्य हुन नसकी आयोजनाको लागत र समय दुबै वृद्धि हुन गएको छ । जसअनुसार संशोधित लागत अुनमान रु.४९ अर्ब २९ करोड र संशोधित अवधि २०७६/७७ कायम गरको छ। माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको २०७५/७६ सम्मको भौतिक प्रगति ९९ प्रतिशत भएतापनि हालसम्म पनि आयोजना शुरु हुनसकेको छैन ।

१३.६ गोरखा र धादिङ्ग जिल्लाको सिमानामा १ हजार २०० मेघावाट क्षमताको विद्युत उत्पादन गर्ने बुढी गण्डकी जलविद्युत आयोजना २०६९/७० मा शुरु भई २०७७/७८ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८२/८३ मा सम्पन्न गर्ने गरी लक्ष्य संशोधन भएको छ। आयोजनाको लागत रु.२ खर्ब ६० अर्ब रहेको छ । गोरखा जिल्लाको आरुघाट र आरखेत वजारक्षेत्र र धादिङ जिल्लाको आरुघाट र खहरे बजार क्षेत्रको जग्गा अधिग्रहण तथा मुआब्जा वितरण साथै पुनर्वास र पुनर्स्थापनामा स्थानीयको असन्तुष्टिका कारण जग्गाप्राप्ति र क्षतिपूर्ति वितरणको काम सम्पन्न हुन नसक्दा आयोजनाको पूर्वाधार निर्माणको कार्य शुरु भएको छैन ।

१३.७ कुल ७५० मेगावाट विद्यूत उत्पादन गर्ने लक्ष्यका साथ स्थापना गरिएको पश्चिम सेती जलविद्युत आयोजनाको निर्माणको मोडालिटी सम्बन्धमा निश्चित हुन नसकेको कारण निर्माण कार्य शुरु हुनसकेको छैन ।आयोजनाको सन्दर्भमा लगानी वोर्डले अध्ययन गरिरहेको छ ।

१३.८ गौतमबुद्ध विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा स्तरोन्नति गर्ने उद्देश्यले २०७०/७१ बाट आयोजनाको कार्य शुरु भई २०७५/७६ मा सम्पन्न गर्नुपर्ने अवधि रहेकोमा आयोजनाको अवधि थप गरिएको छ ।आयोजनाको शुरु लागत अनुमान रु.६ अर्ब २२ करोडबाट वृद्धि भई रु.६ अर्ब ८२ करोड पुगेको छ । आयोजनाको २०७५/७६ सम्मको समष्टिगत भौतिक प्रगति ५३ प्रतिशत छ ।

१३.९ पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरी पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले २०७१/७२ देखि शुरु भएको आयोजना २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको कुल लागत रु.२२ अर्ब १० करोड रहेको छ । आयोजनाको २०७५/७६ सम्मको प्रगति ५४ प्रतिशत रहेको छ ।

१३.१० बाराको निजगढमा वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने उद्देश्यले २०७१/७२ देखि आयोजना शुरु भएको हो । २०७८/७९ मा सम्पन्न गर्ने अपेक्षा गरेको यस आयोजनाको कुल लागत रु.१ खर्ब २० अर्ब रहेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको स्वीकृति र अन्य वातावरणीय पक्षको विषय बहसमा रहेको छ । आयोजनाको मोडालिटी तय भएको छैन ।

१३.११ पशुपति क्षेत्रको गुरुयोजनामा केन्द्रीत रही पशुपति क्षेत्रलाई धार्मिक, साँस्कृतिक एवं पर्यटनको नमूना क्षेत्रकोरूपमा विकास गर्ने उद्देश्यले २०५७/५८ मा शुरु भएको आयोजना २०७५/७६ मा सम्पन्न गर्ने संशोधित लक्ष्य निर्धारण गरे पनि हाल पुन: सम्पन्न हुने अवधि कायम गरेको पाइएन । आयोजनाको लागत रु.२ अर्ब १ करोड रहेकोमा निर्माण सामग्री र दक्ष जनशक्तिको अभाव, ढिलो ठेक्का व्यवस्थापन आदिका कारण आयोजनाले लिएको लक्ष्य निर्धारित समयमा सम्पन्न नहुने अवस्थाछ ।

१३.१२ लुम्बिनी गुरुयोजनाअनुसार भगवान गौतमबुद्धको पवित्र जन्मस्थललाई बौद्धमार्गी एवंशान्ति प्रेमी जनसमुदायको लागि अन्तर्राष्ट्रिय आकर्षण केन्द्रकोरूपमा विकास गर्ने उद्देश्यले सन् १९७८ मा स्थापित लुम्बिनी क्षेत्र विकास कोष आयोजनाको शुरु सम्पन्न हुने अवधि सन् १९९५ रहेकोमा हाल २०७९/८० मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको छ। आयोजनाको संशोधित लागत अनुमान रु.६ अर्ब १० करोड रहेकोमा २०७५/७६ सम्म ८२ प्रतिशत प्रगति भएको छ ।

१३.१३ पाँचथरको चियो भन्ज्याङ्गदेखि बैतडीको झुलाघाटसम्म कुल लम्बाई १ हजार ७७६ किलोमिटर रहेको मध्यपहाडी लोकमार्ग आयोजना २०६४/६५ देखि शुरु भई २०७४/७५ मा सम्पन्न हुने अनुमान गरिएकोमा संशोधित कार्यतालिकाअनुसार २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यद्यपि२०७५/७६ सम्मको समग्र भौतिक प्रगति ४८ प्रतिशत मात्र रहेको छ ।

१३.१४ आर्थिक वर्ष २०६६/६७ देखि शुरु भएको रेल, मेट्रो तथा मोनोरेल विकास आयोजनाले प्रमुख रूपमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कुल ९४६ किलोमिटर लामो रेल सञ्जाल निर्माण एवं सञ्चालनको लक्ष्य लिएको छ । आयोजनाको कुल लागत रु.७० अर्ब ६१ करोड रहेकोमा२०७५/७६ सम्म समष्टिगत भौतिक प्रगति ११.४ प्रतिशत रहेको छ ।

१३.१५ हुलाकी लोकमार्ग आयोजनाले झापाको केचनादेखि कञ्चनपुरको दोधारा चाँदनीसम्म १ हजार ७९२ किलोमिटर कालोपत्रे सडक र १४९ पुलको निर्माण गर्ने लक्ष्य निर्धारण गरेको छ ।आयोजना २०६६/६७ बाट शुरु भएकोमा२०७९/८० मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ। आयोजनाको कुल लागत रु.६५अर्ब २० करोड रहेकोमा २०७५/७६ सम्म ३१ प्रतिशत प्रगति भएको छ ।

१३.१६ उत्तर दक्षिण (कोशी) लोकमार्ग आयोजनाले तेह्रथुम जिल्लाको वसन्तपुरदेखि उत्तरी सीमाना किमाथाङ्कासम्मको १६२ किलोमिटर सडक निर्माण एवं स्तरोन्नति गर्ने लक्ष्य लिएको छ । यस आयोजना २०६५/६६ बाट शुरु भएकोमा २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । कुल लागत रु.१६ अर्ब २० करोड रहेकोमा २०७५/७६ सम्म रु.२ अर्ब ७८ करोड खर्च भएको छ भने भौतिक प्रगति ५५ प्रतिशत रहेको आयोजनाले जनाएको छ ।

१३.१७ उत्तर दक्षिण (काली गण्डकी कोरिडोर) लोकमार्ग आयोजनाले नवलपरासीदेखि मुस्ताङसम्मका ९ जिल्ला समेटेको छ । आयोजना २०६६/६७ बाट शुरु भई पछिल्लो पटक २०८०/८१ सम्म सम्पन्न गर्ने लक्ष्य लिइएको छ। आयोजनाको कुल लागत रु.२८ अर्ब ८० करोड रहेकोमा २०७५/७६ सम्म २० प्रतिशतभौतिक प्रगति भएको छ ।

१३.१८ खुलालु-सिमिकोट (हुम्ला) खण्डमा १९६ किलोमिटर र हिल्सा-सिमिकोट खण्ड (हुम्ला) ८८ किलोमिटर सडक निर्माण गर्ने उद्देश्यले उत्तर दक्षिण (कर्णाली) लोकमार्ग आयोजना २०६५/६६ मा स्थापना भएकोमा संशोधित २०७९/८० कायम भएको छ । संशोधित कुल लागत अनुमान रु.११ अर्ब रहेकोमा २०७५/७६ सम्म १५प्रतिशत प्रगति भएको छ ।

१३.१९ राजधानीलाई तराई मधेशसँग जोड्ने काठमाडौं तराई मधेश द्रुतमार्गकोलम्बाई ७६ किलोमिटर रहेको छ । फास्टट्रयाक आयोजनाको निर्माण कार्य २०६४/६५ मा शुरु भएको देखिन्छ । नेपाल सरकारबाट आयोजना कार्यान्वयन कार्यविधि, २०७४ स्वीकृत भई २०७४/७५ देखि नेपाली सेनाबाट निर्माण हुने गरी हस्तान्तरण भएको यस आयोजना २०८०/८१मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । आयोजनाको कुल लागत २.खर्ब १३ अर्ब ६५ करोड रहेकोमा २०७५/७६ सम्म ६.९४ प्रतिशत प्रगति पुगेको छ ।

१३.२० सिन्धुपाल्चोकको मेलम्चीबाट २७.५ किलोमिटर शुरुङ्गमार्फत प्रथम चरणमा दैनिक १७ करोड लिटर पानी उपत्यकामा आपूर्ति गराउन मेलम्ची खानेपानी आयोजना २०५५/५६ मा शुरु भई २०६४/६५ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा पछिल्लो संशोधनअनुसार २०७७/७८ सम्म पुऱ्याएको छ । यो वर्षसम्म २७किलोमिटरशुरुङ्ग निर्माण सम्पन्न भएको, काठमाडौं उपत्यका एवं मेलम्ची खानेपानी आयोजना क्षेत्रमा सडक निर्माण एवं पाइप बिछ्याउने कार्य भईरहेकोछ । गतवर्षएक निर्माण व्यवसायीले काम छोडेको कारण निर्माण कार्य रोकिएकोमा सो कार्य अर्को निर्माण व्यवसायीबाट भईरहेको छ । आयोजनाको २०७५/७६ सम्मको भौतिक प्रगति ९७प्रतिशत रहेको छ ।

१३.२१ राष्ट्रपति चुरे-तराई आयोजना राष्ट्रिय गौरवकोरूपमा २०७०।७१ देखि वर्गीकरण भएको यस आयोजनाले उपल्लो र तल्लो तटीय वातावरणीय अन्तरसम्बन्धबाट तराई क्षेत्रको संरक्षण गर्ने उद्देश्य लिएको छ । आयोजनाको अवधि २० वर्ष कायम गरिएको छ । कुल लागत अनुमान रु.२ खर्ब ४९ अर्ब ७० करोड रहेकोमा हालसम्म रु.७ अर्ब ७९ करोड खर्च भएको छ ।

१३.२२ विद्युत प्रशारण आयोजनालाई २०७५/७६ देखि राष्ट्रिय गौरवको आयोजनाका रूपमा वर्गीकरण गरिएकोमा आयोजनाले काठमाडौको लप्सेफेदीदेखि धादिङ्ग जिल्लाको गल्छी-रातमाटे तथा दमौली भरतपुर-बुटवल प्रसारण लाइन निर्माण गर्नेछ । नेपाल सरकार र अमेरिकी सरकारी निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशनबीच सेप्टेम्बर १४, २०१७ मा भएको सम्झौताबमोजिम आयोजनाको स्थापना भएतापनि हाल यस आयोजनाको कार्य अगाडि बढेको छैन ।

राष्ट्रिय गौरवका आयोजनाका रूपमा घोषणा गरी कार्यान्वयन गरिए तापनि यस्ता आयोजना समेत अनेकौ समस्याबाट रुमल्लिदा प्रगति स्थिति कमजोर रहेको छ । यस्ता आयोजनामा स्थानीयस्तरको विवादका कारणजग्गा प्राप्तिमा कठिनाइरहेको, सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन वेगर निर्माण कार्य शुरु गर्दा निर्माणमा समस्या देखापरेको, वन क्षेत्रमा कार्य गर्न बाधा परेको, निर्माण व्यवसायीले जिम्मेवारीपूर्वक कार्य नगरेको, अन्तरनिकाय समन्वयको अभाव रहेको र कार्यान्वयन मोडालिटी स्पष्ट नहुँदा आयोजना कार्यान्वयन सन्तोषजनक नभएको स्थिति छ । यसका साथै आयोजनाको कार्यशैली, प्रविधि, विधि, पद्धति परम्परागत रहेको छ । सीप, तालिम, अनुभव, व्यक्तित्व, क्षमतालाई प्राथमिकता दिई प्रतिस्पर्धात्मक आधारमा आयोजना व्यवस्थापक र अन्य जनशक्ति व्यवस्थापन नगर्दा आयोजनाको कार्यदक्षतामा प्रश्न उठ्ने गरेको छ । समय र लागत व्यवस्थापन गर्न नसक्दा आयोजना सम्पन्न हुने समय र लागत थप भईरहेको छ । जसको कारण सरोकारवालाले लाभ प्राप्त गरेका छैनन् भने आयोजनाहरू मितव्ययी हुनसकेको देखिँदैन ।

सुझाउ - राष्ट्रिय गौरवका आयोजना निश्चित सूचक र मापदण्डको आधारमाछनौट गर्नुपर्दछ । विस्तृत परियोजना प्रतिवेदन तयारी, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृति, सरोकारवालासँग समन्वय पश्चात आयोजना कार्यान्वयनका लागि खरिद व्यवस्थापनको कार्य गर्नुपर्दछ । आयोजना निर्माणका नयाँ मोडालिटी तयार गर्ने, समयवद्ध कार्यतालिका निर्धारण गरी सोको अनुगमन र नियन्त्रण गर्ने, अन्तरनिकाय समन्वयलाई सुनिश्चित गर्ने, आयोजना व्यस्थापनका नयाँ विधि, पद्धति र औजारको प्रयोग गर्ने, योग्य जनशक्तिको परिचालन गर्ने, जिम्मेवारी पूरा नगर्ने कर्मचारी, निर्माण व्यवसायी तथा परामर्शदातालाई कानुनबमोजिम कारबाही गर्ने आदि सुधारात्मक कार्यहरू गर्नुपर्दछ ।

१४. **पहिचान तथा छनौट -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९, २० र २१ मास्थानीय जनताको आवश्यकता एवं माग अध्ययन पश्चात आयोजनाको छनौट गर्नुपर्ने व्यवस्था छ । जसअनुरूप आयोजनासँग सम्बन्धित सरोकारवाला र उनीहरूको आवश्यकताको पहिचान तथा अपेक्षा अध्ययन पश्चात तलदेखि माथितर्फ विधि (Bottom Up Approach) अपनाई आयोजना छनौट गर्नुपर्दछ । सरोकारवालाको सहमति र सहकार्य बिना आयोजना व्यवस्थापन सफल हुनसक्दैन । तर नेपालमा आयोजना छनौटमा माथिबाट तलतर्फ विधि (Top Down Approach) अपनाई आयोजनाछनौटभएको देखिन्छ ।सडक विभाग,

खानेपानी तथा ढल व्यवस्थापन विभाग, जलस्रोत तथा सिँचाइ विभाग, सहरी विकास तथा भवन निर्माण विभाग लगायतका विभागले आयोजना छनौट गर्दा मातहत कार्यालयलाई स्थानीय माग र आवश्यकताको आधारमा आयोजनाको छनौट गर्न लगाई सोही आधारमा कार्यक्रम तयार गर्नुपर्नेमा अधिकांश आयोजना विभाग तथा मन्त्रालयबाट नै छनौट हुने गरेको देखिन्छ । त्यसैगरी विज्ञहरूको समूह तयार गरी व्यापक र विस्तृत अध्ययन पश्चात आयोजनाको छनौट गरेको देखिँदैन ।उदाहरणको रूपमा स्थानीयसँग सहकार्य नगरी सडकको रेखाङ्कन गर्दा काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजनाको खोकना खण्डमा स्थानीयबाट सडक निर्माणमा अवरोध भएकोले आयोजनाले उक्त स्थानको पुरातात्विक तथा धार्मिक इलाकालाई सुरक्षित हुने गरी रेखाङ्कन एकिन गरेपश्चात स्थानीयबाट भएको अवरोधमा कमी आई निर्माणमा सहजता भएको छ । यसरी आयोजना छनौट हुँदा आवश्यक स्थानमा आयोजना नहुने तर एकै स्थान वा आवश्यक नभएका स्थानमा आयोजना सञ्चालन भएको देखिन्छ । जसले गर्दा आयोजनाको कार्यान्वयन चरणमा समस्या देखिएको छ । स्थानीय आवश्यकता अनुरूप आयोजना छनौट नहुँदा उनीहरूबाट निर्माणमा अवरोध गर्ने, विवाद उत्पन्न भई कार्य बीचैमा रोकिने, स्थानीयले आयोजनाको अनुगमन मूल्याङ्कन एवं स्वामित्व स्वीकार नगर्ने, अनावश्यक आयोजनामा खर्च हुँदा राज्यलाई थप व्ययभार पर्न जाने प्रवृत्ति देखिएको छ ।

सुझाउ - आयोजनाको पहिचान र छनौट नै आयोजना सफलताको प्रथम सूचक भएको हुँदा यसको लागि विज्ञहरूको संलग्नता गराउनुपर्दछ । सरोकारवालाको अपेक्षा पुरा हुन नसकेमा आयोजना सफल नहुने तथा सरोकारवालाको संलग्नता, सहकार्य, समन्वय पर्याप्त र उचित मात्रामा भएमात्र आयोजना सफल रहने हुँदा यसतर्फ ध्यान दिनुपर्दछ ।

१५. **प्राथमिकीकरण -** राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५ ले आयोजनालाई पहिलो र दोस्रो प्राथमिकतामा विभाजन गर्ने व्यवस्था गरेको छ ।आयोजनाको प्राथमिकीकरणका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्

१५.१ आयोजनाको प्राथमिकीकरणका लागि फराकिलो आधारको समावेशी आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने, दिगो विकासका लक्ष्यहरू प्राप्तिमा योगदान पुऱ्याउने, सहभागिताको अवस्था, समावेशीकरणमा योगदान, लैङ्गिक मूलप्रवाहीकरणमा योगदान, आयोजना पूर्वको कार्य प्रगति, सम्पन्न हुन लाग्ने समय र कार्यान्वयन तयारीलाई आधार मानिएको छ । यद्यपि आयोजनाको प्राथमिकीकरण गर्दा वास्तविक तथ्य र सूचनाको आधारमा प्राथमिकीकरण भएको पाइदैन । जसको कारण पहिलो प्राथमिकताका आयोजनाको कार्यान्वयन अवस्था सन्तोषजनक देखिँदैन । विगतका २ आर्थिक वर्षका पहिलो प्राथमिकता प्राप्त आयोजनाको भौतिक प्रगतिको अवस्था निम्नानुसार रहेको छ

आर्थिक वर्ष	मन्त्रालय निकाय संख्या	पहिलो प्राथमिकता आयोजना	प्रगति स्थिति			
			८० प्रशिशत वा सोभन्दा माथि	५० प्रतिशत देखि ७९ प्रतिशतसम्म	५० प्रतिशतभन्दा कम	प्रगति नखुलेका आयोजनाको संख्या
२०७५/७६	२१	२६२	१६१	६४	२१	१५
२०७४/७५	२४	३४६	२१८	६५	३२	३१

उल्लिखित तालिकाअनुसार २०७४/७५ र २०७५/७६ मा क्रमशः ३१ र १५ आयोजनाको प्रगति नै नखुलेको अवस्था छ भने ३२ र २१ आयोजनाको प्रगति ५० प्रतिशतभन्दा कम रहेको छ । आयोजनाको प्राथमिकीकरण गर्दा पहिलो प्राथमिकतामा परेका आयोजनाहरूको प्रगति नै न्यून हुनुले आयोजनाको प्राथमिकता र सोको कार्यान्वयनमा समस्या रहेको देखिन्छ । अघिल्लो वर्षभन्दा पछिल्लो वर्ष ८४ त्यस्ता आयोजना कम भए तापनि प्रगतिलाई हेर्दा उक्त संख्या समेत उच्च रहेको देखिन्छ ।

१५.२ सरकारले २०६८/६९ बाट राष्ट्रिय गौरवका आयोजनाको रूपमा नामाकरण गरी केही आयोजना कार्यान्वयन गरेको छ । स्थापना भएको लामो समयपश्चात २०७४ बैशाखमाराष्ट्रिय योजना आयोगले त्यस्ता आयोजनाको परिभाषा गरेको देखिन्छ । उक्त परिभाषामा "नेपाली भू-भागमा निश्चित समयावधिभित्र सक्ने लक्ष्यका त्यस्ता आयोजनाहरू राष्ट्रिय गौरवका हुन् जसले आम नेपाली जनताको गुणस्तरीय जीवन तथा साझा पहिचानमा सकरात्मक अभिवृद्धि ल्याउन आर्थिक, सामाजिक, सांस्कृतिक वा वातावरणीय दृष्टिले प्रभावकारी हुने विश्वास नेपाल सरकारले लिएको हुनेछ" भन्ने उल्लेख छ । यो परिभाषा समेत आफैंमा

स्पष्ट रहेको छैन । शुरुको वर्षमा १७, २०७१/७२ मा ४, २०७५/७६ मा १ गरी हाल २२ आयोजनालाई राष्ट्रिय गौरवका आयोजना नामाकरण गरिएको छ । यस्ता आयोजनालाई स्रोत साधनको सुनिश्चितता गरिएको, जनशक्ति तथा अन्य पक्षमा केन्द्रीय रूपबाट व्यवस्थापन गरिएको, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समेतअनुगमन तथा मूल्याङ्कनगरिए तापनि कुनैपनि आयोजना शुरुमा तोकिएको अवधिभित्र सम्पन्न भएका छैनन् । आयोजना प्राथमिकीरणको समस्यालाई सम्बोधन गर्न २०७६/७७ मा राष्ट्रिय योजना आयोगले आयोजना बैंकको सोच तयार गरी विभिन्न निकायहरूलाई गेम चेन्जर आयोजना उक्त बैंकमा राख्न लगाएको छ । तथापि सोको कार्यान्वयन हुन बाँकीछ ।

आयोजनाको आवश्यकता पहिचान, निकायको कार्यक्षमता, सो आयोजनाले पार्ने प्रभाव आदिको वस्तुनिष्ठ आङ्कलन एवं विश्लेषण वेगर धेरै संख्यामा आयोजना तयार गरी कार्यान्वयन गरिनु यसका कारणहरू हुन् । आयोजनाको प्रगति कम हुँदा लाभग्राहीले समयमा सेवा सुविधा प्राप्त नगर्ने, अपेक्षित प्रतिफल प्राप्त नहुँदा अर्थतन्त्रमा नकारात्मक असर पर्ने तथा आयोजनाको लागतमा वृद्धि हुने अवस्था रहन्छ ।

सुझाउ - जनताको आवश्यकता र माग तथा वस्तुनिष्ठ र मापन गर्न सकिने सूचकका आधारमा आयोजनाको प्राथमिकीकरण गर्नुपर्दछ । आयोजना बैंक मार्फत छनौट र बजेट विनियोजन हुनुपर्दछ ।

१६. **सम्भाव्यता अध्ययन/विस्तृत आयोजना प्रतिवेदन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ (१) अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन समेत विचार गरी आयोजना स्वीकृत गर्नुपर्दछ । सम्भाव्यता अध्ययन/विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा वित्तीय, आर्थिक, भौगोलिक, सामाजिक, संस्थागत, वातावरणीय, प्राविधिक, राजनीतिक लगायतका पक्षको अध्ययनमा सम्बन्धित विज्ञको संलग्नतामा हुन्छ । त्यस्तो अध्ययन तथा प्रतिवेदनमा आयोजनाको लागत, प्रविधि, लेआउट, कार्यक्षेत्र, लाभ, पद्धति, वातावरणीय पक्ष, जग्गाप्राप्ति र क्षतिपूर्ति वितरण जस्ता पक्ष स्पष्ट रूपमा उल्लेख हुन्छ । जसको आधारमा आयोजनाको डिजाइन तयार गर्न समेत सघाउ पुग्छ । तसर्थ यस्तो अध्ययन तथा प्रतिवेदन मार्फत आयोजना कार्यान्वयन गर्नसकिने देखिएमा मात्र आयोजनाको छनौट र तर्जुमा गर्नुपर्दछ ।

तर राष्ट्रिय गौरवका आयोजनाका रूपमा सञ्चालित आयोजनाको नै विस्तृत आयोजना प्रतिवेदन तयार नभई सञ्चालन भएको अवस्था छ । पुष्पलाल (मध्यपहाडी) राजमार्ग, मदनभण्डारी राजमार्ग, उत्तरदक्षिण राजमार्गहरूलेएकमुष्ट रूपमा विस्तृत परियोजना प्रतिवेदन तयार गरिएका छैनन् । खण्ड खण्डको प्रतिवेदन तयार भए तापनिपुष्पलाल र मदनभण्डारी राजमार्गको एलाइन्मेन्ट परिवर्तन भईरहेको छ ।रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजनाले पनि पूर्व पश्चिम रेल मार्गको खण्ड खण्डको प्रतिवेदन तयार गरिरहेको छ ।भेरी बबई बहुउद्देश्यीय आयोजनाको विस्तृत आयोजना प्रतिवेदनमा टनेलको ड्रिलिङ व्लाष्ट विधिबाट गर्ने भनिएकोमा कार्य गर्दा टनेल बोरिङ मेशिनबाट गरिएको छ । जसले गर्दा कम अवधिमा टनेल निर्माण गर्ने कार्य सम्पन्न भएको छ । तसर्थ पर्याप्त अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । त्यसैगरी रानीजमरा कुलेरिया सिँचाइ आयोजना र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको प्रतिवेदन परिवर्तन भएको छ ।पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि २०१० मा सम्भाव्यता अध्ययन भएकोमा सोको आधारमा निर्माण कार्य भईरहेको छ । निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको सम्भाव्यता अध्ययन २०११ मा भएकोमा सोको आधारमा निर्माण कार्य अगाडि बढाउने प्रयास गरिए तापनि कार्य अगाडि बढ्नसकेको छैन । काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजनाको स्थापना २०७४।७५ मा भएकोमा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन २०७६ भाद्र १ मा स्वीकृत भएको छ ।सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको लागि टनेल र मरिन नदी नियन्त्रण कार्यको मात्र प्रतिवेदन तयार गरे तापनि हेडवर्क्स, एचएम, इएम, ट्रान्समिसन लाइनको प्रतिवदेन तयार भैसकेको छैन । नेपालको पूर्वाञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रका वीरगन्जदेखि कोशी नदी पूर्वको तराईमा समेत सिँचाइ सुविधा पुऱ्याउन, विद्युत, बाढी नियन्त्रण तथा जलमार्गसमेतका सम्भाव्य क्षेत्रलाईसमेटेर अध्ययन अन्वेषण गरी आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्नेउद्देश्यले २०६१ मा सप्तकोशी उच्चबाँध बहुउद्देश्यीय आयोजना स्थापना भएको र स्थापनाको मितिले ३० महिनाभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेतापनि शुरु सम्झौता मितिले १६ वर्षव्यतित भइसक्दासम्म कार्यसम्पन्न भएको छैन । कुन्दुरटार सिँचाइ आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार नगरी कार्यान्वयन भै रहेको छ । त्यसैगरी सडक विभाग अन्तर्गत सञ्चालित सडक पूर्वाधार विकास कार्यक्रम, तराई मधेश पूर्वाधार विशेष कार्यक्रम, स्थानीय पुल निर्माण

कार्यक्रम सम्भाव्यता अध्ययन समेत नभई कार्यान्वयन भएका छन् । यसरी सम्भाव्यता अध्ययन नै नभएका कार्यक्रम तथा योजनाहरूलाई समेत विभागले पहिलो प्राथमिकतामा राखी कार्य गरेको पाइयो ।

सम्भाव्यता अध्ययन/विस्तृत आयोजना प्रतिवेदन बेगर आयोजना स्वीकृति र कार्यान्वयन गर्दा आयोजनाको क्षेत्र यकिन नहुने, लाभग्राही वा सरोकारवालाको आवश्यकता सम्बोधन नहुँदा निर्माणमा अवरोध हुने आयोजनाका क्रियाकलाप स्पष्ट नुहने, व्यवस्थापनमा अन्यौलता रहेन, लागतबाट हुने लाभबारे अनिश्चितता रहने जस्ता समस्याले आयोजनाकोसमय र लागतमा वृद्धि भएको छ ।

सुझाउ - आयोजना कार्यान्वयनको प्रमुख आधार नै सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन भएकोले यस्तो प्रतिवेदन बेगर आयोजना स्वीकृत गर्नुहुँदैन । साथै यस कार्यमा स्थानीय जनता र सरोकारवालाहरूको समेत अभिमत, राय, सल्लाह र सुझाउ लिनुपर्दछ ।

१७. **वातावरणीय पक्ष -** वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ (क) मा राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, राष्ट्रिय गौरवका आयोजना, प्रचलित कानुनबमोजिम संघको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माणसम्बन्धी कार्य वा आयोजना, एकभन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नुपर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजनासम्बन्धी कार्य वा आयोजना, एकभन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नुपर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजनासम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण भए तोकिएको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन भए वन तथा वातावरण मन्त्रालय समक्ष पेश गर्नुपर्ने र तहाँबाट स्वीकृति गराउनुपर्ने उल्लेख छ । त्यसैगरी सोही ऐनको दफा ८ मा कसैले पनि यस ऐनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन नहुने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१७.१ वातावरणीय प्रभाव मूल्याङ्कन नगरी आयोजना स्वीकृत तथा कार्यान्वयन गर्दा आयोजना कार्यान्वयनका क्रममा समस्या आईपर्ने गरेको छ । बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाले वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गराए तापनि आयोजनाको जलाशयबाट छोडेको पानी तथा कुनै कारणवश बाँध भत्कनसक्ने अवस्थालाई मध्यनजर गरी तल्लो तटिय क्षेत्रमा पर्ने असरलाई मध्यनजर गर्दै तयार गर्नुपर्ने रेगुलेटिङ बाँधको वातावरण प्रभाव मूल्याङ्कनको कार्य बाँकी रहेको छ ।जसले गर्दा भविष्यमा समस्या आउनसक्छ । त्यसैगरी बाहिरी चक्रपथ निर्माणको समेत वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कार्य सम्पन्न भएको छैन । लुम्बिनी विकास आयोजनाले समग्र वातावरणीय प्रभाव मूल्याङ्कन गराएको छैन । पुष्पलाल राजमार्ग आयोजनाले एकमुष्ट रूपमा वातावरणीय प्रतिवेदन तयार नगरी खण्ड खण्डको गरेको कारण यसले लामो समय लिएको छ । त्यसैगरी निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको विषय हाल सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहँदा विमानस्थल निर्माणको अन्य कार्य अगाडि बढ्नसकेको छैन । अरुण-३ जलविद्युत आयोजना तथा माथिल्लो कर्णाली जलविद्युत आयोजनाको परियोजना विकास सम्झौतामा आयोजना निर्माणको लागि सम्झौता मितिले क्रमशः २० र २१ महिनाभित्र सरकारी जग्गा (वनक्षेत्र समेत) विकासकर्तालाई लिजमा उपलब्ध गराउनुपर्ने उल्लेख छ । वन ऐन, २०४९ तथा तत्सम्बन्धी कार्यविधि, २०६३मा रहेका समस्या हल गर्न वन तथा भूसंरक्षण मन्त्रालयले उक्त निर्देशिका संशोधन गरी नयाँ कार्यविधि, २०७४ स्वीकृत गरेको छ । साविक कार्यविधिमा सट्टाभर्ना स्वरूप जग्गा उपलब्ध गराउने व्यवस्था रहेकोमा नयाँ कार्यविधिमा जग्गा सट्टाभर्नाको साटो रकम बुझाउनसक्ने व्यवस्थागरेको छ । तरवन तथा भू-संरक्षण मन्त्रालयले आयोजनाले सट्टाभर्ना दिन नसकेको जग्गाको सट्टामा लिने रकमसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन । जसले निर्माणमा समस्या आइपरेको छ ।

१७.२ वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिको लागि वन तथा वातावरण मन्त्रालयमा पठाएपश्चात तहाँबाट स्वीकृत वा अस्वीकृत गर्न लामो समय लाग्ने गरेको कारण तोकिएको समयमा आयोजना सम्पन्न गर्न व्यवधान उत्पन्न भएको देखिन्छ । कार्यान्वयन चरणमा वातावरण प्रभाव मूल्याङ्कन तयार गरेका निम्न आयोजनाको प्रतिवेदन स्वीकृत गर्न लामो समय लागेको पाइयो

आयोजना	स्वीकृत हुन लागेको समयावधि
बबई सिँचाइ आयोजना	१ वर्ष ९ महिना लागेको
भेरी बबई बहुउद्देश्यीय	करिब २ वर्ष लागेको
उत्तर दक्षिण (कोशी करिडोर) लोकमार्ग	करिब ९ वर्ष
सिक्टा सिँचाइ आयोजना	करिब १ वर्ष

बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना	७ महिना
बड्कापथ सिँचाइ आयोजना	१ वर्ष ३ महिना

यसरी उल्लिखित तालिकाअनुसार प्रतिवेदन स्वीकृत हुन लामो समय लागेको देखिन्छ । त्यस्तै हुलाकी सडक अन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज भित्र निर्माण हुने सडक निर्माणको सम्बन्धमा वन तथा वातावरण मन्त्रालयले करिब १० वर्षसम्म स्वीकृति प्रदान नगर्दा हालसम्म पनि उक्त खण्डमा सडक र पुल निर्माण हुनसकेको छैन । उक्त खण्डमा पुल निर्माण गर्न खरिद सम्झौता भएको लामो समय व्यतित भएको छ ।

वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृतिको लागि लामो समय लाग्दा आयोजनाको अवधि नै थप गर्नुपर्ने अवस्था देखिन्छ । आयोजनाका स्वीकृति पूर्वका कार्य सम्पन्न नगरी निर्माणको खरिद सम्झौता गर्न उद्दत रहने प्रवृत्तिले समस्या आएको देखिन्छ ।यसले गर्दा आयोजनाहरूले तोकिएको उद्देश्य निर्धारित समयभित्र हासिल गर्नसकेका छैनन् ।

सुझाउ - वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको स्वीकृति पश्चात मात्र निर्माण कार्यको खरिद व्यवस्थापन गर्नुपर्दछ । वातावरणीय पक्ष अन्तरसम्बन्धित विषय भएकोले सबै निकाय एवं पक्षहरूको समन्वय र सहकार्यमा यसलाई टुङ्याउनुपर्दछ । त्यसैगरी राष्ट्रिय गौरवका र पहिलो प्राथमिकता आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृति गर्ने वा नगर्ने विषयलाई छोटो समयमा सम्पन्न गर्ने गरी विधि, प्रक्रिया र प्रणालीको व्यवस्था गर्नुपर्दछ । वन क्षेत्र र निकुञ्ज भित्र हुने निर्माण कार्यलाई सहज बनाउनको लागि छुट्टै निर्णय वा कार्यविधि तयार गर्नुपर्दछ ।

१८. **जग्गा प्राप्ति र क्षतिपूर्ति वितरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको व्यवस्थानभई खरिद कार्य शुरु गर्न नहुने उल्लेख छ । आयोजनाको निर्माण स्थल र प्रभावित क्षेत्रको जग्गा प्राप्ति गरी उक्त जग्गाको क्षतिपूर्ति वितरण पश्चात कार्यान्वयन चरणका कार्यहरू गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायानुसार छन् :

१८.१ बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको लागि ५८ हजार १५३ रोपनी जग्गा लिनुपर्ने, ३ हजार ५६० घर पूर्णरूपमा विस्थापित हुने अवस्था रहेको छ । हालसम्म ४५ हजार २०४ रोपनी जग्गाको रु.२७ अर्ब १८ करोड ६५ लाख क्षतिपूर्ति वितरण गरेको छ । त्यसैगरी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलले प्राप्त गर्नुपर्ने ६ हजार ६५६ रोपनी जग्गा र करिब ६२५ घर र भौतिक संरचनाको क्षतिपूर्ति रु.२३ अर्ब ५९ करोड भुक्तानी गर्नुपर्नेमा हालसम्म रु.२० अर्ब ८२ करोड ९३ लाख वितरण गरेको छ । विमानस्थल निर्माणको कार्यप्रगति ८५ प्रतिशत पुगिसेकेको भए तापनि हालसम्म जग्गा प्राप्ति र क्षतिपूर्ति वितरणको कार्य सम्पन्न भएको छैन । त्यसैगरी रेल, मेट्रोरेल तथा मोनोरेल विकास आयोजनाले पूर्व पश्चिम रेलमार्ग निर्माणको लागि ७५ हजार १४१ रोपनी जग्गा, ८ हजार १५० कच्ची तथा पक्की घर, गोठ, टहराको क्षतिपूर्ति वितरण गर्नुपर्ने देखिन्छ । यसरी धेरै जग्गा तथा घर संरचना लिनुपर्ने तथा ठूलो रकम क्षतिपूर्ति बापत वितरण गर्नुपर्ने अवस्थाका आयोजनाहरूको जग्गा प्राप्ति र क्षतिपूर्ति वितरणप्रक्रिया समेत अन्य साना आयोजना सरहको नै रहेको छ । जसले गर्दा आयोजनाको लागि तोकिएको समयावधिमध्ये अधिकांश समय जग्गा प्राप्तिमा नै खर्चिएको देखिन्छ ।

१८.२ आयोजनाको लागि लिईएको जग्गाको क्षतिपूर्ति रकममा जग्गाधनीले चित्त नबुझाउँदा धेरै आयोजनाहरूमा विवाद उत्पन्न भई निर्माणमा अवरोध भएको देखिन्छ । उदाहरणको रूपमा गल्छी त्रिशुली मैलुङ्ग स्याफ्रुबेंसी रसुवागढी सडक, पुष्पलाल लोकमार्ग (लमजुङ खण्ड), नागढुङ्गा नौबीसेशुरुङ्ग मार्ग, रानीजमरा कुलेरिया सिँचाइ, बबई सिँचाइ, भेरी बबई बहुउद्देश्यीय, बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजनालाई लिनसकिन्छ । रेल, मेट्रो तथा मोनोरेल विकास आयोजनामा जग्गा विवादका कारण बर्दिवासमा रेलवे स्टेसन निर्माण कार्य हुनसकेको छैन । मेलम्ची खानेपानी आयोजना २ (दोस्रोचरण) को मुआब्जा निर्धारण समितिबाट मुआब्जा निर्धारण भईसकेको र सोअनुसार जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकलाई रकम उपलब्ध गराईएकोमा स्थानीयबाट कायम गरिएको मुआव्जाको रकममा चित्त नबुझाई पुनरावलोकनको लागि गृह मन्त्रालयमा निवेदन दिएको अवस्था छ । कलंकी नागढुङ्गा सडक विस्तार गर्ने कार्यमा जग्गा प्राप्तिमा समस्या हुँदा सडक निर्माण कार्य लामो अवधिसम्म सम्पन्न हुनसकेन भने हाल तोकिए बमोजिमको चौडाई बिना नै ठेक्का टुंग्याइएको छ ।

१८.३ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनामा प्रभावित क्षेत्रमध्ये साविक कोटमाझखर्क गाउँ विकास समिति हाल भेरीगँगा गाउँपालिका वडा नं.८ का केही स्थानीयको फिल्डबुकमा कित्ता कायम भएका तर लालपूर्जा नभएका जग्गामध्ये केही कित्ताको जग्गा आयोजनाले प्राप्ति गर्नुपर्नेमा जग्गाधनीले नम्बरी जग्गा सरह क्षतिपूर्ति पाउनुपर्ने साथै फिल्डबुकमा कित्ता कायम भएका जग्गाको लालपूर्जा बन्नुपर्ने माग राखेका कारण जग्गा प्राप्ति र क्षतिपूर्ति वितरणमा समस्या भएको छ । त्यस्तै सिक्टा सिँचाइ आयोजनामा ऐलानी जग्गा अधिग्रहण गर्न समस्या भएको कारण केही कार्यमा ठेक्का व्यवस्थापन भएको ४ वर्ष पश्चात निर्माण कार्यको शुरुवात भएको अवस्था छ । फिल्डबुकमा कित्ता कायम भएका तर लालपूर्जा नभएका जग्गाहरूमध्ये केही कित्ताको जग्गा आयोजनाले प्राप्ति गर्नुपर्ने अवस्थामा ती जग्गाधनीले नम्बरी जग्गा सरह क्षतिपूर्ति पाउनुपर्ने दबाब दिदै आएको आयोजनाले जनाएको छ ।

निर्माण सम्झौता पश्चात जग्गा प्राप्ति र क्षतिपूर्ति वितरण गर्ने कार्यको शुरुवात गर्दा निर्माणमा अवरोध वा ढिलाई भएको अवस्था छ । निर्माणको सम्झौता पश्चात जग्गा प्राप्तिको काम गर्दा एकातर्फ निर्माण व्यवसायीले लिएको पेश्की रकमको उपयोग भएको देखिँदैन भने अर्कोतर्फ निर्माण व्यवसायीले कार्यस्थल प्राप्त नगरेको भनी क्षतिपूर्ति मागदावी गरेको देखिन्छ । त्यस्तैजग्गा प्राप्त गर्न धेरै निकायबीच समन्वय र सहकार्य हुनुपर्ने अवस्थाले गर्दा यो प्रक्रिया झन्झटिलो हुनेगरेको छ ।स्थानीयले उच्चतम् रकमको मागदावी गर्ने र सरकारी दररेटमा असहमति जनाउँदै न्यायालयमा मुद्दा दायर समेत गर्ने प्रवृत्तिले पनि निर्माणमा ढिलाई हुन पुगेको छ ।यसरीजग्गा प्राप्तिमा धेरै समय र ठूलो रकम खर्चनुपर्दा आयोजना मितव्ययी र दक्षतायुक्त भएको पाइएन ।

सुझाउ - जग्गा प्राप्ति र क्षतिपूर्ति वितरण नभई आयोजनाको खरिद कार्य अगाडि बढाउनु हुँदैन । राष्ट्रियगौरबका आयोजना वा ठूला आयोजनाको जग्गा प्राप्ति र क्षतिपूर्ति वितरणको कार्यलाई सरलीकृत, वैज्ञानिक र व्यवस्थित गर्नुपर्दछ । जग्गाको मूल्याङ्कन वस्तुनिष्ठ हुनुपर्दछ ।

१९. **समन्वय र सहकार्य -** आयोजना व्यवस्थापन चरण अन्तर्गतको क्रियाकलापअनुसार विभिन्न निकायसँग समन्वय र सहकार्यको आवश्यकता पर्दछ । जग्गा प्राप्तिका लागि स्थानीय निकाय, मालपोत कार्यालय, नापी कार्यालय, जिल्ला प्रशासन कार्यालयसँग; वातावरणीय प्रभाव मूल्याङ्कनको लागि वातावरण मन्त्रालय, वातावरण विभाग, निकुञ्ज तथा संरक्षित क्षेत्र व्यवस्थापन विभाग, वन तथा वातावरण मन्त्रालयसँग, निर्माण कार्यको लागि विभिन्न निकायबीच जस्तैः सडक निर्माणको लागि खानेपानी तथा ढल व्यवस्थापन विभाग, नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, निर्माण व्यवसायीसँग समन्वय र सहकार्य हुनुपर्दछ । यससम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१९.१ निकायगत समन्वय र सहकार्यको अभावमा आयोजनाहरूको कार्यान्वयनमा ढिलाई भईरहेको छ । सडक विभाग, सिँचाइ विभाग, खानेपानी तथा सरसफाई विभागले समेत निर्माणमा प्रयोग हुने सामग्री प्राप्तिमा स्थानीय तह तथा स्थानीय बासिन्दाबाट अवरोध भएका कारण निर्माणमा समस्या भएको जनाएका छन् । विद्युतको लाईन, ढल, खानेपानी, टेलिफोन इत्यादि सडक क्षेत्रभित्रबाट प्रवाह हुने हुँदा सडकको स्तरोन्नति तथा विस्तार गर्ने कार्यमा सबै पक्षलाई समेट्दा समस्या भएको सडक विभागले जनाएको छ । भेरी बबई सिँचाइ आयोजना राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र परेकोले मानव, मेशीनरी र सामग्री ढुवानी आवागमनमा निकुञ्जबाट समय समयमा अवरोध हुने गरेको, स्काभेटर, टिप्पर, ट्याक्टर र मिक्स्चर चलाउँन नपाउँदा संरचनाहरू निर्माण गर्न कठिनाई भएको साथै गिट्टी, बालुवा, ढुङ्गा नहुँदा संरचनाहरू बनाउन कठिनाई भएको सो आयोजनाले जनाएको छ । रानी जमरा सिँचाइ, सिक्टा सिँचाइ, गौतमबुद्ध अन्तर्राष्टिय विमानस्थल, हुलाकी सडक आदि आयोजनामा स्थानीय तह तथा स्थानीय बासिन्दाबाट निर्माण सामग्री उत्खनन तथा प्रयोगमा अवरोध सिर्जना गरिँदा निर्माणमा समस्या रहेको देखिन्छ ।

१९.२ सडक तथा पुल निर्माण गर्ने कार्य सडक विभाग, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, काठमाडौँ उपत्यका विकास प्राधिकरण र स्थानीय तह समेतबाट भइरहेको छ । ती निकायले निर्माण गर्ने सडक एवं पुलको कार्य क्षेत्र किटान गरेको छैन । त्यसैगरी २०७५/७६ मा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा ११ र सहरी विकास मन्त्रालयमा ४ बजेट उपशीर्षकमा बजेट विनियोजन भई सडक निर्माण कार्य भइरहेको छ । यसले गर्दा एउटै कार्य धेरै निकायबाट हुने तर समन्वय र सहकार्य नहुँदा निर्माणमा दोहोरोपना हुनसक्ने देखिन्छ ।

१९.३ काठमाडौँ उपत्यका सडक विस्तार आयोजना अन्तर्गत त्रिपुरेश्वरदेखि नागढुङ्गासम्मको सडकको रेखाङ्कन तथा सीमाङ्कन कार्य गरी सडक सीमामा परेका भवन तथा संरचनाहरू काठमाडौँ उपत्यका विकास प्राधिकरणले भत्काउनुपर्नेमा नभत्काउँदा, कतिपय स्थानमा प्राधिकरणले पहिले चिन्ह लगाएको आधारमा घर टहरा तथा अन्य संरचना हटाई सडक आयोजनाले पर्खाल लगाई सकेपछि रेखाङ्कन फेरबदल गरेको तथा दोहोरो मार्किङको कारण विवाद सिर्जना हुँदा, विद्युत पोल तथा टेलिफोन तारहरू सम्बन्धित निकायले नहटाउँदा एवं रुख विरुवा नकाटी दिँदा सडक निर्माण अवरुद्ध भएको अवस्था छ ।

१९.४ काठमाडौं उपत्यका सडक विस्तार आयोजना अन्तर्गत गल्कोपाखा-सामाखुसी सडक विस्तारको एक कार्यमा सडक सीमा स्पष्ट नभएको कारण उक्त निर्माण कार्य अधुरो अवस्थामा रहेको र बिजुली तथा टेलिफोनको खम्बा नहटाई केही स्थानमा कालोपत्रे गरेको अवस्था छ ।

१९.५ खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय र सडक विभागबीच भएको एक सम्झौतापत्रमा आयोजना कार्यान्वयन निर्देशनालयबाट पाइप बिच्छ्याएको सडकमा सडक विभागले ढल निर्माणको कार्य गर्दा पाईपमा क्षति पुग्नगएमा सो क्षतिलाई पुनःनिर्माण गर्न लाग्ने खर्च सडक विभागले आयोजना कार्यान्वयन निर्देशनालयलाई उपलब्ध गराउने व्यवस्था छ । डिभिजन सडक कार्यालय, काठमाडौं १ बाट २०७३/७४ मा निर्माण भएका ५ सडक खण्डमा रु.१ करोड ५६ लाख ८९ हजार बराबरको पाइप क्षति भएको भनी सडक विभागबाट खानेपानी आयोजना कार्यान्वयन निर्देशनालयलाई सो रकम दिएको पाइयो । सडक डिभिजन कार्यालयले समन्वय बेगर निर्माण कार्य गर्दा अनावश्यक व्ययभार परेको छ ।

१९.६ डिभिजन सडक कार्यालय, काठमाडौं १ अन्तर्गत मनोहरा करिडोर सडक निर्माण गर्न रु.२५ करोड ९५ लाख ४५ हजारको लागत अनुमान स्वीकृत गरी रु.१९ करोड ११ लाख २२ हजारमा सम्झौता भई २०७३/७४ सम्म रु.७ करोड १९ लाख ६६ हजार भुक्तानी भएको छ । निर्माण कार्य रोक्न काठमाडौं उपत्यका खानेपानी लिमिटेड र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले अनुरोध गरेको कारण कोरिडोर सडक निर्माण रोकिएको छ । निकायबीचको समन्वय अभावले निर्माणमा अनावश्यक खर्च भएको देखिन्छ ।

१९.७ सडक विभाग अन्तर्गतको पुल आयोजनासेक्टर नं.२ ले बुधसिँह नुवाकोटस्थित त्रिशुली नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१५ करोड ६५ लाख ९५ हजारको सम्झौता गरेकोमा २०७३/७४ सम्म रु.१ करोड २७ लाख ६५ हजार भुक्तानी भएको छ । पुल निर्माण हुने क्षेत्रमा एक पावर कम्पनी लिमिटेडले विद्युत आयोजना निर्माण गर्न लागेको जानकारी गराएअनुसार पुल निर्माण कार्य रोकिएको छ । साथै लगानी भईसकेको रकमसमेत खेर जाने स्थिति रहेको छ ।

सम्बन्धित निकाय तथा लाभग्राहीबीच समन्वय र सहकार्य नहुँदा आयोजनाहरू समयमा सम्पन्न नहुनुका साथै अनावश्यक खर्च भई राज्यलाई थप व्ययभार परेको छ ।

सुझाउ - आयोजनाको क्रियाकलापअनुसार सम्बन्धित निकाय तथा पक्षसँग समन्वय र सहकार्य गरी कार्य गर्नुपर्दछ ।

२०. **डिजाइन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(क) मा त्रुटिपूर्ण डिजाइन गरेको कारण खरिद कार्य प्रभावित भएमा डिजाइन तयार गर्ने, जाँच गर्ने, स्वीकृत गर्ने पदाधिकारी कारबाहीको भागिदार हुनुपर्ने उल्लेख छ । त्रुटिपूर्ण डिजाइन गरेको अवस्था देहायबमोजिम छ :

२०.१ वाग्मती सिँचाइ आयोजनाको पश्चिमी मूल नहरको चेनेज १+३५० किलोमिटरमा ड्रेन साइफनमा परिवर्तन गर्ने सेटलिङ्गबेसिनको लम्बाई र चौडाई बढाउने र फ्लसिङ च्यानलको लम्बाई घटाई शुरुको डिजाइनमा परिर्वतन गरेको छ । यसले डिभाइड वालको मोटाई तथा डण्डीको काममा वृद्धिलगायत ९ आइटमको काममा वृद्धि भई शुरु सम्झौता रु.२२ करोड ३१ लाख २४ हजारमा १४.७१ प्रतिशतले हुने रु.३ करोड २८ लाख २२ हजार भेरिएसनबाट वृद्धि भएको छ । शुरुको डिजाइन स्वीकृत गर्ने पदाधिकारी वा विशेषज्ञको समूहले अध्ययन नगरी डिजाइन स्वीकृत गरेको र पछि डिजाइन उपयुक्तनभएको उल्लेख गरी भेरिएसनमार्फत काम गराउँदा थप व्ययभार परेको छ । निर्माणको क्रममा भेरिएसन गर्नुपर्ने गरी त्रुटिपूर्ण डिजाइन तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाइएको छैन ।

२०.२ महाकाली नदी नियन्त्रण आयोजनाले निर्माण गर्नुपर्ने ४ हजार ५०० मिटर पक्की तटबन्धमध्ये २०७४/७५ सम्म ४ हजार ९० मिटर निर्माण भैसकेको छ । त्यसमध्ये काउण्टरफोर्ट प्रविधिको वाल २ हजार ६७४

मिटर र ग्राभिटी वाल १ हजार ४१६ मिटर छ । ग्राभिटी वालमध्ये पनि कन्स्ट्रक्सन ज्वाइन्ट वाल १ हजार १८२ मिटर र शेयरकि वाल २३४ मिटर छ । वाल जोडिने स्थानमा मात्र डण्डी राखी ठेक्का नं. १० अन्तर्गत निर्माण गरेको ६० मिटर शेयरकि वाल २०७४ असोजमा धसिएको र भाँचिएको पाइयो । वालको जोडाइमा मात्र डण्डी प्रयोग भएको र जोडाइमा कंक्रिट आपसमा नजोडिएर स्लाइसिङ भएको देखिएकोले यसप्रकारको वालको डिजाइन त्रुटिपूर्ण देखिन्छ । ग्राभिटी वालमा तलदेखि माथिसम्म उपयुक्त परिमाणमा डण्डी राखी निर्माण गर्दा सुरक्षित हुने विषयमा प्राविधिकको ध्यान पुग्नसकेको देखिएन ।

२०.३ हुलाकी लोकमार्ग योजना, पर्सा अन्तर्गत कलैया-मलंगवा खण्डमा पर्ने वागमती नदीमा ६३४ मिटर लामो पुल निर्माण गर्न रु.३५ करोड ८९ लाखमा भएको सम्झौताको म्याद २०७०/२/३१ सम्म रहेकोमा सुपर स्ट्रक्चर, नदी नियन्त्रण, एप्रोच सडक निर्माण आदिको कार्य सम्पन्न भई निर्माण व्यवसायीलाई रु.१८ करोड ७५ लाख भुक्तानी भईसकेकोमा पिलरको उचाई नपुग देखिएकोले पुनः डिजाइनको प्रक्रियामा रही २०७०/८/२८ देखि निर्माण कार्य अवरुद्ध रहेको छ ।

२०.४ डिभिजन सडक कार्यालय, काठमाडौँ १ अन्तर्गत धोवीखोलामा पुल निर्माण कार्य २०६८/१२/२४ मा सम्पन्न गर्नेगरी रु.१ करोड ३० लाख ९० हजारको खरिद सम्झौता गरेकोमा सब स्ट्रक्चरको कार्य निर्माण भई रु.८४ लाख ८३ हजार भुक्तानी भएपछि पुलको डिजाइन उपयुक्त नभएकोले निर्माण कार्य स्थगित छ । पुलको डिजाइन पुनरावलोकन नभएकोले पुल निर्माण कार्य अलपत्र अवस्थामा रहेको छ ।

२०.५ डिभिजन सडक कार्यालय, बुटवल अन्तर्गत दानव नदीमा पुल निर्माण गर्न रु.५ करोड ८८ लाख १४ हजारमा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग सम्झौता भएकोमा मूल्य समायोजन समेत रु.४ करोड ५३ लाख ६० हजार भुक्तानी भएपनि निर्माण कार्य सम्पन्न भएको छैन । उक्त पुल निर्माण गर्दा दक्षिणतर्फ बढी च्यापिएको कारण नदी कटान र डुबानको असर पर्ने भएकोले परामर्शदाताले शुरुको ५ स्पानलाई घटाई ४ स्पानको निर्माण गर्न डिजाइन संशोधन गरी ९.५९ प्रतिशत घटिको भेरिएसन आदेश जारी गरेको छ । पुलको डिजाइन तयार गर्दा स्थानीय जनताको माग र आवश्यकतालाई ध्यान नदिएको कारण डिजाइन परिवर्तन गर्नुपरेको अवस्था छ ।

२०.६ डिभिजन सडक कार्यालय, तुम्लिङटारले अरुण नदीको लम्सुवाघाटमा रु.१३ करोड ५ लाख ४१ हजारको लागतमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग खरिद सम्झौता गरेकोमा सम्झौता भएको ८ वर्षमा ६ पिलर निर्माण भई रु.४ करोड ३५ लाख ३१ हजार भुक्तानी दिएकोमा पुल निर्माणस्थलमा २४७ मिटरको पुल आवश्यक पर्नेमा १६५ मिटरको निर्माण गर्ने गरी डिजाइन स्वीकृत भएकाले निर्माण कार्य अवरुद्ध भएको छ ।

२०.७ डिभिजन सडक कार्यालय, काठमाडौँ १ अन्तर्गत बौद्ध-ताम्रगँगा सडक स्थित वागमती नदीमा रु.२ करोड २६ लाख ६८ हजारमा निर्माण भएको पुल सडकको सतहभन्दा धेरै उचाईमा रहेको कारण पुल सञ्चालनमा ल्याउन रु.२ करोड ८ लाख ३५ हजारको एप्रोच सडक निर्माणको खरिद सम्झौता गर्नुपर्दछ । पुलको त्रुटिपूर्ण डिजाइन गरेको कारण पुल सञ्चालनमा ल्याउन पुलको लागत बराबर खर्च गरी एप्रोच सडक निर्माण भएको छ । त्यस्तै धोबीखोलाको मैतीदेवी देवीनगरमा रु.२ करोड ७४ लाख, थापागाउँ अनामनगरमा रु.३ करोड ८२ लाख र बबरमहल बुद्धनगरमा रु.१ करोड ३० लाखको पुल निर्माण गर्न खरिद सम्झौता गरेकोमा निर्माण हुने पुल सडकको सतहभन्दा करिब ८ फिटमाथि हुने भई डिजाइन त्रुटिपूर्ण भएकाले निर्माण कार्य अधुरो रहेको छ ।

२०.८ डिभिजन सडक कार्यालय, जनकपुरले बिगी र जुगा खोलामा पुल निर्माण गर्न रु.२४ करोड १७ लाख २ हजारमा खरिद सम्झौता गर्दा फाउण्डेसन र सब स्ट्रक्चरको मात्र डिजाइन स्वीकृत गरेको र सुपर स्ट्रक्चरको डिजाइन स्वीकृत नगरेको कारण पुल निर्माण कार्यमा ढिलाइ हुनगएको देखिन्छ । यसैगरी बिगी खोला पुलको बायाँ एबुटमेन्टभन्दा करिब ६० मिटर पर तटबन्ध निर्माण भइरहेको कारण नदीको बहाव र पुल निर्माण कार्य फरक फरक धारमा रहेको पाइयो ।

२०.९ डिभिजन सडक कार्यालय पाल्पाबाट निर्माणाधीन कालीगण्डकी पुल (चापाकोट निर्दिमघाट) रु.१४ करोड १० लाखको लागतमा निर्माण शुरु भएकोमा वेल फाउन्डेशनको सट्टा पाइल फाउन्डेशन कायम गर्ने गरी डिजाइन परिवर्तन भएकोले कबोल अङ्करु.३६ लाखले बढ्न गएको पाइयो ।

सम्बन्धित निकाय र परामर्शदाताबाट पर्याप्त अध्ययन र स्थलगत अवलोकन वेगर ड्रइङ डिजाइन तयार गर्दा निर्माण कार्य शुरु नगर्दै वा गरिरहँदा ड्रइङ डिजाइनमा परिवर्तन गर्नुपर्ने अवस्था देखिन्छ । लापरबाहीपूर्वक ड्रइङ डिजाइन तयार गर्नेलाई कारवाही नहुँदा यस्तो पुनारावृत्ति भईरहेको छ । डिजाइनमा परिवर्तन गर्नुपर्दानिर्माण समय र लागतमा वृद्धि भएको देखिन्छ ।

सुझाउ - निर्माण स्थलको पर्याप्त अध्ययन गरी डिजाइन तयार गर्नुपर्दछ । डिजाइन तयार गर्दा नवप्रवर्तनीय विधि अपनाउने गरी मितव्ययीतालाई समेत मध्यनजर गर्नुपर्दछ । गलत ड्रइङ डिजाइन तयार गर्ने प्राविधिक तथा परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

२१. **बजेट सुनिश्चितता तथा वैदेशिक सहयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(१) मा सार्वजनिक निकायले बजेट व्यवस्था नभई खरिदको कारबाहीशुरु गर्न नहुने व्यवस्था छ । त्यसैगरी अर्थ मन्त्रालयले प्रत्येक वर्ष मन्त्रालय तथा निकायहरूलाई उपलब्ध गराउने खर्च गर्ने अख्तियारीमा समेत स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने उल्लेख गरेको हुन्छ । यससम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२१.१ अधिकांश आयोजनामा वार्षिक वजेट न्यून रूपमा विनियोजन हुँदा आयोजनाका लागि तोकिएको समयमा निर्माण सम्पन्न हुनसकेको देखिदैन । राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको स्थापना २०७१/७२ मा भएकोमा गुरुयोजना अनुसार २० वर्षमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । कार्यक्रमको लागत अनुमान रु.२ खर्ब ४९ अर्ब ७० करोड आङ्कलन गरिएकोमा प्रतिवर्ष करिब रु.९ अर्ब बजेटको आवश्यकता पर्दछ । तर कार्यक्रमको लागि २०७३/७४ मा रु.१ अर्ब ८४ करोड ७३ लाख, २०७४/७५ मा रु.१ अर्ब ८२ करोड ४८ लाख र २०७५/७६ मा रु.१ अर्ब ६६ करोड ६४ लाख मात्र बजेट विनियोजन भएको छ । त्यसैगरीठूलो लगानी आवश्यक पर्ने आयोजनालाई वार्षिक न्यूनतम रकम विनियोजन गर्दा आयोजना सम्पन्न कहिले हुन्छ भन्ने निश्चितता देखिँदैन । उदाहरणको रूपमा निम्नानुसारका खानेपानी आयोजनालाई समेत लिन सकिन्छ:

(रु.हजारमा)

क्र. सं.	आयोजनाको नाम	आयोजना शुरु वर्ष	लागत अनुमान	२०७४/७५ मा खर्च	यो वर्ष सम्मको खर्च
१	नुवाकोट दोभान ७ खानेपानी आयोजना, पाल्पा		३, १८, ५१	२३, ८०	१, १२, ८७
२	तातोपानी खानेपानी आयोजना पाल्पा	२०६४/६५	३, ७४, १६	२१, ०५	१, ४५, १५
३	ख्याहा खानेपानी आयोजना, पाल्पा	२०६६/६७	२, ७३, ९२	३१, ९४	९१, ४०
४	मदनपोखरा २, ३, ४ खानेपानी आयोजना, पाल्पा	२०६७/६८	५, ७१, १७	१५, ७६	७६, ४५
५	ज्यामिरे खानेपानी आयोजना, पाल्पा	२०६७/६८	६, २९, ३९	१४, ०९	८०, ४१
६	लुङरूपा खानेपानी आयोजना पाँचथर	२०६८/६९	६, १६, ५०	५३, ४५	४, १३, ७०
७	राँकेबजार खानेपानी आयोजना पाँचथर	२०७०/७१	३, ३५, ७०	६, ९५	२, १०, ४१
८	सिदिङ याङनाम खानेपानी आयोजना, पाँचथर	२०७३/७४	४१, २८, ५०	१४, ०६	१९, ०६
९	करङखोला खानेपानी आयोजना, स्याङ्जा	२०७३/७४	८, १२, ९७	४९, १०	७९, १०
१०	तुल्सीभन्ज्याङ खानेपानी आयोजना, स्याङ्जा	२०७०/७१	४, ७९, ७७	२८, ००	६२, ९९
११	भुम्दीखोला खानेपानी आयोजना, स्याङ्जा	२०७३/७४	९, ०९, ९८	५२, ००	७६, ६६

उल्लिखित खानेपानी आयोजनामा वार्षिक रूपमा लागत अनुमानको तुलनामा अत्यन्त कम बजेट विनियोजन तथा खर्च हुँदा आयोजना सम्पन्न हुने अवधि पटक पटक परिवर्तन गर्दै लगेको देखिन्छ । जनतालाई स्वच्छ खानेपानी वितरण गर्ने उद्देश्यले सञ्चालित आयोजना लामो समयसम्म सम्पन्न नहुँदा सोबाट लाभ लिन नपाएको अवस्था एकातर्फ छ भने शुरुवाती चरणमा तयार गरिएका संरचना आयोजनाको अन्तिम चरणमा आईपुग्दा जीर्ण हुन पुगी पुनः निर्माण वा मर्मतसंभार गरी सञ्चालन गर्नुपर्ने अवस्था देखिन्छ ।

२१.२ अर्थ मन्त्रालयबाट प्रकाशित विकास सहायता प्रतिवेदन, २०७४ अनुसार भूकम्प पछिको पुनःनिर्माणको लागि नेपालमा भएको अन्तर्राष्ट्रिय दातृ सम्मेलनमा विभिन्न विकास साझेदार र अन्तर्राष्ट्रिय समुदायबाट ४ अर्ब १० करोड ९५ लाख अमेरिकी डलर सहायता उपलब्ध गराउने घोषणा भएकोमा ३ अर्ब ६२ करोड ९० लाख अमेरिकी डलर अर्थात ८८ प्रतिशत उपलब्ध गराउने प्रतिवद्धता प्राप्त भएको थियो । प्रतिवद्धता अनुसारको रकम प्राप्ति नभई ३ वर्षको अवधिमा सोको रकमको २३ प्रतिशत मात्र प्राप्त भएको छ ।

२१.३ जनताको तटबन्ध कार्यालय, महेन्द्रनगरले २०७३/७४ मा महाकाली, मोहना, खुटिया र दोधा नदी नियन्त्रण कार्यको लागि रु.२४ करोड बजेट स्वीकृत गरेकोमा गत वर्षको दायित्व भुक्तानी रु.६ करोड ३४ लाख कट्टा गरी रु.१७ करोड ६६ लाख उपलब्ध हुनेमा स्रोत सुनिश्चितता नगरी रु.७८ करोड ८ लाखको खरिद कारबाहीगरी ११ कार्यको लागि बोलपत्र स्वीकृत गरेको पाइयो । त्यस्तै जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय, कास्कीले सोही वर्ष रु.१० करोड ४४ लाखको शुरु अख्तियारी पाए तापनि रु.२० करोड ३० लाख खर्च गरेको छ । त्यस्तै, रूपाताल संरक्षण एकीकृत विकास परियोजनाले रूपाताल संरक्षणको लागि कार्यक्रम र अख्तियारी प्राप्त नहुँदै रु.२ करोड १ लाख खर्च गरेको छ । संशोधित कार्यक्रम र थप बजेट अख्तियारी प्राप्त नभएको अवस्थामा खरिद कार्य गर्दा वित्तीय अनुशासनको पानला भएको देखिंदैन । यसरी कार्य गर्दा आयोजनामा बजेट अभाव भई निर्माण कार्य अधुरो हुन सक्ने अवस्था रहन्छ ।

२१.४ हुलाकी राजमार्ग निर्माणको लागि साविकमा भारत सरकारसँग सम्झौता भएकोमा विभिन्न समस्या देखाउँदै १० वर्षसम्म पनि निर्माण अपेक्षित रूपमा अगाडि नबढेको कारण हाल उक्त सडक निर्माणको कार्य नेपाल सरकारले गरिरहेको छ । सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा नामाकरण गरिए तापनि स्रोतको लागि चीनको एक्जिम बैंकसँग प्रस्ताव गरिएकोमा सम्झौता भैसकेको छैन । पश्चिम सेती जलविद्युत आयोजनाको लगानी तथा स्रोतको सुनिश्चितता लगायतका कार्यको टुंगो लाग्नसकेको छैन ।

२१.५ दातृपक्ष वा निकायको विशेष शर्त वा प्रावधानका कारण आयोजनाबाट हुने निर्माणमा समस्या देखिएको छ । सडक विभाग अन्तर्गत एक्जिम बैंक अफ इण्डिया अन्तर्गतका विभिन्न निर्माण कार्यका शर्तका कारण निर्माण कठिनाई भएको विभागले जनाएको छ । उक्त बैंकसँग भएको सम्झौतामा आयोजनामा प्रयोग हुने निर्माण सामग्रीमध्ये ५० प्रतिशतभन्दा धेरै भारतबाट नै ल्याउनुपर्ने प्रावधान राखिएको छ । उक्त शर्त पुरा नहुँदा समयमा नै रकम प्राप्त नहुने तथा अन्य निर्माण व्यवसायीलाई भुक्तानी दिन समस्या रहेको छ । त्यसैगरी विश्व बैंक तर्फको रकम समयमा फुकुवा नहुने जस्ता समस्या रहेको सडक विभागले उल्लेख छ । सडक विभाग, जलस्रोत तथा सिँचाइ विभागले विश्व बैंक तथा एसियाली विकास बैंकको सहयोगमा सञ्चालित आयोजनाको खरिदका कतिपय शर्तहरू सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको स्टाण्डर्ड विडिङ्ग डकुमेन्टसँग नमिल्ने हुँदा खरिद व्यवस्थापनमा समस्या रहेको जनाएका छन् ।

स्रोत र बजेटको सुनिश्चितता नभई निर्माण सम्झौता गर्दा निर्माण कार्यको भुक्तानी हुन नसकि बीचैमा काम रोकिने, बजेट छर्ने प्रवृत्तिले धेरै बजेट आवश्यक पर्ने आयोजनालाई समेत वार्षिक रूपमा न्यून बजेट विनियोजन गर्दा सम्पन्न हुने अवधि थपिदै जाने, विकास साझेदारबाट प्रतिवद्धताअनुरूप सहयोग लिन असमर्थ हुने तथा साझेदारका भिन्न भिन्न शर्तका कारण खरिद व्यवस्थापनमा समस्या हुनेगरेको देखिन्छ ।

सुझाउ - आयोजना शुरु र सम्पन्न गर्ने अवधिको वस्तुनिष्ठ रूपमा निर्धारण पश्चात वार्षिक रूपमा आवश्यक पर्ने बजेट विनियोजन हुनुपर्दछ । बजेटको सुनिश्चितता बेगर खरिद कार्य गर्नेलाई कारबाही गर्नुपर्दछ । त्यसैगरी विकास साझेदारसँग सहयोग सम्झौता गर्दा आफ्नो हित अनुकुल हुने गरी सम्झौता गर्नुपर्दछ ।

२२. **खरिद विधि तथा मोडालिटी -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २२ ले निर्माण कार्यको खरिदको १० प्रकारका खरिद सम्झौता गर्न सक्नेउल्लेख गरेको छ । सोही ऐनमा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न हुँदैन भन्ने समेत उल्लेख छ ।खरिद विधि र मोडालिटीका सम्बन्धमा देखिएका व्यहोरा देहायानुसार छन्:

२२.१ विभिन्न मन्त्रालय अन्तर्गत सञ्चालित वार्षिक योजनाको अध्ययन गर्दा साना-साना टुक्रे आयोजनाको संख्या उच्च रहेको छ । आयोजनाको लागि आवश्यक पर्ने पूर्वतयारी वेगर केन्द्रबाट सा-साना योजना छनौट गरी कार्यान्वयन गर्दा स्रोतको समुचित उपयोग नभएको, पर्याप्त रूपमा अनुगमन मूल्याङ्कन गर्न नसक्दा योजनाको गुणस्तर पक्ष कमजोर रहेको, वर्षैपिच्छे एकै स्थानमा सोही प्रकृतिका टुक्रे आयोजना तयार गर्ने र सोही आयोजनामा वर्षेनी मर्मतसंभार गर्दा योजनाबाट आशातित लाभ लिन नसकेको अवस्था छ । उपलब्ध मानवीय तथा अन्य स्रोत त्यस्ता आयोजनामा परिचालित हुँदा राष्ट्रिय गौरवका, दीर्घकालीन महत्वका तथा ठूला आयोजना सञ्चालन फितलो हुनपुगेको छ ।

२२.२ डिजाइन तयार गर्ने, आयोजना कार्यान्वयन गर्ने र निर्माण गर्ने पक्ष फरक फरक रहँदा आयोजनाको कार्यान्वयन चरणमा समस्या देखिएको हो । एक पक्षले अर्को पक्षको त्रुटि देखाउँदै जिम्मेवारी पन्छाउने प्रवृत्ति छ । जसका लागि निर्माण कार्यसँग सम्बन्धित खरिदका मोडालिटीहरूमा समेत अध्ययन गर्नुपर्ने देखिन्छ । यसर्थ विश्वव्यापी रूपमा प्रभावकारी देखिएका मोडालिटीहरूको अनुशरण गर्नसकिन्छ । जस्तै: निर्माण व्यवसायीलाई जिम्मेवार बनाई समयमा कार्य सम्पन्न गर्न इपीसीएफ (Engineering, Procurement, Construction and Financing) विधि विश्वव्यापीरूपमा उत्तम मानिएको छ । जसमा आयोजनाको डिजाइनदेखि हस्तान्तरणसम्म निर्माण व्यवसायी जिम्मेवार रहनेगर्दछ । विश्वका मसल अभ्यासको अनुशरण भएको देखिँदैन ।

२२.३ त्यस्तै पूर्वाधार संरचना तथा सेवा क्षेत्रमा निजी क्षेत्र समेतको लगानीको माध्यमबाट मुलुकको आर्थिक समृद्धिमा योगदान पुऱ्याउन, सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने परियोजनाहरूलाई व्यवस्थित गर्न तथा लगानीसम्बन्धी कानुनी व्यवस्थालाई एकीकरण र संशोधन गर्न सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ कार्यान्वयनमा रहेको छ। उक्त ऐनले सार्वजनिक निजी साझेदारीका ८ तरिका- लगानी तथा हस्तान्तरण, निर्माण सञ्चालन तथा हस्तान्तरण, निर्माण, स्वामित्वकरण सञ्चालन तथा हस्तान्तरण, निर्माण हस्तान्तरण तथा सञ्चालन, लिज सञ्चालन हस्तान्तरण, लिज निर्माण सञ्चालन तथा हस्तान्तरण, विकास सञ्चालन तथा हस्तान्तरण, व्यवस्थापन सञ्चालन तथा हस्तान्तरण, र पुनर्स्थापना सञ्चालन तथा हस्तान्तरण उल्लेख गरेको छ । विगतका आवधिक योजनाहरूमा जस्तै पन्ध्रौं योजनामा समेत निजी क्षेत्र एक्लैले लगानी गर्न नसक्ने अवस्थामा सार्वजनिक तथा निजी क्षेत्रको सहकार्य, साझेदारी र सहभागिताका आधारमा लगानी जुटाई थप स्रोत व्यवस्थापन गर्ने उल्लेख छ । यद्यपिसो अनुरूप आयोजनाहरू सञ्चालन गर्न नसक्नु मुख्य कमजोरी रहेको छ । ठूला आयोजनाहरूमा सार्वजनिक निजी साझेदारीमा कार्य गर्नसकिएको छैन ।

२२.४ वर्षादको पानी भण्डारण गरी १ हजार २०० मेगावाट विद्युत उत्पादन गरी देशको आर्थिक तथा सामाजिक विकासमा सकारात्मक योगदान पुऱ्याउने उद्देश्यले २०६९/७० मा स्थापना भएको बुढीगण्डकी जलविद्युत आयोजनाको काम २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा मुआब्जा वितरण बाहेक अन्य काम भएको छैन । कम्पनी मोडेलमार्फत यो आयोजना विकास तथा निर्माण गर्न नेपाल सरकार (मन्त्रिपरिषद) ले २०७४/१/७ मा निर्णय गरेको थियो । पुन: २०७४/२/२१ मा चीनको एक कम्पनीसँग इन्जिनियरिङ, प्रोक्योरमेन्ट, कन्स्ट्रक्सन एण्ड फाइनान्सिङ मोडेलमा आयोजना निर्माण गर्न गरेको समझदारीपत्र नेपाल सरकारको २०७४/८/८ को निर्णयले खारेज गरेकोमा सोही कम्पनीले सोही मोडेलमा आयोजना विकास गर्न २०७५/३/३१ मा पुन: इच्छा व्यक्त गरेअनुरूप नेपाल सरकारबाट २०७५/६/५ मा विद्युत ऐन, २०४९ को दफा ३५ बमोजिम उक्त मोडेलमा आयोजना विकास तथा निर्माण गर्ने निर्णय गरेको देखिन्छ । कुन मोडलमा निर्माण गर्ने भन्ने समयमा यकिन गर्न नसक्दा आयोजना निर्माणमा ढिलाई हुनगएको छ ।

२२.५ काठमाडौं तराई मधेश फास्ट ट्रयाक निर्माणको लागि २०७१/७२ को बजेट वक्तव्यमा आयोजनाको निर्माण कार्य सार्वजनिक निजी साझेदारी अन्तर्गत निर्माण गर्न पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ अन्तर्गत सन् २०१४ मा प्रस्ताव आह्वान गर्दा तीन कम्पनी छनौट भई दुई कम्पनीले प्रस्ताव पेस गरेकोमा एक भारतीय कम्पनीको प्रस्ताव स्वीकृत भई ठेक्का प्रदान गर्ने आशयको सूचना जारी गरे तापनि प्रस्ताव स्वीकृत नभएको र २०७३/७४ को बजेट वक्तव्यमार्फत निर्माण कार्य नेपाल सरकारले गर्ने र साविकमा छनौट भएको कम्पनीसँग भएका सबै प्रक्रिया रद्दगरी मन्त्रिपरिषद्को २०७४/१/२१ को निर्णयबाट ४ वर्षमा सम्पन्न गर्न नेपाली सेनालाई हस्तान्तरण भएकोमा हाल निर्माणाधीन अवस्थामा रहेको छ । निर्माण मोडालिटीको अन्यौलतामा आयोजनाका ४ वर्ष व्यतित भएको देखिन्छ ।

२२.६ काठमाडौं-कुलेखानी-हेटौंडा सुरुङमार्ग परियोजना निर्माणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम रु.३४ अर्ब ८८ करोड लागतमा परियोजना निर्माण गरी ३० वर्षसम्म सञ्चालन गर्न एक कम्पनीसँग २०७०/१/३१ मा सम्झौता गरेको थियो । कम्पनीले मार्ग निर्माण गर्न सेयर बापत सर्वसाधारणबाट सङ्कलन गरेको रकमको उपयोग भएको छैन ।

२२.७ रामपुरटार सहरी खानेपानी तथा सरसफाई आयोजनाको विस्तृत आयोजना प्रतिवेदनमा उपभोक्ताबाट लागत अनुमानको ५ प्रतिशत नगद सङ्कलन गर्ने गरी मोडालिटी तयार गरिएकोमा उक्त रकम सङ्कलन गर्न

नसकिएको कारण आयोजनाको कार्य अगाडि बढ्नसकेको छैन । निर्माणको मोडालिटी आयोजना निर्माण हुने स्थान तथा लाभग्राहीको अपेक्षा सुहाउँदो नहुँदा समस्या देखिएको छ ।

सुझाउ – उपयुक्त खरिद विधि अपनाई सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । विश्वव्यापीरूपमा उत्तम मानिएका खरिद विधि अपनाउने सम्बन्धमा अध्ययन गर्नुपर्दछ । साथै लगानीमैत्री वातावरण र लगानीको सुरक्षाको प्रत्याभूति गरी सार्वजनिक निजी साझेदारीमार्फत समेत आयोजना सञ्चालन गर्नुपर्दछ ।

२३. **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि अपनाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन आदेश जारी गर्दा तोकिएको पदाधिकारीले निर्माण कार्यको ड्रइङ डिजाइन तथा स्पेसिफिकेसन आदि बदल्नुपर्ने वा नपर्ने र बदल्नुपर्ने भएमा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा, भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण, लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत र स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको कुरा खुलाई प्रमाणित गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२३.१ आयोजनाको सर्भेक्षण तथा डिजाइन तयार गर्दा कै बखत राख्नुपर्ने तथा खरिद सम्झौता गर्दाको बखत नै पूर्वानुमान गर्नसकिने कार्यमा समेत बिल अफ क्वाण्टिटीमा नराखी खरिद सम्झौता गर्ने र कार्यान्वयनका क्रममा छुट भएको उल्लेख गरी परिमाण थप गर्ने वा नयाँ काम र परिमाण थप गर्ने प्रवृति देखिन्छ । ठूला आयोजनामा भएका १० प्रतिशतभन्दा माथिका भेरिएसनका केही उदाहरणहरू यस प्रकार छन्

आयोजना	निर्माण कार्य	ठेक्का नं.	खरिद अंक (रु.हजारमा)	भेरिएसन प्रतिशत
यासोक खानेपानी आयोजना, पाँचथर	खानेपानी आयोजना	०७२/७३-०१	१७३०६५	१२.८२
लखनपुर खानेपानी आयोजना, झापा	खानेपानी आयोजना	०७३/७४-०१	१४००४१	११.४६
पुष्पलाल राजमार्ग आयोजना निर्देशनालय पाँचथर (पूर्वीखण्ड)	कोयाखोला पुल निर्माण	३३१७८४/०७१-७२/१०५	५०३२९.९२	१२.७५
	सडक स्तरोन्नति तथा कालोपत्रे	३३१७८४/०७१-७२/१०७	३३४३९.४४	१२.९६
		३३१७८४/०७१-७२/१०८	३९१८०९.३४	१२.८१
	सडक निर्माण	३३१७८४/०७१-७२/२०१	२३५३०८	१४.२१
		३३१७८४/०७१-७२/२०६	२२२६७०.२५	११.८
	सडक निर्माण	३३१७८४/०७२-७३/२०१	३३५५४९.६८	१३.९४
		३३१७८४/०७२-७३/२०२	३४६२०९.५९	१०.३५
पुष्पलाल राजमार्ग आयोजना निर्देशनालय गोरखा	सडक निर्माण	३३७१३८४/२०७२-०७३/००८	३९५३९२	१०.२
	सडक निर्माण	३३७१३८४/२०७२-०७३/००३	१८७१७८	१४.६२
	सडक निर्माण	०१/०७०/७१/०३०	३१८१०३.५४	११.८३
पुष्पलाल राजमार्ग (दैलेख विनायक ठाँटीखाँद मंगलसेन खण्ड)	सडक निर्माण	३३७१८४-०७२/०७३-००१	३७७६९७	१३.२६
पुष्पलाल राजमार्ग (खुर्कोट घुर्मी सडक)	सडक निर्माण	३३७१८४-०७२/०७३-००३	१५३८६९	११.४२
पुष्पलाल राजमार्ग (भोजपुर दिक्तेल सडक)	सडक निर्माण	३३७१८४-०७२/०७३-२०२	३२०७४१.७४	१२.७८

	सडक निर्माण	३३७१८४-०७१/०७२-२०७	२२१३९७.६६	१३.२६
मेट्रोरेल तथा मोनोरेल विकास आयोजना	पूल निर्माण	०५/०७०/७१	५२२६८०.९१	१४.७५
	पूल निर्माण	०६/०७०/७१	५५१०१४.२१	१२.६
	पूल निर्माण	०७/०७०/७१	५६७९९२.१७	१४.९४
काठमाडौं तराई मधेश द्रुत मार्ग सडक आयोजना	माटो खन्ने, इम्वेङ्कमेन्ट तथा क्रस नाली निर्माण	२०७४/०७५/१	३६०८४३.२६	१३.३८
		२०७४/०७५/७	३००१२०.३४	१३.४०
		२०७४/०७५/१२	९३०४४८.७७	११.७१
		२०७४/०७५/१५	१७४१४४.९२	१४.७९
		२०७४/०७५/२३	३७७१२८.५५	१४.३४
रानी जमरा कुलरिया सिँचाइ आयोजना	नहर निर्माण	०३/०७०/०७१	१७३३४४१	१०.४८

उल्लिखित निर्माण कार्यमा साविकमा रहेको परिमाणमा थप गरी भेरिएसन भएको पाइयो । जुन खरिद सम्झौताका बखत नै पूर्वानुमान गर्नसकिने प्रकृतिका देखिन्छन् । जसले गर्दा अधिकांश भेरिएसनहरूमा प्राविधिक पुष्ट्याई हुने अवस्था देखिँदैन । त्यसैगरी बिल अफ क्वाण्टिटीमा बढी दररेट भएको आइटम परिमाण थप गरी घटी दररेट गरेका आइटमहरूको परिमाण कम वा हटाई भेरिएसन गर्ने प्रवृत्ति पनि देखिन्छ । भेरिएसन बेगर निर्माण कार्य सम्पन्न नहुने भए तापनि नेपालमा सञ्चालित आयोजनाहरूमा खरिद सम्झौता रकममा बढोत्तरी मात्र हुने गरी उल्लेख्य प्रतिशतमा नै भेरिएसन हुने गरेको छ ।

२३.२ नारायणगढ-मुग्लिङ सडक आयोजनाका ३ खरिद सम्झौताको शुरु सम्झौता रु.२ अर्ब ८८ करोड ७० लाख रहेकोमा दुई खरिद सम्झौतामा २/२ पटक र एक खरिद सम्झौतामा एक पटक भेरिएसन गरी सम्झौता रु.३ अर्ब २० करोड २२ लाख कायम गरेको छ । भेरिएसनबाट थप भएको रु.३१ करोड ५२ लाखमध्ये कंक्रिट, प्लम कंक्रिट, ग्याबियन वाल लगायत ६ भएको रु.२३ करोड ८४ लाखको भेरिएसन पूर्वानुमान गर्न सकिने प्रकृतिकै देखिएकोले परामर्शदाताले तयार गरेको विस्तृत सर्वेक्षण, डिजाइन र लागत अनुमान यथार्थपरक रहेको देखिएन ।

२३.३ व्यापारिक मार्ग विस्तार आयोजना, सुनसरीले ५ निर्माण कार्यका लागि रु.१ अर्ब ५७ करोड ६७ लाखको खरिद सम्झौता गरेकोमा भेरिएसन आदेशबाट ११.४० प्रतिशतले वृद्धि गरी सम्झौता रु.१ अर्ब७७ करोड ९८ लाख पुगेको छ । पूर्वानुमान गर्नसकिने खालका मेशनरी वाल, ब्रिक वाल, आर.सि.सि. कंक्रिट र फलामे डण्डीको कार्यमा परिमाण थप गरेको छ । ड्रइङ्ग, डिजाइन परिवर्तन नभएकोमा समेत धेरै परिमाण थपघट हुने गरी भेरिएसन आदेश जारी गरे तापनि निर्माणको सर्वेक्षण, लागत अनुमान तयार, र स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइएको छैन ।

२३.४ सिक्टा सिँचाइ आयोजनाको हेडवर्क्समा गेट, हाइड्रो मेकानिकल लगायतका कार्य गर्न रु.९६ करोड ६१ लाखमा सम्झौता गरेको छ । डिजाइन एण्ड बिल्ट खरिद विधि अपनाइएको यस कार्यमा २०७२/७३ रु.१४ करोड ३१ लाखको भेरिएसन स्वीकृत भएको पाइयो । डिजाइन एण्ड बिल्ट अवधारणा अर्न्तगत निर्माण व्यवसायीबाट ड्रइङ्ग गराई सोको स्वीकृति पश्चात निर्माण कार्य हुने हुँदा निर्माण गर्दाका जोखिम निर्माण व्यवसायीले व्यहोर्नुपर्नेमा भेरिएसन गरी लागत थप गरेको देखिन्छ ।

२३.५ संखुवासभा खाँदवारी बजारमा खानेपानी आपूर्ति गर्न स्थानीय उपभोक्ता समिति, दोस्रो साना सहरी खानेपानी आयोजना व्यवस्थापन कार्यालय र एक निर्माण व्यवसायीबीच २०७१/१०/१७ सम्ममा कार्य सम्पन्न गर्ने गरी रु.३४ करोड ८४ लाखको खरिद सम्झौता भएको देखिन्छ । एलाइन्मेन्ट परिवर्तन र प्राविधिक त्रुटिका कारण शुरुको डिजाइनअनुसार पाइपको लम्बाई तथा प्रेसर रेटिङ्ग नमिलेको, पहुँच मार्ग निर्माण र फिटिङ्गको सामान छुट भएको देखाई १४.९७ प्रतिशतले वृद्धि हुने गरी २०७३/७४ मा तेस्रो पटक भेरिएसन स्वीकृत भई सम्झौता रकम रु.४० करोड ५ लाख कायम भएको छ । पटक पटक भेरिएसन जारी गर्नुपर्ने कारणहरूमा पूर्वानुमान गर्न सकिने केही पाइप तथाफिटिङ्गहरू लागत अनुमान तथा डिजाइनमा समावेश नगरेको, सर्वेक्षण डिजाइन एवं लागत अनुमान तयार गर्ने परामर्शदाताको कमी कमजोरी रहेको, परामर्शदाताबाट प्राप्त लागत अनुमान, डिजाइन र ड्रइङ्ग यथार्थ भए नभएको पर्याप्त जाँच नगरी स्वीकृति गरेको आदि कारण रहेको देखिन्छ । गलत डिजाइन गर्ने र स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाएको देखिँदैन ।

२३.६ धरान उप-महानगरपालिकाबाट खानेपानी व्यवस्थाको लागि रु.१ अर्ब ३३ करोड १० लाखको लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग रु.१ अर्ब ३१ करोड ६२ लाखमा सम्झौता भएकोमा पाईप लाइन, एभिआर खरिद, अस्फाल्ट कालोपत्रे, पावर केबुल लगायतका कार्यमा परिमाण वृद्धिको कारण जनाई दुई पटक भेरिएसन आदेश जारी गरी कायम लागत अनुमान रु.१ अर्ब ६६ करोड २ लाख र सम्झौता रकम रु.१ अर्ब ५७ करोड ११ लाख कायम हुन गएकोले शुरु सम्झौता मूल्यमा १९ प्रतिशत भेरिएसन भएको छ । खरिद सम्झौताकै बखत पूर्वानुमान योग्य कार्यमा भेरिएसन भएको देखिन्छ ।

२३.७ बिराटनगर महानगरपालिकाले पूर्वाधार निर्माणसम्बन्धी कार्यको कुल लागत अनुमान रु.२ अर्ब ९७ करोड ६९ लाख एक संयुक्त उपक्रमसँग रु.२ अर्ब ३९ करोड १३ लाखमा सम्झौता गरेकोमा पुराना खानेपानी लाइनको रिलोकेशन, विद्युत पोलहरूको पुनःस्थापना, ढल निर्माणमा इँटाको बदला आरसीसी ढल निर्माण जस्ता कारण देखाई चार पटक भेरिएसन आदेश जारी गरी सम्झौता मूल्य रु.२ अर्ब ९५ करोड ६२ लाख ९० हजार (२३.६३ प्रतिशतले बढी) कायम भएको छ । पूर्वानुमान गर्न सकिने कार्यमा भेरिएसन गर्नुपर्ने अवस्थामा ड्रइङ डिजाइन तयार गर्ने सम्बन्धित परामर्शदातालाई जिम्मेवार बनाएको देखिँदैन ।

सुझाउ - आयोजनाहरूको ड्रइङ डिजाइन तथा लागत अनुमान तयार गर्दा पर्याप्त गृहकार्य गरी सबै पक्षको संलग्नतामा तयार गर्नुपर्दछ । परामर्शदाताबाट तयार गरिएका कागजातहरू विभाग र मन्त्रालयले पर्याप्त मात्रामा अध्ययन गरेपश्चात मात्र स्वीकृत गर्नुपर्दछ । खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा मात्र भेरिएसन आदेश जारी गर्नुपर्दछ । भेरिएसन जारी गर्दा सोको औचित्य पुष्टि गर्नुपर्दछ ।

२४. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम १(घ) अनुसार काम गर्न लाग्ने समय लागत अनुमानमा र विक्री गरिने बोलपत्र फाराममा समेत स्पष्ट गरी बोलपत्र वा सिलवन्दी दरभाउपत्र स्वीकृति गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ । यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताबमोजिमको काम सम्झौता अवधिभित्र पुरागर्न नसकेमा निर्माण व्यवसायीले कारण खुलाई म्याद सकिनु कम्तीमा ७ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा म्याद थपको लागी निवेदन दिनुपर्ने, निवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले निर्माण व्यवसायीले काम समयमै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको थियो वा थिएन, सम्बन्धित सार्वजनिक निकायले निमार्ण व्यवसायीलाई खरिद सम्झौताबमोजिम उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराएको थियो वा थिएन र काबुबाहिरको परस्थितिका कारणबाट काममा ढिलाई भएको हो वा होईन जाँचबुझ गरी जाँचबुझ गर्दा निवेदनमा उल्लेखित कारणहरू मनासिब देखिएमा ६ महिनाको अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सोभन्दा बढी अवधि विभागीय प्रमुखले थप गर्नसक्ने उल्लेख छ । म्याद थप सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२४.१ म्याद थप नभएका आयोजनाहरू बिरलै रहेका छन् । यसको प्रमुख कारणमा आयोजना वा कार्यको समयावधि निर्धारण विधिसंगतरूपमा नगर्नु पनि हो । आयोजनाको समय निर्धारण गर्नका लागि विभिन्न विधिहरूको प्रयोग गर्न सकिन्छ । उदाहरणको रूपमा वर्क ब्रेकडाउन स्ट्रक्चर विधि (Work Breakdown Structure) लाई लिन सकिन्छ । यसमा आयोजनाका कार्यलाई स-साना सेगमेन्ट र सब-सेगमन्टमा विभाजन गरी उक्त कार्यहरूका लागि आवश्यक पर्ने समयावधि निर्धारण गरी सोको आधारमा समग्रमा आयोजनाको समयावधि निर्धारण गरिन्छ । तर नेपालमा विधिको प्रयोग नगरी तजविजीरूपमा समयावधि निर्धारण गर्दा समेत निर्माण कार्यको म्याद थप हुने गरेको छ ।

२४.२ सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको स्टाण्डर्ड विडिङ डकुमेन्टका शर्तहरूमा निर्माण व्यवसायीसँग निर्माण कार्यतालिका (Work Shedule) सम्झौता गर्दा तथा तत्पश्चात प्रत्येक ६० दिनमा लिनुपर्ने उल्लेख छ । कार्यतालिकामा निर्माण व्यवसायीले निर्माणमा भएको प्रगति र देखापरेका समस्या समेत उल्लेख गर्नुपर्दछ । तोकिएको समयमा कार्यतालिका पेश नगरेमा निर्माण व्यवसायीलाई भुक्तानी हुने बिलबाट रकम रोक्का गरी राख्ने व्यवस्था समेत गरिएको छ । त्यसैगरी निर्माण व्यवसायीले निर्माण कार्यको डेलि डायरी राख्नुपर्ने र उक्त अभिलेख आयोजना वा निर्माण कार्यको प्राविधिक कर्मचारीबाट प्रमाणित गरिराख्नुपर्ने उल्लेख छ । तर आयोजनाहरूले निर्माण व्यवसायीसँग सम्झौता गर्दा लिएको कार्यतालिका अभिलेख प्रयोजनमा मात्र सीमित भएको तथा त्यस्तो कार्यतालिका निर्माण कार्यको म्याद थप गर्नुपर्दा पुनः औपचारिकताको लागि लिने गरेको देखिन्छ ।त्यसैगरी डेली डायरी राखेको पाइदैन । अर्कोतर्फ आयोजना चक्रका कार्यलाई व्यवस्थित र प्रणालीवद्ध गर्न तथा समयमा नै सम्पन्न गर्नको लागि विश्वव्यापी रूपमा

क्रिटिकल पाथ मेथड (CPM), क्रिटिकल चेन मेथड (CCM), प्रोग्राम म्यानेजम्याण्ट एण्ड रिभ्यू टेक्निक (PERT) आदि विधिको प्रयोग गरिन्छ । तर नेपालका आयोजनाहरूले उल्लिखित विधिको प्रयोग गरेको पाइदैन । जसले गर्दा समय व्यवस्थापन कमजोर हुन पुगेको छ । उदाहरणको रूपमा २०७५/७६ सहरी विकास, ऊर्जा जलस्रोत तथा सिँचाइ, खानेपानी लगायतका ४ मन्त्रालय अन्तर्गतका निकायका म्याद थप भएका ७६७ ठेक्काको विश्लेषण गर्दा ३०५ ठेक्कामा शुरु सम्झौताको ५० प्रतिशतसम्म, २७५ ठेक्कामा शुरु सम्झौताको ५१ देखि १०० प्रतिशतसम्म र १८७ ठेक्कामा शुरुसम्झौताको शतप्रतिशतभन्दा बढी म्याद थप गरेको पाइयो ।

२४.३ म्याद थपको विषय ज्वलन्त रूपमा रहेको तथ्य सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौ, सातौँ, आठौँ र नवौँ संशोधनलाई लिन सकिन्छ । संशोधन, व्यवस्था र सोको प्रभाव निम्नानुसार रहेको छ :

संशोधन	मिति	म्याद थपका सम्बन्धमा गरिएको व्यवस्था (संक्षिप्तमा)	प्रभाव
छैठौ	२०७६/१/३०	ठेक्का अवधिको ५० प्रतिशत भन्दा बढी समय थप गर्न नमिल्ने	निर्माण व्यवसायीको कारण निर्माण ढिलाई भई रहेतापनि पूर्व निर्धारित क्षतिपूर्ति नलिई निरन्तर रूपमा पटक पटक म्याद थप गरिरहने प्रवृत्तिलाई मध्यनजर गरी सोको निराकरणको लागि यस व्यवस्था गरिएको थियो । जसको कार्यान्वयनबाट करिब १८०० खरिद सम्झौताहरूको सम्झौता भंग हुने अवस्था रहेको थियो ।
सातौ	२०७६/२/२३	सम्झौताको ५० प्रतिशत म्याद थप सकिएको सम्झौतामा बढीमा एक वर्षका लागि म्याद थप गर्न सक्ने	निर्माण व्यवसायीको लविङको कारण छैठौ संशोधन भएको २३ औं दिनमा पुनः अर्को संशोधन गरिएको थियो । जसले गर्दा सम्झौता समाप्त हुने अवस्थामा रहेका निर्माण कार्यहरूले पुनर्जीवन प्राप्त गरेको देखिन्छ ।
आठौ	२०७६/४/१६	२०७६ जेठ २३ अघि सम्झौता भएका तर काम नसकिएका ठेक्काको म्याद एकवर्ष थप गर्न सक्ने	म्याद थप गर्न सहज भएको
नवौ	२०७६/९/१४	२०७६ जेठ २३ अघि सम्झौता भएका तर काम नसकिएका ठेक्काको म्याद एकवर्ष थप गर्न सक्ने । त्यस्तो म्याद थप नियम लागू भएको ६० दिन भित्र गर्नुपर्ने र थपिएको अवधिमा समेत कार्य सम्पन्न नगरेमा निर्माण व्यवसायीको धरौटी र कार्यसम्पादन जमानत जफत गर्न सक्ने तथा कालो सूचीमा राख्न सक्ने	यसै संशोधनको उपयोग गर्दै विभिन्न निकायहरूबाट उक्त नियम लागू भएको ६० दिनभित्र करिब १८०० ठेक्काको म्याद थप गरिएको छ ।

सार्वजनिक खरिद नियमावलीका ४ संशोधन हेर्दा छैठौँ संशोधन भएको १ महिना नपुग्दै सातौँ संशोधन, सातौँ संशोधन भएको करिब २ महिना पश्चात आठौँ र आठौँ संशोधन भएको ५ महिनापछि नवौँ संशोधन भएको देखिन्छ ।विशेष परिस्थिति बाहेकको अवस्थामा पनि निर्माण व्यवसायीले निर्माण समयमा सम्पन्न नगर्ने, उचित र पर्याप्त कारण बेगर पनि म्याद थप गर्ने, सम्बन्धित कार्यालयले खरिद सम्झौताका शर्त अनुसार कारबाही नगरी म्याद थप नै गर्न खोज्ने प्रवृत्ति देखिन्छ । एकै विषयमा केन्द्रीत रही छोटो अवधिमा पटक पटक नियमावली संशोधन गर्नु उचित देखिँदैन ।

२४.४ ठेक्काको म्याद थप गर्दा थपहुने व्ययभार र सेवाग्राहीले समयमा सेवा सुविधा नपाएको सम्बन्धमा पर्याप्त

विश्लेषण गर्ने गरेको पाइएन ।लेखापरीक्षणको क्रममा प्रश्नावली मार्फत निकायहरूसँग म्याद थपका कारणहरू माग गरिएकोमा प्राप्त जवाफ निम्नानुसार छ :

सडक विभाग	जलस्रोत तथा सिँचाइ विभाग	खानेपानी तथा सरसफाई मन्त्रालय
• सालवसाली बजेट उपशीर्षकको कारण आवश्यक न्यूनतम म्याद दिन नसकेको • ठुला आयोजनाहरूमा पूर्वतयारी बिना नै ठेक्का लगाउने प्रचलन रहेको	• जग्गा प्राप्तिमा समस्या, • वनको स्वीकृति लिन समय लाग्ने, • साना साना आयोजनामा बजेटको कमी, • आयोजना प्रमुख लगायत व्यवस्थापनमा कार्यरत कर्मचारीको निरन्तर सरुवा, • एकै निर्माण व्यवसायीले धेरै ठेक्का लिने गरेको	• ठेक्काको समयावधि अनुमानको भरमा निर्धारण गर्नु, • प्राविधिक र सामाजिक जटिलताहरूको सही मूल्याङ्कन नगर्नु, • निर्माण व्यवसायीले क्षमता भन्दा बढीको ठेक्का जिम्मा लिनु, • न्यूनतम लागत विधिबाट निर्माण व्यवसायी छनौट गर्दा काम गर्न नसक्ने अवस्था आउनु

विभागहरूले उल्लिखित कारणहरू उल्लेख गरे तापनि म्याद थपको निर्णयहरू अध्ययन गर्दा चाडवाड, चिसो मौसम, बन्द हडताल अत्याधिक वर्षा, निर्माण व्यवसायीलाई निर्माण स्थल उपलब्ध गराउन नसकिएको, निर्माण सामग्रीको अभाव लगायतका एकै प्रकारका समस्याहरू उल्लेख गरेको देखिन्छ । आयोजनाहरूले एक निर्माण कार्यमा ८ पटकसम्म म्याद थप गरेको देखिन्छ । तोकिएको माइलस्टोन (Milestone) पुरा नगर्ने, निर्माण कार्यमा आवश्यक पर्ने प्राविधिक तथा ज्यामी, इक्युप्मेन्ट तथा निर्माण सामग्रीको यथोचित व्यवस्थापन गर्न नसक्दा समेत निर्माण कार्य सम्पन्न नभएको अवस्थामा समेत पूर्वनिर्धारित क्षतिपूर्ति लिनुको सट्टा म्याद थप नै गरेको देखिन्छ ।

आयोजना स्वीकृति पूर्वका कार्यहरू सम्पन्न नगरी निर्माण कार्यका लागि खरिद सम्झौता गर्नु, आयोजनाको लागि आवश्यक समयावधि यथार्थ रूपमा निर्धारण नगरिनु, पर्याप्त र उचित कारण वेगर म्याद थपगर्नु, प्रत्येक पटकका लाागि एकै प्रकारका कारण देखाई म्याद थप गर्नु, समय र लागतलाई मापन गर्ने आधुनिक विधिहरूको प्रयोग नगरिनु, खरिद सम्झौताको पालना गराउनेतर्फ आयोजना गम्भीर नहुनु, समयमा काम नगर्ने निर्माण व्यवसायीलाई कारबाही नगरिनु जस्ता कारणहरूले आयोजनामा म्याद थप भईरहेको देखिन्छ । जसले समय र लागत थप हुनुका साथै समयमा सोको लाभ प्राप्त गर्नबाट बञ्चित हुनुपरेको छ ।

सुझाउ - आयोजनाको स्वीकृति पूर्वका कार्यहरू (सम्भाव्यता अध्ययन, जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन) सम्पन्न गरी निर्माणको खरिद सम्झौता गर्नुपर्दछ । उपयुक्त विधिको प्रयोग गरी आयोजनाको म्याद र समय व्यवस्थापन गर्नुपर्दछ । उचित र पर्याप्त कारण वेगर म्याद थप गर्नुहुँदैन । नियमित रूपमा प्रगति प्रतिवेदन लिने, डेली डायरी राख्न लगाउने, सीपिएम, पर्ट लगायतका विधिबाट सोको अनुगमन नियन्त्रण गर्ने कार्य गर्नुपर्दछ ।

२५. **समय र लागत वृद्धि -** आयोजना व्यवस्थापनको मुख्य उद्देश्य तोकिएको समय र लागतमा आयोजना सम्पन्न गर्नु हो । यद्यपि नेपालकाअधिकांश आयोजनाहरूमा समय र लागत वृद्धि भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२५.१ चमेलिया जलविद्युत आयोजना निर्माणका लागि २०६४ मा रु.८ अर्ब ५० करोडमा ४ वर्षमा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा शुरु सम्पन्न गर्नुपर्ने अवधिभन्दा ६ वर्षपछि २०७४ मा करिब रु.१६ अर्ब लागतमा आयोजना सम्पन्न भएको छ ।

२५.२ नारायणगढ मुग्लिङसडक आयोजनाको निर्माण कार्य २०७४ मंसिरमा सम्पन्न हुने गरी २०७१ चैत्रमा खरिद सम्झौता भएकोमा भेरिएसनपछि सम्झौता रु.३ अर्ब २० करोड २२ लाख कायम भएको छ ।

२५.३ निर्माणको लागि खरिद सम्झौता पश्चात अधिकांश निर्माण व्यवसायीले कार्य सूचारु गर्न नसकेको हुँदा श्रम, सामग्री र इक्वीपमेन्ट काम बेगर (Idle) निर्माण स्थलमा रहेको उल्लेख गरी क्षतिपूर्ति दाबी माग गरि सडक विभागमा २०७२/७३ देखि २०७५/७६ सम्म २५ निर्माण कार्यको लागि निर्माण व्यवसायीबाट रु.१ अर्ब ७४ करोड ७२ लाख क्षतिपूर्ति माग गरेकोमा रु.४६ करोड ६८ लाख भुक्तानी गरेको छ ।मेलम्ची

खानेपानी आयोजनामा हेडवर्क्स र टनेलको काम गर्ने एक निर्माण व्यवसायीलाई २०७४/७५ मा रु.१ अर्ब ५ करोड ६६ लाख भुक्तानी गरेको छ ।खरिद व्यवस्थापन प्रभावकारी नहुँदा क्षतिपूर्ति बापत रकम भुक्तानी हुँदा आयोजनाको लागतमा वृद्धि भएको छ ।

२५.४ राष्ट्रियगौरबका आयोजनाहरू कुनै पनि तोकिएको समयमा सम्पन्न नहुँदा सोको शुरुको लागत अनुमानमा आयोजना सम्पन्न नहुने अवस्था रहेको छ । उदाहरणको रूपमा केही आयोजनाहरूको अवस्था निम्नानुसार रहेको छ :

(रु.करोडमा)

आयोजना	शुरु र सम्पन्न साल	संशोधित सम्पन्न हुने साल	शुरु लागत अनुमान	संशोधित लागत अनुमान
मेलम्ची खानेपानी	२०५५/५६-२०६४/६५	२०७७/७८	२४००	३५५४
काठमाडौ तराई मधेश द्रूतमार्ग	२०७४/७५-२०७७/७८	२०८०/८१	१११००	२१३९५
पुष्पलाल लोकमार्ग	२०६४/६५-२०७४/७५	२०७९/८०	३३३६	८४३३
हुलाकी लोकमार्ग	२०६६/६७-२०७४/७५	२०७९/८०	४७२४	६५२०
सिक्टा सिँचाइ	२०६१/६२ -२०७१/७२	२०७६/७७	१२८०	२५०२
रानीजमरा कुलेरिया सिँचाइ	२०६६/६७-२०७४/७५	२०८०/८१	१२३७	२७७०
माथिल्लो तामाकोशी जलविद्युत	२०६७/६८-२०७२/७३	२०७६/७७	३५२९	४९२९
बबई सिँचाइ	२०४५/४६-२०७१/७२	२०७९/८०	२८७	१८९६

अधिकांश राष्ट्रिय गौरवका आयोजनाहरू समयमा सम्पन्न भएका छैनन भने ढिलाई भईरहँदा लागत उच्च रूपमा वृद्धि भई रहेको छ । जसले गर्दा आयोजना व्यवस्थापन प्रभावकारी भएको देखिँदैन ।

आयोजनाको म्याद थप सँगै लागत पनि थप भईरहेको देखिन्छ । सोका अतिरिक्त भेरिएसन, मूल्य समायोजन, दाबी भुक्तानी, लगायतका कारण लागतमा वृद्धि हुन गएको छ ।यसरी निर्माणमाभएको ढिलाईका कारण समयमा लाभ लिन नसकिएको अवस्था छ । कुनै कारणवश निर्माणमा ढिलाई हुन गएमा बाँकी कार्यलाई छिटो छरितो रूपमा सम्पन्न गर्न दुई विधिहरूको (१) ओभरल्यापिङ्ग (Overlapping) र (२) क्र्यासिङ्ग (Crashing) उपयोग गर्न सकिन्छ । ओभरल्यापिङ्गमा आयोजनाका समानान्तर रूपमा गर्न सकिने कार्यहरूलाई स्रोतको व्यवस्था गरी सँगसँगै गरिन्छ भने क्र्यासिङ्गमा भईरहेको जनशक्ति, पूँजी, इक्यूपमेण्ट, मेटेरियल आदि थप गरि ठूलो परिमाणमा तथा बढी समय काम गराईन्छ । नेपालका आयोजनाहरूले यी विधिको उपयोग गरेको पाइएन । जसले गर्दा निर्माणले गति नलिदा आयोजनाको अवधि निरन्तर थपिरहेको अवस्था छ ।

सुझाउ - समय र लागत वृद्धि हुन नदिने गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

२६. **गुणस्तर नियन्त्रण** - आयोजना व्यवस्थापनमा निर्माणको गुणस्तर व्यवस्थापन पनि एक महत्वपूर्ण विषय हो । निर्माण कार्यको टिकाउपना, दिगोपना र निर्मित संरचनाको दिगो उपयोगको लागि गुणस्तरमा ध्यान दिनुपर्दछ ।



आयोजनामा गुणस्तरको प्रत्यक्ष सम्बन्ध समय, लागत र क्षेत्रसँग रहेको हुन्छ । गुणस्तर कायम राख्नको लागि उक्त पक्षहरूमा तादाम्यता राख्नु पर्ने हुन्छ । गुणस्तर विनाको आयोजना अभिशाष हुन पुग्दछ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२६.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको नर्म्स् मन्त्रिपरिषदबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । रेल्वे विभागले रेल्वेसम्बन्धी निर्माण कार्यको लागि छुट्टै नर्म्स् तथा स्पेसिफिकेसन स्वीकृत नगरी हाल प्रचलनमा रहेको सडक निर्माणसम्बन्धी नर्म्स् लागु गरेको छ । यस्तो अवस्थामा सही लागत अनुमान भएको तथा स्पेसिफिकेसनअनुसार कार्य भएको सम्बन्धमा विश्वस्त हुने आधार रहेको छैन ।

२६.२ गुणस्तर व्यवस्थापनका लागि गुणस्तर योजना (Quality Plan), गुणस्तर नियन्त्रण (Quality Control) र गुणस्तर आश्वस्तता (Quality Assurance) जस्ता विधि र प्रक्रियाको उपयोग गर्नुपर्दछ । कामको गुणस्तर कायम गर्न निर्माणमा प्रयोग हुने सामग्रीहरूको गुणस्तर ल्याबमा चेकजाँच गरी पास भएपश्चात मात्र प्रयोग गर्नुपर्दछ । त्यसकोलागि निर्माण व्यवसायीले गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) पेश गर्नुपर्ने र सोको चेकजाँच गरी त्यसलाई निकायले स्वीकृत गर्नुपर्दछ । निर्माणमा सो अनुरूप गुणस्तर जाँच गर्नुपर्दछ । तर नेपालका आयोजनामा निर्माण व्यवसायीले पेश गर्ने योजना औपचारिकतामा मात्र सिमित रहने गरेको छ । सामग्रीहरूको तोकिएको परिमाण र मात्रामा परीक्षण हुने गरेको देखिँदैन । परीक्षणको लागि नयाँ उपकरण र प्रविधिको प्रयोग गर्नसकेको देखिँदैन ।

२६.३ सिक्टा सिँचाइको पश्चिमतर्फको मूल नहर भत्किएर भएको क्षति छानबिनगर्न उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाटगठित समितिले पेसगरेको प्रतिवेदनमानहरको १७ देखि ३५ किलोमिटर खण्डमा केही स्थानमा तटबन्धभत्केको, निर्मित सवैजसो एक्विडक्टहरूका विङ्ग वालहरूको लम्वाइ र उचाई कम भई पानी लिकेज भएको, नहरको वेड फुटेको, सर्भिस रोड भत्किनुका साथै खाल्डाखुल्डी परेको, नहरको स्लोप फुटेकोर नहर लाइनिङ गर्न प्रयोग गरिएका स्ल्यावहरूमा क्षति भएको देखियो । यस समस्यालाई गुणस्तरसँग जोडिएको छ ।

२६.४ काठमाडौँ दिगो सहरी यातायात आयोजनाले टेकु र कालिमाटी जोड्ने गरी विष्णुमतीनदी पुल निर्माण१२ महिनामा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७१/४/७ मा रु.२२ करोड ६१ लाख ८० हजारको खरिद सम्झौता भएकोमा रु.१३ करोड ९२ लाख ४० हजार भुक्तानी भएको छ । यातायातका साधनको भार नथाम्ने गरी गुणस्तरहीन निर्माण सामग्री प्रयोग गरी निर्माण कार्य गरेकोले निर्माण कार्य अगाडि नबढाउन आयोजनाबाट पत्राचारभए तापनि पुल निर्माण सम्पन्न गरी केही समय सञ्चालन भई पुन: सञ्चालनमा बन्देज लगाइएको छ । त्यसैगरी सोही आयोजनाले तीनकुने र शान्तिनगर जोड्ने गरी वागमती नदीमाथि निर्माण गरेको पुलको कार्य गुणस्तरीय नभएको भनी निर्माण कार्य बीचैमा रोकिएको छ ।

२६.५ सुनसरी मोरङपुल निर्माण आयोजनाअन्तर्गत निर्माणाधीन सिंगीयाही खोला पुलको सवस्ट्रक्चर निर्माण गुणस्तरयुक्त नभएको कारण २०६४/६५ देखि निर्माण कार्य रोकिएकोमा खरिद सम्झौता अन्त्य गर्ने कार्य टुङ्गो लगाएको छैन ।

खरिद सम्झौता तथा गुणस्तर आश्वस्तता योजना अनुसार निर्माण सामग्रीको परीक्षण नगर्नु, परीक्षणका लागि अत्याधूनिक प्रविधिको प्रयोग नहुनु, निर्माण व्यवसायी र कर्मचारीहरूले जिम्मेवारीपूर्वक कार्य नगर्नु, नर्म्सलाई समयसापेक्ष रूपमा संशोधन नगर्नु जस्ता कारणले गुणस्तरमा समस्या देखिएको छ । यसको प्रत्यक्ष असर आयोजनाको समय र लागत वृद्धिमा परेको छ । साथै राज्यको लगानी खेर गईरहेको छ ।

सुझाउ - निर्माण कार्यमा गुणस्तर कायम गर्न सम्झौता अनुसार निर्माण व्यवसायीले पेश गरी स्वीकृत भएको गुणस्तर योजनाबमोजिमको परिमाण र संख्यामा निर्माण सामग्रीको परीक्षण गर्नुपर्दछ । सोको लागि नियमित रूपमा अनुगमन र नियन्त्रण गर्नुपर्दछ । गुणस्तर कायम भए नभएको आश्वस्तता प्रदान गर्ने पद्धति तयार गर्नुपर्दछ ।परीक्षणमा अत्याधुनिक प्रविधिको प्रयोग गर्नुपर्दछ ।

२७. **अधुरो तथा रुग्ण आयोजना -** निर्माण व्यवसायीले तोकिएको म्यादभित्र कार्यतालिकाबमोजिम कार्य सम्पन्न गर्नुपर्दछ ।तर कतिपय आयोजना तथा आयोजनाका निर्माण कार्यहरू विभिन्न कारणहरूले गर्दातोकिएको समयमा सम्पन्न नभई अधुरो रहेको देखिन्छ ।विगत वर्षहरूमा ठेक्का बन्दोबस्त भएर ३ वर्षदेखि काम हुन नसकी अलपत्र परेका ठेक्काहरूको विवरण ४ मन्त्रालय तथा विभागसँग माग भएकोमा सोको एकमुष्ट विवरण

प्राप्त हुनसकेन । यस सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको एक अध्ययनबाट देखिएको व्यहोरा निम्नानुसार रहेको छ

मन्त्रालय/निकाय	२०७६ पौषसम्मका अधुरा तथा रुग्ण ठेक्काहरू	
	ठेक्का संख्या	सम्झौता रकम (रु.करोडमा)
सडक विभाग	७०१	१८११
सहरी विकास तथा भवन निर्माण विभाग	२९३	४३४.५
जलस्रोत तथा सिँचाइ विभाग	१३०	१९५०
नेपाल विद्युत प्राधिकरण	४३	२४३६
नागरिक उड्डयन प्राधिकरण	७	६८७
नेपाल टेलिकम	४	११४३
स्थानीय पूर्वाधार विभाग	२३	१०१
खानेपानी तथा ढल व्यवस्थापन विभाग	१	८१
जम्मा	**१२०२**	**८६४४**

स्रोत: अख्तियार दुरूपयोग अनुसन्धान आयोग, अध्ययन प्रतिवेदन २०७६

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तयार गरेको विवरणअनुसार८ विभाग र निकाय अन्तर्गत १हजार २०२ ठेक्का समयमा सम्पन्न हुन नसकी म्याद थप समेत नभई अधुरोअवस्था रहेको देखिन्छ । त्यस्ता ठेक्काहरूको सम्झौता अङ्क रु.८६ अर्ब ४४ करोड रहेको छ । संघीय सबै मन्त्रालय तथा प्रदेश र स्थानीय तहको समग्र विवरण तयार गर्दा यस्तो संख्या अझ बढ्ने निश्चित छ । सालगत रूपमा अधुरा ठेक्काहरूको विवरण निम्नानुसार रहेको छ :

ठेक्का सम्झौता अनुसार समापन गर्नुपर्ने वर्ष	रुग्ण तथा अधुरा ठेक्का संख्या							
	सडक विभाग	सहरी विकास तथा भवन निर्माण विभाग	जलस्रोत तथा सिँचाइ विभाग	नेपाल विद्युत प्राधिकरण	नागरिक उड्डयन प्राधिकरण	नेपाल टेलिकम	स्थानीय पूर्वाधार विभाग	खानेपानी तथा ढल व्यवस्थापन विभाग
२०६४	१	१	-	-	-	-	-	-
२०६५	१	-	-	-	-	-	-	-
२०६६	३	-	२	-	-	-	-	-
२०६७	३	-	-	-	-	-	-	-
२०६८	१२	१४	१	१	-	-	-	-
२०६९	१५	१३	६	१	-	-	-	-
२०७०	४२	२३	५	-	१	-	-	-
२०७१	४४	३	६	१	१	१	२	-
२०७२	५७	१६	५	-	-	-	-	-
२०७३	१३८	४९	१५	-	-	-	२	-
२०७४	२६३	७४	२५	४	२	२	१७	-
२०७५ मंसिरसम्म	१२२	१००	६५	१	१	१	२	१
जम्मा	**७०१**	**२९३**	**१३०**	**४३**	**७**	**४**	**२३**	**१**

यसरी २०६४ सालमा नै सम्पन्न हुनुपर्ने निर्माण कार्यहरू हालसम्म पनि सम्पन्न भएको देखिँदैन । आयोजना अधुरो रहनुमा अन्य कारणका अतिरिक्त निर्माण व्यवसायीको लापरबाही समेत देखिन्छ । अधुरा आयोजनाका केही उदाहरण निम्नानुसार छन् :

२७.१ खानेपानी तथा ढल निकास विभाग अन्तर्गत सञ्चालित खानेपानी आयोजनामध्ये २०७४/७५ सम्म क्रमागत आयोजना ३ हजार ८३५ सञ्चालितमध्ये ३ हजार ४२२ (८९.२२ प्रतिशत) आयोजना अधुरा रहेका थिए । ती आयोजनाको कुल लागत रु.१ खर्ब २८ अर्ब ९३ करोड ५१ लाखमध्ये उक्त आर्थिक वर्षसम्म रु.२२ अर्ब ९२ करोड ३२ लाख (१७.७८ प्रतिशत) खर्च भएको थियो ।

२७.२ सडक विभाग अन्तर्गतका ५२ कार्यालयमा २०७४/७५सम्ममा रु.११ खर्ब १ अर्ब ३५ करोड ८५ लाख

सम्झौता रकम भएका ३ हजार ८६० खरिद सम्झौता रहेकोमा खरिद सम्झौताको म्याद समाप्त भएका २७ कार्यालयका रु.३५ अर्ब ५० करोड २१ लाख सम्झौता रकम भएका ८०७ योजना अधुरो रहेको पाइयो । उक्त अधुरो ठेक्कामध्ये रु.८२ अर्ब ५२ करोड ५ लाख सम्झौताको १ हजार १६८ पुल निर्माण सम्झौतामध्ये रु.२१ अर्ब २५ करोड सम्झौता रकम भएका ३३८ खरिद सम्झौताको म्याद समाप्त भई अधुरो रहेको अवस्था थियो ।

२७.३ लामोसाँघु-तामाकोशी-जिरी सडक आयोजना अन्तर्गत सिन्धुपाल्चोकले लामोसाँघु-मुडे खण्डका एक निर्माण व्यवसायी र भक्तपुर नगरकोट सडक खण्डका एक निर्माण व्यवसायीले समयमा नै निर्माण कार्य नगर्दा निर्माण व्यवसायीप्रति जनअसुन्तुष्टिका कारण निर्माण व्यवसायीको पोष्टर बनाई टाँसेको समेत पाइयो ।

२७.४ वागमती सुधार आयोजनाअन्तर्गत नदी किनारको दुवैतर्फ कोरिडोर निर्माण गरी उपत्यकाको ट्राफिक व्यवस्थापन सहज गराउने गरी सडक निर्माण गर्न भीमसेनगोला पुलदेखि भी.एस.निकेतन स्कुल, मीनभवनसम्मको क्षेत्रमा ढल, सडक तथा नदी नियन्त्रण गर्न निर्माण व्यवसायी छनौट भई १५ महिनामा निर्माण सम्पन्न गर्न २०६६/३/१० मा रु.१३ करोड ७३ लाखको ठेक्का सम्झौता भएकोमा नदीको दुवै किनार अतिक्रमण गरी बसोबास भएको कारण निर्माण कार्य अलपत्र रहेको छ ।

यसरी निर्माण कार्य अधुरो रहँदा सरकारलाई ठूलो रकमको दायित्व सिर्जना भए तापनि सोबाट प्रतिफल प्राप्त भएको छैन । जसले गर्दा लाभग्राहीले सेवा लिन पाएका छैनन् भने जनताको जीवनस्तरमा अपेक्षित सुधार हुन सकेको छैन । त्यसैगरी आर्थिक अनुशासन खस्किएको, विधिको शासन कायम नभएको तथा दण्डहीनताको प्रश्रय पाएको देखिन्छ ।

सुझाउ - खरिद सम्झौताको पालना गरी निर्माण कार्य गर्नुपर्दछ । खरिद सम्झौता अनुसार निर्माण कार्य नगरी ढिलाई गर्ने निर्माण व्यवसायीलाई खरिद सम्झौताका शर्त अुनसार कारबाही गर्नुपर्दछ । निर्माण व्यवसायीलाई निर्माण कार्य गर्नका लागि वातावरण बनाउने र कुनै बाधा व्यवधान आईपरे समाधान गर्न कार्यमा सम्बन्धित निकायले सहयोग गर्नुपर्दछ । सबै पक्ष र निकायबीच समन्वय र सहकार्य गरी देखिएका समस्याको निराकरण गर्नुपर्दछ ।

२८. **जिम्मेवारीको पालना -** आयोजना व्यवस्थापनको एक प्रमुख पक्ष खरिद व्यवस्थापन हो । यस अन्तर्गत काम लगाउने निकाय तथा कार्यरत कर्मचारी र काम गर्नका लागि खरिद सम्झौता गरी जिम्मेवारी लिने निर्माण व्यवसायीले आफ्नो जिम्मेवारीको पालना गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

२८.१ आयोजनालाई तोकिएको समयमा सम्पन्न गराउनको लागि आयोजना प्रमुख लगायत अन्य कर्मचारीले तोकिएको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्नुपर्दछ । यद्यपि त्यसरी तोकिएको जिम्मेवारी पुरा नगर्दा आयोजना व्यवस्थापन अपेक्षित रूपमा सफल हुन सकेको देखिँदैन । आयोजना प्रमुखहरूले कुशलतापूर्वक जिम्मेवारी बहन गर्न नसकेको, आयोजना व्यवस्थापनमा नेतृत्व लिन नसकेको, उपलब्ध स्रोत साधनको प्रयोग कुशलतापूर्वक गर्न नसकेको जस्ता समस्या देखिएको भनी मन्त्रालय तथा विभागहरूले आयोजना प्रमुखहरूसँग कार्यसम्पादन करार गर्ने कार्यको शुरुवात गरेका छन् । सिँचाइ विभागले ठूला ८ आयोजना र खानेपानी मन्त्रालयले खानेपानी तथा ढल व्यवस्थापन विभाग र आयोजना कार्यान्वयन निर्देशनालयसँग त्यस्तो कार्यसम्पन्न करार गरेको पाइयो । तर सडक विभाग तथा अन्य विभागहरू कार्यसम्पादन करार गरेको पाइएन । कार्यसम्पादन करार गरेतापनि आयोजना प्रमुखहरूको छिटो छिटो सरुवा भईरहने समस्याका कारण उक्त उपायले समेत कार्य नगर्ने अवस्था देखिएको छ ।

२८.२ त्यसैगरी विभागको कार्यक्षेत्र र जिम्मेवारी वर्षैपिच्छे वृद्धि हुँदै गईरहेतापनि सो अनुरूप आवश्यक पर्ने जनशक्तिको दरबन्दी थप नहुँदा प्राविधिक कर्मचारीबाट निर्माण कार्यको निरन्तर अनुगमन मूल्याङ्कन तथा गुणस्तर नियन्त्रण गर्न नसक्ने अवस्था समेत रहेको विभागहरूले जनाएका छन् । उदाहरणको लागि लुम्बिनी विकास आयोजनाको लागि १५९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा २०६० सालदेखि स्थायी पदपूर्ति नहुँदा हाल स्थायी कर्मचारी ४८ मात्र कार्यरत रहेका छन् । बाँकी कर्मचारीहरू करार, सेवा करार, दैनिक ज्यालादारीमा तथा कम्पनीसँग सम्झौता गरी जनशक्ति व्यवस्थापन गरेको पाइयो । त्यसैगरी विगत २ वर्षदेखि सदस्य सचिव नहुँदा नीतिगत निर्णयहरू गराउन समस्या परेको आयोजनाले जनाएको छ । यसरी पदपूर्ति नहुँदा आयोजनाको कार्यसम्पादनमा अपेक्षित रूपमा भएको छैन । प्राविधिक कर्मचारी र निजहरूको कार्यबोझ अध्ययनका लागि प्रश्नावली तयार गरी ४ मन्त्रालय र विभागलाई पठाईएकोमा मन्त्रालय र विभागबाट विवरण प्राप्त भएन ।

२८.३ आयोजना व्यवस्थापक तथा आयोजनामा कार्य गर्ने सम्पूर्ण कर्मचारीहरूले आचरण पालना गर्नु जरुरी छ । प्रोजेक्ट म्यानेजमेन्ट इन्स्टिच्युट (पीएमआई) ले आयोजना व्यवस्थापनमा संलग्न व्यवसायिक व्यक्तिहरूको लागि चार पक्षलाई आचारसंहितामा समावेश गरेका छ । जसमा निष्ठा (Honest), जिम्मेवारी (Responsibility), सम्मान (Respect) र निष्पक्षता (Fairness) रहेका छन् । नेपालमा सञ्चालित आयोजनाहरूमा व्यवस्थापक तथा अन्य कर्मचारीहरू निजामती सेवाबाट पदस्थापन हुने र उनीहरूले निजामती सेवा ऐनअनुसारका आचरण पालना गर्नुपर्ने व्यवस्था छ । तर आयोजना व्यवस्थापनका लागि संलग्न हुने कर्मचारीहरूका लागि छुट्टै आचारसंहिता तयार गरेको देखिँदैन । जसले गर्दा अधिकांश आयोजनामा आचारसहिंताको विषय सदैव टड्कारो रूपमा उठ्ने गरेको छ ।

२८.४ निर्माण व्यवसायीले खरिद सम्झौताअनुसार कार्य गर्नुपर्दछ । त्यसरी कार्य नगरेमा सोही सम्झौता र मौजुदा कानुनअनुसार कारबाही गर्नुपर्दछ । निर्माण व्यवसायीले कार्यतालिकाअनुसार कार्य नगर्ने, क्षमताभन्दा बढी काम लिई निर्माणलाई अधुरै छाड्ने, तोकिएको गुणस्तर पुरा नगरी निर्माण नगर्ने, आयोजनाको निर्देशन पालना नगर्ने जस्ता समस्या देखिएका छन् । निर्माण व्यवसायीले जिम्मेवारी पालना नगर्दा समेत निर्माण व्यवसायीलाई कारबाही गर्न नसक्दा आयोजनाहरू प्रभावकारीहुनसकेको छैन । खरिद सम्झौताका शर्तहरूको पालना गराउनेतर्फ आयोजना व्यवस्थापन असफल हुँदा निर्माण व्यवसायी जिम्मेवारीबाट उम्किने गरेको देखिन्छ ।

२८.५ सार्वजनिक खरिद अनुगमन कार्यालयले कार्यालय २०६४/६५ देखि २०७५/७६ सम्म ३१० फर्म, संस्था र कम्पनीलाई कालोसूचीमा राखेको देखिन्छ । सोमध्ये २०७५/७६ मा ५० फर्म, संस्था तथा कम्पनीलाई कालोसूचीमा राखेको छ । सोमध्ये ४१ सार्वजनिक निर्माण कार्यमा संलग्न निर्माण व्यवसायी रहेका छन् । परिवारका सदस्य पिच्छे फर्म दर्ता गर्नु, कालोसूचीको अवधि कम भएको कारण पुनः खरिद कार्यमा संलग्न हुनु, विभिन्न फर्म तथा कम्पनीबीच संयुक्त उपक्रम बनाई खरिदमा संलग्न हुने तर सबै फर्म तथा कम्पनी र स्वामित्वको एकीकृत विवरण सार्वजनिक निकायसँग नहुनु जस्ता समस्याले गर्दा कालोसूचीमा राख्ने कार्य समेत प्रभावकारी हुनसकेको छैन । जसले गर्दा निर्माण व्यवसायीलाई कार्यप्रति जिम्मेवार बनाउन सकिएको छैन ।

सुझाउ - खरिद सम्झौताअनुसार कार्य नगर्ने निर्माण व्यवसायी र तोकिएको काम कुशलतापूर्वक सम्पन्न नगर्ने आयोजनाका कर्मचारीलाई कारबाही गर्नुपर्दछ । कर्मचारी कार्यबोझ अध्ययन गरी सो अनुरूप कर्मचारी व्यवस्थापन गर्नुपर्दछ । कार्यसम्पादन करारलाई व्यवहारिक र प्रभावकारी बनाउनुपर्दछ ।

२९. **निर्माण क्षमता मापन** - आयोजनाको सफलता निर्माण व्यवसायीको क्षमतामा निर्भर गर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२९.१ नेपालले २०२२ सम्ममा अति कम विकसित मुलुकबाट स्तरोन्नति गर्ने एवं २०३० सम्ममा दीगो विकासका लक्ष्य हासिल गरी मध्यम आय भएको मुलुक हुने प्रतिबद्धता जनाएको छ । संघीयता कार्यान्वयनसँगै नेपाल सरकारले घोषणा गरेको समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्य समेत हासिल गर्नुपर्ने भएको छ । उल्लिखित लक्ष्य प्राप्तिको लागि सरकारी एवं निजी क्षेत्रबाट जलविद्युत, सडक, सिँचाइ, सहरी विकास, हवाई मैदान, पार्क, विद्युत गृह, कलकारखाना लगायतका अन्य निर्माणसम्बन्धी आयोजनामा लगानी बढ्दै गएको छ । नेपाल सरकारले लिएको लक्ष्यअनुरूप समृद्धिको लागि निजी एवं सार्वजनिक विकास निर्माण कार्यसँग सम्बन्धित आयोजना सञ्चालन गर्न आवश्यक पर्ने, जनशक्ति, निर्माण व्यवसायी संख्या, निर्माण कार्यमा आवश्यक पर्ने मेशिनरी एवं उपकरणको उपलब्धता, निर्माण सामग्रीको उपलब्धता, लगायतका पक्षको मूल्याङ्कन गरी राष्ट्रिय निर्माण क्षमताको मूल्याङ्कन हुन आवश्यक देखिएको छ ।

२९.२ निर्माण व्यवसायीको छनौट गर्दा बोलपत्रको प्राविधिक र आर्थिक पक्षको मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही बोलपत्र छनौट गरी सम्झौता गर्नुपर्ने कानुनी व्यवस्था छ । एकल रूपमा वा संयुक्त उपक्रम भई बोलपत्रमा संलग्न हुँदा विशेषतः निर्माण व्यवसायीसँग रहेको प्राविधिक जनशक्ति, ज्यामीहरू, हेभी इक्वीपमेन्ट, मेशिन उपकरण, निर्माण साधन र विगतको अनुभव तथा हाल गरिरहेको कामको प्रगति सम्बन्धमा अध्ययन विश्लेषण गर्नुपर्दछ । यसरी मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित बोलपत्र भए तापनि कार्यक्षमता मापन गर्दा कार्य गर्नसक्ने अवस्था नदेखिएमा त्यस्तो निर्माण व्यवसायीलाई छनौट गर्नुहुँदैन । तर निर्माण कार्यहरूको एकीकृत अभिलेख नहुँदा एउटै निर्माण व्यवसायीले के कति कार्य जिम्मेवारी लिएको छ भन्ने यकिन गर्न सक्ने अवस्था रहेको छैन । जसले गर्दा एउटै निर्माण व्यवसायीसँग

उसको क्षमताभन्दा बढीको कार्य जिम्मेवारी दिने गरी सम्झौता भएको हुँदा निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न नगर्ने, कामबीचैमा छोड्ने, गुणस्तरीय कार्य नहुने जस्ता समस्या देखिएका छन् ।

२९.३ त्यसैगरी बोलपत्रमा निर्माण व्यवसायीले पेश गरेको योग्यता र अनुभवको आधारलाई लिई छनौट भएकोमा खरिद सम्झौता पश्चात कार्य अनुभव तथा योग्यता कम भएका वा नभएका निर्माण व्यवसायीलाई निर्माण कार्यको जिम्मा दिने तथा संयुक्तउपक्रम (Joint Venture) भई बोलपत्र पेश गरी छनौट भएको निर्माण कार्यमा प्रमुख साझेदार निर्माण स्थलमा उपस्थिति नै नभई दोश्रो साझेदारबाट कार्य गराउने प्रवृत्ति रहेको छ । जसले गर्दा खरिद सम्झौता शर्तहरूको पालना नहुनु, नियमित रूपमा निर्माण कार्य अनुगमन नहुनु, जिम्मेवारी पुरा नगर्दा पनि कारबाही नहुनु आदि कारणले यस्तो अवस्था सिर्जना भएको देखिन्छ । यस सम्बन्धमा विभाग तथा मन्त्रालयहरूसँग सोधनी हुँदा स्टाण्डर्ड विडिङ डकुमेन्टमा उल्लेखित शर्तहरूको मात्र परीक्षण गरिएको उल्लेख गरेको छन् । एक निर्माण व्यवसायीले कति निकायबाट कति निर्माण कार्यमा सम्झौता गरेको छ र थप कार्य गर्नका लागि क्षमता पुग्छ पुग्दैन भनी मापन नगरेको जनाएका छन् ।

सुझाउ – निर्माण कार्य र निर्माण व्यवसायीको नेपालभरीको कार्यविवरण खुल्ने एकीकृत विवरण वा पोर्टल तयार गरी निर्माण क्षमता समेत मापन पश्चात खरिद सम्झौता गर्नुपर्दछ ।ठेक्काको जिम्मेवारी सार्ने तथा निर्माणस्थलमा उपस्थित नहुने निर्माण व्यवसायीलाई कारबाही गर्नुपर्दछ । खरिद सम्झौताको पालना गराउने तथा नियमन गर्नुपर्दछ ।

३०. **विधि तथा औजार -** आयोजनालाई सफलतापूर्वक सम्पन्न गर्नका लागि आयोजना व्यवस्थापनका विधि तथा औजारको उपयोग गर्नु पर्दछ । आयोजनामा प्रमुखरूपमा प्रचलनमा रहेका विधिहरू: वाटरफल (Waterfall), पर्ट (PERT), सिपिएम (CPM), एजाइल (Agile), स्क्रम (Scrum), कानवान (Kanban), एक्सपी (XP), एपीएफ (APF), इसीएम (ECM), एक्सपीएम (XPM), लीन (Lean), सिक्स सिग्मा (Six Sigma) प्रिन्स २ (Prince 2), प्रिज्म (PRiSM), पीमबुक गाईड (PMBOK Guide Method) आदि हुन् । यसैगरी गान्ट चार्ट (Gantt Chart), वर्क ब्रेकडाउन स्ट्रक्चर (Work Breakdown Structure), पात्रो (Calender), समयरेखा (Timeline), अवस्था तालिका (Status Table), फिसबोन डाइग्राम (Fishbone Diagram), माइन्ड म्याप (Mindmap) आदि आयोजना व्यवस्थापनका औजार (Tools) हरू रहेका छन् । सोका अतिरिक्त विभिन्न कम्पनीले सफ्टवेयर (उहाहरणको लागि: Trello, Asana, Basecamp, Scoro, Podio, ZOHO Project, EventCollab, Redmine, WorkBook, JIRA, Proofhub, NOTION, Nutcache आदि) तयार गरेका छन् । त्यस्तै आयोजनाले आफै सफ्टवेयर समेत तयार गर्न सक्दछ । यस्ता विधिको प्रयोग आयोजनाको विभिन्न चरणहरूमा गर्न सकिन्छ । जसको प्रयोगबाट आयोजनाका कार्यहरूलाई एकीकृत तवरले सञ्चालन गर्न, निरन्तर रूपमा अनुगमन गर्न, समयतालिका पालना गराउन, गुणस्तर कायम गर्न, लागत तथा बजेटको सीमा भित्र रही कार्य गर्न, आयोजनाको क्षेत्र व्यवस्थापन, जोखिम व्यवस्थापन, सञ्चार व्यवस्थापन, खरिद व्यवस्थापन तथा सरोकारवाला व्यवस्थापन गर्न, प्रगति अवस्था अध्ययन गर्न, सञ्चार गर्न, समुहमा रही निर्णय गर्न, आयोजनाको प्रगति ट्रयाक गर्न सकिन्छ । जसले साधन स्रोतको अधिकतम उपयोग गर्दै निर्धारित समय, लागत, गुणस्तरमा आयोजना सम्पन्न गर्न सहयोग गर्दछन् । नेपाल भित्र सञ्चालित आयोजनाहरूले यस्ता विधि र औजारको प्रयोग गरेका छैनन् । जसले गर्दा आयोजनाका कार्यको सुक्ष्म तवरले सही र समूचित रूपमा अनुगमन गर्न तथा भएका त्रुटिलाई समयमा नै सच्याउन सकेको देखिँदैन । त्यस्तै आयोजनाहरू मितव्ययिताका साथ, कार्यदक्षतापूर्ण तवरले सञ्चालन नहुँदा आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिँदैन ।

सुझाउ - आयोजनाको कार्य प्रकृति सुहाउँदो विधि तथा औजारहरूको गरी आयोजना व्यवस्थापन गर्नुपर्दछ ।

३१. **व्यवस्थापकीय कौशल -** आयोजना व्यवस्थापक हुनको लागि व्यवसायिक ज्ञान आवश्यक पर्ने हुँदा विभिन्न संस्थाहरू (प्रोजेक्ट म्यानेजमेन्ट इन्स्टिच्यूट, इन्टरनेशनल प्रोजेक्ट म्यानेजमेन्ट एसोसिएसन, अष्ट्रेलियन इन्स्टिच्यूट अफ प्रोजेक्ट म्यानेजमेन्ट, जापानीज इन्जिनियरिङ एडभान्समेन्ट एसोसिएसन अफ जापान आदि) ले यस सम्बन्धमा अध्ययन, तालिम, तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दछन् । जसमा उत्तीर्ण भएपश्चात प्रमाणपत्र जारी गरिन्छ र सोको आधारमा आयोजना व्यवस्थापक तथा अन्य पदमा काम गर्नका लागि योग्य हुने व्यवस्था छ । तर नेपालमा आयोजना व्यवस्थापक तथा अन्य पदका लागि उक्त अध्ययन तथा प्रमाणपत्र अनिवार्य गरिएको छैन । निजामती कर्मचारीका लागि योग्यता पुरा हुनेले जिम्मेवारी पाउने गरेको छ । आयोजना व्यवस्थापन बहुआयामिक विषय भएका कारण कतिपय व्यवस्थापकीय क्षमता,

अध्ययन एवं तालिमको अभावमा आयोजना व्यवस्थापन प्रभावकारी नभएको अवस्था छ । तसर्थ समय सापेक्ष रूपमा ज्ञान, सीप र मनोवृत्तिमा सकारात्मक परिवर्तनको गर्न लागि नेपालका आयोजना व्यवस्थापक तथा कर्मचारीलाई समेत तालिम, त्यस्ता अध्ययनमा संलग्न गराउने वा प्रमाणपत्र प्राप्ति पश्चात मात्र जिम्मेवारी प्रदान गर्ने विषयमा अध्ययन भएको पाइएन ।

आयोजनामा सरोकारवालाको संलग्नताको सुनिश्चिता र उनीहरूको अपेक्षालाई मध्यनजर गर्दै निर्धारण गरिएको कार्यतालिका भित्र लागत वृद्धि नहुने गरी गुणस्तरीय रूपमा कार्य गर्नका लागि व्यवस्थापकमा व्यवसायिक कौशल हुनुपर्दछ । आयोजना व्यवस्थापकमा कुशल नेतृत्व, प्रभावकारी निर्णय निर्माण, उत्प्रेरणात्मक स्वभाव, द्वन्द्व व्यवस्थापन, राजनीतिक तथा सांस्कृतिक सचेतना, प्रभाव पार्नसक्ने, प्रभावकारी सञ्चार, समूह कार्य, आधारभूत आयोजना व्यवस्थापनका चरणहरू बुझ्ने तथा सोअनुसार विधि र औजार प्रयोग गर्नसक्ने, संगठनात्मक व्यवहार बुझ्ने जस्ता सीप तथा कौशल हुनु जरुरी छ। आयोजनालाई बुझ्न, आयोजनाको आवश्यकता गहन अध्ययन गर्न, समय र जोखिम व्यवस्थापन गर्न अनुभव आवश्यक पर्दछ । त्यसैगरी आयोजनाको सफलतामा आयोजना प्रमुखको व्यक्तित्व पनि निर्भर रहेको हुन्छ । तसर्थ ज्ञान, अनुभव एवं व्यक्तित्व र विभिन्न सीप तथा गुणहरूबाट युक्त व्यवस्थापकको चयन गर्नसकेमा नै आयोजनाहरूको कुशल व्यवस्थापन हुन्छ । अन्यथा आयोजनाले दिशानिर्दिष्ट गर्न नसकि अपेक्षित उपलब्धि तोकिएको समयभित्र हासिल गर्न सक्दैन । नेपालको सन्दर्भमा आयोजना व्यवस्थापकमा यस्ता समग्र पक्षहरूको अध्ययन नगरी आयोजना व्यवस्थापक नियुक्त गर्ने वा जिम्मेवारी दिने गरिएकोले आयोजनाहरू सफल हुनसकेका छैनन । जसले गर्दा सरकारको ठूलो लगानीले समयमा नै प्रतिफल प्राप्त गरेको छैन ।

सुझाउ - आयोजना व्यवस्थापक हुनका लागि आवश्यक योग्यताका साथै विश्वव्यापी रूपमा अनिवार्य रूपमा आवश्यक पर्ने प्रमाणपत्र लिनुपर्ने व्यवस्था गर्नेतर्फ अध्ययन गर्नुपर्दछ । सो का अतिरिक्त आयोजना व्यवस्थापकको ज्ञान, अनुभव र व्यक्तित्व समेत मूल्याङ्कन गरी उपयुक्त व्यक्ति नियुक्त गर्नुपर्दछ ।

३२. **अनुगमन, मूल्याङ्कन तथा नियन्त्रण -** आयोजनाको कार्यलाई समयमा सम्पन्न गराउन र सोको प्रभावकारी उपयोगको लागि अनुगमन, मूल्याङ्कन र नियन्त्रण महत्वपूर्ण विषय हो । अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित, सरल, नतिजामूलक, विश्वसनीय र प्रभावकारी बनाउनको लागि राष्ट्रिय योजना आयोगले राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ जारी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३२.१ आयोजनाको अनुगमन गर्नका लागि विभिन्न संरचना तथा समितिहरूको व्यवस्था गरिएको छ । आयोजना कार्यालय, परामर्शदाता, सहयोग दाता, सम्बन्धित मन्त्रालय र विभाग, संसदीय समिति आदिबाट आयोजनाको अनुगमन तथा मूल्याङ्कन हुनेगर्दछ । यसैगरी प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति र सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको व्यवस्था गरिएको छ । उक्त दुई समितिको बैठक चौमासिक रूपमा कम्तीमा ३ पटक बस्ने गरी व्यवस्था गरिएको छ । त्यसैगरी राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान उपसमिति र सम्बन्धित मन्त्रालय सचिवको संयोजकत्वमा मन्त्रालयस्तरीय विकास समस्या समाधान उपसमितिको समेत व्यवस्था गरिएको छ । सोका अतिरिक्त मुख्य सचिवको संयोजकत्वमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति, प्रधानमन्त्रीको अध्यक्षतामा दिगो विकास लक्ष्यसम्बन्धी उच्चस्तरीय निर्देशक समिति र उक्त निर्देशक समितिको मार्ग निर्देशनमा दिगो विकास लक्ष्य कार्यान्वयन र आवश्यक समन्वय गर्न राष्ट्रिय योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा समन्वय समिति रहेको छ ।अनुगमन, मूल्याङ्कन र नियन्त्रणको लागि धेरै संयन्त्र भए तापनि आयोजना व्यवस्थापनमा त्यसको असर सकारात्मक रूपमा पर्नसकेको छैन । संयन्त्रहरूले नियमित रूपमा कार्य नगर्नु, अनुगमन मूल्याङ्कन औपचारिकमात्र सीमित रहँदा नतिजामुखी हुन नसक्नु, राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयगत विकास समस्या समाधान समितिबाट भएका निर्णयहरू कार्यान्वयन नहुनु र सोको अनुगमन मूल्याङ्कन नगर्नु, सरोकारवाला निकायहरू सम्मिलित संयुक्त अनुगमन टोली गठन गरी अनुगमन गर्ने प्रणालीको विकास नगरिनु जस्ता समस्या विद्यमान रहेका छन् । आयोजना कार्यालयले समेत निर्माण सम्झौता पश्चात एकतर्फी रूपमा निर्माण व्यवसायीलाई सम्पूर्ण कार्यको जिम्मा दिनु र ठूला आयोजनाहरूमा अनुगमन तथा मूल्याङ्कनमा परामर्शदातामा नै भर पर्ने स्थिति रहनु, कार्यसम्पादन करारमा अनुगमन मूल्याङ्कनलाई महत्व नदिनु जस्ता अन्य समस्या समेत रहेको पाइयो ।

३२.२ नतिजामूलक अनुगमन मूल्याङ्कन लागि सञ्चालन खाका (Logical Framework), अनुगमन तथा मूल्याङ्कन

खाका (Monitoring and Evaluation Framework), अनुगमन तथा मूल्याङ्कन क्यालेन्डर (Monitoring and Evaluation Calender), व्यवस्थापन सूचना प्रणाली (Management Information System) तयार गर्नुपर्दछ । त्यसैगरी सहभागितामूलक ग्रामीण विश्लेषण विधि अन्तर्गत चित्र (Diagrams), नक्सा (Map), स्थलगत भ्रमण (Transect WalK), प्राथमिकता तालिका (Priority Matrix), मौसमी पात्रो (Seasonal Calender), समय उपक्रम (Time Trends), भेन चित्र (Venn Daigram), सामाजिक चित्राङ्कन (Sociogram), लाभग्राही सन्तुष्टि सर्भेक्षण (Client Satisfaction Survey), गुनासा वाकसहरू (Complaint Boxes), सामुदायिक स्कोर कार्ड (Community Socre Card) आदिको प्रयोग गर्ने गरेको देखिँदैन । अनुगमन मूल्याङ्कनका आधारहरू तयार नगरिँदा आयोजनाहरूको अनुगमन मूल्याङ्कन प्रभावकारी भएको छैन । विधिको प्रयोग नहुँदा शुरुमा निर्धारित लक्ष्य, भईरहेको प्रगति र भविष्यमा प्राप्त प्रतिफलबीच तालमेल रहे नरहेको तथा सही तवरले प्रगति भई रहे नरहेको तुलना र अध्ययन गर्नसकिने अवस्था रहेको छैन ।

३२.३ अनुगमन मूल्याङ्कन गरी दिइएको निर्देशनको समेत निर्माण व्यवसायीले पालना नगरी निर्माणलाई निरन्तरता दिने गरेकोमा कारबाही हुनसकेको छैन । त्यसैगरी आयोजनाको निरन्तर अनुगमनको लागि प्राविधिक टोली बनाई निर्माणको सम्पूर्ण पक्षहरूमा टोलीलाई जिम्मेवार बनाउनुपर्नेमा सो अनुरूप गरेको देखिँदैन । आयोजनाको प्रगति र व्यवस्थापन कमजोर हुनुमा अनुगमन मूल्याङ्कन कमजोर भएको पाइएमा आयोजना प्रमुख तथा जिम्मेवार कर्मचारीलाई कारबाही हुने गरेको छैन ।

३२.४ अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यमा सूचना प्रविधिको प्रयोग गर्न सकिन्छ । आयोजना तथा निर्माण कार्यलाई ट्र्याकिङ गर्नको लागि सफ्टवेयरको निर्माण गर्ने, प्रणालीको विकास गर्ने कार्य गर्नुपर्दछ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सूचना प्रविधिको उपयोग गरी प्रत्यक्ष रूपमा केही राष्ट्रियगौरबका आयोजनाको अनुगमन गर्न सकिने व्यवस्था गरेको र सो अनुरूप समय समयमा निर्देशन भए तापनि निर्देशनअनुसार कार्य प्रगति भएको देखिँदैन । त्यसैगरी राष्ट्रिय योजना आयोगले आयोजना कार्यसम्पादन सूचना प्रणाली (Project Performance Information System) तयार गरेको छ । यद्यपि यसको आधारमा आयोगले अनुगमन गरी सुझाउ दिनसकेकोछैन । सडक विभागले ठेक्का व्यवस्थापन प्रणाली (Contract Management System) र पुल व्यवस्थापन सूचना प्रणाली (Bridge Management Information System) तयार गरेतापनि सोको भरपुर उपयोग गर्नसकेको छैन । अन्य मन्त्रालय तथा विभागहरूले निर्माणका ठेक्काहरूको व्यवस्थापनको लागि सूचना प्रविधि प्रणाली तयार गरेको पाइएन ।

अनुगमन मूल्याङ्कन र नियन्त्रणको अभावमा नै आयोजनाहरू समयमा सम्पन्न नहुने, गुणस्तर कायम नहुने, कार्य जिम्मेवारीबाट निर्माण व्यवसायी पन्छिने जस्ता समस्या देखिएका छन् । जसले गर्दा समयमा नै कमजोरीहरूको निकाकरण नभई आयोजनाहरू समस्याग्रस्त हुनुका साथै राज्यका लागि आयोजनाहरू बोझिलो बन्न पुगेका छन् ।

सुझाउ - अनुगमन तथा मूल्याङ्कन ऐन तत्काल तयार गर्नुपर्दछ । मापनयोग्य सूचकहरू तयार गरी उक्त सूचकलाई कार्यसम्पादन करार सम्झौतासँग आवद्ध गरी अनुगमन मूल्याङ्कनलाई नतिजामूलक बनाउनुपर्दछ । अनुगमन मूल्याङ्कनलाई सहभागितामूलक, सहकार्यमूलक तथा सूचनाप्रविधिसँग आवद्ध बनाउनु पर्दछ । गठित समितिका निर्देशन कार्यान्वयनको समेत अनुगमन गर्नुपर्दछ । सर्वपक्षीय अनुगमन प्रणालीको विकास गर्नुपर्दछ ।

३३. **सिकाई तथा दिगोपना -** आयोजना सम्पन्न भएपश्चात समेत सोको सिकाई अभिलेखीकरण तथा दिगोपनामा ध्यान दिनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

३३.१ आयोजना सम्पन्न भएपश्चात आयोजनाबाट भएको सिकाई (Lesson Learned) लाई अभिलेखीकरण गर्नुपर्दछ । आगामी दिनमा आयोजनाको कुशलतापूर्वक सञ्चालनका लागि यस्तो अभिलेख महत्वपूर्ण हुन्छ । तर नेपालमा आयोजनाबाट भएको सिकाईलाई अभिलेखीकरण गरी सोको उपयोग गरेको देखिँदैन। जसले गर्दा एकै प्रकृतिका समस्याबाट अधिकांश योजना ग्रसित हुने गरेका छन् ।

३३.२ खानेपानी तथा सरसफाई डिभिजन कार्यालय तनहुँ अन्तर्गत मिलनचोक गुणस्तर खानेपानी आयोजना निर्माण गर्न निर्माण व्यवसायी र उपभोक्ता समितिसँग सम्झौता गरी २०७४/७५ सम्म रु.१ करोड ५३ लाख भुक्तानी भएकोमा हाल आयोजना सञ्चालनमा रहेको छैन । त्यसैगरी खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सिन्धुलीले निर्माण गरेका पिपलमाडी खानेपानी आयोजना र झाँगाभोली रातामाटा खानेपानी आयोजनाको मुहान सुकेका कारण योजना सम्पन्न नभई निर्माण कार्य स्थगित रहँदा खर्च भएको

रु.३ करोड २४ लाख उपलब्धविहीन भएको छ। आयोजनाको दिगोपनामा ध्यान नदिदाँ लगानी खेर गरेको छ।

३३.३ सहरी विकास तथा भवन निर्माण मन्त्रालयलेसहरी गरीब र न्यून आयवर्गका लागि संयुक्त आवास निर्माण कार्यक्रमअन्तर्गत प्रथम चरणमा १२७ परिवार र दोस्रो चरणमा१०० परिवारको लागि काठमाडौँको इचँगुनारायणमा रु.१२ करोड २७ लाखको लागतमा २०७३/७४ मा निर्माणकार्यसम्पन्न भएको देखिन्छ। आवास भवन हालसम्म प्रयोगविहीन अवस्थामा छ।

३३.४ निर्माण भएका सिँचाइ आयोजनाहरूले आयोजनाको कमान्ड क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउन नसकेको देखिन्छ। सिँचाइ विभागको एक प्रतिवेदन अनुसार ३१ सिँचाइ प्रणालीबाट ३ लाख २६ हजार हेक्टर क्षेत्रफलमा सिँचाइसुविधा उपलब्ध गराउने गरी सिँचाइ प्रणाली सञ्चालनमा रहेकोमा आषाढदेखि कार्तिकसम्म २ लाख ९६ हजार, मंसिरदेखि फागुनसम्म २ लाख र चैत्रदेखि जेष्ठसम्म ५४ हजार हेक्टर सिँचाइसुविधा उपलब्ध गराएको उल्लेख छ। जसमा सुनसरी मोरङ सिँचाइआयोजनाको ७५ प्रतिशत, वाग्मती सिँचाइ आयोजनामा ७१ प्रतिशत, कमला सिँचाइ प्रणालीमा ६० प्रतिशत, नारायणी सिँचाइ प्रणालीमा ३६ प्रतिशत र महाकाली सिँचाइ प्रणालीमा १९ प्रतिशत कमाण्डक्षेत्र सिञ्चित हुन नसकेको अवस्था देखिन्छ। निर्माण भएका आयोजनाबाट लक्ष्य अनुरूप कार्य हुनसकेको छैन।

३३.५ वि.सं. २०६३ सालमा निर्माण सम्पन्न प्रगन्ना सिँचाइ आयोजनाको कमाण्ड क्षेत्र ५ हजार ८०० हेक्टरमध्ये ६७२ हेक्टर भएको, १४ किलोमिटर लामो नारायणपुर शाखा नहरको लागिसमेत इन्टेक, मूल नहर र संरचनाहरू उक्त समयमै निर्माण गरिए पनि शुरुदेखि नै सो नहरबाट सिँचाइ भएको छैन। निर्मित आयोजनाको उपयोग नहुँदा सोको असर कृषि प्रणालीमा परेको छ।

३३.६ हुलाकी सडक आयोजना योजना कार्यालय इटहरीले रु.३३ करोडको लागतमा मेची नदीमा पुल निर्माण सम्पन्न गरेको भएपनि नेपाल र भारतसीमातर्फ २ किलोमिटर सडक निर्माण नभएकाले पुलको उपयोग हुन सकेको छैन। एप्रोच सडकको अभावमा पुल उपयोगविहीन भएको हो।

३३.७ सुनसरी मोरङ सिँचाई आयोजनाको रामगञ्ज शाखा नहर प्रणालीमा एक स्टिल उद्योगले नहर अतिक्रमण गरी उद्योग स्थापना गरेको, एक पोल्ट्री फर्मले नयाँपट्टीशाखा नहरको बेतौना उपशाखा नहरमा अतिक्रमण गरी कम्पाउण्डवाल बनाएको तथा कन्काई सिँचाइआयोजनाले मूल नहरमा २०० मिटर र शाखा नहरको २०० मिटरमा अतिक्रमण भएको उल्लेख गरेको छ। यसरी अतिक्रमण नहटाएको कारणले नहर पुरिनुका साथै अतिक्रमण बढ्दै गई केही वर्षपश्चात नहर सञ्चालनगर्न नसक्ने स्थिति रहन्छ। निर्मित आयोजनाको सम्पत्तिको संरक्षण र जर्गेना गर्ने कार्यले प्राथमिकता पाएको देखिँदैन।

३३.८ साविकमा सञ्चालित आयोजना तथा सेवाहरू बन्द हुँदा पुनः सोही प्रकृतिका सेवा सञ्चालन गर्न नयाँ आयोजना स्थापना गर्ने गरेको देखिन्छ। साविकमा सञ्चालनमा रहेको ट्रलीबस सेवा बन्द भएकोमा सरकारले पुनः विद्युतीय सवारी साधन खरिद गर्न रकम विनियोजन गरेको देखिन्छ। त्यस्तै साविकको नेपाल रोपवे लिमिटेड बन्द भएकोमा पुनः रज्जुमार्गहरू स्थापना गर्ने गरी कार्यनीति तय गरेको छ। दीर्घकालीन सोच सहित आयोजनाहरू सञ्चालन गरिनुपर्दछ।

निर्माण भएका आयोजनाहरूको दिगोपनाको रणनीति नहुनु, समय समयमा मर्मतसंभार नगरिनु, आयोजनाको सम्पत्तिको संरक्षण गर्न नसक्नु जस्ता समस्याले सम्पन्न आयोजनाको प्रभावकारी उपयोग भएको छैन। सम्पन्न आयोजनाको सिकाईलाई अभिलेखीकरण गरी कार्यान्वयनमा रहेका आयोजनामा पुनः समस्या आउन नदिनेतर्फ ध्यान दिएको पाइदैन। जसले गर्दा लाभग्राहीले सेवा प्राप्त नगर्ने, सम्पत्तिको अतिक्रमण हुने र आयोजना व्यवस्थापन नै खर्चिलो हुन पुगेको छ।

सुझाउ – आयोजनाको दिगोपनाको लागि निरन्तर मर्मतसंभार गर्ने गरी कार्ययोजना तयार गर्नुपर्दछ। आयोजनाको मूल्याङ्कन गर्ने, आयोजनाका सिकाई तथा महत्वपूर्ण कागजातलाई व्यवस्थित तवरले अभिलेखीकरण गर्नुपर्दछ।

निष्कर्ष - विस्तृतरूपमा अध्ययन विश्लेषण र प्रारम्भिक चरणका कार्यहरू नगरी ठेक्का व्यवस्थापन गर्नु, निकायहरूबीच पर्याप्त मात्रामा समन्वय र सहकार्य नहुनु, निर्माणका नयाँ मोडालिटीको प्रयोग गर्न नसक्नु, तोकिएको समयमा आयोजना सम्पन्न नगर्नु, आयोजना सम्पन्न गर्न ढिलाई हुँदा सम्बन्धितलाई जिम्मेवार नबनाईनु, अनुगमन प्रभावकारी नहुनु लगायतका समस्याका कारण आयोजना व्यवस्थापन दक्षतापूर्वक एवं प्रभावकारी रूपमा हुनसकेको छैन। जसले गर्दा सरकारले आयोजनाहरूमा ठूलो धनराशी लगानी गरेतापनि

प्रतिफल प्राप्त नहुने स्थिति छ । तसर्थ प्रत्येक चरणका कार्यहरूलाई व्यवस्थित र प्रणालीबद्ध तवरले सञ्चालन गर्ने, आयोजनाको ड्रइङ्ग डिजाइन तथा लागत अनुमान पर्याप्त अध्ययन गरी तयार गर्ने, प्रारम्भिक चरणका कार्यहरू सम्पन्न गरे पश्चातमात्र खरिद सम्झौता गर्ने, आयोजनामा स्रोतको सुनिश्चिता गर्ने, आयोजना कार्यान्वयनको अनुगमन गर्ने, भेरिएसनको प्राविधिक पुष्ट्याई हुनुपर्ने, निर्माण कार्य सम्पन्न नगर्ने निमार्ण व्यवसायीहरूलाई जिम्मेवार बनाई अधुरा निर्माण कार्य पुरा गर्ने, निर्माण व्यवसायीको नेपालभरीको कार्यविवरण खुल्ने पोर्टल तयार गरी निर्माण व्यवसायीको क्षमता मापनका साथै कार्यसम्पादनको नियमन गर्ने व्यवस्था गर्ने, आयोजनाको दिगोपना सुनिश्चितता गर्ने लगायतका कार्य गरी आयोजनाव्यवस्थापनको कार्यदक्षता र प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने देखिएको छ ।

खेलकुद पूर्वाधारको अवस्था

परिचय

१. **पृष्ठभूमि –** खेलकुद क्षेत्रको विकास गर्न खेल पूर्वाधार, खेलाडी तथा एथलिट, खेल प्रतियोगिता, खेल प्रशंसक, सरकारी तथा नियमक निकाय, निजी क्षेत्र लगायत विभिन्न सरोकारवालाहरूले महत्वपूर्ण भूमिका खेल्दछन् । यी सरोकारवालाहरू पूर्णरूपमा एकरूपताका साथ काम गरे नेपाललाई खेल जगतमा विश्वस्तरमा खडा गर्न र देशमा खेल र खेलाडी प्रतिको प्रेमवृद्धि गर्न सघाउ पुऱ्याउँछ । "सबैका लागि खेलकुद"को वर्तमान सरकारको अभियानलाई सार्थक तुल्याउन खेलकुद पूर्वाधार निर्माण तथा सोको स्तरोन्नति तथा कुशल खेलाडीहरूको उत्पादन र तिनीहरूको विकासलाई सरकारी नीति तथा कार्यक्रममा विशेष प्राथमिकतामा राखिएको छ । काठमाडौं लगायत विभिन्न स्थानमा अन्तर्राष्ट्रियस्तरको खेलकुद परिसर निर्माण, अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान तथा रङ्गशाला निर्माणजस्ता खेलकुद क्षेत्रको भौतिक पूर्वाधार निर्माणमा देखिएको गतिले सरकारको क्रियाशिलता पछिल्ला दिनहरूमा बढेको देखिन्छ । अन्तर्राष्ट्रिय एवं राष्ट्रियस्तरको रङ्गशाला सार्वजनिकनिजी साझेदारीमार्फत निर्माण गरिने, संघीय, प्रादेशिक तथा स्थानीयस्तरमा सम्भाव्यताका आधारमा खेल प्रतिष्ठान र प्रशिक्षण केन्द्रको स्थापना गरिने, प्रतिभाशाली खेलाडीहरूको खोजी गरी तिनीहरूको लागि नियमित रूपमा स्वदेशी तथा वैदेशिक प्रशिक्षणको व्यवस्था गरिने, राष्ट्रको आर्थिक र सामाजिक विकासमा सहयोग पुऱ्याउने किसिमका विभिन्न परम्परागत, साहसिक, पर्यटकीय र मनोरञ्जनात्मक खेलकुद प्रतियोगिताहरू आयोजना गरिने लगायतका रणनीतिहरू चौधौं योजनामा समावेश गरिएको थियो ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

- खेलकुद पूर्वाधारको मापदण्डको पालना,
- खेलकुद पूर्वाधारको विकास र पर्याप्तता,
- खेलकुद पूर्वाधारको उपयोग, संरक्षण र अभिलेखीकरण,
- खेलकुद पूर्वाधार निर्माणमा संलग्न निकायको भूमिका ।

युवाको विकास र विस्तार एवं राष्ट्र निर्माणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्न खेलकुदको विकासको माध्यमबाट राष्ट्रिय एकता र गौरब बढाउने लक्ष्य लिई नेपाल सरकारबाट २०६५ भाद्र १५ मा युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको छ । यस मन्त्रालयले युवा विकास तथा परिचालन एवं खेलकुद विकासका लागि नीति निर्माण गर्ने, नीति कार्यान्वयनका लागि योजना तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाई सोको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने काम गर्दै आएको छ । नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ ले युवा तथा खेलकुद मन्त्रालयलाई युवा विकास तथा परिचालन र खेलकुद क्षेत्रको विकासका लागि जिम्मेवार र उत्तरदायी केन्द्रीय निकायका रूपमा स्थापित गरेको छ । खेलकुदका गतिविधिहरूलाई नियमितरूपमा सञ्चालन गर्नका लागि मन्त्रालय अन्तर्गत राष्ट्रिय खेलकुद परिषद् स्वायत्त संस्थाको रूपमा क्रियाशील छ ।

२. **कानुनी आधार –** खेलकुदसम्बन्धी नीतिगत व्यवस्था निम्नानुसार रहेका छन् :

संवैधानिक व्यवस्था –

२.१ मौलिक हक - बालबालिकाको हक(धारा ३९) : प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

२.२ सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति(धारा ५१) - स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गरिने ।

३. **राष्ट्रिय खेलकुद नीति, २०६७ –** नेपालको खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य मान्यता अनुसार विकास र विस्तार गर्न खेलकुदसम्बन्धी नीति तथा साङ्गठनिक संरचनामा समय सापेक्ष सुधार गर्ने उद्देश्यले जारी यस नीतिको दीर्घकालिन सोच **सबैका लागि खेलकुद**का माध्यमबाट स्वस्थ र तन्दुरूस्त, अनुशासित जनशक्ति तयार गर्नु तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा पदक हासिलगरेर मुलुकको प्रतिष्ठा अभिवृद्धि गरी खेलकुद क्षेत्रमा नेपाललाई सशक्त राष्ट्रको रूपमा स्थापित गर्नु रहेको छ । यस नीतिले निर्धारण गरेका मुख्य नीति तथा कार्यनीतिहरू निम्न छन् :

३.१ सबैको लागि खेलकुदको अवधारणा अनुरूप खेलकुद क्षेत्रलाई अनुशासित, मर्यादित एवं सुव्यवस्थित बनाउँदै राष्ट्रिय विकासको महत्वपूर्ण पक्षको रूपमा स्थापित गरिने ।

३.२ मुलुकमा भैरहेको खेलकुदका भौतिक पूर्वाधारको संरक्षण, सम्वर्द्धन तथा विकास गरी नयाँ पूर्वाधार निर्माण एवं ग्रामीण भौतिक पूर्वाधार विकास र विस्तारमा दातृ निकाय तथा स्थानीय निकायका स्रोत परिचालन गरिने ।

३.३ खेलकुदका भौतिक संरचना तथा पूर्वाधारहरूलाई अन्तर्राष्ट्रिय मूल्य, मान्यता तथा विधिबमोजिम परिमार्जन गरिने ।

३.४ खेलकुद विकास र विस्तारका लागि सरकारी, गैर सरकारी तथा निजी क्षेत्रका संस्थाहरूको एकीकृत समन्वय र सहकार्य गर्ने दृष्टिकोणले खेलकुदको संस्थागत संरचनामा समय सापेक्ष परिमार्जन गरिने ।

३.५ खेलकुद सम्बद्ध विभिन्न निकायहरूकाबीच समन्वय कायम गरी खेलकुदसम्बन्धी कार्यहरूमा प्रभावकारिता अभिवृद्धि गरिने ।

३.६ लैङ्गिक समानता र खेलकुदको माध्यमबाट राष्ट्रको प्रतिष्ठा हासिल गर्न महिलाहरूको सहभागितामा वृद्धि गर्न प्रोत्साहित गर्ने ।

३.७ प्रत्येक दुई-दुई वर्षमा बृहत राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने ।

३.८ विदेशमा रहेका हाई अल्टिच्युड ट्रेनिङ्ग सेन्टरहरूसँग समन्वय र सहकार्य गरी देशमा हाई अल्टिच्युड ट्रेनिङ्ग सेन्टरको स्थापना गरी यसको समयानुसार उचित विकास तथा विस्तार गर्ने ।

३.९ उपयुक्त संयन्त्र निर्माण गरी साहसिक तथा पर्यटकीय खेलको प्रशिक्षण र तालिमको व्यवस्था मिलाई प्रत्येक दुई दुई वर्षमा माउण्टेन स्पोर्ट्स फेस्टिवलको आयोजना गर्ने ।

३.१० विश्व विद्यालयहरूमा खेलकुदका न्यूनतम भौतिक पूर्वाधारहरू हुने व्यवस्था गर्ने ।

३.११ राष्ट्रिय खेलाडीहरूको कल्याण र सहयोगका लागि कानुनले व्यवस्था गरेको एक राष्ट्रिय खेलाडी कल्याणकारी कोषको स्थापना गर्ने ।

३.१२ प्रतिष्ठित राष्ट्रिय खेलाडीहरूले आफ्नो जीवनयापनका लागि रोजगारी प्राप्त गर्न नसकेको अवस्थामा निजहरूलाई राज्य कोषबाट विशेष खेलाडी भत्ता दिने व्यवस्था गर्ने ।

३.१३ अन्तर्राष्ट्रियस्तरमा उपलब्धि हासिल गरेका पूर्व खेलाडीहरूको अनुभव र क्षमताहरूलाई उपयोग गर्ने गरी खेलको व्यवसायीकरण गर्ने वातावरण बनाउने ।

राष्ट्रिय युवा नीति २०७२ – कूल जनसंख्याको करिब ४३ प्रतिशत जनसंख्या युवा रहेको नेपालले युवाको जनसांख्यिक लाभ लिने यो एउटा सुनौलो अवस्थालाई मध्यनजर गर्दै जारी गरिएको यो नीतिले खेलकुदका सम्बन्धमा निम्नानुसारका रणनीतिहरूलाई निर्धारण गरेको छ ।

३.१४ राष्ट्रिय गौरवको अभिवृद्धि गर्ने एक प्रमुख क्षेत्रको रूपमा खेलकुद क्षेत्रलाई संस्थागत रूपमा विकास गर्ने ।

३.१५ छुट्टै खेलकुद विश्व विद्यालयको रूपमा स्थापना गर्दै खेलकुद शिक्षालाई उच्च शिक्षाको एक विशेष संकायको अध्ययन विधाको रूपमा विकास गर्ने ।

३.१६ स्थानीय तहका वडास्तरमा संस्कृति तथा खेलकुद केन्द्रको रूपमा स्थापना गरी खेलकुदको विकेन्द्रिकृत विकास गर्ने ।

युथ भिजन २०२५ – युथ भिजन २०२५ ले नेपाली युवालाई सक्षम, प्रतिस्पर्धी र आत्म निर्भर बनाउँदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकास मार्फत आधुनिक, न्यायपूर्ण र समृद्ध नेपाल निर्माण भएको हुने भन्ने सोच तय गरेको छ । युवाका लागि गुणस्तरीय शिक्षा, रोजगारी र उद्यमशीलता, युवाको स्वास्थ्य र सामाजिक सुरक्षा, युवा परिचालन, सहभागिता र नेतृत्व विकास र खेल र मनोरञ्जनलाई आधार मानी ५ खम्बे रणनीति र कार्यक्रम तय गरेको छ । यस भिजनको पाचौँ आधार स्तम्भको रूपमा खेलकुद तथा मनोरञ्जन अन्तर्गत निम्नानुसारका १० वर्षे रणनैतिक लक्ष्यहरू तोकिएको छ :

३.१७ दक्षिण एसियाली खेलकुदमा सम्मानजनक पदक हासिल, एसियाली खेलमा सम्मानजनक प्रतिस्पर्धा र पदक हासिल, ओलम्पिक खेलमा पदकमा प्रवेश र आईसिसि एक दिवसीय क्रिकेट खेलमा मान्यता प्राप्त गरी विश्वकपमा प्रवेश गरेको हुने ।

३.१८ खेल पूर्वाधार तथा मनोरञ्जनका क्षेत्रमा व्यापक सुधार विस्तार गर्न हालको लगानीमा वृद्धि गरी कुल बजेटको २ प्रतिशत पुऱ्याइएको हुने ।

३.१९ खेलकुदलाई विद्यालयस्तरबाट विकास गर्न एक माध्यमिक विद्यालय एक खेल मैदान र एक खेल शिक्षकको व्यवस्था भएको हुने ।

विषयसँग सम्बन्धित कानुनी व्यवस्था (ऐन, नियमावली, विनियम तथा कार्यविधिहरू)

३.२० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७५ र नियमावली, २०६४

३.२१ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४,

३.२२ खेलकुद विकास ऐन, २०४८ र नियमावली, २०५५

३.२३ राष्ट्रिय खेलकुद नीति, २०६७

३.२४ राष्ट्रिय युवा नीति, २०७२

३.२५ युथ भिजन, २०२५ तथा दश वर्षे रणनीतिक योजना र कार्यक्रम

३.२६ आवधिक योजना बजेट तथा वार्षिक कार्यक्रम

३.२७ आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२, अन्तःशुल्क ऐन, भन्सार ऐन तथा नियमावलीहरू

३.२८ स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि, २०७५

३.२९ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता निर्देशीका २०७०

३.३० नेपाल स्काउट ऐन, २०५०

३.३१ राष्ट्रिय युवा परिषद् ऐन, २०७२ र नियमावली २०७३

३.३२ राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि, २०७२

३.३३ सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५

४. **संगठनात्मक संरचना –** खेलकुदका गतिविधिहरूलाई नियमित रूपमा सञ्चालन गर्नका लागि मन्त्रालय अन्तर्गत राष्ट्रिय खेलकुद परिषद् स्वायत्त संस्थाको रूपमा क्रियाशिल छ । खेलकुद विकास ऐन, २०४८ द्वारा सञ्चालित उक्त परिषद् अन्तर्गत प्रदेश तथा जिल्लाका खेलकुद गतिविधिहरू सञ्चालन तथा विभिन्न खेलकुद संरचनाहरूको निर्माण कार्य हुनेगर्दछ । नेपालमा खेलकुद क्षेत्रको विकास तथा पूर्वाधार निर्माणमा संलग्न निकायहरूको संरचना निम्नानुसार रहेको छ ।



५. **निकायको सोच, लक्ष्य, उद्देश्य र रणनीति –** स्वस्थ र अनुशासित नागरिकको विकास गर्दै राष्ट्रको प्रतिष्ठा वृद्धि गर्न र विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवं समुदायबीच एकता कायम गरी राष्ट्रिय विकासको अभियानमा एकजुट बनाउन खेलकुद क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। खेलकुदलाई अन्तर्राष्ट्रियस्तरको मापदण्ड अनुकूल बनाउदै यसको समय सापेक्ष विकासको लागि खेलकुद विकास ऐन, २०४८, खेलकुद विकास नियमावली, २०५५, स्थानीय तहमा खेलकुद पूर्वाधारसम्बन्धी कार्यविधि, २०७५ लगायत विभिन्न नीतिगत व्यवस्था जारी भई कार्यान्वयनमा ल्याइएको छ। खेलकुद क्षेत्रको विकास मार्फत राष्ट्रिय आर्थिक विकासमा योगदान पुऱ्याउने सन्दर्भमा स्थापना भएका मन्त्रालय, परिषद् तथा अन्य निकायहरूसँग सम्बन्धित मुख्य लक्ष्य तथा उद्देश्यहरू निम्नानुसार छन् :

५.१ सबैको लागि खेलकुदको अवधारणा अनुरूप खेलकुद क्षेत्रलाई अनुशासित, मर्यादित एवं सुव्यवस्थित बनाउँदै राष्ट्रिय विकासको महत्वपूर्ण पक्षको रूपमा स्थापित गर्नु।

५.२ प्रतिभाशाली खेलाडीहरूको खोजी गर्नुका साथै स्थानीय र राष्ट्रियस्तरमा खेलकुद प्रशिक्षण तथा प्रतियोगिताहरू मार्फत खेलाडीहरूको विकास गर्नु।

५.३ खेलकुदसँग सम्बद्ध विभिन्न निकायहरूकाबीच समन्वय कायम गरी खेलकुदसम्बन्धी कार्यहरूमा प्रभावकारिता अभिवृद्धि गर्नु।

६. **निकायको सञ्जाल तथा क्षेत्र –** खेलकुद क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकास गर्दै युवा जनशक्तिलाई स्वस्थ, सक्षम र राष्ट्रिय गौरवमा उपयोग गर्ने उद्देश्यले खेलकुल पूर्वाधारको विकास र खेलकुदसम्बन्धी आवश्यक नीति नियम तथा कार्यनीतिहरू बनाउने सम्बन्धमा नेपाल सरकार कार्यविभाजन नियमावली, २०७५ अनुरूप युवा तथा खेलकुद मन्त्रालय र यस अन्तर्गत राष्ट्रिय खेलकुद परिषद्को संस्थागत व्यवस्था गरेको छ। मन्त्रालयको मुख्य कार्यक्षेत्र युवा, खेलकुद र स्काउटिङ्गसँग सम्बन्धित छ। यसअनुसार खेलकुदको विकास, विस्तार र प्रबर्द्धन मन्त्रालयको मुख्य जिम्मेवारी भित्र पर्न आउँछ। यस अन्तर्गत खेलकुदसम्बन्धी नीति, योजना, कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, खेलकुदसम्बन्धी विषयको अध्ययन, अनुसन्धान र सर्वेक्षण, खेलकुदसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध तथा प्रतिनिधित्व, खेलकुदसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम, खेलकुदसम्बन्धी विषयमा सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको परिचालन, क्षमता विकास, राष्ट्रिय खेलकुद परिषद् तथा खेलकुदसम्बन्धी अन्य राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थासँग समन्वयका गतिविधिहरू सञ्चालन, देशमा खेल पर्यटनको विकासका लागि सम्बन्धित स्वदेशी तथा विदेशी सरोकारवालाहरूसँग समन्वय र सहकार्य, स्थानीय तह, प्रदेश तथा केन्द्रबाट निर्माणहुने खेलकुद पूर्वाधारसम्बन्धी कार्यहरूको समन्वय मन्त्रालयको कार्यक्षेत्र भित्र रहेको छ।

मन्त्रालयले नीति निर्माण, नियमन तथा समन्वयको कार्य गर्दछ भने राष्ट्रिय खेलकुद परिषद्ले नीतिको कार्यान्वयन तथा आफु अन्तर्गतका निकायहरूको नियमनको कार्य गर्दछ। हाल मन्त्रालय अन्तर्गत राष्ट्रिय खेलकुद परिषद् स्वायत्त संस्थाको रूपमा क्रियाशिल छ भनेपरिषद् अन्तर्गत ७ क्षेत्रीय खेलकुद विकास समिति, ७७ जिल्ला खेलकुद विकास समितिकार्यरत छन् भने १८१ विषयगत खेलकुद संघ तथा

महासंघहरू दर्ता भएका छन् ।यसका साथै ७ प्रदेशको सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहहरूले समेतखेलकुद क्षेत्रको विकासका तथा पूर्वाधार निर्माणका कार्य गर्दै आएका छन् ।

७. **आवधिक योजना तथा बजेटमा उल्लेख रणनीति, कार्यनीति, कार्यक्रम र क्रियाकलाप –**

चौधौ आवधिक योजना (२०७३/७४) देखि (२०७५/७६) ले लिएका रणनीति तथा कार्यनीति – आवधिक योजनामा खेलकुद विकाससँग सम्बन्धित रहेका मुख्य व्यहोराहरू निम्नानुसार रहेका छन् :

रणनीति –

- निजी क्षेत्रको संलग्नतासमेत बढाई खेलकुदको विकासका लागि भौतिक पूर्वाधार निर्माण, विकास र विस्तार गर्ने ।
- समयसापेक्ष अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण प्रदान गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताको आयोजना तथा यस्ता प्रतियोगितामा हुने सहभागितामा गुणात्मक वृद्धि गर्ने ।
- स्काउटिङका क्रियाकलापहरूलाई प्रभावकारी रूपमा विस्तार तथा सुदृढीकरण गर्ने ।
- खेलकुदका स्थानीय तथा राष्ट्रियस्तरका भौतिक संरचना तथा पूर्वाधारहरूलाई अन्तर्राष्ट्रियस्तरको मापदण्डबमोजिम सुधार गरिने ।
- विद्यालय र विश्वविद्यालयहरूमा खेलकुदको पूर्वाधार निर्माण कार्यलाई प्रोत्साहन गरिने ।
- अन्तर्राष्ट्रिय एवं राष्ट्रियस्तरको रङ्गशाला सार्वजनिकनिजी साझेदारीमार्फत निर्माण गरिने ।
- संघीय, प्रादेशिक तथा स्थानीयस्तरमा सम्भाव्यताका आधारमा खेल प्रतिष्ठान र प्रशिक्षण केन्द्रको स्थापना गरिने ।
- प्रतिभाशाली खेलाडीहरूको खोजी गरी तिनीहरूको लागि नियमित रूपमा स्वदेशी तथा वैदेशिक प्रशिक्षणको व्यवस्था गरिने ।
- राष्ट्रको आर्थिक र सामाजिक विकासमा सहयोग पुऱ्याउने किसिमका विभिन्न परम्परागत, साहसिक, पर्यटकीय र मनोरञ्जनात्मक खेलकुद प्रतियोगिताहरू आयोजना गरिने ।
- खेल क्षेत्रको विकास र विस्तारमा योगदान पुऱ्याउने तथा उत्कृष्ट खेल कौशल प्रदर्शन गर्ने व्यक्तिलाई प्रोत्साहन गरिनुका साथै खेलकर्मीहरूको सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरिने ।
- खेलकुदको विकास र विस्तारका लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरूसँग एकीकृत रूपमा, समन्वय र सहकार्य गर्दै खेलकुदको संस्थागत संरचनामा समयसापेक्ष सुधार गरिने ।

पन्ध्रौ योजना (२०७६/७७ – २०८०/८१) आधार पत्रमा उल्लेख भएका नीति तथा रणनीतिहरू – खेलकुद विकासका लागि पर्याप्त पूर्वाधार तथा खेल सामाग्रीको कमि हुनु, विद्यमान पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू नियमित रूपमा आयोजना गर्न नसक्नु जस्ता विद्यमान समस्याहरूको समाधान गर्दै सबैको लागि खेलको अभियानलाई सार्थक बनाउन निम्नानुसारका रणनीतिहरूको तय गरिएको छ :

- सबै तहसँगको समन्वय र सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने ।
- खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
- खेलकुद विकासमा आवद्ध निकाय, संघसंस्थाहरूको क्षमता विकास तथा संस्थाहरूमा सुशासन प्रवर्द्धन गर्ने ।
- प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने ।
- आर्थिक र सामाजिक विकासका लागि खेलकुद गतिविधिलाई प्राथमिकता दिने ।

२०७५/७६ को वजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रम –

- बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकासका लागि खेलकुदलाई जोड दिइएको ।
- स्थानीय तहको सहकार्यमा प्रत्येक स्थानीय तहमा सम्भाव्यताको आधारमा रङ्गशाला, खेल मैदान, युवा क्लव तथा विचरण पार्क क्रमिक रूपमा स्थापना गर्न आवश्यक बजेट व्यवस्था गरिएको । सबै प्रदेशहरूमा न्यूनतम एक प्रदेश स्तरीय रङ्गशाला निर्माण गर्न बजेट व्यवस्था गरिएको ।
- अन्तर्राष्ट्रिय जगतमा खेलकुद मार्फत नेपालको पहिचान स्थापना गर्न अठारौँ एशियाली खेलकुद र तेह्रौ दक्षिण एसियाली खेलकुद प्रतियोगिताको तयारी एवं पूर्वाधार निर्माण र आठौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न गर्न रू.२ अर्ब ४ करोड विनियोजन गरिएको ।

८. **बजेट तथा खर्चकोव्यवस्था –** युवा तथा खेलकुद विकासका लागि २०७५/७६ मा कुल रू. ३ अर्ब ७५ करोडमध्ये चालु तर्फ रू.१ अर्ब ५१ करोड र पूँजीगत तर्फ रू.२ अर्ब २४ करोड विनियोजन गरेको देखिन्छ ।

खेलकुद क्षेत्रको विकास मार्फत राष्ट्रिय क्षमता तथा अन्तर्राष्ट्रियस्तरमा पहिचानलाई अभिवृद्धि गर्दै खेलकुद क्षेत्रमा नीति नियमको तर्जुमा र सोको प्रभावकारी कार्यान्वयनको लागि स्थापना भएका युवा तथा खेलकुद मन्त्रालय र अन्तर्गतका निकायहरूमा व्यवस्था भएको बजेटलाई निम्नानुसार उल्लेख गरिएको छ:

(रू.हजारमा)

निकाय	२०७३/७४		२०७४/७५		२०७५/७६	
	वार्षिक वजेट	निकासा खर्च	वार्षिक वजेट	निकासा खर्च	वार्षिक वजेट	निकासा खर्च
युवा तथा खेलकुद मन्त्रालय	२,५८,०३७	२,१२,६९८	३,०३,१३६	२,२८,६४२	१,२२,२४०	१,०३,८९३
राष्ट्रिय खेलकुद परिषद्	१८,२१,६१३	१८,२१,६१३	१८,२८,७२१	१६,४४,६५१	३५,६८,५००	३१,४१,२९२

(स्रोत : मन्त्रालय तथा परिषद्को पत्र)

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

९. **औचित्य –** 'सबैको लागि खेल' भन्ने सरकारको नारालाई सार्थकता दिँदै खेलकुद मार्फत राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नुका साथै अन्तर्राष्ट्रियस्तरमा नेपालको क्षमता प्रदर्शन गर्न समेत खेलकुद क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । युवा नीति, खेलकुद नीति, युथ भिजन २०२५ लगायतले खेलकुदको विकाससम्बन्धी लक्ष्य तथा उद्देश्य राख्नुका साथै दीगो विकास लक्ष्य २०३० को तेस्रो लक्ष्यको रूपमा स्वस्थ जीवन र जीवनयापन (Good Health and Wellbeing) मार्फत नेपालले खेलकुदसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत जनाएको छ । खेलकुद युवाको स्वास्थ्यसँग सरोकार राख्ने विषय हुनुका साथै यसले मुलुकको आर्थिक समृद्धिको आधारको रूपमा रहेको पर्यटन समेतमा योगदान दिनसक्ने भएकोले यो हालैका दिनहरूमा आम नागरिक तथा सरोकारवालाहरूको चासोको विषय बनेको छ । खेलकुदको विकासको अवस्था, पूर्वाधार योजनाको अवस्था, उपलब्ध पूर्वाधारको उचित सदुपयोग तथा आवश्यक मर्मत सम्भार, मौजूदा नीतिको कार्यान्वयको स्थिति, आवश्यक बजेटको उपलब्धता एवंउपयोग तथा खेलकुदमा सम्बद्ध निकायहरूको कार्यदक्षताको मूल्याङ्कन मार्फत सरकारलाई प्रतिवेदन गर्न कार्यमूलक लेखापरीक्षणको लागि यो विषय छनौट गरिएको हो ।

१०. **उद्देश्य –** खेलकुद पूर्वाधारको निर्माण तथा विकाससम्बन्धी कार्यमा संलग्न निकायहरूमा उपलब्ध स्रोत र साधनको उपयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता सम्बन्धमा देहायबमोजिम मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ :

- खेलकुद भौतिक पूर्वाधार निर्माणको मापदण्डको पालना, निर्माण र पर्याप्तताको मूल्याङ्कन गर्नु ।
- निर्माण भएका खेलकुद पूर्वाधारको उपयोग, संरक्षण तथा व्यवसायीकरणको मूल्याङ्कन गर्नु ।
- खेलकुद पूर्वाधार निर्माणमा संलग्न निकायहरूको कार्यसम्पादन र प्राप्त उपलब्धिको विश्लेषण गर्नु ।

११. **क्षेत्र –** यस लेखापरीक्षणमा नेपाल सरकारबाट निर्माण भएका खेलकुद पूर्वाधार तथा संरचनाहरूको मात्र विश्लेषण गरिएको छ । लेखापरीक्षणमा युवा तथा खेलकुद मन्त्रालय तथा राष्ट्रिय खेलकुद परिषद्बाट सञ्चालन भएका खेलकुदसम्बन्धी कार्यक्रमहरू समावेश गरिएको छ । लेखापरीक्षणमा खेलकुद भौतिक पूर्वाधार निर्माणको मापदण्ड, निर्माण, पर्याप्तता, उपयोग, संरक्षण, व्यवसायीकरण तथा पूर्वाधार निर्माणमा संलग्न निकायहरूको कार्यसम्पादन र प्राप्त उपलब्धि जस्ता पक्षहरूलाई अध्ययन विश्लेषण गरी देखिएका समस्या सन्दर्भमा सुझाउ पेश गरिएको छ । अध्ययनलाई प्रभावकारी रूपमा प्रस्तुत गर्नका लागि उपलब्ध भएसम्म कम्तिमा ३ वर्षका तथ्याङ्क सङ्कलन गरी सोको विश्लेषण गरिएको छ ।

१२. **पद्धतिर विधि –** लेखापरिक्षणमा निम्नानुसार पद्धति तथा विधि अवलम्बन गरिएको छ :

पद्धति – महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजनाले निर्दिष्ट गरेबमोजिम कार्यमूलक लेखापरीक्षणको क्रममा खेलकुद विकाससम्बन्धी नीतिगत एवंकानुनी व्यवस्था, खेलकुदको भौतिक पूर्वाधारको स्थितिका तथा सोसम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डको तुलनात्मक अध्ययन मूल्याङ्कन र विश्लेषण गरिएको छ । यस कार्यमूलक लेखापरीक्षणमा मुख्य रूपमा समस्यामूलक पद्धतिको अवलम्बन गरिएको छ । सोको अतिरिक्त खेलकुद भौतिक पूर्वाधार निर्माण अवस्था, पर्याप्तता, उपयोग, संरक्षण, व्यवसायीकरण जस्ता विषयहरूको सन्दर्भमा नतिजामूलक पद्धति अवलम्बन गरिएको छ ।

विधि – लेखापरीक्षण उद्देश्य र अनुशीलन श्रृङ्खला अन्तर्गत सम्बन्धित निकायबाट प्राप्त सूचना, विवरण र जानकारीका आधारमा अन्तर्रनिहित जोखिम, जोखिम नियन्त्रण वातावरण तथा अवशिष्ट जोखिमको मूल्याङ्कन, विश्लेषण, संभावना र असर तथा परीक्षण गर्ने विषयको पहिचान गरी लेखापरीक्षण कार्य गरिएको छ । सञ्चालित कार्यहरूको विवरणको विश्लेषण गरी देखिएका जोखिम क्षेत्र एवं तात्विक महत्वका विषयहरूलाई थप पुष्ट्याँई प्राप्त गर्न प्रश्नावली एवं विवरणबाट जानकारी लिने, स्थलगत भ्रमण समेतबाट स्थितिको अवलोकन र सम्बन्धित पदाधिकारी र सरोकारवालासँग छलफल गरिएको छ । खेलकुद विकासको क्षेत्रमा कार्यरत निकाय तथा व्यक्तित्व र सरोकारवाला, सम्बन्धित खेलका विज्ञ, प्रशिक्षक, खेलाडी, कर्मचारी, प्राविधिक तथा विभिन्न संघसंस्थाका पदाधिकारीसँग छलफल गरिएको छ । लेखापरीक्षणका क्रममा मूलपानी क्रिकेट रङ्गशाला, दशरथ रङ्गशाला, कीर्तिपुर क्रिकेट रङ्गशाला, सातदोबाटो खेलकुद परिसर भित्र निर्माण भएका खेलकुद संरचना लगायत तेह्रौं साउथ एशियन गेम्सको क्रममा काठमाडौ, पोखरा तथा जनकपुरमा निर्माण भएका खेलकुद पूर्वाधारहरूको स्थलगत अवलोकन गरिएको छ ।सङ्कलन गरिएका सूचना तथा तथ्याङ्क, फाराम, टिप्पणी र सुझाउ समेतको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ ।

१३. **सीमा –** प्राप्त सूचना, अभिलेख, विवरण, सम्बन्धित निकायसँग प्रश्नावली, सरोकारवालासँगको अन्तरवार्ता तथा सीमित वित्तीय स्रोतबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ । प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा प्रयोग गरिने स्रोत साधन आदि सीमितता रहेका छन् । साथै विद्यालय क्याम्पसमा रहेका खेलकुद पूर्वाधारहरूको अध्ययन यसमा गरिएको छैन ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

खेलकुदको भौतिक पूर्वाधार निर्माण मापदण्ड, निर्माण अवस्था, पर्याप्तता, उपयोग, संरक्षण, तथा पूर्वाधार व्यवस्थापनमा संलग्न निकायहरूको भूमिका लगायतका विषयहरूमा केन्द्रित भई गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१४. **संगठन संरचना –** नेपालको संविधानको अनुसूची ९ मा खेलकुद क्षेत्र संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा रहेको छ । हाल नेपालको समग्र खेलकुद क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनकालागि केन्द्रीय निकायको रूपमा युवा तथा खेलकुद मन्त्रालय रहेको छ । खेलकुद विकास ऐन, २०४८ ले राष्ट्रिय खेलकुदपरिषद्को स्थापना र यसले गर्ने कामहरू तोकी सोमध्ये आवश्यकतानुसार नेपाल भर रङ्गशाला तथा खेलकुद मैदानको निर्माण गरी तिनीहरूको संरक्षण तथा रेखदेख गर्ने उल्लेख गरेको छ । उक्त ऐनबमोजिम परिषद् अन्तर्गत ७ क्षेत्रीय खेलकुद विकास समिति तथा ७७ जिल्ला खेलकुद विकास समिति स्थापना भई कार्यरत छन् । प्रदेशस्तरमा खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन, राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजनाको कार्य सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछ । यसका साथै स्थानीय

तथा जिल्लास्तरमा खेलकुद विकास, प्रवर्द्धन तथा प्रतियोगिता सञ्चालन लगायतका कार्य स्थानीय तहको क्षेत्राधिकार भित्र पर्दछ। केही प्रदेशहरूमा प्रदेश खेलकुद विकास बोर्ड/परिषद् स्थापनाको कार्य अघि बढेको छ। जस्तैः प्रदेश नं १ मा प्रदेश खेलकुद ऐन, २०७६ को व्यवस्था भई प्रदेश खेलकुद विकास बोर्ड गठन, प्रदेश नं ५ मा प्रदेश खेलकुद विकास ऐन २०७६ को व्यवस्था भई प्रदेश खेलकुद परिषद् स्थापनाको कार्य अघि बढेको छ। उक्त ऐनहरूमा प्रदेश खेलकुद बोर्ड/परिषद् अन्तर्गत जिल्ला खेलकुद विकास समिति गठन गर्ने व्यवस्था छ।

यसरी खेलकुद विकास ऐन, २०४८ को व्यवस्थाबमोजिम परिषद् अन्तर्गत जिल्ला खेलकुद विकास समिति कार्यरत रहनु तथा प्रदेश खेलकुद विकास ऐनबमोजिम सम्बन्धित प्रदेशको खेलकुद विकास बोर्ड/परिषद् अन्तर्गत जिल्ला खेलकुद विकास समिति स्थापना कार्य अगाडि बढ्नुमा अन्तरसरकारी समन्वयको अभावमा २ समानान्तर संरचना स्थापना भई कार्यरत रहेको देखिन्छ। संघीय संरचनाबमोजिम खेलकुद संगठन संरचना स्थापना गरी खेलकुद कार्यक्रम अगाडि बढाउनुपर्नेमा आवश्यक कानुन बन्न ढिलाईले गर्दा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सामान्जस्य हुने गरी संरचनाहरू स्थापना हुनसकेको छैन। हालसम्म पुरानै संरचना अनुसार क्षेत्रीय खेलकुद विकास समिति मार्फत खेलकुद कार्यक्रम तथा प्रतियोगिताहरू सञ्चालन भइरहेका छन्।

सुझाउ – मुलुकको संघीय संरचनासँग तादात्म्यता राख्ने गरी बनेको कानुनबमोजिम प्रदेश सरकारसँग समन्वय गरी राष्ट्रिय खेलकुद परिषद्ले अन्तर्गतका संगठनहरू पुर्नसंरचना गर्नुपर्दछ। साथै संघ, प्रदेश, स्थानीय तह, राष्ट्रिय खेलकुद परिषद् तथा प्रदेश खेलकुद विकास बोर्ड/परिषद्हरूले खेलकुद विकासका लागि सञ्चालन गर्ने कार्यक्रम तथा पूर्वाधार निर्माणको कार्य क्षेत्र स्पष्ट निर्धारण गरिनुपर्दछ।

१५. **पूर्वाधार मापदण्ड –** खेलकुद क्षेत्रको एकीकृत तथा सन्तुलित विकासको लागि दीर्घकालीन सोच आवश्यक हुन्छ। नेपालको खेलकुद क्षेत्रको समग्र विकासको मुख्य जिम्मेवार निकाय युवा तथा खेलकुद मन्त्रालय एवं राष्ट्रिय खेलकुद परिषद्लेसमग्र खेलकुद क्षेत्रको पूर्वाधार विकासका लागि गुरूयोजना (Master Plan) तयार गर्नुपर्नेमा सो कार्य गरेको पाइएन। खेलकुद संरचना निर्माणका लागि आवश्यक मापदण्ड जस्तै खेलकुद पूर्वाधार निर्माण गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य रहेतापनि हालसम्म कुनै पनि पूर्वाधार निर्माण गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गरेको छैन्। त्यस्तै संरचना निर्माण गर्नु पूर्व उक्त संरचनामा खेल सञ्चालन हुने वार्षिक औसात प्रतिशत निर्धारण नगर्ने गरेको पाइयो। नेपाल सरकार बाहेक अन्य निकायबाट निर्माण हुने खेलकुद संरचनाका लागि अन्य निकायले मन्त्रालयबाट निर्माण स्वीकृति लिने व्यवस्था अनिवार्य रहेको पाइएन। गुरूयोजना तयार नहुनाले खेल प्रतियोगिता आयोजनाको लागि आवश्यक पूर्वाधारहरूको आधारमा तथा नीतिगत निर्णयको आधारमा खेल संरचनाहरू निर्माण हुने गरेका छन् ।यसले योजनाबद्ध रूपमा खेलकुद पूर्वाधारको विकास, विस्तार र उपयोग हुने देखिँदैन।

सुझाउ – संघ, प्रदेश, स्थानीय तह सबैले खेल विधा र स्थान चयन सहितको प्रशिक्षण र प्रतियोगिताका लागि खेल पूर्वाधार विकास गुरूयोजना बनाउनुपर्दछ। साथै खेलकुद पूर्वाधार निर्माण तथा सञ्चालनको लागि न्यूनतम मापदण्ड तय गरी अनिवार्य लागु गर्नुपर्दछ।

१६. **बजेट सुनिश्चितता –** बजेट तर्जुमा दिग्दर्शनको आधारमा बजेट तथा स्रोतको अनुमान, तर्जुमा तथा विनियोजन हुने व्यवस्था छ। युथ भिजन २०२५ को पाँचौ आधार स्तम्भ खेलकुद तथा मनोरञ्जन अन्तर्गत १० वर्षे रणनैतिक लक्ष्यहरूमा खेल पूर्वाधार तथा मनोरञ्जनका क्षेत्रमा व्यापक सुधार विस्तार गर्न हालको लगानीमा वृद्धि गरी २०२० सम्ममा कुल बजेटको १.५ प्रतिशत तथा २०२५ सम्म कुल बजेटको २ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। युथ भिजन २०२५ लागु भएपश्चात् विगत ४ आर्थिक वर्षमा युवा तथा खेलकुद मन्त्रालयलाई छुट्याइएको बजेटसम्बन्धी विवरण निम्नानुसार छ।

(रु.हजारमा)

आर्थिक वर्ष	कुल बजेट	मन्त्रालयको कुल बजेट	कुल बजेटमा प्रतिशत
२०७३/७४	१०४८९२१३	२४००४	०.२२८
२०७४/७५	१२७८९९४८	२२४२४	०.१७५
२०७५/७६	१३१५१६१७	३७५५४	०.२८
२०७६/७७	१५३२९६७१	३४७५१	०.२२६

(स्रोत : अर्थ मन्त्रालय, रातो किताब, युवा तथा खेलकुद मन्त्रालयको बजेट)

युथ भिजन २०२५ मा खेलकुद क्षेत्रमा लगानीमा वृद्धि गर्दै लैजानेलक्ष्य सूचकाङ्क अनुरूप २०२० सम्ममा कुल बजेटको १.५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा कुल बजेटमा युवा तथा खेलकुद मन्त्रालयको बजेट २०७६/७७ मा जम्मा ०.२२६ प्रतिशत रहेको छ भनेविगत ४ वर्षमा औसत ०.२२७ प्रतिशत मात्र रहेको छ। मन्त्रालयको मातहत खेलकुद पूर्वाधारका बिकासको कार्य राष्ट्रिय खेलकुद परीषदले गर्दै आएको छ। तर परीषदलाई २०७३/७४ र २०७४/७५ पूर्वाधार निर्माणमा बजेट विनियोजन गरिएन। आठौ राष्ट्रिय खेलकुद र दक्षिण एशियाली खेलकुद आयोजनाको तयारी गर्न २०७५/७६ मा रु.२ अर्ब १८ करोड ७२ लाख २०७६/७७ मा रु.२ अर्ब ५ करोड २५ लाख बजेट व्यवस्था गरिएको भए पनि तत्पश्चात सार्वजनिक निर्माणमा २०७७/७८ मा रु.१८ करोड मात्र बजेट व्यवस्थागरिएको छ। खेलकुद क्षेत्रमा वार्षिक लगानी बढाउँदै लैजानुपर्नेमा सो नभएको हुँदा युथ भिजन २०२५ को लक्ष्य हाँसिल हुन नसक्ने देखिन्छ। साथै खेलकुद क्षेत्रको विकास तथा पूर्वाधार निर्माण गर्दा योजनागत रूपमा नभई टुक्रे रूपमा बजेट विनियोजन गरी निर्माण कार्य हुने गरेको देखिन्छ। बहुवर्षीय आयोजनाहरूमा आवश्यक बजेटको सुनिश्चितता नहुँदा तयार गरिएको खेलकुद गुरूयोजना तोकिएको समयमा सम्पन्न हुनसकेको देखिदैन। यसरी टुक्रे रूपमा हुने पूर्वाधार निर्माण कार्य तोकिएको समयमा निर्माण सम्पन्न नहुने, दिगो नहुने तथा सोको मर्मतसंभारमा बढी रकम खर्च हुने देखिन्छ। खेलकुद क्षेत्रको विकासका लागि लगानी गर्ने सम्बन्धमा संघीय सरकारको धारणा प्रष्टरहेको पाइएन।

सुझाउ – खेलकुद क्षेत्र विकास गर्ने सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् तथा खेलकुद क्षेत्र समेटने प्रदेश स्तरीय मन्त्रालयहरूले खेल विधा, क्षेत्र तथा पूर्वाधारको वास्तविक आवश्यकता पहिचान गरी त्यसको संभाव्यता अध्ययन तयार गरी बजेट माग गर्नुपर्दछ। त्यसतै नेपाल सरकारले सोको आधारमा बजेट सुनिश्चितता गरी लगानी गर्नुपर्दछ। साथै युथ भिजन २०२५ को लक्ष्य अनुरूप खेलकुद क्षेत्रको विकासका लागि वार्षिक लगानी वृद्धि गर्दै लैजानु पर्दछ।

१७. **सार्वजनिक निजी साझेदारी –** पूर्वाधार विकासको विषयमा सार्वजनिकनिजी साझेदारी नीति, २०७२ मा सार्वजनिक पूर्वाधार तथा सेवाहरूको विकास, पुनर्निर्माण तथा सञ्चालनको क्षेत्रमा निजी लगानी आकर्षण गर्ने नीति रहेको छ। त्यसै अनुरूप चौधौं योजनाको कार्यनीति (३) मा सार्वजनिक निजी साझेदारीमा अन्तर्राष्ट्रिय एवं राष्ट्रियस्तरको रङ्गशाला निर्माण गर्ने कार्यनीति रहेको छ। राष्ट्रिय खेलकुद नीति, २०६७ को नीति २ (ख) (आ) अनुसार जिल्लाहरूमा भौतिक पूर्वाधार सुविधा निर्माणका लागि लोकप्रिय कार्यक्रम ल्याई निजी तथा अन्य क्षेत्रलाई प्रोत्साहन गरी खेलकुद पूर्वाधार निर्माण गर्ने नीति रहेको छ। युवा तथा खेलकुद मन्त्रालयले तयार गरेको युथ भिजन २०२५ को कार्यान्वयन कार्ययोजनाको पाँचौ आधार स्तम्भ खेलकुद र मनोरञ्जन अन्तर्गत खेलकुद पूर्वाधार विकासका लागि सार्वजनिक निजी साझेदारी नीति अवलम्बन गरिने उल्लेख छ। विश्वस्तरको खेलकुद क्षेत्रमा आफ्नो वर्चस्व कायम गर्न सफल विभिन्न देशहरूले सार्वजनिक निजी साझेदारीमा पूर्वाधार निर्माणको अवधारणा अवलम्बन गरी खेलकुद संरचना निर्माण गरेको पाइन्छ। जस्तै चीनमा एक लाख दर्शक अटाउने राष्ट्रिय ओलम्पिक रङ्गशाला, सिंगापुरमा ५५ हजार दर्शक अटाउने स्पोर्टस् हब, बेलायतमा ८० हजार दर्शक अटाउने ओलम्पिक पार्क, अमेरिकामा ७२ हजार दर्शक अटाउने सेञ्चुरी लिंकफिल्ड एण्ड इभेण्ट सेण्टर, भारतमा २० हजार दर्शक अटाउने एरिना रङ्गशाला जस्ता व्यवसायिक विविधीकरण सहितकाठूला बहुखेल रङ्गशाला सार्वजनिकनिजी साझेदारी अवधारणामा निर्माण भएका छन्।

चौधौं योजनाको कार्यनीति, खेलकुद विकास नीति तथा युथ भिजन २०२५ को कार्यान्वयन कार्ययोजना बमोजिम नेपालमा हालसम्म कुनै पनि रङ्गशाला तथा खेलकुद संरचना सार्वजनिक निजी साझेदारीमा निर्माण भएको पाइएन। नीतिमा उल्लेख भएअनुसार नीजि क्षेत्रको लगानीलाई सुरक्षित गर्न संरचना सञ्चालन, शुल्क निर्धारण, पूर्वाधारबाट हुने मुनाफाको वितरण र जग्गा उपलब्धता, मर्मतसम्भार व्यवस्था, कर छुट लगायतका सुविधाका बिषयहरू समेटी लगानी आर्कषित गर्ने कार्यक्रम नल्याएको हुँदा नेपालमा हालसम्म कुनै पनि रङ्गशाला तथा खेलकुद संरचनामा निजी क्षेत्रको साझेदारी रहेको छैन। यसले गर्दा सरकारको सीमित स्रोत माथि खेलकुद बजेटको भारमा कमी नहुनुका साथै खेलकुदको व्यवसायीकरण समेत पनि हुनसकेको छैन्। विभिन्न ट्रष्ट, गैरसरकारी संस्था तथा निजी क्षेत्रबाट खेलकुद क्षेत्रमा लगानी तथा पूर्वाधार निर्माणका काम हुँदै आएको जस्तै धुर्मुस सुन्तली फउण्डेसनबाट चितवनमा क्रिक्रेट रङ्गशाला

निर्माण लगायतका काम भइरहेको पाइन्छ । अन्य क्षेत्रबाट निर्माण हुने खेलकुद संरचनाका लागि मन्त्रालय तथा परिषद्सँग अनुमति लिनुपर्ने व्यवस्था रहेको छैन । साथै युवा तथा खेलकुद मन्त्रालय तथा राष्ट्रिय खेलकुद परिषद्सँग अन्य क्षेत्रबाट निर्माण सम्पन्न तथा निर्माणाधीनखेलकुद पूर्वाधारहरूसम्बन्धी कुनै पनि विवरण छैन ।

सुझाउ – लगानीको सुरक्षा र प्रतिफलको सुनिश्चितता गर्ने कार्यविधि र कार्यक्रम तयार गरी खेलकुद पूर्वाधार विकासमा निजीक्षेत्रको लगानी र साझेदारी आकर्षित गर्नुपर्दछ । आयोजनाको लगानी, जग्गा उपलब्धता, निर्माण सञ्चालन, मर्मतसम्भारका पक्ष, पूर्वाधारबाट हुने मुनाफाको वितरण लगायतका पक्ष समेटी कार्यविधि तयार गरी सार्वजनिक निजी साझेदारीमा पूर्वाधार निर्माण कार्यमा जोड दिनुपर्दछ । गैरसरकारी, निजी तथा अन्य क्षेत्रबाट हुने निर्माण कार्यका लागि मन्त्रालय तथा परिषद्बाट निर्माण तथा सञ्चालन अनुमति अनिवार्य लिनुपर्ने व्यवस्था गरी निर्माण कार्यको लगत तथा विवरण मन्त्रालय तथा परिषद्ले अनिवार्य रूपमा राख्नुपर्दछ ।

१८. **पूर्वाधार तथा सम्पत्तिको अभिलेख रसंरक्षण –** राष्ट्रिय खेलकुदपरिषद्ले खेलकुद पूर्वाधार, जग्गा र सम्पत्ति संरक्षणको दिगो व्यवस्था गर्नुपर्नेमा हुन नसकेको अवस्था देहायबमोजिम छ :

१८.१ सार्वजनिक स्रोतबाट निर्माण, विकास तथा मर्मत भएका सबै खेलकुद पूर्वाधार, संरचना र सम्पत्तिको चुस्त दुरूस्त अभिलेख अद्यावधिक हुनुपर्दछ । राष्ट्रिय खेलकुद परिषद् तथा अन्तर्गतका क्षेत्रीय तथा जिल्ला खेलकुद विकास समितिहरूबाट प्राप्त विवरण अनुसार परिषद्, क्षेत्रीय तथा जिल्ला खेलकुद विकास समितिहरूको नाममा दर्ता भएको तथा भोग गर्दै आएको जग्गा लगभग ५ हजार ३ सय ५५ रोपनी रहेको देखिन्छ । परिषद् तथा अन्तर्गतका जिल्ला खेलकुद विकास समितिको नाममा रहेको कतिपय जग्गा अन्य निकाय/कार्यालयहरूले प्रयोग गर्दै आएको तथा स्थानीय, सुकुम्बासीहरूले अतिक्रमण गरेको गुनासो छ । परिषद्सँग ७७ जिल्लामा रहेको जग्गा तथा उक्त जग्गामा निर्माण भएको खेलकुद संरचना तथा सम्पत्तिको एकीकृत र व्यवस्थित अभिलेख रहेको पाइएन । यसले गर्दा पूर्वाधार तथा सम्पत्तिको अतिक्रमण तथा हिनामिना हुने अवस्था रहेको छ ।

सुझाउ – परिषद्को स्वामित्वमा रहेको जग्गा तथा खेलकुद संरचना, परिषद् अन्तर्गत दर्ता भएका संघ संस्था, उपलब्ध जनशक्ति, खेलकुद प्रतियोगिता, प्रशिक्षक तथा खेलाडीहरूको क्षेत्रगत विवरण लगायतका विविध आयामका सूचनाहरूलाई सङ्कलन गरी डिजिटलाईज्ड एकीकृत सूचना अभिलेख प्रणाली मार्फत अभिलेख दुरूस्त राख्नुपर्दछ । अतिक्रमित तथा विना स्वीकृति उपयोग भएका सम्पत्तिको संरक्षण गर्नुपर्दछ ।

१८.२ जनकपुर अञ्चल खेलकुद विकास समितिले साविक पिडारी गा.वि.स वडा नं.१३ हाल जनकपुर उपमहानगर पालिका अन्तर्गत पर्ने विभिन्न कित्ताका ६ विघा १७ कठ्ठा ६ धुर जग्गा प्रति कठ्ठा रु.४० हजारका दरले खरिद गर्ने निर्णय २०४६/१०/२३ मा गरेबमोजिम एक व्यक्तीसँग सम्झौता गरेको पाइयो । कुल कबोल रकममध्ये राष्ट्रिय खेलकुद परिषदबाट ५० प्रतिशत, जनकपुर चुरोट कारखाना लिमिटेडबाट २५ प्रतिशत तथा तत्कालीन जनकपुर नगर पञ्चायतबाट २५ प्रतिशत व्यहोरी खरिद गरेको सो जग्गा जनकपुर अञ्चल खेलकुद विकास समितिको नाममा हक हस्तान्तरण गर्ने निर्णय गरेको पाइयो । राष्ट्रिय खेलकुद परिषदबाट निजलाई रु.२ लाख ७४ हजारपेश्की भुक्तानी गरेको पाइयो । सो बाहेक अन्य रकम भुक्तानी भए नभएको यकिन गर्न सकिएन । बहुउद्देश्यीय कभर्डहल र फुटबल खेल मैदान निर्माण भएको उक्त जग्गाको स्वामित्व हालसम्म पनि जनकपुर खेलकुद विकास समितिको नाममा कायम भएको छैन ।

सुझाउ – खेलकुद परिषद्ले आवश्यक प्रक्रिया पुरागरी जग्गाको स्वामित्व आफ्नो नाममा कायम गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१८.३ क्रिकेट एकेडेमी निर्माण गर्न २०६० मा मुलपानी गाँउ विकास समिति वडा नं.८ हाल कागेश्वरी मनोहरा नगरपालिकामा २९४ रोपनी ११ आना २ पैसा सरकारी जग्गा राष्ट्रिय खेलकुद परिषद्को नाममा हस्तान्तरण गरिएको थियो ।सुकुम्बासी घर परिवार बस्दै आएको उक्त जग्गा प्रति घर परिवार रु.२ लाखका दरले भुक्तानी गरी खाली गराउन २०७२/३/३० मा परिषद्को निर्णयबमोजिम १० परिवारलाई रु.२ लाखको दरले नगद भुक्तानी गरेको, एकपरिवारलाई सट्टा जग्गा हस्तान्तरण गरिएको र अन्य ४ परिवारलाई भुक्तानी दिन बाँकी रहेको छ । त्यसैगरी गुरूयोजना भित्र पर्ने अन्य १० परिवारको २ रोपनी १४ आना ३ पैसा अनधिकृत जग्गाखरिद विक्री हुँदै आएको पाइयो । मन्त्रिपरिषदको २०७५श्रावण २० को निर्णयबमोजिम उक्त १० परिवारलाई राष्ट्रिय खेलकुद परिषद्को भोगाधिकार भित्रको जग्गाबाट सट्टा जग्गा उपलब्ध गराइएको

छ । सट्टा जग्गा उपलब्ध गराइएको जग्गामा समेत हालसम्म रू.२ लाख प्रति घर भुक्तानी लिइसकेका पुराना सुकुम्बासी परिवारहरू बस्दै आएका छन् । सट्टा जग्गा उपलब्ध गराइए तापनि २ घर परिवार हालसम्म पनि गुरूयोजना भित्र पर्ने तल्लो मैदानको कम्पाउंड भित्रै बसोबास गरिरहेको पाइयो । परिषद्को भोगाधिकार भित्र रहेको २ सय ९४ रोपनी जग्गामध्ये अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण गर्न १८४ रोपनी जग्गा बाहेकको ११० रोपनी जग्गामा केही सुकुम्बासी तथा स्थानीयबासीहरूले आफ्नो घर टहरा निर्माण गरी बस्दै आएका छन् ।हाल परिषद्ले २९४ रोपनी जग्गालाई घेराबारा गर्ने काम गर्दैछ । यसरीसहरी सुकुम्बासीबाट सरकारी सम्पत्तिको अनधिकृत अतिक्रमण तथा दोहन हुँदै आएको देखिन्छ ।उक्त क्रिकेट मैदानको तल्लो ग्राउण्डमा एक कन्सट्रक्सन कम्पनीले ३ ब्लक प्याराफिट निर्माण तथा ग्राउण्ड लेभलीङ्गको काम गरेको छ । निर्माण भएको सो प्याराफिट ब्लकको तल्लो भाग चर्केको तथा प्याराफिटको बिचको भागमा क्यामरा राख्ने स्थान निर्माण अधुरो रहेको छ । तसर्थ उक्त चर्केको ब्लकलाई यथाशीघ्र मर्मतसंभार गरिनुपर्दछ ।



रु.२ लाख प्रतिघर भुक्तानी लिई बसोबास गर्द आएकासुकुम्बासी परिवार



तल्लो मैदानमा निर्माण भएको पबेलियन भवनमा रहेको क्र्याक



गुरूयोजनाभित्र पर्ने मैदानमा बसोबास गर्दै आएको घरपरिवार



अतिक्रमण गरेर बसिरहेका स्थानीयबासी

सुझाउ – परिषद्ले आफ्नो भोगाधिकार भित्र रहेको जग्गामा बस्दै आएका सुकुम्बासी तथा स्थानीयहरूबाट अतिक्रमित जग्गा खाली गराई दिगो संरक्षणको व्यवस्था गर्नुपर्दछ ।

१९. **खेलकुद प्रतिष्ठान –** राष्ट्रिय खेलकुद नीति, २०६७ को प्रमुख कार्यनीति ३(घ) बमोजिम खेलकुद प्रशिक्षण प्रतिष्ठानको स्थापना गर्ने नीति रहेको छ । त्यसैगरी खेलकुद विकासका लागि चौधौं योजनामा संघीय प्रादेशिक तथा स्थानीयस्तरमा सम्भाव्यताका आधारमा खेल प्रतिष्ठान निर्माण गर्ने कार्यनीति रहेको पाइयो । प्रशासनिक तथा प्राविधिक जनशक्ति स्वदेशमा उत्पादन गर्न खेल प्रतिष्ठानले महत्वपूर्ण भुमीका खेल्दछ । उक्त कार्यनीतिबमोजिम मकवानपुरको हेटौडा र गौरीटारमा केन्द्रीय खेलकुद प्रतिष्ठान निर्माणाधीन अवस्थामा रहेको छ । खेलाडीहरूलाई प्रशिक्षण दिन सातदोबाटोमा करॉते तेक्वान्दो एकेडेमी सहित ६ एकेडेमी निर्माण सम्पन्न भएको तथा अन्य ६ एकेडेमी निर्माणाधीन अवस्थामा रहेको छ । नेपालमा दक्ष प्रशिक्षकको कमी रहेकोले फुटबल, क्रिकेट जस्ता खेलहरूका लागि विदेशी प्रशिक्षक नियुक्त गरी खेलाडीहरू लाई प्रशिक्षण दिने गरिएको पाइन्छ । विभिन्न खेलका प्रशिक्षक तथा कोचहरूले खेलाडीको पहिचान गर्ने, खेलाडीको सीप तथा क्षमता विकास गर्ने, मनोवल वृद्धि गर्ने, प्रतियोगिताको स्तर अनुसार रणनीति तथा योजना बनाउने लगायतका कार्य गर्दछन् । खेलकुद नीतिबमोजिम आवश्यक बजेट तथा कार्यक्रम तयार

नगरेकोले लक्ष्यबमोजिम खेलकुद प्रतिष्ठानहरूको निर्माण हुनसकेको छैन । यसले गर्दा दक्ष प्रशिक्षकको कमी हुनुका साथै खेलाडीहरूलाई प्रशिक्षणको यथोचित वातावरण तयार हुनसकेको छैन ।

सुझाउ – खेलकुद विधामा कार्यरत सरकारी तथा निजी प्रशिक्षक तथा परिषद्सँग उपलब्ध प्राविधिक जनशक्तिहरूको क्षमता अभिवृद्धि गर्न, खेलाडीहरूलाई अन्तर्राष्ट्रियस्तरको तालिम प्रदान गर्न संघीय, प्रादेशिक तथा स्थानीय स्तरमा सम्भाव्यताका आधारमा खेल प्रतिष्ठान निर्माण कार्यलाई अगाडि बढाइनुपर्दछ । खेलकुद नीतिबमोजिमअर्थ मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र परिषद्ले आवश्यक बजेट तथा कार्यक्रम तयार गरी खेलकुद प्रतिष्ठान निर्माण गर्नेतर्फ पहल गर्नुपर्दछ ।

२०. **खेलकुद पूर्वाधार निर्माण –** खेलकुद विकासका लागि चौधौं योजना अवधिमा समावेश भएको प्रमुख कार्यक्रम ३.६(क)(१) तथा २०७५/७६ को बजेटअनुसार सबै प्रदेशमा कम्तिमा एउटा सुविधा सम्पन्न रङ्गशाला, कभर्डहल, खेलग्राम, क्रिकेट मैदान निर्माण गर्ने, साथै उक्त योजनाले ११ क्रिकेट मैदान, जिल्लास्तरीय कभर्डहल ३८, निर्वाचन क्षेत्रस्तरीय खेल मैदान २४० निर्माण गर्ने लक्ष्य रहेको थियो । यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

२०.१ बहुउद्देश्यीय रङ्गशालाहरूमा फुटबल, एथलेष्टिक्स, ट्रयाक एण्ड फिल्ड गेम्स: (दौड, हाई जम्प, ट्रिपल जम्प, म्याराथन, थ्रोइङ्ग) जस्ता विभिन्न प्रकृतिका खेलहरू सञ्चालन गर्न सकिन्छ । प्रत्येक प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न रङ्गशाला निर्माण गर्ने योजनाबमोजिम प्रदेश नं २ बाहेक अन्य ६ प्रदेशमा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण हुन लागेकोमा हालसम्म रू.२ अर्ब २९ करोड ५७ लाख खर्च भएको देखिन्छ । राष्ट्रिय खेलकुद परिषद्बाट प्राप्त विवरणबमोजिम ७ प्रदेशमा निर्माणाधीन रङ्गशालाको विवरण निम्नानुसार रहेको छ :

प्रदेश	निर्माण स्थल	निर्माण अवस्था	लागत अनुमान (रू.लाखमा)	हाल सम्मको कुल खर्च (रू.लाखमा)	दर्शक क्षमता (संख्या)
१	इटहरी, सुनसरी	निर्माणाधीन	२, ६५६.८६	२, १३६	७, ०००
२	जनकपुर, धनुषा	डि.पी.आर. हुन बाँकी			
वागमती	त्रिपुरेश्वर, काठमाण्डौं	सम्पन्न	८, ०५५	८, १०८	१५, ०००
गण्डकी	कास्की, पोखरा	निर्माणाधीन	१२, ८००	५, ७१७	२०, ०००
५	बाँके	निर्माणाधीन	३, ०००	५, ३१२	८, ४००
कर्णाली	सुर्खेत	निर्माणाधीन	९, ९२५	१३८	१०, ०००
सुदूर	कैलाली	निर्माणाधीन	४, ०००	१, ५३७	१२, ०००

फुटबल तथा एथलेटिक्स खेल सञ्चालन हुनसक्ने उक्त अन्तर्राष्ट्रियस्तरको रङ्गशालाहरूमध्ये काठमाडौ स्थित दशरथ रङ्गशालाको निर्माण सम्पन्न भएको तथा ५ प्रदेशमा रङ्गशाला निर्माणाधीन अवस्थामा रहेको छ । प्रदेश नं २ को जनकपुरमा डि.पी.आर. समेत तयार गरिएको छैन । चौधौं योजना अवधिभित्र ७ रङ्गशाला निर्माण गर्ने लक्ष्य रहेकोमा १ मात्र सम्पन्न गरेको छ । पन्धौं योजना सुरू भइसकेको अवस्थामा पनि निर्माणधीन रहेको उपरोक्त ६ रङ्गशालाको हालसम्म वित्तीय प्रगति जम्मा ५६ प्रतिशत तथा भौतिक प्रगति न्यून रहेको देखिन्छ । नेपालमा हाल ७ अन्तर्राष्ट्रिय, ७ राष्ट्रिय तथा ८ क्षेत्रीयस्तर गरी कुल २२ फुटबल रङ्गशाला निर्माणाधीन अवस्थामा रहेकोमध्ये ३ रङ्गशालको डिटेल डिजाईन तथा विस्तृत आयोजना प्रतिवेदन हुन बाँकी रहेको तथा अन्य निर्माणाधीन अवस्थामा रहेका छन् ।

पोखरा रङ्गशाला – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको डिजाईन ड्रईङ समेत लाई आधार लिई सम्बन्धित निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पोखरा रङ्गशाला
(फेज-१) अन्तर्गत फुटबल मैदान र संरचना निर्माणका लागि खेलकुद परिषद् र एक संयुक्त उपक्रमसँग २०७५ पुष १३ मा रु.१ अर्ब २८ करोड २२ लाखमा खरिद सम्झौता भएको पाइयो । शुरु सम्पन्न अवधि ६ महिना रहेको यस निर्माण कार्य हालसम्म पनि सम्पन्न भएको छैन । त्यसैगरी बोलपत्र आह्वानको प्रस्ताव (Invitation for Bids) मा फिफाको स्वीकृत मापदण्डअनुसार फुटबल मैदान न्यूनतम ६८ मिटर चौडाई र १०५ मिटर लम्बाई (७१४० वर्गमिटर) को प्राकृतिक वा कृतिम घाँसे मैदान हुनुपर्ने उल्लेख छ । तर बिल अफ क्वान्टिटिमा ५४८३ वर्गमिटर कार्य गर्नेगरी परिमाण राखी खरिद सम्झौता भएको देखिन्छ । हालसम्म (१२ औं रनिङ्ग बिल) ७४५७.७८ वर्गमिटर परिमाण कार्य भई सोअनुसार भुक्तानी भएको छ ।

फिफाको स्वीकृत मापदण्डअनुसार फुटबल मैदान तयार गर्नेगरी सोको परिमाण बिल अफ क्वान्टिटीमा राख्नुपर्नेमा सोभन्दा कम परिमाण राखी बोलपत्र कागजात तयार गर्नु त्रुटिपूर्ण देखिन्छ । साथै सम्झौताअनुसार फुटबल मैदानमा वर्मुडा ग्रास (प्राकृतिक घाँस) राख्नुपर्नेमा शुरुमा निर्माण व्यवसायीले कृतिम घाँस राखी मैदान तयार गरेको तर परिषद्ले प्राकृतिक घाँस राख्ने निर्देशन दिएपश्चात साविकको कृतिम घाँस हटाई पुनः प्राकृतिक घाँस राखेको जनाएको छ । जसले गर्दा निर्माण कार्य लम्बिन गएको छ । निर्माण कार्यको परिषद्ले नियमितरूपमा अनुगमन नगर्दा यस्तो अवस्था भएको देखिन्छ । डिजाईनको परिमाणअनुसार सम्झौता र सम्झौताकोपरिमाण अनुसार निर्माण कार्य हुनुपर्ने सिद्धान्तअनुसार रङ्गशाला निर्माण स्वीकृत डिजाईन अनुसार कार्य भएको र सोहीअनुरूप ठेक्का व्यवस्था भएको सम्बन्धमा परिषद् जिम्मेवार हुनुपर्दछ ।

२०.२ चौधौँ योजना अवधिमा मुलुकभर ११ र प्रत्येक प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न क्रिकेट मैदान निर्माण गर्ने योजना अनुसार प्रदेश नं.१ र कर्णाली प्रदेश बाहेक अन्य ५ प्रदेशमा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माणको लागि देहायबमोजिम रु.३ अर्ब ९५ करोड ६३ लाख ४९ हजारको लागत अनुमान तयार गरी हालसम्म देहायबमोजिम कुल रू.२७ करोड १६ लाख ६९ हजार खर्च भएको छ ।

प्रदेश	निर्माण स्थल	निर्माण अवस्था	लागत अनुमान (रु.लाख)	हाल सम्मको कुल खर्च (रु लाख)	दर्शक क्षमता (संख्या)
१	मोरङ्ग, वैजनाथपूर	विस्तृत आयोजना प्रतिवेदन हुन बाँकी		१४३	३, ०००
२	पर्सा, वीरगञ्ज	निर्माणाधीन	३, ७८०.७१	३.१९	५, ५००
वागमती	काठमाडौं, मूलपानी	निर्माणाधीन	१२, २००	२००९	१५, ०००
गण्डकी	कास्की, पोखरा	निर्माणाधीन	१८, ५९५	१३.५	१४, ०००
५	रूपन्देही, भैरहवा	निर्माणाधीन	२, ८०७	४०५	७, ६२८
कर्णाली	शुरुमा नभएको				
सुदूर पश्चिम	कन्चनपुर, महेन्द्रनगर	निर्माणाधीन	२, १८१	१४३	५, ०००

प्रदेश नं १ को मोरङ्ग बैजनाथपुरमा विस्तृत आयोजना प्रतिवेदन तयार हुँदै गरेको तथा कर्णाली प्रदेशमा क्रिकेट मैदान निर्माण कार्य सुरू नभएको अवस्था छ ।चौधौं योजना अवधिमा सम्पन्न गर्ने लक्ष्य रहेतापनि योजना कार्यान्वयनको अनुगमन नहुनु, पर्याप्त बजेट व्यवस्था नहुनु लगायतका कारणले गर्दा पन्ध्रौं योजना शुरू भइसक्दा पनि ७ मध्ये ५ प्रदेशमा मात्र निर्माण कार्य शुरु गरिनु, आर्थिक प्रगति ६.८६ प्रतिशत तथा भौतिक प्रगति न्यून रहेको देखिन्छ । साथै अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न क्रिकेट मैदान निमार्ण गर्ने उल्लेख भए तापनि त्यसबमोजिम मैदान निर्माण हुनसकेको छैन । यसका साथै चौधौं योजनामा कुल ११ क्रिकेट मैदान निर्माण गर्ने लक्ष्य रहेकोमा बैजनाथपुर, मोरङ्ग तथा चितवन क्रिकेट मैदानको हालसम्म डिजाईन समेत नभएको तथा अन्य ९ क्रिकेट मैदान निर्माणाधीन अवस्थामा रहेकोमा भौतिक तथा आर्थिक प्रगति न्यून रहेको देखिन्छ । नेपालमा एकमात्र कीर्तिपुर क्रिकेट रङ्गशाला अन्तराष्ट्रियस्तरको रहेको छ । यद्यपि अन्य देशहरूमा सञ्चालन हुने एक दिवशीय तथा टि-टवान्टी क्रिकेट प्रतियोगिताहरू दिन तथा रात दुबैमा हुने गरेकोमा नेपालमा दिनमा मात्र हुने गरेको छ । नेपालको कुनै पनि क्रिकेट मैदानमा फ्लड लाईटको व्यवस्था नहुनाले रात्री खेल सञ्चालन हुनसकेको छैन ।

२०.३ चौधौं योाजनामा ३८ जिल्ला र प्रत्येक प्रदेशमा कम्तिमा एउटा सुविधा सम्पन्न कभर्डहल निर्माण गर्ने लक्ष्य रहेकोमा प्रदेश नं १, २, तथा सुदूर पश्चिम प्रदेशमा निर्माणाधीन अवस्थामा रहेको तथा अन्य चार स्थानमा निर्माण सम्पन्न भएको अवस्था छ । राष्ट्रिय खेलकुद परिषद्बाट प्राप्त विवरणबमोजिम ७ प्रदेशमा निर्माणाधीन कभर्डहलको विवरण निम्नानुसार रहेको छ :

प्रदेश	निर्माण स्थल	निर्माण अवस्था	निर्माण लागत अनुमान (रू लाखमा)	हाल सम्मको कुल खर्च (रू लाखमा)	स्तर	दर्शक क्षमता (संख्या)
१	सुनसरी, धरान	निर्माणाधीन	१५१४	२०	जिल्ला	१५०
२	धनुषा, जनकपुर	निर्माणाधीन	२०० (२०४२ सालमा)	३५ (२०७६ सालमा)	क्षेत्रीय	२००

वागमती	त्रिपुरेश्वर, काठमाडौं	सम्पन्न	४५० (२०५६ सालमा)	४५०	अन्तर्राष्ट्रिय	१, २००
गण्डकी	कास्की, पोखरा	सम्पन्न	१, ६००	१, ५००	अन्तर्राष्ट्रिय	२, ५००
५	बाँके, नेपालगञ्ज	सम्पन्न	१२९	१२९	क्षेत्रीय	३००
कर्णाली	सुर्खेत, वीरेन्द्रनगर	सम्पन्न	१, १४७	६३	जिल्ला	१५०
सुदूर पश्चिम	कैलाली, धनगढी	निर्माणाधीन	१५०	१०५	क्षेत्रीय	२००

बहुउद्देश्यीय प्रयोजनको लागि उपयोग गर्न सकिने उक्त कभर्डहलहरूमा ब्याडमिन्टन, भलिबल, टेबलटेनिस, मार्शल आर्टश, जुडो, कराते, तेक्वान्दो, भारत्तोलन लगायतका विभिन्न इनडोरखेलहरू सञ्चालन एवं अभ्यास हुने गर्दछन् । ओलम्पिक, एशियन गेम्स, साफ गेम्स जस्ता अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सञ्चालन हुने विभिन्न इण्डोर खेलहरू यस्ता बहुउद्देश्यीय कभर्डहलमा सञ्चालन हुनेगरेकोमा नेपालमा काठमाडौं र कास्कीमा मात्र अन्तर्राष्ट्रियस्तरको कभर्डहल निर्माण भएको अवस्था छ । काठमाडौ स्थित त्रिपुरेश्वर कभर्डहलको भुई (Wodden Parketing) पुरानो भईसकेकोले परिवर्तन गर्नुपर्ने देखिन्छ ।प्रदेश नं १, २, तथा सुदूरपश्चिम प्रदेशमा कभर्डहल निर्माणमा ढिलाई भएको छ भने चौधौं योजना अवधिमा ३८ जिल्लामा कभर्डहल निर्माण गर्ने योजना रहेकोमा ३५ जिल्लामा मात्र निर्माण सम्पन्न भएको छ । यसले गर्दा जिल्लास्तरमा अन्तर्राष्ट्रियस्तरमा हुने ईण्डोर खेलहरूको अभ्यासमा कठीनाई भएको छ ।

२०.४ खेलकुद विकासका लागि चौधौं योजनामा समावेश भएको प्रमुख कार्यक्रम ३.६(क)(२) अनुसार प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा एउटा खेल मैदान निर्माण गर्ने योजना रहेको छ । यद्यपी उक्त योजनाबमोजिम हालसम्म कुनै पनि निर्वाचन क्षेत्रमा खेल मैदान निर्माण नभएको परिषद्ले जनाएको छ । चौधौं योजना अवधि समाप्त भई पन्ध्रौं योजना शुरू भइसकेकोमा हालसम्म निर्वाचन क्षेत्रमा खेल मैदान निर्माण कार्य अगाडि बढेको छैन ।

२०.५ स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि, २०७५ बमोजिम प्रत्येक स्थानीय तहमा लागत साझेदारीमा दीर्घकालीन महत्वका एक एक खेलग्राम विकास गर्ने योजना रहेको छ । खेलकुद विकासका लागि चौधौं योजनामा समावेश भएको प्रमुख कार्यक्रम ३.६(क)(१) बमोजिम सबै प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न खेलग्राम निर्माण गर्ने योजना रहेको छ । उक्त कार्यविधिबमोजिम स्थानीय तहमा पूर्वाधार निर्माणका लागि निवेदनअनुसार तोकिएको रकमको संघबाट ७० प्रतिशत तथा सम्बन्धित स्थानीय तहबाट ३० प्रतिशत रकम व्यहोरी निर्माण गरिने व्यवस्था छ । मन्त्रालयले विभिन्न खेलग्रामका नमुना डिजाइन तयार गरी २०७६/११/११ को निर्णयबाट ६० जिल्लाका ८४ स्थानीय तह छनौट गरी खेल आयोजना निर्माण गर्ने सम्झौता गरेको छ । छनौट भएका पालिकाहरूमा हालसम्म अनुदान रकम भुक्तानी नभएको र वित्तीय हस्तान्तरणका लागि अर्थ मन्त्रालयमा अनुरोध गरी पठाइएको युवा तथा खेलकुद मन्त्रालयले जानकारी दिएकोछ । कार्यविधिमा प्रस्तावित योजना जस्ताको तस्तै स्वीकृत गर्ने वा नगर्ने वा संशोधन सहित स्वीकृत गर्ने क्षेत्राधिकार मन्त्रालयको हुने व्यवस्था रहेको छ । २०७६/७७ को मन्त्रालयको प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेटमा खेलग्रामका लागि विनियोजन हुने रकम राष्ट्रिय खेलकुद परिषद्को बजेट शीर्षकबाट हुने उल्लेख छ । तथापि मन्त्रालयबाट स्वीकृत भएका खेलग्रामसम्बन्धी आयोजनाहरूको विवरण राष्ट्रिय खेलकुद परिषद्सँग रहेको पाइएन । खेलकुद क्षेत्रमा पूर्वाधार निर्माणमा परिषद्ले मुख्य भुमिका खेल्ने गरेकोमा खेलग्राम निर्माणसम्बन्धी विवरण परिषद्सँग नहुनुमा पूर्वाधार निर्माणमा मन्त्रालय र परिषद्बीच आवश्यक समन्वयको कमी रहेको देखिन्छ । यसरी निकायहरूबीच समन्वय नहुँदा पूर्वाधार निर्माणका लागि वास्तविक आवश्यकता पहिचान हुन नसक्ने तथा निर्माण योजनाहरू दोहोरिन सक्ने सम्भावना देखिन्छ ।

आवश्यक बजेट, निकायहरूबीच समन्वय, सम्बन्धित निकायहरूबाट अनुगमनको कमीका कारणले चौधौं योजना अवधी समाप्त भईपन्ध्रौं योजना शुरू भइसकेको अवस्थामा पनि चौधौं योजना र राष्ट्रिय खेलकुद नीतिले निर्धारण गरेको खेलकुद पूर्वाधार विकासका कतिपय कार्यनीतिहरू माथि उल्लेख भएबमोजिम कार्यान्वयन नभएका, कार्यान्वयन गरिएकाको पनि वित्तीय एवं भौत्तीक प्रगति न्यून रहेको पाइयो । यसले गर्दा खेल अभ्यास, प्रशिक्षण, प्रतियोगिता आयोजनामा कठिनाई हुने गरेको छ ।

सुझाउ - सबै प्रदेशमा कम्तिमा एउटा सुविधा सम्पन्न रङ्गशाला, कभर्डहल, खेलग्राम, क्रिकेट मैदान निर्माण गर्ने योजना बमोजिम भइरहेको निर्माण कार्यलाई तिव्रताका साथ अगाडि बढाई सुविधा सम्पन्न खेलकुद पूर्वाधार निर्माण गर्नुपर्दछ । साथै अन्य देशहरूमा रहेका क्रिकेट तथा फुटबल रंगशालहरूमा हुने एलाइड फयासिलिटी, डिजिटल स्कोर बोर्ड, लाईट लगायतका सुविधा सहितको क्रिकेट तथा फुटबल रङ्गशाला

निर्माण गर्नेतर्फ ध्यान दिनुपर्दछ । निर्माणाधीन प्रदेश स्तरीय कभर्डहलहरूमध्ये काठमाडौ र पोखराको कभर्डहल मात्र अन्तराष्ट्रियस्तरको रहेकोले अन्य ५ कभर्डहलको समेत स्तरोन्नति गरी ७ प्रदेशमा अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न बहुउद्देश्यीय कभर्डहल निर्माण गरिनुपर्दछ । मन्त्रालय तथा परिषद्ले आवश्यक समन्वय गरी खेलग्राम निर्माण कार्यलाई तिव्रताका साथ अगाडि बढाउनुका साथैप्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा एउटा खेल मैदान निर्माण गर्ने कार्य लाई अगाडि बढाइनुपर्दछ। युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्ले सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक बजेट र नियमित अनुगमनको व्यवस्था मिलाई लक्ष्यबमोजिम समयमा खेलकुद पूर्वाधार निर्माण कार्य सम्पन्न गर्ने कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

२१. **पौडी पोखरी –** प्रतियोगिता आयोजनाको उद्देश्यले निर्माण गरिएका खेलकुद पूर्वाधारहरू प्रतियोगिता अगावै सम्पन्न हुनुपर्नेमा सो नभएको स्थिति देहाय बमोजिम छ:

२१.१ आठौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको पौडी खेल नेपालगञ्जमा सञ्चालन गर्ने उद्देश्यले राष्ट्रिय खेलकुद परिषद्लेपौडी पोखरी निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७४/२/१९ मा रू.१४ करोड २८ लाख ३२ हजारको ठेक्का सम्झौता गरेको पाइयो । तर प्रतियोगिता अगावै उक्त निर्माण कार्य सम्पन्न नभएकोले सो पौडी प्रतियोगिता नेपालगञ्जको एक होटलको पौडी पोखरीमा सञ्चालन गरियो । थप म्याद २०७६/३/३१ सम्म पनि काम नसकिएको यस ठेक्काको छैठौं रनिङ्ग बिलसम्ममा रू.११ करोड ५६ लाख ६६ हजार भुक्तानी भएको छ । उक्त पौडी पोखरीको निर्माण कार्य सम्पन्न भइसकेको तर २०७६/७७ मा बजेट विनियोजन नभएकोले अन्तिम बिल भुक्तानी गर्न नसकेको परिषद्ले जानाएको छ । तथापि तोकिएको समयमा कार्य सम्पन्न नहुँदा राष्ट्रियस्तरको प्रतियोगिता निजी होटलको पौडी पोखरीमा सञ्चालन हुँदा लगानीबाट उद्देश्य पूर्ति भएको पाइएन ।

२१.२ तेह्रौं साउथ एशियन गेम्स अन्तर्गत सातदोबाटो, ललितपुरमा पौडी खेल सञ्चालन गर्ने मुख्य उद्देश्यका साथ इन्डोर हिटेड पौडी पोखरी निर्माण गर्नएक निर्माण व्यवसायीसँग ठेक्का सम्झौता गरिएकापाइयो । उक्त पोखरीको २०७६/१२/३ मा स्थलगत अवलोकन गर्दा खेल सञ्चालन गर्न अन्तिम समयमा हतार हतार काम गरेकोले पौडी पोखरीको पूर्व पट्टिको ड्रेन लेभल नमिलेकोले भत्काएर पुनःनिर्माण भइरहेको तथा भि.आइ.पि. एरियाको लेबल परिवर्तन गरिएको, पर्लिन वेल्डीङ्ग तथा रङ्गरोगन, ट्रेस एरियामा रेलिङ्ग राख्ने जस्ता काम बाँकी रहेको देखिन्छ । खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माण कार्यको तयारीमा ढिलाइ गर्ने तथा अन्तिम समयमा निर्माण गर्ने परिपाटीले गर्दा यस्तो अवस्था भएको देखिन्छ । तसर्थ सबै पूर्वाधार तोकिएबमोजिम सम्पन्न नहुँदौ हतारमा साग गेम्स सञ्चालन गरेको देखिन्छ ।



सुझाउ – परिषद्ले पूर्वाधार निर्माण कार्यको नियमित अनुगमन गरी लक्षित समयपूर्व निर्माण सम्पन्न हुने प्रबन्ध मिलाई लगानीको उद्देश्य प्राप्त गर्नुपर्दछ ।

२२. **खेल पर्यटन –** राष्ट्रिय खेलकुद नीति, २०६७ को बुंदा नं. १० मा साहसिक तथा पर्यटकीय खेलहरूको दिगो विकासका लागि तत्कालीन, अल्पकालीन एवं दीर्घकालीन योजना बनाई आवश्यक पूर्वाधारहरूको निर्माण गर्ने नीति रहेको छ । यसका साथै साहसिक पर्यटन खेलकुदको अनुसन्धान गर्न रिसोर्स सेन्टरको स्थापना गरी नेपाललाई विश्वकै साहसिक पर्यटन खेल केन्द्रकोरूपमा विकास गर्ने नीति रहेको छ । साथै युथ भिजन २०२५ अन्तर्गत दश वर्षे रणनीतिक योजनाको क्षेत्रगत रणनीतिमा खेल पर्यटन विकास गर्ने योजना रहेको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२२.१ नेपाल खेल पर्यटनको उत्कृष्ट केन्द्र हुनसक्ने र खेलका माध्यमबाट व्यावसायिकता र समृद्धि हासिल गर्न सकिने देखिन्छ । नेपालमा गल्फ, स्केटिङ्ग, प्याराग्लाईडिङ्ग, पोलो, वाटरबोटिङ्ग, हर्सराइडिङ्ग, क्यानोइङ्ग, बञ्जिजम्पिङ्ग, हाइकिङ्ग, च्यार्फटिङ्ग, रक क्लाइम्बिङ्ग जस्ता साहसिक तथा मनोरन्जनात्मक खेलकुदका गतिविधिहरू विभिन्न संघ संस्थाहरूबाट सञ्चालन हुँदै आइरहेका छन् । तर पर्यटकीय खेलहरूको दिगो विकासका लागि सरकारी स्तरबाट अल्पकालीन, मध्यकालीन एवं दीर्घकालीन योजना बनाई आवश्यक

पूर्वाधारहरूको निर्माण गरेको पाईएन । खेल पर्यटन तथा साहसिक खेलहरूको लागि नेपालमा आवश्यक पूर्वाधारको कमी रहेको तथा अन्तर्राष्ट्रियस्तरमा प्रचार प्रसारको समेत कमी रहेको देखिन्छ।

२२.२ राष्ट्रिय खेलकुद नीति २०६७ को बुँदा नं. ९(क) मा हाई अल्टिच्युड ट्रेनिङ सेन्टर स्थापना गर्ने नीति रहेको छ । विदेशमा रहेका हाई अल्टिच्युड स्पोर्टस ट्रेनिङ सेन्टरहरूसँग समन्वय र सहकार्य गरी देशमा हाई अल्टिच्युड ट्रेनिङ सेन्टरको स्थापना गरी यसको समयानुसार उचित विकास तथा विस्तार गर्ने नीति रहेकोमा मनाङ्ग, जुम्ला, बाग्लुङ्गको ढोरपाटन नगरपालिका लगायतका केही स्थानमा जग्गा पहिचान तथा टोपोग्राफी सर्वे लगायतका कार्य भए पनि हालसम्म प्रशिक्षण केन्द्र निर्माण तथा स्थापनाको कार्य भएको छैन । साहसिक खेल पर्यटनका लागि आवश्यक तालिम हाई अल्टिच्युड स्पोर्टस ट्रेनिङ सेन्टरबाट हुने भए तापनि यसतर्फ मन्त्रालय र परिषद्को ध्यान पुगेको पाइएन ।

२२.३ अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले एसियन क्रिकेट काउन्सिल मार्फत एसिया क्षेत्रको लागी नेपालमा एसिया सेन्ट्रल क्रिकेट एकेडेमी निर्माण गर्न बजेट सहितको प्रस्ताव पठाएको थियो । उक्त एकेडेमी निर्माण गर्न २०६० सालमा मूलपानी मा २९.४ रोपनी ११ आना २ पैसा जग्गा राष्ट्रिय खेलकुद परिषद्को नाममा हस्तान्तरण गरियो । निर्माण स्थलमा जग्गा विवाद तथा सुकुम्बासी वस्ती व्यवस्थापनका लगायतका विषयको निराकरण नहुँदा नेपालमा निर्माण प्रस्ताव गरिएको एसियन सेन्ट्रल क्रिकेट एकेडेमी जस्तो महत्वपूर्ण योजना नेपालबाट फिर्ता भई मलेसियामा निर्माण भएको छ । खेलकुद परिषद्ले समयमा तादरुकता नदेखाएकोले नेपालले खेल पर्यटनको अवसरलाई गुमाएको छ ।

सुझाउ – नेपालमा खेल पर्यटनको विकास तथा विस्तारका लागि संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश तथा स्थानीय तह, संघ संस्था तथा निजी क्षेत्रसँगको उचित समन्वय तथा सहकार्य आवश्यक छ । साहसिक पर्यटन खेलकुदको विकास तथा अनुसन्धान गर्न रिसोर्स सेन्टरको स्थापना गरी खेल पर्यटनको लागि तत्कालीन, अल्पकालीन एवं दीर्घकालीन योजना बनाई खेलहरूको भौगोलिक विशिष्टताका आधारमा सार्वजनिक निजी साझेदारीमा आवश्यक पूर्वाधारहरूको निर्माण कार्य अगाडि बढाउनुपर्दछ ।

२३. **अन्तर्राष्ट्रिय मापदण्ड तथा मान्यता –** खेलकुद विकासका लागि चौधौं योजनामा समावेश भएको कार्यनीति अनुसार खेलकुदका स्थानीय तथा राष्ट्रियस्तरका भौतिक संरचना तथा पूर्वाधारहरू अन्तर्राष्ट्रियस्तरको मापदण्डबमोजिम निर्माण गरिने व्यवस्था छ । विभिन्न अन्तर्राष्ट्रिय खेलकुदसँग सम्बन्धित संस्थाहरूले खेल मैदान तथा संरचनाको मापदण्ड तयार गर्ने गरेको छ । अन्तर्राष्ट्रिय फुटबल महासंघ (FIFA) ले फुटबल, अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (ICC) ले क्रिकेट, अन्तर्राष्ट्रिय एथलेटिक्स महासंघ (IAAF) ले विभिन्न्न एथलेटिक्ससम्बन्धी खेल, अन्तर्राष्ट्रिय पौडी महासंघ (FINA) ले पौडीको मापदण्ड तयार गरी प्रतियोगिता सञ्चालन गर्ने अनुमति दिने गरेका छन् । नेपालमा हाल ७ अन्तर्राष्ट्रियस्तरको, ४ राष्ट्रियस्तरको तथा ४ क्षेत्रीयस्तरको गरी कुल १५ क्रिकेट स्टेडियम निर्माणाधीन अवस्थामा रहेकोमा नेपालमा रहेको मुख्य दुई क्रिकेट स्टेडियम न्यूनतम अन्तर्राष्ट्रिय मापदण्डअनुसारको भौतिक पूर्वाधारको अवस्था निम्न छ :

विवरण	खेल मैदान		कैफियत
	मूलपानी क्रिकेट मैदान	कीर्तिपुर क्रिकेट मैदान	
मेडिया सेन्टर, क्यामेरा	नरहेको	रहेको	
नेट प्रयाक्टिश	नरहेको	रहेको	
ग्राउण्ड इक्यूपमेन्ट (रोलर, पिच कभर आदि)	नरहेको	न्यूनतम रहेको	
मेडिकल रूम, एम्बुलेन्स	नरहेको	नरहेको	
डिजिटल स्कोर बोर्ड तथा फल्ड लाईट	नरहेको	नरहेको	
दर्शक दिर्घा	रहेको	रहेको	स्तरोन्नती गर्नुपर्ने
सुरक्षा व्यवस्था	सुधार गर्नुपर्ने	सुधार गर्नुपर्ने	सन् २०१० मा क्रिकेट लिग डिभिजन ४ प्रतियोगितामा दर्शकले खेल अवरोध

			गरेपछि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलले सुरक्षा व्यवस्था कमजोर देखाउदै नेपालमा ४ वर्षका लागि अन्तर्राष्ट्रिय खेल रोक लगाएको

नेपालमा रहेको कुनै पनिस्टेडियमकोअन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलबाट मान्यता प्राप्त (Accredition Certification) भएको छैन । नेपालमा सञ्चालन हुने अन्तर्राष्ट्रिय प्रतियोगिताहरूका लागि अस्थाई मान्यता (Entering ODI Status For Ground) प्रदान गरी खेल सञ्चालन हुने गरेको छ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको नेपाल एशोसिइट तथा सदस्य राष्ट्र रहेकोमा २०७४।१२।४ मा अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलबाट एक दिवसीय मान्यता प्राप्त गरेको छ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको न्यूनतम मापदण्डअनुसारको खेल पूर्वाधारको कमीले गर्दा नेपालमा हालसम्म एक मात्र अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता क्रिकेट वर्ल्डकप लिग २ मिति २०७६ माघ २२ देखि २९ सम्म सञ्चालन भएको छ ।

त्यसैगरी नेपालमा १ निर्माण सम्पन्न तथा २१ निर्माणाधीन फुटबल रङ्गशालामध्ये ७ अन्तर्राष्ट्रियस्तरको, ७ राष्ट्रिय स्तरको तथा ८ क्षेत्रीयस्तरको रहेको छ । अन्तर्राष्ट्रिय फुटबल महासंघ, एसियाली फुटबल महासंघ जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको नेपाल एशोसिएट तथा सदस्य राष्ट्र रहेको तथा नेपालमा समय समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको फुटबल प्रतियोगिता उक्त रङ्गशालाहरूमा सञ्चालन हुँदै आएकोमा हालसम्म कुनै पनि रङ्गशाला अन्तर्राष्ट्रिय संस्थाहरूबाट मान्यता प्राप्तभएको छैन । चेन्जिङ्ग रूम, मेडिया सेन्टर, प्रि पोस्ट म्याच कन्फरेन्श रूम, सुरक्षा व्यवस्था, भि.भि.आई.पि. लन्ज, मेडिकल रूम, मैदानको घास, शौचालय जस्ता न्यूनतम मापदण्ड अनुसारको पूर्वाधार दशरथ रङ्गशालामा रहेतापनि अन्य रङ्गशालाहरूमा यस्ता सुविधाहरू नरहेको अखिल नेपाल फुटबल संघले जानकारी दिएको छ ।नेपालमा सञ्चालन हुने खेल प्रतियोगिताका लागि सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाबाट सञ्चालन पूर्व फिल्ड एशेसमेन्ट/निरीक्षण हुने गरेको तथा मौखिकरूपमा मान्यता दिने गरिएको परिषद्ले जानकारी दिएको छ । जसले गर्दा नेपालमा अन्तर्राष्ट्रिय खेल पर्याप्त मात्रामा सञ्चालन गर्न सकिएको छैन ।

सुझाउ – सम्बन्धित मन्त्रालय, परिषद् तथा सम्बन्धित संघसंस्थाले अन्तर्राष्ट्रिय मापदण्ड तथा डिजाइन बमोजिमको पूर्वाधार निर्माण सम्पन्न गरी सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाबाट मान्यता लिनेतर्फ पहल गर्नुपर्दछ ।

२४. **खेलकुद संरचनाबाट आय –** राष्ट्रिय खेलकुद नीति, २०६७ को कार्यनीति (१९) मा खेलकुद क्षेत्रको व्यावसायिकरणका लागि परिषद्ले नीति, कार्यक्रम बनाई व्यावसायीकरण गर्नुपर्ने नीति रहेको छ । राष्ट्रिय खेलकुद परिषद्बाट निर्माण भएका विभिन्न खेलकुद संरचना, स्टेडियम, रङ्गशाला, कभर्डहलहरूमा परिषद्मा दर्ता भएका संघ संस्थाहरूले समय समयमा राष्ट्रिय, क्षेत्रीय तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएका छन् । यसरी सञ्चालित प्रतियोगिताहरूमा प्रवेश शुल्क, निजी संस्थाहरूबाट गरिने विज्ञापन शुल्क, प्रशारण शुल्क लगायतका आम्दानीहरू प्रतियोगिता आयोजना गर्ने संघ संस्थाले उपयोग गर्ने गरेको पाईयो । प्रतियोगिता आयोजनाबाट प्राप्त हुने आम्दानी परिषद् र आयोजक संघसंस्थाबीच बाँडफाडँ गर्ने सम्बन्धमा स्पष्ट मापदण्ड तथा कार्यविधि तर्जुमा भएको पाइएन । सो अतिरिक्त अन्य सार्वजनिक कार्यक्रम, सभा, सम्मेलन लगायतका कार्यक्रम सञ्चालनको लागि कभर्डहल, मैदान, रङ्गशाला लगायतका संरचना प्रयोग गर्न दिँदा शुल्क निर्धारण गर्ने मापदण्ड तयार गरेको छैन । खेलकुद पूर्वाधार निर्माण, मर्मत तथा सञ्चालनको जिम्मेवारी परिषद्मा रहेको तर उक्त पूर्वाधार उपयोग बापत हुने आम्दानी न्यून रहेको छ । उपरोक्त प्राप्त आम्दानीबाट संरचानाहरूको नियमित मर्मतसंभार लागत पूर्ति हुन समेत कठिनाई हुने अवस्था रहेकोले सरकारी अनुदानमा भर पर्नुपरेको छ ।

सुझाउ – खेलकुद क्षेत्रको व्यवसायिकरण गरी दिगो सञ्चालनका लागी परिषद्मा आवद्ध संघ संस्था तथा अन्य निकाय वा क्षेत्रबाट आयोजना हुने खेलकुद प्रतियोगिता सञ्चालन बापत सो प्रतियोगिताको स्तर, संरचनाको स्तर, प्रतियोगिता सञ्चालन अवधि, खेल संख्या, दर्शक संख्या आदिको आधारमा खेल पूर्वाधार प्रयोग शुल्क निर्धारण मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्दछ । खेलकुद प्रतियोगिताको अलावा अन्य सार्वजनिक कार्यक्रम, सभा, सम्मेलन आदि सञ्चालनको लागि समेत परिषद्ले निश्चित कार्यविधि र मापदण्ड अपनाई सशुल्क प्रयोगको अनुमति दिने व्यवस्था मिलाई व्यवसायिकता प्रवर्द्धन गर्नुपर्दछ ।

२५. **अनुगमन –** खेलकुद विकास ऐन, २०४८ को दफा १३ मा खेलकुदसम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानुनबमोजिम दर्ता भएका संस्थाले परिषद्मा समेत दर्ता गर्नुपर्ने व्यवस्था छ । दफा १८ मा परिषद्ले खेलकुदसम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिनसक्ने व्यवस्था छ । संघसंस्थाहरूले खेलाडी खोज तथा प्रशिक्षण गर्ने, जिल्ला, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितहरूसञ्चालन गर्ने, अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय गर्ने लगायतका कार्यहरू गरी सम्बन्धित खेलको विकास, विस्तार तथा प्रवर्द्धनका कार्य गर्दछन् । परिषद्मा कुल २ सय ६ राष्ट्रिय संघसंस्था दर्ता भएकामध्ये २५ खारेज भई हाल १८१ संघसंस्था कार्यरत छने । इन्डोरखेलसँग सम्बन्धित १३५, आउटडोर खेलसँग सम्बन्धित ३९ तथा एसोसिएट खेलसँग सम्बन्धित ९ संघसंस्था रहेका छन् । उक्त १८१ संघसंस्थामध्ये अन्तर्राष्ट्रिय आवद्धता भएका खेल संघ १४९ रहेका छन् । अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग आवद्धता प्राप्त संस्थाको संख्या अधिक रहेतापनि नेपालको प्रदर्शन अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा निकै कमजोर रहेको छ । अन्तर्राष्ट्रिय आवद्धता भएका खेलसंघहरूलाई अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट तथा परिषद्मा दर्ता भएका संघसंस्थाहरूलाई परिषद्बाट प्रतियोगिता सञ्चालन गर्न, खेलाडी प्रशिक्षण गर्न, पूर्वाधार निर्माण गर्न लगायत विभिन्न शीर्षकमा अनुदान तथा सहयोग रकम उपलब्ध हुने गरेको छ । तर सम्बन्धित संघसंस्थाहरूले प्राप्त अनुदानको उपयोग तोकिएको कार्यमा गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाईएन ।

सुझाउ – संघसंस्थाले सम्बन्धित खेलको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गर्ने योगदान तथा उपलब्धि, खेलाडी प्रशिक्षण, नवीकरण लगायतका न्यूनतम मापदण्ड तोकी अनुदान उपलब्ध गराउनुपर्दछ । परिषद्मा दर्ता भएका संस्थाहरूको क्षमता अभिवृद्धितर्फ पहल गर्नुका साथै खेल विधामा न्यून योगदान गर्ने संस्थाहरूको कडाईका साथ अनुगमन, सुपरिवेक्षण गर्नुपर्दछ । परिषद्ले बजेट तथा कार्यक्रम तयार गरी दर्ता भएका संघ संस्थाहरूले परिषद्बाट प्राप्त र अन्तर्राष्ट्रिय संस्थाहरूबाट प्राप्त अनुदानको उपयोगको अनुगमन गरी निर्माण गरेका पूर्वाधार, प्रतियोगिता सञ्चालन, प्रदान गर्ने प्रशिक्षण आदिको अध्यावधिक विवरण राख्नुपर्दछ ।

२६. **खेलकुदमा नेपालको उपलब्धि –** विश्वस्तरमा खेल दर्शकहरूले सबैभन्दा बढी रुचाउने, लगानी हुने तथा खेल इभेन्टहरू सञ्चालन हुने अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा समर ओलम्पिक, विन्टर ओलम्पिक, विश्वकप फुटबल, विश्वकप क्रिकेट जस्ता प्रतियोगिताहरू पदर्छन । नेपाल ओलम्पिक कमिटिको सन् १९६२ मा स्थापना पश्चात सन् १९६४ को टोकियो ओलम्पिकदेखि हालसम्म नेपाल १३ समर ओलम्पिकमा भाग लिईसकेको छ । त्यसै गरी सन् २००२ देखि हालसम्म नेपाल ४ विन्टर ओलम्पिकमा भाग लिइसकेको छ । यसरी विगत ५६ वर्षदेखि भाग लिँदै आएको विभिन्न १७ ओलम्पिक संस्करणका खेलमा नेपालले हालसम्म एउटा पनि पदक हासिल गर्नसकेको छैन । त्यसै गरी १९५१ देखि विभिन्न संस्करणका एशियाली खेलकुदमा नेपालले हालसम्म जम्मा २४ पदक हासिल गरे तापनि हालसम्म स्वर्ण पदक हासिल गर्न सकेको छैन । नेपालमा सञ्चालन भएका अन्तर्राष्ट्रियस्तरको प्रतियोगिताहरूमध्ये दक्षिण एसियाली खेलकुद सबैभन्दा ठुलो प्रतियोगिता हो । हालसम्म सञ्चालन भएका १३ दक्षिण एसियाली खेलकुद संस्करणमा नेपालको औसत स्थान ४.३ रहेको छ । त्यसैगरी हाँसिल गरेको कुल स्वर्ण पदकको आधारमा नेपाल चौथौ स्थानमा पर्दछ भने कुल पदक तालिकामा पाँचौ स्थानमा पर्दछ । नेपालमा आयोजना भएको आठौं र तेह्रौं संस्करणमा नेपालको स्थान दोस्रो रहेतापनि बाहिरी मुलुकमा सञ्चालन भएका संस्करणहरूमा प्रदर्शन कमजोर रहेको छ । दक्षिण एशियाका जम्मा ८ राष्ट्र सहभागी हुने दक्षिण एसियाली खेलकुदमा समेत नेपालको प्रदर्शन कमजोर रहेको देखिन्छ ।

त्यसैगरी क्रिकेट र फुटबल जस्ता खेलमा समेत नेपालको अन्तर्राष्ट्रियस्तरमा प्रदर्शन कमजोर रहेको देखिन्छ । अन्तर्राष्ट्रिय फुटबल महासंघको २०७६/११/३० को बरियाताक्रम अनुसार २१० राष्ट्रमध्ये नेपाल १७० औं स्थानमा पर्दछ भने नेपालको हालसम्मको औसत श्रेणी १६५ रहेको छ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको नेपाल एशोसिएट सदस्य राष्ट्र हो । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको २०७६/११/३० को वरियाताक्रमअनुसार एकदिवशीय मान्यता प्राप्त २० राष्ट्रमध्ये नेपाल १६ औं स्थामा पर्दछ भने टी.टवान्टीमा ८५ राष्ट्रमध्ये १५ औं स्थानमा पर्दछ । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको बरियताक्रममा नेपालको स्थान सुधारिँदै गएतापनि अन्तर्राष्ट्रिय स्तरको पूर्वाधारको कमीले गर्दा नेपालमा अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता सञ्चालन हुन नसकेको नेपाल क्रिकेट संघले जानकारी दिएको छ । आवश्यक खेल पूर्वाधारको कमी, अन्तर्राष्ट्रिय सुविधा सम्पन्न प्रशिक्षण केन्द्रको कमी, दक्ष प्रशिक्षकको कमी, खेलकुदमा लगानीको कमी

जस्ता विभिन्न कारणहरूले अन्तर्राष्ट्रियस्तरमा नेपालको प्रदर्शन कमजोर रहेको दर्शाउछ । समग्र खेलकुद क्षेत्रको विकासका लागि आवश्यक पर्ने पूर्वाधारको योजनावद्ध ढङ्गले विकास नहुनाले नेपालको खेल स्तर विग्रदै गएको छ ।

सुझाउ – खेलकुद क्षेत्रमा संलग्न युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश तथा स्थानीय तह, संघ संस्था तथा निजी क्षेत्र जस्ता सरोकारवालाहरू समर्पित भई आआफ्नो क्षेत्रमा योजनावद्ध ढङ्गले लगानी गर्दै अगाडि बढ्न आवश्यक देखिन्छ ।

निष्कर्ष – 'सबैको लागि खेलकुद'को अवधारणा अनुरूप खेलकुद क्षेत्रको विकास गर्न संघ, प्रदेश तथा स्थानीय तह जस्ता विभिन्न सरकारी निकाय लगायत निजी क्षेत्र तथा संघ संस्थाहरू कार्यरत छन् । अन्तर्राष्ट्रिय एवं राष्ट्रियस्तरको रङ्गशाला सार्वजनिक निजी साझेदारीमार्फत निर्माण गरिने, संघीय, प्रादेशिक तथा स्थानीयस्तरमा सम्भाव्यताका आधारमा खेल प्रतिष्ठान र प्रशिक्षण केन्द्रको स्थापना गरिने, प्रतिभाशाली खेलाडीहरूको खोजी गरी तिनीहरूको लागि नियमित रूपमा स्वदेशी तथा वैदेशिक प्रशिक्षणको व्यवस्था गरिने, राष्ट्रको आर्थिक र सामाजिक विकासमा सहयोग पुऱ्याउने परम्परागत, साहसिक, पर्यटकीय र मनोरञ्जनात्मक खेलकुद प्रतियोगिताहरू आयोजना गरिने, प्रत्येक प्रदेशमा सुविधा सम्पन्न रङ्गशाला, क्रिकेट मैदान, कभर्डहल निर्माण गर्ने लगायतका कार्यनीतिहरू चौधौं योजना र राष्ट्रिय खेलकुद नीतिमा समावेश गरिएको भएतापनि सो कार्यहरू पुरा गर्न आवश्यक बजेट, निकायहरूबीच समन्वय र अनुगमनको कमी लगायतका विभिन्न कारणले गर्दा चौधौं योजना अवधि समाप्त भई पन्ध्रौं योजना सुरु भइसकेको अवस्थामा पनि खेलकुद पूर्वाधार विकासका कतिपय कार्यहरू कार्यान्वयननै नगरेको, कार्यान्वयन गरिएकाको पनि वित्तीय एवं भौत्तीक प्रगति न्यून रहेको पाइयो । यसले गर्दा खेल अभ्यास, प्रशिक्षण र प्रतियोगिता आयोजनामा कठिनाई हुनुका साथै खेल पर्यटनको लाभको अवसर गुमेको छ । युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषदले सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक बजेट र नियमित अनुगमनको व्यवस्था मिलाई लक्ष्यबमोजिम समयमा खेलकुद पूर्वाधार निर्माण कार्य सम्पन्न गर्ने कार्य योजना बनाई कार्यान्वयन गर्नु पर्ने, अन्तर्राष्ट्रिय मापदण्डबमोजिम पूर्वाधार निर्माण गरी सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाबाट मान्यता लिनेतर्फ पहल गर्नुपर्ने, अल्पकालीन, मध्यकालीन एवं दीर्घकालीन योजना बनाई सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार तथा साहसिक पर्यटन खेलकुदको आवश्यक पूर्वाधारहरूको निर्माण कार्य अगाडि बढाउनुपर्ने, परिषद्मा दर्ता भएका संघ संस्थाहरूले प्राप्त गरेको अनुदानको उपयोगको अनुगमन गर्नुपर्ने आदि सुझाउहरू कार्यान्वयनका लागि सिफारिस गरिएको छ । खेलकुदले नेपाली समुदायमा पारेको प्रभाव तथा नेपालको पर्यटन क्षेत्र तथा अर्थव्यवस्थामा गर्नसक्ने भूमिका लाई विचार गर्दा नेपालमा खेलकुद पूर्वाधार विकासका लागि सबै सरोकारवालाहरू समर्पित भई आआफ्नो क्षेत्रमा लगानी गर्दै अगाडि बढ्न आवश्यक देखिन्छ ।

सरकारी अनुदानमा निजी आवास निर्माण तथा उपयोग

परिचय

१. **विषयको पृष्ठभूमि -** नेपालको संविधानको धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने र कानुनबमोजिम वाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बास स्थानबाट हटाइने वा अतिक्रमण नगरिने उल्लेख छ । मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय विश्वव्यापी घोषणापत्रमा मानिसको आवासको अधिकारलाई सुनिश्चित गर्दैमानव बस्तीलाई समावेशी, सुरक्षित, उ तथा नशील र दिगो बनाउने तथा दिगो विकास लक्ष्य २०१६-२०३० मा जनतालाई निरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक तथा पुनःर्स्थापनात्मक सेवा उपलब्ध गराउने लगायतका आवाससँग सम्बन्धित लक्ष्यहरूलाई सार्थक बनाउने विश्वव्यापी नीतिहरू रहेका छन् । नागरिकका आवाससँग सम्बन्धित उल्लिखित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्यहरूको सम्बोधन गर्ने गरी नेपालमा सहरी विकास मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण लगायत तीन तहका सरकारका दर्जनौ निकायहरूको व्यवस्था गरिएको छ । संविधानको उल्लिखित मर्म तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताअनुरूप विपन्न तथा प्रकोप प्रभावित नागरिकको बासस्थानलाई स्वस्थ, सुरक्षित र दिगो बनाउन विगत लामो समयदेखि नेपालमा सरकारी अनुदानमा निजी आवास निर्माण गर्ने कार्यलाई सरकारले प्राथमिकतामा राख्दै आएको छ । सरकारी अनुदानमा निजी आवास निर्माण गर्ने कार्य २०६६।६७ देखि सञ्चालितजनता आवास कार्यक्रम हाल ७४ जिल्लामा लागु भएको छ । भूकम्प प्रभावित विभिन्न ३२ जिल्लामा पुनर्निर्माण तथा पुनःस्थापना कार्यक्रम सञ्चालित छ । २०७५/७६ देखि खर तथा परालको छाना भएका गरीब तथा विपन्न नागरिकका घरका छाना जस्तापाताले छाउने उद्देश्यले नेपालका सबै जिल्लामा लागु हुने गरीसुरक्षित नागरिक आवास कार्यक्रम र तराईका २२ जिल्लामा गरीब तथा विपन्न नागरिकलाई आवास सुविधा उपलब्ध गराउने उद्देश्यले तराई मधेस समृद्ध कार्यक्रम अन्तर्गत स्थानीय तहको स्वामित्वमा रहने गरी सामुहिक आवास कार्यक्रम लागु भएका छन् । अन्य विभिन्न सरकारी तथा गैरसरकारी निकाय तथा स्वतन्त्र संघ संगठन मार्फत निजी आवास बनाउने कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । निजी आवास तथा भवन निर्माणमा भएको सार्वजनिक खर्चको उपयोगिता तथा कार्यक्रमको प्रभावकारिता सम्बन्धमा मूल्याङ्कन गर्न**"सरकारी अनुदानमा निजी आवास निर्माण तथा उपयोग"** विषयक कार्यमूलक लेखापरीक्षणको भएको छ ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

- अनुदानको आधार र आवश्यकता पहिचान
- भवनको मापदण्ड र गुणस्तर
- अनुदान वितरणको अवस्था र प्रभावकारिता
- अनुदानको उपयोग स्थिति

२. **संगठनात्मक संरचना -** सुरक्षित आवाससम्बन्धी नीति तथा योजनालाई कार्यान्वयनमा ल्याई सबै वर्ग क्षेत्र र समुदायका नागरिकहरूको आवासमा पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय आवास सेवा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुरूप सहरी विकास मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, प्रदेशभौतिक पूर्वाधार मन्त्रालय र स्थानीय तहहरू सरकारी अनुदानमा निजी आवास निर्माण कार्यमा आवद्धरहेका छन । उल्लिखित मन्त्रालय तथा अन्तर्गतका विभाग, केन्द्रीय आयोजना कार्यन्वयन ईकाई, जिल्लागत आयोजना कार्यान्वयन इकाइहरू, सहरी विकास तथा भवन कार्यालयहरू र भौतिक पूर्वाधार कार्यालयहरू मार्फतआवास सेवाको पँहुचमा स्तरोन्नति गर्न गरीब नागरिक र प्रकोप प्रभावितहरूलको लागि भवन निर्माण गर्न अनुदान वितरण गर्ने, आवश्यक प्राविधिक सल्लाह दिने तथा सोको अनुगमन गर्ने कार्य हुने गरेको छ ।

३. **कार्यक्रमको सोच लक्ष्य, उद्देश्य एवं रणनीति -** राष्ट्रिय आवास योजना, २०७१ ले मुख्य रूपले निम्न उद्देश्य लिएको देखिन्छ :

- सबै आय वर्गको निमित्त उपयुक्त सुरक्षित र वातावरणमैत्री आवासको प्रत्याभूति गराउनुका साथै विद्यमान आवासको अवस्थालाई स्तरोन्नति गर्ने ।
- आवास क्षेत्रको आर्थिक स्रोतहरूको प्रभावकारी परिचालन गर्ने ।
- आवास क्षेत्रमा सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा समुदायको भूमिका स्पष्ट गरी सुधार गर्ने ।

४. **निकायको सञ्जाल तथा क्षेत्र -** सरकारी अनुदानमा निजी आवास निर्माण गर्ने कार्यमा आवद्ध सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभाग र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण नीति, कार्यविधि, तथा मापदण्ड तर्जुमा र सोको अनुगमनमा केन्द्रित रहने केन्द्रीयस्तरका निकायहरू हुन् । कार्य सञ्चालनस्तरमा केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ तथा जिल्ला आयोजना कार्यान्वयन ईकाइहरू मार्फत भूकम्पबाट अति प्रभावित १४ जिल्ला र कम प्रभावित १८ जिल्ला समेत ३२ जिल्लामा पुनर्निर्माण कार्यक्रमसञ्चालनमा रहको छ । भूकम्प प्रभावित नागरिकको पहिचान गर्ने, गुनासो सुन्ने, प्राविधिक सेवा उपलब्ध गर्ने, अनुदान वितरण गर्ने र निर्मित भवनको निरीक्षण गर्ने कार्यमा उल्लिखित निकायहरू कार्यरत रहेका छन । अति विपन्न, दलित तथा सीमान्तकृत नागरिकको आवास सुविधाको स्तरोन्नति गर्ने उद्देश्यले ७४ जिल्लामा साविकको सहरी विकास तथा भवन निर्माण विभाग मार्फत सञ्चालित जनता आवास कार्यक्रम २०७५।७६ पश्चात प्रदेश, भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गतका भौतिक पूर्वाधार कार्यालय र सहरी विकास तथा भवन कार्यालयहरूबाट सञ्चालित छ । पराल तथा खरका छाना विस्थापन गर्ने उद्देश्यले २०७५।७६ देखि मुलुकभरी लागु हुने गरी सहरी विकास मन्त्रालय अन्तर्गतका संघीय आयोजना कार्यान्वयन ईकाइ र सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय मार्फत सुरक्षित नागरिक आवास कार्यक्रम सुरु भएको छ । तराई मधेशका न्यून मानव विकास सूचाङ्क भएका २२ जिल्लाका २७७ स्थानीय तहमा तराई मधेश समृद्धि कार्यक्रम मार्फतसार्वजनिक जग्गामा सामुहिक आवास भवन निर्माण गरी विपन्न नागरिकहरूलाई निःशुल्क तथा न्यूनतम भाडामा भवन उपलब्ध गराउने नीति लिइएको छ । तराई मधेश समृद्धि कार्यक्रम संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयबाट सम्बन्धित स्थानीय तहको समन्वयमा सञ्चालनमा रहेको छ ।

५. **नीतिगत व्यवस्था -**

नेपालको संविधान (२०७२) -

- धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने व्यवस्था छ ।
- धारा ४२ मा आर्थिकरूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उ तथा न, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था छ ।

राष्ट्रिय आवास नीति, २०६८ - यस नीतिले अँगिकार गरेका उद्देश्यहरू निम्नानुसार छन् :

- सवै आय वर्गको निम्ति उपयुक्त सुरक्षित र वातावरणमैत्री आवासको उत्पादन वृद्धि तथा विद्यमान आवासको स्तरोन्नति गर्ने ।
- आवास क्षेत्रको आर्थिक स्रोतको प्रभावकारी परिचालन गर्ने ।
- आवास क्षेत्रको सरकारी, गैरसरकारी तथा निजी क्षेत्र र समुदायको भूमिका स्पष्ट गरी संस्थागत सुधार गर्ने ।
- प्राकृतिक प्रकोप वा द्वन्दका कारण विस्थापित व्यक्तिहरूले तत्काल रहत स्वरूप प्रयोग गर्न निर्मित अस्थायी आवासको उपलब्धता सुनिश्चित गर्ने ।
- आवासको ईकाइहरूको प्रभावकारी प्रयोग तथा सुरक्षाका उपायाहरूको अवलम्बन गरी स्तरोन्नति गर्ने ।

चौधौं योजना (२०७३।७४ देखि २०७५।७६) ले लिएका रणनीति तथा कार्यनीति - आवधिक योजनामा आवाससँग सम्बन्धित रहेका मुख्य व्यहोरा निम्नानुसार रहेका छन् :

रणनीति -

- विपन्न र सिमान्तकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित किफायती र वातावरणमैत्री आवास सुविधा व्यवस्था गर्ने ।
- प्राथमिकताको आधारमा क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण तथा बस्ती विकास गर्ने ।

कार्यनीति -

- अति विपन्न तथा सिमान्तकृत वर्गको लागि जनता आवास कार्यक्रम सवै प्रदेशमा विस्तार गरिनेछ ।

- भूकम्प पिडित परिवारको आवास निर्माणको लागि अनुदान तथा सरल कर्जाको व्यवस्था गरिनेछ ।
- छरिएर रहेको बसोवासलाई व्यवस्थित गर्न पूर्वाधार सहितको नमुना एकीकृत बस्ती विकासको कार्य अगाडि बढाइनेछ ।
- 'सबैका लागि सुरक्षित र सुलभ आवास' लक्ष्य हासिल गर्न सुरक्षित र सुलभ आवास निर्माणलाई प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक र निजी भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको कार्यान्वयनमा जोड दिइनेछ ।
- स्थानीय प्रविधि र उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिई प्रचलित भवन डिजाइन र प्रविधिको लागि आवश्यक मापदण्डको विकास गरिनेछ ।
- विभिन्न भूगोललाई सुहाउँदो नमुना भवनको नक्सा तयार गरिनेछ ।

पन्ध्रौं योजना (२०७६।७७ – २०८०।८१) ले लिएका रणनीति तथा कार्यनीति - पन्ध्रौं योजना उल्लिखित आवाससँग सम्बन्धित मुख्य व्यहोरा निम्नानुसार रहेका छन् :

रणनीति -

- कमजोर आर्थिक अवस्थामा रहेका दलित, मुस्लिम, लोपोन्मुख र सीमान्तकृत जातजाती तथा समुदाय एवम विपदको उच्च जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने ।
- भूकम्पबाट क्षतिग्रस्त निजी आवास र सार्वजनिक भौतिक संरचनाहरू भूकम्प प्रतिरोधी हुनेगरी पुनर्निर्माण र सुधार गर्ने ।
- जोखिमयुक्त बस्ती स्थानान्तरण एवं एकीकृत बस्ती विकास गर्ने ।

कार्यनीति -

- निजी आवास पुनर्निर्माणका लागि आवश्यक अनुदान वितरण एवम सहुलियतपूर्ण कर्जा प्रवाहलाई प्रभावकारी बनाइने ।
- पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्य प्रदेश तथा स्थानीय तहसँग सहकार्य र समन्वय गरी सम्पन्न गरिने ।
- अति विपन्न लोपोन्मुख र अति सीमान्तकृत जातजाति, समुदाय र सहरी गरीबको लागि सुरक्षित आवास उपलब्ध गराइने ।
- सहकारी आवास निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाइने ।

२०७५/७६ को वजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रम -

- नागरिकको मौलिक हकको रूपमा रहेको उपयुक्त आवासको हक सुनिश्चित गर्न जनता आवास, सुरक्षित आवास, बस्ती स्थानान्तरण लगायतका कार्यक्रम अघि बढाईनेछ । जनता आवास कार्यक्रम अन्तर्गत ३० हजार घर निर्माण गर्न रु.४ अर्ब ३० करोड विनियोजन गरिएको ।
- अति विपन्न, लोपोन्मुख र सीमान्तकृत वर्गका परिवारका लागि सुरक्षित, किफयती र वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गतकाठ र जस्तापातामा अनुदान दिई आगामी वर्ष करिब २० हजार भवनको खर तथा फुसको छाना फेर्न रु.७३ करोड विनियोजन गरिएको ।
- आगामी दुई वर्ष भित्र जोखिमयुक्त बस्तीमा रहेका सबै परिवारलाई जोखिम रहित स्थानमा सुरक्षित आवासको व्यवस्था मिलाउन प्रदेश र स्थानीय तहको लागत सहभागितामा नजिकको सुरक्षित स्थानको एकीकृत बस्तीमा सार्न रु ५० करोड विनियोजन गरिएको । बाढी पहिरोमा परी घरबार गुमाएका र जनधनको क्षति भएका सुर्खेत, दाङ, लगायत तराई मधेश तथा पहाडी जिल्लाहरूमा घर पुनर्निर्माण कार्य अगाडि बढाउन बजेट विनियोजन गरिएको ।

विषयसँग सम्बन्धित कानुनी व्यवस्था (ऐन, नियमावली, विनियम, कार्यविधि र नर्म्सहरू) -

- आवासको अधिकारसम्बन्धी ऐन, २०७५
- मुलुकी देवानीसंहिता, २०७४
- भवन ऐन, २०५५
- भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन २०७२, नियमावली, २०७२
- भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणको लागि जग्गा प्राप्तिसम्बन्धी कार्यविधि, २०७२
- भूकम्पबाटप्रभावित व्यक्तिको जग्गा दर्ता गर्नेसम्बन्धी कार्यविधि, २०७२
- भूकम्पबाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७२
- भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माणको लागि अनुदान वितरणसम्बन्धी कार्यविधि, २०७३
- भूकम्प पिडितलाईबसोबासयोग्य जग्गा खरिदसम्बन्धी मापदण्ड, २०७४
- पुनर्निर्माणसम्बन्धी गुनासो कार्यविधि, २०७४
- बाढी पहिरोबाट क्षतिग्रस्त बाँके, वर्दीया, दाङ्ग र सुर्खेतका निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३
- जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३
- प्रदेशस्तरीय जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधिहरू, २०७५
- तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५
- सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधि, २०७५
- सार्वजनिक खरिद ऐन तथा नियमावली
- निजी आवास अनुदान वितरण एवम पुनर्निर्माण समय सीमा तालिका
- सहरी विकास मन्त्रालय एवम राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट समयसमयमा जारी भएका नर्म्स, निर्देशिका र विभिन्न परिपत्रहरू

६. **बजेट र खर्च व्यवस्था -** सरकारी अनुदानमा निजी आवास निर्माण गरिने मूख्य कार्यक्रमहरू, जनता आवास कार्यक्रम, पुनर्निर्माण कार्यक्रम, सुरक्षित नागरिक आवास कार्यक्रम र तराई मधेश समृद्धि कार्यक्रमका सम्बन्धमा कर्मचारीहरूको तलव, भत्ता, अनुगमन तथा मूल्याङ्कन, परामर्श सेवा जस्ता चालु खर्च बाहेक निजी आवासको लागि भएका विगत तीन वर्षको प्रत्यक्ष बजेट खर्च निम्नानुसार छन् ।

विगत ३ वर्षको निकासा एवम खर्च विवरण -

(रु.लाखमा)

कार्यक्रम	आ.व. २०७३/७४		आ.व. २०७४/७५		आ.व. २०७५/७६	
	बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च
पुनर्निर्माण कार्यक्रम	५४७६९८	३५३३०८	९७३३७०	८८४७४१	७६९८९९	४९५७३६
जनता आवास कार्यक्रम		१६२८२		२७७६१		५१६९.९१
सुरक्षित नागरिक आवास कार्यक्रम	आ.व. २०७५।७६ देखिसञ्चालनमा आएको				१२३४.३२	७१९.२९
तराई मधेश समृद्धि	आ.व. २०७५।७६ देखिसञ्चालनमा आएको				३३४८.८०	२८५४.१८

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

७. **विषय छनौटको सान्दर्भिकता र औचित्य -** राज्यका विभिन्न नीति तथा कार्यक्रमले आवास सेवालाई प्रभावकारी बनाउने लक्ष्य तथा उद्देश्य राख्नुका साथै दिगो विकास लक्ष्य २०३० को एघारौ लक्ष्यको रूपमा सहरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उ तथा नसील एवम दिगो बनाउने रहेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एक प्रमुख साझा लक्ष्यको रूपमा नागरिकलाईसुरक्षित र पर्याप्त आवास सेवा उपलब्ध गराउने उद्देश्यले सरकारी अनुदानमा निजी आवास निर्माण गर्न विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । २०६६।६७ देखि सञ्चालित जनता आवास कार्यक्रम र २०७२।७३ देखि सञ्चालित भूकम्प प्रभावितहरूको आवास पुनर्निर्माण लगायतका विभिन्न कार्यक्रमहरू मार्फत निजी आवास निर्माणमा सरकारका तीन तहका दर्जनौ निकायहरू आवद्ध रहेका छन् ।

विगत एक दशकदेखि निजी आवास निर्माण गर्ने कार्यको लागि विभिन्न निकायहरू मार्फत खर्बौं रकम अनुदानको रूपमा प्रवाह भएको अवस्थामा पनि चौधौँ योजनाअनुसार नेपालमा सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या ३७.८ प्रतिशत मात्र रहनु र विगत १५ वर्षमा भाडमा बस्ने जनसंख्या निरन्तर बढेर २ प्रतिशतबाट १२.८१ प्रतिशत पुग्नुले सुरक्षित आवासमा नागरिकको सहज पँहुच पुऱ्याउन सरकारले गरेका प्रयासहरू अपेक्षितरहेको देखिँदैन ।गरीब तथा विपन्न नागरिकहरूको आवास सुविधा अभिवृद्धि गर्न सरकारले लिईएका नीतिहरूको कार्यान्वयन पक्षको अध्ययन गरी मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको दृष्टिकोणबाट स्वतन्त्र एवम वस्तुगत मूल्याङ्कन गर्ने अभिप्रायले कार्यमूलक लेखापरीक्षणका लागि यो विषयको छनौट भएको थियो ।

८. **उद्देश्य -** निजी आवास निर्माण गरी नागरिकको बासस्थानलाई सुरक्षित र दिगो बनाउन खर्च भएको सार्वजनिक स्रोतको उपयोग प्रभावकारी तवरले भए नभएको सम्बन्धमा देहायबमोजिम मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

- अनुदानको वितरणको लागि लाभग्राही पहिचानको आधारमूल्याङ्कन गर्नु ।
- नीति, कार्यक्रम, कार्यविधि र मापदण्डबमोजिम अनुदान वितरण एवम निजी आवास निर्माण भए नभएको सुनिश्चित गर्नु ।
- वितरित अनुदानबाट निर्माण भएका अवासको उपयोगिता मूल्याङ्कन गर्नु ।

९. **लेखापरीक्षण पद्धतिर विधि -** यस विषयको लेखापरीक्षणको लागि माथि बिषय छनौटको औचित्यमा उल्लेख गरे अनुसारको उपलब्धि परीक्षणको सन्दर्भमा निम्नानुसारको पद्धति तथा विधिको प्रयोग गरिएको छ :

९.१. **लेखापरीक्षणको पद्धति -** यस विषयको लेखापरीक्षणका लागि प्रक्रियामूलक र नतिजामूलक दुवै पद्धति समनान्तर रूपमा अवलम्बन गरिएको छ। सरकारी अनुदानमा निजी आवास निर्माण कार्यक्रम सम्बन्धित सार्वजनिक नीति तथा प्रक्रियामा आधारित भई सञ्चालन हुने कार्यक्रम भएकोले सबै कार्यक्रम सोही अनुरूप सञ्चालन हुन आवश्यक छ। अनुदान प्रवाह गर्नुको मुख्य उद्देश्य नै आर्थिक तथा सामाजिक रूपमा विपन्न तथा विपद पीडित नागरिकहरूको आवासस्तरमा सुधार ल्याउनु हो । तसर्थ अनुदानको उपयोग सम्बन्धित नीति तथा प्रक्रिया अनुरूप भए नभएको र कार्यक्रमको लक्षित उद्देश्य हासिल भए नभएको मूल्याङ्कन गर्न प्रक्रियामूक तथा नतिजामूलक पद्धतिलाई लेखापरीक्षणको पद्धतिको रूपमा लिईएको छ। यसै पद्धतिको अधिनमा रही कार्यक्रमको कार्यदक्षता र प्रभावकारिता पक्षको विश्लेषण गरिएको छ।

९.२. **लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजनाले निर्दिष्ट गरेबमोजिम कार्यमूलक लेखापरीक्षण मापदण्डको तुलनात्मक अध्ययन मूल्याङ्कन र विश्लेषण गरिएको छ। कार्यमूलक लेखापरीक्षणको समीक्षा र सर्वेक्षण चरणमा देहायबमोजिमका विधिहरू अवलम्बन गरिएको छ।

९.३. **समीक्षा -** अनुदान व्यवस्थापनसम्बन्धी नीतिगत एवं कानुनी व्यवस्था, अनुदान वितरण र निजी घरको लागि भएको सार्वजनिक कोषको उपयोग र प्राधिकरणको सूचना व्यवस्थापन प्रणालीको विश्लेषणात्मक समीक्षा गरी त्यसको आधारमा तयारी गरिएको लेखापरीक्षण अनुशीलन श्रृङ्खलाअनुरूप लेखापरीक्षण व्यहोराको समीक्षा गरिएको छ।

९.४. **सर्वेक्षण चरण -** यस चरणमा प्रश्नावली, परीक्षण सूची, अन्तरक्रिया जस्ता औजारहरू प्रयोग गरिएको छ । सरकारी अनुदानमा निजी आवास निर्माण गर्ने कार्यमा संलग्न तथा यस अनुदान कार्यक्रमबाट लाभान्वितहरूको गैर नमुना पद्धतिको आधारमा अन्तरवार्ता लिइएको छ। सहभागीहरू छनौट गर्दा विषयसँग सम्बन्धित मुख्य जानकारहरूमा केन्द्रित भई उद्देश्यमूलक नमूना छनौट विधिको आधारमा छनौट गरिएको छ । सञ्चालित कार्यहरूको विवरणको विश्लेषण गरी देखिएका जोखिम क्षेत्र एवम तात्विक महत्वका विषयहरूलाई थप पुष्ट्याई प्राप्त गर्न प्रश्नावली भराई विवरण माग गरी जानकारी लिने, स्थलगत भ्रमण समेतबाट स्थितिको अवलोकन गरी सम्बन्धित पदाधिकारी र सरोकारवालाहरूसँग छलफल समेत गरिएको छ ।

भौगोलिक अवस्था हेरी दोलखा, सिन्धुपाल्चोक, गोरखा, धादिङ्ग, धनुषा र रूपन्देही समेत ६ जिल्लामा सम्बन्धित सरोकारवालाहरूसँगको छलफल (FGD) कार्यक्रम सञ्चालन गरिएको छ। छलफलमा सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन ईकाइ (भवन), जिल्ला आयोजना कार्यान्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), सम्बन्धित स्थानीय तह तथा सामुदायिक संस्थाका पदाधिकारीहरू, गैरसरकारी संस्थाका प्रतिनिधि, समाजसेवी र वुद्धिजिवी लगायतका २३० सरोकारवालाको सहभागी गराईएको छ । स्थलगत भ्रमणको क्रममा कार्यक्रमको क्षेत्राधिकार भित्र रहेका दोलखाका तीन स्थानमा ३०, सिन्धुपाल्चोकका तीन स्थानमा ३०, गोरखाका तीन स्थानमा ३० र धादिङ्गको एक स्थानमा १० समेत कुल १०० सरोकारवालाको अन्तरवार्ता लिइएको छ ।सङ्कलन गरिएका सूचना तथा तथ्याङ्क, फाराम, टिप्पणी र सुझाउ समेतको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ । तथ्याङ्क तथा सूचनाको विश्लेषण गर्ने प्रयोजनको लागि आवश्यकतानुसार विशेषज्ञ सेवाको उपयोग गरिएको छ ।

उपर्युक्त विधि तथा पद्धतिको आधारमा लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा प्रतिवेदनको तेस्रो खण्डमा विस्तृतरूपमा प्रस्तुत गरिएको छ ।

१०. **क्षेत्र -** अध्ययनको क्रममा २०७३।७४ देखि २०७५।७६ सम्म राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र सहरी विकास मन्त्रालय, संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय एवम प्रदेश भौतिक पूर्वाधार मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) तथा (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), सहरी विकास तथा भवन निर्माण विभाग तथा अन्तर्गतका निकायहरू र स्थानीय तहबाट निजी आवास निर्माणको लागि अनुदान वितरण गरिने भएकोले यी निकायका यस विषयसँग सम्बद्ध क्षेत्रहरू लेखापरीक्षणका क्षेत्र हुन । निजी आवास निर्माणको लागि बनेका नीति, योजना, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरू यस विषयका नीतिगत क्षेत्रहरू हुन । अनुदान वितरणको लागि लाभग्राही पहिचान, भुक्तानी प्रक्रिया, निर्माण प्रगति, भवनको उपयोग तथा दिगोपनाको परिक्षण गर्न निजी आवास निर्माणको लागि २०७५।७६ सम्मको अनुदान वितरणसँग सम्बन्धित क्रियाकलापहरूलाई कार्यगत क्षेत्रको रूपमा लिइएका छन् ।

११. **लेखापरीक्षणको सीमा -** प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको अन्तरवार्ता, तथा प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ । प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा उपलव्ध भएका स्रोत साधन आदि लेखापरीक्षणको सीमा रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

सरकारी अनुदानमा निजी आवास निर्माण तथा उपयोग विषयक स्वीकृत लेखापरीक्षण योजना, २०७६ अनुरूप तयार गरिएका प्रश्नावली, सम्बन्धित निकायहरूबाट प्राप्त विवरणहरू, स्थलगत अवलोकन, सरोकारवालासँगको छलफल तथा विभिन्न निकायहरूबाट प्रकाशित प्रतिवेदन र यस विषयसँग सम्बन्धित नीति योजना तथा कार्यविधिहरूको विश्लेषणबाट निम्नानुसारकालेखापरीक्षण व्यहोरा उल्लेख गरिएको छ ।

१२. **राष्ट्रिय लक्ष्यसँग कार्यक्रमको अन्तरआवद्धता -** संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले प्रकाशन गर्ने बहुआयामिक गरिबी (Multi Diamensional - Poverty Index, MPI) को सूचकमा सुरक्षित आवासमा घरको छानो, गारो र भुँईलाई समेत १८ सूचकमध्ये ३ सूचकको रूपमा लिईएको छ । सो सूचकअनुसार घरको छानो, गारो र भुँई स्थानीय कच्चा पदार्थहरू घाँसपात, काठ, बाँस, माटोको भएमा गरिबीको जोखिममा रहेको मानिन्छ । दिगो विकास लक्ष्यको लक्ष्य नं. ११ मा नेपालले सन् २०३० सम्ममा आधारभूत सेवाहरूको रूपमा सुरक्षित र क्षमताले धान्नसक्ने घरमा सबैको पहुँच सुनिश्चित गर्ने र गरीब बस्तीहरू

झुपटपट्टीहरू (Slums) लाई स्तरोन्नति गर्ने लक्ष्य राखिएको छ । जसमा गरीब बस्तीहरू/झुपटपट्टीहरू र अवैध जमिनमा बसोबास गर्ने जनसंख्या प्रतिहजार ५०० बाट १२५ मा, खर/पराल/पातले छाएको घर परिवार १९ प्रतिशतबाट ५ प्रतिशतमा र सुरक्षित घरहरूमा बसोबास गर्ने परिवार २९.८ प्रतिशत (सन् २०१५) बाट ६० प्रतिशतमा पुऱ्याउने लक्ष्य तय गरिएको छ । विपद् पछिको पुनर्निर्माण तथा गरीब/विपन्नहरूको उ तथा नको लागि सरकारी अनुदानमा सञ्चालित निजी आवास निर्माण कार्यक्रमहरू यस्ता सूचकहरूमा आधारित सरकारको प्रतिवद्धता पुरा गर्नेतर्फ केन्द्रित हुनुपर्दछ । १५ औँ आवधिक योजना अनुसार नेपालमा विगत १५ वर्षमा भाडामा बस्ने जनसंख्या २ प्रतिशतबाट बढेर १२.८१ प्रतिशत पुगेको छ । लेखापरीक्षणको क्रममा उल्लिखित लक्ष्यका सम्बन्धमा अन्तरसम्बन्धित कार्ययोजना नरहेको, अस्थायी तथा तत्कालीन आवश्यकताको आधारमा बजेट विनियोजन गर्ने गरिएको, घरहरूको मापदण्डले तोकिएका सूचकहरूलाई सम्बोधन गर्नसकेको पाइएन । साथै सो घरको अनुमानित आयू समेत निर्धारण नगरिएको, विपन्न तथा गरीबहरूको आवासको निर्माणमा कुनै निश्चित संरचना र कार्यक्रम नतोकी सरकारका तीनवटै तहका धेरै निकायहरू संलग्न भएको देखिन्छ । उदाहरणको लागि लेखापरीक्षणको क्रममा पुनर्निर्माण प्राधिकरणले वितरण गरिने रु.३ लाख तथा जनता आवास कार्यक्रम अन्तर्गत वितरण गरिने रु.३ लाख ८० हजारसम्मको अनुदान रकमबाट सम्बन्धित स्थानमा सुरक्षित दिगो र वातावरणमैत्री घर निर्माण हुनसक्ने आधार पेश गर्न नसक्नुका साथै सूचकमा आधारित मूल्याङ्कन पद्धति समेत रहेको अवस्था देखिएन ।यसले एकातिर सार्वजनिक स्रोत साधनको सदुपयोग नहुने र अर्कातिर वास्तविक गरीब वा प्रकोप पीडितले सुरक्षित आवासको प्रत्याभूति नपाउनुका साथै सरकारले गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता समेत पुरा नहुने देखिन्छ ।

सुझाउ - प्रकोप पछिको आवास पुनर्निर्माण र गरीब/विपन्न जनताको लागि सञ्चालित आवास कार्यक्रमको लागि निश्चित कार्ययोजना बनाई संघ, प्रदेश र स्थानीय तहहरूले अन्तरतहगत समन्वय हुने गरी अन्तरसम्बन्धित कार्ययोजना, मापदण्ड र सूचक मार्फत राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिद्दता हासिल हुने गरी सरकारी अनुदानमा निजी आवास निर्माणकाकार्यक्रमहरूतह हुनुपर्दछ ।

१३. **व्यवस्थित सूचना प्रणाली -** नेपालको संविधानले अख्तियार गरेको सुर्रक्षित आवसको हक र दिगो विकास तथा गरिबी निवारण सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा नेपालले गरेको प्रतिवद्धता, आवधिक लक्ष्य तथा दीर्घकालीन सोच २१०० लगायतको समय सापेक्ष समिक्षा र प्रगति मूल्याङ्कन तथा अनुगमनको लागि विषयगत, खण्डीकृत तथा एकीकृत प्रतिवेदन तथा सूचना प्रणालीको आवश्यकता पर्दछ । प्रकोप प्रभावित पीडित तथा गरीब विपन्न नागरिकलाई सुरक्षित र दिगो आवासको पँहुच उपलब्ध गराउने उद्देश्यले २०६६।६७ सालदेखि सञ्चालित विभिन्न प्रकृतिका सरकारी अनुदानमा निजी आवास निर्माण कार्यक्रममा दर्जनौ सरकारी तथा गैरसरकारी निकायहरू संलग्न रहेका छन् । एउटै उद्देश्य रहेका कार्यक्रमहरूको एकीकृत सूचना तथा प्रतिवेदन प्रणाली नभएकोले समष्टिगत राष्ट्रिय प्रगति मूल्याङ्कन तथा समिक्षा समेत यर्थाथपरक बन्नसकेको छैन । व्यवस्थित सूचना प्रणालीको अभावमा एकीकृत लाभग्राही जनसंख्या, कुल सार्वजनिक स्रोतको उपयोग, सुरक्षित आवास विहीन जनसंख्याको अवस्था जस्ता महत्वपूर्णतथ्याङ्कहरू प्राप्त हुनसकिने अवस्था छैन ।

सुझाउ - सरकारी अनुदानमा निजी आवास निर्माणमा संलग्न सबै प्रकारका कार्यक्रमहरूको विषयगत, खण्डीकृत तथा एकीकृत तथ्याङ्क उपलब्ध हुने गरी एकीकृत सूचना व्यवस्थापन प्रणालीको स्थापना गर्नुपर्दछ ।

पुनर्निर्माणतर्फ - २०७२ सालको भूकम्पबाट प्रभावित निजी आवासहरूको पुनर्निर्माण तथा पुनःर्स्थापना कार्यक्रमका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

१४. **निजी आवास पुनर्निर्माण लागत -** राष्ट्रिय पुनर्निर्माण तथा पुनःस्थापना नीति, २०७२ अनुसार भूकम्पबाट क्षतिग्रस्त निजी आवासको पुनः निर्माण गर्न सम्भव भएसम्म स्थानीय ज्ञान, सीप, सामाग्री र श्रमको उपयोग गरी मितव्ययीढङ्गमा दिगो, सुरक्षित र प्रकोप प्रतिरोधी आवास निर्माण गरी प्रभावित नागरिकलाई यथाशक्य कम समयमा पुनर्बास गराउने नीति लिएको छ । भूकम्प प्रभावित संरचनाको पुनर्निर्माण गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा अन्तर्गतमा केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ र जिल्ला आयोजना कार्यान्वयन ईकाइहरू स्थापना भई लाभग्राही पहिचान गर्ने, स्रोतको आङ्कलन गर्ने, अनुदान रकम वितरण गर्ने, भवन निर्माणको लागि प्राविधिक सहयोग गर्ने लगायतका कार्य २०७२।७३ देखि हालसम्म निरन्तर सञ्चालनमा रहेको छ । भूकम्प प्रभावितलाई आवास निर्माण तथा जग्गा खरिद गर्न तेकिएबमोजिम अनुदान

रकम उपलव्ध गर्ने तथा अन्य प्राविधिक तथा प्रशासनिक खर्चको सम्बन्धमा २०७५।७६ सम्मको उपलव्ध सूचना तथा तथ्याङ्कको आधारमा निम्नानुसार विश्लेषण गरिएको छ

विवरण	२०७५।७६ सम्मको खर्च (रु.लाखमा)	खर्च प्रतिशत	निजी आवास र अन्य निर्माण शीर्षकमा भएको प्रशासनिक खर्च (शीर्षकगत खर्चको आधारमा गरिएको वाँडफाड रु लाखमा)	शीर्षकगत कुल खर्च (रु.लाखमा)
निजी आवास अनुदान खर्च	१८७७३६	७२%	१०६८९०	१९८४६२७
अन्य भवन निर्माण तथा सार्वजनिक निर्माण खर्च	७३७१२२	२८%	४१९६१	७७९०८२
परामर्श, पारिश्रमिक तथा अन्य प्रशासनिक खर्च	१४८८५१	**किस्ता विवरण**	**वितरित किस्ता संख्या**	
		पहिलो किस्ता प्राप्त गर्ने	७६३७५५	
कुल खर्च	**२७६३७०९**	दोस्रो किस्ता प्राप्त गर्ने	५९१४३८	
		अन्तिम किस्ता प्राप्त गर्ने	४५६२७२	

स्रोत : प्राधिकरणको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन २०७६

२०७५।७६ को अन्त्यसम्म डिपिसीसम्म मात्र निर्माण कार्य भएको आवास संख्या १ लाख ३५ हजार १६६ र छाना छाउने अवस्थामा पुगेका तथा छाना छाएका आवास संख्या ४ लाख ५६ हजार २७२ रहेको सन्दर्भमा डिपीसी लेभलसम्मको कामलाई ५० प्रतिशत निर्माण सम्पन्न मान्दा करिब ५ लाख २३ हजार ८५५ आवास निर्माणको सबै काम सम्पन्न भएको अवस्था देखिन्छ । यसरी निजी आवास निर्माणमा रु.१ खर्ब ९८ अर्ब ४६ करोड २७ लाख खर्च भएको अवस्थाले प्रतिआवास औसत रु.३ लाख ७९ हजार लागत परेको अवस्था देखिन्छ । निर्माण कार्यमा भएको विलम्ब तथा पहिलो किस्ता लिएर घर निर्माण सुरु नगर्ने जस्ता कारणले बितरित अनुदानबाट प्राप्त उपलब्धि मितव्ययी हुन सकिएको छैन ।

सुझाउ - निर्माण कार्यमा भएको विलम्व तथा किस्ता भुक्तानी भएका लाभग्राहीहरूले अवास निर्माण नगर्दा अनुदानको प्रतिफल अझै न्यून हुनसक्ने भएकोले निर्माण कार्यमा शीघ्रता ल्याउन र लाभग्राहीलाई आवास निर्माणमा उत्प्रेरित गराई अपेक्षित उपलब्धि हासिल गराउन प्राधिकरण थप जिम्मेवार हुनुपर्दछ ।

लाभग्राहीमा बढोत्तरी - भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को दफा ३(१) मा केन्द्रीय तथ्याङ्क विभागबाट २०७२ को भूकम्प र त्यसपछिका पराकम्पनबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण एवं प्रवलीकरणका लागि लगत सङ्कलन कार्यक्रम अन्तर्गत सङ्कलित तथ्याङ्क र निर्देशक समितिबाट तोकिएको छनौट मापदण्डका आधारमा तयार गरिएको अनुसूची १ बमोजिमको विश्लेषणबाट यकिन भई कार्यकारी समितिले निर्णय गरेबमोजिम क्षतिग्रस्त निजी घरका घरधनी लाभग्राहीमा पर्ने व्यवस्था छ । कार्यविधि तथा पुनर्निर्माण नीतिअनुसार क्षति भएको घर बाहेक एकाघर परिवारको अन्यत्र बसोबास योग्य घर नभएको हुनुपर्ने व्यवस्था छ । भूकम्प पश्चात २०७२ सालमा भएको सर्वेक्षणबाट ५ लाख ३१ हजार ९६४ लाभग्राही कायम भएकोमा २०७३ र २०७४ मा भएको दुई चरणको पुनः सर्वेक्षण तथा २०७६ चैत्र १४ गतेसम्मको गुनासो सुनुवाई समेतबाट ३ लाख ७७ हजार ७१९ लाभग्राही थप भई हाल ९ लाख ९ हजार ५६६ लाभग्राही कायम भएको छ ।सुरु चरणको सर्वेक्षणको ७१ प्रतिशतले लाभग्राहीमा भएको वृद्धि अस्वभाविक देखिन्छ । लेखापरीक्षणको क्रममा भएको स्थलगत सर्वेक्षणमा विहे नभएका छोरा तथा विहे गरी गएका छोरी, एउटै परिवारका श्रीमान श्रीमती दुवै जना र सगोलमा बसेका बुवा आमा समेत लाभग्राही कायम भएको अवस्था देखिएकोले लाभग्राही संख्यामा अस्वभाविक वृद्धि भएको हुनसक्ने देखिन्छ । लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गरिएका निम्नानुसार जिल्लामा केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित घरधुरी संख्यासँग लाभग्राही संख्या तुलना गर्दा सबै घर भूकम्पले नभत्किएको अवस्थामा पनि घरधुरी संख्यामा केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार २०७८ सालमा हुनसक्ने सम्भावित घरधुरी संख्याभन्दा पनि २०७२ सालमा क्षतिग्रस्त घरहरू धेरै भएको देखियो । उदाहरणको लागि केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार



दोलखामा विगत १० वर्षमा १७.८९ प्रतिशतसम्म वृद्धिभएकोमा २०६८ देखि २०७२ सम्मको ४ वर्षमा ८६ प्रतिशतले घरधुरी वृद्धि भएको देखिन्छ भने सुरुसर्वेक्षणको क्षतिग्रस्त घरधुरी संख्याको ४१ प्रतिशतसम्मवृद्धि भएको अवस्था छ ।

जिल्लाको नाम	२०६८ सालको जनगणना अनुसार कुल घरधुरी संख्या	के.त.वि. अनुसार विगत १० वर्षमा भएको औसत वृद्धि दर	के. त. वि. अनुसार २०७८ सालमा हुन सक्ने सम्भावित घरधुरी संख्या	२०७२ सालको लगत सङ्कलन अनुसारको क्षतिग्रस्त आवास संख्या	हालको अद्यावधिक लाभग्राही संख्या	सुरु सर्भेक्षण भन्दाको बढोत्तरी प्रतिशत	२०६८ देखि २०७२ सम्मको ४ वर्षमा लाभग्राही संख्यामा भएको वृद्धिदर
दोलखा	३९३२२	१७.८९%	४६३५६.७१	५१९३९	७३३०९	४१%	८६%
सिन्धुपाल्चोक	६००४२	१७.१८%	७०३५७.२२	७८५३७	९०७८०	१६%	५१%
रसुवा	८९५३	२१.७४%	१०८९९.३८	११२३६	१३०२४	१६%	४५%
नुवाकोट	५५४५६	१७.६२%	६५२२७.३५	६५७७३	७८७९७	२०%	४२%
धाधिङ्ग	६७२१८	२१.७९%	८१८६४.८	७०५८१	८४४४०	२०%	२६%
रामेछाप	४१२८८	१२.९४%	४६६३०.६७	४३६०९	५७७८२	३३%	४०%
गोरखा	५९८७१	१४.१०%	६८३१२.८१	५८५०३	७२६७६	२४%	२१%
औसत		१७.६१%				२४.१२%	४४.५९%

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग(२०६८), राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सुझाउ - पहिचान भएका लाभग्राहीहरूको पुनरावलोकन गरी लाभग्राही पहिचान यथार्थपरक बनाउन स्थानीय तह लगायतका सम्बद्ध सबै पक्ष जिम्मेवार हुनुपर्दछ ।

१५. **अनुदान भुक्तानी भएर आवास निर्माण नभएको -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ मा सूचीकृत लाभग्राहीलाई सम्झौता गरेपश्चात पहिलो किस्ता, सम्बन्धित प्राविधिक र स्थानीय तहको सिफारिसमा डिपिसी गरेपश्चात दोस्रो किस्ता र छाना छाउने अवस्थामा तेस्रो किस्ता बापत तोकिएबमोजिमको अनुदान रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ । सम्बन्धित स्थानीय तह तथा सम्बद्ध निकायहरूबाट प्राप्त विवरणअनुसार कार्यविधिको उल्लिखित प्रक्रिया पुरा नगरी निम्नानुसारका स्थानमा घर निर्माण सुरुसम्म नगरेका ८२ लाभग्राहीलाई तीन वटै किस्ताको रकम, १६ लाभग्राहीलाई दुई किस्ताको रकम र डिपिसीसम्म मात्र निर्माण भएका ४१ लाभग्राहीलाई तेस्रो किस्ताको रकम समेत कुल रु.३ करोड ९९ लाख अनुदान कार्यविधि विपरीत भुक्तानी भएको देखियो । उल्लिखित स्थानहरूमा केही लाभग्राहीले घर निर्माण सुरु गरी रहेको जानकारीमा आए पनि अद्यावधिक तथ्याङ्क प्राप्त भएको छैन । कार्यक्रम लागु भएका सबै स्थानमा यस्तो अवस्था हुनसक्ने सम्भावना देखिए पनि समय र जनशक्तिको अभाव एवम सूचनामा पँहुचको अभावले लेखापरीक्षणमा समेट्न सकिएन । विश्व बैङ्कको तेस्रो पक्षीय अनुगमनले पनि यस्ता मुद्दाहरू उदाहरण स्वरूप उल्लेख गरी कारबाहीको लागि सिफारिस गरे तापनि प्राधिकरणले यस प्रति गाम्भीर्यता देखाई बृहत अनुगमन गरेको पाइएन । प्राधिकरण, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) तथा केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) तथा जिल्ला आयोजना कार्यान्वयन इकाईहरूमा अनुगमन तथा मूल्याङ्कनविदहरू कार्यरत रहे तापनि प्राधिकरणले प्रभावकारीरूपमा अनुगमन गर्न नसकिएको कारणले यस्ता अनियमित कार्यहरूले प्रश्रय पाएको देखीयो ।

क्र.सं.	स्थान	अनुदान भुक्तानी भएको आवस संख्या	भुक्तानी भएको किस्ता संख्या	घर निर्माणको अवस्था	भुक्तानी कुल रकम (हजारमा)	कैफियत
१	त्रिपुरासुन्दरी ५, सिन्धुपाल्चोक	२४	तीन किस्ता	घर निर्माण सुरु सम्म नगरेको	७२००	स्थानीय तहको पत्रानुसार
२	वाह्रवीसे, सिन्धुपाल्चोक	१८	तीन किस्ता	घर निर्माण सुरु सम्म नगरेको	५४००	जाइकाबाट प्राप्त विवरणअनुसार
३	ईन्द्रावति, सिन्धुपाल्चोक	१४	तीन किस्ता	घर निर्माण सुरु सम्म नगरेको	४२००	जाइकाबाट प्राप्त विवरणअनुसार
४	ईन्द्रावति, सिन्धुपाल्चोक	४१	तीन किस्ता	डिपिसी सम्म मात्र पुरा भएको	१२३००	जाइकाबाट प्राप्त विवरणअनुसार
५	ईन्द्रावति, सिन्धुपाल्चोक	१६	दुई किस्ता	घर निर्माण सुरु सम्म नगरेको	३२००	जाइकाबाट प्राप्त विवरणअनुसार

६	भीमेश्वर, दोलखा	२	तीन किस्ता	घर निर्माण सुरु सम्म नगरेको	६००	जि.आ.का.ई.बाट प्राप्त प्रतिवेदनअनुसार
७	त्रिपुरासुन्दरी २ सल्यान्टार, धादिङ	१२	तीन किस्ता	घर निर्माण सुरु सम्म नगरेको	३६००	जि.आ.का.ई.बाट प्राप्त प्रतिवेदन अनुसार
८	त्रिपुरासुन्दरी २ सल्यान्टार, धादिङ	१०	तीन किस्ता	पुरानो घर सामन्य मर्मत गरेको	३०००	जि.आ.का.ई.बाट प्राप्त प्रतिवेदनअनुसार
९	कालिञ्चोक ८, दोलखा	२	दुई किस्ता	घर निर्माण सुरु सम्म नगरेको	४००	जि.आ.का.ई.बाट प्राप्त प्रतिवेदनअनुसार
	जम्मा	**१३९**			**३९९००**	

सुझाउ - तोकिएको कार्यविधि विपरीत भुक्तानी भएको उल्लेखित लाभग्राहीहरू लगायत पुनः बृहत सर्वेक्षण गरी कार्यविधि विपरीत भुक्तानी भएका अनुदान सम्बन्धमा आवश्यक प्रक्रिया पुरा गरी अनुदान रकम फिर्ता गर्न तथा अनुदानको उपयोगको सम्बन्धमा अनुगमन गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

१६. **पहिलो किस्ता लिएर घर निर्माण सुरु नगरेको -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को बुँदा नं.५(ज)मा लाभग्राहीले सरकारबाट उपलब्ध गराउने सहायताको सम्पूर्ण रकम निजी आवास निर्माणको कार्यमा उपयोग गर्नुपर्ने र बुँदा नं.१० मा अनुदान सहायताबाट लाभान्वित हुने गलत मनसायले झुट्टा विवरण दिई अनुदान सम्झौता गर्ने व्यक्तिसँगको सम्झौता रद्द गरी कारबाही गर्नुपर्ने व्यवस्था छ । केन्द्रीय आयोजना कार्यन्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) बाट प्राप्त विवरणअनुसार ७ लाख ७५ हजार ३१८ लाभग्राहीले सम्झौता गरी पहिलो किस्ता प्राप्त गरे पनि १ लाख १हजार ५५९ जना लाभग्राहीले घर निर्माण सुरु गरेको देखिएन । जसअनुसार रु.५ अर्ब ७ करोड ८० लाख अनुदान रकम उद्देश्य अनुरूप खर्च हुनसकेको देखिएन । स्थलगत अवलोकनमा जिल्ला आयोजना कार्यन्वयन ईकाइ (भवन) बाट प्राप्त विवरणअनुसार निम्नानुसारका स्थानका लाभग्राहीले घर निर्माणको लागि सम्झौता गरी पहिलो किस्ता लिएर २०७६ माघ मसान्तसम्म तेस्रो किस्ता लिई सक्नुपर्ने अवधिसम्म पनि घर निर्माण सुरु गरेको देखिएन । प्राधिकरणले किस्ता लिने म्याद पटक पटक थप गर्ने गरेकोमा किस्ता लिई घर नबनाउने लाभग्राहीहरूलाई घर निर्माण गर्न उत्प्रेरित गर्ने या किस्ता फिर्ता लिन कुनै ठोस प्रयास गरेको देखिँदैन । जिल्लास्तरीय आयोजना कार्यन्वयन ईकाइहरूमा कार्यरत सामाजिक विकास विशेषज्ञ तथा अनुगमन विशेषज्ञहरूलाई यस्ता समस्या समाधान गर्न परिचालन गर्नसकेको अवस्था छैन ।

क्र.सं.	स्थान	पहिलो किस्ता लिएर घर निर्माण सुरु नगर्ने	भुक्तानी भएको अनुदान रकम
१	गोरखा	१९०९	९५४.५
२	दोलखा	५७०४	२८५२
३	सिन्धुपाल्चोक	३६४४	१८२२
४	धाधिङ	९१२८	४५६४

स्रोत : सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन ईकाइ

सुझाउ - यस्ता मुद्दाहरूले प्राधिकरणको उद्देश्य प्राप्तिमा समेत असर पर्ने भएकोले पहिलो किस्ता लिएर लामो समयसम्म घर निर्माण नगर्ने लाभग्राहीहरूको आवश्यक अनुगमन गरी घर निर्माण गर्न प्रेरित गर्ने या अनुदान रकम निजी आवासमा उपयोग हुन नसक्ने अवस्थामा सरकारी बाँकी सरह रकम फिर्ता गर्न लगाउनु पर्दछ ।

१७. **जग्गा प्राप्त गरी घर निर्माण सुरु नगरेको -** भूकम्प पीडितलाई बसोबासयोग्य जग्गा खरिदसम्बन्धी मापदण्ड, २०७४ को बुँदा नं. १४ र ५ मा आफ्नो वा एकासगोलको परिवारको नाममा नेपाल राज्यभर कुनै बसोबासयोग्य जग्गा नभएको र अनुदान लाभग्राहीको सूचीमा सूचीकृत व्यक्तिलाई प्राधिकरणले जग्गा खरिदको लागि रु.२ लाख उपलब्ध गर्ने र उक्त रकमबाट खरिद गरिएको जग्गामा तिन महिना भित्र घर निर्माण गरिसक्नुपर्ने व्यवस्था छ । प्राप्त विवरणहरूबाट २ हजार ३९३ लाई रु.२ लाखको दरले रु.४७करोड

८६ लाख अनुदान उपलव्ध गराई जग्गा व्यवस्थापन गरेको देखियो । सम्बन्धित जिल्ला आयोजना कार्यन्वयन ईकाइबाट प्राप्त विवरणअनुसार गोरखामा ७४ र धादिङमा २१६ लाभग्राहीले जग्गा खरिद बापतको अनुदान प्राप्त गरेतापनि हालसम्म घर निर्माण सुरुसम्म गरेका छैनन् ।प्राधिकरणले एकीकृत विवरण उपलव्ध गराउन नसकेकोले हालसम्म जग्गा खरिद बापतको अनुदान प्राप्त गर्ने तर आवास निर्माण सुरु नगर्ने एकमुष्ठ तथ्याङ्क यकिन हुनसकेन । जग्गा प्राप्त गरी अवास निर्माण नहुँदा अनुदान रकमको उद्देश्य अनुरूप उपयोग नहुनुका साथै सम्बन्धित पीडितहरूको बासस्थान समेत सुरक्षित र दिगो हुनसकेको छैन ।

सुझाउ - भूकम्प प्रभावित भूमीहिन तथा जोखिम क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा परिवारको रूपमा पहिचान भएका व्यक्तिहरूले जग्गा प्राप्त गरिसकेपछि पनि लामो समयसम्म घर निर्माण नगरेको सम्बन्धमा आवश्यक अनुगमन गरी स्थितिको वास्तविकता तथा घर निर्माण नहुनुको कारण मूल्याङ्कन गरी प्राधिकरणको पुनर्वास नीतिको अवलम्बन हुनुपर्दछ ।

१८. **आवश्यकतामा आधारित नभएको -** नेपालको संविधानको धारा ५१(च)६ मा विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिँदै सार्वजनिक स्रोतमा आम जनताको न्यायोचित पँहुच हुने राज्यको विकास नीति रहेको छ । भूकम्प प्राभावित जिल्लाहरूका प्राभावित व्यक्ति तथा परिवारलाई राहतस्वरूप आर्थिक अनुदान वितरण गर्ने पुनर्निर्माण कार्यक्रम अन्तर्गत २०७६ चैत्र मसान्तसम्म ७ लाख १५ हजार ५९८व्यक्ति तथा परिवारलाई रु.१ खर्ब ८७ अर्ब ५३ करोड भुक्तानी भएकोमा लाभग्राही पहिचान तथा अनुदान वितरणमा व्यक्ति तथा परिवारको आर्थिक सार्माथ्यलाई आधार लिईएको अवस्था देखिएन । प्राधिकरणले वितरण गरिएको रकम परिवारको सदस्य संख्या तथा आर्थिक विपन्नताको आधारमा नभई प्रभावित क्षेत्रबाट लिईएको नागरिकताको आधारमा भएकोले सम्पन्न र विपन्न व्यक्तिलाई बराबर रकम, रु.३ लाख उपलव्ध गराएको देखियो । यसले गर्दा विपन्न नागरिकले उक्त अनुदान रकमबाट आवास बनाउन नसकिएको अवस्था छ भने सम्पन्न परिवारलाई उक्त अनुदान रकमको आवश्यकता रहेको देखिँदैन । लेखापरीक्षणको क्रममा गरिएको स्थलगत सर्भेक्षणमा कुनै लाभग्राहीले अनुदान लिई आफ्नै लगानीमा ३/४ तले सुविधा सम्पन्न आर.सि.सि भवन निर्माण गरेको देखियो भने अन्तरवार्तामा ५६ प्रतिशत लाभग्राहीले २ कोठे भवन बनाउन पनि सापटी तथा कर्जा लिनुपरेकोमा ३ प्रतिशतले मात्र पुनर्कर्जा सुविधा प्राप्त गरेको अवस्था देखियो । सुरु सर्वेक्षणमा भुलवस अन्यथा अभिलेख हुनगएको र पँहुचको अभाव तथा सम्वद्ध निकायबाट सिफारिसमा भएको विलम्वका कारण मेलम्ची १० सिन्धुपाल्चोक माझीबस्ती तथा दोलखाको सम्पदा बस्ती लगायतका स्थानहरूमा विगत ४ वर्षदेखि जस्ताको टहरामा नै बसिरहेको तर हालसम्म लाभग्राहीको रूपमा सूचीकृत हुन समेत सकेको देखिएन । सार्वजनिक स्रोतको अधिकतम सदुपयोग हुने गरी संविधानको मर्मबमोजिम विपन्न नागरिकलाई प्राथमिकतामा राखी सार्वजनिक स्रोतको महत्तम उपयोग भएको देखिएन ।



दोलखा सम्पदा बस्तीमा लाभग्राही कायम हुन नसकेको भूकम्प पीडित श्री डोबुबाबु श्रेष्ठको टहरा

सुझाउ - सबै वास्तविक आर्थिक रूपमा कमजोर पीडितहरू समेटिने गरी पुनर्निर्माण कार्यक्रमलाई लचिलो र लक्षित वर्गमुखी बनाउन आर्थिक रूपमा कमजोर पीडितहरूलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम तय हुनुपर्दछ ।

१९. **गलत लाभग्राही -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को बुँदा न. ३(ख) र राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ को कार्यनीति ७.३(ग) मा भूकम्पबाट क्षतिग्रस्त भएको घर बाहेक सोही स्थानमा वा अन्यत्र बसोबासयोग्य अर्को घर नभएको व्यक्ति वा परिवारलाई मात्र यस कार्यविधिअनुसार अनुदान लाभग्राहीको रूपमा पहिचान गरी आर्थिक सहायता उपलव्ध गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको बुँदा नं.१० मा अनुदान सहायताबाट लाभान्वित हुने गलत मनसायले झुट्टा

विवरण दिई अनुदान सम्झौता गर्ने व्यक्तिसँगको सम्झौता रद्द गरी कारबाही गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारका स्थानमा लेखापरीक्षणको क्रममा गरिएको स्थलगत सर्वेक्षण तथा समूहगत छलफलमा काठमाडौ, सम्बन्धित जिल्ला सदरमुकाम तथा अन्यत्र बसोवासयोग्य घर भएका व्यक्ति तथा परिवार समेत अनुदान लाभग्राहीकायम भएको देखियो । जसअनुसार अनुदान प्राप्त गर्ने गलत मनसायले झुट्टा विवरण प्रस्तुत गरी या गलत व्यक्तिहरूलाई सिफारिस गरी कार्यविधि विपरीत लाभग्राही कायम गरेको देखिएबाट अनुदान रकमको उपयोग कार्यविधि अपेक्षित भएको भन्न सकिने अवस्था देखिएन ।

क्र.सं.	प्रभावित स्थान	लाभग्राही संख्या	स्थलगत अवलोकनको क्रममा जानकारीमा आए अनुसार
१	गोरखा १ मसेल	१२०९	६० जनाको काठमाडौ र अन्यत्र घर भएको ।
२	गोरखा, फिनाम	२६९१३	४१ जनाको गोरखा बजार र अन्यत्र घर भएको ।
३	सल्यानटार (सिक्टार), धाधिङ्ग	११०	१२ जनाको काठमाडौ र अन्यत्र घर भएको ।
४	दोलखा सम्पदा बस्ती	५५२	करिव ५० प्रतिशत भन्दा धेरैको अन्यत्र घर भएको
५	धादिङ, थाक्रे ८	२९५	१६ लाभग्राहीको अन्यत्र बस्नयोग्य घर भएको ।
६	नवलपुर, ईन्द्रावती ४ सिन्धुपाल्चोक	२५	२ जनाको चितवनमा घर भएको ।
७	जरायुटार, मेलम्ची सिन्धुपाल्चोक	६२	१ जनाको काठमाडौमा घर भएको ।
८	सिन्दुकोट, मेलम्ची सिन्धुपाल्चोक	१०६४	२० भन्दा धेरैको काठमाडौ भएको ।

स्रोत : सम्बन्धित जिल्ला आयोजना कार्यन्वयन ईकाई र समुहगत छलफल

सुझाउ - प्राधिकरणले यससम्बन्धमा वृहत अनुगमन गरी कार्यविधि विपरीत कायम गरिएका लाभग्राहीहरूले प्राप्त गरेका अनुदान रकम सरकारी बाँकी सरह फिर्ता गर्न लगाई सम्बद्ध सबैलाई यस कार्यको लागि जिम्मेवार बनाउनुपर्दछ ।

२०. **दोहोरो लाभ लिने लाभग्राही -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को बुँदा ५(ञ)२ मा स्वदेशी वा विदेशी साझेदार संस्थाको सहयोगमा निजी आवास पुनर्निर्माण एवं प्रवलीकरण गर्न अनुदान पाएको लाभग्राहीलाई यस कार्यविधिबमोजिम आवास अनुदान उपलव्ध नगराईने व्यवस्था छ । प्राधिकरणको सूचना व्यवस्थापन प्रणाली विश्लेषण गर्दा गैरसरकारी संस्थाहरूको सहयोगमा आवास निर्माण भएका लाभग्राहीहरूलाई प्राधिकरणबाट समेत अनुदानको किस्ता रकम भुक्तानी गरेको देखियो । विभिन्न २९ स्वदेशी तथा विदेशी गैरसरकारी संस्थाहरूको सहयोगमा आवास निर्माण भएका लाभग्राहीलाई प्राधिकरणले पनि अनुदानको रूपमा निम्नानुसार पहिलो किस्ता बापत ६ हजार ७४४ लाभग्राहीलाई रु.३३ करोड ७२ लाख, दोस्रो किस्ता बापत ९०७ लाभग्राहीलाई रु.१३ करोड ६१ लाख र तेस्रो किस्ता बापत ८३६ लाभग्राहीलाई रु.८ करोड ३६ लाख समेत गरी कुल रु.५५ करोड ६९ लाख भुक्तानी भएकोमा विभिन्न समयमा प्राधिकरणले सम्बन्धितबाट रु.९ करोड ७१लाख फिर्ता गराई बाँकी कुल ४५ करोड ९८ लाख बढी व्ययभार परेको देखियो । प्राधिकरणले वित्तीय जोखिम अनुगमन गरी यसरी दोहोरो लाभ लिएको रकम असुल गर्नेतर्फ ठोस पहल गरेको देखिएन । यसरी अन्य संस्थाबाट लाभान्वित लाभग्राहीलाई प्राधिकरणले किस्ता भुक्तानी गर्दा स्रोतको उपयोग भएको पाइएन ।

क्र.सं.	दोहोरो भुक्तानी भएको किस्ता	किस्ता संख्या	दोहोरो भुक्तानी भएको अनुदान रकम (रु हजारमा)
१	पहिलो किस्ता	६७४४	३३७२
२	दोस्रो किस्ता	९०७	१३६०.५
३	तेस्रो किस्ता	८३६	८३६
जम्मा		**८४८७**	**५५६८.५**

नोट : विस्तृत विवरण अनुसुची १ मा राखिएको छ ।

सुझाउ - प्राधिकरणको वार्षिक प्रतिवेदन, २०७६ मा निजी आवास निर्माण कार्यमा ५७ गैरसरकारी संस्था संलग्न भएको र ३७ ले मात्र अनुमति लिएको उल्लेख गरिएको सन्दर्भमा व्यवस्थापन सूचना प्रणालीमा समावेश भएका उल्लिखित २९ संस्थाका अलावा अन्य संस्थाहरूको सहयोगमा घर बनिसकेका वा बन्ने

लाभग्राहीलाई प्राधिकरणबाट भुक्तानी भएको रकम समेत यकिन गरीसरकारी बाँकी सरह फिर्ता गराउनप्राधिकरण जिम्मेवार हुनुपर्दछ ।

२१. **दोहोरिएका लाभग्राही -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ ३(ख) र राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति २०७२ को कार्यनीति ७.३(ग) मा भूकम्पबाट क्षतिग्रस्त भएको घर बाहेक सोही स्थान वा अन्यत्र बसोबासयोग्य अर्को घर नभएको व्यक्ति वा परिवारलाई मात्र यस कार्यविधिअनुसार एक घर निर्माणको लागि अनुदान रकम उपलब्ध गरिने व्यवस्था छ । स्थलगत लेखापरीक्षणको क्रममा सम्बद्ध निकायहरूबाट प्राप्त विवरणअनुसार एकै परिवारको श्रीमान श्रीमती दुबैको नाम, एक लाभग्राहीको नाम दुई पटक लाभग्राहीको रूपमा कायम हुने तथा एक लाभग्राहीको नाम २ स्थानबाट लाभग्राही सूचीमा देखिने जस्ता अवस्थालेगर्दा गोरखामा २८४ र दोलखामा ८०३ दोहोरो लाभग्राही कायम भएको देखियो । यसरी एउटा लाभग्राहीको नाम २ वा २ भन्दा धेरै पटकवा एक सगोल परिवारको एकभन्दा धेरै सदस्यको नाम सूचीकृत हुनसक्ने सम्भावना कार्यक्रम लागु भएका सबै जिल्लामा हुनसक्ने देखिए तापनि सम्बद्ध निकायहरूबाट यथार्थ विवरण प्राप्त हुन नसकेकोले यकिन गर्न सकिएन । दोहोरो लाभग्राही कायम हुदाँ एउटै लाभग्राहीलाई दोहोरो अनुदान भुक्तानी हुनसक्ने सम्भावना रहनुका साथै यथार्थ प्रगति समेत नदेखिने अवस्था रहन्छ ।

सुझाउ - यस सम्बन्धमा बृहत अनुगमन गरी लाभग्राहीको तथ्याङ्क पुनः अद्यावधिक गरी दोहोरो देखिएका लाभग्राहीहरूको नाम तत्काल सूचीबाट हटाई वास्तविक लाभग्राहीहरूलाई मात्र सूचीकृत गर्नुपर्दछ ।

२२. **अस्वभाविक लाभग्राही -** मुलुकी देवानीसंहिता, २०७४ अनुसार वृद्ध आमा वुवाको हेरचाह, स्याहार सुसार तथा औषधि उपचार समेत गर्नुपर्ने कर्तव्य छोरा छोरीको हुने तथा व्यक्तिको उमेर २० वर्ष नपुगेसम्म विवाहको लागि समेत अयोग्य ठहरिने व्यवस्था छ । भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ अनुसार लाभग्राही कायम हुन २०७२ बैशाखभन्दा अगावै अंशवण्डा भएको हुनुपर्ने व्यवस्था छ । सामान्यतः नेपालको पारिवारिक संस्कार तथा संरचनामा वृद्ध वुवा आमा तथा नावालक छोरा छोरी कसैको संरक्षकत्वमा रहने तथा छुट्टै घरगृहस्थी गरी नबस्ने प्रचलन छ । सम्बद्ध निकायहरूबाट प्राप्त विवरणहरूबाट प्राधिकरणले पुनर्निर्माणको लागि लाभग्राहीसँग गरिएको सम्झौता विश्लेषण गर्दा ८० वर्षको उमेर भन्दा माथिका र २० वर्षभन्दा मुनिका व्यक्तिहरूसँग लाभग्राहीकोरूपमा सम्झौता गरी अनुदान वितरण गरिएको देखियो । जिल्ला आयोजना कार्यन्वयन ईकाइ, सिन्धुपाल्चोकबाट प्राप्त विवरणअनुसार सिन्धुपाल्चोक जिल्लामा ८० वर्षभन्दा माथिका १७१ र २० वर्ष मुनीका १ हजार ७७६ लाभग्राहीसँग प्राधिकरणले सम्झौता गरेको देखियो । प्राधिकरणले तथ्याङ्क उपलब्ध गराउन नसकेकोले एकीकृत विवरण यकिन गर्न सकिएन । अनुदान प्राप्त गर्ने उद्देश्यले एउटै परिवारका वृद्ध बुवा आमा तथा नावालक छोरा छोरी समेतसँग सम्झौता गरी वितरण गरिएको अनुदान नतिजामूलक र नीति अनुरूप नभएको देखीयो ।

सुझाउ - अनुदान प्राप्त गर्ने नियतले एकै परिवारका धेरै व्यक्तिहरूको नाम लाभग्राहीको लागि सिफारीस गर्ने र वास्तविक रूपमै घर आवश्यक नभएका व्यक्तिहरूले अनुदान लिनको लागि आवास निर्माण गर्ने प्रवृत्तिलाई नियन्त्रण गरी अनुदान वितरणलाई आवश्यकतामा आधारित बनाउन तथा सार्वजनिक स्रोतको महत्तम उपयोग गर्न प्राधिकरण संवेदनशीन हुनुपर्दछ ।

२३. **प्रवलीकरण लाभग्राही -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसुची ५(क) मा यस कार्यविधिअनुसार प्रवलीकरण गर्नुपर्ने गरी सम्झौता गर्ने लाभग्राहीले अनुदानको रूपमा प्राप्त रकमबाट प्रवलीकरण नगरेमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यवस्था छ । सम्बन्धित निकायबाट प्राप्त विवरणअनुसार प्रवलीकरण गर्ने गरी लाभग्राही कायम भएका ७८ हजार ३१ मध्ये सम्झौता गरी पहिलो किस्ता प्राप्त गर्ने हालसम्म कुल ४४ हजार ५९० लाभग्राहीमध्ये १३३ ले मात्र प्रवलीकरण गरेको अवस्था देखियो । निम्नानुसारका जिल्लाबाट प्राप्त विवरणअनुसार प्रवलीकरणको रूपमा कायम ५० प्रतिशतभन्दा बढी लाभग्राहीहरू पुनर्निर्माणमा परिवर्तन हुन चाहेका देखिए । प्रवलीकरण गर्नुपर्ने भनि लाभग्राही कायम भएका अधिकांश घरधनी पुनर्निर्माणमा परिवर्तन हुन चाहेको तथा कतिपयको भत्काउनु परेको र अत्यन्तै न्यून संख्यामा प्रवलीकरण सम्पन्न गरेको अवस्थाले प्रवलीकरण गर्नुपर्ने भनी भएको मूल्याङ्कन यथार्थपरक नभएको देखाउँछ । जसअनुसार प्रवलीकरण गर्नु नपर्ने, प्रवलीकरण गर्नै नसकिने तथा भत्काउनुपर्ने अवस्थाका भवनहरूलाई प्रवलीकरण लाभग्राहीकोरूपमा कायम गरिएको अवस्थाले यो स्थिति सृजनाको भएको देखियो । प्रवलीकरण लाभग्राहीको रूपमा लाभग्राही कायम भई पहिलो किस्ता बापतको

अनुदान रकम प्राप्त गरेका लाभग्राहीहरूले प्रवलीकरण नगर्दा रु.२ अर्ब २२ करोड २८ लाख अनुदान रकमको उद्देश्य अनुरूप उपयोग भएको देखिएन ।

क्र. सं.	स्थान	प्रवलीकरण कायम लाभग्राही संख्या	प्रवलीकरणको रूपमा सम्झौता गर्ने लाभग्राही संख्या	प्रवलीकरणबाट पुनर्निर्माणमा परिवर्तन गर्न सिफारिस भएका लाभग्राही संख्या	प्रवलीकरणबाट पुनर्निर्माणमा परिवर्तन स्वीकृत भएका लाभग्राही संख्या	प्रवलीकरण गर्ने लाभग्राही संख्या
१	गोरखा	५६०८	३८९६	२४६८	७१	२
२	रामेछाप	७४६०	४५६	३१८८	३	०
३	ललितपुर	१३८१	७१४	४२७	१६	०
४	नुवाकोट	१५१९	१७७	३७१	२५	१
५	धाधिङ	५११२	३३३८	१३७५	७	०
६	मकवानपुर	६८३६	६८३६	२५२	४	०
	जम्मा	**२७९१६**	**१५४१७**	**८०८१**	**१२६**	**३**

स्रोत : प्राप्त विस्तृत विवरण अनुसुची २ मा राखिएको छ ।

सुझाउ - प्रवलीकरणकोरूपमा सूचीकृत लाभग्राहीहरूको विस्तृत सर्वेक्षण गरी प्रवलीकरण हुन नसक्ने तथा गर्नु नपर्ने लाभग्राहीहरूलाई सूचीबाट हटाई पुनर्निर्माण तथा पुनःस्थापना नीतिअनुरूप अनुदान रकमको अपेक्षित उपयोग गराउन सम्बन्धित स्थानीय तह तथा प्राधिकरण जिम्मेवार हुनुपर्दछ ।

२४. **एकल परिवार सदस्य लाभग्राही -** राष्ट्रिय पुनर्निर्माण तथा पुनःस्थापना नीति, २०७२ को उद्देश्य तथा रणनीतिमा आवास तथा बस्ती विकास गर्दा स्थानीय परिवारको आवश्यकताअनुसार नयाँ, आधुनिक र सुरक्षित आवास तथा बस्ती विकासको अवधारणा अवलम्बन गर्ने नीति रहेको छ । कार्यविधिको बुँदा ५(ग) मा लाभग्राहीले शौचालय र बैकल्पिक उर्जा समेतको व्यवस्था भए पश्चात अन्तिम किस्ताको अनुदान रकम उपलव्ध गराउने उल्लेख छ । एकल व्यक्ति तथा असहाय अशक्त व्यक्तिहरूको लागि एक कोठे भवन बनाउने प्राधिकरणको निर्णयअनुसार एक कोठे भवनमा पनि अन्य भवन जसरी नै रु.३ लाख अनुदान दिईएको अवस्था छ । लेखापरीक्षणको क्रममा स्थलगत सर्भेक्षण गरिएका निम्नानुसार स्थानहरूमा एक कोठे भवन बनेको देखिएकोमा समुहगत छलफलमा अधिकाँशको घरधनी एकल व्यक्ति नभएको जानकारी प्राप्त भयो । सम्बन्धित स्थानमा रहेका एकल परिवारको संख्याभन्दा एक कोठे निर्मित भवनको संख्या बढी देखिएकोले एकल तथा असहायलाई मात्र नभई परिवार भएका व्यक्तिहरूले समेत एक कोठे भवन बनाएर किस्ता लिईएको देखियो । उदाहरणको लागि सिन्धुपाल्चोक जिल्लाको २०७५ सालको जिल्लागत प्रोफाईलअनुसार जिल्लामा ७.६४ प्रतिशत परिवारको सदस्य संख्या एकजना रहेको उल्लेख गरेको देखिएकोले कुल ६ हजार ९३६ परिवार एकल रहेको देखिन्छ तर यस जिल्लामा १४ हजार २३० एक कोठे घर निर्माण भएको देखिएकोले करिब ७ हजार २९४ एक कोठे घरमा एकभन्दा धेरै जना बसोवास हुने गरेको देखिन्छ । एउटै कोठामा परिवारका धेरै जना सदस्यहरू बस्ने तथा भान्सा लगायतका कार्य एउटै कोठामा गर्दा अत्यन्तै सकस महसुस हुने र आगलागी समेतको जोखिम रहेको देखियो । शौचालय र भान्साको उचित प्रबन्ध नभएका निर्मित घरहरू प्राधिकरण नीतिअनुरूपको सुरक्षित र आधुनिक हुनसक्ने अवस्था देखिँदैन । अवलोकनको क्रममा अनुदान लिनको लागि एक कोठे घर बनाएको र बसोबासको लागि आफैले छुट्टै अन्यत्र घर बनाएको समेत देखियो । यसरी बसोबासको लागि नभएर अनुदान लिने प्रयोजनको लागि मात्र बनाएको भवनको उपयोग नहुने भएकोले पुनर्निर्माण नीति अनुसारको सुरक्षित र दिगो आवास निर्माण नीतिले सार्थकता पाउने देखिँदैन ।

क्र.सं.	स्थान	एक कोठे भवनको संख्या
१	गोरखा	१५५५०
२	धाधिङ	१८९९४
३	दोलखा	३१३८
४	सिन्धुपाल्चोक	१४२३०

स्रोत : सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन ईकाइ

सुझाउ - आवास निर्माण तथा अनुदान वितरणलाई पुनर्निर्माण नीतिअनुरूप प्रभावकारी बनाउन कार्यविधि र नीतिको अनुशरण गरी परिवारको आवश्यकतामा आधारित रही मावन उपयोगी आवासको निर्माण गर्न कार्यक्रम केन्द्रित हुनुपर्दछ ।

२५. **टुङ्गो लगाउनुपर्ने लाभग्राही -** अनुदान वितरण समय सीमाअनुसार २०७६ पौष मसान्तसम्म लाभग्राही टुङ्गो लगाउनुपर्ने समय सीमा तोकिएको छ । प्राप्त विवरणअनुसार सर्भेक्षणबाट कायम लाभग्राहीमध्ये ५८ हजार २५५ लाभग्राहीसँग सम्झौता हुनसकेको छैन, १ लाख १ हजार ५५७ लाभग्राहीले पहिलो किस्ता लिएर घर बनाउन सुरुसम्म गरेको अवस्था छैन, ३ हजार ७२२ ले सम्झौता गरे पनि पहिलो किस्ता लिएका छैनन् र लेखापरीक्षणको क्रममा समुदायसँग छलफल गर्दा जानकारीमा आएअनुसार भिमेश्वर २, दोलखा, सम्पदा बस्तीमा ७९, मेलम्ची १०, सिन्धुपाल्चोक, सिखरपुरमा ५, मेलम्ची २ सिन्धुपाल्चोक, जरायुटारमा ३, धादिङ जिल्लामा करिब ३५०, भिमसेन ५ गोरखा, बकुनामा १३, र गोरखा ४, फिनाममा ३५ भूकम्प पीडितको वास्तविकरूपमा कहीं कतै घर नभएका अवस्थामा पनि विभिन्न कारणले लाभग्राही कायम हुनसकेको छैन ।

सुझाउ - लाभग्राही कायम भएका तर सम्झौता नगर्ने, सम्झौता गरेपनि लामो समयसम्म पहिलो किस्ता नलिने र पहिलो किस्ता लिएर लामो समयसम्म आवास निर्माण सुरु नगर्ने लाभग्राही पहिचान गरी लाभग्राही सूचीबाट हटाउने र गुनासोमा परेका पीडितहरूको आवश्यक स्थलगत अनुगमन गरी गुनासोमा पनि पर्न असफल वास्तविक पीडितहरू समेतको पहिचान गरी वास्तविक लाभग्राही कायम गरी कोही नछुटुन र कोही नदोहोरिउन भन्ने पुनर्निर्माण नीतिको अनुशरण गर्नुपर्दछ ।

२६. **मापदण्ड वेगर निर्मित आवासहरू -** राष्ट्रिय पुनर्निर्माण तथा पुनस्थापनासम्बन्धी नीति, २०७२ को अनुसुचीको बुँदा नं. १.१२ मा प्राधिकरणले उपलव्ध गराएको नमुना नक्साअनुसार आवास निर्माण गर्नुपर्ने या नमूनाभन्दा बाहिरको नक्सा भए सम्बन्धित स्थानीय तहबाट स्वीकृत सुरक्षित र बलियो हुनुपर्ने व्यवस्था छ । भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसुची १(४) मा अस्थाई आवास निर्माणको लागि ३ किस्तामा जम्मा रु.२ लाख अनुदान दिनसकिने व्यवस्था छ । स्थलगत सर्वेक्षणको क्रममा निम्नानुसारका स्थानमा बनाइएका आवासहरू प्राधिकरणले तोकेका नमूनाभन्दा फरक र भूकम्प प्रतिरोधी तथा बलियो र सुरक्षित भएको स्थानीय तहबाट नक्सा स्वीकृत समेत नभएको अवस्थामा प्राधिकरणबाट रु.३ लाख अनुदान रकम उपलव्ध गराएको देखियो । अस्थायी आवासको रूपमा अनुदान प्रभावित नभएको अवस्थामा प्राधिकरणले तोकेको नमुना मापदण्डअनुसार निर्माण नभएका भवनहरू सम्बन्धित प्राविधिक तथा स्थानीय तहबाट सिफारिस भई भएको कार्य कार्यविधि अनुरूप भएको देखिएन ।

क्र. सं.	स्थान	निर्मित आवास संख्या	आवासको संरचना
१	धाधिङ्ग, सल्यान्टार (सिक्टार)	११०	धनसार घर (जगमा ढुंगा माटो र माथी काठको वाल) व्याण्ड र पिलर बिनाको टहराहरू ।
२	सिन्धुपाल्चोक, ईन्द्रावती	१५५	व्याण्ड र पिलर विनाका अस्थाई घरहरू ।
३	जीरी ५, दोलखा	३	समान्य टहराहरू ।

स्रोत : समुहगत छलफल र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जाईका ।

सुझाउ - उल्लिखित अवस्था कार्यक्रम लागु भएका सबै स्थानहरूमा हुनसक्ने सम्भावना भएकाले यस्ता आवासहरूको विस्तृत परीक्षण गरी आवश्यकतानुसारको सुधार सहित सुरक्षित र बलियो भएको सुनिश्चित गर्नुका साथै मापदण्ड विपरीतको आवासमा अनुदान रकम प्रवाह गर्न संलग्न भएका सबै पक्ष तथा पदाधिकारीहरूलाई जिम्मेवार बनाउनुपर्दछ ।

२७. **प्राविधिक अनुगमन वेगर आवास निर्माण -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को अनुसूची १(च) मा प्राधिकरणबाट सङ्कलन गरिएको तथ्याङ्कमा समावेश भएका तर अनुदान सम्झौता हुनु अगावै घरधनी स्वयंले घर निर्माण कार्य प्रारम्भ गरिसकेका लाभग्राहीको हकमा निर्मित वा निर्माणाधीन घर प्राधिकरणले तोकेको निकाय वा प्राविधिकहरूले चेकजाँच गर्दा भूकम्प प्रतिरोधी भएमा तोकिएबमोजिम अनुदान उपलव्ध गराउन सकिने व्यवस्था छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितिको २०७५ माघ ३ को निर्णयले प्राविधिक आउनुपूर्व बनेका सबै निजी घरहरूको लगत राखी एकमुष्ठ बाँकी अनुदान रकम भुक्तानी गरिएको छ । प्राधिकरण तथा १६ जिल्ला आयोजना कार्यन्वयन ईकाइबाट

प्राप्त विवरणअनुसार प्राविधिक आउनुभन्दा पहिल्यै बनेका ५ हजार १३० घरको लागि किस्ता सिफारिसभई एकमुष्ठ अनुदान उपलब्ध गराएको देखियो (अनुसुची ३) । प्राविधिकरूपमा निरीक्षण नभई बनेका भवनहरू भूकम्प प्रतिरोधी भएको आश्वस्त हुनसकिने अवस्था नभएकोले यस्ता निजी भवन निर्माणमा खर्च भएको अनुदान रकम पुनर्निर्माण नीतिअनुरूप सुरक्षित र दिगो आवास निर्माणमा उपयोग भएको अश्वस्त हुनसकिने अवस्था देखिएन ।

सुझाउ - प्राविधिक अनुगमन बिना बनेका आवासहरूको विस्तृत परीक्षण गरी आवश्यकतानुसारको सुधार सहित सुरक्षित र बलीयो भएको सुनिश्चित हुनुपर्दछ ।

२८. **मापदण्ड पालनाको स्थिति -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को बुँदा नं.४ मा पुनर्निर्माण वा प्रवलीकरण गर्न अनुदान प्राप्त गर्ने लाभग्राहीले अनिवार्यरूपमा प्राधिकरणले तोकेबमोजिमको गुणस्तर र मापदण्ड पालना गरी भूकम्प प्रतिरोधी प्रविधि अनुशरण गरी आवास निर्माण गर्नुपर्ने व्यवस्था छ । प्राधिकरणबाट प्राप्त विवरणअनुसार कुल १२ हजार १७१ आवास भवन तोकिएको मापदण्ड पुरा नगरी बनेको देखियो (विस्तृत विवरण अनुसूची २क राखिएको) । जिल्ला आयोजना कार्यन्यवन ईकाइ (भवन) कार्यालयहरूबाट प्राप्त विवरणअनुसार गोरखामा ३७, सिन्धुपाल्चोकमा १३२८, धादिङ्गमा ३५२ र दोलखामा ३७२ आवास तोकिएको मापदण्ड पालना नभएको अवस्थामा सबै किस्ताको अनुदान रकम उपलब्ध गराइसकेको अवस्था छ । कार्यविधि अनुसार रूफ व्याण्ड लेभल सम्पन्न भए पश्चात तेस्रो तथा अन्तिम किस्ताको रकम उपलब्ध गराईने व्यवस्थाले गर्दा अन्तिम किस्ता लिईसके पश्चात लाभग्राहीले आफुखुसी तला उठाउने तथा संरचना परिवर्तन गर्ने प्रवृत्तिले मापदण्ड पालना हुन नसकी निर्माण सम्पन्न प्रमाणपत्र समेत लिन नसक्ने अवस्था देखियो । प्राधिकरणले तोकेको न्यूनतम मापदण्ड बेगरका भवनहरूबाट थप मानवीय तथा गैर मानवीय क्षति समेत हुनसक्ने अवस्था भएकोले यस्ता आवासको अनुगमन गरी आवश्यक सुधार गर्नुका साथै छाना छाईसकेपछि या एक कोठे भवनको हकमा सौचालय निर्माण भए पश्चात मात्र अन्तिम किस्ता दिने अर्थात किस्ता संख्या ४ कायम गर्न नसकिएको अवस्थाले यो समस्या सृजना भएको देखियो ।

सुझाउ - मापदण्ड पालना नभएका निर्मित आवासहरूको आवश्यक अनुगमन गरी अवास सुरक्षित हुनसक्ने अवस्थाको सुनिश्चितता हुनुपर्दछ ।

२९. **गैरसरकारी संस्थाहरूको योगदान -** पुनर्निर्माण तथा पुनःस्थापना नीति, २०७२ मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलाई प्राविधिक सहयोगमा केन्द्रित गराउने र व्यक्तिगत आवास निर्माणार्थ दिइने आर्थिक सहयोग एकद्वार प्रणालीमा आधारित गराउने नीति छ । साथै गैरसरकारी संस्थाहरूलाई परिचालन गर्ने कार्य प्राधिकरणको हुने उल्लेख छ । प्राधिकरणको वार्षिक प्रतिवेदन २०७५/७६ अनुसार ३७ गैरसरकारी संस्थाले निजी आवास निर्माणको अनुमति लिएको देखिए तापनि प्रतिवेदनको अनुसूची खण्डमा विभिन्न ५७गैरसरकारी संस्था निजी आवास निर्माणमा संलग्न रहेको उल्लेख छ । प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीमा हालसम्म जम्मा २९ गैरसरकारी संस्थाको तथ्याङ्क अपलोड गरिएको छ । प्रतिवेदन अनुसार २० गैरसरकारी संस्थाले प्राधिकरणसँग अनुमति नलिई आवास निर्माणमा संलग्न भएको देखिन्छ भने सबै संस्थाहरू सूचना व्यवस्थापन प्रणालीमा समेटिएको देखिँदैन । प्राधिकरणले त्रिपक्षीय सम्झौता गरे पश्चात त्यसको डाटावेश तयार गर्ने र त्यसको सूचना व्यवस्थापन गर्नेतर्फ यथोचित प्रयास गरेको देखिँदैन । व्यवस्थापन सूचना प्रणाली (ईएचआरएमआईएस) अनुसार गैरसरकारी संस्थाहरूले हालसम्म देहायबमोजिम अनुदान किस्ता उपलब्ध गराएको उल्लेख छ :

किस्ता	किस्ता उपलब्ध गराएको लाभग्राही संख्या	गैरसरकारी संस्थाबाट किस्ता उपलब्ध गराएका लाभग्राही संख्या	गैर सरकार संस्थाहरूको निजी आवास निर्माण योगदान प्रतिशत	गैर सरकार संस्थाहरूबाट निजी आवास निर्माणमा खर्च (रु.लाखमा)
पहिलो	७७९७९३	२२३०७	२.९० %	१११५३.५
दोस्रो	६६५८३६	२१३३०	३.४१ %	३१९९५
तेस्रो	५८४६८६	१८९१४	३.५३ %	१८९१४
	जम्मा		**३.२४%**	**६२०६२.५**

नोट : विस्तृत विवरण अनुसुची ४ र ५ मा राखिएको छ ।

विभिन्न ३७ गैरसरकारी संस्थाले २४ हजार ३५८ आवास निर्माण गर्ने अनुमति लिएकोमा प्राधिकरणबाट प्राप्त पछिल्लो विवरणअनुसार २०७७ आषाढ मसान्तसम्म १८ हजार ९१४ अवास निर्माण सम्पन्न भई ३ हजार ३९३ अवास निर्माणाधीन रहेको र बाँकी २ हजार ५१ अवासको निर्माण कार्य सुरुसम्म भएको देखिँदैन ।उपर्युक्त तालिकाअनुसार हालसम्म गैरसरकारी संस्थाहरूबाट आवास अनुदान बापत कुल रु.६ अर्ब २० करोड ६३ लाख वितरण भएको देखिए तापनि प्राधिकरणको वार्षिक प्रतिवेदनको अनुसूची ४ मा सूचीकृत विभिन्न ५७ गैरसरकारी संस्थाले निजी अवासमा रु.६२ अर्ब ५६ करोड ८७ लाख खर्च गरेको देखियो । यसरी गैरसरकारी संस्थाहरूले गर्ने कुल खर्चको करिब १० प्रतिशत रकम आवास अनुदानमा उपयोग भएको देखिन्छ । प्राधिकरणको कार्यावधि करिब ५ महिना मात्र बाँकी रहँदा गैरसरकारी संस्था मार्फत सम्पन्न गर्ने भनी तय भएका करिब १० प्रतिशत कार्यको थालनी समेत भएको देखिएन ।

सुझाउ - निजी आवासमा आवद्ध सबै गैरसरकारीसंस्थाहरूले गरेको यथार्थ योगदानको मूल्याङ्कनको लागि व्यवस्थापन सूचना प्रणालीलाई परिमार्जन गरी सबै प्रकारका सूचनालाई समेटन र गैरसरकारी संस्थाहरूको खर्चलाई बढीभन्दा बढी नतिजामूलक बनाउन एवम कार्यमा शीघ्रता ल्याउन आवश्यक पहल हुनपर्दछ ।

३०. **निजी आवास पुनर्निर्माण अनुगमन -** भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को बुँदा न. ११(२) मा कुनै स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिले निजी आवास निर्माण गर्न वा बस्ती विकास गर्न वा त्यस्तो कामको लागि अन्य प्राविधिक सहयोग प्रदान गर्दा प्राधिकरणको स्वीकृति लिनुपर्ने व्यवस्था छ । पुनर्निर्माण प्राधिकरण ऐन, २०७२ को दफा ४(झ) मा कुनै व्यक्ति वा संस्थाले एकीकृत बस्ती विकास वा आवास पुनर्निर्माण गर्न लागेको अवस्थामा त्यस्तो काम रोक्ने तथा निजलाई तोकिएको मापदण्ड र गुणस्तर कायम गर्न निर्देशन दिने दायित्व प्राधिकरणको रहने उल्लेख छ । प्राधिकरणको वार्षिक प्रतिवेदन २०७५।७६ मा उल्लेख भएअनुसार जम्मा ३७ स्वदेशी तथा विदेशी गैरसरकारी संस्थाले निजी आवास निर्माणको लागि स्वीकृति लिएको देखिएकोमा लेखापरीक्षणको स्थलगत सर्भेक्षणमा निम्नानुसार संस्थाहरू निजी आवास निर्माणमा कार्यरत रहेको देखिए पनि प्राधिकरणलाई जानकारी समेत भएको अवस्था देखिएन । प्राधिकरणले तय गरेका मापदण्डहरूको पालना वेगर अनौपचारिक रूपमा विभिन्न संघसंस्था मार्फत निर्मित आवास भवनहरू पुनर्निर्माण नीतिअनुरूप सुरक्षित र दिगो हुनसक्ने अवस्था देखिँदैन।

क्र.सं.	आवास निर्माण भएको स्थान	निर्मित आवासको संख्या	संस्थाको नाम	आवासको संरचना
१	सल्यानटार, धाधिङ्ग	२०	गुरु बुद्धमैत्रीय तथा धर्मपत्नी गुरुआमा मान्दरभातारा	जगमा सिमेण्ट ईटाको गारो तथा प्रिफ्यावको वाल सहितको आवस ।
२	धाधिङ्ग, ज्वालामुखी, ढोला नँया बस्ती	५६	दिनेश तामाङ्ग, चाईल्ड हेभेन ईन्टरनेश्नल क्यानाडा	साधारण २ कोठे घर ।
४	सिन्धुपाल्चोक, मेलम्ची १२ गिरानचौर	७१	चौधरी फाउण्डेशन	ईट्टा तथा प्राविधिक सहयोग उपलब्ध गराएको ।

स्रोत : सम्बन्धित स्थानमा भएको समुहगत छलफल

सुझाउ - निजी आवास निर्माणको एकीकृततथ्याङ्कसङ्कलन गरी प्राधिकरणको स्वीकृति विना निजी आवास निर्माणमा संलग्न निकायहरू मार्फत निर्मित आवासहरू पुनर्निर्माण नीतिअनुरूप भए नभएको सम्बन्धमा अनुगमन गरी दिगो र सुरक्षित भएको अवस्थाको सुनिश्चितता हुनुपर्दछ ।

३१. **बैंकमा रहेको अनुदान रकम -** प्राधिकरण र बैंक तथा वित्तीय संस्थाहरूबीच भएको समझदारी पत्रअनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयले जारी गरेको चेक बैंकमा प्राप्त भएको मितिले ७ दिनभित्र बैंकले सम्बन्धित लाभग्राहीको खातामा अनुदान किस्ता रकम जम्मा गरिसक्नुपर्ने र प्रत्येक १५ दिनमा सोको जानकारी प्राधिकरणलाई गर्नुपर्ने व्यवस्था छ । प्राधिकरणबाट प्राप्त लाभग्राहीहरूको सूचीको आधारमा बैंक तथा वित्तीय संस्थाले पहिले लाभग्राहीको नाममा डम्मी बैंक खाता खोल्ने र पछि सम्बन्धित लाभग्राहीले के वाई सी फर्म भरी बैंकको सम्पर्कमा आउँदा मात्र खाता सक्रीय हुने (व्याक ईन पद्धति, जसअनुसार ९० प्रतिशत लाभग्राहीको खाता खोलिएको) भएकोले सम्बन्धित लाभग्राही बैंकको सम्पर्कमा नआएको खण्डमा सो खातामा जम्मा भएको अनुदान रकम बैंकमै जम्मा भई रहने अवस्था छ ।लेखापरीक्षणको क्रममा केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) बाट प्राप्त विवरणका आधारमा

२०७६ साल चैत्र ५ सम्म निम्नानुसार १५ जिल्लामा लाभग्राहीको खाताको केवाई सी अद्यावधिक नहुँदा विभिन्न ४० बैंक तथा वित्तीय संस्थाबाट २९ हजार २४८ लाभग्राहीलाई पहिलो किस्ता बापतको अनुदान कुल रु.१ अर्ब ४६ करोड २४ लाख सम्बन्धित लाभग्राहीलाई भुक्तानी भएको अवस्था पुष्टि हुँदैन । अनुदान रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी हुन नसक्दा एकातिर लाभग्राहीको आवास समयमा निर्माण हुन नसक्ने र अर्कोतिर वित्तीय संस्थाले सो रकमबाट अप्रत्यक्ष वित्तीय लाभ लिने अवस्था देखियो ।

क्र.सं.	जिल्लाको नाम	गरिएको बैंक संख्या	के वाई सी अद्यावधिक नभएको लाभग्राही संख्या	भुक्तानी हुन नसकेको कुल रकम हजारमा)
१	ओखलढुंगा	७	२२३	१११५०
२	गोरखा	१४	१४१९	७०९५०
३	मकवानपुर	४०	४३२	२१६००
४	भक्तपुर	४	२०	१०००
५	ललितपुर	१२	४४६	२२३००
६	नुवाकोट	१६	२९१	१४५५०
७	दोलखा	११	१६०८३	८०४१५०
८	रामेछाप	९	४३३	२१६५०
९	सिन्धुली	४	५३५१	२६७५५०
१०	रसुवा	५	११०	५५००
११	ओखलढुंगा	५	२०८	१०४००
१२	काभ्रेपलाञ्चोक	१०	५२	२६००
१३	काठमाडौ	११	२३८	११९००
१४	सिन्धुपाल्चोक	१	१५	७५०
१५	धाधिङ्ग	१६	३९२७	१९६३५०
		जम्मा	**२९२४८**	**१४६२४००**

स्रोत : केन्द्रीय आयोजना कार्यान्वयन ईकाई(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

सुझाउ - कार्यक्रम लागु भएका सबै जिल्लाको सम्बद्ध सबै बैंक तथा वित्तीय संस्थाहरूबाट यस्ता निष्क्रिय अवस्थामा रहेका खाता र सो खातामा जम्मा भएका अनुदान रकम समेतको विवरण प्राप्त गरी सम्बन्धित स्थानीय तह मार्फत सम्बन्धित लाभग्राहीलाई जानकारी गराई रकम उपलब्ध गराउने या सञ्चितकोष फिर्ता गराउनेतर्फ प्राधिकरणले यथाशीघ्र कारबाही गर्नुपर्दछ ।

३२. **बैंकगत अनुदान हिसाव मिलान -** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको २०७४ चैत्र १२ को निर्देशनमा कोष तथा लेखा नियन्त्रक कार्यालयले लाभग्राहीलाई अनुदान भुक्तानीको लागि बैंकको नाममा जारी गरिएको चेक साथ संलग्न लाभग्राहीको नाम र बैंकलाई पहिल्यै उपलब्ध गराईएको अर्थात खातावाला लाभग्राहीको नाम मिलान नभएको अवस्थामा जिल्ला आयोजना कार्यान्वयन ईकाइको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले वास्तविक लाभग्राहीको खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाममा म्यानेजर चेक जारी गरी सम्बन्धित लाभग्राहीलाई रकम भुक्तानी गर्नसक्ने व्यवस्था गरेको छ । यसरी म्यानेजर चेक जारी गरिएको बैंक तथा वित्तीय संस्थाको नाम कोष तथा लेखा नियन्त्रक कार्यालयको अभिलेखमा नदेखिने भएकोले कोष तथा लेखा नियन्त्रक कार्यालयले तयार गर्ने बैंकगत अनुदान भुक्तानी विवरण वास्तविक रूपमा भुक्तानी गर्ने बैंकहरूको विवरणसँग फरक पर्ने देखियो । प्राप्त विवरणअनुसार २०७६ चैत्र ५ सम्म निम्नानुसार विभिन्न १३ जिल्लाका ३८ बैंक तथा वित्तीय संस्थाबाट रु.२१ करोड १२ लाख बराबरको म्यानेजर चेक जारी भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयसँग हिसाब मिलान गरेको देखिँदैन । यसरी जारी गरिएका म्यानेजर चेकहरूको एकीकृत विवरण तयार गरीकोष तथा लेखा नियन्त्रक कार्यालयको जिल्लागत वित्तीय विवरण तथा महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरणमा समायोजन गरी हिसाब दुरुस्त गर्नुपर्ने सम्बन्धमा केन्द्रीय आयोजना कार्यन्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले हाल कुनै ठोस पहल गरेको देखिएन ।

क्र.सं.	जिल्ला	बैंकको संख्या	रकम
१	भक्तपुर	३	३५०००.००
२	काठमाडौ	११	१४८००००.००
३	ललितपुर	१४	६९५०९११.००

४	नुवाकोट	३८	३१२५०००.००
५	दोलखा	११	७१६००००.००
६	रामेछाप	१०	३३५०००.००
७	काभ्रेपलाञ्चोक	१४	६४५०००.००
८	गोरखा	१२	१११५०००.००
९	रसुवा	१	१५०००.००
१०	सिन्धुपाल्चोक	२३	४३०००००.००
११	सिन्धुली	३३	१६४००००.००
१२	धाधिङ्ग	५	४५०००.००
१३	मकवानपुर	२०	५३००००.००
		जम्मा	**२१, १२, ००, ९११.००**

स्रोत : केन्द्रीय आयोजना कार्यान्वयन ईकाई(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

सुझाउ - म्यानेजर चेक मार्फत भुक्तानी भएको अनुदान रकमको सम्बन्धमा एकीकृत बैंकगत विवरण तयार गरी महालेखा नियन्त्रकको कार्यालयको एकीकृत वित्तीय विवरणमा समायोजन गरी अनुदान भुक्तानीमा शुद्धता कायम गर्ने सम्बन्धमा केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ जिम्मेवार हुनुपर्दछ ।

३३. **हिसाव मिलानको अवस्था -** प्राधिकरण, कोष तथा लेखा नियन्त्रक कार्यालय र बैंक तथा वित्तीय संस्थाबीच भएको त्रिपक्षीय समझदारीमा प्रत्येकले लाभग्राहीलाई किस्ता भुक्तानीको कार्य गर्दा किस्ता संख्या व्यवस्थापन सूचना प्रणाली (ईएचआरपी एमआईएस) मा अपलोड गर्नुपर्ने व्यवस्था छ। जस्ले गर्दा आन्तरिक नियन्त्रण कायम हुनुका साथै भुक्तानी व्यवस्थापनमा समेत शुद्धता आउने देखिन्छ । जिल्ला आयोजना कार्यान्वय ईकाइले भुक्तानीको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयलाई भुक्तानी आदेश दिएर अपलोड गरेको किस्ता संख्या, कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्वन्धित बैंकलाई चेक जारी गरेको किस्ता संख्या र बैंकले लाभग्राहीको खातामा अनुदान रकम जम्मा गरिएको किस्ता संख्या बराबर हुँदा मात्र हिसाब मिलान भएको मानिने अवस्था हुन्छ । प्राधिकरणको सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार जिल्ला आयोजना कार्यन्वयन ईकाइको तथ्याङ्कलाई आधार मान्दा निम्नानुसार कोष तथा लेखा नियन्त्रक कार्यालयले ८५ हजार ५९० पहिलो किस्ता, ५७ हजार ३०२ दोस्रो किस्ता र ३८ हजार ५०३ तेस्रो किस्ता बढी भुक्तानी गरेको देखिन्छ भने बैंक तथा वित्तीय संस्थाले ११ हजार ५५४ पहिलो किस्ता, ३९ हजार ५०३ दोस्रो किस्ता र ७६ हजार ४३६ तेस्रो किस्ता कम भुक्तानी भएको देखिन्छ । जस अनुसार रु. १६ अर्ब ७२ करोड ५१ लाख कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बढी भुक्तानी भएको देखिन्छ भने बैंक तथा वित्तीय संस्थाबाट रु.१४ अर्ब १२ करोड ३२ लाख कम भुक्तानी भएको देखिन्छ। उल्लिखततथ्याङ्कको आधारमाकुल ३ लाख ८ हजार ७३१ किस्ताको अपलोड फरक परेको देखिएबाट कुल रु.३० अर्ब ८४ करोड ८३ लाख अनुदान रकम भुक्तानीको सम्बन्धमाहिसाव मिलान हुनसकेको अवस्था देखिँदैन ।

किस्ता	कोलेनिका अनुसारको भुक्तानी भएको किस्ता संख्या	बैंक अनुसारको भुक्तानी भएको किस्ता संख्या	जिल्ला आयोजना कार्यान्वयन ईकाइ अनुसार भुक्तानी भएको किस्ता संख्या
पहिलो	८०११८८	७०४०४४	७१५५९८
दोस्रो	६२९७४५	५३३०९७	५७२४४३
तेस्रो	५४१०९६	४२६१५७	५०२५९३
जम्मा किस्ता संख्या	**१९७२०२९**	**१६६३२९८**	**१७९०६३४**

नोटः विस्तृत विवरण अनुसुची ६ मा राखिएको छ ।

बैंक तथा वित्तीय संस्थाले विवरण अपलोड धेरै ढिलो गर्ने, निष्क्रिय गरिएका लाभग्राहीहरूको खाताको विवरण पेश नगर्ने, मर्ज भएका बैंक तथा वित्तीय संस्थाहरूले लाभग्राहीसम्बन्धी विवरण नदिने, एरोर केशेश आदि जस्ता विविध कारणले सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरिएको किस्ता विवरण बैंकबाट समयमै अपलोड नहुँदाउल्लिखित तीन निकायबीचको हिसाव फरक परेको देखिन्छ । जसले गर्दा अनुदान भुक्तानीको यथार्थ अवस्थाको जानकारी हुनसक्ने अवस्था छैन ।

सुझाउ - त्रिपक्षीय हिसाव मिलान हुन नसक्दा किस्ता भुक्तानीको यर्थाथ जानकारी नहुने अवस्थामा बैंकले अनुदान रकम अर्कै उद्देश्यले परिचालन गरी लाभ समेत लिनसक्ने सम्भावित अवस्थालाई नियन्त्रण गर्न जिल्ला आयोजना कार्यान्वयन ईकाई तथा प्राधिकरणका सम्बन्धित विशेषज्ञहरू जिम्मेवार भई अनुदान रकम भुक्तानीको यर्थाथ विवरण प्राप्त गर्न सकिने अवस्थासिर्जना गर्नुपर्दछ ।

३४. **अनुदान भुक्तानी प्रणाली -** प्राधिकरण र बैङ्क तथा वित्तीय संस्थाहरूबीच भएको समझदारी पत्रअनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयले जारी गरेको चेक बैङ्कमा प्राप्त भएको मितिले ७ दिन भित्र बैंकले सम्बन्धित लाभग्राहीको खातामा अनुदान किस्ता रकम जम्मा गरिसक्नुपर्ने र प्रत्येक १५ दिनमा सोको जानकारी प्राधिकरणलाई गराई व्यवस्थापन सूचना प्रणालीमा अपलोड गर्नुपर्ने व्यवस्था छ । सम्बन्धित लाभग्राहीको आवासको भौतिक प्रगतिअनुसार सम्बन्धित स्थानीय तह तथा जिल्ला आयोजना कार्यन्वयन ईकाइ

(भवन) बाट भएको सिफारिसको आधारमा जिल्ला आयोजना कार्यान्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)ले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई भुक्तानी आदेश पठाउने र सोही आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित बैंकलाई उक्त लाभग्राहीको नाममा किस्ता भुक्तानीको लागि चेक जारी गरिन्छ । प्राधिकरणको सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणबाट नमुना छनौटको आधारमा निम्नानुसार ५ जिल्लाका स्थानीय तहको तथ्याङ्क विश्लेषण गरिएको छ ।

जिल्ला	स्थानीय तहको नाम
सिन्धुपाल्चोक	बलेफि गाउपालिका र बाह्रबीसे नगरपालिका
गोरखा	आरुघाट गाउपालिका र अजिर गाउपालिका
धादिङ्ग	बेनीघाट रोराङ्ग गाउपालिका, गल्छी गाउपालिका र धुनीबेशी नगरपालिका
दोलखा	बैतेश्वर गाउपालिका र भिमेश्वर नगरपालिका
नुवाकोट	बेलकोटगढी र विदुर नगरपालिका

यसरी गरिएको विश्लेषण बाट दोलखा, सिन्धुपाल्चोक, गोरखा, धादिङ र नुवाकोटमा क्रमशः७१ किस्ता, २४ किस्ता, १२५ किस्ता, १२५ किस्ता र ६६ किस्ता सम्बन्धित लाभग्राहीसँग सम्झौता हुनुभन्दा अगावै जिल्ला आयोजना कार्यन्वयन इकाई (जिमाली)ले भुक्तानी प्रक्रिया अगाडि बढाएको देखियो । यसरी उल्लिखित स्थानीय तहहरूमा निम्नानुसार २० हजार ३५७ किस्ताको जिल्ला आयोजना कार्यन्वयन इकाई (जिमाली) ले भुक्तानी प्रक्रिया चाल्नु अगावै कोष तथा लेखा नियन्त्रक कार्यालयले बैंकलाई चेक पठाएको र ४ हजार ३६८ किस्ताको कोष तथा लेखा नियन्त्रक कार्यालयले चेक जारी गर्नु अगावै बैंकले सम्बन्धित लाभग्राहीलाई किस्ता भुक्तानी गरिएको देखियो । तोकिएको प्रक्रिया विपरीत भएको सम्बन्धित निकायहरूले प्रक्रिया अगाडि बढाएको उदाहरणको अनुसुची ८(क) यसै प्रतिवेदको अनुसुची खण्डमा प्रस्तुत गरिएको छ । यसरी उल्लिखित व्यवस्थाभन्दा फरक गरी किस्ता भुक्तानी हुन नसक्ने भएकोले अभिलेख व्यवस्थापनको विश्वसनीयता नदेखिनुका साथै अनुदान भुक्तानी प्रणालीको शुद्धताप्रति आश्वस्त हुनसकिने अवस्था देखिएन ।

जि.का.ई. ले भुक्तानी प्रक्रिया चाल्नु अघि कोष तथा लेखा नियन्त्रक कार्यालयले चेक जारी भएको किस्ता विवरण				
किस्ता	**प्रक्रिया अगावै चलेको औसत दिन**	**प्रक्रिया अगावै चलेको अधिकतम दिन**	**प्रक्रिया अगावै चलेको न्यूनतम दिन**	**नमुनामा पाएकोजम्मा केश**
पहिलो	३८.९	९६.२	३३.६	६८१५
दोस्रो	१.३०	५.६	१	६७७४
तेस्रो	१.३८	४.७५	१	६७६८
को.ले.नि.का ले चेक जारी गर्नु अगावै बैङ्क/वित्तीय संस्थाहरूले भुक्तानी गरेको किस्ता विवरण				
किस्ता	अगावै चलेको औसत दिन	अगावै चलेको अधिकतम दिन	अगावै चलेको न्यूनतम दिन	नमुनामा पाएकोजम्मा केश
पहिलो	६५.७	५६२	४	४, ०४५
दोस्रो	१०६.६३	२७४	१६	१०५
तेस्रो	१५०.३६	३५५.४	१०.२५	२१८

स्रोतः प्राधिकरण, सूचना व्यवस्थापन प्रणाली (अनुसूची ८ (क))

सुझाउ - व्यवस्थापन सूचना प्रणालीमा यथासिघ्र सुधार ल्याई यथार्थ सूचना प्रवाह हुनसक्ने प्रणालीको स्थापना गर्न प्राधिकरण तथा अन्तर्गतका निकायहरू जिम्मेवार हुनुपर्दछ ।

३५. **प्रक्रियामा विलम्ब -** पुनर्निर्माण तथा पुनःस्थापना नीति, २०७२ ले भूकम्पबाट क्षतिग्रस्त अवासीय भवनहरूको यथाशक्य पुनर्निर्माण गरी आवासविहीनलाई पुनर्वास गराउने नीति लिएको देखिन्छ । प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त विवरणबाट नमुना छनौटको आधारम ाधादिङ्ग, सिन्धुपाल्चोक, नुवाकोट, दोलखा र गोरखामा एक एक स्थानीय तहको अनुदान भुक्तानी प्रणालीको विश्लेषण गर्दा निम्नानुसार अनुदान भुक्तानी प्रक्रियामा लामो समय लाग्ने गरेको देखियो । समष्टिगत औसतमा लाभग्राहीसँग सम्झौता भएको अधिकतम ८२७ दिन, न्यूनतम १२ दिन र औसतमा ५७ दिन पश्चातमा सम्बन्धित लाभग्राहीलाई पहिलो किस्ताको लागि प्रक्रिया अघि बढेको देखियो । यसरी एउटा लाभग्राहीको समग्र प्रक्रिया पुरा गरी पहिलो, दोस्रो र तेस्रो किस्ता भुक्तानी हुनऔसतमा क्रमशः ९४ दिन, २१ दिन र ५४ दिन तथा अधिकतममा क्रमशः १ हजार ९७६ दिन, ६७७ दिन र ४६७ दिन व्यतित भएको देखियो । उल्लिखित ५ स्थानीय तहमा भुक्तानी प्रक्रियामा लाग्ने समयावधि २०१६ मा औसत ४७ दिन रहेकोमा पछिल्ला वर्षहरूमा यो अवधि क्रमशः बढ्दै गएको अवस्थाछ । यसरी धेरै ढिलो गरी प्रक्रिया अगाडि बढेको देखिएबाट लाभग्राहीहरूलाई समयमा अनुदान रकम उपलब्ध गराई अनुदान भुक्तानी प्रणालीलाई लाभग्राहीमैत्री बनाई प्रभावकारी बनाएको अवस्था देखिएन ।

सम्झौता भई प्रक्रिया अघि बढाउन लागेको समय (दिन)				
वर्ष (इस्वी सन्मा)	**औसत**		**अधिकतम**	**न्यूनतम**
२०१६	४७		२७८	२
२०१७	१४२		५१४	८
२०१८	१४२		७९४	९
२०१९	१०४		५५५	१५
समष्टीगत औसत	**५७**		**८२८**	**१२**
अनुदान भुक्तानी प्रक्रियामा लागेकोकुल समय (दिन)				
विवरण	**सम्झौता भएर जि.आ.का.ई जिमालीसम्म आउन लागेको दिन**	**जि.आ.का.इ, जिमालीबाट भुक्तानी आदेश को.ले.नि.का पुग्न लागेको दिन**	**को.ले.नि.काबाट प्राप्त भएको चेक रकम बैङ्क दाखिला हुन लागेको दिन**	**जम्मा लागेको दिन**
पहिलो किस्ता				
औसत	५७	२	३५	९४
अधिकतम	८२८	३३०	८१९	१९७६
न्यूनतम	१२	१	१	१४
दोस्रो किस्ता				
औसत		५	१५	२०
अधिकतम		१५१	५२६	६७७
न्यूनतम		१	१	२
तेस्रो किस्ता				
औसत		४	५०	५४
अधिकतम		८५	३८२	४६७
न्यूनतम		१	१	२

प्राधिकरणले सम्झौता भएपश्चात अनिवार्य रूपमा भुक्तानी प्रक्रियामा जानुपर्ने दिन किटान गर्न नसक्नु, त्यसको विपरीत पटक पटक किस्ता लिनको लागि म्याद थप गर्ने र भुक्तानी प्रक्रिया चाल्नमा स्थानीय जनप्रतिनिधिहरूलाई जिम्मेवार बनाउन नसक्नु र प्राधिकरणको टोली लाभग्राहीको घरदैलो कार्यक्रम गरी लाभग्राहीको समस्या लिई निजहरूलाई भुक्तानी प्रक्रियामा जान र घर बनाउनमा उत्प्रेरित गर्न नसक्नाले सो स्थिति सिर्जना भएको देखिन्छ ।

सुझाउ - उल्लिखित समस्याका कारक तत्वहरू पहिचान गरी अनुदान भुक्तानी प्रणालीलाई सरल, सहज तथा छरितो बनाई पुनर्वास नीतिलाई सार्थक बनाउन प्राधिकरण तथा अन्तर्गतका निकायहरू जिम्मेवार हुनुपर्दछ ।

३६. **सूचना प्रविष्टिमा एकरूपता -** व्यवस्थापन सूचना प्रणालीको औचित्य नै सम्बन्धित कार्यक्रमको सबै प्रकारका सूचनाहरू विषयगत, खण्डिकृत र एकीकृत स्वरूपमा प्राप्त गरी विश्लेषण, समिक्षा तथा मूल्याङ्कन र सोहीअनुरूप सुधार गर्नु हो । जसको लागि तथ्याङ्क पोष्टिङमा एकरूपता कायम हुनु आवश्यक छ । व्यवहारतः एम.आई.एस प्रणालीमा मिति प्रबिष्टी गर्दा ''महिना/गते/साल'' संरचनामा गरिने अन्तर्राष्ट्रिय प्रचलन रहेकोमा प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीको विश्लेषण गर्दा पोष्टिङ भएका मितिमा संरचनागत एकरूपता कायम रहेको देखिँदैन । उदाहरणको लागिनिम्नानुसार लाभग्राहीहरूको अनुदान किस्ता प्रक्रिया अगाडि बढाउदा गरिएका मिति पोष्टिङका संरचनामा एकरूपता नभएको देखियो । यस्तो अवस्था प्रायः जसो सबै पोष्टिङमा भएको हुनसक्ने भएकोले सूचना विश्लेषण, मूल्याङ्कन तथा समीक्षा गरी यर्थाथ सूचना प्राप्त गरी निर्णय निर्माणमा सूचनाको उपयोग गर्नसकिने अवस्था छैन ।

सम्झौता नम्बर	जिल्ला	सम्झौता मिति	जि.आ.का.ई, जिमालिलेकोष तथा लेखा नियन्त्रक कार्यालय पाठाएको मिति	को.ले.नि.का.ले चेक काटेको मिति	बैङ्कले प्राप्त गरेको मिति
३०-२८-६-०-८१	धादिङ्ग	६/११/२०७३	८/३०/२०१६	30-Aug-16	27-Apr-17
२२-१७-१-०-२५	धादिङ्ग	५/२३/२०७३	९/२०/२०१६	20-Sep-16	17-Oct-16
२२-२६-७-०-१०३	दोलखा	२०७३/०२/२९	८/११/२०१६	11-Aug-16	23-Aug-16
२२-५०-५-०-५७	दोलखा	४/१८/२०७२	८/२८/२०१६	28-Aug-16	14-Sep-16
२२-५०-८-०-१२	दोलखा	२०७४/०२/२९	६/१५/२०१७	15-Jun-17	4-Jul-17
८-२२-९-६-०-००२०	दोलखा	२०७५/०४/३१	११/२७/२०१८	27-Nov-18	20-Jan-19
३६-४२-८-०-१४५	गोरखा	३/१/२०७३	६/३०/२०१६	30-Jun-16	7-Jun-16
३६-४२-९-०-१७५	गोरखा	२०७३-०२-२९	६/३०/२०१६	30-Jun-16	9-Aug-16
२८-४-४-०-२२२	नुवाकोट	३/२२/२०७३	९/२१/२०१६	8-Sep-16	26-Sep-16
२८-८-८-१-१६७	नुवाकोट	२०७३/०२/२९	९/६/२०१६	30-Aug-16	9-Nov-16
२३-२२-४-०-५३	सिन्धुपाल्चोक	४/१५/२०७३	८/२६/२०१६	26-Aug-16	20-Sep-16
२३-१८-१-०-३५	सिन्धुपाल्चोक	२०७३/०२/३१	९/६/२०१६	6-Sep-16	12-Sep-16

स्रोत : प्राधिकरणको ईएचआरपी एमआईएस

सुझाउ - सबै प्रकारका तथ्याङ्क पोष्टिङ्गमा संरचनागत एकरूपता ल्याई सूचना व्यवस्थापन प्रणालीको औचित्य पुष्टि गराउन प्राधिकरणले प्रणालीमा आवश्यक सुधार गर्नुपर्दछ ।

३७. **बैंकिङ्ग भुक्तानी गल्तीहरू -** प्राधिकरण र बैङ्क तथा वित्तीय संस्थाहरूबीच भएको समझदारीपत्रअनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयले जारी गरेको चेक बैंङ्कमा प्राप्त भएको मितिले ७ दिन भित्र बैंकले सम्बन्धित लाभग्राहीको खातामा अनुदान किस्ता रकम जम्मा गरिसक्नुपर्ने र प्रत्येक १५ दिनमा सोको जानकारी प्राधिकरणलाई गराई व्यवस्थापन सूचना प्रणालीमा अपलोड गर्नुपर्ने व्यवस्था छ । लाभग्राहीको विवरण तथा अन्य विभिन्न तथ्याङ्कीय गल्तीहरूले गर्दा बैंकले अपलोड गरेको तथ्याङ्क यथार्थपरक देखिएन । उदाहरणको लागि एउटै सम्झौता नम्बरमा दुई पटक भुक्तानी हुने, एउटै सम्झौता नं.बाट २ बैङ्कबाट भुक्तानी हुने, सम्झौता नम्बर नमिल्ने वा नहुने, भुक्तानी मिति नहुने वा गलत मिति प्रबिष्टी हुने, चेक नं. नहुने आदि स्वरूपमा बैंङ्कीङ्ग गल्तीहरू हुने गरेको देखियो । प्राधिकरणको सूचना व्यवस्थापन प्रणालीबाट प्राप्त विवरणअनुसार २२ नोभेम्वर २०१९ सम्म ४९ बैंक तथा वित्तीय संस्थाबाट भएका निम्नानुसार २८ हजार ४४५ पहिलो किस्ता भुक्तानीमा, २६ हजार २७१ दोस्रो किस्ता भुक्तानीमा र २२ हजार ८८ तेस्रो किस्ता भुक्तानीमा समेत गरी कुल ७६ हजार ८०४ किस्ता भुक्तानीमा विभिन्न गल्तीहरू देखिएबाट रु.७ अर्ब ५७ करोड १७ लाख अनुदान भुक्तानीको यथार्थता प्रति आश्वस्त हुनसकिने अवस्था छैन ।

किस्ता	गल्ती भुक्तानी किस्ता संख्या	अनुदान भुक्तानी (रु.लाखमा)
पहिलो	२८४४५	१४२२२.५
दोस्रो	२६२७१	३९४०६.५
तेस्रो	२२०८८	२२०८८
जम्मा	**७६८०४**	**७५७१७**

नोट : विस्तृत विवरण अनुसुचीञ्मा राखिएको छ ।

सुझाउ - बैंक तथा वित्तीय संस्थाहरूको भुक्तानीहरूमा देखिने उल्लिखित गल्ती निराकरणको लागि जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) जिम्मेवार देखिए पनि यसमा अनुकुल परिवर्तन आउन नसकेकोले यस्ता गल्तीहरू यथाशक्य छिटो निराकरण गरी अनुदान भुक्तानीको अवस्थामाशुद्धता ल्याउन सम्बन्धित जिल्ला आयोजना कार्यन्वयन ईकाइ जिम्मेवार हुनुपर्दछ ।

३८. **दोहोरो भुक्तानी तथा स्वेच्छिक रकम फिर्ता -** राष्ट्रिय पुनर्निर्माण प्राधकिरणबाट गरिने सम्पूर्ण काम कारबाहीमा शुद्धता ल्याउने उद्देश्यले प्राधिकरणमा ईएचआरपी एमआइएस नामक व्यवस्थापन सूचना प्रणालीको स्थापना भएको र सम्पूर्ण तथ्याङ्क यस प्रणालीमा अपलोड गर्नुपर्ने आन्तरिक कार्यविधि छ । प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीअनुसार लाभग्राहीलाई दोहोरो भुक्तानी भएको रु.९ करोड ७१ लाख फिर्ता भएको उल्लेख छ । दोहोरो भुक्तानी फिर्ता भएको लाभग्राहीगत तथ्याङ्क व्यवस्थापन सूचना प्रणालीमा अपलोड गरिएकोमा कुन संस्थासँग दोहोरो परी असुल गरेको सो खुल्ने गरी तथ्याङ्क अपलोड नगरिनुका साथै स्वैच्छिक किस्ता रकम फिर्ता गरेको तथ्याङ्क प्रणालीमा अपलोड गरिएको छैन । यसले गर्दा महालेखा नियन्त्रक कार्यालय हिसाबमा दोहोरो भुक्तानी फिर्ता भएको तथा स्वेच्छिक किस्ता फिर्ता गर्ने लाभग्राहीहरूको हिसाब समायोजन हुनसकेको छैन । तसर्थ भविष्यमा गैरसरकारी संस्था तथा अन्य संस्थाहरूको प्रगतिले समेत वास्तविक प्रगतिभन्दा यर्थाथ खर्च बढी हुन गई प्रगति मूल्याङ्कन समेत अवास्तविक बन्नसक्छ । प्राधिकरण यी सम्पूर्ण हिसाब मिलान गर्नको लागि इ.यू को सहयोगमा हिसाबमिलान विशेषज्ञ तथा वित्तीय विशेषज्ञ नियुक्त भई यस कार्य तदारुकताका साथ भएरहेको जानकारी अवगत गराएको छ । हिसाबमिलान गर्न प्राधिकरणले छुट्टै विशेषज्ञ राख्नुपर्ने औचित्य भएको पाइएन । मौजूदा वित्तीय विशेषज्ञहरू तथा बैंकिङ्ग विशेषज्ञ लगायत अन्य वित्तीयसँग आवद्ध विशेषज्ञ हुँदा पनि थप परामर्शदाता नियुक्ति गरी कार्य गराउने प्रचलनबाट थप व्ययभार मात्र सृजना हुन्छ, जुन रकम भूकम्प पीडितको राहतमा प्रयोग गरेमा बढी सार्थक हुन्छ । त्यसले यस्तो प्रचलनबाट मुद्राको मुल्य (Value for Money) प्राप्त हुनसक्दैन ।

सुझाउ - सन्दर्भमा सबै तथ्याङ्कहरूको यथार्थ स्थिति प्रस्तुत हुने गरी वित्तीय विवरण सही र वास्तविक बनाउन प्राधिकरण तथा केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) जिम्मेवार बन्नुपर्दछ ।

३९. **निर्माण सम्पन्न -** भवन निर्माण मापदण्ड, २०७५ तथा स्थानीय तहहरूबाट जारी बस्ती विकास तथा भवन निर्माणसम्बन्धी आधारभूत मापदण्डहरूको पालना गरी बनेका भवनहरूलाई मात्र निर्माण सम्पन्न प्रदान गर्ने व्यवस्था रहेको छ । निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त नभएका भवनहरू कुनै पनि कानुनी प्रयोजनको लागि प्रयोग गर्दा बाधा आउनसक्छ । प्राधिकरणको व्यवस्थापन सूचना प्रणालीअनुसार पुनर्निर्माण अनुदान मार्फत ४ लाख ९४ हजार ४९ निजी आवास निर्माण सम्पन्न भएकोमा ८३ हजार १९ ले मात्र निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गर्न सफल भएको अवस्था छ । लेखपरीक्षणको क्रममा जानकारीमा आएअनुसार तेस्रो तथा अन्तिम किस्ता लिईसकेपछि संरचना परिवर्तन गर्ने, तला थप्ने र पुरानो बस्दै आएको जिर्ण घर नभत्काएको कारणले निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त हुन नसकिएको अवस्था देखियो । पारिवारिक संरचनाअनुसार निर्मित घर अपर्याप्त हुँदा लाभग्राहीले तला थप्ने तथा पुरानो घर भत्काउन नसकिने बाध्यता देखियो । प्राधिकरणको पुरानो घर भत्काउनुपर्ने र लाभग्राहीहरूलाई उपलब्ध गराईने अनुदान पारिवारिक आकारमा आधारित नभएकोले अधिकाँश लाभग्राहीका निर्मित भवनले निर्माण सम्पन्न प्राप्त गर्न सकेको छैन ।

सुझाउ - निर्माण सम्पन्न लिन नसकेका भवनहरूको लागि आवश्यक सुधार गर्न लगाई निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउनुपर्दछ ।

४०. **जोखिमपूर्ण स्थानमा आवास -** जोखिमयुक्त बस्ती स्थानान्तरण तथा पुनर्स्थापनासम्बन्धी कार्यविधि, २०७३ को बुँदा २ र ३ मा भौगर्भिक अध्ययन प्रतिवेदनको आधारमा प्राधिकरणबाट जोखिमयुक्त बस्ती भनी यकिन भएका स्थानान्तरण गर्नुपर्ने बस्तीबाट बसोबासयोग्य बस्तीमा स्थानान्तरण भएका लाभग्राहीलाई घर निर्माणको लागि अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था छ । राष्ट्रिय पुनर्निर्माण तथा पुनःस्थापना नीति, २०७२ को बुँदा न. ६.१.७ मा भूकम्प प्रभावित क्षेत्रमा भौतिक तथा सामाजिक पूर्वाधार निर्माण गर्दा सम्भावित बाढी पहिरोबाट हुनसक्ने खतरालाई बिचार गरी आवश्यक सुरक्षात्मक उपाय अवलम्बन गर्नुपर्ने उल्लेख छ । केन्द्रीय आयोजना कार्यान्वयन ईकाइबाट प्राप्त विवरणअनुसार हाल कुल४ हजार ५९८ लाभग्राही जोखिमयुक्त स्थानमा बसोबास गरिहेकोमा २ हजार ३९३ परिवारलाई अन्यत्र जग्गा खरिद बापत

रु.२ लाख अनुदान प्रदान गरेकोमा अधिकाँशले घर निर्माण गर्न नसकी सोही स्थानमा नै बसोबास गरिरहेको अवस्था छ भने बाँकी २ हजार २०५ को स्थानान्तरणको लागि जग्गा व्यवस्थापन हुनसकेको छैन । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार गोरखामा १ हजार १४०, सिन्धुपाल्चोकमा ७१२, धादिङमा १००, रसुवामा १ हजार ९३, र दोलखामा १०१ आवास भौगर्भिक अध्ययनले जोखिमयुक्त देखिएको तर सुरक्षित स्थान पहिचान नभइसकेको आवस्थामा आवास निर्माणको लागि अनुदान रकम प्रवाह भएको देखिएकोले सोही क्षेत्रमा निजी आवास निर्माण भएको अवस्थामा बस्ती जोखिमपूर्ण बन्नसक्ने देखिन्छ ।

सुझाउ - जोखिमयुक्त स्थानमा निर्माण गरिएका निजी आवासको दिगोपना नहुने एवम मानवीय क्षति समेत हुनसक्ने भएकोले यस्ता जोखिमयुक्त क्षेत्रमा बसोबास गर्ने लाभग्राहीहरूलाई वितरण गरिएका अनुदान रकमको सही सदुपयोग गर्न प्राधिकरणबाट यथाशीघ्र जग्गा व्यवस्थापन लगायतका सम्बन्धमा आवश्यक निर्णय हुनुपर्दछ ।

४१. **जीविकोपार्जन र आवास निर्माण -** राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ को बुँदा नं ४.९ मा बस्तीको पुनर्निर्माण सम्भव भएसम्म यथास्थानमै गर्ने, स्थानान्तरण गर्नुपर्दा स्थानीयबासीको जीविकोपार्जनलाई टेवा पुग्ने गरी बस्तीको भौतिक स्वरूपका साथै आर्थिकरूपले समृद्ध समाजको निर्माणलाई ध्यान दिनुपर्ने नीति छ । लेखापरीक्षणको क्रममा गरिएको स्थलगत सर्भेक्षण तथा सम्बन्धित निकायहरूबाट प्राप्त विवरणअनुसार निम्नानुसारका स्थानहरूमा एकीकृत बस्ती स्थानान्तरण गरी आवास निर्माणको लागि अनुदान प्रवाह गरी नँया आवास निर्माण गरेको देखिएकोमा खेतवारी, खानेपानी, सिँचाइ, बजार लगायतका आय आर्जनका आधारभूत पूर्वाधारमा पँहुच रहेको नदेखिएकोले स्थानीय लाभग्राहीहरूको दैनिकी कष्टकर बनेको अवस्था छ । लाभग्राहीको जीविकोपार्जनसँगएकीकृत बस्ती जोड्न नसकिएको अवस्थामा आवास अल्पकालमा जग्गा प्राप्त हुने अपेक्षाले घर बनाए पनि दीर्घकालमा उपयोग हुनसक्ने अवस्था देखिँदैन । नीतिगत अदुरदर्शिता तथा सीमित पक्षहरूको चासोको कारणले लाभग्राहीको जीविकोपार्जनलाई सम्बोधन हुने गरी एकीकृतबस्ती निर्माण गर्न नसकिएको देखिन्छ ।

क्र.सं.	स्थानान्तरण गरी बस्ती निर्माण भएको स्थान	निर्माण गरिएका आवास संख्या	पुर्वाधार विहिन तथा खेतवारी, रोजगारी लगायतमा पँहुच नरहेको स्थानको अवस्था
१	सिन्धुपाल्चोक, नवलपुर	१८	खेतबारी पुग्न करिव २ घण्टा लाग्ने गरेको र मोटरबाटो र बजारको पँहुच सहज नरहेको ।
२	सिन्धुपाल्चोक, मार्मीङ्ग	९३२	खेतवारी, खानेपानी समेतको सहज पँहुच नरहेको
३	गोरखा	७३३	देवल, बगुवा र गुम्सीपाखाकाएकीकृत बस्तीहरू ।
५	धादिङ	३८	हिमालीएकीकृत र हाडीखोला एकीकृत बस्तीहरू
६	दोलखा	२०९	जिलु र वोसिम्पा एकीकृत बस्तीहरू

स्रोत : सम्बन्धित जिल्ला आयोजना कार्यन्वयन ईकाई र समुहगत छलफल

सुझाउ - बनिसकेका एकीकृत बस्तीका सम्बन्धमा लाभग्राही लक्षित जीविकोपार्जनका कार्यक्रम सञ्चालनमा ल्याई तथा पछि बन्ने एकीकृत बस्तीहरूको सन्दर्भमा सम्भव भएसम्म लाभग्राहीहरूको खेतवारीसम्मको सहज पँहुच हुने स्थान छनौट गरी लाभग्राहीको जीवनलाई सहज बनाउन कार्यक्रम केन्द्रित हुन आवश्यक छ ।

४२. **आवासको उपयोग -** भूकम्प प्रभावित संरचनाको पुनर्निमाणसम्बन्धी ऐन, २०७२ अनुसार २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनः निर्माण तथा प्रवलीकरण गरी प्रभावित परिवार तथा व्यक्तिको पुनर्वास तथा पुनःस्थापना गर्ने मुख्य उद्देश्यका साथराष्ट्रिय पुनर्निमाण प्राधिकरणको स्थानपना भएको उल्लेख छ । सोही उद्देश्यअनुसार प्राधिकरणबाट प्रवाह भएको अनुदानबाट निर्मित निजी आवास बसोबासयोग्य हुनुपर्ने र उपयोगमा ल्याइएको हुनुपर्दछ । लेखापरीक्षणको क्रममा गरिएको स्थलगत अवलोकनमा दोलखा सुनखानी, डुंगेमा ८ घर बनिसकेको अवस्थामा पनि लामो समयदेखि बसोबास नभएको, गोरखा मसेलमा २ घर अर्कैलाई पसल चलाउन भाडामा लगाएको र अधिकाँश लाभग्राही नयाँ घर बनेको भए पनि पुरानो जिर्ण घरमै बसोबास गरिरहेको अवस्था देखियो । निर्माण सम्पन्न भएका घरहरूमा बसोबासको स्थितिको सम्बन्धमा केन्द्रीय आयोजना कार्यान्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले अनुगमन प्रतिवेदन तयार गरेको सन्दर्भमा लेखापरीक्षणको क्रममा पटक पटक अनुरोध गर्दा पनि हालसम्म उपलब्ध गराएको छैन । लेखापरीक्षणको क्रममा सहभागीहरूसँगको छलफलमा मानिस बसोवासको लागि उपयोगमा

नआएका धेरै आवास रहेको जानकारीमा आएकोले निर्मित आवासहरू लाभग्राहीहरूको आवश्यकतामा आधारित भएको र अनुदान रकम पुनर्निर्माण नीति अनुरूप परिचालन भएको अवस्था प्रति आश्वस्त हुनसकिने अवस्था छैन । आवश्यकताको आधारमा सार्वजनिक कोषको उपयोग गरिनुपर्नेमा गलत लाभग्राही पहिचान भएबाट यस्तो स्थिति आएको देखिन्छ ।

सुझाउ - केन्द्रीय अयोजना कार्यन्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ले यथाशक्य आवासको उपयोगको स्थिति सम्बन्धमा अनुगमन प्रतिवेदन उपलब्ध गराई निर्मित आवासको उपयोग नहुनुको कारण पहिचान गर्दै उपयोग बढाउन आवश्यक कारबाही गर्नुपर्दछ ।

४३. **अनुगमन तथा मूल्याङ्कन प्रणालीको प्रभावकारिता -** विश्व बैंकले अनुदान रकमको सदुपयोग गर्नको लागि प्राधिकरण तथा यस मातहतका कार्यालयहरू (केन्द्रीय आयोजना कार्यान्वयन इकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) तथा यस अन्तर्गतका जिल्ला आयोजना इकाईहरू र केन्द्रीय आयोजना ईकाइ (भवन) तथा यस अन्तर्गतका जिल्ला आयोजना ईकाइहरू मार्फत अनुगमन तथा मूल्याङ्कन विशेषज्ञहरू लगायतका पारिश्रमिक, तेस्रो पक्षीय अनुगमन तथा अन्य अनुगमन तथा मूल्याङ्कन कार्यको लागि हालसम्ममा रु.११ अर्ब ९७ करोड ८८ लाख खर्च गरेको भए तापनि विश्व बैंकले गरेको मध्यावधि समीक्षाले अनुगमन तथा मूल्याङ्कनलाई सन्तोषनक मानिएको छैन । प्राधिकरणले केन्द्रीय आयोजना कार्यान्वन ईकाइहरूसँग समन्वयमा सोच तालिका निर्माण गरी सोअनुरूप अनुगमन तथा मूल्याङ्कन प्रारूप तथा अनुगमनका सूचकहरू, अनुगमन क्यालेण्डर तयार गरी अनुगमन गरेको छैन । आउटपुट तथा आउटकम सूचकहरूको अभावमा प्राधिकरणको लक्ष्य तथा उद्देश्यमा भएको प्रगतिको समीक्षा हुन नसक्नुका साथै भावी सुधार गर्नुपर्ने क्षेत्र बारे समेत प्राधिकरण अनुत्तरित रहेको छ । त्यसको साथै प्राधिकरणले मासिक, चौमासिक तथा वार्षिक तथा आवधिक अनुगमन प्रतिवेदनहरू तयार गरी हालसम्म सम्प्रेषण गर्नसकेको छैन । विश्व बैंकले गरेको तेस्रो पक्षीय अनुगमन प्रतिवेदनमा उल्लिखित निम्नानुसारका सवालहरू प्राधिकरणले हालसम्म पनि सम्बोधन गर्नसकेको देखिँदैन ।

- सही लाभग्राही र अनुदानको सही उपयोग
- घर निर्माण नगर्नुका कारणहरू
- निर्मित घरमा बसोबासर र उपयोगको स्थिति
- दोहोरो लाभ असुली र यसको कारक तत्व
- प्राविधिक रूपमा स्वीकार नभएका घरको स्थिति तथा प्राविधिकले दिएको सुझाउको कार्यान्वयन स्थिति
- बैंकहरूबाट हालसम्म पहिलो किस्ता पनि भुक्तानी नदिएको स्थिति र कारण
- सबै किस्ता लिएर पनि घर निर्माण नगर्नेहरूको संख्या र कसरी अनुदान दिइयो त्यसको तथ्य एवं कारण
- पहिलो किस्ता लिएका घर निर्माण नगर्नेको संख्या र त्यसको कारण
- हालसम्म सम्झौता नै नगर्नुको कारण
- बैंकहरूको सम्झौताको अनुपालनाको स्थिति
- प्राधिकरणबाट गरिएको परिपत्र तथा निर्देशन अनुपालनाको स्थिति
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्यक्रम, गतिविधि तथा क्रियाकलापको अनुगमन
- प्राविधिकरूपमा अयोग्य घरहरूको सिफारिश भएको संख्या र त्यस्को कारकतत्व
- गुनासो दर्ता तथा समाधानको डाटाबेस तथा सम्प्रेषण, गुनासो समाधान हुन लागेको समय
- किस्ता पाउन लागेको समय तथा किस्ता वितरणमा कार्यदक्षता
- सामाजिक तथा वातावरणीय कार्यक्रम तथा क्षेत्रको उपदेहिता

लेखापरीक्षणको क्रममा प्राप्त अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरू सूचकमा आधारित नभएको, एकरूपता कायम नभएको र स्थलगत भ्रमणको प्रतिवेदनलाई अनुगमन प्रतिवेदनको रूपमा लिने गरेको देखिएबाट प्राधिकरणको अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूलक एवम तथ्यपरक रहेको देखिएन ।

अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई समयसारणी सूचक र नतिजामा आधारित बनाउनुका साथै विश्व बैंकको तेस्रो पक्षीय मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित सुझाउहरूको कार्यान्वयन हुनुपर्दछ ।

४४. **लाभग्राहीहरूको प्रतिक्रिया -** सरकारी अनुदानमा निजी आवासको निर्माण तथा उपयोग विषयक कार्यमूलक लेखापरीक्षण योजनामा सम्बन्धित लाभग्राही तथा सरोकारवालाहरूसँग अन्तरवार्ता लिने विधि तय भएको छ । सोहीअनुरूप लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गरिएका दोलखाका ३ स्थानमा ३०, सिन्धुपाल्चोकका ३ स्थानमा ३०, गोरखाका ३ स्थानमा ३० र धादिङ्गको एक स्थानमा १० समेत कुल १०० जनासँग आवास निर्माण र तथा उपयोगसम्बन्धी २० प्रश्न सोधिएको थियो । सोधिएका २० प्रश्नको उत्तरलाई संक्षिप्तरूपमा अनुसूची ८ मा प्रस्तुत गरिएको छ । सहभागीहरूबाट प्राप्त प्रतिक्रियाहरूको आधारमा ५६ प्रतिशत लाभग्राहीले निर्मित आवास पारिवारिक संरचानाको आधारमा धेरै साँघुरो रहेको प्रतिक्रिया दिए, ५९ प्रतिशतले घर बनाउन कुनै न कुनै ठाँउबाट ऋण लिनुपरेकोमा ३ प्रतिशतले मात्र पुनर्कर्जा सुविधा प्राप्त गरेको देखियो । त्यसैगरी ९१ प्रतिशतले अनुदान किस्ता प्राप्त गर्न सजिलो रहेको र कुनै सास्ती भोग्नु नपरेको प्रतिक्रिया दिए भने ७१ प्रतिशतले सबै मौसमको लागि आवास उपयुक्त नरहेको बताए । सहभागीहरूमध्ये १० प्रतिशतले अन्य व्यक्ति तथा सरकारले उपलब्ध गराएको जग्गामा घर बनाएको जानकारी दिए । प्राधिकरण र अन्य संस्थाले बनाएकोमध्ये कुन घर राम्रो लाग्यो भन्ने प्रश्नको जवाफमा ५६ प्रतिशतले प्राधिकरणकोभन्दा अन्य संस्थाहरूले बनाएको घर ठूलो र राम्रो भन्ने जवाफ दिएका थिए भने ५४ प्रतिशतले घर बनाउन ठेकेदारलाई जिम्मा दिएको भन्ने जवाफ दिए । ६० प्रतिशतले प्राधिकरणका प्राविधिकहरूले घर बनाउने क्रममा प्राविधिक सल्लाह दिएको प्रतिक्रिया दिएका थिए भने १५ प्रतिशतले नयाँ घर जिविकोपार्जनका दृष्टिले उपयुक्त नरहेको भन्ने जवाफ दिएका थिए । पुनर्निर्माण कार्यक्रमका लाभग्राहीहरूको उल्लिखित प्रतिक्रियाका आधारमा निम्नानुसारको निष्कर्ष प्रस्तुत गरिएको छ ।




मोरङ, उर्लाबारीमा निर्माण रोकिएको अवासहरु ।

- प्राधिकरणको अनुदानबाट बन्नसक्ने न्यूनतम मापदण्डको घरले लाभग्राहीको आवश्यकतालाई सम्बोधन गर्न नसकेको र वातावरण अनुकूलित समेत नरहेको ।
- प्राधिकरणबाट उपलब्ध अनुदान पर्याप्त नरहेको र राष्ट्र बैंक मार्फत उपलब्ध गराईने पुनर्कर्जाको सुविधा पर्याप्त र सबैको पँहुचमा नरहेको ।
- प्राधिकरणले प्रदान गरिएका प्राविधिक सहयोग सन्तोषजनकर किस्ता भुक्तानी प्रक्रिया प्रति लाभग्राहीले सहज महसुस गरेको ।
- विशेष गरी एकीकृतबस्ती तथा बस्ती स्थानान्तरण हकमा आवास निर्माण लाई जीविकोपार्जनसँग जोड्न नसकिएको ।

जनता आवास कार्यक्रमतर्फ - गरीब तथा विपन्न नागरिकहरूको बासस्थानलाई सहज बनाउने उद्देश्यले २०६६।६७ देखि सञ्चालित जनता आवास कार्यक्रमको सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन् :

४५. **जनता आवास निर्माण प्रगति -** नेपालको संविधानको धारा ४२(२)मा उल्लिखित गरीब बिपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षणको लागि राज्यबाट विशेष अवसर तथा लाभ प्राप्त गर्ने हकको कार्यान्वयन गर्ने प्रयोजनको लागि जनता आवास कार्यक्रमले निरन्तरता पाउँदै आएको छ । चौधौं योजना (२०७३।७४ देखि २०७५।७६) ले योजनाको अन्तसम्म २० हजार जनता आवास निर्माण गर्ने लक्ष्य लिएको थियो । यसरी संवैधानिक मर्म तथा राष्ट्रिय योजना मुताविक २०६६।६७ मा ३ जिल्लाबाट सुरुवात भएको जनता आवास कार्यक्रमलाई २०७५।७६ सम्म ७४ जिल्लामा पुऱ्याइएको छ । प्राप्त विवरणअनुसार सहरी विकास मन्त्रालय मार्फत सञ्चालित यस कार्यक्रम अन्तर्गत २०७४।७५ को अन्त्यसम्म कुलरु.५ अर्ब ६४ करोड ९१ लाख खर्च गरी१७ हजार ३९ निजी आवास निर्माण सम्पन्न भएको छ । २०७५।७६ देखि यस कार्यक्रम प्रदेश सरकार अन्तर्गत पर्ने भएकोले निर्माणाधीन ३८ हजार ८८४ आवास सहरी विकास मन्त्रालयले सम्बन्धित प्रदेश भौतिक पूर्वाधार मन्त्रालयलाई हस्तान्तरण गरेको देखियो । प्रदेशस्तरबाट २०७५।७६ मा रु.५१ करोड ७० लाख खर्च भएको देखिए तापनि एकीकृत प्रतिवेदन तथा सूचना प्रणाली अभ्यासमा नरहेकोले अद्यावधिक प्रगति विवरण प्राप्त हुनसकेन । विगत ९ वर्षमा जनता आवास कार्यक्रमको निम्नानुसारको विवरणबाट वार्षिक प्रगति सन्तोषजनक देखिँदैन । सुरुका ५ वर्षमा लक्ष्यकोऔषत ५२ प्रतिशतनिर्माण सम्पन्न भएको अवस्थामा पछिल्ला ४ वर्षमा यो प्रगति औषत २१ प्रतिशतमा झरेको छ ।



आर्थिक वर्ष	निर्माण सम्पन्न आवास संख्या	कुल खर्च (रु.हजारमा)	वार्षिक लक्ष्य आवास संख्या	निर्माणाधीन आवास संख्या	प्रति निर्माण सम्पन्न आवास लागत	लक्ष्य प्रगति
२०६६/६७	१४६०	२८०६५३	२२७४	८१४	१९२.२२	६४%
२०६७/६८	१२२६	१२०६४९	२७५६	१५३०	९८.४०	४४%
२०६८/६९	१६०४	२६७९६४	२२६३	६५९	१६७.०६	७१%
२०६९/७०	२४४	१३०६५६	१५४८	१३०४	५३५.४७	१६%
२०७०/७१	१०२८	९७४५५	१६२६	५९८	९४.८०	६३%
२०७१/७२	४२७	१३२८८६	१७६२	१३३५	३११.२०	२४%
२०७२/७३	८६३	२१४५५९	२५३३	१६७०	२४८.६१	३४%
२०७३/७४	१८७४	१६२८२२८	२३३४३	२१४६९	८६८.८५	८%
२०७४/७५	८३१३	२७७६०४९	४७१९७	३८८८४	३३३.९४	१८%
जम्मा	**१७०३९**	**५६४९०९९**	**८५३०२**		**३३१.५३**	**३८%**

स्रोत : सहरी विकास तथा भवन निर्माण विभाग

सुझाउ - यस अवधिमा अधुरा आवासहरूको संख्या वृद्धि भैरहेको र निर्माणाधीन आवासको संख्या वर्षेनी बढ्दै गएको अवस्थलाई मध्यनजर गर्दै जनता आवास कार्यक्रमलाई नतिजामूलक र लक्षित वर्ग केन्द्रित बनाउन प्रदेश भौतिक पूर्वाधार मन्त्रालय र अन्तर्गतका निकायहरूले यथासक्य निर्माण सम्पन्न गर्ने र वास्तविक गरीबलाई लक्षित गर्न जिम्मेवार हुनुपर्दछ ।

४६. **अधुरो जनता आवास -** जनता आवास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७३ मा दलित, विपन्न, लोपोन्मुख तथा अति सीमान्तकृत जाती तथा समुदायको सुरक्षित आवास व्यवस्थापन गर्न जनता आवास कार्यक्रम अन्तर्गत अनुदान प्रवाह गर्ने व्यवस्था छ । सहरी विकास मन्त्रालयले लाभग्राहीसँग सम्झौता भएका तर विभिन्न कारणले निर्माण कार्य अघि बढ्न नसकेका १ हजार ६२३ आवास प्रदेश सरकारलाई हस्तान्तरण गरिएकोमा धेरै जसो आवासहरूको निर्माण प्रदेशस्तरीय निकायहरूले समेत सम्पन्न गर्नसकेको अवस्था छैन । सम्बन्धित निकायहरूबाट प्राप्त विवरणअनुसार निम्न जिल्लाहरूमा आवास सम्झौता भई अनुदान प्रवाह भएपश्चात विविध कारणले निर्माण हुन नसकी सोही अवस्थामा सम्झौता अन्त गरेको देखियो । प्राप्त विवरणअनुसार गलत लाभग्राही छनौट भएको, जग्गा उपलब्धता यकिन नहुँदै अनुदान प्रवाह गरेको, गलत

जग्गा छनौट आदि विविध कारणले निर्माण कार्य अधुरो रहेकोले प्रवाहित अनुदान कुल रु.२९ करोड ४३ लाखको अपेक्षित उपलब्धी हुनसकेको देखिएन । सरकारी अनुदानमा अधुरो निर्माण भएको निजी आवासको संख्या कार्यक्रम लागु भएका प्राय: सबै जिल्लामा रहने सम्भावना भए पनि सम्बन्धित सबै निकायहरू, सहरी विकास तथा भवन निर्माण कार्यालय तथा भौतिक पूर्वाधार कार्यालयबाट विवरण उपलब्धहुन नसकेकाले एकीकृत विवरण यकिन हुनसकेन ।

क्र.सं.	जिल्ला	पहिलो किस्ता भुक्तानी भई निर्माण सम्पन्न घर संख्या	दोस्रो किस्ता भुक्तानी भै निर्माण सम्पन्न संख्या	तेस्रो किस्ता भुक्तानी भै निर्माण सम्पन्न संख्या
१	मोरङ	११	८४	२७३
२	सुनसरी	७	९०	३७३
३	उदयपुर	१३	२५	६०
४	धनुषा	५२	०	०
५	सुर्खेत	५	६	४१
६	बांके	३	०	५
७	बर्दीया	१	१	१
८	नवलपरासी	०	०	६७
९	रूपन्देही	०	३	०
	जम्मा अधुरा आवास संख्या	**९२**	**२०९**	**८२०**
	भुक्तानी भएको कुल रकम (रु लाखमा)	**७७.२८**	**३८६.२३**	**२४७९.६८**

स्रोत : प्रदेश स्तरीय सम्बन्धित सहरी विकास तथा भवन कार्यालय र भौतिक पूर्वाधार कार्यालयहरू

सुझाउ - साविक संघीय कार्यालयबाट सञ्चालित कार्यक्रम अन्तर्गत निर्माण सम्झौता भएका र प्रवाह भएका अनुदान रकमको अनुगमन गरी निर्माण कार्य अघि बढ्न नसक्ने अवस्थामा लाभग्राहीसँगको सम्झौता अन्त्य गर्ने र अनुदान रकमको उद्देश्यअनुरूप उपयोग गराउन आवश्यक कारबाही हुनुपर्दछ ।

४७. **गलत लाभग्राही पहिचान -** जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ तथा प्रदेशस्तरीय कार्यविधिहरूको अनुसूची १ मा लाभग्राही छनौटका आधारहरूमध्ये सिमेण्ट प्रयोग भएको भुई, गारो तथा छाना भएका घर लाई शून्य अङ्क प्रदान गर्ने उल्लेख भएअनुसार ढलान सहितको पक्की घर भएका व्यक्तिलाई लाभग्राहीका रूपमा छनौट गर्न नहुने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा भएको स्थलगत अवलोकन तथा प्राप्त विवरणबाट पर्सामा ९, रूपन्देहीमा ४३, कपिलबस्तुमा ११, वर्दीयामा १ तथा महोत्तरीमा १ समेत ६५ ढलान सहितको पक्की घर भएका व्यक्ति तथा परिवारलाई यस कार्यक्रम अन्तर्गत लाभग्राही कायम गरी अनुदान रकम भुक्तानी गरेको देखीयो । यस प्रकृतिका लाभग्राहीहरू कार्यक्रम सञ्चालित सबै जसो स्थानमा हुनसक्ने सम्भावना देखिन्छ । सम्बन्धित भौतिक पूर्वाधार कार्यालय तथा सहरी विकास तथा भवन निर्माण कार्यालयहरूबाट विवरण उपलब्ध हुन नसक्दा एकीकृत तथ्याङ्क यकिन हुनसकेन । कार्यविधिले निर्धारण गरेभन्दा फरक अवस्थाका व्यक्ति तथा परिवारलाई लाभग्राही कायम गरी अनुदान रकम उपलब्ध गराउँदा सार्वजनिक स्रोतको उपयोग भएको देखिएन ।

सुझाउ - मौजुदा लाभग्राहीहरूको आवश्यक अनुगमन गरी कार्यविधि विपरीत छनौट भएका लाभग्रहीहरूको सूची तयार गरी लगतबाट हटाउने तथा निजहरूलाई भुक्तानी भएको अनुदान रकम फिर्ता गर्ने र छनौटमा संलग्नहरूलाई जिम्मेवार बनाउनुपर्दछ ।

४८. **निर्माण कार्यमा विलम्ब -** राष्ट्रिय आवास नीति, २०६८ ले सबैलाई सुरक्षित, पर्याप्त र औकातअनुसारको आवास सुविधा उपलब्ध गराउने नीति लिएको छ । सहरी विकास तथा भवन निर्माण कार्यालय, धनुषाबाट प्राप्त तथ्याङ्कअनुसार महोत्तरी जिल्लाका विभिन्न ११ स्थानीय तहमा जनता आवास कार्यक्रम अन्तर्गत २०७२/७३ को बजेट वक्तव्यअनुसार कुल ५२२ घर निर्माण गर्ने व्यवस्थका छ । विभिन्न निर्माण समिति मार्फत निर्माण कार्य थालिएका उक्त घरहरूको लागि प्रतिघर रु.३ लाख ३२ हजार ५०० का दरले जम्मा रु.१७ करोड ३५ लाख ६५ हजार अनुदान दिने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म रु.११ करोड ३६ लाख २९ हजार ८२४ निकासा भएको देखियो । लेखापरीक्षणको क्रममा भएको स्थलगत अवलोकन र प्राप्त विवरणबाट ५२२ घरमध्ये २९ घर मात्र निर्माण सम्पन्न भएको देखियो भने ४९३ घर निर्माण अधुरो रहेको

देखियो । सम्बन्धित सरोकारवाला निकायहरूले समयमा काम सम्पन्न नगर्नाले निर्माण सुरु भएको चारवर्ष व्यतित हुँदा पनि करिब ९५ प्रतिशत आवास उपयोगमा ल्याउन सकिएको छैन ।

सुझाउ - निर्माण कार्यमा भएको विलम्बले गर्दा अनुदान कार्यक्रमले लक्षित वर्गको हित गर्न नसकिएकोले सम्बद्ध निकायहरूको तदारुकता र अग्रसरता आवश्यक पर्दछ ।

४९. **आवासको उपयोग -** जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ को प्रस्तावनामा नेपालको संविधानको धारा ४२ लाई कार्यान्वय गर्ने प्रयोजनार्थ दलित, विपन्न तथा असहाय नागरिकहरूको आवास व्यवस्थापन गर्न जनता आवास कार्यक्रम कार्यान्वयमा ल्याइएको उल्लेख छ । सहरी विकास तथा भवन निर्माण कार्यालय, धनुषाबाट प्राप्त विवरणअनुसार जनता आवास कार्यक्रम अन्तर्गत महोत्तरी जिल्ला, सम्सी गाँउपालिकामा विभिन्न ४ निर्माण समितिबाट ३७ निजी आवास निर्माण भएको देखिएकोमा लेखापरीक्षणको क्रममा स्थलगत अवलोकनमा सम्सी गाँउपालिका वडा न. ६ र ७ मा दलित बस्ती निर्माण समिति, सम्सीद्वारा २०७२/७३ देखि हालसम्म ९ घर निर्माण गरी कुल रु.१ करोड ३ लाख ७७ हजार ८३६ भुक्तानी भएको देखियो । निर्माण भएका उक्त घरहरूमध्ये ६ घरको छाना छाउन बाँकी रहेको देखियो भने अन्य ३ घर निर्माण सम्पन्न भए पनि उपयोगमा आएको देखिएन । सम्झौता रकमको ८५ प्रतिशत रकम भुक्तानी भएको अवस्थामा पनि डिजाइनमा उल्लेख भएअनुसार शौचालय र कर्नर व्याण्ड निर्माण नभएको र कुनै पनि घर उपयोगमा आउनसकेको अवस्था देखिएन ।



महोत्तरीमा जनता आवास कार्यक्रम अन्तर्गत उपयोगविहीन अवस्थाका अधुरा भवनहरु

सुझाउ - निर्माणाधीन आवासहरूको निर्माण सम्पन्न गरी यथाशीघ्र उपयोगमा ल्याई कार्यक्रमलाई सार्थक बनाउन सहरी विकास तथा भवन निर्माण कार्यालयहरू जिम्मेवार हुनुपर्दछ ।

सुरक्षित नागरिक आवास कार्यक्रमतर्फ - पराल वा खरको छाना भएका गरीब विपन्न नागरिकका घरका छाना जस्ता पाताले प्रतिस्थापन गर्ने उद्देश्यले २०७५।७६ देखि सञ्चालनमा आएको यस कार्यक्रमका सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन् :

५०. **कार्यक्रम र कार्यक्षेत्र -** संघ प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँडसम्बन्धी मापदण्ड, २०७६ मा राष्ट्रियस्तरका सहरी पूर्वाधार निर्माण तथा सघन सहरी विकास, राष्ट्रिय भवन निर्माणसम्बन्धी मापदण्डको तर्जुमा, नियमन जस्ता राष्ट्रियस्तरका ठूला आयोजना र राष्ट्रिय नीतिको निर्माण, कार्यन्वयन तथा नियमनको कार्य संघ अन्तर्गत राखिएको छ भने लक्षित आवास कार्यक्रमको नीति, योजना र कार्यन्वयन, प्रदेश भित्रका आवास र भवनसम्बन्धी योजना निर्माण र कार्यन्वयन जस्ता प्रदेशस्तरीय कार्य प्रदेश अन्तर्गत राखिएको छ । नेपालको संविधान प्रदत्त मौलिक हक अन्तर्गतको आवासको अधिकारसम्बन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासमा सबै नागरिकको पँहुच सुनिश्चित गर्ने अभिप्रायले गरिबीको रेखा मुनी रहेका तथा

प्रकोपका कारण घरवार बिहीन भएका परिवारले घर निर्माण गर्न चाहेको अवस्थामा छाना छाउन आवश्यक जस्तापाता तथा काठ खरिदको लागि अनुदान उपलब्ध गर्न २०७५।७६ देखि सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनमा ल्याइएको छ । संघीय सरकारी कार्यालयकोरूपमा रहेको सहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका संघीय आयोजना कार्यान्वयन ईकाइ तथा सघन सहरी तथा भवन निर्माण आयोजना मार्फत यो कार्यक्रमसञ्चालनमा ल्याइएको छ । पराल तथा खरको छाना विस्थापन गर्ने उद्देश्यले जस्तापाता तथा काठ खरिद गर्न प्रति लाभग्राही करिब रु.५० हजार अनुदान दिने यस कार्यक्रम मापदण्डमा उल्लिखित सरकारका तीन तहको कार्य क्षेत्रअनुसार प्रदेश अन्तर्गत पर्ने देखिन्छ । साविकको जनता आवास कार्यक्रम प्रदेश सरकारलाई हस्तान्तरण गरिसकेको सन्दर्भमा जनता आवास कार्यक्रमभन्दा कम दक्षता र जनशक्ति आवश्यक पर्ने कार्य सञ्चालनस्तरको यस कार्यक्रम संघीय सरकार अन्तर्गत राख्नुको कुनै सान्दर्भिकता देखिँदैन ।

सुझाउ - स्थानीय तह र प्रदेशस्तरीय भौतिक पूर्वाधार कार्यालयहरूसँगको निरन्तर सूचना साझेदारीमा सञ्चालन हुने यस कार्यक्रम प्रदेश सरकारलाई हस्तान्तरण गर्नु सैद्धान्तिक र व्यवहारिक दुवै दृष्टिकोणमा उचित देखिन्छ ।

५१. **न्यून प्रगति -** २०७५।७६ को बजेट बक्तव्यमा अति विपन्न, लोपोन्मुख र सीमान्तकृत वर्गका परिवारका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत काठ र जस्तापाता अनुदान दिई यस आर्थिक वर्ष २० हजार भवनको खर तथा फुसको छाना फेर्ने लक्ष्य तोकिएको छ । यस कार्यक्रम अन्तर्गत हालसम्म १९ हजार २३० लाभग्राहीको घरको छाना जस्ताले छाउने कार्यको लागि अनुदान कार्यक्रम स्वीकृत भएकोमा २०७५।७६ को अन्त्यसम्म २ हजार ७८६ लाभग्राहीसँग सम्झौता भएकोमा २ हजार ३२३ लाभग्राहीलाई पहिलो किस्ता बापतकुल रु.६ करोड ९३ लाख ९० हजार अनुदान भुक्तानी भएकोमा कुनैको पनि सम्पन्न भएको प्रगति पेश हुनसकेको छैन । लक्षित उद्देश्यको तुलनामा अत्यन्तै न्यून प्रगति हासिल भएको देखिएकोले कार्यक्रमले अपेक्षित गति लिनसकेको देखिएन ।

सुझाउ - कार्यक्रम सञ्चालनमा भएको विलम्बले प्रशासनिक खर्च लगायतका चालु प्रकृतिका खर्च बढ्ने भएकोले सार्वजनिक स्रोतको उपयोगमा मितव्ययिता र लक्षित वर्गले छिटो राहत प्राप्त गर्न कार्यक्रम सञ्चालनमा सम्बन्धित सबै निकायले तदारुकता देखाउनुपर्दछ ।

निजी प्रयोजनको लागि निर्मित सरकारी भवन - गरीब तथा विपन्न आवास विहीन तथा भूमिहीन नागरिकहरूलाई अत्पकालीन आवास व्यवस्थापन गर्ने उद्देश्यले सरकारी स्वामित्वमा रहने गरी निर्माण गरिएका आवासहरूको सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन् :

५२. **उपयोग विहीन आबासीय भवन -** राष्ट्रिय आवास नीनि २०६८ को रणनीति खण्डमा सरकारी जमिनको प्रभावकारी उपयोग हुने गरी आवासको उत्पादन वृद्धि गर्न संयुक्त आवास, भाडाको आवास तथा अस्थाई आवासको व्यवस्था गरिने उल्लेख छ । नेपाल सरकारले २०६८ सालमा थापाथली स्थित वागमती नदी किनारका सुकुम्बासी बस्तीलाई व्यवस्थापन गर्न संयुक्त आवास निर्माण कार्यक्रम ल्याइएको थियो । सोही कार्यक्रम अनुसार २०७३ सालमा हालको नागर्जुन नगरपालिका वडा नं १ मा सरकारी स्वामित्वको ८ रोपनी ६ आना जमिनमा रु.१४ करोड ३७ लाखमा करिब २४५ कोठाको ५ पक्की भवननिर्माण सम्पन्न भएकोमा ति भवनहरू उपयोगमा आउनसकेका छैनन् । कम्पाउण्ड सहितको उक्तभवनमा घरभाडा नतिर्ने शर्तमा एउटा फ्ल्याट नागार्जुन नगरपालिका वडा नं १ को वडा कार्यालयले, ३ कोठा प्रहरी बिटले र एउटा कोठा स्वास्थ्य चौकीले उपयोग गरिरहेको देखियो भने अन्य सबै कोठाहरू खाली रहेको र उचित हेरचाह समेत भएको अवस्था देखिएन । नेपाल सरकार तथा सहरी विकास मन्त्रालयले समयमा भवन निर्माण गर्नुको उद्देश्यअनुरूपको निर्णय गर्न नसक्दा भवन निर्माणको प्रयोजनार्थ उपयोगमा आउनसकेको देखिएन । भवनहरू उपयोगमा नआउनाले करिब ३ वर्षमा लक्षित वर्गले करोडौँ रकम बराबरको सेवा सुविधा प्राप्त गर्न नसकेको अवस्था एकातिर देखियो भने अर्कोतिर भवन भाडामा लगाएको भए पनि करोडौ रकम आम्दानी गर्न सकिने अवस्था भएकोले सरकारले समेत ठूलो आर्थिक अवसर लाभ गुमाएको देखियो ।



काठमाडौ नागार्जुन न(पा(१ स्थित उपयोग विहीन अवस्थाको संयुक्त आवासीय भवन

सुझाउ - थापाथली स्थित सुकुम्वासी बस्तीको उचित व्यवस्थापन अभै हुन नसकी युएन पार्क लगायतका स्थानमा अव्यवस्थित र कष्टपूर्ण जीवन व्यतित गरिरहेको अवस्थालाई मध्येनजर गर्दै वास्तविक सुकुम्बासी पहिचान गरी भवन निर्माणको उद्देश्यअनुरूपको उपयोगमा ल्याउन सहरी विकास मन्त्रालयले यथासक्य आवश्यक निर्णय गर्नुपर्दछ ।

५३. **तराई मधेश समृद्धि कार्यक्रम -** तराई मधेशका मानव विकास सूचाङ्कमा तुलनात्मक रूपमा पछाडि परेका गरीब तथा आवास विहीन नागरिकलाई आवास सुविधा उपलव्ध गराउने तथा अन्य स्थानीय भौतिक पूर्वाधार विकासका लागि तराईका २२ जिल्लाका २७७ स्थानीय तहमा २०७५/७६ देखि तराई मधेश समृद्ध कार्यक्रम सञ्चालनमा आएको छ । संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले स्थानीय तहसँगको १० प्रतिशत लागत साझेदारीमा स्थानीय तहको स्वामित्वमा सामुहिक आवास निर्माण गर्ने कार्य तराईका जिल्लाहरूमा सञ्चालनमा छ । विपन्न नागारिकहरूलाई भाडामा वा निश्चित समयसम्मको आवास सुविधा दिने प्रयोजनको लागि २०७५।७६ को अन्त्यसम्म ५२८ सामुहिक आवास निर्माण गर्ने भनिएकोमा ४८ स्थानीय तह अन्तर्गत ४५० सामुहिक आवास निर्माण सम्पन्न गर्न रु.२८ करोड ५४ लाख १८ हजार खर्च भएको छ । लेखापरीक्षणको क्रममा झापाको गौरादह नगरपालिकाको स्वामित्वमा यस कार्यक्रम अन्तर्गत २४ घर बनाउने योजना रहेकोमा १२ घर निर्माण सम्पन्न भएको अवस्था छ । निर्माण सम्पन्न भएका उक्त आवासहरूका कार्यसम्पन्न प्रतिवेदन अनुसार शौचालय निर्माणको कार्य समेत सम्पन्न भएको देखिएकोमा स्थलगत रूपमा कुनै शौचालय बनेको नदेखिएकोले शौचालय बापतको भुक्तानी रु.३ लाख ४१ हजार बढी खर्च लेखिएको देखिएबाट कार्यक्रमको प्रभावकारी अनुगमन भएको देखिएन । शौचालय र भान्सा बिनका अवास दिगो, स्वस्थ र आधुनिक हुन नसक्ने भएकोले आवास नीतिको पालना भएको देखिँदैन । निर्मित आवासको उपयोग तथा गुणस्तरका सम्बन्धमा सम्बन्धित स्थानीय तहबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रतिवेदन गर्ने तथा मन्त्रालयबाट अनुगमन समेत गर्ने नगरिएबाट उपयोग तथा गुणस्तरको स्थिति यकिन हुनसकेको छैन । मन्त्रालयले नियमित अनुगमन गरी या स्थानीय तहबाट उपयोगको सम्बन्धमा प्रतिवेदन गर्न लगाई आवास उपयोगमा प्रभावकारिता ल्याई कार्यक्रमको सार्थकता अभिवृद्धि गर्न मन्त्रालय र स्थानीय तह जिम्मेवार हुनुपर्दछ ।



शौचालयविना निर्माण सम्पन्न भनिएका झापा गौरादह नगरपालिका स्थित आवासीय भवनहरु

निष्कर्ष - निजी आवास निर्माण अनुदान व्यवस्थापनको लागि पर्याप्त नीति, ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि बनेको अवस्था छ । लाभग्राही पहिचान तथा अनुदान वितरण प्रक्रियामा स्थानीय तहको

भूमिकालाई प्राथमिकता दिएको छ। सरकारका तीन तहबाट सञ्चालित यस प्रतिवेदनमा उल्लिखित प्रमुख ५ कार्यक्रम मार्फत मुलुकभरी सरकारी अनुदानमा नागरिकको आवासको स्तरोन्नति गर्ने कार्य क्षेत्रको विस्तार भई प्रतिवेदन अवधिसम्म रु.२ खर्ब ११ अर्ब २९ करोड २१ लाख सरकारी अनुदानको रूपमा खर्च भई करिब७ लाख ५५ हजार ३३२ घर परिवार प्रत्यक्षरूपमा लाभान्वित भएको अवस्था छ । राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रमलाई व्यवस्थित बनाउन एकीकृत सूचना व्यवस्थापन प्रणाली (EHRP-MIS) को प्रयोग भएको अवस्था र सबै भूकम्प प्रभावितलाई समेट्ने प्रयासस्वरूप गुनासो व्यवस्थापन प्रणाली र विभिन्न चरणमा सर्भेक्षणहरू सम्पन्न हुनुलाई सकरात्मक पक्षकोरूपमा लिनसकिन्छ । निजी आवासमा केन्द्रित सबै प्रकारका कार्यक्रमहरूको प्रगति न्यून देखिएको छ । जनता आवास लगायत अन्य सबै प्रकारका सरकारी अनुदानमा निर्माण गरिने निजी आवास कार्यक्रमको एकीकृत सूचना व्यवस्थापन तथा आन्तरिक नियन्त्रण तथा अनुगमन प्रणाली कमजोर भएकोले अनुदान व्यवस्थापन प्रभावकारी हुनसकेको छैन। प्रकोप प्रभावित तथा विपन्न नागरिकलाई पर्याप्त, सुरक्षित र भरपर्दो आवास निर्माण गर्ने कार्यक्रमलाई पीडित तथा विपन्न नागरिकमा मात्र केन्द्रित गर्नुपर्नेमा प्रभावित क्षेत्रका सम्पन्न नागरिकहरू समेतलाई लाभग्राही कायम गराउदा सार्वजनिक स्रोतको महत्तम उपयोग हुनसकेको देखिएन । गलत लाभग्राही पहिचान तथा जोखिमपूर्ण स्थानमा आवास निर्माण गर्दा आवास निर्माण कार्य अधुरो रहन गई लक्षित उद्देश्य हासिल हुनसकेको छैन । कार्यविधि विपरीत अनुदान प्रवाह हुने, निर्माण भएका आवासहरू परिवारिक संरचनाको लागि पर्याप्त नहुने, निर्मित आवासहरू तोकिएको मापदण्ड अनुरूपनबन्ने, अनुदान रकमको लेखा व्यवस्थापन भरपर्दो नहुदा भुक्तानीको यर्थाथता प्रति आश्वस्त हुन नसकिने, सबै वास्तविक लाभग्राहीहरू कार्यक्रममा समेट्न नसकिएको जस्ता यावत समस्याका आधारमा निजी आवास निर्माण गर्ने सरकारी कार्यक्रमहरू प्रभावकारी र नतिजामूलक रहेको अवस्था देखिएन ।

विद्युत प्रसारण लाईन निर्माण र सञ्चालन

परिचय

१. **पृष्ठभूमी** - नेपालको संविधानले मुलुकमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको संघीय शासन प्रणाली लागू गरेको र नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन भएको छ । ऊर्जा, तथा जलस्रोतको दिगो विकास, संरक्षण तथा प्रवर्द्धन तथा विशिष्टीकरण गरी वर्तमान सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' को नारालाई साकार पार्नु अहिलेको आवश्यकता रहेको छ । नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार साविकको ऊर्जा मन्त्रालय र सिँचाइ मन्त्रालय तथा सो मातहतका निकायहरूका साथै साविकको वातावरण मन्त्रालय अन्तर्गत रहेका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभाग समेत समावेश गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन भएकोछ । त्यसैगरी विद्युतको उत्पादन प्रसारण को लागि नेपाल विद्युत प्राधिकरण र राष्ट्रिय प्रसारण ग्रिड कम्पनी समेत स्वायत्त संस्थाको रूपमा मन्त्रालय मातहत नै सञ्चालनमा रहेकाछन् ।

जलस्रोतमा विश्वको दोस्रो धनी देश नेपालमा जलविद्युतको प्रचुर सम्भावना भए तापनि २०७५/७६ को अन्त्यसम्मकुल विद्युत उत्पादन जडित क्षमता १ हजार १२९ मेगावाट मात्र रहेकोले जल विद्युत क्षेत्रमा कुल उत्पादन क्षमताको निकै न्यून मात्र उत्पादन भएको देखिन्छ । कुल विद्युत जडित क्षमतामध्ये नेपाल विद्युत प्राधिकरणबाट ५६८ मेगावाट र निजी क्षेत्रबाट ५६१ मेगावाट रहेको छ । राष्ट्रिय विद्युत प्रणालीमा उच्चतम् माग करिब १ हजार ३०० मेगावाट रहेकोमा हालको विद्युत माग र आपुर्तिमा सन्तुलन नहुँदा उक्त माग पूर्ति गर्न आन्तरिक उत्पादनको अलावा भारतबाट ४५० मेगावाटसम्म आयात गरी माग व्यवस्थापन गरिएको छ ।

२०७५/७६ को फागुनसम्म कुल २९ हजार ५७८ मेगावाट क्षमता बराबरका ६ सय ४३ आयोजनाका लागि विभिन्न प्रकारका अनुमतिपत्र जारी भएको छ । उत्पादन अनुमतिपत्र प्राप्त गरी सञ्चालन रहेका कुल १०३८.०७ मेगावाट क्षमताका ९१ आयोजना, उत्पादन अनुमतिपत्र जारी भई निर्माणको विभिन्न चरणमा रहेका ७७८०.५६३ मेगावाट क्षमताका २३ आयोजना, उत्पादन अनुमतिपत्रका लागि निवेदन दिएका १५१९.२४ मेगावाट क्षमताका ३० आयोजना, सर्वेक्षण अनुमतिपत्र जारी भएका १८१९३.५५ मेगावाट क्षमताका ३०१ आयोजना, सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिएका १०४६.३६ मेगावाट क्षमताका ३३ आयोजना रहेका छन् ।

२०७५/७६ फागुनसम्म ७० आयोजनाको १ हजार ३०५ मेगावाटसहित हालसम्म २४६ आयोजनाको ५ हजार ३२० मेगावाट बरावरको विद्युत खरिद विक्री सम्झौता सम्पन्न भएको छ । २०७५/७६ को फागुनसम्म १३२ के.भी. प्रसारण लाइनतर्फ २ हजार ५१५ र २२० के.भी. प्रसारण लाईनतर्फ १ हजार १६० सर्किट किलोमीटर निर्माणाधीन रहेको छ । भारतसँग विद्युत आयात/निर्यातका लागि ४०० के.भी. भोल्टेज स्तरको मुजफरपुर-ढल्केवर प्रसारण लाइनलाई २२० के.भी.मा चार्ज गरिएको र उक्त प्रसारण लाइन लगायत अन्य ३३ के.भी र १३२ के.भी. क्षमताका विभिन्न १२ प्रसारण लाइन रहेक छन् ।

२०७५/७६ सम्ममा उच्च भोल्टेज प्रसारण लाइन १३२ के.भी. को ३९ प्रसारण लाईन को कुल ३१४२.५४ सर्किट किलोमिटर, ४००/२२० के.भी. को ५ प्रसारण लाईनको ३३३ सर्किट किलोमिटर, ६६ के.भी. प्रसारण लाइनको ५१४.४६ सर्किट किलोमिटर निर्माण भएको छ । विद्युत प्राधिकरणको प्रसारण निर्देशनालय अन्तर्गत २०७५/७६ सम्म निर्माणाधीन प्रसारण लाईनमध्ये १३२ के.भी. को १२ प्रसारण लाईन को कुल ८०५ सर्किट किलोमिटर, ४०० के.भी. को १ प्रसारण लाईनको ५७६ सर्किट किलोमिटर, २२० के.भी. प्रसारण लाइनको ५ प्रसारण लाइनको ४९० सर्किट किलोमिटर निर्माणाधीन रहेका छन । आयोजना व्यवस्थापन निर्देशनालय अन्तर्गत २०७५/७६ सम्म निर्माणाधीन प्रसारण लाईनमध्ये ४०० के.भी. का २ प्रसारण लाईनको १८० सर्किट किलोमिटर, २२० के.भी. को ७ प्रसारण लाइनको ६८८ सर्किट किलोमिटर तथा १३२ के.भी. को ४ प्रसारण लाईनको कुल १४४ सर्किट किलोमिटर निर्माणाधीन रहेका छन् ।

उच्च भोल्टेज प्रसारण लाइनको प्रस्तावित योजनामा विद्युत प्राधिकरण को प्रसारण निर्देशनालय अन्तर्गत २०७५/७६ सम्म प्रसारण लाईनमध्ये १३२ के.भी. को २० प्रसारण लाईनको कुल १३४० सर्किट

किलोमिटर, ४०० के.भी. को ६ प्रसारण लाईनको ११३० सर्किट किलोमिटर, २२० के.भी. प्रसारण लाइनको ४ प्रसारण लाइनको २२० सर्किट किलोमिटर रहेका छन । आयोजना व्यवस्थापन निर्देशनालय अन्तर्गत २०७५/७६ सम्म प्रसारण लाईनमध्ये १३२ के.भी. को ३ प्रसारण लाईन को कुल २९० सर्किट किलोमिटर, ४०० के.भी. को ९ प्रसारण लाईनको १९२० सर्किट किलोमिटर र २२० के.भी. को १ प्रसारण लाईनको १५० सर्किट किलोमिटर रहेका छन् ।

२. **संगठनात्मक संरचना -** नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार साविकको ऊर्जा मन्त्रालय र सिँचाइ मन्त्रालय तथा सो मातहतका निकायहरूका साथै साविकको वातावरण मन्त्रालय अन्तर्गत रहेका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभाग समेत समावेश गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन भएको छ । त्यसैगरी विद्युतको उत्पादन प्रसारणको लागि नेपाल विद्युत प्राधिकरण र राष्ट्रिय प्रसारण ग्रिड कम्पनी समेत स्वायत्त संस्थाको रूपमा मन्त्रालय मातहत नै सञ्चालनमा रहेका छन् ।

३. **निकायको सोच, लक्ष्य, उद्देश्य र रणनीति -** जलस्रोत र ऊर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँडसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन, जलस्रोत र ऊर्जा पूर्वाधार संरचना, निर्माणसम्बन्धी एकीकृत नीति, कानुन, मापदण्ड र नियमन, जलस्रोत, ऊर्जा, सिँचाइ र भूमिगत जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास, जलस्रोत, ऊर्जा र सिँचाइ क्षेत्रसँग सम्बन्धित निकायहरूसँगको समन्वय, गर्ने यस मन्त्रालयको मुख्य उद्देश्य रहेको छ । त्यसैगरी संघीय र अन्तरप्रदेशस्तरमा सञ्चालन हुने जलस्रोत उपयोगका बहुउद्देश्यीय आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन, जलस्रोत, ऊर्जा र सिँचाइसम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन अनुसन्धान, राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत प्रसारण लाइन तथा विस्तार, राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत व्यापारसम्बन्धी नीति, कानुन, मापदण्ड, सन्धि-सम्झौता, कार्यान्वयन र नियमन, राष्ट्रिय महत्वका बहुउद्देश्यीय जल आयोजना र अन्तर जलाधार स्थानान्तरण, विद्युत सेवाको मापदण्ड, गुणस्तर र महसुलसम्बन्धी नीति र नियमन, विद्युत सेवाको राष्ट्रिय र क्षेत्रीय भार प्रणाली व्यवस्थापन र सञ्चालन, नवीकरणीय र वैकल्पिक ऊर्जाको उपयोग, गुणस्तर र मापदण्ड, विद्युत विकासमा लगानी गर्नु यस ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको कार्य तथा उद्देश्य रहेको छ ।

३.१. **नेपाल विद्युत प्राधिकरणको कार्य र उद्देश्य -** विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्ति गर्नेव्यवस्था गर्ने उद्देश्यका साथ नेपाल विद्युत प्राधिकरण स्थापना भएको हो । नेपाल विद्युत प्राधिकरणको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेका छन् :

- विद्युत आपूर्तिसम्बधी दीर्घकालीन र अल्पकालीन नीति निर्धारण गर्न नेपाल सरकारलाई सिफारिश गर्ने,
- प्रचलित कानुनबमोजिम विद्युत उत्पादन, प्रसारण वा वितरण गरी विद्युत आपूर्ति गर्ने,
- विद्युत उत्पादन, प्रसारण र वितरण प्रणाली तथा तत्सम्बन्धी अन्य कार्यको योजना तर्जुमा गर्ने र तर्जुमा भएको योजनाको कार्यान्वयन गर्न आवश्यक विद्युत उत्पादन केन्द्र, रूपान्तर केन्द्र (सवस्टेशन), वितरण केन्द्र, प्रसारण र वितरण लाईन तथा तत्सम्बन्धी सुविधाहरूको निर्माण, सञ्चालन, संरक्षण र सम्बर्द्धन गर्ने,
- औद्योगिक तथा कृषि विकास तथा जनताको सुविधाको लागि आर्थिक दृष्टिले उपयुक्तः क्षेत्रमा उपयुक्त स्तरको विद्युत उत्पादन, प्रसारण र वितरणको व्यवस्था गर्ने,
- विद्युत महसुल र विद्युतसम्बन्धी अन्य सेवा शुल्क निर्धारण गर्ने,
- विद्युत उत्पादन, प्रसारण र वितरण सम्बन्धमा आवश्यक अनुसन्धान कार्य गर्ने गराउने,
- विद्युत उत्पादन, प्रसारण र वितरण सम्बन्धमा दक्ष जनशक्ति तयार गर्न उच्च तालिम तथा अध्ययनको प्रवन्ध गर्ने गराउने,
- विद्युत उत्पादन, प्रसारण वा वितरण कार्यसँग सम्बन्धित प्राविधिक सल्लाह र परामर्श प्रदान गर्ने ।

३.२. **राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको उद्देश्य -** नेपालमा विद्युत शक्तिको प्रसारण लगायत भार सम्प्रेषण गर्ने कार्यका लागि आवश्यक क्षमता, स्तर तथा किसिमका प्रसारण लाइन, सवस्टेशन तथा अन्य आवश्यक

संरचनाको निर्माण, विस्तार, विविधिकरण, मर्मत सम्भार लगायत त्यसको सुरक्षायुक्त सञ्चालनबाट राष्ट्रिय विद्युत प्रसारण ग्रिड प्रणालीको समायोचित व्यवस्थापन गर्ने मुख्य उद्देश्य रहेको छ। यसका अन्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- नेपालमा विद्युत प्रसारण लाइनको समग्र व्यवस्थापनका लागि प्रसारण ग्रिडको सञ्चालन गरी विद्युतको भरपर्दो आपूर्तिका लागि दीर्घकालीन रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा विद्युतको आयात निर्यात गर्न आवश्यक पर्ने प्रसारण संरचनाहरूको निर्माण, विकास तथा विस्तार गरी विद्युतको सहज बजारीकरण गर्ने प्रकृतिको कारोबारका साथै प्रसारण प्रणालीमा सञ्चार सुविधाको एकीकृत विस्तार गरी यसको उपयोग र व्यापार गर्ने,

- कम्पनीले निर्माण तथा सञ्चालन गरेको प्रसारण प्रणाली लगायत अन्य संरचनाहरूको प्रयोगकर्ताहरूसँग सम्झौता गरी उपयोग गरे बापत प्रसारण एवं अन्य दस्तुर असुल गर्ने;

- विद्युतको राष्ट्रिय प्रक्षेपित माग समेतलाई विचार गरी विद्यमान विद्युत प्रसारण लाइन र त्यससँग सम्बद्ध अन्य संरचनाहरूको पुनरावलोकन गरी विद्युत प्रसारण प्रणालीको दीर्घकालीन विकास, निर्माण तथा सञ्चालनका लागि प्रसारण प्रणाली गुरुयोजना तयार गर्ने;

- विद्युतको सुरक्षायुक्त आपूर्तिका लागि कम्पनीले आफ्नो प्रसारण ग्रिडभित्र विद्युत प्रसारण प्रणालीको सञ्चालन सुनिश्चित गर्न आवश्यक अध्ययन गरी उपयुक्त प्रसारण लाइन, सवस्टेशन, भार सम्प्रेषण केन्द्र लगायत आवश्यक संरचनाको निर्माण, विस्तार, विविधीकरण, आधुनिकीकरण, मर्मत सम्भार लगायत क्षमता अभिवृद्धि समेत गर्ने;

- विद्युत सेवाको सहज पहुँचको अवस्था सिर्जना गर्न जलविद्युत उत्पादनको सम्भावित क्षेत्रको अवस्थिति एवं भार केन्द्र (लोड सेन्टर) लाई विचार गरी प्राथमिकताका आधारमा विद्युत प्रसारण प्रणालीको निर्माण, विस्तार तथा सञ्चालन गर्नेछ। यसरी प्रसारण सञ्जाल विस्तार गर्ने क्रममा राष्ट्रिय प्रसारण प्रणालीको निर्माण र पूर्व-पश्चिम तथा उत्तर-दक्षिण प्रसारण लाइनको निर्माण नदी प्रणालीमा आधारित रही गर्ने;

- आवश्यकताअनुसार राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युतको आयात निर्यातलाई सहज बजारीकरण गर्ने प्रयोजनका लागि समयानुकुल प्रसारण प्रणालीको विकास, निर्माण तथा विस्तार गर्ने;

- विद्युत प्रणालीकों सन्तुलित सञ्चालनका लागि प्रसारण प्रणाली तथा सम्बद्ध संरचनाहरूको सुपरिवेक्षण, नियन्त्रण तथा नियमित अनुगमन गर्ने;

- प्रसारण प्रणालीमा ट्रंक सञ्चार लाइनको विस्तार तथा व्यवसायिक विकासमा सहभागि भई सञ्चार सुविधाको विस्तार गर्ने;

- कम्पनीभित्रै जनशक्तिको विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विद्युत प्रसारण क्षेत्रमा विज्ञता कायम गरी परामर्शदातृ सेवा उपलब्ध गराउने कार्य गर्ने;

- कम्पनीले विद्युतको सरल र सहज प्रवाहका लागि आफ्नो प्रसारण प्रणाली विकास गरी उपयोगकर्तालाई निष्पक्ष तथा खुला पहुँच उपलब्ध गराउने कार्य गर्ने;

- कम्पनीले आफ्नो प्रसारण ग्रिड प्रणालीबाट भएको विद्युत प्रसारणको लेखा राख्नेछ र त्यस्तो प्रणालीको रेखदेख सुपरिवेक्षण, अनुगमन तथा नियन्त्रण गरी वास्तविक समय सञ्चालन (रियल टाइम अपरेशन) को जिम्मेवारीबहन गर्ने उद्देश्य रहेको छ।

४. **निकायको सञ्जाल तथा क्षेत्र -** विद्युत प्रसारणलाईनको निर्माण र सञ्चालन गर्न प्रत्यक्षरूपमा संलग्न रहेका निकायकारूपमा नेपाल विद्युत प्राधिकरण र राष्ट्रिय प्रसारण ग्रिड कम्पनी रहेका छन।

५. **नीतिगत तथा कानुनी व्यवस्था -**

नीतिगत व्यवस्था - विद्युत प्रसारणलाईन निर्माण र सञ्चालनसम्बन्धी प्रमुख नीतिगत व्यवस्था देहायअनुसार छन्:

कानुनी व्यवस्था -

- विद्युत ऐन, २०४९ तथा नियमावली, २०५०
- नेपाल विद्युत प्राधिकरण ऐन, २०४१
- विद्युत नियमन आयोग ऐन, २०७४ तथा नियमावली, २०७५
- विद्युत चोरी नियन्त्रण ऐन, २०५८
- आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- वन ऐन, २०७६
- जग्गा प्राप्ति ऐन, २०३४
- विद्युत वितरण नियमावली, २०६९
- ग्रामिण ऊर्जा नीति, २०६३
- जलविद्युत विकास नीति, २०५८
- आवधिक योजना बजेट तथा वार्षिक कार्यक्रम
- आयकर ऐन, २०५८, मू..अ.कर ऐन, २०५२, अन्तःशुल्क ऐन, भन्सार ऐन तथा नियमावलीहरू
- विद्युत आयोजना अनुमति-पत्रसम्बन्धी निर्देशिका, २०७५
- जलविद्युत आयोजना विकास सम्झौतासम्बन्धी कार्यविधि, २०६९
- ग्रिड कनेक्टेड वैकल्पिक विद्युत ऊर्जा विकाससम्बन्धी कार्यविधि, २०७४
- राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको नियमावली, २०७२
- मन्त्रालयको स्वेतपत्र, २०७५
- उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयबाट जारी भएका निर्देशिका र विभिन्न परिपत्रहरू

कार्यसँग सम्बन्धित चौधौं त्रिवर्षीय योजना (२०७३/७४ देखि २०७५/७६) ले लिएका रणनीति एवं कार्यनीति

रणनीति -

- जलविद्युतमा लगानी बढाई विद्युत उत्पादनमा वृद्धि गर्ने,
- विद्युतको प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने,
- वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युतको पहुँच सर्वसुलभ बनाउने,
- विद्युत उत्पादन सम्मिश्रण समेतको माध्यमबाट ऊर्जा सुरक्षाको प्रत्याभूति गर्ने,

कार्यनीति -

- जलाशययुक्त जलविद्युत उत्पादनलाई प्राथमिकतामा राखी कार्यक्रम/आयोजना सञ्चालन गरिने,
- निर्माणाधीन अवस्थामा रहेका विद्युत उत्पादन, प्रसारण तथा वितरण आयोजनाहरूलाई समयमा नै सम्पन्न गरिने,
- मझौला तथा ठूला जलविद्युत परियोजनाहरूमा समेत स्थानीय समुदायहरूलाई सेयर लगानी गर्ने अवसर उपलब्ध गराउने व्यवस्था अवलम्बन गरिने,

- निजी लगानी बढाउन विद्युत खरिददर पुनरावलोकनका साथै पिकिङ तथा जलाशययुक्त आयोजनाहरूका लागि समेत विद्युत खरिददर निर्धारण गरिने,
- निजी क्षेत्रलाई सहजीकरण गर्न र सरकारी सेवा छिटो छरितोरूपमा उपलब्ध गराउन आवश्यक संयन्त्र निर्माण गरिनेछ,
- अन्तरदेशीय प्रसारण लाइनहरूको अध्ययन र सर्वेक्षण गरी निर्माण कार्य प्राथमिकताका साथ सम्पन्न गरिने,
- प्रसारण लाइन निर्माणमा निजी क्षेत्रलाई आकर्षित गर्न आवश्यक विधि तयार गरी कार्यान्वयन गरिने,
- जलविद्युतको उत्पादनलाई विद्युत वितरणसँग जोड्न आन्तरिक प्रसारण लाइनको निर्माणलाई तीव्रता दिइने,
- ग्रामीण विद्युतीकरणलाई विस्तार गरी आर्थिक क्रियाकलापसँग आवद्ध गरिने,
- विद्युत चुहावट नियन्त्रण गर्न आवश्यक कानुन परिमार्जन एवं प्राविधिक तथा प्रशासनिक उपायहरू अवलम्बन गरिने,
- सघन सहरी क्षेत्रमा भूमिगत वितरण लाइनको निर्माण कार्य अगाडि बढाइनेछ,
- जलविद्युत आयोजना विकास गर्दा अनिवार्य रूपमा जलवायु परिवर्तनबाट पर्ने असरलाई ध्यान दिइने,
- स्मार्ट मिटर तथा स्मार्ट ग्रिडको अवधारणालाई क्रमिकरूपमा लागु गर्दै लगिने,
- विद्युत उत्पादन कम्पनी, विद्युत प्रसारण कम्पनी, विद्युत वितरण कम्पनी तथा विद्युत व्यापार कम्पनीको स्थापना गरी कार्य अगाडि बढाइने,
- विद्युतीय ऊर्जा उपयोगको अडिट, विद्युतीय उपयोगसम्बन्धी जनचेतना, ऊर्जा दक्षताको मापदण्ड निर्धारण जस्ता कार्य गरी उपयोग प्रणालीमा ऊर्जा दक्षता प्रवर्द्धन गरिनेछ,
- विश्वविद्यालयहरू समेतको संलग्नतामा अध्ययन तथा अनुसन्धान कार्य गरिने ।

आर्थिक वर्ष २०७५/०७६ को बजेटको व्यवस्था -

- २०७५-२०८५ सालको अवधिलाई ऊर्जा दशकको रूपमा मनाइने,
- प्रत्येक प्रदेशमा कम्तिमा एक बहुउद्देश्यीय जलविद्युत आयोजना सञ्चालन हुनेगरी विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइने,
- पश्चिम सेती आयोजनालाई नेपालभित्रकै स्रोत परिचालन गरी निर्माण गरिने,
- कर्मचारी तथा वैदेशिक रोजगारीमा संलग्न श्रमिकको लगानीमा उपयुक्त जलविद्युत आयोजना अघि बढाइने,
- विद्युत उत्पादनमा समिश्रित वित्तिय स्रोत परिचालन गरिने,
- बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको थालनी र अन्य निर्माणाधीन प्रसारण लाइनहरूको निर्माण सम्पन्न गरिने,
- पाँच वर्ष भित्र नेपाल चीन जोड्ने गल्छी-रसुवागढी-केरुङ्ग प्रसारण लाइन निर्माण सम्पन्न गरिने,
- निजी लगानीकर्तालाई प्रसारण लाइनको विकासमा सहभागी गराउन निर्माण र हस्तान्तरण अवधारणामा आयोजनाको विकास गरिने,
- विद्युत नियमन आयोग गठन गरी विद्युत खरिद सम्झौता र विद्युत शुल्क निर्धारण लगायतका कार्यलाई व्यवस्थित गरिने,
- देशैभर स्मार्ट मिटर प्रणाली लागु गरिने र वितरण प्रणालीलाई स्वचालित एवं आधुनिकिकरण गरी स्मार्ट ग्रिड प्रणालीको रूपमा विकास गरिने,

- ग्रामिण विद्युतीकरणलाई तिब्रता दिइने,
- स्थानीय तहको सहकार्यमा सहकारी तथा सामुदायीक क्षेत्रबाट सञ्चालन हुने साना जलविद्युत र नविकरणीय ऊर्जा उत्पादनमा अनुदानको व्यवस्था गर्ने ।

६. **बजेट र खर्च व्यवस्था -** नेपाल सरकारले उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका लागि २०७५/७६ मा कुल रु.८३ अर्ब ८९ करोड ५२ लाख विनियोजन गरेको थियो । जसमध्ये ग्रामिण विद्युतीकरणका लागि रु.५ अर्ब छुट्टयाइएको थियो । नेपाल विद्युत प्राधिकरणको विद्युत प्रसारण लाईन निर्माण तथा सञ्चालनको लागि २०७५/७६ मा कुल रु.१४ अर्ब ७८ करोड विनियोजन भएको थियो । जसमध्ये रु.११ अर्ब ९ करोड यथार्थ खर्च भएको छ, जुन कुल विनियोजित बजेटको ७५.०१ प्रतिशतहो ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

७. **लेखापरीक्षणकोमुख्य उद्देश्य -** विद्युत प्रसारण लाईन निर्माण र सञ्चालन गर्न उपलब्ध स्रोत र साधनको उपयोगमा मितव्ययिता, कार्यदक्षतापक्षको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ । यसका सहायक उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- विद्युतसम्बन्धी राष्ट्रिय नीति तथा गुरुयोजनाबमोजिम विद्युत प्रसारण प्रणाली निर्माण, विकास, विस्तार तथा सञ्चालन स्थितिको विश्लेषण गर्नु ।
- विद्युत प्रसारणलाईन निर्माण तथा सञ्चालनमा समय तथा स्रोतको उपयोग लेखाजोखा गर्नु ।
- विद्युतको वर्तमान र भविष्यको मागबमोजिम उत्पादन तथा राष्ट्रिय विद्युत प्रसारण लाईनमा आवद्धतो विश्लेषण गर्नु ।
- ग्रिड व्यवस्थापनका लागि आवश्यक पूर्वाधार व्यवस्थापन रहे नरहेको नगरेको विश्लेषण गर्नु ।
- प्रसारण लाईन निर्माण तथा सञ्चालनमा हुन आएका विभिन्न चुनौति तथा चुहावट नियन्त्रणको अवस्था मूल्याङ्कन गर्नु ।

८. **कार्यमूलक लेखापरीक्षणको औचित्य -** "सम्वृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोचलाई पुरा गर्न वि.सं. २१०० सम्ममा देशमा ३५ हजार मेगावाट जलविद्युत र ५ हजार मेगावाट वैकल्पिक उर्जा उत्पादन गरी प्रतिव्यक्ति विद्युत उपभोग १९८ किलोवाट घण्टाबाट ३, ५०० किलोवाट घण्टा पुऱ्याइने लक्ष्य रहेको छ । वि.सं. २१०० मा गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) शून्य (०) प्रतिशत र बहुआयामिक गरिबीमा रहेको जनसंख्या ३ प्रतिशतमा झार्ने र १२ हजार १०० अमेरिकी डलर प्रतिव्यक्ति आय सहित मुलुकलाई समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने राज्यको लक्ष्य रहेको छ । विद्युत उत्पादन "सम्वृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच प्राप्त गर्ने महत्वपूर्ण आधारकोरूपमा रहेको छ, यसका लागि उर्जाको क्षेत्रमा थप उर्जा उत्पादन, सुदृढ प्रसारण तथा वितरण प्रणाली हुन आवश्यक रहेको छ ।

नेपालको कुल सम्भाव्य विद्युत उत्पादन क्षमताभन्दा निकै न्यून उत्पादन भएको र भविष्यमा उत्पादन हुने विद्युतको आन्तरिक खपत तथा निर्यातका लागि पर्याप्त एवं भरपर्दो प्रसारण लाईन निर्माण हुन नसेकोले विद्युत प्रसारण लाईन निर्माण र सञ्चालनसँग सम्बन्धित समस्याको विश्लेषण गरी सुझाउ प्रस्तुत गर्न "**विद्युत प्रसारणलाईन निर्माण र सञ्चालन"** विषय छनौट गरी कार्यमूलक लेखापरीक्षण गर्न लागिएको हो ।

९. **क्षेत्र -** अध्ययनको क्रममा २०७१/७२ देखि २०७५/७६ सम्मका ५ आर्थिक वर्षका क्रियाकलापलाई समेटिने छ । यसका लागि उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण, राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडबाट सञ्चालित विद्युत प्रसारण लाईन निर्माण सञ्चालनका क्रियाकलापलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ स्वतन्त्र उर्जा उत्पादक संघबाट उत्पादित विद्युत निर्माण भएको प्रसारण लाईनबाट प्रवाह हुने भएकाले उक्त संघलाई समेत लेखापरीक्षणको दायरामा राखिएको छ ।

निर्माणाधीन, निर्माण भइरहेका र निर्माणका लागि प्रारम्भिक प्रक्रियामा रहेका विभिन्न क्षमताको ४०० के.भी. प्रसारण लाईन, २२० के.भी. प्रसारण लाईन, १३२ के.भी. प्रसारण लाईन, ६६ के.भी.प्रसारण

लाईन, ३३ के.भी. प्रसारण लाईन र ११ के.भी. प्रसारण लाईनसँग सम्बन्धित आयोजना तथा सब स्टेशनहरूको सञ्चालन तथा व्यवस्थापनका कामहरूलाईलेखापरीक्षण क्षेत्रमा समावेश गरिएकोछ ।

१०. **पद्धति -** लेखापरीक्षणऐन, २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजना, २०७६ ले निर्दिष्ट गरेबमोजिम कार्यमूलक लेखापरीक्षणको क्रममा विद्युत प्रसारण लाईन निर्माण र सञ्चालनसम्बन्धी नीतिगत एवं कानुनी व्यवस्था, विद्युत उत्पादन, प्रसारण लाईन निर्माण र सञ्चालन क्षेत्रमा भएको लगानी र व्यवस्थापनको अध्ययन, मूल्याङ्कन र विश्लेषण गरिएको छ । उक्त अध्ययन, मूल्याङ्कन र विश्लेषण पश्चात पहिचान भएका जोखिम क्षेत्रमा थप प्रमाण सङ्कलन गर्न अन्तरक्रिया, छलफल विश्लेषण गरिएको छ यस कार्यका लागि सम्बन्धित क्षेत्रका विषय विज्ञहरूसँग छलफल अन्तक्रिया गरी लेखापरीक्षण कार्य सम्पादन गरिएको छ । यस विषयको लेखापरीक्षणका लागि समस्यामूलक, प्रक्रियामूलक तथा नतिजामूलक पद्धति अवलम्बन गरी मितव्ययिता, कार्यदक्षतो विश्लेषण गरिएकोछ । सञ्चालित कार्यहरूको विवरणको विश्लेषण गरी देखिएका जोखिम क्षेत्र एवं तात्विक महत्वका विषयहरूलाई थप पुष्ट्याँई प्राप्त गर्न प्रश्नावली एवं विवरणबाट जानकारी लिने, सम्बन्धित पदाधिकारी र सरोकारवालाहरूसँग छलफल समेत गरिएकोछ ।

११. **सीमितता -** विद्युत प्रसारण लाईनको निर्माण र सञ्चालन प्राविधिक विषय रहेको तर लेखापरीक्षकमा प्राविधिक ज्ञानको कमी रहनु, सूचना तथा तथ्याङ्क सङ्कलन समयमा हुन नसक्नु, तथ्याङ्कहरू माग भएअनुसारको पूर्णरूपले नआउनु, उर्जा जलश्रोत तथा सिँचाई मन्त्रालयबाट सूचना तथा तथ्याङ्क उपलब्ध गराउन सक्रियता तथा चासो नदिनु, अपुरो र अधुरा सूचना तथा तथ्याङ्क प्राप्त हुनु, भौतिकरूपमा परीक्षण एंव भिडान नहुनु, प्राथमिक कागजात र प्रमाणको जाँच, विश्लेषण र मूल्याङ्कन नहुनु, सूचना तथा तथ्याङ्क सङ्कलन कार्यका लागि आवश्यक सवारी साधनको माग गर्दा उपलब्धतामा समस्या हुनु; विषयसँग सम्बन्धित लेख, अनुसन्धान, साहित्यको खोजी एवं आवश्यक सूचना (कानुन, निर्देशिका, कार्यविधि, समाचार आदि) समयमा प्राप्त गर्न समस्या रहनु, प्राविधिक विषयवस्तु भएपनि स्थलगत रूपमा अवलोकन गर्न नसकिनु लेखापरीक्षणका सीमितता रहेका छन् ।

लेखापरीक्षणबाट देखिएको व्यहोरा

१२. **जलविद्युत प्रणालीको स्थिति -** नेपालको कुल सम्भाव्य विद्युत उत्पादन क्षमता करिब ८३ हजार मेगावाट र आर्थिक तथा प्राविधिकरूपले सम्भाव्य विद्युत उत्पादन क्षमता ४३ हजारमेगावाट रहेको छ । कुल उर्जा खपतको करिब तीन चौथाई हिस्सा परम्परागत स्रोतको छ । जलविद्युत उत्पादनको प्रचुर सम्भावना हुदाँ पनि कुल उर्जा खपतमा विद्युतको अँश (३.२ प्रतिशत) न्युन रहेको छ । अपार सम्भावनाका वावजुद कुल विद्युत उत्पादन जडित क्षमता १ हजार १२९ मेगावाट मात्र रहेको छ भने आन्तरिक विद्युतको माग धान्न भारतबाट ठूलो मात्रामा विद्युत आयात गर्नुपरिरहेको अवस्था छ । विद्युत उत्पादन र वितरणको अवस्था देहायबमोजिम रहेको छ :

१२.१. **विद्युत उत्पादन, प्रसारण र वितरणको प्रवृत्ति -** विद्युत प्रणाली यस्तो प्रणाली हो जसमा उत्पादन, प्रसारण र वितरण (विद्युत माग) को प्रत्येक समय सन्तुलन हुन जरुरी छ । यस उद्योगमा विद्युतको मागअनुसार उत्पादन तथा प्रसारण गर्नुपर्दछ । उत्पादन र वितरणबीचको कडीकोरूपमा प्रसारण लाइन रहेको हुन्छ । विद्युत उत्पादन, प्रसारण र वितरणबीच प्रभावकारी समन्वय र सकारात्मक सहसम्बन्ध रहनुपर्दछ । विद्युत उत्पादनसँगै प्रसारण तथा वितरणका पूर्वाधारहरू नियमितरूपमा निर्माण गरिनु आवश्यक छ । उचित समन्वय र सकारात्मक सहसम्बन्धको अभावमा विद्युतको आन्तरिक उत्पादन खेर गई मुलुकले उर्जाको अभावको अवस्था झेल्नुपर्ने हुन्छ । अन्तरदेशीय विद्युत आयात-निर्यातमा समस्या हुन्छ । वैकल्पिक उर्जा खपत (डिजेल, पेट्रोल आदि) मा वृद्धि हुन्छ । यसले समग्र अर्थतन्त्रको लागतमा वृद्धि हुन्छ । ठूलो मात्रामा वैदेशिक मुद्रा बाहिरिनुका साथै शोधनान्तर अवस्थामा समेत नकारात्मक असरपर्दछ ।

विगत १० वर्षदेखि हालसम्म जलविद्युतको उत्पादन, प्रसारण र वितरण लाईन निर्माणको अवस्था निम्नानुसार रहेको छ :

तालिका नं.१ : जलविद्युतको उत्पादन, प्रसारण र वितरणको अवस्था

आर्थिक वर्ष	उत्पादन (मेगावाट)	वार्षिक वृद्धि प्रतिशत	प्रसारणलाइन (सर्किट कि.मी)	वार्षिक वृद्धि प्रतिशत	वितरण लाइन (कि.मी.) अकं दश"०" मा	वार्षिक वृद्धि प्रतिशत
२०६६/६७	६८९	-	१९१८	-	८२८७.१	-
२०६७/६८	६९८	१.३१	१९८७.३६	३.६२	८९१०.९	७.५३
२०६८/६९	७०६	१.१५	२६४०.८६	३२.८८	९५८१.६	७.५३
२०६९/७०	७४६	५.६७	२६४०.८६	०	११४१६.०	१९.१५
२०७०/७१	७४६	०	२६४०.८६	०	११६०६.७	१.६७
२०७१/७२	८२९	११.१३	२८४९	७.८८	१२३८२.८	६.६९
२०७२/७३	८५६	३.१५	३००६	५.५१	१२४११.५	०.२३
२०७३/७४	९७३	१३.६७	३४६५.६७	१५.२९	१२४९७.६*	०.६९
२०७४/७५	१०७४	१०.३८	३५३८	२.०९	१३५००.०*	८.०२
२०७५/७६	१०८३	०.८४	३९९०	१२.८	१४४००.०*	६.६७
* आर्थिक वर्षको प्रथम आठ महिना						

माथि तालिकाबाट विगत दश वर्षको विद्युत उत्पादन, प्रसारण र वितरण लाईनको निर्माणको अवस्था हेर्दा विद्युत प्रणालीमा प्रभावकारी समन्वयको कमी देखियो । यसलाई निम्न चार्टमा प्रस्तुत गरिएको छ :

चार्ट नं.१ : जलविद्युतको उत्पादन, प्रसारण र वितरण लाईन निर्माणको प्रवृत्ति



माथि उल्लेखित चार्टमा २०६६/६७ लाई शुरु वर्ष (उत्पादन ६८९ मेगावाट, प्रसारण लाइन १९१८ सर्किट किलोमिटर र वितरण ८२८७१ किलोमिटर) मानी वार्षिक प्रगति प्रतिशत देखाइएको छ । २०६८/६९ मागत वर्षको तुलनामा विद्युत उत्पादनतर्फ १.१५ प्रतिशत वृद्धि, प्रसारण लाइनतर्फ ३२.८८ प्रतिशत वृद्धि र वितरणतर्फ ७.५३ प्रतिशत वृद्धि भएको छ । २०६९/७० मागत वर्षको तुलनामा विद्युत उत्पादनतर्फ ५.६७ प्रतिशत वृद्धि, प्रसारण लाइनतर्फ ० प्रतिशत वृद्धि र वितरणतर्फ १९.१५ प्रतिशत वृद्धि भएको छ । उक्त चार्टबाट विद्युत उत्पादन, प्रसारण र वितरणबीच उचित समन्वयको कमी देखिन्छ । समग्र विद्युत प्रणाली योजनाबद्ध नभई तदर्थवादमा सञ्चालन भएको देखिन्छ । यसले विद्युतको गुणस्तरमा समेत ह्रास ल्याउँदछ । समग्र विद्युत प्रणालीलाई योजनाबद्ध, व्यवस्थित र प्रभावकारी ढङ्गबाट निर्माण, सञ्चालन तथा

व्यवस्थापन गर्नुपर्ने देखिन्छ । विद्युत उत्पादन र वितरणको यथार्थपरक अध्ययन गरी सोही आधारमा समयवद्ध विद्युत प्रसारण लाईन निर्माण गर्नेतर्फ सम्बन्धित पक्ष गम्भीर र जिम्मेवार बन्नुपर्दछ ।

कार्यालयको भनाई - विद्युत उत्पादन, प्रसारण र वितरणको हालसम्मको तथ्याङ्क राख्दा सान्दर्भिक हुने । प्रसारण तथा वितरण लाईन क्षमताको वृद्धिलाई उत्पादन जस्तै प्रसारण तथा वितरण क्षमता अर्थात एम.भि.ए. एकाईमा प्रस्तुत गरिएमा ती अवयवहरूबीच सहसम्बन्ध स्थापना गर्न सकिन्छ ।

१२.२. **विद्युत माग र आपूर्तिको अवस्था -** २०७५/७६ मा विद्युतको उच्च माग (Peak Demand) १३२०.२८ मेगावाट रहेको थियो भने मुलुकको कुल विद्युत उत्पादन क्षमता ११२९ मेगावाट रहेको थियो । यस आर्थिक वर्षमा नेपाल विद्युत प्राधिकरणबाट विद्युतको उच्च माग (Peak Demand) २२२५.६५ मेगावाट हुने प्रक्षेपण गरिएको थियो । विद्युत माग र आपूर्तिबीचको तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २ : विद्युत माग र आपूर्तिको श्रोतगत अवस्था

आर्थिक वर्ष	विद्युतको उच्च माग (मे.वा)	आन्तरिक उत्पादन (गिगावाटआवर, Gwh)			भारतबाट खरिद (गिगावाट आवर, Gwh)	प्रति युनिट औषत रु ८ का दरले भारतलाई भुक्तानी (रु लाखमा)	कुल विद्युत आपूर्ति खपत	कुल विद्युत आपूर्तिको अंश (प्रतिशतमा)		
		नेपाल विद्युत प्राधिरणबाट उत्पादन	स्वतन्त्र उर्जा उत्पादकबाट खरिद	जम्मा				प्राधिकरण	स्वतन्त्र उर्जा उत्पादक	भारत बाट आयात
२००९/१०	८८५.२८	२१०८.६५	५९१.४३	२७००.०८	६३८.६८	५१०९.४	३३३८.७६	६३	१८	१९
२०१०/११	९४६.१०	२१२२.०८	१०३८.८४	३१६०.९२	६९४.०५	५५५२४	३८५४.९७	५५	२७	१८
२०११/१२	१०२६.६५	२३५७.४३	१०७३.५७	३४३१.००	७४६.०७	५९६८६	४१७७.०७	५६	२६	१८
२०१२/१३	१०९४.६२	२२७३.११	११७५.९८	३४४९.०९	७९०.१४	६३२११	४२३९.२३	५४	२८	१८
२०१३/१४	१२००.९८	२२८८.२३	१०७०.४७	३३५८.७०	१३१८.७५	१०५५००	४६७७.४५	४९	२३	२८
२०१४/१५	१२९१.१०	२३६६.८८	१२६८.९३	३६३५.८१	१३६९.८९	१०९५९१	५००५.७०	४७	२५	२८
२०१५/१६	१३८५.३०	२१३३.१४	११६६.२४	३२९९.३८	१७७७.२४	१४२१७९	५०७६.६२	४२	२३	३५
२०१६/१७	१४४४.१०	२३०५.१७	१७७७.२४	४०८२.४१	२१७५.०४	१७४००३	६२५७.४५	३७	२८	३५
२०१७/१८	१५०८.१६	२३०८.२४	२१६७.७६	४४७६.००	२५८१.८०	२०६५४४	७०५७.८०	३३	३१	३६
२०१८/१९	१३२०.२८	२५४७.९९	२१९०.०५	४७३८.०४	२८१३.०७	२२५०४६	७५५१.११	३४	२९	३७
	जम्मा	**२२८१०.९२**	**१३५२०.५१**	**३६३३१.४३**	**१४९०४.७३**	**११९२३७८**	**५१२३६.१६**			

देशमा विद्युतको माग धान्नका लागि आन्तरिक उत्पादन अपर्याप्त भई भारतबाट आयात गर्नु परिरहेको अवस्था छ । विद्युतको आपूर्तिको श्रोत र अवस्थालाई निम्न चार्टमा प्रस्तुत गरिएको छ :

चार्ट नं.२ : विद्युत माग र आपूर्तिको श्रोतगत प्रवृत्ति



दश वर्ष अघि विद्युतको कुल मागको नेपाल विद्युत प्राधिकरणबाट ६३ प्रतिशत, स्वतन्त्र उर्जा उत्पादकबाट १८ प्रतिशत र भारतबाट खरिद १९ प्रतिशत अँश रहेको थियो । २०१८/१९ मा विद्युतको कुल मागको नेपाल विद्युत प्राधिकरणबाट ३४ प्रतिशत, स्वतन्त्र उर्जा उत्पादकबाट २९ प्रतिशत र भारतबाट खरिद ३७ प्रतिशत अशं रहेको छ । दश वर्षको अवधिमा विद्युतको आन्तरिक माग धान्नका लागि भारतबाट प्रतिकिलोवाटआवर (Kwh) औषत रु.८ का दरले कुल रु.१ खर्ब १९ अर्ब २३ करोड ७८ लाखको विद्युत

खरिद गरिएको देखिन्छ । २०१८/१९ मा भारतबाट २ हजार ८१३.०७ गिगावाटआवर (Gwh) खरिद गरी प्रतिकिलोवाटआवर (Kwh) औषत रु.८ का दरले करिब रु.२२ अर्ब ५० करोड ४५ लाख ६० हजार विद्युत बापत भारतलाई भुक्तानी भएको छ ।२०१८/१९ मा नेपालले भारततर्फ ४२४९७.९६मेगावाटआवर (MWh) विद्युत निर्यात गरेको छ । आगामी वर्षबाट ठूलो मात्रामा विद्युत निर्यात गर्नसक्ने अवस्थामा मुलुक पुग्ने अनुमान गरिएको छ ।

हामीकहाँ उर्जा बजार सुनिश्चित भईसकेको छैन । विद्युतको माग सम्बन्धमा हालसम्म वास्तविक अध्ययन हुनसकेको छैन । स्वयं प्राधिकरणको विद्युत माग प्रक्षेपण पनि यथार्थपरक छैन । जल तथा उर्जा आयोगले प्रक्षेपण गरेको माग पनि युक्तिसँगत देखिएन । २०१८/१९ मा विद्युतको उच्चतम माग २ हजार २२५.६५ मेगावाट प्रक्षेपण गरिएकोमा वास्तविक उच्चतम माग १ हजार ३२०.२८ मेगावाट मात्र भयो । २०२०/२१ मा विद्युतको उच्चतम माग २ हजार ६३८.२९ मेगावाट र २०३९/४० मा विद्युतको उच्चतम माग १८ हजार १३७.६७ मेगावाट प्रक्षेपण गरिएको छ । यसैका आधारमा विद्युत प्रणालीमा योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन भइरहेका छन् । उर्जा वजार सुनिश्चित नहुदाँ प्राधिकरणलेउत्पादन भएका बिजुली खपत हुँदैन भनेररन अफ रिभर आयोजना (ROR Scheme) मा "टेक अर पे" (बिजुली लिने ग्यारेन्टी भएको) पिपिए गर्ने छाडी सकेकोछ ।

हाल आन्तरिक उत्पादन १ हजार १२९ मेगावाट रहेकोमा २०७७/७८ सम्ममा सम्पन्न हुनेगरी कुल २ हजार २७७.५२ मेगावाट क्षमताका विभिन्न विद्युत उत्पादन आयोजनाहरूको निर्माण कार्य भइरहेका छन् ।२०७७/७८ मा विद्युतको उच्चतम मागको प्रक्षेपण २ हजार ६३८.२९ मेगावाट वास्तविक रूपमै खपत हुन्छ भन्ने मान्यता राख्दा पनि कुल उत्पादित विद्युतमध्ये ७६८.२३ मेगावाट विद्युत बचत हुने देखिन्छ । अर्थात वर्षात याममाविद्युत निर्यात गर्ने अवस्थामा नेपाल रहन्छ ।

विद्युत उत्पादनको तुलनामा आन्तरिक तथा अन्तरदेशिय प्रसारणलाइन समयमा निर्माण हुन नसकेमा ठूलो मात्रामा उत्पादित विद्युत खेर गई राज्यले नोक्सानी व्यहोर्नुपर्ने अवस्था रहन्छ । विद्युत निर्यातका लागि आवश्यक संस्थागत व्यवस्था र आन्तरिक तथा अन्तरदेशिय विद्युत प्रसारण लाइन लगायतका पूर्वाधार तयार हुनुपर्ने देखिन्छ ।यसको अभावमा नेपाल विद्युत प्राधिकरणलाई जगेडा विद्युत खपत गराउन समस्या मात्र पर्ने छैन, ठूलो धनराशी घाटा व्यहोर्नुपर्ने अवस्था आउन सक्दछ । एकातिर हिउँदका लागि विद्युत आयात गर्नुपर्ने र अर्कातिर बर्षायाममा खेर फाल्नुपर्ने अवस्था आउनसक्छ । यसबाट सरकारी तथा निजी क्षेत्रका लगानीसमेत जोखिममा पर्नेहुन्छ ।विद्युतको माग र आपूर्तिबीच सन्तुलन कायम गर्न उर्जा वजारको यथार्थ पहिचान र विद्युत प्रसारण लाइनको समयवद्ध निर्माण गर्नु आवश्यक देखिन्छ ।

जलविद्युतको उत्पादन बढ्दै गएमा कोइला, पेट्रोलियम पदार्थ तथा परम्परागत स्रोतको हिस्सालाई न्यूनीकरण गर्न सकिन्छ भने विद्युत निर्यात मार्फत विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । यसबाट एकातर्फ बढ्दो व्यापार घाटा न्यून हुन जाने तथा अर्कोतर्फ उर्जा सङ्कट सम्बोधनको कारण वनविनाश घट्न गई समग्र वातावरणमा अनुकुल प्रभाव पर्ने देखिन्छ । आन्तरिक रूपमा उत्पादित उर्जावाट औधोगिकीकरणका आधार तयार हुने र नागरिकको जीवनमा पनि सकारात्मक परिवर्तन आँउछ ।विद्युतको प्रभावकारी तबरले प्रक्षेपण प्रणालीको विकास गरी सोको आधारमा विद्युत उत्पादन एवम खपत बढाउने र निर्यात गर्ने रणनीति सहितको कार्ययोजना तयार गरी कार्यान्वयन गरिनुपर्दछ ।

कार्यालयको भनाई - विद्युत प्राधिकरणले Take and Pay वा Take or Pay प्रावधानमा PPA गर्ने भनेको बजारलाई आधार मानेर होइनकी प्रसारण प्रणालीको सिमीतता लाई मध्यनजर गरेर हो । बजारको जोखिम त प्राधिकरणले जहिलेपनि आफैले लिइरहेकै छ । तसर्थ Take or Pay PPA का लागि निश्चित सिमा अपनाउनु प्रसारण संरचनाको कारण वाट मात्र भएको हो ।

१३. **सञ्चालन तथा व्यवस्थापन क्षमता -** नेपालको निमित्त जलविद्युत नै उर्जाको महत्वपूर्ण एंव भरपर्दो सम्भाव्य स्रोत हो । उर्जा राष्ट्रिय विकासको मेरुदण्ड र आधुनिक जीवन शैलीको अपरिहार्य आवश्यकता भएकाले नेपालले पछिल्ला आवधिक योजनाहरू, वार्षिक बजेट तथा जलविद्युतसम्बन्धी नीतिगत व्यवस्था मार्फत जलविद्युत विकासलाई उच्च प्राथमिकता दिँदै आएको छ ।२०७६/७७ को बजेट वक्तव्यको बुँदा नं.१५९ मा आधुनिक र नवीकरणीय उर्जा मुलुकको दिगो विकाससँगै सामाजिक आर्थिक रूपान्तरणकोमाध्यम रहेको र उर्जाको ठूलो स्रोत नै जलस्रोत भएकाले यस क्षेत्रलाई हाम्रो सम्वृद्धिको सम्वाहक क्षेत्र वनाउने गरी बजेट विनियोजन गर्ने नीति नेपाल सरकारले लिएको छ । सरकारी प्राथमिकताका वावजुद मुलुकले प्राविधिक

हिसाबले जडान गर्न सकिने क्षमताको करिब ३ प्रतिशतसम्म पनि विद्युत जडान गर्नसकेको छैन । विद्युत उत्पादन र प्रसारणमा भएका नीतिगत व्यवस्था र प्राथमिकताबमोजिम लक्ष्यित कार्यक्रमहरू प्रभावकारीरूपमा सञ्चालन नहुदा विद्युतको आन्तरिक उत्पादनको प्रसारणमा समस्या रहने र भारतबाट विद्युत आयात गरीविद्युत माग धान्नुपर्ने अवस्था रहेको छ। सरकारी नीति तथा प्राथमिकतालाई नतिजामूलक बनाउन थप नीतिगत सुधार, संस्थागत सुदृढीकरण, प्रभावकारी कार्यान्वयन र समयवद्ध परिणाममुखी अनुगमन तथा मूल्याङ्कन पद्धतिको अवलम्बन गर्नुपर्दछ । सञ्चालन तथा व्यवस्थापन क्षमतामा अभिवृद्धि गर्नुपर्दछ । साथै उर्जाको माग र आपूर्तिबीच निरन्तर सन्तुलन कायम गर्न समयबद्धरूपमा न्युन लागतमा विद्युत उत्पादन, प्रसारण र वितरण आयोजनाहरू सम्पन्न गर्नुपर्ने देखिन्छ ।

१४. **प्रसारण लाईनको गुरुयोजना कार्यान्वयन -** चौधौं योजना (२०७३/७४-२०७५/७६) मा स्रोतको अधिकतम सदुपयोग गर्दै विद्युत प्रसारण लाइनको व्यवहारिक गुरुयोजना तयार र कार्यान्वयन गर्ने कार्यक्रम राखिएको थियो । कार्यक्रमअनुसार उक्त गुरुयोजना राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडबाट २०७५/३/१७ मा तयार गरी विभागीय मन्त्रीबाट स्वीकृत गरी जारी गरेको छ । यस गुरुयोजनामा विद्युत प्रसारण लाइनको पूर्व-पश्चिम र उत्तर-दक्षिण सञ्जाल तयार गर्ने लक्ष्य रहेको छ । यसमा अन्तरदेशीय विद्युत प्रसारणका लागि ७ विद्युत विनिमय केन्द्र रहेको छ, जसमध्ये ५ भारतसँग र २ चीनसँग जोडिनेछ । अन्तरदेशीय प्रसारणका लागि ५ क्षेत्रमा विभाजन गरी अन्तर क्षेत्र सञ्चालन गर्ने उद्देश्यका साथ यो गुरुयोजना तयार गरिएको छ । यस गुरूयोजना निर्माण भएपछि अनुमतिपत्र (Licence) वितरण भएका र हुने सम्पूर्ण विद्युत उत्पादक आयोजनाहरू कुन हवमा जोडिने हो सो निर्दिष्ट भएको छ, यद्यपि कुन हव कहिले बन्ने भन्ने कुरा निश्चित हुनसकेको छैन । तथापि गुरुयोजना अनुरूप विद्युत प्रसारण लाईनका सञ्जाल निर्माणका कार्यहरू योजनाबद्ध तबरले अगाडि बढ्नसकेका छैनन् । यसलेगर्दा विद्युत प्रसारण लाइनको पूर्व-पश्चिम र उत्तर-दक्षिण सञ्जाल तयार गर्ने लक्ष्य अपेक्षित अवधि भित्र प्राप्त गर्न कठिनाई हुने देखिन्छ । तसर्थ विद्युतको माग र आपूर्तिबीच निरन्तर सन्तुलन कायम गर्न स्वीकृत गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गरी राष्ट्रिय प्रसारण लाईन निर्माण गर्नेतर्फ नेपाल विधुत प्रधिकरणले ध्यान दिनुपर्दछ ।

१५. **राष्ट्रिय ग्रिड सञ्चालन -** जलविद्युत विकास नीति, २०५८ ले नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा रहेको विद्युत केन्द्रहरूको सञ्चालन, विद्युत प्रसारण तथा राष्ट्रिय ग्रिड सञ्चालन एवम् विद्युत वितरणसम्बन्धी कार्यहरू क्रमशः विभाजन गरी सोको लागि उपयुक्त संस्थागत व्यवस्था गर्ने र राष्ट्रिय ग्रिड सञ्चालनका लागि स्वशासित सार्वजनिक संस्थालाई जिम्मा दिइने नीति लिएको छ । चौधौं योजना (२०७३/७४-२०७५/७६) मा विद्युतको प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने रणनीतिका साथ विद्युत उत्पादन कम्पनी, विद्युत प्रसारण कम्पनी, विद्युत वितरण कम्पनी तथा विद्युत व्यापार कम्पनीको स्थापना गरी कार्य अघि बढाउने कार्यनीति रहेको थियो ।

जलविद्युत विकास नीति, २०५८ को चौध वर्षपछि राष्ट्रिय प्रसारण ग्रिड कम्पनी २०७२ सालमा स्थापना भई हालसम्म ७ मात्र विद्युत प्रसारण लाईनको सम्भाव्यता अध्ययन गर्ने कार्य भईरहेको छ। नेपाल सरकारले लिएको नीति अनुरूप राष्ट्रिय प्रसारण ग्रिड कम्पनीबाट निजी क्षेत्रलाई समेत सहभागी गराई निर्माण र हस्तान्तरण विधिमा प्रसारण लाइनको निर्माण गर्ने र राष्ट्रिय प्रसारण प्रणालीका प्रसारण लाइनहरू यस कम्पनीमा हस्तान्तरण गरिने कार्य भएका छैनन् । हालसम्म नेपाल विद्युत प्राधिकरणले विद्युत प्रसारण लाइनसम्बन्धी अधिकाँश आयोजनाको सञ्चालन र व्यवस्थापन आफै गर्दै आइरहेको छ । राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको संस्थागत, प्राविधिक र वित्तीय क्षमतालाई सुदृढी गरी विद्युत प्रसारण लाईनको निर्माण तथा सञ्चालन गर्न जिम्मेवार बनाई नेपाल सरकारले लिएको नीतिको कार्यान्वयन गर्नेतर्फ उर्जा मन्त्रालयले ध्यान दिनुपर्दछ ।

१६. **विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report, DPR) मा ढिलाई -** सार्वजनिक खरिद ऐन, २०६३ तथा नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ मा सार्वजनिक खरिद सम्झौतामा तोकिएको अवधिभित्र कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था रहेको छ। राष्ट्रिय प्रसारण ग्रिड कम्पनीबाट ७ आयोजनाका लागि परामर्शदाता छनौट गरी विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report, DPR) तयार गर्ने कार्य भएकोमा उक्त कार्यहरूको प्रगति अवस्था निम्नानुसार रहेको छ :

तालिका नं.३ : विस्तृत आयोजना प्रतिवेदन निर्माण प्रगतिको अवस्था

क्र.सं.	आयोजनाको नाम र क्षमता	सम्पन्न गर्नुपर्ने मिति	कैफियत
१	कर्णाली कोरीडोर ४०० के.भी.	२०७६/११/२१	लम्की वर्दगरियामा जग्गा विवाद रहेको कारण DPR समयमा सम्पन्न हुन नसकेको अवस्था छ ।
२	किमाथांका अरुण हब ४०० के.भी.	२०७७/१/२	राष्ट्रिय निकुञ्जमा पर्ने भएकोले निकुञ्जले सहमति नदिदाँ IEE गर्न समस्या भएकोले DPR समयमा सम्पन्न गर्न समस्या हुने देखिएको ।
३	तमोर ढुंगेसाँघु २२० के.भी.	२०७७/२/३०	राष्ट्रिय निकुञ्जमा पर्ने भएकोले निकुञ्जले सहमति नदिदाँ IEE गर्न समस्या भएकोले DPR समयमा सम्पन्न गर्न समस्या हुने देखिएको ।
४	मेवा ढुंगेसाँघु १३२ के.भी.	२०७६/६/१३	हालसम्म सम्पन्न नभएको । IEE गर्न बाँकी रहेको अवस्था छ ।
५	दरौदी(गोर्खा) कोरिडोर १३२ के.भी.	२०७६/११/३०	हालसम्म सम्पन्न नभएको । IEE गर्न बाँकी रहेको अवस्था छ ।

माथि तालिकाअनुसार राष्ट्रिय प्रसारण ग्रिड कम्पनीबाट भई रहेका ७ विस्तृत परियोजना प्रतिवेदन तयारी कार्यमध्ये ३ को अवधि समाप्त भईसकेको भएतापनि हालसम्म विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार हुनसकेको छैन । दुई परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) सम्पन्न गर्नुपर्ने म्याद सकिने अवधि आउन लाग्दा समेत लक्ष्य अनुसारको प्रगति हुन नसकी उक्त कार्य समयमा सम्पन्न हुने अवस्था देखिँदैन । विस्तृत परियोजना प्रतिवेदन (DPR) समयमा नै सम्पन्न गरी आयोजना निर्माण कार्य यथाशक्य छिटो शुरु गर्नेतर्फ कम्पनीले ध्यान दिनुपर्ने देखिन्छ ।

१७. **प्रसारण लाईनको क्षमताको छनौट -** राष्ट्रिय प्रसारण लाईन निर्माण कार्यको पहिचान तथा छनौट गर्दा पहिला राष्ट्रिय प्रसारण लाईनमा जोडिने विद्युत आयोजनाहरूको सम्भावित उत्पादन क्षमताको आँकलन गरी विद्यमान प्रसारण प्रणाली, उक्त आयोजना केन्द्रिय प्रसारण प्रणालीमा जोड्दा पर्न जाने असरलाई मध्यनजर गरी निर्माण कार्य गरिएको भए तापनि स्वतन्त्र उर्जा उत्पादक (IPP) द्वारा आयोजनाको क्षमता कुनैपनि समय हेरफेर गर्न सकिने प्रावधान, प्रसारण लाईन आयोजनाको पहिचान तथा छनौट पश्चात विद्युत उत्पादक आयोजनाको पहिचान हुनसक्ने, विद्युत आयोजनाहरूको Connection Point (Substation) हेरफेर गर्न सकिने प्रावधान आदि मुख्य कारणहरूले गर्दा पुनः बढी क्षमताको प्रसारण लाईन निर्माण कार्य गर्नुपर्ने अवस्था रहेको देखियो ।शुरुमा प्रसारण लाईन निर्माण गर्दा तत्काल त्यस कोरिडोरमा आउने आयोजनाहरूको क्षमताको आधारमा प्रसारण लाईन निर्माण हुने र पछि अन्य आयोजनाहरूको उत्पादन अनुमतिपत्र दिँदा सोहीअनुसार पुनः उक्त प्रसारण लाईनहरूको क्षमता वृद्धि गर्ने गरेको देखियो । यसले एकातिरप्रसारण लाइनको भारवहन क्षमता भन्दाबढी विद्युत उत्पादन हुन गई उत्पादित विद्युत प्रवाहमा समस्या हुने र विद्युत खेर जाने अवस्था रहन्छ भने अर्कोतिर बढी क्षमताको प्रसारण लाइन निर्माण गर्न थप स्रोतको आवश्यकता पर्दछ ।सम्बन्धित क्षेत्रहरूको विद्युत उत्पादन क्षमताको वस्तुगत विश्लेषण गरी सोही अनुसारको विद्युत प्रसारण लाईनको योजना तयार गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

कार्यालयको भनाई - कुनै एउटा नदी बेसिनमा पहिचान भएका सम्पूर्ण जलविद्युत आयोजनाहरूको वित्तीय समापन (Financial Closure) हुन्छ र सबै आयोजनाहरू निर्माणमा जान्छन् भन्ने प्रष्ट आधार हुँदैन । तसर्थ, नदी बेसिनमा पहिचान भएका सम्पूर्ण जलविद्युत आयोजनाहरूको पूर्ण क्षमतालाई आधार मानी शुरुमा नै प्रसारण लाईनको क्षमता यकिन गरी निर्माण गर्दा साधन र श्रोतको Optimization नहुने साथै प्राविधिक रूपमा पनि त्यस्ता प्रसारण लाईनहरू सञ्चालन गर्न कठिनाई हुन जान्छ ।

१८. **विद्युत प्रसारण लाइन कोरिडोरको निर्माण अवस्था -** वाह्रौं आवधिक योजना (२०६७/६८-२०६९/७०) मा प्राथमिकतामा रहेका कार्यक्रम तथा तेह्रौं आवधिक योजना (२०७०/७१-२०७२/७३) मा निजी क्षेत्रबाट विकास गरिने जल विद्युत आयोजनाबाट उत्पादित विद्युत शक्ति प्रसारण गर्न कालीगण्डकी प्रसारण कोरिडोर, मर्स्याङ्दी कोरिडोर, कोशी कोरिडोर, सोलु कोरिडोर, कावेली कोरिडोर लगायतका प्रसारण लाइनहरूको निर्माण कार्यलाई प्राथमिकताका आधारमा तीव्रता दिने प्रमुख कार्यक्रम रहेको थियो । चौधौँआवधिक योजना (२०७३/७४ देखि २०७५/७६) मा प्रमुख कार्यक्रमका रूपमा राखिएको थियो । विद्युत खरिद सम्झौतामा भएको व्यवस्थाबमोजिम स्वतन्त्र उर्जा उत्पादकले विद्युत उत्पादन गर्न तोकिएको मिति (Required Commercial Operation Date, RCOD) मा उत्पादित विद्युत प्रसारण लाइनमा जडान गर्न नसकेको अवस्थामा तोकिएको दरमा क्षतिपूर्तिको तिर्नुपर्ने हुन्छ भने विद्युत उत्पादकहरूले RCOD मा विद्युत

उत्पादन गर्ने अवस्था रहेको तर नेपाल विद्युत प्राधिकरणले विद्युत प्रसारण लाईन सम्पन्न गर्न नसकेको अवस्थामा विद्युत उत्पादकलाई क्षतिपूर्ति दिनुपर्ने अवस्था हुन्छ । विद्युत प्रसारण लाइन कोरिडोर निर्माण कार्यका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

१८.१. **त्रिशुली कोरिडोर -** यस कोरिडोरको विद्युत प्रसारणलाइन तथा सवस्टेशन निर्माण कार्य अप्रिल २०२० सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ ।उक्त कोरिडोरमा जोडिने आयोजनाको निर्माण अवस्था र प्रसारण लाईन निर्माण कार्यको तुलनात्मक स्थिति देहायमा उल्लेख गरिएको छ ।

तालिका नं.४ :विद्युत कोरीडोर उत्पादन र प्रसारण लाइन निर्माण अवस्था

आयोजनाको नाम	जडित क्षमता (मेगावाट)	RCOD	ECOD	जोडिने प्रसारण लाइन	प्रसारण लाईन सम्पन्न गर्नुपर्ने मिति	प्रसारण लाइनको २०७५/७६ अन्तसम्मको प्रगति
माथिल्लो सान्जेन	१४.८	२०७५/१०/०१	२०७८/०३	चिलिमे त्रिशुली २२० के.भी. प्रसारण लाईन	२०७६/०२/३०	४५%
रसुवागढी	१११	२०७५/१०/०१	२०७७/०३			
सान्जेन	४२.५	२०७५/१०/०१	२०७७/०३			
लाङटाङ खोला	२०	२०७६/१२/३०	२०७८/०३			
आखु खोला	३४	२०७६/१२/३०	Unpredictable	समुन्द्रटार त्रिशुली थ्री वी हव १३२ के.भी. प्रसारण लाईन	२८/११/२०१८ (२०७५/०८/१२)	७०.५४%
माथिल्लो मैलुन	१४.३	२०७५/१०/०१	२०७७/१२			
पलखुँ खोला	१३.७	२०७५/१०/०१				
फलाँकु खोला	५	२०७६/०८/०१	२०७८/०३			
अपर टाडी	११	२०७५/१०/०१				

(क) माथि उल्लेखित विद्युत उत्पादन आयोजनाहरूको RCOD समाप्त भईसकेको अवस्थामा पनि उक्त आयोजनाहरू जोडिने प्रसारण लाईन निर्माण सम्पन्न हुनसकेको छैन । उक्त विद्युत उत्पादन आयोजनाहरूको RCOD समाप्त भई आयोजना सम्पन्न गर्ने मिति संशोधन गरी नयाँ ECOD कायम गरिएको छ ।माथिल्लो साञ्जेन जलविद्युत आयोजनाको ECOD को २०७८ आषाढसम्म रहेको, रसुवागढी जलविद्युत आयोजनाको ECOD को २०७७ आषाढसम्म रहेको, साञ्जेन जलविद्युत आयोजनाको ECOD को २०७७ आषाढसम्म रहेको, लाङटाङ खोला जलविद्युत आयोजनाको ECOD को २०७८ आषाढसम्म रहेको छ । चिलिमे जलविद्युत कम्पनीका निर्माणाधीन तीन आयोजना १११ मेगावाटको रसुवागढी, ४२.५ मेगावाटको सान्जेन र १४.८ मेगावाटको माथिल्लो सान्जेनको विद्युत जोडने प्रसारण लाईन निर्माणमा ढिलाईका कारणले खेर जाने अवस्था आउनसक्ने देखिन्छ । रसुवामा निर्माणाधीन र निर्माण हुने जलविद्युत आयोजनाहरूको विद्युत प्रवाहको लागि निर्माण भईरहेको चिलिमे-त्रिशुली २२० के.भी.प्रसारण लाईन २०७६/२/३० मा सम्पन्न हुनुपर्नेमा निर्धारित समयमा सम्पन्न भएको देखिएन । हालसम्म प्रसारण लाइन निर्माणको ४५ प्रतिशत प्रगति भएको छ । ३ जलविद्युत आयोजना निर्माणको अन्तिम चरणमा पुगेका छन्, अहिलेको गतिमा प्रसारण लाईन र सबस्टेसनको निर्माण सक्न धेरै समय लाग्ने देखिन्छ । उक्त प्रसारणलाईन निर्माण कम्पनीले २७ किलोमिटर प्रसारण लाइनसँगै चिलिमे र त्रिसुली ३ बी हब सबस्टेसनको पनि निर्माणको जिम्मा पाएको छ । प्रसारण लाईनमा पर्ने ७८ टावरमध्ये ८ को जग हालिएको छ, ४० जग हाल्न खनिएको छ भने बाँकीको जग हाल्न खन्ने काम भइरहेको छ । आयोजनाले चिलिमेबाट मैलुङसम्म १९ किलोमिटर डबल सर्किट र मैलुङबाट त्रिशुली ३ बी हबसम्म ८ किलोमिटर चार सर्किट निर्माण गर्नुपर्नेछ । त्रिशुली नदी बेसिनमा निर्माणाधीन र निर्माण हुने करिब ६०० मेगावाटको विद्युत राष्ट्रिय प्रणालीमा जोड्न प्रसारण लाइन र सबस्टेसनको निर्माण गर्न लागिएको छ । एक वर्ष अगाडि नै निर्माण सम्पन्न गर्नुपर्ने प्रसारण लाईनको काम ४५ प्रतिशत मात्र प्रगति भएको र धेरै काम बाँकी रहेको अवस्थामा रसुवा गढी र सान्जेन विद्युत आयोजना लक्ष्य अनुसार २०७७ आषाढमा सम्पन्न हुदाँ ती आयोजनाबाट उत्पादन हुने १५३.५ मेगावाट विद्युत खेर जाने अवस्था रहेको छ ।

माथिल्लो मैलुन जलविद्युत आयोजनाको ECOD को २०७७ चैत्रसम्म रहेको, फलाँकु खोला जलविद्युत आयोजनाको ECOD को २०७८ आषाढसम्म रहेको र आखु खोला जलविद्युत आयोजनाको ECOD को मिति अनिश्चितता रहेकोमा उक्त आयोजनाहरूबाट उत्पादित विद्युतको राष्ट्रिय ग्रिडमा

जोडिनका लागि आवश्यक समुन्द्रटार त्रिशुली थ्री वी हव १३२ के.भी. प्रसारण लाईन २०७५/८/१२ मा सम्पन्न गर्नुपर्नेमा हालसम्म ७०.५४ प्रतिशत मात्र निर्माण कार्य सम्पन्न भएको छ । उक्त विद्युत उत्पादन आयोजनाहरू समयमा सम्पन्न (RCOD मा) भएको भएमा प्रसारण लाईनको अभावमा उत्पादित विद्युत खेर गई आयोजनाले नोक्सानी व्यहोर्नुपर्ने र नेपाल विद्युत प्राधिकरणले क्षतिपूर्ति बापत रकम तिर्नुपर्ने अवस्था रहन्थ्यो ।

१८.२. **कालीगण्डकी कोरिडोर -** यस कोरिडोरको विद्युतप्रसारण लाइन तथा सबस्टेशन निर्माण कार्य २०७७/७८ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । उक्त कोरीडोरमा जोडिने आयोजनाको निर्माण अवस्था र प्रसारण लाईन निर्माण कार्यको तुलनात्मक स्थिति देहायमा उल्लेख गरिएको

तालिका नं.५ : विद्युत कोरीडोर उत्पादन र प्रसारण लाइन निर्माण अवस्था

आयोजनाको नाम	जडित क्षमता (मेगावाट)	RCOD	ECOD	जोडिने प्रसारण लाइन	प्रसारण लाईन सम्पन्न गर्नुपर्ने मिति	प्रसारण लाइनको २०७५/७६ अन्तसम्मको प्रगति
मिस्त्री खोला	४३	२०७६/५/१४	२०७६/१२	दाना कुश्मा प्रसारणलाईन आयोजना	३०/११/२०१९ (२०७६/०८/१४)	८५.५२%
दरवाङ म्याग्दी	२५	२०७५/१२/२५	२०७८/०३			
घार खोला	१४	२०७६/८/३०	२०७७/१०			
	४	२०७६/८/२	Unpredi-ctable			

माथि उल्लेखित विद्युत उत्पादन आयोजनाहरूको RCOD समाप्त भईसकेको अवस्थामा पनि प्रसारण लाईन निर्माण हुनसकेको छैन । उक्त विद्युत उत्पादन आयोजनाहरूको RCOD समाप्त भई आयोजना सम्पन्न गर्ने मिति संशोधन गरी नयाँ Estimated Commercial Operation Date-(ECOD) कायम गरिएको छ । मिस्त्री खोला जलविद्युत आयोजनाको ECOD को २०७६ चैत्रसम्म रहेको, दरवाङ म्याग्दी जलविद्युत आयोजनाको ECOD को २०७८ आषाढसम्म रहेको, घार खोला जलविद्युत आयोजनाको ECOD को २०७७ माघसम्म रहेको र रूपसे खोला जलविद्युत आयोजनाको ECOD को मिति अनिश्चितता रहेकोमा उक्त आयोजनाहरूबाट उत्पादित विद्युतको राष्ट्रिय ग्रिडमा जोडिनका लागि आवश्यक दाना कुश्मा प्रसारण लाईन २०७६/८/१४ मा सम्पन्न गर्नुपर्नेमा हालसम्म ८५.५२ प्रतिशत मात्र निर्माण कार्य सम्पन्न भई अधुरो रहेको छ । उक्तप्रसारण लाईन निर्माण नहुदाँ निकट भ्क्रृइम समाप्त भैसकेको र भविष्यमा उत्पादन शुरु गर्न थालेका मिस्त्री खोला र घार खोलाबाट उत्पादन हुने ५७ मेगावाट विद्युत खेर जाने अबस्था छ ।

१८.३. **मर्स्याङदी कोरिडोर -** यस कोरिडोरको विद्युतप्रसारण लाइन तथा सबस्टेशन निर्माण कार्य २०७६/७७ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ ।उक्त कोरिडोरमा जोडिने आयोजनाको निर्माण अवस्था र प्रसारण लाईन निर्माण कार्यको तुलनात्मक स्थिति देहायमा उल्लेख गरिएको छ

तालिका नं.६ :विद्युत कोरीडोर उत्पादन र प्रसारण लाइन निर्माण अवस्था

आयोजनाको नाम	जडित क्षमता (मेगावाट)	RCOD	ECOD	जोडिने प्रसारण लाइन	प्रसारण लाईन सम्पन्न गर्नुपर्ने मिति	प्रसारण लाइनको २०७५/७६ अन्तसम्मको प्रगति
दोर्दी खोला	२७	२०७६/०५/१४	२०७७/०३	उदिपुर भरतपुर २२० के.भी. प्रसारण लाइन	२० अक्टोवर, २०२० २०७५/०७/०४	२१%
दोर्दी-१	१२	२०७६/०८/१६	२०७७/०५			
माथिल्लो दोर्दी ए	२५	२०७६/०५/१४	२०७६/१२			

माथि उल्लेखित विद्युत उत्पादन आयोजनाहरूको RCOD समाप्त भईसकेको अवस्थामा पनि उक्त आयोजनाहरू जोडिने प्रसारणलाईन निर्माण सम्पन्न हुनसकेको छैन । उक्त विद्युत उत्पादन आयोजनाहरूको RCOD समाप्त भई आयोजना सम्पन्न गर्ने मिति संशोधन गरी नयाँ ECOD कायम गरिएको छ । दोर्दी जलविद्युत आयोजनाको ECOD को २०७७ आषाढसम्म रहेको, दोर्दी-१ जलविद्युत आयोजनाको ECOD को २०७७ भाद्रसम्म रहेको र माथिल्लो दोर्दी ए जलविद्युत आयोजनाको ECOD को २०७६ चैत्रसम्म

रहेकोमा उक्त आयोजनाहरूबाट उत्पादित विद्युतको राष्ट्रिय ग्रिडमा जोडिनका लागि आवश्यक उदिपुर भरतपुर २२० के.भी. प्रसारण लाइन २०७५/८/१२ मा सम्पन्न गर्नुपर्नेमा हालसम्म २१ प्रतिशत मात्र निर्माण कार्य सम्पन्न भएको छ । उक्तप्रसारण लाईन अधुरो रहेको कारण ३ आयोजना सम्पन्न भएपछि उत्पादन हुने ५४ मेगावाट विद्युत खेर जाने अवस्था छ ।

१८.४. **सोलु कोरिडोर -** यस कोरिडोरको सबस्टेशन (तिन्नाला : १३२/३३/११) निर्माण कार्य२०७६/५/८ गते चार्ज भएको छ भने विद्युत प्रसारण लाइन मे, २०२० सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ ।उक्त कोरिडोरमा जोडिने आयोजनाको निर्माण अवस्था र प्रसारण लाईन निर्माण कार्यको तुलनात्मक स्थिति देहायमा उल्लेख गरिएको छ :

तालिका नं.७ :विद्युत कोरिडोर उत्पादन र प्रसारण लाइन निर्माण अवस्था

आयोजनाको नाम	जडित क्षमता (मेगावाट)	RCOD	ECOD	जोडिने प्रसारण लाइन	प्रसारण लाईन सम्पन्न गर्नुपर्ने मिति	प्रसारण लाइनको २०७५/७६ अन्तसम्मको प्रगति
तल्लो सोलु जलविद्युत	८२	२०७६/०८/३०	२०७७/०८	सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाईन	जनवरी, २०२०	८८% (२०७६ माघ)
माथिल्लो सोलु जलविद्युत	१८	२०७४/१०/०१	२०७७/१२			
सोलु खोला (दुधकोशी)	८६	२०७६/१२/१०	२०७८/०३			
सोलु खोला जलविद्युत	२३.५	२०७५/०४/०१	परिक्षणमा रहेको			

(क) माथि उल्लेखित विद्युत उत्पादन आयोजनाहरूको RCOD समाप्त भईसकेको अवस्थामा पनि उक्त आयोजनाहरू जोडिने प्रसारणलाईन निर्माण सम्पन्न हुनसकेको छैन । उक्त विद्युत उत्पादन आयोजनाहरूको RCOD समाप्त भई आयोजना सम्पन्न गर्ने मिति संशोधन गरी नयाँ ECOD कायम गरिएको छ ।तल्लो सोलु जलविद्युत आयोजनाको ECOD को २०७७ मंसिरसम्म रहेको, माथिल्लो सोलु जलविद्युत आयोजनाको ECOD को २०७७ चैत्रसम्म रहेको, सोलु खोला (दुधकोशी) जलविद्युत आयोजनाको ECOD को २०७८ आषाढसम्म रहेको र सोलु खोला जलविद्युत आयोजना परीक्षणको क्रममा रहेकोमा उक्त आयोजनाहरूबाट उत्पादित विद्युतको राष्ट्रिय ग्रिडमा जोडिनका लागि आवश्यक सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाईन२०७६ माघमा सम्पन्न गर्नुपर्नेमा हालसम्म ८८ प्रतिशत मात्र निर्माण कार्य सम्पन्न भएको छ ।

(ख) सोलु कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना (प्रसारण लाइन तथा सबस्टेशन दुबै) ठेक्का नं. ICB-T/L/SC/071/072-1 को लागत अनुमान २ करोड ७८ लाख ४१ हजार ७१९ अमेरिकी डलर रहेकोमा २ करोड २१ लाख ५३ हजार ८७४ अमेरिकी डलर (लागत अनुमानभन्दा २०.४३ प्रतिशत घटी) मा २४ मार्च २०१९ मा सम्पन्न गर्ने गरी ५ अप्रिल २०१६ मा खरिद सम्झौता भएको छ । उक्त परियोजनामा ११.९८ प्रतिशत अर्थात ३३ लाख ३५ हजार ४३८ अमेरिकी डलर बराबरको भेरिएशन अर्डर जारी भएको छ । शुरु सम्झौताको सम्पन्न गर्नुपर्ने म्याद समाप्त भई पहिलो पटक थप भएको म्याद समेत समाप्त हुदाँ कुल ८८ प्रतिशतमात्र भौतिक प्रगति भएको छ ।सन् २०२० को जनवरीसम्म काम सम्पन्न गर्नेगरी पहिलोपटक आयोजनाले म्याद थप गरेको थियो ।

सोलु खोलामा निजी क्षेत्रका २१७.५ मेगावाटका ६ जलविद्युत आयोजना निर्माण भइरहेका छन् । तीमध्ये २३.५ मेगावाटको सोलु खोला जलविद्युत आयोजना निर्माण सम्पन्न भइसकेको र ८२ मेगावाटको तल्लो सोलुको काम पनि अन्तिम चरणमा पुगेको छ । उक्त आयोजना समयमा सम्पन्न नहुँदा निर्माण सम्पन्न भइसकेको विद्युतलाई तिङ्गलामा निर्माण सम्पन्न भएको ३३ केभी प्रसारण लाइनमार्फत ओखलढुङ्गाको रुम्जाटारमा रहेको विद्युत प्राधिकरणको वितरण केन्द्रमा जोडने योजना रहेको छ । प्रसारण लाइनको अभावमा विद्युत जोडन नसकेमा प्राधिकरणले ४५ प्रतिशत क्षतिपूर्ति (पेनाल्टी) तिर्नुपर्ने व्यवस्था विद्युत खरिद सम्झौता (पिपिए) मा उल्लेख छ । उक्त क्षतिपूर्तिबाट बच्नको लागि वैकल्पिक मार्ग ३३ केभी प्रसारण लाइन प्रयोग गर्नुपर्ने अवस्था रहेको छ ।

उदयपुरको कटारी नगरपालिका, मरुवामा प्रसारण लाइनको रुट परिवर्तन गर्न माग राखी निर्माण कार्यमा बाधा अवरोध गरेकोले आयोजना समयमै सम्पन्न गर्न नसकिएको जनाइएको छ । सोलु खोला जलविद्युत आयोजना (२३.५ मेगावाट) को निर्माण कार्य सम्पन्न भई परीक्षण उत्पादन भईरहेको तर विद्युत

प्रसारणलाइनको निर्माण कार्य सम्पन्न भई नसकेकोले वर्षायाममा उत्पादित विद्युत पूर्णक्षमतामा प्रसारण हुन नसक्ने, विद्युत उत्पादक कम्पनीलाई क्षतिपूर्ति बापत रकम भुक्तानी गर्नुपर्ने, विद्युत उत्पादकले ठूलो नोक्सानी व्यहोर्नुपर्ने, विद्युतको माग पूर्ति गर्न भारतबाट महँगोमा विद्युत आयात गर्नुपर्ने अवस्था रहने हुन्छ । साथै ३३ के.भी. प्रसारण लाइनको विद्युतप्रवाह क्षमता १३-१४ मेगावाट मात्र हुने, ट्रिपिङ्गको समस्याले विद्युत उत्पादनमा अवरोध ल्याउने हुदाँ विद्युतगृह पूर्णक्षमतामा सञ्चालन हुन नसक्ने अवस्था रहन्छ । यसलेविद्युतको समग्र लागतमा वृद्धि गर्दछ ।

प्रचलित कानुन तथा खरिद सम्झौतामा भएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गरी समयमा नै प्रसारण लाईन आयोजना निर्माण कार्य सम्पन्न गरी विद्युतको समग्र लागत वृद्धि हुने अवस्था सिर्जना हुन नदिने र विद्युतको माग तथा आपूर्तिबीच सन्तुलन कायम गर्नआई पर्ने समस्याहरूलाई समयमा नै समाधान गर्दै तोकिएको समयमा प्रसारण लाइन निर्माण आयोजना सम्पन्न गर्न सम्बन्धित सबै सरोकारवाला निकायहरू सम्बेदनशील हुनुपर्ने देखिन्छ । यसतर्फ सबै सरोकारवालाको ध्यान जानुपर्दछ ।

१८.५. **कोशी कोरिडोर -** यस कोरिडोरको इनरुवा-बसन्तपुर-तुम्लिँगटार-बानेश्वर खण्ड(१०५ किलोमिटर) को प्रसारण लाईन तथा सवस्टेशनहरूको जुन, २०२० सम्म र बसन्तपुर ढुँगेसाँघु खण्ड (३५ किलोमिटर) प्रसारण लाईन तथा सवस्टेशन डिसेम्बर, २०२० सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ ।उक्तकोरिडोरमा जोडिने आयोजनाको निर्माण अवस्था र प्रसारण लाईन निर्माण कार्यको तुलनात्मक स्थिति देहायमा उल्लेख गरिएको छ:

तालिका नं.८ :विद्युत कोरीडोर उत्पादन र प्रसारण लाइन निर्माण अवस्था

आयोजनाको नाम	जडित क्षमता (मेगावाट)	RCOD	ECOD	जोडिने प्रसारण लाइन	प्रसारण लाईन सम्पन्न गर्नुपर्ने मिति	प्रसारण लाइनको २०७५/७६ अन्तसम्मको प्रगति
सभा खोला ए	९.९९	२०७६/०३/१७	२०७७/१२	कोशी कोरिडोर २२० के.भी.	२०७६/०२/३१ २०७७/०८/२५	८३% (प्याकेज १) ३७% (प्याकेज २)

माथि उल्लेखित सभा खोला ए जलविद्युत आयोजनाको RCOD समाप्त भईसकेको अवस्थामा पनि उक्त आयोजना जोडिने प्रसारण लाईन निर्माण सम्पन्न हुनसकेको छैन । उक्त विद्युत उत्पादन आयोजनाहरूको RCOD समाप्त भई आयोजना सम्पन्न गर्ने मिति संशोधन गरी नयाँ ECOD कायम गरिएको छ ।सभा खोला ए जलविद्युत आयोजनाको ECOD को २०७७ चैत्रसम्म रहेकोमा उक्त आयोजनाबाट उत्पादित विद्युतको राष्ट्रिय ग्रिडमा जोडिनका लागि आवश्यक कोशी कोरिडोर २२० के.भी. प्रसारण लाईन प्याकेज-१ मिति २०७६/२/३१ मा सम्पन्न गर्नुपर्नेमा २०७५/७६ को अन्त्यसम्म ८३ प्रतिशत र प्याकेज-२, मिति २०७७/८/२५ मा सम्पन्न गर्नुपर्नेमा २०७५/७६ को अन्त्यसम्म३७ प्रतिशत मात्र निर्माण कार्य सम्पन्न भएको छ ।

उपर्युक्तबमोजिम त्रिशुली, कालीगण्डकी, मर्स्याङदी, सोलु, कोशी कोरिडोरको निर्माण अवस्था अवलोकन गर्दा समयमा सम्पन्न हुन नसकेको र ती प्रसारण लाईनमा जोडिने विद्युत उत्पादन आयोजनाको काम केही सम्पन्न भएको र हुने चरणमा रहेको अवस्था छ । यससम्बन्धमा नेपाल विद्युत प्राधिकरणले समयमा प्रसारण लाईन निर्माण सम्पन्न गर्न नसकेमा विद्युत उत्पादक आयोजनाको म्याद थप गर्न लगाई ECOD गर्ने अभ्यास रहेको सरोकारवालासँगको छलफलमा जानकारी हुनआएको छ । ECOD नगरेमा सम्बन्धित बैंकले RCOD को मितिदेखि प्रदान गरेको ऋण आयोजनाबाट असुलीको प्रक्रिया थालनी गर्ने हुदाँ कतिपय अवस्थामा ECOD गर्न बाध्य हुने गरेको सरोकारवालाले जानकारी दिएका छ । उक्त विद्युत उत्पादन आयोजनाहरू समयमा सम्पन्न (RCOD मा) भएको भएमा प्रसारण लाईनको अभावमा उत्पादित विद्युत खेर गई आयोजनाले नोक्सानी व्यहोर्नुपर्ने र नेपाल विद्युत प्राधिकरणले क्षतिपूर्ति बापत रकम तिनुपर्ने अवस्था रहन्थ्यो । विद्युत प्रसारण लाईन समयमै निर्माण सम्पन्न भई विद्युत उत्पादन आयोजना समयमा निर्माण सम्पन्न नभएमा विद्युत उत्पादकले सम्झौताको शर्तबमोजिम क्षतिपूर्ति बापत नेपाल विद्युत प्राधिकरणलाई रकम तिर्नुपर्ने हुन्छ । यसबाट विद्युत उत्पादकलाई समयमा नै आयोजना सम्पन्न गर्न दबाव सिर्जना भई समयमा नै आयोजना सम्पन्न गर्नेतर्फ ध्यान केन्द्रित गर्दछन ।

निर्धारित समयमा प्रसारणलाइन नवनेमा एकातिर उत्पादित विद्युत खेर जाने र नेपाल विद्युत प्राधिकरणले क्षतिपूर्ति बापत ठूलो धनराशी खर्च गर्नुपर्ने देखिन्छ भने विद्युत उत्पादन आयोजनाले ठूलो नोक्सानी व्यहोर्नुपर्ने देखिन्छ, साथै विद्युत माग पूरा गर्न भारतबाट विद्युत खरिद गर्नुपर्ने अवस्था रहन्छ । विद्युत उत्पादन आयोजनाको RCOD को मितिभित्र प्रसारण लाईन निर्माण सम्पन्न गरी स्वदेशी विद्युत उत्पादनको प्रवर्द्धन तथा समयवद्ध खपतको सुनिश्चित गर्नुपर्दछ । प्रसारण लाइन समयमा सम्पन्न गरी विद्युत व्यवस्थापनमा मितव्ययिता तथा दक्षता हासिल गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ । समयमा नै विद्युत प्रसारण लाईन निर्माण गर्ने तर्फ सम्वन्धित निकाय संवेदनशील हुनुपर्दछ ।

कार्यालयको भनाई - ECOD(Expected Commercial Operation Date) ने.वि.प्रा. ले निर्माणाधीन विद्युत आयोजनाहरू RCOD अनुसार निर्माण भैरहेका छन वा छैनन भन्ने सुनिश्चितताका लागि अनुगमनको प्रयोजनार्थ प्रक्ष्येपण गरेको मिति हो जुन समय समयमा वास्तविक प्रगति अनुसार अपडेट गरिरहनु पर्ने हुन्छ । ECOD बाट कुनै Commercial Implication को अवस्था सिर्जना हुदैन भने RCOD (Required Commercial Operation Date) लाई COD (Commercial Operation Date) सँग तुलना गरि सम्झौताको प्रावधान अनुसार Commercial Implication सँग तादात्म्यता मिलाईन्छ । प्राधिकरण र कम्पनी विच सम्पन्न CA(Connection Agreement) मा उल्लिखित प्रसारण संरचना (प्रसारण लाइन र सवस्टेशन) समयमा सम्पन्न हुन नसकी विद्युत प्रवाह हुन नसक्ने देखिएमा कनेक्सन एग्रिमेन्टमा उल्लेख गरे वाहेकको प्रसारण संरचना मार्फत वैकल्पिक योजना का रूपमा जलविद्युत आयोजनावाट उत्पादित विद्युत खेर नजाने व्यवस्था हरसम्भव प्राधिकरणले मिलाउने गरेको छ । त्यस्ता जलविद्युत आयोजनाहरूवाट उत्पादन हुने विद्युत पुर्ण रूपमा नभएतापनि वर्षात याममा आंशिक र हिउँद याममा पूर्णरूपमा विद्युत प्रवाह हुने व्यवस्था मिलाउने गरिएको छ । जलविद्युत आयोजनाहरू सम्पन्न हुने मितिसम्म प्राधिकरणको प्रसारण संरचनापनि निर्माण सम्पन्न भइसक्ने र ति अयोजनाहरूवाट उत्पादन हुने विद्युत प्रवाह गर्न कठिनाई नपर्ने देखिन्छ ।

१९. **विद्युत प्रसारण लाईन निर्माण आयोजना कार्यसम्पादनको अवस्था -** पन्ध्रौ योजना (२०७६/७७-२०८०/११) को प्रारम्भमा विद्युत प्रसारण लाइनको ६६ के.भी.वा सोभन्दा माथिको कुल लम्बाई३९९० सर्किट किलोमिटर पुगेको छ । योजनाको अन्त्यसम्ममा ६६ के.भी. वा सोभन्दा माथिको कुल लम्बाई ८ हजार सर्किट किलोमिटर, ३३ के.भी. प्रसारण लाइन ७ हजार २७७ सर्किट किलोमिटर र ११ के.भी. लाइन ४३ हजार ३५२ किलोमिटर पुऱ्याउने लक्ष्य रहेको छ । विद्युत प्रसारण लाइन निर्माण आयोजना कार्यसम्पादनको अवस्थाका सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन् :

१९.१. **समस्याग्रस्त प्रसारण लाईन आयोजना -** नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ७९(३) मा निर्माणस्थलको व्यवस्था नभई सोसँग सम्बन्धित खरिद कारबाही शुरु गर्नु हुदैन भन्ने व्यवस्था छ ।

विनियम ८२ मा निर्माण कार्यको प्राविधिक स्पेशिफिकेशन उल्लेख गर्दा प्रस्तावित निर्माण कार्यको कार्यक्षेत्र र उद्देश्य; निर्माण स्थलको भौतिक प्रकृति र अवस्था; प्रस्तावित निर्माण कार्यको डिजाईन, निर्माण उपकरण जडान (इरेक्सन), उत्पादन, जडान (इन्सटलेशन) जस्ता कार्यको विवरण, निर्माण कार्यबाट वातावरणमा प्रभाव पर्ने भए त्यस्तो प्रभावको विवरण र त्यस्तो प्रभाव कम गर्न अपनाउनुपर्ने मापदण्ड; अपेक्षित कार्यसम्पादन वा गुणस्तरको प्रत्याभूतिसम्बन्धी विवरण, निर्माण कार्यको विभिन्न चरणमा गरिने निरीक्षण तथा परीक्षण, निर्माण कार्य प्रारम्भ र सम्पन्न गर्ने समयको कार्यतालिका लगायत अन्य आवश्यक कुराहरू उल्लेख गर्नुपर्ने व्यवस्था छ ।

विनियमावलीको विनियम २०५(६ र ७) मा प्राधिकरणसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छाडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा प्राधिकरणले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्नसक्ने र सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ । सम्झौता अन्त्य भएको कारणले सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्दछ सो रकम त्यसरी सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ । विनियमावलीको विनियम १९८(२ र ४) मा काबू बाहिरको परिस्थिति, प्राधिकरणले उपलव्ध गराउनुपर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा तीन महिनसम्मको अवधिसम्म बोलपत्र स्वीकृत गर्ने अधिकारीले र सोभन्दा बढी

अवधि थप गर्नुपर्ने भएमा एक तह माथिको अधिकारी समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । विनियमावलीको विनियम १९९(क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौताबमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले प्राधिकरणलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने र विनियम १९९(ख) मा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माणव्यवसायी खरिद सम्झौताबमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ ।नेपाल विद्युत प्राधिकरणबाट प्राप्त विवरण अनुसार ४ समस्याग्रस्त प्रसारण लाईन निर्माण आयोजना अवस्था निम्नानुसार रहेको पाईयो :

तालिका नं.९ : समस्याग्रस्त प्रसारण लाईन निर्माण आयोजना

समस्याग्रस्त प्रसारण लाईन निर्माण आयोजनाहरू							
					(USD/Nrs हजारमा)		
क्र.सं.	आयोजनाको नाम	सम्झौता मिति	शुरु ठेक्का सम्पन्न गर्नुपर्ने मिति	कुल म्याद थप	ठेक्का सम्झौता रकम	म्याद थप भएको पटक	कैफियत
१	नेपाल भारत विद्युत प्रसारण तथा व्यापार आयोजना	३ फेब्रुअरी २०१३	१ अक्टोवर २०१५	३१ डिसेम्वर २०२०	यूएसडि ५२४२८	४	क. वारा, पर्सा, सप्तरी, मकवानपुर, उदयपुरमा राईट अफ वे मा पर्ने वनको रुखहरूको कटान आदेश समयमा प्राप्त नभएको । ख. Untitled Land को जग्गाको क्षतिपूर्ति रकम दिन निर्णय हुन नसकेको ।
२	खिम्ती ढल्केवर २२० के.भी.प्र.ला.आ. (दोश्रो सर्किट)	३ मे, २०१२	१० जेनवरी २०१४	१५ जुलाई २०१८ (म्याद थपका लागि पेश भएको)	यूएसडि २५७६ र रु ४८८१५	७	८ किलोमिटर लाईन तान्ने काममा अवरोध भईरहेको ।
३	सिंगटी लामोसांघु १३२ के.भी.प्र.ला.आ.	१३ अगष्ट २०१०	१३ नोभेम्वर २०११	३०अप्रिल २०२०	रु ४२८६९७	९	स्थानीय जनताहरूबाट कार्यमा अवरोध भईरहेको ।
४	हेटौडा-विरगंज ६६ के.भी. प्रसारण लाईन क्षमता अभिवृद्धि आयोजना	२० जुन २०१६	सेप्टेम्वर २०१७	९ सेप्टेम्वर २०२०	रु २९०१६०	२	राइट अफ वे को समस्या रहेको ।

(क) **नेपाल भारत विद्युत प्रसारण तथा व्यापार आयोजना -** हेटौडा-ढल्केवगर-इनरुवा ४०० के.भी.प्रसारण लाइन शुरु सम्झौता अनुसार १ अक्टाबवर २०१५ मासम्पन्न हुनुपर्नेमा ३१ डिसेम्बर २०२० सम्म म्याद थप भएको छ । कुल ७९२ टावर प्याडमध्ये ६०९ फाउण्डेसनको कार्य सम्पन्न भई ५७५ टावर ईरेक्सनको कार्य सम्पन्न भएको छ ।३२ महिनामा सम्पन्न गनुपर्ने आयोजना पटक पटक गरी हालसम्म ४ पटकसम्म कुल ५ वर्ष ३ महिना अर्थात शुरु सम्झौताको १९४ प्रतिशत म्याद थप हुदाँ समेत निर्माण कार्य सम्पन्न भएको छैन । राईट अफ वे मा पर्ने रुखहरू कटानको स्वीकृति प्राप्त नभएको, जग्गाको क्षतिपूर्ति रकम सम्बन्धमा निर्णय हुन नसकेको कारणले निर्माण कार्यमा ढिलाई भएको छ ।

कार्यालयको भनाई - जलस्तरको कारणले कोशी नदीमा Pile Foundation कार्य गर्न नसकिएको, स्थानीयहरूले अवरोध गरेको, लाहानमा टावर निर्माण कार्य रोक्न सम्मानित सर्वोच्च अदालतमा मुद्दा दायर भएको, मकवानपुर जिल्लामा प्रशारण लाइनको ROW मुनि परेका रुखहरू कटान गर्न मन्त्रिपरिषदवाट २०७६ पौषमा स्वीकृत भएता पनि ROW tyf Tower Pad को जग्गाको सट्टा भर्ना बापतको रकम र वृक्षारोपण गर्न लाग्ने खर्चको मूल्याकंन डिभिजन वन कार्यालयवाट नगरिएकोले रुख छपान तथा कटान आदेशको प्रकृया शुरु हुन नसकि कार्य प्रभावित भएको ।

(ख) **खिम्ती ढल्केवर २२० के.भी.प्र.ला.आ. (दोश्रो सर्किट) -** यो प्रसारण लाइन शुरु सम्झौता अनुसार १० जनवरी २०१४ मासम्पन्न हुनुपर्नेमा १५ जुलाई २०१८ सम्म म्याद थप भएको छ । कुल ७५ किलोमिटर लम्बाइको यो आयोजनाको ६९ किलोमिटरको कार्य सम्पन्न भई ७ किलोमिटर कार्य गर्न बाँकी रहेको छ । २० महिनामा सम्पन्न गर्नुपर्ने आयोजना पटक पटक गरी हालसम्म ३ पटकसम्म कुल ४ वर्ष ६ महिना अर्थात शुरु सम्झौताको २७० प्रतिशत म्याद थप हुदाँ समेत निर्माण कार्य सम्पन्न भएको छैन । १५ जुलाई २०१८ पछि आयोजनाको म्याद थप नभएको अवस्था छ । अगष्ट २०२० सम्म म्याद थप हुन स्वीकृतिका

लागि पेश भएको नेपाल विद्युत प्राधिकरणको भनाई रहेको छ। यस प्रसारण लाइनमा जोडिने विद्युत उत्पादक आयोजनाहरू समेत प्रभावित हुने देखिन्छ।

कार्यालयको भनाई - ROW मा केही समस्याहरू रहेको तर आपसी समझदारीमा समाधान गरि निर्माण कार्य सुचारु गरिएको।

(ग) **सिंगटी लामोसांघु १३२ के.भी. प्रसारण लाइन** - नेपाल विद्युत प्राधिकरणको सुपर-६ आयोजनाअन्तर्गत दोलखास्थित २५ मेगावाटको सिंगटीखोला जलविद्युत आयोजना निर्माणको अन्तिम चरणमा छ। २०६६ कार्तिकमा शुरु सिंगटी-लामोसाँघु १३२ के.भी. प्रसारण लाइन निर्माणले गति नलिँदा दुवै आयोजनाबाट उत्पादन हुने ३६ मेगावाट खेर जाने देखिएको छ। प्रसारण लाइनको अभावमा विद्युत जोड्न नसकेमा प्राधिकरणले ४५ प्रतिशत क्षतिपूर्ति (पेनाल्टी) तिर्नुपर्ने व्यवस्था विद्युत खरिद सम्झौता (पिपिए) मा उल्लेख छ। सिंगटी-लामोसाँघु प्रसारण लाइनको कुल १२४टावरमध्ये भीमेश्वर नगरपालिकामा पर्ने ७टावर जग्गा विवादले निर्माण थाल्नसकेको छैन। यो प्रसारण लाइन १३ नोभेम्बर २०११ सम्पन्न हुनुपर्नेमा ३०अप्रिल २०२० सम्म म्याद थप भएको छ। १५ महिनामा सम्पन्न गनुपर्ने आयोजना पटक पटक गरी हालसम्म ९ पटकसम्म कुल ८ वर्ष ५ महिना अर्थात्शुरु सम्झौताको६७३ प्रतिशतम्याद थप हुदाँ समेत निर्माण कार्य सम्पन्न भएको छैन।

कार्यालयको भनाई - सम्मानित अदालतवाट फैसला भई पुनः Tower Foundation गर्ने कार्य शुरु गरिएको छ। यो प्रसारण लाईनको निर्माण कार्य सन् २०२० को अक्टोवर महिना सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोछ।

माथि उल्लेखित समस्याग्रस्त आयोजनाहरूको अवस्था विश्लेषणबाट उल्लेखित आयोजनामा रुख कटान, मुआव्जा विवाद, राईट अफ वे प्राप्ति समस्या जस्ता कारणहरूले समय अवधिमा आयोजना निर्माण कार्य सम्पन्न हुनसकेको देखिएन। साथै आयोजना निर्माण अघिको पूर्वतयारी पर्याप्त नगरी बोलपत्रको प्रक्रियामा प्रवेश गरेको तथा ठेक्का कार्यान्वयनको क्रममा देखिएका समस्या समाधान गर्नेतर्फ मन्त्रालय र नेपाल विद्युत प्राधिकरणबाट दक्षता प्रदर्शित नहुदाँ ८ वर्ष म्याद थप हुँदा समेत कार्य सम्पन्न भएको छैन। यसबाट निर्माण लागत बढने, उक्त लाइनमा नोडिने विद्युत वितरणमा प्रभाव पर्ने, विद्युत प्राधिकरणले समेत नोक्सानी व्यहोर्नुपर्ने देखिन्छ। उर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणले सम्बन्धित निकायहरूसँग समन्वय गरी प्रसारण लाइन निर्माणमा देखिएका राईट अफ वे मा पर्ने रुखहरूको कटान स्वीकृति लिई र जग्गाको क्षतिपूर्ति विवाद समाधान गर्नुपर्दछ।

२०. **निर्माणाधीन प्रसारण लाईन आयोजनाको प्रगति** - नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम १९(४) मा निकासा वा खर्च गर्दा कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति भएको छ र कामको गुणस्तर सन्तोषजनक छ भन्ने कुरालाई ध्यान दिनुपर्ने व्यवस्था छ। प्राप्त विवरणको विश्लेषण गर्दाविद्युत प्रसारण लाईन निर्माणको कार्यसम्पादन प्रगतिको अवस्था सन्तोषजनक रहेको पाईएन। अधिकाँश निर्माणाधीन प्रसारण लाईन परियोजना विभिन्न कारणबाट समयमा सम्पन्न हुन नसकेको अवस्था रहेकोछ। केही निर्माणाधीन परियोजनाको प्रगति अवस्था निम्नानुसार रहेको छ :

तालिका नं.१० : निर्माणाधीन विद्युत प्रसारण लाईन आयोजनाको प्रगति अवस्था

(USD & NRsहजारमा)

	आयोजनाको नाम	कार्यको विवरण	सम्झौता मिति	शुरु सम्पन्न गर्नुपर्ने मिति	सम्झौता मिति	हालसम्मको प्रगति	कैफियत
१	रामेछाप गर्ज्याङ खिम्ती १३२ के.भी.	प्रसारण लाइन	११/०२/२०१७	१४/०३/२०१९	युएसडी ४०५४ रु २५७०४८	८५.७७%	जग्गा प्राप्ति र बन कटान सहमति समय मै प्राप्त नहुनु
२	मोदी लेखनाथ १३२ के.भी.	सवस्टेशन	१५/२/२०१८	२०/१२/२०१९	युएसडी ६४७४	८०%	
		प्रसारण लाइन	१२/२/२०१८	२०/६/२०२०	युएसडी ५४३६	२०%	जग्गा प्राप्ति र बन कटान सहमति समय मै प्राप्त नहुनु

३	बुर्तीवाङ-पौदी - अमराई-तम्घास - सन्धीखर्क-गोरुसिंगे १३२ के.भी.	प्रसारण लाइन	२५/४/२०१८	२५/४/२०२०	रु ५५००४३	२२%	
		प्रसारण लाइन	७/५/२०१८	१३/६/२०२०	रु २८३४७६ युएसडी २७१७	४०%	
५	दोर्दी कोरिडोर १३२ के.भी.	प्रसारण लाइन	१३/११/२०१७	१८/७/२०१९	रु २६१८५२	४०%	
		सवस्टेशन	२३/११/२०१७	१८/७/२०१९	रु ३०५६२०	६०%	
६	भरतपुर वर्दघाट २२० के.भी.	प्रसारण लाइन	६/१२/२०१८	२७/०१/२०२०	युएसडी ५५७५	५३%	जग्गा प्राप्ति र बन कटान सहमति समय मै प्राप्त नहुनु
७	नवलपुर (लालवन्दी) १३२/३३ के.भी.	सवस्टेशन	३/१२/२०१८	२६/६/२०२०	रु १६५९०४ युएसडी २६४५	३१%	
८	तामाकोशी काठमाण्डौं १३२/४०० के.भी.	प्रसारण लाइन	१३/६/२०१७	८/४/२०२०	रु ९१९५९३ युएसडी १६५८२	३७.२७%	जग्गा प्राप्ति र बन कटान सहमति समय मै प्राप्त नहुनु

माथि उल्लेखित १७ विद्युत प्रसारण लाइन तथा सवस्टेशन आयोजनाको निर्माण कार्य शुरु सम्झौताको सम्पन्न गर्नुपर्ने म्याद समाप्त हुँदा वा सम्पन्न गर्नुपर्ने म्याद समाप्त हुनलाग्ने अवस्थामा पुग्दा समेत १८ प्रतिशत देखि ८९.०९ प्रतिशतसम्म निर्माण कार्य सम्पन्न भएको छ । जसमा १ आयोजनाको प्रगति २० प्रतिशतभन्दा कम, ५ आयोजनाको प्रगति ३० प्रतिशतभन्दा कम, २ आयोजनाको प्रगति ४० प्रतिशतभन्दा कम, ४ आयोजनाको प्रगति ५० प्रतिशतभन्दा कम, १ आयोजनाको प्रगति ६० प्रतिशतभन्दा कम, १ आयोजनाको प्रगति ७० प्रतिशतभन्दा कम र ३ आयोजनाको प्रगति ९० प्रतिशतभन्दा कम रहेको छ । आयोजना सम्पन्न गर्नुपर्ने म्याद समाप्त हुदाँ वा करिब समाप्त हुने म्यादसम्म १७ आयोजनामध्ये १२ आयोजनाको प्रगति ५० प्रतिशतभन्दा कम रहेको छ । यससम्बन्धमा देहायबमोजिम गर्नुपर्ने देखिएको छ ।

२०.१. बोलपत्र व्यवस्थापन अघि गर्नुपर्ने पूर्वतयारीमा कमी रहेको देखियो । विनियमावलीमा निर्माणस्थलको व्यवस्था नभई सोसँग सम्बन्धित खरिद कारबाही शुरु गर्नुहुँदैन भन्ने व्यवस्था रहेकोमा व्यवहारमा यसको पूर्णपरिपालना गरेको देखिएन । निर्माण कार्य सन्तोषजनकरूपमा अघि बढ्न नसकेको कारणहरूमा राईट अफ वे मा पर्ने वनको रूखहरूको कटानमा समस्या, मुआब्जा वितरणमा समस्या, स्थानीय जनताहरूको अवरोध रहेको देखिन्छ । निर्माणस्थल स्पष्ट नभई कार्य थालनि गर्दा यस्तो समस्या हुने गरेको छ । सम्भाव्यता अध्ययन गर्दा आयोजनाको एलाइनमेन्ट (Allignment) छनौट गर्ने कार्यमा सम्बन्धित निकाय गम्भीर बन्नुपर्दछ । निर्माणस्थल स्पष्ट र विवादरहित नभएसम्म निर्माणको लागि बोलपत्रको प्रक्रियामा प्रवेश गर्नु उचित देखिँदैन । यसतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ ।विद्युत सवस्टेशन निर्माण स्थलको स्पष्टता बोलपत्र तयारी पूर्वनै गर्नसकिने तर प्रसारण लाईनको हकमा टावर प्याड तथा राईट अफ वे मा पर्ने स्थल बोलपत्र तयारी पूर्वयकिन गर्न नसकिने सम्बन्धित पक्षको भनाई रहेको छ ।

२०.२. आयोजनाको लागत अनुमान तयार गर्दा नै स्थलगतरूपमा अध्ययन गरी निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्नेमा व्यवहारमा आयोजना सम्पन्न गर्ने समयावधि निर्धारण गर्दा पर्याप्त वस्तुगत विश्लेषण भएको पाइएन । अधिकाँश आयोजनाहरूको प्रगति न्यून रहेका छन् । Program Evaluation and Review Technique (PERT), Critical Path Method (CPM) जस्ता गणितीय विधिको वस्तुगत विश्लेषण गरी आयोजना सम्पन्न गर्नुपर्ने समयावधि निर्धारण गरिनुपर्दछ । विद्युत प्राधिकरणले आफ्नो साधन र स्रोतले भ्याए सम्म सवै आयोजनाहरूमा लागत अनुमान तयार गर्दा नै स्थलगत रूपमा अध्ययन गरी निर्माण कार्य सम्पन्न गर्न लाग्ने वास्तविक समयावधि अनुमान गर्ने गरेको सम्बन्धित पक्षको भनाई रहेको छ ।

२०.३. बोलपत्र पेश गर्ने अन्तिम म्याद समाप्त हुनु अगावै निर्माणस्थलको यथार्थ जानकारीका लागि बोलपत्रदातालाई निर्माणस्थलको भ्रमण गराउनसक्ने वा बोलपत्रदाताले बोलपत्र तयार गर्न र आवश्यक सूचना प्राप्त गर्न निर्माणस्थलको भ्रमण गर्नसक्ने व्यवस्था विनियमावलीमा छ । विनियमावलीको व्यवस्थाबमोजिम निर्माणस्थलको यथार्थ जानकारीका लागि भ्रमण नहुँदा निर्माणका क्रममा विभिन्न बाधा

व्यवधानहरू तथा समस्याहरू आइपरेको देखिन्छ । यसले गर्दा विद्युत प्रसारण लाइन निर्माण कार्य समयमा सम्पन्न नभई ढिलाई हुने गरेको छ ।कानुनी व्यवस्थाको परिपालनाद्वारा निर्माणस्थलको भ्रमण गरी निर्माणको क्रममा आइपर्नसक्ने जोखिम र बहन गर्नुपर्ने उत्तरदायी पक्ष किटान गरी निर्माण कार्य समयमा नै सम्पन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

कार्यालयको भनाई - विद्युत प्राधिकरणले आयोजनाको प्रकृति हेरी सम्भव भएसम्म बोलपत्रदाताहरूलाई आवश्यक सूचना प्राप्त गर्न निर्माणस्थलको भ्रमण गराउने व्यवस्था गरेको छ । यस सम्वन्धमा प्रसारण लाईन निर्माण जस्ता जटिल आयोजनाहरूको हकमा सम्वन्धित बोलपत्रदाताले निर्माणस्थलको भ्रमण गर्ने वाध्यकारी व्यवस्था हुन र सो नगरी बोलपत्र दर्ता गरेमा सो बोलपत्र रद्ध गर्न सकिने कानुनी व्यवस्था नै हुन जरुरी रहेको ।

२०.४. निर्माण व्यवसायीले खरिद सम्झौताबमोजिम कामको प्रगति नगरेमा प्राधिकरणले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्नसक्ने र सो काम बापत राखिएको पूरै जमानत जफत गरी बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्दछ सो रकम त्यसरी सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था विनियमावलीमा रहेको छ । साथै निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौताबमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा प्राधिकरणले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधरणतया प्रतिदिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौताबमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था विनियमावलीमा रहेको छ। सम्बन्धित निकायलेविद्युत प्रसारण लाइन परियोजनाको कार्य प्रगति सन्तोषजनक नभएको अवस्थामा कानुनबमोजिम खरिद सम्झौताको अन्त्य गरी बाँकी रहेको कार्य पूरा गर्न आवश्यक रकम त्यसरी सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट असुल उपर गरी निर्माण कार्य सम्पन्न गर्ने वा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण व्यवसायीबाट उक्त कार्य सम्पन्न गर्ने कार्य गर्नुपर्दछ ।

२०.५. ऐन, विनियमावलीबमोजिम गरिएको खरिद सम्झौताको कार्यान्वयन गर्न गराउन नियमितरूपमा सुपरीवेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चित गर्नु सम्बन्धित कार्यालय प्रमुखको जिम्मेवारी रहेकोमा प्रसारण लाइन आयोजना समयमा सम्पन्न नभएको अवस्थामा पनि अधिकाँश कार्यालय प्रमुखलाई जिम्मेवार बनाइएको छैन । अधिकाँश आयोजनामा देखिएका समस्या समाधान गर्नेतर्फ सम्बन्धित कार्यालय प्रमुखको क्रियाशिलताको कमी देखिन्छ । १५ महिनामा सम्पन्न गनुपर्ने आयोजना ९ वर्ष ४ महिना वितिसक्दा पनि सम्पन्न भएको छैन । समस्याको तत्काल समाधान गर्न जोड दिनुभन्दा पनि पटक पटक गरी ७ पटकसम्म म्याद थप गर्नेतर्फ अग्रसरता रहेको देखिन्छ। कानुनको व्यवस्थाबमोजिम कार्य प्रगतिको आधारमा दण्ड र पुरस्कारको व्यवस्था गरी नतिजाप्रति सम्बन्धित कार्यालय प्रमुखलाई जिम्मेवार बनाइनुपर्दछ ।

२०.६. प्रसारण लाइन समयमा सम्पन्न नहुदाँ उत्पादित विद्युत राष्ट्रिय ग्रिडमा जोडिन सक्दैन र खेर जाने अवस्था रहन्छ । समयमा निर्माण कार्य सम्पन्न हुन नसक्नुको कारण स्पष्ट गरी यथाशीघ्र समस्या समाधान गरी आयोजनाहरू तोकिएको समय, लागत, परिणाम र गुणस्तरमा सम्पन्न गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । साथै सम्बन्धित जिम्मेवार पक्षलाई जवाफदेही बनाउनुपर्दछ । कानुन र खरिद सम्झौताको पूर्णरूपमा परिपालना गर्नुपर्दछ ।

२०.७. विनियमावलीको विनियम २०५(६ र ७) मा प्राधिकरणसँग खरिद सम्झौता गर्नेले सम्झौताबमोजिम काम शुरु नगरेमा, काम शुरु गरी बिचैमा छाडेमा वा सम्झौताबमोजिम कामको प्रगति नगरेमा प्राधिकरणले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्नसक्ने र सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ । सम्झौता अन्त्य भएको कारणले सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्दछ सो रकम त्यसरी सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ ।

लप्सी फेदी तथा चाँगुनारायण सवस्टेसन निर्माण आयोजना अन्तर्गत प्रसारण लाईन तथा सवस्टेशन निर्माण १३ फेब्रुअरी २०१८ मा सम्पन्न गर्ने गरी २९ अक्टोबर २०१७ मा निर्माण व्यवसायीसँग सम्झौता भएको थियो । यस कार्यको प्रगति २७.२१ प्रतिशत मात्र भएको र निर्माण व्यवसायीको कार्यप्रगति सन्तोषजनक नभएकाले ठेक्का तोडिएको अवस्था रहेको छ ।

त्यस्तै मर्स्याङदी काठमाडौं २२० के.भी. सवस्टेशन निर्माण २ जुन २०१९ मा सम्पन्न गर्ने गरी २२ डिसेम्बर २०१६ मा निर्माण व्यवसायीसँग सम्झौता भएको थियो । यस कार्यको प्रगति ४१.५० प्रतिशत भएको र निर्माणव्यवसायीको कार्यप्रगति सन्तोषजनक नभएकाले यस निर्माण कार्यको समेत ठेक्का तोडिएको अवस्था रहेको छ ।

कानुनअनुसार भएको सम्झौतामा बाँकी रहेको कार्य पूरा गर्न आवश्यक रकम सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरी बाँकी निर्माण कार्य सम्पन्न गरिनुपर्दछ । सम्बन्धित निर्माण व्यवसायीहरूसँगको ठेक्का सम्झौता अन्त्य गरी निजहरूको कार्य सम्पादन जमानत जफत गरेका सम्बन्धित निकायको भनाई रहेको छ ।

कार्यालयको भनाई - स्थानीयले विभिन्न माग राखि निर्माण कार्यमा अवरोध गरेको, टावरको एलाइनमेन्ट रुट सार्न दवाव दिने गरेको, टावरमा पर्ने जग्गामा विभिन्न फलफुलको विरुवा रोपी ३० वर्षको लागि क्षतिपूर्ति माग दावी गरी काम गर्न नदिएको, अन्य सरकारी निकायहरूको सहयोग अपेक्षित रूपमा हुन नसकेको, मुआव्जासम्बन्धी विवादले गर्दा अपेक्षितस्तरमा आयोजनाको प्रगति हुन नसकेको ।

२१. **आवधिक लक्ष्य तथा प्रगति -** विद्युत प्रसारण लाइन निर्माण कार्यको विगत ५ वर्षको लक्ष्य तथा प्रगतिको अवस्था नेपाल विद्युत प्राधिकरण समक्ष माग भएकोमा लक्ष्य कति रहेको थियो भन्ने विवरण प्राप्त भएन । प्राधिकरणबाट विगत ५ वर्षको उपलब्धिको विवरण मात्र प्राप्त भएको छ । आवधिक योजना, आर्थिक सर्वेक्षण र नेपाल विद्युत प्राधिकरणबाट प्रकाशित प्रतिवेदनहरूका सूचनाको संयोजनका आधारमा ६६ के.भी. र सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाइन निर्माण कार्यको लक्ष्य तथा प्रगतिको अवस्था निम्नानुसार रहेको छ :

तालिका नं. ११ : आवधिक योजनागत लक्ष्य तथा प्रगतिको अवस्था

आवधिक योजना	इकाई	लक्ष्य	उपलब्धि	प्रगति प्रतिशत	फरक
दशौ योजना (२०५९/६०-२०६३/६४)	सर्किट किलोमिटर	४३०	४७	१०.९३%	- ३८३
एघारौ योजना (२०६४/६५-२०६६/६७)	सर्किट किलोमिटर	१७४	४४	२५.२९%	-१३०
बाह्रौ योजना (२०६७/६८-२०६९/७०)	सर्किट किलोमिटर	४०४	७२२.८६	१७८.९२%	+ ३१८.८६
तेह्रौ योजना (२०७०/७१-२०७२/७३)	सर्किट किलोमिटर	४००	३६५.१४	९१.२९%	-३४.८६
चौधौ योजना (२०७३/७४-२०७५/७६)	सर्किट किलोमिटर	७८५	९८४	१२५.३५%	+ १९९

विद्युत प्रसारण लाइन निर्माण कार्यको विगत ५ आवधिक योजनको योजनागत लक्ष्य तथा प्रगति प्रस्तुत गरिएको छ ।



विगत ५ आवधिक योजना हेर्दा दशौं योजना अवधिमा लक्ष्यको १५ प्रतिशतभन्दा कम उपलब्धि भएको देखिन्छ । एघारौं योजना अवधिमा २५.२९ प्रतिशत प्रगति भएको छ । एघारौं योजना अवधिसम्मलाई हेर्दा विद्युत प्रसारण लाइन निर्माण कार्यले कार्यान्वयन तहमा कम प्राथमिकता पाएको देखिन्छ ।बाह्रौं

आवधिक योजनाका लक्ष्यको तुलनामा १७८.९२ प्रतिशत प्रगति भएको देखिन्छ, जुन उत्साहजनक रहेको छ। तेह्रौँ आवधिक योजनाको लक्ष्यको तुलनामा ९१.९२ प्रतिशत प्रगति भएको देखिन्छ भने चोधौँ योजनामा लक्ष्यको तुलनामा १२५.३५ प्रतिशत प्रगति भएको देखिन्छ, जुन उत्साहजनक रहेको छ । यद्यपि विद्युत प्रसारण लाइन निर्माणको इकाइगत आयोजनाको प्रगति अवस्था सन्तोषजनक रहेको छैन ।प्रसारणलाइन आयोजनाहरू निर्धारित समयमा सम्पन्न नभई थुप्रियर रहने र कुनै एक वर्षमा विगतदेखि थुप्रियका आयोजना एकै पटक सम्पन्न हुदाँ लक्ष्यको तुलनामा कुनै अवधिमा अत्यन्त कम प्रगति र कुनै अवधिमा अप्रत्याशित प्रगति देखिने गरेको छ । यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

२२. **बजेट तथा खर्च** - नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम १८(३) मा बजेट रकम निकासा दिँदा बजेट र खर्च तथा कार्यक्रमको लक्ष्य र प्रगतिलाई आधार मानिने व्यवस्था छ । विनियम १९(१) मा अधिकार प्राप्त अधिकारीको स्वीकृतिबाट वार्षिक कार्यक्रम, बजेट र खर्चको अख्तियारीको परिधिभित्र रही खर्च गर्नुपर्ने तथा विनियम १९(४) मा कुनै पनि खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम निकासा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा ध्यान दिई निकासा वा खर्च गर्नुपर्ने व्यवस्था छ । नेपाल विद्युत प्राधिकरणको विद्युत प्रसारण लाईन निर्माण तथा सञ्चालनको विगत ३ वर्षको बजेट तथा यथार्थ खर्च स्थिति निम्नानुसार रहेको छ :

तालिका नं.१२ :बजेट तथा यथार्थ खर्च स्थिति

आर्थिक वर्ष	स्वीकृत बजेट रु करोडमा	यथार्थ खर्च रु करोडमा	खर्चको प्रतिशत
२०७३/७४	९०३	४२३	४६.८५
२०७४/७५	१५८६	४५४	२८.६३
२०७५/७६	१४७८	१११०	७५.०१

विगत ३ वर्षलाई हेर्दा बजेट विनियोजनको तुलनामा खर्चको स्थिति कमजोर देखिन्छ । औषतमाबजेट विनियोजनको ५० प्रतिशत मात्र खर्च भएको देखिन्छ ।



आर्थिक वर्ष २०७३/७४ मा कुल विनियोजित बजेटको ४६.८५ प्रतिशत खर्च भएको छ भने २०७४/७५ मा कुल विनियोजित खर्चको २८.६३ प्रतिशतमात्र खर्च भएको छ, जुन बजेटको तुलनामा अत्यन्त न्यून खर्च हो । २०७५/७६ मा कुल विनियोजित बजेटको ७५.०१ प्रतिशत खर्च भएको छ, जुन विगत २ वर्षको तुलनामा सन्तोषजनक रहेतापनि समग्रमा बजेटको तुलनामा खर्च न्यून नै रहेको छ । विद्युत प्रसारण लाइन निर्माण कार्यको व्यवस्थापन तथा सञ्चालन क्षमता कमजोर रहेको देखियो । चौधौँ योजना(२०७३/७४-२०७५/७६) अवधि भित्र पर्ने यी तीन वर्षमा औषतमा कुल विनियोजित बजेटको ५० प्रतिशत मात्र खर्च भएतापनि योजनाको लक्ष्यको तुलनामा १२५.५ प्रतिशत प्रगति भएको देखिन्छ । यथार्थ खर्च र प्रगतिबीच तालमेल देखिदैन । विद्युत प्रसारण लाईनको व्यवस्थापन तथा सञ्चालन क्षमतामा वृद्धि हुनुपर्दछ ।

२३. **थानकोट-चापाँगाउँ-भक्तपुर १३२ के.भी. प्रसारण लाइन -** नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ७९(३) मा निर्माणस्थलको व्यवस्था नभई सोसँग सम्बन्धित खरिद कारबाही शुरु गर्नु हुदैन, विनियम ७२ मा सम्झौताको कार्यान्वयन गर्न गराउन नियमितरूपमा सुपरीवेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चित गर्नु सम्बन्धित कार्यालय प्रमुखको जिम्मेवारी हुनेव्यवस्था छ ।

काठमाडौं उपत्यकाको प्रसारण क्षमता, आपूर्ति गुणस्तरमा सुधार, चुहावट नियन्त्रण र भोल्टेज सुधार गर्न उपत्यकामा प्रसारण लाइनको रिङ्ग निर्माण गर्ने उद्देश्यका साथ यो १३२ के.भी. प्रसारण लाइन निर्माण कार्यको थालनी गरिएको थियो । सर्वप्रथम यस आयोजना निर्माण कार्यका लागि अमेरिकी डलर २ करोड ३० लाख लागतमा ठेक्का बन्दोवस्त भई निर्माण कार्य शुरु भएकोमा राइटअफवे (ROW) मा आएको समस्याले निर्माण कार्यमा ढिला भई निर्माण कार्य सम्पन्न नभई ठेक्का तोडिएको देखियो । उक्त भक्तपुर र ललितपुरमा पर्ने १८ किलोमिटर बाँकी कार्य निर्माणका लागि पुनः अमेरिकी डलर ३० लाख ५० हजारको लागत अनुमान तयार गरिएकोमा स्थानीयले राइटअफवे बापत शतप्रतिशत क्षतिपूर्ति माग गरी अवरोध गरेकोले निर्माण कार्य अघि बढ्नसकेको छैन । लेटिस संरचना (Lattice Structure) मा टावर प्याडले धेरै जग्गा ओगट्ने हुदाँ भारत लगायत विकसित राष्ट्रहरूले वनजङ्गल र बस्तीकाबीचमा कम जग्गाको आवश्यक पर्ने विकल्पको रूपमा प्रयोग गर्दै आएको मोनोपोल संरचना (Monopole Structure) लेराइटअफवे (ROW) सम्बन्धी समस्यालाई कम गर्न मद्धत गर्ने भए तापनि उक्त डिजाईन उपयोग गर्नेतर्फ ध्यान दिइएको पाईएन । पुरानो ठेक्कामा देखिएको समस्या समाधान नगरेकोले समस्या यथावत छ । नेपाल विद्युत प्राधिकरणले सम्बन्धित निकायहरूसँग समन्वय गरी पूर्वतयारी पूरा गरी बोलपत्रसम्बन्धी प्रक्रिया प्रारम्भ गर्नुपर्दछ, साथै शहर बस्ती क्षेत्रमा कम जग्गाको आवश्यक पर्ने संरचना डिजाइन गर्नुपर्दछ ।राइटअफवे (ROW) को क्षतिपूर्ति सम्बन्धमा स्पष्ट नीति र मापदण्ड निर्धारण हुनुपर्दछ ।

कार्यालयको भनाई - नेपाल विद्युत प्राधिकरण र स्थानीय प्रशासनको अथक प्रयास हुँदा हुँदै राजधानीको प्रसारण मेरुदण्डको रूपमा रहेको लाईन सम्पन्न हुन नसक्नु प्रसारण लाईन निर्माणमा आउने अवरोधहरूको ज्वलन्त उदाहरण हो । यसर्थ, प्रसारण आईन निर्माण सम्बन्धमा राज्यस्तरबाटै कडा नीतिगत व्यवस्था नभएसम्म यस्ता समस्या दोहोरिरहने देखिन्छ । नेपाल विद्युत प्राधिकरणले प्रसारणलाईनको क्षेत्रमा विकसित भएका नवीनतम प्रविधिहरू आत्मसाथ गर्न सदैब प्रयत्नशील रहेको छ ।

२४. **विद्युत प्रसारण लाइन र निजी क्षेत्रको विद्युत उत्पादनमा प्रभाव -** विद्युत खरिद सम्झौतामा व्यवस्था भएबमोजिमको शर्त र दरमा उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने कानुनी व्यवस्था रहेको छ । विद्युत प्रसारण लाइनसँग सम्बन्धित विविध पक्षले गर्दा स्वतन्त्र उर्जा उत्पादकहरूबाट उत्पादित सम्पूर्ण विद्युत विक्रीहुन नसकेको अवस्था छ । विद्युत प्रसारण लाईनको भारवहन क्षमताको कमी, प्रसारण लाइनको नियमित मर्मतसंभार तथा गुणस्तरको कमीले गर्दा विभिन्न आयोजनाबाट उत्पादित विद्युत पूर्णक्षमतामा सञ्चालन हुन नसकेको अवस्था रहेको छ । स्वतन्त्र उर्जा उत्पादक संघबाट प्राप्त विवरणअनुसार नमूनाको रूपमा निम्नानुसार १८ जलविद्युत आयोजनाको उत्पादन र प्रसारणको अवस्था तथा विश्लेषणवाट देखिएको व्यहोराहरू निम्नानुसार रहेका छन् :

तालिका नं.१३ : प्रसारण लाइनको कारण विद्युतको नोक्सानी

क्र. सं.	विद्युत आयोजनाको नाम	उत्पादन क्षमता (मेगावाट)	ट्रान्समिसन समस्याका कारण	जोडिएको प्रसारण लाइन र क्षमता	Annual Contract Energy (GWh)	Energy not Sold Anually (GWh)	कैफियत
१	हेवा खोला साना जलविद्युत आयोजना, संखुवासभा	४.५	TL Outage	तिरतिरे दुहवी ३३ के.भी. प्रसारण लाइन ।	२६.०४	४.१२	
२	जिरी खोला साना जलविद्युत आयोजना, दोलखा	२.२	0.6 MW loss in rainy days	जिरी लामो साँघु ३३ के.भी. प्रसारण लाइन ।	१२.७	०.८९	

३	राधि साना जलविद्युत आयोजन, मोरगं	४.४	Outage due to very low line maintenence	डुम्रे उदिपुर मनाङ्ग ३३ के.भी. प्रसारण लाइन ।	२६.२६	०.२०	
४	माथिल्लो हाडिखोला जलविद्युत आयोजना	१	High TL Outage	११ के.भी. तिपेनी प्रसारण लाइन ।	८.१६	२.८६	
५	सभा खोला, संखुवासभा	४	TL Bottleneck	३३ के.भी.तिरतिरे धनकुटा हुदैं दुहवीसम्म ।	२१.७८	३.२७	
६	खानीखोला जलविद्युत आयोजना, ललितपुर	२	TL not Complete	मातर्तीर्थ माल्टा ३३ के.भी. विद्युत प्रसारण लाईन आयोजना, माल्टा सवस्टेसन ललितपुर देखि मातर्तीर्थ काठमाण्डौं ।	१०.४७	६.६	माल्टा सवस्टेसन तयार भएको तर हालसम्म ३४ कि.मी. ३३ के.भी. प्रसारण लाइनको ६० प्रतिशत पनि निर्माण सम्पन्न नभएको । खानीखोलाको कुल विद्युत उत्पादनको ३३ प्रतिशत मात्र वैकल्पिक व्यवस्थाबाट प्रसारण भई ६७ प्रतिशत विद्युत प्रसारण लाईन नबनेको कारणले क्षति भईरहेको अवस्था छ ।
७	टुंगुन ठोस्ने जलविद्युत आयोजना, ललितपुर	४.३६	TL not Complete	मातर्तीर्थ माल्टा ३३ के.भी. विद्युत प्रसारण लाईन आयोजना, माल्टा सवस्टेसन ललितपुर देखि मातर्तीर्थ काठमाण्डौं ।	२२.४	०	
८	अपर हुग्दी जलविद्युत आयोजना, गुल्मी	५	Excessive 33 KV line tripping (3 hour per day)	बुटवल तम्घास प्र.ला.	-	०.१३	
९	थापा खोला जलविद्युत आयोजना, मुस्ताङ	१३.६	TL not complete and bottleneck in existing projects	कालीगण्डकी कोरिडोर २२० के.भी. (हाल मोदि वेनी कोवाङ्ग ३३ के.भी. प्रसारण लाईन)	-	५७	उक्त स्थानमा १३६०० कि.वा. विद्युत evacuation गर्ने क्षमताको लाईन नभएको र लाईन क्षमता ६८८५ कि.वा. मात्र बाँकी रहेको ।
१०	सिप्रिङ खोला जलविद्युत आयोजना, दोलखा	१०	TL Congestion	सिगंटी लामोसाँघु १३२ के.भी. प्रसारण लाईन ।	५२.४४	३.१५	प्रसारण लाइन नबनेको हुदाँ हाल विकल्पको रूपमा ३३ के.भी. लाईनबाट विद्युत प्रसारण भईरहेको अवस्था छ ।

११	मिदिम खोला जलविद्युत आयोजना, लम्जुङ	३	TL Outage	दमौली भोर्लेटार ३३ के.भी. प्रसारण लाईन ।	३५.७३	०.३६	भोर्लेटारमा नेपाल विद्युत प्राधिकरणको सवस्टेसन नवनेको कारण ३० कि.मी. टाढा दमौलीमा जोडन परेको छ ।
१२	चाके खोला जलविद्युत आयोजना, रामेछाप	२.८३	TL Congestion	३३ के.भी. प्रसारण लाईन ।	१४.४५	३.६१	
१३	तल्लो पिलुवा खोला साना जलविद्युत आयोजना, संखुवासभा	९९० KW	TL Outage	तिरतिरे दुहबी ३३ के.भी. प्रसारण लाइन ।	६.८४	१.०९	
१४	थुले खोला जलविद्युत आयोजना, वाग्लुङ	१.५	TL Congestion	मोदी वाग्लुङ्ग प्रसारण लाईन ।	८.२२	१.१८	
१५	पातिखोला जलविद्युत आयोजना, पर्वत	०.९९६		३३ के.भी. मोदी खोला प्रसारण लाईन ।	६.८७	१.०३	
१६	कपडिगाढ जलविद्युत आयोजना	३.३३			१८.९६	५.२२	
१७	मोलुङ खोला जलविद्युत आयोजना, ओखलढुंगा	७	TL Bottleneck	३३ के.भी. ओखलढुङ्गा वुइया जलजले प्रसारण लाइन ।	३५.७३	५.४	
१८	मियाखोला जलविद्युत आयोजना, खोटाङ्ग	१	High Outage		७	०.८७५	
Total energy loss (GWH)							९५.६१०
Total NRs @ 4 NRs							३८, २४, ५९, ३८५/-
Total NRs if purchased from India @ 8 NRs							७६, ४९, १८, ७७१/-
राष्ट्रिय अर्थतन्त्रमा थप व्ययभार परेको							१, १४, ७३, ७८, १७६/-

माथिको तालिकामा विभिन्न १८ जलविद्युत आयोजनाले प्रसारण लाईनको क्षमताको कमी, प्रसारण लाईनको नियमित मर्मतसंभार तथा गुणस्तरको कमीले गर्दा विभिन्न आयोजनाबाट उत्पादित विद्युत पूर्णक्षमतामा सञ्चालन हुनसकेको छैन । यसको कारणबाट ती आयोजनाहरूले उत्पादन गरेको कुल विद्युतमध्ये बार्षिक ९५.६१ गिगावाटआवर (GWH) विक्री गर्न नसकेको अवस्था रहेको छ । उत्पादन गरेको विद्युत विक्री गर्न नसक्दा निजी आयोजनाले अपेक्षित लाभ र नेपाल विद्युत प्राधिकरणले क्षतिपूर्ति दिनुपर्ने अवस्था हुनुका साथै विद्युतको आन्तरिक माग धान्न भारतबाट विद्युत खरिद गर्नुपर्ने अवस्था रहेको छ । निजी क्षेत्रबाट १८ आयोजनाको वार्षिक विक्री हुन नसकेको ९५.६१ गिगावाटआवर (GWH) विद्युत खरिद सम्झौता (पीपीए) को औषत दर रु.४ प्रतिकिलोवाटआवर (KWh) का दरले कुलरु.३८ करोड २४ लाख ५९ हजार ३८५ नोक्सानी भएको देखिन्छ । उक्त ९५.६१ गिगावाटआवर (GWH) विद्युत भारतबाट खरिद गर्दा औषत दर रु.८ प्रति किलोवाटआवर (KWh) का दरले कुल रु.७ करोड ४९ लाख १८ हजार ७७१ भुक्तानी गर्नुपर्ने हुन्छ । प्रसारण लाईनको कारणले स्वदेशमा उत्पादित विद्युत खरिद गर्न नसक्दा आन्तरिक माग धान्न भारतबाट महङ्गोमा विद्युत खरिद गर्नुपर्दा नेपाल विद्युत प्राधिकरण रु.३८ करोड २४ लाख ५९ हजार ३८५ बचत गर्नबाट वञ्चित रहेको छ । नेपाल विद्युत प्राधिकरणले प्रसारण लाईनहरूको नियमित

मर्मतसंभार तथा भारवहन क्षमताको वृद्धि गरी स्थानिय विद्युत उपयोग क्षमता बढाउनुपर्दछ ।यससम्बन्धी अन्य व्यहोरा निम्न छन् :

कार्यालयको भनाई - कतिपय विषयहरू PPA का प्रावधानहरूका आधारमा नै सुल्झाउनुपर्ने भएकाले PPA संशोधन गरि समाधान गर्न सकिने, Hydrology Penalty जस्ता विषयहरूमा कमितिले अध्ययन गरिरहेको र कतिपय विषयहरू विद्युत नियमन आयोगले जारी गरेको विनियमावली लागु हुदा स्वतः समाधान भइजाने देखिन्छ । जलविद्युत आयोजनाहरूको वार्षिक सम्झौता उर्जा (Contract Energy) का आधारमा विद्युत नोक्सानी निर्धारण गरेको देखिन्छ, जलविद्युत आयोजनामा हुने Operation Maintenance tyf Hydrology Risk का कारण Annual Contract Energy सम्मको उर्जा उत्पादन नै हुन नसकि कैयौ जलविद्युत आयोजनाहरूले हर्जना तिर्नु परिरहेको अवस्था छ । RCOD विस्तारका लागि दुइ पक्षिय सहमतिका आधारमा हुने गरेको छ ।

२४.१. जिरी खोला साना जल विद्युत आयोजनाको जडित क्षमता २.२ मेगावाट रहेकोमा १.७६ मेगावाट विद्युत उत्पादन भई ३३ के.भी. प्रसारण लाइन क्षमतामा जोडिएको छ । अन्य ठूला आयोजना समेत यसै प्रसारण लाईनमा प्रवाह गरेको हुँदा पूर्णक्षमतामा विद्युत गृह सञ्चालन गर्न नसकिएको अवस्था सरोकारवालाहरूसँगको छलफलबाट जानकारी भएको छ । उत्पादित विद्युत खेर जाने अवस्था हुन नदिनेतर्फ सम्बन्धित निकाय सम्वेदनशिल बन्नुपर्दछ ।

२४.२. सभा खोला जल विद्युत आयोजनाको जडित क्षमता ४ मेगावाट रहेकोमा वर्षा याममा बढीमा ३.४ मेगावाट मात्र उत्पादन गर्न मौखिक आदेश प्राप्त हुने गरेको कम्पनीको प्रतिक्रिया रहेको छ । विद्युतप्रसारण लाइन १४ मेगावाट क्षमताको रहेको तर पुरानो भएकाले १३.५ मेगावाट हुनाका साथै ट्रिपहुने गरेकोले कम क्षमतामा सञ्चालन गर्नुपर्ने अवस्था रहेको छ । यस आयोजनाले वर्षा याममा ०.६ मेगावाट नोक्सानी हुने गरेको छ । हाल उक्त क्षेत्रमा १७.५ मेगावाट उत्पादन हुन्छ तर प्रसारण लाईनको क्षमता १४ मेगावाट मात्र रहेको छ । उक्त स्थानमा विद्युत उत्पादन आयोजनाको विवरण निम्नानुसार रहेको छ :

क्र.सं.	आयोजनाको नाम	क्षमता
१	अरुण भ्याली हाइड्रोपावर	३ मेगावाट
२	वरुण हाइड्रोपावर	४.५ मेगावाट
३	शुभम हाइड्रोपावर	१ मेगावाट
४	दिब्यश्वरी हाइड्रोपावर	४ मेगावाट
५	पिखुवा खोला जल विद्युत आयोजना (भोजपुरमा जडित)	५ मेगावाट
	जम्मा	**१७.५ मेगावाट**

कुल जडित क्षमता १७.५ मेगावाट कनेक्सन भई ३३ के.भी. प्रसारण लाईन मार्फत धनकुटा हुँदै दुहबीसम्म पुगेको छ । प्रसारण लाईनको क्षमता कम हुँदा विद्युत गृहहरू पूर्णक्षमतामा सञ्चालन नगरी ३.५ मेगावाट क्षमता कटौती गर्नुपरेको अवस्था सरोकारवालासँगको छलफलमा जानकारी हुन आएको छ । विद्युत प्रसारण लाईनको पर्याप्त र भरपर्दो व्यवस्था नहुँदा उत्पादित विद्युत खेर गएको अवस्था छ । यस अवस्थालाई निम्नानुसार चित्र मार्फत स्पष्ट गरिएकोछ :

रेखाचित्र नं.३ : उत्पादित विद्युतको नोक्सानी अवस्था



माथि उल्लेखित चित्रमा विभिन्न ५ जल विद्युत आयोजनाको कुल विद्युत उत्पादन क्षमता १७.५ मेगावाट रहेको छ । उक्त उत्पादित विद्युत ३३ के.भी. प्रसारण लाइनमा जोडिएको छ । प्रसारण लाईनको भारवहन क्षमता १३.५ मेगावाट रहेको छ । प्रसारण लाइनको भारवहन क्षमताको कमीले गर्दा विद्युत आयोजनाहरूले आफ्नो उत्पादनमा कटौती गर्नुपर्ने अवस्था रहेको छ ।आन्तरिक विद्युतगृहको उत्पादन क्षमता कटौती गर्नुपर्ने तर विद्युत मागलाई पूर्ति गर्न भारतबाट विद्युत आयात गर्नुपर्ने अवस्था देखिन्छ । साथै पूर्णक्षमतामा विद्युत गृह सञ्चालन नहुँदा विद्युत उत्पादक संस्थाले नोक्सानी व्यहोर्नुपरेको अवस्था रहेको छ । प्रसारण लाइनको क्षमता तथा गुणस्तर वृद्धि गर्ने र उत्पादित विद्युत खेर जाने अवस्था हुन नदिनेतर्फ सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ ।

कार्यालयको भनाई - केही प्रसारण लाइनमा Congestion भएको कारणले केही समयका लागि केही आयोजना वाट उत्पादित विद्युतहरूलाई Scheduling गर्नुपर्ने अवस्था रहेतापनि नियमित मर्मतसंभार तथा गुणस्तको कमीले गर्दा आयोजनाहरू पूर्ण क्षमतामा संचालन हुन नसकेको अवस्था होइन । विद्युत प्राधिकरणले नियमित तथा आवधिक रूपमा प्रसारण लाईनहरूको मर्मत संभार गर्ने गरेको छ । जटिल भौगोलिक अवस्था, प्रतिकूल मौसम तथा बाढी, पहिरो लगायत अन्य दैबी प्रकोपका कारणले विद्युतिय संरचनारुमा हुने क्षतिवाट पनि यदाकदा आयोजनाहरूवाट उत्पादित विद्युत प्रवाह गर्न नसकिने अवस्था रहेको छ ।

२४.३. सिप्रिङ्ग खोला जलविद्युत आयोजनाको जडित क्षमता क्षमता १० मेगावाट रहेको र उक्तविद्युत सिंगटी लामोसाँघु १३२ के.भी. प्रसारण लाईनमा जोडिनुपर्नेमा सो प्रसारण लाईन नबनेको कारण ४ मेगावाट विद्युत नोक्सानी भएको कम्पनीले जनाएको छ । हाल वैकल्पिकरूपमा चरिकोट-लामोसाँघु ३३ के.भी. प्रसारण लाईनमा २० मेगावाट क्षमताका ६ जलविद्युत आयोजना जोडिएको तर उक्त लाईनमार्फत १३ मेगावाट मात्र विद्युत प्रवाह हुने भएकोले बाँकी विद्युत खेर गईरहेको छ ।आवश्यकताअनुसार नयाँप्रसारण लाइनको निर्माण वा विद्यमान प्रसारण लाइनको क्षमता तथा गुणस्तर वृद्धि गर्ने र उत्पादित विद्युत खेर जाने अवस्था हुन नदिनेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

२४.४. थापाखोला जलविद्युत आयोजनाको जडित क्षमता १३.६ मेगावाट रहेकोमा १, १४, ४०, ०६७/२० किलोवाट आवर विद्युत नोक्सानी भएको कम्पनीले जनाएको छ । उक्तविद्युत काली गण्डकी कोरिडोर २२० के.भी.मा जोडिनुपर्नेमा नबनेको कारण हाल वैकल्पिकरूपमा मोदि-बेनी-कोबाङ्ग ३३ के.भी.प्रसारणलाईनमा जोडिएको छ । उक्त प्रसारण लाईनमा सवस्टेशनहरूमा (१५०: १Ratio को CT= Current Transformer) लागेको तर थापाखोलाको पुरा विद्युत evacuate हुनको लागि (३००: १ Ratio को CT= Current Transformer) आवश्यक पर्दछ । विद्युत उत्पादन मितिदेखि हालसम्म कुल रु.५६ करोड ९२ लाख १८ हजार नोक्सानी व्यहोर्नु परेको कम्पनीले जनाएको छ । सम्बन्धित निकायले आवश्यकता अनुसार सवस्टेशनमा सुधार गरी उत्पादित विद्युत पूर्णरूपमा Evacuate हुने व्यवस्था गर्नुपर्दछ ।

कार्यालयको भनाई - थापाखोला जलविद्युत आयोजना १३.६ मे.वा. वैकल्पिक व्यवस्था अनुसार जडान नभएको तर उक्त प्रसारण लाइनको Operation मा देखिएका समस्याका कारण उक्त आयोजनालाई हाल दुबै पक्षको सहमतिमा २२० के.भी. दाना सवस्टेशनमार्फत प्रवाह गराउने छलफल भई सोहीबमोजिम कार्य अगाडि वढ्ने प्रक्रियामा रहेको छ ।

२४.५. खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडबाट प्रवर्द्धित टुँगुन ठोस्ने जलविद्युत आयोजना, ललितपुरको उत्पादन क्षमता ४.३६ मेगावाट र वार्षिक विद्युत सम्झौता २२.४ गिगावाटआवर रहेको छ । प्रसारण लाईन समयमा सम्पन्न नहुदाँ ११ के.भी.लाइन मार्फत विद्युत प्रसारण भई उत्पादित विद्युत ७, २३, २४, १३७.२० कि.वा.घ.मध्ये २, ७१, २०, ८८० कि.वा.घ. विक्री भई ४, ५२, ०३, २५७.२० कि.वा.घ. नोक्सानी हुनगई विद्युत उत्पादन मितिदेखि २०७६।१०।१ सम्म कुल रु.२४ करोड ४८ लाख ४२ हजार नोक्सानी व्यहोर्नुपरेको कम्पनीले जनाएको छ ।

सोही कम्पनीबाट प्रवर्द्धित खानीखोला जलविद्युत आयोजनाको उत्पादन क्षमता २.०० मेगावाट र वार्षिक विद्युत सम्झौता १०.६७ गिगावाटआवर रहेकोमा प्रसारण लाईन समयमा सम्पन्न नहुँदा ११ के.भी. लाइन मार्फत विद्युत प्रसारण भई उत्पादित विद्युतमध्ये ६.६७ गिगावाटआवर नोक्सानी भएको कम्पनीले जनाएको छ । कुल विद्युत उत्पादनको ३३ प्रतिशत मात्र वैकल्पिक व्यवस्थाबाट प्रसारण भई ६७ प्रतिशत विद्युत क्षति भईरहेको अवस्था छ । विद्युत उत्पादन मितिदेखि २०७६।१०।१ सम्म कुल रु.१० करोड ६४

लाख ७ हजार नोक्सानी व्यहोर्नुपरेको कम्पनीले जनाएको छ । निर्धारित समयभित्र प्रसारण लाइन निर्माण कार्य सम्पन्न गरी उत्पादित विद्युत खेर जान नदिनेतर्फ सम्बन्धित पक्ष सम्वेदनशील हुनुपर्दछ ।

२४.६. सोर्दिखोला हाइड्रोपावर प्रोजेक्टको जडित क्षमता ४ मेगावाट, मर्दिखोला जलविद्युत आयोजनाको जडित क्षमता ४.८ मेगावाट, र अपर मर्दिखोला जलविद्युत आयोजनाको जडित क्षमता ७मेगावाट गरी कुल १५.८ मेगावाट रहेकोमा १३ मेगावाट भारवहन क्षमता भएको विद्युत प्रसारण लाईन (डग कन्डक्टर ३५ किलोमिटर सिँगल सर्किट १३ मेगावाट) रहेको कारणबाट विद्युतगृहबाट पूर्णक्षमतामा विद्युत उत्पादन नभई क्रमशः १ मेगावाट ०.८ मेगावाट र १ मेगावाट गरी कुल २.८ मेगावाट (Wet Season) उत्पादन कटौती गर्नुपरेको अवस्था छ । आवश्यकताअनुसार नयाँप्रसारण लाइनको निर्माण वा विद्यमान प्रसारण लाइनको क्षमता तथा गुणस्तर वृद्धि गर्ने र उत्पादित विद्युत खेर जाने अवस्था हुन नदिनेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

२४.७. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा २० (च) मा निजी क्षेत्रबाट उत्पादित विद्युत शक्ति खरिद गर्ने व्यवस्था छ ।ऐनमा निजी क्षेत्रबाट उत्पादित जलविद्युत खरिद विक्री गर्न विद्युत खरिद सम्झौता (Power Purchase Agreement, PPA) गर्नुपर्ने व्यवस्था छ । विद्युत खरिद सम्झौता (Power Purchase Agreement, PPA) मा सामान्यतय स्वतन्त्र उर्जा उत्पादक कम्पनीले १.५ महिना अगाडि आफ्नो विद्युत उत्पादन प्रक्षेपण [(Availability Declaration(AD)] गरी नेपाल विद्युत प्राधिकरणलाई बुझाउनुपर्ने र Availability Declaration कुल क्षमताको ५० प्रतिशतसम्म गर्नसक्ने व्यवस्था रहने गरेको छ । Availability Declaration १.५ महिना अगाडि नै गर्ने वस्तुगत आधार र प्राविधिक संयन्त्र नहुँदा यस्तो अनुमान गर्ने कार्य कठिन हुने गरेको स्वतन्त्र उर्जा उत्पादक संघको भनाई रहेको छ । नेपाल विद्युत प्राधिकरणसँग पिपिए अनुसार स्वतन्त्र उर्जा उत्पादकले कम उत्पदन गरेमा (सामान्यतया Availability Declaration को प्रक्षेपणको तुलनामा) ८० प्रतिशतसम्म क्षतिपूर्ति तिर्नु नपर्ने र ८० प्रतिशतभन्दा कम उत्पादन भएमा स्वतन्त्र उर्जा उत्पादकले क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था रहेको तर शतप्रतिशतभन्दा बढी उत्पादन भएमा उक्त थप विद्युत उत्पादनको कुनै रकम स्वतन्त्र उर्जा उत्पादक कम्पनीलाई भुक्तानी नदिने व्यवस्था रहेको छ ।

स्वतन्त्र उर्जा उत्पादकले उत्पादित विद्युत प्रसारण लाईनमा देखिने प्राविधक तथा अप्राविधिक समस्याका कारणले सम्पूर्ण क्षमतामा प्रसारण गर्न नपाई नोक्सानी व्यहोनुपर्ने अवस्था रहेको सरोकारवालासँगको छलफलमा जनाएका छन । कतिपय अवस्थामा प्रसारण लाईनको क्षमताका कारण स्वदेशी निजी विद्युत उत्पादकले पिपिए मा उल्लेखित क्षमताभन्दा बढी विद्युत उत्पादन गरेमा नेपाल विद्युत प्राधिकरणले थप उत्पादित विद्युत खरिद नगर्ने अभ्यास रहेको जनाएको छ। विद्युत माग पूरा गर्न भारतबाट विद्युत खरिद गर्नुपर्ने तर स्वदेशी निजी उत्पादकले नोक्सानी व्यहोर्नुपर्ने अवस्था रहेको छ। यस्तो व्यवस्थामा सुधार गरी विद्युत आयातको अवस्थालाई न्यून गर्न नेपाली निजी उत्पादकलाई प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

कार्यालयको भनाई - आयोजनावाट उत्पादित अतिरिक्त उर्जा खरिद प्रक्रिया सम्वन्धमा PPA मा स्पष्ट व्यवस्था भएको र सोहि अनुसार प्राप्त हुन आएको अतिरिक्त उर्जाको भुक्तानी हुने गरेको छ । ने.पा.प्रा. का केही ३३ के.भि. प्रसारण लाइनहरूमा देखापर्ने Reliability को समस्या न्युनिकरण गर्न उक्त सवस्टेशनहरूलाई हाल नजिकै निर्माण भै रहेको ४००, २२०, १३२ के.भि. सवस्टेशनहरूमा कनेक्सन गरी Reliability को क्रमशः सुधार गरिदै आइरहेको अवस्था छ ।

२४.८. नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा २०(च) मा निजी क्षेत्रबाट उत्पादित विद्युत शक्ति खरिद गर्ने व्यवस्था छ । ऐनमा निजी क्षेत्रबाट उत्पादित जलविद्युत खरिदविक्री गर्न विद्युत खरिद सम्झौता (Power Purchase Agreement, PPA) गर्नुपर्ने व्यवस्था छ ।

स्वतन्त्र उर्जा उत्पादकले विद्युत उत्पादन गर्न तोकिएको मिति (RequiredCommercial Operation Date, RCOD) मा उत्पादित विद्युत प्रसारण लाइनमा जडान गर्न नसकेको अवस्थामा तोकिएको दरमा क्षतिपूर्तिको व्यवस्था रहेको छ । प्राप्त विवरणअनुसार हालसम्म १० स्वतन्त्र उत्पादकले कुल रु.८ करोड ६० लाख ११ हजार क्षतिपूर्ति बापत भुक्तानी गरेको छ । विद्युत उत्पादकहरूले RCOD मा विद्युत उत्पादन गर्ने अवस्था रहेको तर नेपाल विद्युत प्राधिकरणले विद्युत प्रसारण लाईन समयमा सम्पन्न गर्न नसकेको अवस्थामा विद्युत उत्पादकलाई क्षतिपूर्ति दिनुपर्ने अवस्था हुन्छ । नेपाल विद्युत प्राधिकरणले समयमा प्रसारण लाईन निर्माण सम्पन्न गर्न नसकेमा विद्युत उत्पादक आयोजनाको म्याद थप गर्न लगाई (Extended Commercial Operation Date, ECOD) गर्ने अभ्यास रहेको

सरोकारवालासँगको छलफलमा जानकारी हुन आएको छ । ECOD नगरेमा सम्बन्धित बैंकले RCOD को अन्तिम मितिदेखि प्रदान गरेको ऋण आयोजनाबाट असुलीको प्रक्रिया थालनी (Pay Back Period शुरु) गर्ने हुँदा कतिपय अवस्थामा ECOD गर्न बाध्य हुने गरेको स्वतन्त्र उर्जा उत्पादन संघले जानकारी दिएको छ । यस्ता पक्षमा आवश्यकतानुसार सुधार गरिनुपर्दछ । प्रसारण लाईन समयमा नै सम्पन्न गरी स्वदेशी विद्युत उत्पादनको खपत सुनिश्चित गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

२४.९. माउण्ट कैलाश इनर्जी कम्पनी लिमिटेडबाट प्रवर्द्धित थापाखोला जलविद्युत आयोजना १३.६ मेगावाट क्षमता २०७३/१०/११ मा COD हुनेगरी २०६७/१०/११ मा पिपिए भएको छ । यो योजना तोकिएको समयभन्दा ११ महिनापछि २०७४/८/२२ मा उत्पादन शुरु भई कालीगण्डकी कोरिडोर (हाल मोदि-बेनी-कोबाङ्ग ३३ के.भी. प्रसारण लाइन) मार्फत विद्युत प्रसारण भएको छ । आयोजना समयमा सम्पन्न नहुँदा रु. १ करोड ७० लाख ७७ हजार क्षतिपूर्ति बापत भुक्तानी गरेकोमा आयोजनाले हालसम्म पनि नेपाल विद्युत प्राधिकरणले प्रसारण लाइन ठीक नबनाएको तर उल्टो कम्पनीबाट हर्जना रकम लिइएको जनाएको छ । प्रसारण लाइनको प्रभावकारी व्यवस्थापन गरी समस्या समाधान गर्नुपर्दछ ।

कार्यालयको भवन - थापाखोला जलविद्युत आयोजना १३.६ मे.वा. वैकल्पिक व्यवस्था अनुसार जडान नभएको तर उक्त प्रसारण लाइनको Operation मा देखिएका समस्याका कारण उक्त आयोजनालाई हाल दुबै पक्षको सहमतिमा २२० के.भी. दाना सवस्टेशनमार्फत प्रवाह गराउने छलफल भई सोहि बमोजिम कार्य अगाडि वढ्ने प्रक्रियामा रहेको छ ।

२५. **वन क्षेत्रको प्रयोग -** वन ऐन, २०७६ को दफा ४२(१) मा राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न वनक्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानुनबमोजिमको वातावरणीय परीक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालन गर्नको निमित्त राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिएबमोजिम स्वीकृत दिनसक्ने व्यवस्था छ । उपदफा (२) मा उपदफा (१) बमोजिम योजना सञ्चालनको लागि वनक्षेत्र उपलब्ध गराउँदा जति वनक्षेत्र प्रयोग गर्नुपर्ने हो कम्तीमा त्यति नै क्षेत्रमा रुख रोप्नको लागि सम्भव भएसम्म आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वनक्षेत्रसँग जाडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउनुपर्नेछ । उपदफा (५) मा त्यस्तो जग्गा उपलब्ध हुन नसकेको अवस्थामा त्यस्तो आयोजनाको सञ्चालकले वन विकासको लागि जग्गाको व्यवस्था गर्नको लागि आवश्यक पर्ने रकम उपलब्ध गराउनुपर्ने व्यवस्था छ । उपदफा (६) मा उपदफा (२) वा (५) बमोजिमको जग्गामा पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने रकम त्यस्तो आयोजनाको सञ्चालकले उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यससम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

२५.१. जग्गा प्राप्ति ऐन, २०३४ मा सट्टा जग्गा खरिदसम्बन्धी व्यवस्था नरहेको कारणले तालुक मन्त्रालय उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयबाट जग्गा अधिग्रहणको प्रक्रिया अगाडि बढाउन प्रारम्भिक अधिकृत तोक्ने निर्णयको लागि मन्त्रिपरिषदमा पेश गर्नुपर्ने भएकोले लामो समय लाग्ने गरेको देखिन्छ । वन कार्यविधि, २०७६ मा सट्टा जग्गा बापत उच्च दरको रकम जम्मा गर्नसक्ने व्यवस्था (राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन प्रयोग गर्ने मापदण्ड सहितको कार्यविधि, २०७६ को अनुसूची १ बमोजिम) भएतापनि वन तथा वातावरण मन्त्रालयले स्थानीयस्तरमा पठाइ दिने र स्थानीय कार्यालय र तालुक कार्यालयभित्र उचित समन्वय नभई शिघ्र निर्णय हुन नसकी परियोजनाको कार्य समयमा सम्पन्न गर्न समस्या परेको देखिन्छ । स्पष्ट कानुनी व्यवस्था मार्फत प्रक्रियामा सरलीकरण गरी परियोजना समयमा नै सम्पन्न गर्ने व्यवस्था गर्नेतर्फ सम्बन्धित निकायहरू ठोस निर्णयमा पुग्नुपर्दछ ।

२५.२. वन ऐनमा विद्युत प्रसारणलाइनमा पर्ने वन क्षेत्रको जमिनको प्रसारण लाइन निर्माणकर्ता (सरकारी वा निजी) पक्षले पूरै मुआब्जा दिनुपर्ने व्यवस्थाले प्रसारण लाइनमा निर्माणमा जटिलता थपेको छ । प्रसारण लाईनको निर्धारित बजेटको स्रोत समेतबाट सम्पूर्ण क्षेत्रमा उक्त निर्णय कार्यान्वयन गर्न खर्चिलो भई प्रसारण लाईन निर्माण गर्न थप समस्या सिर्जना हुने देखिन्छ । ऐनको उक्त व्यवस्थाका कारण तामाकोशी-काठमाडौं ४ सय के.भी. र इनरुवा-ढल्केवर-हेटौडा ४०० के.भी. प्रसारण लाइन निर्माणमा थप आर्थिक दायित्व पर्ने देखिएको छ । सरकारी आयोजनाको रूपमा रहेका तामाकोशी-काठमाडौं प्रसारण लाइनले वन क्षेत्र प्रयोग गरेबापत रु.१६ करोड र इनरुवा-ढल्केवर-हेटौडा प्रसारण लाइनले रु.१२ करोड सरकारलाई

मुआब्जा तिर्नुपर्ने भएको छ ।सरकारी प्रयोजनको लागि मुआब्जा दिने ब्यवस्था उपर सुधार गर्न कानुनी ब्यवस्था हुनुपर्दछ ।

२५.३. वन कार्यालयले रुखहरूकोगणना गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination, IEE) प्रतिवेदनसँग फरक परेमा (१०% भन्दा बढी) पुनः Supplementary IEE गर्न लगाउने अभ्यास रहेको छ ।सामुदायिक वनको भेला समयमा हुन नसक्नु, भेला भएपनि रूख कटानको सहमति नदिने समस्या रहेको छ ।साथै रुख विरुवाहरूको लगत लिने र सेक्टर, ईलाका, जिल्ला वन, वन विभाग, वन तथा वातावरण मन्त्रालय, मन्त्रिपरिषदबाट स्वीकृत हुने र फेरी माथिबाट जिल्ला वनसम्म आई कटान आदेश दिनेसम्मको समयसीमा अत्यन्तै लामो र झन्झटिलो रहेको हुदाँयस्ता समस्याहरू नीतिगत तहबाट समाधान गरी निर्वाधरूपमा समयवद्ध प्रसारण लाइन निर्माण कार्यको वातावरण तयार गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

२५.४. ह्याप्पी इनर्जी प्रा.लि. अपरसंखुवाखोला ४० मेगावाट, संखुवासभाले सर्भे अनुमति पाई वन तथा राष्ट्रिय निकुञ्ज विभागमा १७ महिनादेखि स्वीकृतिको लागि अडकेको, बिष्ट हाइड्रोपावर प्रा.लि. अपर इसुवा खोला २४.३ मेगावाट, संखुवासभाले सर्भे अनुमति पाई वन तथा राष्ट्रिय निकुञ्ज विभागमा १८ महिनादेखि स्वीकृतिको लागिअड्केको, बिगल्याण्ड हाइड्रोपावर प्रा.लि. स्यारखोला ५९.५ मेगावाट, गोरखाले सर्भे अनुमति पाई वन तथा राष्ट्रिय निकुञ्ज विभागमा २ वर्षदेखि स्वीकृति नपाएर काम अगाडि नबढेको अवस्था छ ।

लामो र झन्झटिलो प्रक्रिया तथा प्रसारण लाईन निर्माण कार्यमा बहुनिकायको सहमति र स्वीकृति आवश्यक पर्ने हुनाले प्रसारण लाईन निर्माण कार्य ढिला हुने गरेको छ । विकास निर्माणको कार्यमा एकद्वार नीतिको अवलम्बन र देखिएका समस्या तत्काल सम्बोधन गर्ने अधिकार सम्पन्न संयन्त्रको निर्माण गरी आयोजनाहरू तोकिएको समय, लागत, गुणस्तर र परिमाणमा सम्पन्न गर्नुपर्दछ । यसतर्फ उर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणले पहल गर्नुपर्दछ ।

कार्यालयको भनाई - वन क्षेत्रको भोगाधिकार तथा रुख विरुवा कटानको लागि हुने स्वीकृतिमा ढिलाई साथै मन्त्रिरिषदवाट वन क्षेत्रको भोगाधिकार तथा रुख विरुवा कटानको स्वकृति प्राप्त भए पश्चात पनि सट्टाभर्ना जग्गा उपलब्ध नभएसम्म जिल्ला वन कार्यालयले कटान आदेश नदिने हुँदा वनकै समस्याले मात्र प्रसारणलाईन आयोजनाहरू सरदर १ देखि २ वर्ष सम्म ढिलाई हुने गरेका छन् । वन क्षेत्रको प्रयोग सम्वन्धी भएका अस्पष्ट तथा झञ्झटिलो व्यवस्थाका कारणले गर्दा करीव करीव सबै आयोजनाहरू प्रभावित भएका छन् । यस सन्दर्भमा प्रतिवेदनमा औल्याईएका समस्याहरू सान्दर्भिक देखिन्छन् ।

२६. **जग्गा अधिग्रहण र मुआव्जा -** नेपालविद्युत प्राधिकरण ऐन, २०४१ को दफा (२१) मा प्राधिकरणलाई विद्युत उत्पादन, प्रसारण, वितरण र रूपान्तरण केन्द्र (सवस्टेशन) निर्माण गर्नका लागि नेपाल सरकारले प्रचलित कानुनबमोजिम आवश्यक जग्गा प्राप्त गरी दिनसक्ने व्यवस्था छ ।जग्गा प्राप्ति ऐन, २०३४ को दफा ४(१) मा संस्थाको लागि आवश्यक पर्ने जग्गा प्राप्तिका लागि मुआब्जा व्यहोर्ने गरी नेपाल सरकार समक्ष अनुरोध गर्ने व्यवस्था छ । दफा ५(१) मा जग्गा प्राप्त गर्ने गरी नेपाल सरकारले निर्णय गरेपछि कुनै परियोजनाको लागि भए सम्बन्धित परियोजना प्रमुखले के कुन ठाँउमा के कति जग्गा प्राप्त गर्नु पर्ने हो सो यकिन गर्नको लागि प्रारम्भिक कारबाही चलाउन सक्ने र उपदफा (२) मा संस्थाको निमित्त जग्गा प्राप्त गर्दा उपदफा (१) बमोजिमको प्रारम्भिक कारबाही गर्नको निमित्त संस्थाकै कर्मचारीको मनोनयन होस भनी सम्बन्धित संस्थाबाट अनुरोध भएमा संस्थाले तोकेको कम्तीमा अधिकृतस्तरको कुनै कर्मचारीले त्यस्तो प्रारम्भिक कारबाही चलाउन पाउने गरी नेपाल सरकारले आदेश दिने व्यवस्था छ । यससम्बन्धमा देखिएका व्यहोरा निम्न छन :

२६.१. जग्गा अधिग्रहणको प्रारम्भिक कारबाही चलाउन प्रारम्भिक अधिकृत तोक्ने व्यवस्था उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयको सचिवस्तरीय निर्णयबाट भईरहेकोमा हाल आएर नेपाल सरकार, मन्त्रिपरिषदको निर्णयबाट हुनुपर्ने व्यवस्थाले गर्दा प्रारम्भिक अधिकृत तोक्न लामो समय लाग्ने भएको छ । नेपाल सरकार, मन्त्रिपरिषदबाट अधिकार प्रत्यायोजन गरी उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयको सचिवस्तरीय निर्णयबाट हुने व्यवस्था गरी जग्गा अधिग्रहणको कार्यलाई छिटो सम्पन्न गर्नुपर्दछ ।

२६.२. मुआब्जा वितरण गर्ने सम्बन्धमा ऐलानी (Non-Title Landowner) को नाममा जग्गा नहुने र मुआव्जा वितरण गर्दा उक्त जग्गा आयोजनाको स्वामित्वमा लालपूर्जा नवन्ने अवस्था रहन्छ । Non-Title

Landowner हरूको Tower Pad र Row मा पर्ने जग्गाको मुआव्जा र क्षतिपूर्ति दिने स्पष्ट नीति निर्धारण नहुँदा मुआव्जा वितरणमा समस्या आई परियोजना निर्माण कार्यमा जग्गा भोगकर्ताबाट विभिन्न अवरोधहरूको सामना गर्नुपरेको छ । नेपाल सरकार, मन्त्रिपरिषदबाट यस्ता प्रकारका जग्गा धनीलाई निश्चित मुआब्जा रकम दिने गरी निर्णय गर्ने सम्बन्धमा निर्णय हुनुपर्दछ ।

२६.३. आयोजना निर्माणका लागि मुआब्जा वितरण गर्दा राईट अफ वे मा जग्गाको स्वामित्व आयोजनाले लिनुपर्ने आवश्यकता रहँदैन । केवल प्रयोगको लागि शर्तहरू लगाईने अवस्थामा समेत जग्गा धनीहरूले पुरै मूल्यको मुआब्जा माग गर्ने, निर्धारित मुआब्जा रकम नबुझ्ने, राईट अफ वे को क्षतिपूर्ति नबुझ्ने, प्रसारण लाईनको राइट अफ वे (ROW) परिवर्तन गर्न बाध्य पार्ने (थानकोट चापागाँउ, हटिया, दुम्कीबास, मरुवा आदि) जस्ता समस्याले आयोजना समयमा सम्पन्न गर्ने कार्यमा समस्या उत्पन्न हुने गरेको छ । यस्ता अवरोधहरूलाई समाधान गर्न स्पष्ट नीतिगत निर्णय गर्नुका साथै सम्बन्धित सरकारी निकायहरू तथा स्थानीय तहबीच प्रभावकारी समन्वय हुनुपर्दछ ।

२७. **विद्युतको गुणस्तर -** विद्युत ऐन, २०४९ को दफा २३ को उपदफा (१) मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यो ऐनबमोजिम उत्पादन, प्रसारण वा वितरण गरिने विद्युतको गुणस्तर तोक्नसक्ने र उपदफा (२) मा विद्युत उत्पादन, प्रसारण वा वितरण गर्दा उपदफा (१) बमोजिम तोकिएको गुणस्तर कायम हुनेगरी गर्नुपर्ने भन्ने व्यवस्था छ । त्यसैगरी विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १२ को उपदफा (क) मा विद्युत सेवासम्बन्धी ग्रिडसंहिता र वितरणसंहिता बनाई कार्यान्वयन तथा त्यसको अनुगमन गर्ने विद्युत नियमन आयोगको काम, कर्तव्य र अधिकारमा व्यवस्था रहेको छ । सोहीबमोजिम सोही ऐनको दफा १२ को उपदफा (ख, ग) मा विद्युत सेवाको सञ्चालन तथा मर्मतसंभार स्तर तथा कार्यविधि निर्धारण गरी कार्यान्वयन गर्ने र राष्ट्रिय विद्युत प्रणालीको गुणस्तर तथा सुरक्षास्तर कायम राख्न आवश्यक मापदण्ड बनाई लागू गर्ने प्रावधान रहेको छ । यस्तो कोड, मापनस्तर तथा कार्यविधिको अभावमा राष्ट्रिय प्रसारण लाइन तथा अन्य प्रसारण लाइन गुणस्तरीय नहुने, प्रसारण, उत्पादन तथा वितरणमा प्राविधिक रूपमा समस्या सिर्जना भई विद्युत सेवामा अवरोध आउने जस्ता समस्या आउने छन् । अतः सम्बन्धित निकायले यथाशिघ्र ग्रिडकोड, सेवा सञ्चालन तथा मर्मतसंभार तथा कार्यविधि र प्रसारण प्रणालीको गुणस्तर तथा सुरक्षास्तरसम्बन्धी आवश्यक कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएर विद्युत सेवा सञ्चालन तथा राष्ट्रिय प्रसारण प्रणालीलाई व्यवस्थित, दीगो र भरपर्दो तुल्याउनुपर्दछ ।

कार्यालयको भनाई - नेपाल विद्युत प्राधिकरणसँग हाल ग्रीड कोड भएको र सोही अनुसार प्रसारण लाईनहरूको गुणस्तर तथा मर्मत संभार तथा संचालन हुने गरेको छ । साथै विद्युत नियमन आयोगवाट भविष्यमा जारी हुने विद्युत सेवासम्बन्धी ग्रिडसंहिता, वितरणसंहिता लगायत अन्य निर्देशनहरूलाई विद्युत प्राधिकरणबाट पूर्णरूपमा पालना गरिनेछ ।

२८. **प्रवाहितविद्युतको गुणस्तर -** विद्युत नियमन ऐन, २०७४ को दफा १४(झ) मा आयोगले विद्युत बजारमा प्रतिष्पर्धा कायम गर्न तथा उपभोक्ता हित संरक्षण गर्न प्रसारण लाइनमा प्रवाहित विद्युतको गुणस्तर कायम गराउन समय समयमा जाँच परीक्षण गर्ने वा गराउने कार्य गर्ने प्रावधान रहेको छ । स्वतन्त्र उर्जा उत्पादक संघका पदाधिकारीहरूसँगको छलफलको क्रममा प्रसारण लाइनमा बगिरहेको विद्युतको जाँच परीक्षण गर्ने गराउने कार्य नहुने गरेको पाइएको छ । अतः नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत नियमन आयोगबाट प्रसारण लाईनमा बहिरहेको विद्युतको समय समयमा जाँच परीक्षण गरी प्रसारण भैरहेको विद्युतको निर्धारित गुणस्तर कायम गराउनुपर्ने कार्य यथाशिघ्र थालनी गर्नुपर्दछ ।

२९. **स्टेशन नोक्सानी -** प्रसारण लाईनमा बग्ने विद्युतको चुहावटलाई न्यूनतम बिन्दुमा सीमित गर्ने प्रयास हुनुपर्दछ । नेपाल विद्युत प्राधिकरणका चार्जिङ्ग स्टेशन र पावर हाउसमध्ये सबैभन्दा अधिकतम चुहावट हुने ५ पावर स्टेशनको अवस्था निम्नानुसार रहेको छ :

तालिका नं. १४ : उच्च चुहावट हुने पाँच पावर स्टेशनको चुहावट अवस्था

क्र.सं.	पावर स्टेशन	उपलब्ध उर्जा (मेगावाट आवर)	उपयोग उर्जा (मेगावाट आवर)	स्टेशन नोक्सानी (मेगावाट आवर)	नोक्सानी प्रतिशत
१	सेती	१००३१.००	९३४१.३७	६८९.६३	६.८७
२	मर्स्याङदी	६८४८४३.००	६६८००५.८०	१६८३७.२	२.४६
३	चतरा	३४०७.५६	२११२.६२	१२९४.९४	१.६८

४	मध्ये- मर्स्याङदी	८३३४४५.८५	८२१८५५.८१	११५९०.०४	१.३९
५	कुलेखानी दोश्रो	४५१३७.०९	४४६८६.७९	४५०.३०	१.००
	जम्मा :	**१५७६८६४.५**	**१५४६००२.३९**	**३०८६२.११**	

माथि उल्लेखित तालिकामा सबैभन्दा बढी नोक्सानी भएका ५ पावर स्टेशनबाट कुल ३० हजार ८६२.११ (मेगावाटआवर) विद्युत नोक्सानी भएको छ । विद्युतको वितरण प्रणालीमा नोक्सानी हुनु स्वभाविक भएपनि पावर स्टेशनमा प्राप्त भएको विद्युतमा समेत वढी नोक्सानी हुनु उचित देखिँदैन । प्राविधिकरूपमा प्रसारण लाईनको क्षमताभन्दा अत्याधिक भार रहेमा, गुणस्तरीय उपकरणहरूको प्रयोग नभएमा तथा प्रसारण लाईन खण्डको लम्बाई अत्याधिक भएमा प्राबिधिक चुहावट पनि धेरै हुने गर्दछ ।यसबाट नेपाल विद्युत प्राधिकरणलाई प्रति युनिट विद्युतरु.४ का दरले गणना गर्दा कुल रु.१२ करोड ३४ लाख ४८ हजार नोक्सानी भएको देखिन्छ । नेपाल विद्युत प्राधिकरणले प्रसारण लाईन तथा विद्युत स्टेशनहरूको नियमित मर्मतसंभार तथा प्रसारण लाईनहरूको स्तरोन्नति तथा प्राविधिकरूपमा आवश्यक ठाउँहरूमा सवस्टेशनहरूको निर्माण तथा गुणस्तरीय उपकरणहरूको प्रयोग गरी स्टेशन नोक्सानी कम गर्नुपर्दछ ।

कार्यालयको भनाई - विद्युतगृहको स्टेशनहरूमा विभिन्न ईलेक्ट्रोम्याग्नेटिक उपकरणहरू हुने हुनाले ती उपकररणहरूमा केही न केही अन्तर्निहित चुहावट (Inherent Loss) हुनु स्वभाविक हो । विद्युत उत्पादन केन्द्रहरूको स्टेशन लस हुनुमा प्रसारणलाईनको कुनै भूमिका हुँदैन ।

३०. **प्रसारणलाईन तथा सवस्टेशन मर्मतसंभार -** प्रसारण लाईन तथा सवस्टेशनहरूको मर्मतसंभारको जिम्मेवारी नेपाल विद्युत प्राधिकरणको प्रसारण निर्देशनालय अन्तर्गतको ग्रिड सञ्चालन विभागको रहेको छ । ११ के.भी. र ३३ के.भी.भन्दा माथिको प्रसारण लाईन राष्ट्रिय ग्रिडमा जोडिन्छ । स्वतन्त्र उर्जा उत्पादकबाट उत्पादित विद्युत ११ के.भी.प्रसारण लाइनमा वार्षिक २१६ घण्टासम्मको outage मा दावी (claim) गर्न नमिल्ने, ३३ के.भी.प्रसारण लाइनमा वार्षिक १४४ घण्टासम्मको outage मा दावी (claim) गर्न नमिल्ने, १३२ के.भी.प्रसारण लाइनमा वार्षिक ७२ घण्टासम्मको outage मा दावी (claim) गर्न नमिल्ने अभ्यास रहँदै आएको छ ।

प्रसारण लाइन र सवस्टेशनहरू समय सापेक्ष मर्मतसंभार एंव सुधार हुन नसक्दा र स्थानीयले रुख काटेर प्रसारण लाइनमा ढाली दिदाँ र चट्टायाङ परेर इन्सुलेटर फुट्दा विद्युत आपूर्तिमा समस्या आईविद्युत प्रसारणको गुणस्तरमा ह्रास आउने गरेको सरोकारवालासँगको छलफलमा जानकारी हुनआएको छ । यस्ता समस्याले गर्दा उत्पादित विद्युत outage हुनगई उत्पादकले नोक्सानी व्यहोर्नुपर्ने र नेपाल विद्युत प्राधिकरणले क्षतिपूर्ति तिर्नुपर्ने साथै माग अनुसारको विद्युत आपूर्ति हुन नसकी सेवाग्राहीले अप्रत्यक्ष लोडसेडिङ्ग व्यहोर्नु पर्ने अवस्था रहेको देखिन्छ ।

Future Load तथा Demand लाई आधार मानेर outage लाई सकेसम्म कम गर्नका लागि system reliable तथा stable बनाउने किसिमले प्रसारण लाईनको क्षमता अभिवृद्धि गर्ने तथा सवस्टेशनमा पावर ट्रान्सफर्मर लगायत अन्य उपकरणहरूको स्तरोन्नति (upgrade) साथै नियमित र प्रभावकारी मर्मतसंभार गर्नुपर्दछ ।

३१. **निरीक्षकको नियुक्ती -** विद्युत ऐन, २०४९ को दफा ३७ को उपदफा (१), (२) र (३) मा विद्युत उत्पादन, प्रसारण वा वितरणको रेखदेख र निरीक्षण गर्नको लागि नेपाल सरकारले आवश्यकताअनुसार प्रमुख विद्युत निरीक्षक र विद्युत निरीक्षकहरू नियुक्ती गर्नसक्ने र प्रमुख विद्युत निरीक्षक तथा विद्युत निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने भन्ने व्यवस्था रहेको छ । नेपाल सरकारले विद्युत प्रसारण कार्यको निरीक्षण र रेखदेख कार्यका लागि आवश्यक प्रमुख विद्युत निरीक्षक तथा विद्युत निरीक्षकहरूको व्यवस्था गरेको छैन । विद्युत प्रसारणको निरीक्षण तथा रेखदेख गर्न नसक्दा प्रसारण लाइनको गुणस्तर कायम गर्न नसकिने, प्रसारण लाइनको व्यवस्थापनमा विभिन्न समस्याहरू आई विद्युत प्रसारण तथा वितरणमा समेत असर पर्नसक्ने देखिन्छ । अतः विद्युत प्रसारण लाइनको गुणस्तर कायम गर्न, प्रयोग भएका सामग्रीहरूको स्तरियता कायम गर्न तथा प्रसारण लाईनलाई सुव्यवस्थित तुल्याउन नेपाल सरकारले आवश्यकता अनुसार विद्युत निरीक्षकको नियुक्ती गरी विद्युत प्रसारण लाइनलाई सुव्यवस्थित बनाउनुपर्दछ ।

३२. **विद्युत आपूर्तिमा चुहावट -** प्राविधिक र अप्राविधिक कमजोरीका कारण हुने विद्युत चुहावट सीमित गरिनुपर्दछ । २०७५/७६ को विद्युत चुहावट उत्पादन निर्देशनालयको ०.९९ प्रतिशत, प्रसारण

निर्देशनालयको ४.३५ प्रतिशत र वितरण निर्देशनालयको ९.९८ प्रतिशत गरी कुल १५.३२ प्रतिशत विद्युत चुहावट रहेको छ । वितरणतर्फ विद्युत चुहावट धेरै रहेको छ । वितरणतर्फ २०७६ असार मसान्तसम्मको अधिकतम चुहावट हुने वितरण केन्द्रमा यदुकुहा वितरण केन्द्रको ४६.२३ प्रतिशत, पोखरीया वितरण केन्द्रको ४१.४७ प्रतिशत, कलैया वितरण केन्द्रको ४०.९७ प्रतिशत, राजविराज वितरण केन्द्रको ३८.९६ प्रतिशत र जनकपुर वितरण केन्द्रको ३३.८५ प्रतिशत रहेको छ । त्यस्तै न्यूनतम चुहावट हुने वितरण केन्द्रमा हेलम्बु वितरण केन्द्रको ०.६१ प्रतिशत, लमजुङ्ग वितरण केन्द्रको १.५८ प्रतिशत, हेटौडा वितरण केन्द्रको १.७८ प्रतिशत, बालाजु वितरण केन्द्रको २.८४ प्रतिशत र रत्नपार्क वितरण केन्द्रको २.९४ प्रतिशत रहेको छ । प्रसारण तथा वितरण लाईनको लामो लम्बाई हुनु, तारको क्षमता अपुग हुनु, Bush cutting कार्यक्रम प्रभावकारी नहुनु, विद्युत चोरी हुनु जस्ता कारणले विद्युत चुहावट हुने गरेको छ ।

विद्युत चुहावट न्यून रहेका वितरण केन्द्रको असल अभ्यासलाई लिएर वितरण केन्द्रसँग विद्युत चुहावटको कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाउनुपर्दछ । प्रसारण लाईनको क्षमता अभिवृद्धि गर्ने तथा ग्रिड सवस्टेशनहरूमा ओभरलोड भएका ट्रान्सफर्मरहरूका क्षमता बढाउन र नयाँ ट्रान्सफर्मर थप्नका लागि कार्य योजना बनाई कार्य अगाडि बढाउनुपर्ने देखिन्छ । त्यस्तै प्रसारण लाईन बिस्तार गरी नयाँ सवस्टेशनहरू निर्माण गर्नुपर्दछ । वितरण तथा ग्राहक सेवा निर्देशनालयमा समेत प्राविधिक चुहावट घटाउन कण्डक्टरको क्षमता वृद्धि र कण्डक्टर थप गर्ने, ३३/११ के.भी. सवस्टेशन थप गर्ने, सवस्टेशनको पावर ट्रान्सफर्मरको क्षमता बढाउने, पावर ट्रान्सफर्मर थप गर्ने कार्य योजना बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । त्यस्तै अप्राविधिक चुहावट घटाउन बन्द मिटर फेर्ने तथा विद्युत चोरी नियन्त्रण र नियमित र प्रभावकारीरूपमा Bush cutting कार्य जस्ता कार्यहरूको कार्यक्रम बनाई कार्यान्वयन गर्नुपर्दछ ।

३३. **राष्ट्रिय प्रसारण लाईन निर्माणमा बहुनिकायको संलग्नता -** राष्ट्रिय प्रसारणलाईन निर्माण कार्यका लागि नेपाल विद्युत प्रधिकरणरहेको छ भने सोही उद्देश्यका लागि राष्ट्रिय प्रसारण लाइन निर्माणका लागि छुट्टै राष्ट्रिय प्रसारण ग्रिड कम्पनी समेतको स्थापना गरिएको छ । एउटा कार्य गर्नका लागि बहुनिकायको संलग्नताले कार्यमा दोहोरोपना र जिम्मेवारीको स्पष्टतामा कमी हुनाको साथै प्रसारण लाइन निर्माणप्रति कुन निकाय कति जिम्मेवार र जवाफदेही हुने स्पष्ट रहँदैन । यसले विद्युत प्रसारण लाईन निर्माण कार्यको प्रभावकारितामा कमी आँउदछ । विशिष्टता हुने गरी जिम्मेबार र जवाफदेहिता किटान गर्न सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ ।

३४. **प्रसारण लाईनमा निजी क्षेत्रको संलग्नता -** तेह्रौ योजना (२०७०/७१-२०७२/७३) मा विद्युतको प्रसारण व्यवस्था विस्तार तथा थप सुदृढ गर्ने रणनीतिका साथ सार्वजनिक-निजी साझेदारी नीतिका माध्यमबाट प्रसारणलाइन निर्माणमा निजी क्षेत्रलाई आकर्षित गर्न आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गर्ने कार्यनीति लिइएको थियो । २०७५/७६ को बजेट वक्तव्यको बुदाँ नं. १४७ मा निजी लगानीकर्ताहरूलाई प्रसारण लाईनको विकासमा सहभागी गराउन निर्माण र हस्तान्तरण अवधारणामा आयोजनाको विकास गर्ने तथा प्रसारण लाइनबाट प्रभावित घर परिवारलाई विद्युत आयोजनामा लगानीको अवसर प्रदान गर्ने व्यवस्था मिलाउने कार्यक्रम रहेको थियो ।

सार्वजनिक-निजी साझेदारी नीतिका माध्यमबाट प्रसारण लाईन निर्माणका लागि हालसम्म कार्यविधि तयार भएको छैन । आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाईन निर्माणमा निजी क्षेत्रको सहभागिताकालागि आवश्यक पूर्वाधार जस्तैः प्रसारण शुल्क (Wheeling Charge), ग्रिडसंहिता (Grid Code) जस्ता कुराहरूको समेत अभाव देखिन्छ । विद्युत प्रसारण लाईन निर्माण कार्य कम प्रतिफलयुक्त योजना भएकोले बढी प्रतिफलको चाहना राख्ने निजी क्षेत्रलाई यसमा आकर्षण गर्नसकिएको छैन । प्रसारण लाईनको निर्माण कार्यमा निजी क्षेत्रको सहभागिताका सुनिश्चित गर्न तथा प्रसारण लाईनबाट प्रभावित घर परिवारलाई विद्युत आयोजनामा लगानीको अवसर प्रदान गरी स्थानीयको अवरोध समाधानद्वारा समयमा नै आयोजना सम्पन्न गर्नका लागि आवश्यक कार्यविधि तयार गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

३५. **नर्म्स र लागत अनुमान -** नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ८५(१) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्म्सको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । विद्युत प्रसारण लाइन निर्माण कार्यका लागि नेपाल सरकारबाट स्वीकृत नर्म्स रहेको पाइएन ।नेपाल विद्युत प्राधिकरणले प्रसारण लाइनको लागत अनुमान तथा बोलपत्रसम्बन्धी कागजात

तयार गर्दा अधिकाँशरूपमा भारतको मापदण्ड र कोडहरू (Indian Codes and Standard) को उपयोग गरेको देखिन्छ । प्राविधिक स्पेशिफिकेशन तयार गर्दा प्रसारण लाइनको फाउण्डेशन, इरेक्सन, फेब्रिकेशन लगायत सिभिल तथा उपकरणहरूको स्पेशिफिकेशनमा अधिकाँशरूपमा भारतको मापदण्ड र कोडहरू (Indian Standard) को प्रयोग भएको पाइन्छ । कतिपय समान क्षमताका प्रसारण लाइनमा पनि फरक फरककन्डक्टर (Conductor) हरूको प्रयोग हुने गरेको छ । कस्तो अवस्थामा कुन क्षमताको प्रसारण लाईनमा कुन कन्डक्टर (Conductor) को प्रयोग गर्ने हो निश्चित मापदण्ड तयार गरेको छैन । नेपाल विद्युत प्राधिकरणले नेपाल सरकारबाट विद्युत प्रसारण लाइनसम्बन्धी नर्म्स स्वीकृत गराई प्रसारण लाइन निर्माणको लागत अनुमान तयार गर्नुपर्दछ ।

कार्यालयको भनाई - विश्व बैंकको सहयोगमा EDF ले तयार पारेको NEA Transmission Master Plan 2015 मा प्रसारण लाईनको हरेक भोल्टेज स्तर अनुसार प्रयोग हुने कन्डक्टरहरूको प्रकार लगायत अन्य Design Criteria हरू स्पष्ट रूपमा उल्लेख भएका छन् र सोही अनुसार विद्युत प्राधिकरणले प्रसारण लाईनमा प्रयोग हुने कन्डक्टरहरूको प्रकार छनौट गर्ने गरेको छ ।

३६. **ग्रिडसंहिता तथा प्रसारण शुल्क -** जलविद्युत विकास नीति, २०५८ मा ह्विलिङ (Wheeling) महशुल निर्धारण गर्ने, ग्रिड कोड तयार गर्ने, भार सम्प्रेषण (Load Dispatch) का आधारहरू स्वीकृत गर्ने, विद्युत सुरक्षण तथा गुणस्तरको आधार तयार गर्न संस्थागत व्यवस्था गर्ने नीति रहेको छ । साथै उक्त नीतिमा कुनैपनि अनुमतिपत्रप्राप्त उत्पादनकर्ताले उत्पादन गरेको विद्युत प्रसारण गर्नका लागि निर्धारित शुल्क तिरी राष्ट्रिय ग्रिड प्रणाली प्रयोग गर्न पाउने र यस प्रयोजनको लागि राष्ट्रिय ग्रिड प्रणालीको उपयोगसम्बन्धी आवश्यक विवरणहरू (ग्रिडकोड) र भार सम्प्रेषणका आधारहरू तयार गरिने नीति रहेको छ ।

दशौँ योजना(२०५९/६०-२०६३/६४) अर्थात करिब १८ वर्ष अघि विद्युत व्यवस्थापनको सन्दर्भमा एकद्वार प्रणालीको कार्यान्वयनमा प्रभावकारिताको अभाव रहेको, निजी क्षेत्रबाट राष्ट्रिय विद्युत प्रणाली मार्फत विद्युत विक्री तथा निर्यातको लागि प्रसारण शुल्क (Wheeling Charge) नतोकिएको, ग्रिड कोडको समुचित व्यवस्थाको अभाव, प्रसारण लाइनसम्बन्धी नीतिको अभाव रहेको कुरालाई विद्युत विकासको क्षेत्रमा समस्या तथा चुनौतिकारूपमा औँल्याइएको थियो ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको प्रबन्धपत्र, २०७२ को कम्पनीको उद्देश्य को बुदाँ ४(ग) मा कम्पनीले निर्माण तथा सञ्चालन गरेको प्रसारण प्रणाली लगायत अन्य संरचनाहरू प्रयोगकर्ताहरूसँग सम्झौता गरी उपयोग गरे बापत प्रसारण एंव अन्य दस्तुर असुल गर्ने व्यवस्था छ । कम्पनीले गर्नुपर्ने कामको बुदाँ नं. ५(ट) मा कम्पनीले आफ्नो प्रसारण ग्रिडको अनुगमन निरन्तर गर्न र ग्रिडसञ्चालनका लागि ग्रिडसंहिता (ग्रिड कोड) लगायत अन्य आवश्यक संहिता निर्माण गनुपर्ने व्यवस्था छ । विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १२ को उपदफा (क) मा विद्युत सेवासम्बन्धी ग्रिडसंहिता र वितरणसंहिता बनाई कार्यान्वयन तथा त्यसको अनुगमन गर्ने विद्युत नियमन आयोगको काम, कर्तव्य र अधिकारमा व्यवस्था रहेको छ ।

विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १३ को उपदफा (१) को प्रकरण (ङ) मा प्रसारण तथा वितरण दस्तुर (Wheeling Charge) निर्धारण गर्ने प्रावधान रहेको छ । विद्युतको उत्पादन परिमाण बढ्दै गइरहेको तथा विद्युत निर्यातको सम्भावनाको ढोका समेत खुलिसकेको हालको परिप्रेक्ष्यमा विद्युत नियमन आयोगले ह्विलिङ चार्ज निर्धारण गरेको अवस्थामा विद्युत उत्पादक र प्रसारककाबीचमा आपसी सम्झौता गरी विद्युत प्रसारण तथा निर्यातको लागि पूर्वाधारको निर्माण हुनेमा आयोगले हालसम्म पनि विद्युत प्रसारण तथा वितरण दस्तुर निर्धारण गर्नसकेको छैन । नीतिगत व्यवस्था भएको १८ वर्षपछि पनि विद्युतको क्षेत्रमा १८ वर्ष अघिको जस्तै समस्या तथा चुनौती समान किसिमको रहेको छ । ह्विलिङ (Wheeling) महशुल निर्धारण गर्ने, उच्च भारवहन प्रसारण लाइनको ग्रिड कोड (१३२ के.भी.भन्दा बढीको) तयार गर्ने कार्य हुनसकेको छैन । विद्युतको उत्पादन परिमाण बढ्दै गइरहेको तथा विद्युत निर्यातको सम्भावनाको ढोका समेत खुलिसकेको हालको परिप्रेक्ष्यमा विद्युत नियमन आयोगले ह्विलिङ चार्ज निर्धारण गरे विद्युत उत्पादक र प्रसारककाबीचमा आपसी सम्झौता गरी विद्युत प्रसारण तथा निर्यातको लागि पूर्वाधारको निर्माण हुनेमा आयोगले हालसम्म पनि विद्युत प्रसारण तथा वितरण दस्तुर निर्धारण गर्नसकेको छैन । विद्युत नियमन आयोगले प्रसारण महशुल, ग्रिडसंहिता निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ ।

३७. **विद्युत प्रसारणसम्बन्धी अनुसन्धान -** विद्युत प्राधिकरण ऐन, २०४१ को दफा १९ को उपदफा (ङ) मा विद्युत उत्पादन, प्रसारण र वितरणसम्बन्धमा आवश्य अनुसन्धान कार्य गर्ने गराउने व्यवस्था छ । नेपाल

विद्युत प्राधिकरणले विद्युत प्रसारणसम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गरी प्रसारणसम्बन्धमा नवीन प्रविधि तथा पद्धति उपयोग गर्ने गरेको पाइँदैन । विद्युत प्रसारण लाइनसम्बन्धी सम्भाव्यता अध्ययन, वातावरण प्रभाव परीक्षण लगायतका अध्ययन कार्य आफ्नै जनशक्ति वा परामर्शदाता मार्फत गराउने तर अनुसन्धानसम्बन्धी कार्य गर्ने गराउने गरेको पाइँदैन । त्यसैगरी विद्युत प्राधिकरणको संगठन संरचनामा प्रसारण महानिर्देशनालय वा अन्य कुनै महानिर्देशनालय र निर्देशनालय अन्तर्गत अनुसन्धानसम्बन्धी इकाई रहेको पाइँदैन । जसका कारण विद्युत प्रसारणसम्बन्धी नवीन प्रविधि, पद्धति तथा प्रक्रियाहरू अवलम्बन गर्न नसकिएको पाइन्छ । अतः ऐनमा भएको व्यवस्थाबमोजिम विद्युत प्रसारणसम्बन्धी अनुसन्धान कार्य गर्ने गराउने गरी विद्युत प्रसारण लाई नवीन प्रविधि तथा पद्धतियुक्त बनाई विद्युत प्रसारण किफायती, प्रभावकारी तथा दीगो तुल्याउनुपर्दछ ।

३८. **माग गरेको विवरण -** लेखापरीक्षण ऐन, २०७५ को दफा २५ मा कारबाहीको लागि लेखी पठाउनसक्ने, उपदफा (१) यस ऐनबमोजिम लेखापरीक्षण नगराउने, दफा १० र ११ बमोजिम नियुक्त लेखापरीक्षकलाई वित्तीय विवरण तथा लेखा उपलब्ध नगराउने, दफा १२ अनुसार लेखासँग सम्बन्धित कागजात पेश नगर्ने, तत्सम्बन्धी सूचना तथा जानकारी नदिने, दफा २३ बमोजिमको ढाँचामा लेखा नराख्ने, लेखापरीक्षणसम्बन्धी कामकारबाहीमा बाधा बिरोध गर्ने वा व्यक्तिलाई महालेखापरीक्षकले विभागय कारबाही लगायतका प्रचलित कानुनबमोजिमको कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।उपदफा (२) मा उपदफा (१) बमोजिम लेखी आएमा सम्बन्धित निकायले पदाधिकारी वा व्यक्तिलाई यथाशिघ्र कारबाही गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्नेछ भन्ने व्यवस्था छ ।

महालेखापरीक्षकको कार्यालयले २०७६।९।२० प.स. २०७६/७७ च. नं.ल१ (अछ्याबे) को पत्र मार्फत उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग विद्युत प्रसारण लाईन निर्माण र सञ्चालन विषयक कार्यमूलक लेखापरीक्षणका लागी प्रश्नावली भरी आवश्यक विवरण माग गरिएकोमा मन्त्रालयले उक्त विवरण हालसम्म उपलब्ध गराएको छैन । कार्यालयसँगको २०७६।७।२९ को अन्तरक्रियामा मन्त्रालयका श्रीमान् सचिव समेतको उपस्थीतिमा आवश्यक विवरण, सूचना तथा तथ्याङ्क यथाशक्य र सहजरूपमा उपलब्ध गराउने प्रतिवद्धता जनाएकोमा हालसम्म पनि मन्त्रालयबाट अद्यावधिक विवरण सहित जवाफ प्राप्त भएको छैन् । मन्त्रालयले विद्युत प्रसारण लाईन निर्माण र सञ्चालनसँग सम्बन्धित अद्यावधिक विवरण तथा अभिलेखको लगत सुरक्षित गरी नराखेकोले जवाफ उपलब्ध गराउन सकेको छैन ।मन्त्रालयलाई प्रश्नावलीको कडा तथा नरम प्रति (Hard & Soft Copy) उपलब्ध गराउनुका साथै ईमेल मार्फत समेत प्रश्नावली उपलब्ध गराईएकोमा सो प्रश्नावलीबमोजिम अत्यावश्यक सूचना तथा विवरण उपलब्ध नगराउने मन्त्रालयका सम्बन्धित पदाधिकारीलाई ऐनबमोजिम कारबाही गर्नुपर्ने देखियो ।

३९. **खरिद विक्रीको नियमन -** विद्युत नियमन आयोग ऐन, २०७४ को दफा १३ को उपदफा (१)मा आयोगले महसुल निर्धारण गर्ने तथा प्रकरण (ख) बमोजिम विद्युत खरिद विक्रीको थोक बजार स्थापना नभएसम्म वितरण अनुमतिपत्र प्राप्त व्यक्ति र उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति वा प्रचलिल कानुनबमोजिम नेपाल सरकारले स्थापना गरेको सङ्गठित संस्थाबीच हुने विद्युत खरिद विक्री दर र प्रक्रियालाई नियमन गर्ने प्रावधान रहेको छ । विद्युत नियमन आयोगले विद्युत उत्पादक र वितरकबीचमा भएको तथा हुने विद्युत खरिद विक्री दर र प्रक्रियालाई नियमन गरी सुव्यवस्थित तुल्याउने प्रावधान रहेतापनि हालसम्म पनि विद्युत उत्पादक तथा वितरकको कार्य गर्ने सङ्गठित संस्था नेपाल विद्युत प्राधिकरण र स्वतन्त्र उर्जा उत्पादक लगायतकाबीचमा भएका सम्झौतालाई आयोगबाट आफ्नो नियमनको क्षेत्राधिकार भित्र ल्याएको पाइँदैन । जसका कारण विद्युत प्राधिकरण तथा स्वतन्त्र उर्जा उत्पादकहरूका बीचमा खरिद विक्रीका सम्झौताका शर्तहरूको सम्बन्धमा विवाद रहेको देखिन्छ । अतः आयोगले ऐनको प्रावधानबमोजिम विद्युत खरिद विक्री दर र प्रक्रियालाई आफ्नो क्षेत्राधिकार भित्र ल्याई स्वतन्त्र उर्जा उत्पादक र नेपाल विद्युत प्राधिकरणबीचमा रहेको विद्युत खरिद विक्री सम्झौतालाई नियमन गरी सुव्यवस्थित बनाउनुपर्दछ ।

४०. **राष्ट्रिय प्रसारण लाईन वा ग्रिड -** विद्युत ऐन, २०४९ को दफा २० मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशीत गरी कुनै प्रसारण लाईन वा ग्रिड लाइ राष्ट्रिय प्रसारण लाईन वा ग्रिड भनी तोक्न सक्नेछ भन्ने प्रावधान रहेकोछ । नेपाल सरकारले हालसम्म पनी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय प्रसारण लाईन वा ग्रिड तोकेको पाईएको छैन । यसरी राष्ट्रिय प्रसारण लाईन वा ग्रिड नतोक्दा महत्वपूर्ण

प्रसारण लाईन वा ग्रिडको सुरक्षा तथा अन्य व्यवस्थापनमा कठीन हुने देखिन्छ । तसर्थः यथाशिघ्र राष्ट्रिय प्रसारण लाईन वा ग्रिड तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नुपर्दछ ।

४१. **निष्कर्ष -** नेपालको कुल सम्भाव्य विद्युत उत्पादन क्षमताभन्दा निकै न्यून उत्पादन भएको र भविष्यमा उत्पादन हुने विद्युतको आन्तरिक खपत तथा निर्यातका लागि पर्याप्त एवं भरपर्दो प्रसारण लाईन निर्माण हुन नसेकोले विद्युत प्रसारण लाईन निर्माण र सञ्चालनसँग सम्बन्धित समस्याको विश्लेषण गरी सुझाउ प्रस्तुत गर्न "**विद्युत प्रसारण लाईन निर्माण र सञ्चालन"**विषय छनौट गरी कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

नेपालको कुल सम्भाव्य विद्युत उत्पादन क्षमता करिब ८३ हजार मेगावाट र आर्थिक तथा प्राविधिकरूपले सम्भाव्य विद्युत उत्पादन क्षमता ४३ हजार मेगावाट रहेको छ । सरकारी प्राथमिकताका वावजुद मुलुकले प्राविधिक हिसाबले जडान गर्न सकिने क्षमताको करिब ३ प्रतिशतसम्म पनि विद्युत जडान गर्नसकेको छैन । कुल उर्जा खपतको करिब तीन चौथाई हिस्सा परम्परागत स्रोतको छ । जलविद्युत उत्पादनको प्रचुर सम्भावना हुदाँ पनि कुल उर्जा खपतमा विद्युतको अंश (३.२ प्रतिशत) न्यून रहेको छ । अपार सम्भावनाका वावजुद कुल विद्युत उत्पादन जडित क्षमता १ हजार ८३ मेगावाट मात्र रहेकोछ भने आन्तरिक विद्युतको माग धान्न भारतबाट ठूलो मात्रामा विद्युत आयात गर्नुपरिरहेको अवस्था छ ।

उत्पादन र वितरणबीचको कडीको रूपमा प्रसारण लाइन रहेको हुन्छ । विद्युत प्रणालीमा उचित समन्वय र सकारात्मक सहसम्बन्धको अभावमा विद्युतको आन्तरिक उत्पादन खेर जानुका साथै मुलुकले उर्जाको अभावको अवस्था झेल्नुपर्ने हुन्छ । अन्तरदेशिय विद्युत आयात-निर्यातमा समस्या हुन्छ । वैकल्पिक उर्जा खपत (डिजेल, पेट्रोल आदि) मा वृद्धि हुन्छ । यसले समग्र अर्थतन्त्रको लागतमा वृद्धि भइ ठूलो मात्रामा वैदेशिक मुद्रा बाहिरिनुका साथै शोधनान्तर अवस्थामा समेत नकारात्मक असरपर्दछ ।

२०१८/१९ मा विद्युतको कुल मागको नेपाल विद्युत प्राधिकरणबाट ३४ प्रतिशत, स्वतन्त्र उर्जा उत्पादकबाट २९ प्रतिशत र भारतबाट खरिद ३७ प्रतिशत अँश रहेको छ । विगतदश वर्षको अवधिमा विद्युतको आन्तरिक माग धान्नका लागि **भारतबाट प्रति किलोवाटआवर (Kwh) औषत रु.८ का दरले करिब रु.१ खर्ब १९ करोड २३ लाखको विद्युत खरिद** गरिएको देखिन्छ । २०१८/१९ मा भारतबाट २८१३.०७ गिगावाटआवर (Gwh) खरिद गरी **प्रति किलोवाटआवर (Kwh) औषत रु.८ का दरले करिब रु.२२ अर्ब ५० करोड ४५ लाख** विद्युत बापत भारतलाई भुक्तानी गरिएको छ । आगामी वर्षबाट ठूलो मात्रामा विद्युत निर्यात गर्नसक्ने अवस्थामा मुलुक पुग्दैछ । हामीकहाँ उर्जा बजार सुनिश्चित भईसकेको छैन । हामीलाई कति बिजुली चाहिन्छ? हालसम्म वास्तविक अध्ययन हुनसकेको छैन । २०७५/७६ मा विद्युतको उच्चतम माग २ हजार २२५.६५ मेगावाट प्रक्षेपण गरिएकोमा वास्तविक उच्चतम माग १ हजार ३२०.२८ मेगावाट मात्र भयो । २०७७/७८ मा नेपालमा उत्पादित विद्युत बचत हुने देखिन्छ । अर्थात विद्युत निर्यात गर्ने अवस्थामा नेपाल रहन्छ । विद्युत उत्पादनको तुलनामा आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइन समयमा निर्माण हुन नसकेमा ठूलो मात्रामा उत्पादित विद्युत खेर गई राज्यले नोक्सानी व्यहोर्नुपर्ने अवस्था रहन्छ । विद्युत निर्यातका लागि आवश्य संस्थागत व्यवस्था र आन्तरिक तथा अन्तरदेशीय विद्युत प्रसारण लाइन लगायतका पूर्वाधार तयार हुनुपर्ने देखिन्छ । यसको अभावमा नेपाल विद्युत प्राधिकरणलाई जगेडा विद्युत खपत गराउन समस्या मात्र पर्ने छैन, ठूलो धनराशी घाटा व्यहोर्नुपर्ने अवस्था आउनसक्दछ । एकातिर हिउँदका लागि विद्युत आयात गर्नुपर्ने र अर्कातिर वर्षायाममा खेर फाल्नुपर्ने अवस्था आउनसक्छ ।

विद्युत प्रसारण लाईन निर्माण तथा सञ्चालन कार्यमा प्रभावकारिताका लागि प्रचलित कानुनमा परिमार्जन वा नयाँ कानुनको निर्माण गरी नेपाल सरकारले लिएको जलविद्युत प्रणालीको खण्डीकरण (Unbundling) नीतिको पूर्ण र प्रभावकारी कार्यान्वयन गर्नेतर्फ सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ । प्रसारण लाइन निर्माण कार्यमा ठूलो समस्याको रूपमा रहेको देखिएको राइटअफवे (ROW) को समस्या समाधानका लागि स्पष्ट नीति र मापदण्ड निर्धारण गरी प्रसारणलाइन निर्माणका लागि लेटिस संरचना (Lattice Structure) को सट्टा कम जग्गाको आवश्यक पर्ने विकल्पकोरूपमा प्रयोग गर्दै आएको मोनोपोल संरचना (Monopole Structure) लाई आवश्यकता र उपयुक्तताका आधारमा उपयोग गर्नेतर्फ ध्यान दिइनुपर्दछ ।

विद्युत उत्पादन र प्रसारणमा भएका नीतिगत व्यवस्था र प्राथमिकताबमोजिम लक्ष्यित कार्यक्रमहरू प्रभावकारीरूपमा सञ्चालन नहुँदा विद्युतको आन्तरिक उत्पादनको प्रसारणमा समस्या रहने र भारतबाट

विद्युत आयात गरी विद्युत माग धान्नुपर्ने अवस्था रहेको छ । आयोजना सम्पन्न गर्नुपर्ने म्याद समाप्त हुदाँ वा करिब समाप्त हुने म्यादसम्म १७ आयोजनामध्ये १२ आयोजनाको प्रगति ५० प्रतिशतभन्दा कम रहेको छ ।१५ महिनामा सम्पन्न गनुपर्ने आयोजना पटक पटक गरी ७ पटकसम्म कुल ८ वर्ष ५ महिना अर्थात शुरु सम्झौताको ६७३ प्रतिशतम्याद थप हुदाँ समेत निर्माण कार्य सम्पन्न भएको छैन । निर्माण कार्य सन्तोषजनकरूपमा अघि बढ्न नसकेको कारणहरूमा राईट अफ वे मा पर्ने वनको रूखहरूको कटानमा समस्या, मुआव्जा वितरणमा समस्या, स्थानीय जनताहरूको अवरोध बढी मात्रामा रहेको देखिन्छ । निर्माणस्थल स्पष्ट नभई कार्य थालनी गर्दा यस्तो समस्या हुने गरेको छ । बोलपत्र व्यवस्थापन अघि गर्नुपर्ने पूर्वतयारीमा कमी रहेको देखिन्छ ।

सरकारी नीति तथा प्राथमिकतालाई नतिजामूलक बनाउन थप नीतिगत सुधार, संस्थागत सुदृढीकरण, प्रभावकारी कार्यान्वयन र समयवद्ध परिणाममुखी अनुगमन तथा मूल्याङ्कन पद्धतिको अवलम्बन गर्नुपर्दछ । सञ्चालन तथा व्यवस्थापन क्षमतामा अभिवृद्धि गर्नुपर्दछ ।

जलविद्युतको उत्पादन बढ्दै गएमा कोइला, पेट्रोलियम पदार्थ तथा परम्परागत स्रोतको हिस्सालाई न्यूनीकरण गर्न सकिन्छ भने विद्युत निर्यात मार्फत विदेशी मूद्रा आर्जन गर्न सकिन्छ, यसका लागि समयवद्ध आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइन निर्माण तथा सञ्चालनको आवश्यकता रहन्छ । यसबाट एकातर्फ बढ्दो व्यापार घाटा न्यून हुन जाने तथा अर्कोतर्फ उर्जा सङ्कट सम्बोधनको कारण वनविनाश घट्न गई समग्र वातावरणमा अनुकुल प्रभाव पर्ने देखिन्छ । आन्तरिकरूपमा उत्पादित उर्जाबाट औद्योगिकीकरणका आधार तयार हुने र नागरिकको जीवनमा पनि सकारात्मक परिवर्तन आँउछ ।

सरकारी सम्पत्तिको संरक्षण एवं उपयोग
(सरकारी भवन, दशलाख रूपैयाँभन्दा बढी मूल्यका सवारीसाधन तथा मेसिन उपकरणहरू)

परिचय

१. **पृष्ठभूमी -** सम्पत्तिलाई कानुनले मूर्त र अमूर्त, चल र अचल, वास्तविक र व्यक्तिगत तथा सार्वजनिक र व्यक्तिगत गरी चार वर्गमा विभाजित गरेको पाईन्छ। राज्यको स्वामित्व र प्रत्यक्ष नियन्त्रणमा रहेको सम्पत्ति सरकारी वा सार्वजनिक सम्पत्ति हुन। सबै सरकारी सम्पत्ति सार्वजनिक भएतापनि सबै सार्वजनिक सम्पत्ति सरकारी नहुन सक्दछ। सरकारको नाममा अभिलेख कायम भएको सम्पत्ति सरकारी सम्पत्ति हो भने व्यक्तिगत स्वामित्व बाहेकको अरु सबै सम्पत्ति सार्वजनिक सम्पत्तिको रूपमा बुझिन्छ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)
- सरकारी सम्पत्तिको अभिलेख
- सरकारी सम्पत्तिको उपयोग
- सरकारी सम्पत्तिको संरक्षण

लेखाको सामान्य परिभाषामा सम्पत्ति भन्नाले संस्थाको स्वामित्व वा नियन्त्रणमा रहेको भौतिक वा अदृश्य श्रोत जस्लाई संस्थाले मूल्य थप गर्न, सकारात्मक आर्थिक लाभ तथा सेवा लिन र दिनको लागि प्रयोग गर्दछ साथै यसले नगदमा परिणत हुने मूल्य समेत बोकेको हुन्छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ६ र ७ मा सरकारी सम्पत्तिको जिम्मा त्यसको लगत संरक्षण तथा बरबुझारथ र लिलाम विक्रीसम्बन्धी व्यवस्था गरेको छ। नियम ४६ देखि ६० सम्मका विभिन्न नियममा भएको व्यवस्था र अन्य ऐन नियम अनुसार घर जग्गाको बारेमा परिभाषित गरिएतापनि जिन्सी मालसमानको वारेमा स्पष्ट व्याख्या गरेको देखिँदैन। सरकारकोतर्फबाट जनतालाई सेवा प्रदानको सन्दर्भमा आवश्यक पर्ने राज्यकोषबाट खरिद गरिएका वा आन्तरिकरूपमै दाताबाट प्राप्त वा वैदेशिक सहयोगमा प्राप्त, मालसमान तथा सामग्रीलाई जिन्सीको रूपमा लिएको पाईन्छ। नियमावलीले कार्यालय प्रमुखको जवाफदेहितामा जिन्सीको जिम्मा तोक्ने, लगत अद्यावधिक राख्ने, बेलाबेलामा निरीक्षण गर्ने, त्यसको मर्मतसंभार र संरक्षण गर्ने, प्रयोगमा ल्याउन र गर्न नसकिने भएमा लिलाम विक्री गरी जिन्सी स्रेस्ता चुस्त र दुरुस्त राखी त्यसको वार्षिक प्रतिवेदन तयार गरी तालुक निकायमा पठाई आवश्यक सुधार गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी नियमावलीले कार्यालय प्रमुखदेखि महालेखा नियन्त्रक कार्यालय र मन्त्रालयसम्मका पदाधिकारीलाई उक्तसरकारी सम्पत्तिको उपयोग, संरक्षण र अभिलेखमा जिम्मेवारी तोकिएको पाईन्छ।

यसरी जिम्मेवारी तोकेतापनि मुलुकी देवानीसंहिता, २०७४ को दफा २९९ ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधिनमा रहेको देहायको सम्पत्ति सरकारी सम्पत्ति मानिने उल्लेख गरेको छ। जसमा जिन्सी माल सामानलाई सरकारी सम्पत्ति अन्तर्गत परिभाषित गरेको पाइदैन।

(क) सरकारी घर भवन वा जग्गा,

(ख) सडक बाटो वा रेल्वे,

(ग) वन जङ्गल वा वन जङ्गलमा रहेका रुख बुट्यान,

(घ) नदी, खोलानाला, ताल पोखरी तथा त्यसको डिल,

(ङ) नहर कुलो वा ऐलानी, पर्ति जग्गा,

(च) खनिज वा खनिज पदार्थ,

(छ) हिमाल, भीर, पहरा, डगर, बगर, सार्वजनिक बगैँचा र

(ज) सार्वजनिक सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको सम्पत्ति बाहेकको अन्य सम्पत्ति

यसरी उल्लेखित कानुनी व्यवस्थाको अध्ययनबाट सरकारी जिन्सी माल सामानको स्पष्ट व्याख्या नगरेतापनि यस्ता मालसामानमा राज्यको ठूलो लगानी भएको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ८ को खण्ड ट, ठ, ड ले लेखापरीक्षण गर्ने विषयमा सरकारी नगदी जिन्सी लगायत उपलब्ध श्रोत साधन र सम्पत्तिको उचित रूपमा उपयोग गरे नगरेको, सरकारी सम्पत्तिको प्रचलित कानुनबमोजिम अभिलेख राखे नराखेको र सरकारी सम्पत्तिको हानी नोक्सानी नहुने गरी उचित संरक्षण तथा मर्मतसंभारको व्यवस्था गरे नगरेको विषय पनि लेखापरीक्षणको विषयमा समावेश गरेको छ ।

महालेखापरीक्षकको कार्यालयबाट जारी हुने वार्षिक लेखापरीक्षण प्रतिवेदनहरूमा प्रायःगरी सार्वजनिक सम्पत्तिको संरक्षण उपयोगमा सम्बन्धमा समुचित व्यवस्थापन गर्न नसकेको, सरकारी वन तथा जग्गाको अतिक्रमण भएको तथा तीनको प्रयोग हुन नसकेको सरकारी सामानको लिलाम विक्री समयमा नभएको, सरकारी सम्पत्ति उपयोगविहीन भएको, निश्चित उद्देश्यका लागि खडा गरिएका कोषहरू उपयोग नभएको, औषधि लगायतका जिन्सी तथा उपकरणको व्यवस्थापन एवं संरक्षण उपर्युक्त ढङ्गबाट नभएको, संरचना निर्माणमा निकायगत समन्वयको अभाव भएको अवस्था देखिएकोले उपलब्ध स्रोत साधनको मितव्ययी एवं दक्षतापूर्वक उपयोग हुन नसक्दा यसबाट राज्यले सरकारी सम्पतिको प्रभावकारी उपयोग गरेको नदेखिएको व्यहोरा उल्लेख हुँदै आएको देखिन्छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा २६(४) बमोजिम आफ्नो निकाय वा मन्त्रालय अन्तर्गतका सबै प्रकारका चल-अचल सम्पत्ति र दायित्वको अभिलेख लेखा उत्तरदायी अधिकृतले राख्नुपर्ने, महालेखा नियन्त्रकको कार्यालयले सोको आधारमा एकीकृत विवरण तयार गर्नुपर्ने व्यवस्था रहेकोछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । तर स्थानीय तहका पदाधिकारीहरूले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षणमा ध्यान नदिँदा भू-माफियाहरूको चलखेल बढ्दै गएको छ ।

पेफाबाट २०७०/८/१४ मा पेश भएको प्रतिवेदनअनुसार देशभरमा १ हजार ६ सय ८६ कार्यालयका सरकारी सम्पत्तिको लगत रहेकोमा जम्मा ९० हजार ६ सय ३० रोपनी जग्गा र १ हजार ४ सय ४ पक्की घर सरकारी जग्गा र भवनको रूपमा रहेको देखिएको थियो । सरकारी सम्पत्तिको दुरूपयोग रोक्न अभिलेख खडा गर्नुपर्नेमा विभिन्न पक्षबाट बेला-बेलामा कुरा उठान भइरहेको छ ।

२. **नीतिगत व्यवस्था -** आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन तथा नियमावलीमा गरेका उल्लेखित व्यवस्था बाहेक अन्यत्र सरकारी सम्पत्तिको उपयोगसम्बन्धमा कुनै नीतिगत व्यवस्था गरेको देखिँदैन ।

३. **विषयसँग सम्बन्धित कानुनी व्यवस्था (ऐन, नियमावली, विनियम र कार्यविधिहरू)**

ऐनसम्बन्धी व्यवस्था	नियमावली निर्देशिकासम्बन्धी व्यवस्था
देवानीसंहिता, २०७४	
आर्थिक कार्यविधि ऐन, २०५५	सार्वजनिक खरिद नियमावली, २०६४
सार्वजनिक खरिद ऐन, २०६३	आर्थिक कार्यविधि नियमावली, २०६४
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६	
स्थानिय सरकार सञ्चालन ऐन, २०७४	
आयकर ऐन, २०५८	

४. **बजेट र खर्च व्यवस्था -** विभिन्न प्रकारले सरकारी सम्पत्तिको प्राप्ति र उपयोग भईरहेको र वार्षिक बजेटको ठूलो हिस्सा सरकारी जिन्सी तथा मालसामान खरिदमा उपयोग भए तापनि त्यसबाट प्राप्त भएको सरकारी सम्पत्तिको अवस्था, उपयोग संरक्षण र अधिकतम प्रतिफल प्राप्तिको लागि भनी कुनै यकिन बजेट विनियोजन गरेको देखिदैन ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

५. **विषय छनौटको औचित्य -** पटक-पटक सरकारी सम्पत्तिको अद्यावधिक अभिलेख तथा उपयोग नभएको, सरकारी सम्पत्तिको सदुपयोग नभएको र सञ्चार माध्यम, संसदीय समिति तथा सर्वसाधारणमा समेत सरकारी सम्पत्तिको संरक्षण तथा उपयोग सम्बन्धमा विभिन्न आवाज तथा गुनासाहरू सार्वजनिक रूपमा

आईरहने गरेकोमा जनचासोको विषय समेत भएकोले सरकारी सम्पत्तिको संरक्षण तथा उपयोग सम्बन्धमा अध्ययन गरी मितव्ययिता, कार्यदक्षताको दृष्टिकोणबाट स्वतन्त्र एवं वस्तुगत मूल्याङ्कन गर्ने अभिप्रायले कार्यमूलक लेखापरीक्षणका लागि यो विषयको छनौट भएको थियो ।

६. **लेखापरीक्षणको उद्देश्य -** सरकारी कार्यालयको नाममा रहेका वा प्राप्त भएका (सरकारी भवन, दशलाख रूपैयाँभन्दा बढी मूल्यका सवारीसाधन तथा मेसिन उपकरणहरू) सरकारी सम्पतिको संरक्षण एवं उपयोगको अवस्था मूल्याङ्कन गर्ने मुख्य उद्देश्यका साथ लेखापरीक्षणका निम्न सहायक उद्देश्य निर्धारण गरिएको थियो:

सहायक उद्देश्यहरू -

- सरकारी सम्पत्तिको अभिलेख अद्यावधिक रहे नरहेको सुनिश्चित गर्नु,
- सरकारी सम्पत्तिको संरक्षण एवं उपयोगको स्थिति अध्ययन गर्नु,
- प्रयोगमा नआएका सम्पत्तिको कारण सरकारलाई हुने व्ययभारको परीक्षण गर्नु ।

७. **लेखापरीक्षणको क्षेत्र -** लेखापरीक्षणको उद्देश्य हासिल गर्न सरकारी कार्यालयहरूको सरकारी सम्पत्तिको मूल्याङ्कन गरिएको छ । यस प्रयोजनको लागिसंघीय मन्त्रालयहरू, संवैधानिक निकायहरू, महालेखा नियन्त्रक कार्यालय तथा सात प्रदेशका प्रदेश लेखा नियन्त्रक कार्यालयहरूको सरकारी सम्पत्ति, जिन्सी अभिलेख तथा प्रतिवेदन र सोसम्बन्धमा उक्तनिकायहरूबाट प्राप्त सुचनाहरू नै लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको थियो ।

८. **लेखापरीक्षणको पद्धति र विधि -** यस विषयको लेखापरीक्षणका लागि माथि विषय छनौटको औचित्यमा उल्लेख गरेअनुसारको उपलब्धि नदेखिएको सन्दर्भमा निम्नानुसारको पद्दति तथा विधिको प्रयोग गरिएको थियो ।

८.१. **लेखापरीक्षणको पद्धति-**यस लेखापरीक्षणमा प्रमुखरूपले समस्यामूलक पद्धति अवलम्बन गरिएको छ । विभिन्न निकायको विद्यमान समस्याबाट श्रोत साधनको उपयोगमा परेको असरलाई मध्यनजर राखी त्यसको निराकरणको लागि समस्यामूलक पद्धति अवलम्बन गरिएको छ ।

८.२. **लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजनाले निर्दिष्ट गरेबमोजिम कार्यमूलक लेखापरीक्षण मापदण्डको तुलनात्मक अध्ययन मूल्याङ्कन र विश्लेषण गरिएको छ । नेपाल सरकारको आर्थिक कार्यविधिसम्बन्धी कानुन, नीति तथा निर्णय, नियम तथा नियमावली अनुगमन तथा निरीक्षण प्रतिवेदनहरू, जिन्सी निरीक्षणका वार्षिक प्रतिवेदन, अन्य सम्बन्धित प्रतिवेदन, लेख रचना, समाचार तथा सहायक तथ्याङ्क सङ्कलन गरी त्यसको विश्लेषणात्मक समीक्षा गरी त्यसको आधारमा लेखापरीक्षण अनुशिलन श्रृङ्खला तयार पारी त्यसका आधारमा सर्वेक्षण कार्य गरिएको थियो । सर्वेक्षण चरणमा प्रश्नावली, परीक्षण सूची, अन्तर्रक्रिया जस्ता औजारहरू प्रयोग गरिएको थियो । सरकारी सम्पत्तिको उपयोग अवस्था तथा त्यसको प्रभावकारिता बारे जानकारी लिने उद्देश्यले गैर नमूना पद्धतिको (Non-Sampling Method) आधारमा ४३ निकायसँग प्रश्नावलीद्वारा निकायको अवस्था र व्यवस्थाको बारेमा लिखित जानकारी लिइएको छ । निकायहरू छनौट गर्दा संघीय मन्त्रालय, संवैधानिक निकाय, महालेखा नियन्त्रक कार्यालय र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा केन्द्रित भई उद्देश्यमूलक नमूना छनौट विधिको (Purposive Sampling Approach) आधारमा गरिएको छ ।

९. **लेखापरीक्षणको सीमा -** समय र यथार्थतामा आधारित भईउपलव्ध हुने सूचना, अभिलेख, विवरण, सेवाग्राहीसँगको अन्तरवार्ता, तथा वित्तीय स्रोतबाट सङ्कलित तथ्याङ्कको आधारमा प्रतिवेदन तयार गरिने हुँदा त्यसको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समय सीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा उपलव्ध भएका स्रोत साधन आदि नै लेखापरीक्षणका सीमा रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

सरकारी सम्पत्तिको उपयोगको अवस्था विषयको लेखापरीक्षणको सन्दर्भमा सङ्कलन गरिएका तथ्याङ्क, सूचना तथा जानकारीको विश्लेषणात्मक समीक्षा, कागजात परीक्षण तथा सर्वेक्षणबाट प्राप्त सूचना

तथा जानकारीको आधारमा देखिएका तात्विक महत्वका बिषयहरूलाई मात्र लेखापरीक्षणबाट देखिएको व्यहोराको रूपमा प्रस्तुत गरिएको छ ।

१०. **सरकारी सम्पतिको अभिलेख -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा २६(४) ले आफ्नो निकाय वा मन्त्रालय अन्तर्गतका सबै प्रकारका चल-अचल सम्पत्ति र दायित्वको अभिलेख लेखा उत्तरदायी अधिकृतले राख्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६, ४७ र ४८ ले कार्यालयमा प्राप्त हुने जुनसुकै प्रकारको जिन्सी मालसमानको विवरण र मूल्य खुलाई जिन्सी किताबमा ७ दिनभित्र आम्दानी बाँधी श्रेस्ता खडा लगरी राख्नुपर्ने र महालेखा नियन्त्रक कार्यालयले वार्षिक केन्द्रीय आर्थिक विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यससम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

सूचक	ईकाइ संख्या	विवरण प्राप्त	विवरण प्राप्त मध्ये		
			पूर्ण पालना	आंशिक पालना	पालना नगर्ने
१. सम्पतीको अवस्था र मूल्य खुलाई अभिलेख राखेको,	संख्या	२५	४	-	२१
२. सवारीसाधनको अवस्था र मूल्य खुलाई लगत खडा गरेको,	संख्या	१७	४	७	६
३. मेसिन तथा उपकरणको अध्यवधिक अभिलेख राखेको,	संख्या	७	६	१	०
४. सवारी साधनको लिलाम बिक्री समयमै गरेको	संख्या	१६	५	०	११
५. सवारी साधनको समयमै मर्मत गरेको,	संख्या	१६	५	०	१०
६. सरकारी भवनको अभिलेख अध्यावधिक राखेको,	संख्या	२४	४	०	२०
७.स्थिर सम्पत्तिको खुलासा गरेको,	संख्या	१०	०	१०	०
८.प्रचलित कानुनी व्यवस्थाको अनुपालन	संख्या	१०	६	४	०
(सरकारी सम्पत्तिको अभिलेख र संरक्षण सम्बन्धमा ४४ निकायबाट सूचना माग गर्दा देखिएको अवस्था विश्लेषण					

१०.१. संघीय सरकारका २२ मन्त्रालय, १३ संवैधानिक निकाय, महालेखा नियन्त्रक कार्यालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग र ७ प्रदेशका कोष तथा लेखा नियन्त्रक कार्यालय गरी जम्मा ४४ निकायबाट सरकारी सम्पत्तिको अभिलेख, संरक्षण र उपयोगसम्बन्धमा सूचना माग गर्दा १३ मन्त्रालय, ९ संवैधानिक निकाय, महालेखा नियन्त्रक कार्यालय र २ प्रदेश लेखा नियन्त्रक कार्यालय समेत २५ निकायबाट प्राप्त विवरण अध्ययनबाट पररा्ष्ट्र मन्त्रालय, निर्वाचन आयोग, लोक सेवा आयोग र महालेखापरीक्षकको कार्यालयले मात्र केन्द्रीयस्तरमा सरकारी सम्पत्तिको अभिलेख अद्यावधिक राखेको पाईयो । अधिकाँश सरकारी निकायहरूले आफु र अन्तर्गतको निकायहरूको सम्पत्तिको एकीकृत अभिलेख राखेको पाईएन । नेपाल सरकारले स्थिर सम्पत्ति सृजनाको लागि २०७३।७४ र २०७४।७५ मा क्रमशः रु.२ खर्ब ५७ अर्ब १६ करोड ४ लाख ६८ हजार र रु.३ खर्ब १८ अर्ब ३७ करोड ७४ लाख २ हजार समेत रु.५ खर्ब ७५ अर्ब ५३ करोड ७८ लाख ७० हजार बजेट व्यवस्था गरी रु.२ खर्ब १० अर्ब ८ करोड ४ लाख ९० हजार र २ खर्ब ४३ अर्ब ९७ करोड ५६ लाख २३ हजार समेत रु.४ खर्ब ५४ अर्ब ५ करोड ६१ लाख १३ हजार खर्च गरेको छ । तथापि सोको एकीकृत अभिलेख राखेको देखिएन ।

१०.२. सरकारी निकायहरूबाट सवारी साधन खरिदमा वर्षैनी रु.६ अर्बभन्दा बढी खर्च गर्नेगरेको छ । सवारीसाधन खरिदमा २०७३।७४, २०७४।७५ र २०७५।७६ मा क्रमशः रु.६अर्ब ७१ करोड ३४ लाख, रु.६ अर्ब ६१ करोड ४५ लाख र रु.५ अर्ब ८६ करोड ८३ लाख.खर्च गरेको देखिन्छ । मूल्य खुलाई सवारीसाधनको लगत खडा गरेको सम्बन्धमा विभिन्न ४४ निकायसँग विवरण माग गरिएकोमा १७ निकायबाट प्राप्त विवरणअनुसार ४ निकायले मूल्य खुलाई, ७ निकायले आँशिकरूपमा र ६ निकायले मूल्य नखुलाई लगत राखेको पाईयो । पररा्ष्ट्र मन्त्रालय, निर्वाचन आयोग, लोक सेवा आयोग, महालेखापरीक्षकको कार्यालय बाहेकका अन्य केन्द्रीय निकायले आफु र अन्तर्गत कार्यालयमा रहेका सवारीसाधनको केन्द्रीय लगत नराखेको पाईयो ।

१०.३. सरकारी निकायहरूले मेसिन उपकरण खरिदमा वर्षैनी विनियोजित बजेटको ठूलो रकम खर्च गर्ने गरेका छन् । मेसिन उपकरण खरिदमा २०७३।७४ मा रु.७ अर्ब ७० करोड ४२ लाख २०७४।७५ मा रु.९ अर्ब ७४ करोड ३४ लाख र २०७५।७६ मा रु.१२ अर्ब २७ करोड ८३ लाख खर्च गरेको देखिन्छ । तर ती सबै मेसिन तथा उपकरणको सम्बन्धित निकायहरूले सम्पत्तिमा अभिलेखन गरी अद्यावधिक विवरण तयार गरेका छैनन् । केन्द्रीयस्तरमा रहेका ४४ निकायबाट हेभी इक्यूप्मेन्ट तथा मेसिन उपकरण (रु.१० लाख परल मूल्यभन्दा बढीको मात्र) को विवरण माग गरिएकोमा केही संवैधानिक निकाय, स्वास्थ्य तथा जनसंख्या,

अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय समेत ७ निकायले आफुसँग भएको मेसिन तथा उपकरणको विवरण उपलब्ध गराएतापनि मातहतका निकायहरूको मेसिन उपकरण विवरण समाबेश छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग रहेका ३२ उपकरणको मूल्य खुलाएको पाईएन भने २ उपकरण मर्मत गर्नुपर्ने अवस्थामा रहेको पाईयो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका कार्यालय र अस्पतालमा रहेका सबै उपकरणको अभिलेख राखेको छैन । सबैभन्दा धेरै हेभी इक्वीपमेन्टहरू खरिद एवं प्रयोग गर्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सोअन्तर्गतकाहेभिईक्यूपमेन्ट कार्यालय समेतले अद्यावधिक अभिलेख नराखेको हेभि ईक्यूपमेन्ट डिभिजन, कार्यालय मिन भवनले ३३ सवारीसाधनमध्ये १३ र ५९ हेभि ईक्यूपमेन्टमध्ये ३७को मूल्य नखुलाई आम्दानी बाँधेको पाईयो । सिँचाइ, खानेपानी मन्त्रालयहरूले समेत हेभी इक्यूप्मेन्ट तथा मेसिन उपकरणको केन्द्रीय अभिलेख खडा गरी अद्यावधिक गर्ने गरेका छैन्न ।



हेभी इक्यूपमेन्ट डिभिजन कार्यालय काठमाडौंमा रहेका भेही इक्यूपमेन्टको अवस्था

सरकारी निकायहरूबाट सम्पत्तिको एकीकृतअभिलेख नराख्नुमा जिम्मेवारी तोकिएका लेखा उत्तरदायी अधिकृत र कार्यालय प्रमुखहरूबाट अनुगमनको कमी, महालेखा नियन्त्रक कार्यालयबाट जिन्सी निरीक्षण प्रतिवेदनहरू एकीकृत गरी समयमै सरकारी सम्पत्तिका अद्यावधिक केन्द्रीय अभिलेख तयार गर्न सम्पत्ति सूचना प्रणलीको कमी जस्ता कारणहरू रहेको पाइयो । यसले गर्दा प्रत्येक वर्ष सरकारी लगानीबाट श्रृजना गरेको सम्पत्तिको यथार्थ मूल्याङ्कन सरकारसँग छैन । साथै र्ममतसंभार बजेट तथा कार्यक्रम तर्जुमा र सरकारी सम्पत्तिको उपयोग तथा संरक्षण प्रभावकारी हुन नसक्ने अवस्था रहेकोछ ।

सुझाउ - सरकारी सम्पत्तिको प्रभावकारी संरक्षण र उपयोग गर्न महालेखा नियन्त्रक कार्यालयको समन्वयमा सबै सरकारी निकायहरूले Public Assets Information System को विकास गरी सरकारी सम्पत्तिको अवस्था र मुल्य सहितको दुरुस्त अभिलेख तयार गर्नुपर्दछ । साथै लेखा उत्तरदायी अधिकृत र कार्यालय प्रमुखहरूबाट लगतको नियमित अनुगमन गर्नुपर्दछ ।

११. **सवारीसाधनको लिलाम विक्री -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० र ५८ ले टुटफुट भै बेकम्मा भएका र पुनःमर्मत नहुने भनी किटान भएका मालसामान जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएको ६ महिनाभित्र लिलाम विक्रीको कारबाही गर्नुपर्ने व्यवस्था गरेको छ । यससम्बन्धमा सूचना माग गरिएका ४४ निकायमध्ये १६ निकायबाट प्राप्त विवरणअनुसार ३० सवारीसाधन लिलाम विक्री गरेको पाईएन । सवारी साधन धेरै हुने प्रधानमन्त्री कार्यालय, गृह, रक्षा र विकास निर्माण तर्फका संघीय मन्त्रालयहरू र अन्तर्गत कार्यालयमा रहेका सवारीसाधनको अवस्था खुल्ने विवरण प्राप्त नभएको र महालेखा नियन्त्रक कार्यालय लगायत अन्य निकायमा समेत सवारीसाधनको अद्यावधिक विवरण राखेको पाईएन । सबैभन्दा कम सवारीसाधन भएको प्रदेशमा न. ७ मा मात्र ११ सवारीसाधन लिलाम विक्री गर्नुपर्ने अवस्थामा रहेको र हेभि ईक्यूपमेन्ट डिभिजन काठमाडौमा मात्र विभिन्न जीप, कार, ट्रक, डोजर र ग्रेडर सहितका ११ साधन लिलाम गर्नुपर्ने तथ्यले यसको राष्ट्रियस्तरमा एकीकृत तथ्याङ्क निकै ठूलो रहेको पुष्टि गर्दछ । काम नलाग्ने अवस्थामा पुगि लिलाम विक्रीगर्नुपर्ने सवारीसाधनहरू जिम्मेवार पदाधिकारीबाट अनुगमनको कमीले गर्दासमयमा लिलाम नहुनालेसम्पत्तिको मूल्यमा ह्रास भै कम राजस्व प्राप्त हुनुका साथै भण्डारण लागत समेत बढने देखिन्छ ।

सुझाउ - जिम्मेवार पदाधिकारीले नियमित अनुगमन गरी सवारीसाधनको खरिदमा बाई ब्याक मेथड कार्यान्वयन गरी लिलाम विक्री गर्नुपर्ने सवारीसाधन प्रतिस्थापन गर्ने तथा सो सम्भब नभए समयमै लिलाम विक्रीको कारबाही गरी सम्पत्ति व्यवस्थापन चुस्त बनाउनुपर्दछ ।

१२. **सम्पत्ति संरक्षण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५०(२ग) अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा के कति जिन्सी मालसामानहरू मर्मतसंभार गर्नुपर्ने अवस्थामा छन् खुलाई प्रतिवेदन दिनुपर्ने र नियम ५१ ले सरकारी जिन्सी मालसामानसंभार गरी चालु अवस्थामा राख्नुपर्ने व्यवस्था गरेको छ । लेखापरीक्षणको क्षेत्रमा परेका ४४ निकायमध्ये १६ निकायबाट प्राप्त विवरण अनुसार ३२ सवारीसाधन मर्मत गर्नुपर्ने अवस्थामा रहेको पाईयो । प्रदेश ७ बाहेकका अन्य प्रदेश तथा संघीय मन्त्रालय तथा विभागबाट विवरण उपलब्ध नभए तापनि यसको राष्ट्रिय स्तरको एकीकृत संख्या निकै हुने अनुमान सहजै लगाउन सकिन्छ । साथै सरकारी सम्पत्ति मर्मतसंभार गर्ने नीति तथा मापदण्ड नहुँदा सम्पत्ति संभारमा यथोचित बजेट व्यवस्था हुनसकेको छैन । सरकारी भवन मर्मतसंभारमा २०७३।७४ मा रु.७५ करोड १२ लाख ९६ हजार, २०७४।७५ मा रु.८१ करोड ९४ लाख २४ हजार र २०७५।७६ मा रु.७५ करोड २२ लाख बजेट विनियोजन गरी क्रमशः रु.८१ करोड ९४ लाख, रु.८१ करोड ९४ लाख र रु.६९ करोड ९३ लाख १६ हजार खर्च गरेको छ । तर भवनको नियमित, आवधिक मर्मतसंभारको मापदण्ड तयार गरेको छैन । सरकारी भवनहरूको नियमित मर्मतसंभारको लागि यथोचित बजेट विनियोजन नहुँदा संभारको अभावमा उपयोगिता कम हुने भएको छ । बजेटको अभावमा समयमै मर्मतसंभार नगर्दा सरकारी भवनको संरक्षण नभई नयाँ निर्माणमा बढी खर्च गर्नुपर्ने अवस्था देखियो ।



संरक्षणको अभावमा राजविराजको सरकारी अतिथि

सुझाउ - अर्थ मन्त्रालयबाट सरकारी सम्पत्ति मर्मत सम्भार नीति तथा मापदण्ड तर्जुमा गरी सोहीबमोजिम सम्बन्धित निकायलाई आवस्यक बजेट व्यवस्था गरी सरकारी सम्पत्तिको समयमै मर्मतसम्भार भई सम्पत्ति संरक्षण हुने वातावरण तयार गर्नुपर्दछ ।

१३. **सरकारी भवनको लगत -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५४(१) अनुसार प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर जग्गाको लगत महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने, त्यस्तो घरजग्गा अन्य कुनै सरकारी कार्यालयको नाममा भएको अवस्थामा बाहेक अन्य अवस्थामा आफ्नो नाममा दर्ता गराउनुपर्ने र यस्तो घरजग्गाको विवरण तालुक विभाग, मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । नेपाल सरकारले सरकारी भवन निर्माणमा प्रत्येक वर्ष अर्बौं लगानी गर्ने गरेको छ । सरकारी निकायहरूबाट २०७३।७४ मा २४ रु.अर्ब ३६ करोड ३२ लाख २०७४।७५ मा रु.३५ अर्ब ७३ करोड ५१ लाख र २०७५।७६ मा रु.४२ अर्ब ८० करोड ७२ लाखभवन निर्माणमा खर्चगरेको देखिन्छ । तर ती सबै निर्माण भएका भवनको मूल्य सम्पत्तिमा अभिलेखन गरी अद्यावधिक विवरण तयार गरिएको छैन । यससम्बन्धमा सबै मन्त्रालयहरू, संवैधानिक निकायहरू, प्रदेश लेखा नियन्त्रक कार्यालयहरू र महालेखानियन्त्रक कार्यालय समेत ४४ निकायबाट सूचना माग गरेकोमा २५ निकायबाट प्राप्त विवरण अनुसार परराष्ट्र मन्त्रालय, महालेखापरीक्षकको कार्यालय, लोकसेवा आयोग र निर्वाचन आयोगले आफु र अन्तर्गतका सरकारी भवनको विवरण अद्यावधिक राखेको उल्लेख गरेका छन् । तर प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय लगायत सिंहदरवारमा अवस्थित मन्त्रालयहरूले समेत आफ्नो नाममा भवन नभएको व्यहोरा जनाएका छन । केन्द्रीय सरकारको मुख्य प्रशासनिक भवनको रूपमा रहेको सिंहदरवारको लगत र प्रयोग गर्नेको विवरण महालेखा नियन्त्रक तथा सम्बन्धित मन्त्रालयको विवरणबाट समेत देखिँदैन । केन्द्रीय, प्रदेश तथा स्थानीय सरकार समेतले सरकारी भवनको अभिलेख अद्यावधिक नगरेको कारण हालसम्म सरकारी स्वामित्वमा रहेका भवनको कुल संख्या, मर्मत गर्नुपर्ने र संरक्षण गर्नुपर्ने अवस्थामा कति छन्अभिलेख छैन । साथै साविकमा संघ अन्तर्गत रहेका विभिन्न कार्यालयहरू हाल प्रदेश र स्थानीय सरकार अन्तर्गत रहेकोमा त्यसको सम्पत्तिको हस्तान्तरण अद्यावधिक अभिलेख

देखिएन । यसबाट स्वामित्वको अस्पष्टता, उचित मर्मतसम्भारको कमीका साथै सरकारी सम्पत्तिको मूल्याङ्कन समेत अद्यावधिक नहुने देखियो ।

सुझाउ - तीनै तहका सरकारले आफु र अन्तर्गत रहेका सरकारी भवनको मूल्य, अवस्था र उपयोगको अद्यावधिक लगत राखी केन्द्रिय अभिलेखका लागि महालेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्दछ ।

१४. **स्थिर सम्पत्तिको खुलासा -** नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सबै प्रकारको स्थिर सम्पत्तिको विवरण तयार गर्न मिल्ने गरी साबिकका म.ले.प.फारममा परिमार्जन गरी नयाँ फारम २०७६/२/१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको छ । साबिकका फारममध्ये फारम नं. ४१७ र ४१८ मा क्रमशः घर जग्गाको लगत र स्थिर सम्पत्तिको मूल्याङ्कन गर्ने फारम कायम गरिएको छ । यसैको आधारमा तीनै तहका सरकारले आफ्नो जिन्सी तथा सम्पत्तिको अभिलेख राख्नुपर्दछ । नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सबै प्रकारको भवन, मेसिन र अन्य स्थिर सम्पत्तिको रकम तथा विवरण सहितको खुलासा गर्नुपर्दछ । यससम्बन्धमा ४४ निकायबाट जानकारी माग गरिएकोमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयर अर्थ मन्त्रालय लगायतका १० निकायले २०७५।०७६ मारु.२ खर्ब ४० अर्ब १८ करोड ५१ लाखको स्थिर सम्पत्ति खुलाए तापनि भौतिक योजना तथा यातयात, खानेपानी, सिंचाइ जस्ता मन्त्रालय र केही संवैधानिक निकायहरूबाट उक्त व्यवस्थाको पालना भएको देखिने विवरण उपलब्ध भएन । प्रत्येक मन्त्रालय र केन्द्रीय निकायले सार्वजनिक क्षेत्र लेखामानअनुसार वित्तीय विवरण तयार गर्ने गरेको भएपनि सोमा मन्त्रालय र निकाय अन्तर्गतका सबै स्थिर सम्पत्ति समाबेश गरी सोको मूल्य खुलाएको देखिएन । यससम्बन्धमा निकायहरूले सम्पत्तिको अभिलेख एवं ऐतिहासिक मूल्य उपलब्ध नहुनु र सम्पत्तिको मूल्याङ्कन गर्ने आधार समेत नभएकोले सरकारी स्थिर सम्पत्तिको यर्थाथ मूल्य चित्रण हुने स्थिति छैन ।

क्र.सं.	मन्त्रालय	स्थिर सम्पत्तिको मूल्य (रु.हजारमा)	कैफियत
१.	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	२४१७४४	मेसिन, सवारी साधन र अन्य
२.	भौतिक योजना तथा यातयात	२५७५३८९	आंशिकको मात्र मूल्य खुलेको
३.	स्वास्थ्य तथा जनसंख्या	५१६४२०	आंशिकको मात्र मूल्य खुलेको
४.	सिंचाइ	१०७३०९९३	आंशिकको मात्र मूल्य खुलेको
५.	गृह मन्त्रालय	नखुलाएको	हालसम्म खुलाउन नसकेको
६.	कृषि तथा पशुपंक्षी विकास मन्त्रालय	४७१५५८	भवन, मेसिन, सवारी साधन र जग्गा खुलाएको
७.	अर्थ मन्त्रालय	२१२३२८८	भवन, मेसिन, सवारी साधन र अन्य सम्पत्ति समेतको
८.	महिला वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय	२२८७९४	भवन, मेसिनरी र अन्य
९.	निर्वाचन आयोग	५९५७१४	२०७५।७६ को मेसिनरी, सवारी साधन र अन्य
१०.	राष्टिय मानव अधिकार आयोग	८२९१५	२०७५।७६ को मेसिनरी, सवारी साधन र अन्य
११.	कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय	१६५९७९	मेसिनरी, सवारी साधन र अन्य
१२.	राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोग	८५७७७	२०७५।७६ का मेसिनरी, सवारी साधन र अन्य
१३.	रक्षा मन्त्रालय	२२२४१७६१	आंशिकको मात्र मूल्य खुलेको
१४.	पररा्ष्ट्र मन्त्रालय	७०३२६५२	जग्गा, भवन, मेसिनरी, सवारी साधन र अन्य
१५.	खानेपानी मन्त्रालय	६७४०२	मेसिनरी, सवारी साधन र अन्य
१६.	संस्कृति पर्यटन तथा नागरिक उडयन मन्त्रालय	५६०७९	मेसिनरी, सवारी साधन

सुझाउ - सरकारी निकायहरूलेआफ्नो र मातहतका कार्यालयहरू समेतको सम्पूर्ण स्थिर सम्पत्तिको मूल्य सहितकोविवरण समावेश गरी वित्तीय विवरणमा खुलासा गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१५. **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ५०(१) बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् ?कार्यालय प्रमुखले एक वर्षमा कम्तिमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखी वा लिईराख्ने साथै यसरी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएको कुनै मालसामान भेटिएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाई त्यस्तो मालसामानको मर्मतसंभार र संरक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । प्रश्नावली प्रेशित गरिएका ४४

निकायमध्ये १६ निकायको विवरण अनुसार कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय लगायतका २ मन्त्रालयले चौमासिक रूपमा, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लगायतका ३ निकायले मासिक रूपमा, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय लगायतका ११ निकायले वार्षिक रूपमा जिन्सी निरीक्षण गर्ने गरेको प्रश्नोत्तर प्राप्त हुनआएको छ । यसरी आ आफ्नो कार्यालयमा जिन्सी निरीक्षण गरिएको जवाफ प्राप्त भएतापनि उक्तनिकायहरूले जिन्सी मालसमानको वार्षिक आम्दानी खर्च र वर्तमानको यथार्थ अवस्था देखिने गरी आफु र अन्तर्गत निकायको सरकारी सम्पत्तिको प्रतिवेदन तयार नगरेको पाइयो । यसबाट केन्द्रीय निकायहरू आफु र अन्तर्गतका निकायको जिन्सी मालसमानको उपयोग तथा संरक्षण पर्याप्त ध्यान दिन नसकेको अवस्था देखिन्छ । यसबाट समग्र सरकारी सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण भएको भन्नेमा यकिन हुनसक्ने अवस्था रहदैन ।

सुझाउ - सरकारी सम्पत्तिको समयमै निरीक्षण गरी आफु र अन्तर्गत निकायको सम्पूर्ण जिन्सी निरीक्षण प्रतिवेदनको आधारमा केन्द्रीय प्रतिवेदन तयार गरी देखिएका व्यहोरामा तत्काल आवश्यक कारवाहीगरी सरकारी सम्पत्तिको सदुपयोग गरिनुपर्दछ ।

१६. **उपयोग एवं संरक्षणको अनुपालन -** सरकारी सम्पत्तिको उपयोगमा मौजुदा कानुनी व्यवस्थाको अनुपालन भएको हुनुपर्दछ । अनुपालनसम्बन्धमा विभिन्न ४४ केन्द्रीय निकायको लागि प्रश्नावली पठाएकोमा प्रश्नोत्तर प्राप्त १० निकायको स्थिति निम्नानुसार रहेको पाईयो । केन्द्रीय निकाय मातहत निकायमा नेपाल सरकारको नाममा रहेको सरकारी सम्पत्ति (भवन, सवारी साधन उपकरण) को उपयोगको सम्बन्धमा भएको नीतिगत व्यवस्था अधिकांश निकायहरूको छुट्टै विशिष्ट नीति नरहेको र आर्थिक कार्यविधि ऐन तथा नियमावलीका साथै नेपाल सरकारबाट जारी भएका विभिन्न नीतिगत व्यवस्थालाई आधार मान्ने गरिएकोमा सरकारी सम्पत्तिको उपयोग एवं संरक्षणमा कार्यालयहरूले गरेको अनुपालन अवस्था निम्नअनुसार रहेको पाईयो :

क्र.सं.	निकायहरूको नाम	अनुपालन अवस्था (प्रतिशतमा)
१	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	५०
२	महालेखापरीक्षकको कार्यालय	१००
३	राष्ट्रिय मानव अधिकार आयोग	७५
४	निर्वाचन आयोग	७५
५	आदिवासी जनजाति आयोग	१००
६	मधेशी आयोग	१००
७	गृह मन्त्रालय	१००
८	औषधी व्यवस्था विभाग	७५
९	परराष्ट्र मन्त्रालय	१००
१०	अर्थ मन्त्रालय	१००

सरकारी सम्पत्तिको उपयोग र संरक्षणको सन्दर्भमा कार्यालयको अनुपालन अवस्था मूल्याङ्कन गर्दा भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले कुल १०० पूर्णाङ्कमा ५० प्रतिशत पालना गरेको, राष्ट्रिय मानव अधिकार आयोग लगायतका ३ निकायले ७५ प्रतिशत पालना गरेको र अन्य ६ निकायले १०० प्रतिशत पालना गरेको जनाएतापनि महालेखापरीक्षकको कार्यालय, आदिवासी जनजाति आयोग र परराष्ट्र मन्त्रालयमा सवारीसाधनहरू समयमै मर्मत र लिलाम नगरेको अवस्थामा अनुपालन अवस्था १०० प्रतिशत भएको देखाएको पाईएकोले अनुपालनको अवस्था फितलो रहेको देखिन्छ र सम्बन्धित निकायले यसप्रति थप जिम्मेवार हुनुपर्ने देखिएको छ । यससम्बन्धमा निकायहरूले सम्पत्तिको अभिलेख एवं एतिहासिक मूल्य उपलब्ध नहुनु, सम्पत्तिको मूल्याङ्कन गर्ने आधार समेत नभएकोले उपलब्ध सूचनाको आधारमा उल्लेख गरेको जनाएपनि सरकारी स्थिर सम्पत्तिको यर्थाथ अभिलेख चित्रण गर्ने स्थिति छैन । यसो हुनुमा जिम्मेवार पदाधिकारी अनुपालन गर्न र गराउनमा उदासिन हुनु हो ।

सुझाउ - सरकारी सम्पत्तिको उपयोगमा प्रभावकारिता अभिवृद्धिको .सरकारी सम्पत्तिको उपयोग सम्बन्धमा कार्यालयगत स्पष्ट मापदण्ड तय गरी सोको निष्पक्ष तथा यथार्थ पालना र सोहीअनुसारको प्रतिवेदन प्रणालीको कार्यान्वयन गरिनुपर्दछ ।

१७. **सम्पति हस्तान्तरण -** आर्थिक कार्यविधि नियमावाली, २०६४ को नियम ५७(४) मा हस्तान्तरण हुने सम्पत्तिहरू हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । सम्पत्तिको हस्तान्तरण गर्दा राख्नुपर्ने अभिलेखको लागि महालेखापरीक्षकबाट स्वीकृत लेखा फारमको ढाँचा पनि विगतदेखि नै प्रचलनमा रहेको छ । राज्यको पुनर्संरचना पश्चात गठन भएका तीन तहका सरकारमा साबिकका विभिन्न कार्यालयहरू समाहित भएका र समाहित भएका कार्यालयको सम्पत्ति सम्बन्धित सरकारमा हस्तान्तरणको लागि संघीय मन्त्रालयले निर्देशन दिएको देखिन्छ । सो व्यवस्थाबमोजिम गृह र प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले विभिन्न निकायलाईसम्पत्ति हस्तान्तरण गरेको देखिएको छ । स्वास्थ्य, कृषि तथा पशु, वन तथा वातावरण, सहरी विकास, खानेपानी लगायतका संघीय मन्त्रालयबाट प्रदेश कार्यालयहरूमा कुनकुन सम्पत्ति हस्तान्तरण गर्नुपर्ने हो र गरियो भन्ने अभिलेख कुनै मन्त्रालयले यकिन गरी राखेको पाइएन । सम्पत्ति आवश्यकताको मानदण्ड तथा हस्तान्तरणसम्बन्धी निर्देशिका नहुनु र तालुक निकायबाट भएका निर्देशनको पालन नहुँदा आवश्यकताभन्दा बढी सरकारी सम्पत्तिको मौज्दात रही उपयोगमा आउन नसक्ने अवस्था रहेको र कतै अत्यावश्यक कार्यमा प्रयोग गर्न समेत पूर्वाधार उपलब्ध हुन नसकी तत्कालको लागि बजेटको व्यवस्थापन गर्नुपर्ने अवस्था देखिएको छ ।

सुझाउ - उपलब्ध सरकारी सम्पत्तिको मितव्ययी दक्ष तथा प्रभावकारी उपयोगको लागि सरकारी सम्पत्तिको आवश्यकताको मानदण्ड निर्धारण गरी सो अनुसार तत्काल हस्तान्तरण गर्ने र सोको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

१८. **सरकारी सम्पत्ति उपयोग मापदण्ड -** कुनैपनि जिन्सी मालसमान, मेसिन तथा उपकरण र सवारी साधनहरू निश्चित मापदण्ड प्रयोग गरी लागत लाभको आधारमा सञ्चालनमा ल्याउँदा अधिकतम उपयोगिता लिन सकिन्छ । सरकारी सम्पत्ति प्राप्ति एवं मर्मतसंभारको लागि वार्षिकरूपमा बजेटको ठूलो अँश प्रयोग हुने गरेको छ । यथोचित कार्यवातावरण तयार गर्न कार्यालयको कार्य प्रकृतिअनुसार आवश्यक पर्ने भवन, सवारीसाधन, मेसिन तथा उपकरणसम्बन्धमा स्पष्ट मापदण्ड नभएको कारण उपलब्ध साधन श्रोतको दक्षतापूर्वक उपयोग हुनसकेको छैन । संघीय संरचना अनुसार तीन तहका सरकारले सवारीसाधान खरिदमै वर्षेनी अर्बौं रूपैयाँ खर्च गरेका छन । नेपाल सरकारले सरकारी सम्पत्तिको उपयोगसम्बन्धी एकीकृतरूपमा लागु हुने निश्चित मापदण्ड बनाएको देखिँदैन । कुनस्तरको कर्मचारीले वा पदाधिकारीले कुन कुन सरकारी सम्पत्ति कति मात्रामा, कुन गुणस्तरको, कसरी प्रयोग गर्न पाउने मापदण्ड तोकिएको छैन । कार्यालय भवनको कार्यकक्ष, आवास सुविधा, सवारीसाधन र अन्य मेसिन उपकरणका सम्बन्धमा समेत मापदण्डको कार्यान्वयनको अभावमा सम्बन्धित पदाधिकारीहरूले बजेट र उपलब्ध श्रोतको आधारमा उपयोग गर्ने परिपाटी बसेको छ । फलस्वरूप समान तहका पदाधिकारीमा समेत श्रोत साधनको उपलब्धता एवं प्रयोगमा विभिन्नता देखिन्छ ।

सुझाउ - सरकारी सम्पत्तिको प्राप्ति र उपयोगमा प्रभावकारिता अभिवृद्धिको लागि अर्थ मन्त्रालयबाट सरकारी सम्पत्तिको उपयोगसम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ ।

१९. **जिम्मेवारीमा उपलब्धि -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ तथा आर्थिक कार्यविधि नियमावलीले नेपाल सरकारको सम्पूर्ण सम्पत्ति तथा दायित्वको एकीकृत अभिलेख राख्ने जिम्मेवारी महालेखा नियन्त्रक कार्यालयलाई तोकेको छ । त्यसैगरी सोही कामहरू प्रदेशस्तरमा प्रदेश लेखा नियन्त्रक कार्यालयहरूले गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयहरूमध्ये वागमती प्रदेश र सुदूरपश्चिम प्रदेशले लगत सङ्कलन गर्ने कार्य भईरहेको जानकारी दिएका छन । महालेखा नियन्त्रक कार्यालयबाट नेपाल सरकारको स्थिर सम्पत्तिहरूको एकीकृत लगत तयार गर्ने कार्य र सम्पत्तिको लेखाङ्कन प्रणालीमा प्रोदभावी लेखाप्रणाली लागु गर्ने लगायतका कार्य आंशिकरूपमा मात्र कार्यान्वयन भएको देखिन्छ । कार्यालयले यो वर्ष तीनवटै तहका सरकारी कार्यालयले प्रयोगमा ल्याउनसक्ने गरी Public Assets Management System विकासकोलागि परामर्श सेवाबाट तीन महिनाभित्र सेवा लिने गरी७ जनवरी २०२० मा Dry Ice Solution Pvt.Ltd सँग रु.९ लाख ७३ हजारमा सम्झौता गरेकोमा उक्त प्रणाली २० आषाढ २०७७ सम्म परीक्षणको कार्य सम्पन्न गर्ने जानकारी गराएको छ । साथै कार्यलयबाट जिम्मेवारी अनुरूप सरकारी निकायको जिन्सीको वार्षिक एकीकृत प्रतिवेदन, लिलाम कार्य व्यवस्थित बनाउन निर्देशिकाको तयारीर सम्पत्तिको लेखाङ्कन तथा उपयोग व्यवस्थित गर्न आवश्यक सफ्टवेयरहरूको व्यवस्थागरेको पाइएन । सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थित गरी सम्पत्ति व्यवस्थापनको लागत कम गर्न महालेखा नियन्त्रक कायालयलय र प्रदेश लेखा नियन्त्रक कार्यालयहरूबाट तोएिको समय भित्रै जिम्मेवारी पुरागर्न कार्यतालिका

बनाई कार्यान्वयन
गर्नुपर्दछ ।

क्र.सं.	कामको विवरण	अवस्था र प्रगति
	नेपाल सरकारको स्थिर सम्पत्तिहरूको एकीकृत लगत तयार गर्ने	आंशिक कार्य सम्पन्न
	सम्पत्तिको लेखाङ्कन प्रणालीमा सुधार गरी प्रोदभावी लेखाप्रणाली लागू गर्ने	स्टक पोजिसनको चार्ट अफ एकाउन्ट स्वीकृत गरी प्रक्रिया शुरु गरिएको
	जिन्सी व्यवस्थापन तथा सुधारसम्बन्धी नीति तर्जुमा गर्ने	आर्थिक कार्यविधि नियमावलीको संशोधनमा थप नीति व्यवस्था गर्ने
	सार्वजनिक सम्पत्तिको प्राप्ति, उपयोग तथा व्यवस्थाका लागि विभिन्न निकायमा मलेनिकाको प्रतिनिधित्व गर्ने	प्रतिनिधित्व गरिएको
	सरकारी निकायको जिन्सी निरीक्षण	कोलेनिकाबाट गर्ने गरिएको
	लिलाम कार्यको व्यवस्थापनको लागि निर्देशिका तर्जुमा गर्ने	आर्थिक कार्यविधि नियमावली जारी पश्चात आवश्यक निर्देशिका तर्जुमा गर्ने
	सबैप्रकारका सरकारी सम्पत्तिको लिलाम मिन्हा तथा व्यवस्थापन	अनुरोधको आधारमा गरिएको
	सम्पत्तिको लेखाङ्कन तथा उपयोग व्यवस्थित गर्न आवश्यक सफ्टवेयरहरूको विकास	सार्वजनिक सम्पत्तिको अभिलेख तथा प्रतिवेदन प्रणाली विकासको क्रममा रहेको । आगामी ३ महिनाभित्र सम्पन्न हुने अपेक्षा ।

नेपाल सरकारको स्थिर सम्पत्तिहरूको एकीकृत लगत तयार गर्ने कार्य आँशिकरूपमा मात्र हुनु, सम्पत्तिको लेखाङ्कन प्रणालीमा प्रोदभावी लेखाप्रणाली लागु नहुन, जिन्सी व्यवस्थापन तथा सुधारसम्बन्धी नीति तर्जुमा नहुनु, सार्वजनिक सम्पत्तिको प्राप्ति, उपयोग तथा व्यवस्थाका लागि विभिन्न निकायमा प्रतिनिधित्व गरेतापनि सम्पत्ति व्यवस्थापन दक्षतापूर्ण नदेखिनु, सरकारी निकायको जिन्सी निरीक्षण गरेतापनि वार्षिक एकीकृत प्रतिवेदन नहुनु, लिलाम कार्य व्यवस्थित बनाउन निर्देशिका तयार नगरिनु र सम्पत्तिको लेखाङ्कन तथा उपयोग व्यवस्थित गर्न आवश्यक सफ्टवेयरहरूको विकास भएको पाईएन ।

सुझाउ - नेपाल सरकारको समग्र जिन्सी र सोको लेखाप्रणालीलाई प्रभावकारी बनाउन जिन्सी व्यवस्थापन सुधार नीति, लिलाम व्यवस्थापन निर्देशिका तर्जूमा गर्ने, स्थिर सम्पत्तिको एकीकृत लेखा तयार गर्न र सम्पत्तिको लेखाङ्कन र उपयोगलाई व्यवस्थित गर्न तीन तहमा रहेका सरकारको सम्पूर्ण सम्पतिको स्पष्ट अभिलेख उपलव्ध हुनसक्ने सफ्टवेयरको विकासगरी तत्काल लागु गर्नुपर्दछ ।

२०. **निष्कर्ष -** सार्वजनिक साधन स्रोतबाट खरिद वा प्राप्त गरिएका नेपाल सरकारको स्वामित्वमा रहेका सम्पत्तिहरू सरकारी सम्पत्ति हुन । सरकारी निकायका क्रियाकलाप सञ्चालन र सेवा प्रवाहमा सम्पत्तिको दक्षतापूर्वक उपयोग हुनुपर्दछ । सरकारी सम्पत्तिको उपयोगिता वृद्धिकालागि अद्यावधिक अभिलेखका साथै उचित संरक्षण र दक्षतापूर्वक उपयोग हुनु जरुरीछ । प्रचलित ऐन नियमले आफ्नो निकाय वा मन्त्रालय अन्तर्गतका सबैप्रकारका सम्पत्तिको अभिलेख राख्ने, संरक्षण गर्ने र उपयोगको जिम्मेवारी लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख र महालेखा नियन्त्रक कार्यालयमा रहेको छ । तर सरकारी सम्पत्तिको अद्यावधिक अभिलेख, यथोचित संरक्षण र अधिकतम उपयोगका लागि सम्बन्धित निकायहरूबाट थप प्रयास गर्नुपर्ने देखिएको छ । जिम्मेवार निकाय एवं पदाधिकारीबाट अनुगमनको कमी, मर्मतसंभार र सम्पत्ति उपयोगसम्बन्धी मापदण्ड नहुनु, मर्मतसंभार बजेटको कमी, जिन्सी निरीक्षण प्रतिवेदनमा कारबाही नहुनु आदि कारणले गर्दासम्पत्तिको अभिलेख अद्यावधिक नभएको, उचित संरक्षण र दक्षतापूर्वक उपयोग हुन सकेको छैन । यसलेगर्दा मर्मतसंभार बजेट तर्जुमामा कठिनाई, वास्तविक आवश्यकताको पहिचान नहुने, सरकारी सम्पत्तिको दुरूपयोग हुनसक्ने, सम्पत्तिको उपयोगिता र प्रतिफल अभिवृद्धि नहुनुका साथै सम्पत्तिमा आवश्यकभन्दा बढी लगानी हुनसक्ने देखिन्छ । त्यसैले संसदीय समितिमा समेत सरकारी सम्पत्ति र दायित्वको अभिलेख नभएको विषयमा छलफल भएको छ । उपर्युक्त अवस्थामा सुधारका लागि जिम्मेवार पदाधिकारीबाट प्रभावकारी अनुगमन हुनुपर्ने, सरकारी सम्पत्तिको अवस्था र मूल्य सहितको दुरुस्त अभिलेख तयार गर्ने, लिलाम विक्री कारबाही गरी सम्पत्ति व्यवस्थापन लागत कम गर्ने, सरकारी सम्पत्तिको समयमै मर्मतसंभार गर्नुपर्ने, मर्मतसंभार र सम्पत्ति उपयोगसम्बन्धी मापदण्ड तयार गर्नुपर्ने सुझाउहरू कार्यान्वयको लागि सिफारिस गरिएको छ ।

सामाजिक सुरक्षा कार्यक्रमको अवस्था

परिचय

१. **पृष्ठभूमि -** नेपालमा सामाजिक सुरक्षा कार्यक्रम सैनिकहरूको सेवा निवृत्त जीवनमा आर्थिक सहयोग पुऱ्याउन वि.सं. १९९१ सालमा "सैनिक द्रव्य कोष"को स्थापना गरी शुरुवात भएको थियो । त्यस्तै वि.सं. २००१ सालमा "निजामती प्रोभिडेण्ट फण्ड"को व्यवस्था गरिएको थियो । सरकारी कर्मचारीहरूको सञ्चयकोषलाई निजामती सेवा ऐन, २०१३ ले नै योगदानमा आधारितबनाउने कानुनी व्यवस्था गर्दै वि.सं. २०१९ सालमा कर्मचारी सञ्चयकोषको स्थापना गरियो । साथै राष्ट्रसेवक कर्मचारीहरूका लागि बीमा, औषधोपचार, विदा, उपदान तथा निवृत्तिभरण जस्ता सुविधाहरू प्रदान गर्नेकानुनी व्यवस्था गरियो । हाल नेपालका राष्ट्रसेवक कर्मचारीहरूको लागि उपचार खर्च, थप आर्थिक सहायता, अशक्त वृत्ति, अंगभंग चोटपटक सुविधा, असाधारण पारिवारिक वृत्ति तथा उपदान, शैक्षिक तथा सन्तति वृत्ति, दुर्घटनामा परी मृत्यु वा चोटपटक भएमा उपचार खर्च वा उपदान, निवृत्तिभरण र शिशु स्याहार भत्ता जस्ता योगदानरहित सामाजिक सुरक्षा कार्यक्रमहरू रहेका छन् भने वि.सं. २०७६ साउन १ गतेदेखि नियुक्त हुने कर्मचारीहरूको योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था गरिएको छ। नेपालमा २०५१/५२ (वि.सं. २०५१/९/११) देखि ७५ वर्ष पुगेका जेष्ठ नागरिकहरूलाई योगदान रहित नगद हस्तान्तरणमा आधारित सामाजिक सुरक्षा भत्ता दिन सुरुवात गरिएको हो। हाल यो कार्यक्रम मार्फत विभिन्न दश समूहका नेपालीहरूलाई नगद हस्तान्तरणमा आधारित सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरिएको छ। २०७२/७३ देखि स्वास्थ्य बीमा कार्यक्रम समेत सामाजिक सुरक्षा कार्यक्रमको रूपमा सञ्चालनमा ल्याईएको छ। त्यस्तैं योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम निजी क्षेत्रका प्रतिष्ठानहरूमा कार्यरत कर्मचारी तथा कामदारहरूको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम वि.सं. २०७५ मंसिर ११ गतेदेखि शुरू गरिएको छ। यस कार्यक्रमको लागि सामाजिक सुरक्षा कोष स्थापना भई योगदानकर्ताहरूलाई औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र बृद्ध अवस्था सुरक्षा योजना जस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

- सामाजिक सुरक्षा कार्यक्रम
- कानूनी तथा संगठनात्मक संरचना
- जीवनक्र तथा जोखिममा आधारित
- कोषमा आधारित सामाजिक सुरक्षा

सामाजिक हेरचाह कार्यक्रम अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पुनर्स्थापना, स्याहार तथा हेरचाह, छात्रवृत्ति, उद्धार तथा सहयोग, निर्वाह भत्ता आदि विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । प्रभावकारी श्रम बजार नीति मार्फत सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नेपालमा रोजगार सेवा तथा सहायता प्रदान गर्न न्यूनतम एकसय दिनको रोजगारी उपलब्ध गराउन र रोजगारी उपलब्ध नभएमा निर्वाह भत्ता उपलब्ध गराउन २०७५/७६ बाट थालनी भएको छ । त्यस्तैं विपद्मा परेका जनताहरूको राहत, उद्धार तथा पुनर्स्थापनाको लागि पनि थुप्रै प्रयासहरू भईरहेका छन् । यसका अतिरिक्त कर्मचारी सञ्चयकोषले आफ्ना सञ्चयकर्ताहरूलाई दुर्घटना क्षतिपूर्ति, काजकिरिया अनुदान, सुत्केरी तथा शिशु हेरचाह खर्च, सञ्चयकर्ता स्वास्थ्योपचार जस्ता सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरेको छ । त्यस्तैं नागरिक लगानी कोषले समेत पेन्सन योजना, उपदान योजना, बीमा कोष योजना जस्ता योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालन गरेको छ। त्यसैगरी वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीमा गएका नेपालीहरू तथा उनीहरूको परिवारका सदस्यहरूको लागि राहत तथा सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरेको छ ।सरकारले सामाजिक सुरक्षा कार्यक्रम प्राथमिकतासाथ अगाडि बढाउँदै लगेसँगै यस क्षेत्रमा हुने सार्वजनिक खर्च, प्रयत्न र सबैको चासो र सहभागिता समेत बढ्दै गएको छ । सामाजिक सुरक्षा कार्यक्रमहरूलाई कानुनी, संरचनागत तथा प्रणालीगत रूपमा सुधार गर्दै सबै नागरिकहरूको जीवनमा सकारात्मक प्रभाव पार्न र राज्यबाट गरिने सुरक्षाको प्रत्याभूति गराउन अपरिहार्य छ ।

२. **सामाजिक सुरक्षासम्बन्धी कानुनी आधार -** सामाजिक सुरक्षा कार्यक्रमहरूको लागि निम्नानुसारका अन्तर्राष्ट्रिय, राष्ट्रिय कानुनहरूको व्यवस्था गरिएको छ :

२.१. **अन्तर्राष्ट्रिय कानुन -** मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २२ मा "प्रत्येक व्यक्तिलाई समाजको एक सदस्यको हैसियतले सामाजिक सुरक्षाको अधिकार हुने" व्यवस्था उल्लेख गरिएको छ । अन्तर्राष्ट्रिय श्रम संगठनको C१०२ सामाजिक सुरक्षा (न्यूनतम मापदण्ड) महासन्धि, १९५२ मा जम्मा नौ प्रकारका कार्यक्रमहरू उल्लेख गरिएका छन्, जसमा औषधि उपचार सुविधा, विरामी हुँदाको सुविधा, बेरोजगारी सुविधा, वृद्धाअवस्थाको सुविधा, काम गर्दाको दुर्घटना तथा चोटपटक लाग्दाको सुविधा, परिवार तथा बालबच्चाको सुविधा, मातृत्व संरक्षण सुविधा, अशक्तताको सुविधा र आश्रित परिवारको हेरचाह सुविधा रहेका छन् ।

२.२. **संवैधानिक व्यवस्था -** नेपालको संविधानले सामाजिक सुरक्षा, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता, आवास, स्वास्थ्य, शिक्षा र रोजगारीको हकलाई मौलिक हकको रूपमा स्थापित गर्दै संविधानकोधारा ४३मा"आर्थिक रूपले विपन्न अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुने"उल्लेख गरेको छ। त्यसैगरी धारा ३३ मा बेरोजगार सहायता सहितको रोजगारीको हकको व्यवस्था छ । धारा ३४(२)मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने व्यवस्था छ । संविधानको धारा ३८(५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हकको व्यवस्था गरिएकोछ । त्यस्तैं संविधानको धारा ४०(३) मा दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुनबमोजिम विशेष व्यवस्था गरिने र धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था छ । संविधानको धारा ४२(२) मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उ तथा न, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हकको व्यवस्था गरिएको छ । संविधानको अनुसूची ५, ६ र ७ मा सामाजिक सुरक्षा सम्बन्धी कार्य क्रमशः संघको एक अधिकार, संघ र प्रदेशको साझा अधिकार र संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूचीमा राखिएकोछ ।

२.३. **अन्य कानुनी व्यवस्था -** माथि उल्लेखित अन्तर्राष्ट्रिय कानुन र संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्नको लागि तपसिलका ऐन, नियमावली तथा कार्यविधिहरू रहेका छन् :

- सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली, २०७५
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा नियमावली २०७५
- अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४
- रोजगारीको हकसम्बन्धी ऐन, २०७५
- श्रम ऐन, २०७४ र नियमावली, २०७५
- बालबालिकासम्बन्धी ऐन, २०७५,
- निजामती सेवा ऐन, २०४९ र नियमावली २०५० लगायत अन्य सरकारी सेवा ऐन नियमावलीहरू,
- उपभोक्ता संरक्षण ऐन, २०५४
- निवृत्तिभरण कोष ऐन, २०७५
- रोजगारीको हकसम्बन्धी ऐन २०७५
- कर्मचारी सञ्चयकोष ऐन, २०१९
- नागरिक लगानी कोष ऐन, २०४७
- समाज कल्याण ऐन, २०४९
- सामाजिक सुरक्षा कोष व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६७
- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५

- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५
- स्वास्थ्यबीमा ऐन, २०७४
- स्वास्थ्य बीमा नियमवाली २०७५,
- रोजगारदाता र श्रमिकको सूचीकरणसम्बन्धी कार्यविधि, २०७५
- कोषको रकम (वाणिज्य बैंकहरूमा) लगानी गर्नेसम्बन्धी कार्यविधि, २०७५ आदि ।

३. **संगठनात्मक संरचना तथा कार्यक्रमहरू -** नेपालमा राष्ट्रिय योजना आयोगले एशियाली विकास बैंकको प्राविधिक सहयोगमा सन् २०११ मा तर्जुमा गरिएको सामाजिक सुरक्षासम्बन्धी राष्ट्रिय ढाँचा (Draft National Framework for Social Protection 2011-2020) को मस्यौदामा तत्कालीन समयमा विद्यमान रहेका सामाजिक सुरक्षा कार्यक्रमहरूको गरिएको वर्गीकरण (Mapping) अनुसार सामाजिक संरक्षण (Protection) कार्यक्रमहरूलाई४ वर्गमा विभाजन गरिएको गरिएको छ । ति ४ वर्गमध्ये (क) अत्यावश्यक सामाजिक सेवाहरू अन्तर्गत खानेपानी तथा सरसफाई, आधारभूत स्वास्थ्य सेवा, निःशुल्क शिक्षा, लैंगिक हिंसा तथा मानव बेचविखनबाट पीडितहरूको संरक्षण, खाद्य सुरक्षा, आवास, प्रकोप व्यवस्थापन, कृषि कार्यक्रमको प्रवर्द्धन (रासायनिक मल, बीउविजन, कृषि बीमा आदि), वृद्धावस्था हेरचाह, बालबालिकाको हेरचाह तथा अपाङ्गगता भएका व्यक्तिको हेरचाह आदि राखिएका छन् । (ख) नगद हस्तान्तरण अन्तर्गत रोजगारको प्रत्याभूति योजना, ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपांगता भएका व्यक्तिलाई भत्ता, अति लोपोन्मुख आदिवासी जनजातिलाई भत्ता, बाल संरक्षण भत्ता, नगदमा आधारित छात्रवृत्ति, शैक्षिक बीमा तथा कर्जा, सुविधाबाट वञ्चित भएका समूह (Disadvantage Groups, DAGs) का लागि सामाजिक सुरक्षा, प्रसुती तथा मातृस्याहार नगद सहायता रहेका छन् । (ग) सामाजिक सुरक्षा अन्तर्गत बेरोजगार लाभ, रोजगार दुर्घटना लाभ, प्रसुतीलाभ, औषधि उपचार सहायता, अशक्तता लाभ, बिरामी सुविधा, बृद्धावस्था सुविधा, सामाजिक स्वास्थ्य बीमा, औपचारिक क्षेत्रका कामदार कर्मचारीहरूको उपदान तथा निवृत्तिभरण सुविधा लगायत योगदानमा आधारित कल्याणकारी कोषहरू समावेश गरिएका छन् । (घ) चौथो वर्गमा ऐच्छिक कार्यक्रमरू, सरकारले दिने परम्परागत सामाजिक सुरक्षा प्रणालीहरू जस्तैं राष्ट्रसेवक कर्मचारीहरूको र अन्य नयाँ कुनै योजनाहरू समावेश गरिएका छन् । सामाजिक सुरक्षासम्बन्धी राष्ट्रिय संरचना (Draft National Framework for Social Protection 2011-2020) को मस्यौदाबमोजिम अत्यावश्यक सेवाहरू (खानेपानी तथा सरसफाई, आधारभूत स्वास्थ्य सेवा, निःशुल्क शिक्षा, लैङ्गिक हिँसा तथा मानव बेचविखनबाट संरक्षण, खाद्य सुरक्षा, आवास, प्रकोप विरुद्धको तयारी, कृषि प्रवर्द्धन कार्यक्रम, बृद्धावस्थाको हेरचाह, बालबालिकाको हेरचाह, युवावस्थाको हेरचाह) नगद हस्तान्तरण (रोजगारी सुनिश्चित कार्यक्रम, ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपाङ्गता भएका व्यक्तिलाई भत्ता, अतिलोपोन्मुख आदिवासी जनजाति भत्ता, बालबालिका संरक्षण अनुदान, छात्रवृत्ति कार्यक्रम, शैक्षिक बीमा तथा कर्जा, सुविधावञ्चितलाई सामाजिक सुरक्षा, प्रसुतीस्याहार खर्च), सामाजिक सुरक्षा (बरोजगार सुविधा, रोजगारीको अवस्थामा हुने चोटपटक सुविधा, प्रसुती सुविधा, औषधिउपचार सुविधा, बिरामी सुविधा, बृद्धावस्था सुविधा, सामाजिक स्वास्थ्य बीमा, संगठित क्षेत्रका कामदार तथा कर्मचारीलाई पेन्सन एवं कल्याणकारी कोष) र ऐच्छिक कार्यक्रम (परम्परागत सामाजिक सुरक्षा प्रणाली एवं नवप्रवर्तनात्मक कार्यक्रम) गरी चार वर्गमा सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी कार्यक्रमहरूलाई वर्गीकरण गरिएको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालन, श्रम तथा रोजगारसम्बन्धी जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रहेको छ । राष्ट्रसेवक कर्मचारीहरूको निवृत्तिभरण, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष एवं अवकाश कोषसम्बन्धी जिम्मेवारी अर्थ मन्त्रालयको रहेको छ । त्यसैगरी खाद्य सुरक्षा र कृषि तथा पशु बीमासम्बन्धी जिम्मेवारी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको रहेको छ । राष्ट्रिय परिचयपत्र व्यवस्थापन, विपद् व्यवस्थापनकोष, द्वन्द्व पीडित तथा विस्थापित व्यक्तिहरूको राहत तथा पुनर्स्थापना, आर्थिक सहायता आदिसम्बन्धी कार्य गृह मन्त्रालयले गर्दछ । यसका साथै महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरूको उद्धार, पुनर्स्थापना, राहत र बृद्धाश्रमसम्बन्धी कार्य महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्रमा तोकिएका छन् । स्वास्थ्य बीमा, सामाजिक स्वास्थ्य सुरक्षा, निःशुल्क खोप र निःशुल्क औषधि व्यवस्थापनसम्बन्धी स्वास्थ्य

मन्त्रालयको र छात्रवृत्तिसम्बन्धी शिक्षा मन्त्रालयको कार्यक्षेत्रमा रहेका छन् । सरकारका विभिन्न निकायबाट हाल सञ्चालित मुख्य सामाजिक सुरक्षा कार्यक्रम निम्नानुसार रहेका छन् :

<table>
<tr><th colspan="4">नेपालमा सञ्चालित मुख्य सामाजिक सुरक्षा कार्यक्रमहरू</th></tr>
<tr><th colspan="2">१. योगदान रहित सामाजिक सुरक्षा (Universal Social Security)</th><th>२. योगदानमा आधारित (Contibution Based) सामाजिक सुरक्षा बीमा कार्यक्रम</th><th>३. प्रभावकारी श्रम बजार नीति</th></tr>
<tr><td>• सामाजिक सहायता</td><td>• सामाजिक हेरचाह</td><td rowspan="2">• सामाजिक सुरक्षा कोषबाट सञ्चालित ४ योजना,
• स्वास्थ्य बीमा कार्यक्रम,
• योगदानमा आधारित निवृत्तभरण (२०७६ साउन १ देखि नियुक्त हुने राष्ट्रसेवक कर्मचारीहरूको लागि)
• नागरिक लगानी कोषमार्फत सावधिक जीवन बीमा
• नागरिक लगानी कोषले सञ्चालन गरेको पेन्सन/उपदान योजना</td><td rowspan="2">• प्रधानमन्त्री रोजगार कार्यक्रम ।</td></tr>
<tr><td>• सामाजिक सुरक्षा भत्ता,
• राष्ट्रसेवक कर्मचारीहरूलाई निवृत्तभरण लगायत सुविधा,
• वैदेशिक रोजगार कल्याणकारी कोषबाट आर्थिक सहायता,
• कडा रोग तथा विपन्न नागरिक औषधीउपचार,
• विपद् पीडितलाई राहत तथा अनुदान,
• छात्रवृत्ति,
• जनता आवास,
• आर्थिक सहायता,
• बरोजगार भत्ता ।</td><td>• वृद्धाश्रम, पुनर्स्थापना केन्द्र, सुधारगृह,
• शिशु स्याहार,
• प्रसुती स्याहार,
• मातृ तथा शिशु पोषण,
• निःशुल्क औषधी वितरण,
• निःशुल्क स्वास्थ्योपचार तथा खोप,
• निःशुल्क शिक्षा,
• कर्मचारी सञ्चयकोषबाट सञ्चयकर्तालाई ४ प्रकारको सामाजिक सुरक्षा कार्यक्रम</td></tr>
</table>

उपर्युक्त कार्यक्रम बाहेक पनि खानेपानी सरसफाई, आवास, खाद्य तथा कृषि तथा पशु सुरक्षा लगायतका कार्यक्रमहरू समेत सामाजिक सुरक्षाको लागि सञ्चालन गर्ने गरिएको छ । नेपालमा सञ्चालित सामाजिक सेवा तथा सुरक्षाका कार्यक्रमहरूको विस्तृत संगठनात्मक तथा कानुनी व्यवस्था अनुसूची १ र २ मा दिईएको छ ।

४. **कार्यक्रमको सोच, लक्ष्य, उद्देश्य र रणनीति -** संविधानले नै सबैको लागि सामाजिक सुरक्षा तथा संरक्षण सहितको सामाजिक न्यायमा आधारित समाजवाद उन्मुख राज्यको नीति तय गरेको छ । यसैबमोजिम तीन तहकै सरकारहरूको नीति, योजना, कार्यक्रम तथा प्राथमिकताहरू बन्दै र लागू हुँदै आएका छन् । सामाजिक सुरक्षा कार्यक्रमको लागि तीनवटै तहका धेरै मन्त्रालय तथा निकाय एवं कार्यालयहरू संलग्न हुने भएकोले यस सम्बन्धमा पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) मा निम्नानुसारको सोच, लक्ष्य, उद्देश्य र रणनीति अंगिकार गरिएको छ ।

सोच - सबैका लागि दिगो सामाजिक सुरक्षा प्रणाली, समतामूलक समाज र लोककल्याणकारी राज्य व्यवस्थाकोआधार ।

लक्ष्य- सामाजिक सुरक्षा र संरक्षणलाई दिगो, सर्वव्यापी र पहुँचयोग्य बनाई नागरिक हकको कार्यान्वयन गर्ने र राज्यप्रति नागरिकको विश्वास सुदृढ गर्ने ।

उद्देश्य-

- सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु ।
- आर्थिक सामाजिक वञ्चितीकरण र जोखिममा परेका समदुायलाई सामाजिक संरक्षण प्रदान गर्नु ।
- सामाजिक सुरक्षा र संरक्षणमार्फत नागरिकहरूको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम न्यूनीकरण गर्नु ।

रणनीति -

- सामाजिक सहयोग रसंरक्षणका कार्यक्रम विस्तार गरी आर्थिक सामाजिक बञ्चितीकरण तथा जोखिममा परेका क्षेत्र, लिङ्ग वर्ग र समुदायको पहुँच बढाउने ।

- योगदानमा आधारित सामाजिक सुरक्षायोजनालाई औपचारिक क्षेत्रका साथै अनौपचारिक क्षेत्रमा समेतविस्तार गरी सर्वव्यापी बनाउने ।

- सामाजिक सुरक्षा, सहयोग रसंरक्षणमा संघ, प्रदेश रस्थानीय सरकारबीच समन्वयरसहकार्यलाई प्रभावकारी बनाउन अन्तर सरकार सूचना प्रणालीको विकासगर्ने ।

५. **निकाय तथा कार्यक्रमको संजाल तथा क्षेत्र -** संघका विभिन्न मन्त्रालय अन्तर्गतका निकायहरू, प्रदेश, स्थानीय तहहरूबाट देशभरनै सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरूसञ्चालन हुँदै आएका छन् । यस्ता कार्यक्रमहरू सबै नेपाली जनताहरूको हितका लागि सञ्चालन गरिएका छन् । सामाजिक सुरक्षाका कार्यक्रमहरू वैदेशिक रोजगारीका क्रममा विदेशमा रहेका नेपालीहरूको लागि समेत सञ्चालन हुँदै आएका छन् । त्यसैले यसको क्षेत्र राज्य सञ्चालनका सबैजसो कार्यक्रमहरू र सबै नेपाली जनताहरू रहेका छन् भने सञ्जाल अन्तर्गत तीन तहका संघ, प्रदेश र स्थानीय तहका सबैजसो सरकारी निकायहरूबीचको अन्तरसम्बन्ध रहेको छ ।

६. **आवधिक योजना तथा बजेटमा उल्लेखित रणनीति, कार्यनीति, कार्यक्रम र क्रियाकलाप -** सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धीचौधौं योजना र २०७५/७६ को वार्षिक बजेटमा निम्नानुसारको व्यवस्थाछ :

६.१. **चौधौंआवधिक योजना (२०७३/७४ देखि २०७५/७६) -** यस आवधिक योजनामा सामाजिक सुरक्षासँग सम्बन्धित रहेका मुख्य व्यहोराहरू निम्नानुसार रहेका छन् :

रणनीति-

- सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा कार्यान्वयनमा ल्याउने,

- सामाजिक सुरक्षाका क्षेत्रमा नीतिगत तथा कानुनी पूर्वाधार र छरितो नियमनकारी संरचनाको विकास गर्ने,

- योगदानमूलक स्वास्थ्य एवं सामाजिक बीमालाई प्रोत्साहन र प्रवर्द्धन गर्ने,

- सहकारी क्षेत्रलाई सुरक्षण (बीमा) का कार्यक्रमहरू सञ्चालन र विस्तार गर्न प्रोत्साहन गर्ने ।

कार्यनीति-

- ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख समुदायका परिवारहरूलाई दिइने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, पशु बीमा, बाली बीमालगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू लक्षित समुदाय तथा वर्गमा सहज रूपमा उपलब्ध गराउन सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा कार्यान्वयनमा ल्याइने,

- ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख समुदायका परिवारहरूलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ता सहज तथा समयमै उपलब्ध गराउने व्यवस्था गरिने,

- विपन्न, सीमान्तकृत तथा लोपोन्मुख आदिवासी जनजातिलाई आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाहरू निःशुल्क उपलब्ध गराइने,

- बढी जोखिमको सामना गरिरहेका लक्षित समुदायको आवश्यकतालाई पहिले सम्बोधन गरिने,

- सामाजिक सुरक्षालाई लक्षित वर्गहरूमा विस्तार गर्दै लैजान आवश्यक पर्ने नीतिगत तथा कानुनी पूर्वाधार र नियमनकारी निकाय स्थापना गरिने,

- जनताको आधारभूत आवश्यकताको रूपमा रहेको स्वास्थ्य सेवा सुनिश्चित गर्न योगदानमूलक स्वास्थ्य बीमा विस्तार गरिने,

- राष्ट्रिय ढुकुटीबाट प्रदान गरिने निवृत्तिभरणको बढ्दो दायित्वको दिगो व्यवस्थापनका लागि योगदानमा आधारित निवृत्तिभरण कार्यक्रम सुरू गरिने,

- सहकारी क्षेत्रलाई सुरक्षण (बीमा) का कार्यक्रमहरू सञ्चालन र विस्तार गर्न नीतिगत र कानुनी व्यवस्था मिलाइने,

- सहकारी प्रणालीअन्तर्गत नै पुनर्सुरक्षण (पुनर्बीमा) को संस्थागत व्यवस्था गरिने ।
- एकीकृत सामाजिक सुरक्षा ऐन र श्रम ऐन जारी गरी सामाजिक सुरक्षा योजना कार्यान्वयन र असल श्रम सम्बन्ध विकास गरिने,
- जोखिममा परी वैदेशिक रोजगारीबाट फर्केका महिला कामदारहरूलाई विशेष सामाजिक सुरक्षाको प्रत्याभूति गरिने ।

६.२. **२०७५/७६ को वजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रम -**

- सबै नागरिक राज्यबाट संरक्षित भएको अनुभुति हुने गरी छरिएर रहेका विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमहरू एकीकृत तवरले सञ्चालन गर्दै यसको दायरा फराकिलो बनाउन एकीकृत सामाजिक सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयन गरिने,
- ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति र लोपोन्मुख आदिवासी जनजाति लगायतलाई हाल राज्यले प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गर्दै अन्य सुविधाहरू क्रमशः वृद्धि गर्दै लगिने,
- सत्तरी वर्षभन्दा माथिका सबै जेष्ठ नागरिकको रु.१ लाखसम्म बीमाङ्क रकमको स्वास्थ्य बीमा शुल्क सरकारले व्यहोर्ने,
- बृद्ध-बृद्धालाई राज्यले दिने संरक्षणको अतिरिक्त सन्तानले अनिवार्य हेरचाह गर्नुपर्ने कानुनी व्यवस्था गरिने,
- दलित तथा कर्णाली क्षेत्रका बालवालिकाका लागि प्रदान गरिँदै आएको मासिक रु.४ सयसम्मको बाल संरक्षण अनुदानको दायरालाई विस्तार गरी मानव विकास सूचकाङ्कमा पछि परेका तराई-मधेश लगायतका जिल्लाहरूमा समेत यो कार्यक्रम सञ्चालन गरिने,
- सम्बत् २०७५ साल साउन १ गतेदेखि नियुक्त हुने सबै राष्ट्रसेवकहरूका लागि योगदानमा आधारित निवृत्तभरण योजना अनिवार्य रूपमा लागु गरिने,
- असंगठित क्षेत्रका किसान, श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्तिहरूलाई समेत क्रमशः सामाजिक सुरक्षाको दायरामा समाहित गरिने,
- सामाजिक सुरक्षाको दायरामा रहेका कुनै पनि व्यक्तिले दोहोरो सुविधा नपाउने व्यवस्था गरिने ।

७. **बजेट तथा खर्चका श्रोत -** सामाजिक सुरक्षाका कार्यक्रमहरू जनतालाई प्रदान गर्दा एकद्वार प्रणालीबाट नभई हाल विभिन्न मन्त्रालय अन्तर्गतका निकायहरू, ऐन, कानुन बजेट प्रकाशन आदिबाट निर्माण भएका निकायहरू जस्ता निकायहरूबाट एवं एन्.जी.ओ., आई.एन.जि.ओ.हरू मार्फत राष्ट्रिय बजेट (रातो किताब) मा समावेश भएको रकमबाट वा राष्ट्रिय बजेटमा समावेश नभएको रकमबाट सञ्चालित हुँदै आएका छन् । उदाहरणार्थ२०७६/७७ को रातो किताबमा उल्लेख गरिएको सामाजिक सुरक्षा खर्चको शीर्षकगत व्यय अनुमान :

(रु.लाखमा)

खर्च शीर्षक नम्बर	खर्च शीर्षकको नाम	नगद			वस्तुगत तथा सोझै भुक्तानी	कुल जम्मा	कुल बजेटमा प्रतिशत
		नेपाल सरकार	वैदेशिक सहयोग	नगद जम्मा			
२१२००	कर्मचारीको सामाजिक सुरक्षा खर्च	१७४०४	२	१७४०६	०	१७४०६	१.१४
२७१००	सामाजिक सुरक्षा	६८२३७१	०	६८२३७१	०	६८२३७१	४.६६
२७२००	सामाजिक सहायता	४१७५४	३९८०७	८१५६१	०	८१५६१	०.६४
२७३००	कर्मचारी सामाजिक लाभ सम्बन्धि खर्च	७९१९३८	६८	७९२००६		७९२००६	५.१७
	जम्मा	**१५३३४६७**	**३९, ८७७**	**१५७३३४४**	**०**	**१५७३३४४**	**११.६१**

८. **मुख्य समस्या र चुनौतिहरू -** सामाजिक सुरक्षा योजनालाई सर्वव्यापि बनाउन नसकिनु, सबै सामाजिक सुरक्षाका कार्यक्रमहरूको लागि एकीकृत छाता कानुन तथा योजना बनाउनु, बहु-तहको सरकार तथा निकायहरूबीच समन्वय एवं सहकार्य गर्नु, एकीकृत सूचना प्रणालीमा सबै प्रकारका कार्यक्रमहरूको एकीकृत तथ्याङ्क बनाई सबै क्षेत्र र उमेरका नेपालीहरूलाई सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गराउनु, संविधानले गरेको मार्गदर्शन, सरकारले गरेको प्रतिबद्धता तथा जनताले गरेको अपेक्षाबमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि साधन स्रोत जुटाउनु, छरिएर तथा अव्यवस्थित सामाजिक सुरक्षा कार्यक्रमहरूलाई एकीकृत गर्दै योगदानमा आधारित बनाउँदै लैजानु, विपन्न नागरिकहरूको तथ्याङ्क र वर्गीकरण गर्नु, सामाजिक सुरक्षा कार्यक्रममा निजी क्षेत्रका रोजगारदाताको न्यून सहभागिता हुनु, गरिबीको दुष्चक्र, वञ्चितीकरण तथा जोखिममा रहेका व्यक्ति एवं तिनका परिवारको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु समग्रमा सामाजिक सुरक्षा कार्यक्रमका मुख्य समस्या तथा चुनौतीहरू हुन् ।

९. **समस्या र चुनौतीहरू समाधानका लागि गरिएका प्रयासहरू -** उल्लेखित समस्या तथा चुनौतीहरूको समाधानका लागि नेपाल सरकारले निरन्तर रूपमा नीतिगत, संस्थागत तथा कार्यक्रमगत सुधारहरू गर्दै लगेको देखिन्छ । पछिल्लो समयमा गरिएका प्रयासहरू निम्नानुसार छन् :

- सन् २०१० मा राष्ट्रिय योजना आयोगले एशियाली विकास बैंकको प्राविधिक सहायतामा राष्ट्रिय सामाजिक संरक्षण फ्रेमवर्क (२०११-२०२०) को मस्यौदा तर्जुमा भएको ।
- नेपालको संविधानमा रोजगारीको हक(धारा ३३), श्रमको हक (धारा ३४), महिलाको हक(धारा ३८), दलितको हक(धारा ४०), ज्येष्ठ नागरिकको हक(धारा ४१), सामाजिक न्यायको हक (धारा ४२) र सामाजिक सुरक्षाको हक (धारा ४३) लाई मौलिक हकको रूपमा समावेश गरी सो बमोजिमका कानुनहरूको व्यवस्था गरिएको छ ।
- वि.सं.२०६७ सालमा सामाजिक सुरक्षा कोषको स्थापना गरी निजी प्रतिष्ठानका कामदार तथा कर्मचारीहरूको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम वृहत् रूपमा२०७५ मंसिर ११ गतेदेखि शुरुवात गरिएको छ ।
- वि.सं.२०७६ श्रावण १ गतेदेखि नियुक्त हुने राष्ट्रसेवक कर्मचारीहरूको लागि योगदानमा आधारित निवृत्तभरण योजना शुरु गरिएको छ ।
- ज्येष्ठ नागरिक, एकल तथा विधुवा महिला, कर्णाली तथा दलित बालबालिका, अपाङ्गता भएको व्यक्ति, लोपोन्मुख आदिवासी जनजातिहरूको तथ्याङ्क अद्यावधिक र वैज्ञानिक बनाउन व्यवस्थापन सूचना प्रणालीको विकास र उपयोग गर्न थालिएको छ ।
- स्वास्थ्य बीमा कार्यक्रमको विस्तार गरिएको छ ।
- ज्येष्ठ नागरिक तथा कडा रोग लागेका विपन्न नागरिकहरूको निःशुल्क औषधोपचार व्यवस्था गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सबै प्रदेशका सबै स्थानीय तहहरूमा लागू गरिएको छ ।
- सरकारको २५ वर्षे दीर्घकालीन राष्ट्रिय सोच, २१०० को ८ दीर्घकालीन राष्ट्रिय रणनीतिमध्ये बुदाँ नं. ५ मा 'पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा र संरक्षण गर्ने' रहेको र रूपान्तरणका प्रमुख संवाहकको रूपमा सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति निर्धारण गरिएको छ ।
- पन्ध्रौं योजना, चालु बजेट, नीति तथा कार्यक्रम आदिमा समस्या समाधानसम्बन्धी घोषणा तथा प्रतिवद्धताहरू गरिएका छन् ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र पद्धति र सीमा

१०. **विषय छनोटको सान्दर्भिकता -** 'समृद्ध नेपाल: सुखी नेपाली' को राष्ट्रिय सोच पूरा गर्न सरकारबाट जारी गरिएको २५ वर्षीय दीर्घकालीन योजनाले आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या २१००/०१ सम्म शतप्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ । त्यसैगरी पन्ध्रौं आवधिक योजनाले हाल(२०७४/७५)मा राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च ११.३ प्रतिशतबाट २०८०/८१ मा १३.७ प्रतिशत पुऱ्याउने लक्ष्य

तोकेको छ । नेपालको संविधानले परिकल्पना गरेको सामाजिक सुरक्षा सहितको समाजवाद उन्मुख राज्य निर्माणको लागि खर्च हुने राज्यकोषको सहि व्यवस्थापन तथा उपयोग अनिवार्य र अपरिहार्य छ । यसको लागि विगतमा सञ्चालन गरिएका सामाजिक सुरक्षा कार्यक्रमहरूको पुनरावलोकन गर्दै आगामी दिनमा चाल्नु पर्ने स्पष्ट नीतिगत, संरचनागत तथा प्रणालीगत सुधारको पहिचान गर्नुपर्दछ । सबै नेपालीहरूको सामाजिक सुरक्षामा समान पहुँच र सहभागिता सुनिश्चित गर्न, राज्यकोषको दोहोरो उपयोग रोक्न, प्रभावकारी सामाजिक सुरक्षा कार्यक्रम मार्फत राज्यप्रति जनताहरूको विश्वास बढाउन सरकार र सम्बन्धित पक्षलाई बेलैमा सचेतता अपनाउन 'सामाजिक सुरक्षा कार्यक्रमको अवस्था' विषयलाई कार्यमूलक लेखापरीक्षणको लागि छनौट गरिएको हो ।

११. **लेखापरीक्षणको उद्देश्य -** नेपालमा सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमहरूको सञ्चालन गर्न गरिएको नीतिगत, कानुनी, संरचनागत तथा प्रणालीगत व्यवस्था दक्षतापूर्ण भए नभएको मूल्याङ्कन गरी मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रतिवेदन गर्नु कार्यमूलक लेखापरीक्षणको उद्देश्य रहेको छ । यसको लागि सामाजिक सुरक्षा कार्यक्रमहरूको वर्तमान नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था, कार्यक्रमको दोहोरोपना, सुविधाको उपयोग, लाभग्राहीको अभिलेख, विद्यमान सूचना प्रणाली र वितरण अवस्थाको विश्लेषण गरिएको छ ।

१२. **लेखापरीक्षणकोक्षेत्र -** अध्ययनको क्रममा सामाजिक सुरक्षा कार्यक्रमका विभिन्न क्रियाकलापलाई समेटिनेछ । यसका लागि अर्थ मन्त्रालय, गृह मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्रादेशिक मन्त्रालय, भवन आवास तथा सहरी विकास विभाग, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, राष्ट्रिय योजना आयोग, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष आदि निकायलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएकोछ । सामाजिक सुरक्षासँग सम्बद्ध अन्य निकायबाट सञ्चालित सामाजिक सुरक्षाँग सम्बन्धित क्रियाकलापलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रममाभएको खर्च मुल्याङ्कन गर्न ३ वर्षकोबजेट र खर्च तथा क्रियाकलापहरूलाई उदाहरणको रूपमा प्रस्तुत गरिएको छ ।

१३. **लेखापरीक्षणको पद्धति र विधि -**

लेखापरीक्षणको पद्धति - लेखापरीक्षण ऐन, २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजना, २०७६ ले निर्दिष्ट गरेबमोजिम कार्यमूलक लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षाको दार्शनिक पृष्ठभूमी, कार्यक्रमसम्बन्धी विद्यमान संवैधानिक, नीतिगत एवं कानुनी व्यवस्था, सरकारले सामाजिक सुरक्षा क्षेत्रमा गरेको लगानी र व्यवस्थापनको मूल्याङ्कनको अध्ययन मूल्याङ्कन र विश्लेषण गरिएको छ । यस कार्यका लागि सम्बन्धित क्षेत्रका विषय विज्ञहरूसँग छलफल अन्तरक्रिया आयोजना गरिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक सुरक्षाको असल अभ्यासबारे जानकारी हासिल गरी समस्यामूलक, प्रक्रियामूलक तथा नतिजामूलक पद्धति अवलम्बन गरेर लेखापरीक्षण सम्पादन गरिएको छ । सञ्चालित कार्यहरूको विश्लेषण गरी देखिएका जोखिम क्षेत्र एवं तात्विक महत्वका विषयहरूलाई थप पुष्ट्याई प्राप्त गर्न प्रश्नावली एवं विवरणबाट जानकारी लिने, मन्त्रालय निकायबाट सूचना सङ्कलन र सम्बन्धित पदाधिकारी एवं सरोकारवालाहरूसँग छलफल आदि गर्ने जस्ता कार्यहरूसमेत गरिएको छ ।

लेखापरीक्षण विधि - सामाजिक सुरक्षा कार्यक्रमको अवस्था विषयको कार्यमूलक लेखापरीक्षणको सिलसिलामा प्रतिवेदन, कागजातको अध्ययन, प्रश्नावली, सोधपुछ, सरोकारवाला समूहसँग छलफल अन्तरक्रिया निकायको कार्यक्रम प्रगतिको विश्लेषणात्मक विधि तथा कार्यक्रमहरूबीच तुलनात्मक विधि प्रयोगमा ल्याईएको छ ।

१४. **लेखापरीक्षणको सीमा -** प्राप्त सूचना, अभिलेख, विवरण, सेवाग्राहीसँगको अन्तरवार्ता, तथा वित्तीय स्रोतवाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ । प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट कार्यमूलक लेखापरीक्षणमा प्रयोग गरिने स्रोत साधन आदि सीमितता रहेका छन् । नेपालमा सामाजिक सुरक्षा कार्यक्रमहरू धेरै निकाय/मन्त्रालय तथा तीनवटै तहका सरकारहरूबाट सञ्चालन गरिए पनि यो कार्यमूलक लेखापरीक्षणमा संघीय

सरकार अन्तर्गतका मुख्य मुख्य नीति तथा कार्यक्रमहरू मात्रछनौट गरीती विषयहरूको कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

सामाजिक सुरक्षा कार्यक्रमको वर्तमान अवस्थामुल्यांकन गर्दा अन्तर्राष्ट्रिय कानुन, संवैधानिक, नीतिगत रकानुनी व्यवस्था, राज्यको प्रतिवद्धता, कार्यक्रमगत व्यवस्था र संरचनागतअवस्थामा कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

सामाजिक सुरक्षा कार्यक्रमको अवधारणार नीतिगत व्यवस्था सम्बन्धमा देखिएका व्यहोराहरू -

१५. **एकीकृत संरचना तथा प्रणाली -** संविधान र सरकारले प्राथमिकतासाथ अगाडि बढाएको सामाजिक सुरक्षा कार्यक्रमको लागि एकीकृत प्रणालीको व्यवस्था हुनुपर्दछ । लागतमा मितव्ययिता, कार्यान्वयन प्रक्रियामा सामञ्जस्यता, समन्वय र कार्यदक्षता, परिणामको प्रभावकारिता हासिल गर्नकार्यक्रमको संरचना तथा प्रणालीको लागि आधारभूत रूपमा नीतिगत संरचना, संगठनात्मक संरचना तथा अभिलेख व्यवस्थापन एवं व्यवस्थापन सुचना प्रणाली एकीकृत हुनुपर्दछ । सामाजिक सुरक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा यी विषयहरू निम्नानुसार रहेका छन् :

१५.१. **एकीकृत नीतिगत तथा कानुनी व्यवस्था -** एकीकृत प्रणाली स्थापनाको पूर्वशर्त एकीकृत कानुनी व्यवस्था हो । कानुनी प्रावधानको एकीकरण विना संगठनात्मक तथा प्रक्रियागत संरचनाहरूबी सामञ्जस्यता र एकीकरण गर्न सम एकीकृत सामाजिक सुरक्षा प्रणाली सम्बन्धमा चौधौं योजनामा सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा कार्यान्वयनमा ल्याउने रणनीति रहेको छ । सो रणनीति कार्यान्वयनको लागि सामाजिक सुरक्षा सम्बन्धि एकीकृत सामाजिक सुरक्षा ऐन जारी गर्ने कार्यनीति उल्लेख छ । त्यसैगरी २०७५/७६ को बजेटमा एकीकृत सामाजिक सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था छ । आवधिक योजना र वार्षिक बजेटमा उल्लेखित प्रतिवद्धता भए पनि उक्त आवधिक योजना र बजेट पुरा भैसक्दासम्म पनि सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा एवं कानुनतयार गरी कार्यान्वयनमा ल्याइएको छैन । हाल संविधानको मौलिक हक बमोजिम विभिन्न ऐनहरू लगायत सामाजिक सुरक्षा भत्ताको लागि सामाजिक सुरक्षा ऐन, २०७५, संगठित क्षेत्रका कामदार कर्मचारीहरूको लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७५, राष्ट्रसेवक कर्मचारीहरूको लागि निजामति सेवा ऐन, २०४९ लगायत विभिन्न सरकारी सेवा ऐनहरू तथा निवृत्तिभरण कोष ऐन २०७५, बालबालिकासंम्बन्धी ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४, जेष्ठ नागरिक संम्बन्धी ऐन २०६३, समाज कल्याण ऐन २०७५, रोजगारी सम्बन्धी ऐन, २०७५, श्रम ऐन, २०७४, कर्मचारी सञ्चयकोष ऐन २०१९, नागरिक लगानी कोष ऐन २०४७, स्वास्थ्य बीमा ऐन २०७४, आवासको अधिकार सम्बन्धी ऐन, २०७४, खाद्य अधिकार तथा खाद्य संप्रभुता सम्बन्धी ऐन, २०७५ लगायतका बेग्लाबेग्लै थुप्रै कानुनहरू रहेका छन् । बेग्लाबेग्लै कानुनहरू बमोजिम कार्यक्रमहरू कार्यान्वयन गर्ने निकाय, मापदण्ड तथा प्रक्रिया पनि फरक-फरक रहका छन् । ती कार्यक्रमहरू विभिन्न मन्त्रालय र निकायबाट कार्यान्वयन भएका छन् । एक निकायले गर्ने कार्यक्रमसँग अर्को निकायले सञ्चालन गर्ने कार्यक्रमको समन्वय र तालमेल देखिदैन । एउटै कानुनी व्यवस्थाबाट विभिन्न निकाय वा तहले कार्यक्रम कार्यान्वयन गरेमा कानुनी सामञ्जस्यता हुने, एकल प्रशासनिक निकायको समेत व्यवस्था हुने भएकोले प्रशासनिक खर्चमा मितव्ययिता हुने र कार्यक्रमहरूबीच पनि सामञ्जस्यता रहन्छ । सामाजिक सुरक्षा कार्यक्रमहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न लाओस जस्ता देशले एकीकृत कानुनी व्यवस्था गरेको पाइन्छ ।

सुझाउ - नेपालको संविधान, दिगो विकासको लक्ष्य, दीर्घकालीन सोच २१००, चालु पन्ध्रौं योजना र सरकारको वार्षिक नीति तथा कार्यक्रमले गरेको प्रतिवद्धता बमोजिम सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूलाई मितव्ययी, कार्यदक्ष, प्रभावकारी बनाउनसामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धि संघीय ढाँचालाई समेट्ने गरी राष्ट्रिय नीति तर्जुमा गरी लागू गर्नु पदर्छ । सो नीति बमोजिम सबै सामाजिक सहायता तथा हेरचाह, सामाजिक बीमा, सामाजिक संरक्षण तथा श्रममा आधारित सामाजिक सुरक्षा कार्यक्रमहरूलाई एकीकृत कानुनी दायरामा ल्याउनु पर्दछ ।

१५.२. **एकीकृत संगठन संरचना -** सबै सामाजिक सुरक्षा कार्यक्रमहरू एकल प्रशासनिक संरचनाभित्र सञ्चालन गरिनु पर्दछ । प्रत्येक कार्यक्रमको लागि बेग्लाबेग्लै प्रशासनिक संरचना खडा गर्दा पदाधिकारी र कर्मचारीको तलब सुविधा, कार्यालय सञ्चालन, फर्निचर, सवारीसाधन लगायतका शीर्षकमा प्रशासनिक खर्चमा बृद्धि

हुने, निर्णयमा सामञ्जस्यता नहुने, समन्वयमा समस्या पर्ने, कार्यक्रममा दोहोरोपना आउने, लाभग्राहीहरूमा द्विविधा वा अन्योलता रहने, अनुगमन तथा नियमनमा समेत अनावश्यक खर्च हुने तर प्रभावकारिता नहुने हुन्छ । हाल नेपालमा मन्त्रालयगत रूपमा गृह मन्त्रालय, अर्थ मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय पुनःनिर्माण प्राधिकरण, प्रदेश मन्त्रालयहरू, कार्यालयगत रूपमा जिल्ला प्रशासन कार्यालयहरू, निवृत्तिभरण व्यवस्थापन कार्यालय, मन्त्रालय मातहतका अन्य कार्यालयहरू र स्थानीय तहहरू, कोष तथा बोर्डगत रूपमा कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, वैदेशिक रोजागार बोर्ड, स्वास्थ्य बीमा बोर्ड तथा तिनीहरू अन्तर्गतका कार्यालयहरूबाट विभिन्न प्रकारका सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन भईरहेका छन् । नीतिगत रूपमा राष्ट्रिय योजना आयोग समेत रहेको छ । यी सबै निकायहरूको लागि बेग्लाबेग्लै कानुनहरू, बेग्लाबेग्लै संगठनात्मक संरचना, बेग्लाबेग्लै कार्यक्रम, बेग्लाबेग्लै सूचनाप्रणाली व्यवस्थापन आदिको व्यवस्था गरी सोहीबमोजिम सञ्चालन गरिएका छन् । यसले गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न सञ्चालन लागत नै बढी हुने, कार्यक्रमहरूका तथ्यांक तथा सूचना प्रणालीमा एकरूपता र सामञ्जस्यता नहुने, कार्यक्रमको प्रभावकारिता नहुने, अनुगमन एवं नियमन तथा प्रतिवेदन प्रणाली पनि चुस्त नहुने समस्या रहेको देखिन्छ । हाल पनि संघ र प्रदेशमा जतिसुकै बेग्लाबेग्लै निकायहरूबाट सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालन गरिए पनि स्थानीय तहमा सबै एकल निकायबाटै व्यवस्थापन भईरहेका छन् ।

सुझाउ - सामाजिक सुरक्षा कार्यक्रमहरूको सञ्चालन र व्यवस्थापनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मातहतमा रहने गरी सबै कार्यक्रमहरू सञ्चालन र व्यवस्थापन गर्ने सामाजिक सुरक्षा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्दछ । यसले धेरै जिम्मेवारी भएका मन्त्रालयहरूको कार्यबोझ र प्रशासनिक खर्चमा कटौती गर्नुका साथै कतिपय मन्त्रालय, कार्यालय, बोर्ड तथा कोषहरू नै गाभी वा खारेज गरी नेपालमा सञ्चालित सबै प्रकारका सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालन र व्यवस्थापनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता ल्याउँदछ ।

१५.३. **कार्यक्रमहरूमा सामञ्जस्यता र एकीकृत सूचना प्रणाली -** सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको मुख्य उद्देश्य भनेको नागरिकहरूको जीवन निर्वाहलाई सहज बनाउँदै लोककल्याणकारी राज्यको प्रत्याभूति गराउनु हो । यसका लागि संविधान र सरकारले प्राथमिकतासाथ अगाडि बढाएको सामाजिक सुरक्षा कार्यक्रमहरूबीच सामञ्जस्यता, एकरूपता तथा निरन्तरता हुनुपर्दछ । यसका साथै राष्ट्रिय तथ्यांकको आधारमा सम्भावित लाभग्राहीहरूको पहिचान गरिनुका साथै सम्भव भएसम्म पहिचानको लागि एकल परिचयपत्र जारी गरिनु पर्दछ । एकीकृत तथा विश्वसनीय तथ्यांक सोको अभिलेखांकन तथा परिचयपत्रको भरपर्दो सूचना प्रणाली सञ्चालन तथा व्यवस्थापन गरिनुपर्दछ । हाल नेपालमा विभिन्न कानुनहरूको आधारमा बेग्लाबेग्लै निकाय, मन्त्रालय तथा कोषहरूबाट विभिन्न किसिमका सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यसका साथै कार्यक्रमगत रूपमै फरक फरक परिचयय पत्र तथा सूचना प्रणालीको प्रयोग गर्ने गरिएको छ । उल्लेखित मुख्य कार्यक्रमहरू सञ्चालन गर्ने निकायहरूबीच पर्याप्त समन्वय र सामञ्जस्यता कायम भएको पाइदैन । सम्पूर्ण नेपाली जनताहरूको बहुआयामिक एवं एकीकृत तथ्यांक समेत छैन । जसले गर्दा सबै निकायले आ-आफ्नो लाभग्राहीहरूको सूची तयार गर्ने, सोही अनुसार सामाजिक सुरक्षा, सहायता तथा संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने गरेका छन् । यसले लाभग्राहीको पहिचान गरी प्रत्येक कार्यक्रमको परिचयपत्र (जस्तैं बृद्धावस्था सामाजिक भत्ता परियचयपत्र, स्वास्थ्य बीमा परियचपत्र, अपांगताको परिचयपत्र, गरिबीको परिचयपत्र, खाद्य सुरक्षा सम्बन्धी परिचयपत्र आदि) जारी गर्ने र कार्यक्रमको सञ्चालन मै धेरै निकायहरूको प्रयत्न रहने, प्रशासनिक खर्चमै स्रोत साधनको बढी खर्च हुने गरेको छ । अझै प्रदेश र स्थानीय तहहरूले समेत आफूखुसी सामाजिक सुरक्षा कार्यक्रमहरू घोषणा गरी कार्यान्वयन गर्ने गरेका छन् । यसले गर्दा कतिपय अवस्थामा सामाजिक सुरक्षा कार्यक्रममा समावेश हुनुपर्ने व्यक्ति छुट्ने, लाभग्राही दोहोरो सुचीकरण हुने तथा सुविधा पाउने, सञ्चालन खर्च बढ्ने र राज्यकोषको मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण उपयोग भएको देखिदैन । साथै एकीकृत सुचना प्रणालीको अभावमा व्यक्तिको आश्रित परिवार संख्या, सम्पत्ति, आय, रोजगारीको अवस्था, खर्च लगायतका विवरणहरू एकीकृत नहुने अवस्थाले सामाजिक सुरक्षाको आवश्यकता पहिचान गर्न कठिनाई हुने देखिन्छ ।

सुझाउ - विभिन्न निकायहरूले सञ्चालन गर्ने सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकीकरण, पहिचान र समूहीकृत गर्न सबै सामाजिक सुरक्षा कार्यक्रम तथा कार्यगत निकायहरूबीच प्रभावकारी रूपमा

सामञ्जस्यता तथा समन्वय हुनु पर्दछ ।सबै व्यक्ति तथा परिवारहरूको बहुआयामिक तथ्याङ्कसम्बन्धी सूचना उपलब्ध हुने एकीकृत राष्ट्रिय तथ्याङ्कको व्यवस्था र उपयोग गरी एकल परिचयपत्रको व्यवस्था गर्नुपर्दछ । साथै सबै कार्यक्रमहरूको लागि उपयोग गर्न सकिने एवं व्यक्तिको आश्रित परिवार समेतको आय, रोजगारी, खर्च, सम्पत्ति, कर तथा सामाजिक सुरक्षामा योगदान, सरकारबाट उपलब्ध सहायता लगायतका अभिलेख हुने गरी एकीकृत सूचना प्रणालीको व्यवस्थापन र सञ्चालन गर्नुपर्दछ ।

१६. **दिगो विकास लक्ष्यसम्बन्धी रणनीति तथा कार्ययोजना -** नेपालले दिगो विकास लक्ष्यको परिमाणात्मक लक्ष्यको बुँदा नं. १.३ मा राष्ट्रिय रूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणालीहरू र फ्लोरस् (Floors) लगायतका उपायहरू सबैका लागि कार्यान्वयन गर्ने र सन् २०३० सम्ममा गरीब र संकटग्रस्त/कमजोर अवस्थामा (Vulnerable) रहेका व्यक्तिहरूलाई उल्लेख्य रूपमा समावेश गरिसक्ने लक्ष्य लिएको छ । सो बमोजिम बालबालिका, बेरोजगार व्यक्तिहरू, ज्येष्ठ नागरिकहरू, अपांग, गर्भवती महिला, शिशु, कार्यस्थलमा लागेको चोटपटक र गरीब तथा संकटग्रस्त/कमजोर वर्गअनुसार सामाजिक संरक्षण प्रणालीहरूद्वारा समेटिने जनसंख्या ८० प्रतिशत पुऱ्याईने र सोको लागि राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च १५ प्रतिशत पुऱ्याईने लक्ष्य राखिएको छ । यसको लागि गरिबी निवारणको मुख्य औंजारको रूपमा सामाजिक सुरक्षा अन्तर्गत सामाजिक बीमा, सामाजिक सहायता, श्रम बजार सहयोग तथा रोजगार सम्बन्धित नगद हस्तान्तरणलाई लिइएको छ। जसअनुसार हरेक क्षेत्रमा रहेका सबै स्वरूपको गरिबी अन्त्य गर्नको लागि सामाजिक सुरक्षामा सन् २०१६-१९, सन् २०१९-२२, सन् २०२३-२५, सन् २०२६-३०, को लागि कुल बजेटको क्रमशः ३२.७, ३३.९, ४३.७ र ७२.४ प्रतिशत खर्च गरिने लक्ष्य तोकिएको छ ।

संविधानले तोकेको मौलिक हक र सरकारले अन्तर्राष्ट्रिय विकास एजेण्डामा गरेको प्रतिवद्धता कार्यान्वयन गर्न एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा रणनीति तथा कार्ययोजना तर्जुमा गरिएको छैन । यस्ता रणनीति तथा कार्ययोजनाको अभावमा तीन तहकै सरकारहरूले बेग्लाबेग्लै वा आफुखुसी कार्यक्रम सञ्चालन गर्ने, संघीय सरकारका विभिन्न निकायहरूबीच नीतिगत तथा कार्यक्रमगत दोहोरोपना आउने र तोकिएको स्रोत साधनबाट अपेक्षित समयमा अपेक्षित लक्ष्य पूरा नहुने हुन्छ । दिगो विकास लक्ष्यमा सामाजिक संरक्षणले समेटिने जनसंख्या ८० प्रतिशत पुऱ्याउने, सामाजिक सुरक्षा बजेट १५ प्रतिशत भनिएतापनि सो सम्बन्धमा आवधिक प्रगतिको अवस्था मुल्यांकन गरिएको छैन । चालु आ.व.मा सामाजिक सुरक्षा कार्यक्रमको बजेट ११.६१. प्रतिशतमात्र रहेको छ । दिगो विकास लक्ष्यसँग मेलखाने गरी रणनीति र कार्ययोजना समेत तयार नगरेकोले लक्ष्य प्राप्ती गर्न कठिनाई हुने देखिन्छ ।

सुझाउ - संवैधानिक व्यवस्था र दिगो विकासको लक्ष्य प्राप्त गर्न एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा रणनीति तथा कार्ययोजना तर्जुमा गरी सोही बमोजिम तीन तहकै सरकारहरूले सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ ।

१७. **जीवनचक्रमा आधारित सामाजिक सुरक्षा कार्यक्रम -** सामाजिक सुरक्षा तथा संरक्षण मानिसको गर्भावस्था, शिशु अवस्था, बाल्यावस्था, युवावस्था तथा वद्धावस्थामा राज्यद्वारा गरिने मानवीय संरक्षण वा सुरक्षाको समग्र रूप हो । २०७६/७७ को बजेटमा लोककल्याणकारी राज्यव्यवस्था निर्माण गर्दै सामाजिक न्याय सहितको समृद्धि हासिल गर्न सबै नागरिकलाई गर्भावस्थादेखि वृद्धावस्थासम्मको जीवनचक्रलाई सामाजिक सुरक्षामा आवद्ध गरिने व्यवस्था छ। राज्यबाट सञ्चालन गरिने सामाजिक सुरक्षा कार्यक्रम दिगो र भरपर्दो हुनको लागि त्यस्ता कार्यक्रमको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता, जनताको विश्वास र सहभागिता, प्रभावकारी एवं निरन्तरता हुनुपर्दछ । चौधौं योजना (२०७३/७४-२०७५/७६) को सामाजिक सुरक्षासम्बन्धी रणनीतिमा योगदानमूलक सामाजिक बीमा कार्यक्रमहरूलाई प्रोत्साहन र प्रबर्द्धन गर्ने व्यवस्था छ । त्यस्तैं पन्ध्रौं योजना(२०७६/७७-२०८०/८१) को सामाजिक सुरक्षासम्बन्धी रणनीतिको बुँदा नं २ मा योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथै अनौपचारिक क्षेत्रमा समेत विस्तार गरी सर्वव्यापी बनाउने व्यवस्था छ ।

हाल नेपालमा सञ्चालित जीवनचक्रमा आधारित केहि सामाजिक सुरक्षा कार्यक्रमहरू निम्नानुसार रहेका छन्:

जीवनचक्र	सामाजिक बीमा कार्यक्रम	सामाजिक सहायता कार्यक्रम (नगद तथा वस्तुगत)	सामाजिक हेरचाह कार्यक्रम
गर्भावस्था तथा शिशु र बाल्य अवस्था		प्रसुति यातायात खर्च, नवजात शिशु तथा आमाको पोषण, सुरक्षित आमा कार्यक्रम, ५ वर्ष मुनिकालाई बाल संरक्षण भत्ता	गर्भावस्थाको स्वास्थ्य संस्थामा निःशुल्क परीक्षण र प्रसुति, निःशुल्क खोप
किशोरावस्था तथा विद्यालय जाने उमेर		निःशुल्क पुस्तक वितरण, छात्रवृत्ति, विद्यालय दिवा खाजा	निःशुल्क शिक्षा, केही आवासीय विद्यालय,
युवा अवस्था तथा काम गर्ने उमेर	सामाजिक सुरक्षा कोषबाट सञ्चालित योगदानमा आधारित ४ प्रकारको योजना, सरकारी कर्मचारीहरूको लागि योगदानमा आधारित निवृत्तिभरण,	बेरोजगार भत्ता, सेवा निवृत्त सरकारी कर्मचारीहरूलाई निवृत्तिभरण	प्रधानमन्त्री रोजगार कार्यक्रम
बृद्धावस्था	स्वास्थ्य बीमा	सामाजिक सुरक्षा भत्ता, सेवा निवृत्त सरकारी कर्मचारीहरूलाई निवृत्तिभरण, स्वास्थ्य बीमा शुल्क	निःशुल्क स्वास्थ्य उपचार तथा औषधि, बृद्धाश्रम,

उल्लेखित कार्यक्रमहरूको आधारमा एक व्यक्तिको जीवनचक्रमा आधारित सामाजिक सुरक्षा कार्यक्रमहरू स्पष्ट रूपमा परिभाषित गरी कार्यान्वयन गर्न तपशील बमोजिम गर्नुपर्दछ :

१७.१. **स्वास्थ्य तथा शिक्षा सेवाको पहुँच -** सामाजिक सुरक्षा कार्यक्रमको आधारभूत र प्रमुख क्षेत्र नै गुणस्तरीय र प्रभावकारी स्वास्थ्य र शिक्षा हो । स्वास्थ्य र शिक्षा कुनै पनि व्यक्तिको शारीरिक, मानसिक तथा बौद्धिक ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्ने र गराउने साधन हुन् । कुनै पनि व्यक्ति स्वस्थ्य र शिक्षित भएमा मात्र उसले आफ्नो जीवनकालमा उल्लेखनीय आर्थिक, सामाजिक योगदान गर्न सक्छ । स्वास्थ्य र शिक्षा जीवनपर्यन्त अपरिहार्य सेवाहरू भएतापनि यी सेवाहरूको धेरै महत्व गर्भावस्था, बाल्यवस्था र किशोरावस्था वा विद्यालय जाने उमेरमा बढी रहन्छ । सामाजिक विकाससँग सम्बन्धित शिक्षा र स्वास्थ्य सेवाहरूमा सर्वव्यापी सेवाहरूको अतिरिक्त उल्लेख्य रूपमा सामाजिक सहायता तथा हेरचाहका कार्यक्रमहरू सञ्चालित रहेपनि अझै सबै नागरिकहरूको लागि शैक्षिक तथा स्वास्थ्य सेवाहरूको सहज पहुँच हुनसकेको देखिदैन। पन्ध्रौं योजनाबमोजिम २०७४/७५ मा स्वास्थ्यतर्फ अपेक्षित आयु(जन्म हुँदाको) ६९.७ वर्ष, मातृमृत्युदर (प्रतिलाख जीवित जन्ममा) २३९ पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) ३९ जना रहेको छ । त्यसैगरी शिक्षा तर्फ आधारभूत तहमा खुद भर्नादर ९२.३ प्रतिशत, माध्यामिक तहको खुद भर्ना दर ४३.९ र उच्च शिक्षामा कुल भर्नादर ९.५ प्रतिशत रहेको छ । १५ बर्षभन्दा माथिको साक्षरता दर ५८ प्रतिशत, १५-२४ वर्षको साक्षरता दर ८५ प्रतिशत र काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या २५ प्रतिशत मात्र रहेको छ । यसले गर्दा स्वास्थ्य र शिक्षा क्षेत्रमा गरिने सामाजिक सुरक्षा कार्यक्रमहरू अझै पर्याप्त र प्रभावकारी हुन नसकेका देखिन्छ ।

सुझाउ - जीवनचक्रका पहिलो दुई चरणहरूको लागि स्वास्थ्य तथा शैक्षिकसेवाहरू सबै नागरिकहरूको लागि पहुँचयोग्य, गुणस्तरीय र प्रभावकारी बनाउन हाल सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमहरूमा पुनरावलोकन गर्दै प्राविधिक र व्यावसायिक शिक्षामा समेत जोड दिनुपर्दछ ।

१७.२. **युवा अवस्थाको कार्यक्रममा जोड -** एक जना स्वस्थ्य र शिक्षित व्यक्ति उ आफैं र परिवारको संरक्षक तथा राज्यको सहयोगी हो । त्यसैले हरेक काम गर्ने उमेरका व्यक्तिको लागि रोजगारीको अवसर र सामाजिक सुरक्षामा आवद्ध हुने व्यवस्था राज्यले गर्नुपर्दछ । पन्ध्रौं योजनाबमोजिम २०७४/७५ मा १५ वर्ष माथिका श्रम सहभागिता दर ३८.५ प्रतिशत, बेरोजगारी दर ११.४ प्रतिशत रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ३६.५ प्रतिशत र आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसंख्या १७ प्रतिशत मात्र रहेको छ । सामाजिक सुरक्षा सामाजिक सुरक्षा कोषबाट सञ्चालित योगदानमा आधारित ४प्रकारको योजना २०७५ मंसिर ११ देखि, सरकारी कर्मचारीहरूको लागि योगदानमा आधारित निवृत्तिभरण २०७६ साउन १ गतेदेखि र प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५/७६ देखि मात्र शुरु गरिएकोले उल्लेखित सामाजिक सुरक्षा सुरक्षा

कार्यक्रमको दायरामा युवावस्था तथा काम गर्ने उमेरको व्यक्तिको सहभागिता नगन्य मात्र देखिन्छ । जबसम्म काम गर्ने उमेरका व्यक्तिहरूलाई बढीभन्दा बढी औपचारिक क्षेत्रको रोजगारीमा आवद्ध गर्न सकिँदैन, तबसम्मा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमले धेरै व्यक्ति समेट्न सक्दैन । जसको परिणामस्वरूप आर्थिक, सामाजिक रूपले जोखिममा पर्ने नागरिकहरूको संख्या बढ्न गई सामाजिक सहायता र संरक्षणमा राज्यको दायित्व बढ्न जान्छ । तसर्थ, काम गर्न सक्ने उमेरका व्यक्तिहरूको लागि औपचारिक क्षेत्रमा बढी भन्दा रोजगारी सिर्जना गराई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१७.३. **सक्रियतासँगै निवृत्तिभरण -** सरकारी सेवाबाट निवृत्त भैसकेपश्चात् वृद्धावस्था वा काम गर्न नसक्ने अवस्थामा सामाजिक सुरक्षा प्रदान गर्ने सैद्धान्तिक मान्यता भएपनि सरकारी सेवा लगायत अन्य क्षेत्रहरूमा समेत रोजगारीका गतिविधिहरू बढी रहेको सन्दर्भमा निश्चित अवधिपश्चात रोजगारी परिवर्तन गर्ने अवस्थामा निवृत्तिभरण बापतको रकम निर्वाध रूपमा पाउने अवस्था छ । कतिपय अवस्थामा अन्य देशमा बसोबास एवं रोजगारी गर्ने व्यक्तिहरूलाई समेत निवृत्तिभरण प्रदान गरिरहनुपर्ने अवस्था छ । काम गर्ने सक्रिय उमेर रहँदासम्म वा अन्य पेशा व्यवसायमा सक्रिय एवं वैकल्पिक रोजगारी रहँदासम्म वा अन्य सरकारी सेवामा कार्यरत रहेपनि सरकारी निवृत्तिभरणबाट वञ्चित गर्न नसकिने अवस्था छ । जुन सामाजिक सुरक्षाले बृद्ध अवस्था सुरक्षाको सिद्धान्त अवलम्बन गरेको देखिदैन । यसले निवृत्तिभरणमा सरकारी दायित्व बढदै गएको छ ।

सुझाउ - अन्य पेशा व्यवसाय वा वैकल्पिक रोजगारी नरहेको वा सकृय रहने निश्चित उमेर नाघे पश्चात् र स्वदेशमा नै बसोबास रहेको अवस्थामा मात्र निवृत्तिभरण प्रदान गर्ने मान्यता अंगिकार गरिनुपर्दछ ।

१८. **जोखिमपूर्ण व्यक्तिहरूको लागि सामाजिक सुरक्षा -** समाजमा सबैभन्दा विपन्न, गरीब तथा जोखिममा परेका व्यक्तिहरूको उचित रेखदेख तथा संरक्षण गर्ने दायित्व राज्यको हो । संविधानको धारा ४३ बमोजिम आर्थिक रूपले विपन्न तथा गरीब, बेरोजगार, अशक्त र असहाय अवस्थामा रहेका असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था छ । २०७५/७६ को बजेटमा असंगठित क्षेत्रका किसान, श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्तिहरूलाई समेत क्रमशः सामाजिक सुरक्षाको दायरामा समाहित गरिने व्यवस्था छ ।

सन् २०१७/१८ मा राष्ट्रिय योजना आयोग र अन्तर्राष्ट्रिय श्रम संगठनले संयुक्त रूपमा गरेको नेपाल श्रमशक्ति सर्वेक्षणको प्रतिवेदन (Report in Nepal Labour Force Survey 2017/18) बमोजिम कुल रु.२ करोड ७ लाख ४४ हजार जना व्यक्ति काम गर्ने उमेरका (१५ वर्षभन्दा माथिका) मध्ये पूर्णरूपमा रोजगारको संख्या ६६ लाख २३ हजार र अर्धबेरोजगारको संख्या ६ लाख ६३ हजार रहेको छ । जम्मा ७० लाख ८६ हजार रोजगारीमध्ये औपचारिक क्षेत्रको रोजगारी ३७.८ प्रतिशत(२६ लाख ७६ हजार) र अनौपचारिक क्षेत्रको रोजगारी ६२.२ प्रतिशत(४४ लाख ११ हजार) रहेको छ । त्यस्तैं सोही प्रतिवेदनमा उल्लेख भएअनुसार पूर्ण रूपमा बेरोजगारको संख्या ९ लाख ८ हजार र सम्भावित श्रमशक्तिको संख्या २५ लाख ९२ हजार रहेको छ । रोजगारीको आधार मात्र लिने हो भने पनि पूर्ण रूपमा बेरोगजार र सम्भावित श्रमशक्ति मात्र ३५ लाख रहेका छन । जसलाई जोखिमपूर्ण बर्गमा विभाजन गर्न सकिन्छ । त्यस्तैं पन्धौ आयोजनामा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या १८.७ प्रतिशत रहेको सन्दर्भमा कुल ५४ लाख ६३ हजार ९२९ (तथ्याङ्क विभागको नेपालको तथ्याङ्कीय झलक २०७६ बमोजिम २०७६ सालको कुल जनसंख्या २ करोड ९२ लाख १८ हजार) लाई सरकारी संरक्षणको खाँचो पर्दछ । बहुआयामिक गरिबीमा रहेको जनसंख्या २८.६ प्रतिशत रहेकोले ८३ लाख ५६ हजार ५९६ (तथ्याङ्क विभागको नेपालको तथ्याङ्कीय झलक २०७६ बमोजिम २०७६ सालको कुल जनसंख्या २ करोड ९२ लाख १८ हजार)लाई पनि जोखिममा रहेको मान्न सकिन्छ । यस अतिरिक्त समय समयमा श्रृजना हुने विपदमा रहेकाहरूलाई तत्काल उद्धार, पुनर्स्थापना लगायत राहतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । पन्धौं योजनाअनुसार २०७४/७५ मा विपदबाट प्रभावित जनसंख्या प्रतिहजार १९.५ रहेको छ । हाल सञ्चालनमा रहेको आर्थिक, शारीरिक, सामाजिक तथा प्राकृतिक विपदबाट सिर्जित हुने जोखिममा आधारित सामाजिक सुरक्षा कार्यक्रमहरू निम्नानुसार छन् :

जोखिमको अवस्था	सामाजिक सहायता कार्यक्रम (नगद तथा वस्तुगत)	सामाजिक हेरचाहको कार्यक्रम
आर्थिक रूपले विपन्न	विपन्न नागरिकलाई ८ प्रकारका जटिल र असाध्य रोगको निःशुल्क उपचारका लागि अनुदान, मानव विकास सूचकांकको आधारमा ५ वर्ष मुनिका बालबालिकालाई नगद हस्तान्तरण, कर्णाली तथा दलित समुदायका बृद्धबृद्धालाई ६० वर्ष पूरा गरेपछि भत्ता विपन्न लक्षित छात्रवृत्ति	
असहाय एकल महिला	सामाजिक सुरक्षा भत्ता	
लोपोन्मुख आदिवासी जनजाति	सामाजिक सुरक्षा भत्ता	
अभिभावकविहीन, जोखिममा परेका तथा सडक बालबालिका,	छात्रवृत्ति	उद्धार, पुनर्स्थापना, अनाथालय
जोखिममा परेका, बेसहारा बृद्धबृद्धा तथा व्यक्ति	शहीद, द्वन्द्व पीडित, बेपत्ता पारिएका व्यक्तिका परिवार लक्षित छात्रवृत्ति तथा अन्य सहायता	उद्धार, पुनर्स्थापना, वृद्धाश्रम
शारीरिक अशक्तता	सामाजिक सुरक्षा भत्ता	सरकारी सेवामा आरक्षण
कडा तथा दिर्घ रोग लागेका	निःशुल्क स्वास्थ्य उपचार र औषधि	
विपद(भूकम्प, आगलागी, बाढी पहिरो, डुबान, आँधीहुरी आदि) प्रभावित	आवासको व्यवस्था तथा आवास निर्माणमा अनुदान	राहत, उद्धार, पुनस्थापना
अनौपचारिक क्षेत्रमा संलग्न व्यक्ति	-	-
बेरोजगार	-	प्रधानमन्त्री रोजगार कार्यक्रम

माथि उल्लेखित सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालन गरिएअनुसार जोखिमपूर्ण व्यक्तिहरूको सुरक्षामा जोड दिईएको देखिएतापनि गरिबी र रोजगारीको जोखिमलाई सम्बोधन गर्नेतर्फ स्पष्ट निर्देशित भएका देखिदैनन् । आर्थिक रूपले विपन्नताको कुनै परिभाषा र तथ्याङ्क व्यवस्था गरिएको छैन । समूह, जात जाति, लिङ्गको आधारमा मात्र लक्षित समुहको लागि कार्यक्रमहरू सञ्चालन गरिँदा आवश्यकता र अपरिहार्यताको आधारमाभन्दा तदर्थवादमा स्रोत साधनको खर्च हुने गरेको छ । क्षमता अभिवृद्धिमुखीभन्दा वितरणमुखी कार्यक्रमहरू सञ्चालन गरिएका छन् । सहयोग तथा सुरक्षा पश्चात् लाभग्राहीको जीवनमा ल्याउने दीर्घकालीन सकारात्मक प्रभावको मूल्याङ्कन समेत गरिएको छैन । आर्थिक रूपले विपन्न, गरीब तथा बेरोजगार र सबैभन्दा जोखिममा रहेका व्यक्तिहरू अनौपचारिक क्षेत्र तथा कृषि क्षेत्रमा रहेका छन् । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमहरूले करिब ६० प्रतिशत कृषि क्षेत्र लगायत अन्य अनौपचारिक क्षेत्रमा संलग्न व्यक्तिहरूलाई समेट्न सकेको छैन । विभिन्न प्रकारका प्राकृतिक विपद्हरूबाट समते आर्थिक रूपले जोखिममा रहेका व्यक्तिहरू नै बढी प्रभावित हुने भए पनि गरिबीको रेखामुनी रहेका, बहुआयामिक गरिबीमा रहेका व्यक्तिहरूको लागि व्यवस्थित रूपमा सामाजिक सुरक्षा कार्यक्रमहरू सञ्चालनगरिएको देखिदैन ।

विपदमा परेकालाई गरिने राहत उद्धारका कार्यक्रमहरू समेत पूर्वयोजना एवं सावधानी बेगर सरकारका पटके निर्णयका आधारमा बजेट रकमान्तर वा दातृ निकाय वा अन्तर्राष्ट्रिय गैरसरकारी वा निजी क्षेत्रबाट सहयोग जुटाई सञ्चालन गर्ने गरिएको छ । यस प्रयोजनका लागि विपद उद्धार कोष रहने भएपनि ती कोषमा योजनाबद्धतबरले रकम विनियोजन एवं परिचालन गर्ने गरिएको छैन । यसबाट सरकारले विपद जोखिममा परेकालाई सामाजिक सुरक्षा गर्नयोजनाबद्ध तवरले पूर्वतयारी गरेको देखिदैन । कतिपय मुलुकले बीमामार्फत विपद लगायत जोखिममा परेकाको लागि आवश्यक सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्न थालेको भएपनि सरकारले त्यसतर्फ ध्यान दिएको देखिदैन ।

सुझाउ - संगठितक्षेत्रका साथै बेरोजगार, असंगठित क्षेत्रका किसान, श्रमिक तथा स्वरोजगारीमा रहेका एवं न्यून आय भएका व्यक्तिहरूलाई समेत समेट्ने गरी सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरिनुपर्दछ । वितरणमुखी सहायताभन्दा रोजगारमुखी कार्यक्रमहरूमा जोड दिनुपर्दछ । विपद् पश्चात्को पुनर्स्थापना र पुनर्निर्माणलाई विशेष ध्यान दिई योजनाबद्ध तवरले पूर्वतयारी एवं आपतकालीन कोष व्यवस्थापन गरिनुपर्दछ । जोखिममा परेका व्यक्ति, वर्ग, समुदायको लागि सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गर्न बीमा कभरेज पद्धतिको कार्यान्वयन गर्नुपर्दछ ।

१९. **जीविका धान्न सक्ने कार्यक्रम -** लोककल्याणकारी राज्यको प्रमुख उद्धेश्य नै जोखिममा रहेका नागरिकहरूको न्यूनतम आवश्यकता पूर्ति गर्न सक्ने गरी सुरक्षाको लागि सामाजिक सुरक्षा तथा संरक्षण सञ्चालन गर्नु हो । नेपालको संविधानको धारा ४३ सहित मौलिक हकसम्बन्धी सामाजिक सुरक्षाको व्यवस्थालाई कार्यान्वयन गर्नको लागि सामाजिक सुरक्षा ऐन, २०७५, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, बालबालिकासम्बन्धी ऐन, २०७५, आवासको अधिकारसम्बन्धी ऐन, २०७५, खाद्य अधिकार तथा खाद्य संप्रभुतासम्बन्धी ऐन, २०७५, रोजगारीको हकसम्बन्धी ऐन, २०७५, श्रम ऐन, २०७४, जनस्वास्थ्य सेवा ऐन २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लगायतका थुप्रै कानुनी व्यवस्था रहेको छ ।नेपालको छिमेकी मुलुक भारतमा व्यक्ति वा परिवारको वार्षिक आम्दानीको आधारमा जीवनस्तर धान्न नसक्ने ज्येष्ठ नागरिकहरूलाई मात्र नगदमा आधारित सामाजिक सुरक्षा भत्ता दिने गरेको पाइन्छ । न्यूनतम जीवनस्तर धान्न आवश्यक बजारमूल्यको आधारमा राज्यअनुसार फरक-फरक दरमा भत्ता प्रदान गरिन्छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने अन्य मुलुकहरूले पनि क्षमता भएसम्म वा रोजगारी वा अन्य आयश्रोतको बाटो रहेसम्म कुनै भत्ता वा सहयोग नगर्ने तर रोजगारी गुमेको वा अन्य आयश्रोत नभएका जेष्ठ लगायत सबै नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रमको दायरामा ल्याएको पाईन्छ । नेपालमा सामाजिक सुरक्षा भत्तालाई व्यक्ति वा परिवारको वार्षिक आम्दानी वा निज बसोबास गरेको स्थानको न्यूनमत जीविका धान्ने आर्थिक आवश्यकताको आधारमा निर्धारण गर्न सकिएको छैन । फलस्वरूपज्येष्ठ नागरिकहरू र बालबालिकाको उमेर, अपाङ्गताको शारीरिक अवस्था, दलित र लोपोन्मुख जातिको उमेर र जात/जाति र महिलाको आधारमा प्रदान गरिने भत्ता जतिसुकैवार्षिक आम्दानी भएकाले पनि प्राप्त गर्नसक्ने र प्राप्त रकमबाट जीवन धान्न सक्ने अवस्था देखिदैन ।

नेपालले सन् २०१५ मा पुनरावलोकन गरेअनुसार प्रतिव्यक्ति वार्षिक रु.१९ हजार २६१ भन्दा कम आय भएका व्यक्तिलाई निरपेक्ष गरिबीको रेखामुनि रहेको मानिन्छ । त्यस्तैं विश्वबैंककोअनुसार दैनिक १.९ अमेरिकी डलरभन्दा कम आय भएकालाई निरपेक्ष गरिबीको रेखा मुनी रहेको मानिएको छ । राष्ट्रिय योजना आयोगको सन् २०१२मा प्रकाशित नेपालमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमको मूल्याङ्कन (Assement of Social Security Assement Program in Nepal, 2012) प्रतिवेदन अनुसार ८० प्रतिशत लाभग्राहीहरूले सामाजिक सुरक्षा भत्ता अपर्याप्त रहेको बताएका थिए । सो अध्ययन गरिएको समय पश्चात् सामाजिक सुरक्षा भत्ता गुणात्मक रूपमा (मासिक रु.५०० बाट रु.३०००) बढाईए तापनि निरपेक्ष गरिबीको रेखामुनिको आयको न्यूनतम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड एवं बजारमूल्यको आधारमा न्यूनतम आवश्यकता पूर्ति गर्नसक्ने गरी निर्धारण गरेको देखिदैन । यससम्बन्धी नीतिगत व्यवस्था रहेको समेत देखिएन ।

तसर्थसबैलाई बराबर सामाजिक सुरक्षा भत्ताहरू वितरण गर्नुको सट्टा आवश्यकताको आधारमा अति जोखिममा रहेका व्यक्ति वा परिवारलाई निजको वार्षिक आम्दानी वा निज बसोबास गरेको स्थानको न्यूनमत जीविका धान्ने आर्थिक आवश्यकताको आधारमा उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ । साथैनगदमा आधारित सामाजिक सहायताभत्ताको रकम समयानुकुल मुद्रास्फीतिको आधारमा जीविकोपार्जन गर्न पुग्ने गरी प्रदान गर्न रणनीति र कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२०. **कोषमा आधारित सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा कार्यक्रमहरूदिगो एवं भरपर्दो हुने गरी सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक स्रोतको लागि निश्चित कोष हुनुपर्दछ । त्यस्तो कोषमा योगदानकर्ता तथा रोजगारदाताले योगदान गरेको रकम, सरकारले उपलब्ध गरेको रकम र सो रकमको परिचालनबाट प्राप्त आम्दानी समेतको रकम रहने गर्दछ । अधिकांश विकसित र विकासोन्मुख मुलकहरूले आय हुँदाको बखत निश्चित रकम करको रूपमा सङ्कलन गरी कोष खडा गर्ने र आय नहुँदा वा रोजगारी गुमेको बखत वा बृद्धा अवस्थामा नियमितरूपमा रकम उपलब्ध गराउने, सोही कोषबाटसबै नागरिकको निःशुल्क उपचार र शिक्षा दिक्षाको प्रबन्ध गर्ने असल अभ्यास रहेको देखिन्छ ।

नेपालमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, निवृत्तिभरण कोष ऐन, २०७५, स्वास्थ्य बीमा ऐन, २०७४ लगायतका कानुनहरूमा सामाजिक सुरक्षा कार्यक्रमलाई योगदानमा आधारित बनाउने व्यवस्था छ । जनस्वास्थ्य ऐन, २०७५ को दफा २८ बमोजिम खडा गरिने स्वास्थ्य कोष, वैदेशिक रोजरागार बोर्डले सञ्चालन गर्ने कल्याणकारी सामाजिक सहायताका कार्यक्रम लगायतका कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोषले सञ्चालन गर्ने सामाजिक सुरक्षा कार्यक्रमहरू सहभागिकर्ताको योगदानका आधारमा सञ्चालन गर्ने गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न दिगो श्रोतको

व्यवस्था गर्ने उद्देश्यले २०६७/६८ को बजेट वक्तव्यको बुदा नं.२८५(क)मा वृद्ध अवस्था पेन्सन, अशक्तता पेन्सन जस्ता सामाजिक सुरक्षाहरू भविष्यमा क्रमशः विस्तार गदै लैजान पारिश्रमिक भुक्तानीमा १ प्रतिशत सामाजिक सुरक्षा कर लगाईने व्यवस्था गरियो। सोबमोजिम नेपाल सरकारले २०६७/६८ देखि २०७४/७५ सम्म पारिश्रमिक भुक्तानीमा १ प्रतिशत कट्टी गरिदै आएको सामाजिक सुरक्षा करको रु.२२ अर्ब २ करोड र २०७५/७६ को रु.३ अर्ब ८६ करोड (२०७५ फागुनसम्मको) गरी जम्मा रु.२५ अर्ब ८८ करोड सामाजिक सुरक्षा कोषमा जम्मा नगरिकन सञ्चित कोषमा जम्मा भएको र विनियोजन ऐनबमोजिम खर्च भैसकेको देखिन्छ। सामाजिक सुरक्षा कर बापत सङ्कलन गरिएको रकमको तुलनामा ज्येष्ठ नागरिक भत्ता लगायतका सामाजिक सुरक्षा भत्तामा भएको खर्च अधिक रहेको देहायको तालिकाबाट स्पष्ट हुन्छ।

आर्थिक वर्ष	ज्येष्ठ नागरिक भत्ता लगायत सामाजिक सुरक्षा भत्तामा खर्च (रु.लाखमा)	सामाजिक सुरक्षा कर बापतको रकम (रु.लाखमा)	सा.सु. भत्तामा सामाजिक सुरक्षा करको प्रतिशत	नपुग रकम (रु.लाखमा)	नपुग रकम (प्रतिशत)
२०७५/७६	३९१७१८	६००६२	१५.३३	३३१६५२	८४.६७
२०७४/७५	३७७६७४	५०९७८	१३.५०	३२६६९७	८६.५०
२०७३/७४	३५४६७४	४०२७९	११.३६	३१४३९५	८८.६४
२०७२/७३	१६१५०८	३२६७६	२०.२३	१२८८३२	७९.७७

उपर्युक्त आधारमा सामाजिक सुरक्षा कर भनी सङ्कलन गरेको रकमले सामाजिक सुरक्षा भत्ताको खर्चकोऔसतमा २० प्रतिशत पनि धान्न सकेको देखिएन। यसबाहेक अन्य सामाजिक सुरक्षा लगायत रोजगारीका कार्यक्रम, स्वास्थ्य तथा शिक्षासँग सम्बन्धित सुरक्षाका कार्यक्रमको लागि कुनै पनि स्थायी कोषको व्यवस्था नगरी सरकारले गर्ने वार्षिक विनियोजन बजेटबाटै सञ्चालन भई रहेका छन्। यसबाट कार्यक्रमको दिगोपना एवं श्रोत व्यवस्थापनमा समस्या हुने देखिन्छ।

सुझाउ - सामाजिक सुरक्षाका बृहत क्षेत्र समेटेर कार्यान्वयन गर्न आवश्यक श्रोत साधनको अनुमान, संकलन एवं व्यवस्थापन गर्न दिगो र भरपर्दो कोषको व्यवस्था गर्नुपर्ने देखिएको छ।

सामाजिक सुरक्षा कार्यक्रमहरू सम्बन्धमा देखिएका व्यहोराहरू -

२१. **सामाजिक सुरक्षा भत्ता -** २०५१/५२ देखि वृद्ध भत्ताबाट प्रारम्भ गरिएको सामाजिक सुरक्षा भत्ता संविधानको धारा ४३ तथा सामाजिक सुरक्षा ऐन, २०७५ बमोजिम 'आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न ऐनको दफा ३(१) मा उल्लेखित ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, असशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, लोपोन्मुख जातिका व्यक्तिले पाउने व्यवस्था छ। हाल ७० वर्ष पूरा भएका ज्येष्ठ नागरिक(कर्णालीका र दलित ६० वर्ष), ६० वर्ष पूरा भएका एकल महिला, जुनसुकै उमेरका विधवा महिलाहरूलाई मासिक रु.२ हजार भत्ता र ७० वर्ष पूरा भएका ज्येष्ठ नागरिकलाई थप मासिक रु.१ हजार उपचारखर्च बापत उपलब्ध गरिने व्यवस्था छ। त्यसैगरी पूर्ण अशक्त अपाङ्गता(रातो रंगको परिचयपत्र) भएकालाई मासिक रु.३ हजार, आंशिक अपाङ्गता(निलो रंगको परिचयपत्र) भएकालाई मासिक रु.१ हजार ६००, लोपोन्मुख आदिवासी जनजाति(हाल कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे र कुसबाडिया गरी १० समूह)का सबै व्यक्तिलाई लाई मासिक रु.३ हजार सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था रहेको छ। त्यसैगरी ५ वर्ष उमेर ननाघेका हुम्ला, मुगु, डोल्पा, कालिकोट, जुम्ला, अछाम, बझाङ, जाजरकोट, डोटी, बाजुरा, रौतहट, सर्लाही, सिराहा र महोत्तरी जिल्लाका १ आमाका बढीमा २ बालबालिकाहरू एवं देशभरका दलित परिवारका १ आमाका बढीमा २ बालबालिकाहरूलाई मासिक रु.४०० बालपोषण भत्ता तथा नेपाल भरका दलित परिवारमा जन्मेका ३५ दिनभित्र जन्मदर्ता गराए बापत जन्मदर्ता प्रोत्साहन भत्ताको व्यवस्था रहेको छ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले उपलब्ध गराएको विवरणअनुसार उल्लेखितबमोजिमका सामाजिक सुरक्षा भत्ता वितरण गर्दा गत ३ आर्थिक वर्षमा विनियोजन भएको बजेट तथा खर्चको विवरण निम्नानुसार रहेको छ :

आ.व.	विनियोजित बजेट रु हजारमा	खर्च रकम रु हजारमा	खर्चमा वृद्धि रकम रु हजारमा	खर्च रकममा वृद्धि प्रतिशत
२०७३/०७४	३५, ४६, ९९, ९९	३५, ४६, ७४, ०४	-	-
२०७४/०७५	४०, ००, ००, ००	३७, ७६, ७४, ९४	२१२००९०	५.९५
२०७५/०७६	४१, १५, ००, ००	३९, १७, १८, ०५	१४०४३११	३.७२

गत ३ आ.व.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको संख्यात्मक विवरण

क्र.सं.	लाभान्वित वर्ग	२०७३/०७४	२०७४/०७५	२०७५/०७६
१	ज्येष्ठ नागरिक	१०८३२४३	१२३१५८६	१२८११२७
२	एकल महिला	१०२१७८	१०५४८०	११४९५६
३	विधवा	५१७३६८	५६९००५	६०५२२१
४	पूर्ण अपांगता भएका	३३११५	३९५०८	४३५४०
५	अति (आंसिक) अपांगता भएका	४३७५८	६५२९२	७४२९९
६	लोपोन्मुख आदिवासी जनजाति	२४४०१	२४७६१	२४२०७
७	बालबालिका पोषण भत्ता र जन्मदर्ता प्रोत्साहन भत्ता	४४२४२८	५२१५०७	६८४१५८
	जम्मा संख्या	**२२४६४९१**	**२५५७१३९**	**२८२७५०८**
	अघिल्लो वर्षको तुलनामा वृद्धि संख्या	-	३१०६४८	२७०३६९
	अघिल्लो वर्षको तुलनामा वृद्धि प्रतिशत	-	१३.८३	१०.५७

सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले २०७५/७६ मा वार्षिक कुल विनियोजित रकमको औसत ३ प्रतिशत अर्थात् रु.३९ अर्ब १७ करोड १८ लाख खर्च गरेको छ । ऐनकोदफा २(घ)मा "आर्थिक रूपले विपन्न" भन्नाले जीवनयापन गर्ने कुनै आधार वा आयश्रोत नभएको नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेभन्दा न्यून आय भएका व्यक्ति भनिएकोमा हालसम्म त्यस्तो सूचना प्रकाशन गरिएको छैन । अन्यवर्ग/समुहलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दा आर्थिक विपन्नतालाई आधार लिईएको छैन । सामाजिक सुरक्षा ऐनको दफा १५ मा सामाजिक सुरक्षा भत्ता नपाउने व्यक्तिहरूको आधार सम्बन्धमा उल्लेख भए तापनि नेपाल सरकार बाहेक अन्य देशमा सेवा गरेवापत सरकारी कोषबाट निवृत्तिभरण र उपदान रकम प्राप्त गर्ने व्यक्तिको बारेमा स्पष्ट तथ्याङ्क राख्ने र अद्यावधिक गर्ने व्यवस्था नहुँदा त्यस्ता व्यक्तिलाई समेत भत्ता दिने जोखिम रहेको छ ।

सुझाउ - आर्थिक विपन्नता वा अन्य व्यवसाय र आय आर्जनको अवसर नभएका लक्षित वर्गहरूलाई मात्र लाभान्वित हुने अवस्था सृजना गर्नुपर्दछ ।

यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् :

२१.१. **लाभग्राहीको संख्या र रकमका वृद्धि -** २०७४/७५ र आ.व.२०७५/७६ सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या क्रमशः १३.८३ प्रतिशत र १०.५७ प्रतिशत तथा भत्ता भुक्तानी रकम क्रमशः ५.९५ र ३.७२ प्रतिशतले बढेको देखियो । सरकारले गर्ने वार्षिक नयाँ वर्ग वा समूहको पहिचान र भत्ता रकममा बृद्धि पछिका वर्षमालाभग्राहीको संख्या र रकममा झन् बढी मात्रामा बढ्दै गएको पाइयो ।यसले सामाजिक सुरक्षा भत्तामा सरकारको दायित्व बढ्दै गएको छ ।

सुझाउ - लाभग्राहीहरूको व्यवस्थित सूचना प्रणाली, कोषमा आधारित सामाजिक सुरक्षा भत्ता, तथ्यगत पूर्वानुमानमा आधारित नयाँ लाभग्राही वा समूहको पहिचान गरी दिगो र भरपर्दो सामाजिक सुरक्षा भत्ता कार्यक्रम लागु गर्नुपर्दछ ।

२१.२. **लाभग्राहीको दोहोरो विवरण -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १४ मा कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित व्यक्ति, सरकारी कोषबाट निवृत्तभरण पाउने व्यक्ति, अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश, सुविधा वा अन्य सुविधा पाइरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने उल्लेख छ । तर सामाजिक सुरक्षा भत्ता व्यवस्थापन गर्ने राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सम्बन्धित स्थानीय तहहरूसँग उल्लेखित बमोजिम सेवा सुविधा प्राप्त गर्ने लाभग्राहीहरूको विवरण अद्यावधिक छैन । साथै सामाजिक सुरक्षा प्राप्त गर्नेको विवरणलाई अन्य सुविधा प्राप्त गर्ने व्यक्तिको विवरणसँग स्वचालितरूपमा भिडान हुने व्यवस्थागर्न सकिएको छैन । यस्तो व्यवस्थाले कानुनले तोकेको मापदण्ड भन्दा बाहेकका लाभग्राहीले समेत भत्ता पाउने देखिन्छ । अर्कोतिर यस व्यवस्थाले नेपाल सरकार बाहेक अन्य देशका सरकारी कोषबाट जस्तैं भारतीय सेना, ब्रिटिश सेना, सिंगापुर प्रहरीमा सेवा गरी निवृत्तभरण पाउने नेपालीहरूको र विभिन्न संस्थाहरूबाट दिइने निवृत्तिभरण पाउनेको बारेमा यसले स्पष्टता छैन । यसबाट विश्वव्यापी रूपमा प्रचलित मूल्य र मान्यतामा अस्पष्टता तथा दोहोरो सुविधा भुक्तानी हुनुका साथै राज्य कोषको अपव्यय समेत हुन्छ । सामाजिक सुरक्षा

कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीहरूको नाम दर्ता तथा नवीकरण सम्बन्धमा स्पष्ट व्यवस्था गरे पनि अझै पनि लाभग्राहीहरूको दोहोरो सूची रहेको देखिन्छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले २०७६ माघ मसान्तसम्म ७५ जिल्लाका ५९७ स्थानीय तहहरूमा एम.आइ.एस. (MIS) मा दोहोरो सूची हुन गएको ११ हजार ६५३ लाभग्राही हटाएको विवरण प्राप्त भएबाट सामाजिक सुरक्षा भत्ता दोहोरो खर्च हुन गएको छैन भन्ने आधार देखिदैन ।यी अवस्थाबाट सामाजिक सुरक्षा भत्ताको लागि सरकारी कोषमा अनावश्यक व्ययभार थप हुने देखिन्छ ।

सुझाउ - सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको सम्बन्धमा कानुनमै स्पष्ट परिभाषित गर्नुपर्दछ र सबै लाभग्राहीहरूको यथार्थपरक विवरणको अभिलेख राख्ने सूचना प्रणालीको व्यवस्था गर्नु पर्दछ । साथै सामाजिक सुरक्षा प्राप्त गर्नेको विवरणलाई अन्य सुविधा प्राप्त गर्ने व्यक्तिको विवरण र पञ्जीकरण लगायतका विवरणसँग स्वचालितरूपमा भिडान हुने व्यवस्था गर्नुपर्दछ ।

२१.३. **बैंक तथा वित्तीय संस्था मार्फतभत्ता भुक्तानी -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७(३) मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा तोकेको मितिदेखि सामाजिक सुरक्षा भत्ताको भुक्तानी बैंकिङ प्रणालीबाट मात्र गरिने व्यवस्था रहेको छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ मा नेपाल सरकारको स्वीकृति विना हातहातै नगद वितरण गर्न नपाईने व्यवस्था छ । त्यसैगरी सामाजिक सुरक्षा भत्ता पारदर्शी र प्रभावकारी ढंगले वितरण गर्ने सोचका साथ विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ जारी भएको छ । सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुऱ्याउने नीति अनुसार २०७६ असारसम्ममा ७५३ स्थानीय तहमध्ये ७३२ स्थानीय तहमा मात्र वाणिज्य बैंकका शाखा पुगेका छन् । नगद वितरण गर्दा सम्बन्धित व्यक्तिले समयमै भत्ता रकम नपाउने, रकमको दुरूपयोग तथा जोखिम बढ्नसक्ने हुन्छ । राष्ट्रिय योजना आयोगको सन् २०१२ मा प्रकाशित नेपालमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमको मूल्याङ्कन (Assement of Social Security Assement Program in Nepal , 2012) प्रतिवेदनअनुसार १० प्रतिशत लाभग्राहीहरूले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसकेको बताएका थिए । अर्कोतिर बैंक मार्फत भत्ता वितारण गर्दा सबै लाभग्राहीहरूको लागि सहज र सरल रूपमा बैंकको पहुँच आवश्यक छ ।

सुझाउ - बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा वास्तविक लाभग्राहीले समयमै रकम सुरक्षित र सहज रूपले पाउने व्यवस्था गर्नुपर्दछ ।

२२. **निवृत्तिभरण लगायतको सामाजिक सुरक्षा व्यवस्था -** सरकारका राष्ट्रसेवक (निजामती, सैनिक, प्रहरी, सशस्त्र प्रहरी, शिक्षक)हरूको लागि सम्बन्धित सेवा सञ्चालन गर्ने ऐन तथा नियमावलीहरूमा निवृत्तिभरण सहित उपचार खर्च, थप आर्थिक सहायता, अशक्त वृत्ति, अँगभँग चोटपटक सुविधा, असाधारण पारिवारिक वृत्ति तथा उपदान, शैक्षिक तथा सन्तति वृत्ति, दुर्घटनामा परी मृत्यु वा चोटपटक भएमा उपचार खर्च वा उपदान र शिशु स्याहार भत्ता जस्ता सामाजिक सुरक्षा सहायताहरू योगदानरहित सरकारी कोषबाट व्यवस्थापन र सञ्चालन गरिएका छन् । विगत ३ वर्षमा राष्ट्रसेवक कर्मचारीहरूलाई विभिन्न शीर्षकमा भुक्तानी गरिएको खर्चको विवरण निम्नानुसार रहेको छ :

(रु.लाखमा)

खर्च शीर्षक	२०७३/७४	२०७४/७५	२०७५/७६
उपचार खर्च	५८७६३	७६७६५	११३९०५
मृत कर्मचारी सहायता	४०६	३८८	२६४
सञ्चित विदा	३९८४८	५०९७७	८६९९१
असाधारण पारिवारिक वृत्ति तथा उपदान	४२७८	५८९५	४९०७६
निवृत्तिभरण खर्च र अशक्त वृत्ति	३७२९२९	४०३६४२	४२६९१९
जम्मा रु.	**४७६२२४**	**५३७६६७**	**६७७१५५**
निवृत्तिभरण पाउनेको संख्या	२३७६२४	२५००८९	२६८८८५
	७२७३६३७	९६७६३३२	१०५५६५९८
कुल बजेट (खर्च)मा निवृत्तिभरण सहितको खर्च प्रतिशत	६.५५	५.५६	६.४१

राष्ट्रसेवक कर्मचारीहरूको लागि उल्लेखित पाँच खर्च शीर्षकमा भएको कुल खर्च सम्बन्धित वर्षमा भएको कुल खर्चको औसत ६ प्रतिशत भएको देखिन्छ । सामाजिक सुरक्षाको न्यूनतम मापदण्ड अन्तर्गत

भए पनि यी सुविधाहरू योगदानमा नभई राज्यकोषबाट तथा परम्परागत प्रणाली र प्रक्रियाबाट व्यवस्थापन हुने गरेको, समय सापेक्ष नभएको, सूचना प्रणाली व्यवस्थापनमा समस्या रहेको देखिन्छ । यसलाई अन्य औपचारिक तथा अनौपचारिक क्षेत्रमा सञ्चालन गरिने सामाजिक सुरक्षा कार्यक्रमसँग अन्तरसम्बन्धित गरिएको पाइदैन । भविष्यमा राष्ट्रसेवक कर्मचारीहरूको निवृत्तभरणलाई योगदानमा आधारित बनाउन निवृत्तभरण कोष ऐन, २०७५ लागु गरी २०७६ साउन १ गतेदेखि नियुक्त कर्मचारीहरूबाट मासिक पारिश्रमिकको ६ प्रतिशत र सरकारबाट पनि त्यति नै रकम योगदान गरी कोषमा जम्मा गर्ने व्यवस्था शुरुवात गरिएको छ। यसबाट सेवानिवृत्त हुने कर्मचारीहरूको सामाजिक सुरक्षामा सरकारी कोषको व्ययभार कम गर्दछ ।

सुझाउ - निवृत्तिभरण बाहेकका अन्य सामाजिक सुरक्षा कार्यक्रमहरू समेत योगदानमा आधारित बनाई व्यवस्थित बनाउनुपर्दछ । साथै सेवामा रहेका वा सेवा निवृत्त कर्मचारीहरूको लागि सञ्चालन गरिने कार्यक्रमहरू अन्य औपचारिक तथा अनौपचारिक क्षेत्रमा सञ्चालन गरिने सामाजिक सुरक्षा कार्यक्रमहरूसँग अन्तरसम्बन्धित र समन्वयात्मक बनाईनु पर्दछ ।

२२.१. **योगदानमा आधारित निवृत्तिभरण -** सरकारी कर्मचारीको लागि योगदानमूलक निवृत्तभरण प्रणाली लागू गर्न तथा प्रचलित कानुनबमोजिम सरकारी कोषबाट निवृत्तिभरण पाउने गरी नियुक्त भएका कर्मचारीले अवकाश पछि पाउने निवृत्तभरण वा उपदान रकमलाई व्यवस्थित गर्ने सम्बन्धमा निवृत्तभरण कोषको स्थापनार्थ निवृत्तिभरण कोष ऐन, २०७५ लागु गरिएको छ । यस ऐनको दफा ११ बमोजिम निवृत्तिभरण कोषमा नेपाल सरकारबाट नियुक्त हुने निजामती सेवा, नेपाली सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल, नेपालको सेवा र नेपाल विशेष सेवा योगदानमूलक निवृत्तभरण प्रणालीमा समावेश गरिने उल्लेख छ । यस ऐनबमोजिम योगदानमा आधारित निवृत्तभरण प्रणालीमा २०७६ साउन १ गतेदेखि नियुक्त कर्मचारीहरू सहभागी गराईएको छ भने तत्काललाई यस कोषको व्यवस्थापन गर्ने जिम्मेवारी कर्मचारी सञ्चयकोषलाई दिईएको छ । संघीयताको कार्यान्वयनसँगै निजामती सेवा र नेपाल प्रहरी सेवाका धेरै कर्मचारी प्रदेश तथा स्थानीय तहमा समायोजन गर्ने प्रक्रिया चलिरहेकोले हालको तुलनामा निश्चित रूपमा संघीय सरकारले नियुक्त गर्ने कर्मचारीको संख्या पनि न्यून हुन जान्छ । विगतदेखि नेपाल सरकारबाट नियुक्त भएका सबै शिक्षक/प्राध्यापकहरू र त्रिभुवन विश्वविद्यालय लगायतका सरकारी विश्वद्यालयका कर्मचारी तथा शिक्षकको समेत निवृत्तिभरण सरकारले नै व्यहोर्दै आएको छ । योगदानमा आधारित निवृत्तिभरण कोषबाट संघ, प्रदेश र स्थानीय तहले नियुक्त गर्नेशिक्षक तथा कर्मचारीहरू र त्रिभुवन विश्वविद्यालय लगायतका विश्वविद्यालयहरूबाट नियुक्त हुने कर्मचारी तथा प्राध्यापकहरूको निवृत्तभरण सम्बन्धमा ऐनले स्पष्ट गरेको देखिँदैन । कतिपय स्थानीय तहले आ-आफ्नै कोष खडा गर्ने वा अवकाश भएपश्चात सोही कोषको रकमबाट अवकाश पछिका सुविधाहरू प्रदान गर्ने गरिएको छ । फलस्वरूप सबै तहका सरकारमा कोष व्यवस्थापन गर्दा प्रशासनिक खर्च बढने एवं कोष परिचालन व्यवस्थापनमा समस्या हुने अवस्था रहन्छ ।

सुझाउ - बेग्लै संगठन संरचनासहितको निवृत्तिभरण कोष स्थापना गर्नु भन्दा पनि बृहत् सामाजिक सुरक्षा कोष अन्तर्गत् वा कर्मचारी सञ्चयकोष वा संघ, प्रदेश, स्थानीय तह र विभिन्न सरकारी विश्वविद्यालयहरूका कर्मचारी तथा शिक्षक/प्राध्यापकहरूको लागि एकल कोष मार्फत योगदानमा आधारित निवृत्तिभरण योजना सञ्चालन गर्ने कानुनी व्यवस्था गरिनु पर्दछ ।

२३. **सामाजिक सुरक्षा कोष -** सामाजिक सुरक्षा कार्यलाई व्यापक बनाउन सामाजिक सुरक्षा कोषको स्थापना २०६७ चैत्र ७ गते भएको हो । नेपालको संविधान, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ बमोजिमका सामाजिक सुरक्षा योजनाहरू २०७५ मंसिर ११ गतेदेखि शुरु गरिएका छन् । योगदानमा आधारित समाजिक सुरक्षा ऐन, २०७४ को दफा २(झ) ले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह समेतलाई रोजगारदाता मानेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १९ बमोजिम सामाजिक सुरक्षा कोषमा सूचीकृत हुन २०७५ कार्तिक २६ गते पहिलोपटक राजपत्रमा सूचना प्रकाशन गरिएको थियो । यसको अतिरिक्त सूचीकृत हुने मिति पटक पटक थप गर्दै लगिएको छ ।सामाजिक सुरक्षा कोषको अनुसार सो सूचनाबमोजिम २०७६/११/३० सम्म सूचीकृत भएका रोजगारदाता तथा योगदानकर्ताको विवरण तपसिलबमोजिम रहेको छ :

क्षेत्र	रोजगारदाता	योगदानकर्ता	कूल योगदान रकम (रु हजारमा)	समेटिएको जिल्ला
	८	८८	०	६
	४२	७५४	१३७२८	८
	५६०	६२१७	३४९०६	४५
सुरक्षाकर्मी आपूर्ति	७८	३१५	७३७	२२
सरकारी निकाय	०	०	०	०
शैक्षिक संस्था	२०२१	५७८२	६५९७१	५७
स्वास्थ्य संस्था	४७५	१०००३	१२६०५४	४२
होटल तथा क्यान्टिन	३३९	६९१५	४५५०५	२९
	२०२	१०३४	५८८३	३५
	६४५	१२६७६	१३९८२८	३८
	७९१७	१०८११५	३४६०८८	२१
जम्मा	**१२२८७**	**१५१९०८**	**७७८७००**	**७४**

योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम ३ बमोजिम सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्ति र नियम ४ बमोजिम अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा सम्बन्धमा हालसम्म कुनै निर्णय भएको छैन । यसले गर्दा सोक्षेत्रका कर्मचारी तथा कामदारहरू यस कार्यक्रममा आवद्ध हुन सकेका छैनन् । उल्लेखित विवरणबाट बैकिंङ, शैक्षिक र स्वास्थ्य क्षेत्रमा समेत न्यून सहभागिता भएको देखिन्छ । नेपालमा व्यवसाय गर्न दर्ता भई व्यवसायिक स्थायी लेखा नम्बर (BPAN) लिएको संख्या २०७६ असार मसान्तसम्म ११ लाख ७७ हजार ९०७ लाई आधार लिने हो भने ११ लाख ६५ हजार ६२० संस्थामा यसकोषमा आबद्ध छैनन् । ती संस्थामा कार्यरत योगदानकर्ताहरू नसमेटिएको अबस्था छ । यसबाट कोषले अनौपचारिक क्षेत्रबाहेक पनि ठुलो संख्याका योगदानकर्तालाई नसमेटेको अबस्थामा सहभागीता जुटाउन प्रर्वद्धनात्मक र दण्डात्मक व्यवस्थागर्न सकिएको छैन । सरकारी कार्यक्रमलाई दिगो र सर्वस्वीकार्य बनाउन सबभन्दा पहिला सरकारी निकायहरूको चासो र सहभागिता अग्रणी हुनुपर्दछ ।

सुझाउ - योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई व्यापक बनाउन योजनाहरूमा केही समस्या भएमा समयमै समाधान गरी सहभागीता जुटाउन प्रर्वद्धनात्मक र दण्डात्मक व्यवस्थाअवलम्बन गरिनुपर्दछ ।

२३.१. **सामाजिक सुरक्षा कोषको रणनीतिक योजना-** २०७५/७६ को बजेटमा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको दायरालाई फराकिलो बनाउँदै असंगठित क्षेत्रका किसान, श्रमिक तथा स्वरोगारीमा रहेका व्यक्तिलाई समेत सामाजिक सुरक्षाको दायरामा समाहित गरिने व्यवस्था छ । २०७६/७७ को बजेटमा पनि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमलाई फराकिलो बनाउँदै लगिने व्यवस्था छ । सन् २०१७/१८ मा राष्ट्रिय योजना आयोग र अन्तर्राष्ट्रिय श्रम संगठनले संयुक्तरूपमा गरेको नेपाल श्रमशक्ति सर्वेक्षणको प्रतिवेदन (Report in Nepal Labour Force Survey 2017/18) बमोजिम औपचारिक २६ लाख ७६ हजार संलग्न रहेका छन् । उल्लेखितमध्ये सरकारी निकायहरूमा कार्यरत तथा कर्मचारी सञ्चयकोषमा आवद्ध भई पूर्ण वा आंशिक रूपमा सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध कर्मचारी तथा कामदारहरूको संख्या करिब ६ लाख रहेको छ । सोबाहेक अन्य केही व्यक्तिहरू श्रम ऐनबमोजिम रोजगारदाताले सञ्चालन गर्ने सीमित सामाजिक सुरक्षा कार्यक्रमहरूमा समेत आवद्ध रहेका छन् । तर अन्य व्यक्तिहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गर्न योजनाबद्ध रणनीति तथा कार्यान्वयनको ढाँचा निर्धारण गरिएको छैन । योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको लागि हाल सञ्चालित प्रवर्द्धनात्मक, प्रचारात्मक तथा व्यवस्थापकीय कार्यहरू कुनै निश्चित रणनीति बिना परम्परागत रूपमा सञ्चालन गर्ने गरिएको छ । यसले गर्दा सरकारले प्राथमिकतासाथ घोषणा गरी कार्यान्वयन गरेको कार्यक्रमा अपेक्षित उपलब्धि हासिल नहुने, संगठित तथा असंगठित क्षेत्रका सबै कामदार तथा कर्मचारीहरूको लागि प्रभावकारी सामाजिक सुरक्षा कार्यक्रम विस्तार गर्न नसकिने देखिन्छ । तसर्थ, न्युन सहभागिताका कारणहरू पहिचान गरी स्पष्ट दीर्घकालीन सोच, लक्ष्य, उद्धेश्य, अपेक्षित उपलब्धी समेत समावेश गरी आवधिक रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिनुपर्दछ ।

२३.२. **योगदान तथा सुविधा -** अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ. C१०२)को सामाजिक सुरक्षासम्बन्धी न्यूनतम मापदण्ड महासन्धिले औषधी उपचार सुविधा, स्वास्थ्य सुरक्षा सुविधा, मातृत्व संरक्षण सुविधा, दुर्घटना र चोटपटक बापतको सुविधा, अशक्तता सुविधा, आश्रित परिवार सुविधा, परिवार तथा बालबच्चाको हेरविचार सुविधा, वृद्धावस्था सुविधा र बेरोजगारी सुविधा गरी ९ प्रकारका सामाजिक सुरक्षा कार्यक्रमहरू तोकेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १०(१) ले यिनै सुविधालाई औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्धावस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र बेरोजगार सुरक्षा योजना गरी जम्मा ७ समुहमा वर्गीकरण गरेको छ । सोही ऐनको दफा १०(२) बमोजिम प्राथमिकताको आधारमा नेपाल सरकारले तोकेका र हाल सञ्चालनमा रहेका निम्नानुसारका ४ योजना र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५को विभिन्न दफाबमोजिम योगदान अवधि र दफा २५ बमोजिमको योगदान रकम निम्न बमोजिम छन् ।

क्र.सं.	योजना	योगदान रकम	योगदान अवधि	योजनाबाट पाउने सुविधा
१	औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा	१ प्रतिशत	औषधी उपचार तथा स्वास्थ्य सुविधाको लागि कम्तिमा ६ महिना	चिकित्सकको परामर्श सेवा, अस्पताल भर्ना तथा शल्यकृया वापतको शुल्क रोगपरीक्षण तथा उपचार खर्च र औषधी अस्पतालमा भर्ना गराउँदा एक वर्षमा बढीमा रु १ लाख सम्म र अस्पतालमा भर्ना नगराउँदा बढीमा २५ हजार रूपैयाँ ।
			मातृत्व सुरक्षाको लागि १८ महिनाको अवधिमा १२ महिना	गर्भ परीक्षण, अस्पताल भर्ना, शल्यक्रिया, तथा ३ महिनासम्मको शिशुको उपचार वापतको खर्च र प्रसुति स्याहारको लागि प्रति शिशु एक महिनाको न्यूनतम पारिश्रमिक
२	दुर्घटना र अशक्तता सुरक्षा	१.४० प्रतिशत	रोजगारीजन्य दुर्घटनाको लागि योगदान शुरु गरेको मितिबाट तथा व्यवसायजन्य रोगको उपचारको लागि दुई वर्षपश्चात	रोजगारीजन्य दुर्घटना तथा व्यवसायजन्य रोगको उपचारमा लाग्ने सम्पूर्ण खर्च, रोजगारजन्य दुर्घटना बाहेक अन्य दुर्घटना भएको अवस्थामा रु ७ लाखसम्म उपचार खर्च
				रोजगारीजन्य दुर्घटना वा व्यवसायजन्य रोगका कारण स्थायी पूर्ण अशक्त भएमा खाईपाई आएको आधारभूत पारिश्रमिकको ६० प्रतिशत बराबर मासिक रूपमा निवृत्तभरण
३	आश्रित परिवार सुरक्षा	०.२७ प्रतिशत	योगदान शुरु गरेको मितिबाट	• पति वा पत्निले पाउने निवृत्तभरण : अन्तिम आधारभुत पारिश्रमिकको ६० प्रतिशत अर्को विवाह नगरेसम्म वा बैकल्पिक रोजगार नरहेसम्म आजीवन • सन्ततिले पाउने शैक्षिक वृत्ति : १८ वर्ष पुरा नभएको सन्ततिलाई अन्तिम आधारभुत पारिश्रमिकको ४० प्रतिशत • आश्रित बाबु आमाले पाउने सुविधा : पति वा पत्नी वा छोराछोरी नभएमा अन्तिम आधारभुत पारिश्रमिकको ६० प्रतिशत • अन्तिम संस्कार खर्च : एकमुष्ठ २५ हजार रूपैयाँ ।
४	वृद्ध अवस्था सुरक्षा	२८.३३ प्रतिशत	निवृत्तभरण योजना : कम्तिमा १८० महिना वा १५ वर्ष योगदान गरेको र ६० वर्ष पुरा भएको	निवृत्तभरण योजना : योगदानकर्ताको अवकाश उमेर पुरा भएपछि निजले कोषमा जम्मा गरेको योगदान रकम(रोजगारदाताको तर्फबाट भएको योगदान समेत) र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगलाई १८० महिना (१५ वर्ष) ले भाग गर्दा हुन आउने रकम प्रत्येक

				महिना निजको जीवनकालभर निवृत्तभरण दिईने ।
			निवृत्तभरण योजना लागू हुनु अघि २०७४ भदौ १९ गते भन्दा अगाडिको उपदान वापत श्रम नियमावली, २०७५ बमोजिम प्राप्त गर्ने रकम रोजगारदाताबाट भुक्तानी लिई सो भन्दा पछाडिको उपदान रकम	अवकाश सुविधा योजना : योगदानकर्ताले सञ्चयकोष र उपदान वापत योगदान रकम, रोजगारदाताको तर्फबाट गरेको योगदान र सोमा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत एकमुष्ट रकम ।
	जम्मा	३१ प्रतिशत		

यी योजनाहरूको लागि योगदान रकमको आधारभूत तलबको ३१ प्रतिशतमध्ये योगदानकर्ताले ११ प्रतिशत र रोजगारदाताले २० प्रतिशत योगदान गर्नुपर्ने व्यवस्था रहेको छ । उल्लेखित योजनाहरूमा ऐनले तोकेको बरोजगार सहायता योजना समावेश गरिएको छैन ।यो योजनासमावेश नगरिदा योगदानकर्ता कामदार वा कर्मचारीहरूको रोजगारी टुट्न गएको अवस्थामा वैकल्पिक जीविकोपार्जन नहुन सक्छ । साथै प्रत्येक योजना अन्तर्गत योगदान गरेको कुल रकमभन्दा कम मात्ररकम योगदानकर्ता वा निजको परिवारले सुविधा पाएमा वा कुनै पनि सुविधा उपभोग नगरेको अवस्थामा निजबाट बढी भएको वा जम्मा भएको योगदान रकम फिर्ता हुने वा अन्य कुनै कल्याणकारी व्यवस्था सम्बन्धमा कुनै व्यवस्था देखिदैन । यसबाट योगदानकर्ताहरू आकर्षित नहुन सक्छन् । साथै यसो भएमा योगदानकर्ता कामदार तथा कर्मचारीहरूको योगदान कोषको नाममा रहन जाने देखिदा सरकारको आलोचना हुनसक्छ ।

सुझाउ - योगदानकर्ताको रोजगारी टुट्न गएको र अर्को रोजगारी नपाएसम्मको निश्चित अवधिको लागि बेरोजगार सहायता योजना समेत समावेश गरिनुपर्दछ । साथै प्रत्येक योजना अन्तर्गत योगदान गरेको कुल रकमभन्दा कम मात्र रकम योगदानकर्ता वा निजको परिवारले सुविधा उपभोग गर्न पाएमावा कुनैपनि सुविधा उपभोग नगरेको अवस्थामा निजबाट बढी जम्मा भएको योगदान रकमको सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था गरिनुपदर्छ ।

२३.३. **निवृत्तिभरण योजनाको सुविधामा फरक -** नेपालको संविधान धारा ३४(२) बमोजिम प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने व्यवस्था रहेको छ । तर योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिमका योगदानकर्ता र निवृत्तभरण कोष ऐन, २०७५ बमोजिमका योगदानकर्ता कर्मचारीबीच कानुनीरूपमै योगदान गर्नुपर्ने रकम र पाइने सुविधामा भिन्न भिन्न व्यवस्था गरिएको छ । जसको विवरण निम्नानुसार छ :

विवरण	योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५	निवृत्तभरण कोष ऐन, २०७५	कैफियत
सहभागी हुनेयोगदानकर्ता	सामाजिक सुरक्षा योजनामा सुचीकृत भएका श्रमिक, स्वरोजगारमा रहेका व्यक्ति, सरकारी सेवामा बहाल रहेका व्यक्ति	निजामती सेवा, नेपाली सैनिक, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल नेपाल सेवा, नेपाल विशेष सेवाका कर्मचारी	
रोजगारदाता	उद्योग/प्रतिष्ठान, श्रमिक आपूर्तिकर्ता, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह	नेपाल सरकार	
जम्मा योगदान रकम	आधारभूत पारिश्रमिकको २८.३३ प्रतिशत	आधारभूत पारिश्रमिकको १२ प्रतिशत	१६.३३ प्रतिशतले फरक
योगदान गर्नु पर्ने अवधि (न्यूनतम)	१५ वर्ष(१८० महिना)	२० वर्ष	५ वर्षले फरक

सुविधा प्राप्त हुने अवस्था	कम्तिमा १८० महिना वा १५ वर्ष योगदान गरेकार ६० वर्ष पुरा भएका योगदानकर्ता	२० वर्ष वा सोभन्दा बढी सेवा गरी सेवाबाट अलग भएका कर्मचारी	६० वर्ष उमेर पुग्नै पर्ने र नपर्ने
प्राप्त हुने सुविधा	योगदानकर्ताको अवकाश उमेर पुरा भएपछि निजले कोषमा जम्मा गरेको योगदान रकम(रोजगारदाताको तर्फबाट भएको योगदान समेत) र सो रकममा कोषले गरेको लगानीबाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल योगलाई १८० महिना (१५ वर्ष) ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर	आखिरी तलबको रकमलाई जम्मा सेवा वर्षले गुणन गरी ५० ले भाग गर्दा हुने रकम आजीवन र प्रत्येक प्रत्येक ३ वर्ष पूरा भएपछि १० प्रतिशतले थप वृद्धि हुने	
खाता व्यवस्थापन	प्रत्येक सामाजिक सुरक्षा योजनाको बेग्लाबेग्लै खाता राख्नुपर्ने	प्रत्येक कर्मचारीको बेग्लाबेग्लै खाता राख्नुपर्ने	

उल्लेखित तालिकाअनुसार निवृत्तभरण कोष ऐन, २०७५ मार्फत व्यवस्थापन हुने सरकारी कर्मचारीहरूको योगदानमा आधारित निवृत्तभरण र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम व्यवस्थापन हुने निवृत्तभरणबीच तुलना गर्दा प्रमुखरूपले योगदानमा आधारित सामाजिक सुरक्षा ऐनमा १६.३३ प्रतिशत बढि योगदान गर्नुपर्ने निवृत्तिभरण प्राप्त गर्न ६० बर्ष उमेर पुरा गर्नुपर्ने अवस्था छ, भने निवृत्तभरण पाइने अवधि निवृत्तिभरण कोष ऐनमा २० वर्ष भएपनि योगदानमा आधारित सामाजिक सुरक्षा ऐनमा १५ वर्ष रहेको छ । सरकारी तथा अन्य क्षेत्रको रोजगारीमा रहेका व्यक्तिहरूको सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउने उद्देश्यले छोटो समयको अन्तरालमा जारी भएका ऐनमा फरक-फरक व्यवस्थाहुनु मनासिव देखिदैन । यसबाट समानताको प्रत्याभूति नहुने तथा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ बमोजिमको योजनामा आषर्कण नहुने हुन्छ ।

सुझाउ - संवैधानिक मूल्य र मान्यताबमोजिम समतामूलक सामाजिक न्यायको प्रत्याभूति गराई योजनामा सहभागिता बढाउन योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ मा सुधार गर्नुपर्दछ । साथै सबै योगदानकर्ताको प्रत्येक योजनाबमोजिम व्यक्तिगत खाता व्यवस्थापन गर्नुपर्दछ ।

२३.४. **कोषको व्यवस्था र सुरक्षा -** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को प्रस्तावनामा नै 'श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानबमोजिम ऐन बनाईएको' उल्लेख छ । यसले श्रमिक तथा कामदारहरूको सामाजिक सुरक्षासम्बन्धी हक सुनिश्चित गर्दछ । सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ को दफा ८(ग) मा देशव्यापी रूपमा महामारी फैलिई कोषले खर्च धान्न नसक्ने भै योजना निलम्बन गरेको अवस्थामा सुविधा प्राप्त नहुने र दफा ३४ मा सुरक्षा योजनालाई निरन्तरता दिन नसकिने भएमा वा थप सुविधा दिन नसकिने भएमा सञ्चालक समितिले जुनसुकै बेला पनि कुनै थप सुविधा वा यो सुरक्षा योजनालाई स्थगन गर्न मन्त्रालयमा सिफारिश गर्नसक्ने व्यवस्था रहेको छ । यसले सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने योजनामाथि सन्देह सिर्जना गराउनुका साथै सामाजिक सुरक्षासम्बन्धी संवैधानिक व्यवस्थालाई नै कमजोर बनाउँछ । साथै सक्षम र सबल लोककल्याणकारी राज्यको प्रत्याभूति समेत गराउँदैन ।

सुझाउ - योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरूलाई सशक्त, प्रभावकारी, सक्षम बनाउन दीगो बनाईनुपर्दछ । यसका लागि कानुनमा भएको कमजोर व्यवस्थालाई संशोधन गर्नुपर्दछ ।

२३.५. **सामाजिक सुरक्षा कर -** योगदानमा आधारित सुरक्षा ऐन, २०७४ को दफा २६(२)(ङ) मा सामाजिक सुरक्षा कर बापत हालसम्म सङ्कलित र भविष्यमा सङ्कलन हुने रकम यस सामाजिक सुरक्षा कोषमा जम्मा हुने व्यवस्था छ । २०६७/६८ को बजेट वक्तव्यको बुदा नं.२८५(क) मा वृद्ध अवस्था पेन्सन, अशक्तता पेन्सन जस्ता सामाजिक सुरक्षाहरू भविष्यमा क्रमशः विस्तार गदै लैजान पारिश्रमिक भुक्तानीमा १ प्रतिशत सामाजिक सुरक्षा कर लगाईने उल्लेख छ । सोबमोजिम नेपाल सरकारले २०६७/६८ देखि २०७४/७५ सम्म पारिश्रमिक भुक्तानीमा १ प्रतिशत कट्टी गरिँदै आएको सामाजिक सुरक्षा करको रु.२२ अर्ब २ करोड

र २०७५/७६ को रु.६ अर्ब गरी जम्मा रु.३० अर्ब २ करोड सामाजिक सुरक्षा कोषमा जम्मा नगरिकन सञ्चित कोषमा जम्मा भएको र विनियोजन ऐनबमोजिम खर्च भैसकेको देखिन्छ। यस वर्ष समेत सामाजिक सुरक्षा करको रकम राजस्वमा जम्मा भैरहेकोले सो ऐनको दफा कार्यान्वयन भएको र सामाजिक सुरक्षा कोषमा सामाजिक सुरक्षा करबापतको रकम जम्मा भएको देखिदैन ।

सुझाउ - कानुनी व्यवस्था कार्यान्वयन गर्न र जुन प्रयोजनको लागि सामाजिक सुरक्षा कर सङ्कलन गरिएको हो सोही प्रयोजनमा उपयोग गर्नको लागि शुरुदेखि हालसम्मको सङ्कलित रकम कोषमा ल्याई आगामी दिनमा सङ्कलन हुने रकम कोषको खातामा सिधै जम्मा हुने व्यवस्था गरिनुपर्दछ। साथै सामाजिक सुरक्षा करबाट सङ्कलित राजस्वले करदातालाई सुविधा दिनुपर्ने हो वा राज्यबाट उपलब्ध गराईने सामाजिक सहायताको लागि खर्च गरिने हो सो पनि स्पष्ट गरिनुपर्दछ ।

२४. **स्वास्थ्य बीमा कार्यक्रम -** राष्ट्रिय स्वास्थ्य नीति, २०७१ र राष्ट्रिय स्वास्थ्य बीमा नीति २०७१ ले स्वास्थ्य बीमालाई कार्यान्वयनमा ल्याउने नीति अँगिकार गरेअनुसार सामाजिक स्वास्थ्य सुरक्षा विकास समिति गठन आदेश, २०७१ बमोजिम तयार गरिएको सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम (सञ्चालन) नियमावली, २०७२ को प्रावधान अनुसार शुरु भएको स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धमा स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ३(१) मा प्रत्येक नेपाली नागरिकस्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनुपर्ने व्यवस्था छ। २०७२/७३ सम्म क्रमशः इलाम, बाग्लुङ्ग र कैलाली जिल्लामा कार्यक्रम शुरुवात भई २०७६/१०/३० सम्ममा ५१ जिल्लाका ५०४ स्थानीय तहमा यो कार्यक्रम विस्तार विस्तार भएको छ। स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध लाभग्राहीले ७७ जिल्लाका ३१६ सेवाप्रदायक स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सेवा लिनसक्ने तोकिएको छ । यस कार्यक्रमको लागि ५ जनाको परिवारलाई १ एकाई मानी प्रति परिवार वार्षिक ३ हजार ५०० रूपैयाँ तथा ५ भन्दा बढी परिवार सदस्य भएको अवस्थामा प्रतिसदस्य थप ७०० रूपैयाँ योगदान रकम तोकिएको छ। यस कार्यक्रममा आवद्ध बीमितले ५ सम्मको परिवार सदस्य रहेको छ भने प्रतिपरिवार प्रतिवर्ष १ लाख रूपैयाँसम्म, ५ भन्दा बढी परिवार सदस्य रहेमा प्रतिसदस्य थप रु.२० हजार प्रतिवर्षका दरले बढीमा २ लाखसम्म, ७० वर्ष नाघेका ज्येष्ठ नागरिकले मात्र उपयोग गरे १ लाखसम्म र तोकिएका ८ कडा रोग लागेमा थप १ लाख रूपैयाँसम्मको सुविधा उपलब्ध हुने व्यवस्था छ। सो सुविधा सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई बीमा व्यवस्थापन सूचना प्रणालीमार्फत स्वास्थ्य बीमा बोर्डले प्रदान गर्दछ।

मिति २०७६/१०/२९ सम्म ७ लाख ७० हजार ७५७ परिवार संख्या (इकाई) का जम्मा २६लाख ७८ हजार १०३ मात्र यस कार्यक्रममा आबद्ध भएका छन्। जसमा सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक २ लाख ८० हजार ४७१, अति गरिब घर परिवारका ६ लाख ५७ हजार ९७४, महिला स्वास्थ्य स्वयंसेविका १५ हजार ९२२ र अन्य सर्वसाधारण रहेका छन् । यसले सबै नेपालीलाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्न समस्या रहेको देखिन्छ । यसमा स्वास्थ्य बीमा बोर्डको संगठनात्मक जनशक्ति अभाव, कार्यक्रम सम्बन्धमा जनचेतनाको अभाव तथा सेवाप्रदायक संस्थाहरूमा पहुँचको समस्या रहेको देखिन्छ। कार्यक्रम स्थानीयस्तरमा सञ्चालन गर्नुपर्ने अवस्थामा प्रदेश र स्थानीय सरकारको सहयोग बेगर सफल हुन सक्दैन। संगठनातमक क्षमताको अभाव एवं प्रदेश र स्थानीय तहले अपनत्व नलिएको अवस्थाले कार्यान्वयनमा समस्या छ। यसबाट सरकारले थालेको कार्यक्रम र सर्वसाधारणले गरेको अपेक्षा पुरा नहुने हुन्छ।

सुझाउ - कार्यक्रमलाई सबै तहका सरकारले प्राथमिकता दिई प्रवर्द्धन गर्ने, सेवा प्रदायक संस्थाहरूको संख्या र पहुँच बढाउने, स्वास्थ्य बीमा बोर्डको संगठनात्मक क्षमता बढाउनुपर्दछ। यससम्बन्धी अन्य व्यहोरा निम्न छन्।

२४.१. **सरकारले व्यहोर्ने योगदान रकम र दाबी भुक्तानीको रकम -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १६(१) मा अति गरिबको परिचयपत्र प्राप्त परिवार, अति अशक्त अपांगता भएका, कुष्ठरोगी, एच.आई..भी. संक्रमित, जटिल खालका क्षयरोग(एम.डि.टि.बि.) बिरामी भएकाको परिवार र ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत र महिला स्वास्थ्य स्वयंसेविका संलग्न भएको परिवारको योगदान रकमको ५० प्रतिशत सरकारले व्यहोर्ने व्यवस्था छ। २०७६/१०/२९ सम्म जम्मा २६ लाख ७८ हजार १०३ मात्र यस कार्यक्रममा आवद्ध भएका छन्। जसमा सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक २ लाख ८० हजार ४७१, अति गरिब घर परिवारका ६ लाख ५७ हजार ९७४, महिला स्वास्थ्य स्वयंसेविका १५ हजार ९२२ गरी जम्मा ९ लाख ५४ हजार ३६७ अर्थात् करिब ३६ प्रतिशत बीमितको योगदान रकम सरकारबाट नै व्यहोरिएको देखिन्छ। एकातिर योगदान रकम पनि सरकारले नै व्यहोर्ने र अर्कोतिर सुविधा

रकम समेत बिनियोजित बजेटबाट सरकारले नै व्यहोरिदा एकै व्यक्तिको लागि दोहोरो भुक्तानीको व्ययभार नेपाल सरकारको कोषमै परेको देखिन्छ । योगदान रकम ब्यहोरे तापनि सो रकम परिचालन गरिएको छैन । बीमितको बढोत्तरीसँगै यो रकम बढ्दै जाने निश्चित छ ।

सुझाउ - परिचालन बेगर योगदानको रकम ब्यहोर्नुको अर्थ नहुने हुदाँ दोहोरो खर्च ब्यहोर्ने परिपाटी अन्त्य गर्नु पर्दछ ।

२४.२. **कर्मचारीकोआवद्धता -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ३(४) मा प्रचलित कानुनबमोजिम राष्ट्रसेवक मानिने व्यक्ति तथा वैदेशिक रोजगारीमा जाने कामदारकोपरिवारले स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनुपर्ने व्यवस्था छ । संगठित क्षेत्रका (राष्ट्रसेवक तथा प्रतिष्ठानमा कार्यरत) व्यक्तिका लागि सरकार वा रोजगारदाताले शुरु तलब स्केलको एक प्रतिशत र कर्मचारीले एक प्रतिशत गरी जम्मा शुरु तलबको दुई प्रतिशत रकम स्वास्थ्य बीमा कार्यक्रमको लागि योगदान रहने व्यवस्था छ । स्वास्थ्य बीमा नियमावली, २०७५ अनुसूची १ मा यस्तो योगदान रकम १० हजार रूपैयाँभन्दा बढी नहुने व्यवस्था रहेको छ । ५ जना परिवारका सदस्य संख्या रहेको अन्य नागरिकहरूले भन्दा यस्ता राष्ट्रसेवक तथा प्रतिष्ठानका कर्मचारीको योगदान रकम ३ हजार ५००रूपैयाँभन्दा बढी हुने भएकोले एउटै सुविधाको लागि फरक फरक योगदान रकम व्यहोर्नुपर्ने देखिन्छ । २०७६/१०/२९ सम्म जम्मा २६ लाख ७८ हजार १०३ कार्यक्रममा आवद्ध भएकोमा कुनै पनि राष्ट्रसेवक तथा प्रतिष्ठानका कर्मचारी सहभागी भएको देखिएन । यसले बढी योगदान रकमको कारण राष्ट्रसेवक तथा प्रतिष्ठानका कर्मचारीहरूले आवद्धता नगरेका हुन् कि अन्य केही कारणले हो सो निर्क्योल गरेको पाइएन । यसबाट राज्यले लिएको बृहत् कार्यक्रमको प्रभावकारिता माथि नै प्रश्न उठ्ने हुन्छ ।

सुझाउ - सबभन्दा पहिला बढीहुनसक्ने योगदान रकमको सम्बन्धमा स्पष्ट पारिनु पर्दछ र सबै राष्ट्रसेवक तथा प्रतिष्ठानका कर्मचारीहरूको परिवारलाई यो कार्यक्रममा आवद्धगराउनुपर्दछ ।

२४.३. **कार्यक्रमको दिगोपना -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा २७ मा स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनको लागिएक स्वास्थ्य बीमा कोष रहने र सो कोषको व्यवस्थापन एवं खाता सञ्चालन सम्बन्धमा स्पष्ट व्यवस्था रहेको छ । तर सो व्यवस्थाबमोजिम कोषको नाममा खाता सञ्चालन नगरी २०७६ असार मसान्तसम्म कार्यक्रममा आवद्ध बीमितबाट प्राप्त भएको रु.१ अर्ब ३९ करोड ८० लाख २० हजार सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको खर्च ख(६) विविध खातामा जम्मा गरिएको छ ।स्वास्थ्य बीमा बोर्डले उपलब्ध गराएको विवरणअनुसार २०७६ असार मसान्तसम्म बीमितको लागि सेवा प्रदायक संस्थाहरूबाट रु.२ अर्ब ८० करोड७८ लाख ९९ हजारदाबी भुक्तानी भएको देखिन्छ । कोषको रकम परिचालन नगरेको अवस्थामा बीमा प्रिमियम भन्दा क्षतिपूर्तिको रकम रु.१ अर्ब ४० करोड ९६ लाख ७९ हजार बढी रहेको देखिन्छ । स्वास्थ्य बीमा बोर्डको प्रशासनिक खर्च समेत बेग्लै रहेको छ । बोर्डले प्राप्त प्रिमियम रकम परिचालन नगरेबाट बोर्डले गर्ने आम्दानीबाट खर्च धान्नसक्ने अवस्था समेत देखिएन ।

सुझाउ - अन्तर्राष्ट्रिय सिद्धान्त र असल अभ्यासका मान्यताबमोजिम स्वास्थ्य बीमा कार्यक्रम दिगो रूपमा सञ्चालन गर्न स्वास्थ्य बीमाको सिद्धान्तको आधारमा सञ्चालन हुने वा अनुदानबाट सञ्चालन हुने निर्क्यौल गरी कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ ।

२४.४. **बीमा कार्यक्रमको नवीकरण -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम ८(१)मा बीमितले बीमालेख अवधि समाप्त हुनुभन्दा एक महिना अगावै नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था छ । २०७४/७५ सम्म कुल १२ लाख ७१ हजार ९८९ ले स्वास्थ्य बीमा कार्यक्रममा आवद्धता गरेकोमा २०७५/७६ सम्म जम्मा ७ लाख ३८ हजार ३६८ ले मात्र नवीकरण गराएको पाइयो । यसबाट करिब ४२ प्रतिशत बीमितले नवीकरण नगरेको देखियो । नबीकरण नगराउनुको कारणहरू पहिचान गरेको पाइएन । बीमा कार्यक्रममा नवीकरण नहुनुले स्वास्थ्य बीमाको प्रभावकारितामा असर गरेको छ । उपचारको लागि स्वास्थ्य संस्थाको पहुँचमा सिमितता, सेवा उपलब्ध संस्थाले प्रदान गर्ने सेवाको गुणस्तरीयता जस्ता कारणले बीमकको संख्या घटेको अवस्था छ ।

सुझाउ - कार्यक्रमलाई सबै तहका सरकारले प्राथमिकतामा राखी प्रवर्द्धन गर्ने, सेवा प्रदायक संस्थाहरूको संख्या र पहुँच बढाउने, राष्ट्रसेवक कर्मचारीहरूलाई अनिवार्य आवद्ध गराउने, दोहोरो भुक्तानीको व्यवस्थाको विकल्प खोज्ने, अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा स्वास्थ्य बीमा कार्यक्रम दिगोरूपमा सञ्चालन गर्न

स्वास्थ्य बीमाको सिद्धान्तको आधारमा सञ्चालन हुने वा अनुदानबाट सञ्चालन हुने निक्र्यौल गरी कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ ।

२५. **विपन्न नागरिक औषधि उपचार कार्यक्रम -** विपन्न नेपाली नागरिकहरूको स्वास्थ्य उपचारमा पहुँच पुऱ्याउन तोकिएका अस्पतालहरूमा क्यान्सर, मुटु रोग, टाउको तथा मेरुदण्डको चोटपटक, अल्जाईमर, पार्किन्सन र सिकलसेल एनिमिया जस्ता कडा रोग लागेका विपन्न रोगीहरूको उपचार गराउँदारु.१ लाखसम्म तथा मृगौला प्रत्यारोपणको लागि रु.४ लाखसम्मको निःशुल्क औषधिउपचार व्यवस्था छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७३/७४, २०७४/७५ र २०७५/७६ मा क्रमशः ३६ हजार ४८, ८२ हजार र ५३हजार बिरामीको लागि क्रमशः रु.९७ करोड ८१ लाख २५ हजार, रु २ अर्ब १० करोड ७७ लाख ३० हजार र रु.२ अर्ब ४४ करोड ८८ लाख १९हजार खर्च भएको छ । स्वास्थ्य बीमा कार्यक्रममा सहभागी ७० वर्ष उमेर नाघेका ज्येष्ठ नागरिकहरूले समेत तोकिएका अस्पतालहरूमा क्यान्सर, मुटु रोग, टाउको तथा मेरुदण्डको चोटपटक, अल्जाईमर, पार्किन्सन र सिकलसेल एनिमिया जस्ता कडा रोगको उपचारको लागि २०७६ साउन १ गतेदेखि बीमा सुविधाको अतिरिक्त थप रु.१ लाखसम्मको सुविधा पाउने व्यवस्था स्वास्थ्य बीमा नियमावली २०७५ को नियम १७(१) को (घ) मा उल्लेख छ । यस्तो सुविधाको बारेमा जनचेतना बढ्दै गएको र स्वास्थ्य उपचारमा सर्वसाधारणको पहुँच बढ्दै गएकोले उल्लेखित उपचार कार्यक्रममा बिरामीहरूको संख्या बढ्दै जाने निश्चित छ । अर्थ मन्त्रालयको अनुसार विगत ३ वर्षमा विपन्न नागरिक औषधि उपचारबाट लाभान्वितको विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	रोग		२०७३/७४	२०७४/७५	२०७५/७६
१	क्यान्सर		८६४३	१०६०८	३७१२१
२	मुटु		३३४२	४२७६	६८२८
३	मृगौला	हेमोडायलासिस	२१९७	४१४०	४५७४
		पेरिटोनियल डायलासिस	८८	१८८	२२१
		प्रत्यारोपण	१४२	२५२	७६
		औषधि उपचार	१९८	९३६	१२९३
४	पार्किन्सन		१७	७७	३७७
५	अल्जाइमर		९	२४	१२१
६	हेड इन्जुरी		६७	५२१	७६१
७	स्पाइनल इन्जुरी		१८२	५३९	१५४७
८	सिकलसेल इनिमिया		५००	१११४	१०२६
		जम्मा	१५३८५	२१८२०	५३३३०

विपन्न नागरिकको उपचार भनिए तापनि छनौटका आधार वस्तुपरक नभएको, विपन्न परिचयपत्र जारी गर्ने अवधारणा कार्यान्वयन नभैसकेको अवस्थामा स्थानिय तह लगायतले सबै जसो नागरिकलाई सिफारिस गर्ने स्थिति रहेको छ । जसले गर्दा उक्त उपचार कार्यक्रमबाट विपन्न नागरिकले मात्र लाभान्वित भएका छन भन्न सकिने अबस्था भएन ।जनचेतना बढ्दै जाँदायस्ता उपचार बापत राज्यकोषमा व्ययभार पनि बढ्दै जाने निश्चित छ ।

सुझाउ - सामाजिक संस्थागत उत्तरदायित्व अन्तर्गत निजी क्षेत्र समेतको योगदान गराउने र सबै लक्षित बर्गका लागि यस्ता रोगको बीमा तथा पुनर्बीमा गरी राज्यकोष माथिको व्ययभार कम गर्ने नीति अंगिकार गर्नुपर्दछ । विपन्न परिचयपत्रको अवधारणा कार्यान्वयन गर्ने वा सबै नागरिकलाई सो सुबिधा उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ ।

२६. **निःशुल्क औषधि वितरण -** स्वास्थ्य क्षेत्रमा हुने नगद तथा वस्तुगत सहायता कार्यक्रम अन्तर्गत सरकारी स्वास्थ्य संस्थाहरूबाट ७० प्रकारका औषधि निःशुल्क वितरण, निःशुल्क खोप सेवा, परिवार नियोजन सेवा आदि रहेका छन् । सरकारी स्वास्थ्य संस्थाहरूमध्ये उपस्वास्थ्य चौकी र स्वास्थ्य चौकीबाट ३८, प्राथमिक स्वास्थ्य केन्द्रबाट ५८ र २५ शैयासम्मका अस्पतालबाट ७० प्रकारका औषधि निःशुल्क वितरण गर्ने गरिएको छ । औषधि खरिदमा २०७५/७६ मा संघीय सरकारबाट रु.३९ करोड ९४ लाख ९४ हजार र ७ प्रदेश सरकारबाट रु.६७ करोड ५८ लाख ९८ हजार खर्च भएको छ । स्थानीय सरकारहरूबाट समेत उल्लेख्य मात्रामा औषधि खरिदको लागि रकम खर्च हुने भए पनि सोको खर्च शीर्षक खुल्ने गरी आर्थिक विवरण बनाउने नगरेकोले सबै सरकारी निकायहरूबाट औषधि खरिदमा भएको कुल खर्चको यकिन हुनसक्दैन । उक्त खर्चमा दातृसंस्था निकायबाट बस्तुगत सहायतामा प्राप्त हुने औषधि समावेश भएको छैन । स्थानिय

तह, प्रदेश र संघीय सरकारबाट आफ्नै तबरले औषधि खरिद गरी स्वास्थ्य क्षेत्रको नीति अनुरूप वितरण गर्ने अवस्थाले समन्वयको समस्या छ । कुन स्वास्थ्य संस्थामा औषधिको मौज्दाको अवस्था, शून्य मौज्दात, अधिक मौज्दात लगायतका बिषयहरू अनुगमन गर्न समेत कठिनाई भएको छ ।

सुझाउ - निःशुक औषधि वितरणको लागि गरिने खर्चको लागि तोकिएको ढाँचामा सबै तहका सरकारी निकायहरूले शीर्षकगत आम्दानी तथा खर्चको विवरण खुल्नेगरी सुचना प्रवाह हुने व्यवस्था मिलाउनुपर्दछ । साथै सबै तहका सरकारहरूबाट खरिद औषधिको मौज्दात नियमित रूपमा अभिलेखन र अनुगमन गर्ने गरी सूचना प्रणाली सफ्टवेयर तयार गर्नुपर्दछ ।

२७. **विद्यालय तहको छात्रवृत्ति र दिवा खाजा कार्यक्रम -** राज्यबाट सहायता प्रदान गर्दा लाभग्राहीहरूको सही पहिचान, अभिलेख व्यवस्थापन र यसबाट पर्ने प्रभावको लेखाजोखा गरिनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छ :

२७.१. **विद्यालय तहमा छात्रवृत्ति -** सामाजिक सुरक्षा अन्तर्गत सबै बालबालिकालाई प्रवाह गरिने निःशुल्क शिक्षा अतिरिक्त तोकिएका वर्ग लिङ्ग र समुदायका विद्यालय तहका विद्यार्थीलाई विभिन्न किसिमका छात्रवृत्ति, विद्यालय दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक वितरण, उच्च प्राविधिक शिक्षामा छात्रवृत्ति, शिक्षा क्षेत्रमा हुने नगद तथा वस्तुगत सामाजिक सहायता कार्यक्रम रहेका छन् । पछिल्लो २ वर्षको बजेटमा विद्यालय तहको छात्रवृत्तिको लागि गरिएको बजेट विनियोजन र लक्षित विद्यार्थी संख्या निम्नानुसार रहेको छ :

क्र.सं.	छात्रवृत्ति	आ.व.२०७५/७६		आ.व.२०७६/७७	
		विद्यार्थी संख्या	बजेट (रु हजारमा)	विद्यार्थी संख्या	बजेट (रु.हजारमा)
१	छात्रा छात्रवृत्ति (कक्षा१-८) कर्णाली प्याकेज (गैर आवासीय)	१९६५८०४	७८६३२२	१९६५८०४	७८६३२२
२	दलित छात्रवृत्ति (कक्षा१-८) (गैर आवासीय)	१०७६८२१	४३०७२८	१०७६८२१	४३०७२८
३	लक्षित समूह छात्रवृत्ति (२२ जनजाति तथा सीमान्तकृत समुह, मुक्त कमैया, वादी, हलिया, चरुवाका सन्तति समेत)	-	-	५२६३९	२६३२०
४	अपांग छात्रवृत्ति(आवासीय)	७८४८	३१३९२०	८१३९	३२५५६०
५	अपांग छात्रवृत्ति(गैरआवासीय)	५२९०८	१८५१७८	५४५६५	१९०९७८
६	द्वन्द्वपीडित छात्रवृत्ति(गैरआवासीय)	५८९४	७०७२८	१८७९	२२५४८
७	मुक्त कम्हलरी, हिमाली छात्रावास, फिडर छात्रावास, सार्वजनिक निजी साझेदारीमा सञ्चालित नमूना विद्यालयमा अध्ययनरत विद्यार्थी (६ वटा आवासीय) हिमादी आवासीय, अति सीमान्तकृत समुदायका लागि सञ्चालित आवासीय वालबालिका, सडक बालबालिका तथा बालश्रमिकको लागि आवासीय प्रबन्धका लागि छात्रवृत्ति	२२३५	८९४००	३१७४	१२६९६०
८	मुक्त कम्हलरीका लागि छात्रवृत्ति (गैरआवासीय)	२६८	१०७२	२९०	११६०
९	शहीदका छोराछोरीका लागि छात्रवृत्ति	४७१	८४७८	२१	३७८
१०	कक्षा ९-१० मा अध्ययनरत दलित लगायतका विद्यार्थीलाई दिइने विपन्न लक्षित छात्रवृत्ति	१०५२७८	५२६३९	८७०५१	५२२३०६
११	कक्षा ११-१२ मा विज्ञान बाहेकका अन्य विषय अध्ययरत दलित लगायतका विद्यार्थीलाई दिइने विपन्न लक्षित छात्रवृत्ति	५००५२	९००९३६	२९८३६	५३७००८
१२	कक्षा ११-१२ मा विज्ञान विषय अध्ययनरत दलित लगायतका विद्यार्थीलाई दिइने विपन्न लक्षित छात्रवृत्ति	३५०७	८४१६८	८७०५	२०८८८६
	जम्मा	**३२७१०८६**	**२९२३५६९**	**३२८८९२४**	**३१७९१५४**

विद्यालय तहका विद्यार्थीहरूको लागि विभिन्न छात्रवृत्ति कार्यक्रमको लागि २०७४/७५ र २०७५/७६को बजेटमा क्रमशः ३२ लाख ७१ हजार ८६ को लागि रु .२ अर्ब ९२ करोड ३५ लाख ६९ हजार र ३२ लाख ८८ हजार ९२४ को लागि रु.३ अर्ब १७ करोड ९१ लाख ५४ हजार बजेट विनियोजन गरिएको छ । जसमध्ये २०७४/७५ र २०७५/७६ मा संघबाट क्रमशः रु.८३ करोड ८९ लाख र रु.५९ करोड ४० लाख घट्दो दरमा खर्च भएको र २०७५/७६ मा ७ प्रदेश सरकारबाट रु.३० करोड २९ लाख ५८ हजार खर्च भएको छ । विद्यालय तहका छात्रछात्रालाई विभिन्न १२ प्रकारका छात्रवृत्तिमध्ये द्वन्द्वपीडित, शहीदका छोराछोरी, र विपन्न लक्षित बाहेकका अन्य सबै छात्रवृत्ति स्थानीय तहबाटै वितरण गरिने गरी सर्शत अनुदानदिने गरिएको छ । यसरी दिएको अनुदानबाट भएको खर्चको प्रतिवेदन हुनेगरेको छैन ।

सुझाउ - संघ र प्रदेशले गरेको प्रतिवेदनले मात्र यथार्थ खर्च र लाभग्राहीको संख्या यकिन हुनसक्दैन । प्रतिवेदन बेगर तीनै तहका सरकारले छात्रवृत्ति वितरण गर्ने भएकाले समन्वयको अभावमा दोहोरोपना हुने अवस्था छ । स्थानीय तहहरूबाट हुने खर्चको शीर्षक खुल्ने गरी खर्च एवं लाभान्वितको अभिलेख राख्ने व्यवस्था हुनुपर्दछ ।

२७.२. **विद्यालय दिवा खाजा कार्यक्रम -** विद्यालयमा विद्यार्थी टिकाई राख्न र विद्यालय छाड्ने दरलाई कम गर्न २०७५/७६ र २०७६/७७ मा विद्यालय दिवा खाजा कार्यक्रमसम्बन्धी व्यवस्था निम्नानुसार रहेको छ :

आर्थिक वर्ष	स्रोत	लागु भएको जिल्ला संख्या	दिवा खाजाको विनियोजित बजेट (रु. लाखमा)	लाभान्वित विद्यार्थी संख्या
२०७५/७६	नेपाल सरकार	४२	३, ०४, ७६	१०, ९४, ३१६
२०७५/७६	विश्व खाद्य कार्यक्रम	११		२, १८, ०००

विद्यालय दिवा खाजा कार्यक्रम अन्तर्गत २०७५/७६ मा नेपाल सरकारको तर्फबाट लक्षित लाभग्राही ४२ जिल्लाका १० लाख ९४ हजार ३१६ जनाको लागि रु.३ अर्ब ४ करोड ४६ लाख विनियोजन गरिए पनि स्थानिय तहमार्फत कार्यक्रम सञ्चालन गरिने भएकाले यथार्थ लाभग्राही र खर्च रकमको अभिलेख छैन । विश्व खाद्य कार्यक्रमले २०७५/७६ मा ११ जिल्लाका २ लाख १८ हजार विद्यार्थीलाई दिवा खाजा दिने कार्यक्रम सञ्चालन गरेको भएपनि सोको खर्च र लाभान्वितको अभिलेख विस्तृतमा राखिएको छैन ।विद्यालयमा विद्यार्थी टिकाइ राख्न र विद्यालय छाड्ने दरलाई कम गर्न सञ्चालन गरिएको यस कार्यक्रम खण्डीकृत रूपमा सञ्चालन हुने समग्रमा सुचना सङ्कलन र अनुगमन नहुँदा उद्देश्यअनुरूप के कस्तो सकारात्मक प्रभाव रहेको छ सोको अध्ययन तथा विश्लेषण भएको छैन । वास्तविक रूपमा पाउनुपर्ने विद्यार्थीले पाए नपाएको र उद्देश्य हासिल गर्न सफल भए नभएको तथ्यगत आधारबिना वर्षेनी कार्यक्रमको क्षेत्र र लागत विस्तार गर्दै लगिएको छ ।

सुझाउ - विद्यालय तहको शिक्षालाई प्रभावकारी र सबैको लागि पहुँचयोग्य बनाउन सञ्चालन गरिने दिवा खाजा कार्यक्रमको सुचना प्रवाह प्रणालीको विकास गर्ने एकीकृत रूपमा अनुगमन एवं प्रभावको अध्ययन विश्लेषण गर्ने प्रणालीलाई प्रभावकारी बनाईनुपर्दछ ।

२८. **वैदेशिक रोजगारीमा संलग्न नेपालीको लागि सामाजिक सुरक्षा -** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र रोजगार व्यवसायीको हकहित संरक्षणको लागि वैदेशिक रोजगार बोर्डको स्थापना गरिएको छ । यस बोर्डले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३२(१)बमोजिम वैदेशिक रोजगार कल्याणकारी कोषको स्थापना गरी सो कोषमा अन्य कोषको अलावा वैदेशिक रोजगारमा जानुअघि कामदारले तोकिएबमोजिम जम्मा गरेको रकम समेत सञ्चालन गर्ने व्यवस्था छ । यसै कोषबाट वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्की आएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा कल्याणका कार्यक्रमहरूवैदेशिक रोजगार बोर्डलेसञ्चालन गर्दछ । २०७५/७६ को अन्त्यसम्ममा सो कोषमा रु.५ अर्ब ६० करोड ६० लाख ६० हजार मौज्दात रहेको छ । बोर्डले विगत ३ आर्थिक वर्षमा सो कल्याणकारी कोषबाट खर्च गरी सञ्चालन गरेका सामाजिक सहायताका कार्यक्रमहरू निम्नानुसार छन् :

क्र. सं.	क्रियाकलाप	आ.व.२०७३/७४		आ.व.२०७४/७५		आ.व.२०७५/७६	
		जम्मा संख्या	खर्च रकम रु.हजारमा	जम्मा संख्या	खर्च रकम रु.हजारमा	जम्मा संख्या	खर्च रकम रु.हजारमा
१	मृतक कामदारका परिवारलाई आर्थिक सहायता	७५७	२२, ७१, ००	८२१	४५, ६७, ३४	७५३	४८, ४७, ९०

२	अंगभंग भएका कामदारलाई आर्थिक सहायता	२०४	३, ०५, ६४	३६०	६, ५१, १७	३३३	९, १४, ५७
३	कामदारका परिवारलाई औषधी उपचार सहयोग	४	२, ००	५२	२६, ००	२९	१४, ५०
४	वैदेशिक रोजगार छात्रवृत्ति वितरण	७०२	१, ०९, ४४	१५१०	१६, ६६, ६३	१४३८	१, ४८, ६५
५	अलपत्र परेका कामदार नेपाल झिकाउन	३५	३, ९४	६६	१०, ००	४४	४०, ३०
६	मृतक कामदारको शव नेपाल ल्याउन	५५	५८, १७	१३६	६०, ००	८२	७५, ५८
७	मृतक कामदारको शव काठमाडौंदेखि घरसम्म पुऱ्याउन	२२५	१, ३५, ४७	६८८	१, ५४, ९७	७८३	१, ५७, ६०
८	अभिमुखीकरण तालिम	९३६	६, ७४	१९३२	१३, ५३	१४८०	१०, ३६

स्रोत : वैदेशिक रोजगार बोर्ड

उल्लेखित सहायता कार्यक्रमहरूमध्ये वैदेशिक रोजगारीका कामदार तथा निजका परिवारलाई उपलब्ध गराईने आर्थिक सहायता तथा छात्रवृत्तिको प्रति व्यक्ति दर मृतक कामदारका परिवारलाई आर्थिक सहायता प्रतिव्यक्ति रु.७ लाख, अँगभँग भएका कामदारलाई आर्थिक सहायता प्रतिव्यक्ति रु.७ लाखको १-१०० प्रतिशतसम्म, कामदारका परिवारलाई औषधी उपचार सहयोग प्रतिव्यक्ति रु.५० हजारसम्म तथा वैदेशिक रोजगार छात्रवृत्ति वितरण प्रति व्यक्ति कक्षा १-८ सम्मकालाई रु.८ हजार र कक्षा ९-१२ सम्मकालाई रु.१२ हजार प्रदान गर्ने व्यवस्था छ । उपरोक्त कल्याणकारी सामाजिक सहायताका कार्यहरू सञ्चालन गर्न वैदेशिक रोजगार कल्याणकारी कोषमा वैदेशिक रोजगारमा जाने श्रमिक तथा कामदारले केही निश्चित रकम जम्मा गर्ने व्यवस्था रहेको छ । यस्ता कार्यक्रमहरू सञ्चालन गर्दा एकातिर कामदार तथा निजको परिवारलाई सहायता पाउन धेरै झन्झटिलो र ढिलाई हुने गरेको गुनासो छ । वार्षिक रूपमा सङ्कलन हुने रकम भन्दा कल्याणकारी कार्यमा खर्च अत्यधिक न्यून रही रु.५ अर्ब ६० करोड बचत देखिएको छ ।

सुझाउ - वैदेशिक रोजगारीमा जाने कामदारहरूको तथ्याङ्क प्रणालीलाई व्यवस्थित बनाउँदै कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा कार्यक्रमलाई योगदानमा आधारित बनाउँदै दायरालाई फराकिलो बनाउनु पर्दछ । साथै कोषको मौज्दात रकमको अवस्था मुल्याङ्कन गरी श्रमिक तथा कामदारबाट उठाउने रकममा समेत पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

२९. **वैदेशिक रोजगारी पश्चात्को सामाजिक सुरक्षा -** पन्ध्रौं योजनामा वैदेशिक रोजगारमा गएका कामदारलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्दै लगिने कार्यनीतिको व्यवस्था छ । २०७५/७६ को बजेटमा सबै नागरिक राज्यबाट संरक्षित भएको अनुभूति हुने गरी सामाजिक सुरक्षा कार्यक्रमहरू एकीकृत तवरले सञ्चालन गर्ने र २०७६/७७ को बजेटमा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको दायरालाई फराकिलो बनाउँदै लगिने व्यवस्था छ ।वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३(१)को (ग) वैदेशिक रोजगारबाट फर्केका कामदारको लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग सकिने व्यवस्था गरिएको छ । तथापि हालसम्म त्यसप्रकारका कुनै कार्यक्रमहरू सञ्चालन गरिएको छैन । विदेशबाट फर्केका युवाहरूको लागि कहिले रेमिट हाइड्रो, कहिले सीप प्रमाणित गरी व्यवसाय सञ्चालन गर्न परियोजनामा आधारित ऋण जस्ता लगानीमूलक कार्यक्रमहरू सरकारले ल्याए पनि त्यस्ता कार्यक्रमहरूको निरन्तरता र प्रभावकारितासम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छैन । वैदेशिक रोजगारीमा रहेका तथा फर्केका नेपालीहरूको लागि वैदेशिक रोजगार ऐन अन्तर्गत स्थापित कल्याणकारी कोषमार्फत हुने सामाजिक सहायता तथा बीमा बाहेक अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरिएको छैन । गन्तव्य मुलुकमा हुने आर्थिक, राजनीतिक, सामाजिक तथा महामारीजन्य विश्रृँखलताबाट सो मुलुकहरूमा कामदार वा कर्मचारीको रूपमा कार्यरत नेपालीहरू ठूलो संख्यामा बेरोजगार भई स्वदेश फर्कन सक्ने र उनीहरू ठूलो सामाजिक तथा आर्थिक जोखिममा पर्नसक्ने हुन्छ । जसबाट नेपाल स्वयंले पनि आर्थिक तथा सामाजिक क्षेत्रमा ठूलो समस्या भोग्नु पर्नेहुन्छ ।

सुझाउ - सुरक्षाको प्रत्याभूति दिन श्रम गर्नसक्ने उमेरमा वैदेशिक रोजगारीमा रही नेपालको गरिबी निवारण, बेरोजगारी समाधान तथा विप्रेषणमार्फत आयमा योगदान गर्ने नेपाली नागरिकहरूको जीवनमा आईपर्ने जोखिमहरूको सम्बोधन गर्नको लागि उपयुक्त खालको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नुपर्दछ ।

३०. **कर्मचारी सञ्चयकोषबाट प्रदान गरिने सामाजिक सुरक्षा -** कर्मचारी सञ्चयकोष ऐन, २०१९ अनुसार नेपाल सरकार र संगठित संस्थाका कर्मचारीहरू, अन्य कर्मचारीहरू र स्वरोजगारमा संलग्न व्यक्तिहरूको निमित्त सञ्चयकोष, निवृत्तभरण कोषलगायत अन्य सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न कर्मचारी सञ्चयकोषको

स्थापना भएको हो । हालसम्म करिब ६ लाख सञ्चयकर्ता सञ्चयकोषमा आवद्ध भएका छन् । कर्मचारी सञ्चयकोष ऐन, २०१९ को दफा १९(द) बमोजिम कोषले 'निवृत्तभरण, स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षाको तोकिएको क्षेत्रमा कोष आफैले वा अन्य कुनै संस्थासँगको सहकार्यमा निवृत्तभरण कोष, स्वास्थ्य बीमा, सामाजिक सुरक्षा कोष स्थापना गरी सञ्चालन गर्ने' अधिकार रहेको छ । सो व्यवस्थाबमोजिम कोषले आफ्नो मुनाफाबाट दायित्व व्यहोर्ने गरी काजक्रिया खर्च, दुर्घटना क्षतिपूर्ति कार्यक्रम, सुत्केरी तथा शिशु हेरचाह कार्यक्रम र औषधि उपचार सहयोग कार्यक्रम गरी ४ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरेको छ । यी ४ सामाजिक सुरक्षा कार्यक्रममा विगत ३ वर्षमा कोषले गरेको खर्चको विवरण निम्नानुसार रहेको छ :

(रु.हजारमा)

क्र. सं.	सामाजिक सुरक्षा कार्यक्रम	२०७३/७४	२०७४/७५	२०७५/७६
		रकम	रकम	रकम
	काजक्रिया खर्च	२६०९५	२७२९५	२७५२८
	दुर्घटना क्षतिपूर्ति कार्यक्रम	१७४२०	१४२२५	१९५५०
	सुत्केरी तथा शिशु हेरचाह कार्यक्रम	१३९९५०	१४७४९५	१४९५९५
	औषधोपचार सहयोग कार्यक्रम	२३७५	२०४०	२८७८१९√
	जम्मा	**१८५८४०**	**१९१२५५**	**४८४४९२**

श्रोत : कर्मचारी सञ्चयकोष

उल्लेखित सामाजिक सुरक्षा कार्यक्रममध्ये २०७५/७६ औषधोपचार सहयोग कार्यक्रम अन्तर्गत सबैं सञ्चयकर्ताको स्वास्थ्यसम्बन्धी समस्यालाई सम्बोधन गर्न कोषले नै बीमा प्रिमियम तिरिदिने गरी साधारण रोगको उपचारमा रु.१ लाख र कडा रोगको उपचारमा रु.१० बीमाङ्क कायम गरी राष्ट्रिय बीमा कम्पनी लिमिटेडमार्फत बीमा गरिएको प्रिमियम बापतको शुल्क रु.२८ करोड ४७ लाख ६० हजार समेत समावेश गरिएको छ । यसरी कोषले सञ्चालन गरेको सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित हुने सञ्चयकर्ताको संख्या र कोषले व्यहोर्ने रकम दिन प्रतिदिन बढ्दो रहे पनि कर्मचारी सञ्चयकोष ऐन, २०१९ को दफा १९(द) बमोजिमको सामाजिक सुरक्षा कोष स्थापना गरिएको छैन । यसले गर्दा एकातिर कर्मचारी सञ्चयकोषको मुनाफामा सामाजिक सुरक्षा कार्यक्रम निर्भर हुने र अर्कोतिर अपेक्षित मुनाफा नभएमा सञ्चयकर्ताहरू त्यस्ता कार्यक्रमबाट वञ्चित हुनुपर्ने हुन्छ । कोषले सञ्चालन गर्ने कार्यक्रमहरू बिशेषगरी सञ्चयकर्ताबाट योगदान गरुञ्ज्याल वा अवकाश नहुँदा सम्मको लागिमात्र सीमित रहेको देखिन्छ । अवकाश पश्चात सञ्चित रकम झिकी सकेपश्चात कुनै प्रकारको सामाजिक सुरक्षा प्राप्त हुने देखिदैन ।

सुझाउ - कर्मचारी सञ्चयकोषले सञ्चयकर्ताहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्न छुट्टै स्थायी सामाजिक सुरक्षा कोषको व्यवस्था गर्नुपर्दछ र सो कोषमा सञ्चयकर्ताहरूलाई न्यूनतम केही प्रतिशत योगदान गराउनुपर्दछ । साथै कोषका सामाजिक कार्यक्रमहरूले अबकाश भैसकेपश्चात्का सञ्चयकर्तालाई समेत समेट्ने व्यवस्था गर्नुपर्दछ ।

३१. **नागरिक लगानी कोषबाट सञ्चालित राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष -** नागरिक लगानी कोषले कुनै पनि राष्ट्रसेवक कर्मचारीको सेवारत रहँदा मृत्यु हुन गएमा निजको परिवारलाई आर्थिक सहायता दिन राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष सञ्चालन गरेको छ । यो कोषमा निजामती सेवाका कर्मचारीहरू, सामुदायिक विद्यालयका शिक्षक कर्मचारीहरू, नेपाली सेनाका सैनिक कर्मचारीहरू, नेपाल प्रहरीका कर्मचारीहरू र सशस्त्र प्रहरी बलका कर्मचारीहरूको मासिक पारिश्रमिकबाट निश्चित रकम सावधिक जीवन बीमा कोषका लागि रकम कट्टा गरी त्यति नै रकम नेपाल सरकारबाट थप गरी दिनुपर्दछ ।यस्तो रकमको व्यवस्थापन तथा सञ्चालन गर्नको लागि कोषले राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि, २०७६को तर्जुमा गरेको छ । कर्मचारीहरूको सावधिक जीवन बीमासम्बन्धीविगत ३ वर्षको विवरण निम्नानुसार रहेको छ :

विवरण	२०७३/७४	२०७४/७५	२०७५/७६
कुल संकलित कुल रकम रु लाखमा	११३३.६८	१२९९.९	९६६.०५
राष्ट्रिय बीमा कम्पनीलाई भुक्तानी गरिएको प्रिमियम	६९, ५०, २५६	७८, ७८, ४४७	८४, ९८, २४१
दुर्घटना बीमा दावी संख्या	२९	३४	२९

प्रति व्यक्ति दावी भुक्तानी रकम रु	१, ००, ०००	१, ००, ०००	१, ००, ०००
जम्मा दाबी भुक्तानी रकम रु	२९, ००, ०००	३४, ००, ०००	२९, ००, ०००

यसरी नागरिक लगानी कोषले ट्रष्टिको रूपमा सरकार र कर्मचारीहरूबाट रकम व्यवस्थापन गरी राष्ट्रिय बीमा कम्पनीसँग दुर्घटना बीमा एकमुष्ट रूपमा सबै योगदानकर्ता कर्मचारीको लागिसावधिक जीवन बीमा गर्ने गरेको छ। सो प्रयोजनको लागि वार्षिक रूपमा बुझाउनुपर्ने बीमा प्रिमियम बाहेक बाँकी रहेको रकम नागरिक लगानी कोषले कोषको लगानी नीति, २०७५ बमोजिम लगानी गर्ने गरेको छ। राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोष व्यवस्थापन कार्यविधि, २०७६ को नियम ९ मा कोषमा जम्मा भएकोको रकममा प्रतिफल दिने व्यवस्था रहे पनि व्याज सम्बन्धमा कुनै व्यवस्था गरिएको छैन । साथै २०७५/७६ को बजेटमा राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमाको बीमाङ्क वृद्धि गरी २ लाख रूपैयाँ पुऱ्याएको र सोही बजेट भाषण पश्चात् बढाईएको योगदान रकम मासिक रु.२०० बाट रु.४०० कार्यान्वयन गरिएको तर सोहीबमोजिम दुर्घटना दाबी बीमा रु.२ लाख हुनुपर्नेमा रु.१ लाख मात्र भुक्तानी दिईएको छ।

सुझाउ - नागरिक लगानी कोषले ट्रष्टिको रूपमा काम गरे पनि प्रत्येक बीमकबाट सङ्कलन हुने रकमबाट बीमा कम्पनीमा प्रिमियम बापत भुक्तानी गरेको रकम बाहेक बाँकी रहेको रकममा निश्चित व्याज दिने र प्रति व्यक्ति दाबी भुक्तानी सरकारी घोषणाबमोजिम दिनुपर्दछ।

३२. **सामाजिक हेरचाह, उद्धार र पुनर्स्थापना –** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको उद्धार, पुनर्स्थापना, आश्रम आदि सम्बन्धी नीति कानुन र मापदण्ड बनाउने, कार्यान्वयन गर्ने, सो व्यक्तिहरूको हकहित संरक्षण गर्ने कार्यक्षेत्र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको रहेको छ। नेपालभर कार्यक्षेत्र भएका राष्ट्रियस्तरका कार्यक्रमहरूले सबै भौगोलिक क्षेत्रका लक्षित वर्गहरूलाई समान महत्व र प्राथमिकता दिनुपर्ने हुन्छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले निम्नानुसार ४ कार्यक्रमको लागि विगत ३ वर्षमा रु.९३ करोड खर्च भई १६ हजार ६०० लक्षित व्यक्ति लाभान्वित भएको अवस्थामा प्रतिलाभग्राही रु.१८ हजार ६०० खर्च भएको अवस्था छ। अधिकाँश कार्यक्रमहरू प्रदेश र स्थानीय तहसँगको समन्वय बेगर सञ्चालन हुने गरेको देखियो। यस्तै प्रकृतिका कार्यक्रमहरू स्थानियतह मार्फत समेत सञ्चालित भएकोले दोहोरोपना हुने सम्भावना छ। मन्त्रालयले कुनै कार्ययोजना तयार नगरेको, अन्य सरकारी र गैरसरकारी निकायहरूबाट भए गरेका कार्यको विवरण समेत राखेको पाइएन। विगत ३ वर्षमा महिला, अपाङ्गता भएका, ज्येष्ठ नागरिक र बालबालिकाको सुरक्षा र संरक्षणमा भएको खर्च तथा लाभान्वित संख्या निम्नानुसार रहेको छ :

(रु.हजारमा)

क्र. सं.	कार्यक्रम	२०७३/७४		२०७४/७५		२०७५/७६	
		लाभान्वित संख्या	रकम	लाभान्वित संख्या	रकम	लाभान्वित संख्या	रकम
१	महिलाहरूको सुरक्षा तथा संरक्षण	१५३७	१४८००	३६७१	३२२८६६	१४९४	१९१३९३
२	अपांगता भएकाहरूको सुरक्षा तथा संरक्षण	२४९७	२७२६०	२९००	१९२२०	५३२	१८६२०
३	ज्येष्ठ नागरिकहरूको सुरक्षा तथा संरक्षण	१८१	७६७५०	१९२	११३५००	१८	४६७००
४	बालबालिकाहरूको सुरक्षा तथा संरक्षण	११२१	३४५००	९२३	३८५००	१५४०	२५४९९
	जम्मा	५३३६	१५३३१०	७६८६	४९४०८६	३५८४	२८२२१२

तसर्थ मन्त्रालयले त्यस्ता कार्यक्रमहरू सम्बन्धमा व्यवस्थित कार्ययोजना बनाई तहगत सरकारी, गैरसरकारी निकायहरूको सहयोग र समन्वयमा देशका सबैजसो क्षेत्र समेटिने गरी सञ्चालनमा ल्याउने र सोको एकीकृत तथ्यांक व्यवस्थापन गर्नुपर्दछ।

प्रभावकारी श्रम बजार नीति सम्बन्धत कार्यक्रममा देखिएको व्यहोरा -

३३. **प्रधानमन्त्री रोजगार कार्यक्रम -** नेपालको संविधानको धारा ३३ ले प्रत्येक नागरिकलाई रोजगारीको हक र धारा ३४(२) ले श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ। रोजगारीको

हकसम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम प्रत्येक नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूतिका लागि आन्तरिक रोजगारीका अवसरमा वृद्धि र सामाजिक सुरक्षाको प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल सरकारले प्रधानमन्त्री रोजगारकार्यक्रम २०७५/७६ देखि कार्यान्वयनमा ल्याएको छ । रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा १०(१) मा प्रत्येक स्थानीय तहमा एक रोजगार सेवा केन्द्र रहनुपर्ने, दफा १०(४) मा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा विवरण पठाउनुपर्ने र दफा २२(१)नेपाल सरकारले रोजगार केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी उपलब्ध गराउन नसकेमा एक आर्थिक वर्षमा मन्त्रालयले तोकेको न्यूनतम एकसय दिन बराबरको रकमको पचास प्रतिशत रकम तोकिएको शर्तमा रही निर्वाह भत्ता दिने व्यवस्था गरिएको छ ।

सो व्यवस्थाबमोजिम २०७५/७६ जम्मा ७५३ स्थानीय तहमध्ये ७२८ स्थानीय तहमा मात्र रोजगार संयोजक नियुक्ती भएको, नेपालभर जम्मा १३ लाख ३३ हजार ५४४ बेरोजगार सूचीमा सूचीकृत भएको (जसमध्ये रोजगार व्यवस्थापन सूचना प्रणालीमा ९५ हजार ७५१ मा सूचीकृत भएका), न्यूनतम एकसय दिनको रोजगारी दिनुपर्नेमा औसत १२.८ दिनको रोजगारी पाउनेको संख्या १ लाख ७२ हजार २७० रहेको छ । रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ऐनकोदफा २२(१)बमोजिम रोजगारी नपाउने बेरोजगारलाई निर्वाह भत्ता उपलब्ध गराईएको छैन । बजेट उप शीर्षक नंबर ३७११०८ प्रधानमन्त्री रोजगार कार्यक्रममा २०७५/७६ मा कार्यक्रम सञ्चालन गर्नको यस रु.३ अर्ब ६९ करोड विनियोजन भएकोमा जम्मा रु.२ अर्ब २८ करोड ४७ लाख ५५ हजार खर्च भएको छ । कार्यक्रम सञ्चालनको पहिलो वर्ष भएकोले यस कार्यक्रमसम्बन्धी सूचना अधिकाँशमा जानकारी नपुगेको हुनसक्ने, सरकारले दिने रोजगारीको कुनैस्पष्ट प्रारूप नभएकोले द्विविधा उत्पन्न हुने, आर्थिक वर्षको अन्त्यमा हतार हतार कार्यक्रम सञ्चालन गरिएका जस्ता समस्याले गर्दा कार्यक्रम त्यति लोकप्रिय तथा प्रभावकारी देखिएन ।

सुझाउ - संविधान र ऐनले तोकेबमोजिम सबै नेपालीलाई रोजगारीको सुनिश्चितता गर्न सबै क्षेत्रका रोजगारीको अवस्था, सबै बेरोजगारहरूको यथार्थपरक तथ्याङ्क र सरकारले दिने रोजगारीको प्रभावकारी मोडेल तयार गरी प्रदेश सरकार तथा स्थानीय तहहरूसँगको सहकार्य र समन्वयमा यो कार्यक्रम दिगो रूपमासञ्चालन गर्नुपर्दछ ।

३४. **योजनाबद्ध रोजगारमूलक कार्यक्रम -** रोजगारीको हकसम्बन्धी नियमावली २०७५ को नियम ३ मा रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट न्यूनतम रोजगार प्रदान गर्न प्रत्येक वर्ष सिर्जना हुने रोजगारीको आँकलन, कार्यक्रमको तर्जुमा र कार्यान्वयन लगायतको कार्यहरू गर्नु अतिरिक्त गरिबी निवारण र रोजगारी सृजनासम्बन्धी कार्यहरूलाई एकीकृत रूपमा सञ्चालन गर्न आवश्यक समन्वय तथा सहकार्य गर्ने व्यवस्था समेत रहेको छ ।सन् २०१७/१८ मा राष्ट्रिय योजना आयोग र अन्तर्राष्ट्रिय श्रम संगठनले संयुक्त रूपमा गरेको नेपाल श्रमशक्ति सर्वेक्षणको प्रतिवेदन (Report in Nepal Labour Force Survey 2017/18) बमोजिम कुल २ करोड ७ लाख ४४ हजार व्यक्ति काम गर्ने उमेरका (१५ वर्षभन्दा माथिका) मध्ये पूर्णरूपमा रोजगारको संख्या ६६ लाख २३ हजार र अर्धबेरोजगारको संख्या ६ लाख ६३ हजार रहेको छ । सोही प्रतिवेदनमा उल्लेख भएअनुसार पूर्णरूपमा बेरोजगारको संख्या ९ लाख ८ हजार र सम्भावित श्रमशक्तिको संख्या २५ लाख ९२ हजार रहेको छ । रोजगारीको आधार मात्र लिने हो भने पनि पूर्ण रूपमा बेरोजगार र सम्भावित श्रमशक्ति मात्र ३५ लाख रहेको छ । तर यी पूर्ण बेरोजगार तथा सम्भावित श्रमशक्तिको प्रदेशगत तथा स्थानीय तहगत तथ्याङ्क उपलब्ध हुनसकेको छैन ।

प्रत्येक वर्ष श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तर्जुमा गरेको कार्यक्रमको आधारमा प्रदेश र स्थानीय तहहरूले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्ने गरेको छ । यो कार्यक्रम सञ्चालन गर्नको लागि कुनै पनि रणनीतिक योजना तयार गरिएको छैन । योजनाबद्धरूपमा सञ्चालन नभएबाट दिगो रूपमा आबश्यक नभै केबल रोजगार दिने उद्देश्यले तत्कालको लागि २०७५/७६ मा आन्तरिक रोजगारीसम्बन्धी नीतिगत अध्ययन(करार सेवा), कर्मचारिको क्षमता अभिवृद्धि तालिम, प्रचारप्रसार, सामाजिक सुरक्षा निर्वाह भत्ता लगायतका कार्यक्रम सञ्चालन गरीखर्च गरेको छ । यस्ता कार्यक्रमले कुनै प्रतिफल दिने अवस्था छैन । यसले दीर्घकालीन रोजगारी सिर्जना र कृषि तथा उद्योग क्षेत्रको उत्पादनमा योगदान गर्ने देखिदैन । जसबाट सार्थक रूपमा गरिबी निवारण र दिगो सामाजिक सुरक्षाको प्रत्याभूति गराउँन सकिदैन ।

सुझाउ - सार्वजनिक, निजी, सामुदायिक क्षेत्रको निर्माण, उत्पादन(कृषि तथा गैरकृषि) र सेवामूलक क्षेत्रमा स्थायी प्रकृतिको रोजगारी सिर्जना गर्ने र तत्कालको लागि रोजगारी सिर्जना गर्ने मोडालिटीमा सञ्चालन गर्न रणनीतिक ढाँचाको योजना तर्जुमा गरी प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

कार्यान्वयन संयन्त्र सम्बन्धमा देखिएका व्यहोराहरू -

३५. **प्रदेश तथा स्थानीय तहहरूको सहकार्य -**नेपालको संविधानमा सामाजिक सुरक्षाको व्यवस्था अनुसूचीहरू ५, ७ र ९ मा क्रमशः संघको एकल, संघ र प्रदेशको साझा तथा संघ, प्रदेश र स्थानीय तहहरूको साझा अधिकारको रूपमा व्यवस्था गरिएको छ । संघीय संरचनाबमोजिमका प्रदेश र स्थानीय तहका सरकारहरूले संघीय सरकारले सञ्चालन गर्ने सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरू कार्यान्वयनमा सहभागिता र सहकार्य गर्नुपर्दछ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ३० बमोजिम स्थापना गरिने पुनर्स्थापना कोष, बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६३ बमोजिम स्थापना हुने बाल कोष, जनस्वास्थ्य ऐन, २०७५ को दफा २८ बमोजिम खडा गरिने स्वास्थ्य कोषमा अन्य रकमका अतिरिक्त नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त हुने रकम आर्थिक स्रोतको रूपमा रहने कानुनी व्यवस्था भए पनि आवश्यक रकमको कति प्रतिशत कुन तहको सरकारले व्यहोर्ने भन्ने स्पष्ट व्यवस्था छैन ।

अन्तर्राष्ट्रिय मुद्राकोषले सन् २००८ मा प्रकाशित गरेको एक प्रतिवेदन (Government Finance Statistics, Year Book, 2008, IMF) अनुसार संघीय शासन व्यवस्था भएका मुलुकहरूमा सामाजिक सुरक्षाको लागि संघीय सरकार र तल्लो तहका सरकारबाट क्रमशः औसतमा ८०.३ प्रतिशत १९.७ प्रतिशत व्ययभार व्यहोर्ने गरेको देखिन्छ । सोही प्रतिवेदनअनुसार दक्षिण अफ्रिकाको संघीय सरकारले सबैभन्दा कम सामाजिक सुरक्षा खर्च अर्थात् ५५.१ प्रतिशत मात्र व्यहोर्ने र बाँकी ४४.९ प्रतिशत खर्च तल्लो तहका सरकारले व्यहोर्ने गरेको देखियो । हाल नेपालमा संघले सञ्चालन गरेका सामाजिक सुरक्षा र संरक्षणसम्बन्धी कार्यक्रमहरू प्रदेश र स्थानीय तहले आत्मसात गरी कार्यान्वयनमा सहकार्य र समन्वय गरेपनि कुनै पनि कार्यक्रम सञ्चालनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको व्ययभार सम्बन्धमा स्पष्ट नीति तथा कानुन छैन । यसो हुँदा कार्यक्रमहरूको समानान्तर हुने गरी अन्य कार्यक्रमहरू प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने जोखिम रहनुका साथै संघले अगाडि सारेका राष्ट्रिय कार्यक्रमहरूमा अपनत्व र स्वामित्वबोध नहुने हुन्छ । अर्कोतिर सबै सामाजिक सुरक्षा कार्यक्रमहरूको खर्च व्यवस्थापन भार संघीय सरकारलाई मात्र बढ्दै जान्छ ।

सुझाउ - अन्तर्राष्ट्रिय असल अभ्यासहरू समेत अनुशरण गर्दै संविधानले परिकल्पना गरेबमोजिम सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरूको सञ्चालन एवं वित्तीय व्यवस्थापनमा प्रदेश र स्थानीय तहहरूको समेत सहभागिता एवं सहकार्य सुनिश्चित हुने व्यवस्था गर्नुपर्दछ ।

३६. **गैरसरकारी संस्थाहरूको सहयोग -** सामाजिक सुरक्षासम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न चाहने विभिन्न गैरसरकारी संघ संस्थाहरू सरकारको समन्वय एवं स्वीकृतिमा दोहोरो नपर्ने गरी प्राथमिकता क्षेत्रमा सञ्चालन गर्नुपर्दछ । राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगको मुख्य उद्देश्य नै कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक स्रोतको परिपूर्ति गरी कार्यक्रममा पारदर्शिता एवं प्रभावकारिता बढाउनु हो । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६(२) बमोजिम अन्य आर्थिक स्रोतका अतिरिक्त विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान, सहयोग वा ऋण रकमलाई कोषको आयस्रोत हुने व्यवस्था छ । त्यस्तैं अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को दफा ३० बमोजिम स्थापना गरिने पुनर्स्थापना कोष, बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६३ बमोजिम स्थापना हुने बाल कोष, जनस्वास्थ्य ऐन, २०७५ को दफा २८ बमोजिम खडा गरिने स्वास्थ्य कोषमा स्वदेशी तथा विदेशी गैरसरकारी संस्थाबाट प्राप्त रकम समेत रहने कानुनी व्यवस्था छ । त्यस्तैं स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, आवास आदि सामाजिक सेवाहरूको लागि समेत विदशी सरकारको अतिरिक्त विदेशी तथा स्वदेशी संघ, संस्थाको सहयोग स्वीकार्ने कानुनी व्यवस्था र प्रचलन रहेको छ ।

अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवेदन २०१८/१९ अनुसार तपसिलका केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले देहायबमोजिमका सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरेको उल्लेख छ:

क्र. सं.	अन्तर्राष्ट्रिय गैरसरकारी संस्था	कार्यक्रम/परियोजना	जिल्ला/क्षेत्र	वार्षिक बजेट (रु.हजारमा)
१	एक्सन एड इन्टरनेशनल नेपाल, संयुक्त अधिराज्य	गरिबी निवारणको लागि समन्यायिक कार्य	२४ जिल्ला	३३७०७९
२	एडरा डेभलोपमेन्ट, अष्ट्रेलिया	समग्र सामुदायिक परियोजना(शिक्षा तथा स्वास्थ्य)	हुम्ला	१००७०१
३	एक्शन कोण्ट्रेला फेम, फ्रान्स	कुपोषणको एकीकृत व्यवस्थापन	नवलपरासी	३३६३७
४	एड्स हेल्थ केयर फोउण्डेशन, अमेरिका	एचआईभी भएका व्यक्तिहरूको उपचार, हेरचाह तथा रोकथाम	१६ जिल्ला	७६७०००
५	अलखैर, संयुक्त अधिराज्य	सामुदायिक मातृशिशु स्वास्थ्य परियोजना	मुगु	२२३९५
६	एमिसी डेइ बम्बीनी, इटाली	सामाजिक हेरचाह अभिवृद्धि	३ जिल्ला	१२६१४
७	एशोसियसन फर द चिल्ड्रेन, फ्रान्स	घरबारविहीन बालबालिकाको लागि घर	काठमाडौं	९७४७
८.	एशोसियसन एमिसी डेइ बम्बीनी, इटाली	सामाजिक हेरचाह खाँचोमा रहेका बालबालिका तथा तिनीहरूको परिवारको सामाजिक सुरक्षा प्रवर्द्धन	काठमाडौं, ललितपुर	१२६१४
९	केयर इन्टरनेशनल, अमेरिका	मातृशिशु तथा प्रजनन् स्वास्थ्य सुधारका लागि सबलीकरण अवधारणा	५ जिल्ला	६३०६३
१०	चाइल्ड प्रोटेक्शन सेन्टर्स एण्ड सर्भिसेज ईन्टरनेशनल, बेल्जियम	सडक बालबालिका तथा युवाको सामाजकि पुनर्स्थापना तथा जोखिम न्यूनीकरण	१३ जिल्ला	४४६२१
११	दान चर्च एड, डेनमार्क	जीविकोपार्जन तथा दिगो खाद्य सुरक्षाको प्रवर्द्धन	१३ जिल्ला	८९२८०
१२	ईकोपोलिटन ईको हेल्थ कम्युनिटी, अमेरिका	सुविधा वञ्चित बालबालिकाको शिक्षाको विकास	५ जिल्ला	११६६७
१३	फेयरमेड फाउण्डेसन, स्वीटजरल्याण्ड	मातृ तथा शिशु स्वास्थ्य परियोजना	कपिलवस्तु	२६७२८
१४	द फ्रेड हलोज फाउण्डेशन, अष्ट्रेलिया	दृष्टिविहिनता निवारण परियोजना	९ जिल्ला	४८३५१
१५	गुड नेइभर्स इन्टरनेशनल, द.कोरिया	स्वास्थ्य प्रणाली पुनरु तथा न परियोजना	नुवाकोट	७२२०००
१६	गुड नेइभर्स इन्टरनेशनल, द.कोरिया	स्यामुअल भोकमरी शून्य समुदाय परियोजना	डोटी	७६६०८
१७	हेलन केयर ईन्टरनेशनल, अमेरिका	सुआहारा २, असल पोषण कार्यक्रम	४० जिल्ला	१०६९५२८
१८	मर्सि कर्प्स, संयुक्त अधिराज्य	जीविकोपार्जन प्रवर्द्धन, जोखिम व्यवस्थापन, सीमान्तकृत किशोरीहरूको शिक्षामा सहयोग गरी ४ वटा परियोजना	२१ जिल्ला	८२२४१२
१९	वर्नहार्ट वर्ल्डवाईड, अमेरिका	महिला तथा नजात शिशुको सुरक्षा अभिवृद्धि २ वटा परियोजना	२१ जिल्ला	२५३८००
२०	प्राक्टिकल एक्शन, संयुक्त अधिराज्य	महिला स्वास्थ्य परियोजना	४५ जिल्ला	२८९८८८
२१	सेभ द चिल्ड्रेन, संयुक्त अधिराज्य	एचआईभी, क्षयरोग तथा मलेरियाको नियन्त्रण तथा जोखिममा परेकालाई सहयोग	७५ जिल्ला	२४३११२१
२२	द लेप्रोसी मिशन ईन्टरनेशनल, युके	कुष्ठरोग तथा फरक क्षमता भएकाका लागि बृहद् कार्यक्रम	१७ जिल्ला	१९५२६४

उक्त प्रतिवेदनअनुसार यस्ता अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट २०१८/१९ मा कुल १ बिलियन ५७८ मिलियन युएस डलर प्राप्त भएकोमध्ये ७८.४ प्रतिशत अर्थात् १ बिलियन २३८ मिलियन युएस डलरमात्र बजेटमा प्रतिबिम्बित भएको उल्लेख छ । उक्त रकममध्ये स्वास्थ्य, शिक्षा, बालबालिका, गरीब, अपाङ्ग, विपन्न समुदायको सुरक्षा संरक्षण प्रयोजनमा समेत खर्च भएको देखिन्छ । ती संस्थाहरूले विपद् पछिको उद्धार, पुनःस्थापना र पुनःनिर्माणमा त यस्ता धेरै संघ संस्थाहरूले उल्लेखनीय सहयोग गर्ने गरेका छन् । गैरसरकारी संस्थाहरूबाट सामाजिक सुरक्षासम्बन्धी सचेतना, सशक्तीकरण, क्षमता विकास तथा नीति निर्माण र अनुसन्धानमा समेत सहायता तथा स्वतन्त्र कार्य हुने गरेको छ । तर कुन सामाजिक सुरक्षा कार्यक्रमको लागि कुल लागतको कति प्रतिशत हिस्सा गैरसरकारी संस्थाबाट हुने गरेको छ वा

हुनुपर्दछ भन्ने बारेमा स्पष्ट तथ्याङ्क तथा नीति छैन । अर्कोतिर यस्ता संघ संस्थाहरूबीच पनि सहकार्य र समन्वय नहुने अर्कोतिर कार्यक्रम सञ्चालन गर्ने सरकारी निकायहरूसँग पर्याप्त तथा यथोचित समन्वय र सहकार्य गरेको देखिदैन । उदाहरणको लागि महालेखापरीक्षकको कार्यालयले यसै वर्ष गरेको कार्यमूलक लेखापरीक्षणको क्रममा भूकम्पपछिको निजी आवास पुनर्निर्माणमा विभिन्न २९ विभिन्न गैरसरकारी संस्थाले ३० हजार ८६१ घर पुनर्निर्माणमा सहयोग गर्दा ८ हजार ४८७ घरधनीले नेपाल सरकार र गैरसरकारी संस्था दुवैतर्फबाट सहयोग रकम लिएको पाइयो । यसैगरी यी संस्थाबाट स्वास्थ्य क्षेत्रमा ८७.०३ मिलियन, शिक्षा क्षेत्रमा २४२.३८ मिलियन, जीविकोपार्जनमा ५.२ मिलियन युएस डलर सहयोग प्राप्त भएको छ । सोही क्षेत्रसँग सम्बन्धित सामाजिक सुरक्षाका कार्यक्रम सरकारी तवरबाट समेत सञ्चालन हुने गरेका छन् । ती सहयोग रकममध्ये २२ प्रतिशत बजेट बाहिरबाट खर्च भएको अवस्था छ । यस्ता संस्थाबाट सञ्चालन भएका कार्यक्रमको एकीकृत अभिलेख सरकारी निकायसँग छैन । यसरी सरकारी निकायसँग समन्वयबेगर बजेटमा प्रतिबिम्बित नभई खर्च भएबाट दोहोरो पर्ने एवं पारदर्शी नहुने स्थिति रहेको छ ।

सुझाउ - गैरसरकारी संस्थाहरूको सहयोग र सहकार्यमा सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रमहरूको लागि स्पष्ट नीतिगत व्यवस्था, पर्याप्त र यथोचित समन्वय एवं सहकार्य, एकद्वार नीतिबमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाईनुपर्दछ । यी कार्यक्रम दोहोरो नपर्ने गरी बजेटमा व्यवस्था गरेर पारदर्शी तवरले कार्यान्वयन गर्ने एवं एकीकृत अभिलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

३७. **अनुगमन तथा मूल्याङ्कन -** कुनै पनि कार्यक्रमको कार्यान्वयन चरणमा आईपर्ने समस्याहरूको समाधान गर्न, हुनसक्ने असँगत क्रियाकलापहरू समयमै रोक्न, कार्यक्रममा समसामयिक सुधार गर्न, लाभग्राही तथा अन्य सरोकारवालाहरूको गुनासो सम्बोधन गर्न सूचकमा आधारित नियमित र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ । अनुमगन तथा मूल्याङ्कनले कार्यक्रमको तर्जुमा र कार्यान्यवयनको चरणमा हुने नीतिगत, स्रोत साधनको आगत, सोबाट आउने निर्गत र सोको परिणाम तथा प्रभावको लेखाजोखा गर्नुपर्दछ । कुनै पनि कार्यक्रमको अनुगमन मूल्याङ्कनको लागि स्पष्ट, मापनयोग्य, गुणस्तरयुक्त, तथ्यपरक र सामयिक सूचकहरूको प्रयोग गरिनुपर्दछ । सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ५ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने भनिएको छ । राष्ट्रिय योजना आयोगको सन् २०१२ मा प्रकाशित नेपालमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमको मूल्याङ्कन (Assement of Social Security Assement Program in Nepal, 2012) गरी प्रतिवेदन प्रकाशन भएको बाहेक हालसम्म कुनै पनि सामाजिक सुरक्षा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनसम्बन्धी उल्लेखनीय कार्य भएको देखिएन । योगदानमा आधारित सामाजिक सुरक्षा नियमावलीको नियम ३३ मा गुनासो व्यवस्थापनसम्बन्धी व्यवस्था भएपनि प्रभावकारी अनुगमन संयन्त्रको व्यवस्था गरिएको छैन । अन्य सामाजिक सुरक्षा तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको लागि पनि स्पष्ट तथा प्रभावकारी संयन्त्रको व्यवस्था गरी यी कार्यलाई पनि कार्यक्रमको अभिन्न अँगको रूपमा स्वीकार गर्न सकिएको छैन । यसले गर्दा सामाजिक सुरक्षा कार्यक्रमहरू कार्यान्वयन चरणमा आईपर्ने समस्याहरूको समाधान समयमै नहुने, कार्यक्रम सञ्चालनको क्रममा भ्रष्टाचारजन्य कार्यहरू हुने, लाभग्राही तथा सरोकारवालाहरूको गुनासो समयमै सम्बोधन नहुने, कार्यक्रमको वास्तविक परिणाम र प्रभावको बोध नहुने र कार्यक्रमको सुधारको लागि समयमा मूल्याङ्कन नहुने अवस्था सिर्जना हुने देखिन्छ ।

सुझाउ - लोककल्याणको लागि सञ्चालन गरिने सबै सामाजिक सुरक्षा कार्यक्रमहरूको नीतिगत, कार्यक्रमगत, प्रविधिगत तथा प्रक्रियागत पक्षहरूको सुधारको गर्दै लैजान अनुगमन र मूल्याङ्कन गर्ने एकीकृत तथा सक्षम संयन्त्रको व्यवस्था गरिनुपर्दछ । यसको लागि विश्वका अन्य देशमा अपनाईएका असल अभ्यासहरूको विधि र प्रक्रिया समेत अध्ययन र विश्लेषण गरी अनुगमन मूल्याङ्कनमा स्पष्ट, मापनयोग्य, गुणस्तरयुक्त, तथ्यपरक र सामयिक सूचकहरूको प्रयोग गर्नुपर्दछ ।

३८. **निष्कर्ष -** राजनीति, सामाजिक तथा आर्थिक क्षेत्रमा भएको परिवर्तन, नेपालको संविधान, लोककल्याणकारी राज्य व्यवस्था बमोजिम सामाजिक सुरक्षाको क्षेत्रमा लागु भएका कानुनहरू र अन्तर्राष्ट्रिय रूपमा नेपाल सरकारले गरेका कानुनी तथा विकासको क्षेत्रमा गरिएका प्रतिवद्धताबमोजिम पछिल्लो समय सामाजिक सुरक्षा कार्यक्रमहरूमा विस्तारित भएका छन् । व्यक्तिको सुरक्षित तथा गुणस्तरीय जीवनयापनको लागि सरकारले गर्ने सामाजिक सुरक्षा कार्यक्रमहरूको बढोत्तरीसँगै सरकारले गर्ने आर्थिक व्ययभारमा समेत चाप पर्दै गएको छ । वर्तमान राज्य सञ्चालन प्रणालीमा समाजिक सुरक्षा कार्यक्रमहरू विपन्न, शारीरिक रूपमा अशक्त, जोखिमको अवस्थामा हुने व्यक्ति वा समुदाय, कर्मचारी, श्रमिक तथा कामदार लगायतका लागि

सामाजिक न्यायमा आधारित सामाजिक सुरक्षा कार्यक्रमहरू अनिवार्य र अपरिहार्य बन्दै गएका छन् । जनताहरूको न्यूनतम जीवनयापनको लागि आवश्यक पर्ने गाँस, बास, कपास सहित स्वास्थ्य र शिक्षा क्षेत्रमा सरकारले सञ्चालन गर्ने सामाजिक सुरक्षा कार्यक्रमहरूको नीतिगत मूल्याङ्कन, कार्यक्रमहरूमा हुने स्रोत साधनको मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको लागि सामाजिक सुरक्षा कार्यक्रमको अवस्थाको कार्यमूलक लेखापरीक्षण गरिएको छ ।

सामाजिक सुरक्षा कार्यक्रमहरू वितरणमुखी, सहायता आधारितभन्दा योगदानमा आधारित सामाजिक बीमा कार्यक्रमहरूले राज्यको स्रोत साधनमा टेवा पुऱ्याउने बढी प्रभावकारी हुने देखिएकोले नेपालमा पनि यस्तो कार्यक्रमहरू बढाउँदै लगिएकाछन् । नेपालमा सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी धेरैकानुन र निकायबाट सञ्चालन गरिने थुप्रै कार्यक्रमहरू छरपष्ट रूपमा रहेका छन् । जसको कुनै एकीकृत तथ्याङ्क र विवरण समेत पाइदैन । प्रत्येक कार्यक्रम सञ्चालन गरिने बेग्लाबेग्लै संगठनात्मक संरचनाहरू खडा गरिएका छन् । कार्यक्रमहरूबीचमा कुनै समन्वय र सामञ्जस्यता गरिएको देखिदैन । सामाजिक सेवाहरू शिक्षा, स्वास्थ्य, सरसफाई तथा खानेपानी, आवास आदिसँग सामाजिक सुरक्षा कार्यक्रमरूलाई अन्तरसम्बन्धित र अन्तरनिर्भर बनाउन सकिएको छैन । मुलुक संघीय शासन व्यवस्थामा सञ्चालन भईरहे पनि संघ, प्रदेश र स्थानीय तहले संविधानले परिकल्पना गरेबमोजिम र जनताले अपेक्षा गरेबमोजिम तल्लो तहका सरकारहरूलाई सामाजिक सुरक्षा कार्यक्रमहरूमा सक्रिय बनाउन सकिएको छैन । कार्यक्रमहरूको अनुगमन मूल्यांकन प्रणाली नै स्थापना गर्न सकिएको छैन ।

आगामी दिनमा विगत र वर्तमानमा भए गरिएका कमी कमजोरीहरूलाई सुधार गर्दै सरकारको दीर्घकालीन सोच, पन्ध्रौं योजना, दिगो विकासको लक्ष्य र घोषित अन्य नीति र प्रतिवद्धताबमोजिम सामाजिक सुरक्षा कार्यक्रमहरूलाई प्रभावकारी बनाउन सामाजिक सुरक्षासम्बन्धी एकीकृत राष्ट्रिय नीति तर्जुमा गर्नुपर्दछ । सो नीतिलाई कार्यान्वयन गर्न आवधिक रणनीति तर्जुमा गरी विद्यमान कानुनी, संगठनात्मक, प्रणालीगत व्यवस्थामा सुधार गर्नुपर्दछ । सामाजिक, आर्थिक, शारीरिक र प्राकृतिक रूपमा जोखिमपूर्ण अवस्थाका व्यक्ति र समुदाय, अनौपचारिक क्षेत्रका कामदार, कर्मचारी, वैदेशिक रोजगारीमा गएको व्यक्ति, औपचारिक क्षेत्र कामदार तथा कर्मचारीसबैलाई सामाजिक सुरक्षा कार्यक्रमले समेट्नुपर्दछ । नगद तथा वस्तुगत सहायताको सामाजिक सुरक्षा कार्यक्रमलाई पुनर्परिभाषित गरी आवश्यकताको आधारमा मात्र लाभग्राही पहिचान गरिनुपर्दछ । सामाजिक सुरक्षा भत्तालाई जीवन निर्वाह खर्च धान्नसक्ने बनाउनुपर्दछ । व्यवस्थित सूचना तथ्यांक र एकीककृत सूचना प्रणालीको व्यवस्था गरिनुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रमहरूमा तीन तहकै सरकार, लाभग्राही र अन्य सबै सरोकारवालाहरूले सहभागिता र स्वामित्व सुनिश्चित गर्नुपर्दछ । कार्यक्रमहरूलाई जीवनचक्र र योगदानमा आधारित बनाईनुपर्दछ । साथै सामाजिक सेवाहरू शिक्षा, स्वास्थ्य, सरसफाई तथा खानेपानी, आवास आदिसँग सामाजिक सुरक्षा कार्यक्रमरूलाई अन्तरसम्बन्धित र अन्तरनिर्भर बनाउनुपर्दछ । सबै सामाजिक सुरक्षा कार्यक्रमलाई एकल तथा विशिष्ट संगठन संरचनामा ल्याई अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित र सुधारमुखी बनाउनुपर्दछ ।

स्थानीय तह सञ्चालन तथा व्यवस्थापन
परिचय

१. **पृष्ठभूमी -** नेपालको संविधान २०७२ ले एकात्मक संरचनामा रहेको नेपाल राज्यलाई संघीय स्वरूपमा रूपान्तरण गरी संघ, प्रदेश र स्थानीयसमेत तीन तहको व्यवस्था गरेको छ । त्यसैअनुरूप प्रजातान्त्रिक निर्वाचन प्रणालीमार्फत संघीय सरकार, ७ प्रदेश सरकार र ७५३ स्थानीय सरकार गठन भई जनता नजिक सरकार भन्ने अवधारणा कार्यान्वयन भईरहेको छ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूची तथा अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची रहेका छन् । नौलो अभ्यासका रूपमा रहेको संघीय व्यवस्था अन्तर्गत ७५३ स्थानीय तहबाट संविधान प्रदत्त अधिकार अन्तर्गत स्रोत परिचालन र नागरिक सेवाप्रवाहको कार्य गरिरहेका छन् । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न लोकतान्त्रिक प्रक्रिया, पारदर्शी व्यवहार, जनउत्तरदायी र जनताको सहभागितामा आधारित दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि स्थानीय तहको स्थापना भएको हो ।

प्रमुख कार्य सम्पादन सूचक (KPI)

- नागरिक सेवा प्रवाह
- स्रोत सुनिश्चितता र परिचालन
- बजेट तर्जुमा
- आर्थिक सामाजिक विकास
- कानुन निर्माण र कार्यान्वयन

२. **संगठनात्मक संरचना -** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारले गरेको संगठन तथा व्यवस्थापनबमोजिम हाल स्थानीय तहहरूको संगठनात्मक संरचना निम्नानुसारको रहेको छ :



३. **निकायको सोच, लक्ष्य, उद्देश्य र रणनीति**

सोच - नेपालको संविधानबमोजिम स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्नु तथा संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी शुलभ र गुणस्तरीय सेवाप्रवाह गर्नु नै स्थानीय तहको सोच रहेको छ ।

लक्ष्य - लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु स्थानीय तहहरूको लक्ष्य रहेको छ ।

उद्देश्य - स्थानीय तहहरूको उद्देश्यलाई निम्नानुसार लिन सकिन्छ :

- स्थानीय नेतृत्वको विकास गर्नु,

- स्थानीयशासन पद्धतिलाई सुदृढ बनाउनु,
- स्थानीय तहमाविधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्नु,
- सहभागितामूलक योजनातर्जुमा प्रणालीबमोजिम प्राथमिकीकरणका आधारमा योजना छनौट गरी कार्यान्वयनमा ल्याउनु,
- स्थानीय सेवाको व्यवस्थापन गरी सेवाप्रवाहलाई सुव्यवस्थित तुल्याउनु,
- आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्नु,
- स्थानीयस्तरका विकास योजना, आयोजना र परियोजना सम्बन्धी नीति, कानुन, मापदण्डतर्जूमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्नु, आधारभूत स्वास्थ्य, प्रजनन स्वस्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्नु,
- स्थानीय बजार व्यवस्थापन, उपभोक्ता अधिकार तथा हित, वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन गर्नु,
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन गर्नु,
- गाउँसभा, नगरसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापनसम्बन्धी नीति, रणनीति, आवधिक तथा वर्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन गर्नु,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन गर्नु,
- जग्गाधनीदर्ता प्रमाणपुर्जा वितरणसम्बन्धी कार्य गर्नु,
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वस्थ्य, सहकारी सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन गर्नु,
- जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापनमा संघ र प्रदेश कानुनको अधिनमा रही सामाजिक सुरक्षाकार्यक्रमको कार्यन्वयन, सञ्चालन तथा व्यवस्थापन गर्नु,
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन गर्नु,
- विपद् व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन गर्नु,
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजनातर्जुमा, कार्यान्वयन, नियमन गर्नु,
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, नियमन गर्नुआदि ।

४. **निकायको सञ्जाल तथा क्षेत्र** - नेपालको संविधानबमोजिम तीन तहको संघीयताको तहमध्ये स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार हो । हाल नेपालमा स्थानीय तहको संख्या ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी जम्मा ७५३ स्थानीय तह रहेका छन् । प्रत्येक स्थानीय तहको कार्यक्षेत्र स्थानीय तहको क्षेत्रफलअनुसार ५ देखि ३३ वडासम्म रहेका छन् ।वडास्तरीय कार्यक्रमका लागि जनप्रतिनिधि सहितको वडा समिति रहेका छन् । स्थानीय तहको केन्द्रमा स्थानीय सभा कार्य स्थानीय तह, न्यायिक समिति लगायतका विषयगत समितिहरू तथा विभिन्न महाशाखा तथा शाखामार्फत कृषि, वन, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा लगायतका सेवाप्रदान गरिरहेका छन् ।

५. **आवधिक योजना तथा बजेटमा उल्लेख रणनीति, कार्यनीति, कार्यक्रम र क्रियाकलाप** - स्थानीय तह सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा चौधौँ त्रिवर्षीय योजना तथा नेपाल सरकारको २०७५/७६ ले निम्नानुसार व्यवस्था गरेको छ :

५.१. चौधौं त्रिवर्षीय योजना (२०७३/७४ देखि २०७५/७६) ले लिएका रणनीति एवं कार्यनीति

रणनीति -

- स्थानीयश्रम, सीप, स्रोत साधन तथा प्रविधिलाई उपयोग गरी वातावरणमैत्री पूर्वाधार विकास गर्ने,
- स्थानीय जनसहभागिता र जनस्वामित्वमा पूर्वाधार विकास गरी सबैको पहूँच पुऱ्याउने,
- प्रादेशिक र स्थानीय सरकारहरूबीचअन्तरसम्बन्ध स्थापना गर्नेगरी पूर्वाधार विकास गर्ने ।

कार्यनीति -

- पूर्वाधार विकास निर्माणमा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलनलाई अन्तर्रनिहित विषयवस्तुका रूपमा लागु गरी दिगो विकासको अवधारणा अवलम्बन गरिने,
- स्थानीय पूर्वाधार विकासका कार्यहरू आवधिक तथा क्षेत्रगत योजना तथा प्राथमिकताका आधारमा मात्र छनोट, निर्माण र सञ्चालनको व्यवस्था गरिने,
- नगरोन्मुख गाउँमा नदी नाला तथा जमिन जस्ता प्राकृतिक स्रोतलाई प्रदूषणबाट बचाउन एक नगर स्थानीय तह एक फोहरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्र विकास गर्ने गरी निर्माण कार्य अगाडि बढाइने,
- नगरपालिकाहरूमा एकीकृत सहरी र पूर्वाधार विकासको गुरुयोजना चरणबद्ध रूपमा कार्यान्वयन गर्दै लगिने,
- गाउँस्तरीय जलसम्पदाहरूको प्रभावकारी तथा न्यायोचित उपयोग गर्न स्थानीय तहमा जलउपयोग गुरुयोजनाहरू तयार गरी खानेपानी, सिँचाइ, साना जलविद्युत् तथा जीविकोपार्जनसम्बन्धी अन्य जलसम्पदामा आधारित क्रियाकलाप सञ्चालन गर्न एकीकृत जलस्रोत व्यवस्थापन तथा पूर्वाधार निर्माण गरिने,
- सिँचाइ सुविधा विस्तारमा सहकारी तथा सिँचाइ विकास कोषको अवधारणालाई प्रवर्द्धन गरिनेछ । जमिनमुनिको पानी पुनर्भरणसमेत हुने गरी सम्भाव्य स्थलमा "एक गाउँ एक पोखरी निर्माण" एवं प्राकृतिकतालहरूको संरक्षण एवं सम्वर्द्धनलाई अभियानको रूपमा सञ्चालन गरिने,
- पूर्वाधार विकास निर्माणका सबै कार्यहरू प्रारम्भ भएको मितिले बढीमा दुई वर्षभित्र सम्पन्न भैसक्ने व्यवस्थामिलाइने,
- निर्माणमा प्रयोग हुने सामग्री, निर्माण गरिने समय र त्यसमा संलग्नहुने जनशक्तिको गुणस्तर सुनिश्चित गरी पूर्वाधार निर्माणको समग्र गुणस्तर पक्षमा सुधार गरिने,
- स्थानीय यातायातलाई भरपर्दो, सुरक्षित र सुविधायुक्त बनाउन सडकको वर्ग र मापदण्डअनुसार क्रमशः दुई लेनको अवधारणामा निर्माण गरिने,
- आयोजनाहरूको दिगो सञ्चालनका लागि नियमित र आकस्मिक मर्मतसंभार गर्न आवश्यक कोषको व्यवस्था गरिने,
- प्रयोग भइरहेका निर्माण प्रविधिको पुनरावलोकन गरी नयाँ, श्रममूलक एवं यान्त्रिक उपकरणमा आधारित स्पेसिफिकेसन र आधार तयार गरी लागु गरिने,
- नयाँ तथा निर्माण भएका स्थानीय पूर्वाधारहरूलाई स्थानीय जनताको जीविकोपार्जन तथा आर्थिक सामाजिक विकासमा केन्द्रित गराई सञ्चालन एवं प्रवर्द्धन गरिने,
- स्थानीय पूर्वाधार विकासमा जनसहभागिताको माध्यमबाट स्थानीय स्रोत, साधन र सीप परिचालन प्रणालीलाई प्राथमिकतादिई थप व्यवस्थित र प्रभावकारी बनाइने,
- गुणस्तर सुनिश्चितताका लागि प्रत्येक प्रदेशमा गुणस्तर प्रयोगशालाहरूको स्थापना तथा सञ्चालन गरिने,

- प्रत्येक प्रदेशमा कम्तीमा दुई नयाँ प्रादेशिक लोकमार्गको खाका तयार गरिने,
- स्थानीय जनता तथा उपभोक्ताको समेत सहभागितामा स्थानीय पूर्वाधारहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइने,
- स्थानीय तह र प्रदेशहरूमा प्राविधिक सहयोग उपलब्ध गराउन सम्बन्धित प्राविधिक निकायहरूको क्षमता अभिवृद्धि गरिने,
- निर्माण भएका सडकहरूमा बाह्रै महिना यातायातलाई सञ्चालनमा ल्याउन नियमित मर्मतसंभारको भरपर्दो व्यवस्था गरिने र सडक संरचना निर्माण, स्तरोन्नति र ट्रयाक खोल्ने काममा प्रदेश र स्थानीय तहमा समन्वय गरी सन्तुलन मिलाइने,
- सम्पूर्ण जिल्लास्तरीय र नगरस्थानीय तह सडक गुरुयोजना भौगोलिक सूचना प्रणालीअनुसार अद्यावधिक गर्दै लगिने तथा गाउँ र प्रदेशस्तरमा समेत सडक गुरूयोजना क्रमशःतयार गरी कार्यान्वयन गर्दै लगिने,
- प्रदेश तथा स्थानीय तहमा आर्थिक सामाजिक सम्बन्ध स्थापित हुने गरी प्राविधिक रूपमा सम्भाव्य सबै गाउँपालिकामा सडक सञ्जाल पुऱ्याइनेछ ।

५.२. **आर्थिक वर्ष२०७५/७६ को बजेटको व्यवस्था -**

- सबै स्थानीय तहमा एक चिकित्सकको सुनिश्चितता गरिनेछ ।
- प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न सबै स्थानीय तहमा प्राविधिक शिक्षालय र विद्यालय स्थापना गरिनेछ ।
- कृषि तथा पशुपँक्षीसम्बन्धी प्राविधिक ज्ञान सिप प्रदान गर्न सबै स्थानीय तहमा कृषि ज्ञान केन्द्र स्थापना गरिने छ ।
- कृषि उत्पादनका लागि आवश्यक मल बीउ औषधि उपकरण स्थानीय तहको साझेदारीमा कृषि ज्ञानकेन्द्रमार्फत वितरण गरिने छ ।
- स्थानीय तह र वन उपभोक्ता समितिको साझेदारीमा सीमावर्ती वनको दुरूपयोग नियन्त्रण गरिनेछ ।
- प्रत्येक स्थानीय तहमा सहकारीमार्फत सुपथ पसल खोल्ने व्यवस्था गरिनेछ ।
- प्रदेश र स्थानीय तहको साझेदारीमा **पहिले देश अनि विदेश** भावनाअनुरूप आन्तरिक पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गरिने छ ।
- प्रदेश र स्थानीय तहका सहकार्यमा वैकल्पिक उर्जा तथा उच्च प्रविधियुक्त सिँचाइ र खानेपानी आयोजना सञ्चालनमा ल्याईने छ ।
- स्थानीय तहमा जैविक विधिमा आधारित नवप्रवर्तनमूलक नदी नियन्त्रण समपूरक कार्यक्रम सञ्चालन गरिनेछ ।

६. **नीतिगत व्यवस्था** - स्वायत्त, जिम्मेवार एवं उत्तरदायी स्थानीय स्वायत्त शासन पद्धतिको संस्थागत सुदृढीकरणद्वारा साधन स्रोत तथा अवसरहरूमा जनताको सहज पहूँच एवं जनताका आधारभूत सेवा सुविधाहरू शुलभ रूपमा उपलब्ध गराइने नीति रहेको छ ।

कानुनी व्यवस्था -

- नेपालको संविधान अनुसूची, ८ र ९
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

- लेखापरीक्षण ऐन, २०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन, २०७६
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को प्रतिवेदन,
- मन्त्रालयले समय समयमा जारी गरेका निर्देशिका तथा परिपत्रहरू,
- अन्य सान्दर्भिक ऐन, नियम, विनियम आदि ।

आवधिक योजना १५ औँ योजना आधारपत्रमा समावेश रणनीति र लक्ष्य -

- आवधिक योजनामा संघ, प्रदेश र स्थानीय तहबाट प्रदान गर्ने सार्वजनिक सेवालाई चुस्तपारदर्शी र जवाफदेही बनाउने लक्ष्य लिइएको छ ।
- स्थानीय तहले संघ र प्रदेशले लिएको सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न समन्वय सहयोग र सहकार्य गर्दै आफ्नो क्षेत्रभित्र आर्थिक विकास र समृद्धिको आधार निर्माण गर्ने छ । यसका लागि स्थानीय तहले समावेशी प्रतिनिधित्व, साधन स्रोतमा बढोत्तरी सेवा प्रवाहमा नागरिकको पहूँच स्थापना गरिने छ । नागरिकका आधारभुत सेवाप्रवाह गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहको हुनेछ । स्थानीय तहमा एकीकृत सोचका साथ ग्रामिण विकास र स्थानीय पूर्वाधार विकासका कार्य स्थानीय तहबाट सञ्चाल नहुने नीति लिएको छ ।

७. **बजेट र खर्च व्यवस्था** - समग्र ७५३ स्थानीय तहको बजेट र खर्चकागत ३ वर्षको विवरण सङ्कलन नभएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा तथा स्थानीय तहको लेखापरीक्षण निर्देशनालयबाट समेत नमुना छनौटमा परेका गाउँपालिका तथा नगरपालिकाबाट २०७५/७६ को बजेट र खर्चको विवरण सङ्कलन गराईएकोमा स्थानीय तहबाट प्राप्त विवरण अनुसूची १ मा समावेश गरिएको छ ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

८. **औचित्य** - नेपालका लागि नौलो अभ्यासको रूपमा रहेको संघीय व्यवस्था अनुरूप संविधान प्रदत्त अधिकार र दायित्व निर्वाह गर्ने सिलसिलामा दक्ष र अनुभवी जनशक्तिको अभावको कारणबाट स्थानीय तह सञ्चालनमा कमीकमजोरी रहेका छन् । त्यसैगरी अधिकार क्षेत्रको अस्पष्टता, सोत साधनको कमी, भौगलिक दुरी आदि कारणबाट स्थानीय तहबाट अपेक्षितरूपमा सेवाप्रवाह, विकास सम्बन्धी कार्य र कानुन निर्माण कार्य भई रहेको छैन । जसका कारण आमनागरिकले संघीयताको मर्मअनुरूप सेवा प्राप्त गर्न सकिरहेका छैनन् । त्यसैगरी विभिन्न सञ्चार माध्यममा समेत स्थानीय तह सञ्चालन तथा व्यवस्थापनमा कमी कमजोरी रहेको, आर्थिक अनुशासनमा कमी तथा नागरिक सेवा प्रवाहमा जटिलता रहेको विषयमा समाचार प्रकाशन भएको अवस्था छ । तसर्थ हालको परिप्रेक्ष्यमा जनताको सबैभन्दा नजिकको सरकार तथा संघीयताको एक आधार स्तम्भका रूपमा रहेका स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा समग्र अवस्थाको अध्ययन, मूल्याङ्कन र विश्लेषण गरी सुधारका लागि सुझाउ प्रस्तुत गर्न "**स्थानीय तह सञ्चालन तथा व्यवस्थापन**" विषय छनौट गरिएको छ ।

९. **लेखापरीक्षणको उद्देश्य** - स्थानीय तहहरूको सञ्चालन व्यवस्थापन पक्षको अध्ययन, मूल्याङ्कन तथा विश्लेषण गरी देखिएका समस्या समाधानका लागि सुझाउ प्रस्तुत गर्ने लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ । यसका अतिरिक्त निम्न उद्देश्यहरू रहेका छन् :

- स्थानीय तहसञ्चालनको कानुनी व्यवस्था र सोको कार्यान्वयन अवस्थाको अध्ययन विश्लेषण गर्ने,
- स्थानीय स्रोत परिचालन अवस्थाको अध्ययन विश्लेषण गर्ने,
- स्थानीय तह बजेट तर्जुमा प्रणाली र बजेट कार्यन्वयन अवस्थाको विश्लेषण गर्ने,
- स्थानीय तहबाट नागरिक सेवाप्रवाहको अवस्थाको अध्ययन विश्लेषण गर्ने,

- स्थानीय कानुन निर्माण र कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्ने ।

१०. **लेखापरीक्षणको क्षेत्र** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र ७ प्रदेशका विभिन्न २७ स्थानीय तहको बजेट तर्जुमा तथा स्रोत साधन परिचालनको स्थिति अवस्था तथा अनुगमन मूल्याङ्कन सम्बन्धमा परीक्षण एवं मूल्याङ्कन गरिएको छ । यसको साथै स्थानीय तहमा कानुन निर्माण र सोको कार्यन्वयन पक्षको विश्लेषण गरी प्रतिवेदनमा उल्लेख गरिएको छ । उल्लेखित स्थानीय तहबाट तथ्याङ्क तथा सूचना सङ्कलन गरी तिनीहरूको कार्यगत प्रभावकारिता, यथार्थता, औचित्यता र सान्दर्भिकतालाई ख्याल गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

११. **लेखापरीक्षणको पद्धति र विधि** -

११.१. **लेखापरीक्षणको पद्धति** - पहिचान भएका जोखिम क्षेत्रका आधारमा तात्विक महत्वका विषयहरू निर्धारण गरी तिनलाई पुष्ट्याई गर्न सम्बन्धीत निकायमा कार्यरत जिम्मेवार पदाधिकारीहरूसँग सोधपुछ, छलफलका साथै थप पुष्ट्याईका लागि तोकिएको ढाँचामा विवरण सङ्कलन, संरचित अन्तर्वार्ता प्रश्नावलीको माध्यमबाट सूचना र तथ्याङ्कको सङ्कलन तथा विश्लेषण गरिएको छ । यसको साथै कार्यमूलक लेखापरीक्षणको लागि स्थलगत निरीक्षण, अवलोकन, निकायको अभिलेख अध्ययन तथा विश्लेषण, स्थानीय नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी, स्थानीय क्लव रस्थानीय तहका पदाधिकारीसँग सूचनाप्राप्त गरी छलफल गरिएको छ । महालेखापरीक्षकको कार्यालयले जारी गरेको नागरिक सहभागितात्मक लेखापरीक्षण मार्गदर्शनबमोजिम स्थानीय नागरिक समाजका १९ संघ संस्थाका प्रतिनिधिको समेत सहभागितामा प्रक्रियामूलक र नतिजामूलक पद्धतिको अवलम्बन गरी कार्यदक्षता र प्रभावकारिताको विश्लेषण गरिएको छ ।

११.२. **लेखापरीक्षण विधि** - देशभरीका ७५३ स्थानीय तहमध्ये **स्थानीय तह सञ्चालन र व्यवस्थापन** विषयको कार्यमूलक लेखापरीक्षणका लागि सबै प्रदेश, भूगोल र सबै प्रकारका स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) को प्रतिनिधित्व हुने गरी नमूना छनौटका आधारमा २७ स्थानीय तह छनौट गरिएको छ । नमुना छनौटकाक्रम स्थानीय तहसँग सम्बन्धित समाचार, गत विगतका वित्तीय लेखापरीक्षण प्रतिवेदन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका पदाधिकारीसँगको छलफलमा प्राप्त सूचनाहरू, अन्य नियमनकारी निकायहरूबाट प्रकाशित प्रतिवेदनहरू, सहभागितात्मक लेखापरीक्षण सम्बन्धी निर्देशक समिति तथा कार्य समितिका पदाधिकारीका सुझाउ समेतलाई विश्लेषण गरी स्थानीय तह छनौट गरिएको हो । लेखापरीक्षणमा नागरिक समाजका संस्थाहरू समेतको संलग्नतामा सरोकारवाला समूहहरूसँग छलफल, अन्तरवार्ता, लक्षित समूहसँगको संरचित सर्वेक्षण, निकायबाट प्राप्त सूचना विवरणको विश्लेषण जस्ता विधि प्रयोग गरिएको छ । साथै लेखापरीक्षणको क्रममा नमुना छनोट गरिएका २७ मध्ये ललितपुर महानगरपालिका बाहेकका स्थानीय तहमा गरिएको जम्मा ३४८ सरोकारवालाको व्यक्तिगत अन्तरवार्ता र समूहगत छलफलमा सहभागी १६५ सँगको छलफलबाट प्राप्त सूचनाहरू समेत विश्लेषण गरिएको छ । त्यस्ता तथ्याङ्कहरूको विश्लेषण गर्दा उपलब्ध भएसम्म स्थानीय तहको निर्वाचन पछिका दुई आर्थिक वर्षका तथ्याङ्कहरू सङ्कलन गरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

१२. **लेखापरीक्षणको सीमा** - लेखापरीक्षण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रत्येक प्रदेशबाट कम्तिमा १ स्थानीय तह समावेश हुने गरी छनौट भएका विभिन्न २७ स्थानीय तहमा केन्द्रित रही सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका २७ मध्ये १९ स्थानीय तहबाटमात्र लेखापरीक्षण प्रश्नावलीको विवरण प्राप्त भएकोले सम्बन्धित १९स्थानीय तहबाटप्राप्ततथ्याङ्कवा सूचनालाई विश्लेषण गरीप्रतिवेदनतयार गरिएको छ । प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञानसिप र तालिम, कार्यालयबाट लेखापरीक्षणमा प्रयोग गरिने सवारी साधन लगायत अन्य स्रोत साधनको कमी आदि लेखापरीक्षणका सीमा रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

नेपालको संविधान २०७२ जारी भएपछि जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई आवश्यक कर्मचारीको व्यवस्थापन, कानुन निर्माण र कार्यान्वयनका कार्यहरू भईरहेका छन् । सबै स्थानीय तहले संविधानबमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान र सोको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितामूलक विकास निर्माण कार्य सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, स्थानीय सेवाप्रवाह गर्ने, सार्वजनिक जग्गा संरक्षण, स्थानीय विवाद समाधान

गर्ने लगायतका कार्य गरेका छन् । उल्लेखित कार्य सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा छनौट गरिएका स्थानीय तहको सञ्चालन र व्यवस्थापन पक्षको कार्यदक्षता मूल्याङ्कन गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ । लेखापरीक्षणको लागि २७ स्थानीय तह छनौट गरी सूचनामाग गरिएकोमा ८ स्थानीय तहबाट सुचना तथा विवरण उपलब्ध भएन । उपलब्ध सूचनाको परीक्षण विश्लेषणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

१३. **कानुन निर्माण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा ऐन बनाउनसक्ने र सोबमोजिम आवश्यक पर्ने नीति, कानुन, मापदण्डको निर्माण गर्नसक्ने व्यवस्था छ । अध्ययन गरिएकामध्ये यससँग सम्बन्धित विवरण उपलब्ध गराउने गौरादह, गोरखा, फेदीखोला परवानीपुर, गौशाला, मोहन्याल, अमरगढी, मिथिला ललितपुर, उर्लावारी, जिरी, गोलवजार, मेलम्ची, रूपा समेतका १४ स्थानीय तहले सेवा व्यवस्थापन, स्थानीय पूर्वाधार उपयोग सेवाशुल्क दस्तुर ललीतपुर, गौरादह, उर्लावारी, परवानीपुर, गोलवजार, गौशाला, जिरी, मेलम्ची, दिपायल, अमरगढी, मिथिला, रूपा, मोहन्याल, खजुरा, गुर्भाकोट, फेदीखोला, गोरखा समेत १७ स्थानीय तहले तथ्याङ्क, तानसेन, जिरी, मोहन्याल, गोरखा, गुर्भाकोट, मेलम्ची, ललितपुर, उर्लावारी र धनकुटाले सहरी विकास, भवन निर्माण र वस्ती विकास तथा ललितपुर, गौरादह, उर्लावारी, परवानीपुर, गोलवजार, गौशाला, जिरी, मेलम्ची, दिपायल, अमरगढी, मिथिला, रूपा, मोहन्याल, खजुरा, गुर्भाकोट, फेदीखोला, गोरखा तानसेन, धनकुटाले आधारभूत स्वास्थ्य तथा सरसफाई, सहकारी सञ्चालन, राजश्व मापदण्डसम्बन्धी आवश्यक कानुन, कार्यविधि वा मापदण्ड तयार गरेको पाइएन । अमरगढी, रूपा, ललितपुर, धनकुटा, गुर्भाकोट, फेदीखोला, जिरी, उर्लावारी, गौरादह, गोलवजार, मिथिला, गौशाला, तानसेन लगायतका स्थानीय तहले स्थानीय व्यापार, माग आपूर्ति र उपभोक्ता अधिकार, हित संरक्षण, मेलमिलाप र न्याय सम्पादन, आर्थिक कार्यविधि एवं व्यवस्थापन, खानी तथा खनिज पदार्थको संरक्षण, भाषा र संस्कृति, ललितकला संरक्षण र विकास लगायत जम्मा ४१ कानुन निर्माण गरी प्रमाणीकरण गरेकोमा ३० मात्र स्थानीय राजपत्रमा प्रकाशन भएको पाइयो । कानुन, कार्यविधि तथा मापदण्डको अभावमा स्थानीय तहको कार्य सम्पादनमा एकरूपता नहुनुका साथै प्रक्रियागत अस्पष्टता रहेको, तर्जुमा गरेका कानुन पनि प्रक्रिया पुऱ्याएर प्रमाणीकरण नगरेको, स्थानीय राजपत्रमा प्रकाशन नगरेको, स्थानीय तहहरूले आवश्यक कानुन समयमै तर्जुमा गर्ने, स्थानीय राजपत्रमा प्रकाशित गर्ने र कार्यान्वयनलाई प्रभावग्राही बनाउनुपर्दछ ।

१४. **वार्षिक योजना तथा बजेट तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रही नीति निर्माण गर्ने, वार्षिक बजेट तर्जुमा गर्ने, निर्णय गर्ने, योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ । १९ स्थानीय तहमध्ये मेलम्ची सहित ७स्थानीय तहले २०७४/७५ मा वार्षिक बजेट तथा कार्यक्रममा १ हजार ४९९ योजना समावेश गरेकोमा १ हजार ३४४ योजना सम्पन्न गरेको र १५५ बाँकी रहेको जानकारी गराएका छन् । त्यसैगरी सोही स्थानीय तहहरूबाट २०७५/७६ मा १ हजार ८९१ योजना तर्जुमा गरेकोमा १ हजार ७७९ सम्पन्न गरी ११२ बाँकी रहेको देखाएका छन् । अन्य स्थानीय तहबाट योजना संख्या खुल्ने विवरण प्राप्त भएको छैन । स्थानीय तहहरूले सञ्चालन गरेका योजना वा कार्यक्रममा श्रोत साधनको उपयोगको अवस्था बारे सम्बन्धित स्थानीय तहहरूका सेवाग्राहीसँग जानकारी माग गर्दा हानी नोक्सानीको हुने सम्भावनानै छैन भन्नेमा ५प्रतिशत, हिनामिना वा हानी नोक्सानी भएको छ भन्नेमा ११ प्रतिशत, छैन भन्नेमा ४२ प्रतिशत, कहीँ कहीँ गुनासो सुनिन्छ भन्नेमा ४१ प्रतिशत र थाहा छैन भन्नेमा १ प्रतिशत जवाफ प्राप्त भएको छ ।

टुक्रे योजना तर्जुमा गर्ने परिपाटिले योजना संख्या धेरै बनाउने तर समयमा सम्पन्न गर्न नसकिने तथा अधिकाँश कार्यक्रमहरू वितरणमुखी प्रकृतिका हुने गरेको यथार्थताले दिगो प्रतिफल सुनिश्चित गर्न सकिने देखिँदैन । धेरै मात्रामा स-साना टुक्रे योजनाहरू बनाई लागु गर्दा ती योजनाबाट तत्कालमा धेरै ठाउँमा योजना पुगेको देखिएतापनि दीर्घकालीन लाभ नहुने, उत्पादन र उत्पादकत्व न्यून हुने, रोजगारी सिर्जनामा खासै सहयोग नपुग्ने, आर्थिक वर्षको अन्त्यमा हतार हतार कार्य सम्पन्न गर्ने प्रवृत्ति रहेको हुँदा सरकारी स्रोतको हानी नोक्सानी तथा दुरूपयोग हुने देखिन्छ । जसले स्थानीय जनताहरूको जीवनस्तरमा आशातित योगदान दिनसक्ने देखिँदैन । लागत लाभ विश्लेषणको आधारमा स्थानीय रोजगारी तथा उत्पादन वृद्धि हुने सहभागितामूलक पद्धतिबाट यथार्थपरक योजनानिर्माण गरी बजेट तथा कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । यसको लागि रणनीतिक योजना तथा कार्ययोजना बनाइ कार्यान्वयन दक्षतमा अभिवृद्धि गरिनुपर्दछ ।

१५. **योजना छनौट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ तथा विभिन्न ऐन, नियमावली र कार्यविधिअनुसार स्थानीयजनताको आवश्यकता र मागअनुसार स्थानीय तहले आफ्ना योजना, कार्यक्रमहरू छनौट र सञ्चालन गर्नुपर्ने व्यवस्था छ । प्राप्तविवरणअनुसार मोहन्याल, परवानीपुर, गौशाला, गौरादह, लगायतका४ स्थानीय तहले वडा सदस्यको मागको आधारमा, गौशाला, मेलम्ची, मोहन्याल, जिरी, ललितपुर, मिथिला, गोरखा, दिपायल, धनकुटा, खजुरा, उर्लावारी समेत ११ स्थानीय तहले वडा सदस्य र वडास्तरमा आयोजना गर्ने भेलाको आधारमा र रूपा गाँउपालिकाले जनताले सोझै निवेदन दिएको आधारमा तथा परवानीपुर गौशाला, गौरादहले बजेटका आधारमा सभाको बहुमत योजना छनौट गर्ने गरेको विवरण प्राप्त भएको छ । यसबाट योजना छनौट पूर्णरूपमा सहभागितामूलक तबरले हने गरेको देखिँदैन । समानुपातिक रूपमा बजेट बाँडफाँड गर्ने परिपाटी रहेसम्म दिगो प्रतिफल दिने योजना छनौट हुने सम्भावना देखिँदैन । तसर्थ प्रचलित कानुनबमोजिम सहभागितमूलक योजना छनौट प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

१६. **आवधिक योजना तथा क्षेत्रगत योजना –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २४ अनुसार स्थानीय तहले मध्यकालीनखर्च संरचनातयार गरी आवधिक योजना स्वीकृत गर्नुपर्ने, सोबमोजिम वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नुपर्ने, स्वास्थ्य शिक्षा लगायतका क्षेत्रगत योजना तयार गर्नुपर्ने, योजना सञ्चालनपूर्व वातावरणीय पक्षको मूल्याङ्कन विश्लेषण गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा विश्लेषण गर्दा १९ स्थानीय तहमध्ये गोरखा, जिरी, उर्लावारी, खजुरा, धनकुटा, अमरगढी, गोलवजार, मिथिला, गुर्भाकोट, मोहन्याल, गौशाला समेत ११ स्थानीय तहले आवधिक योजना तयार नगरेको, जिरी, मेलम्ची, फेदीखोला, ललितपुर, गोलवजार, गोरखा समेत ५ स्थानीय तहले शिक्षा क्षेत्रको योजना तयार नगरेको, धनकुटा, दिपायल, मिथीला, फेदीखोला, जिरी, ललितपुर स्थानीय तहले स्वास्थ्य र जिरी, मेलम्ची, धनकुटा, दिपायल, मिथिला, फेदीखोला कृषि तथा पशुपालन क्षेत्रको योजना तयार नगरेको, फेदीखोला, ललितपुर, मिथिला र जिरी ४ स्थानीय तहले लैङ्गिकउत्तरदायी बजेटलाई कार्यान्वयनमा नल्याएको, परवानीपुर, दिपायल, मोहन्याल, ललितपुर, मिथिला र गोखा समेत ६ स्थानीय तहले प्रकोप व्यवस्थापन योजना र पूर्वतयारीको व्यवस्थान गरेको, जिरी, उर्लावारी, खजुरा, धनकुटा, अमरगढी, गोलवजार, मिथिला, गुर्भाकोट, ललितपुर, मोहन्याल, गौशाला, दिपायल, गौरादह, तानसेन, फेदीखोला, मेलम्ची, र परवानीपुर समेत १८ स्थानीय तहले स्थानीय तहले भू-उपयोग योजनार जिरी, उर्लावारी, खजुरा, धनकुटा, अमरगढी, गोलवजार, मिथिला, गुर्भाकोट, ललितपुर, मोहन्याल, गौशाला, दिपायल, गौरादह, तानसेन, फेदीखोला, मेलम्ची र परवानीपुर, रूपा समेत १९ स्थानीय तहले व्यवस्थितबसोवास एवं सहरीकरणसम्बन्धी रणनीति स्वीकृत गरी कार्यान्वयन गरेको पाइएन । स्थानीय तहको आवधिक योजना एवं विषय क्षेत्रगतविकास योजना तयार गरी लागु गर्नुपर्ने देखिन्छ ।

१७. **गरिबीन्यूनीकरण तथा दीगो विकास लक्ष्यको स्थानीयकरण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) प्रकरण (च) मा सामाजिक सुरक्षा तथा गरिबी निवारणसम्बन्धी कार्यक्रम स्थानीय तहले सञ्चालन गर्नुपर्ने व्यवस्था छ । परीक्षणका क्रममा विवरण उपलब्ध गराउने १९ मध्ये गोरखा, फेदीखोला, गौरादह, गौशाला, ललितपुर, गुर्भाकोट, मिथिला, अमरगढी, परवानिपुर समेत ९ स्थानीय तहले गरिबी निवारणसम्बन्धी कुनै कार्यक्रम सञ्चालन गरेको देखिएन । दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण गर्ने कार्य जिरी, गोरखा, फेदीखोला, गौरादह, रूपा, दिपायल, गौशाला, मोहन्याल, ललितपुर, गुर्भाकोट, मिथिला, गोलवजार, अमरगढी, धनकुटा, खजुरा, उर्लावारी, परवानिपुर, मेलम्ची समेत १८स्थानीय तहलेगरेको पाईएन ।स्थानीय तहको प्राथमितामा गरिबीको पहिचान तथा न्यूनीकरणसम्बन्धी क्रियाकलाप सञ्चालन नहुँदा गरिबी निबारणको लक्ष्य हासिल हुनसक्ने देखिँदैन । दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी सोहीअनुरूप आवधिक योजना तथा कार्यक्रमहरू निर्देशित हुनुपर्नेमा सो हुनसकेको देखिँदैन । जसले गर्दा राज्यको दिगो विकास लक्ष्य प्राप्त गर्ने अन्तर्राष्ट्रिय प्रतिवद्धतामा असर पर्ने देखिन्छ । संघ तथा प्रदेश सरकारसँगको सहकार्य तथा समन्वयमा सबै स्थानीय तहहरूले गरिबी न्यूनीकरणसम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्दै लैजानुपर्दछ । आवधिकरूपमा हासिल गर्ने सूचकाङ्क निर्धारण गरी दिगो विकासको लक्ष्यलाई स्थायीकरण गर्दै अन्तर्राष्ट्रिय प्रतिवद्धता हासिल गर्न ध्यान दिनुपर्दछ ।

१८. **योजना कार्यान्वयन, जाँचपास र फरफारक** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ को उपदफा (६ र ७)मा स्थानीय तहले खर्च गर्ने अख्तियारी र कार्यविधि अन्तर्गत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाई सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । ९ स्थानीय तहका २ हजार १८७ योजना

उपभोक्ता समितिमार्फत कार्यान्वयन गरेको, ९ स्थानीय तहले १६५ योजना ठेक्कापट्टाबाट सञ्चालन गरेको पाईएको छ । ४ स्थानीय तहमा १४० योजना संघ र प्रदेशको साझेदारीमा सम्पन्न गरेको, ३ स्थानीय तहमा प्रदेशले १० र संघले १७ योजना सोझै कार्यान्वयन गरेको पाइयो । १० स्थानीय तहले २ हजार ३०५ योजना जाँचपास र फरफारक गरेका छन् । मेलम्ची, गोलवजार, धनकुटा लगायतका ८ स्थानीय तहबाट योजना जाँचपास तथा फरफारकसम्बन्धी विवरण प्राप्त भएन । स्थानीय तहबाट फरफारक भएका योजनाहरूको अभिलेखको अभावमा कार्यान्वयनको अवस्था जानकारी लिन, योजनाको प्राथमिकीकरण गरी नयाँ योजना छनौट गर्न सूचना अभाव हुने देखियो । यस सम्बन्धमा सेवाग्राहीलाई स्थानीय तहको सभाबाट छनौट भएका योजनाहरूको कार्यान्वयन बारे सोधनी गर्दा ४ प्रतिशत ले जनश्रमदानबाट, ४ प्रतिशतले वडा अध्यक्ष/पदाधिकारीबाट, ३६ प्रतिशतले उपभोक्ता समितिबाट, २८ प्रतिशतले निर्माण व्यवसायीमार्फत र २८ प्रतिशतले उपभोक्ता समितिमार्फत ठेकेदारबाट कार्यान्वयन हुने जवाफ दिएका छन् । यसैगरी योजना कार्यान्वयनको गुणस्तर सम्बन्धमा २३ प्रतिशतले राम्रो, ७ प्रतिशतले नराम्रो र ७० प्रतिशतले मध्यमस्तरको रहेको धारणा राखेका छन । सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षण वा निगरानी सम्बन्धमा सोधिएको सवालमा ३३ प्रतिशतले स्थानीय तहबाट गर्ने गरेको, ३२ प्रतिशतले पदाधिकारीहरू कहिलेकाँही निरीक्षण गर्न आएको, ९ प्रतिशतले निरीक्षण अनुगमन नै हुँदैन, ९ प्रतिशतले वडावासी जनतामार्फत निरीक्षण हुने र ५ प्रतिशतले जानकारी नभएको धारणा व्यक्त गरेका छन् ।

स्थानीय तहमा प्राविधिक जनशक्तिको अभाव र टुक्रे योजना कार्यान्वयनका कारण अनुगमन एवं योजनाको जाँचपास गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्न समस्या देखिन्छ । संघ, प्रदेश र स्थानीय तहमा योजना सञ्चालन सम्बन्धमा स्पष्ट क्षेत्र निर्धारण नभएका कारण एउटै योजनामा संघ, प्रदेश र स्थानीय तहबाट बजेट विनियोजन भै कार्यक्रम कार्यान्वयनमा आएको देखिन्छ । विगतमा संघबाट सञ्चालित योजनाहरू हाल स्थानीय तहमा हस्तान्तरण भएपनि स्थानीय तहले बजेट विनियोजन नगरेका कारण योजना अलपत्र अवस्थामा रहेको देखियो । अधिकाँश योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन हुनेगरेको देखियो । श्रममूलक कार्य गराउनुपर्नेमा जटिल प्रकृतिका हेभी उपकरण प्रयोग गर्नुपर्ने कार्य समेत गराएको देखिन्छ । कतिपय अवस्थामा उपभोक्ता समितिले पुनःनिर्माण व्यवसायीमार्फत काम गराएको पाइयो जुन कानुनी व्यवस्था विपरीत रहेको छ । तसर्थ सम्बन्धित स्थानीय तहले सम्बन्धित कानुनको परिपालना गरी योजना कार्यान्वयन, नियमित अनुगमन, निरीक्षण एवं फरफारक गर्नुपर्दछ ।

१९. **अद्यावधिक विवरण र योजना हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको अद्यावधिक अभिलेखन गर्नुपर्ने प्रावधान रहेको छ । लेखापरीक्षण गरिएका १९स्थानीय तहमध्ये ७ स्थानीय तहले ४५ किलोमिटर सडक कालोपत्रे गरेको, १२ स्थानीय तहले १ हजार ४ सय ६० किलोमिटर कच्चि सडक निर्माण गरेको, १३ स्थानीय तहले ६ सय ५७ किलोमिटर सडक मर्मत गरेको र २ सय १९ किलोमिटर नयाँ सडकको ट्रयाक खोल्ने कार्य गरेको, ११ स्थानीय तहले ६४४ खानेपानी योजना सम्पन्न गरेका र ७ सय ११ रोपनी/हेक्टर जग्गामा सिँचाइ सुविधा पुऱ्याएको, १० स्थानीय तहले ४२ विद्यालय भवन निर्माण गरेको, ६ स्थानीय तहले कार्यस्थानीय तह भवन निर्माण गरेको, ४ स्थानीय तहले १३ वडा कार्यालय भवन निर्माण सम्पन्न गरेको, ११ स्थानीय तहले २७ स्वास्थ्य चौकी/केन्द्र/अस्पताल भवन निर्माण गरेको विवरण उपलब्ध गराएतापनि लाभान्वित जनसंख्या सहितको व्यवस्थित अभिलेख राख्ने गरेका पाईएन । साथै तिमध्ये नियमितरूपमा सञ्चालनमा आएका छन् छैनन, लाभग्राहीले सुविधाप्राप्त गरेका छन् छैनन् भन्ने सम्बन्धमा स्थानीय तहमा विवरण राख्ने गरेको पाइएन । निर्मित योजनाहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पनि पाइदैन ।

कतिपय योजना निर्माण सम्पन्न भएपनि सञ्चालनमा नआएको, वर्षेनी मर्मतसंभार गर्नुपरेको, स्थानीय तहहरूले कच्ची सडक निर्माण र ट्रयाक खोल्ने कार्य धेरै गरेको, कच्ची सडकहरू वर्षायाममा बाढीले बगाएर लगेको कारण जनताले सुविधा प्राप्त गर्न नसकेको अवस्था समेत देखिएको छ । अभिलेख प्रणाली चुस्त, सुदृढ र अद्यावधिक नभएको कारण परवानीपुर र मिथिला स्थानीय तहबाट आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध हुनसकेन । अतः आफ्नो क्षेत्र भित्र निर्माण भएका पूर्वाधार संरचना, त्यसबाट लाभान्वित हुने जनसंख्याको विवरण अद्यावधिक, चुस्त राख्नुपर्दछ । साथै योजनाको अवस्थाका सम्बन्धमा निरन्तर अनुगमन गरी अद्यावधिक गर्ने र सम्पन्न भएका योजना लाभग्राहीलाई हस्तान्तरण गरी मर्मतसंभारको जिम्मेवारी दिनुपर्ने देखिन्छ ।

२०. **स्थानीय स्रोत परिचालन तथा वजेट सीमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँ/नगरस्थानीय तहमा आयको प्रक्षेपण, सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने प्रावधान छ । सो समितिको काम कर्तव्य र अधिकारमा आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने, राष्ट्रिय तथा प्रदेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरण खाका तय गर्ने, स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निधारण गर्ने, विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने आदि रहेका छन् । छनौटमा परेको २७स्थानीय तहको कुल आय रु.६ अर्ब ३५ करोड ०२ लाख ७९ हजार रहेकोमध्ये रु.३ अर्ब ७९ करोड ८ लाख ८३ हजार आन्तरिक आयबाट परिचालन गरेको र रु.२ अर्ब ५५ करोड ९३ लाख ९३हजार राजस्व बाँडफाँड तथा समानीकरणबाट ब्यहोरेको देखिन्छ । कतिपय स्थानीय तहमा आन्तरिक आयको हिस्सा कुल आयमा न्यूनतम ५ प्रतिशत मात्र रहेको छ । यसबाट स्थानिय श्रोत परिचालन कमजोर भई अनुदानमा निर्भर रहेको देखिन्छ । गोरखा, रूपा, तानसेन, उर्लावारी लगायत ११ स्थानीय तहले २०७४/७५ र २०७५/७६ मा क्रमशः निर्धारित सीमाभन्दा रु.६८ करोड ३२ लाख ३ हजार र रु.१ अर्ब २३ करोड ९५ लाख १६ हजार बढीको अन्तिम बजेट कायम गरेको पाईयो । गौशाला, गोलवजार लगायत ६ स्थानीय तहबाट स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिद्वारा अनुमान गरिएको बजेट सीमाको विवरण उपलब्ध गराएका छैन्न । अतः समितिद्वारा निर्धारित सीमा र प्राथमिकता भित्र रही सन्तुलित बजेट तर्जुमा गर्नुपर्दछ । आन्तरिक श्रोत परिचालनमा समेत समुचित प्राथमिकता दिनुपर्ने देखिन्छ ।

२१. **राजश्व अनुमान र असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६६ को उपदफा (१) मा गाउँ/नगरस्थानीय तहमा आयको प्रक्षेपण, सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने प्रावधान छ । स्थानीय तहको राजस्व अनुमान र असुलीको अवस्था परीक्षण गर्दा २०७४/७५ मा गौरादह, गोरखा, फेदीखोला, गौशाला, गुर्भाकोट, खजुरा, रूपा, तानसेन, अमरगढी, दिपायल, धनकुटा, मेलम्ची समेतका १२ स्थानीय तहले रु.२४ करोड ८७ लाख अनुमान गरी रु.१८ करोड ७६ लाख असुली गरेको र २०७५/७६ मा रु.२५ करोड ९० लाख अनुमान गरी रु.२६ करोड ६३ लाख असुली गरेकोले अनुमानभन्दा क्रमशः रु.६ करोड ११ लाख घटी र रु.९३ लाख बढी असुली भएको पाईएकोले राजश्व अनुमान यथार्थपरक भएको पाइएन ।

(रु.लाखमा)

विवरण	२०७४/७५		२०७५/७६	
	अनुमान	असुली	अनुमान	असुली
राजश्वअनुमान १२ स्थानीय तह	२४८७	१८७६	२५९०	२६६३

स्थानीय तहले लगाएको वा उठाएको कर शुल्क सम्बन्धमा सेवाग्राहीलाई सोधिएको सवालमा ३५ प्रतिशतले अनावश्यक भार बढेको, ६३ प्रतिशतले कर शुल्क ठीकै हो तर सेवा सुविधा उपलब्ध गराउनुपर्दछ र २प्रतिशत ले कर शुल्कनै लगाएको छैन भन्ने जवाफ दिएका छन् । तसर्थ राजस्व अनुमानलाई यथार्थपरक बनाउनका लागि निश्चित पद्धति र सुत्रमा आधारित रहनुपर्दछ ।

२२. **शिक्षा समिति र स्थानीय व्यापार व्यावसायको तथ्याङ्क प्रणाली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३मा स्थानीय तहले, गाउँ/नगर शिक्षा समिति गठन गर्नुपर्ने र स्थानीयव्यापार व्यावसायको तथ्याङ्क प्रणाली स्थापना गर्ने लगायतका कार्यहरू गर्ने व्यवस्था रहेको छ । सोसम्बन्धमा विभिन्न १९ तहबाट प्राप्त विवरणअनुसार ४गौरादह, रूपा, मोहन्याल, ललितपुर स्थानीय तहले गाउँ/नगर शिक्षा समिति गठन नगरेको, मिथिला नगरस्थानीय तहले विद्यालय व्यवस्थापन समिति गठन नगरेको गौरादह, गौशाला, मोहन्याल, अमरगढी, ललितपुर लगायतका ५ स्थानीय तहले सामुदायिक विद्यालयको जग्गाको अभिलेख नराखेको, गौरादह, गोरखा, गौशाला, फेदीखोला, गुर्भाकोट, खजुरा, रूपा, मोहन्याल, अमरगढी, दिपायल, ललितपुर, उर्लावारी, जिरी, गोलवजार, मेलम्ची समेत १५ स्थानीय तहले स्थानीय व्यापारको तथ्याङ्क प्रणाली स्थापनागरेको देखिएन । यसबाट भवन निर्माणमा एकरूपता नहुने, जोखिमयुक्त अव्यवस्थित बस्ती विकास हुने, विद्यालय व्यवस्थापनमा समस्या आउने जस्ता स्थानीय तहको कार्यसम्पादनमा कमजोरी हुने देखिन्छ । अतः ऐनको व्यवस्थाबमोजिम मापदण्ड निर्धारण, आवश्यक समिति निर्माण र तथ्याङ्क सङ्कलन लगायतका कार्यमा स्थानीय तहले ध्यान दिनुपर्दछ ।

२३. **कार्यालय भवन** - सेवाप्रवाहको लागि सबै स्थानीय तहहरूले न्यूनतम सुविधा सहितको कार्यालय भवनको व्यवस्था गरिएको हुनुपर्दछ । विवरण प्राप्त भएका १५ स्थानीय तहमध्ये ९ स्थानीय तहका ४० वडा कार्यालय र स्थानीय तह केन्द्र आफ्नो भवनको अभावमा बहालमा सञ्चालन भैरहेका छन् । २०७५/७६ मा वडा कार्यालय भवन सञ्चालनका लागि ६ स्थानीय तहले रु.३४ लाख २२ हजार तथा मेलम्ची नगरस्थानीय तहको केन्द्रका लागि रु.२० लाख ५ हजार समेत रु.५४ लाख २७ हजार बहाल बापत भुक्तानी गरेका छन् । आफ्नै भवनको अभावमा बहाल तिर्ने गरी सेवा सञ्चालनका लागि अनुपयुक्त (प्राय विद्यालय) भवनबाट सेवा सञ्चालन गरिरहेका छन् । उपयुक्त कार्यालय भवनको अभावमा सेवाप्रवाह प्रभावित भएको तथा सरकारी कोषबाट बहाल बापत रकम भुक्तानी गर्नुपरिरहेको अवस्था छ । स्थानीय तहले उपयुक्त भवनको व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी तथा सेवाग्राही मैत्री बनाउनुपर्ने देखिन्छ ।

२४. **प्रशासनिक जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । विवरण उपलब्ध गराउने ८ स्थानीय तहमा ५१२ दरबन्दीमध्ये साविकका १८८ र समायोजन भएका १९१ गरी ३७९ पद पदपूर्ति भएको तथा ३४३ दरबन्दी रिक्त रहेकोमा १३५ करार वा अन्य व्यवस्थाबाट पूर्ति गरी २०८ पूर्ण रिक्त रहेको पाइयो । धनकुटा नगरपालिकले स्वीकृत ६८ दरबन्दीमा ४५ समायोजन, ४५ करार, नगरपालिकाबाट सृजना गरेको दरबन्दी ३६ मध्ये अस्थाई २८ नियुक्ति गरी दरबन्दी बाहेक सेवा करारबाट थप ५१ नियुक्ति गरेको विवरण पाईयो । करार सेवामा नियुक्ति गर्दा सार्वजनिक खरिद ऐनको प्रक्रियाबमोजिम सार्वजनिक सूचनाबाट भर्ना नगरी पहिलादेखि कार्यरतलाई नै सेवा करारमा निरन्तरता दिईको पाइयो ।

दरवन्दी संख्या		पदपूर्ति संख्या			रिक्त संख्या
स्थानीय तह संख्या	संख्या	स्थायी		करार वा अन्य	
		साविक	समायोजन		
८	७१२	१८८	१९१	१३५	२०८

हालसम्म स्थानीय तहले कर्मचारी समायोजन पश्चात स्थानीय सरकार सञ्चालन ऐनबमोजिम संगठन व्यवस्थापन सर्वेक्षण गरी अन्तिम दरबन्दी निर्धारण गरेका छैनन् । संघबाट निर्धारण भएका दरबन्दीमा समेत कार्यबोझको विश्लेषण नगरिएकोले प्रदान गरिने सेवा र कर्मचारीको दरबन्दीबीच तालमेल पाईदैन । यसबाट सेवा प्रवाहमा प्रत्यक्ष नकारात्मक असर परी स्थानीय तहको कार्य क्षमतामा प्रश्नचिन्ह खडा भएको छ । त्यसैगरी स्वीकृत दरबन्दीभन्दा बढी संख्यामा करारमा कर्मचारी नियुक्ति गर्दा प्रशासनिक खर्च बढ्न जानुका साथै कर्मचारीहरूको समेत कार्य सम्पादन प्रभावकारी हुँदैन । तसर्थ आवश्यकता अनुसार दरबन्दी निर्धारणको लागि पुन संगठन व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत दरबन्दी अनुसार मात्र स्थायी पदपूर्ति गर्नुपर्दछ ।

२५. **कर्मचारी व्यावस्थापन सम्बन्धी -** स्थानीय तह स्थानीाय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा विभिन्न स्थानीय तहको कार्य सञ्चालन भित्र पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि तथा पशु कर तथा शुल्क न्याय सम्पादन आदि क्षेत्रमा कार्यरत कर्मचारीहरूको व्यवस्थापन गर्नुपर्ने प्रावधान छ । लेखापरीक्षणको क्रममा १७स्थानीय तहका कर्मचारी, स्वास्थ्यकर्मी तथा शिक्षकहरूको हाजिरी, विदा तथा काज सम्बन्धमा निम्न व्यहोरा प्राप्त विवरणबाट देखियो:

सम्पादन गर्नुपर्ने कार्य	स्थानीय तहसंख्या		
	छ	छैन	आँशिक
नगरस्थानीय तह र गाँउस्थानीय तहले कर्मचारीको विद्युतीय हाजिरी प्रयोगमा ल्याएको	१२	६	
कर्मचारीहरूको विदा तथा काजको अभिलेख अद्यावधिक रूपमा राख्ने गरिएको	१६	३	
स्वास्थ्य संस्था र विद्यालयमा कर्मचारीको विद्युतीय हाजिरी प्रयोगमा ल्याएको	४	१०	५
स्वास्थ्य संस्था र विद्यालयमा कर्मचारीहरूको विदा तथा काजको अभिलेख अद्यावधिक रूपमा राख्ने गरिएको छ	१४	३	२

जिरी लगायत ६ स्थानीय तहमा कर्मचारीको विद्युतीय हाजिरी प्रयोगमा ल्याएको पाईएन । यसै गरी १६स्थानीय तहले स्वास्थ्य संस्था र विद्यालयमा कर्मचारीको विद्युतीय हाजिरी प्रयोगमा ल्याएका छैनन् भने ४ स्थानीय तहले आँशिकरूपमा मात्र प्रयोगमा ल्याएको विवरण प्राप्त भएको छ । विद्युतीय हाजिरीको अभावमा कर्मचारी व्यवस्थापन नियन्त्रण प्रणाली कमजोर भई सेवा प्रवाहमा असर पर्दछ । तसर्थ, स्थानीय तहहरूले स्थानीय तहअन्तर्गत कर्मचारीहरूको विद्युतिय हाजिरी, विदा तथा काजको अभिलेख व्यवस्थापन गर्नुपर्दछ ।

२६. **स्वास्थ्य तथा शिक्षण संस्थाको जनशक्ति –** आधारभूतशिक्षा र प्राथमिक स्वास्थ्य केन्द्र एवं स्वास्थ्य चौकी स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने भएकाले सोको दरबन्दीएवं जनशक्तिव्यवस्थापन गर्नुस्थानीय तहको जिम्मेवारी हो । प्राप्त विवरणअनुसार गौरादह, गोरखा, गौशाला, गुर्भाकोट, तानसेन, मिथिला, दिपायल, धनकुटा, मेलम्ची, गोलवजार समेत १० स्थानीय तहको शिक्षातर्फ २ हजार ८९७ दरबन्दीमध्ये २ हजार ३०० स्थायी, ५७२ करारबाट पूर्ति भई २५ दरबन्दी रिक्त रहेको पाइयो । यसैगरी गौरादह, गोरखा, गौशाला, मोहन्याल, तानसेन, दिपायल, धनकुटा, मेलम्ची र गोलवजार समेत ९ स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाको ४१६ दरबन्दीमध्ये २५४ स्थायी, ११९ करारमा पदपूर्ति भई ४३ स्वास्थ्यकर्मीको दरवन्दी रिक्त रहेको पाइयो । स्वास्थ्यतर्फ आधा जनशक्ति नै करारबाट पूर्ति गरिएको छ । विद्यार्थी संख्या अनुसार शिक्षकको दरबन्दी मिलान गर्न नसकिएकाले आवश्यक परेको विद्यालयमा शिक्षक नहुने र आबश्यक नपरेको ठाँउमा बढी रहेको स्थिति छ । स्थलगत परीक्षणको क्रममा मोहन्याल गाउँपालिकामा स्वास्थ्य सेवाका जनशक्ति दरबन्दीभन्दा बढी समायोजन भै आएकोले स्वास्थ्य सेवाका जनशक्तिलाई प्रशासनिक कार्यमा उपयोग गरिएको पाइयो । प्रत्यक्ष सेवाप्रवाहमा संलग्न रहने निकायमा दरबन्दी व्यबस्थापन हुनन सक्दा स्थानीय तहले उपलब्ध गराउने स्वास्थ्य सेवा तथा शिक्षण संस्था सञ्चालनमा नकारात्मक असर पर्ने अबस्था छ ।

सेवाग्राहीसँग विगतको तुलनामा स्थानीय तहमा शिक्षाको गुणस्तर र स्वास्थ्य सेवाको गुणस्तर सम्बन्धमा जानकारी माग गर्दा विद्यालय शिक्षाको स्तर बढेको छ भन्नेमा ४२ प्रतिशत, खस्केको छ भन्नेमा ११ प्रतिशत, उस्तै छ भन्नेमा ३७ प्रतिशत र थाहा छैन भन्नेमा १० प्रतिशत रहेका छन् । स्थानीय तह भित्रका सबै बालबालिकाले सजिलै विद्यालय जान पाए पाएनन् सम्बन्धमा छलफल गर्दा सबै बालबालिकाले सजिलै विद्यालय जानपाएका छन् भन्नेमा ५५ प्रतिशत, पाएका छैनन् १६ प्रतिशत र केही संख्यामा गएका छैनन्मा २९ प्रतिशत रहेका छन । यसै गरी स्थानीय तहमा स्वास्थ्य सेवाको गुणस्तर बढेको छ भन्नेमा ३९ प्रतिशत, खस्केको छ भन्नेमा १६ प्रतिशत, उस्तै छ भन्नेमा ३५ प्रतिशत र थाहा छैन भन्नेमा १० प्रतिशत रहेको पाईयो

शिक्षा तथा स्वास्थ्य संस्था जस्तो जनताको प्रत्यक्ष सेवाप्रवाहमा संलग्न रहने निकायमा यथार्थ दरबन्दी भिडान एवं मिलान नहुनु तथा दरबन्दीबमोजिम पूर्ति हुन नसक्दा स्थानीय तहले उपलब्ध गराउने स्वास्थ्य सेवा तथा शिक्षण संस्था सञ्चालनमा नकारात्मक असर पर्ने र आधारभूत शिक्षा एवंस्वास्थ्य सेवाबाट जनता बिमुख हुने अवस्था रहन्छ ।सेवाग्राहीसँग लिएको अन्तरवार्तामा समेत स्थानीय तहलेप्रदान गर्ने शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तरीयता सम्बन्धमा नकारात्मक अभिमतबाट जानकारी हुन्छ । तसर्थ स्वास्थ्य तथा शिक्षण संस्थामा आवश्यक जनशक्ति निर्धारित दरबन्दीबमोजिम पूर्ति गरी स्वास्थ्य र शिक्षा सेवालाई सहज, सरल तथा प्रभावकारी तुल्याउनुपर्ने देखियो ।

२७. **पदाधिकारी तथा कर्मचारी सुविधा –** स्थानीय तहका पदाधिकारीको सेवा सुविधासम्बन्धी प्रदेश कानुनअनुसार तोकिएबमोजिम सुविधा र भत्ता पाउने व्यवस्था रहेको छ । यस सम्बन्धमा विवरण उपलब्ध गराउने १७ स्थानीय तहमध्ये ९ स्थानीय तहले पदाधिकारीहरूलाई मासिक सुविधा, १२ स्थानीय तहले सञ्चार सुविधा, ५ स्थानीय तहले बैठक भत्ता, २ स्थानीय तहले खाजाभत्ता, ४ स्थानीय तहले पत्रपत्रिका, ६ ले अनुगमन भत्ता,२ ले खानेपानी बिजुली महशुल, २ ले सरसफाई, मर्मत सुविधा, ५ले अतिथि सत्कार सुविधा, ४ ले यातायात खर्च र १ स्थानीय तहले अन्य सेवा सुविधा प्रदान गरेको पाईयो । यीमध्ये ९ स्थानीय तहले पदाधिकारी सुविधा बापत २०७५/७६ मा कुल रु.६ करोड ७९ लाख खर्च गरेका जनाएका छन् । (प्राप्त विवरणअनुसनर पदाधिकारी सुविधामा ९ स्थानीय तहले रु.६ करोड ७९ लाख खर्च गरेको आधारमा ७५३ स्थानीय तहले रु.५ अर्ब ६८ करोड १० लाख पदाधिकारी सुविधामा खर्च गरेको हुनसक्ने देखिन्छ ।)

पदाधिकारी	पदाधिकारीलाई प्रदान गरिने सुविधा र स्थानीय तहको संख्या										
	मासिक सुविधा	सञ्चार सुविधा	बैठक भत्ता	खाजा भत्ता	पत्र पत्रिका	अनुगमन भत्ता	खानेपानी विजुली महशुल	सरसफाई, मर्मत	अतिथि सत्कार	यातायात खर्च	ईन्धन
प्रमुख/ अध्यक्ष	९	१२	५	२	४	६	२	२	५	३	१
उपप्रमुख/ उपाध्यक्ष	९	१२	५	२	३	६	२	२	४	१	१
वडाअध्यक्ष	९	१०	३	४	३	४	२	२	३	४	
कार्यस्थानीय तह सदस्य	९	९	३	२	३	३	२	१	३	३	

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहका कर्मचारीको सेवा सुविधासम्बन्धी प्रदेश कानुन र स्थानीय कानुनबमोजिम स्थानीय तहले कार्यरत कर्मचारीलाई तलबस्केल बाहेक थप प्रोत्साहन उपलब्ध गराउनसक्ने व्यवस्था रहेको छ । फेदीखोला गाउपालिकाले तलब स्केलको १० प्रतिशत थप प्रोत्साहन उपलब्ध गराएको छ भने गौरादहले प्रतिकर्मचारी मासिक रु.२ हजार खाजा खर्च, परवानीपुरले आवासको सुविधा उपलब्ध गराएको पाईयो । थप २ स्थानीय तहले रु.२३ लाख, २०७५/७६ मा गोरखा र उर्लावारी नगरस्थानीय तहले रु.४८ लाख २ हजार, धनकुटाले रु.२ लाख ७० हजार, मेलम्ची नगरपालिकाले ३५ प्रतिशतले रु.६७ लाख १० हजार, जिरी नगरपालिकाले १० लाख रूपैयाँ तलब स्केल बाहेक थप प्रोत्साहन दिएको पाईयो । स्थानीय तहहरूले तलबस्केलको १० देखि ३५ प्रतिशत थप प्रोत्साहन, आवास सुविधा, मासिक खाजा आदिमा खर्च भुक्तानी गरेको देखियो । निश्चित कार्यसम्पादनको आधारमा सूचकाङ्क निर्धारण नगरी गाउँ/नगर सभाबाट निर्णय गराई कर्मचारीलाई थप प्रोत्साहन भत्ता दिने गरेको देखियो ।

योजना तथा कार्यक्रम सञ्चालनमा गर्नुपर्ने स्रोत यस्तो सेवा सुविधामा खर्च गर्नुपर्दा जनताले पाउने सेवा सुविधामा प्रत्यक्ष असर पर्दछ । साथै प्रशासनिक खर्चको भार दीर्घकालीनरूपमा बढ्ने अवस्था पाईयो । अतःस्थानीय तहले पदाधिकारीलाई सेवा सुविधा उपलब्ध गराउँदा विद्यमान कानुन र सेवाप्रवाहमा पर्ने सकारात्मक तथा नकारात्मक असर समेतलाई मध्यनजर गरी निश्चित मापदण्डका आधारमा सेवा सुविधा उपलब्ध गराउनुपर्दछ ।

२८. **सवारी साधन –** स्थानीय तहले सवारी साधन खरिद तथा सुविधा वितरण गर्दा कार्यबोझ आन्तरिक आय तथा आवश्यकता समेतलाई विचार गरी खरिद तथा वितरणको निर्णय गरी मितव्ययिता कायम गर्नुपर्ने हुन्छ । प्रायजसो स्थानीय तहले आन्तरिक आय न्यून भएको अवस्थामा समेत समानीकरण अनुदानबाटै सवारी साधन खरिद गर्ने गरेको पाईयो । २०७४/७५ र २०७५/७६ दिपायल सिलगढी नगरपालिकाले ३ नगर बस सहित विवरण उपलब्ध गराउने १६ स्थानीय तहले रु.१७ करोड २४ लाख बराबरका २५६ सवारीसाधान खरिद गरेको पाईयो । (प्राप्त विवरणअनुसार १६ स्थानीय तहले २ वर्षमा सवारीसाधनमा गरेको खर्च रु.१७ करोड २४ लाख लाई आधार मान्दा ७५३ स्थानीय तहमा सवारीसाधन खरिदमा करिब रु.८ अर्ब ११ करोड ३६ लाख खर्च भएको हुनसक्ने देखिन्छ) ।

सवारीसाधन प्रकार	स्थानीय तह संख्या	खरिद सख्या		मूल्य (रु.लाखमा)
		२०७४/०७५	२०७५/०७६	
हलुका सवारी	१६	१६	७	७१४
मोटरसाईकल	१६	१३५	६५	२७८
ब्याकहो लोडर/डोजर		१०	५	४३६
ट्याक्टर		३	५	१२७
टिप्पर		५	२	८१
बस		२	१	८८
जम्मा		**१७१**	**८५**	**१७२४**

अमरगढी, मिथिला र धनकुटा नगरपालिकाले उपप्रमुखलाई गाडी, तथा दिपायल सिलगढी नगरपालिकाले गाडी र मोटरसाइकल दुवै सुविधा उपलब्ध गराएको पाईयो । यसै गरी अधिकाँश स्थानीय तहले प्रमुख प्रशासकीय अधिकृतलाई गाडी र अधिकृतस्तरका कर्मचारी र वडा अध्यक्षलाई मोटरसाइकल सुविधा उपलब्ध गराएको पाईयो । स्थानिय तहका पदाधिकारीले पाउने सुविधा प्रदेश कानुनमा व्यवस्था

भएबमोजिम हुने उल्लेख भएकोमा प्रदेश कानुनले कुनै व्यवस्था नगरेकोमा मापदण्ड निर्धारण नगरी हचुवा र प्रभावका आधारमा पदधिकारी तथा कर्मचारीलाई सवारीसाधन उपलव्ध गराउने गरिएको पाइयो । जसले गर्दा सवारी साधन लगायत उपकरण खरिद गर्ने प्रवृतिले प्रश्रय पाउनुका साथै विकास निर्माणमा खर्च गर्नुपर्ने बजेट अनुत्पादक प्रयोजनमा खर्च भै रहेको देखियो । अतः सवारी साधन सुविधासम्बन्धी स्पष्ट मापदण्ड तयार गरी सोही आधारमा सुविधा उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ ।

२९. **नागरिक बडापत्र –** सुशासन सञ्चालन तथा व्यवस्थापन ऐन, २०६४ तथा सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५मा सार्वजनिक निकायहरूले प्रदान गर्ने सेवा सुविधा सम्बन्धमा क्षतिपूर्ति सहितको नागरिक बडापत्रको व्यवस्था गर्नुपर्ने, सेवाप्रवाहलाई सेवाग्राहीमैत्री बनाउनुपर्ने र सेवाग्राहीको सन्तुष्टि मापन गर्नुपर्ने लगायतका व्यवस्था छन् । विवरण उपलब्ध गराउने १९ मध्ये दिपायल सिलगढी, परवानिपुर, उर्लावारी स्थानीय तहले नागरिक वडापत्र कार्यान्वयनमा नल्याएको, पवानीपुर, गौशाला, गुर्भाकोट, खजुरा, दिपायल, उर्लावारी लगायतका स्थानीय तहले वडास्तरमा नागरिक वडापत्र नै तयार नगरेको र स्थलगत लेखापरीक्षण गरिएका गौरादह नगरपालिका बाहेक अन्य कुनै पनि स्थानीय तहले क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयनमा ल्याएको पाइएन । त्यसैगरी गौरादह, गोरखा, परवानीपुर, फेदीखोला, गौशाला, गुर्भाकोट, खजुरा, मोहन्याल, तानसेन, अमरगढी, मिथिला, दिपायल, धनकुटा, मेलम्ची, गोलवजार, जिरी, उर्लावारी, ललितपुर समेतका १८ स्थानीय तहले सेवाप्रवाहलाई व्यवस्थित गर्न टोकन प्रणाली प्रयोगमा नल्याएको र गुर्भाकोट, खजुरा, रूपा, मोहन्याल, अमरगढी, मिथिला, दिपायल, मेलम्ची समेत ९ स्थानीय तहले नगर प्रहरी गठन गरेको पाइएन ।

यस सम्बन्धमा सेवाग्राहीसँग स्थानीय तहले प्रवाह गर्ने सेवा सम्बन्धमा आफुले पाएको जानकारीको स्रोत सोध्दा ३२ प्रतिशत ले जनप्रतिनिधि, ३४ प्रतिशत ले सूचनापाटी वा नागरिक बडापत्र, २२ प्रतिशत ले स्थानीय तहका कर्मचारी, ११ प्रतिशत ले एजेन्ट मार्फत जानकारी प्राप्त भएको जनाएका छन । यसैगरी स्थानीय तहमा कामगर्न लाग्ने समयबारे सेवाग्राहीसँग समुहगत छलफल गर्दा २५ प्रतिशत ले एक घण्टा, २६ प्रतिशत ले २ घण्टा, २५ प्रतिशत ले १ दिन, १८ प्रतिशत ले धेरै दिन लाग्ने र १० प्रतिशत ले थाहा छैन भन्ने जवाफ दिएका छन् । स्थानीय तहहरूले सञ्चालन गरेका योजना तथा कार्यक्रम र क्रियाकलाप पारदर्शी, जवाफदेही बनाउन क्षतिपूर्ति सहित नागरिक बडापत्र तयार गर्ने र सेवाग्राही सन्तुष्टि मापन गर्नुपर्नेमा प्रभावकारी तवरले सो हुनसकेको पाइएन फलस्वरूप सेवाप्रवाहको अवस्था छिटो छरितो समेत देखिँदैन । अतःऐनको पालना गरी स्थानीय तहहरूले पारदर्शी, जवाफदेही, जनमुखी, छिटो छरितो बनाउन क्षतिपूर्ति सहितको नागरिक बडापत्रको व्यवस्था र सोको परिपालना गर्नुपर्दछ ।

३०. **स्वास्थ्य संस्था नियमन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा औषधि पसल सञ्चालन अनुमति, अनुगमन र नियमनसम्बन्धी प्रावधान, जनरल अस्पताल, नर्सिङ्गहोम निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमनसम्बन्धी व्यवस्था गरेको छ ।

विवरण उपलब्ध गराएकामध्ये ५ स्थानीय तहले मात्र २६ स्वास्थ्य संस्थामा १५ देखि ५० शैयासम्मको स्वास्थ्य संस्था सञ्चालन व्यवस्थापन गरेको विवरण उपलब्ध गराएका छन् । २०७४/७५ मा १ स्थानीय तहले क्लिनिक दर्ता र नवीकरण, ३ स्थानीय तहले अस्पताल नवीकरण गरेको तथा २०७५/७६ मा १ स्थानीय तहले क्लिनिक दर्ता, ५ ले क्लिनिक नवीकरण र ३ ले अस्पताल नवीकरण गरेको विवरण उपलब्ध गराएका छन् । त्यसैगरी २०७४/७५ मा १ स्थानीय तहले औषधि पसल र २ स्थानीय तहले पोलिक्लिनिक नवीकरण गरेको तथा ३ स्थानीय तहले पोलिक्लिनिक विघटन वा खारेजी गरेको उल्लेखछ । तर २०७५/७६ मा कुनै पनि विवरण उपलब्ध गराएको छैन ।

अध्ययन गरिएका स्थानीय तहले औषधि पसल, अस्पताल नर्सिङहोमको दर्ता नवीकरण गर्ने नगरेको, स्वास्थ्य संस्थाहरू र औषधि पसल मापदण्डअनुरूप सञ्चालन भए नभएको अनुगमन एवं नियमन गर्ने गरेको पाइएन । कानुनीरूपमा १५ शैयाभन्दा कम शैया भएका स्वास्थ्य संस्थाहरू र औषधिपसलको मापदण्डअनुरूप सञ्चालन भएको अनुगमन एवम नियमन गर्ने अधिकार स्थानीय तहलाई भएपनि कुनैपनि स्थानिय तहले अनुगमन नियमन गरेका छैनन ।

कानुनी व्यवस्थाअनुसार संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्था तथा सेवाको नियमन, अनुगमन तथा व्यवस्थापन गर्नुपर्नेमा सोअनुसार उचित अनुगमन नियमन नहुँदा जनताले गुणस्तरीय र भरपर्दो सेवाप्राप्त गर्नबाट बञ्चित हुने अवस्था छ । संघ र प्रदेशसँग समन्वय नगर्दा १५ शैया र सोभन्दा

कमसम्मका स्वास्थ्य संस्था र औषधि पसलको नियमन हुनसकेको छैन । तसर्थ संघ र प्रदेशसँग प्रभावकारी समन्वय र सहकार्य गरी अधिकार क्षेत्र भित्रका स्वास्थ्य संस्थाको नियमन गरी स्वास्थ्य सेवा प्रवाहलाई सहज र शुलभ तुल्याउनुपर्ने देखिन्छ ।

३१. **स्वास्थ्य सेवा प्रवाह –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा (२) प्रकरण (झ) अनुसार आधारभूत स्वास्थ्य र सरसफाईसम्बन्धी सेवाप्रवाह स्थानीय तहहरूबाट हुने प्रावधान रहेको छ । परीक्षण गरिएका स्थानीय तहले आफ्नो तर्फबाट थपजनशक्ति र स्वास्थ्यकर्मी व्यवस्था नगरेको, मिथिला नगरस्थानीय तहले निःशुल्क औषधि उपलब्ध नगराएको, ललितपुर, जिरी, गोलवजार, मिथिला, तानसेन, मोहन्याल, गौशाला समेतका स्थानीय तहले स्वास्थ्य संस्थाहरूको भवन निर्माण एवं पूर्वाधारमा थप लगानी नगरेको, ललितपुर, उर्लावारी, गोलवजार, धनकुटा, दिपायल, मिथिला, अमरगढी, तानसेन, मोहन्याल, रूपा, खजुरा, गुर्भाकोट, गौशाला, फेदीखोला, परवानिपुर समेतका स्थानीय तहले स्वास्थ्य संस्थाहरूमा अन्तरंग लगायतका अन्य सेवाहरूको सुरुवात नगराएको विवरण प्राप्त भएको छ । स्वास्थ्य संस्थाको स्तरअनुसारको निःशुल्क औषधि वितरण सम्बन्धमा सेवाग्राहीलाई सोधिएकामा सवैले निःशुल्क पाउँछ भन्नेमा ३७ प्रतिशत, एक दुई औषधिमात्र निःशुल्क पाउँछ भन्नेमा ३८ प्रतिशत, औषधि नै पाइदैन भन्नेमा ९ प्रतिशत तथा किन्नुपर्दछ भन्नेमा १६ प्रतिशत को जवाफ पाइएको छ । यसबाट नेपाल सरकारले अपेक्षा गरेअनुसार स्वास्थ्य संस्थाहरूको पूर्वाधार नरहेको र स्थानीय तहले सिमित मात्रामा लगानी गरेको, उपचारको लागि उपकरण तथा निःशुल्क औषधि पर्याप्त मात्रामा रहेको देखिएन । स्थानीय स्रोत साधनको व्यवस्था गरी आफ्नो अधिकार क्षेत्र अन्तर्गतको आधारभूत स्वास्थ्य सेवाप्रवाह गरिनुपर्दछ ।

३२. **सामाजिक सुरक्षा भत्ता –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा संघ तथा प्रदेश कानुनको अधिनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन र जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण गर्ने प्रावधान रहेको छ । गाउँ/नगर स्थानीय तहको सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा स्थानीय बासिन्दालाई सोधिएकोमा ५९ प्रतिशतले बैंक मार्फत, १ प्रतिशतले भेला आयोजना गरेर, ४० प्रतिशतले कर्मचारी तथा जनप्रतिनिधिमार्फत नगदै वितरण गरेको भन्ने जवाफ दिएका छन । सामाजिक सुरक्षा भत्ता पाउने सूचीमा नक्कली तथा दोहोरो लाभग्राही भए नभएको सम्बन्धमा सोधपुछ गर्दा १० प्रतिशतले छन्, ४७ प्रतिशतले छैनन्, १८ प्रतिशतले सुनेको छैन तर होलान् भनेका छन् भने २६ प्रतिशतले थाहा छैन भन्ने जवाफ दिएका छन् । सामाजिक सुरक्षा भत्ता पूर्णरूपमा बैङ्किङ्ग माध्यमबाट वितरण गर्न नसकेको र तथ्याङ्क अद्यावधिक समेत भएको देखिएन । स्थानीय बासिन्दाले समेत सामाजिक सुरक्षा भत्तामा दोहोरो र नक्कली लाभग्राही रहेको आशँका व्यक्त गरेका सन्दर्भमा लाभग्राहीको तथ्याङ्क अद्यावधिक गरी बैङ्किङ्ग माध्यमबाट भत्ता वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

३३. **कृषि तथा पशुपालन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई कृषि तथा पशुपालन, कृषि उत्पादन व्यावस्थापन, पशु स्वास्थ्य, सहकारी, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण गर्ने अधिकार रहेको छ । परीक्षण गरिएका स्थानीय तहमध्ये अधिकाँश स्थानीय तहले व्यवस्थितरूपमा यससम्बन्धी कार्य सञ्चालन गरेको पाईएन । पशुवधशाला र शीत भण्डारको व्यवस्थापन १ स्थानीय तहले, कृषि वीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिको आपूर्ति ७ स्थानीय तहले, प्राङ्गारिक खेती र मलको प्रवर्द्धन ७ स्थानीय तहले, कृषक समूह, कृषि सहकारी र कृषिसम्बन्धी स्थानीय संघ संस्थाको व्यवस्थापन/नियमन ६ स्थानीय तहले तथा हरितक्षेत्र संरक्षण र प्रवर्द्धन स्थानीय तहले नगरेको विवरण उपलब्ध गराएका छन् । सञ्चालित कार्यक्रममा समेत धेरैजसो अनुदान प्रदान गर्ने प्रकृतिको देखिन्छ । अनुदान उपयोगको सुनिश्चितता र नतिजा प्राप्त भएको सम्बन्धमा आश्वस्त हुने अवस्था भने देखिएन । स्थानीय तहले दिएको अनुदानको उपयोगका सम्बन्धमा सेवाग्राहीलाई सोधिएकोमा उपयोग भएको छ भन्नेमा ३२ प्रतिशत, भएको छैन भन्नेमा १५ प्रतिशत, कसै कसैले उपयोग गरेका छैनन् भन्नेमा १६ प्रतिशत, अन्यत्र उपयोग गर्नसक्ने अवस्था छैन भन्नेमा ४ प्रतिशत, र थाहा छैन भन्नेमा ९ प्रतिशत रहेका छन् । कृषि तथा पशुपालनका क्षेत्रमा स्थानीय तहले महत्वका साथ कार्ययोजना र कार्यविधि बनाई लागू गर्नुका साथै नतिजाको आधारमा अनुदान दिने प्रणाली अवलम्बन गर्ने र उत्पादकत्व बढाउँदै आत्मनिर्भरतातर्फ अग्रसर हुनुपर्ने अवस्था आएको छ ।

३४. **फोहोरमैला व्यवस्थापन तथा वातावरण अनुकुलन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा (२) मा स्थानीयस्तरमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्ने प्रावधान रहेको छ । परीक्षणका

लागि छनौट गरिएका स्थानीय तहमध्ये जिरी, गोलवजार फेदीखोला, दिपायल, मिथिला, अमरगढी, तानसेन, मोहन्याल, उर्लावारी, खजुरा, गोरखा, गौरादह, गौशाला, परवानिपुर लगायतका १४ स्थानीय तहले फोहोरमैला व्यवस्थापन गर्न निर्देशिका/योजना कार्ययोजना नबनाएको, उर्लावारी, दिपायल, मिथिला, अमरगढी, गौरादह, मोहन्याल, रूपा, गोलवजार, खजुरा, गुर्भाकोट, गौशाला, फेदीखोला, परवानिपुर समेतका स्थानीय तहले ल्याण्डफिल्डसाइट र जिरी, धनकुटा, मिथिला, अमरगढी, गोलवजार, मोहन्याल, गौरादह, उर्लावारी, गोरखा, मेलम्ची, गौशाला, फेदीखोला, परवानिपुर स्थानीय तहहरूले ढलको व्यवस्थानगरेको, अमरगढी, मोहन्याल, गौरादह, गोरखा, परवानिपुर पालिकहरले नगर/बजार/बस्तिक्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था गरेको पाईएन । स्थानीय तहहरूले र ऐनको दफा ११ को उपदफा (४) मा वन, जङ्गल, वन्यजन्तु चराचुरुङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता व्यवस्थापन गर्ने प्रावधान रहेपनि नमूना छनौटमा परेका स्थानीय तहले यससम्बन्धी कार्यक्रम सञ्चालनको कुनै विवरण उपलब्ध गराएका छैनन् । सञ्चालन भएका कार्यक्रम पनि तालिम गोष्ठीमा मात्र सीमित रहेको देखिन्छ ।

जनस्वास्थ्यमा जोखिम कम गर्न तथा वातावरण र सरसफाईलाई उचितस्तरको बनाउन ल्याण्डफिल्ड साइट साइट, ढल, सार्वजनिक शौचालय तथा फोहोरमैला व्यवस्थापनसम्बन्धी निर्देशिका, कार्ययोजना तयार नगर्नु तथा जलवायु अनुकुलन कार्यक्रम सञ्चालन नगर्नुले स्थानीय तहले वातावरण संरक्षणतर्फ कम ध्यान दिएको देखिन्छ । अतः स्थानीयस्तरमा वातावरण अनुकुलन बनाउनका लागि फोहोरमैला व्यवस्थापनसम्बन्धी निर्देशिका/कार्ययोजना तयार गरी नगर/बजार/बस्ती क्षेत्रमा ढलको व्यवस्था तथा सार्वजनिक शौचालयको उचित प्रबन्ध गर्नुपर्ने देखिन्छ ।

३५. **जलवायु अनुकूलन कार्यक्रम –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) मा वन, जङ्गल, वन्यजन्तु चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता व्यवस्थापन स्थानीय तहले गर्नुपर्ने व्यहोरा उल्लेख छ । विवरण उपलब्ध गराउने ३ स्थानीय तहले जलवायु परिवर्तनसम्बन्धी १५ गोष्ठि/छलफल कार्यक्रम ७०० को उपस्थितिमा गरेको, गोलवजार समेत २ स्थानीय तहले जलवायु परिवर्तनसम्बन्धी १६ तालिम कार्यक्रम ६७३ को उपस्थितिमा गरेको, १ स्थानीय तहले वातावरण अनुकूलनसम्बन्धी २ गोष्ठी २५ को उपस्थितिमा गरेको, ६ स्थानीय तहले वृक्षारोपणको १७ कार्यक्रममा ७७५ को उपस्थिति, २. स्थानीय तहले ५९ पानिको मुहान संरक्षण कार्यक्रम सञ्चालन गरेको विवरण उपलब्ध गराएका छन् भन्ने नमूना छनौटमा परेका अन्य स्थानीय तहले यससम्बन्धी कार्यक्रम सञ्चालनको कुनै विवरण उपलब्ध गराएका छैनन् । सञ्चालन भएका कार्यक्रमहरू पनि तालिम गोष्ठीमा सीमित रहेको नतिजाप्रधान कार्यक्रमहरू न्यून रहेको देखिन्छ । जलवायु परिवर्तनको अनुकूलन कार्यक्रमलाई स्थानीय तहले प्राथमिकता नदिएको कारणले यस्तो अवस्था भएको हो, जसले गर्दा जलवायु प्रतिकुलताबाट स्थानीय तहमा पर्नसक्ने प्रभाव न्यूनीकरण गर्न नसकिने देखिन्छ । अतःकानुनको व्यवस्थाबमोजिम संघ र प्रदेश सरकारसँग समन्वय गरी जलवायु अनुकूलन कार्यक्रममा थप सक्रियता बढाउनुपर्दछ ।

३६. **संघ, प्रदेश र स्थानीय तहबीचको साझेदारी –** कार्य विश्लेषण तथा जिम्मेवारी बाँडफाँडसम्बन्धी कार्ययोजना २०७४ बमोजिम स्थानीय तहहरूबाट प्रवाह गर्न नसकिने सेवा तथा कार्यान्वयन गर्न नसकिने योजनाका लागि प्रदेश र संघीय तहमा सिफारिस/अनुरोध गर्न सकिने व्यवस्था रहेको छ । सो सम्बन्धमा १७ स्थानीय तहबाट प्राप्त विवरणअनुसार रूपा, तानसेन, अमरगढी, मेलाम्ची, उर्लाबारी, गौरादह लगायतका स्थानीय तहमा सिफारिश गरिएका योजनामा बजेट प्राप्त भएको उल्लेख छ ।

तर गोरखा, खजुरा र जिरी नगरस्थानीय तहबाट सिफारिस गरिएका ९ योजना कार्यान्वयन भएका छैनन् । स्थानीय तहबाट सञ्चालन गर्न नसकिने योजना तथा कार्यक्रमका लागि माथिल्लो तहसँग बजेट प्राप्त गरी कार्यान्वयन प्रभावकारी नहुँदा बजेट तथा कार्यक्रमको सदुपयोग नहुने, आवश्यक स्थानमा बजेटको अभाव हुने, तथा अत्यावश्यक कार्यक्रम कार्यान्वयनमा गतिरोध आउने देखिन्छ । अतःतिनै तहकाबीचमा समन्वय र सहकार्य कायम हुने तथा बजेट तथा कार्यक्रमको सदुपयोग हुनेगरी स्थानीय तहले माथिल्लो तहबाट बजेट तथा कार्यक्रम निर्धारण तथा प्राप्त गरी समयमै तदारुकतापूर्वक कार्यान्वयन गरिनुपर्दछ ।

३७. **स्थानीय तहको न्यायिक व्यवस्था –** नेपालको संविधान (२०७२), को धारा २१७ मा कानुनबमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरूपण गर्न प्रत्येक स्थानीय तहमा उपाध्यक्ष/उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८

मा न्यायिक कार्यसम्बन्धी व्यवस्थाछ । न्यायिक समितिका काम कारबाहीसम्बन्धी प्राप्त विवरणको विश्लेषण गर्दा २०७४/७५ मा १२ स्थानीय तहमा ४३६ देवानी र ६ फौजदारी प्रकृतिको उजुरी परेकोमा ९ स्थानीय तहले २२० देवानी, रूपा र उर्लावारीले १/१ फौजदारी उजुरी निरूपण गरेको पाईयो । गौरादह, गोरखा, गौशाला, फेदीखोला, अमरगढी, स्थानीय तहमा न्यायिक समितिद्वारा निरूपण भएकामध्ये ११ विवाद पुनरावलोकनमा गएको पाईयो । उर्लाबारी लगायत ७ स्थानीय तहको न्यायिक समितिबाट १९६ मिलापत्र भएको विवरण प्राप्त भएको छ । गौरादह र गौशाला स्थानीय तहले कानुन समूहका कर्मचारीको व्यवस्था गरेको, धनकुटा, मिथिला, मेलम्ची लगायत ९ स्थानीय तहले कानुनी सल्लाहकार नियुक्ति गरेको विवरण उपलब्ध गराए तापनि न्यायिक समितिको कामलाई व्यवस्थित गरेको भने देखिएन । स्थानीय तहबाट सम्पादन हुने न्यायिक कार्य सन्तोषजनक हुने देखिएन । उजुरीहरू समयमा निरूपण नहुने र सेवाग्राही समेत सन्तुष्ट नभएको अवस्था छ । स्थानीय तहले न्यायिक समितिको कामलाई व्यवस्थित गरेको देखिएन । न्यायिक सेवा स्थानीयस्तरमै प्रवाह गर्नका लागि संरचना गरिएको न्यायिक समितिको काम कारबाही प्रभावकारी र नतिजामुखी हुनसकेको देखिएन । समितिमा परेका उजुरी समयमा निरूपण नहुनुमा कानुनसम्बन्धी जनशक्तिको अभाव समेत देखिन्छ । अतः आवश्यक जनशक्ति व्यवस्थापन गरी परेका उजुरीको समयमै निरूपण गरी न्यायिक सेवाप्रवाहलाई शुलभ, सरल र प्रभावकारी बनाउनुपर्दछ ।

३८. **तथ्याङ्क र अभिलेख –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ का उपदफा (२) प्रकरण (च) बमोजिम स्थानीय तहहरूले आधारभूत तथ्याङ्क सङ्कलन गरी सोको अभिलेख समेत राख्नुपर्ने व्यवस्था रहेको छ । व्यक्तिगत घटना दर्ता पञ्जीकरण व्यवस्थापन तथा नाता प्रमाणित गर्ने कार्य, सिफारिस प्रदान सेवा, भवन निर्माण अनुमति प्रदान, विद्यालय स्थापना, वस्तु तथा सेवाको गुणस्तर नियमन लगायतका सेवा स्थानीय तहबाट सञ्चालनगर्ने व्यवस्था छ । परवानिपुर, गौशाला, मोहन्याल, मिथिला, अमरगढी, खजुरा, गोरादह, रूपा, गोरखा, तानसेन, दिपायल, धनकुटा, फेदीखोला, गुर्भाकोट समेत १४ स्थानीय तहले व्यक्तिगत घटना दर्ता, नाता प्रमाणित, सार्वजनिक निर्माण कार्यको इजाजतपत्र जारी गर्ने गरे तापनि सोको संख्यात्मक विवरण खुल्ने गरी व्यवस्थित अभिलेख राखेको पाईएन । प्राकृतिक एवं खानीजन्य वस्तुको निकासी अनुमति प्रदान एवं नवीकरण गर्ने कार्य कुनैपनि स्थानीय तहले गरेका छैनन् । मिथिला, अमरगढी, खजुरा, गोरादह, रूपा, गोरखा, परवानिपुर, गौशाला, मोहन्याल, तानसेन, दिपायल, धनकुटा, फेदीखोला, गुर्भाकोट स्थानीय तहले मापदण्डबमोजिम भवन निर्माण अनुमति प्रदान गर्ने र सोको अभिलेख राखेको पाईएन । जिरी, दिपायल, रूपा, तानसेन, मोहन्याल, फेदीखोला, गौरादह, उर्लावारी, मेलम्ची, स्थानीय तहले सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना अनुमति प्रदान गर्नेगरेका छैनन् । अनुमति प्रदान गर्नेस्थानीय तहले समेत व्यवस्थित अभिलेख राखेको पाईएन । जिरी, गोलवजार, मेलम्ची, उर्लावारी, दिपायल, गौरादह, धनकुटा, गोरखा, फेदीखोला, खजुरा, रूपा, मोहन्याल, तानसेन, अमरगढी, मिथिला समेत १५ स्थानीय तहले टयूसन कोचिङ्ग जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमतिप्रदान गरेको पाईएन । ललितपुर, जिरी, खजुरा, गुर्भाकोट, फेदीखोला, गौरादह समेत ६ स्थानीय तहलेस्थानीय वस्तु र सेवाव्यापारको मूल्य र गुणस्तर अनुगमननियमन गरेको पाईएन । गुणस्तर अनुगमननियमन गरेको जानकारी उपलब्ध गराउने गोलवजार, उर्लावारी, गोरखा, परवानिपुर, गौशाला, मोहन्याल, तानसेन, अमरगढी, मिथिला, दिपायल स्थानीय तहले समेत व्यवस्थितअभिलेख राखेको पाईएन ।

ऐनबमोजिम प्रदान गर्नुपर्ने सेवा कतिपय स्थानीय तहले प्रदान नगरेको, प्रदान गरिएको सेवाको व्यवस्थित अभिलेख नहुँदा काममा दोहोरोपना हुने, स्थानीय तथ्याङ्क प्राप्त गर्न कठिनाई आउने जस्ता समस्या देखिन्छन् । अन्तरवार्ताको क्रममा आधाभन्दा बढी सेवाग्राहीहरूले समयमा काम भएन, दुःख पाइयो, सेवा प्रवाह ठीकै वा नराम्रो उल्लेख गरेबाट स्थानीय तह प्रति सेवाग्राहीको दृष्टिकोण सन्तोषजनक देखिदैन । तसर्थ स्थानीय तहले सेवाप्रवाहको व्यवस्थित अभिलेख राखी स्थानीय तह सञ्चालन तथा व्यवस्थापनलाई छिटो, छरितो, सुलभ र गुणस्तरयुक्त बनाउनुका साथै आफ्नो अधिकार क्षेत्र भित्रका कामको अद्यावधिक तथ्याङ्क र विवरण तयार गर्न स्थानीय तहहरू सक्रिय रहनुपर्दछ ।

३९. **आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण प्रणाली –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७८ बमोजिम स्थानीय तहले सम्पादन गर्ने कार्यको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्ने, आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७७ बमोजिम स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार लेखापरक्षिण प्रतिवेदनको व्यहोरा सम्बन्धमा लगत राखी आवश्यक कारबाही गर्नुपर्ने व्यवस्था रहेको छ । परीक्षण गरिएकामध्ये कुनै पनि स्थानीय तहले कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली

तयार गरी कार्यान्वयन गरेको पाईएन । १७ स्थानीय तहले अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक सुनुवाईसम्बन्धी छुट्टै कार्यविधि समेत तयार गरेको पाइएन । ७ स्थानीय तहमा आन्तरिक लेखापरीक्षण ईकाइ गठन भएको पाइएन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको संगठन व्यवस्थापन सर्वेक्षणमा प्रत्येक स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत अन्तर्गत रहने गरी एक आन्तरिक लेखापरीक्षक रहने व्यवस्था छ । जुन लेखापरीक्षणको स्वतन्त्रता र कार्यबोझको दृष्टिले उपयुक्त देखिँदैन । अध्ययन गरिएकामध्ये विवरण उपलब्ध गराएका विभिन्न ११ स्थानीय तहका अन्तिम लेखापरीक्षणबाट २०७३/७४ देखि २०७५/७६ सम्म कुल रु.१ अर्ब ५ करोड ७ लाख ३० हजार बेरुजु रहेकोमा रु.७ करोड २८ लाख ५४ हजार (७ प्रतिशत) मात्रै फछ्यौंट भई रु.९७ करोड ७८ लाख ७६ हजार बाँकी रहेको पाईयो ।

आर्थिक वर्ष	बेरुजु रकम	कायम भएकोमध्ये फछ्यौंट भएको रकम	बाँकी बेरुजु
२०७३/७४	३४८४४३	७०५४	३४१३८९
२०७४/७५	२७८३१०	१०८६५	२६७४४५
२०७५/७६	४२३९७७	५४९३५	३६९०४२
जम्मा	१०५०७३०	७२८५४	९७७८७६

यसबाट स्थानीय तहहरू बेरुजु फछ्यौंटमा सजग रहेको देखिएन । फलस्वरूप समग्र स्थानीय तहको आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण प्रभावकारी नभएको र अन्तिम लेखापरीक्षणका बेरुजु समेत समयमा फछ्यौट नगरेबाट वित्तीय अनुशासन कमजोर रहेको छ । तर्सथ आ आफ्ना कामको प्रकृति र जोखिम विश्लेषणका आधारमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ । सबै स्थानीय तहले अनिवार्यरूपमा लेखापरीक्षण इकाई गठन गरी स्वतन्त्र लेखापरीक्षकबाट लेखापरीक्षण गराउने व्यवस्था मिलाउनुपर्दछ । अन्तिम लेखापरीक्षणमा औंल्याएका विषयको लगत अद्यावधिक गर्नुका साथै कायम भएको बेरुजु फछ्यौंटमा समेत स्थानीय तह तदारुकताका साथ सक्रिय हुनुपर्दछ ।

४०. **शैक्षिक संस्थाको लेखापरीक्षण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ को उपदफा (१)मा स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्नेछ भन्ने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा १६ को उपदफा (४) को प्रकरण (क) को (९) मा गाउँस्थानीय तह तथा नगरस्थानीय तहको चलअचल सम्पत्ति हेरचाह तथा मर्मतसंभार गर्ने गराउने र आम्दानी खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने प्रावधान रहेको छ । विगत ३ वर्षको प्राप्त विवरणअनुसार २०७३/७४ मा ५ स्थानीय तहका ९९ विद्यालय, २०७४/७५ मा गोलवजार धनकुटा लगायतका ७ स्थानीय तहका २४५,२०७५/७६ मा जिरी, मेलम्ची लगायत ८ स्थानीय तहका २५६ विद्यालयको मात्र लेखापरीक्षण गरिएको विवरण उपलब्ध गराएका छन् भने अन्य स्थानीय तहले लेखापरीक्षण गराएको विवरण उपलब्ध गराएका छैनन् । सामुदायीक शैक्षिक संस्थाको लेखापरीक्षण सम्बन्धी स्पष्ट कानुनी व्यवस्था नहुंदा तथा स्थानीय तहकै आँगिक निकाय भएको हुनाले स्थानीय सरकार सञ्चालन ऐनले स्पष्ट व्यवस्था गरेको र सरकारी कोष खर्च हुने सामुदायिक विद्यालयहरूको लेखापरीक्षण समयमै नहुँदा सार्वजनिक खर्चको लेखाङ्कन र लेखापरीक्षणको पालन भएको देखिएन । यसले एकातिर विद्यालयहरू आर्थिक अनुशासनमा रहेको नदेखिएको र अर्कोतिर स्थानीय सरकारहरूले सोको लागि कुनै तत्परता तथा उत्तरदायित्वबोध नगरेको देखिन्छ । तसर्थ सबै स्थानीय तहले आफु अन्तर्गतका शैक्षिक संस्थाहरूको समयमै लेखापरीक्षण गराउनुपर्दछ ।

४१. **सार्वजनिक सुनुवाई –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा७८ को उपदफा (५) मा हरेक स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरी वित्तीय जवाफदेहितालाई प्रभावकारी बनाउने व्यवस्था छ । छनौटमा परेकामध्ये धनकुटा, गौरादह, मेलम्ची, फेदीखोला, खजुरा, जिरी, ललितपुर, दिपायल, मिथिला, परवानिपुर, गोरखा, गोलवजार स्थानीय तहले अनुगमन, मूल्याङ्कन तथा सार्वजनिक सुनुवाईसम्बन्धी छुट्टै कार्यविधि तयार नगरेको, गुर्भाकोट, जिरी, मिथिला, अमरगढी, मोहन्याल, परवानिपुर, गोलवजार स्थानीय तहले सार्वजनिक सुनुवाई वा सामाजिक परीक्षण नै नगरेको विवरण प्राप्त भएकोछ । स्थानीय तहको वडा तथा टोलमा सार्वजनिक सुनुवाई भए नभएको सम्बन्धमा स्थानीय बासिन्दालाई सोधिएकोमा सार्वजनिक सुनुवाई भएको छ भन्नेमा ४०प्रतिशत, छैन भन्नेमा ४२प्रतिशत र मलाई थाहा छैन भन्नेमा २८ प्रतिशत को मत रहेको छ । अनुगमन, मूल्याङ्कन सम्बन्धी कार्यविधि नभएको एवं नियमित रूपमा सार्वजनिक

सुनुवाई नगरिने अवस्थाले स्थानीय तहको काम कारबाही पारदर्शी, उत्तरदायी र जवाफदेही नभएको पाईयो । अतःस्थानीय तहहरूले प्रचलित कानुनबमोजिम आफ्ना काम कारबाही बारेमा नियमित सार्वजनिक सुनुवाई गर्ने, आयोजनाहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने र सोसम्बन्धी प्रतिवेदन अद्यावधिक गर्नुपर्दछ ।

४२. **स्थानीय कोष व्यवस्थापन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ को उपदफा (१) मा प्रत्येक गाउँस्थानीय तह तथा नगरस्थानीय तहको आफ्नो स्थानीय सञ्चितकोष रहनेछ । उपदफा (४) मा कोषमा जम्मा भएको रकम खर्च गर्नेसम्बन्धी व्यवस्था स्थानीय कानुनबमोजिम हुनेछ । त्यसैगरी सोही ऐनको दफा ७० मा गाउँपालिका तथा नगरपालिकाले स्थानीय कानुनबमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्नसक्नेछ भन्ने व्यवस्था छ । धनकुटा, मिथिला, मेलम्ची, उर्लाबारी लगायतका १३ स्थानीय तहमा सञ्चालन कार्यविधि र मार्गदर्शन बेगरका देहायबमोजिमका कोष सञ्चालनमा रहेको पाईयो :

स्थानीय तह संख्या	कार्यविधि मार्गदर्शन	कोषको संख्या	कोषको खर्च तथा आम्दानी रकम रु हजारमा						
			२०७४/७५			२०७५/७६			७६/७७
			आम्दानी	खर्च	बाँकी	आम्दानी	खर्च	बाँकी	आम्दानी
१३	नभएको	४३	१०२१५९	१८२६०	८३८९९	१०४७५१	२१४४२	८७१५६	११५८५०

कार्यविधि मापदण्ड बेगर कोष सञ्चालन गरी खर्च गर्ने परिपाटीमा अविलम्ब नियन्त्रण हुनुपर्दछ ।

४३. **समितिको गठन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकताअनुसार अन्य समिति र विशेष समिति गठन गर्नसक्ने छ भन्ने व्यवस्था गरेको छ । नमूना छनौटमा परेका स्थानीय तहमध्ये परवानिपुर, गोरखा, धनकुटा, अमरगढी, गौशाला, मोहन्याल, खजुरा, गुर्भाकोट, समेतका ८ स्थानीय तहमा लेखा समिति परवानिपुर, गौशाला, मोहन्यालमा विधायन समिति फेदीखोला, अमरगढी, खजुरा, गुर्भाकोट, परवानीपुर, गौशाला, मोहन्याल समेत ७ स्थानीय तहमा सुशासन समिति गठन भएको देखिएन । गठन भएकोमा पनि समितिहरूले सक्रिय रूपमा कार्य गरेको पाईएन । स्थानीय तहले समिति गठन नगर्दा स्थानीय कार्यस्थानीय तहले गर्ने कामहरूको नियमन गर्न समस्या हुने भएकाले स्थानीय तहहरूले कानुनमा व्यवस्था गरी विभीन्न समितिहरू गठन गरी तिनीहरूलाई सक्रिय बनाई स्थानीय लोकतन्त्रलाई सुदृढ तुल्याउन अग्रसर हुनुपर्दछ ।

४४. **संस्था र सहकारी दर्ता एवं नियमन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले संघ र प्रदेश कानुनको अधिनमा रहेर संघ, संस्थादर्ता तथा नवीकरण गर्नुपर्नेमा विवरण पेस भएकामध्ये मेलम्ची, गोलवजार, गौरादह, उर्लावारी, परवानीपुर, गौशाला, मोहन्याल, मिथिला, अमरगढी, जिरी, खजुरा समेत ११ स्थानीय तहले संघ, संस्थादर्ता, नवीकरण, खारेजी वा विघटनसम्बन्धी कानुनको अधिकार र प्रावधानको उपयोग गरेको देखिदैन । सोही ऐनको दफा ११ मा सहकारीसम्बन्धी नीति, कानुन, मापदण्ड निर्माण, कार्यन्वयन र नियमन गर्ने, आफ्नो क्षेत्रमा सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन गर्ने प्रावधान रहेको छ । कुनैपनि स्थानीय तहले सहकारी सञ्चालनको मापदण्ड निर्धारण गरी सोअनुरूप सञ्चालन भए नभएको अनुगमन गर्ने गरेका छैनन । फेदीखोला, दिपायल, तानसेन, गुर्भाकोट, धनकुटा लगायत ५ स्थानीय तहले सहकारी दर्ता नवीकरणको कार्य गरेपनि अन्यले तत्सम्बन्धी कार्य गरेको विवरण उपलब्ध भएन । कानुनले प्रदान गरेको अधिकारबमोजिम कार्य नगर्दा संघ संस्था नवीकरण बेगर उद्देश्य विपरीत सञ्चालन हुने, सहकारीको नियमन नहुँदा कतिपय बचत तथा सहकारी संस्थाहरू मापदण्ड विपरीत बचत सङ्कलन गरी पलायन भएको अवस्था समेत रहेको छ । कानुनबाट सिर्जना भएको अधिकार तथा प्रावधानको उपयोग गर्दै आफ्नो क्षेत्राधिकार भित्र कार्यरत संघ संस्था र सहकारीहरूको नियमन, नवीकरण र खारेजी वा विघटन कार्यलाई सुदृढ र प्रणालीगत तुल्याउनुपर्दछ ।

४५. **स्थानीय तहको सेवाप्रवाह –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, ६, ७ र ८ मा स्थानीय तहले प्रवाह गर्नुपर्ने सेवासम्बन्धमा उल्लेख गरेको छ । स्थानीय तहका बासिन्दाहरू उपरोक्तबमोजिमको व्यवस्था भएअनुसार सेवा सुविधा लिन स्थानीय तहमा आउँदछन् । छनौट भएका स्थानीय तहमा सेवालिन आएका सर्वसाधारणसँग सेवाप्रवाह लिन स्थानीय तहमा आउँदा कर्मचारीहरूले सेवाग्राहीहरूलाई गर्ने व्यवहार सम्बन्धमा सोधिएकोमा ६३ प्रतिशतले सहयोगी व्यवहार गरेको, १८ प्रतिशतले ढिला सुस्ति गर्ने, १८ प्रतिशतले चिनेजानेको व्यक्तिको पहिला काम हुने गरेको र १ प्रतिशतले एजेन्ट मार्फत मात्र काम हुने गरेको जवाफ दिएका छन । स्थानीय तहका वडा प्रतिनिधि तथा कर्मचारीहरू

खोजेको समयमा कार्यालयमा फेला पर्दछन कि पर्दैनन् भनी सोधिएकोमा ५१ प्रतिशतले फेला पर्दछन, १० प्रतिशतले फेला पर्दैनन र ३९ प्रतिशतले कहिले भेटिन्छन कहिले भेटिँदैनन् भन्ने जवाफ दिएका छन । स्थानीय तहले पछिल्लो २ वर्षमा गरेको विकास सुधार भएको क्षेत्रबारे सोधिएकोमा पहिलो सडक, दोस्रो स्वास्थ्य, तेस्रो सामाजिक सुरक्षा र चौथो सिँचाइ र खानेपानी रहेको पाईयो । उपरोक्त आधारमा स्थानीय तहहरूले प्रवाह गरेको सेवा उपर सेवाग्राहीहरू पूर्णरूपमा सन्तुष्ट भएको देखिँदैन । तर्सथ स्थानीय तहहरूले सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट कमजोरी पहिचान गरी सेवाप्रवाहको अवस्थामा सुधार गरिनुपर्दछ ।

४६. **माग गरिएको विवरण –** लेखापरीक्षण ऐन, २०७५ मा लेखापरीक्षकलाई वित्ती यविवरण तथा लेखा उपलब्ध नगराउने, लेखासँग सम्बन्धित कागजात पेश नगर्ने, तत्सम्बन्धी सूचना तथा जानकारी नदिने, तोकिएबमोजिमको ढाँचामा लेखा नराख्ने, लेखापरीक्षणसम्बन्धी काम कारबाहीमा बाधा बिरोध गर्ने तथा यससम्बन्धी कानुन उलङ्घन गर्नेसम्बन्धी तकामको जिम्मेवारी तोकिएको पदाधिकारी वा व्यक्तिलाई महालेखापरीक्षकले विभागीय कारबाही लगायतका प्रचलित कानुनबमोजिमको कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनसक्नेछ । यसप्रकार लेखी आएमा सम्बन्धित निकायले पदाधिकारी वा व्यक्तिलाई यथाशीघ्र कारबाही गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्नेछ भन्ने व्यवस्था छ । कार्यालयले लेखापरीक्षणका क्रममा संरचित प्रश्नावलीका माध्यमबाट आवश्यक विवरण तथा जानकारी माग गरिएकोमा छनौट भएका सबै स्थानीय तहबाट प्रश्नावलीको जवाफ प्राप्त भएको छैन । सम्बन्धित पदाधिकारी तथा कर्मचारीसँग प्रवेश बैठक र अन्तरक्रिया गरी प्रश्नावलीको प्रिन्ट तथा विद्युतीय प्रति (Hard &Soft Copy) उपलब्ध गराउनुका साथै यस कार्यालयका अतिरिक्त संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समेत इमेल मार्फत प्रश्नावली उपलब्ध गराईएकोमा सोअनुसार ८ स्थानीय तहबाट सूचना तथा विवरण उपलब्ध हुन नसकेका कारण पर्याप्तरूपमा परीक्षण विश्लेषण गर्न सकिएन । तसर्थ सूचना तथा विवरण उपलब्ध नगराउने स्थानीय तहलाई ऐनबमोजिम कारबाही गर्नुपर्दछ । (यससम्बन्धी विवरण अनुसूची २ मा समावेश छ ।)

उपरोक्त आधारमा स्थानिय तहहरूले प्रवाह गरेको सेवा उपर सेवाग्राहीहरू पूर्णरूपमा सन्तुष्ट भएको देखिँदैन । गाउँपालिका तथा नगरपालिकाहरूले संविधानमा उल्लेख भएको अधिकार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाबमोजिम सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी, उत्तरदायी, जवाफदेही र जनसहभागितामूलक बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रमका साथै सेवाप्रवाहमा आईपर्ने जोखिमको पहिचान गर्ने, नियन्त्रणको वातावरण बनाउने, सूचनाको प्रसार गर्ने, अनुगमन तथा मूल्याङ्कन नियमितरूपमा गर्ने जस्ता कार्यमा ध्यान नपुऱ्याउँदा स्थानीयबासीको अभिमतमा एकरूपता रहेको पाइएन । तसर्थ गाउँपालिका तथा नगरपालिकाहरूले नेपालको संविधान तथा प्रचलित नेपाल कानुनको अधीनमा रही सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, पारदर्शिता सुनिश्चित गरी शुलभ, गुणस्तरीय र सहज सेवाप्रवाह गर्दै समानुपातिक समावेशी र न्यायोचित वितरण प्रणाली अवलम्बन गरी स्थानीय तह सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ ।

४७. **निष्कर्ष –** नौलो अभ्यासका रूपमा रहेको संघीयता कार्यान्वयनका लागि सविधानले परिकल्पना गरेको स्थानीय शासन र स्वशासनलाई प्रवर्द्धन गर्न निर्वाचनका माध्यमबाट जनप्रतिनिधि निर्वाचित भई स्थानीय सरकारको राजनीतिक संरचना निर्माण भएका छन् । संविधानको परिकल्पनाबमोजिम स्थानीय तहमा कार्यकारीको रूपमा कार्य स्थानीय तह, गाँउ/नगर सभाको रूपमा विधायिकी र न्यायिक समितिमार्फत न्याय सम्पादनका कार्य सुचारु भई रहेका छन् । कर्मचारी समायोजन मार्फत स्थानीय तहका लागि आवश्यक जनशक्ति व्यवस्थापनको कार्य सम्पन्न भएको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र अन्तर्गत स्रोत प्राप्ति र स्थानीय प्राथमकिताका आधारमा स्रोत बाँडफाँड गर्ने कार्य स्थानीय बजेट तथा योजना तर्जूमा मार्फत शुरुवात गरेका छन् । स्वशासन र स्थानीय शासनका लागि आवश्यक कानुन निर्माण र कार्यान्वयन भईरहेका छन् भने जनताको सवैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहले स्थानीय नागरिकका आवश्यकताका आधारमा विभिन्न प्रकारका सेवाप्रवाहका साथै स्थानीय जनताका मागका आधारमा विकास निर्माण, सामाजिक विकास, आर्थिक विकासका क्रियाकलाप सञ्चालन गरी संघीयता कार्यान्वयनका लागि दरिलो आधार स्तम्भ निर्माण गरिरहेका छन् ।

तथापि न्यून जनशक्ति, अनुभवको कमी लगायतका सीमाका कारण स्थानीय तहले संविधान तथा अन्य कानुनले परिकल्पना गरेसम्म सेवाप्रवाह गरी संघीयताको प्राथमिक आधारशीलाको रूपमा सक्षम हुन सकिरहेका छैनन् । क्षतिपूर्ति सहितको नागरिक बडापत्र मार्फत प्रभावकारी सेवाप्रवाह गर्नुपर्नेमा कतिपय

स्थानीय तहमा नागरिक बडापत्र नरहेको, कुनै पनि स्थानीय तहमा क्षतिपूर्ति सहितको नागरिक बडापत्र नरहेको, सेवाग्राही सन्तुष्टी मापन नगरेको तथा प्रवाह गरिने सबै सेवाहरू नागरिक बडापत्रमा समावेश नगरेको अवस्था रहेको छ । यसैगरी सबै स्थानीय तहहरूले स्थानीय सरकार सञ्चालन ऐनबमोजिमका सबै सेवाप्रवाह शुरुवात नगरेको तथा सेवाप्रवाहको अद्यावधिक अभिलेख राखेका छैनन् । स्थानीय तहमा भौतिक पूर्वाधार तथा जनशक्तिको अभावका कारण अपेक्षित रूपमा सेवाप्रवाह गर्न नसक्नुका साथै स्थानीय तह सञ्चालनका लागि आवश्यक नीति, कानुन मापदण्ड निर्माण हुन सकिरहेका छैनन् भने पदाधिकारी तथा कर्मचारीहरूको अतिरिक्त सेवा सुविधामा स्रोत खर्च हुँदा स्थानीय विकास निर्माणमा स्रोत साधनको कमी भएको छ । योजनाबद्ध विकास मार्फत प्राथमिकता प्राप्त योजनामा स्रोत परिचालनमा सहयोग पुग्ने तथा स्थानीय आवश्यकतालाई प्राथमिकताका आधारमा बजेट विनियोजन गर्न सहज हुनेमा स्थानीय तहहरूले आवधिक योजना, शिक्षा क्षेत्रका योजना, विद्यालय सुधार योजना, सहरी विकास योजना जस्ता स्थानीय विकासलाई सहयोग पुग्ने योजना निर्माण गरेका छैनन् । जसका कारण योजना छनौटमा तर्दथवादी पद्धतिबाट योजना छनौट तथा सञ्चालन भईरहेका छन् भने सञ्चालित योजनाबाट लाभान्वित जनताका विवरण समेत नहुँदा कतिपय योजना सञ्चालनमा दोहोरो पर्ने तथा सञ्चालित योजनाको गुणस्तरमा समेत असर पर्ने देखिन्छ । यसैगरी स्थानीय स्रोत अनुमान समितिद्वारा निर्धारित सीमाभन्दा बढी अन्तिम बजेट कायम भएबाट स्रोत अनुमान समितिको सीमा निर्धारणको प्रभावकारी कार्यान्वयन भएको पाइएन ।

सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी, उत्तरदायी, जवाफदेही र जनसहभागितामूलक बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सर्वजनिक सुनुवाई कार्यक्रमका साथै सेवाप्रवाहमा आईपर्ने जोखिमको पहिचान गर्ने, नियन्त्रणको वातावरण बनाउने, सुचनाको प्रसार गर्ने, अनुगमन तथा मूल्याङ्कन नियमित रूपमा गर्ने जस्ता कार्यमा ध्यान नपुऱ्याउँदा स्थानीय बासिन्दाको अभिमतमा एकरूपता रहेको पाइएन । तसर्थ गाउँपालिका तथा नगरपालिकारूले नेपालको संविधान तथा प्रचलित नेपाल कानुनको अधिनमा रही सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, जनउत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी शुलभ, गुणस्तरीय र सहज सेवाप्रवाह गर्दै समानुपातिक समावेशी र न्यायोचित वितरण प्रणाली अवलम्बन गरी स्थानीय तह सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ । समग्र अवस्था विश्लेषण गर्दा स्थानीय तहको कार्य सम्पादन तथा कार्य प्रकियामा सुधारको आवश्यकता रहेको छ ।

स्वास्थ्य सेवाको नियमन

परिचय

१. **पृष्ठभूमि -** नेपालको संविधानको धारा ३५ अनुसार प्रत्येक नेपाली नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने, स्वास्थ्य उपचारको जानकारी पाउने तथा स्वास्थ्य सेवामा समान पहुँच र स्वच्छ खानेपानी तथा सरसफाईको पहुँच हुनुपर्ने गरी स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरेको छ। दिगो विकास लक्ष्यको तेस्रो लक्ष्य अन्तर्गत नेपाली जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याई स्वस्थ्य समाजको विकास गर्नु प्रमुख उद्देश्य रहेको छ। उक्त उद्देश्य हासिल गर्ने कार्यक्रम अन्तर्गत स्वास्थ्य जनताको आधारभूत अधिकार हो भन्ने विश्वव्यापी घोषणा अनुरूप आर्थिक सामाजिक रूपले पिछडिएका वर्गलाई प्राथमिकता दिदै **सबैका लागि स्वास्थ्य** अवधारणा कार्यान्वयन गर्नप्रतिबद्ध हुने, आल्मा आटा घोषणा, १९७८ बमोजिम जनतालाई निरोधात्मक, उपचारात्मक, प्रबर्द्धनात्मक र पुनःस्थापनात्मक सेवा उपलब्ध गराउने लक्ष्य लिइएको छ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

- स्वास्थ्य संस्थाहरूको दर्ता र नियमन,
- मापदण्डबमोजिमको पूर्वाधार निर्माण र व्यवस्थापन,
- निजी स्वास्थ्य संस्थाको सेवाप्रवाह अनुगमन र मूल्याङ्कन

स्वास्थ्यसम्बन्धी क्रियाकलापहरूमा स्वास्थ्य मन्त्रालय लगायत मातहतका स्वास्थ्य सेवा विभाग, औषधि व्यवस्थापन विभाग तथा सो अन्तर्गतका विभिन्न महाशाखा, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, राष्ट्रिय क्षयरोग केन्द्र, राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र, राष्ट्रियस्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, क्षेत्रीय मेडिकल स्टोर, क्षेत्रीय स्वास्थ्य निर्देशनालय र ७७ जिल्ला जनस्वास्थ्य र स्वास्थ्य कार्यालयको प्रत्यक्ष संलग्नता रहेको छ। यसका साथै राष्ट्रियस्तरका शिक्षण अस्पतालदेखि ग्रामीण इलाकामा सञ्चालित थुप्रै साना औषधि पसल तथा स्वास्थ्य संस्थाहरूबाट सेवाप्रवाह भइरहेको छ। स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थाको बारेमा बेग्ला बेग्लै विभिन्न आलोचना हुने गरेको, निःशुल्क वितरण गरिने औषधिसम्बन्धित वर्गमा पुग्न नसकेको, माग र आपूर्तिमा सन्तुलन नहुँदा मानव स्वास्थ्य जोखिममा परेको र राज्यको स्वास्थ्यसम्बन्धी हकको प्रत्याभूतीमा कठिनाई देखिएको छ। यस अवस्थामा स्वास्थ्य सेवाको नियमन प्रभावकारी बनाई राष्ट्रिय लक्ष्य सँगै दिगो विकास लक्ष्य प्राप्ति चुनौतीको रूपमा रहेको छ

२. **संगठनात्मक संरचना -** संघीय रूपमा स्वास्थ्य तथा जनसंख्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, केन्द्रीय अस्पतालहरू रहेका छन। ७ वटै प्रदेशमा प्रदेश स्वास्थ्य सेवा निर्देशनालयहरू, जनस्वास्थ्य कार्यालयहरू, प्रदेश अस्पतालहरू, जिल्ला अस्पतालहरू र स्थानीय तह अन्तर्गत प्राथमिक स्वास्थ्य चौकी र स्वास्थ्य चौकीहरू सञ्चालनमा रहेका छन्।

३. **निकायको सोच, लक्ष्य, उद्देश्य र रणनीति–**

(क) निकायको परिचय – स्वास्थ्य सेवासम्बन्धी नीति र योजनालाई कार्यान्वयनमा ल्याई सबै वर्ग क्षेत्र र समुदायका नागरिकहरूको स्वास्थ्य सेवाको पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको कार्यविभाजन नियमावली, २०७४ अनुरूप स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र यस अन्तर्गत विभाग तथा जिल्लागतरूपमा स्वास्थ्य कार्यालयहरूको स्थापना भएको हो। मुख्य रूपमा स्वास्थ्य सेवाको पहुँचमा स्तरोन्नति गर्न प्रजनन र मातृस्वास्थ्य सेवा, बाल स्वास्थ्य सेवा, सरुवा रोग नियन्त्रण सेवा तथा आपतकालीन स्वास्थ्य व्यवस्थापन जस्ता सेवा अन्तर्गत एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम, क्षयरोग नियन्त्रण, प्रजनन स्वास्थ्य तथा महिला स्वास्थ्य, प्राथमिक स्वास्थ्य सेवा तथा पुनर्जागरण कार्यक्रम, एकीकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, विस्तारित खोप कार्यक्रम र कालाज्वर नियन्त्रण आदि जस्ता कार्यक्रम सञ्चालन गर्ने गर्दछ। यी कार्यक्रम अन्तर्गत अत्यावश्यक औषधि तथा खोप खरिद गरी निःशुल्क वितरण गर्ने गरिएको छ। २५ शैयासम्मको जिल्ला अस्पतालमा ७० प्रकारका औषधिको ८३ डोजेज फम, प्राथमिक स्वास्थ्य केन्द्रमा ५८ प्रकार औषधिका ७१ डोजेज फम र हेल्थपोस्टमा ३५ प्रकारका औषधिका ३९ डोजेज फम निःशुल्क रूपमा वितरण गर्ने व्यवस्था गरेको देखिन्छ। जनताको स्वास्थ्य स्तर सबल बनाउन प्रतिरोधात्मक र निरोधात्मक औषधिहरू सर्वसुलभ बनाउन महत्वपूर्ण कार्य

भएको छ । स्वास्थ्यसँग सम्वद्ध निकायहरूले औषधि प्राप्ति, संरक्षण र वितरणमा सरलता र चुस्तता ल्याउन जरुरी भएको छ ।

(ख) उद्देश्य एवं लक्ष्य – राष्ट्रिय स्वास्थ्य नीति, २०७६ अनुरूप ग्रामीण जनतालाई आधारभूत स्वास्थ्य सुविधा वृद्धि गर्नु र आधुनिक चिकित्सा प्रणालीका सुविधाहरू पुर्‌याउन एवं उपचारात्मक स्वास्थ्य सेवा गुणस्तरीय एवं प्रभावकारी तवरले उपलब्ध गराउने उद्देश्यले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत कार्यसञ्चालन स्तरको कार्यालय स्थापना गरिएको देखिन्छ । यी कार्यालयसँगसम्बन्धित मुख्य लक्ष्यहरू निम्नानुसार छन्:

- जिल्ला स्वास्थ्य कार्यक्रमको निम्ति आवश्यक खोप, औषधि, औजार तथा विविध सामग्री सम्बन्धित निकायबाट प्राप्त गरी स्वास्थ्य चौकी मार्फत वितरण र उपयोगको व्यवस्था मिलाउने,
- प्राथमिक स्वास्थ्य केन्द्रहरूमार्फत प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम गर्ने गराउने,
- जिल्लाको स्वास्थ्य स्थिति र स्वास्थ्य सेवाको उपलब्धि झल्किने प्रतिवेदन तयार गर्ने तथा अभिलेख राख्ने कार्य रसम्बन्धित निकायहरूलाई समयमै पठाउने व्यवस्था मिलाउने,

स्वास्थ्य क्षेत्रका कार्यक्रमहरू सञ्चालन गरी गुणस्तरयुक्त अत्यावश्यकीय स्वास्थ्य सेवाको पहुँच र उपयोग वृद्धि गर्ने, स्वास्थ्य सेवाको पहुँचमा सांस्कृतिक र आर्थिक अवरोध घटाउने र स्वास्थ्य प्रणालीमा सुधार गरी अत्यावश्यक स्वास्थ्य सेवा विश्वव्यापीस्तरमा पुऱ्याउने उद्देश्यका साथ नेपाल स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम लागू भएको छ ।

(ग) राष्ट्रियस्वास्थ्य नीति, २०७६ – यस नीतिको उद्देश्य नागरिकको मौलिक हकको रूपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउँदै प्रत्येक नागरिकले सहज रूपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्य कर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्णस्वास्थ्य प्रणालीको स्थापना गर्नुका साथै स्वास्थ्य सेवामा जनसहभागिता प्रवर्द्धन गर्नु रहेको छ । यसले निर्धारण गरेका प्रमुख नीतिहरू निम्न छन् :

- सबै तहका स्वास्थ्य संस्थाहरूबाट तोकिएबमोजिम निःशुल्क आधारभुत स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।
- स्वास्थ्य बीमामार्फत विशेषज्ञ सेवाको सुलभ पहुँच सुनिश्चित गरिनेछ ।
- सबै नागरिकलाई आधारभूत आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य प्रणालीलाई संघीय संरचनाअनुरूप संघ, प्रदेश र स्थानीय तहमा पुनर्संरचना, सुधार एवं विकास तथा विस्तार गरिनेछ ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँच (Universal Health Coverage) को अवधारणाअनुरूप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा स्वास्थ्य सेवालाई एकीकृत रूपमा विकास तथा विस्तार गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा, सेवा अनुसन्धानका क्षेत्रमा निजी, आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन एवं संरक्षण गरिनेछ ।
- आयुर्वेद, प्राकृतिक चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणालीलाई एकीकृत रूपमा विकास र विस्तार गरिनेछ ।
- स्वास्थ्य सेवालाइ सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसंख्या, भुगोल र संघीय संरचना अनुरूप सीप मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिनेछ ।
- सेवाप्रदायक व्यक्ति तथा संस्थाबाट प्रदान गरिनेस्वास्थ्य सेवालाई प्रभावकारी, जवाफदेही र गुणस्तरीय बनाउन स्वास्थ्य व्यवसायी परिषदहरूको संरचनाको विकास, विस्तार तथा सुधार गरिनेछ ।

- गुणस्तरीय औषधि तथा प्रविधिजन्य स्वास्थ्य सामग्रीको आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्दै, कुशल उत्पादन, आपूर्ति, भण्डारण, वितरणलई नियमन तथा प्रभावकारी व्यवस्थापनमार्फत पहुँच एवं समुचित प्रयोग सुनिश्चित गरिनेछ ।
- सरुवा रोग, किटजन्य रोग, पशुपंछीजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अवलम्बन गरिनेछ ।
- नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिनेछ ।
- पोषणको अवस्थालाई सुधार गर्न, मिसावटयुक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।
- स्वास्थ्य अनुसन्धानलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप गुणस्तरीय बनाउँदै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरूलाई नीति निर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासमा प्रभावकारी उपयोग गरिनेछ ।
- स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकीकरण, गुणस्तरीय तथा प्रविधिमैत्री बनाई एकीकृत स्वास्थ्यसूचना प्रणालीको विकास गरिनेछ ।
- स्वास्थ्यसम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचारसम्बन्धी जानकारी पाउने हकको प्रत्याभुति गरिने छ ।
- मानसिक स्वास्थ्य, मुख, आँखा, नाक कान घाँटी स्वास्थ्य सेवालगायतका उपचार सेवालाई विकास र विस्तार गरिनेछ ।
- अस्पताललगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चित गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समायानुकुल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिनेछ ।
- जिवनपथको अवधारणाअनुरूप सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर-किशोरी तथा प्रजनन स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिकलगायतका सेवाको विकास तथा विस्तार गरिनेछ ।
- स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि आवश्यक वित्तीय स्रोत तथा विशेष कोषको व्यवस्था गरिनेछ ।
- बढ्दो सहरीकरण, आन्तरिक तथा बाह्य बसाई सराइजस्ता विषयहरूको समायानुकुल व्यवस्थापन गर्दै यसबाट हुने जनस्वास्थ्यसम्बन्धी समस्याहरूलाई समाधान गरिनेछ ।
- जनसांख्यिक तथ्याङ्क व्यवस्थापन, अनुसन्धान तथा विश्लेषण गरी निर्णय प्रक्रिया तथा कार्यक्रम तर्जुमासँग आवद्ध गरिनेछ ।
- जैविक प्रतिरोधलाई न्यूनीकरण गर्दै संक्रामक रोग नियन्त्रण तथा व्यवस्थापनका लागि एकद्धार स्वास्थ्य पद्धतिको विकास तथा विस्तार गरिनुका साथै वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण लगायतका वातावरणीय प्रदुषणका साथै खाद्यान्न प्रदुषणलाई वैज्ञानिक ढंगले नियमन तथा नियन्त्रण गरिनेछ ।
- आप्रवासन प्रक्रियाबाट जनस्वास्थ्यमा उत्पन्न हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्न तथा विदेशमा रहेका नेपाली नागरिकहरूको स्वास्थ्य सुरक्षाका लागि समुचित व्यवस्थापन गरिनेछ ।

४. **निकायको सञ्जाल तथा क्षेत्र –** नेपालमा संघीय संरचना लागु भएपश्चात यहाँको स्वास्थ्य सेवा तीन तहको सरकार मार्फत सञ्चालन भएको छ । संघले स्वास्थ्य सेवा सञ्चालन गर्न संघीय कानुन बनाउने, अन्तर्राष्ट्रिय समन्वय र सहकार्य गर्ने, संघीय स्वास्थ्य सेवाको सञ्चालनका साथै अन्य तहका सरकारलाई

नतोकिएका कार्य गर्ने लगायतका काम गर्ने र प्रदेश सरकारले स्वास्थ्य क्षेत्रका लागि आवश्यक प्रदेश कानुन, नीति मापदण्ड निर्माण, तथा राष्ट्रिय कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्नु रहको देखिन्छ । त्यसैगरी आधारभूत स्वास्थ्य सेवाको सञ्चालन स्थानीय सरकारको कार्य अन्तर्गत रहेको छ । यसरी देशको समग्र स्वास्थ्य सेवाको केन्द्र देखि स्थानीय तहसम्म विभिन्न सरकार र संरचनाको निर्माण र सोको कार्यान्वयनले यसको सञ्जाल राष्ट्रियस्तरमा फैलिएको र यसको फैलावट भएको क्षेत्र र त्यहाँको जनता नै यसको क्षेत्र रहेको छ । यसैबाट स्पष्ट हुन्छ की स्वास्थ्य सेवाको नियमनको क्षेत्रपनि उक्त क्षेत्रभित्र पर्ने समग्र स्वास्थ्य सेवासँगसम्बन्धित बस्तु तथा सेवाको उत्पादन विक्री वितरण र सोको व्यवस्थापनसँग सम्बन्धित समग्र क्रियाकलाप हुन् ।

५. आवधिक योजना तथा बजेटमा उल्लेख रणनीति, कार्यनीति, कार्यक्रम र क्रियाकलाप –

- **चौधौं आवधिक योजना २०७३/७४ देखि २०७५/७६ ले लिएका रणनीति तथा कार्यनीति –** चौधौ योजनामा स्वास्थ्यसँगसम्बन्धित रहेका मुख्य व्यहोराहरू निम्नानुसार रहेका छन् :

रणनीति –

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुनेगरी प्रभावकारी रूपमा सेवाउपलब्ध गराउने ।
- नवजातशिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने ।

कार्यनीति–

- आवश्यक औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गर्ने ।
- सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने ।
- स्वास्थ्य सेवाप्रवाहलाई पारदर्शी, जवाफदेही एवं जनउत्तरदायी बनाउन सुशासनमा जोड गर्ने ।
- मातृशिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गर्ने ।
- 'सुनौला हजार दिन' सम्बन्धी जनजागरण अभियानलाई निरन्तरता दिने ।
- प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवं बाल तथा शिशु स्वास्थ्य सेवा बारेमा जनचेतना अभिवृद्धि गर्ने ।
- नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गर्ने ।

२०७५/७६ को वजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रम –

- स्वास्थ्य सेवालाई सर्वशुलभ, भरपर्दो र गुणस्तरीय तुल्याईनेछ । आधारभूत स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमाको कार्यक्रम मुलुकभर विस्तार गरिनेछ । आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भावस्था देखिनै प्रसुती सुरक्षा सेवा पुऱ्याईनेछ । स्थानीय तहबाट सञ्चालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय तहसँगको लागत सहभागितामा आगामी २ वर्षभित्र सबै वडाहरूमा न्यूनतम एक स्वास्थ्य संस्था स्थापना गरिने ।
- सबै स्थानीय तहमा कम्तिमा एक चिकित्सकको सेवा सुनिश्चित गरिनेछ । आधारभूत औषधिहरूमा आत्मनिर्भर हुन औषधि उत्पादनको क्षमता विस्तार गर्न प्रोत्साहित गरिने ।

- एकसय शैयाभन्दा बढी क्षमताका अस्पतालहरूमा विस्तारित स्वास्थ्य सेवा सञ्चालन अनिवार्य गरिने । अस्पतालहरूमा जेष्ठ नागरिक वार्ड स्थापना गरिने । निजी क्षेत्रका मेडिकल कलेजहरूको सहकार्यमा दुर्गम क्षेत्रमा विशेषज्ञ सहितको घुम्ती अस्पताल सेवा सञ्चालनगरिने ।

- सात वटै प्रदेशमा सरकारीस्तरमा एक एक चिकित्साशास्त्र अध्ययन प्रतिष्ठान रहनेगरी थप संस्था खोल्ने प्रकृया अघि बढाईनेछ । स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी एकीकृत ऐन ल्याईनेछ ।

- ध्यान र योगको माध्यमबाट स्वस्थ्य शरिर, सकारात्मक सोच र व्यक्तित्व विकास गर्न नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरिने ।

- आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची र प्राकृतिक चिकित्सा जस्ता वैकल्पिक उपचार पद्धतिलाई एलोपेथिक उपचारसँग एकीकृत गरी स्वास्थ्य सेवाप्रवाह गर्ने व्यवस्था मिलाउने ।

- महामारी रोग नियन्त्रण र निवारण कार्यलाई प्रभावकारी बनाउन विशेषज्ञ सहितको द्रुत टोली परिचालन गर्ने ।

६. **बजेट र खर्च व्यवस्था –** स्वास्थ्य सेवामा गरिएको खर्चमध्ये नेपाल सरकारका कर्मचारीहरूको तलब, भत्ता सरकारको वित्तीय स्रोतबाट र कार्यक्रमहरू नेपाल सरकारको स्रोत तथा विभिन्न अन्तर्राष्ट्रिय संस्थासँग भएको सम्झौताअनुसार प्राप्त रकमबाट सञ्चालन हुँदै आएका छन् । जिल्ला स्वास्थ्य कार्यालयबाट सञ्चालित अस्पतालहरूमा अस्पतालले सेवा उपलब्ध गराए बापतको सेवा शुल्क रकम समेत अस्पताल विकास समितिको कोषमा जम्मा हुने व्यवस्था छ । त्यस्तै स्थानीय स्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरू उपस्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रमा स्थानीय स्तरबाट प्राप्त चन्दा र आर्थिक सहयोगको रकम समेत व्यवस्थापन समितिमा रहने व्यवस्था छ । नेपाल सरकारको स्वास्थ्य सेवा प्रवाह तथा नियमन व्यवस्थापनको लागि मन्त्रालयको विगत ३ वर्षको निकासा एवं खर्च विवरण निम्नानुसार रहेको छ :

गत ३ वर्षको निकासा एव खर्च विवरण

(रु.हजारमा)

निकायको विवरण	आ.व. २०७३/७४		आ.व. २०७४/७५		आ.व. २०७५/७६	
	वार्षिक वजेट	निकासा खर्च	वार्षिक वजेट	निकासा खर्च	वार्षिक वजेट	निकासा खर्च
स्वास्थ्य मन्त्रालय	-	-	८९५५१	८८६९२	११७८१२	१२१२९१
स्वास्थ्य सेवा विभाग	५०२३९९	४५९०४५	८९३३३०	४३१०८६	४६११००	४४३०८८

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

७. **विषय छनौटको सान्दर्भिकता/औचित्य –** नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक प्रत्याभूति गरिएको छ । राज्यका विभिन्न नीति तथा कार्यक्रमले स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने लक्ष्य तथा उद्देश्य राख्नुका साथै दीगो विकास लक्ष्य २०३० को तेस्रो लक्ष्यको रूपमा स्वस्थ जीवन र जीवन यापन (Good Health and Wellbeing) लाई लिइएकोले सोअनुसार जनचासोमा अभिवृद्धि भएको र स्वास्थ्य सेवाको नियमन तथा व्यवस्थापन प्रभावकारी नहुँदा अत्यावश्यक स्वास्थ्य सेवा प्रभावित भएको, औषधिको माग र आपूर्तिमा सन्तुलन हुन नसकेको र जनताको जीवन जोखिममा पर्दै आएको व्यहोराहरू औल्याउँदै आएको सम्बन्धमा अध्ययन गरी मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको दृष्टिकोणबाट स्वतन्त्र एवं वस्तुगत मुल्यांङ्कन गर्ने अभिप्रायले कार्यमुलक लेखापरीक्षणका लागि यो विषयको छनौट गरिएको थियो ।

८. **उद्देश्य –** देशमा सञ्चालित स्वास्थ्य सेवाको नियमन दक्ष एवं प्रभावकारी तबरले भए नभएको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको थियो । यस क्रममा देहायबमोजिमका सहायक लेखापरीक्षण उद्देश्यहरू रहेका थिए :

- स्वास्थ्य सेवाको नियमनसम्बन्धमा सञ्चालित क्रियाकलापको मूल्याङ्कन गर्नु,
- सरकारी एवं निजी स्वास्थ्य संस्थाबाट प्रबाह हुने सेवा निर्धारित मापदण्ड अनुरूप भौतिक पूर्वाधार, जनशक्ति, सेवामा गुणस्तरीयता कायम हुने गरी सेवाप्रबाह सञ्चालन र व्यवस्थापन भए नभएको विश्लेषण गर्नु ।

९. **क्षेत्र –** लेखापरीक्षणको उद्देश्य हासिल गर्न २०७३/७४ देखि २०७५/७६ सम्म स्वास्थ्य सेवाको नियमनको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा बिभागबाट स्वास्थ्य सेवाको सञ्चालन तथा सेवाप्रवाह सम्वन्धमा गरिएको नियमन कार्यलाई समावेश गरिएको थियो । मन्त्रालय तथा बिभागबाट गरिएको नियमनको अतिरिक्त सरकारीतर्फ वीर अस्पताल र कान्ति बाल अस्पताल तथा निजीतर्फ ग्राण्डी ईन्टरनेशनल अस्पताल र स्टार अस्पतालले प्रदान गरेको स्वास्थ्य सेवाको नियमनको अवस्था समेत मूल्याङ्कन गरिएको छ ।

१०. **लेखापरीक्षणको पद्धति र विधि –** यस विषयको लेखापरीक्षणका लागि माथि विषय छनौटको औचित्यमा उल्लेख गरे अनुसारको उपलब्धि नदेखिएको सन्दर्भमा निम्नानुसारको पद्धति तथा विधिको प्रयोग गरिएको थियो :

१०.१. **लेखापरीक्षणको पद्धति –** यस लेखापरीक्षणमा समस्यामूलक तथा नतिजामूलक पद्धति दुवैलाई समानान्तर रूपमा प्रयोग गरिएको छ । स्वास्थ्य सेवा नियमनमा विद्यमान समस्याको कारण स्वास्थ्य सेवाको कार्यदक्षता र प्रभावकारितामा परेको असरलाई मध्यनजर राखी त्यसको निराकरणको लागि समस्यामूलक पद्धति अङ्गीकार गरिएको छ । साथै नियमनबाट स्वास्थ्य सेवामा परेको असर मूल्याङ्कन गर्न नतिजामूलक पद्धति अवलम्वन गरिएको छ ।

१०.२. **लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजनाले निर्दिष्ट गरेबमोजिम कार्यमूलक लेखापरीक्षण मापदण्डको तुलनात्मक अध्ययन मूल्याङ्कन र विश्लेषण गरिएको छ । कार्यमूलक लेखापरीक्षण समीक्षा तथा सर्वेक्षण चरणमा देहाय बमोजिमका विधिहरूप्रयोग गरिएको छ ।

- **समीक्षा –** स्वास्थ्य सेवा सञ्चालन र नियमनसँग सम्बन्धित कानुन, नीति, नियमावली तथा निर्णय, अनुगमन प्रतिवेदनहरू, सेवाको गुणस्तर अनुगमन प्रतिवेदन, वार्षिक प्रतिवेदन, योजना तथा कार्यक्रम, तथा अन्य सम्बन्धित प्रतिवेदन, तथा सहायक तथ्याङ्क सङ्कलन गरी त्यसको विश्लेषणात्मक समीक्षा गरी त्यसको आधारमा लेखापरीक्षण अनुशिलन श्रृङ्खला तयार पारी त्यसका आधारमा सर्वेक्षण कार्य गरिएको थियो ।

- **सर्वेक्षण चरण –** यस चरणमा प्रश्नावली, परीक्षण सूची, अन्तरक्रिया जस्ता औजारहरू प्रयोग गरिएको छ । नियमन कार्यको लागि सञ्चाल नगरिएका क्रियाकलाप तथा कार्यक्रमहरूको अवस्था तथा त्यसको प्रभावकारिता बारे जानकारी लिने उद्देश्यले तिनीहरूको विचार सर्वेक्षण (Opinion survey) गर्न गैर नमूना पद्धतिको (Non-Sampling Method) आधारमा मन्त्रालय र विभागस्तरमा विषयसँग सम्बन्धित मुख्य जानिफकारहरूसँग छलफल गरिएको छ । स्वास्थ्य सेवाको नियमनको लागि चालिएका कदमहरूको प्रभावकारिता तथा त्यसका सबल पक्ष तथा कमी कमजोरीको लेखाजोखा गर्ने उद्देश्यले प्रश्नावली तथा परीक्षण सूचीको माध्यमबाट केन्द्रिकृत सामुहिक छलफल गरिएको छ । साथै तथ्याङ्क तथा सूचनाको विश्लेषण गर्ने प्रयोजनको लागि आवश्यकतानुसार विशेषज्ञ सेवाको उपयोग गरिएको छ ।

उपर्युक्त विधि तथा पद्धतिको आधारमा लेखापरीक्षण गरी यो प्रतिवेदन तयार पारिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोराहरू खण्ड ३ मा विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

११. **लेखापरीक्षणको सीमा –** प्राप्त सूचना, अभिलेख, विवरण, सेवाग्राहीसँगको अन्तरवार्ता, तथा वित्तीय स्रोतबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तीको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा प्रयोग गरिने स्रोत साधन आदि यसका सीमितता रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

यस बिषयको लेखापरीक्षणका लागि समस्यामूलक, प्रक्रियामूलक तथा नतिजामूलक पद्धति अवलम्बन गरी मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको विश्लेषण गरिएको छ । सञ्चालित कार्यहरूको विवरणको विश्लेषण गरी देखिएका जोखिम क्षेत्र एवं तात्विक महत्वका विषयहरूलाई थप पुष्ट्याई प्राप्त गर्न प्रश्नावली एवं विवरणबाट जानकारी लिने, स्थलगत भ्रमण समेतबाट स्थितिको अवलोकन र सम्बन्धित पदाधिकारी र सरोकारवालाहरूसँग छलफल समेतबाट देखिएका व्यहोराहरू निम्नानुसार छन् :

१२. **मन्त्रालयबाट नियमन –** मन्त्रालयले संस्थागत कार्यप्रवाह अनुसार अनुगमन मूल्याङ्कन शाखाका कामहरू कार्यान्वयनको अवस्था निम्नानुसार रहेको पाईयो :

१२.१. स्वास्थ्य कार्यक्रमहरू सञ्चालन पश्चात जनतामा परेको प्रभाव मूल्याङ्कनको लेखाजोखा गर्ने कार्य तोकेको देखियो । यस सम्बन्धमा शाखाले गत वर्षहरूमा नियमित अनुगमनबाट सोसम्बन्धी कार्य सामान्यरूपमा गर्दै आएकोमा यस वर्ष स्वास्थ्य क्षेत्रको कुनै एक कार्यक्रम छनौट गरी सोको प्रभाव मूल्याङ्कनको गर्ने कार्यक्रम रहेको जनाएकोमा सोको कार्यान्यनको व्यहोरा पेस भएन । फलस्वरूप स्वास्थ्य कार्यक्रमहरू सञ्चालन पश्चात जनतामा परेको, प्रभाव मूल्याङ्कनको लेखाजोखा गर्ने एवं अभिलेख राखेको देखिएन ।

१२.२. मन्त्रालय र अन्तर्गत सरकारी, गैरसरकारी, अर्ध सरकारी तथा समितिहरूबाट सञ्चालित कार्यक्रमहरूको अनुगमन सम्बन्धी कार्यहरू गर्नुपर्ने कार्यविवरणमा तोकिएको छ । गैर सरकारी अस्पतालहरूको हकमा दुइसय शैयासम्मको स्वास्थ्य सेवा विभाग (उपचारात्मक सेवा महाशाखा)बाट र सोभन्दा माथिका अस्पतालहरू यस मन्त्रालयबाट अनुगमन गरेको जनाएको छ । जसअनुसार निजी स्वास्थ्य संस्थाहरूको हकमा नयाँ अनुमति प्रदान गर्दा र स्वास्थ्य संस्था नवीकरण गर्दाको अवस्थामा मात्र अनुगमन गरेको देखियो । २०७३ सालदेखि हालसम्म चितवन मेडिकल कलेज, चितवन, वि.एण्ड सी मेडिकल कलेज, झापा, गण्डकी मेडिकल कलेज, पोखरा, लुम्बिनी मेडिकल कलेज, पाल्पा, नोबल मेडिकल कलेज, बिराटनगर, नेपाल मेडिकल कलेज, जोरपाटी, बिराटनगर अस्पताल (बिराट मेडिकल कलेज) बिराटनगर, आश्विन मेडिकल कलेज(नेपाल मेडिसिटी) भैँसेपाटी ललितपुर गरी ८ अस्पतालको अनुगमन गरी नयाँ स्वीकृति तथा थप शैया सञ्चालनको अनुमति प्रदान गरेको छ । मन्त्रालय र अन्तर्गत सरकारी अस्पतालहरूको नियमित अनुगमन कार्य योजना तयार गरी गर्नुपर्नेमा अनुदान प्राप्त १८ सामुदायिक अस्पतालको २०७५।७६ मा अनुगमन गरेको भएतापनि गैरसरकारी, अर्धसरकारी तथा समितिहरूबाट सञ्चालित स्वास्थ्य सेवाप्रदायक अस्पतालहरू नियमित अनुगमन गरेको देखिएन ।

१२.३. अनुगमन तथा मूल्याङ्कनसम्बन्धी नीति तथा अनुगमन मूल्याङ्कन खाका तर्जुमा गरी लागु गर्नुपर्ने जिम्मेवारी तोकिएको छ । मन्त्रालयले स्थानीय तह र प्रदेश तहको स्वास्थ्य क्षेत्रको अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७६ तयार गरी सम्बन्धित तहमा पठाइएको र वेभसाइटमा समेत अपलोड गरेको देखियो । उक्त निर्देशिका बमोजिम स्वास्थ्य सेवाको अनुगमन र मूल्याङ्कन अवस्थाको प्रतिवेदन प्राप्त गरी मूल्याङ्कन गरेको देखिएन ।

१२.४. मन्त्रालयको काममा आफु अन्तर्गत सञ्चालित स्वास्थ्य सेवाको नियमनसम्बन्धी कार्यक्रमहरू तथा प्रगतिहरूको विश्लेषण गर्ने जिम्मेवारी तोकिएको छ । मन्त्रालयले स्वास्थ्यका सूचकहरू लगायत सम्बन्धित आयोजनाहरूबाट सञ्चालित कार्यक्रमहरूको नियमित रूपमा सङ्कलित प्रगतिहरूको विश्लेषण, पृष्ठपोषण तथा कार्यान्वयनको चरणमा देखिएका समस्याहरूको समाधानको लागि सम्बन्धित निकायमा सहजीकरण गरेको जनाएकोमा सोको अभिलेख पेश गरेको छैन ।

१२.५. मन्त्रालयलाई स्वास्थ्य कार्यक्रमहरूको सूचकहरूको विकास र समीक्षामा सहयोग गर्ने जिम्मेवारी तोकिएकोमा १५ औँ योजनाको लागि स्वास्थ्यका सूचकहरूको विकास गरिएको तथा नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्य कार्यान्वयन मापन गर्न कार्य योजनाका सूचकहरू तथा दिगो विकास

लक्ष्य (SDGs) को सूचकहरू तय गरिएको जनाएको छ । निर्धारित जिम्मेवारीको अभिलेखीकरण गरेको देखिएन ।

१२.६. नयाँ स्वास्थ्य कार्यक्रमहरूको पाइलट टेष्ट र कार्यगत अनुसन्धान गर्ने गराउने जिम्मेवारी सम्बन्धमा अनुगमन मूल्याङ्कन प्राविधिक कार्य समूह (TWG) को बैठकबाट यस सम्बन्धी कार्य हुने गरेको तथा UNICEF को सहयोगमा स्वास्थ्य सूचना व्यवस्थापन सम्बन्धी Dashboard को कार्य हुँदै गरेका जनाएको छ । कुनकुन स्वास्थ्य कार्यक्रमहरूको पाइलट टेष्ट र कार्यगत अनुसन्धान गरिएको हो अनुगमन शाखामा यसको अभिलेखीकरण गरेको देखिएन ।

यसरी मन्त्रालयले सम्पन्न गर्नुपर्ने विभिन्न कार्यहरूको अध्ययन तथा परिक्षण गर्दा मन्त्रालयको स्वास्थ्य सेवाको नियमन कार्य दक्ष तथा प्रभावकारी भएको देखिएन ।तसर्थ यसलाई दक्ष तथा प्रभावकारी बनाउन देहायका सुझाउको कार्यान्वयन हुनुपर्ने देखिन्छ :

- नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ ले मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत तोकेबमोजिमका कार्यहरूलाई योजनाबद्ध रूपमा प्राथमिकताको आधारमा कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।
- नीतिगत परिमार्जन र व्यवस्थापन गरी नियमन क्रियाकलापहरूलाई निर्दिष्ट अनुगमन सूचकबनाई अनुगमन र मूल्याङ्कन गर्नुपर्दछ ।
- मानव जीवनको अति नै महत्वपूर्ण सेवा भएकोले राज्यको पुनर्संरचना अनुसार संघदेखि स्थानीय तहसम्मको सरकारी तथा निजी स्वास्थ्य सेवाको नियमनका लागि एक अधिकार सम्पन्न स्वायत्त निकायको गठन गरी सो मार्फत नियमनको लागि दीर्घकालीन नीति र रणनीतिहरू निर्दिष्ट गरी योजनाबद्ध रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

१३. **विभागबाट नियमन –** स्वास्थ्य सेवा विभागले सार्वजनिक गरेको महाशाखागत कार्यविवरण अनुसार उपचारात्मक महाशाखाको मातहतमा अस्पताल सेवा अनुगमन तथा सुदृढीकरण शाखा रहेको छ । उक्त शाखालाई तोकिएका कामको अध्ययन तथा परीक्षण गर्दा निर्धारित कामहरू कार्यान्वयनको अवस्था निम्नानुसार रहेको पाईयो :

१३.१. अस्पताल सेवा सुदृढीकरणसम्बन्धी कानुन, नीति, मार्गदर्शन, गुणस्तर मापदण्ड तथा प्रोटोकल निर्माण गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सहयोग गर्ने जिम्मेवारी तोकिएकोमा अस्पताल सेवा सुदृढीकरणका लागि सरकारी अस्पतालहरूमा न्यूनतम सेवा मापदण्ड (Minimum service standard-MSS) तयार गरी प्राथमिक, द्वितीय तथा तृतीयतहका अस्पतालहरूमा लागु भईरहेको र नियमित अनुगमन हुने गरेको, संघीय अस्पतालहरूमा MSS स्कोरिङ गर्नेकार्य मन्त्रालयको सहकार्यमा भईरहेको, प्राथमिक तहका अस्पतालको हकमा ८३ अस्पतालमा वर्षको दुईपटक गत वर्षसम्म अनुगमन तथा फ्लोअप हुने गरेकोमा हाल उक्त काम प्रदेश अन्तर्गत राखिएको हुनाले प्रदेश सरकारको सहकार्यमा हुँदै आईरहेको साथै स्वास्थ्य चौकीको MSS निर्माण गरी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भई मापदण्ड कार्यान्वयन हुन लागेको जनाएको छ । अस्पताल सेवा सुदृढीकरणसम्बन्धी कानुन, नीति, मार्गदर्शन, गुणस्तर मापदण्ड तथा प्रोटोकल निर्माण गर्नको लागि गरिएको कार्यको अभिलेखीकरण नहुँदालक्षित उद्देश्य र प्राप्त उपलब्धिको तुलना गर्न सकिएन ।

१३.२. निजी तथा सरकारी अस्पतालबीचको सहकार्यलाई सुदृढ गरीस्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आवश्यक कानुन, नीति, रणनीति, मापदण्ड निर्माण तथा कार्यान्वयन र नियमन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सहयोग गर्ने जिम्मेवारी तोकिएको देखिन्छ । यस सम्बन्धमा निजी अस्पतालहरूको हकमा हाल विद्यमान रहेको स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० समेत लागु भएको, नेपाल सरकारका विभिन्न कार्यक्रमहरू निजी अस्पतालमा समेत सञ्चालन रहेको, सेवाको सहकार्यसाथै आपसी समन्वयलाई सुदृढ गर्न गत वर्ष २ अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको, यस वर्षमा पनि २ कार्यक्रम रहेको, सेवालाई प्रभावकारी गर्न नीति निर्माण र मापदण्डका विषयमा परिवर्तन गर्नुपर्ने सुझाउहरू पेश भएका, निजी स्वास्थ्य संस्थाको सेवा नियमन सम्बन्धमा मन्त्रालयद्वारा ऐनमा संशोधनको आवश्यकता महसुस गरी ऐन निर्माण तथा निर्देशिका परिमार्जन प्रक्रिया सुरु गरिएको जनाएको

छ । तथापि निजी तथा सरकारी अस्पतालबीचको सहकार्यलाई सुदृढ गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन आवश्यक कानुन, नीति, रणनीतिर कार्य प्रक्रियालाई व्यवस्थित गर्न सकिएको छैन ।

१३.३. विषेशज्ञ तथा तृतिय तहका अस्पतालहरूको अनुमति, दर्ता, नवीकरण, स्तरोन्नति तथा नियमनसम्बन्धी कार्यहरूका लागि सहजीकरण गर्ने जिम्मेवारी बिभागलाई तोकिएको छ । हालसम्म यस महाशाखाको कार्यक्षेत्र भित्र रही ५१ देखि २०० शैयाका जनरल तथा विशेषज्ञ अस्पतालहरूको नियमन कार्य अन्तर्गत ८६ अस्पतालका साथै मन्त्रालयको निर्देशनमा ५० शैयासम्मका केही अस्पतालको नियमन गरिएको जनाएको छ । तथापि केही निजी अस्पतालहरू तोकिएको मापदण्ड पुरा गर्न नसकी सञ्चालनमा नरहेको अवस्था छ । निजी स्वास्थ्य संस्थाहरूको सेवाप्रवाह र प्रभावकारी सञ्चालन सम्बन्धमा विभागले वार्षिक कार्ययोजना तयार गरी नियमन गरेको देखिएन । निजी स्वास्थ्य संस्थाको अनुगमन कार्य उक्त संस्था दर्ता, स्तरोन्नति तथा नवीकरणको अवस्थामा मात्र हुने गरेको पाईयो । फलस्वरूप स्वास्थ्य सेवाप्रवाह र स्वास्थ्य समस्याहरू निराकरण गर्नका लागि निजी स्वास्थ्य संस्थाहरूको नियमनमा विभागले प्रभावकारी भूमिका खेल्न सकेको देखिएन ।

१३.४. निजी तथा गैरसरकारी अस्पताल, नर्सिङ्ग होम, क्लिनिक, पोलीक्लिनिक दर्ता सिफारिस तथा अनुगमनसम्बन्धी राष्ट्रिय नीति नियम, मापदण्ड तथा मार्गदर्शन निर्माण गर्न मन्त्रालयसँग सहकार्य गर्ने जिम्मेवारी विभागलाई तोकिएको छ । विभागले हाल विद्यमान रहेको स्वास्थ्य संस्था स्थापना र सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० समयसापेक्ष हुने गरी संशोधन गर्नुपर्ने भएकोले सोअनुसार नयाँ ऐन तथा निर्देशिका परिमार्जनको काम शुरु भएको जनाएको छ । निर्धारित मापदण्ड पुरा गराई स्वास्थ्य क्षेत्रको नियमन र व्यवस्थापन गर्नुपर्नेमा पटक पटक मापदण्ड परिमार्जन गरेको देखियो । तसर्थ मापदण्ड अनुसारको कार्ययोजना र कार्ययोजनाको यथार्थ कार्यान्वयन गराई स्वास्थ्य सेवाको प्रभावकारी नियमन गर्नुपर्दछ ।

१३.५. अस्पताल सेवाको उच्चतम गुणस्तर सुनिश्चिताका लागि निरन्तर अनुगमन र निरिक्षण गर्ने जिम्मेवारी अन्तर्गत गुणस्तर सुनिश्चित गर्न विभिन्न समयमा बनेका मापदण्ड, प्रोटोकल तथा निर्देशिका अनुरूप नियमन तथा अनुगमन निरीक्षण गरी नियमित प्रतिवेदन पेश भईरहेको, स्वास्थ्य संस्था तथा अस्पतालहरूमा नियमित अनुगमन गरी दिईएका सुझाउहरूले गर्दा सेवाको गुणस्तर निरन्तर रूपमा अभिवृद्धि भईरहेको उल्लेख गरेतापनि कुन कुन स्वास्थ्य संस्थामा कुन सेवाको गुणस्तरमा सुधारकोलागि के सुझाउ दिईयो र त्यसमा के सुधार भयो सोको मूल्याङ्कन गरेको अभिलेख व्यवस्थित नराखेको कारण मापदण्ड र प्रोटोकल पालना सम्बन्धमा यकिन गर्न सकिएन ।

१३.६. स्तरीय उपचार प्रोटोकल तयार पार्ने जिम्मेवारी अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्रको हकमा (Package of Essential non-communicable disease COPD, Asthma and heart disease) साथै स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरूका लागि स्तरीय उपचार पद्धति, २०७१ तयार गरी लागु भएको, आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवाको लागि प्रोटोकल निर्माण अन्तिम चरणमा रहेको साथै आधारभूत सेवाको प्याकेज निर्धारण भएपछि थप परिमार्जन आवश्यक भएमा परिमार्जन गरी स्वीकृत हुने क्रममा रहेको जनाएको छ । विभिन्न पाँच (Cardiovascular, Chest and respiratory, Kidney, Diabetes and Endocrinology and Musculoskeletal) सम्बन्धी रोगहरूको यस वर्ष स्तरीय उपचार पद्धति निर्माणको क्रममा रहेको जनाएको छ । स्पस्ट कार्य योजना पेश नहुँदा यी कार्यको वर्तमान अवस्था र सम्पन्न कहिले हुने हो यकीन गर्न सकिएन ।

१३.७. प्रतिजैविक औषधि प्रयोग र प्रतिरोग नियन्त्रण बारेमा मापदण्ड तयार गर्ने जिम्मेवारी तोकिएकोमा प्रतिजैविक औषधि प्रयोग र प्रतिरोग नियन्त्रण (Antimicrobial resistance –AMR) सम्बन्धी निर्देशिका निर्माण भई स्वीकृतिका लागि पेश भएको जनाएको छ । प्रतिजैवीक औषधि प्रयोग र प्रतिरोग नियन्त्रण बारेमा मापदण्ड तयार भई स्वीकृतिका लागि पेश भएको उल्लेख गरेकोमा हालसम्म उक्त निर्देशिका स्वीकृति भएको देखिएन ।

यसरी विभागले स्वास्थ्य सेवाको नियमन सम्बन्धमा सम्पन्न गर्नुपर्ने विभिन्न कार्यहरूको अध्ययन तथा परीक्षण गर्दा स्वास्थ्य सेवाको नियमन कार्य दक्ष तथा प्रभावकारी भएको देखिएन ।तसर्थ यसलाई दक्ष तथा प्रभावकारी बनाउन देहायका सुझाउको कार्यान्वयन हुनुपर्ने देखिन्छ :

- स्वास्थ्य सेवा विभागको कार्यक्षेत्र अन्तर्गतको नियमन कार्यहरूलाई योजनाबद्ध रूपमा प्राथमिकताको आधारमा कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

- स्वास्थ्य सेवा नियमनको लागि मापदण्ड तयारी गरी सोको परिपालना सम्बन्धमा नियमित अनुगमन गरी परिपालना नगर्ने उपर कारबाही गर्ने व्यवस्था हुनुपर्दछ ।

प्रतिक्रिया प्रतिक्रिया - मन्त्रालयले अस्पताल सुदृढिकरण मापदण्ड निर्माण प्रक्रियामा रहेको, २०७७।७८ मा अभिलेखीकरणको लागि डिजिटलाइजेशन कार्यक्रम रहेको, स्वास्थ्य क्षेत्रमा साझोदारी निर्देशिका २०७६ कार्यान्वयको क्रममा रहेको जानकारी गराएको छ । मन्त्रालयले अस्पताल सुदृढिकरण मापदण्ड निर्माण प्रक्रियामा रहेको, २०७७।७८ मा अभिलेखीकरणको लागि डिजिटलाइजेशन कार्यक्रम रहेको, स्वास्थ्य क्षेत्रमा साझोदारी निर्देशिका २०७६ कार्यान्वयको क्रममा रहेको जानकारी गराएको छ ।

१४. **बजेट व्यवस्था -** स्वास्थ्य मन्त्रालयबाट विगत ५ वर्षको विनियोजित बजेट र अनुगमनखर्चको अवस्था निम्नानुसार छ :

(रु.हजारमा)

आर्थिक वर्ष	विनियोजित बजेट	खर्च रकम	अनुगमनमूल्याङ्कन बजेट	खर्च रकम	खर्च प्रतिशत
२०७१/७२	३३५१७१०२	२४५३१३०१	२१००	१००८	४८
२०७२/७३	३६७२९५०४	२९२२९८१६	२७६०	१९०४	६९
२०७३/७४	४०५६३०२७	३९१२१९२४	४७८०	४१२३	८६
२०७४/७५	३२९५४४०५	२७३७०२६५	२६२७	२४८६	९५
२०७५/७६	२९३५८६८०	२४४८५५२३	३५००	२९४१	८४

उल्लेखित विवरण अनुसार विगत ५ वर्षमा अनुगमन र मूल्याङ्कनको लागि बाँडफाँड भएको बजेटमध्ये ४८ देखि ९५ प्रतिशतसम्म खर्च गरेको देखियो । अनुगमन र मूल्याङ्कनमा गरिएको खर्च अनुसारको वार्षिक प्रतिवेदन तयार नगरेकोले मन्त्रालयबाट हुनुपर्ने नियमनको अभिलेखीकरण भएको देखिएन । यसको अभावमा अनुगमनबाट देखिएका विषयवस्तु तथा सोबाट प्राप्त पृष्ठपोषण एकीकृत गरी सोअनुसारको सुधार योजना तयार हुनसक्ने अवस्थापनि देखिएन । यसबाट अनुगमन र मूल्याङ्कन कार्य प्रभावकारी रूपमा भएको छ भनीयकीन हुनसक्ने अवस्था रहेन ।

सुझाउ - तसर्थ स्वास्थ्य सेवाको नियमनलाई दक्ष तथा प्रभावकारी बनाउन स्वास्थ्य सेवा नियमन तथा अनुगमन कार्यको वार्षिक एकीकृत प्रतिवेदन तयार गरी देखिएका व्यहोरा तथा दिईएको सुझाउ कार्यान्वयनको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गरी देखिएका कमी कमजोरीलाई तत्काल सुधार गर्नुपर्दछ ।

१५. **अनुगमन मूल्याङ्कन खर्च -** स्वास्थ्य सेवा विभागबाट विगत ५ वर्षको अनुगमन र मूल्याङ्कन खर्च माग भएकोमा तपसिलबमोजिम देखियो :

(रु.हजारमा)

आर्थिक वर्ष	विनियोजित बजेट	खर्च रकम	अनुगमनमूल्याङ्कन बजेट	खर्च रकम	खर्च प्रतिशत
२०७१/७२	अनुगमन मूल्याङ्कन महाशाखा स्थापना नभएको				
२०७२/७३					
२०७३/७४					
२०७४/७५					
२०७५/७६	४६११००	४४३०८८	२६००	९६१	३६.९४

उपर्युक्त विवरणअनुसार स्वास्थ्य सेवा विभागमा विगत वर्षहरूमा अनुगमन संयन्त्र नै स्थापना भएको देखिएन। सो संयन्त्र नहुँदा स्वास्थ्य सेवाको अनुगमनको कार्य व्यवस्थापन महाशाखाले गर्दै आएको थियो । २०७५/७६ मा अनुगमनको लागि निर्धारित रु.२६ लाख बजेट व्यवस्था भएकोमा ३६.९४ प्रतिशतमात्र खर्च भएको देखियो । यसबाट विभागको अनुगमन संयन्त्र स्वचालित नभएको तथा स्वास्थ्य सेवाप्रवाहको नियमन प्रभावकारी भएको देखिएन ।

सुझाउ - वार्षिक अनुगमन मूल्याङ्कन प्रणालीको विकास गरी सोअनुसारको कार्ययोजना र बजेट व्यवस्थापन गरी कार्यान्वयन गरिनुपर्दछ ।

१६. **न्यूनतम सेवा मापदण्ड -** सरकारी अस्पताल र स्वास्थ्य संस्थाहरूको हकमा न्यूनत्तम सेवा मापदण्ड तथा निजी अस्पताल र स्वास्थ्य संस्थाहरूको हकमा स्वास्थ्य संस्था स्थापना र सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० बमोजिम स्वास्थ्य सेवा पूर्वाधार निर्माण तथा सेवाप्रवाह गर्नुपर्ने व्यवस्था छ । साथै प्रत्येक अस्पताल सञ्चालनको लागि तोकेको न्यूनतम मापदण्ड पुरा नगरी सञ्चालन गर्न नहुने व्यवस्था गरेको छ । मन्त्रालयले सोको पालना सम्बन्धमा गरेको एक अध्ययनमा देशभरका ८३ मध्ये १६ जिल्ला अस्पताल न्यूनतम सेवा मापदण्डमा फेल भएका छन् । मन्त्रालयले पहिलो चरणमा गरेको अध्ययनका क्रममा ८३ वटै अस्पतालमा न्यूनतम सेवामापदण्ड नभएको पाइएको थियो। सबै अस्पतालहरूले पूर्णङ्कको ४८ प्रतिशत मात्रै नम्बर पाएका थिए । तर दोस्रो र तेस्रो चरणको अध्ययनमा धेरै अस्पतालले सुधार गरेका थिए। १६ अस्पतालमा भने तेस्रो चरणमा पनि न्यूनतम सेवा मापदण्ड उस्तै रहेको थियो । उनीहरूको स्कोर ६० प्रतिशत भन्दाकम रहेको छ। जिल्ला तहका अस्पतालहरूलाई प्रत्येक वर्ष स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले न्यूनतम सेवा मापदण्डका लागि २४ देखि ४० लाख र एनएसआई नामक संस्थाले पाँच लाख अनुदान प्रदान गर्दै आएको छ । उक्त संस्थामार्फत तेस्रो चरणमा अनुगमन गरिएका विभिन्न १६ सरकारी अस्पतालमध्ये ९ अस्पतालमा जन स्वास्थ्य प्रति सरकारको प्रतिबद्धता योजनाबद्ध सुधार, साधनश्रोतको उचित व्यवस्थापनमा कमी, सुधारको दृढ अठोटमा भएको कमजोरी जस्ता कारण न्यूनतम सेवा मापदण्डमा पनि देहायअनुसार न्यूनतम २६ अङ्क तथा अधिकतम मात्र ५० प्रतिशत अङ्क प्राप्त गरेको देखिएकोले उक्त मापदण्डको अपर्याप्ततामा पनि सर्वसाधारण जनता सेवालिन बाध्य भएको देखिन्छ ।

क्र. स	अस्पतालको नाम	न्यनतम सेवाका मागहरू			प्राप्ताङ्क प्रतिशत
		Government and management standards 20%	clinical management standards 60%	Hospital support services standards 20%	
१	कोशी अस्पताल	४९.११	४५.७७	४९.६८	४७.००
२	वीर अस्पताल	५२.६८	३२.७४	५३.५०	४१.००
३	भरतपुर अस्पताल	५२.६८	४७.९२	५१.५९	५०.००
४	पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	४४.६४	४२.६७	५७.३२	४६.००
५	भेरी अस्पताल	४१.९६	३५.९९	२७.३९	५.००
६	गजेन्द्रनारायण सिह अस्पताल राजबिराज	४७.७५	३४.५६	४१.२२	३९.००
७	राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान	५५.३६	२९.२३	३५.६७	६.००
८	नारायणी अस्पताल	२०.७२	३०.११	१८.९२	२६.००
९	डडेल्धुरा अस्पताल	५०.००	२४.९२	२७.३९	३०.००

न्यूनतम सेवा मापदण्डका लागि कम्तीमा ८० प्रतिशत नम्बर ल्याउनैपर्ने हुन्छ । अध्ययन संस्थाबाट प्राप्त नतिजाको आधारमा निजी स्वास्थ्य संस्थाहरूको पूर्वाधार निर्माण र स्वास्थ्य सेवाप्रवाहको गुणस्तर सम्बन्धमा मन्त्रालय तथा विभागबाट अनुगमन एवं सुधारका प्रयास सञ्चालन गरेको देखिएन । जसका लागि निम्न सुधार आवश्यक देखिन्छ:

- सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरूको हकमा न्यूनतम सेवा मापदण्ड तथा निजी अस्पताल तथा स्वास्थ्य संस्थाहरूको हकमा निर्देशिकको व्यवस्थाको पालनालाई प्रभावकारी बनाई सेवाको गुणस्तर सुधार गर्नुपर्दछ ।
- निश्चित सूचकहरूमा सेवा प्रवाह अनुगमन गरी स्वास्थ्य सेवाको सुधारका क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । न्यूनतम सेवा मापदण्डको पालनालाई प्रभावकारी बनाउन आवश्यक स्रोत व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि गर्नुपर्दछ ।
- सरकारी अस्पतालबाट हुने स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन स्वास्थ्य पूर्वाधार विकास र विस्तारमा जोड दिईनुपर्दछ ।

१७. **प्रतिवेदनको कार्यान्वयन -** जन स्वास्थ्य सेवा ऐन, २०७५ को दफा २७ (१) अनुसार स्वास्थ्य संस्था तथा सेवा प्रदायकले तोकिएको मापदण्ड अनुरूप गुणस्तर कायम गरे नगरेकोसम्बन्धमा नेपाल सरकार र तोकिएको निकायले नियमन, निरीक्षण, अनुगमन, अनुसन्धान र मूल्याङ्कन गर्न सक्ने, मापदण्डको पालना नगरेमा स्वास्थ्य संस्था स्थापना र सञ्चालनको स्वीकृति दिने निकायले त्यस्तो संस्था बन्द गर्नेसम्मको आदेश दिन सक्ने र सोको कार्यान्वयन गराउने जिम्मेवारी सम्बन्धित सरकारको हुने व्यवस्था छ । यो वर्ष निजी अस्पतालले विदेशी पर्यटकलाई उपचारका नाममा चरम आर्थिक शोषण गरीरहेका गुनासो बढेपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निम्न अस्पतालको सेवा अनुगमन गर्न २०७६ भदौ २५ मा सात कार्यदिन तोकी एक अनुगमन समिति गठन गरेको पाईयो । समितिमा मन्त्रालय, वीर अस्पतालका चिकित्सक, नेपाल मेडिकल काउन्सिलका प्रतिनिधि र औषधि व्यवस्था विभागका प्रतिनिधि पनि सामेल भएको पाईयो । तर, अध्ययन टोलीले मन्त्रालय समक्ष पेश भएको प्रतिवेदनमा उल्लेखित व्यवस्थाअनुसार गरेको कारबाहीको अवस्था जानकारी हुनसकेन । यस्तो अध्ययन प्रतिवेदनको हुबहु कारबाही भई जनमानसमा स्वास्थ्य सेवाको सुनिश्चितता गरिनुपर्दछ । अध्ययन प्रतिवेदनमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१७.१. **वयोधा अस्पताल -** बल्खुस्थित वयोधा अस्पतालले सन् २०१५ देखि २०१८ सम्म सात सय विदेशी पर्यटकलाई स्वास्थ्य सेवादिएको थियो । अध्ययन टोलीको प्रतिवेदनअनुसार सो अस्पतालमा एउटै बिरामीलाई १७ दिनमा विशेषज्ञ डाक्टरले एकसय नौ पटक 'राउन्ड सर्भिस' दिएको बिल बनाएकोमा अस्पतालको आन्तरिक अभिलेखमा भने एकजना मात्र विशेषज्ञ डाक्टरले सेवा दिएको, एउटै बिरामी एकै समयमा एसआइसियू, आइसियू, डिलक्स रुम र स्वीट रुममा भर्ना भएको भनेर बिलचार्ज गरिएको, अस्पतालको चार्ज लिस्टमा डिलक्स रुमभन्दा सिसियू महँगो देखिएकोम ।विदेशी पर्यटकसँग सिसियूभन्दा डिलक्स रुमको बढी पैसा असुल गरेको पाईयो ।

१७.२. **ग्रान्डी अस्पताल -** टोखाको ग्रान्डी अस्पतालले रगतको लागि पनि पर्यटकबाट दुई हजार चार सय ५३ रूपैयाँचार्ज गरेको, अस्पतालको सबै एस्पेक्टहरूमा चार्जहरू महँगा देखिएका र रेफर भएर आएका बिरामीलाई पहिलो अस्पतालले गरेको जाँच फेरी गर्न लगाउनुका साथै बिरामीसँग तोकिएकोभन्दा बढी शुल्कलिइएको देखिएको छ ।

१७.३. **नर्भिक अस्पताल -** थापाथलीस्थित नर्भिक अस्पतालले बिरामीबाट उठाउनुपर्नेभन्दा अन्य थप शीर्षक राखेर पैसा असुलेको, 'कोअर्डिनेसन चार्ज, 'हस्पिटल सरचार्ज जस्ता अनौठा शीर्षक राखेर पर्यटक 'बिरामीबाट रु.५ लाख ९३ हजारसम्म रकम उठाइएको, साथै शीर्षकको मूल्य सूची माग्दा अध्ययन टोलीलाई समेत अस्पतालले उपलब्ध नगराएको उल्लेख गरेको पाईयो ।

१७.४. **स्वाकोन अस्पताल -** बत्तीसपुतलीस्थित स्वाकोन अस्पतालले कार्यालयमा राखेको र बिरामीलाई दिएको बिल फरक-फरकपाईएको, अस्पतालले कन्सल्ट्यान्ट डाक्टर बापत रु.६ हजार ९ सय र ड्युटीमा रहेका डाक्टरबापत ४ हजार ४ सय १६ रूपैयाँ चार्ज गरेको, तर बिरामीलाई ८ हजार ६ सय ९ रूपैयाँचार्ज गरेको छ । यो रकम सरकारले तोकेभन्दा १० गुणा बढी देखिएको सो अस्पतालले औषधिको मूल्यपनि बिरामीअनुसार फरक-फरक लिने गरेको र एउटै औषधि बापत बिरामी संकेत नम्बर ११२७६७ लाई रु.१० हजार र बिरामी संकेत नम्बर १११११०३ लाई १६ हजार १४२ रूपैयाँ लिनुका साथै बिरामी संकेत नम्बर १११९७४ लाई चार दिन अस्पताल राखिएकोमा ६ दिनको शुल्कचार्ज गरेको छ । अस्पतालले एमबिबिएस डाक्टरले सेवा दिएको शीर्षकमा पनि आठ हजार दुई सय ८० रूपैयाँचार्ज गरेको छ । जब कि सरकारले एमबिबिएस डाक्टरले सेवादिँदा चार सय, विशेषज्ञ डाक्टरले सेवादिँदा चार सय ५० र पाँचवर्षभन्दा बढी अनुभव भएका विशेषज्ञ डाक्टरले सेवा दिँदा चार सय ७५ रूपैयाँ सेवा शुल्क निर्धारण गरेको छ । एमबिबिएस डाक्टरको सेवा नै २० गुणा बढी लिने यो अस्पतालमा सिटिस्क्यान, एमआरआई सेवा मात्र होइन, मोडुलर अपरेसन थिएटर समेत छैन ।

१७.५. **इरा हेल्थ सेन्टर -** नयाँबजारको इरा हेल्थ सेन्टरले सन् २०१५ देखि २०१८ सम्म एक हजार एक सय ३० विदेशी पर्यटकलाई उपचार दिएको, यो हेल्थ सेन्टरको स्तर हेरेर सरकारले इमर्जेन्सी सेवामात्र दिनु र थप उपचार आवश्यक परेमा रेफर गर्नु भन्ने निर्देशन दिएकोमा हेल्थ सेन्टरले तीनदिनसम्म राखेर उपचार गरेको छ । हिमाल चढेपछि सामान्य समस्या लिएर आएका एक बिरामीलाई तीनदिनसम्म राखेर दुई लाख ६८ हजार चार सय ११ रूपैयाँ उठाएको पाइयो । यस्तो सेवा सञ्चालन गर्ने अनुमति सो हेल्थ सेन्टरले

पाएको छैन । बिरामीलाई एउटै मितिमाइमर्जेन्सी बेडमा पनि राखेको र भर्ना पनि गरेको भनेर दोहोरो बिल बनाएको भेटिएको छ । सो सेन्टरले एक डाक्टरलाई पल्मोनोलोजिस्ट भनी उनको नाममा चर्को शुल्क असुलेको छ । तर नेपाल मेडिकल काउन्सिलको अभिलेखमा यस्तो विशेषज्ञका रूपमा निजको नाम नै छैन । सो हेल्थ सेन्टरले एक सय २० रूपैयाँ पर्ने औषधिलाई तीनहजार तीन सय रूपैयाँमा बिक्री गरेको, अझ एचआइभीको परीक्षण पनि दिनमा दुईपटकसम्म गरेको, पटक-पटक गरिएका जाँचको रिपोर्ट बिरामीलाई नदिएको पाईयो ।

१७.६. **सिवेक अस्पताल -** लैनचौरस्थित सिवेक अस्पतालले एक हजार सात सय ७३ बिरामीको उद्धार गरी रु.१४ करोड २३ लाख ९१ हजार चार सय ४७ भुक्तानी लिएको छ । जब कि अस्पतालले तीन आइसियूसहित १५ शैया मात्र सञ्चालन स्वीकृति लिएको छ । ८ माघ २०७५ मा पानीको मात्रा कम भई अस्पताल ल्याइएका एक बिरामीको सामान्य उपचारमै एक लाख ६९ हजार नौ सय ९६ रूपैयाँ भुक्तानी लिएको अस्पतालको अभिलेख छ । तर सो मितिमा भर्ना गरिएका बिरामी क्रेइगफोसडिकबाट भने तीनहजार ६ सय २० अमेरिकी डलर (करिब चार लाख रूपैयाँ) उठाइएको छ । अस्पतालले एउटै बिरामीबाट उपचार गर्दा चिकित्सक परामर्श तथा उपचार सेवा, निदानात्मक सेवा, औषधि तथा उपभोग्य वस्तुहरू र हेरचाह एवं सहयोगलाई अत्यधिक धेरै शीर्षक एवं उपशीर्षकमा विभाजन गरी शुल्क लिने गरेको, एउटै शीर्षकमा एकमुष्ट सेवा शुल्क लिँदा ठूलो रकम देखिने हुँदा यसरी सेवा तथा शुल्कहरूलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरी शुल्क लिएको पाइएको बिरामीलाई आवश्यक नै नपर्ने विभिन्न प्रकारका जाँच गराउने तथा एकै प्रकारका परीक्षण पटक-पटक गराएको अध्ययनका क्रममा देखिएको छ । अनुगमनको क्रममा उपर्युक्त ब्यहोरा देखिए पनि ती स्वास्थ्य संस्थालाई कारबाही एवं प्रतिवेदनको कारबाही गरेको देखिएन ।

सुझाउ - अनुगमन प्रतिवेदन कार्यान्वयन गरे नगरेको सम्बन्धमा निर्दिष्ट सूचकहरूको आधारमा मूल्याङ्कन गरी ऐन नियम र निर्देशिकाबमोजिम तत्काल कारबाही गर्नुपर्दछ ।

प्रतिक्रिया- आवश्यक कारबाही प्रक्रियामा रहेको जानकारी गराएको छ ।

१८. **समसामयिक घटनाको अनुगमन -** नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रूपमा स्वीकारेको छ । प्रत्येक बिरामीले आफूले चाहेको समयमा चाहेको चिकित्सकसँग उपचार गराउने तथा सरल र सुलभ तरिकाले स्वास्थ्य सेवा प्राप्त गर्ने चाहाना राखेको हुन्छ । जनताको आधारभूत स्वास्थ्य सेवालाई ध्यानदिई गुणस्तरीय सेवा उपलब्ध गराउनु प्रत्येक स्वास्थ्य संस्थाको दायित्व हो । यस प्रकारको दायित्व पुरा गर्न सरकारी तथा निजी स्वास्थ्य संस्थाले के कसरी कति दायित्व बहन गरेका छन् यससम्बन्धमा मन्त्रालय तथा विभागबाट स्पष्ट कार्ययोजना सहित कार्य हुनुपर्नेमा सरकारी स्वास्थ्य संस्थाको बारेमा केही मात्रामा अनुगमन तथा मूल्याङ्कन गरेको अभिलेख देखिएतापनि निजी स्वास्थ्य संस्थाहरूको बारेमा पर्याप्त अनुगमन तथा मूल्याङ्कन र पृष्ठपोषण गरेको देखिँदैन । विभिन्न निजी स्वास्थ्य संस्थाबाट उपलब्ध गराउनुपर्ने र गराईएका सेवाको सम्बन्धमा कहिले समयको बारेमा, कहिले सेवाको गणस्तर र लागतको बारेमा कहिले आचरणको बारेमा कहिले सूचनाको बारेमा र कहिले सेवासम्बन्धी अन्य विषय बस्तुको बारेमा निजी स्तरबाट उठेका तथा सञ्चार माध्यममा उठान भएका विषय बस्तुमा समेत मन्त्रालय विभागबाट अनुगमन भई आवश्यक निर्देशन तथा सोको कार्यान्वयन गराएको अभिलेख राखेको देखिएन । यसले गर्दा सम्भावित जोखिमको समाधानको लागि ख्याती कमाएका अस्पतालमा समेत बेलाबेलामा यस प्रकारको सेवाबाट बञ्चित हुन परेको वा गुणस्तरीय विश्वासिलो सेवा दिन नसकेको बारेमा विभिन्न अस्पतालमा पटक पटक बिरामी तथा निजका आफन्त कुरुवाबाट हुने भौतिक आक्रमणबाट ठूलो नोक्सानी वहन गर्न परेको देखिन्छ । उदाहरणको लागि सप्तरीको राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पतालमा डाक्टर आफ्नो समयमा ड्युटीमा नबसेको भन्दै २०७६ असोज २७ गते सोमबार बिरामीका आफन्तले अस्पताल तोडफोड गरेको पाईयो । त्यसैगरी उपचाारको क्रममा लापरवाही भएको भनी ओम अस्पताल चाबहिल, समता अस्पताल बौद्ध, पाटन अस्पताल ललितपुर र चितवनका केही अस्पतालहरू लगायतमा यस्ता घटना पटक पटक घट्ने गरेको छ । गुणस्तरीय र समयमै नागरिकले आशा गरेको सेवा उपलब्ध गराएको सम्बन्धमा मन्त्रालय विभाग वासम्बन्धित निकायबाट अनुगमन गरी समस्या समाधानको लागि आवश्यक पृष्ठपोषण नभएकोले नागरिकले पाउने स्वास्थ्य सेवा प्रभावकारी भएको देखिँदैन ।

सुझाव - जनगुनासो र समसामयिक रूपमा देखिएका समस्या सम्बन्धमा अनुगमन गरी नीतिगत सुधार एवं कानुनबमोजिम कारबाहीको प्रकृया तत्काल अवलम्बन गर्नुपर्दछ ।

प्रतिक्रिया - प्रभावकारी कार्यान्वयनका लागि समय समयमा पत्राचार गरिएको जानकारी गराएको छ ।

१९. **प्रचार प्रसार -** शहरी क्षेत्रमा बसोवास गर्ने नागरिकहरूलाई मानवीय स्वास्थ्यमा प्रतिकुल असर पार्ने विषयहरूबाट सुरक्षित तुल्याएर मानव विकास र समृद्धि कायम गर्दै स्वास्थ्य र समुन्नत शहरी जीवनको स्थापना गर्ने सोचका साथ शहरी स्वास्थ्य नीति, २०७२ आएकोमा शहरी क्षेत्रमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको विस्तार गरी सेवामा सबैको पहुँच पुऱ्याउने नीति अनुसार नेपाल सरकारले तोकेका शहरी क्षेत्रमा वसोवास गर्ने मानिसहरू "विशेष गरेर महिला, बालबालिका, गरीब तथा सिमान्तकृत वर्ग" तथा समुदायको गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा पहुँच र सेवाको उपयोगमा वृद्धि गराउने उद्देश्य रहेकोमा विभिन्न शहरी क्षेत्र अन्तर्गतका महानगर, उप महानगर र नगर पालिकाका विभिन्न शहरमा शहरी स्वास्थ्य केन्द्रहरू स्थापना भईसञ्चालन भईरहेका छन् । जसमध्ये काठमाडौं महानगरपालिकाभित्र मात्र हाल यस्ता २७ सहरी स्वास्थ्य केन्द्र छन् । जहाँ कम्तीमा ४४ र बढीमा १ सय थरी निःशुल्क औषधि र आधारभूत स्वास्थ्य उपचार सेवा पाइन्छ। नयाँ बानेश्वरस्थित सामुदायिक शहरी स्वास्थ्य क्लिनिकको स्थलगत अवलोकन गरिएकोमा पर्याप्त प्रचार प्रसारको कमी हुँदा निःशुल्क स्वास्थ्य सेवा पाइने यस्ता केन्द्रमा दैनिक १० देखि १२ मात्रै बिरामी आउने गरकोमा पनि अधिकांश बिरामी क्षयरोगको नियमित औषधि सेवन गर्ने रहेको पाईयो । बेड सहितको सेवा नभएको, साँघुरो कोठामा केन्द्र सञ्चालन गर्नुपरेको, पर्याप्त उपकरणको उपलब्धता नभएको देखियो । स्वास्थ्य नियमावली अनुसार १३७ थरी औषधि निःशुल्क पाइने भनिए तापनि सबै औषधि उक्त केन्द्रमा उपलब्ध भएको देखिएन । यस्ता धेरै केन्द्रमा आवश्यक अनमी, अहेव, जनस्वास्थ्य अधिकृतजस्ता कर्मचारी पनि पर्याप्त मात्रामा नभएको, साथै प्रचारप्रसार हुन नसक्दा एकातिर बिरामीले निःशुल्क पाइने औषधि किन्ने समेत गरेको र अर्कातिर उपलब्ध औषधि खपत हुन नसक्दा औषधि खेर गइरहेको अवस्था समेत रहने जानकारी पाईयो । यसरी सुबिधा सम्पन्न सरकारी तथा निजी अस्पताल आसपासमा नै सञ्चालन भएका यस्ता शहरी स्वास्थ्य केन्द्रबाट धेरै भन्दा धेरै जनतालाई स्वास्थ्य सेवा पुऱ्याउने सरकारको उद्धेश्य पुरा हुने देखिदैन ।

सुझाउ - स्वास्थ्य सेवा केन्द्र स्थापना र सञ्चालन पूर्व लाभग्राहीको संख्या र उपलब्ध भईरहेको सेवा, भौतिक पूर्वाधारको अवस्था र जनशक्ति समेतको लाभ लागतको विश्लेषण गरी स्वास्थ्य संस्था सञ्चालन गर्नेतर्फसम्बन्धित निकाय र स्थानीय सरकारको नियमन प्रभावकारी गराईनुपर्दछ ।

२०. **स्वास्थ्य बीमा कार्यक्रमको अनुगमन** - २०७५/७६ को बजेट बक्तव्यले सर्वसाधारणलाई गुणस्तरीय स्वास्थ्य सेवाप्रवाह गरी सेवाको सुनिश्चितता गर्ने उद्धेश्यले २५ चैत्र २०७२ मा कैलाली बार्गलुङ्ग र ईलामबाट शुरु गरिएको स्वास्थ्य बीमा कार्यक्रम २०७६ आषाढसम्म ७७ जिल्लामा लागु गर्ने लक्ष्य रहेकोमा यो अवधिसम्म जम्मा ४६ जिल्लामा कार्यान्वयनमा आएको पाईयो । यस अवधिमा १६ लाख ८६ हजार २ सय २९ नागरिकले रु.१ अर्ब ३९ करोड ८० लाख २० हजार प्रिमियम जम्मागरी कार्यक्रममा सहभागि भएकोमा ५ लाख ५९ हजार ९ सय ८३ जनाले रु.२ अर्ब ३४ करोड ४४ लाख ५२ हजारको सुबिधा उपभोग गरेको देखियो । स्वास्थ्य बीमाको सुबिधा लिने सम्बन्धमा समयमा सुविधा लिन समस्या भएको, केही अस्पतालमा सुबिधा प्रदान गर्ने जनशक्तिको अभाव रहेको, केही अस्पतालहरूमा यस्तो सेवा प्रदान गर्दा सेवाग्राहीले सेवा प्रदायकबाट निःशुल्क सेवा दिने जस्तो व्यवहार देखाएको तथा सबै स्थानबाट सेवालिन कठिनाई र झन्झट भएको जस्ता गुनासा सार्वजनिक हुने गरेको पाईयो । यससम्बन्धमा यो कार्यक्रम सञ्चालनको जिम्मेवारी लिएको स्वास्थ्य बीमा बोर्डको अनुगमन मूल्याङ्कनसम्बन्धी कामको अध्ययन गरिएकोमा बोर्डले यो वर्ष २७ पटक अनुगमन गरेको विवरण पेश गरेतापनि स्पष्ट कार्य योजना र सो अनुसारको अनुगमन तथा सोको यथार्थ प्रतिवेदन लिई कार्यान्वयन गरेको छैन । यसबाट एकातर्फ सरकारको ठूलो धनराशीको लगानी उद्धेश्य अनुरूप प्रयोग यकीन हुनसक्ने अवस्था रहेन भने अर्कोतर्फ नागरिकले सरकारबाट पाउनुपर्ने सेवाबाट लाभान्वित नहुने अवस्था रहने देखियो । यसो हुनुमा कार्यान्वयन निकायको प्रभावकारी नियमनको भएको देखिएन ।

सुझाउ - स्पष्ट कार्ययोजना साथ स्वास्थ्य बीमा कार्यक्रमको फाईदाहरू सम्बन्धमा सर्वसाधारणमा चेतना अभिबृद्धि गरी सबै जिल्लामा लागू गर्दै सबै जनसंख्याको पहुँच अभिवृद्धि गर्नुका साथै सञ्चालित क्रियाकलापको निर्दिष्ट सूचकहरूको आधारमा अनुगमन मूल्याङ्कन गर्नुपर्दछ ।

२१. **आधारभूत स्वास्थ्य सेवा -** राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं.६.१ मा सबै तहका स्वास्थ्य संस्थाहरूबाट तोकिएबमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिने तथा बुँदा नं.६.१.३ मा

आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेश तथा स्थानीय तहमा आवश्यकता अनुसार नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गरिने उल्लेख छ । नेपाल सरकारले उपलब्ध गराउँदै आएको निःशुल्क स्वास्थ्य सेवा र औषधिहरू स्वास्थ्य सेवा विभाग अन्तर्गतका जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीबाट उपलब्ध भईरहेको देखियो । आधारभूत स्वास्थ्य सेवा अन्तर्गतका सेवाहरू कुन कुन हुन र कुन कार्यविधि मार्फत उपलब्ध गराउने सन्दर्भमा स्पष्ट र सरल कानुनी व्यवस्था गरेको देखिएन । सन् १९७८ मा संयुक्त राष्ट्रसंघको आयोजनामा भएको अल्माआटा शिखर सम्मेलनदेखि नेपालमा प्राथमिक उपचार सेवाको शुरुवात भएतापनि सो अन्तर्गत पर्ने आधारभूत स्वास्थ्य सेवाको कानुनमा स्पष्ट व्याख्या नहुँदा नागरिकले प्राप्त गर्नुपर्ने आधारभूत स्वास्थ्य सेवाको प्रभावकारी सेवाप्रवाह हुनसकेको छैन । खोप, परिवार नियोजन, पोषण, सुरक्षित मातृत्व र सामान्य रोगको उपचार पनि यसमा पर्ने देखिए तापनि सोको नियमन समेत हुनसकेको देखिएन ।

सुझाउ - आधारभूत स्वास्थ्य सेवाको स्पष्ट पहिचान र परिभाषित गरी तीनै तहको सञ्चालन संयन्त्र व्यवस्था गरी कार्यान्वयन जिम्मेवारी किटान गर्नुपर्दछ । आधारभूत स्वास्थ्य सेवासम्बन्धी कानुन बनाई स्वास्थ्य सेवाप्रवाह गर्नुपर्दछ ।

प्रतिक्रिया - जनस्वास्थ्य सेवा नियमावली हाल स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेस गरिएको व्यहोरा जानकारी गराएको छ ।

२२. **स्वास्थ्य क्षेत्र रणनीति -** स्वास्थ्य सेवालाई समतामूलक बनाउने, गुणस्तरीय स्वास्थ्य सेवाप्रवाह, स्वास्थ्य प्रणालीमा सुधार र बहुक्षेत्रगत अवधारणा जस्ता रणनैतिक अवधारणा अनुरूप नेपाल सरकारले ५ वर्षको नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०१५-२०२०) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको देखियो । स्वास्थ्य क्षेत्रलाई कार्यान्वयन योजनामार्फत स्थानीय तहमा स्वास्थ्य सुशासन कायम गर्नका लागि साझेदारीपूर्ण खाकामा सरकारी, गैरसरकारी साझेदारी निर्माण गर्ने तथा सरकारी र निजी क्षेत्रको स्वास्थ्य सेवा नियमनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको संस्थागत क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । संघीय स्वरूपमा स्वास्थ्य सेवाको नियमनका लागि प्रदेश र स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धि लाई समयानुकुल रणनीति, कार्यनीति र कार्यान्वयन कार्ययोजना मार्फत विकास गरिनु आवश्यक भए तापनि सोअनुसार स्वास्थ्य सेवाप्रवाहमा निजी क्षेत्रको विकास र विस्तार भएको परिवेशमा निजी क्षेत्रको सेवाप्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि नियमनको स्पष्ट रणनीति, कार्यनीति र कार्ययोजना बन्न सकेको देखिएन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागको काम कारवाही विश्लेषण गर्दा सरकारी स्वास्थ्य संस्थाहरूको सेवाको नियमन मात्र केन्द्रीत देखियो ।

सुझाउ - दुवै क्षेत्रको सेवाप्रवाहलाई प्रभावकारी बनाउन स्वास्थ्य सेवाप्रवाहमा निजी क्षेत्रको विकास र विस्तार भएको परिवेशमा निजी क्षेत्रको सेवाप्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि नियमनको स्पष्ट रणनीति, कार्यनीति र कार्ययोजना मार्फत अघि बढ्नुपर्दछ ।

२३. **नीतिगत र कानुनी व्यवस्था -** राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुंदा नं.६.४ बमोजिम स्वास्थ्य प्रणालीलाई संघीय संरचनाअनुरूप संघ, प्रदेश, र स्थानीय तहमा पुनर्संरचना, सुधार एवं. विकास तथा विस्तार गरिने नीति लिईएको छ । संघीय कानुनहरूमा मन्त्रालय विभाग, प्रदेश स्वास्थ्य निर्देशनालय तथा सम्बन्धित स्थानीय तहहरू मार्फत स्वास्थ्य सेवाको नियमनको व्यवस्था छ । प्रदेश तथा स्थानीय तहहरूमा आफ्नो क्षेत्राधिकारमा रहेका स्वास्थ्य संस्थाहरू नियमनको लागि कानुनी संस्थागत र कार्यविधिगत व्यवस्था भएको पाईएन । संघीय ऐन, नियम सँग स्थानीय सामञ्जस्य हुने गरी प्रादेशिक ऐन, नियम कार्यविधि तथा स्थानीय तहका कानुनहरू समेत समयानुकुल परिमार्जन र व्यवस्थापन गरेको देखिएन । यसबाट स्वास्थ्य सेवाप्रवाहको नियमनका लागि कानुनी र संस्थागत संरचनाहरूको अभाव देखिएको छ । वर्तमानमा जनस्वास्थ्य सेवा ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५, स्वास्थ्य बीमा नियमावली, २०७५ तर्जुमा भई कार्यान्वयनमा रहेका देखिन्छन् । निजी अस्पताल तथा स्वास्थ्य संस्थाहरूको हकमा स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० अद्यापि कार्यान्वयनमा रहेको देखियो । जसबाट परिवर्तित व्यवस्थामा निजी अस्पताल र स्वास्थ्य संस्थाहरूको नियमन गरेको देखिएन ।

सुझाउ - संघीय स्वरूपमा स्वास्थ्य सेवाको प्रभावकारी नियमन र व्यवस्थापनका लागि संघीय, प्रदेश र स्थानीय तहमा आवश्यक कानुनी व्यवस्थाहरूको परिमार्जन र निर्माण तथा प्रभावकारी संस्थागत संरचना निर्माण गर्नुपर्दछ ।

२४. **स्वास्थ्य संस्था स्थापना र सञ्चालन -** राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुंदा नं.६.४ मा स्वास्थ्य प्रणालीलाई संघीय संरचना अनुरूप संघ प्रदेश र स्थानीय तहमा पुनर्संरचना, सुधार एवं विकास तथा विस्तार गरिने उल्लेख छ । स्वास्थ्य सेवा विभागबाट प्राप्त विवरण अनुसार राष्ट्रिय स्तरमा र प्रदेश स्तरमा निम्न स्वास्थ्य संस्थाहरू स्थापना र सञ्चालन भएको देखियो :

राष्ट्रिय स्तरमा-

आर्थिक वर्ष	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६
Public Hospital	१११	१२३	१२५	१३०
PHCCs	२०२	२००	१९८	१९६
HPs	३८०३	३८०८	३८०८	३८०५
Non public facilities	१२७७	१७१५	१८२२	२१६०
Hospital Bed	६८४७	७३५४	८३३२	८३६०

२०७४/७५ मा प्रदेशगत स्वास्थ्य संस्थाहरू:

प्रदेश	१	२	बागमती	गण्डकी	५	कर्णाली	सुदुर पश्चिम	जम्मा
Public Hospital	१८	१३	३३	१५	२०	१२	१४	१२५
PHCCs	४०	३२	४३	२४	३०	१३	१६	१९८
HPs	६४८	७४५	६४०	४९१	५७०	३३६	३७८	३८०८
Non public facilities	१३३	१६९	११६३	१००	१६८	४६	४३	१८२२
Non public facilities(2075/76)	१४७	२००	१४१७	११९	१५६	७२	४९	२१६०
No of People served	२४७१५५	१५४४७२	१८५३६७	२४७१५६	२६२६०२	१६९८९८	२७८०४९	१५४४६९९

उपर्युक्तबमोजिम स्वास्थ्य सेवा सञ्चालनमा विस्तार भएको छ । स्वास्थ्य संस्थाहरूको नियमन र व्यवस्थापन मार्फत स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि र सेवाको गुणस्तर सुधारको लागि प्रभावकारी नियमन व्यवस्था गरिनुपर्दछ । सरकारी संस्थाहरूको अनुगमन मन्त्रालय, विभाग, प्रदेश निर्देशनालय र स्थानीय तह मार्फत हुने गरेको देखिन्छ । तथापि मन्त्रालयबाट प्राप्त विवरणअनुसार अनुदान प्राप्त सामुदायिक स्वास्थ्य संस्थाहरू र अन्य निजी स्वास्थ्य संस्थाहरूको हकमा थप अनुमति र नवीकरणका विशेष उजुरी वा गुनासोमा निवेदन प्राप्त भएमा मात्र मन्त्रालय र विभागबाट अनुगमन गरेको देखियो । २०७२/७३मा निजी स्वास्थ्य संस्थाहरू १ हजार २ सय ७७ रहेकोमा २०७५/७६ मा २ हजार १ सय ६० पुगेका छन् । वर्तमानमा निजी स्वास्थ्य संस्थाहरूको स्थापना र सञ्चालनमा होडबाजी रहेको देखिएकोमा सरकारी तवरबाट स्वास्थ्यसंस्था स्थापना र सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० मार्फत नियमन गरिएको देखिन्छ । विभिन्न स्वास्थ्य संस्थाको नवीकरण तथा स्तरोन्नति अवस्थामा उल्लेखित व्यहोराको अध्ययन तथा परीक्षण गर्दा निजी स्वास्थ्य संस्थाहरूले उक्त मापदण्ड बमोजिमको पूर्वाधार बिना नै स्वास्थ्यसेवाप्रवाह गरेकोमा पनि विभिन्न शर्तको आधारमा नवीकरण तथा स्तरोन्नतिको अनुमति लिएको देखियो । यस्ता शर्तकोपालनामा नियमन भएको देखिएन । तसर्थ यसको सुधारकोलागि नियामक निकायबाट देहायबमोजिम सुधार गर्नुपर्दछ:

- स्वास्थ्य संस्थाहरूको दर्ता, स्तरोन्नति तथा नवीकरण गर्दा निर्धारित मापदण्डबमोजिमको पूर्वाधार विकास अनिवार्य गर्नुपर्ने तथा दर्ता सञ्चालनमा नरहेका स्वास्थ्य संस्थाहरू खारेज गरि निर्धारित मापदण्ड बेगर सञ्चालित स्वास्थ्य संस्थाहरूलाई कानुनबमोजिम कारबाही गर्नुपर्दछ ।

- निर्धारित मापदण्डबमोजिमको पूर्वाधार विकास गरि गुणस्तरीय स्वास्थ्य सेवा सञ्चालन मार्फत राष्ट्रिय लक्ष्य प्राप्ति तथा स्वास्थ्य संस्थाहरूलाई नाफामुखी भन्दा सेवामुखी संस्थाहरूको रूपमा विकास गरी संस्थागत सामाजिक उत्तरदायित्व वहनको अवस्था सृजना गर्नुपर्दछ ।

२५. **स्वास्थ्य संस्थाको दर्ता र नवीकरण -** नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना सञ्चालन र नियमन गर्नुपर्ने जिम्मेवारी तोकेको देखिन्छ । सो अनुरूप मन्त्रालयमा गुणस्तर मापदण्ड तथा नियमन महाशाखा रहेको छ । सेवाको मापदण्ड, गुणस्तर मापन र पृष्ठपोषण, प्रभावकारिता अध्ययन तथा मूल्याङ्कन, औषधि व्यवस्था नीति तथा गुणस्तर, स्वास्थ्य संस्था स्थापना र स्तरोन्नति मापदण्ड, चिकित्सा मापदण्ड, भौतिक पूर्वाधार मापदण्ड र अन्तर्राष्ट्रियस्वास्थ्य नियमन कार्य तोकिएको छ । तोकिएका कार्यहरूमध्ये स्वास्थ्य सेवाको नियमनका लागि अनुगमन र मूल्याङ्कनले विशेष महत्व राख्ने हुन्छ । मन्त्रालयबाट नीजि स्वास्थ्य संस्थाहरूको सेवाको गुणस्तर, भौतिक पूर्वाधारको अवस्था तथा तोकिएको मापदण्डबमोजिम स्वास्थ्य सेवा सञ्चालन र गुणस्तर सुनिश्चितताको मापन भएको देखिएन । मन्त्रालयमा नीति योजना तथा अनुगमन महाशाखा, गुणस्तर मापन तथा नियमन महाशाखा मार्फत स्वास्थ्य सेवाको नियमन संयन्त्र स्थापना भएको देखियो । तथापि अनुगमन महाशाखाबाट अनुदान प्राप्त सामुदायिक अस्पताल १८ को मात्र अनुगमन गरेको देखियो भने निजीस्वास्थ्य संस्थाहरूको अनुगमन भएको देखिएन । गुणस्तर मापन तथा नियमन महाशाखाबाट स्वास्थ्य संस्थाहरूको अनुमति नवीकरण तथा स्तरोन्नतिको लागि निवेदन प्राप्त भएपश्चात मात्र अनुगमन समिति मार्फत अनुगमन गर्ने गरेको छ । विगत ३ वर्षमा मन्त्रालय अन्तर्गतका २२ निजी स्वास्थ्य संस्थाले नवीकरण तथा स्तरोन्नतिको लागि निवेदन दिएकोमा तपसिलबमोजिमका ८ स्वास्थ्य संस्थाको मात्र अनुगमन पश्चात नवीकरण तथा थप शैया सञ्चालन अनुमति दिएको पाईयो । यससम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :

२५.१. मन्त्रालयबाट अनुगमन गरेर देहायबमोजिम शर्तसहित स्वीकृति दिएको भएपनि सोको कार्यान्वयन अवस्था यकिन छैन ।

निजी तथा सामुदायिक अस्पताल	निर्णय मिति	शैया संख्या	नवीकरण अनुमति अवधि वर्ष	शर्तसहितको सिफारीश
चितवन मेडिकल कलेज, चितवन	२०७३/३/२९	५७५	छ	अस्पतालको क्षेत्रफल मापदण्ड बमोजिम नभएको विशेषज्ञ डाक्टरहरूक मी रहेको । शैयाबीचको दुरी कम रहेको । प्रयोगशाला स्वीकृति विना सञ्चालनमा रहेको, निःशुल्कउपचार संख्या बृद्धि नगरेको ।
वि.एण्ड सी. मेडिकल कलेज झापा	२०७३/४/६	३००	छ	निःशुल्क उपचार र मासिक प्रतिबेदन नगरेको । सामाजिक सेवा ईकाई स्थापना नगरेको । विपद् व्यवस्थापनको कार्ययोजना नरहेको । एम्बुलेन्स सञ्चालनमा नरहेको । सघन उपचार कक्षमा जनशक्ति कमी रहेको, आकस्मीक कक्ष र अन्तरंग विभागमा भौतीक पूर्वाधार कमी रहेको । वार्डहरूमा शैया बीचको दुरी कम रहेको । फोहोर व्यवस्थापन प्रभावकारी नभएको ।
गण्डकी मेडिकल कलेज, पोखरा	२०७३/१०/५	३००	३	निःशुल्क उपचार र मासिक प्रतिबेदन नगरेको । सामाजिक सेवा ईकाई स्थापना नगरेको । विपद् व्यवस्थापनको कार्ययोजना नरहेको । एम्बुलेन्स सञ्चालनमा नरहेको । सघन उपचार कक्षमा जनशक्ति कमी रहेको , आकस्मीक कक्ष र अन्तरंग विभागमा भौतिक पूर्वाधार कमी रहेको । वार्डहरूमा शैयाबीचको दुरी कम रहेको । फोहोर व्यवस्थापन प्रभावकारी नभएको ।
लुम्बिनी मेडिकल कलेज, पाल्पा	२०७४/८/५	४००	छ	निःशुल्क उपचार र मासिक प्रतिबेदन नगरेको । सामाजिक सेवा ईकाई स्थापना नगरेको । विपद् व्यवस्थापनको कार्ययोजना नरहेको ।

				एम्बुलेन्स सञ्चालनमा नरहेको । सघन उपचार कक्षमा जनशक्ति कमी रहेको, आकस्मिक कक्ष र अन्तरंग विभागमा भौतिक पूर्वाधार कमी रहेको । वार्डहरूमा शैयाबीचको दुरी कम रहेको । फोहोर व्यवस्थापन प्रभावकारी नभएको ।
नोबल मेडिकल कलेज, विराटनगर	२०७३/१०/५	३००	छ	नि:शुल्क उपचार र मासिक प्रतिवेदन नगरेको । विपद् व्यवस्थापनको कार्ययोजना नरहेको । सघन उपचार कक्षमा जनशक्ति कमी रहेको, आकस्मिक कक्ष र अन्तरंग विभागमा भौतिक पूर्वाधार कमी रहेको । वार्डहरूमा शैयाबीचको दुरी कम रहेको । फोहोर व्यवस्थापन प्रभावकारी नभएको ।
नेपाल मेडिकल कलेज, जोरपाटी	२०७६/३/२९	४५०	छ	न:शुल्क उपचार र मासिक प्रतिवेदन नगरेको । विपद् व्यवस्थापनको कार्ययोजना नरहेको । सघन उपचार कक्षमा जनशक्ति कमी रहेको, आकस्मिक कक्ष र अन्तरंग विभागमा भौतिक पूर्वाधार कमी रहेको । वार्डहरूमा शैयाबीचको दुरी कम रहेको । फोहोर व्यवस्थापन प्रभावकारी नभएको ।
विराटनगर अस्पताल । विराट मेडिकल कलेज, विराटनगर	२०७६/३/२६	२००	छ	न:शुल्क उपचार र मासिक प्रतिवेदन नगरेको । विपद् व्यवस्थापनको कार्ययोजना नरहेको । सघन उपचार कक्षमा जनशक्ति कमी रहेको, आकस्मिक कक्ष र अन्तरंग विभागमा भौतिक पूर्वाधार कमी रहेको । वार्डहरूमा शैयाबीचको दुरी कम रहेको । फोहोर व्यवस्थापन प्रभावकारी नभएको ।
आश्विन मेडिकल कलेज, नेपाल मेडिसिटी, भैसेपाटी, ललितपुर	२०७४/८/५	३००	छ	न:शुल्क उपचार र मासिक प्रतिवेदन नगरेको । विपद् व्यवस्थापनको कार्ययोजना नरहेको । सघन उपचार कक्षमा जनशक्ति कमी रहेको, आकस्मिक कक्ष र अन्तरंग विभागमा भौतिक पूर्वाधार कमी रहेको । वार्डहरूमा शैयाबीचको दुरी कम रहेको । फोहोर व्यवस्थापन प्रभावकारी नभएको ।

उपर्युक्त अस्पतालहरूको अनुगमन मूल्याङ्कन प्रतिवेदन पश्चात नवीकरण तथा स्तरोन्नति गरेकोमा विभिन्न सुझाउ दिएको देखियो । उक्त सुझाउहरू कार्यान्वयन गरे नगरेको सम्बन्धमा अनुगमन गरेको छैन ।

२५.२. मन्त्रालय अन्तर्गतका स्तरोन्नति तथा नवीकरण लागि निवेदन पेश गरेका तर मापदण्ड पुरा नभई नवीकरण नभएका १४ अस्पतालरहेकोमा त्यसको अनुगमन मूल्याङ्कन गरी आवश्यक सुधार सहितको निकासको प्रवन्ध मन्त्रालयले गरेको छैन । मापदण्ड पालना बेगरको सञ्चालनबाट नियमित सेवाप्रवाह तथा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने राजश्वमा समेत असर गर्ने हुँदा नियमन कार्य प्रभावकारी हुन आवस्यक देखिन्छ । ती अस्पतालको वर्तमान शैया संख्याको मूल्याङ्कन गर्दा ती अस्पतालहरू स्वत: मापदण्डको पालना बेगर सञ्चालनमा रहेको पुष्टि गर्दछ । न्यूनतम मापदण्ड पुरा नगरेको भनी मन्त्रालयले नवीकरण नगरेको भएपनि सञ्चालनमा रहेका अस्पतालको विवरण देहायमा उल्लेख छ :

क्र.सं.	अस्पतालको नाम र ठेगाना	शैया क्षमता	थपमाग शैया क्षमता	निवेदन पेश गरेको मिति
१	किष्ट मेडिकल कलेज ललितपुर	१००	७५०	२०७०/१२/२९
२	काठमाडौ मेडिकल कलेज, काठमाडौ	१००	७५०	२०७१/२/१९
३	मणिपाल शिक्षण अस्पताल प्रा.लि. पोखरा		७५०	२०७१/२/२०
४	धुलिखेल अस्पताल, काभ्रे		४५०	२०६९/१/३
५	युनिभर्सल मेडिकल ईन्टिच्यूट अफ एडभान्स स्टडिज एण्ड रिसर्च प्रा.लि. भैरहवा		७५०	२०७१/२/१९

६	नेपालगञ्ज मेडिकल कलेज, शिक्षण अस्पताल, कोहलपुर बांके		७५०	२०७१/३/१
७	कलेज अफ मेडिकल साईन्सेज, चितवन		७५०	२०७३/१०/२७
८	देवदह मेडिकल कलेज, रूपन्देही	१००	३००	२०७३/११/२७
९	काठमाडौ नेशनल मेडिकल कलेज, काठमाडौ		३००	२०७१/१/२८
१०	जानकी मेडिकल कलेज, जनकपुर	१००	३००	२०६६/९/२२
११	नेशनल मेडिकल कलेज, विरगञ्ज		७५०	२०७३/९/५
१२	नेपालस्वास्थ्य सेवा सहकारी संस्था, काठमाडौ			२०७०/३/१८
१३	पिपुल्स डेन्टल कलेज एण्ड हस्पिटल प्रा.लि. नयांबजार		३००	२०७१/२/२३
१४	कान्तिपुर डेन्टल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर, धापासी	१००	२५०	२०७१/१०/२९

२५.३. विभागको कार्यक्षेत्र भित्रका अनुमति प्रदान गरिएको अवधि समाप्त भैसकेका देहायका अस्पतालहरू नवीकरण नभई सञ्चालनमा रहेका छन् । यसरी नवीकरण नभै सञ्चालनहुँदा समेत कुनै कारबाही भएको छैन ।

क्र.सं.	अस्पतालको नाम र ठेगाना	शैया क्षमता	अनुमतिको अवधि
१	श्री किष्ट मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल, ईमाडोल	१००	२०७४/३/३१
२	मनमोहन मेमोरियल सामुदायिक अस्पताल, ठमेल, काठमाडौ ।	१००	२०७५/३/३१
३	श्री शहिद मेमोरियल अस्पाल, कलंकी ।	१००	२०७५/३/३१
४	श्री काठमाडौ भ्याली हस्पिटल(साविकको लाईफ केयर हस्पिटल	१००	२०७५/३/३१
५	श्री यती हस्पिटल प्रा.लि, सितापाईला	५५	२०७५/३/३१
६	श्री मनमोहन मेमोरियल पुर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल, विर्तामोड, झापा	१००	२०७५/३/३१
७	श्री चितवन हस्पिटल प्रा.लि. भरतपुर	५५	२०७५/३/३१
८	श्री सहारा हस्पिटल प्रा.लि. पोखरा	५५	२०७५/३/३१
९	श्री देवदह मेडिकल कलेज एण्ड रिसर्च सेन्टर रूपन्देही	१००	२०७५/३/३१
१०	आम्दा नेपाल सिद्धार्थ वाल तथा महिला अस्पताल	१००	२०७५/३/३१
११	श्री जनकपुर सिटी हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि, जनकपुर	५५	२०७५/३/३१
१२	श्री सहज सामुदायिक अस्पताल, गैडाकोट नवलपरासी	५१	२०७५/३/३१
१३	श्री नेपालमध्यविन्दु सामुदायिक स्मिृति अस्पताल विकास केन्द्र	५५	२०७५/३/३१
१४	श्री सिन्धु सदावहार अस्पताल प्रा.लि., सिन्धुपाल्चोक	५५	२०७५/३/३१
	जम्मा		

यसरी मन्त्रालय र विभागबाट अनुमति लिनुपर्नेमा अनुमति दिँदा शर्त पुरा गर्न उल्लेख गरेकोमा शर्त पुरा गरे नगरेको मूल्याङ्कन नगरेको, कतिपय अस्पतालले मापदण्ड पुरा गर्न नसकी नवीकरण नहुंदा अवैधानिक रूपमा सञ्चालनमा रहेको र कतिपयले नवीकरण गर्नुपर्ने भएपनि नवीकरण नगरी सञ्चालन गरेको कारण नियमन कार्य प्रभावकारी भएको देखिएन ।

सुझाउ - निजीस्वास्थ्य संस्थाहरूको सेवाप्रवाहको नियमन प्रक्रियालाई नियमित बजेटमार्फत स्वचालित प्रक्रियामा हुने व्यवस्था गरीस्तरोन्नति गरेबमोजिमको सेवाप्रवाह भए नभएको तथा शर्तहरू पालना गरे नगरेकोसम्बन्धमा निर्दिष्ट सूचकहरूको आधारमा विश्लेषण गरी मापदण्ड पालनामा जोड दिई समयमै नवीकरणको कारबाही हुनुपर्दछ । साथै निर्देशिकाको दफा २८ बमोजिम तोकिएको अवधिभित्र नविकरण हुन नसकेका स्वास्थ्य संस्थाहरूको सेवा संचालन वन्द गरी कारवाही गर्नुपर्दछ ।

प्रतिक्रिया - निजी अस्पताल बन्द गर्न व्यवहारिक कठिनाई हुने जानकरी गराएको छ ।

२६. **गैरसरकारी संस्था मार्फत अस्पताल सञ्चालन -** स्वास्थ्य संस्था स्थापना तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को दफा ५ बमोजिम सम्वन्धित निकायबाट अनुमति लिएर मात्र स्वास्थ्य सेवा संचालन गर्नुपर्ने व्यवस्था छ । समाज कल्याण परिषदमा आवद्द भई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग समझदारी

पत्र (एम.ओ.यु) गरी तपसिल बमोजिमका १५ गैरसरकारी संस्थाहरूले स्वास्थ्य संस्था मार्फत सेवा संचालन गरेको देखियो:

क्र.सं.	गैर सरकारी संस्थाको नाम	स्वास्थ्य संस्थाको नाम	कैफियत
१	शिरमेमोरियल, बनेपा, काभ्रे	शिरमेमोरियल, बनेपा, काभ्रे	सम्झौताअवधि सकिएको तथापि सञ्चालनमा
२	एचडीसीएस	लमजुङ जिल्ला सामुदायिक अस्पताल, चौरजहारी अस्पताल, रुकुम	सञ्चालनमा रहेको
३	यु एम एन	तानसेन मिसन अस्पताल पाल्पा ओखलढुंगा सामुदायिक अस्पताल	सञ्चालनमा रहेको
४	एन एस आई	ग्रामीण स्वास्थ्य सहयोग कार्यक्रम	सञ्चालनमा रहेको
५	वान हर्ट वर्ल्डवाईड नेपाल	सेफ मदरहुड एण्ड नियोशनल हेल्थ	सञ्चालनमा रहेको
६	आईपिएएस नेपाल	सेफ एर्वोशन	सञ्चालनमा रहेको
७	नेशनल हेल्थ एण्ड फेमलीप्लानिङ कमिशन	मेट्रिनल एण्ड चाईल्ड हेल्थहस्पिटल काउण्टर पार्ट	सञ्चालनमा रहेको
८	यु एस एम्बेसी	बर्थिङ सेन्टर ईन मोरङ	सञ्चालनमा रहेको
९	पि एस आई	वुमन हेल्थ प्रोजेक्ट	सञ्चालनमा रहेको
१०	न्याया हेल्थ	चरिकोट अस्पताल दोलखावयलपाटा अस्पताल अछाम	सञ्चालनमा रहेको
११	प्लान ईन्टरनेशनल	कम्युनिटि हेल्थ प्रोजेक्ट	सञ्चालनमा रहेको
१२	एनआर सी एस	आर एम एन सी एचप्रोजेक्ट	सञ्चालनमा रहेको
१३	शुष्मा कोईराला मेमोरियल ट्रष्ट	शुष्मा कोईराला मेमोरियल अस्पताल	सञ्चालनमा रहेको
१४	सेभ द चिल्ड्रेन नेपाल	एचआई भी एड्स, मलेरिया, क्षयरोग	ग्लोबल फण्ड
१५	गुड नेईवर्स	पोर चाईल्ड हेल्थ प्रोजेक्ट	सञ्चालनमा रहेको

उपर्युक्त संस्थाहरू २०७२ सालको भुकम्प पश्चात ४६ राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले मन्त्रालयसंग समझदारी पत्र गरकोमा उक्त संस्थाहरूबाट समझदारी बमोजिम कार्य गरे नगरेको सम्बन्धमा मन्त्रालयसंग कुनै जानकारी छैन । साथै यसरी स्थापना भई संचालित स्वास्थ्य संस्थाहरूले निर्देशिका बमोजिमको मापदण्ड पालना तथा सेवाप्रवाह सम्बन्धमा स्वास्थ्य मन्त्रालयको सूचना प्रणालीमा आवद्ध भएको पाईएन । मन्त्रालयबाट समझदारीपत्रमा हस्ताक्षर गर्ने तर कार्यान्वयनको अनुगमन नगर्ने परीपाटीले लक्षित उद्देश्य बमोजिम नतिजा प्राप्त भएको छ भन्न सकिने स्थिति छैन ।

सुझाउ - गैर सरकारी संस्था मार्फत सञ्चालित स्वास्थ्य संस्थाको सेवाप्रवाहलाई राष्ट्रिय स्वास्थ्य प्रणालीमा आबद्ध गराई समझदारी पत्रको शर्त पालनाका सम्बन्धमा मन्त्रालयबाट नियमित अनुगमन गरी प्रभावकारी संञ्चालनमा जोड दिनु पर्दछ ।

प्रतिक्रिया - प्रक्रिया अगाडि बढेको जानकारी गराएको छ ।

२७. **भौतिक पूर्वाधार व्यवस्थापन -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १६ को उपदफा १३ बमोजिम अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनुपर्ने, आफ्नो जग्गा नभएको हकमा कम्तीमा १५ वर्षका लागि जग्गा भाडामा लिई सो जग्गामा पूर्वाधार निर्माण गरीसञ्चालनमा ल्याउनसक्ने र पच्चीस शैयाभन्दा माथि क्षमता विस्तार गर्दा वा ५० शैया भन्दा माथिको अस्पताल सञ्चालन गर्नुपर्ने अवस्थामा आफ्नै भवन हुनुपर्ने व्यवस्था छ । मापदण्ड सम्बन्धी निर्देशिकाको उपदफा १४ मा अस्पताल सेवा सञ्चालनगरिने भवनको नक्सा र डिजाईन भवन ऐन, २०५५ बमोजिम स्वीकृत भएको हुनुपर्ने, नेपाल सरकारले अस्पतालको सम्बन्धमा छुट्टै मापदण्ड तोकेको भएमा सोहीबमोजिम र उपत्यकाको हकमा काठमाडौ उपत्यका विकास प्राधिकरणबाट अस्पताल भवन निर्माणसम्बन्धी योजना स्वीकृत भएको हुनुपर्ने, सर्वसाधारणको जानकारीका लागि Disaster Management Plan तयार गर्नुपर्ने, कोठाहरू वातानुकुलित हुनुपर्ने, सहज आवागमन, अस्पतालको कुल निर्माण क्षेत्रफल प्रतिशैया ५५ वर्ग मिटरका दरले हुनुपर्ने तथा भवन निर्माण स्वीकृति लिँदा अस्पताल सेवा सञ्चालनका लागि भनी स्पष्ट खुलेको हुनुपर्ने व्यवस्था छ । साथै उपदफा १५ मा वातावरण व्यवस्थापन, उपदफा १६ मा फोहोरमैला व्यवस्थापन मापदण्ड पुरा गरेको हुनुपर्ने व्यवस्था छ । यससम्बन्धमा स्वास्थ्य सेवा विभागको कार्यक्षेत्र अन्तर्गतका ९४ अस्पतालको भौतिक पूर्वाधारको अवस्था अध्ययन तथा परीक्षण गर्दा ३७ अस्पताल आवासीय भवनमा, १० अस्पताल कर्मशियल भवनमा र ३८ अस्पताल मात्र बनेको र

बन्दै गरेको अस्पताल प्रयोजनका भवनमा सञ्चालनमा रहेको पाईयो भने ९अस्पताल प्रवलीकरण गर्नुपर्ने अवस्थामा रही सञ्चालनमा रहेको देखियो । (यसको बिस्तृत विवरण अनुसूचि १ मा छ ।) सञ्चालित अस्पतालहरूले दफा १६ र १७ बमोजिम अस्पतालको पूर्वाधारसम्बन्धी मापदण्डहरू पालना गरेको पाईएन । व्यावसायिक र आवासीय भवनमा अस्पताल सञ्चालनगरीँदा सेवाप्रवाह गुणस्तर मापदण्ड बमोजिम भएको देखिएन । यससम्बन्धमा मन्त्रालय बिभागबाट कुनै कारबाही गरेको छैन । निजी अस्पतालमा ईमरजेन्सी पूर्वाधार र आईसियु, प्रयोगशाला मापदण्ड, जनशक्ति व्यवस्थापन र निशुल्क उपचार र जेष्ठ नागरिकको लागि शैया व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छनः

२७.१. **ईमरजेन्सी पूर्वाधार र आईसियु -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १६(२) अनुसार आकष्मिक कक्षका लागि दश प्रतिशत शैया छुट्याउनुपर्ने तथा निश्चित उपकरण र पूर्वाधार निर्माण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय र विभागबाट सञ्चालन अनुमति तथा स्तरोन्नति गर्दा अस्पतालहरूमा गरेको अनुगमन प्रतिबेदनमा आकस्मिक र आईसियुसम्बन्धी मापदण्ड पुरा नहुँदा पनि सञ्चालन अनुमति प्रदान गरेको देखियो । यससम्बन्धी केही उदाहरणहरू निम्नानुसार छन् :

क्र.सं.	अस्पतालको नाम	प्रतिबेदनमा उल्लेखित मापदण्ड पालनासम्बन्धी व्यहोरा
१	चितवन मेडिकल कलेज, भरतपुर	आकस्मिक कक्षमा कुल शैया संख्याको १० प्रतिशत शैया नभएको । आकस्मिक कक्षमा आवश्यक उपकरणहरू मापदण्डबमोजिम नरहेको । आईसियुमा शैयाहरूको अनुपातमा जनशक्ति नरहेको ।
२	लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ अस्पताल, प्रभास, पाल्पा	आकस्मिक कक्षमा कुल शैया संख्याको १० प्रतिशत शैया नभएको । आकस्मिक कक्षमा आवश्यक उपकरणहरू मापदण्डबमोजिम नरहेको । आईसियु मा शैयाहरूको अनुपातमा जनशक्ति नरहेको ।
३	बि.एण्ड सी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. झापा	आकस्मिक कक्षमा आवश्यक उपकरणहरू मापदण्डबमोजिम नरहेको । सघन उपचार कक्ष मा नर्सिङ दरवन्दी मापदण्डबमोजिम नरहेको ।
४	नेपाल मेडिकल कलेज प्रा.लि , काठमाडौ	आकस्मिक कक्षमा आवश्यक उपकरणहरू मापदण्डबमोजिम नरहेको । सघन उपचार कक्ष मा नर्सिङ दरवन्दी मापदण्डबमोजिम नरहेको ।
५	आश्विन्स मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि.(नेपाल मेडिसिटी)	आकस्मिक कक्षमा आवश्यक उपकरणहरू मापदण्डबमोजिम नरहेको । आईसियु मा शैयाहरूको अनुपातमा जनशक्ति नरहेको ।
६	किस्ट मेडिकल कलेज, ईमाडोल, ललितपुर	आकस्मिक कक्षमा आवश्यक उपकरणहरू मापदण्डबमोजिम नरहेको । आईसियुमा शैयाहरूको अनुपातमा जनशक्ति नरहेको ।

उपर्युक्त बमोजिमका अस्पतालहरूले निर्देशिकाबमोजिम मापदण्ड पुरा नगरेको अवस्थामा पनि सुझाउ सहित सञ्चालन अनुमति दिएको देखियो । निर्धारित मापदण्डबमोजिम सञ्चालन स्वीकृति दिने व्यवस्थामा सुधार गर्नुपर्दछ ।

२७.२. **प्रयोगशाला मापदण्ड -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा २० मा उपकरणसम्बन्धी मापदण्ड तोकिएको छ । जसमा शिक्षण अस्पतालको हकमा नेपाल मेडिकल काउन्सिलले तोकेको मापदण्डबमोजिम र अस्पतालमा रहने प्रयोगशाला तथा उपकरणको लागि उक्त निर्देशिकाले मापदण्ड निर्धारण गरेको छ । मन्त्रालय र विभागको नियमन क्षेत्रभित्रका शिक्षण अस्पताल र अस्पतालहरूको प्रयोगशालासम्बन्धी मापदण्डको निर्दिष्ट ढाँचामा अनुगमन भएको देखिएन । मन्त्रालय र विभागबाट नयाँ अनुमति तथा स्तरोन्नतिको लागि स्वीकृति दिँदा समेत तोकिएको मापदण्ड

पुरा नभएका अस्पतालहरूलाई समेत स्वीकृति दिएको देखियो । यससम्बन्धी केही उदाहरणहरू निम्नानुसार छन् :

क्र.सं.	अस्पतालको नाम	प्रतिबेदनमा उल्लेखित मापदण्ड पालनासम्बन्धी व्यहोरा
१	चितवन मेडिकल कलेज, भरतपुर	प्रयोगशाला ले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट स्वीकृति नलिएको
२	लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ अस्पताल, प्रभास, पाल्पा	मर्करीयुक्त उपकरणको प्रयोग भएकोमा डिजीटल उकरण प्रयोग गर्नुपर्ने
५	आश्विन्स मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि.(नेपाल मेडिसिटी)	प्रयोगशाला सेवाहरूमा गुणस्तर नियन्त्रण प्रणाली तथा आवश्यक उपकरण व्यवस्थापन गर्नुपर्ने
६	किस्ट मेडिकल कलेज, ईमाडोल, ललितपुर	प्रयोगशालामा शाखा विभाजन र औजार उपकरण तथा जनशक्ति मापदण्ड बमोजिम नरहेको । प्रयोगशालाको तथ्यांक व्यवस्थित गरी आन्तरिक गुणस्तर सुनिश्चित गर्न NPHL ले सञ्चालन गर्ने EQUAS मा भाग लिने तथा प्रयोगशालाजन्य फोहरमैलाको मापदण्डअनुसार व्यवस्थापन गर्नुपर्ने ।
७	काठमाडौ भ्याली हस्पिटल प्रा.लि.	प्रयोगशाला कोठा छुट्टै नभएको । औजार उपकरण पुरा नभएको ।
८	महेन्द्रनारायण निधि मेमोरियल अस्पताल, बसुन्धरा काठमाडौ	प्रयोगशालामा औजार उपकरण पुरा नभएको । प्रयोगशालाको तथ्यांक व्यवस्थित गरी आन्तरिक गुणस्तर सुनिश्चित गर्न NPHL ले सञ्चालन गर्ने EQUAS मा भाग लिने तथा प्रयोगशालाजन्य फोहोरमैलाको मापदण्ड अनुसार व्यवस्थापन गर्नुपर्ने

उर्पयुक्त बमोजिम निर्धारित प्रयोगशाला पूर्वाधार बेगर सञ्चालित अस्पतालहरूलाई कारबाही गर्नुपर्द छ ।

२७.३. **जनशक्ति व्यवस्थापन मापदण्ड -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १९ मा जनशक्तिसम्बन्धी मापदण्ड तोकिएको छ । जसमा शिक्षण अस्पतालको हकमा नेपाल मेडिकल काउन्सिलले तोकेको मापदण्डबमोजिम र बाँकीका हकमा अस्पतालको शैया क्षमताको आधारमा जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । मन्त्रालय र विभागले नयाँसञ्चालन तथा थप स्तरोन्नतिको अनुमति प्रदान गर्दा जनशक्ति व्यवस्थापनसम्बन्धी मापदण्ड पुरा नभएको अवस्थामा पनि थप व्यवस्था गर्नुपर्ने शर्तमा अनुमति प्रदान गरेको देखियो । यससम्बन्धी केही उदाहरणहरू निम्नानुसार छन् :

क्र. सं.	अस्पतालको नाम	प्रतिबेदनमा उल्लेखित मापदण्ड पालनासम्बन्धी व्यहोरा
१	चितवन मेडिकल कलेज, भरतपुर	बिशेषज्ञ डाक्टरहरू कम रहेको । नर्सिङ स्टाफहरू कम रहेको ।
२	लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ अस्पताल, प्रभास, पाल्पा	स्वीकृत शैया संख्याको अनुपातमा सवैखाले चिकित्सक र अन्य स्वास्थ्यकर्मीको कमी रहेको
३	बि.एण्ड सी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. झापा	आईसियुमा शैयाको अनुपातमा जनशक्ति कमी रहेको
४	नेपाल मेडिकल कलेज प्रा.लि , काठमाडौ	स्वीकृत शैया संख्याको अनुपातमा सवैखाले चिकित्सक र अन्य स्वास्थ्यकर्मीको कमी रहेको । आईसियुमा शैयाको अनुपातमा जनशक्ति कमी रहेको ।
५	आश्विन्स मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि. (नेपाल मेडिसिटी)	आईसियुमा शैयाको अनुपातमा जनशक्ति कमी रहेको ।
६	किस्ट मेडिकल कलेज, ईमाडोल, ललितपुर	सघन उपचार कक्ष तथा अप्रेशन थियटरमा मापदण्ड अनुसार कर्मचारी अभाव रहेको

	नर्भिक ईन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज प्रा. लि थापाथली	सघन उपचार कक्ष लगायत अन्य वार्डहरूमा नर्सिङ जनशक्तिको कमी रहेको

उपर्युक्तबमोजिम स्वीकृति प्राप्त अस्पतालहरूमा मापदण्डबमोजिमको जनशक्ति व्यवस्थापन नगरेकोमा पनि सञ्चालनअनुमति दिँदा सेवाप्रवाह प्रभावकारी भएको देखिएन । साथै एउटै बिशेषज्ञ डाक्टरको विभिन्न अस्पतालमा बोर्ड राखी सेवा सञ्चालन (खडे बाबा) सञ्चालन गरिँदा निर्धारित मापदण्डको पालना भएको समेत देखिएन ।

२७.४. **निःशुल्क उपचार र जेष्ठ नागरिक शैयासम्बन्धी मापदण्ड -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० अनुसार अस्पतालमा आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कुल शैयाको १० प्रतिशत शैया छुट्याई निःशुल्क उपचार गर्नुपर्ने र जेष्ठ नागरिकका लागि शैया व्यवस्थापन गर्नुपर्ने मापदण्ड तोकेका र सो को मासिक प्रतिवेदन जिल्ला जनस्वास्थ्य कार्यालयमा नियमित रूपमा पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालय र विभागको नियमन क्षेत्र भित्र रहेका तपसिल बमोजिमका अस्पतालहरूमा निःशुल्क उपचार र जेष्ठ नागरिक शैया तोक्ने व्यवस्था गरेको पाईएनः

क्र.सं.	अस्पतालको नाम	प्रतिबेदनमा उल्लेखित मापदण्ड पालनासम्बन्धी व्यहोरा
१	चितवन मेडिकल कलेज, भरतपुर	१० प्रतिशत शैया छुट्याई निःशुल्क उपचार गरेको छैन साथै जेष्ठ नागरिकहरूलाई विशेष किसिमको सुविधाको व्यवस्था गरी शैया छुट्याएको छैन ।
२	लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ अस्पताल, प्रभास, पाल्पा	१० प्रतिशत शैया छुट्याई निःशुल्क उपचार गरेको छैन साथै जेष्ठ नागरिकहरूलाई विशेष किसिमको सुविधाको व्यवस्था गरी शैया छुट्याएको छैन ।
३	बि.एण्ड सी मेडिकल कलेज टिचिङ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. झापा	१० प्रतिशत शैया छुट्याई निःशुल्क उपचार गरेको छैन साथै जेष्ठ नागरिकहरूलाई विशेष किसिमको सुविधाको व्यवस्था गरी शैया छुट्याएको छैन ।
४	नेपाल मेडिकल कलेज प्रा.लि , काठमाडौ	१० प्रतिशत शैया छुट्याई निःशुल्क उपचार गरेको तर जेष्ठ नागरिकको लागि शैया छुट्याएको छैन ।
५	आश्विन्स मेडिकल कलेज एण्ड हस्पिटल प्रा.लि.(नेपाल मेडिसिटि)	१० प्रतिशत शैया छुट्याई निःशुल्क उपचार गरेको छैन साथै जेष्ठ नागरिकहरूलाई विशेष किसिमको सुविधाको व्यवस्था गरी शैया छुट्याएको छैन ।
६	गण्डकी मेडिकल कलेज, पोखरा	१० प्रतिशत शैया छुट्याई निःशुल्क उपचार गरेको छैन साथै जेष्ठ नागरिकहरूलाई विशेष किसिमको सुविधाको व्यवस्था गरी शैया छुट्याएको छैन ।
७	किस्ट मेडिकल कलेज, ईमाडोल, ललितपुर	१० प्रतिशत शैया छुट्याई निःशुल्क उपचार गरेको छैन साथै जेष्ठ नागरिकहरूलाई विशेष किसिमको सुविधाको व्यवस्था गरी शैया छुट्याएको छैन ।
८	नर्भिक ईन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज प्रा. लि थापाथली	१० प्रतिशत शैया छुट्याई निःशुल्क उपचार गरेको छैन साथै जेष्ठ नागरिकहरूलाई विशेष किसिमको सुविधाको व्यवस्था गरी शैया छुट्याएको छैन ।

उपर्युक्त अस्पतालहरूलाई अनुगमन प्रतिवेदनमा सुझाउसहित नयाँ स्थापना, थप स्तरोन्नति तथा नवीकरणगरीसञ्चालनअनुमति प्रदान गरिएकोमा स्वास्थ्य सेवा विभागको सूचना प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।

सुझाउ - गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवा सञ्चालनको लागि निर्देशिकाले तोकेबमोजिमको मापदण्डमा स्वास्थ्य संस्था स्थापना र सञ्चालनको अनुमतिलाई अनिवार्य शर्तको रूपमा लिई निजी स्वास्थ्य संस्था स्थापना, सञ्चालन र नवीकरणको व्यवस्था मार्फत स्वास्थ्य सेवाको नियमन गर्नुपर्दछ ।

२८. **भवन निर्माण स्वीकृति -** नेपाल सरकारले अस्पतालको सम्बन्धमा छुट्टै मापदण्ड तोकेको भएमा सोहीबमोजिम र उपत्यकाको हकमा काठमाडौ उपत्यका विकास प्राधिकरणबाट अस्पताल भवन निर्माणसम्बन्धी योजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ । त्यसैगरी स्वास्थ्य संस्था स्थापना, सञ्चालन

तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका २०७० मा निर्धारित मापदण्ड पालनाको लागिनिजी अस्पतालहरूले ६ वर्षे कार्ययोजना पेश गरीउक्त अवधिभित्र अस्पताल पूर्वाधार निर्माण गरिसक्ने गरी सम्झौता गरेकोमा सम्झौताको अवधि २०७६ श्रावण मसान्तमा सकिएकोमा काठमाडौं उपत्यकामा सञ्चालितनिजी अस्पतालहरूको आफ्नो जग्गा नरहेको तथा आवासीय र व्यावसायिक भवनमा अस्पताल सञ्चालन गरेको देखिएको छ । काठमाडौं उपत्यकामा सञ्चालित अस्पतालहरूमध्ये तपसिलबमोजिमका ११ अस्पतालले मात्र मापदण्डबमोजिम योजना स्वीकृत गरेको देखियो । यी बाहेकका अन्य धेरै अस्पताल स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका २०७०" मा निर्धारित मापदण्ड तथा प्रचलित व्यवस्थाको पालना नगरी योजना स्वीकृत नगराई मापदण्ड बेगर अस्पताल सञ्चालन गरेको देखियो । यसमा सम्वद्ध निकायबाट अनुगमन गरेको पाईएन ।

क्र.सं.	अस्पतालको नाम	योजना स्वीकृत मिति	स्वीकृति दिने निकाय	हालको अवस्था कैफियत
१	ग्राण्डी ईन्टरनेशनल हस्पिटल, धापासी	२०७१/६/३	काठमाडौ उपत्यकाविकास प्राधिकरण जिल्लाआयुक्तको कार्यालय, काठमाडौ	
२	ईरा हस्पिटल प्रा.लि., काठमाडौ	२०७१/११/२०		
३	हस्पिटल फर एडभान्स मेडिसिन एण्ड सर्जरी प्रा.लि., बुढानिलकण्ठ	२०७२/९/२१		
४	ईन्टरनेशनल फ्रेण्डसीप हस्पिटल, महाराजगञ्ज ।	२०७४/९/१८		
५	जनस्वास्थ्य सरोकार ट्रष्ट, किर्तिपुर	२०७५/११/९		
६	नोबेल कलेज अफ हेल्थ एजुकेशन फाउण्डेशनप्रा.लि., पुरानो बानेश्वर ।	२०७५/१/२		
७	आश्विनी मेडिकल कलेज, ललितपूर	२०६९/११/१८	जिल्लाआयुक्तको कार्यालय, ललितपुर	
८	नेपालक्यान्सर हस्पिटल, ललितपूर	२०७१/११/२७		
९	मध्यपुर अस्पताल	२०७४/१/७	जिल्लाआयुक्तको कार्यालय, भक्तपुर	
१०	ख्वप अस्पताल	२०७५/७/१३		
११	काठमाडौ क्यान्सर केयर एण्ड रिसर्च सेन्टर	२०७२/४/१७		

सुझाउ - दक्ष र प्रभावकारी स्वास्थ्य सेवाप्रवाहको लागि स्वास्थ्य संस्था स्थापना र सञ्चालन गर्दा तोकिएका सरकारी निकायबाट योजना स्वीकृत गराई भौतिक पूर्वाधार निर्माण गर्नुपर्ने तथा पूर्वाधार निर्माणको लागि कार्ययोजना अनुरूप पूर्वाधार निर्माण बेगर सञ्चालित अस्पतालहरूलाई जनस्वास्थ्य ऐन, २०७५ को दफा २७बमोजिम कारवाही गर्नुपर्दछ ।

प्रतिक्रिया - जनस्वास्थ्य सेवा नियमावली स्वीकृत पश्चात प्रभावकारी रूपमा कारबाही हुने जानकरी गराएको छ ।

२९. **उपचारमा प्रोटोकलनिर्माण -** स्वास्थ्य नीति, २०७६ को बुंदा नं.६.१८.३ अनुसार गुणस्तरीय स्वास्थ्य सेवाप्रवाहका लागि निर्देशिका, गुणस्तर मापदण्ड तथा स्तरीय उपचार विधि (उपचार प्रोटोकलहरू) परिमार्जन तथा विकास गरी लागू गरिने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार ८ कडा रोगहरूको स्तरीय उपचार विधि (उपचार प्रोटोकल) निर्माण आवश्यकता रहेको जनाएको छ भने नेपाल सरकारले चेष्ट एण्ड रेस्पिरेटरी डिजीजको स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरूका लागि उपचार पद्धति, २०७१ तयार गरी कार्यान्वयनमा ल्याएको पाईयो । जटिल प्रकृतिका रोगहरूको उपचारमा एकरूपता कायम गर्नका लागि सरकारी र निजी स्वास्थ्य संस्था तथा अस्पतालहरूमा उपचार प्रोटोकल तयार गरी लागु गर्नुपर्ने आवश्यकता देखिएको छ । स्वास्थ्य सेवा विभागबाट प्राप्त विवरण अनुसार Cardiovascular Disease, Chest and Respiratory Disease, Kidney Disease, Diabetes andEndocrinology Disease/Musculoskeletal जस्ता रोगहरूको प्रोटोकल निर्माण गरी लागु गर्ने जनाएको छ । वार्षिक कार्यक्रममा तोकिएबमोजिम प्रोटोकल निर्माण गरिनुपर्दछ । सरकारी अस्पतालहरूको हकमा आधारभूत तथा आकस्मिक सेवाको लागि चाहिने उपचार पद्धति बनेकोमा स्वीकृत हुन बाँकी रहेको तथा अन्य विभिन्न रोगहरूको हकमा यस आर्थिक वर्षमा उपचार पद्धति बन्ने प्रक्रियामा रहेको, निजी अस्पतालहरूको हकमा

केही अस्पतालको आफ्नै प्रोटोकल रहेको तथा केही अस्पतालहरूमा विशेषज्ञहरूले आफ्नो विज्ञतामा आधारित भई उपचार गर्ने गरेको देखियो । तसर्थ स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धिको लागिस्वास्थ्य नीतिले दिशानिर्देश गरे अनुरूप विभिन्न रोगहरूको गम्भीरता अनुसार उपचारको प्रोटोकल निर्माण गरी स्वास्थ्य सेवाप्रवाहलाई प्रभावकारी बनाईनुपर्दछ ।

प्रतिक्रिया - प्रोटोकल निर्माणको आंशिक कार्य भइरहेको व्यहोरा जानकरी गराएको छ ।

३०. **राष्ट्रिय गुणस्तर मापदण्ड -** राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुंदा नं.६.१८.३ अनुसार गुणस्तरीय स्वास्थ्य सेवाप्रवाहका लागि गुणस्तर मापदण्ड निर्धारण गर्ने नीति लिएको छ । नेपालमा छुट्टै नेशनल स्ट्याण्डर्डको व्यवस्था नभएको तर नीजि अस्पतालहरूले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरसम्बन्धी राष्ट्रिय गुणस्तर मापदण्डको रूपमा **"स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका २०७०"** रहेको तथा सरकारी स्वास्थ्य संस्था हेल्थ पोष्ट तथा विभिन्न तहका अस्पताल, प्राथमिक अस्पताल, सेकेण्डरी अस्पताल तथा टरसरी अस्पतालहरूको हकमा **न्यूनतम सेवा मापदण्ड** (MINIMUM SERVICE STANDARD) क्रमशः लागु भै कार्यान्वयनमा रहेको देखियो । स्वास्थ्य सेवाप्रवाहको मापदण्ड निर्धारित गरी स्पष्ट मापन सूचकको आधारमा अस्पतालहरूको वर्गीकरण नहुँदा सेवाप्रवाहमा एकरूपता नभएको अवस्था छ । साथै सेवाको गुणस्तर समेत मापन हुन नसकेको देखियो । स्वास्थ्य सेवालाई अन्तराष्ट्रिय मापदण्डबमोजिम सामञ्जस्य गरी सञ्चालन गर्नुपर्नेमा सरकारी स्वास्थ्य संस्थाहरू न्यूनतम सेवा मापदण्ड र निजी स्वास्थ्य संस्थाहरूको पूर्वाधार निर्माण मापदण्डसम्बन्धी निर्देशिका २ पटकसम्म संशोधन गरिएको तथा निर्देशिकामा तोकिएको पूर्वाधारसम्बन्धी मापण्ड पुरा गर्ने समयावधि सकिँदासम्म पनि निजी अस्पताल तथा स्वास्थ्य संस्थाहरू आधारभूत पूर्वाधार बेगर नै सञ्चालनमा रहेको देखियो ।

सुझाउ - स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धिको लागि अन्तर्राष्ट्रिय मापदण्ड समेतलाई मध्यनजर राख्दै देशको समग्र निजी तथा सरकारी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण गरी लागु गरिनुपर्दछ । निजी अस्पताल तथा स्वास्थ्य संस्थाहरूको हकमा मापदण्ड पालना नगरी सञ्चालित अस्पतालहरू बन्द अथवा मर्जर मार्फत मापदण्ड पुरा गरी सञ्चालनको अवसर प्रदान गर्ने व्यवस्था गरिनुपर्दछ ।

३१. **अन्तराष्ट्रिय गुणस्तर चिन्ह प्राप्त स्वास्थ्य संस्था -** नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ ले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लाई स्वास्थ्य सेवाको गुणस्तर, मापदण्ड तथा नियमनको जिम्मेवारी अन्तर्गत अन्तर्राष्ट्रिय स्वास्थ्य नियमनसम्बन्धी कार्य तोकेको छ । मन्त्रालय तथा विभागबाट नेपालमा सञ्चालित आई.एस.ओ प्राप्त स्वास्थ्य संस्थाहरू बारेमा सूचना माग गर्दा सोको विवरण राखेको देखिएन । नर्भिक ईन्टरनेशनल अस्पताल प्रा.लि., अल्का अस्पताल प्रा.लि., ग्राण्डी ईन्टरनेशनल हस्पिटल प्रा.लि., स्टार हस्पिटल प्रा.लि. आश्विनी मेडिकल कलेज(नेपाल मेडिसीटी), बयोधा हस्पिटल प्रा.लि., बि.एण्ड बी हस्पिटल, ग्वार्को, ललितपुर र ओम अस्पताल एण्ड रिसर्च सेन्टर जस्ता अस्पतालहरू आई.एस.ओ. स्टयाण्डर्ड उल्लेख गरी सञ्चालित भएको पाईयो । तर उक्त अस्पतालहरूको स्वास्थ्य सेवाप्रवाहको राष्ट्रिय मापदण्डसँग समेत तादाम्यता भएको देखिएन भने मन्त्रालय र विभागबाट उक्त अस्पतालहरू **"स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका २०७०"** को मापदण्डबमोजिम सञ्चालन भए नभएको सम्बन्धमा समेत अनुगमन भएको देखिएन । उक्त अस्पतालहरूले के कुन आधारमा सो गुणस्तर चिन्ह प्रयोग गर्दै आएको हो र यर्थाथमा अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड अनुरूप नै सेबा प्रदान गरे नगरेको मन्त्रालयले अनुगमन गरेको छैन । तसर्थ विश्वसनीय स्वास्थ्य सेवाप्रवाहको सुनिश्चितताको लागि देहायको सुधार आवश्यक रहेको देखिन्छः

- स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितताको लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप राष्ट्रिय मापदण्ड निर्धारण गरी कार्यान्वयन गरिनुपर्दछ ।
- अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड प्रयोग गर्नुको आधार र सो अनुरूप सेबा प्रदान गरे नगरेको अनुगमन गरिनुपर्दछ ।
- अन्तर्राष्ट्रिय गुणस्तर प्राप्त स्वास्थ्य संस्थाले लिएको सेवा शुल्कको तुलनात्मक अध्ययन गरी सो अनुरूपको सेवाप्रवाह भए नभएको सम्बन्धमा नियमित अनुगमन गर्नुपर्दछ ।

प्रतिक्रिया - अनुगमनको कार्ययोजना बनाई कार्यान्वयन गरिने जानकारी गराएको छ ।

३२. **संघीयतामा नियमन संयन्त्र र समन्वय -** राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुंदा नं. ६.४ मा स्वास्थ्य प्रणालीलाई संघीय संरचना अनुरूप पुनर्संरचना, सुधार एवं विकास विस्तार गरी समन्वय तथा नियमन गरिने उल्लेख छ। २५ शैयासम्मको अस्पतालको नियमनको जिम्मासम्बन्धित स्थानीय तह, ५० शैयासम्मको अस्पताल प्रदेशस्तरबाट नियमन, २०० सम्मको अस्पताल स्वास्थ्य सेवा विभागबाट र २०० शैयाभन्दा माथिको अस्पताल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट हुनुपर्ने व्यवस्था छ। वर्तमानमा प्रदेश तथा स्थानीय तहसँगस्वास्थ्य सम्पर्क इकाईको रूपमा कार्य गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा अन्तर्गत प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा रहेको छ। सो शाखाले प्रदेश तथा स्थानीय तहमा स्वास्थ्यका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक समन्वय, सहजीकरण तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको तथा स्थानीय तहका प्रतिनिधि, सातवटा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालयहरूमा वार्षिक समीक्षा, चौमासिक समीक्षा तथा अन्तरक्रिया कार्यक्रम गरेको देखियो। मन्त्रालयबाट नियमनको स्पष्ट कार्ययोजना सहित प्रदेश र स्थानीय तह समेतको एकीकृत नियमन मापदण्ड कार्यविधि र संयन्त्र स्थापना गरी प्रभावकारी अनुगमन, नियन्त्रण र नियमन भएको देखिएन । यसबाट स्वास्थ्य सेवाप्रवाहको गुणस्तर मापन तथा स्तरीय उपचार विधि (उपचार प्रोटोकल) मार्फत सेवाप्रवाह हुन नसकेको देखियो ।

सुझाउ - स्वास्थ्य सेवाप्रवाहको प्रभावकारिता अभिवृद्धिको लागि परिवर्तित संरचनाबमोजिम संघ, प्रदेश र स्थानीय तहबाट स्वास्थ्य संस्थाको नियमन गर्न एकीकृत नियमन मापदण्ड, कार्यविधि र सयन्त्रको व्यवस्था गर्नुपर्दछ ।

प्रतिक्रिया - जनस्वास्थ्य सेवा नियमावली मन्त्रिपरिषदमा पेस भएको जानकारी गराएको छ ।

३३. **सेवा शुल्क सम्बन्धमा -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा ३० अनुसार सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनको लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरको आधारमा त्यस्तो स्वास्थ्य संस्थाले लिनसक्ने सेवा शुल्क सेवा शुल्क निर्धारण समितिले निर्धारण गर्ने व्यवस्था छ। मन्त्रालय र विभागको नियमन क्षेत्रभित्र रहेका तपसिल बमोजिमका अस्पतालले उपलब्ध गराउने सेवा शुल्क मन्त्रालयको शुल्क निर्धारण समितिले स्वीकृत गरेको देखिएन । अस्पतालहरूले आफ्नो अनुकुल शुल्क निर्धारण गरेको देखियो । साथै अस्पतालको सेवा सञ्चालन मापदण्ड समेत पुरा गरेको देखिएन भने सेवा शुल्कहरूमा पनि एकरूपता देखिएन ।

अस्पतालको नाम	आईसीयू	साधारण बेड	एक्सरे	मिर्गौंको एक्सरे	सिबीसी	सुगर	आर एफ टी	टिएफटी	कल्चर	सिसाब
	प्रति परीक्षण (रु)									
नर्भिक अस्पताल, काठमाण्डौ	१००००	२५००	६९०	१२५०	६००	१७०	१३६०	१८००	८१०	१७०
ग्रीन सिटी अस्पताल, काठमाण्डौ	३८५०	९९०	४५०	७९०	५२५	६०	६८०	१४५०	४४०	९०
गणेशमान सिंह मेमोरियल अस्पताल	८०००	६००	२७६	५००	३००	६०	७००	१२००	२००	५०
किमसन अस्पताल, बुटवल	३०००	५००	५००	८००	२००	८०	८००	१०४०	९५०	१००
काठमाण्डौ मोडेल अस्पताल	४०००	५७०	३७०	५८०	४१५	८०	६२०	१०३०	३१०	८५
ओम अस्पताल काठमाण्डौ	८०००	१०००	७००	९०५	५००	९०	१२२५	१५००	७५०	१२०
वि एण्ड बि. अस्पताल, ग्वार्को	४५००	१७००	६८०	१०००	५८०	१००	९६०	१६००	४५०	१२०
पुष्पाञ्जली अस्पताल, चितवन	३०००	८००	३५०	८००	३००	१२४	१०००	१५००	५००	१००
लाईफ गार्ड अस्पताल, विराटनगर	४२००	८००	३५०	६००	३००	८०	९००	१५००	५००	५०

नेपाल अर्थोपेडिक अस्पताल, जोरपाटी	२५००	२००	३००	५००	३५०	६०	६००	१२००	३००	६०
वीर अस्पताल	१०००-३०००	०-१०००	३००	४००	१००	५०	२३०	९५०	१००	२०

उपर्युक्तबमोजिम अस्पतालहरूको मुख्य सेवाहरूको शुल्क विश्लेषण गर्दा समान पूर्वाधारको आई.सि.यू. तथा एउटै किट प्रयोग हुने प्रयोगशाला जाँचमा समेत दोब्बर शुल्क लिने गरेको देखियो ।

सुझाउ - तोकिएको कार्यविधिबमोजिम शुल्क निर्धारण समितिले आफ्नो जिम्मेवारी पुरा गरी त्यसलाई कार्यान्वयनमा ल्याई सेवा शुल्कमा एकरूपता कायम गर्ने एवं शुल्क असुलीको अनुगमन गरिनुपर्दछ ।

प्रतिक्रिया - शुल्क निर्धारण मापदण्ड तयारी कार्य भइरहेको जानकारी दिएको छ ।

३४. **मेडिकल अडिट -** मन्त्रालयले विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड अनुसार उपचारमा चिकित्सक तथा स्वास्थ्यकर्मीले अवलम्बन गर्नुपर्ने पद्धति तथा प्रक्रिया, उपकरण व्यवस्थापन, शैक्षिक क्रियाकलापको मूल्याङ्कन, कर्मचारीको कार्यसम्पादन स्तर, बिरामीको अभिलेख, फोहोरमैला व्यवस्थापन, सेवा शुल्क, खाना तथा पोषण लगायतमा राष्ट्रिय सूचक बनाई मेडिकल अडिट मार्फत कमजोरी पहिचान गरी स्वास्थ्य सेवाप्रवाहमा सुधार गर्नुपर्दछ । मन्त्रालयबाट अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिका लागि मेडिकल अडिटको व्यवस्था गरेको देखिएन । स्वास्थ्य सेवाप्रवाहको निश्चित सूचकको आधारमा मेडिकल अडिट नहुँदा अन्तर्राष्ट्रिय मापदण्ड र असल अभ्यासको उपयोग हुन नसकेको अवस्था छ भने सेवाप्रवाह Validation समेत हुनसकेको छैन ।

सुझाउ - स्वास्थ्य सेवाको गुणस्तरीयतालाई दक्ष तथा प्रभावकारी बनाउन विश्व स्वास्थ्य संगठनको मापदण्ड र स्थापित असल अभ्यासबमोजिम मेडिकल अडिट गर्ने व्यवस्था मिलाई नियमित अनुगमन गर्नुपर्दछ ।

प्रतिक्रिया - मेडिकल अडिट प्रणाली लागु गर्ने योजना रहेको जानकारी गराएको छ ।

३५. **मेडिकल आचारसंहिताको पालना -** नेपाल मेडिकल काउन्सिल ऐन, २०२० अनुसार दर्ता भएका स्वास्थ्य चिकित्सकले घोषणापत्रमा प्रतिवद्धता जनाएअनुसार स्वास्थ्यसम्बन्धी आचारसंहिताको पालना गर्नुपर्दछ । मानवीय संवेदनशिलताको पक्षमा मेडिकल आचारसंहिताको सामान्य सिद्धान्त र पेशाप्रतिको उत्तरदायित्व, स्वास्थ्य सल्लाहमा ध्यान दिनुपर्ने पक्ष, पेशागत व्यवहार लगाएतका विषयमा स्वघोषित कार्यको परिपालना नहुँदा स्वास्थ्य सेवाप्रवाहमा चिकित्सकको लापरवाही र बिरामीको अकाल मृत्युका घटनाहरू घट्ने गरेको पाईएको छ । नेपाल मेडिकल काउन्सिल, नर्सिङ काउन्सिल र स्वास्थ्य व्यवसायी परिषद मार्फत निर्धारित आचारसंहिताको पालनाको अनुगमन र मूल्याङ्कन गर्ने गरेको देखिएन । फलस्वरूप अस्पताल लगायत चिकित्सकबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तरीयतामा असर परेको छ । सम्बद्ध निकायहरूले आफ्नो जिम्मेवारी गम्भीरतापूर्वक नलिएको कारण यसो हुन गएको देखिएकोछ ।

सुझाउ - नियमको पालना गरी नेपाल मेडिकल काउन्सिल, नर्सिङ काउन्सिल र स्वास्थ्य व्यवसायी परिषदहरूले आफ्नो जिम्मेवारी अनुसार नियमित अनुगमन तथा आचारसंहिता पालन नगर्ने उपर कारबाही गर्नुपर्दछ ।

३६. **एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली -** राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं.६.१५ अनुसार स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकीकरण, गुणस्तरीय तथा प्रविधिमैत्री बनाई एकीकृत स्वास्थ्य सूचना प्रणालीको विकास गरिने उल्लेख छ । साथै उपबुँदा नं ६.१५.१ मा संघीय संरचना अनुरूप सबै तहको सूचना प्रणालीलाई एकीकृत रूपमा विकास र व्यवस्थापन गरिने उल्लेख छ । वर्तमान अवस्थामा स्वास्थ्यसम्बन्धी एकीकृत सूचना व्यवस्थापनका लागि एच.एम.आई.एस. प्रणालीमा सरकारी स्वास्थ्य संस्थाहरू तथा निजी अस्पताल तथा स्वास्थ्य संस्थाहरूको सेवाप्रवाह सम्बन्धमा संस्थागत पासवर्डमार्फत लगईन गरी तथ्याङ्क तथा सूचनाहरू प्रविष्टि गर्नुपर्ने व्यवस्था छ । तथापि निजी स्वास्थ्य संस्थाहरूले स्वास्थ्यसम्बन्धी सबै तथ्यांक तथा सूचनाहरू प्रविष्टि गरेको देखिएन । निजी स्वास्थ्य संस्थामार्फत प्रदान गरिएका स्वास्थ्य सेवासम्बन्धी विवरणहरू प्राप्त नहुँदा एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीबाट यर्थाथपरक सूचना उपलब्ध हुनसकेको छैन । निजी स्वास्थ्य संस्थाहरूले प्रदान गरेको स्वास्थ्य सेवाप्रवाहसम्बन्धी तथ्याङ्क तथा सूचनाहरू लुकाईने गरेको अवस्था छ । स्वास्थ्य सेवा विभाग मार्फत

सञ्चालित उक्त सूचना प्रणालीका कतिपय सूचना निजी स्वास्थ्य संस्थाहरूले ईन्ट्री नगरेको देखिएको छ भने कतिपय स्वास्थ्य संस्थाहरूले म्यानुअल विवरण बुझाउने समेत गरेको देखियो । यसबाट तथ्याङ्कको वस्तुनिष्ट मूल्याङ्कन हुन नसकी स्वास्थ्यसम्बन्धी सूचकहरूमा लक्षित उपलब्धि प्राप्त भए नभएको अवस्था समेत बिश्लेषण गर्न सकिने अवस्था रहेन ।

सुझाउ - स्वास्थ्य सेवालाई दक्ष तथा प्रभावकारी बनाउन स्वास्थ्य सेवा व्यवस्थापन सूचना प्रणालीलाई सवै क्षेत्रमा अनिवार्य गरी स्वास्थ्यसम्बन्धी सूचकहरूको वस्तुनिष्ट मूल्याङ्कन र विश्लेषण गरिनु साथै पर्याप्त नियमनमार्फत सूचनाको पारदर्शिता नगर्नेलाई आवश्यक कारवाही गरिनुपर्दछ ।

प्रतिक्रिया - तथ्याङ्कको गुणस्तरमा थप कार्य गर्नुपर्ने जानकारी गराएको छ ।

३७. **आवधिक योजना र स्वास्थ्य सूचकहरू -** पन्ध्रौं योजनाको आधारपत्र अनुसार "गुणस्तरीय स्वास्थ्य सेवामा सवै जनताको पहुँचमार्फत स्वस्थ्य सवल नागरिक विकास गर्ने साथै जनसंख्या वातावरण र विकासबीच सामञ्जस्य कायम गरी दिगो विकासका माध्यमबाट जीवनस्तरमा सुधार गर्ने"सोच रहेको छ । स्वास्थ्य क्षेत्रको विषय क्षेत्रगत नतिजा सूचक तथा लक्ष्यलाई निम्नानुसार उल्लेख गरिएको छ :

क्र.सं.	सूचक	२०७३/७४	२०७४/७५	२०७५/७६	२०८०/८१ को लक्ष्य
१	मानवविकास सूचकाङ्क	०.५६	०.५७४	०.५८३	०.६२४
२	नागरिक सन्तुष्टिको अनुभूति सूचकाङ्क		४.७	४.८	५.१
३	जन्मदाको अपेक्षितआयु		६९.७	७०.१	७२
४	मातृ मृत्युदर(प्रतिलाखजीवितजन्म)	२३९	२३९	२१५	९९
५	५ वर्ष मुनिको बाल मृत्युदर(प्रतिहजार जीवितजन्म	३९	३९	३०	२४
६	५ वर्ष मुनिकाकमतौल भएका बालबालिका प्रतिशत		२७	२६	१५
७	नवजातशिशु मृत्युदर(प्रतिहजार जीवितजन्म)	२३	२१	२०	१४
८	कुलप्रजनन दर		२.३	२.१	
९	स्वास्थ्य बीमामा आवद्ध जनसंख्या		५	७	६०
१०	स्वास्थ्यउपचारमा व्यक्तिगतखर्च		५५	५३	४०
११	३० मिनेटको दुरीमास्वास्थ्य संस्थाभएको घरधुरी		४९	५०	८०
१२	स्वास्थ्यमा सरकारी लगानी(कुल राष्ट्रिय बजेटमा		५	४.३	८

आवधिक योजनाका स्वास्थ्यसम्बन्धी सूचकहरू प्राप्तीको लागि लक्ष्य किटान गरी बजेट व्यवस्थापन भएको देखिएन ।स्वास्थ्य जस्तो सम्वेदनशील क्षेत्रमा राष्ट्रिय बजेटको ४.३ प्रतिशतमात्र लगानी गरेको देखियो । आवधिक योजनाका स्पष्ट लक्ष्य किटान गरी सोअनुसारको कार्ययोजना र बजेटको पर्याप्तताको अनुगमन तथा मूल्याङ्कनको स्वचालित प्रणालीको कार्यान्वयन नभएको कारण निर्धारित लक्ष्यको मूल्याङ्कन गर्न समस्या हुने देखिएको छ ।

सुझाउ - आवधिक योजनाको लक्ष्य प्राप्तिका लागि निर्धारित उद्देश्य, नीति, रणनीति र कार्यनीतिबमोजिमको स्पष्ट कार्ययोजना तथा पर्याप्त बजेट मार्फत सोको सम्बोधन हुने गरी कार्यक्रम सञ्चालन गर्ने र सोको नियमित अनुगमन गरी सेवाको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

३८. **अन्तर्राष्ट्रिय नियमन -** नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अन्तराष्ट्रिय स्वास्थ्य नियमन कार्य तोकिएको छ । यस अर्न्तगत विश्व स्वास्थ्य संगठनको स्वास्थ्य मानदण्ड तथा आई.एस.ओ. स्ट्याण्डर्डको परिपालनाको राष्ट्रिय अनुगमन गर्नुपर्ने हुन्छ । विश्व स्वास्थ्य संगठनले अन्तराष्ट्रिय स्वास्थ्य नियमन, २००५ मार्फत् नियमनको प्रावधान निर्धारण गरेको छ । विश्वमा फैलिएका महामारी तथा स्वास्थ्य क्षेत्रमा अन्तराष्ट्रिय आप्रवाह मार्फत् हुने सरुवा रोगहरूको नियन्त्रण र नियमनका लागि अन्तर्राष्ट्रिय नाकाहरूमा, भन्सार तथा अन्तराष्ट्रिय विमानस्थलमा स्वास्थ्य क्वारेन्टाईन चेक जाँच केन्द्रको स्थापना गर्नुपर्ने हुन्छ । साथै महामारीको उपचार प्रोटोकल तयार गरी सोहीबमोजिम निश्चित प्रोटोकलमा उपचार गर्नुपर्ने हुन्छ । नेपालमा स्वास्थ्य सेवाको अन्तर्राष्ट्रिय स्तरको नियमनकारी संरचनाको व्यवस्था मन्त्रालयवाट स्थापित नभएको अवस्था छ । यसबाट अन्तर्राष्ट्रिय नियमन प्रभावकारी भएको देखिएन ।

सुझाउ - महामारीको अन्तर्राष्ट्रिय नियमन प्रभावकारी रूपमा गर्ने एवं पूर्व तयारी तथा महामारी उपचार प्रोटोकलको निर्धारण गरिनुपर्दछ । मन्त्रालयमा स्वास्थ्य सेवाको अन्तर्राष्ट्रिय नियमनकारी संरचना स्थापना गर्ने र महामारी रोक्नका लागि अन्तराष्ट्रिय सीमा नाका तथा विमानस्थलहरूमा स्थायी रूपमा स्वास्थ्य क्वारेन्टाईन तथा हेल्प डेक्स स्थापना गर्नुपर्दछ । महामारीको अवस्थामा आईपर्ने समस्याको समाधानको लागि स्पष्ट योजना कार्ययोजना र सोको उचित व्यवस्थापन जुनसुकै समयमा पनि गर्न सकिने गरी स्पष्ट नीतिगत र कानुनी व्यवस्थासाथ स्वास्थ्य संरचनाको व्यवस्था गरिनु पर्दछ ।

३९. **मेडिकल कलेजहरूको बेड अकुपेन्सी -** स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धि निर्देशिका, २०७० को दफा ६ अनुसार शिक्षण अस्पताल सेवा सञ्चालन गर्ने अनुमति मेडिकल काउन्सीलको मापदण्ड बमोजिम मन्त्रालयले प्रदान गर्ने व्यवस्था छ । स्वास्थ्य सेवा विभागबाट प्राप्त विवरण अनुसार तपसिल बमोजिमका स्वास्थ्य संस्थाहरूको बेड अकुपेन्सी अबस्था निम्नानुसार रहेको छ :

क्र. सं.	मेडिकल कलेजको नाम	सञ्चालित शैया	थप माग भएको शैया	बेड अकुपेन्सी			कैफियत
				२०७३/७४	२०७४/७५	२०७५/७६	
१	काठमाण्डौ मेडिकल कलेज, काठमाण्डौ	६०५	७५०	२१.३	२६.७	२३.९	
२	किष्ट मेडिकल कलेज, ललितपूर	१००	७५०	२.३९	१.३८	२३९.२२	प्रतिबेदन नगरेको
३	मनमोहन मेमोरियल मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल	-	-	-	६९.४	७९.१	प्रतिबेदन नगरेको
४	स्टार हस्पिटल	-	-	९.४०	१५.६८	१७.२६	
५	नेपाल मेडिसिटि	-	-	-	१४.८२	४०.४६	

काठमाडौ उपत्यकामा संचालित मेडिकल कलेजहरूको बेड अकुपेन्सी दर ज्यादै न्युन रहेता पनि निर्धारित पूर्वाधार निर्माण बेगर थप शैया संचालन अनुमतिमाग गरेको देखियो । स्वास्थ्य सेवा विभागको नियमनमा १०० शैया को स्वीकृति प्राप्त किष्ट मेडिकल कलेजले ७५० शैया थप स्वीकृतिको लागि निवेदन दिएको देखियो । बिरामीको सरल र सहज उपचार भन्दा महँगो शुल्कमा चिकित्सा शिक्षा मार्फत अत्याधिक मुनाफाको ध्येय राखी थप शैयाको अनुमति माग गर्ने गरेको देखियो । उपत्यकामा सञ्चालित मेडिकल कलेजहरूको बेड अकुपेन्सी दर ज्यादै न्युन रहेको अवस्थामा अस्पताल सञ्चालन तथा स्तरोन्नतिको अनुमति प्रदान गर्दा नियमन प्रभावकारी देखिएन ।

सुझाउ – स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन उपत्यकामा संचालित निजी शिक्षण अस्पताल तथा स्वास्थ्य संस्थाहरूलाई थप शैयाको अनुमति प्रदान गर्दा पुर्वाधार स्थापना र बेड अकुपेन्सी दर समेतलाई ध्यानमा राखी चिकित्सा शिक्षाको अनुमति दिने प्रकृयामा सुधार गर्नुपर्दछ ।

४०. **निजी अस्पतालमा विरामी मृत्यु दर –** स्वास्थ्य संस्थाको गुणस्तर एवं सेबाप्रबाहलाई मापन गर्ने सुचकांकको रूपमा अस्पतालको मृत्युदर समेतलाई आधारको रूपमा लिने गरीएको छ । स्वास्थ्य सेवा विभागबाट प्राप्त प्रतिबेदन अनुसार अस्पताल भर्ना भएका विरामीको मृत्युदर सम्बन्धम ३ वर्षको अस्पताल मृत्यु हुने विरामीहरू संख्या निम्नानुसार रहेको देखियो :

क.सं.	अस्पतालको नाम	अस्पताल मृत्यु		
		२०७३/७४	२०७४/७५	२०७५/७६
१.	बि एण्ड बी हस्पिटल, ग्वार्को ललितपुर	५६	९०	८३
२.	व्लूक्रस अस्पताल प्रा.लि., काठमाण्डौ	१३७	१४०	१३२
३.	चितवन मेडिकल कलेज चितवन	२६	३६	२३६
४.	धुलिखेल अस्पताल काभ्रे	८६	७३	२२
५.	ग्राण्डी अस्पताल प्रा.लि. काठमाण्डौ	१७६	२५२	१८४
६.	कान्तिूर डेन्टल एण्ड टिचिङ अस्पताल	२	२	०
७.	काठमाण्डौ मेडिकल कलेज, काठमाण्डौ	५५	१२६	४२८
८.	किष्ट मेडिकल कलेज, ग्वार्को ललितुर	११२	५९	११७
९.	मनमोहन मेमोरियल एण्ड टिचिङ अस्पताल काठमाण्डौ		८०	१०२

१०.	नागरिक अस्पताल, भक्तपुर	१२	१०	६
११.	नेपाल मेडिसिटि, ललितपूर		८७	२४१
१२.	नेपालगञ्ज मेडिकल कलेज एण्ड टिचिङ अस्पताल, बांके	२७२	४५४	४४६
१३.	निदान अस्पताल, ललितपूर	७२	८३	७४
१४.	नर्भिक ईन्टरनेशनल हस्पिटल, काठमाण्डौ	१४२	१८७	१६७
१५.	स्टार अस्पताल, ललितपूर	१७	२८	५३
१६.	सुष्मा कोईराला मेमोरियल अस्पताल, काठमण्डौ	७	२२	६
१७.	बयोधा अस्पताल काठमाण्डौ	५२	५८	४५
	जम्मा	५६२	१७८७	२३४२

उपर्युक्त तथ्याङ्क बिश्लेषण गर्दा निजी अस्पतालहरूमा २०७३/७४ मा ५६२ , २०७४/७५ मा १ हजार ७८७र २०७५/७६ मा २ हजार ३४२ विरामीको उपचारको क्रममा मृत्यु भएको देखियो । यसरी निजी अस्पतालमा उपचारत विरामीको मृत्युदर विगत ३ वर्षमाऔषत ८३ प्रतिशत बढेको देखिएकोमा उपचार प्रोटोकलको निर्माण तथा प्रयोग नभएकोले सेवा गुणस्तरमा समस्या देखिएको छ ।

सुझाउ – निजी अस्पतालहरूको स्वास्थ्य सेवाप्रवाहको नियमित निगरानी राखी उपचार प्रोटोकल निर्माण तथा सोको पालनामा जोड दिई विरामीको उपचारमा लापरबाही नहुने व्यबस्था गर्नु पर्दछ ।

४१. **महामारीमा नियन्त्रणको अनुगमन –** राष्ट्रिय स्वास्थ्यनीति, २०७६ को बुंदा नं. ६.११ मा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पुर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अवलम्बन गरिने व्यवस्था छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महामारीको पूर्व आकंलन गरी सो अनुरूप तयारी गर्नु, महामारी नियन्त्रणका लागि व्यबस्था गरी जनस्वास्थको रक्षा गर्नु पर्नेमा देहाय बमोजिम देखिएको छ :

४१.१. वर्तमान कोभिड १९ को महामारीबाट सुरुवात छिमेकी मुलुक चिनको बुहानमा डिसेम्बर ३१ , २०१९ देखिएकोमा नेपालमा पहिलो मामला जनवरी २३, २०२० मा देखिएको थियो भने दोश्रो मामला मार्च १७, २०२० मा देखिएको थियो । बिश्व भरी २१३ भन्दा बढी मुलुकमा महामारीको रूप लिएको यस बिमारीको नियन्त्रण तथा रोकथामको लागि नेपालले प्रयाप्त समय पाएको.अवस्थामा महामारीको नियन्त्रणका लागि पूर्वतयारी नभएको अवस्था छ । चिकित्सकहरूको लागि सुरक्षामात्मक किट, रोग परीक्षण परीक्षण उपकरण, आवश्यक मापदण्ड सहितको क्वारीन्टीन, एम्बुलेन्स सेवा को व्यस्था मन्त्रालयले गर्न नसकेको पाईयो । सरकारले चैत्र महिनामा मात्र चिकित्सकहरूको लागि सुरक्षामात्मक किट, रोग परीक्षण परीक्षण उपकरणको लागि खरिद प्रक्रियाअगाडि बढाएको पाईयो । यसले गर्दा बिरामी परीक्षणमा ढीलाई भएको, परीक्षण गर्ने जनशक्ति, किट र उपकरणको अभाव भएको, समयमै रोगीको पहिचान गरी समाजबाट अल्याग्उन नसकेको स्थिति देखियो । मन्त्रालयबाट क्वारीन्टीईनको अनुगमन गरी मापदण्ड अनुरूप व्यबस्थित नगरीदा क्वारीन्टीनमा संक्रमण फैलिएको, सम्भाबित संक्रमित क्वारीन्टीनबाट भाग्ने गरेको, उपचार नपाई बिरामीको क्वारीन्टीन तथा अस्पताल बाहिर मृत्यु भएको अबस्था देखियो । मन्त्रालयले प्रत्येक प्रदेशमा महामारी नियन्त्रण र रोकथामका लागि आबश्यक किट र उपकरण सहित स्थायी रूपमा छुटै स्वास्थ्य संस्थाको व्यबस्था गर्नुपर्दछ ।

४१.२. वर्तमान कोभिड १९ का अवस्थामा नेपालमा निजी स्वास्थ्य संस्थाहरू परिचालन हुन नसक्दा सामान्य अवस्थाका विरामीले समेत उपचार पाउन नसकेको अवस्था छ । धेरैजसो निजी अस्पतालहरू बन्द अवस्थामा छन । यसरी स्वास्थ्य सेवा प्रवाहमा निजी क्षेत्र उत्साहित नहुंदा सर्वसाधारण सेवाबाट बञ्चित भई अकाल मृत्युवरण गरेको अवस्था छ ।नेपालको स्वास्थ्य नियमनको अवस्था मुल्यांकन गर्दा अन्तराष्ट्रिय नियमनको प्रभावकारी कार्यान्वयन तथा विश्व स्वास्थ्य संगठनको अन्तराष्ट्रिय स्वास्थ्य नियमन, २००५ बमोजिमको स्थापित संयन्त्रमा पुर्वतयारी तथा प्रतिकार्य गरेको पाईएन । सीमित सरकारी अस्पतालहरू मार्फत् मात्र उक्तमहामारीको उपचार गरेको अवस्था छ भने निजी स्वास्थ्य संस्थाहरूले संक्रमणको भयले नियमित उपचार समेत रोकी अस्पताल नै बन्द गरेको र कोरोना लक्षण देखिएको बिरामीलाई अस्पतालमा भर्ना नलिने तथा संक्रमण क्षेत्रको सुत्केरी समेत अस्पतालबाट डिस्चार्ज गर्ने अवस्थामा रहेको देखियो । यसप्रकार सरकारले निजी स्वास्थ्य संस्थाहरूलाई परिचालन गर्न नसकेको देखियो यस्तो अवस्थाबाट स्वास्थ्य सेवालाई

प्रभावकारी रूपमा सञ्चालन गरी आमनागरिकको स्वास्थ्य सेवा सुनिश्चित गर्न पर्याप्त नियमन भएको देखिएन ।

सुझाउ – नागरिकको स्वास्थ्य सम्बन्धि हक प्रत्याभुति तथा महामारीको अवस्थामा सरकारी, गैर सरकारी, निजी र सामुदायिक प्रयासमा मात्र महामारी विरुद्ध लड्न सकिने हुँदा निजी स्वास्थ्य संस्थाहरूलाई स्वास्थ्य सेवाप्रवाहमा अग्रसर तुल्याउनका लागि कानुनी कारबाहीको दायरामा ल्याईनुपर्दछ । साथै पेशागत र सेवागत सेवाप्रवाहमा राज्यप्रतिको दायित्वबोध नगर्ने र पन्छिने प्रवृतिको अन्त्यका लागि कठोर कानुनी कारवाहीको व्यवस्था गर्नुपर्दछ ।

४२. **संघीयतामा नियमनसंयन्त्र र समन्वय –** राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुंदा नं. ६.४ मा स्वास्थ्य प्रणालीलाई संघीय संरचना अनुरूप पुर्नसंरचना, सुधार एवं विकास विस्तार गरी समन्वय तथा नियमन गरिने उल्लेख छ । २५ शैया सम्मको अस्पतालको नियमनको जिम्मा सम्बन्धित स्थानीय तह, ५० शैयासम्मको अस्पताल प्रदेशस्तर बाट नियमन, २०० सम्मको अस्पताल स्वास्थ्य सेवा विभागबाट र २०० शैया भन्दामाथिको अस्पताल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट हुनुपर्ने व्यवस्था छ । वर्तमानमा प्रदेश तथा स्थानीय तहसँग स्वास्थ्य सम्पर्क इकाईको रूपमा कार्य गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा अर्न्तगत प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा रहेको छ । सो शाखाले प्रदेश तथा स्थानीय तहमा स्वास्थ्यका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक समन्वय, सहजीकरण तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको तथा स्थानीय तहका प्रतिनिधि, सातवटा सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालयहरूमा वार्षिक समिक्षा, चौमासिक समिक्षा तथा अर्न्तक्रिया कार्यक्रम गरेको देखियो । मन्त्रालयबाट नियमनको स्पष्ट कार्ययोजना सहितप्रदेश र स्थानीयतह समेतको एकीकृत नियमन मापदण्ड कार्यविधि र संयन्त्र स्थापना गरि प्रभावकारी अनुगमन, नियन्त्रण र नियमन भएको देखिएन । यसबाट स्वास्थ्य सेवाप्रवाहको गुणस्तर मापन तथा स्तरिय उपचार विधि (उपचार प्रोटोकल) मार्फत सेवा प्रवाह हुन नसकेको देखियो साथै राष्ट्रिय, प्रादेशिक र स्थानीय तहवीच नियमनमा अन्यौलता देखिएको छ ।

सुझाउ – सेवाप्रवाहको प्रभावकारिता अभिवृद्धिको लागि परिवर्तित संरचना बमोजिम संघ, प्रदेश र स्थानीय तहबाट स्वास्थ्य संस्थाको नियमन गर्न एकीकृत नियमन मापदण्ड, कार्यविधि र सयन्त्रको व्यवस्था गर्नुपर्दछ ।

४३. **निष्कर्ष –** नेपाली जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याई स्वस्थ्य समाजको विकास गर्ने उद्देश्यले संघीय प्रदेश तथा स्थानीय तहमा राष्ट्रियस्तरका सरकारी तथा निजी शिक्षण अस्पतालदेखि ग्रामीण इलाकामा सञ्चालित थुप्रै साना औषधी पसल तथा स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । सर्वसाधारणले सुलभ, सरल र सस्तोमा गुणस्तरीय स्वास्थ्य सेवा पाउने व्यवस्था गर्नु स्वास्थ्य मन्त्रालयको दायित्व हो । यस कार्यको नियमन गर्ने जिम्मेवारी मन्त्रालयको गुणस्तर मानदण्ड तथा नियमन महाशाखा तथा स्वास्थ्य सेवा बिभागमा रहेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विभागले स्वास्थ्य संस्थाहरूको अनुगमन कार्यक्रम तयार नगरेको, अनुगमनको कमीका कारण अस्पताल तथा स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सम्बन्धी मापदण्डहरूको पालनामा कमी हुने गरेको, स्वास्थ्य संस्थाबाट न्युनत्तम सेवा मापदण्ड पुरा नगरेको, नवीकरण नगरी अस्पतालहरू सञ्चालनमा रहँदा कुनै कारवाही नगरेको, स्वास्थ्य संस्थाहरूले मापदण्ड पालना नगरेको अनुगमनबाट देखिदा पनि शर्त सहित स्थापना, स्तरोन्नती र नविकरण गरी सञ्चालन अनुमति प्रदान गर्ने गरेको, शर्त सहित नविकरण वा अनुमति प्रदान गर्दा स्वास्थ्य संस्थाहरूबाट शर्त पुरा गरीयो वा गरीएन भन्ने सम्बन्धमा अनुगमन नगरेको, शुल्क निर्धारणमा एकरूपता कायम नगरीदा निजी स्वास्थ्य संस्था तथा अस्पतालहरूले चर्को शुल्क लिने गरेकोले स्वास्थ्य सेवा सर्वसाधरणको पहुँच भन्दा टाढाहुने स्थिति बनेको, स्वास्थ्य संस्थाहरूमा मेडिकल अडिट गर्ने व्यवस्था नभएको, चिकित्सकहरूको पेशागत आचार संहिता पालनाको अनुगमन नगरीएको जस्ता कमी कमजोरीहरू नियमनमा देखिएका छन ।

उपयुक्त कमीकमजोरीमा सुधार गरी नियमनमा कार्यदक्षता एवं प्रभावकारीता प्राप्त गर्नका लागि मन्त्रालय र बिभागबाट अनुगमन कार्यक्रम तयार गर्नु पर्ने, स्वास्थ्य संस्थाहरूबाट मापदण्डको पालना सम्बन्धमा नियमित अनुगमन गर्नुपर्ने, न्यूनतम सेवा मापदण्ड पुरा नगरेका स्वास्थ्य संस्थाहरू सञ्चालनमा रोक लगाउनु पर्ने, शर्त सहित नविकरण गरीएका स्वास्थ्य संस्थाबाट शर्त कार्यान्वयन गरे नगरेको सम्बन्धमा अनुगमन गर्नुपर्ने, नविकरण नगरी सञ्चालन गरेका स्वास्थ्य संस्थाहरूलाई कारवाही गर्ने, मेडिकल अडिट व्यवस्था गर्ने जस्ता सुझाउहरू सम्बन्धित दफामा कार्यान्वयनका लागि सिफारिस गरिएको छ ।

स्वास्थ्य सेवामा बिरामी हेरचाहको गुणस्तर

परिचय

१. **पृष्ठभूमि -** नेपालको संविधानअनुसार राज्यका विभिन्न नीति तथा कार्यक्रमले स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने लक्ष्य राखेको छ । त्यसैगरी दीगो विकास लक्ष्य २०३० को तेस्रो लक्ष्यमा स्वस्थ्य जीवन र जीवन यापन लाई लिइएको छ । यसमा राज्यको तर्फबाट उपलब्ध गुणस्तरीय स्वास्थ्य सेवाको अहम् भूमिका रहेको हुन्छ । स्वास्थ्य सेवा प्रदान गर्दा बिरामी हेरचाहको गुणस्तर (त्तगबष्तिथ इा ऋबचभ, त्तइऋ) सम्बन्धमा विश्व स्वास्थ्य संगठन र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मापदण्ड निर्धारण गरिएको छ । हेरचाहको गुणस्तर अवधारणाअनुसार अस्पतालले बिरामीको सुरक्षीत तबरले बिरामीमुखी भएर हेरचाह गरी जोखिम एवं हानी न्यूनीकरण तथा मेडिकल गल्ती रोकथाम गर्नु र सङ्क्रमण रोकथाम तथा नियन्त्रण गर्नुरहेको छ । स्वास्थ्यसम्बन्धी क्रियाकलापहरूमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायत मातहतका स्वास्थ्य सेवा विभाग, औषधि व्यवस्थापन विभाग तथा सो अन्तर्गतका विभिन्न महाशाखा, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र, राष्ट्रिय क्षयरोग केन्द्र, राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, प्रदेश सरकार अन्तर्गत मेडिकल स्टोर, प्रदेश स्वास्थ्य सेवा निर्देशनालय र ७७ जिल्ला जन स्वास्थ्य तथा स्वास्थ्य कार्यालयको प्रत्यक्ष संलग्नता रहेको छ । यसका साथै राष्ट्रियस्तरका शिक्षण अस्पतालदेखि ग्रामीण इलाकामा सञ्चालित थुप्रै साना औषधि पसल तथा स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह भइरहेको छ । स्वास्थ्य सेवाप्रवाहको केन्द्रबिन्दुको रूपमा केन्द्रीय अस्पताल, क्षेत्रीय, प्रादेशिक तथा जिल्ला अस्पतालहरू रहेका छन् । स्वास्थ्य सेवालाई समुदायसम्म पुऱ्याउन प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरू समेत रहेका छन् । स्वास्थ्य सेवामा नीजि क्षेत्रको सहभागिताको महत्वपूर्ण भूमिका रहने भएकाले नीजि स्वामित्वमा रहेका क्लिनिक, नर्सिङ होम मेडीकल कलेज तथा अस्पतालहरू समेत संलग्न रहेका छन । स्वास्थ्य सेवाप्रवाहमा सुधार ल्याउन सम्बन्धित अस्पताल तथा निकायले प्रदान गर्ने बिरामी हेरचाहको गुणस्तर महत्वपूर्ण हुने भएकाले सोलाई प्रभावकारी बनाई राष्ट्रिय लक्ष्य सँगै दिगो विकास लक्ष्य प्राप्ति चुनौतीको रूपमा रहेको छ ।

प्रमुख कार्यसम्पादन सुचक (KPI)

- संक्रमण रोकथाम र नियन्त्रण
- स्वास्थ्य सेवाको गुणस्तर मापन
- विश्व स्वास्थ्य संगठनको मापदण्ड पालना

२. **संगठनात्मक संरचना -** संघीयरूपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, केन्द्रीय अस्पतालहरू रहेका छन । ७ वटै प्रदेशमा प्रदेश स्वास्थ्य सेवा निर्देशनालयहरू, जनस्वास्थ्य कार्यालयहरू, प्रदेश अस्पतालहरू, जिल्ला अस्पतालहरू र स्थानीय तह अर्न्तगत प्राथमिक स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीहरू सञ्चालनमा रहेका छन ।

३. **निकायको सोच, लक्ष्य, उद्देश्य र रणनीति -** स्वास्थ्य सेवासम्वन्धी नीति र योजनालाई कार्यान्वयनमा ल्याई सवै वर्ग क्षेत्र र समुदायका नागरिकहरूको स्वास्थ्य सेवाको पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको कार्यविभाजन नियमावली, २०७४ अनुरूप स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र यस अन्तर्गत विभाग तथा प्रदेश निर्देशनालय तथा जिल्लागतरूपमा स्वास्थ्य कार्यालयहरूको स्थापना भएको हो । मुख्य रूपमा स्वास्थ्य सेवाको पहुँचमा स्तरोन्नति गर्न प्रजनन र मातृस्वास्थ्य सेवा, बाल स्वास्थ्य सेवा, सरुवा रोग नियन्त्रण सेवा तथा आपत्कालीन स्वास्थ्य व्यवस्थापन जस्ता सेवा अन्तर्गत एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम, क्षयरोग नियन्त्रण, प्रजनन स्वास्थ्य तथा महिला स्वास्थ्य, प्राथमिक स्वास्थ्य सेवा तथा पुनर्जागरण कार्यक्रम, एकीकृत बाल स्वास्थ्य तथा पोषण कार्यक्रम, विस्तारित खोप कार्यक्रम र कालाज्वर नियन्त्रण आदि जस्ता कार्यक्रम सञ्चालन गर्नेगर्दछ । यी कार्यक्रम अन्तर्गत अत्यावश्यक औषधी तथा खोप निःशुल्क वितरण गर्ने गरिएको छ । २५ शैयासम्मको जिल्ला अस्पतालमा ७० प्रकारका औषधिको ८३ डोजेज फम, प्राथमिक स्वास्थ्य केन्द्रमा ५८ प्रकार औषधिका ७१ डोजेज फम र हेल्थपोस्टमा ३५ प्रकारका औषधिका ३९ डोजेज फम निःशुल्क रूपमा वितरण गर्ने व्यवस्था गरेको देखिन्छ । जनताको स्वास्थ्यस्तर सबल बनाउन प्रतिरोधात्मक र निरोधात्मक औषधीहरू सर्वसुलभ बनाउन महत्वपूर्ण कार्य भएको छ । स्वास्थ्यसँग संवद्ध निकायहरूले औषधि प्राप्ति, संरक्षण र वितरणमा सरलता र चुस्तता ल्याउन जरुरी भएको छ ।

उद्देश्य एवं लक्ष्य - राष्ट्रिय स्वास्थ्यनीति, २०७६ अनुरूप ग्रामीण जनतालाई आधारभूत स्वास्थ्य सुविधा वृद्धि गर्नु र आधुनिक चिकित्सा प्रणालीका सुविधाहरू पुऱ्याउन एवं उपचारात्मक स्वास्थ्य सेवा गुणस्तरीय एवं प्रभावकारी तवरले उपलव्ध गराउने उद्देश्यले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत कार्यसञ्चालनस्तरको कार्यालय स्थापना गरिएको देखिन्छ । यी कार्यालयसँग सम्बन्धित मुख्यलक्ष्यहरू निम्नानुसार छन् :

- जिल्ला स्वास्थ्य कार्यक्रमको निम्ति आवश्यक खोप, औषधि, औजार तथा विविध सामग्री सम्बन्धित निकायबाट प्राप्त गरी स्वास्थ्य चौकी मार्फत वितरण र उपयोगको व्यवस्था मिलाउने,
- प्राथमिक स्वास्थ्य केन्द्रहरू मार्फत प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम गर्ने गराउने,
- जिल्लाको स्वास्थ्य स्थिति र स्वास्थ्य सेवाको उपलव्धि झल्किने प्रतिवेदन तयार गर्ने तथा अभिलेख राख्ने कार्य र सम्बन्धित निकायहरूलाई समयमै पठाउने व्यवस्था मिलाउने,

स्वास्थ्य क्षेत्रका कार्यक्रमहरू सञ्चालन गरी गुणस्तरयुक्त अत्यावश्यकीय स्वास्थ्य सेवाको पहुँच र उपयोग वृद्धि गर्ने, स्वास्थ्य सेवाको पहुँचमा सांस्कृतिक र आर्थिक अवरोध घटाउने र स्वास्थ्य प्रणालीमा सुधार गरी अत्यावश्यक स्वास्थ्य सेवा विश्वव्यापीस्तरमा पुऱ्याउने उद्देश्यका साथ नेपाल स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम लागु भएको छ ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७६ - यस नीतिको उद्देश्य नागरिकको मौलिक हकको रूपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराउदै प्रत्येक नागरिकले सहजरूपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य प्रणालीको स्थापना गर्नुका साथै स्वास्थ्य सेवामा जनसहभागिता प्रवर्द्धन गर्नु रहेको छ । प्रमुख नीतिहरू निम्न छन् :

१. सबै तहका स्वास्थ्य संस्थाहरूबाट तोकिएबमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

२. सबै नागरिकलाई आधारभूत आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ ।

३. स्वास्थ्य प्रणालीलाई संघीय संरचनाअनुरूप संघ, प्रदेश र स्थानीय तहमा पुनर्संरचना, सुधार एवं विकास तथा विस्तार गरिनेछ ।

४. स्वास्थ्य सेवालाइ सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसंख्या, भुगोल र संघीय संरचना अनुरूप सीप मिश्रित दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिनेछ ।

५. सेवाप्रदायक व्यक्ति तथा संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी, जवाफदेही र गुणस्तरीय बनाउन स्वास्थ्य व्यवसायी परिषद्हरूको संरचनाको विकास, विस्तार तथा सुधार गरिनेछ ।

६. गुणस्तरीय औषधी तथा प्रविधिजन्य स्वास्थ्य सामग्रीको आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्दै, कुशल उत्पादन, आपुर्ति, भण्डारण, वितरणलाई नियमन तथा प्रभावकारी व्यवस्थापन मार्फत पहुँच एवं समुचित प्रयोगमा सुनिश्चित गरिनेछ ।

७. सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद स्थापना, पूर्वतयारी तथा प्रतिकार्यको एकीकृत उपायहरू अवलम्बन गरिनेछ ।

८. नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति, परिवार, समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार बनाउँदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

९. अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चित गरिनेछ ।

१०. जीवनपथको अवधारणाअनुरूप सुरक्षित मातृत्व, बालस्वास्थ्य, किशोर किशोरी तथा प्रजनन स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवाको विकास तथा विस्तार गरिनेछ ।

४. आवधिक योजनातथा बजेटमा उल्लेख रणनीति, कार्यनीति, कार्यक्रम र क्रियाकलाप -

चौधौं आवधिक योजना २०७३/७४ देखि २०७५/७६ले लिएका रणनीति तथा कार्यनीति - चौधौ योजनामा स्वास्थ्यसँग सम्बन्धित रहेका मुख्य व्यहोरा निम्नानुसार रहेका छन् :

रणनीति

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारीरूपमा सेवा उपलब्ध गराउने ।
- नवजात शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने ।

कार्यनीति

- आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गर्ने ।
- सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- स्वास्थ्य क्षेत्रमा आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने ।
- स्वास्थ्य सेवाप्रवाहलाई पारदर्शी, जवाफदेही एवं जनउत्तरदायी बनाउन सुशासनमा जोड गर्ने ।
- नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गर्ने ।

आ.व. २०७५/७६ को वजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रम -

- स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय तुल्याईनेछ । आधारभूत स्वास्थ्यमा सवै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमाको कार्यक्रम मुलुकभर विस्तार गरिनेछ । आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भावस्था देखिनै प्रसुती सुरक्षा सेवा पुऱ्याईनेछ ।
- एकसय शैयाभन्दा बढी क्षमताका अस्पतालहरूमा विस्तारित स्वास्थ्य सेवा सञ्चालन अनिवार्य गरिने । अस्पतालहरूमा जेष्ठ नागरिक वार्ड स्थापना गरिने । निजी क्षेत्रका मेडिकल कलेजहरूको सहकार्यमा दुर्गम क्षेत्रमा विशेषज्ञ सहितको घुम्ती अस्पताल सेवा सञ्चालन गरिने ।
- महामारी रोग नियन्त्रण र निवारण कार्यलाई प्रभावकारी बनाउन विशेषज्ञ सहितको द्रुत टोली परिचालन गर्ने ।

५. **बजेट र खर्च व्यवस्था -** स्वास्थ्य सेवामा गरिएको खर्चमध्ये नेपाल सरकारका कर्मचारीहरूको तलब, भत्ता सरकारको वित्तीय स्रोतबाट र कार्यक्रमहरू नेपाल सरकारको स्रोत तथा विभिन्न अन्तर्राष्ट्रिय संस्थासँग भएको सम्झौताअनुसार प्राप्त रकमबाट सञ्चालन हुँदै आएका छन् । जिल्ला स्वास्थ्य कार्यालयबाट सञ्चालित अस्पतालहरूमा अस्पतालले सेवा उपलब्ध गराए बापतको सेवा शुल्क रकम समेत अस्पताल विकास समितिको कोषमा जम्मा हुने व्यवस्था छ । त्यस्तै स्थानीयस्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरू उपस्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्रमा स्थानीयस्तरबाट प्राप्त चन्दा र आर्थिक सहयोगको रकम समेत व्यवस्थापन समितिमा रहने व्यवस्था छ । नेपाल सरकारको स्वास्थ्य सेवाप्रवाह तथा नियमन व्यवस्थापनको लागि मन्त्रालयको विगत ३ वर्षको निकासा एवं खर्च विवरण निम्नानुसार रहेको छ :

(रु.हजारमा)

निकायको विवरण	२०७३/७४		२०७४/७५		२०७५/७६	
	वार्षिक वजेट	निकासा खर्च	वार्षिक वजेट	निकासा खर्च	वार्षिक वजेट	निकासा खर्च
स्वास्थ्यमन्त्रालय			८९५५१	८८६९२	११७८१२	१२१२९१
स्वास्थ्य सेवाविभाग	५०२३९९	४५९०४५	८९३३३०	४३१०८६	४६११००	४४३०८८

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

६. **विषय छनौटको सान्दर्भिकता/औचित्य -** नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने र प्रत्येक नागरिकलाई

स्वास्थ्य सेवामा समान पहुँचको हकको प्रत्याभूति गरिएको छ । राज्यका विभिन्न नीति तथा कार्यक्रमले स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने लक्ष्य तथा उद्देश्य राख्नुका साथै दिगो विकास लक्ष्य २०३० को तेस्रो लक्ष्यको रूपमा स्वस्थजीवन र जीवनयापन (Good Health and Wellbeing) लाई लिइएकोले सोअनुसार जनचासोमा अभिवृद्धि भएको र स्वास्थ्य सेवाको गुणस्तर तथा व्यवस्थापन प्रभावकारी नहुँदा अत्यावश्यक स्वास्थ्य सेवा प्रभावित भएको र स्वास्थ्य सेवाको प्रमुख क्रियाकलापमध्ये बिरामीको हेरचाह गुणस्तरीय हुननसक्दा समग्र स्वास्थ्य सेवाको गुणस्तर कमजोर हुने भएकाले हेरचाहको गुणस्तर सम्बन्धमा स्वतन्त्र एवं वस्तुगत मूल्याङ्कन गर्ने अभिप्रायले कार्यमूलक लेखापरीक्षणका लागि यो विषयको छनौट भएको थियो ।

७. **उद्देश्य -** निजी एवं सरकारी अस्पतालहरूले प्रदान गर्ने स्वास्थ्य सेवा अन्तर्गत हेरचाह गुणस्तरयुक्त र प्रभावकारी भए नभएको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको थियो । यस क्रममा देहायबमोजिमका सहायक लेखापरीक्षण उद्देश्यहरू रहेका थिए :

- स्वास्थ्य सेवा अन्तर्गत हेरचाहको गुणस्तर मापन सम्बन्धमा सञ्चालित क्रियाकलापको मूल्याङ्कन गर्नु,
- सङ्क्रमण रोकथाम र नियन्त्रण सम्बन्धमा विश्लेषण गर्नु ।
- अस्पतालको स्वास्थ्य सेवा प्रवाहमा हेरचाहको गुणस्तर विश्लेषण गर्नु ।

८. **क्षेत्र -** लेखापरीक्षणको उद्देश्य हासिल गर्न दुई सरकारी अस्पताल र २ निजी क्षेत्रबाट सञ्चालित अस्पतालहरूको स्वास्थ्य सेवाप्रवाहमा हेरचाहको अवस्था अवलोकन र सोसम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य सेवा बिभागबाट स्वास्थ्य सेवाको सञ्चालन तथा सेवाप्रवाह सम्बन्धमा गरिएको नियमन कार्यलाई समावेश गरिएको छ । मन्त्रालय तथा बिभागबाट गरिएको नियमनको अतिरिक्त सरकारीतर्फ वीर अस्पताल र कान्ती बाल अस्पताल तथा निजीतर्फ ग्राण्डी ईन्टरनेशनल अस्पताल र स्टार अस्पतालले प्रदान गरेको स्वास्थ्य सेवा अन्तर्गत हेरचाहको गुणस्तर विश्लेषण साथै अस्पतालजन्य सङ्क्रमण रोकथाम तथा नियन्त्रणको अबस्था समेत मूल्याङ्कन गरिएको छ ।

९. **लेखापरीक्षणको पद्धति र विधि -** यस बिषयको लेखापरीक्षणका लागि माथि बिषय छनौटको औचित्यमा उल्लेख गरेअनुसारको उपलब्धि नदेखिएको सन्दर्भमा निम्नानुसारको पद्धति तथा विधिको प्रयोग गरिएको छ :

१०. **लेखापरीक्षणको पद्धति -** यस लेखापरीक्षणमा समस्यामूलक तथा नतिजामूलक पद्धतिको प्रयोग गरिएको छ । स्वास्थ्य सेवाको गुणस्तरीयतामा परेको असरलाई मध्यनजर राखी त्यसको निराकरणको लागि समस्यामूलक पद्धति अंगीकार गरिएको छ । साथै स्वास्थ्य सेवाको गुणस्तर र सोको असर मूल्याङ्कन गर्न नतिजामूलक पद्धति अवलम्बन गरिएको छ ।

११. **लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजनाले निर्दिष्ट गरे बमोजिम कार्यमूलक लेखापरीक्षण मापदण्डको तुलनात्मकअध्ययनमूल्याँकन र विश्लेषण गरिएको छ । स्वास्थ्य सेवासञ्चालन र नियमनसंग सम्बन्धित कानुन, नीति, नियमावली, स्वास्थ्य सेवा बिभाग र विश्व स्वास्थ्य संगठनले जारी गरेको मापदण्ड तथा निर्णय, अनुगमन प्रतिवेदनहरू, सेवाको गुणस्तर अनुगमन प्रतिवेदन, वार्षिक प्रतिवेदन, योजना तथा कार्यक्रम तथा अन्य सम्बन्धित प्रतिवेदन, तथा सहायक तथ्याङ्क संङ्कलन गरी त्यसको विश्लेषणात्मक समीक्षा गरी त्यसको आधारमा लेखापरीक्षण अनुशिलन श्रंङ्खला तयार पारी त्यसका आधारमा सर्वेक्षण गरिएको छ । यस चरणमा प्रश्नावली, परीक्षण सूची, अन्तरक्रिया, भौतिक अवलोकन जस्ता औजारहरू प्रयोग गरिएको छ । स्वास्थ्य सेवा अन्तर्गत हेरचारको गुणस्तर (त्तइऋ) को लागि सञ्चालन गरिएका क्रियाकलाप तथा कार्यक्रमहरूको अवस्था तथा त्यसको प्रभावकारिता बारे जानकारी लिने उद्देश्यले तिनीहरूको विचार-सर्वेक्षण (Opinion survey) गर्न गैर नमूना पद्धतिको (Non-Sampling Method) आधारमा मन्त्रालय र विभागस्तरमा बिषयसँग सम्बन्धित मुख्य जानकारहरूसँग छलफल गरिएको छ । स्वास्थ्य सेवामा हेरचाहको गुणस्तर अभिवृद्धि गर्नको लागि चालिएका कदमहरूको प्रभावकारिता तथा त्यसका सबल पक्ष तथा कमी कमजोरीको लेखाजोखा गर्ने उद्देश्यले प्रश्नावली, परीक्षण सूची तथा भौतिक अवलोकनका माध्यमबाट केन्द्रिकृत सामुहिक छलफल गरिएको छ । साथै तथ्याङ्क तथा सूचनाको विश्लेषण गर्ने प्रयोजनको लागि आवश्यकतानुसार विशेषज्ञ सेवाको उपयोग गरिएको छ ।

१२. **लेखापरीक्षणको सीमा -** प्राप्त सूचना, अभिलेख, विवरण, सेवाग्राहीसँगको अन्तरवार्ता, तथा वित्तीय स्रोतबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा प्रयोग गरिने स्रोत साधन आदि यसका सीमितता रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

विश्व स्वास्थ्य संगठन तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट निर्धारित मापदण्ड अनुसार अस्पतालको स्तरीय स्वास्थ्य सेवाको प्रमुख सूचकमा हेरचाहको गुणस्तर (त्तइञ्र) रहेको छ । विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको हेरचाहको गुणस्तरअनुसार बिरामीको सुरक्षित हेरचाह भन्नाले जोखिम तथा हानी न्यूनीकरणको साथै चोटपटक तथा मेडिकल गल्तीहरूबाट रोकथाम गर्नु एवं सङ्क्रमण रोकथाम तथा नियन्त्रण गर्नु रहेकोछ । जसअनुसार अस्पतालले बिरामीको स्वास्थ्य हेरचाहमा सुरक्षित तरिकाले समानरूपमा, बिरामीमुखी भएर, दक्ष तथा प्रभावकारी तबरले, लगनशिलताका साथ निधारित समयमा सेवा प्रदान गर्ने गरी कार्यसम्पादन गर्नुपर्दछ । हेरचाहको गुणस्तर सम्बन्धमा २ सरकारी तथा २ निजी क्षेत्रका स्वास्थ्य संस्थाको अवस्था मूल्याङ्कन गर्दा देखिएका व्यहोराहरू निम्नानुसार छन्:

१३. **सङ्क्रमण रोकथाम तथा नियन्त्रण -** नेपालमा स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा ४(ख) अनुसार स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डबमोजिम सङ्क्रमण नियन्त्रणको व्यवस्था हुनुपर्ने र सोको नियमित र प्रभावकारी अनुगमन गर्नुपर्ने व्यवस्था छ । विश्व स्वास्थ्य संगठनको स्वास्थ्य संस्थामा सङ्क्रमण नियन्त्रणसम्बन्धी गाइडलानअनुसार अस्पतालमा सृजना हुनसक्ने सङ्क्रमण सम्पर्कबाट, ड्रपलेटबाट, हावाजन्य, ओसारपसारका साधन र भेक्टरजन्य कारणबाट हुने जनाएको छ । यस्तो सङ्क्रमणबाट बच्न र नियन्त्रण गर्न विश्व स्वास्थ्य संगठनले साबुनपानीले हात धोई हातलाई निसङ्क्रमित गर्ने, व्यक्तिगत सुरक्षा उपकरणको उपयुक्त प्रयोग, फोहोरमैला व्यवस्थापन तथा सफाई र आगन्तुकहरूलाई अभिमुखीकरण गर्नुपर्ने उपायहरू सुझाएको छ । उक्त मापदण्डअनुसार प्रत्येक अस्पतालले सङ्क्रमण रोकथाम तथा नियन्त्रण कमिटी गठन गरी दिग्दर्शन, सङ्क्रमण नियन्त्रण फ्रेमवर्क, परीक्षण सूची, फोकल पर्सन तोकी दैनिक अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ। अस्पतालबाट सृजना हुनेसक्ने सम्भाव्य सङ्क्रमणबाट (Hospital acquired Infection- HAI) बिरामीलाई सुरक्षित गर्नु अस्पतालको प्रमुख दायित्व हुनआउँछ । विश्व स्वास्थ्य संगठनको Prevention of hospital-acquired infections A PRACTICAL GUIDE 2nd edition tyf Practical Guidelines for Infection Control in Health Care Facilities ले देहायबमोजिमका सङ्क्रमण अस्पतालबाट सृजना हुनसक्ने जनाएको छ:

सर्म्पकबाट सर्ने (Contact Transmission)	यसमा प्रत्यक्ष र अप्रत्यक्ष सर्म्पक हुन्छ: प्रत्यक्ष सर्म्पक बिरामीलाई प्रत्यक्ष रूपमा छुंदा वा सम्पर्क गर्दा हुन्छ भने अप्रत्यक्ष सर्म्पक भन्नाले पूर्णतया निर्मलीकरण नगरेको चक्कु कैचीको प्रयोगबाट वा सङ्क्रमित इन्जेक्सन सिरिन्ज वा प्रयोग भईसकेको चिकित्सक साम्रागी बिरामीको अङ्ग वा हातबाट छोएर हुनसक्दछ । यसलाई nosocomial सङ्क्रमण पनि भनिन्छ ।
ड्रपलेटबाट सर्ने (Droplet transmission)	सङ्क्रमित व्यक्तीको खोकी, हाच्छुं, खसेको खकार, पसिना वा रगत वा कुराकानी (स्वासबाट) वा bronchoscopy प्रक्रिया गर्दा हुन सक्छ ।
हावाजन्य (Airborne Transmission)	धुलो, धुंवा, तथा बिरामीको स्वास प्रश्वास, हाच्छु तथा सङ्क्रमित फोहोरको गन्धबाट हुने सङ्क्रमण जाउंदछ ।
सामान्य ओसारपसारका साधन (Common vehicle transmission)	खानाओसार प्रसार गर्ने ट्रली तथा निर्मलीकरण नगरेको भांडाकुंडा तथा थालबाट सर्न सक्ने ।
भेक्टरजन्य (Vector borne transmission):	पशुपंक्षी, मुसा, लामखुट्टे, भुसुना, झिंगा तथा विभिन्न प्रकारका किराहरूबाटसर्न सक्ने ।

उपर्युक्त बमोजिम हुन सक्ने सङ्क्रमणबाट बच्न र नियन्त्रण गर्न विश्व स्वास्थ्य संगठनले (क) साबुन पानीले हात धोईहातलाई निसङ्क्रमित गर्ने, (ख) पि.पि.ई उपयुक्त प्रयोग (खासगरिकन मेडिकल मास्क, ल्याक्टेक्स पञ्जा, शिर छोप्ने क्याप, चश्मा, बुट वा जुत्ताको ढक्कन (Shoe Cover), (ग) उपयुक्त फोहोरमैला व्यवस्थापन तथा सफाई र (घ) आगन्तुकहरूलाई अभिमुखीकरण वा सङ्क्रमणबाट बच्ने उपायहरू सम्प्रेषण गरेको छ ।

नेपाल सरकारले सबै प्रकारका अस्पताल तथा स्वास्थ्य संस्थाको लागि अस्पतालजन्य सङ्क्रमण नियन्त्रण फ्रेमवर्क तथा गाइडलाइन तयार गरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन । लेखापरीक्षणमा अनुगमन गरिएका ४ अस्पतालमा निजी क्षेत्रका २ अस्पतालमध्ये एक निजी अस्पतालले सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा सो प्रचलन स्थापित गरेतापनि समष्टीगत रूपमा मृत्यु दर १२.६१ प्रतिशत रहेको, आइ.सी.यू.को बसाईको अवधि लामो रहेको र यसरी बस्नेहरूमा निमोनिया, रगत र पिसाबजन्य सङ्क्रमण देखिएकोले अस्पतालजन्य सङ्क्रमण न्युन रहेको भन्न मिल्ने अवस्था छैन । अर्को निजी अस्पतालमा सङ्क्रमण रोकथाम नियन्त्रण कमिटी गठन हुन नसकेको, सङ्क्रमण नियन्त्रणको दिग्दर्शन बनाई उपयुक्त मापदण्ड सावधानीका उपायहरूको परीक्षण सूची सहित अवलम्वन गरी सो अनुरूप अनुगमन गर्न सकेको छैन । वीर अस्पतालमा कमिटी गठन गरे तापनि तालिम तथा जनशक्ति परिचालन र अनुगमन पर्याप्त नहुँदा सङ्क्रमण रोकथाम तथा नियन्त्रण प्रभावकारी हुन नसकेको र कान्तीबाल अस्पतालमा यस्तो कमिटी गठननै नभएकोले स्थिति अझै नाजुक पाइयो । अस्पतालमा सङ्क्रमण नियन्त्रणको लागि हुनु पर्ने न्यूनतम आवश्यकताहरूको उचित व्यवस्थापनमा ध्यान नपुगेको कारण सङ्क्रमण नियन्त्रण कमजोर देखिएको छ ।

सुझाउ - अस्पतालबाट सृजना हुन सक्ने सम्भाव्य सङ्क्रमणबाट बिरामीलाई सुरक्षित गर्नु अस्पतालको प्रमुख दायित्व भएकोले मन्त्रालयले सङ्क्रमण रोकथाम तथा नियन्त्रणको दिग्दर्शन यथाशीघ्र तयार गरी सोको कार्यान्वयन र अनुगमन गर्नुपर्दछ ।

प्रतिक्रिया - मन्त्रालयले संक्रमण रोकथान तथा नियन्त्रण दिगदर्शन स्वीकृतिको चरणमा रहेको जानकारी गराएको छ ।

१४. **सङ्क्रमण रोकथाम तथा नियन्त्रण कमिटी -** विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार प्रत्येक अस्पतालले सङ्क्रमण रोकथाम तथा नियन्त्रण कमिटी गठन गरी त्यसको दिग्दर्शन तथा परीक्षण सूची तयार गरी सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा सहजकर्ताको भूमिका निभाउन फोकल व्यक्ति तोक्ने र दैनिक रूपमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । साथै मन्त्रालय/विभागीयस्तरबाट यसको निरन्तर अनुगमन गर्नु पर्नेमा यस्तो संवेदनशिल पक्षको अनुगमन गर्ने प्रचलन पाइएन । लेखापरीक्षणको सिलसिलामा ४ अस्पतालहरूको निरीक्षण गर्दा देखिएका व्यहोराहरू निम्नानुसार छन ।

१४.१. कान्ती बाल अस्पतालमा हालसम्म पनि सङ्क्रमण रोकथाम नियन्त्रण कमिटीको गठन हुन सकेको छैन । त्यसको अतिरिक्त सङ्क्रमण रोकथाम तथा नियन्त्रणको अस्पतालले दिग्दर्शन समेत बनाउन सकेको छैन । तसर्थ यसको विशेष रणनीतिहरू समेत तय हुन सकेको छैन । त्यसको मुल कारणमा पर्याप्त मात्रामा नर्सिङ्ग कर्मचारी नहुनु तथा व्यवस्थापनले प्रतिवद्धता सहित चासो देखाउन नसक्नु हो ।त्यसको अतिरिक्त अस्पतालमा डाक्टर तथा नर्सहरूलाई अतिरिक्त भत्ता प्रदान गरेकोमा यस अस्पतालका नर्स तथा डाक्टरहरू केही भत्ता नपाउने कारण तिनीहरू उत्प्रेरित हुन सकेका छैनन । त्यसले गर्दा तालिम प्राप्त व्यक्तिहरू नोकरी छोडेर जाने वा सरुवा भएर अन्यत्र जाने (High Employees Turnover) मुल समस्या रहेको छ । साथै सङ्क्रमण रोकथाम तथा नियन्त्रण बिषयमा सम्बन्धित डाक्टरहरू र नर्सहरू सहित स्वास्थ्यकर्मीलाई तालिम सम्म पनि दिन नसकेको व्यहोरा अबगत हुन आएको छ । तथापि केही व्यवहारिक पक्षहरूको ज्ञान तथा अनुभवको आधार सङ्क्रमण रोकथाम तथा नियन्त्रणको अनुगमन गर्ने गरिएको छ ।नियमित रूपमा प्रभावकारी अनुगमन हुन नसकेको जानकारी अस्पताल व्यवस्थापनबाट अबगत भएको छ । साथै सङ्क्रमण रोकथाम तथा नियन्त्रणको फोकल व्यक्ति वा संयोजक सम्म पनि तोक्न सकेको छैन ।उपयुक्त सङ्क्रमण नियन्त्रणको स्टाण्डर्ड सावधानीका उपायहरूको (Standard Precautions for Infection Control) परीक्षण सूची सहित अबलम्बन गरी लागू गर्न सकेको छैन ।

१४.२. ग्राण्डी अस्पतालमा सङ्क्रमण रोकथाम नियन्त्रण कमिटीको गठन हुनुको साथै विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरूप दिग्दर्शन तयार गरेकौ दैनिक अनुगमनको लागि संयोजक समेत तोकेको, अस्पतालबाट हुने सम्भाव्य सङ्क्रमणको लागि सर्भिलेन्स फर्म तयार गरी अनुगमन गर्ने गरेको, विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरूप सङ्क्रमण रोकथाम तथा नियन्त्रणको मार्गदर्शन तयार गरेको, साथै व्यवस्थापनले यस विषयमा अन्य अस्पतालका स्वास्थ्यकर्मीलाई समेत तालिम दिने गरेको र गत वर्ष आईसियुको स्वास्थ्य सेवासँग सम्बन्धित सङ्क्रमणको अडिट समेत गरेको छ ।

अस्पताल व्यवस्थापनले सङ्क्रमणगत आइसोलेन कक्ष जस्तै कन्ट्याक्ट, मोडिफाइड कन्ट्याक्ट, डपलेट, एअरबोर्न आदि डेडिकेटेड नर्स सहितको व्यवस्था गरेको छ । सो आइसोलेशन कक्षको लागि पूर्व

सावधानीको सूची सहित तयार गरेर राखेको छ । यद्यपि हालको परीक्षण सूचीले सङ्क्रमण रोकथाम र नियन्त्रण विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरूप हुन प्रयास गरेको छ । तर अस्पताल व्यवस्थापन नियन्त्रणको स्टाण्डर्ड सावधानीका उपायहरूको (Standard Precautions for Infection Control) परीक्षण सूची सहित अवलम्बन गरी लागू गर्नेतर्फ सुधार गर्ने धारणा व्यक्त गरेको छ । ग्राण्डी अस्पतालले सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा राम्रो प्रचलन स्थापित गरे तापनि ग्राण्डी अस्पतालको समष्टीगत रूपमा मृत्यु दर १२.६१ प्रतिशत रहेको आइ.सी.यू को बसाईको अबधी लामो रहेको र यसरी बस्नेमा निमोनिया, रगत र पिसाबजन्य सक्रमण देखिएबाट अस्पतालजन्य सङ्क्रमण न्युन रहेको भन्न मिल्ने अबस्था छैन ।

१४.३. वीर अस्पतालले सङ्क्रमण रोकथाम तथा नियन्त्रण कमिटी बनाई फोकल व्यक्ति समेत तोकेको छ । साथै सङ्क्रमण रोकथाम तथा नियन्त्रण दिग्दर्शन तयार गरेको छ । वीर अस्पतालले कमिटी गठन गर्नुको साथै दिग्दर्शन तयार गरे पनि त्यसको प्रभावकारी रूपमा कार्यान्वयन गर्नसकेको छैन । हालसम्म यससम्बन्धी तालिम तथा अभिमुखीकरण गर्ने २०७६/६/७ मा निर्णय भए तापनि गर्नसकेको छैन । त्यसको साथै उपयुक्त सङ्क्रमण नियन्त्रणको स्टाण्डर्ड सावधानिका उपायहरूको (Standard Precautions for Infection Control) परीक्षणसूची सहित अवलम्बन गरी सो अनुरूप अनुगमन गर्नसकेको छैन । अस्पतालका नर्सहरूले सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा कुनै प्रकारको तालिम नलिएको जानकारी हुन आएको छ ।

१४.४. स्टार अस्पतालमा हालसम्म पनि सङ्क्रमण रोकथाम नियन्त्रण कमिटीको गठन हुनसकेको छैन । साथै अस्पतालले दिग्दर्शन बनाई उपयुक्त सङ्क्रमण नियन्त्रणको स्टाण्डर्ड सावधानीका उपायहरूको (Standard Precautions for Infection Control) परीक्षणसूची सहित अवलम्बन गरी सोअनुरूप अनुगमन गर्नसकेको छैन । केही हदसम्म अस्पतालले अस्पतालमा हुने सम्भाव्य सङ्क्रमणसँग आवद्ध अनुगमनसूची तयार गरेको छ, सोको आधारमा दैनिक अनुगमन गर्ने गरेको छ । तर यसको प्रतिवेदन तयार गरी सबैमा सम्प्रेषण भने गरेको छैन । अस्पताल व्यवस्थापनले यस वर्ष भित्र दिग्दर्शन तथा (Standard Precautions for Infection Control) परीक्षणसूची तयार गर्ने व्यहोरा अबगत गराएको छ ।

यसरी समग्रमा ग्राण्डी अस्पतालको यथोचित प्रयास गर्दा गर्दै पनि उपर्युक्त स्थिति रहेको अध्ययनले देखाएको छ । वीर अस्पतालमा कमिटी गठन गरे पनि हालसम्म तालिम दिनसकेको छैन । परिणमस्वरूप, सङ्क्रमण रोकथाम तथा नियन्त्रणको अनुगमन नै राम्ररी हुनसकेको छैन । कान्ती बाल अस्पतालमा सङ्क्रमण रोकथाम तथा नियन्त्रण कमिटीसम्म पनि गठन भएको छैन भने सो अस्पतालको स्थिति अझै नाजुक हुन सक्दछ ।

सुझाउ - विश्व स्वास्थ्य संगठनले अस्पतालमा हुने सम्भाव्य सक्रमण को प्रभाव कम गर्न विभिन्न आवश्यक मापदण्डहरू बनाएको छ सोमध्ये अस्पतालले सङ्क्रमण नियन्त्रणको लागि हुनुपर्ने न्यूनतम आवश्यकताहरू, हातधुने र हात निसङ्क्रमित गने, मेडिकल मास्क तथा ल्याकटेक्स पञ्जाको प्रयोग, फोहोर मैलाको उचित व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने हुन्छ । स्थास्थ्य तथा जनसंख्या मन्त्रालय एवं सम्बीन्धत अस्पतालहरूले दिग्दर्शन तर्जुमा गरी विश्व स्वास्थ्य संगठनको सङ्क्रमण रोकथाम तथा नियन्त्रण परीक्षण सूचकहरूको आधारमा अनुगमन परीक्षणसूची अनुरूप अनुपालन अनुगमन शुरुवात गर्नुपर्दछ । साथै सङ्क्रमण रोकथाम तथा नियन्त्रणको दिग्दर्शन यथाशीघ्र तयार गरी अस्पतालका सम्पूर्ण स्वास्थ्यकर्मी तथा कर्मचारीलाई तत्काल तालिम दिइनुपर्दछ ।

१५. **अस्पताल सृजित सङ्क्रमण मूल्याङ्कन -** अस्पताल सृजित सङ्क्रमण नियन्त्रण तथा जोखिम न्यूनीकरणका लागि स्वच्छ खानेपानी आपूर्ति, उपयुक्त सफाई, बेडबीचको दुरी, हातधुने सुविधा, आईसोलेसन कोठा तथा अति जोखिम क्षेत्र जस्तै ओटी, प्रत्यारोपण, सघन उपचार कक्षमा पर्याप्त भेन्टिलेशन, हावाजन्य, बूँदजन्य, सर्म्पकजन्य आइसोलेसन तथा सुरक्षात्मक वातावरण,अति जोखिममा रहेको बिरामीको लागि आगन्तुकको चाप नियन्त्रणको नियम तथा मापदण्ड तथा बिरामीको लागि छुट्टै यातायातको व्यवस्था,फँगल जीवाणुबाट जोगाउने उपायहरू, किरा लामखुट्टे, भुसुना, झिँगा, साङ्लो तथा अन्य भेक्टरबाट बचाउको उपायहरू, फोहोरमैलाको उपयुक्त व्यवस्थापन, हातधोइ सकेपछि पुछ्नको लागि व्यवस्था, पुन प्रयोग नगर्ने रुमाल, ड्रायर वा पुन प्रयोग गर्ने गरी सिंगल टावेल लगायतका १० सूचकमा पर्याप्तताको लागि ५ अङ्क, ठीकैको लागि ३ अङ्क, र कमको लागि १ अङ्कनिर्धारण गरी ५० पूर्णाङ्कको आधारमा विश्लेषण गर्दा कुल ५० अङ्कमा

एक निजी अस्पतालले ४२ र अर्को निजी अस्पतालले ३६ प्राप्त गरेका छन् भने वीर अस्पताल र कान्तीबाल अस्पतालले क्रमशः २४ र २२ अङ्क प्राप्त गरेको देखिँदा सङ्क्रमण नियन्त्रणको लागि न्यूनतम आवश्यकताहरूको मापदण्डको व्यवस्थापनमा निजी क्षेत्रका अस्पतालको अवस्था भन्दा सरकारी अस्पतालको अवस्था अझै कमजोर देखियो । यसले गर्दा सरकारी अस्पतालहरूमा अस्पताल सृजित सङ्क्रमणबाट बिरामीहरू सङ्क्रमित हुनसक्ने बढी सम्भावना रहने र बिरामीको बसाई, उपचार खर्च र अस्पतालको मृत्यु दर बढी हुनजाने स्थिति देखाउँदछ ।

सुझाउ - मन्त्रालयबाट अस्पतालमा सङ्क्रमण नियन्त्रणको लागि न्यूनतम मापदण्ड व्यवस्था गर्नमा प्रभावकारी भूमिका निर्वाह भएको नदेखिएकोले समय सीमा सहितको निर्देशन जारी गरी कार्यान्वयनको अनुगमन गरी सुधार पर्दछ

प्रतिक्रिया - यसमा मन्त्रालयले एकीकृत निर्देशिका तयारीको क्रममा रहेको जानकारी दिएको छ ।

१६. **व्यक्तिगत सुरक्षा सामग्री (पिपीई) -** विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार सङ्क्रमण रोकथामतथा नियन्त्रणको लागि अस्पताल व्यवस्थापनले पिपिई व्यवस्था गरी सोअनुरूप यसको प्रयोग गर्नु गराउनुका साथै यसको अनुपालनको अनुगमन समेत हुनुपर्दछ । सर्वेक्षणले नेपालमा औसतमा ७९.७ प्रतिशत अस्पतालहरूले ल्याटेक्स पञ्जा, १९.१ प्रतिशतले मेडिकल मास्क तथा ९.१ प्रतिशतले गाउन लगाई बिरामीको जाँच गरेको तथ्य औल्याएको छ । राष्ट्रियस्तरका अस्पतालहरूमा ७६.१ प्रतिशतले ल्याटेक्स पञ्जा, ६२.४ प्रतिशतले मेडिकल मास्क तथा १७.१ प्रतिशतले मात्र गाउन प्रयोग गरेको औल्याएको छ । लेखापरीक्षणमा अवलोकन गरिएका ४ अस्पतालको शल्यक्रिया कक्षमा मात्र पिपीईको पूर्ण व्यवस्था रहेको पाइयो । चार अस्पतालमध्ये एक निजी अस्पतालले मात्र सघन उपचार इकाईमा मेडिकल मास्क, चस्मा तथा ल्याक्टेक्स पञ्जा लगाउनुको साथै स्वास्थ्यकर्मीहरूले पालना गर्नुपर्ने सूची तयार गरी कार्यान्वयनमा ल्याए तापनि अनुपालन प्रभावकारी नभएको र अन्य अस्पतालमा गाउन, मास्क तथा पञ्जा लगाउनु पर्ने प्रावधान भए तापनि अधिकांश स्वास्थ्यकर्मीले गाउनमात्र लगाएको, केही स्वास्थ्यकर्मीले पञ्जा तथा मास्कसम्म पनि नलगाई सघन उपचार इकाईको बिरामीहरू जाँच गरेको पाइयो ।

चारवटै अस्पतालमा आकस्मिककक्ष, अन्य वार्ड तथा ओ.पि.डी.मा पर्याप्तमात्रामा पिपिईको व्यवस्था नभएका पाईयो । प्रयोग भईसकेको पिपिई साम्रगीहरू सङ्क्रमित नहुने गरी उपर्युक्त स्थानमा राख्ने वाफाल्ने व्यवस्था ४ अस्पतालमा रहे तापनि पूर्णरूपमा अनुपालन भएको पाईएन । डाक्टरले ओ.टी.मा प्रयोग गरेको एप्रोन लगाएर समेत अरु बिरामीलाई जाँच्ने गरेको देखियो । यसले गर्दा बिरामीतथा स्वास्थ्यकर्मीहरू दुवै सङ्क्रमित हुनसक्ने सम्भावना रहेको छ ।

सुझाउ - अस्पताल व्यवस्थापनले ओ.टी, सघन उपचार इकाई तथा आइसोलेशन कक्षहरूमा पि.पि.ई.को पूर्ण सेट स्वास्थ्यकर्मीहरूले अनिवार्य प्रयोग गर्ने र अन्य वार्डहरू भिजिट तथाओ.पि.डी.मा स्वास्थ्यकर्मीहरूले अनिवार्य कम्तिमा गाउन, मेडिकल मास्क ल्याक्टेक्स पञ्जा लगाउने व्यवस्था गर्नुका साथै मन्त्रालयबाट यसको नियमित अनुगमन गर्नुपर्दछ ।

प्रतिक्रिया - पि.पी.ई.को व्यवस्थापनमा क्रमिक सुधार गरिरहेको व्यहोरा जानकारी गराएको छ ।

१७. **हातधुने वा निसङ्क्रमण गर्ने प्रचलन -** विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार बिरामी जाँच्न वा उपचार गर्नु पूर्वसाबुन पानीले हात धोएर वा ह्याण्ड स्यानीटाइजरले राम्ररी हातलाई निर्मलीकरण गरी सर्जिकल पञ्जाको प्रयोग गर्ने र पञ्जाको प्रयोग गरी फुकाल्दा पुन साबुन पानीले हात धुनुपर्दछ । नेपाल सरकारले २०१५ मा गरेको नेपाल स्वास्थ्य सर्वेक्षणले नेपालका स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरूमध्ये औसतमा ७९.८ प्रतिशत संस्थामा मात्र कुनै प्रकारको निर्मलीकरण उपकरण रहेको तथ्य औल्याएको छ । सर्वेक्षणले निरन्तर पानी आउने धारा, साबुनको उपलब्धता तथा स्यानीटाइजर समेत राष्ट्रियस्तरका सबै अस्पतालमा उपलब्ध नभएको र ७५.४ प्रतिशत अस्पतालहरूमा साबुन तथा निरन्तर पानी आउने धारा भएको उल्लेख गरेको छ । कैयौ जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य हेरचाह केन्द्र, स्वास्थ्य चौकीले बाल्टिनमा पानी ल्याएर हातधुने गरेको समेत उल्लेख गरेका छन् । यस्तो स्थितिमा अस्पतालबाट सृजित सङ्क्रमण नियन्त्रण गर्नमा मन्त्रालयको व्यवस्थापनले उपयुक्त ध्यान पुऱ्याउन नसकेको स्पष्ट हुन्छ । यसबाट उपचार गराउने बिरामी सङ्क्रमित हुनसक्ने सम्भावना उच्च रहेको छ । बिरामीको पिप, खकार, रगत तथा रगतजन्य, ड्रेसिङ्ग गरेको गजहरू तथा स्वाबहरू लगायत अन्य सङ्क्रमित बस्तुहरू पञ्जा लगाएरमा मात्र छुने र उपचार पछि पञ्जा निकाली राम्ररी साबुन पानीले हात धुने प्रचलनसँग सम्बन्धित

६ सूचकको ५ पूर्णाङ्कको आधारमा लेखाजोखा गर्दा २ निजी अस्पताल, वीर र कान्तीबाल अस्पतालको औसतमा क्रमश ४.३, ३.३,३ र ३ रहेको छ। हातधुने प्रचलनको अनुपालनमा अप्रेशन कक्ष तथा आइ.सी.यु. मा मात्र बढी केन्द्रित भएको देखिन्छ। अन्यत्र वार्डहरूमा आंशिक रूपमा हुने गरेको छ। निजी अस्पतालको तुलनामा सरकारी अस्पतालहरूको स्थिति अझै कमजोर रहेको छ । यसको मुल कारण सबै वार्ड तथा कक्षहरूमा पर्याप्त मात्रामा हातधुने व्यवस्था तथा ह्याण्ड स्यानीटाइजर समेतको पर्याप्त मात्रामा व्यवस्था नभएको कारण प्रभावकारी ढङ्गमा लागू हुन नसकेको व्यवस्थापनले जानकारी गराएको छ ।

सुझाउ - नेपाल सरकारले सबै अस्पतालहरूलाई हातधुने तरिका वा त्यसको विकल्पमा ह्याण्ड स्यानिटाइजर कसरी प्रयोग गर्ने स्पष्ट निर्देशन दिई अनुपालन भए नभएको बारेमा अनुगमन गर्नुपर्दछ ।

सर्म्पकजन्य सङ्क्रमणको असर बिरामीलाई मात्र नभई स्वास्थ्यकर्मीलाई समेत हुनसक्ने जोखिम हो । त्यसको अतिरिक्त बिरामीलाई भेटन आउने आगन्तुकबाट तथा आगन्तुकलाई पनि यो सङ्क्रमण हुन सक्दछ । यदी बिरामी स्वास्थ्यकर्मीका कारण सङ्क्रमित भएमा बिरामीको बसाई लम्बिन जान्छ । यसले गर्दा बिरामीको उपचार खर्च समेत बढी हुन जान्छ, जुन अस्पताल व्यवस्थापनले यो खर्च ब्यहोर्ने गरेको छैन । निजी अस्पतालको हकमा बसाई खर्च समेत वृद्धि भए बिरामीको कुल उपचार खर्चमा थप व्ययभार पर्नजान्छ । सघन उपचारका बिरामीहरूको मृत्यु हुनसक्ने सम्भावना बढी रहन्छ । लेखापरीक्षणको सिलसिलामा देहायबमोजिमको अस्पतालको हात धुने तथा सङ्क्रमण नियन्त्रणको लेखाजोखा गर्दा निम्नबमोजिमको स्थिति देखिएको छ:

१७.१. कान्ती अस्पतालमा ओ.टी तथा सघन उपचार इकाई बाहेक सबै वार्डहरूमा हात धुने व्यवस्था नभएको र स्यानिटाइजरको पनि पर्याप्त व्यवस्था नभएकोले स्वास्थ्यकर्मीहरूले हातलाई निर्मलीकरण गरी बिरामी जाँच गरेको तथ्यलाई यकिन गर्न सकिएन । यस सन्र्दभमा अस्पताल व्यवस्थापनले समेत उचित रूपमा अनुगमन गर्ने गरेको पाइएन ।हात धोइ सकेपछि रुमालहरू पुन प्रयोग गर्ने गरी व्यवस्था गरेको छ । तर डिस्पोजल टिस्यू (कागजको रुमाल) तथा हात धोइ सकेपछि हात सुकाउनको लागि ड्रायरको पनि व्यवस्था गरेको पाइएन । त्यस्तै गरी आपतकालिन इकाई तथा ओ.पि.डी का बिरामीहरूमा सर्म्पकजन्य सङ्क्रमण हुनसक्ने जोखिम रहेको छ । किनकी डाक्टर, नर्स तथा अन्य स्वास्थ्यकर्मीले बिरामी जाँच्नु अघि साबुन पानीले हात धोएर मात्र सर्जिकल पञ्जा प्रयोग गर्नुपर्नेमा गरेको छैन । केही स्वास्थ्यकर्मीले पञ्जाको प्रयोग गरी उपचार वा जाँची सकेपछि हात धुने गरेको पाइएको छ । हात धुने सन्र्दभमा नर्सको तुलनामा डाक्टरहरू बढी चुक्ने गरेको ब्यहोरा अस्पताल व्यवस्थापनबाट जानकारी हुन आएको छ । यसले गर्दा स्वास्थ्यकर्मीहरूबाट नै बिरामीहरूमा सर्म्पकजन्य सङ्क्रमण (Contact Infections) हुनसक्ने जोखिम उच्च रहेको छ ।

गाउन, पञ्जा तथा मास्कको उपयोग पनि यस अस्पतालमा सघन उपचार इकाईहरू तथा ओ.टी. मा मात्र अनिवार्य रूपमा डाक्टरहरूले प्रयोग गरेको छ । तथापि राउण्ड भिजिटमा डाक्टरहरूले मास्क तथा पञ्जा अनिवार्य रूपमा लगाएको पाइएन । मेडिकल वार्ड तथा ओ.पि.डी मा कयौ स्वास्थ्यकर्मीहरूले मेडिकल मास्क तथा ल्याटेक्स पञ्जासम्म पनि प्रयोग गरेको पाइएन । सर्जिकल वार्डमा पनि सबै स्वास्थ्यकर्मीहरूले मेडिकल मास्क प्रयोग गरेको पाइएन । त्यसको अतिरिक्त केही डाक्टरहरू ओ.टी.मा प्रयोग गरेको गाउन लगाएर ओ.पी.डी. मा जाने गरेको जानकारीमा आएको छ ।

१७.२. ग्राण्डी अस्पतालले तरल साबुन तथा पानीबाट हात धुने एवं डिस्पोजल टावल तथा ड्रायरको व्यवस्थाको अतिरिक्त बिरामीको प्रत्येक बेडमा ह्याण्ड स्यानीटाइजरको व्यवस्था गरेको छ। साथै अस्पताल व्यवस्थापनले हात धुने प्रचलनको दैनिक रूपमा अनुपालनको अनुगमन समेत गरेको छ। अस्पताल व्यवस्थापनले उपलब्ध गराएको तथ्याङ्कअनुसार आइ.सी.यू को सङ्क्रमण दर ६.७ प्रतिशत, सी.सी.यू को सङ्क्रमण दर २.५ प्रतिशत, र समष्टीगत सङ्क्रमण दर ४.० प्रतिशत रहेको छ। तथापि व्यवस्थापनले पर्याप्त सुविधा प्रदान गरे तापनि अनुसूची १ को विवरणअनुसार अस्पतालले गरेको अनुपालनको अनुगमनअनुसार २०१८ देखि २०१९ को अनुगमनको तथ्याङ्को मुल्याङ्कन गर्दा औसतमा ६५ देखि ६८ प्रतिशतले मात्र हात धुने मापदण्ड पुरा गरेको पाइएको छ। सन् २०२० को स्थिति लेखाजोखा गर्दा औसतमा ५९ प्रतिशत ले मात्र अनुपालन गरेको पाइएको छ। औसतमा नर्सहरूको अनुपालन स्थिति करिब स्थिर रहेको छ। डाक्टरहरूको हात धुने प्रचलन २०२० को तथ्याङ्क हेर्दा ५५-६० प्रतिशत मात्र रहेको छ। यसप्रकार व्यवस्थापनले पर्याप्त सुविधा प्रदान गर्दापनि स्वास्थ्यकर्मीहरूको हात धुने संस्कृति प्रतिको मनोबृतिमा उल्लेख परिवर्तन आउनसकेको

छैन । सघन उपचार इकाई जस्तो संवेदनशिल स्थानमा स्वास्थ्यकर्मीहरूको हात धुने प्रचलनमा कमजोर छ भने अन्य वार्डहरू तथा ओ.पी.डी मा यो समस्या अझ बढी हुनसक्ने स्पष्ट देखिन्छ ।

त्यसको साथै सघन उपचार इकाई तथा ओ.टी मा मास्क, गाउन तथा ल्याकटेक्स पञ्जाको प्रयोग तथा अन्य व्यक्तिगत सुरक्षाका साम्रगी प्रयोगलाई चेक लिष्ट बनाएर अनिवार्य गरेको जानकारी अवगत गराएको छ । तथापि आकस्मिक कक्ष, वार्डहरू तथा ओ.पी.डी मा अधिकांश स्वास्थ्यकर्मीहरूले पञ्जा तथा मास्क लगाएको पाइएन । साथै कयौं स्वास्थ्यकर्मीहरूले गाउनसम्म पनि नलगाई ओ.पी.डी.को बिरामी जाँच्ने गरेको पाइयो ।

१७.३. वीर अस्पतालमा ओ.टी तथा सघन्य उपचार इकाई बाहेक सबै वार्डहरूमा हात धुने व्यवस्था नभएको र स्यानिटाइजरको पनि पर्याप्त व्यवस्था नभएकोले स्वास्थ्यकर्मीहरूले हातलाई निर्मलीकरण गरी बिरामी जाँच गरेको तथ्यलाई यकिन गर्न सकिएन । यस सन्दर्भमा अस्पताल व्यवस्थापनले समेत उचित रूपमा अनुगमन गर्ने गरेको पाइएन ।हात धोइ सकेपछि रुमालहरूको निर्मलीकरण गरी पुन प्रयोग गर्ने गरी व्यवस्था गरेको छ । तर डिस्पोजल टिस्यू (कागजको रुमाल) तथा हात धोइ सकेपछि हात सुकाउनको लागि ड्रायरको पनि व्यवस्था गरेको पाइएन । हाल विश्वमा प्राय पुन प्रयोग गर्ने गरी स्वास्थ्यकर्मीलाई रुमाल दिने प्रचलन ज्यादै न्यून रहेको छ ।

त्यस्तै गरी आपत्कालीन इकाई तथा ओ.पि.डी का बिरामीहरूमा सर्म्पकजन्य सङ्क्रमण हुनसक्ने जोखिम रहेको छ । किनकी डाक्टर, नर्स तथा अन्य स्वास्थ्यकर्मीले बिरामी जाँच्नु अघि साबुन पानीले हात धोएर मात्र सर्जिकल पञ्जा प्रयोग गर्नुपर्नेमा गरेको छैन । केही स्वास्थ्यकर्मीले पञ्जाको प्रयोग गरी उपचार वा जाँची सकेपछि हात धुने गरेको पाइएको छ । तथापि यो प्रचलन सबै स्वास्थ्यकर्मीहरूमा भएको पाइएन । हात धुने सन्दर्भमा नर्सको तुलनामा डाक्टरहरू बढी चुक्ने गरेको ब्यहोरा अस्पताल व्यवस्थापनबाट जानकारी हुन आएको छ । यसले गर्दा स्वास्थ्यकर्मीहरूबाट नै बिरामीहरूमा सर्म्पकजन्य सङ्क्रमण (Contact Infections) हुनसक्ने जोखिम उच्च रहेको छ ।

गाउन, पञ्जा तथा मास्कको उपयोग पनिसघन उपचार इकाईहरू तथा ओ.टी.मा मात्र अनिवार्य रूपमा डाक्टरहरूले प्रयोग गरेको जानकारी गराएको छ । तथापि राउण्ड भिजिटमा डाक्टरहरूले मास्क तथा पञ्जा अनिवार्य रूपमा लगाएको पाइएन । मेडिकल वार्ड तथा ओ.पि.डी मा कैयौं स्वास्थ्यकर्मीहरूले मेडिकल मास्क तथा ल्याटेक्स पञ्जासम्म पनि प्रयोगे प्रयोग पाइएन । सर्जिकल वार्डमा पनि सबै स्वास्थ्यकर्मीहरूले मेडिकल मास्क प्रयोग गरेको पाइएन । त्यसको अतिरिक्त केही डाक्टरहरू ओ.टी.मा प्रयोग गरेको गाउन लगाएर ओ.पी.डी. मा जाने गरेको जानकारीमा आएको छ ।

१७.४. स्टार अस्पतालमा तरल साबुन तथा पानीबाट हात धुने र डिस्पोजल टावेल तथा ड्रायरको ब्यवस्था रहेको छ । तर ग्राण्डी अस्पतालमा जस्तै प्रत्येक बिरामीको बेडमा ह्याण्ड स्यानीटाइजरको ब्यवस्था भएको पाइएन । साथै अस्पताल ब्यवस्थापनले स्वास्थ्यकर्मीहरूको हात धुने प्रचलन, ल्याक्टेक्स पञ्जा तथा मेडिकल मास्कको प्रयोगको अनुपालनको स्थिति दैनिक रूपमा अनुगमन गरी सो अनुरूपको तथ्याङ्क तथा प्रतिवेदन तयार गर्ने गरेको छैन । गाउन, पञ्जा तथा मास्कको उपयोग पनि सघन उपचार इकाईहरू तथा ओ.टी.मा मात्र अनिवार्यरूपमा डाक्टरहरूले प्रयोग गरेको जानकारी गराएको छ । तथापि राउण्ड भिजिटमा डाक्टरहरूले मास्क तथा पञ्जा अनिवार्य रूपमा लगाएको पाइएन । मेडिकल वार्ड तथा ओ.पि.डी मा कयौ स्वास्थ्यकर्मीहरूले मेडिकल मास्क तथा ल्याटेक्स पञ्जासम्म पनि प्रयोग गरेको पाइएन । सर्जिकल वार्डमा पनि सबै स्वास्थ्यकर्मीहरूले मेडिकल मास्क प्रयोग गरेको पाइएन ।

यो परिस्थितिले गर्दा स्वास्थ्यकर्मी एवं बिरामी दुबैलाई कन्ट्याक्ट, एयरबोन तथा ड्रपलिटबाट सङ्क्रमण हुनसक्ने उच्च सम्भावना रहेको छ । अस्पतालले वार्ड तथा यूनिटगत सङ्क्रमण दरको अनुगमन गरी त्यसको तथ्याङ्कसम्म पनि राख्नेगरेको छैन । नेपाल सरकारलाई वीर अस्पताल र कान्ती अस्पतालले सङ्क्रमण दर शून्य लेखी प्रतिवेदन गर्ने गरेको स्टार अस्पतालले सङ्क्रमण दरको प्रतिबेदन नै गरेको छैन । मन्त्रालय तथा विभागबाट यससम्बन्धमा अनुगमन गर्नेगरेको छैन ।

यसरी समग्रमा स्वास्थ्यकर्मीहरूले हात धोई हातलाई निर्मलीकरण गर्ने प्रचलनको पालनाको निरीक्षण गरिएको कुनै पनि अस्पतालमा प्रभावकारी भएको पाइएन । निजी अस्पतालको तुलनामा सरकारी अस्पतालमा हात धुने प्रचलन ज्यादै कमजोर रहेको देखिएको छ । तथापि बिरामीको पिप, खकार, रगत तथा रगतजन्य, ड्रेसिङ्ग गरेको गजहरूको तथा स्वाबहरू लगायत अन्य सङ्क्रमित बस्तुहरू पञ्जा लगाएर

मात्र छुने र उपचारपछि पञ्जा निकाली राम्ररी साबुन पानीले हात धुने प्रचलनको अनुसूची २ बमोजिम ६ सूचकको ५ पूर्णाङ्कको आधारमा लेखाजोखा गर्दा ग्राण्डी अस्पताल, स्टार, वीर अस्पताल र कान्ती बाल अस्पतालको औषतमा क्रमश ४.३, ३.३,३ र ३ रहेको छ । रगत तथा शरीरका पिप, कप, च्याल तथा अन्य तरल पदार्थ, फालिएका वा फालिने शरीरका टिस्यू वा अङ्ग एवं सङ्क्रमित वस्तु छोएपछि अनिवार्य रूपमा साबुनले हात धुने प्रचलनको अनुपालनमा अप्रेशन कक्ष तथा आइ.सी.यूमा मात्र बढी केन्द्रित भएको देखिन्छ । अन्यत्र वार्डहरूमा आँशिकरूपमा हुनेगरेको छ ।

निजी अस्पतालको तुलनामा कान्ती बाल अस्पताल तथा वीर अस्पतालको स्थिति कमजोर रहेको छ । यसको मुल कारण सबै वार्ड तथा कक्षहरूमा पर्याप्त मात्रामा हात धुने व्यवस्था तथा ह्याण्ड स्यानीटाइजर समेतको पर्याप्त मात्रामा व्यवस्था नभएको कारण यो प्रभावकारी ढङ्गमा लागू हुन नसकेको व्यहोरा व्यवस्थापनबाट जानकारी भएको छ ।

सुझाउ - नेपाल सरकारले सबै स्वास्थ्य सेवा प्रदायक संस्था तथा शिक्षण अस्पतालहरूलाई हात धुने तरिका वा त्यसको विकल्पमा ह्याण्ड स्यानिटाइजर कसरी र कुन कुन प्रक्रियामा प्रयोग गर्ने त्यसको परीक्षण सहित स्पष्ट निर्देशन दिई अनुगमन गर्नुपर्दछ । मन्त्रालय/विभागले यसको चौमासिक रूपमा अनुपालनको स्थिति तथा वार्डगत इकाईगत सङ्क्रमण दरको अनुगमन गर्ने पात्रो तयार गरी सोअनुरूप कार्यान्वयन गर्ने गराउने व्यवस्था गर्नुपर्दछ ।

प्रतिक्रिया - मन्त्रालयले आगामी आर्थिक वर्षमा कार्ययोजना निर्माण गर्ने जानकारी दिएको छ ।

१८. **सरसफाई -** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४१ मा सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धमा मापदण्ड बनाई लागु गर्नुपर्ने व्यवस्था छ साथै स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १६ मा सरसफाई तथा शौचालय व्यवस्थासम्बन्धी निर्धारित मापदण्डमा अस्पतालको सम्पूर्ण क्षेत्र वार्ड संधै सफा राख्नुपर्ने तथा सबै किसिमका उपचार कक्ष वा क्लिनिकमा शौचालयको व्यवस्था, साबुन पानीको उचित व्यवस्था गर्नुपर्ने गरी निर्धारण गरेको छ । लेखापरीक्षणको दौरान ४ अस्पतालहरूको अवलोकलन गर्दा देहाय बमोजिमको स्थिति रहेको पाइयो ।

१८.१. कान्ती बाल अस्पतालमा सामान्यतया वार्ड र अन्य स्थानको भुई तथा शौचालय दिनको २ पटक सफा गर्ने गरेको छ । तर सघन उपचार वार्डहरूमा दिनको ३ पटकसम्म र ओ.टी.मा अप्रेशन सकिना साथ हुने गरेको छ । हाइवास १-२ महिनामा हुने गरेको छ । तर ओ.टीमा हप्तामा १ पटक हाईवास हुने गरेको छ । ओ.पि.डी तथा समान्य आगन्तुकहरूको शौचालयमा पानीको समेत राम्रो व्यवस्था भएको पाइएन । तथापि बार्ड तथा आकस्मिक कक्षहरूमा बिरामीले लगाउने गाउन तथा बेडहरूको सफाई सन्तोषजनक रहेको पाइएन । बिरामीसंग सोधपुछ गर्दा गाउन तथा बेडसीट दैनिक रूपमा परिर्वतन गर्ने नगरेको व्यहोरा अवगत हुन आएको छ ।

१८.२. ग्राण्डी अस्पतालमा सामान्यतया वार्ड र अन्य स्थानको भुई तथा शौचालय दिनको ३ पटक सफा गर्ने गरेको छ । सघन उपचार बाडंहरूमा दिनको ४ पटकसम्म र ओ.टी. मा अप्रेशन सकिना साथ सफाई हुने गरेको छ । हाइवास १ महिनामा हुने गरेको छ । तर ओ.टीमा हप्तामा १ पटक हाईवास हुने गरेको छ ।

१८.३. वीर अस्पतालमा सामान्यतया वार्ड र अन्य स्थानको भुई तथा शौचालय दिनको २ पटक सफा गर्ने गरेको छ । तर सघन उपचार वार्डहरूमा दिनको ३ पटकसम्म र ओ.टी.मा अप्रेशन सकिना साथ हुने गरेको छ । हाइवास १-२ महिनामा हुने गरेको छ । तर ओ.टीमा हप्तामा १ पटक हाईवास हुने गरेको छ । ओ.पि.डी तथा समान्य आगन्तुकहरूको शौचालयमा पानीको समेत राम्रो व्यवस्था भएको पाइएन । बार्ड तथा आकस्मिक कक्षहरूमा बिरामीले लगाउने गाउन तथा बेडहरूको सफाई सन्तोषजनक रहेको पाइएन । कयौ अवस्थामा बिरामीसँग सोधपुछ गर्दा गाउन तथा बेडसीट दैनिक रूपमा परिर्वतन गर्ने नगरेको व्यहोरा अवगत हुन आएको छ । अस्पतालको आफ्नै ल्याउण्ड्री भए तापनि सफाईलाइ राम्ररी व्यवस्थित गर्नसकेको पाइएन । साथै ल्याउण्ड्री गरी अटोक्लाभ गरेर मात्र पर्दा, तन्ना, सिरानी खोल, गाउनहरू प्रयोग गर्ने व्यहोरा अस्पताल व्यवस्थापनबाट अवगत गराएको छ । विगतमा अटोक्लाभ गरेर त्यसको निसङ्क्रमितको प्रमाणीकरण समेत गर्ने प्रचलन भएको हाल यो व्यवस्था कार्यान्वयनमा नआएको जानकारी प्राप्त हुन आएको छ ।

१८.४. स्टार अस्पतालमा सामान्यतया वार्ड र अन्य स्थानको भुई तथा शौचालय दिनको २ पटक सफा गर्ने गरेको पाईयो । तर, सघन उपचार वार्डहरू दिनको ३ पटकसम्म र ओ.टी.मा अप्रेशन सकिना साथ हुने गरेको छ । हाइवास १ महिनामा हुने गरेको छ । तर ओ.टीमा हप्तामा १ पटक हाईवास हुने गरेको छ ।

उपर्युक्त स्थितिको बिश्लेषण गर्दा सरकारी अस्पतालहरूले पर्याप्त मात्रामा सबै वार्डहरूको सफाईमा ध्यान पुऱ्याउन सकेको छैन । ओ.टी.तथा आइ.सी.यू मा यथासक्य उपयुक्त ढङ्गमा सफाई गर्ने गरी व्यवस्था गरेको छ । अन्य वार्डहरूमा दिनको २ देखि ३ पटकसम्म सफाई गर्ने गरेको छ । तथापि सफाई गर्ने कर्मचारीहरूले बिहान सफा गरिसकेपछि फर्केर नआउने जस्ता समस्याले गर्दा सफाई व्यवस्थापन अपेक्षित रूपमा सन्तोषजनक हुनसकेको छैन । साथै हाइवास वा डिप वास गर्ने प्रचलनमा निजी एवं सरकारी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको लामो समयपछि मात्र गर्ने प्रचलन त्यति प्रभावकारी मान्न सकिएन । सरकारी अस्पतालहरूमा ओ.पि.डी का बिरामीहरू तथा अन्य आगन्तुकहरूको शौचालय दिनको १ देखि २ पटकसम्म मात्र सफा गर्ने गरेको छ । साथै सफाईको लागि चाहिने हाइड्रोक्लोराइड तथा फिनेलको मात्रा मिलाएर सफाई गर्ने गरेको पाइएन । कान्ती बाल अस्पतालमा फिनेलसम्म पनि उपयुक्त मात्रामा मिलाएर सफाइ गर्ने गरेको छैन । जसले गर्दा शौचालयहरूको सरसफाई अवस्था सन्तोषजनक देखिदैन । त्यसको अतिरिक्त तरल पदार्थबाट सफाई गरिसके पनि त्यसलाई सुकाउन ड्राइ टावेल प्रयोग गरी पुछ्ने गरेको छैन ।

सुझाउ - अस्पताल व्यवस्थापनले सरसफाईलाई उच्च महत्व दिई विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुशरण गर्नुपर्दछ । साथै लाउण्ड्री सेवा अन्तर्गत लत्ता कपडाको निसङ्क्रमित रहेको प्रमाणिकरण गर्ने समेत व्यवस्था हुनपर्दछ ।

प्रतिक्रिया - मन्त्रालयले नँया एकीकृत WASH and HCWM guideline लागु हुने अवस्थामा रहेको जानकारी गराएको छ ।

१९. **फोहोरमैला व्यवस्थापन -** स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १६(१) को (छ) अनुसार जोखिमपूर्ण फोहोर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था साथै फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली २०७० बमोजिम फोहोर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार मिलाउनुपर्ने व्यवस्था छ। साथै फोहोरमैला ब्यवस्थापनको लागि विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार कुहिने सामान्य फोहोरका लागि हरियो रङ्गको बाकस, नकुहिने सामान्य फोहोरका लागि नीलो रङ्गको बाकस, जोखिमयुक्त फोहोरका लागि (सङ्क्रमित, प्याथोलोजिकल, धारिलो, औषधीजन्य तथा साइटोटोक्सिक) रातो रङ्गको बाकस, जोखिमयुक्त रसायनिक फोहोरका लागि पहेंलो रङ्गको बाकस, जोखिमयुक्त रेडियोधर्मी फोहोरका लागि कालो रङ्गको बाकसमा फ्याक्ने व्यवस्थागर्नुपर्ने हुन्छ ।

१९.१. लेखापरीक्षणको दौरान अवलोकन गरिएका ४ वटै अस्पतालले माथि उल्लिखित प्रावधान अनुरूप फोहोर फ्याक्ने व्यवस्था गरेको पाईयो । तीमध्ये अति सङ्क्रमण हुनसक्ने रातो बाल्टीन वार्डहरूको नर्सिङ्ग स्टेशनमा र अन्य ४ प्रकारको बाकस वार्डहरू तथा अन्य स्थानहरूमा राखेको पाइयो । अनुसुची ३ मा ५ सूचकको व्यस्थापन र सन्तुष्टी को विवरणअनुसार फोहोर फाल्ने तथा बिर्सजनको लेखाजोखा गर्दा ग्राण्डी अस्पताल, स्टार अस्पताल, वीर अस्पताल र कान्ती बाल अस्पतालको औषत सन्तुष्टी अँक कुल ५ पूर्णाङ्कमा क्रमश: ४.६, ३.६, ३.२ र ३.२ रहेको छ । कान्ती तथा वीर अस्पतालले रातो बाकसमा सर्जिकल पञ्जाहरू तथा अन्य बायो मेडिकल फोहोर राख्ने गरे तापनि १ प्रतिशत हाइड्रोक्लोराइड सहित रासायनिक प्रक्रिया गरी (Hydrochloride) डुबाएर राख्नुपर्नेमा राखेको पाइएन । यस सन्दर्भमा कान्ती बाल अस्पताल व्यवस्थापनले ६ महिनादेखि हाइड्रोक्लोराइड माग गरेकोमा हालसम्म पनि उपलब्ध हुन नसकेको व्यहोरा अवगत गराएको छ । वीर अस्पतालले कहिले काँही स्टक नहुँदा त्यसै राख्नुपर्ने व्यहोरा अवगत गराएको छ । साथै रातो बाकसमा ढक्कन हुनुपर्नेमा यी अस्पतालहरूमा ढक्कन भएको पाइएन ।

त्यसको अतिरिक्त वार्डहरूमा रहेको बक्साहरूमा तोकेबमोजिम फोहोर फ्याक्ने नगरेको र समयमा फोहोर नउठाइएको स्थिति पाइयो । यस सन्दर्भमा डाकेपछि सङ्कलन गर्न आउने गरेको व्यहोरा अवगत गराइयो । फोहोर व्यवस्थापनको लेखाजोखा गर्न अस्पताल ब्यवस्थापनलाई अनुसूची ३.१ र ३.२ बमोजिम १० सूचकमा स्वमूल्याङ्कन गर्न लगाउँदा जोखिमयुक्त फोहोरको लागि उपयुक्त प्रविधि र सङ्क्रमित फोहोरलाई निसङ्क्रमित गर्ने प्रचलन ग्राण्डी अस्पताल, वीर अस्पताल र स्टार अस्पतालमा सन्तुष्ट रहेको देखियो भने कान्ती बाल अस्पतालमा सन्तुष्टी नभएको पाईयो । साथै मरकरीमा आधारीत उपकरणको सट्टा

डिजिटल प्रविधिको प्रयोगमा कान्ती बाल, ग्राण्डी अस्पताल र स्टार अस्पताल सन्तुष्ट रहेको पाईयो भने वीर अस्पताल केही हदसम्म मात्र सन्तुष्ट देखियो । स्यानीटरी ईकाईको स्थापना कान्ती बाल अस्पताल र वीर अस्पतालमा छ स्टार अस्पतालमा छैन भने ग्राण्डीमा केही हदसम्म रहेको देखियो । जोखीमयुक्त फोहोरको गहन अनुगमन ग्राण्डी अस्पतालमा भएको, वीर अस्पताल र स्टार अस्पतालमा केही हदसम्म मात्र रहेको छ भने कान्ती बाल अस्पतालमा हुने गरेको छैन । सवै अस्पतालमा छुट्याईएको फोहोर लैजान प्रयोग गरेको सामान अन्य प्रयोजनमा प्रयोग नगरेको अवस्था छ ।

जोखीमयुक्त फोहोर भण्डारणका लागि छुट्टै कोठाको व्यवस्था वीर अस्पतालमा रहेको छ भने कान्ती बाल अस्पताल, ग्राण्डी अस्पताल मा व्यवस्था छैन । स्टार अस्पतालमा केही हदसम्म रहेको जनाएको छ । डिप क्लिनिङ्ग हाईवास र भुंई सफाई सवै अस्पतालमा गर्ने गरेको देखियो । साथै फोहोरको व्यवस्थापन, सफाई, सङ्कलन तथा ट्रान्सफरमा संग्लन कर्मचारीहरूले पिपिई अनिवार्य रूपमा लगाउने व्यवस्था तथा निर्देशन दिने व्यवस्था कान्ती बाल अस्पतालमा भएको देखिएन भने ग्राण्डी, वीर र स्टार अस्पतालमा केही हदसम्म रहेको देखियो । यसरी स्वमुल्याङ्कनको आधारमा कान्ती बाल अस्पताल फोहोरमैला व्यवस्थापन ज्यादै कमजोर रहेको देखिन्छ ।

१९.२. विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरूप नेपाल सरकारलेस्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनसम्बन्धी मापदण्ड तथा कार्यविधि २०७६ तयार गरी दिएको छ । तर अधिकांश सरकारी अस्पतालहरूले सो मादण्ड तथा कार्यविधि अनुरूप कार्य गरेकाछैनन । उदाहरणको लागि प्याथोलोजीले प्रयोग गरेका केमिकल तथा जाँचिएको रगत, दिशा, पिसाब, खकार जस्ता सङ्क्रमणयुक्त फोहोरहरू र बिरामीले प्रयोग गर्ने गरेको शौचालयहरूको फोहोर पनि सिधै ढलमा मिसाउने गरेको छ । साथै यस सन्दर्भ प्रशोधन ल्याण्ट नभएकोले सिधै मिसाउनुपर्ने बाध्यता भएको व्यहोरा अवगत गराएको छ । ग्राण्डी अस्पतालको आफ्नै प्रशोधन केन्द्र छ र त्यसबाट प्रशोधित पानी करेसा बारी तथा नदीमा पठाउने गरेको छ । प्रशोधित ठोस पदार्थहरू मलको रूपमा प्रयोग गर्ने गरेको छ ।

अवलोकन गरिएका ४ अस्पतालले सङ्क्रमणयुक्त फोहोरहरू बिसर्जन गर्दा तिखा धारिला फोहोर कान्ती बाल अस्पताल वीर अस्पताल र स्टार अस्पतालले अटोक्लाभ गरी स्टोरमा दिएपछि फोहोर बिर्सजनकर्ताले लिएर जाने गरको जनाएको छ भने ग्राण्डी अस्पतालमा अटोक्लाभ गरी टुक्रा पारी गहिरो खाल्डोमा गाड्ने गरेको छ । मानब शरीरका भागहरू (antomical parts तथा animcal carcasses), किमोथेरापीका अवशेष वा प्रयोग गर्ने समय नाघेको, प्रयोगशालाको बिषादीयुक्त केमिकल, बिरामीको ननप्लाष्टीक तथा क्लोरिनेट नगरेको प्लाष्टीकहरू कान्ती बाल अस्पतालमा वार्डमा नै छुट्याई पछि खाल्डोमा गाड्ने गरेको, ग्राण्डी अस्पतालमा इन्सीनिरेट गर्ने गरेको, वीर अस्पतालमा अटोक्लाभ गरी गाड्ने गरेको र स्टार अस्पतालमा ट्यूब स्टरिलाइजेसन गरी खाल्डोमा गाडने गरेको जनाएको छ । क्लोरिनेटेड प्लाष्टीक, अस्थिर बिषाक्त फोहोर (volatile toxix waste), सङ्क्रमित गैर प्लाष्टिक बस्तुहरू जस्मा रगत, शरीरको पिप, खकार, जमेको रगत, वीर्य, उत्सजर्न (Excretions) तथा प्रयोगशालाका फोहोरहरू कान्ती बाल अस्पतालमा तरल पदार्थ ढलमा जाने गरी बिर्सजन गर्ने र अन्य गाडने गरेको, ग्राण्डी अस्पतालमा इन्सीनिरेट गर्ने गरेको, वीर अस्पतालमा ट्रिटमेण्ट प्लाण्ट नभएको हुंदा तरल पदार्थ ढलमा पठाउने र ठोस पदार्थ प्लासेन्टा खाल्डोमा (placenta pit) गाडने गरेकोसाथै स्टार अस्पतालमा १ प्रतिशत हाइड्रोक्लोराइडमा डुबाएर प्लासेन्टा खाल्डो (placenta pit) मा गाड्ने गरेको जनाएको छ ।

यसप्रकार स्पष्ट हुन्छ कि सङ्क्रमित फोहोरको बिर्सजन गर्ने बिधिमा पनि बिबिधता रहेको छ । तथापि नेपाल सरकारको स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनसम्बन्धी मापदण्ड तथा कार्यबिधी २०७६ ले दिएका बिर्सजन गर्ने बिधिहरूको बिकल्प ग्राण्डी तथा स्टार अस्पतालले आफ्नो भौतिक पूर्वाधार तथा उपलव्ध प्रविधिको प्रयोग गरी बिर्सजन गर्ने गरेको छ । तर सरकारी अस्पतालहरूमा फोहोरमैला व्यवस्थापन तथा सरसफाई प्रति अस्पताल ब्यस्थापन त्यति गम्भीर भएको पाइएन । यसले गर्दा प्रत्यक्ष रूपमा बिरामी तथा स्वास्थ्यकर्मीहरूलाई असर गर्नुका साथै बिरामीको आगन्तुकहरूलाई समेत सङ्क्रमण गर्न सक्दछ । तथापि वीर अस्पतालले निसङ्क्रमण गरी पुन प्रयोग गर्नसक्ने फोहोरबाट विभिन्न सामानहरू तयार गरी विक्री गर्ने गरेको छ । जसबाट वार्षिक रु.३ लाख जति आम्दानी समेत भएको छ ।

सुझाउ - नेपाल सरकारले विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरूप तयार पारेको स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापनसम्बन्धी मापदण्ड तथा कार्यबिधी, २०७६ तथा Health Care Waste Management

Standards and Operating Procedures, 2019, Ministry of Health/GoN प्रत्येक स्वास्थ्य सेवा प्रदायक संस्था तथा शिक्षण अस्पतालहरूमा कार्यान्वयनमा ल्याउन समय सीमा सहित नेपाल सरकारले निर्देशन जारी गर्ने, मन्त्रालय/विभागबाट यसको कम्तिमा चौमासिक रूपमा अनुगमन गर्ने, आकस्मिक निरीक्षण समेत गर्ने प्रचलन कार्यान्वयनमा ल्याउने र न्यूनतम मापदण्ड पनि पुरा नगर्ने संस्थालाई दण्डीत गर्नुपर्दछ ।

प्रतिक्रिया - मन्त्रालयले एकीकृत खानेपानी सरसफाई तथा व्यक्तिगत सुरक्षा एवं WASH and HCWM निर्देशिका लागु हुने क्रममा रहेको जानकारी गराएको छ।

२०. **आकस्मिक सेवा -** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४ मा आकस्मिक उपचार सम्बन्धमा व्यवस्था छ । साथै स्वास्थ्य संस्थ स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० दफा १६ (२) मा आकस्मिक सेवाको पूर्वाधारसम्बन्धी मापदण्ड तोकेको छ । नेपाल सरकारले २०७०/९/२१ मा स्वीकृत गरेको स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिकामा कुल शैया क्षमताको कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरूउपलब्ध हुनुपर्नेछ । सोमध्ये अति सिकिस्त बिरामीको लागि कुल शैयाको एक प्रतिशत, सिकिस्त बिरामीको लागि कुल शैयाको दुई प्रतिशत, सामान्य बिरामीको लागि कुल शैयाको तीन प्रतिशत, मृत्यु भईसकेका बिरामीलाई राख्ने कुल शैयाको एक प्रतिशत र अब्जरभेशनको लागि कुल शैयाको तीन प्रतिशत हुनुपर्नेछ । आकस्मिक कक्षमा अल्ट्रासाउण्ड, एक्सरे इमेजिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वार्डहरूमा समेत सजिलै बिरामी ल्याउन लैजान सकिने (व्हिलचेर /ट्रली ,स्टेचर) गरी सञ्चालनमा ल्याएको हुनुपर्ने व्यवस्था छ । आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, चेन्जिङ्ग रुम, गोपनियता सुनिश्चित हुनेकोठाको समेत व्यवस्था भएको हुनु पर्नेछ । पच्चिस शैया क्षमताका अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनकलमा उपलब्ध हुने व्यवस्था हुनुपर्नेछ । साथै पच्चीस शैया वा सो भन्दा माथिको क्षमता भएका अस्पतालहरूमा आकस्मिक सेवा कक्षमा चौबीसै घण्टा चिकित्सक सेवा उपलब्ध हुनुका साथै सम्बधित बिषयको कन्सल्ट्याण्ट चिकित्सक अनकलमा अनिवार्य रूपमा उपलब्ध हुनुपर्नेछ ।आकस्मिक विभागबाट बिरामी भर्ना गर्न, रेफर गर्ने बिरामीको रेफरल प्रकृया तथा बिरामी सार्ने पद्धति स्पष्टरूपमा परिभाषित रहेको हुनुपर्नेछ ।

अस्पतालहरूको आकस्मिक सेवा प्राप्त गर्ने बिरामी संख्या अध्ययन गर्दा २०७५।७६ मा वीर अस्पतालमा ५६ हजार ८४०, ग्राण्डीमा ७ हजार ७२७, कान्तीबालमा ५५ हजार ५१४ र स्टार अस्पतामा ३ हजार ९५४ बिरामीले सेवा लिएको पाईयो । यसरी सबभन्दा बढी वीर अस्पताल तथा कान्ती बाल अस्पतालमा रहेको छ । यसबाट स्पष्ट हुन्छ कि आकस्मिक सेवाको चाप निजी अस्पतालमाभन्दा बढी सरकारी अस्पतालमा रहेको छ । त्यसको मुल कारण निजी अस्पतालको खर्चको हिसाबले बढी व्ययभार पर्ने प्रमुख कारण रहेको छ । त्यसको अतिरिक्त सरकारी अस्पतालहरूमा क्षमताले धान्न नसकिने तथा वार्डहरूमा बेड खाली नभएको अबस्थामा अलि खर्च व्यहोर्न सक्ने क्षमता भएको बिरामीलाई निजी अस्पतालमा रेफर गरेको हुन्छ ।

विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार आकस्मिक केशहरूको अनुगमन परीक्षण सूची सहित प्रत्येक घण्टाको स्थितिअनुसार बिरामीको अनुगमन गरी सो अनुरूप व्यवस्थापन प्राय कुनै पनि अस्पतालले गरेको पाइएन । आकस्मिक सेवामा बढी चाप भएको कारण केही केशहरू मुल्तबीमा (Pending) रहेको हुन्छ । स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिकामा उल्लिखित सूचकहरूको आधारमा आकस्मिक सेवाको न्यूनतम आवश्यकताहरू विशेषज्ञ सहितको टोलीले लेखापरीक्षणको दौरानमा ४ अस्पतालको अबलोकन गरी मुल्याङ्कन गर्दा देहायबमोजिमको अङ्क प्राप्त गरेको छ :

आकस्मिक सेवा					
मापदण्ड	पूर्णाङ्क	वीर अस्पताल	कान्ती बाल अस्पताल	ग्राण्डी अस्पताल	स्टार अस्पताल
कोड २.३ स्टाण्डर्ड	३	०	१	३	३
अनुसूची २.३ ए	३	०	०	३	१
अनुसूची २.३ बी	३	२	१	३	३

अनुसूची २.३ सी	३	२	३	३	३
जम्मा	१२	४	५	१२	१०
प्रतिशत प्रतिशत		३३.३३	४१.६७	१००.००	८३.३३

उपर्युक्त तालिकाअनुसार वीर अस्पतालको आकस्मिक सेवा सबभन्दा कमजोर रहेको देखिन आएको छ । चार अस्पताल मध्ये ग्राण्डी अस्पताल सेवा सबभन्दा राम्रो भएको देखिएको छ । मुल्याङ्कनबाट देखिएका व्यहोराबमोजिम आकस्मिक सेवाको स्थिति देहायबमोजिम टिप्पणी गरिएको छ ।

२०.१. कान्ती बाल अस्पतालमा बिरामीको चाप बढी भएर थप बेड राखेर उपचार गरिन्छ । साथै एउटै बेडमामा २/३ बिरामी बच्चालाई जाँच्ने गरेको छ । दिनको ३-४ केश पेन्डीङ्ग रहन्छ । आइ.सी.यू तथा जनरल बेडसम्म पनि खाली हुँदैन । आई.सी.यू मा थप १६ बेड बढाउनसक्नेमा बजेट तथा सामाग्रीको अभाबले बढाउन सकेको छैन । सरकारी अस्पतालहरूमा बिरामीको चाप बढी रहेको कारण एउटा बेड बाट अर्को बेडको दूरी कायम राख्नसकिएको छैन ।

आकस्मिक कक्षको ल्याब सेवा र रेडियोलोजीको सुविधा राखेको छ । तर मेशीन विग्रेको अवस्थामा र धेरै चापको समयमा यस्ता सेवा पनि बाहिर रेफर गर्ने गरेको छ । यसले एकातर्फ बिरामीलाइ अनाहकमा बढी व्यभार हुने साथै अस्पताल कै आम्दानीमा समेत यस्तो प्रचलनले असर पुऱ्याएको छ ।आकस्मिक कक्षको इन्क्यूबेटर, भेन्टीलेटर, मोनिटोरिङ्ग मेशीनको अबस्था पनि दैनिक रूपमा जाँच गरी त्यसको अबस्था हेरी सोअनुरूप व्यवस्था मिलाउनसकेको छैन । कमजोर पूर्वाधार, सेवा दिनेहरूको न्यून संख्या, पानीको स्रोतको अपर्याप्ता, शौचालय तथा हात धुने ठाँउको व्यवस्था पर्याप्त छैन ।

२०.२. ग्राण्डी अस्पतालमा पेण्डीङ्ग केश हुँदैन । भर्ना गर्नुपर्नेलाइ भर्ना गरी वार्डमा सिफ्ट गर्ने गरेको छ । साथै आएको बिरामीलाई उपचार गर्ने लक्ष्य रहेकोले उपचार गरिन्छ । तथापि निजी क्षेत्रको यस सेवालाई निशुल्क गरेको छैन र औषधी तथा टेष्टहरूको रकम बिरामीले नै बहन गर्नुपर्दछ । सामान्यता, सरकारी अस्पतालको दाँजोमा निजी क्षेत्रको यो सेवा महँगो रहेको छ । सरकारको नीति पनि यस्ता सेवाको शुल्क निर्धारण र अनुदानको व्यवस्था प्रति मौन रहेको देखिन्छ ।

२०.३. वीर अस्पताल औसतमा आकस्मिक वार्डको २५-३० प्रतिशत केश पेन्डीङ्ग रहन्छ । आइं.सी.यू. को क्षमता २३ बेडमात्र रहेको छ । बार्डमा पनि प्राय बेड खाली हुँदैन । सरकारी अस्पतालहरूमा बिरामीको चाप बढी रहेको कारण एउटा बेडबाट अर्को बेडको दूरी कायम राख्न सकिएको छैन । कमजोर पूर्वाधार, सेवा दिनेहरूको न्यून संख्या, पानीको स्रोतको अपर्याप्ता, शौचालय तथा हात धुने ठाँउको व्यवस्था पर्याप्त छैन । अति गरिब र गरिब बिरामीहरू अन्यत्र रेफर गर्दा पनि जान मान्दैनन । यो जटिल समस्या रहेको छ ।

यसले गर्दा आकस्मिक सेवा लिन आएकामध्ये कति वार्ड तथा आइ.सी.यू मा सिफ्ट गरी भर्ना गरियो, कति बाह्य रेफर भयो तथा कति उपचार पछि घर फर्के, त्यसको डाटावेश नै छैन । आकस्मिक कक्षको ल्याब सेवा र रेडियोलोजीको सुविधा राखेको छ । तर मेशीन विग्रेको अबस्थामा र धेरै चापको समयमा यस्ता सेवा पनि बाहिर रेफर गर्ने गरेको छ । त्यसको अतिरिक्त एक्सरे मेशीन पुरानो मोडेल भएको कारण तत्काल सेवा उपलब्ध नहुने कारणले पनि बिरामीका आफन्तले बाहिरबाट यस्तो सेवा लिने गर्ने गरेको पाइयो । यसले एकातर्फ बिरामीलाइ अनाहकमा बढी व्ययभार हुने साथै अस्पताल कै आम्दानीमा समेत यस्तो प्रचलनले असर पुऱ्याएको छ । त्यसको अतिरिक्त बिरामीले पाउनु पर्ने अत्यावश्यक औषधीहरू पनि बिरामीको चापअनुसार व्यवस्था गर्न सकेको छैन । कयौ अबस्थामा बाहिरबाट खरिद गरि ल्याउन बिरामीका आफन्तहरू बाध्य भई थप व्ययभार बहन गर्नु पर्ने अबस्थामा छ ।

२०.४. स्टार अस्पतालमा पेण्डीङ्ग केश छैनन । भर्ना गर्नुपर्नेलाइ भर्ना गरी वार्डमा सिफट गर्ने गरेको छ । यस अस्पतालमा नभएका केही सेवाहरू बहिर रेफर गरिन्छ । तथापि निजी क्षेत्रको यस सेवालाई निशुल्क गरेको छैन र औषधी तथा टेष्टहरूको रकम बिरामीले नै बहन गर्नुपर्दछ । सामान्यता, सरकारी अस्पतालको दाँजोमा निजी क्षेत्रको यो सेवा महँगो पर्दछ । सरकारको नीतिले पनि यस्ता सेवाको शुल्क निर्धारण र अनुदानको व्यवस्था प्रति मौन रहेको देखिन्छ ।

सुझाउ - अवस्थालाई निराकरण गर्न हाल प्राय जसो राष्ट्रियस्तरका सरकारी अस्पतालहरूमा आकस्मिक सेवामा बिरामीको बढी चाप हुने भएको यसको पूर्वाधार तथास्तरको क्षमता बढाउन पहल गर्नुपर्दछ ।

सरकारी अस्पताल व्यवस्थापनले आकस्मिक सेवा कक्षको लागि रातीको समयमा समेत डेडिकेटेड डाक्टरको व्यवस्था गर्नपर्दछ । दैनिक अनुगमन गरी बिरामीको अनुमानित चाप भन्दा करीब २० प्रतिशत थप गरेर औषधी तथा अन्य साम्रगीहरूको व्यवस्था गर्नुपर्दछ । सरकारी अस्पताल व्यवस्थापनले आकस्मिक सेवा कक्षमा थप शौचालय तथा हात धुने पानीको व्यवस्था गर्नुपर्दछ । साथै बिरामीको बेड तथा गाउन सफाईमा विशेष ध्यान पुऱ्याई सङ्क्रमणको रोकथाम तथा नियन्त्रण गर्नमा जोड दिनुपर्दछ । निजी अस्पतालहरूले कर्पोरेट जिम्मेवारी (Corporate Responsibility) अन्तर्गत आकस्मिक सेवामा गरिबहरूलाई बिशेष राहत वा छुट दिने व्यवस्था गर्नुपर्दछ । साथै आकस्मिक सेवामा प्रयोग गरेका औषधी तथा स्वास्थ्यसम्बन्धी सामानहरूमा सहुलियता प्रदान गर्नुपर्दछ ।

प्रतिक्रिया - मन्त्रालयले वार्षिक अनुगमन कार्ययोजना तयार गरेको साथै निर्देशिका २०७० परिमार्जन स्वीकृतिको लागि प्रस्ताव तयार भइरहेको जानकारी गराएको छ ।

२१. **गुणस्तरीय सेवा -** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ७ मा नेपाल सरकारले प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । अस्पतालमा स्वास्थ्य सेवाको गुणस्तरियता सम्बन्धमा नियमित अनुगमन गरिनुपर्ने, भर्ना भएका बिरामीहरूमध्ये पुरा निको भई डिस्र्जाच हुनेको बढी अनुपात र मृत्यु हुने बिरामीको अनुपात कम हुनुपर्ने, डाक्टरको स्वीकृत बेगर अस्पताल छोडेर जाने बिरामीको अनुपात न्युन हुनुपर्ने र रेफरल केशहरू न्युन रहनुपर्ने सम्बन्धमा मूल्यांकन गर्दा देहाय बमोजिम रहेको पाइयो:

२१.१. **दैनिक अनुगमन -** हेरचारको गुणस्तर कायम राख्न विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार प्रत्येक अस्पतालले दैनिक रूपमा परीक्षण सूची बनाएर प्रत्येक वार्डको बेडको स्थिति (डिस्चार्ज हुने बिरामी सहित), सघन उपचार इकाईहरूको अबस्था, आकस्मिक कक्षको, लगायत मेशीन तथा उपकरणहरूको स्थिति, अत्याव्श्यक औषधीको स्टक, अक्सीजन, चिकित्सक सामानहरूको निर्मलीकरण, एम्बुलेन्स सहित यातायात साधानको स्थिति, प्याथोलिजी तथा ल्याब र रेडियोलोजी इकाईहरूको स्थिति अनुगमन गर्न पर्दछ र सो अनुगमनको आधारमा अस्पतालको व्यवस्थापन आगामी २४ घण्टासम्मको लागि गर्नुपर्दछ । लेखापरीक्षणको दौरान ४ अस्पतालको परीक्षण गर्दा देहाय बमोजिमको स्थिति रहेको छ:

- कान्ती बाल अस्पतालले दैनिक बिहान अनुगमन गर्ने गरेको छ, तर परीक्षण सूची सहित अनुगमन गर्ने गरेको पाइएन । साथै त्यसको अभिलेख राख्ने गरेको पाइएन । साथै अनुगमन गरेको भए तापनि आकस्मिक कक्षमा अत्यावश्यक औषधी, तथा सङ्क्रमण रोकथाम र नियन्त्रणको व्यवस्था उपयुक्त रहेको पाइएन । साथै बिरामीको अनुपात नर्स तथा डाक्टरको व्यवस्था भएको पाइएन । अनुगमनबाट देखिएको स्थितिअनुसार सम्बन्धित सबै वार्ड तथा यूनिटहरूलाई निर्देशन दिने गरेको पाइएन ।प्रभावकारी अनुगमनको अभावमा अस्पतालको बेडको स्थिति, उपकरण तथा सामानहरूको स्थिति समेत आंकलन गर्न सकेको छैन ।

- ग्राण्डी अस्पतालले दैनिक बिहान खाली बेड र खाली हुने बेड, औषधीको उपलब्धता, मेशीनको अबस्था तथा सफाई आदि अनुगमन गर्ने गरेको छ, र त्यसको अभिलेख राखी सबै वार्डहरूमा जानकारी समेत दिने गरेको पाइयो । तर विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार परीक्षण सूची अनुरूप अनुगमन गर्ने गरेको छैन । यस सन्दर्भमा अस्पताल व्यवस्थापनले चांडो तयार गरी कार्यान्वयनमा ल्याउने जानकारी गराएको छ ।

- वीर अस्पतालले केही हदसम्म दैनिक अनुगमन गर्ने गरेको व्यहोरा अस्पताल व्यवस्थापनले जानकारी गराए तापनि चेक लिष्ट तयार गरी सो अनुरूप गर्ने गरेको पाइएन । साथै त्यसको अभिलेख राख्ने गरेको पाइएन । साथै अनुगमन गरेको भए तापनि आकस्मिक कक्षमा अत्यावश्यक औषधी, तथा सङ्क्रमण रोकथाम र नियन्त्रणको व्यवस्था सन्तोषजनक पाइएन । साथै बिरामीको अनुपातमा नर्स तथा डाक्टरको व्यवस्था भएको पाइएन । आकस्मिक कक्षमा प्यारा मेडिक्स तथा बिद्यार्थिहरू समेत प्रयोग गरेको छ । अनुगमनबाट देखिएको स्थितिअनुसार सम्बन्धित सबै वार्ड तथा यूनिटहरूलाई निर्देशन दिने गरेको पाइएन । अस्पतालको बेडको स्थिति, उपकरण तथा सामानहरूको अव्स्था जानकारी हुने गरेको देखिएन ।

- स्टार अस्पतालले दैनिक अनुगमन गर्ने गर्नुको अतिरिक्त प्रत्येक सोमवार रणनैतिक कमिटीको सदस्य सहित प्रशासनिक निरीक्षण समेत हुने गरेको छ । तथापि अस्पताल व्यवस्थापनले विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार अनुगमन परीक्षण सूची तयार गरी अनुगमन गर्ने गरेको छैन र यसको डाटावेश पनि छैन । सीमित बिरामीहरूको चापले गर्दा अत्यावश्यक औषधी तथा अन्य सामानहरू आपूर्तिमा त्यति समस्या नआए तापनि प्रत्येक वार्ड तथा यूनिटलाई निर्देशन दिने कार्य हुन सकेको छैन । यस सन्दर्भमा व्यवस्थापन चाडोभन्दा चाडो परीक्षण सूची तयार गरी सोअनुरूप कार्यान्वयन गर्ने जानकारी दिएको छ ।

सुझाउ - सरकारी तथा निजी अस्पतालको अनुगमन व्यवस्था विश्व स्वास्थ्य संगठनको दिग्दर्शनमा उल्लेख भएअनुसार पर्याप्त देखिएन तर्सथ दिग्दर्शनको व्यवस्थाअनुसार अनुगमन परीक्षण सूचीको आधारमा आ आफ्नो अस्पतालमा भएका सेवाहरूको दैनिक अनुगमन परीक्षण सूची तयार गरी यथाशीघ्र कार्यान्वयनमा ल्याउन पर्दछ । अनुगमनको अभिलेखन र सोको आधारमा अस्पताल व्यवस्थापन गर्नु जरुरी छ । साथै मन्त्रालय/विभागले यसको अनुपालन तथा प्रगति अनुगमन गरी चौमासिक रूपमा समीक्षा गर्ने प्रचलनको थालनी गर्नु पर्दछ ।

प्रतिक्रिया - मन्त्रालयले २०७७।७८ बाट दैनिक अुनगमन परीक्षण सूची तयार गरी कार्यान्वयनमा ल्याइने जानकारी गराएको छ ।

२१.२. **अनुमति बिना अस्पताल छोडने बिरामी -** डाक्टरको सल्लाह बेगर वा अस्पतालको प्रक्रिया बिना वा डिस्चार्ज सिट लिइ वा नलिई अस्पताल छोडनुको मुलत कारणमा बिरामीले निको नहुने अवस्था भएको महशुस भएमा वा शुल्क तिर्न नसक्ने अवस्थामा वा डाक्टरले ठिक तरिकाबाट उपचार नगरी बिरामीको बसाई लम्बाउन खोजेको अवस्था रहेमा यो अवस्थासिर्जना हुने गर्दछ । देहायका अस्पतालहरूमा डाक्टरको अनुमति बेगर अस्पताल छोडेर जाने बिरामीको संख्या निम्न बमोजिम रहेको छ:

आर्थिक बर्ष	वीर अस्पताल	ग्राण्डी अस्पताल	कान्ती बाल अस्पताल	स्टार अस्पताल
२०७२/७३	१७१	१३६		माग गरेकोमा प्राप्त नभएका
२०७३/७४	१४२	२४२	३५६	
२०७४/७५	१४४	५६७	५५२	
२०७५/७६	१११	५५६	४११	
बार्षिक औसत	१४२	३७५.२५	४३९.६७	

उपर्युक्त तालिकाअनुसार औसतमा सबभन्दा बढी अनुमति बेगर अस्पताल छोडेर जाने बिरामीको संख्या कान्ती बाल अस्पतालको सबैभन्दा बढ़ी रहेको छ र सबभन्दा घटी वीर अस्पतालको रहेको छ । निजी अस्पताल ग्राण्डीमा पनि औसतमा प्रतिर्व्ष ३७५ बिरामी अस्पताल छोडेर गएको छ । स्टार अस्पतालबाट यससम्बन्धी सुचना उपलब्ध भएन । सामान्यतया यसरी अनुमति बेगर अस्पताल छोडेर जानेको संख्या एक प्रतिशतभन्दा बढी हुन नहुने मान्यता छ । सो आधारमा वीर अस्पतालको अनुमती बिना अस्पताल छाडने अनुपात ०.८६ प्रतिशत मापदण्ड भित्रै रहेको छ । तर ग्राण्डी अस्पताल र स्टार अस्पतालमा यस्तो दर क्रमश ६.२६ र ४.१२ प्रतिशत रहेको छ जुन अधिक देखिन्छ । निजी अस्पतालमा सो दर बढी हुनुमा शुल्क लगायतको कारणलाई लिन सकिन्छ ।

बिरामीको औसत बसाईले समेत बिरामीको उपचारको गुणस्तरलाई इङ्गित गर्दछ । औषत बसाईको लेखाजोखा गर्दा सबभन्दा कम औसत बसाई ग्राण्डी अस्पतालको ५ दिन रहेको छ भने सबभन्दा बढी कान्ती बाल अस्पतालको ९ दिन रहेको छ । निजी अस्पतातको हकमा बिरामीका आफन्तले खर्च धान्न नसकिने अबस्थामा प्राय हुने गरेको देखिन्छ । तथापि सम्रगमा हेर्ने हो भने बिरामी निको नहुने वा बिरामी उपचार चित्त बुझदो तरिकाबाट नहुनु नै अस्पताल छाडनुको मुल कारण भएको देखिन्छ ।

अस्पतालको सेवालाई दृष्टिगत गर्दा अस्पताल व्यवस्थापनले पूर्णरूपमा निको भएर डिस्जार्ज भएको, आँशिक रूपमा निको भएर डिस्चार्ज भएको बिरामीको तथ्याङ्क राख्नुपर्नेमा वीर अस्पताल तथा स्टार अस्पतालबाट यस्तो सूचना उपलब्ध भएन । प्राप्त २०७५।७६ को विवरणअनुसार कान्ती बाल अस्पतालमा पुरा निको हुने ९५ प्रतिशत, आशिंक निको हुने ४.९९ प्रतिशत र निको हुन नसकेको ०.०१ प्रतिशत रहेको

देखियो । ग्राण्डी अस्पतालमा भने पुरा निको हुने ९७ प्रतिशत, आशिंक निको हुने १.५ प्रतिशत र निको नहुने १.५ प्रतिशत रहेको देखिन्छ ।

उर्पयुक्त तथ्याङ्कअनुसार पुरा निको भई डिस्जार्ज हुनेको संख्या निजी अस्पतालमा बढी रहेको छ । तथापि अस्पतालको स्वीकृति बेगर अस्पताल छोडनेको संख्या समेत बढी रहेको छ । यसबाट अस्पतालको आयमा प्रत्यक्ष रूपमा असर परेको छ । अप्रत्यक्ष रूपमा अस्पतालको बिरामी हेरचारको गुणस्तर तथा उपचार प्रक्रिया चित्त नबुझ्दो कारण रहेको छ । यसले गर्दा अस्पतालको प्रभावकारी सेवा प्रदानमा समेत प्रश्न चिन्ह खडा गरेको छ ।

सुझाउ - डाक्टरको अनुमति बेगर अस्पताल छोडेर जाने बिरामीको संख्या कम गर्न अस्पताल व्यवस्थापन गुणस्तर तथा बिरामीमुखी सेवा प्रदान गर्नमा क्रियाशिल हुनु पर्दछ । साथै यसरी अस्पताल छाडेर जाने बिरामीहरूको सर्वेक्षण गरेर त्यसबाट आएको कारणहरूको विश्लेषण गरी सोअनुसारको रणनीति अस्पताल व्यवस्थापनले गर्नु पर्दछ ।

प्रतिक्रिया - मन्त्रालयले सुशासन विधि तथा प्रक्रियाहरूको प्रयोग गरी गुण्स्तर अनुगमन गरिने जानकारी गराएको छ ।

२१.३. **मृत्यु दर -** अध्ययन गरिएका ४ अस्पतालमा भर्ना भएको बिरामीमध्ये २०७२।७३ देखि २०७५।७६ सम्ममा औसत ३.१२७ प्रतिशत बिरामीको मृत्यु भएको छ । मृत्यु हुनेमा पनि भर्ना भएको ४८ घण्टा भित्र मृत्यु हुनेको संख्या बढी रहेको छ । तथापि कुल भर्नामध्ये ४ अस्पतालको औसतलाई हेर्दा कुल भर्ना भएको बिरामीमध्ये मृत्यु हुनेको अनुपात सबभन्दा कम कान्ती बाल अस्पतालको रहेको देखिन्छ ।

मृत्यु दर अस्पतालमा भर्ना हुने बिरामीको प्रकृति अबस्था र उपचारको गुणस्तरमा निर्भर रहन्छ । बिरामीको प्रकृति र अबस्थामा अस्पतालले नियन्त्रण हुदैन । अस्पतालको सेवा गुणस्तर खासगरी सघन उपचार सेवा तथा सर्जरी वार्ड तथा आकस्मिक वार्डको सेवामा अस्पताल व्यवस्थापनले यथोचित ध्यान दिई बिरामीको अनुपातमा डाक्टर तथा नर्सको अनुपात, अस्पताल जन्य सङ्क्रमण नियन्त्रणर हेरचाहको गुणस्तर सुधारको लागि विश्व स्वास्थ्य संगठन र नेपाल सरकारबाट जारी मापदण्ड पालना गरेमा मृत्युदरलाई न्युन गर्न सकिन्छ ।

२१.४. **प्रेषण (रेफरल) -** जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६ मा प्रेषण (रेफरल) सेवासम्बन्धी व्यवस्था छ । साथै विश्व स्वास्थ्य संगठनको गुणस्तरीय स्वास्थ्य सेवाको एउटा प्रमुख अबयब रेफरल रहेको छ । आफनो उपचार क्षेत्रमा नरहेको वा सो सेवा ब्यवस्था नभएको बिरामीहरूलाई सम्बन्धित सेवा वा उपचारको ब्यवस्था भएकोमा रेफर गर्ने अभ्यासलाई बाह्य रेफरल भनिन्छ । प्राप्त बिबरणअनुसार २०७२।७३ देखि २०७५ ।७६ को अबधिमा ग्राण्डी अस्पतालले औसतमा प्रति बर्ष २६ प्रतिशत बिरामीलाई बाह्य रेफर गरेको छ भने कान्ती बाल अस्पतालले ४०.३३ प्रतिशत रेफर गरेको पाइएको छ । वीर अस्पताल तथा स्टार अस्पतालले रेफरलको तथ्याङ्क नै राख्ने गरेको छैन ।

आर्थिक वर्ष	ग्राण्डी अस्पताल	कान्ती बाल अस्पताल
२०७२/७३	३१	
२०७३/७४	४१	१६
२०७४/७५	१४	६३
२०७५/७६	१८	४२
औसत	२६	४०.३३

अस्पतालले कुनै पनि बिरामीको रेफर गर्दा बिरामीको बिस्तृत बिवरण, ल्याब टेष्ट तथा अन्य परीक्षणको प्रतिवेदन तथा प्रारम्भिक डायग्नोसिस सहित रेफरल सिट भरेर रेफर गर्नु पर्दछ र रेफरलमा बिरामीलाई हस्तान्तरण गरेको समेत प्रमाण हुनुपर्दछ । साथै बाह्य रेफरल गर्दा अस्पतालको जिम्मेवार चिकित्सक वा व्यक्ति बिरामी ब्यक्तिसंगै गई हस्तान्तरण गर्नु पर्दछ । साथै एम्बुलेन्समा बिरामीलाई आवश्यक पर्ने अक्सीजन, स्लाईन तथा आवश्यक औषधी सहित लानुपर्दछ । ग्राण्डी अस्पतालले रेफरलको मापदण्ड अनुरूप रेफर गर्ने गरेको छ । खासगरी यस अस्पतालमा सेवा नभएको केशहरू तथा बाहिर मुलुकमा लैजाने भन्ने केशहरूको मात्र रेफर हुन्छ । साथै उपचार खर्च धान्न नसक्ने अबस्थाको कारणले समेत कतिपय अबस्थामा बिरामीलाई रेफर गर्नुपर्ने अबस्था छ ।

तर कान्ती बाल अस्पतालले रेफरलको तथ्याङ्क राख्ने गरे तापनि बिरामीको विस्तृत विवरण सहित राख्ने गरेको पाइएन । साथै रेफर गर्दा अस्पतालको प्रतिनिधि सहित बिरामीको हस्तान्तरण गर्ने गरेको पाइएन । आकस्मिक सेवामा आएका बिरामीहरूमध्ये पैसा तिर्न सक्न छिटो उपचार खोज्ने अस्पतालमा तत्काल सेवा दिन नसक्ने र यस अस्पतालमा नभएका केही सेवाहरू बहिर रेफर गरिन्छ । तर अस्पतालको प्रतिनिधि सहित पठाउने गरेको छैन । यसले गर्दा आकस्मिक सेवा लिन आएकामध्ये कति वार्ड तथा आइ.सी.यू मा सिफ्ट गरी भर्ना गरियो, कति बाह्य रेफर भयो तथा कति उपचार पछि घर फर्के, त्यसको डाटावेश नै छैन ।

वीर अस्पतालको आकस्मिक सेवामा आएका बिरामीहरू वार्डमा बेड खाली भए वार्डमा पठाउने, अन्यथा बाहिर रेफर गर्ने गरेको छ । यस्तो अवस्था केश पेन्डीङ्ग नराख्न सकेसम्म पैसा तिर्न सक्ने बिरामीलाई बाहि रेफर नै गरिन्छ । रेफरको लागि निजी अस्पतालहरूको सूची राखेको छ र त्यही सूचीबाट नै बिरामीको आफन्तलाई छान्न दिई सोअनुरूप रेफर गर्ने गरेको छ । त्यसको अतिरिक्त यस अस्पतालमा सेवा नभएका जस्तै मुटुको सल्यक्रिया तथा प्रसूतिसम्बन्धी केशहरू रेफर गरिने व्यहोरा अस्पताल व्यवस्थापनबाट जानकारी गराएको छ । तर यसको आधाकारिक रूपमा तथ्याङ्क राख्ने गरेको छैन । यसले गर्दा आकस्मिक सेवा लिन आएकामध्ये कति वार्ड तथा आइ.सी.यू मा सिफ्ट गरी भर्ना गरियो, कति बाह्य रेफर भयो तथा कति उपचार पछि घर फर्के, त्यसको डाटावेश नै छैन ।

स्टार अस्पतालले पनि रेफरल गर्ने गरेको व्यहोरा अवगत गराए तापनि त्यसको अद्यावधिक तथ्याङ्क उपलब्ध गराएको छैन । अस्पताल व्यवस्थापनले रेफरल केशमा अस्पतालको प्रतिनिधि तथा आवश्यक सामानहरू सहित रेफर गरेको अस्पताल पठाउने जानकारी गराएको छ, तर लेखापरीक्षणको दौरानमा रेफरल सिटहरू उपलब्ध गराएको छै ।

सुझाउ - प्रत्येक अस्पतालले रेफरल सिट तथा भपाई सहित आन्तरिक तथा बाह्य रेफरलको डाटावेश राखी सो अनुरूप मन्त्रालय/विभागमा के कस्ता केशहरू अन्यत्र रेफर गरेको सहित प्रतिवेदन गर्ने गर्नुपर्दछ । साथै पूर्वाधारको विकास एवं निजी अस्पतालको उपचार सेवा शुल्क निर्धारण तथा अनुगमनको व्यवस्था मिलाई पूर्वाधार र उपचार खर्चको कारण हुने रेफरललाई न्युन गर्नुपर्दछ ।

प्रतिक्रिया - मन्त्रालयले दोहोरो तथा प्रभावकारी प्रेषण प्रणाली निर्देशिका तयारी भई स्वीकृतिका क्रममा रहेको जानकरी गराएको छ ।

२२. **सर्जिकल चेक लिष्ट को उपयोग -** विश्व स्वास्थ्य संगठनले चिकित्सकहरूबाट अप्रेशनगर्दा गल्ती नहोस तथा त्यसको विधि पुरा होस एवं बिरामीको सुरक्षा सुचिश्चित गर्ने हेतुले प्रत्येक चरणको सर्जिकल चेक लिष्टतयार गरेको छ । अप्रेशन शुरुदेखि समापनसम्म ३ चरण हुन्छ : (क) साइनइन (ख) टाइम आउट, तथा (ग) साइन आउट । साइन इन अन्तर्गत बिरामीको पहिचान, अपरेशन प्रकृया र स्थानको जानकारी, सर्जरीको सहमति, अप्रेशन गर्ने स्थानमा चिन्हल गाउने (जस्तै दायाँबायाँ स्पष्ट हुने गरी चिन्ह लगाउने), नाडीको चाल स्वास प्रस्वासको जोखिम आंकलन, एनेष्थेशिया संयोजकसंग छलफल, रगत आपूर्तिको व्यवस्था, एलर्जीको जानकारी, सम्पूर्ण सुरक्षा उपकरण र आकस्मीक औषधिको जाँच लगायतका कार्य पर्दछन ।

टाइम आउट चरण अप्रेशनपूर्व सम्पूर्ण टाली सदस्यहरू बसेर तयारी, छलफल तथा आवश्यक साम्रगीहरू यकिन गर्ने चरण हो । यसमा टोली सदस्यले आफनो परिचय तथा भूमिका गर्ने, सही व्यक्तिको सही अप्रेशन र तोकेको सही स्थानबारे सुचिश्चत गर्न समीक्षा गर्ने,सर्जीकल अनुकुलता प्रतिकुलता, अप्रत्याशित नाजुक हुनसक्ने घटनाहरूको समीक्षा, अप्रेशनको अवधि तथा अनुमानित खेर जानसक्ने रगतको समीक्षा, बिरामीसंग एनेष्थीसियन सम्बन्ध, प्रोफिलाक्टीक एन्टीबायोटिक औषधि आवश्यकताअनुसार दिएको सुनिश्चित गर्ने,आवश्यक तस्वीर/छायाङ्कन उपयुक्त ढङ्गमा प्रर्दशन गर्ने कार्यहरू पर्दछन ।

साइन आउट चरण घाउ/चिरेको स्थानबन्द गर्ने दौरानमा वा बन्द गर्ना साथ, अप्रेशन कक्षबाट बिरामी बाहिर लग्नु अघि सर्जनको उपस्थितिमा गर्ने व्यवस्थापनको चरण हो । यसमा अप्रेशन सम्पादन तथा अभिलेख गरेको सुनिश्चित गर्ने,उपकरण/औजार, स्पञ्ज/स्वाव (कपासको डल्लो) तथा सुइहरू गणना पूर्ण भए नभएको जाँच गर्ने र भिडान नभएमा छानबिन गर्ने, सर्जिकल नमूनाहरू ठीक तरिकाले लगाएको जाँच गर्ने, निको गर्ने बिषयहरू र अप्रेशनपश्चातको जोखिमहरू उल्लेख गर्ने लगायतका क्रियाकलापहरू पर्दछन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।

२२.१. लेखापरीक्षणको दौरानमा विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसारको उपयुक्त परीक्षण सूची मौखिक रूपमा ४ वटै अस्पतालले प्रयोगमा ल्याएको धारणा व्यक्त गरे तापनि वीर अस्पतालले यो परीक्षणसूची तयारसम्म पनि गरेको पाइएन । स्टार अस्पतालले प्रत्येक चरण खुल्ने गरी परीक्षणसूची तयार गरे तापनि सो अनुरूप कार्यान्वयनमा ल्याउनसकेको छैन र त्यसमा आवश्यक सुधार गरी कार्यान्वयनमा ल्याउने व्यहोरा अवगत गराएको छ । त्यस्तै कान्ती बाल अस्पताल तथा ग्राण्डी अस्पतालले यो परीक्षणसूची कार्यान्वयनमा ल्याएको छ । तर यो सूचीअनुसारको डाटावेश ग्राण्डी अस्पतालमा बाहेक अन्य अस्पतालहरूमा भएको पाइएन । त्यसको साथै ग्राण्डी अस्पताल बाहेक अन्य अस्पतालका व्यवस्थापनले यसको सही तरिकाले प्रयोग भए नभएको अनुगमन तथा सुपरिवेक्षण गरेको पाइएन । स्वास्थ्य सेवाको गुणस्तरीयताका लागि यो अहम पाटो भए तापनि अस्पताल व्यवस्थापन यसमा गम्भीर रहेको पाइएन ।

२२.२. सर्जिकल चेकलिष्टको ज्ञान परीक्षण गर्न स्वास्थ्यकर्मी संग सोधनी हुँदा सर्जिकल चेक लिष्ट कति चरणमा बांडिएको छ भन्ने प्रश्नको उत्तरमा ग्राण्डी अस्पतालबाट मात्र सही उत्तर पाइयो । अनुसुचीबमोजिम कुल १५ प्रश्नको उत्तर सही वा गलतको विकल्प माग गरिएकोमा ग्राण्डी अस्पतालले १० अंक कान्ती बाल अस्पताल, वीर अस्पताल र स्टार अस्पतालले ९।९ अंक प्राप्त गरेका छन । अनुसूची ४ अनुसार औसतमा ६१ प्रतिशत मात्र ठीक उत्तर अस्पतालहरूले दिएका छन् । ग्राण्डी अस्पतालले १ थप प्रश्नको सही जवाफ दिएर ६७ प्रतिशत हासिल गरेको छ । यसबाट अस्पतालहरू पूर्वतयारी वा परीक्षण सूची कार्यान्वयन चरणमा सबभन्दा कमजोर रहेका छन् । त्यसपछि सारको बिफ्रीङ्ग तथा डिबिफ्रीङ्ग कमजोर रहेको पाइयो ।

२२.३. अनुसुची ५ मा बिश्लेषण गरिएअनुसार विश्व स्वास्थ्य संगठनको परीक्षणसूची कार्यान्वयन सम्बन्धी चेक लिष्ट बमोजिम ४ प्रश्नमध्ये ३ प्रश्नको सवै अस्पतालले गलत उत्तर दिएको तथा एक प्रश्नको मात्र ग्राण्डी अस्पतालले सही उत्तर दिएको छ उक्त प्रश्नहरूलाई विश्व स्वास्थ्य संगठनको प्रावधानअनुसार विश्लेषण गर्दा कुनै पनि अप्रेशन थिएटरमा समग्र टोली विच सामुहिक भावना, सामुहिक जिम्मेवारीबोध, एक अर्कामा विश्वासको वातावरण तथा पृष्ठपोषण लिने दिने संस्कृतिको विकास नभएको अवस्था देखिन्छ । साथै अस्पताल व्यवस्थापनले सर्जिकल सामाग्री व्यवस्थापनमा ध्यान दिएको देखिँदैन । विश्व स्वास्थ्य संगठनको परीक्षणसूची अस्पताल सञ्चालन गर्दाको प्रश्न मा सवै अस्पतालको गलत जवाफ पाईयो । यससम्बन्धमा कर्मचारीतन्त्रको तहगत तथा स्थानगत सस्कृतिबाट उन्मुक्ति नहुनु जसले गर्दा टोलीको संयुक्त प्रयासले प्रश्रय पाउनमा अवरोध सृजना गर्दछ र नेतृत्व लिने व्यक्तिबाट यस प्रकार टोली व्यवस्थपनमा जोड दिन नसकेको देखिन्छ । साथै सारको बिफ्रीङ्ग तथा डिबिफ्रीङ्ग गर्दा का २ प्रश्नहरूमा ४ वटै अस्पतालको गलत जवाफ र एक प्रश्नमा कान्ती बाल अस्पताल र ग्राण्डी अस्पतालले सहि जवाफ दिएको पाईयो । यस सम्बन्धमा बिफ्रीङ्ग तथा डिबिफ्रीङ्गको गाम्भीर्यता राम्ररी अगाँल्न नसकेको र यो संस्कृति अस्पतालहरूमा अझै फस्टाउन नसकेको स्पष्ट पार्दछ भने टोली व्यवस्थापनको संवेदशिलतामा ध्यान दिन नसक्नु र परम्परागत प्रशासनिक मान्यतालाई प्रश्रय दिने प्रचलनको व्यापकता पाईयो ।

यसबाट स्पष्ट भएको छ कि अस्पतालहरू टोली व्यवस्थापनमा कमजोर रहेको र टोलीबीचमा राम्रो तालमेल नभएको स्पष्ट हुन आउँदछ । त्यसको अतिरिक्त पदिय तथा श्रेणीगत प्रशासनिक कुसंस्कारले गर्दा टोली व्यवस्थापन प्रभावकारी हुन नसकेको पाइएको छ । साथै बिरामीको सुरक्षाको उचित व्यवस्थापन तथा त्यसको सुनिश्चितता जस्तो गम्भीर बिषयमा अस्पताल व्यवस्थापनको गाम्भीर्यता पाइएन । यसले गर्दा बिरामीलाई दिने सेवातथा हेरचारको गुणस्तर व्यवस्थापनमा समेत प्रश्नचिन्ह उठन सक्छ । उक्त बिषय समय समयमा सरकारी तथा निजी अस्पतालमा घटेका सर्जिकल दुर्घटनाले समेत पुष्टि गर्दछ । वास्तवमा सर्जिकल चेकलिष्ट स्वास्थ्यकर्मीको पेशागत हित तथा सुरक्षाको लागि र अस्पतालको प्रतिष्ठा उच्च गर्न बनाएको हो । यसले गर्दा भबितव्य परेमा यो गहन प्रमाणको रूप रहन्छ । सर्जिकल चेकलिष्ट जस्तो संवेदनशिल बिषयमा पनि अस्पतालको गाम्भीर्यताको अभावले गर्दा भविष्यमा भवितव्य घटना नघट्ला भन्न सकिएन ।

सुझाउ - विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरूप सर्जिकल चेकलिष्ट बनाई त्यसको प्रभावकारी कार्यान्वयन गर्न गराउन मन्त्रालयतथा मेडिकल काउन्सीलले स्पष्टरूपमा निर्देशन दिनुपर्दछ । साथै यस चेकलिष्ट बारे अप्रेशन संग्लन हुने जनशक्ति व्यवहारिक तालिम तथा अभिमुखीकरण तत्काल गर्नुपर्दछ । अस्पताल व्यवस्थापनले यसलाई डाटावेशमा समावेश गरी यसको प्रतिवेदन प्रकाशन गर्नुपर्दछ । साथै अस्पतालको व्यवस्थापनले तथा मन्त्रालयले यसको अनुगमन तथा सुपरिवेक्षणमा ध्यान दिनुपर्दछ ।

प्रतिक्रिया - मन्त्रालयले Clinical Audit सम्बन्धी guideline तयार गरी २०७७।७८ मा यसको कार्यान्वयन गर्ने प्रक्रियामा रहेको जानकारी गराएको छ ।

२३. **निष्कर्ष -** विश्व स्वास्थ्य संगठनको निर्धारित मापदण्डअनुसार अस्पतालको स्तरीय सेवाको प्रमुख सूचकमा हेरचाहको गुणस्तर रहेको छ । प्रत्येक स्वास्थ्य सेवाप्रदायकको दायित्व पर्याप्त सुरक्षात्मक उपायको अवलम्बन गर्नु रहेको हुन्छ । अस्पतालजन्य सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि अस्पतालमा कमिटी गठन नभएको तथा गठन भएकोमा पनि क्रियाशिल नरहेको, स्वास्थ्य व्यक्तिगत सुरक्षा सामाग्रीको उपलव्धता र सोको प्रयोग, स्वास्थ्यकर्मीहरूले बिरामी जाँचगर्दा अवलम्बन गनुपर्ने मापदण्डको पालना, निसङ्क्रमण गर्ने प्रचलन, अस्पतालको समग्र सरसफाई तथा फोहोरमैला व्यवस्थापन मार्फत अस्पतालजन्य संक्रमण नियन्त्रण र रोकथाम कम गर्न सकिन्छ । त्यसैगरी स्वास्थ्य सेवाप्रदायक निजी तथा सरकारी अस्पतालहरूले आकस्मीक सेवाको मापदण्ड अनुरूपको व्यवस्थापन नगर्दा प्रभावकारी सेवाप्रवाह हुन नसकी बिरामीको मृत्युदर समेत बढेको अवस्था छ । गुणस्तरीय स्वास्थ्य सेवाप्रवाहका लागि विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरूप दैनिक अनुगमन हुने नगरेको, बिरामीले सुरक्षित महशुस नगरी डाक्टरको सल्लाह बेगर अस्पताल छोडेको अवस्था रहेको छ । अस्पतालले आंशिक निको भई डिस्चार्ज हुने तथा पूर्णरूपमा निको भई डिस्चार्ज हुने बिरामीको अभिलेखन छुट्याएको समेत देखिएन । अस्पतालमा भर्ना भएको बिरामीको मृत्युदर बढेको, रेफरल तथ्याङ्क व्यवस्थापन प्रभावकारी नभएको तथा सर्जिकल चेकलिष्टको उपयोग प्रभावकारी नभएको अवस्था छ । यसप्रकार स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गरि प्रभावकारी स्वास्थ्य सेवाप्रवाह हुनसकेको नदेखिएकोले विश्व स्वास्थ्य संगठनबाट निर्धारित मापदण्ड तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप राष्ट्रिय स्वास्थ्य नीति तथा स्वास्थ्य कानुनहरूमा समयानुकुल परिमार्जन र सुधार गरी गुणस्तरीय स्वास्थ्य सेवाप्रवाह गर्नु आजको आवश्यकता रहेको छ ।

सार्वजनिक संस्थान सञ्चालन

परिचय

१. **पृष्ठभूमि** - आम नागरिकका दैनिक आधारभूत आवश्यकताका वस्तु तथा सेवाको सहज र शुलभ आपूर्ति गर्दै लोक कल्याणकारी राज्य निर्माण गर्न सार्वजनिक संस्थानको स्थापना भएको हो । वस्तु तथा सेवाको आपूर्तिको माध्यमबाट रोजगारी सिर्जना गर्ने, विकासका लागि पूर्वाधार तयार गर्ने, आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने, आयात प्रतिस्थापन गर्ने र समतामुलक राज्यको स्थापना गरी न्याय प्रवर्द्धन गर्ने उद्देश्यले नेपालमा सार्वजनिक संस्थानको स्थापना गरिएको हो । नेपालमा वि.सं. १९९३ मा पहिलो सार्वजनिक संस्थानको रूपमा विराटनगर जुट मिलको स्थापना भएकोमा सातौ योजनाको अन्त्यसम्म पूर्ण स्वामित्व तथा अधिकाँश स्वामित्व भएका संस्थानको संख्या ६२ पुगेको थियो । उदार अर्थतन्त्रको प्रादुर्भावसँगै संस्थानको व्यवस्थापन तथा सञ्चालनमा प्रतिस्पर्धात्मक र व्यावसायिकतामा सञ्चालन गर्ने नीति लिए पछि ३० संस्थानको निजीकरण गरिएको छ । त्यसैगरी संस्थानहरू गाभ्ने तथा नयाँ स्थापना गर्ने कार्य भईरहेको छ । जसले गर्दा हाल ४४ संस्थानहरू सञ्चालनमा रहेका छन् । सार्वजनिक संस्थानहरूलाई क्षेत्रगत सञ्चालनका आधारमा औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, सेवा क्षेत्र, सामाजिक क्षेत्र, जनउपयोगी क्षेत्र र वित्तीय क्षेत्र गरी ६ क्षेत्रमा विभाजन गरी सञ्चालन गरिएको छ । व्यवसायिक सिद्धान्त र बजारको नियम अवलम्बन गरी वस्तु तथा सेवा प्रवाहमा प्रभावकारिता, कार्यकुशलतामा सुधार ल्याउने तथा बजारमा निजी क्षेत्रको एकाधिकार सिर्जना नहुने गरी सार्वजनिक संस्थानको व्यवस्थापन गरिएको हुन्छ । नेपाल सरकारले सार्वजनिक सेवा, उद्योग, व्यापार, वित्तीय, उत्पादनमूलक जस्ता क्षेत्रमा सार्वजनिक क्षेत्रको स्थापना र व्यवस्थापन गर्दै आएको छ । तसर्थ अत्यावश्यक, सार्वजनिक र एकाधिकार रहेका वस्तु तथा सेवाको उत्पादन, वितरण र व्यवस्थापन गर्न सार्वजनिक संस्थानको भूमिका रहेको हुन्छ । साथै अग्रणी एवं उदाहरणीय भूमिका वा लगानी भएको क्षेत्रमा उद्योगधन्दा र साधन स्रोतको उपयोग र संरक्षण गर्न, रणनीतिक महत्वका क्षेत्रमा राज्यको उपस्थिति सुदृढ तुल्याउन समेत सार्वजनिक संस्थान स्थापना र सञ्चालन गर्नुपर्ने हुन्छ ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

- सञ्चालनमा नीतिगत स्पष्टता
- सञ्चालन र व्यवस्थापन
- संस्थानहरुको नियमन, समन्वय र सुपरीवेक्षण
- संस्थानहरुको व्यावसायिकता र प्रतिस्पर्धात्मक

२. **संगठनात्मक संरचना -** सञ्चालित संस्थानहरूको संगठनात्मक संरचना संस्थान अनुसार नै भिन्न रहेको देखिन्छ । संस्थानहरू देहाय अनुसारका क्षेत्रगत रूपमा वर्गीकरण गरिएको छ । जसअनुसार हाल पूर्ण वा अधिकाँश स्वामित्व भएका संस्थानहरू यस प्रकार रहेका छन् :

क्षेत्रगत वर्गीकरण	संख्या	संस्थानहरूको नाम
औद्योगिक	१०	दुग्ध विकास संस्थान, जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल औषधी लिमिटेड, उदयपुर सिमेण्ट उद्योग लिमिटेड, नेपाल ओरियण्ड म्याग्नासाइट प्राइभेट लिमिटेड, बुटवल धागो कारखाना लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड, धौवादी फलाम कम्पनी लिमिटेड
व्यापारिक	५	कृषि सामग्री कम्पनी लिमिटेड, राष्ट्रिय बीउ विजन कम्पनी लिमिटेड, नेपाल आयल निगम लिमिटेड, नेपाल वन निगम लिमिटेड, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
सेवा	१०	औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेशनल कन्स्ट्रक्सन कम्पनी लिमिटेड, नेपाल पारवाहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेड, नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लिमिटेड, नेपाल वायु सेवा निगम, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड, साझा यातायात, नेपाल रेल्वे कम्पनी लिमिटेड
सामाजिक	५	सांस्कृतिक संस्थान, गोरखापत्र संस्थान, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाल टेलिभिजन, राष्ट्रिय आवास कम्पनी लिमिटेड
जनोपयोगी	५	नेपाल खानेपानी संस्थान, नेपाल विद्युत प्राधिकरण, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, विद्युत उत्पादन कम्पनी लिमिटेड, राष्ट्रिय प्रशारण ग्रिड कम्पनी
वित्तीय	९	कृषि विकास बैङ्क लिमिटेड, राष्ट्रिय विमा संस्थान, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, राष्ट्रिय वाणिज्य बैङ्क, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नागरिक लगानी कोष, जलविद्युत लगानी तथा विकास कम्पनी, नेपाल बैङ्क लिमिटेड

३. आवधिक योजना तथा बजेटमा उल्लेख रणनीति, कार्यनीति, कार्यक्रम र क्रियाकलाप

३.१ **आवधिक योजना -** पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/७७ देखि २०८०/८१) मा सार्वजनिक संस्थान व्यवस्थापन सम्बन्धमा उल्लेख गरिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति निम्नानुसार छ :

सोच - सबल र प्रतिस्पर्धी सार्वजनिक संस्थान मार्फत आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने ।

लक्ष्य- सार्वजनिक संस्थानको कुशल र प्रभावकारी व्यवस्थापन गरी अत्यावश्यक, सार्वजनिक र एकाधिकार रहेका वस्तु तथा सेवाको गुणस्तरीय तथा सर्वसुलभ उपलब्धता कायम गर्ने ।

उद्देश्य- सार्वजनिक संस्थानको स्थापना, सञ्चालन र व्यवस्थापन प्रणालीमा सुधार गरी गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन, वितरण र उपभोगमा नागरिकको पहुँच स्थापित गर्नु ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
आवश्यकता र उपादेयताका आधारमा संघीय प्रणालीबमोजिम उपयुक्त ठहरिएका सार्वजनिक संस्थानको पुनर्संरचना र स्थापना तथा सान्दर्भिक नदेखिएका संस्थानको विनिवेश गर्ने ।	• हाल सञ्चालनमा रहेका संस्थानहरूको उद्देश्य, कार्यक्षेत्र र कार्यप्रकृतिअनुसार संघ, प्रदेश र स्थानीय तहमा रहने गरी पुनर्संरचना गरिनेछ । • रणनीतिक रूपमा संस्थानको आवश्यकता, उद्देश्य तथा कार्यक्षेत्रका आधारमा एक अर्कामा गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने व्यवस्था गरिनेछ । • राज्यले सञ्चालन गर्न आवश्यक नदेखिएका सार्वजनिक संस्थानहरूको उपयुक्त नीति, विधि र प्रक्रियाबाट विनिवेश वा खारेजी गरिनेछ । • निजीकरण गरिएका संस्थानका विवादित विषयलाई निष्कर्षमा पुऱ्याउन र नियमन गर्न आवश्यक संयन्त्र निर्माण गरिनेछ । • खारेजी गरिएका संस्थानको स्वामित्वमा रहेको सम्पत्तिको सुरक्षा, व्यवस्थापन एवं वैकल्पिक उपयोग गरिनेछ ।
कानुनी तथा संस्थागत सुधार र आधुनिकीकरण गरी सार्वजनिक संस्थानको सञ्चालन, व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाउने ।	• संस्थान नियमन, सञ्चालन र व्यवस्थापन सम्बन्धमा एकीकृत ऐन तर्जुमा लगायत आवश्यक कानुनी व्यवस्था तथा परिमार्जन गरिनेछ । • सार्वजनिक संस्थान नियमन, सञ्चालन र व्यवस्थापन सम्बन्धमा आवश्यक संस्थागत एवं संरचनागत व्यवस्था गरिनेछ । • सार्वजनिक-निजी साझेदारीमा सार्वजनिक संस्थान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अध्ययन गरी प्राप्त सुझाउअनुसार आवश्यक कानुनी एवं संस्थागत व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ । • सार्वजनिक संस्थानको व्यावसायिकता अभिवृद्धि गर्न जनशक्ति क्षमता विकासका कार्यक्रम सञ्चालनमा ल्याइनेछ । • सार्वजनिक संस्थानको व्यवस्थापकीय क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइनेछ । • सार्वजनिक संस्थानले प्रवाह गर्ने सेवा, उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सूचना प्रविधि लगायतका नवीनतम प्रविधिको प्रयोग गरी आधुनिकीकरण गरिनेछ ।

३.२ **बजेट वक्तव्य -**२०७६/७७ को बजेट बक्तव्यमा सार्वजनिक संस्थानका सम्बन्धमा उल्लेखित व्यहोरा देहायनुसार छ:

- सार्वजनिक संस्थानहरूको दक्षतापूर्वक व्यवस्थापन गरी कुशलता र प्रभावकारिता बढाउन एकीकृत कानुन बनाइनेछ ।
- सार्वजनिक संस्थानहरूमा रणनीतिक साझेदार भित्र्याइ व्यवसायिकता विकास गर्ने तथा संरचनागत सुधार र नियमनलाई प्रभावकारि बनाइनेछ ।
- सार्वजनिक संस्थानको प्रयोगमा नआएको जमिन तथा अन्य सम्पत्ति व्यवसायिक रूपमा उपयोग गर्ने नीति लिइनेछ ।

- औद्योगिक क्षेत्रका रुग्ण सार्वजनिक संस्थान पुनः सञ्चालन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ । सार्वजनिक संस्थानमा नागरिकको अपनत्व अभिवृद्धि गर्न सार्वजनिक-निजी-सहकारी साझेदारीमा सञ्चालन गरिनेछ ।

४. **वित्तीय अवस्था -** अर्थ मन्त्रालयले तयार गरेको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०७७ ले सार्वजनिक संस्थानको अवस्था निम्नानुसार रहेको उल्लेख छ:

क्र.सं.	विवरण	आर्थिक वर्ष		परिवर्तन
		२०७४।७५	२०७५।७६	प्रतिशत
१.	चुक्ता पूँजी	२२३०६६२	२८५५०४५	२७.९९
२.	सरकारको कुल लगानी	३६४७९२०	४६४५९३१	२७.३६
	(क) शेयर लगानी	२००३७०९	२७१८३९९	३५.६७
	(ख) ऋण लगानी	१६४४२११	१९२७५३२	१७.२३
३.	शेयरधनी कोष/नेटवर्थ	५०४५६३९	६१०५९४२	२१.०१
४.	कुल सञ्चालन आय	३९०९२६६	४७०२६२५	२०.२९
५.	प्रशासकीय खर्च	२२२४५९	२९४६९६	३२.४७
६.	समग्र खुद नाफा/नोक्सानी	४३४०७३	४८७७४१	१२.३६
	(क) नाफामा सञ्चालित संस्थानको खुद नाफा	४४१०१७	५१५९७४	१७.००
	(ख) नोक्सानीमा सञ्चालित संस्थानको खुद नोक्सानी	(६९४४)	(२८२३३)	३०६.५८
७.	सञ्चित नाफा नोक्सानी	४००७६२	५१६६९१	२८.९३
	(क) सञ्चित नाफा	९५९४६९	९२२७१२	(३.८३)
	(ख) सञ्चित नोक्सानी	(५५८७०६)	(४०६०२१)	(२७.३३)

५. नीतिगत व्यवस्था तथा कानुनी आधार

५.१ **संवैधानिक व्यवस्था -** नेपालको संविधानमा उल्लेख भएका व्यवस्थाहरू निम्नानुसार छन् :

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम् परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने राज्यको निर्देशक सिद्धान्त रहेको छ ।

- आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने राज्यको नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति रहेको छ ।

- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने एवं अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हाँसिल गर्ने राज्यको अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति रहेको छ ।

५.२ **कानुनी आधार** - सार्वजनिक संस्थानसँग सम्बन्धित ऐन, नियमावली तथा विनियमावली निम्नानुसार छन्:

- संस्थान ऐन, २०२१,
- सञ्चार संस्थान ऐन, २०२८
- निजीकरण ऐन, २०५०,
- कम्पनी ऐन, २०६३,
- औद्योगिक व्यवसाय ऐन, २०७३
- विभिन्न संस्थानसँग सम्बन्धित ऐन तथा नियमावलीहरू

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

६. **औचित्य -**राष्ट्रिय हित वा सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा वा आर्थिक हितको कुनै काम संस्थानको माध्यमबाट गराउन आवश्यक वा उपयुक्त देखेमा संस्थानहरूको स्थापना गर्न सकिने व्यहोरा संस्थान ऐन, २०२१ को प्रस्तावनामा उल्लेख गरिएको छ । सोअनुरूप विभिन्न प्रकृतिका ४४ संस्थान हाल सञ्चालनमा रहेतापनि सोमध्ये अधिकाँश संस्थान समस्याग्रस्त अवस्था रहेका छन् । संस्थानहरू सञ्चालन गर्ने वा निजीकरण गर्ने भन्ने सम्बन्धमा समेत स्पष्ट नीति तथा दूरदृष्टि नहुनु, संस्थानहरूको व्यावसायिकता र प्रतिस्पर्धात्मक क्षमता कमजोर रहनु, सञ्चालन र व्यवस्थापनमा एकरूपता नहुनु, कतिपय संस्थानले नियामक एवं वस्तु तथा सेवा प्रदायकको दोहोरो भूमिका निर्वाह गर्नु, संस्थानको नियमन, समन्वय र सुपरीवेक्षण फरक फरक निकायबाट हुनु, बन्द संस्थानहरूको सम्पत्तिको उचित संरक्षण तथा उपयोग नहुनु, स्रोत व्यवस्थापन नभएको दायित्व उच्च रहनु आदि जस्ता समस्याबाट ग्रस्त रहेका छन् । अर्थ मन्त्रालयले प्रकाशन गरेको सार्वजनिक संस्थानहरूको वार्षिक समीक्षा स्थिति २०७७ अनुसार सञ्चालनमा रहेका ४४ सार्वजनिक संस्थानमध्ये २६ नाफामा, १३ घाटामा छ भने ५ सञ्चालनमा रहेका छैनन् । त्यसैगरी विभिन्न मिडियाहरूले समेत संस्थानको सञ्चालन अवस्था कमजोर रहेको तथा निजीकरण भएका संस्थानहरूको सञ्चालन, सम्पत्तिहरूको संरक्षण र उपयोग नभएको लगायतका विषयमा समाचार प्रकाशन गरेको अवस्था छ । तसर्थ हालको परिप्रेक्ष्यमा सार्वजनिक संस्थानहरूको समग्र अवस्थाको अध्ययन, मूल्याङ्कन र विश्लेषण गरी सुधारका लागि सुझाउ प्रस्तुत गर्न सार्वजनिक संस्थान व्यवस्थापन विषय छनौट गरिएको छ ।

७. **उद्देश्य -** सार्वजनिक संस्थानहरूको सञ्चालन र व्यवस्थापन सम्बन्धमा देहायबमोजिम अध्ययन, मूल्याङ्कन तथा विश्लेषण गरी देखिएका समस्या समाधानका लागि सुझाउ प्रस्तुत गर्नु यस लेखापरीक्षणको उद्देश्य रहेको छ :

- सार्वजनिक संस्थानहरूको सञ्चाालन र व्यवस्थापनको लागि गरिएको नीतिगत तथा कानुनी व्यवस्था र सोको कार्यान्वयन अवस्थाको अध्ययन विश्लेषण गर्ने ।
- सार्वजनिक संस्थानहरूको समग्र सञ्चालन अवस्था तथा व्यावसायिकता र प्रतिस्पर्धात्मक क्षमताको अध्ययन विश्लेषण गर्ने ।
- संस्थानहरूको नियमन, समन्वय र सुपरीवेक्षण अवस्थाको अध्ययन गर्ने ।

८. **क्षेत्र -**लेखापरीक्षण सार्वजनिक संस्थानहरूको समग्र अवस्थाको अध्ययनमा केन्द्रित रहेको छ । संस्थानहरूको सञ्चालन अवस्था, सम्पत्ति संरक्षण र सदुपयोगको अवस्थाका सम्बन्धमा लेखापरीक्षणमा मूल रूपमा अध्ययन विश्लेषण गरिएको छ । लेखापरीक्षणको क्रममा उपलब्ध भएसम्म कम्तीमा ३ वर्षका तथ्याङ्कहरू सङ्कलन गरी सोको विश्लेषण गरिएको छ ।

९. **पद्धति र विधि-** लेखापरीक्षणको पद्धति तथा विधि निम्नानुसार रहेको छ :

पद्धति- यस कार्यमूलक लेखापरीक्षमा मुख्य रूपमा समस्यामूलक पद्धतिको अवलम्वन गरिएको छ । सोको अतिरिक्त संस्थानहरूले उद्देश्यअनुरूप कार्य गरे नगरेको सम्बन्धमा नतिजामूलक पद्धतिको समेत अवलम्बन गरिएको छ ।

विधि- लेखापरीक्षणको प्रमाण सङ्कलनको लागि छलफल, कागजात भिडान, प्रश्नावली, निरीक्षण, अवलोकन आदि विधि प्रयोग गरिएको छ ।लेखापरीक्षणमा विशेषतः द्वितीयक स्रोतबाट तथ्याङ्क तथा सूचना सङ्कलन गरिएको छ । विषयसँग सम्बन्धित जोखिम मूल्याङ्कन गरी पहिचान भएका विषयहरूको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त, सान्दर्भिक प्रमाण सङ्कलनगर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि, विस्तृत विवरणको परीक्षण विधि समेत अवलम्बन गरिएको छ ।

१०. **सीमा -**अर्थ मन्त्रालय, महालेखानियन्त्रकको कार्यालय र संस्थानहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनालाई विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ । प्राप्त सूचनाको विश्वसनियता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, लेखापरीक्षणको बजेट तथा साधन आदि लेखापरीक्षणका सीमा रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

११. **सञ्चालन मोडल -**संस्थान सञ्चालनमा उपयुक्त विधिको प्रयोग तथा दक्षतापूर्वक अवलम्बन मार्फत संस्थानको प्रभावकारितामा अभिवृद्धि गर्नुपर्दछ ।नेपालमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १३, अर्थ मन्त्रालय अन्तर्गत ८, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत ५, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत ४, संस्कृति, पर्यटन तथा नागरिक उडचयनमन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत ३/३, सहरी विकास मन्त्रालय, खानेपानी तथासरसफाई मन्त्रालय र शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय अन्तर्गत १/१ संस्थान गरी हाल ४४ संस्थान सञ्चालनमा रहेका छन् । संस्थान सञ्चालनका केन्द्रीकृत, विकेन्द्रीत, सल्लाहकारी र द्वैधमोडलमध्ये नेपालका संस्थानहरू द्वैध मोडलमा सञ्चालनमा रहेका छन् ।सरकारी अनुदान, शेयर तथा ऋण लगानी, निजीकरण लगायतका विषयमा अर्थ मन्त्रालय र अन्य प्रशासनिक तथा व्यावसायिक पक्षहरूमा सम्बन्धित विषयगत मन्त्रालयको भूमिका रहन्छ । त्यसैगरी केही संस्थानको नियमनको कार्य अन्य संस्थानले नै गरिरहेका छन् । उदाहरणको रूपमा वित्तीय क्षेत्रका संस्थानको नेपाल राष्ट्र बैङ्कले, राष्ट्रिय बीमा संस्थानको राष्ट्रिय बीमा कम्पनी लिमिटेडले, नेपाल वायुसेवा निगमको नेपाल नागरिक उडचयन प्राधिकरणले नियमन गर्ने गर्दछन् ।द्वैध मोडलमा सञ्चालन हुँदा स्वायत्तता नहुनु, अनुगमन तथा मूल्याङ्कन प्रभावकारी नहुनु, सूचना संम्प्रेषण तथा संयोजन प्रभावकारी नहुनु, निर्णय प्रक्रियामा ढिलाई हुनु जस्ता समस्या देखिएका छन् ।विश्वका धेरै राष्ट्रमा यस्ता समस्या समाधानका लागि केन्द्रीकृत मोडल अपनाएको देखिन्छ । इन्डोनेसियामा संस्थान सञ्चालन गर्न छुट्टै मन्त्रालयको स्थापना गरिएको छ । नर्वे, दक्षिण अफ्रिका, फ्रान्स, फिनल्याण्ड, पोल्याण्ड, चिली, संयुक्त अधिराज्य लगायतका देशमा मन्त्रालय अन्तर्गत एक विभाग स्थापना गरिएको छ । भियतनाम, सिँगापुर, पेरु, मोजाम्बिक, हँगेरी, भुटान, मलेसिया लगायतका देशमा मन्त्रालय अन्तर्गत कम्पनी संरचना स्थापना गरिएको छ भने चीनमा कमिशन स्टेट काउन्सील अन्तर्गत एक एजेन्सीको स्थापना गरिएको छ । नेपालमा पनि केन्द्रीकृतमोडलअनुसार सञ्चालनको लागि सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा सञ्चालन) आदेश, २०६९ तयार गरी सार्वजनिक संस्थान निर्देशन बोर्ड गठन गरिएको थियो । उक्त गठन आदेशको व्यवस्थाअनुसार यस बोर्डलाई सार्वजनिक संस्थानको नीति, योजना तथा लगानी पुनर्संरचना, विनिवेश, खारेजी तथा क्षमता विकास, कार्यकारी प्रमुख तथा सञ्चालकको सिफारिस, जनशक्ति व्यवस्थापन तथा सेवा, शर्त तथा सुविधा, अनुगमन, मूल्याङ्कन, सूचना प्रणालीसम्बन्धी कार्यहरूको जिम्मेवारी दिइएकोमा बोर्डले केही संस्थानहरूमा कार्यकारीको नियुक्ति गर्ने बाहेकका उल्लेख्य कार्य गर्न सकेको पाइएन । जसले गर्दा संस्थान सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुनसकेको छैन ।

सुझाउ - अतः संस्थानहरूको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी विश्वका असल अभ्यासको अध्ययन गरी उपयुक्त मोडलको अनुसरण गर्नुपर्दछ ।

१२. **एकीकृत ऐन -** पन्ध्रौं योजनामा संस्थान नियमन, सञ्चालन र व्यवस्थापन सम्बन्धमा एकीकृत ऐन तर्जुमाका लागि आवश्यक कानुनी व्यवस्था तथा परिमार्जन गरिने उल्लेख छ । नेपालमा सञ्चालित ४४ संस्थानमध्ये ३३ कम्पनी ऐन, ७ विशेष ऐन, २ सञ्चार संस्थान ऐन, १ सहकारी ऐन र १ संस्थान ऐनबमोजिम स्थापना भएका छन् । त्यसैगरी संस्थानको नियमित कार्य सञ्चालन र व्यवस्थापनका लागि आ-आफ्नै नियमावली तथा विनियमावली समेत रहेका छन् । भिन्ना भिन्नै कानुनद्वारा स्थापना भएको हुँदा सञ्चालन तथा व्यवस्थापनमा पनि एकरूपता रहेको छैन । यसले गर्दा साधारणसभा, सञ्चालक समिति, व्यवस्थापन समूह समेतमा फरक फरक संख्या र प्रावधान रहेको छ । त्यसैगरी कर्मचारी भर्ना, सेवा सुविधा, वृत्ति विकास, निर्णय निर्माण, उत्तरदायित्व, जवाफदेहिता लगायतका विषयमा एकरूपता कायम हुनसकेको छैन ।

सुझाउ - एकीकृत कानुन तयार गरी संस्थान सञ्चालन र व्यवस्थापनमा एकरूपता ल्याउनु पर्दछ । एकीकृत ऐनमा दैनिक कार्यसञ्चालन तथा प्रशासनिक विषयहरू, सेवा सुविधा सम्बन्धमा एकरूपता कायम गरी संस्थान सञ्चालनको कार्य प्रकृतिअनुसार ऐनमा छुट्टाछुट्टै प्रावधान राख्न सकिन्छ ।

१३. **लगानी नीति-** भविष्यमा प्राप्त हुने प्रतिफल तथा आय वृद्धि समेत बिचार गरी सार्वजनिक संस्थानहरूमा लगानी गर्ने आधार तयार गरी सोहीबमोजिम प्राथमिकता निर्धारण गरी लगानी गर्नुपर्दछ । महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदनअनुसार सार्वजनिक संस्थान तथा अन्य संस्थाहरूमा २०७५/७६ सम्म

सरकार तथा वाह्य पक्षको रु.५ खर्ब ४८ अर्ब ९० करोड लगानी भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१३.१ सार्वजनिक संस्थानमा सरकारको शेयर लगानी वर्षेनी बढ्दो क्रममा रहेको देखिन्छ । अर्थ मन्त्रालयको प्रतिवेदनअनुसार २०७५/७६ सम्म ४४ संस्थानमा भएको कुल लगानीमध्ये शेयर लगानी रु.२ खर्ब ७१ अर्ब ८३ करोड ९९ लाख (५८.५१ प्रतिशत) रहेको छ । शेयर लगानी २०७४/७५ मा १६.८९ प्रतिशतले वृद्धि भएकोमा २०७५/७६ मा ३५.६७ प्रतिशतले वृद्धि भएको छ । तथापि अस्तित्वमा नरहेका २९ संस्थान तथा कम्पनीमा नेपाल सरकारको रु.६५ करोड ४७ लाख शेयर लगानी रहेको छ । केही उदाहरण यसप्रकार छन् :

क्र.सं.	कम्पनी/संस्थानको नाम	रकम (रु.हजारमा)
१.	नेपाल सिग्रेट फ्याक्ट्री	२,००
२.	नेपाल चिउरा घ्यू लिमिटेड	२,५०
३.	नेपाल कम्प्युटर सेन्टर	२५,००
४.	जुद्ध म्याच फ्याक्ट्री	५
५.	वनस्पति तेल उद्योग	५०
६.	पोखरा होजियारी	५,००
७.	वीरगंज कटन मिल	१,८३
८.	लुम्बिनी धान चामल निर्यात कम्पनी	२,५४
९.	धनकुटा सुती उद्योग	३,००
१०.	जनकपुर धान चामल निर्यात कम्पनी	१०,८६

सञ्चालनमा नरहेका संस्थान तथा समितिको शेयरको अपलेखन वा सरकारीकरण गरी हिसाव समायोजन गरेको देखिएन ।

१३.२ आर्थिक वर्ष २०७५/७६ सम्म ४४ संस्थानमा रु.१ खर्ब ९२ अर्ब ७५ करोड ३२ लाख ऋण लगानी भएकोछ । ऋण लगानी गत वर्षभन्दा १७.२३ प्रतिशतले वृद्धि भएको छ । महालेखा नियन्त्रक कार्यालयले तयार गरेको प्रतिवेदनअनुसार २०७५/७६ सम्म ११० संस्थान तथा कम्पनीमा शेयर लगानी रहेकोमा २९ संस्थान तथा कम्पनी अस्तित्वमा रहेका छैनन्, जसमा नेपाल सरकारको रु.६५ करोड ४७ लाख शेयर लगानी रहेको छ । केही उदाहरण यस प्रकार छन् :

क्र.सं.	कम्पनी/संस्थानको नाम	रकम (रु.हजारमा)
१.	गृह पञ्चायत मन्त्रालय	५९
२.	घरेलु शिल्पकला विक्री भण्डार	४,७२,५२
३.	सुदूर पश्चिमाञ्चल धान चामल निर्यात कम्पनी	११,९४,१६
४.	लुम्बिनी धान चामल निर्यात कम्पनी	१,५७,५५
५.	पोखरा होजियारी	१,२३
६.	नेशनल कम्प्युटर सेन्टर	२,१४,७९
७.	नेपाल कोल लिमिटेड	५४,१५

सञ्चालनमा नरहेका संस्थान तथा समितिको शेयरको अपलेखन वा सरकारीकरण गरी हिसाव समायोजन गरेको देखिएन ।

१३.३ महालेखा नियन्त्रकको कार्यालय प्रतिवदेन अनुसार २०७५/७६ सम्म १३१ संस्थान, कम्पनी तथा समितिको भाखा नाघेको साँवा रु.५१ अर्ब ५६ करोड ७ लाख र भाखा नाघेको व्याज ३७ अर्ब १५ करोड १६ लाख गरी भाखा नाघेको साँवा र व्याज रु.८८ अर्ब ७१ करोड २३ लाख रहेको छ । भाखा नाघेको साँवा र व्याज भएका केही संस्थानको विवरण देहायनुसार छ:

(रु.हजारमा)

क्र.सं.	संस्थानको नाम	भाखा नाघेको सौंवा	भाखा नाघेको व्याज	कुल जम्मा
१.	नेपाल विद्युत प्राधिकरण	२९,८०,४४,४०	२१,९९,६२,१२	५१,८०,०६,५३
२.	नेपाल खानेपानी संस्थान	२,५६,०३,८२	२,७७,९०,१२	५,३३,९३,९४
३.	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	२,२०,९९,९९	१,०६,०६,६०	३,२७,०६,५९
४.	जनकपुर चुरोट कारखाना लिमिटेड	१,७३,०५,५६	८८,८३,४६	२,६१,८९,०२

५.	नेपाल ओरियण्ड म्यानासाइट प्रा.लि.	४४,१७,१९	१,१६,१६,९४	१,६०,३४,१५
६.	नेपाल नागरिक उडययन प्राधिकरण	४०,७६,४२	१,३३,९२,८६	१,७४,६९,२८
७.	साना किसान बैंक लिमिटेड	२,२०,२५,७२	१,५६,९४	२,२१,८२,६६
८.	बुटवल धागो कारखाना लिमिटेड	९२,४९,४२	४३,६१,३२	१,३६,०९,७४
९.	हेटौडा कपडा उद्योग	४२,६७,०७	३,९७९,३२	८२,४६,४०
१०.	गोरखकाली रबर उद्योग लिमिटेड	७०,६७,०३	८१,३१,२८	१,५१,९८,३१

भाखा नाघेको ऋण रकममध्ये सबैभन्दा धेरै नेपाल विद्युत प्राधिकरणको रु.५१ अर्ब ८० करोड ६ लाख ५३ हजार रहेको छ । सोमध्ये बाह्य खाताको भाखा नाघेको साँवा र व्याज क्रमशः रु.१९ अर्ब ३४ करोड ४१ लाख २१ हजार र रु.२१ अर्ब ९३ करोड ३ लाख ८९ हजार रहेको छ । बाह्य खाताको साँवाभन्दा व्याज बढी भएको देखिन्छ । त्यसैगरी नेपाल ओरियण्ड म्यानासाइट प्राइभेट लिमिटेडको भाखा नाघेको साँवाभन्दा भाखा नाघेको व्याज झण्डै तीन गुणा बढी रहेको भने गोरखकाली रबर उद्योग लिमिटेडको पनि भाखा नाघेको साँवाभन्दा व्याज बढी रहेको छ । बन्द भएका उद्योगहरूमा समेत बाह्य र आन्तरिक ऋण उच्च रूपमा रहेको छ । तर सोको फरफारक गर्ने कार्य भएको पाइएन । जसले गर्दा संस्थानतर्फ वित्तिय अनुशासन कमजोर रहनुका साथै सरकार तथा विकास साझेदारको लगानी नै जोखिममा परेको छ ।

१३.४ आर्थिक वर्ष २०७५।७६ मा सञ्चालनमा नरहेका नेपाल ओरियण्ड म्याग्नासाइट प्राइभेट लिमिटेड मा रु.१ करोड ६० लाख, गोरखकाली रबर उद्योगमा रु.६० करोड, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रमा रु.१ करोड १३ लाख र नेपाल औषधी लिमिटेडमा रु.८ करोड २१ लाख कर्मचारीहरूको तलव भत्ता भुक्तानी तथा अन्य सुविधा भुक्तानीको लागि ऋण लगानी भएको छ । सञ्चालनमा नरहेका संस्थानका कर्मचारीको तलवभत्ता भुक्तानी प्रयोजनार्थ समेत ऋण लगानीले प्रतिफल दिने देखिएन ।

१३.५ आर्थिक वर्ष २०७५/७६ को लगानी विविध शीर्षकमा(५०११२५५)शुरुमा रु.३ अर्ब ९० करोड बजेट व्यवस्था भएकोमा पछि रकमान्तरमार्फत रु.१४ अर्ब ५९ करोड ५३ लाख थप भई रु.१७ अर्ब ६४ करोड ८ लाख खर्च भएको छ । वार्षिक बजेट तयार गर्दा सरकारले गर्ने लगानीको पूर्वानुमान यथार्थपरक नगरी पछि आवश्यकता अनुसार उच्च रकम रकमान्तर गरी बजेट व्यवस्था गर्ने अभ्यासले लगानी पूर्वानुमान, वस्तुनिष्ठ र यथार्थपरक हुनसकेको देखिँदैन ।

१३.६ शेयरबाट प्राप्त प्रतिफलतर्फ नगद लाभाँश प्राप्त हुनासाथ बैंक दाखिला हुने गरेको देखिन्छ भने शेयर लाभाँशको हकमा संस्थानको साधारण सभाबाट घोषणा हुनासाथ महालेखा नियन्त्रक कार्यालयमा जानकारी गराई हिसाव मिलान गर्ने गरेको छैन । त्यसैगरी समय समयमा पूँजी संरचनामा हुने परिवर्तनको जानकारी महालेखा नियन्त्रक कार्यालयमा प्राप्त नहुँदा शेयर लगानीको यथार्थ विवरण प्रविष्ट हुनसकेको पाइएन ।

संस्थान तथा समितिहरूमा सरकारले ठूलो रकम लगानी गरेतापनि लगानी नीति तयार नहुँदा लगानीको प्राथमिकता, सदुपयोग, अनुगमन तथा मूल्याङ्कन, ऋण व्यवस्थापन, लगानीको हिसाब फरफारक, पूँजीकरण मोडल, लगानी प्रतिफलको सुनिश्चितता जस्ता विषयहरूमा अन्यौलता रहेको छ ।

सुझाउ - लगानी नीति तयार गरी सोमार्फत सार्वजनिक संस्थानको लगानीलाई व्यवस्थित गर्नुपर्दछ । आधारभूत, राष्ट्रिय प्रतिस्पर्धामा आउनसक्ने, अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्नसक्ने संस्थानहरूको वर्गीकरण गरी सोअनुरूपको लगानी नीति तयार गर्नुपर्दछ ।

१४. **वित्तीय अवस्था -** सञ्चालित ४४ संस्थानमध्ये २०७५/७६ मा २६ नाफामा, १३ नोक्सानमा र ५ बन्द भएका एवं कारोबार नभएको अवस्था छ । संस्थानको सञ्चालित नाफा गत वर्षको तुलनामा ३.८३ प्रतिशत ह्रास भईरु.९२ अर्ब २७ करोड १३ लाख रहेको छ । सञ्चित नोक्सानीतर्फ गत वर्षको तुलनामा २७.३३ प्रतिशतले घटी १८ संस्थानको रु.४० अर्ब ६० करोड २१ लाख पुगेको छ । क्षेत्रगत रूपमा २०७५/७६को वित्तीय अवस्था निम्नानुसार छ :

(रु.लाखमा)

क्षेत्र	सञ्चालन आय	प्रशासकीय खर्च	खुद नाफा/नोक्सान	सञ्चित नाफा/नोक्सान	डेब्ट इक्विटी अनुपात (प्रतिशत)
औद्योगिक	७४,२४४	९,४५८	(३,९३७)	(१,६२,५०५)	(९२.७८)
व्यापारिक	२५,९९,९२०	१८,०९९	९०,८७१	१,२१,०६५	०.९८
सेवा	२,५८,५२९	३८,२४४	२४,६९८	१,०७,५६०	२४.७६

सामाजिक	२२,४०८	११,६०१	(२,१०१)	(३२,५१८)	४०.१२
जनउपयोगी	१०,४०,८९२	१,०९,५७२	१,९६,१६९	३,५१,१८२	८२.१६
वित्तीय	७,०६,६३०	१,०७,७२२	१,८२,०४०	१,३१,९०८	०.७६

स्रोतः सार्वजनिक संस्थानको वार्षिक समीक्षा स्थिति, २०७७

१४.१ औद्योगिक क्षेत्रमा १० संस्थान रहेकोमा ५ सञ्चालनमा रहेका छैनन् । क्षेत्रगत रूपमा यस क्षेत्रको सञ्चित नोक्सानी सबैभन्दा उच्च रहेको छ । औद्योगिक क्षेत्रको कुल सञ्चित नोक्सानी रु.१६ अर्ब २५ करोड ५ लाख रहेको छ, जुन गत वर्षभन्दा ३९.३७ प्रतिशत वृद्धि भएको छ । नेपाल औषधि लिमिटेडमा २०७५/७६ मा रु.२ करोड ४५ लाख सञ्चालन आय भएकोमा रु.४ करोड ४७ लाख खर्च भएको देखिन्छ ।

१४.२ व्यापारिक क्षेत्रतर्फ नेपाल खाद्य संस्थानको सञ्चित नोक्सानी रु.१ खर्ब ११ करोड २० लाख रहेको छ भने अन्य ५ संस्थान नाफामा सञ्चालन भएको देखिन्छ । हालै उक्त संस्थान र नेशनल ट्रेडिङ्ग लिमिटेड आपसमा गाभिएर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड भएकोमा यसको सञ्चालनलाई परम्परागत रूपमा नै सञ्चालन गर्ने हो भने सञ्चालित नोक्सानीको मात्रा वर्षेनी बढ्दै जाने अवस्था छ ।

१४.३ सेवा क्षेत्रमा नेपाल कन्स्ट्रक्सन कम्पनी र नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लिमिटेड हाल बन्द रहेका छन् भने नेपाल पूर्वाधार कम्पनी लिमिटेड २०७६/७७ मा स्थापना भएको छ । राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास कम्पनी लिमिटेडको सञ्चालन आय रु.२७ लाख रहेकोमा प्रशासकीय खर्च रु.९९ लाख रहेको छ । नेपाल वायुसेवा निगमको २०७५/७६ मा रु.१ अर्ब ५६ करोड ५४ लाख नोक्सान भई सञ्चित नोक्सानी रु.५ अर्ब ५३ करोड ५२ लाख पुगेको छ । निगमको डेब्ट इक्विटी अनुपात १९०३.११ प्रतिशत रहेको छ । वित्तीय व्यवस्थापनका दृष्टिकोणले उच्च मात्रा डेब्ट इक्विटी अनुपात रहनु जोखिमपूर्ण मानिन्छ ।

नेपाल वायुसेवा निगममा नेपाल सरकारबाट शेयरमा रु.३७ करोड ९३ लाख लगानी रहेकोमा उक्त संस्थानले रु.१६ करोड २३ लाख लगानी र फरक रु. २१ करोड७० लाख नेपाल सरकारको लगानी भनी वासलातमा देखाएको छ । उक्त संस्थानको अधिकृत पूँजी नै रु.३५ करोड भएकोमा पूँजी वृद्धिको निर्णय समयमै नगर्दा पूँजी संरचना सही रूपमा प्रस्तुत गरेको देखिँदैन । आर्थिक विवरणहरूलाई सही र समुचित चित्रण गर्ने गरी प्रस्तुत गर्नेतर्फ संस्थानले पहल गरेको पाइएन ।

१४.४ सामाजिक क्षेत्र अन्तर्गतका ५ संस्थानमध्ये ४ संस्थान सञ्चित नोक्सानीमा सञ्चालित छन् । राष्ट्रिय आवास कम्पनी लिमिटेडको सञ्चित नाफा रु.५४ लाख मात्र रहेको छ । नेपाल टेलिभिजनको रु.१ अर्ब ४९ करोड ३३ लाख र जनक शिक्षा सामाग्री केन्द्र लिमिटेडको रु.१ अर्ब ५३ करोड ३७ लाख सञ्चित नोक्सानी रहेको छ ।

१४.५ जनउपयोगी क्षेत्रमा नेपाल विद्युत प्राधिकरणको २०७५/७६ मा रु.९ अर्ब ८१ करोड २५ लाख नाफा भएपनि सञ्चित नोक्सानी रु.१२ अर्ब २३ करोड ३९ लाख रहेको छ । त्यस्तै नेपाल खानेपानी संस्थानको रु.१ अर्ब ३७ करोड ७२ लाख रहेको छ । नेपाल खानेपानी संस्थानको डेव्ट इक्विटी अनुपात १५४९.३७ प्रतिशत ऋणात्मक रहेको छ । नेपाल दूरसञ्चार कम्पनी लिमिटेड सञ्चालन आय रु.३६ अर्ब ८६ करोड ७६ लाख रहेको छ, जुन गत वर्षभन्दा ५.५२ प्रतिशतले कम रहेको छ ।

१४.६ वित्तीय क्षेत्रमा ९ संस्थान रहेकोमा सबै संस्थान नाफामा रहेका छन् भने सञ्चित नाफा रु.१३ अर्ब १९ करोड ८ लाख रहेको छ । यस्ता संस्थानको कुल सञ्चालन आय रु.७० अर्ब ६६ करोड ३० लाख रहेको छ, जुन गतवर्षभन्दा २३.८९ प्रतिशत वृद्धि भएको छ ।

संस्थानहरूको सञ्चालन तथा व्यवस्थापन प्रभावकारी नहुँदा सञ्चित नोक्सानी बढ्दै गएको छ । जसले गर्दा राज्यको दायित्व थप भईरहेको छ । बजार माग र आवश्यकता बढी भएका संस्थानहरू नै नोक्सानी रहनु उचित देखिदैन । कतिपय संस्थानहरूको हिसाव र महालेखा नियन्त्रक कार्यालयको हिसाव मिलान भएको देखिदैन । त्यसैगरीमहालेखा नियन्त्रक कार्यालयले लगानीको हिसाव नगदमा आधारित लेखाप्रणालीमा राख्ने तर संस्थानहरूले प्रोदभावी लेखाप्रणालीमा हिसाव राख्दा भुक्तानीको दायित्व जोडी हिसाव राख्दा दुई पक्षबीच हिसाव फरक देखिन्छ । जसले गर्दा समग्र रूपमा संस्थानहरूको वित्तिय विवरण सही र समुचित भएको पाइएन ।

सुझाउ - संस्थानहरूले वित्तिय विवरण सही र यथार्थपरक रूपमा राख्नुपर्दछ। महालेखा नियन्त्रक कार्यालय, अर्थ मन्त्रालय तथा सम्बन्धित संस्थानबीच समन्वय र सहकार्य गरी हिसावलाई यथार्थपरक बनाउनुपर्दछ। संस्थानहरूको सञ्चित नोक्सानी थपिँदा सरकारलाई दायित्व समेत थप भईरहेको हुँदा उचित रणनीति र कार्यनीति सहित संस्थान सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ।

१५. **योगदान -** सार्वजनिक संस्थानहरूले कुल गार्हस्थ उत्पादन, आयकर, लाभाँश तथा रोजगारीमा योगदान पुऱ्याएको हुनुपर्दछ। नेपालका संस्थानको योगदान निम्नानुसार रहेको छ :

१५.१ कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक संस्थानको योगदान २०७५।७६ मा १३.६० प्रतिशत रहेको छ। जसमा व्यापारिक क्षेत्रको ७.५२ प्रतिशत, जनपयोगी क्षेत्रको ३.०१ प्रतिशत, वित्तीय क्षेत्रको २.०४ प्रतिशत, सेवा क्षेत्रको ०.७५ प्रतिशत, औद्योगिक क्षेत्रको ०.२१ प्रतिशत र सामाजिक संस्थानको ०.०६ प्रतिशत रहेको छ।

१५.२ आर्थिक वर्ष २०७५/७६ मा संस्थानको आयकरमा योगदान रु.१७ अर्ब ५७ करोड २७ लाख रहेको छ। कुल आयकरमा उक्त रकम ९.०४ प्रतिशत हुनआउँछ। यस वर्षको संस्थानहरूको आयकरको योगदान २०७४।७५ भन्दा २७.८४ प्रतिशतले वृद्धि भएको छ। आयकरतर्फ वित्तीय क्षेत्रको ३९.५१ प्रतिशत, जनोपयोगी क्षेत्रको ३४.३३ प्रतिशत, व्यापारिक क्षेत्रको १७.०१ प्रतिशत, सेवा क्षेत्रको ८.८२ प्रतिशत, सामाजिक क्षेत्रको ०.२४ प्रतिशत र औद्योगिक क्षेत्रको ०.०१ प्रतिशत योगदान रहेको छ। आयकर आम्दानीलाई अध्ययन गर्दा देहायका ५ संस्थानको योगदान ८०.८४ प्रतिशत रहेको छ।

क्र.सं.	संस्थान	आय कर (रु.लाखमा)
१.	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	५९५९४
२.	नेपाल आयल निगम	२९१८१
३.	रा.वा. बैंक	२२४६५
४.	नेपाल बैंक लिमिटेड	१५५०१
५.	कृषि विकास बैंक	१५३२४

१५.३ सार्वजनिक संस्थानहरूले रोजगारीको सिर्जना गरेका छन्। संस्थानहरूको ३ आर्थिक वर्षको कर्मचारीको विवरण निम्नानुसार छ :

क्षेत्र	२०७३/७४	२०७४/७५	२०७५/७६
औद्योगिक	२२४५	२१७२	४२२९
व्यापारिक	१५६८	१२९१	१४४२
सेवा	२५७६	२७५९	२९२६
सामाजिक	१३७३	१३८६	१२५९
जनोपयोगी	१३२३२	१३९८३	१३९८०
वित्तीय	७४११	६९३१	६९३३
जम्मा	**२८४०५**	**२८५२२**	**३०७६९**

उल्लिखित विवरणअनुसार २०७५/७६ मा सार्वजनिक संस्थानमा ३० हजार ७६९ कर्मचारी कार्यरत रहेको देखिन्छ। गत वर्षभन्दा यो वर्ष २ हजार २४७ कर्मचारी थप भएको देखिन्छ। क्षेत्रगत रूपमा हेर्दा सबैभन्दा बढी जनोपयोगी ५ संस्थानमा १३ हजार ९८० र सबैभन्दा कम सामाजिक ५ संस्थानमा १ हजार २५९ कर्मचारी कार्यरत रहेको देखिन्छ। नेपालको श्रम शक्ति सर्भेक्षण, २०१७/१८ अनुसार कुल रोजगारी ७० लाख ८६ रहेकोमा उल्लेख रहेकोमा संस्थानको कुल रोजगारीमा योगदान ०.४३ प्रतिशत मात्र रहेको देखिन्छ। सार्वजनिक संस्थानहरूले एकातर्फ न्यून मात्रामा रोजगारी सिर्जना गरेका छन् भने अर्कोतर्फ संस्थानहरूलाई आधुनिकीकरण गरी सूचना प्रविधिसँग आवद्ध गर्न सके उल्लिखित संख्याका कर्मचारीको समेत आवश्यकता पर्दैन। त्यसैगरी अप्रत्यक्ष रूपमा संस्थानहरूबाट रोजगारी प्राप्त गर्नेहरूको अध्ययन विश्लेषण गरिएको छैन। संस्थानहरूको कच्चा पदार्थ उत्पादन, वस्तु तथा सेवा प्रवाह, बजारीकरण आदिलाई विस्तार गरी सोअनुरूपको सरोकारवाला वा उत्पादक, वितरक, व्यापारिक सञ्जाल स्थापना गरी रोजगारीमा वृद्धि गर्न सोच संस्थानहरूले लिन सकेको पाइएन।

१५.४ वित्तीय क्षेत्रका ५ र जनोपयोगी १ गरी ६ संस्थान पूँजीबजारमा सूचीकृत भएकोमा २०७६ आषाढ मसान्तसम्म बजार पूँजीकरण रु.२ खर्ब ३६ अर्ब ९७ करोड ४३ लाख रहेको छ। कुल बजार पूँजीकरणमा संस्थानको बजार पूँजीकरण १५.१२ प्रतिशत रहेको छ। संस्थानको पूँजीकरण रकमको २०७५ र २०७६

आषाढ मसान्तको तुलना गर्दा, नेपाल दुरसञ्चार कम्पनी लिमिटेडको ३.८८ प्रतिशत ह्रास, कृषि विकास बैङ्कको ३८.०७ प्रतिशत वृद्धि, राष्ट्रिय बीमा कम्पनी लिमिटेडको १४.३९ प्रतिशत ह्रास, नागरिक लगानी कोषको १८.५४ प्रतिशत वृद्धि, जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको १४.२६ प्रतिशत वृद्धि रनेपाल बैङ्क लिमिटेडको १९.५७ प्रतिशत वृद्धि भएको छ । सूचीकृत संस्थानहरूको शेयर प्रमाण पत्रको अभौतिकीकरण (डिम्याट) गरेको पाइएन । सरकारी बैंकमा अन्तर्गत सञ्चालित मर्चेन्ट बैंक मार्फत शेयरहरूको अभौतिकरण र गैरसूचीकृत संस्थानहरूको शेयरको समेत व्यवस्थापन गराउन सकेको अवस्थामा लगानी हिसाव क्षेत्रगत रूपमा तुरुन्त प्राप्त गर्न सकिने देखिन्छ ।

१५.५ संस्थानमा भएको शेयर लगानीबाट सरकारलाई लाभाँश प्राप्त हुन्छ । संस्थानमा भएको शेयर लगानीबाट ५ वर्षमा प्राप्त गरेको लाभाँश रकम देहायनुसार रहेको छ :

क्षेत्र	लाभाँश (रु.लाखमा)				
	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६
औद्योगिक	–	–	–	–	–
व्यापारिक	–	–	१४५४	–	५६०५
सेवा	११	४२	८१	१६४३१	३८२३
सामाजिक	७१	–	–	–	–
जनोपयोगी	६४५०३	६८६२०	६९९९२	७५४८१	७५४८२
वित्तीय	–	९४५१	६२४२	७०३६	९७९९
जम्मा	**६४५८५**	**७८११४**	**७७७७०**	**९८९४८**	**९४७०९**
वार्षिक वृद्धि/ह्रास	(२.४२)	२०.९५	(०.४४)	२७.२३	(४.२८)

उल्लिखित तालिकाअनुसार २०७५/७६ मा रु.९ अर्ब ४७ करोड ९ लाख लाभाँश प्राप्त भएको छ । औद्योगिक क्षेत्रबाट ५ वर्षमा लाभाँश नै प्राप्त भएको छैन भने सामाजिक क्षेत्रबाट २०७१/७२ मा मात्र रु.७१ लाख र व्यापारिक क्षेत्रमा २०७३/७४ मा रु.१४ करोड ५४ लाख र २०७५/७६ मा रु.५६ लाख ५ हजार लाभाँश प्राप्त भएको छ । जनोपयोगी क्षेत्रबाट वार्षिक उच्चरूपमा लाभाँश प्राप्त भएको छ, जसमा २०७५/७६ मा रु.७ अर्ब ५४ करोड ८२ लाख प्राप्त भएको छ । उल्लिखित ५ वर्षमा प्राप्त लाभाँश रकमलाई अघिल्लो वर्षसँग तुलना गर्दा २०७१/७२ मा २.४२ प्रतिशतले ह्रास भएको, २०७२/७३ मा २०.९५प्रतिशतले वृद्धि भएको, २०७३/७४ मा ०.४४ प्रतिशतले ह्रास भएको, २०७४/७५ मा २७.२३प्रतिशतले वृद्धि भएको र २०७५/७६ मा ४.२८ प्रतिशतले ह्रास आएको देखिन्छ । तसर्थलाभाँश प्राप्ति वर्षेनी उतार चढाव भएको देखिन्छ । शेयर लगानीबाट प्राप्त लाभाँशलाई लगानीको अँशअनुसार नेपाल सरकारलाई समयमा नै बुझाएको देखिदैन । जसले गर्दा सरकारलाई प्राप्त हुने राजस्व रकम कम हुन गएको छ ।

सुझाउ - संस्थान सञ्चालन र व्यवस्थापनका लागि कार्ययोजना सहित सुधार गर्नुपर्ने देखिन्छ । वस्तु तथा सेवाको कच्चा पदार्थ उत्पादन देखि विक्री वितरण पश्चातसम्मका कार्यहरूलाई सञ्जालीकरण र प्रणालीवद्ध गरिनुपर्दछ ।

१६. **प्रशासनिक खर्च -** सार्वजनिक संस्थानहरू दक्षतापूर्वक मितव्ययिताका साथ सञ्चालन हुनुपर्दछ । नेपालका सार्वजनिक संस्थानहरूको प्रशासनिक खर्च वर्षेनी वृद्धि भएको देखिन्छ । विगत ५ वर्षको प्रशासनिक खर्च र कुल लागतमा सोको प्रतिशत देहायानुसार रहेको छ :

(रु.लाखमा)

क्षेत्र	खर्च	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६
औद्योगिक	प्रशासनिक खर्च	६२६५	५३२१	८३८३	७४०४	९४५८
	प्रतिशत (प्रशासनिक खर्च/कुल खर्च)	९	८	११	१०	१२
व्यापारिक	प्रशासनिक खर्च	१६९८२	१६३९७	३६६६१	१८१२९	१८०९९
	प्रतिशत (प्रशासनिक खर्च/कुल खर्च)	१	२	३	१	१
सेवा	प्रशासनिक खर्च	२३०१९	२२३३०	३७३४१	३७८४२	३८२४४
	प्रतिशत (प्रशासनिक खर्च/कुल खर्च)	२०	४३	३०	२८	१७
सामाजिक	प्रशासनिक खर्च	६५९५	७२६४	८४४२	१०२४०	११६०१
	प्रतिशत (प्रशासनिक खर्च/कुल खर्च)	४७	५०	४१	४९	५९

जनोपयोगी	प्रशासनिक खर्च	१००३५१	७३७५३	९४२६३	३८५८२	१०९५७२
	प्रतिशत (प्रशासनिक खर्च/कुल खर्च)	१६	१३	१३	१०	११
वित्तीय	प्रशासनिक खर्च	१०७०९१	१०८५३९	११७९४१	११००५१	१०७७२२
	प्रतिशत (प्रशासनिक खर्च/कुल खर्च)	४४	३८	३४	२९	२६

प्रशासनिक खर्च र कुल खर्चसँग सोको प्रतिशतको अध्ययन गर्दा व्यापारिक क्षेत्रमा सबैभन्दा कम औषतमा १.६ प्रतिशत खर्च भएको देखिन्छ भने सामाजिक क्षेत्रमा सबैभन्दा धेरै औषतमा ४९ प्रतिशत रहेको छ ।तत्पश्चात वित्तीय क्षेत्रमा औषतमा ३४ प्रतिशत प्रशासनिक खर्च भएको छ । प्रशासनिक खर्चमा प्रमुख हिस्सा कर्मचारीको तलव भत्ता तथा सुविधामा खर्च भएको छ । सामाजिक संस्थानतर्फ सांस्कृतिक संस्थानमा ५९, गोरखापत्र संस्थानमा ४५९, जनकशिक्षा सामग्री केन्द्र लिमिटेडमा ४५७, नेपाल टेलिभिजनमा ४२० र राष्ट्रिय आवास कम्पनीमा ८६ कर्मचारी कार्यरत रहेका छन् । त्यसैगरी वित्तीय क्षेत्रमा नेपाल बैङ्क लिमिटेडमा २३१७, कृषि विकास बैङ्कमा २१०८ र राष्ट्रिय वाणिज्य बैङ्कमा २१०४ कर्मचारी कार्यरत रहेका छन् । उल्लिखित संस्थानहरूले नयाँ प्रविधि, सूचना प्रविधि, अत्याधुनिक मेशीनको प्रयोग मार्फत कर्मचारी कटौतीमा ध्यान दिन सकेको पाइएन । त्यसैगरी प्रशासनिक खर्च कम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत बनाउने तथा सेवा सुविधालाई वस्तुनिष्ठ र एकरूपता कायम गर्नेतर्फ पहल भएको पाइएन । जसले एकातर्फ सञ्चालन लागतमा वृद्धि भएको छ भने अर्कोतर्फ आर्जन हुने नाफाको मात्रामा कमी हुन गएको छ ।

सुझाउ - संस्थान सञ्चालन र व्यवस्थापनमा नयाँ प्रविधि, व्यवस्थापन सूचना प्रणाली, अत्याधुनिक मेशीन उपकरणको प्रयोग गरी आवश्यक संख्यामा मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ । मजबुत आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुका साथै कर्मचारी सेवा सुविधामा समेत पुनरावलोकन गर्नुपर्दछ ।

१७. **वित्तीय उत्तरदायित्व -** सार्वजनिक संस्थानहरूले वित्तीय उत्तरदायित्वको पालना गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

१७.१ सञ्चालित संस्थानमध्ये २७ ले २०७५/७६ सम्मको, ९ ले २०७४/७५ सम्मको, १ ले २०७३/७४ सम्मको लेखापरीक्षण गराएका छन् । खानेपानी संस्थान, राष्ट्रिय बिमा संस्थान (जीवन), राष्ट्रिय बीमा कम्पनी, नेपाल ओरियण्ड म्याग्नासाइट प्राइभेट लिमिटेडले लामो समयदेखि लेखापरीक्षण गराएका छैनन् । समयमा लेखापरीक्षण नगर्दा संस्थानको वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिता माथि प्रश्न उठ्ने गरेको छ ।

१७.२ संस्थानहरूको कोषमा व्यवस्था नगरिएको दायित्व वर्षेनी बढ्दै गई २०७५/७६ मा रु.४८ अर्ब ५१ करोड ९९ लाख पुगेको छ । २०७१/७२ मा रु.२५ अर्ब ८० करोड ६८ लाख गरेको दायित्व ५ वर्षको अवधिमा ८८ प्रतिशत वृद्धि भएको छ । कतिपय संस्थानहरूले यस्तो दायित्वको सम्भावित रकमको यकिन गरेका छैनन् । दायित्व भुक्तानीको लागि कोषको व्यवस्था नहुँदा भविष्यमा यस्तो दायित्व भुक्तानी गर्न समस्या पर्ने देखिन्छ ।

१७.३ सबै संस्थानमा नेपाल वित्तीय प्रतिवेदनमानहरू २०७३/७४ देखि लागू भएतापनि नेपाल आयल निगम लिमिटेड लगायत केही संस्थानहरूले सोअनुरूप नेपाल वित्तीय प्रतिवेदनमानहरूको आधारमा आर्थिक विवरण तयार गरेका छैनन् । त्यसैगरी नेपाल सरकारले १६ जुलाई २०१६ देखि सबै सार्वजनिक संस्थानहरूमा नेपाल वित्तीय प्रतिवेदनमान लागू गर्ने निणर्य भएकोमा नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति तथा तिर्नुपर्ने दायित्व स्पष्ट रूपमा खुल्ने गरी वित्तीय विवरण तयार गरेको छैन । जसले गर्दा वित्तीय विवरणले पूर्णता प्राप्त गरेको देखिएन ।

सुझाउ - संस्थानहरूले आर्थिक अनुशासन तथा नियन्त्रण, पारदर्शिता र वित्तीय जवाफदेहिताको सुनिश्चितता गर्नुपर्दछ । सरकारलाई दायित्व थप गर्नेभन्दा सहयोगीको रूपमा कार्य गर्नुपर्दछ ।

१८. **पुनर्संरचना -** देशको बदलिदो शासन संरचनाअनुसार सार्वजनिक संस्थानको उद्देश्य, कार्यक्षेत्र र कार्यप्रकृति अनुसार संघ, प्रदेश र स्थानीय तहमा रहने गरी पुनर्संरचना गर्नुपर्दछ ।साना तथा मझौला प्रकृतिका तथा कृषि तथा जडीबुटीसँग सम्बन्धित जस्तैः दुग्ध विकास संस्थान, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, राष्ट्रिय बीउ वीजन कम्पनी लिमिटेड, खानेपानी संस्थानआदि संस्थानलाई सञ्चालन सहजताका हिसावले प्रदेश तथा स्थानीय तह मातहत सञ्चालन गर्न सकिन्छ । कच्चा पदार्थ उत्पादन तथा रोजगारी सिर्जना गर्न तथा स्थानीय तहको आयस्रोतको दिगोपनाको लागि समेत तल्लो तहमा हस्तान्तरण गर्न मिल्ने

संस्थानहरूबारे बिचार गरी पुनर्संरचना गर्नुपर्दछ । यसको लागि कानुन तयार गरी आवश्यक विषयहरूमा प्रष्टता ल्याउनुपर्दछ ।

त्यसैगरी संविधान तथा आवधिक योजनाले सम्भावित क्षेत्र तथा कार्यसञ्चालनमा सार्वजनिक निजी साझेदारीमा जोड दिने उल्लेख गरेका छन् । नेपालको संस्थान सञ्चालनमा सार्वजनिक निजी साझेदारी विधिको उपयोग गर्नसकेको देखिँदैन । निजी क्षेत्रको पूँजी, प्रविधि र व्यवस्थापन पद्धतिको उपयोगको लागि सम्भावित संस्थानलाई सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्न सकिन्छ । रघुपति जुट मिल, सिमेन्ट उद्योगहरू, रबर उद्योग, नेपाल ओरियण्ड म्यानासाइट, साझा यातायात, नेपाल फोहोरमैला प्रवन्ध तथा स्रोत परिचालन केन्द्र, पारवाहन तथा गोदाम, नेपाल सिपिङ्ग कर्पोरेसनजस्ता संस्थानहरूलाई सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्न सकिन्छ । किनकी यस्ता संस्थानको सञ्चालनमा निजी क्षेत्रको पूँजी, प्रविधि,अनुभव र संलग्नता सार्थक देखिन्छ ।

सुझाउ -संघीय शासन व्यवस्थाअनुरूप संस्थानहरू विभिन्न तहमा हस्तान्तरण गरी सोको पुनः संरचना गर्नुपर्दछ । निजी क्षेत्रको लगानी र व्यवस्थापनको लाभ लिनको लागि उपयुक्त देखिएका संस्थानहरू सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्नुपर्दछ ।

१९. **गाभ्ने वा मिलाउने -** एकै प्रकृतिका कार्य गर्ने वा एक अर्कासँग सम्बन्धित संस्थानहरूलाई गाभ्ने वा मिलाउने कार्य गर्नुपर्दछ । संस्थानहरू गाभ्दा प्रशासनिक खर्च लगायत तत्पश्चातको संस्थानको क्षमता, उत्पादन, वस्तु विकास, बजार विस्तार, बजारीकरण लगायतका विषयमा अध्ययन गर्नुपर्दछ । उदाहरणको रूपमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड र नेपाल औषधी लिमिटेडलाई, कृषि सामग्री संस्थान र राष्ट्रिय बीउ वीजन कम्पनी लिमिटेडलाई, उदयपुर तथा हेटौडा सिमेन्ट उद्योगलाई, मुद्रण विभाग र जनक शिक्षा सामग्री केन्द्रलाई, नेपाल मेटल कम्पनी लिमिटेड र नेपाल ढलौट उद्योगलाई एक आपसमा गाभ्न सकिन्छ । यसबाट जनशक्ति व्यवस्थापन गर्न सजिलो हुने, समिति, बोर्ड तथा व्यवस्थापनका कर्मचारीमा कटौती भई मितव्ययिता कायम हुने तथा कच्चापदार्थको उपलब्धतामा सहजता हुने तथावस्तु तथा सेवाको बजार विस्तारमा समेत सहयोग हुने हुँदा संस्थानको दक्षतापूर्वक सञ्चालन हुने देखिन्छ ।

सुझाउ - कार्यप्रकृति सुहाउँदो र एक आपसमा अन्तरसम्बन्धित संस्थानहरूलाई गाभ्ने वा मिलाउनेतर्फ सरकारले अध्ययन गरी टुँगो लगाउनुपर्दछ ।

२०. **सरकारको हस्तक्षेप -** आधारभूत वस्तु तथा सेवाको सर्वशुलभ र सहज आपूर्ति व्यवस्थापनको लागि सार्वजनिक संस्थानहरूको भूमिका महत्वपूर्ण हुन्छ । महाभूकम्प, नाकाबन्दी तथा कोरोना संक्रमणका समयमा केही सार्वजनिक संस्थानहरूले निर्वाह गरेको भूमिकाले संस्थानको औचित्य र अपरिहार्यतालाई थप उजागर गरेको छ। विषम परिस्थितिमा दि टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेड,खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, दुग्ध विकास संस्थान, नेपाल आयल निगम, नेपाल वायु सेवा निगम, नेपाल टेलिभिजन आदिले खेलेको भूमिका महत्वपूर्ण रहेको छ ।बजार, माग, व्यावसायिक दायराबाट अध्ययन गर्दा सबै संस्थानहरूको आ-आफ्नै अवशिष्ट विशेषता रहेका छन् । विस्तृत अध्ययन गरी सञ्चालन र व्यवस्थापनको उपयुक्त विधि तथा प्रणाली स्थापित गर्न नसक्दा संस्थानहरूको कार्यसम्पादन कमजोर हुन पुगेको छ । यसको लागि आवश्यकतामा आधारित रही संस्थान सञ्चालनमा सरकारले सकारात्मक रूपमा हस्तक्षेप गरेको देखिदैन ।

सुझाउ -बजारको सम्भावना रहेका, जनताको आर्थिक सामाजिक सुधारमा सघाउ पुग्ने, निजी एकाधिकारलाई कम गर्ने खालका बन्द अवस्थामा वा सञ्चालन प्रभावकारी नभएको उद्योगहरूको सञ्चालनको लागि सरकारले सकारात्मक हस्तक्षेप गर्नुपर्दछ ।

२१. **क्षेत्र विभाजन -**संस्थानहरूलाई हाल ६ क्षेत्रमा विभाजन गरी सोअनुरूप सञ्चालन तथा व्यवस्थापन गरिएको छ । संस्थानको कार्य प्रकृतिअनुरूप क्षेत्र विभाजन भएको देखिदैन । जसले गर्दा क्षेत्रगत वर्गीकरणमा नै स्पष्टता रहेको छैन । उदाहरणको रूपमा नेपाल वायुसेवा निगमले अन्य निजी हवाई कम्पनीसँग प्रतिस्पर्धा गर्दै व्यावसायिक सेवा प्रदान गर्नुपर्दछ । तर वर्गीकरणमा उक्त निगमलाई सेवा क्षेत्रमा राखिएको छ । त्यसैगरी जनक शिक्षा सामग्री केन्द्रले पाठ्यसामग्री छपाई गरी विक्री वितरण गर्ने जस्तो व्यावसायिक कार्य गर्ने संस्थानलाई सामाजिक क्षेत्रमा वर्गीकरण गरिएको छ । संस्थानको स्थापनाको सोच र हालको बदलिदो परिवेश, कार्यप्रकृति, बजार व्यवस्थापन, प्रतिस्पर्धात्मक लाभ, तुलनात्मक लाभ आदिलाई अध्ययन गरी

यस्तो वर्गीकरणमा परिमार्जन गरेको देखिँदैन । स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको सम्भावनालाई समेत मध्यनजर गरी सोअनुरूपको वर्गीकरण गर्नुपर्दछ । जसले गर्दा बदलिँदो परिवेशअनुसार व्यावसायिक रूपमा सञ्चालन हुनुपर्ने संस्थानहरू पनि सोअनुरूप सञ्चालन हुन नसक्दा तिनीहरूको कार्यक्षमता र प्रभावकारितामा प्रश्न उठ्ने गरेको छ ।

सुझाउ - संस्थानहरूको क्षेत्रगत विभाजनमा पुनरावलोकन गरी सोअनुरूप सञ्चालन र व्यवस्थापनको उपयुक्त रणनीति तयार गरी कार्यसम्पादन गर्नुपर्दछ ।

२२. **सम्पत्ति व्यवस्थापन -** आफ्नो मातहतको सम्पत्तिको सुरक्षा गर्नु संस्थानहरूको जिम्मेवारी हो । यद्यपि कतिपय संस्थानको सम्पत्ति विशेषतः जग्गा, भवन तथा संरचना, मेशिन, उपकरण, इक्वीपमेन्ट, प्लान्ट आदिकोव्यवस्थापन गर्न सकेको देखिँदैन । संस्थानमा मातहत रहेका सम्पत्तिको अभिलेख चुस्त दुरुस्त रहेको छैन । कतिपय संस्थानको जग्गा तथा भवन अतिक्रमण भएको देखिन्छ । विघटन, बन्द तथा खारेज भएका संस्थानहरूको जग्गा, भवन, उपकरणहरूको संरक्षण हुनसकेको छैन । कृषि औजार कम्पनी, बिराटनगर जुटमिल, हेटौडा कपडा उद्योग, बुटवल धागो कारखानामा नेपाल सशस्त्र प्रहरी बलले कार्यालय सञ्चालन गरेका छन् । वीरगञ्ज चिनी कारखानाको भवनमा सशस्त्र प्रहरी बल र उच्च अदालत जनकपुरको अस्थायी इजलास सञ्चालनमा रहेको छ । त्यहाँ रहेका उपकरण तथा मेशिनरीहरूको उपयोग तथा सुरक्षाको यथोचित व्यवस्थापन गर्नसकेको छैन । त्यसैगरी निजीकरण भएको भक्तपुर इँटा टायल कारखानाको जग्गालाई कारखाना सँगैका जग्गाधनीले बाटो प्रयोजनार्थ अतिक्रमण गरि उपयोग भै रहेको छ । त्यस्तै हरिसिद्धि इँटा टायल कारखानाको जग्गा निजीकरणको उद्देश्य विपरीत गई विभिन्न व्यक्ति संस्थालाई उपलब्ध गराएको भनी स्थानीय जनताबाट बिरोध भएको अवस्था छ ।यसैगरी बिराटनगर जुट मिलको जग्गा, काठ आदि बिक्री गरेको विषयमा मिडियामा प्रकाशन भएको छ । जनकपुर चुरोट कारखानको जग्गा तथा भवन २१ स्थानमा रहेकोमा सबै जग्गा र भवनको संरक्षण गर्न सकेको छैन । संस्थानगत तथा संस्थानको सम्पत्तिको एकीकृत विवरण नहुँदा तथा सम्पत्ति व्यवस्थापनको रणनीति तयार नगरिदाँ समस्या देखिएको छ ।

सुझाउ - सम्पत्तिको अभिलेखको लागि व्यवस्थापन सूचना प्रणाली तयार गर्नुपर्दछ । अतिक्रमित तथा दुरूपयोग भएका र हुनसक्ने सम्पत्तिको संरक्षण तथा उपयोग गर्नेगरी कार्यनीति तयार गर्नुपर्दछ ।

२३. **व्यावसायिक योजना तथा रणनीति -** सार्वजनिक संस्थानहरूले व्यावसायिक योजना तथा रणनीति तयार गरी दिगो सञ्चालन तथा सेवाको व्यवस्था गर्नुपर्दछ । नेपालका संस्थानहरूले यस्तो योजना तथा रणनीति तयार गरी सञ्चालन गरेको देखिँदैन । अधिकाँश संस्थानहरू परम्परागत तवरले सञ्चालन भएका छन् । व्यावसायिक योजना नहुँदा प्रचुर सम्भावना भएका तथा आन्तरिक बजार ओगटी आयात प्रतिस्थापन गर्न नसकेको केही उदाहरण देहायबमोजिम छ :

२३.१ नेपाल वन निगम लिमिटेड व्यावसायिक रूपमा सञ्चालन हुन नसकेकोले भारत, मलेशिया, इन्डोनेसिया, श्रीलङ्का लगायतका देशबाट काठ र फर्निचर आयात वर्षेनी बढ्दो क्रममा रहेको छ । वन तथा भूसंरक्षण विभागले २०७१/७२ देखि २०७४/७५ सम्म ३ वर्षमा २२ लाख ७५ हजार क्यूफिट काठ आयात गरेको जनाए तापनि भन्सार विभागको आँशिकुडा अभिलेखले सो अवधिमा ५६ लाख ६४ हजार ११७ क्यूफिट काठ आयात भएको देखिन्छ । आयातित काठको मूल्य रु.४ अर्ब ६५ करोड ७१ लाख र विभिन्न देशबाट आयात गरिएको तयारी फर्निचरको मूल्य रु.३ अर्ब २६ करोड ३८ लाख समेत रु.७ अर्ब ९२ करोड ९ लाख बराबरको विदेशी मुद्रा भुक्तानी भएको छ । जसले गर्दा देशभित्रको काठको उपयोग भएको छैन भने आयातले गर्दा व्यापार सन्तुलनमा समेत नकारात्मक असर परेको छ ।

२३.२ राष्ट्रिय बीउ वीजन कम्पनी लिमिटेडले प्रभावकारी रूपमा कार्य गर्न नसक्दा कृषकहरूले सहज रूपमा बीउ वीजन प्राप्त गर्नसकेका छैनन् भने २०७१।७२ देखि २०७४/७५ सम्म धान, मकै, तरकारी रतेलबालीको १३ हजार ५०५ मेट्रिक टन बीउ आयात गरी रु.८ अर्ब ७७ करोड ३७ लाख खर्च भएको छ ।

२३.३ औषधि र औषधिजन्य सामग्रीमा उपभोक्तामाझ राम्रो छाप छोड्न सफल रहेको नेपाल औषधि लिमिटेड सञ्चालनको लागि सरकारको सहयोगमा निर्भर रहेको छ । नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कअनुसार २०७३/६४ देखि २०७५/७६ सम्म ३ आर्थिक वर्षमा भारत, चीन र अन्य राष्ट्रबाट रु.८८ अर्ब ३० करोडको औषधि र रु.२५ अर्ब ३८ करोडकोऔषधिजन्य सामग्री, उपकरण र औजार आयात भएको छ ।

२३.४ देशभित्र सवारीसाधनको संख्या वर्षेनी बढ्दो क्रममा रहेका छ । तर दक्षिण एशिया मै राम्रो रबर उद्योगको रूपमा रहेको नेपालको गोरखकाली रबर उद्योग लिमिटेड बन्द अवस्थामा रहँदा नेपाल राष्ट्र बैङ्कको तथ्याङ्कअनुसार २०७३/७४ देखि २०७५/७६ सम्म ३ आर्थिक वर्षमा मात्र रु.२५ अर्ब ३२ करोडको रबर, टायर, ट्यूब तथा प्लेप्स भारत, चीन र अन्य राष्ट्रबाट आयात भएको देखिन्छ ।

व्यावसायिक योजना नहुँदा वस्तु तथा सेवा विकास, विस्तार, विक्री वितरण, बजारीकरण लगायतका विषयमा स्पष्टता रहेको छैन भने केही संस्थान सञ्चालन मात्र हुँदा प्रशासनिक खर्चमा वृद्धि भई सरकारका लागि बोझमात्र बन्न पुगेका छन् ।

सुझाउ - प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभ लिन तथा आयात प्रतिस्थापन गर्न सार्वजनिक संस्थानले व्यावसायिक योजना तथा रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्दछ । व्यापारिक प्रकृतिका संस्थानले प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभ लिनको लागि निजी क्षेत्रले अवलम्बन गर्ने विधिहरू जस्तैः कमिशन र छुट दिने, एजेन्टहरू नियुक्त गरी व्यापार विस्तार गर्ने, देशका विभिन्न स्थानमा थोक विक्रेता नियुक्त गर्ने कार्य गर्नुपर्दछ ।

२४. **निष्कर्ष -** सरकारको भूमिकामा आएको परिवर्तनसँगै सार्वजनिक संस्थानको सञ्चालन र व्यवस्थापनमा पनि फरक फरक दृष्टिकोणअनुरूप अभ्यास भईरहेको पाईन्छ । उपयुक्त सञ्चालन मोडल नहुनु, एकीकृत ऐन तयार नगरिनु, लगानी नीति नहुनु, शेयर र ऋण लगानीमा वृद्धि भए तापनि सोअनुरूप प्रतिफल प्राप्त नहुनु, संस्थानको प्रशासनिक खर्चको लागि ऋण लगानी गरिनु, सञ्चालनको लागि रणनीति तथा कार्ययोजना तयार नगर्नु, गाभ्न र मिलाउन सकिने संस्थानहरू पनि भिन्ना भिन्नै सञ्चालन हुँदा कार्यदक्षतापूर्ण सञ्चालन नहुनु जस्ता समस्या देखिएका छन् । यस्ता समस्याको लागि सञ्चालन मोडलमा स्पष्टता ल्याउने, एकीकृत ऐन तथा लगानी नीति ल्याई सोअनुरूप कार्यसञ्चालन गर्ने, संस्थानहरूको पुनःसंरचना गर्ने,व्यावसायिकता वृद्धिका लागि व्यवसायीक योजना तयार गर्ने, कार्यप्रकृतिअनुसार संस्थानहरूलाई एक आपसमा गाभ्ने लगायतका कार्य गरी संस्थान सञ्चालनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

कर निर्धारण र असुली व्यबस्था
परिचय

१. **पृष्ठभूमि** – नेपालको संविधानमा उल्लेख भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीतिको कार्यान्वयन गर्न, मुलुकको विकास र समृद्धिको लागि स्रोत व्यवस्थापन र वैदेशिक सहायतामाथिको निर्भरता कम गर्न राजश्व परिचालन महत्वपुर्ण हुन्छ। पन्ध्रौ पञ्चवर्षिय योजना अनुसार विगत १० वर्षमा राजश्वको औषत बृद्धिदर १९.२ प्रतिशत र आ.ब. २०७५।७६ मा कुल ग्राहस्थ उत्पादनको अनुपातमा २४.८ प्रतिशत पुगेको छ । संघीय प्रणली अनुरूप सार्वजनिक वित्त संरचना सुदृढ गरी लगानी, व्यवसाय र करदातामैत्री कर प्रशासन मार्फत उत्पादन बृद्धिलाई सहयोग पुर्‍याउँदै अधिकत्तम राजश्व परिचालन आजको आवश्यकता हो । कर प्रशासनलाई करदातामैत्री र प्रविधिसम्पन्न बनाई स्वचालित रूपमा कर निर्धारण र राजश्व असुली मार्फत राजश्व प्रशासनको प्रभावकारिता अभिबृद्धि गर्नुपर्दछ । विश्वका अतिकम विकसित राष्ट्र मध्येको मुलुक नेपालमा दिगो विकास लक्ष्यको प्राप्ती साथै सन् २०२२ सम्म अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती गर्ने लक्ष्य पुरा गर्नका लागि आन्तरिक राजश्वको परिचालन अभिबृद्धिमा कर निर्धारण र असुली व्यवस्थाको महत्वपुर्ण भुमिका रहन्छ । कर प्रणालीमा सुधार गरी कर परिपालनमा देखिएको अन्तरमा कमी ल्याउनु, कर संकलन लागत घटाउँदै कर कानुनको पुर्ण पालना गुर्नु गराउनु, कर प्रशासनमा व्यवसायिकता, पारदर्शिता, र सदाचारिता अभिबृद्धि गर्नु साथै राजश्व चुहावट लाई न्यूनीकरण गरी अनौपचारिक अर्थतन्त्रको हिस्सा कम गर्नु वर्तमान कर प्रशासनको प्रमुख चुनौती रहेको देखिन्छ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)
- कर नीति तर्जुमा र सुधार,
- वास्तविक र उचित कर निर्धारण र चुस्त असुली,
- करदाता शिक्षा तथा कर सहभागिता,
- सूचना प्रविधि व्यवस्थापन,

वर्तमानको करप्रशासन राजश्वमा अभिवृद्धि, मितव्ययी र प्रभावकारी खर्च व्यवस्थापन, न्यायोचित कर निर्धारण, प्रभावकारी असुली र अनौपचारिक अर्थतन्त्र नियन्त्रणतर्फ लक्षित हुनुपर्दछ। प्रत्यक्ष तथा अप्रत्यक्ष करहरूका आन्तरिक कर नीति निर्माण र ती कर नीतिको कार्यान्वयन, प्रशासन तथा अनुगमनबाट कराधारलाई फराकिलो र दिगो बनाउने विभिन्न कार्यका लागि आन्तरिक राजश्व विभागले मातहतका विभिन्न कार्यालयहरू मार्फत कर प्रशासनको व्यवस्थापन एवं सञ्चालन गर्दैआएको छ । करदातालाई सुलभ, सहज र स्तरीय सेवा प्रदान गर्न विद्युतीय प्रणालीको अधिकतम प्रयोग गरी कर प्रशासन र करदाता बीचको प्रत्यक्ष सम्पर्क कम गर्दै जाने नीतिगत तथा कार्यपद्धतीमा क्रमशः सुधार गर्दै जानुपर्ने देखिन्छ । अनुसन्धान तथा सूचनामा आधारित कर नीतिको तर्जुमा तथा कार्यान्वयन, करदाताको आवश्यकतामा आधारित करदाता शिक्षा तथा करसहभागितामा प्रोत्साहन, सूचना प्रविधिमा आधारित सरल करदाता सेवा,वैज्ञानिक र विश्लेषणमा आधारित कर्राजस्वको प्रक्षेपण, कर्राजस्वको लक्ष्य करदाताको आम्दानी र कर दायित्व वहन गर्ने क्षमताको आधारमा तोक्न, कारोवारको जोखिम र अनौपचारीक अर्थतन्त्रलाई नियन्त्रणमा आधारित चुस्त र न्यायोचित करपरीक्षण एवं अनुसन्धान प्रणालीको व्यवस्थापन गर्नर कर कानुनहरूका प्रभावकारी एवं कुशल कार्यान्वयन गर्न तथा चुस्त अनुगमन सम्यन्त्रको स्थापना गर्न आन्तरिक राजस्व विभाग २०५८ श्रावण १मागठन भई कार्य गर्दै आएको छ।

२. **उद्देश्य** – सक्षम र प्रभावकारी कर प्रणालीको प्रबर्द्धन गर्दै अनौपचारीक अर्थतन्त्रमा न्यूनिकरण गर्नु नै विभागको प्रमुख उद्देश्य रहेको छ। आन्तरिक राजस्वको हिस्सालाई सुदृढ गर्दै हालको आयातमा आधारित राजश्वको निर्भरतामा क्रमशःकमिल्याई स्वास्थ्य अर्थतन्त्रतर्फ उन्मुख रहदै वित्तीय स्रोतको मितव्ययी र प्रभावकारी कार्यान्वयन गरी समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुर्‍याउने लगायतका उद्देश्य प्राप्तिका लागि विभाग र मातहतका निकायहरू मार्फत आफ्ना नीति र क्रियाकलापहरू कार्यान्वयन भैरहेका छन् ।

३. **सागठनिक व्यवस्था** – आन्तरिक राजस्व विभागको कार्यक्षेत्र अन्तर्गत कर प्रशासन, राजस्व परिचालन, कर सुधार, कर नीति, करदाता सेवा र शिक्षा, अनुसन्धान र विकास, सूचना प्रविधि व्यवस्थापन, संगठन तथा जनशक्ति व्यवस्थापन, स्रोत साधन व्यवस्थापन आदि रहेको छ। आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क र

अन्य करहरूको प्रभावकारी कार्यान्वयनका लागि विभाग मातहत ठूला करदाता कार्यालय १, मध्यमस्तरीय करदाता कार्यालय १, आन्तरिक राजस्व कार्यालय ३८ र करदाता सेवा कार्यालय १९ रहेका छन् । राजस्वका नीति कार्यान्वयन गर्ने, करनीतिकोचुस्त कार्यान्वयन र कर प्रशासनले विभिन्न नियन्त्रणकारी भूमिका अन्तरगत अनुगमन रनिश्चित प्रतिशतमा कर परीक्षण,कर निर्धारण,अनुसन्धानको माध्यमले नियमन गरी राजस्व संकलन र स्वाथ्य अर्थत्रन्त्र स्थापना गर्न योगदान गर्ने गरेको छ । कर परीक्षण कर तथा अनुसन्धानात्मक परीक्षणका लागि करदाता सेवा कार्यालय बाहेकका सम्पूर्ण निकाय संलग्न रहेका छन् ।

४. **कार्यसम्पादनका प्रमुख व्यवस्था** - सबै आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने,आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्ने, करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी करप्रणालीलाई थप प्रगतिशील र समन्यासयक बनाउने रकरदाता सेवामा दक्षता, व्यवसायिक, स्वच्छता एवं सुदृढ कर प्रशासनको सुनिश्चितता गर्ने राजश्व प्रशासनको प्रमुख कार्य हुन् । आन्तरिक राजश्व विभागले कार्यान्वयनमा ल्याएको दोस्रो रणनीतिक योजना (२०१८।१९- २०२२।२३) ले ५ प्रतिशत करदाताको कर परीक्षण गरिने भनी कर परिक्षण तथा कर निर्धारणको सूचक तोकेको छ । सोहि सूचक बमोजिम विभागले कर परीक्षण तथा अनुसन्धानको लक्ष्य तय गरी विभागमा रहेको रिस्क इन्जिनको आधारमा ७० प्रतिशत छनौट गर्ने र आन्तरिक राजश्व कार्यालयहरूले ३० प्रतिशत करदाता छनौट गरी कर परीक्षण तथा अनुषन्धान गरी कर निर्धारण गर्ने कार्यप्रक्रिया रहेको छ ।

५. **नीतिगत व्यवस्था**– आन्तरिक राजस्व विभागको आन्तरिक राजस्व परिचालन,व्यावसायिक सेवा, नवीन सोंच र आर्थिक वृद्धिका लागि सबल संगठन निर्माण गर्ने सोच रहेकोछ । त्यस्तै स्वेच्छिक कर सहभागिताको लागि गुणस्तरीय सेवाको प्रत्याभूति गर्ने, स्वच्छतापूर्वक कर कानुनको कार्यान्वयन गर्ने गन्तव्य रहेको छ भने सक्षम एवं प्रभावकारी कर प्रणालीको प्रबर्द्धन गर्ने उद्देश्य रहेको छ ।

५.१. **आवधिक योजनाका मुख्य व्यहोरा** – चौधौ योजना (२०७३।७४–२०७५।७६) ले आन्तरिक स्रोतको महत्वपूर्ण हिस्सा ओगटेको राजस्वको परिचालनलाई दिगो बनाई वित्त संरचनालाई सुदृढ बनाउनेतर्फ राजस्व नीति केन्द्रित हुने, आन्तरिक स्रोतको परिचालनबाट वित्तीय सबलीकरण र आर्थिक स्थायित्व, सावंजनिक वित्त संरचनामा मूल्य अभिवृद्धि कर, आयकर र अन्तशुल्क लगायतका आन्तरिक राजस्वको योगदान बढाइ सार्वजनिक विकास खर्चको ठूलो हिस्सा राजस्व बचतबाट पूर्ति मै स्वच्छ, तटस्थ एवम पारदर्शी कर प्रणालीको विकास र स्वेच्छिक कर सहभागिताबाट कुल ग्राहस्थ उत्पादनसंग कर राजस्वको अनुपात बढाउदै संघीय संरचनाअनुसार राजस्व संरचनाको निर्माण गनें लक्ष्य रहेको छ । सोको लागि रणनीति तथा कार्यनीतिगत व्यवस्था निम्न छन् ।

रणनीति – संघीय वित्तलाई आर्थिक समृद्धिको मूल आधार बनाउने, राष्ट्रिय कराधारको संरक्षण गरी करका आधार र दायरा विस्तार गर्ने, करका दरहरूलाई प्रतिस्पर्धी एवं समन्यायिक बनाउने, संघीय संरचना अनुकूल कर तथा गैरकरका क्षेत्रहरूको पुनरावलोकन तथा बाँडफाँड गर्ने रणनीति रहेको छ ।

कार्यनीति – राजस्वको आधार फराकिलो तुल्याउन सबै प्रकारका आर्थिक कारोबारलाई लेखांकित गर्ने, आन्तरिक राजस्वलाई राष्ट्रिय अर्थतन्त्र निर्माणकोआधार बनाइने, कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाइने,आर्थिक पारदर्शिता ल्याउने गरी कर प्रणालीलाई स्वच्छ रतटस्थ बनाइने, करको जोखिम व्यवस्थापन गर्न कर प्रशासनको सबलीकरण गरिने, कर विवादको निरूपणका लागि स्थायी संस्थागत संयन्त्र निर्माण गरिने, संस्थागत करको दर र भन्सार दरलाईक्रमशः घटाउँदै लगिने, सबै किसिमका कर सम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत पेश गर्ने व्यवस्था मिलाइने, राजस्व चुहावट तथा विदेशी मुद्रा अपचलनको नियन्त्रणका लागि जोखिम परिसूचकहरू निर्माण गरिने, राजस्व सङ्कलनका तुलनात्मक क्षमता, कुशलता र कराधारसमेतको मापदण्डका आधारमा राजस्व सङ्कलनको जिम्मेवारी संघ, प्रदेश र स्थानीय निकायबीच बाँडफाँड गरिने जस्ता रणनीति रहेका छन् ।

६. **कर निर्धारण सम्बन्धित कानुन तथा कार्यक्रम** – उल्लेखित नीतिगत व्यवस्थाको कार्यान्वयन गर्नका लागि आर्थिक ऐनहरू, राजस्व चुहावट नियन्त्रण ऐन २०५२ र नियमावली, २०७०, सम्पत्ति शुद्धिकरण ऐन २०६४ र नियमावली, २०६६, आयकर ऐन, २०५८ तथा नियमावली, २०५९, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ र अन्तःशुल्क ऐन, २०५८ तथा नियमावली, २०५९, मदिरा ऐन, २०३१ र नियमावली,

२०३३ गरी विभिन्न ऐन, नियमहरू प्रचलनमा रहेका छन् । यसको साथै कार्य सम्पादनमा अभिवृद्धि गर्न देहायका कार्यक्रम अघि बढेका छन ।

६.१. राजस्व प्रशासनलाई प्रभावकारी बनाई सेवा प्रवाहमा सहजता ल्याउन कर र गैरकर राजस्वका क्षेत्र तथा दरहरूको पुनरावलोकन, एकीकृत कर संहिता तर्जुमा तथा कार्यान्वयन, संघ, प्रदेश र स्थानीय तहको नमुना कर कानुनको ढाँचा विकास, राजस्व चुहावट नियन्त्रण ऐन तथा कार्यविधि तर्जुमा तथा कार्यान्वयन गर्ने कार्यक्रम रहेको छ । कर प्रणालीको सरलीकरण र पारदर्शिताको लागि सूचना प्रविधिको विकास र विस्तार,राजस्व सङ्कलनमा विद्युतीय भुक्तानी प्रणालीको व्यवस्था, राजस्व प्रशासन अन्तर्गतका विद्युतीय सूचना प्रणालीहरूबीच अन्तरआवद्धता विकास गर्नेजस्ता कार्यक्रम सञ्चालनमा रहेका छन ।

६.२. माथिका नीतिगत तथा कानुनी रसंरचनागत व्यवस्थाको कार्यान्वयन, मूल्याङ्कन र पृष्ठपोषणमा सहयोग पुऱ्याउन आन्तरिक राजस्व विभागले सन २०१८ देखि २०२२ सम्मका लागि रणनीतिक योजना लागूगरेको छ । जसमा आन्तरिक राजस्व प्रशासनको कार्यदक्षतामा सुधार गर्ने विषयहरू समेटिएका छन् ।

६.३. बजेट तर्जुमा दिग्दर्शन, २०७२, चौधौँयोजना २०७३।७४–२०७५।७६ र बजेट वक्तव्य, २०७५।७६, मन्त्रालय समेत विभागहरूको २०७५।७६ को वार्षिक प्रतिवेदनहरू, राजस्व छुटसम्बन्धी नीति एवं कार्यविधि, राजस्व लेखा प्रणाली, दाताराष्ट्र एवंसंघ संस्थासँग भएको ऋण तथा अनुदान सम्झौता र सहायक ऋण सम्झौताहरू, नेपाल सरकारले लगानी गरेका संघसस्थासँग भएको सहायक ऋणसम्झौता, आन्तरिक राजस्व विभागले प्रयोगमा ल्याएको एकीकृत राजस्व प्रणाली, आयकर निर्देशिका, २०६८ र मूल्य अभिवृद्धि कर निर्देशिका २०७३ र अन्तशुल्क निर्देशिका, २०६८, आन्तरिक राजस्व विभागले गरेका परिपत्रको संग्रह समेतको आधारमा राजस्व तथा असूली निर्धारण गर्ने गरेको छ ।

७. **निकायको कार्य विभाजन** – आन्तरिक राजस्व विभागमा सञ्चालन महाशाखा नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा, अन्तशुल्क महाशाखा र सूचना प्रविधि व्यवस्थापन महाशाखा रहेका छन् । कर निर्धारण तथा असुली व्यवस्थाका लागि उक्त महाशाखाहरू अन्तर्गत करपरीक्षण व्यवस्थापन शाखा, बक्यौता तथा बेरुजु शाखा, सूचना संकलन, अनुसन्धान तथा जोखिम विश्लेषण शाखा, अनुगमन तथा मूल्याङ्कन शाखा, कर प्रणाली सुधार शाखा, कर परीक्षण पुनरावलोकन शाखा लगायतका शाखामा कार्यविभाजन गरिएको छ । विभाग अन्तर्गत ५९ कार्यालयबाट लक्ष्य प्राप्तिका लागि कार्य सम्पादन गरिदै आएको छ । कर परीक्षण र अनुसन्धानमा विभाग, ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय तथा आन्तरिक राजश्व कार्यालयहरू संलग्न रहेका छन् ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

८. **उद्देश्य –** कर प्रशासनले गरेको कर निर्धारण र असुली व्यवस्थाकोमूल्यांङ्कन गर्नु र सो सम्बन्धमा राजस्व प्रशासनको क्षमताको लेखाजोखा गरी सुझाउ सहितको प्रतिवेदन दिनु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ । यसका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

- करसम्बन्धी कानुन, कार्यविधि र निर्देशिकाको पालना गरी कर निर्धारण, असुली, दाखिला र लेखाङ्कन भए नभएको यकिन गर्नु ,
- लक्ष्य अनुसार कर सङ्कलन भए नभएको एकिन गर्नु,
- कर असूली, दाखिला तथा लेखाङ्कन सम्बन्धमा मूल्याङ्कन गर्नु,

९. **क्षेत्र** – आन्तरिक राजस्व बिभाग र सो मातहतका कार्यालयको कर निर्धारण र असुली सम्वन्धमा हासिल उपलब्धीको परीक्षण एवं मूल्यांकन गर्न कार्यालयहरूबाट उपलब्ध तथ्यांक तथा सूचना संकलन गरी तिनीहरूको यथार्थता, औचित्यता र सान्दर्भिकतालाई बिश्लेषण गरी प्रतिवेदन गरिएको छ ।

१०. **पद्धति** – लेखापरीक्षण ऐन, २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजनाले निर्दिष्ट गरेबमोजिम कार्यमूलक लेखापरीक्षणको क्रममा पहिचान भएका जोखिम क्षेत्रका आधारमा तात्विक महत्वका विषयहरू निर्धारण गरी तिनलाई पुष्ट्याई गर्न सम्बन्धित निकायमा कार्यरत जिम्मेवार पदाधिकारीहरूसँग सोधपुछ, छलफल गरिनुका साथै थप पुष्ट्याईका लागि तोकिएको ढाँचामा विवरण सङ्कलन, प्रश्नावलीको माध्यमबाट सूचना र तथ्याङ्को सङ्कलन तथा विश्लेषण गरिएको छ । कार्यमूलक लेखापरीक्षणको निम्तिप्रश्नावली वितरण गरी प्राप्त जानकारीको आधारमा

लेखापरीक्षण सञ्चालन गर्दा आन्तरिक राजश्व विभाग तथा अन्तर्गत कार्यालयहरू गरी ४१ निकायमा प्रश्नपत्रहरू वितरण गरेकोमा सबै निकायबाट उत्तर प्राप्त भएको भए तापनि जवाफमा एकरूपता नभएको, माग गरिएका मध्ये केहि प्रश्नावलीको आंशिक विवरण मात्र भएको स्थिति रहेकोले विश्लेषणमा सीमिततता रहेको छ । कर निर्धारण र असुली प्रवृत्ति सम्बन्धमादेखिएका व्यहोराहरूलाई लेखापरीक्षणबाट देखिएका व्यहोरातर्फ उल्लेख गरिएको छ ।लेखापरीक्षणमा प्रमुखरूपले प्रक्रियामूलक र नतिजामूलक पद्धतिको अवलम्बन गरिएको छ ।

११. **सीमितता** – प्राप्त सूचना, अभिलेख, विवरण तथा द्वितीयक स्रोतबाट सङ्कलित तथ्याकका आधारमा प्रतिवेदन तयार गरिएको छ । प्राप्त सूचनाको पर्याप्तता, विश्वसनियता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा उपलब्ध स्रोत साधन आदि यस लेखापरीक्षणको सीमितता रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

१२. **कर नीति** –पन्ध्रौ आवधिक योजना र २०७५।७६ को बजेटले परिलक्षित गरेको कर निर्धारणको नीतिगत उद्धेश्य अनुरूप समृद्ध नेपाल निर्माणका लागि करदाता, लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीबाट प्रेरित भएर तर्जुमा गरिएको राजस्व नीतिका उद्धेश्य पूरा गर्न स्वच्छता, समानता, तटस्थता र पारदर्शिता कायम गरी कर प्रशासन र करदाताबीच आपसी विश्वासको वातावरणमा स्वेच्छिक कर सहभागिता अभिवृद्धि गर्ने, कर कानुनको परिपालनामा जोड दिने, सरल सहज र सुलभ करदाता सेवाद्धारा बढीभन्दा बढी कर संकलन गरी आन्तरिक राजस्व परिचालनमा महत्वपूर्ण योगदान दिने यस विभागको प्रतिबद्धता छ । त्यसैगरी विभागको दोस्रो रणनीतिक योजनामार्फत समग्र कर प्रशासनलाई सुदृढ तुल्याउन ४ क्षेत्रमा सुधार गर्ने उल्लेख छ । यस अन्तर्गत लगानी र आर्थिक वृद्धिमा सघाउ पुग्ने ढंगले कर नीतिको सुधार गर्ने, कराधारलाई व्यापक र सुरक्षित बनाउने, कर कानुन र प्रक्रियागत ढाँचाको सामञ्जस्य गर्ने नीति सिफारिसका लागि अनुसन्धान र विकासलाई पुनर्जिवित गर्ने र व्यवस्थाको कार्यान्वयन अवस्थाको मूल्यांकनगर्ने उल्लेख छ । आन्तरिक राजश्व प्रशासनले कार्य प्रक्रियाको सरलीकरण, जोखिममा आधारितकर परीक्षण, जनशक्ति विकास, नतिजामा आधारित व्यावसायीक संगठन र कार्य विशिष्टिकरणको लागि संस्थागत सुधारको कार्य थालनी गरेको भएता पनि लक्षित उद्देश्य हासिल गरेको देखिएन् ।

स्थायी लेखा नम्वर लिई कारोवार गर्ने, मूल्य अभिवृद्धि करयोग्य कारोवार गर्नेले दर्ता गरी कारोवार गर्ने, सामान खरिद विक्री गर्दा कर विजक लिने र दिने बानीको विकास गर्ने, अग्रिम कर कट्टी सम्बन्धी कर विबरण विद्युतीय माध्यमबाट प्रेषित गर्ने, आयकर तथा मूल्य अभिवृद्धि करका विबरणहरू र कर दाखिला तोकिएको समय भित्रै गर्ने तथा कर कानुनको परिपालना गर्न व्यवसायीले मध्यस्थकर्ताको सहायता वेगर काम सम्पन्न गर्ने गरेको नदेखिदा कर नीतिको कार्यान्वयन अवस्था कमजोर देखियो ।

सुझाउ - करको दायरा विस्तार गर्ने, करका दरमा सामयिक परिवर्तन र सुधार गर्ने, कर सहयोगिको आचार संहिता तयार गर्ने, कर कानुन पालना गराउन नेपाल चाटर्ड एकाउन्टेन्टस संस्थाको कार्य सम्पादन स्तरमा सुधार गर्ने, कर नीति तर्जुमा गर्दा समानता, स्वच्छता, तटस्थता, सरलता, निश्चितता, कर भुक्तानीमा सहजता ल्याउन समय सापेक्ष सुधार सहितको कानुन, प्रक्रिया र विधिलाई आत्मसात गर्नुपर्दछ साथै कर नीतिले आदर्श कर प्रणालीलाई अवलम्बन गर्दै करदाता र आम नागरिकको स्वैच्छिक सहभागिता बढाउने, करारोपणमा न्यूनतम करको अन्तराल ल्याउने, कर सङ्कलन लागतमा कमी गर्नकर नीतिमा सामयीक सुधार हुनुपर्दछ ।

१३. **कुल ग्राहस्थ उत्पादनमा कर राजश्वको योगदान -** नेपालमा आन्तरिक राजश्व विभागको पहिलो पञ्चवर्षीय रणनीतिक योजना (२०१२।१३–२०१६।१७) ले कुल ग्राहस्थ उत्पादनमा कर राजश्वको योगदान १८ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा योजनाको अन्त्यमा २१.०६ प्रतिशत पुगेको र दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०१८।१९- २०२२।२३) ले २५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा २०७५।७६ सम्म २१.९१ प्रतिशत मात्र उपलब्धी हासिल भएको देखिन्छ । अन्तराष्ट्रिय स्तरमा हेर्दा विश्व बैंकको सन २०१६ को तथ्यांक बमोजिम कुल ग्राहस्थ उत्पादनमा कर राजश्वको योगदान सबैभन्दा कम भएको राष्ट्र संयुक्त अरब इमिरेट्सको ०.०४ प्रतिशत रहेको छ । विश्वको ठूलो अर्थतन्त्र भएको मुलुक अमेरिकाको कुल ग्राहस्थ उत्पादनमा कर राजश्वको योगदान १०.९० प्रतिशत र एशियाका उदयमान अर्थतन्त्र भएका मुलुक चीन र भारतमा यस्तो

योगदान क्रमशः ९.१२ र ११.२ रहेको छ । त्यसैगरी युरोपियन युनियनमा यस्तो योगदान करिब १९.५१ प्रतिशत रहेको देखिन्छ भने संयुक्त राष्ट्रसंघको वर्गिकरण अनुरूपको अल्पविकसित राष्ट्रमा यस्तो योगदान १०.४० रहेको छ ।

त्यसैगरी पहिलो योजनाको अन्त्यमा कुल ग्राहस्थ उत्पादनमा आयकरको योगदान ५.७० प्रतिशत कायम रहेको र दोस्रो योजनाले ७ प्रतिशत लक्ष्य राखेकोमा आ.व. २०७५।७६ मा घटेर ५.६१ प्रतिशत भएको देखिन्छ । पहिलो योजनाको आधार वर्ष २०१०।११ मामूल्य अभिवृद्धी कर नन्फाइलरको संख्या २१.३३ प्रतिशत रहेकोमा १० प्रतिशतमा झार्ने दुबै योजनाको लक्ष्य तोकिएकोमा नकारात्मक प्रगति हासिल भई झनै बढेर पहिलो योजनाको अन्त्यमा ३० प्रतिशत र २०७५।७६ सम्ममा २५.१० प्रतिशतमा झरेको देखिन्छ । त्यसैगरी पहिलो योजनाको अन्त्यमा ४४ प्रतिशत रहेको आयकरतर्फको नन्फाइलरमा समेत नकारात्मक प्रगति भई झनै बढेर २०७५।७६ सम्ममा २५.१० प्रतिशत पुगेको देखिन्छ । पहिलो योजनाले करपरीक्षण गरिने करदाता संख्या कम्तिमा २ प्रतिशत पुऱ्याउने लक्ष्य राखेकोमा पहिलो योजनाको अन्त्य सम्ममा जम्मा १.२५ प्रतिशतको मात्र कर परीक्षण गरेको छ । दोस्रो योजनाले ५ प्रतिशतको लक्ष्य तय गरेकोमा ०७५।७६ मा ०.३१ प्रतिशत मात्र कर परीक्षण गरेको अवस्था छ ।

विश्व बैंकको तथ्यांक बमोजिम सन २०१६ मा कुल ग्राहस्थ उत्पादनमा कर राजश्वको योगदान

देश / क्षेत्र	योगदान प्रतिशत
नेपाल	१८.६९
भुटान	१२.९८
श्रीलंका	१२.२०
भारत	११.०७
माल्दिभ्स (सन २००९)	९.१०
बंगलादेश	८.८
अफगानिस्तान	८.४३
संयुक्त राज्य अमेरिका	१०.९०
चीन	९.१२
दक्षिण एशिया	११.३०
युरोपियन युनियन	१९.५१
ओ.ई.सी.डी मुलुक	१५.४१
अतिकम विकसित राष्ट्र	१०.४

यसबाट रणनीतिक योजनामा उल्लेखित सूचकाङ्क पूरा गर्नको लागि २०७५।७६ को प्रगति सन्तोषजनक देखिदैन । राजश्व प्रशासनले तोकिएको लक्ष्य अनुरूप कार्य गर्न सुधार योजनाको कार्यान्वयन गर्न नसक्नु, दोस्रो सुधार योजना तर्जुमा नगर्नु, गुणस्तरीय कर परीक्षणमा पर्याप्त ध्यान दिन नसक्नु तथा म्याद गुज्रने अवस्थामामात्र कर लेखापरीक्षण गर्नु र विषय विज्ञको रूपमा जनशक्ति तयार गरी काममा विशिष्टिकरण नगर्नु, कर प्रशासनमा काम गर्ने जनशक्ति छनौट गर्दा करसंग सम्बन्धित बिषय अध्ययन गरेकोलाई मात्र छनौट गर्ने पद्धति नभएकोले संलग्न जनशक्तिमा आधारभुत ज्ञान तथा सीपको कमी हुनु जस्ता कारणले यस्तो लक्ष्य प्राप्ति हुन सकेको देखिदैन । कर प्रशासनले करपरीक्षण गरिने करदाताको संख्याको लक्ष्य प्राप्त गर्न नसकेको तथा गुणस्तरीय कर परीक्षण गरी प्रदर्शनीय प्रभाव पार्न र निर्धारित कर असुल गर्न नसकेको कारण कुल ग्राहस्थ उत्पादनमा कर राजश्वको तोकिएको योगदान पुग्न सकेको देखिदैन् ।



सुझाउ - कर परीक्षणको लक्ष्य प्राप्तिका लागि आवश्यक कार्ययोजना तथा सुधार योजना तय गरी कर प्रशासनको क्षमता विस्तार, सांगठनिक संरचनामा छरितोपना, कर प्रशासनमा सूचना प्रविधिको प्रयोग तथा प्रभावकारी करदाता शिक्षा लागु गरी कूल ग्राहस्थ उत्पादनमा आन्तरिक राजश्वको योगदान वृद्धि गर्नुपर्दछ ।

१४. **करको दायरा–** आयकर नियमावली, २०५९ को नियम २३ मा निर्धारण योग्य आय आर्जन गर्ने वा आयकर ऐनको परिच्छेद १७ अन्तर्गत कर कट्टी गर्नुपर्ने दायित्व भएका जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखा नम्बर लिनुपर्ने व्यवस्था छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० मा कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु अघि कारोबार दर्ताको लागि मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था छ। अन्तःशुल्क ऐन, २०५८ को दफा ८ मा अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्र लिनुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् ।

१४.१. करको दायरा विस्तारको लागि स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने, भुक्तानीमा कर कट्टी गर्ने व्यक्तिहरूलाई स्थायी लेखा नम्बर प्रदान गर्ने, सबै किसिमका व्यवसायहरूलाई समेट्ने गरी परिमार्जित व्यावसायिक संकेत नम्बर तयार गर्ने कार्यक्रम रहेकोमा वार्षिक प्रतिवेदनअनुसार देहायअनुसार देखिएको छ:

विवरण	*२०७३।७४*	*२०७४।७५*	*२०७५।७६ मा थप*	*२०७५।७६ सम्म*
व्यावसायिक स्थायी लेखानम्बर	९३४६५८	१०३८२६६	१९७१४६	१२३५४१२
व्यक्तिगत स्थायी लेखानम्बर	६८८४२०	७६६६४६	२२९३९५	९९६०४१
अग्रिम कर स्थायी लेखानम्बर	०	०	७३७	७३७
जम्मा	१६२३०७८	१८०४९१२	४२७२७८	२२३२१९०
मूल्य अभिवृद्धिकरमा दर्ता	१७४८९४	१९४५४७	४५९१३	२४०४६०
अन्तःशुल्क इजाजतपत्र	६७६६७	६५५११	२७०२	६८२१३

१४.२. करदाता संख्या गत वर्षको तुलनामा २०७४।७५ मा ११.२० प्रतिशतले वृद्धि भएकोमा यो वर्ष २३.६७ प्रतिशतले वृद्धि भएको छ। यस वर्ष उद्योग प्रतिष्ठानमा कार्यरत सबै श्रमिक कर्मचारीलाई स्थायी लेखा नम्बर अनिवार्य गरिएकोले करदाता दर्तामा उल्लेख्य वृद्धि भएको देखिन्छ। कुल करदातामध्ये ९ लाख ९६ हजार ४१ अर्थात् ४४.६२ प्रतिशतलाई व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गरेको छ। त्यस्ता करदाताले विवरण बुझाउनु नपर्ने भएकाले ती करदाताहरूको सम्बन्धमा अनुगमन गर्ने गरिएको छैन ।

१४.३. करको दायरा विस्तार गर्ने उद्देश्यअन्तर्गत यो वर्ष १ लाख ९७ हजार १४६ लाई व्यावसायिक स्थायी लेखा नम्बर, २ लाख २९ हजार ३९५ लाई व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गरिएको, ४५ हजार ९१३ करदाता मूल्य अभिवृद्धि करमा र २ हजार ७०२ करदाता अन्तःशुल्कमा थप भएको देखिन्छ। विभागको कार्य योजनामा उल्लिखित कर छुट पाउने संस्थाको अभिलेख व्यवस्थापन गर्ने, वार्षिक रु.१ करोडसम्मको कारोबार गर्ने तोकिएका करदाताले आफ्नो आय विवरण आफैँ प्रमाणित गर्ने व्यवस्था कार्यन्वयनमा ल्याउने, मूल्य अभिवृद्धि कर विवरण फाराममा खरिद, बिक्री, बीजकको जम्मा संख्या उल्लेख गर्ने, करदाताको प्रकृतिअनुसार आय विवरण साथ पेस गर्नुपर्ने कागजातको ढाँचा अद्यावधिक गर्ने व्यवस्था कार्यान्वयन हुन सकेको देखिएन ।

१४.४. व्यावसायिक स्थायी लेखा नम्बर लिएका १२ लाख ३५ हजार ४१२, व्यक्तिगत स्थायी लेखा नम्बर लिएका ९ लाख ९६ हजार ४१ र अग्रिम कर कट्टी स्थायी लेखा नंबर ७३७ समेत २२ लाख ३२ हजार १९० करदाता करको दायरामा आएको देखिन्छ। उक्त संख्या कुल जनसंख्याको ७ प्रतिशतको हाराहारी हुन आउँछ। मुलुकको विद्यमान जनसंख्या, आर्थिक क्रियाकलाप र सोमा संलग्न व्यक्तिहरूको तुलनामा यो संख्या न्यून देखिएको छ।

१४.५. व्यावसायिक कारोबार पारदर्शी तथा सूचनामूलक बनाउन व्यवसाय स्थापना गर्दा, शेयर, सवारीसाधन, घरजग्गा खरिद गर्दा, बैङ्क खाता खोल्दा, बैङ्क ऋण प्राप्त गर्दा अनिवार्य रूपमा व्यक्तिगत लेखा नम्बर लिनुपर्ने व्यवस्था लागू भएको छैन। चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, कलाकार, खेलाडी, शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्तिले स्थायी लेखा नम्बर लिए तापनि यस्तो आय भएका सम्पूर्ण व्यक्तिहरूले आय विवरण दाखिला गरेको अवस्था छैन । पेशाविद्हरूले आफ्नो पेशालाई निरन्तरता दिन प्रत्येक वर्ष पेशागत प्रमाणपत्रलाई नियमनकारी निकायमा नवीकरण गर्दा कर चुक्ता वा कर दाखिला प्रमाणपत्र माग गर्ने गरेको छैन। संस्थागत भुक्तानीमा अनिवार्य रूपमा स्थायी लेखा नंबर उल्लेख गर्ने व्यवस्था लागू गर्नुको अतिरिक्त पेशाविद जस्तै डाक्टर, इन्जिनियर, वकिलहरूलाई नियमनकारी निकायमा सदस्यता नवीकरण गर्दा स्थायी

लेखा नम्बर र कर चुक्ता वा दाखिलाको प्रमाण देखाउनुपर्ने, रकम भुक्तानी गर्दा अनिवार्य स्थायी लेखा नम्बर लिई भुक्तानी गर्ने व्यवस्था लागू गरेको छैन ।

१४.६. काठमाडौँ उपत्यकामा खानेपानी आपूर्ति गर्ने आपूर्तक, फोहोरमैला सङ्कलनकर्ताहरू नियमानुसार दर्ता भै करको दायरामा आएको अवस्था छैन । साथै व्यक्तिगत घर निर्माणको सम्पूर्ण जिम्मा लिई ठेक्काको रूपमा कार्य गर्ने निर्माण व्यवसायीहरूसमेत दर्ता बेगर काम गरेको अवस्था छ भने पेशाविद्, शेयर, सवारीसाधन, घरजग्गा, सुनलगायतका कारोबार गर्नेहरूको आर्थिक क्रियाकलापहरू करको दायरामा आउन सकेका छैनन ।

सुझाउ - आन्तरिक राजस्व विभाग र अन्य निकायहरूबीच सूचना सञ्जाल स्थापना गर्ने र कर प्रशासनलाई सूचनामा आधारित तथा गुणस्तरीय बनाउन आन्तरिक राजस्व विभागको अन्य सम्बद्ध निकायहरू, अर्थ मन्त्रालय, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, वाणिज्य विभाग, उद्योग विभाग, सहकारी विभाग, महालेखा नियन्त्रक कार्यालय, भूमिसुधार तथा व्यवस्थापन विभाग, जिल्ला प्रशासन कार्यालयहरू लगायतका निकायहरूसँग रहेका प्रणालीहरू एक आपसमा अन्तर आबद्ध गर्ने कार्य गरी करयोग्य कारोबार गर्ने सबैलाई करको दायरामा ल्याउनुपर्दछ ।

१५. **मु.अकर तथा अन्तशुल्क दर्ता -** मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताको संख्या २०७५ असार मसान्तसम्म १ लाख ७५ हजार ५६८ रहेकोमा २०७६ फाल्गुण मसान्तसम्म २ लाख ५५ हजार ५८६ पुगेको छ । त्यसैगरी सोही अवधिसम्म अन्तशुल्कमा दर्ता हुने करदाताको संख्या ५९ हजार ५१० बाट बढेर ९८ हजार ९३४ पुगेको देखिन्छ । २०७६ फाल्गुण सम्मको कुल स्थायी लेखा नम्बर ३२ लाख ७७ हजार ५७२ मध्ये व्यावसायीक स्थायी लेखा नम्बर लिने संख्या १३ लाख ६० हजार ९३८ (४१.५२ प्रतिशत) रहेको छ । कुल स्थायी लेखा नम्बर लिएका करदाता मध्ये मूल्य अभिवृद्धि करमा दर्ता करदाता ७.७९ प्रतिशत तथा व्यावसायीक स्थायी लेखा नम्बर लिएका मध्ये १८.७८ प्रतिशत करदातामात्र मु.अ.करमा दर्ता भएको स्थिति छ ।यसबाट मु.अ.करको दायरा पर्याप्त विस्तार हुन नसकेको देखिन्छ । अनौपचारीक अर्थतन्त्रका कारण ठूलो कर अन्तर (Tax GAP) रहेको बिभिन्न अध्ययनहरूले देखाएका छन् । सो सन्दर्भलाई मध्यनजर राखी विभागको बार्षिक कार्यक्रममा राजश्व अन्तर अध्ययन, राजश्व जोखिम अध्ययन, नीति तथा अनुपालना अध्ययन जस्ता कार्यक्रम रहेकोमा सो अध्ययन हुन सकेको छैन । राष्ट्रिय उपभोग, लगानीको आधारमा आउने रकममा कर छुटको वस्तु र सीमा घटाएपछि आउने अंकमा प्रचलित दर अनुसार मूल्य अभिबृद्धि कर असुल नभएको र मूल्य अभिबृद्धि कर अन्तर २०७३।७४ मा करिब १ खर्ब ३२ अर्ब २३ करोड रहेको महालेखापरीक्षकको कार्यालयबाट गरिएको एक अध्ययनले देखाएको छ ।

सुझाउ - यस सम्बन्धमाा विभागले अध्ययन गरी मूल्य अभिबृद्धि कर अन्तर न्यून गरेर राजश्व असुलीमा प्रभावकारीता ल्याउनुपर्दछ ।

१६. **कर सङ्कलनको स्थिति -** २०७५।७६ को बजेट वक्तव्यको बुँदा नं. २३८ मा २०७५।७६ मा खर्च व्यहोर्ने स्रोत मध्ये राजश्वबाट ८ खर्ब ३१ अर्ब ३१ करोड ८० लाख व्यहोर्ने उल्लेख छ । बिगत ५ बर्षको कुल राजश्व असुली तथा यसमा आन्तरिक राजश्व विभागको योगदानको अवस्था निम्नानुसार देखिन्छ ।

(रु.अर्बमा)

विवरण/आ.व.	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६
कुल राजश्व	४०५.८६	४८१.९६	६०९.१८	७३२.२३	८५९.६
कुल कर राजश्व	३५५.९६	४२१.०९	५४७.४८	६५९.४९	७५९.०१
कुल राजश्वमा आन्तरिक राजश्व विभागको योगदान	१६०.०९	२०४.४३	२५८.१७	२९८.६५	३५८.३५
कुल राजश्वमा योगदान प्रतिशत	३९.४४%	४२.४२%	४२.३८%	४०.७९ %	४१.६९%
कुल कर राजश्वमा योगदान प्रतिशत	४४.९७%	४८.५५%	४७.१६%	४५.२८%	४७.२१%

२०७१।७२ मा कूल राजश्व सङ्कलन रु.४ खर्ब ५ अर्ब ८६ करोडमा आन्तरिक राजश्व विभागको हिस्सा १ खर्ब ६० अर्ब ९ करोड अर्थात ३९.४४ प्रतिशत र कर राजश्व रु. ३ खर्ब ५५ करोड ९६ लाखमा ४४.९७ प्रतिशत रहेको थियो । २०७५।७६ को कुल राजश्व ८ खर्ब ५९ अर्ब ६० करोड रहेको छ । यसमा कर राजश्व ७ खर्ब ५९ अर्ब १ करोड अर्थात ८८.३० प्रतिशतर गैर कर राजश्व १ खर्ब ५९ करोड अर्थात ११.७० प्रतिशत रहेको छ । कर राजश्व मध्ये आन्तरिक राजश्व विभागको योगदान ३ खर्ब ५८ अर्ब ३५

करोड रहेकोमा कुल राजश्वमा यस्तो योगदान ४१.६९ प्रतिशत र कर राजश्वमा ४७.२१ प्रतिशत पुगेको देखिन्छ । कुल रावश्वमा कर राजश्वको योगदान उल्लेख्य रूपमा वृद्धि हुन सकेको देखिदैन ।



सुझाउ - कर नीतिमा सुधार, करको दायरा विस्तार तथा कर प्रशासनको सक्षमता वृद्धि गरी यस्तो योगदानमा क्रमशः बढोत्तरी गर्नुपर्दछ ।

१७. **समग्र लक्ष्य प्रगति -** प्रत्येक कार्यालयले तालुक कार्यालय र आफ्नो उद्देश्य अनुरूपको कार्य सम्पादन गर्न लक्ष्य निर्धारण गरी सो अनुरूप कार्यसम्पादन र प्राप्त उपलब्धी समेतको प्रतिवेदन तयार गर्नुपर्दछ । आन्तरिक राजश्व बिभागको ३ बर्षको राजस्वको लक्ष्य प्रगती निम्नानुसार रहेको छ ।

	२०७३/७४			०७४/७५			२०७५/७६		
विवरण	लक्ष्य	असूली	प्रगति प्रतिशत	लक्ष्य	असूली	प्रगति प्रतिशत	लक्ष्य	असूली	प्रगति प्रतिशत
आयकर	११४१८	१३५५८	११९	१४९७१	१४०३८	९३.७७	२०७९२	१७०६९	८२.०९
बहालकर	३७५	४०५	१०८	४९१	४५४	९२.३४	०	३३५	०
व्याज कर	९५८	८५९	९०	१२५६	१४९७	११९.१७	१७३४	१८८२	१०८.४९
मु.अ.कर	५९३२	६११२	१०३	७३८५	७६२२	१०३.२	१०२०१	८८२९	८६.५५
अन्त शुल्क	४५०२	४७२१	१०५	५६६०	६०४७	१०६.८४	७६१०	७३६१	९६.७२
शिक्षा सेवा शुल्क	७५	७३	९८	९९	९१	९२.८२	०	१०७	०
स्वास्थ्य सेवा शुल्क	९६	८६	८९	१२७	११५	९०.४१	८१	२५०	१३१.२३
जम्मा:	**२३३६०**	**२५८१७**	**१११**	**२९९९१**	**२९८६४**	**९९.५८**	**४०४२२**	**३५८३५**	**८८.६५**

राजस्वको लक्ष्य प्रक्षेपण गदां २०७३।७४ को असुली भन्दा २०७४।७५ मा १५(६७ प्रतिशत, २०७४।७५ को असुली भन्दा २०७५।७६ मा ३५(३५ प्रतिशत वृद्धि प्रक्षेपण गरिएको छ । आ.व. २०७५।७६ को कुल राजश्व असुली रु.८ खर्ब ५९ अर्बमा आन्तरिक राजश्व विभागको असुली रु.३ खर्ब ५८ अर्ब (४१.६८ प्रतिशत) रहेको छ । आयकर, मुल्य अभिवृद्धि कर, अन्त शुल्क, सवारी कर, घर वहालकरको प्रशासनबाट मातहतका कार्यालयको समेत यो वर्ष रु.४ खर्ब ४ अर्ब २२ करोड राजस्व असुल गर्ने लक्ष्य रहेकोमा रु.३ खर्ब ८८ अर्ब ३५ करोड असुली गरी लक्ष्यको तुलनामा ८८.६५ प्रतिशत असुल गरेको छ । त्यस्तै आर्थिक बर्ष २०७३।७४ मा राजश्व बृद्धिदर २६.२९ प्रतिशत, २०७४।७५ मा १५.६७ प्रतिशत मात्र रहेकोमा यस बर्ष १९.९८ प्रतिशत मात्र रहेको छ । कर प्रशासनले करदाता संख्या वृद्धि गर्ने एवं अधिकतम लक्ष्य निर्धारण एवं असुली गर्ने साथै कुल ग्राहस्थ उत्पादनको अनुपातमा सम्भाव्य राजश्व असुली प्रक्षेपण गरेको छैन ।

सुझाउ - कर परीक्षण तथा अनुसन्धानात्मक परीक्षणबाट प्रदर्शनीय प्रभाव पारी कर निर्धारण तथा असुलीमा प्रभावकारिता हासिल गर्ने तथाकुल ग्राहस्थ उत्पादनको अद्यावधिक तथ्यांकको आधारमा आउने संभाव्य करको विषयमा विश्लेषण गरी राजस्व प्रक्षेपण एवं प्रभावकारी असुली गरिनुपर्दछ ।

१८. **आयकरको योगदान -** आन्तरिक राजश्व विभागले लागू गरेको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०१८।१९–२०२२।२३) ले योजनाको अन्त्यसम्म कूल ग्राहस्थ उत्पादनमा आयकरको योगदान ७ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । उक्त लक्ष्य अनुरूपको असूलीको स्थिति हेर्दा आयकरको योगदान ५.६१ प्रतिशत मात्र रहेको देखिन्छ । रकमगत रूपमा विश्लेषण गर्दा आयकरतर्फ २०७५।७६ मा रु. २ खर्व २५ अर्व २८ करोड असुल गर्ने लक्ष्य रहेकोमा रु. १ खर्व ९२ अर्व ८४ करोड अर्थात लक्ष्यको ८५.६१ प्रतिशत असुल भएको छ । आन्तरिक राजस्व विभागले असुल गरेको राजस्व रु.३ खर्व ५८ खर्व ३५ करोड मध्ये आयकरको अंश ५३.८२ प्रतिशत देखिएतापनि २०७४/७५ को आयकर असुली रु.१ खर्व ५९ अर्व ८९ करोड भएबाट २०.५४ प्रतिशत वृद्धि देखाएको छ । कारोवारमा भएको वृद्धिको तुलनामा आयकरको वृद्धि स्वाभाविक नहुनुका मुख्य कारणहरूमा वक्यौता असुली नहुनु, अनुसन्धान प्रभावकारी नहुनु, चालू वर्षको कारोवार परीक्षण तथा अन्य परीक्षणको दायरा वृद्धि गर्न नसक्नु रहेका छन् ।

सुझाउ -कूल ग्राहस्थ उत्पादनमा आयकरको हिस्सा बढाउने, लक्ष्य अनुसार राजश्व असुल गर्ने, करको परीक्षण तथा बजार अनुगमन जस्ता कृयाकलापमा जोड दिइ आयकरको योगदान वृद्धि गर्नुपर्दछ ।

१९. **मूल्य अभिवृद्धि कर विवरण** – मूल्य अभिवृद्धि कर कार्यान्वयन भएको २१ वर्ष पुरा भएको छ । लेखापरीक्षणबाट विगत ५ वर्षको मूल्य अभिवृद्धि कर विवरणको विश्लेषण गर्दा निम्नानुसार देखिएको छ ।

विवरणको प्रकार	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६
डेविट विवरण प्रतिशत	१८.९८	१३.३०	१३.२५	१४.०६	२५.६
केडिट विवरण प्रतिशत	४४.०३	५१.११	५१.१४	५१.९७	४५.९
जिरो विवरण प्रतिशत	२५	३५.५८	३५.६१	३३.९७	२८.५
आषाढ मसान्तमा देखाएको डेविट रकम (अर्बमा)	३.४०	४४.८	४९.३२	९.९६	१२.६९
आषाढ मसान्तमा देखाएको केडिट रकम (अर्बमा)	१७.७७	२६.४	२९.१६	३५.७१	३९.७४
डेविटको तुलनामा क्रेडिट रकमको प्रतिशत (पटक)	५.२२ पटक	४.१९ पटक	३.१६ पटक	३.५९ पटक	३.१३ पटक

मूल्य अभिवृद्धि कर क्रेडिट विवरणतर्फ २०७०/७१ मा ४५.४९ प्रतिशत रहेकोमा २०७१।७२ मा ४४.०३ प्रतिशतमा झरेको थियो । त्यस्तै २०७२/७३ मा यस्तो प्रतिशत ५१.११ रहेकोमा २०७३/७४ मा ५१.१४ प्रतिशत रहेको देखिन्छ भने २०७४/७५ मा ५१.९७ पुगी २०७५।७६ मा पुनः ४५.९ प्रतिशतमा झरेको देखिन्छ । डेविट विवरणको तुलनामा क्रेडिट विवरण करिब २ गुणामात्र बढी रहेको, शून्य विवरण पेश गर्नेको संख्या २०७४।७५ को तुलनामा केहि प्रतिशतले घटेपनि २०७१।७२ को तुलानामा २५ प्रतिशतबाट बढेर २८.५ प्रतिशत पुगेको कारण मूल्य अभिवृद्धि कर अनुगमन प्रभावकारी देखिएन ।

सुझाउ - पेश हुन आएका कर विवरणहरू मध्ये डेविट विवरणको संख्या तथा शुन्य विवरण संख्या घटाउनेतर्फ विभागले आवश्यक अनुगमन तथा पहल गर्नुपर्ने देखिन्छ ।

२०. **क्षेत्रगत मू.अ.कर कर संकलन** – आन्तरिक राजस्वको मेरुदण्डको रूपमा मूल्य अभिवृद्धि करलाई लिइन्छ । मूल्य अभिवृद्धि करको क्षेत्रगत विश्लेषणबाट विगत ५ वर्षमा देहायको अवस्था देखिएको छ ।

(रु.अर्बमा)

करको नाम	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६	वृद्धि प्रतिशत
पर्यटन उद्योग	१.७६	१.४	१.८७	२.१६	२.७८	२८.७०
रिभर्स चार्ज	२.०५	२	२.५७	३.९९	४.७९	२०.०५
ठेक्का तथा परामर्श सेवा	६.५४	८.२४	१०.२	१३.९४	२०.३९	४६.२७
अन्य सेवा	७.१४	८.६४	१०.२६	११.२६	१०.८६	३.५५
विक्री तथा वितरण	९.२२	१३.३४	१५.०२	१८.७४	१९.९५	६.४६
उत्पादन	१२.८६	१६.२	२१.२	२६.०८	२९.५३	१३.२३
कूल मूल्य अभिवृद्धिकर	३९.५६	४९.८२	६१.१२	७६.१८	८८.२९	१५.९०

आ.व २०७४/७५ मा सङ्कलन भएको कर मध्ये ५४ प्रतिशत आयकरको हिस्सा रहेको छ । आन्तरिक राजश्व तर्फको मात्र हिसाव गर्दा मूल्य अभिवृद्धि करको हिस्सा झण्डै २६ प्रतिशत मात्र रहेको छ । आन्तरिक र आयातको अंश ३७:६३ रहेको देखिन्छ । आन्तरिक उत्पादन र मूल्य अभिवृद्धि हुने वातावरण तयार गरी यसको हिस्सा बढाउनुपर्ने देखिन्छ ।

माथिको तथ्य विश्लेषण गर्दा सबैभन्दा कम वृद्धिदर भएको अन्य सेवा (संचार तथा विमा क्षेत्र) बाट संकलित मूल्य अभिवृद्धि करको वृद्धि ३.५५ प्रतिशत र सबैभन्दा बढी ठेक्का तथा परामर्श सेवाबाट प्राप्तहुने मूल्य अभिवृद्धि करको रकम २० अर्व ३९ करोड र वृद्धिदर ४६.२७ प्रतिशत रहेको देखियो । अन्य सेवा र पर्यटन शीर्षकबाट संकलन हुने मूल्य अभिवृद्धि करमा उल्लेख्य सुधार हुन सेकेको देखिदैन ।

सुझाउ - करमा मूल्य अभिवृद्धि करको योगदान वृद्धि गर्ने, राजश्वमा आन्तरिक आयको हिस्सा बढाउने तथा मूल्य अभिवृद्धि करलाई राजश्वको मेरुदण्डको रूपमा स्थापित गरी कर सञ्जालमा फरवार्ड र ब्याकवार्ड लिंकेज गर्ने महत्वपूर्ण औजारको रूपमा मूल्य अभिवृद्धी करलाई स्थापित गर्ने र बिद्युतीय विजकलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र कुल करयोग्य उपभोग र असुल भएको कर अन्तरको अनुसन्धान गर्न विभागले ठोस कदम चाल्नुपर्दछ ।

२१. **अन्तशुल्क संकलन -** विगत ५ वर्षमा आन्तरिक अन्तशुल्क तर्फको क्षेत्रगत असुली देहाय बमोजिम देखिएको छ ।

(रु.अर्बमा)

राजश्व शीर्षक	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७५/७६ को प्रतिशत
सूर्तीमा आधारित (चुरोट,बिडि)	७.१७	८.९५	१०.९९	१४.०४	१५.१२	२०.५४
लिक्वर	१२.६८	१४.५	१८.७	२२.९६	२५.२२	३४.२६
वियर	६.८६	८.२९	११.१९	१५.६२	२०.८९	२८.३८
अन्य औद्योगिक उत्पादन	४.३४४	४.४५	६.३२	७.८४	१२.३८	१६.८२
जम्मा अन्तशुल्क	**३१.०५**	**३६.१९**	**४७.२०**	**६०.४६**	**७३.६१**	**१००**

आ.व. २०७१।०७२ मा जम्मा आन्तरिक अन्तशुल्क ३१ अर्ब ५ करोड रहेकोमा २०७५।०७६ मा रु.७३ अर्ब ६१ करोड संकलन भई आन्तरिकतर्फमा दोब्बर वृद्धि भएको देखिन्छ । क्षेत्रगत रूपमा हेर्दा लिक्वरतर्फ सबैभन्दा बढी ३४.२६ प्रतिशत र सबैभन्दा कम अन्य औद्योगिक उत्पादनतर्फ १६.८२ प्रतिशत मात्र रहेको देखियो । जसबाट अन्तःशुल्क प्रशासनको कार्यप्रणाली र कार्यविधि अझै पनि पूर्ण रूपमा स्वचालित हुनसकेको देखिएन ।



सुझाउ - अन्तशुल्क प्रशासनमा विद्यमान भौतिक निश्कासन र स्वयं निश्कासन प्रणालीलाई प्रविधिमैत्री बनाई स्वचालित नियन्त्रण प्रकृया अवलम्बन गर्नुपर्दछ ।

२२. **लाभ करअसुली** – आयकर ऐन २०५८ को अनुसूची - १ मा गैर व्यवसायीक करयोग्य सम्पत्ती विक्री गर्दा लाभमा प्राकृतिक व्यक्तीलाई २.५ देखि १० प्रतिशत र निकायलाई अरु आयमा सरह कर लाग्ने व्यवस्था छ । करदाताहरूले दाखिला गरेको बिगत ५ वर्षको लाभकरको अवस्था देहाय अनुसार रहेको छ ।

करको नाम	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७५/७६को योगदान प्रतिशत	२०७५/७६को वृद्धि प्रतिशत
व्यक्तिगत लाभकर	२६२०५७१	६६६९५९२	१३७२६४६३	७२१६७२९	१०१२९३९७	८७.८०	४०.३५
निकागत लाभकर	४४९९२	१००४९६९१	७०१८०५५	९३३८९३	१४०७२५८	१२.२०	५०.६९
कूल लाभकर	**२६६५५६३**	**१६७१९२८३**	**२०७४४५१७**	**८१५०६२१**	**११५३६६५५**	**१००**	**१००**

लाभकरको संकलन अवस्था विश्लेषण गर्दा २०७५/७६ मा ८७.८० प्रतिशत व्यक्तिगत र २.२० प्रतिशत योगदान रहेको छ । घर जग्गा व्यवसाय गर्ने अधिकांश करदाताहरूले मालपोतकार्यालयबाट निसर्ग गरे अनुसारको घर जग्गाको रकम आय विवरणमा नदेखाएको र सुन, चाँदी, हिरा लगायतका बहुमूल्य धातुको खरिद बिक्रिबाट हुने लाभलाई करको दायरामा ल्याउन नसक्नु जस्ता कारणले यो क्षेत्रबाट राजश्व प्राप्तिमा कमीदेखिएको छ ।

सुझाउ - निकायगत समन्वय गरी यस्तो क्रियाकलापको प्रभावकारी सूचनाको आधारमा कर असुल गर्नुपर्दछ ।

२३. **लाभकरको दायरा -** आयकर ऐन २०५८ को दफा २ (द) मा व्यवसायीक सम्पत्ति, ह्रासयोग्य सम्पत्ति वा व्यापारिक मौज्दात बाहेकका जग्गा, भवन र कुनै निकायमा रहेको हित वा सुरक्षणलाई गैर व्यवसायिक करयोग्य सम्पत्तिमा उल्लेख गरी यस्ता सम्पत्तिको निसर्गबाट हुने लाभमा कर लाग्ने व्यवस्था सो ऐनले गरेको छ । यसैगरी आयकर ऐन २०५८ को दफा ९५ क अनुसार अग्रिम रूपमा लाभकर कट्टी गर्ने व्यवस्था छ । सुनचाँदी, हिरा, जवाहरत, बहुमूल्य धातु र बहुमूल्य बस्तु एवं त्यस सम्बन्धी गहनाको निसर्गबाट हुने लाभमा भने कर लाग्ने व्यवस्था छैन ।सुन चाँदीको आयात गर्ने स्विकृति बैंक तथा वित्तीय संस्थालाई मात्र दिइएको छ । आन्तरिक राजश्व कार्यालय नयाँसडक, त्रिपुरेश्वर र ठमेल अन्तर्गतका देहायका करदाताहरूले बैकिंग माध्यमबाट खरिद भन्दा पनि ठूलो परिमाणमा निजी व्यक्ति र व्यवसायीबाट खरिद गरेको देखियो ।

आन्तरिक राजश्व कार्यालय	करदाताको नाम	जम्मा खरिद	आयकर तिर्ने संस्थाबाट खरिद	व्यक्तिगत तबरबाट खरिद
नयाँसडक (०७४।०७५)	एक माता दी गोल्ड प्यालेस प्रा.लि	१२०९०१८९०४	१३६७३७००००	१०७२२८१९०४
	एक ज्वेलर्स	२४०३२२७१३	१११६५५०००	१२८६६७७१३
	एक गोल्ड हाउस	३८१८९५९७४	३२४४८९०००	५७४०६९७४
	अश्री ज्वेलर्स	३१३०७८९७८	१७८००४०००	१३५०७४९७८
	एक ज्वेलर्स प्रा.लि	१९९१५६३२६	१३८९६७०००	६०१८९३२६
	एक ज्वेलर्स इण्डस्ट्रिज प्रा.लि	१८१३७७६४३	७९८८०००	१७९३८९६४३
	एक ज्वेलर्स	२१४४८४३७९	१२११५६०००	९३३२८३७९
	एक राज ज्वेलर्स	५२३६१०२२५	३५०६९०००	४८८५४१२२५
त्रिपुरेश्वर (०७३।७४)	श्री भेन्चर्स प्रा.लि	२७९७१९४९२	२४८८५२९८४.७०	३०८६६५०८.३
ठमेल (०७४।०७५)	एक जानकी ज्वेलर्स	३०५६२६६०	०	३०५६२६६०
	एक आभुषण	३२१८४०२३	२१८६३०००	१०३२१०२३
	एक गहना उद्योग	३१३६९२९७	२४८२७०००	६५४२२९७
	एक ज्वेलर्स	२९६५५१४३	८५८३०००	२१०७२०४३
	एक सुन पसल	११६१३२१६३	१०९८३४०००	६२९८०००
	एक ज्वेलरी	४२९१६१६८	३३५६६०००	९३५०१६८
	एक ज्वेलर्स प्रा.लि	२३२९७८२५	१६२२००००	७०७७८२५
	जम्मा	३,८४,८७,८१,९१३	१,५१,७८,१०,९८४.७०	२,३३,६९,७०,६६६.३०

उक्त तथ्याङ्कबाट १६ करदाताले २०७३।७४ र २०७४।७५ मा रु.३ अर्ब ८४ करोड ८८ लाखको सुन खरिद गर्दा रु १ अर्ब ५१ करोड ७८ लाखको मात्र बैकिंग प्रणालीबाट खरिद गरी ६०.५६ प्रतिशत बाह्य निकाय वा व्यक्तिबाट खरिद गरेको देखिएको छ । उपरोक्त बैंक तथा वित्तीय संस्थाबाट खरिद गरेको रु. १ अर्ब ५१ करोड ७८ लाखलाई ति निकायले बिक्रीमा समावेश गरी कर तिर्ने भएपनि व्यक्तिगत तबरबाट रु २ अर्ब ३३ करोड ७० लाखको सुन खरिद बिक्री गरेकोमा त्यस्ता प्राकृतिक व्यक्ति लाभकरको दायरामा नआएको अवस्था छ । यसले गर्दा प्राकृतिक व्यक्तिगत लाभकर छुट हुन गएको छ । यसबाट आन्तरिक राजश्व संकलनप्रभावकारी भएको देखिदैन भने सामान्यतया प्राकृतिक व्यक्तिलाई कर परीक्षणको दायरामा समेत ल्याउन सकेको देखिएन ।

सुझाउ- प्राकृतिक व्यक्तिबाट हुने बहुमुल्य वस्तुको पटके कारोवार बाट हुने लाभमा कर लाग्ने कानुनी व्यवस्था गरी कर निर्धारण तथा असुली गर्नुपर्दछ ।

२४. **विवरण प्राप्ति** –कर कानुनहरूको चुस्त एवं कुशल कार्यान्वयन गर्न आन्तरिक रावश्व विभागको स्थापना भएको हो । आन्तरिक राजस्व विभागबाट सम्पादन गरेको कारोवारमध्ये क्षेत्रगत विवरणबाट लेखापरीक्षणको क्रममा आय विवरण प्राप्त, विवरण पेश नगर्ने (नन फाइलर) तथा द्रुत परीक्षणको अवस्था निम्नानुसार देखियो:

कर सहभागितामा वृद्धि	२०७२.७३	२०७३.७४	२०७४.७५	२०७५/७६
आय विवरणको प्राप्ति संख्या	४०६५१८	४५५६९१	६१५६६६	६८२८८३
आयविवरण नन फाइलर (प्रतिशत)	४६	४४	४६	४८
टि.डि.एस विवरण प्राप्ति संख्या	९३१०३	१२९५०७	१२३०८०	१३५५२४
द्रुत परीक्षण संख्या	३५३९९	१०३००	१००७४	८१२३
द्रुत परीक्षण रकम रु. हजारमा	३९०५०७	८१३५०	२२४७५७६	७५६५१
करदाता संख्या	४११९७	४१६२७	४०९०२	५६२२८

आयकरमा २०७५।७६ सम्ममा दर्ताको अनुपातमा नन्फाईलर ४८ प्रतिशत रहेको देखिन्छ । करदाताले तिर्नुपर्ने, अग्रिमकर लगायत समयमा दाखिला गरे नगरेको समयमा नै छानबिन गरी निर्देशन दिनुपर्नेमा द्रुत परीक्षण गर्ने कार्यमा न्यूनता आएको देखिएकोले करदाताको कर परिपालनाको स्तर बढाई राजस्वमा योगदान पुऱ्याउने कार्य कठिन भएको छ । विभागको दोस्रो रणनीतिक योजनाको लक्ष्य अनुरूपको आय विवरण प्राप्ति हुन नसक्दा कर परीक्षणको कार्य प्रभावित भएको देखियो ।

सुझाउ - कर प्रशासनले करदाता शिक्षामा विस्तार गरी ननफाईलरको संख्या घटाउने, अग्रिम आयकर विवरण पेश गर्नेको संख्या बढाउने, द्रुत परीक्षण संख्या बढाउने उपाय अवलम्बन गरि रणनीतिक योजनाको कार्यान्वयन प्रभावकारी बनाउनुपर्दछ ।

२५. **जोखिममा आधारित करदाता छनौट -** सामान्यतया कर परीक्षणका लागि करदाता छनौट गर्ने आधारहरूमा बढ्दो क्रेडिट, घट्दो डेविड, शुन्य विवरण, उच्च नोक्सानी, उच्च जर्ति, न्यून रिकभरी, ऋणात्मक मूल्य अभिवृद्धि अनुपात, उच्च संचालक सापटी, उच्च नाफा अनुपात, समान किसिमका व्यवसायमा देखिने नाफा नोक्सानको उच्च फरकपना, भन्सार घोषणा विवरण र कर विवरण नबुझाउने करदाताहरूलाई आधारको रूपमा लिइन्छ । त्यसैगरी दर्ता भएको थोरै अवधिमा ठुलो कारोबार गर्ने व्यवसायीहरू, एउटै समूहबाट संचालित बिभिन्न फर्मको संबद्ध कारोबार, न्यून बिलिङ्ग हुने प्रकृतिका व्यवसाय, साझेदारी व्यवसाय, महालेखापरीक्षकको बेरुजुको स्थिति, उच्च प्रशासनिक खर्च दावी गर्ने करदाता, उच्च ऋण कारोबार भएका करदाताजस्ता विषयलाई समेत आधार लिएको देखिन्छ । विभागले रिस्क इन्जिनबाट करदाता छनौट गर्ने प्रणालीले स्वचालित रूपमा कार्य गर्न सकेको देखिदैन । उक्त रिस्क इन्जिनमा २०७१।९।२० पश्चात् परिमार्जन नभएको र कहिल्यै छनौटमा नपरेको करदाता छनौट गर्न बढी अंकभार नदिएको एवं क्षेत्रगत करदाताबीच तुलना गर्न नसकिने स्थिति छ ।

सुझाउ - कर प्रशासनले रिस्क इन्जिनका सूचक पुनरावलोकन गरी करदाता छनौट गर्ने र छनौट गरिएकालाई सोही वर्षमा कर परीक्षण गर्नुपर्दछ ।

२६. **कर परीक्षण व्यवस्थापन** – आयकर ऐन, २०५८ को दफा १०१ मा दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएको व्यक्तिको कर दायित्व ऐनको उद्देश्यबमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्न सक्ने व्यवस्था छ । विभागको वार्षिक प्रतिवेदन २०७५।७६ अनुसार व्यावसायिक स्थायी लेखा नम्बर लिने १२ लाख ३५ हजार ४१२ र व्यक्तिगत स्थायी लेखा नम्बर लिने ९ लाख ९६ हजार ४१ रहेकोमध्ये २ लाख ४० हजार ४६० मूल्य अभिवृद्धि कर र ६८ हजार २१३ अन्तःशुल्कमा दर्ता रहेको देखिन्छ । कर परीक्षण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन:

विवरण	गतवर्षको बक्यौता	योवर्षको छनौट	जम्मा	योवर्ष परीक्षण				परीक्षणगर्नबाँकीबक्यौता		
				गत वर्षको	यो वर्षको	जम्मा	प्रगति प्रतिशत	गत वर्षको	यो वर्षको	जम्मा
विभाग	**४४९७**	**४३६०**	**८८५७**	**१७३४**	**१४५०**	**३१८४**	**३५.९५**	**२७६३**	**२९१०**	**५६७३**
बक्यौता धेरै हुने र न्यून कार्यसम्पादन हुने कार्यालयहरु										
ठूला करदाता कार्यालय	२२३	३००	५२३	१७७	३८	२१५	३७.५२	४६	२६२	३०८
मध्यम स्तरीय करदाता कार्यालय	२७२	३०१	५७३	११८	७४	१९२	३३.५०	१५४	२२७	३८१
आ.रा.कापुतलीसडक	२६७	१३६	४०३	४९	३३	८२	२०.३४	२१८	१०३	३२१
आ.रा.काचाबहिल	१७६	१३५	३११	३१	४२	७३	२३.४७	१४५	९३	२३८
आ.रा.कात्रिपुरेश्वर	२४८	१३८	३८६	७४	५२	१२६	३२.६४	१७४	८६	२६०
आ.रा.कानयाँसडक	२९१	१३०	४२१	५०	४६	९६	२२.८०	२४१	८४	३२५
आ.रा.काठमेल	१५७	८६	२४३	३५	१	३६	१४.८१	१२२	८५	२०७
आ.रा.कावीरगन्ज	२०७	१३५	२४२	६७	२९	९६	३९.६६	१४०	१०६	२४६
आ.रा.काभरतपुर	२०७	१३५	३४२	४८	७५	१२३	३५.९६	१५९	६०	२१९
आ.रा.काहटौंडा	१००	९२	१९२	४१	२०	६१	३१.७७	५९	७२	१३१
आ.रा.काधनगढी	७६	९०	१६६	२३	११	३४	२०.४८	५३	७९	१३२
आ.रा.कादमौली	४३	४५	८८	३	५	८	९.०९	४०	४०	८०
आ.रा.काचाबहिल	१७६	१३५	३११	३१	४२	७३	२३.४७	१४५	९३	२३८
आ.रा.काकोटेश्वर	१३०	९०	२२०	४८	८	५६	२५.४५	८२	८२	१६४

विभाग अन्तर्गत गत वर्ष छनौट भै बक्यौता रहेका ४ हजार ४९७ करदातामध्ये यस वर्ष १ हजार ७३४ अर्थात ३८.५५ प्रतिशत कर परीक्षण भै २ हजार ७६३ अर्थात ६१.४५ प्रतिशत करदाताको कर परीक्षण हुन नसकी पुनः अर्को वर्षलाई सारिएको छ । यसरी विगतमा छनौट भएका करदाताको समेत कर

परीक्षण आगामी वर्षलाई सार्दै चारवर्ष नाघ्ने अवस्थामा पुगेपछि मात्र कर परीक्षण हुनुले विभागीय कार्यसम्पादन कमजोर देखिन्छ। कार्यालयगत विश्लेषण गर्दा पनि आन्तरिक राजस्व कार्यालय, ठमेलले यस वर्ष छनौट भएको एक मात्र कर परीक्षण गरी बाँकी सबै विगतमा छनौट भएका फाइल परीक्षण गरेको छ। ठूला करदाता कार्यालयले २१५ मध्ये १७७ विगतमा छनौट भएका करदाताको परीक्षण गरेको देखिन्छ। यसबाट छनौट भएका करदाताका फाइल सोही वर्ष लेखापरीक्षण हुने अवस्था न्यून देखिन्छ। यो वर्ष छनौट भएका ४ हजार ३६० करदातामध्ये १ हजार ४५० अर्थात् ३३ प्रतिशत मात्र कर परीक्षण भएको देखियो जसबाट छनौट गर्ने तर परीक्षण नगरी जिम्मेवारी सार्ने परीपाटी मनासिब देखिएन।

सुझाउ - करपरीक्षणका लागि छनौट भएका करदाताको समयमा नै करपरीक्षण गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

२७. **कर परीक्षणको चौमासिक स्थिति** - व्यवसायिक स्थायी लेखा नम्बर लिएका २०७५।७६ सम्मका १२ लाख ३५ हजार ४१२ करदातामध्ये जम्मा ३ हजार ६९९ अर्थात ०.३० प्रतिशत करदाताको मात्र २०७५।७६ मा पूर्णकर परीक्षण गरेको देखिएको छ। कुल कर परीक्षणको कार्यसम्पादन प्रथम, दोस्रो र तेस्रो चौमासिकमा क्रमशः २३.४१ प्रतिशत, ११.९१ प्रतिशत र ६४.६८ प्रतिशत र आषाढ महिनामा मात्र करिब एक तिहाइ अर्थात् ३१.२६ प्रतिशत देखिन्छ। यसरी परीक्षण गरिएका अधिकांश करदाताको म्याद गुज्रने समयमा कर परीक्षण गरेकाले त्यसमाथि निगरानी राख्ने निकायहरूबाट गरिने गुणस्तर परीक्षण र अन्तिम लेखापरीक्षणमा प्रत्यक्ष असर पर्ने र यसरी थप कर निर्धारण गर्दा करदातालाई तोकिएको ४ वर्षको म्याद समाप्त हुने अवस्था आउने भएकाले निर्धारित कर असुल गर्न जटिलता हुने स्थिति रहन्छ। यसरी वर्षको अन्त्यमा कर परीक्षणको चाप बढेका कारण परीक्षणको गुणस्तरमा समेत असर परेको देखियो।

सुझाउ - करपरीक्षणको वार्षिक कार्यतालिका बनाई समयसारिणी बमोजिम समयको समान भार पर्नेगरी कर परीक्षण गर्नुपर्ने देखिन्छ।

२८. **कर निर्धारणमा ढिलाइ -** आयकर ऐन, २०५८ को दफा १०१ बमोजिमको संशोधन कर निर्धारण, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम अन्तिम कर निर्धारण र अन्तस्शुल्क ऐन, २०५८ को दफा १०(१) बमोजिम अन्तिम कर निर्धारण गर्ने व्यवस्था छ। कर निर्धारण गर्न २०७१।७२ देखि २०७५।७६ मा औसत क्रमशः ९० दिन, ९१ दिन, ७८ दिन, ७४ दिन र ७४ दिन लागेको देखिन्छ

विवरण/आ.व.	२०७१।७२	२०७२।७३	२०७३।७४	२०७४।७५	२०७५।७६
कार्यालय संख्या (नमुना)	८	८	८	८	७
विस्तृत कर परीक्षण गर्न लागेको औषत समय (दिन)	९०	९१	८८	७४	७४

कर निर्धारण गर्न सबैभन्दा बढी समय ठूला करदाता कार्यालयलाई लागेको र उक्त कार्यालयले औसतमा २०७१।७२ मा २२५ दिन, २०७२।७३ मा २५५ दिन, २०७३।७४ मा १३५ दिन र २०७४।७५ मा १०५ दिनमा कर निर्धारण कार्य सम्पन्न गर्न सकेको देखिएको छ। करदाताको कर परीक्षण गरी कर निर्धारण गर्न प्रति करदाता अधिकतम ९ महिनासम्म समय लगाउने गरेको र पछिल्ला वर्षहरूको औसत कर निर्धारण प्रकृया टुंग्याउन पनि करिब ७४ दिन लागेको देखिन्छ। कर निर्धारणका लागि कर प्रशासनले अधिकतम समय खर्च गर्नुपरेको र संख्यात्मक रूपमा न्यून प्रगति भई तोकिएको लक्ष्य प'रा नगरी अर्को बर्षलाई जिम्मेवारी सारेको देखियो।

यसरी कर परीक्षण गर्न धेरै समय खर्चिनुमा कार्यालयमा दक्ष एवं सीपयुक्त जनशक्तिको कमि हुनु, सूचना प्रविधिको व्यापक प्रयोग हुन नसक्नु, करदाता सम्पर्कमा नआउनु र आवश्यक सूचना तथा कागजात पेश गर्न ढिलाई गर्नु तथा कर प्रशासनलाई सहयोग गर्न नचाहनु जस्ता कारणहरू विद्यमान रहेका देखिन्छन्। त्यसैगरी कर परीक्षणलाई करदाताले सजायको रूपमा लिने, कतिपय करदाताले व्यवसाय अनौपचारिक रूपमा विक्रि गरी अन्य व्यक्तिले उक्त व्यवसाय सञ्चालन गर्ने र पहिलेको अवधिको कारबाही फरफारक नगर्ने, सबै करदाताले खरिद विक्रीको तथ्याङ्क एकीकृत कर प्रणालीमा प्रविष्टि नगर्दा मिस म्याचको आँकडा धेरै देखिन गई उक्त रकम यकिन गर्न धेरै समय खर्चिनुपर्ने जस्ता कारणहरूले समेत कर निर्धारणमा ढिलाई हुने गरेको देखिएको छ। कर प्रशासनले म्याद जाने अवस्थामा मात्र कर परीक्षण गर्ने साथै उक्त कर परीक्षणको कार्य टुङ्याउन समेत करिब ९ महिनासम्मको अवधी लगाउने गरेकाले कर निर्धारणको कार्य प्रभावकारी भएको देखिएन।

सुझाउ - कर प्रशासनमा अभिलेख प्रणाली व्यवस्थित गरी सबै करदातालाई विद्युतीय विजक प्रणालीमा आवद्ध गर्ने, एकीकृत प्रणालीमा सबै सूचना प्रविष्टि गर्न आवश्यक र अनिवार्य ढाँचा तोकी लागु गर्ने, सूचना प्रणालीलाई अधिकतम उपयोग गर्ने र जनशक्तिको सक्षमता बृद्धि गरी कार्यसम्पादनलाई कर परीक्षणसँग आवद्ध गरी दण्ड र पुरस्कार समेतको व्यवस्था गरेमा कर निर्धारणमा लाग्ने समय बचत भई प्रभावकारी कर निर्धारण हुने देखिन्छ ।

२९. **करपरीक्षण गुणस्तर** – पूर्णकर परीक्षणतर्फ ४ हजार ३५८ फाइल परीक्षणबाट रु.९ अर्ब ५२ करोड आयकर र रु.२ अर्ब ४ करोड मूल्य अभिवृद्धि कर निर्धारण गर्ने लक्ष्य रहेकोमा ३ हजार ६९९ परीक्षण सम्पन्न भई रु.४७ अर्ब ८७ करोड आयकर रु.२ अर्ब ४७ करोड मूल्य अभिवृद्धि कर रु.४५ करोड अन्तस्शुल्क निर्धारण भएको विभागको वार्षिक प्रतिवेदनबाट देखिन्छ । आयकरतर्फ लक्ष्यभन्दा बढी कर निर्धारण हुनुमा सर्वोच्च अदालतको फैसलाबाट विगतको कर निर्धारण खारेज गरी पुनस् संशोधित कर निर्धारण भएको कारण प्रमुख रहेको छ ।

आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भएको रकमगत लक्ष्य पूरा भए पनि विगत वर्षदेखि ५ हजार ८४९ करदाता पुनरावेदनमा गएकोले रु.५२ अर्ब ६२ करोड ४७ लाख बक्यौता रहेको छ । यसैगरी मध्यमस्तरीय करदाता कार्यालय बबरमहल, आन्तरिक राजस्व कार्यालय बानेश्वर, भैरहवा समेत पाँच कार्यालयका १८ करदाताको रु.१ अर्ब ३७ करोड ८९ लाख ६ हजार कर निर्धारण भए पश्चात् करदाता पलायन भएको अवस्था छ । निर्धारण भएको कर स्वीकार नगरी पुनरावेदनमा जाने वा व्यवसाय नै छाडेर पलायन हुने अवस्थाले करपरीक्षणको गुणस्तर सुधार गर्नुपर्ने स्थितिलाई संकेत गर्दछ ।

सुझाउ- कर परीक्षणलाई स्वभाविक, चुस्त र दूरुस्त बनाई कर परीक्षणको प्रभावकारीता अभिबृद्धि गर्नुपर्दछ ।

३०. **कर परीक्षण बक्यौता-** आयकर ऐन २०५८, मूल्य अभिवृद्धि कर ऐन २०५२, अन्तशुल्क ऐन २०५८ तथा नियमावली र निर्देशिकाले तोकेको समय सीमा (४ वर्ष) भित्र कर परीक्षणका लागी छनौट भएका करदाताहरू मध्ये परीक्षण गर्ने बाँकी करदाताको सख्या ५ हजार ६७३ रहेकोदेखिन्छ । विद्यमान कर परीक्षण नीतिमा पुनरावलोकन, कर परीक्षण निर्देशिका परिमार्जन र करपरीक्षणसम्बन्धी प्रतिवेदन प्रणालीमा एकरूपता र प्रभावकारिता ल्याउने कर परीक्षण पुनरावलोकन प्रणालीलाई अझै तथ्यपरक र करदाताको कर परीक्षण छनौट सम्बन्धमा नयाँ मापदण्ड, कर विवरण पेश भएको वा पेश गर्नु पर्ने मितिले ३ वर्षभित्र कर परीक्षण सम्पन्न गर्ने व्यवस्था गर्नुपर्दछ । मूल्य अभिवृद्धी करतर्फ दर्ता खारेजीको लागी निवेदन दिएका (Colsure of Business) करीव २० हजार करदाताको कर परीक्षण गर्ने कार्य बाँकी रहेको देखिन्छ । यसबाट कर परीक्षण तथा कर निर्धारणमा अपेक्षित गुणात्मक वृद्धि हुन सकेको छैन । दक्ष जनशक्तिको विकासको लागि पर्याप्त तालिमका लागि बजेट खर्च भएता पनि कर परीक्षण दक्षता बृद्धि भएको देखिएन ।

करपरीक्षणका लागि प्रत्येक वर्ष कर परीक्षण भई रहने फाइलहरूमा मात्र ध्यान दिदा छनौट भएका केही करदाताहरूको कर निर्धारणको लागि म्यादजाने अवस्था आउने गरेको छ । चालु वर्षको कर परीक्षण (CYA) ले कम महत्व पाएको र छनौट भएका सबै करदाताको यस्तो परीक्षण हुनसकेको छैन । बहुराष्ट्रिय कम्पनीहरूको कर परीक्षण तथा अनुसन्धानको लागि गाइडलाईन (Transfer Pricing Guideline) तयार हुन सकेको छैन ।

सुझाउ - कर परीक्षण तथा अनुसन्धानको माध्यमवाट प्रदर्शनीय प्रभाव (Demonstrative Effect) सृजना गरी कर सहभागिता अभिबृद्धि गर्न कर परीक्षण तथा अनुसन्धानको सिद्धान्तलाई महत्व दिई करदाताले पेश गरेको कारोवारको अन्य निकायसंग समेत तथ्यांक विश्लेषण गरी कर निर्धारण गर्न आवश्यक दक्ष एवं सीपयुक्त जनशक्ति समेतको प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्दछ ।

३१. **लगत -** ठुला करदाता कार्यालयतर्फ आयकर ऐन, २०५८ अनुरूप पेश भएका आय विवरणमध्ये पूर्ण कर परीक्षणका लागि गत वर्षहरूमा छनौट भई जिम्मेवारी सरेका २६१ (अन्य कार्यालयबाट छनौट सरी आएका ३९ समेत) कर विवरण र यो वर्ष (२०७४।७५को आय विवरण) ६८१ करदाता मध्येका आय विवरण पेश गरेका ६४८ (नन् फाइलर ३३ बाहेक) करदाताहरू गरी जम्मा ९०९ कर विवरणको कर लेखापरीक्षण गर्नुपर्ने देखिन्छ । कार्यालयले जिम्मेवारी सरेका २६१ र आय विवरण पेश गरेका ६४८ करदाताहरूमध्ये ३०० गरी जम्मा ५६१ आय विवरणको लगत (Inventory) कायम गरी लेखापरीक्षण गर्ने २०७५।७६ मा लक्ष्य राखेको देखिन्छ । यसले गर्दा बांकी ३४८ आय विवरणको कर लेखापरीक्षण नगरिएको एबं यस बर्षको लगतमा

समेत कायम गरेको छैन । यसले गर्दा कर लेखापरीक्षणको दायराबाट यी करदाता छुटेको देखिन्छ । अर्कोतर्फ यथार्थमा २०७५।७६ मा ५६१ कर परीक्षण गर्ने लक्ष्य राख्नुपर्नेमा कार्यालयले कार्यगत लक्ष्य (Functional Target) मा ३०० मात्र उल्लेख गरी गत वर्षहरूको इन्भेन्टरी मा भएका आय विवरण ४२० र २०७४।७५ को आय विवरणका ३८ (आय विवरण पेश गर्ने करदाताको ५.८६ प्रतिशत) गरी जम्मा ४५८ आय विवरणको २०७५।७६ मा कर लेखापरीक्षण भएको देखिन्छ । यथार्थमा बास्तविक भन्दा कम लक्ष्य राख्नाले प्रगती बढी देखिए पनि यथार्थमा कर लेखापरीक्षणको प्रगती न्यून रहेको देखिन्छ । आय विवरण पेश गरेका सबै करदाताहरूको चार वर्षभित्र कर परीक्षण गर्ने नीति अवलम्बन गर्न नीतिगत व्याख्या भएपनि सो अनुरूप सबै करदाताको कर परीक्षण भएको छैन ।

सुझाउ - आय विवरण पेश गरेका सबै करदाताहरूको चार वर्षभित्र स्वचालित प्रकृयामार्फत कर परीक्षण गर्ने नीति अवलम्बन गर्न आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

३२. **अनुसन्धान परीक्षण** –आयकर ऐन, २०५८ को दफा १०२ अनुसार संशोधित कर निर्धारण गरी कायम भएको अवस्था क्षेत्रगत र कारोबारगत रूपमा कर परीक्षणको लागि फाईल छनौट, मूल्यांकन, संशोधित कर निर्धारणबाट कायम भएको कर रकम र कर दाखिलाको स्थिति मूल्यांकन गर्दा अनुसन्धान गरेका करदाताको सख्या बढाई राजश्व संकलनमा प्रभावकारीता ल्याउनुपर्नेमा ०७२।७३ मा १ हजार ८८ करदाताको अनुसन्धान भएकोमा २०७४।७५ मा यस्तो संख्या घट्न गई ३७१ मा सिमित भएको छ । गत ४ बर्षमा यस्तो विस्तृत परीक्षणको संख्यामा १९३.२६ प्रतिशतले ह्रास आएको देखिन्छ ।

विवरण	२०७२.७३			२०७३.७४			२०७४.७५			२०७५.७६		
	लक्ष्य	प्रगति	रकम	लक्ष्य	प्रगति	रकम	लक्ष्य	प्रगति	रकम	लक्ष्य	प्रगति	ररकम
प्रारम्भिक अनुसन्धान	१२३०	११३३२	९०२२९९	९००	१२००	१५२३६०५	९७५	१००९	९८४८७३	११८७	१०४८	८९३२४४
विस्तृत अनुसन्धान	४३२	११०८८	३९३६४८	५८९	९९४	५५४७४६	६०१	८१४	६२९९१७	२६५	३७१	४१४७९७
विद्युतीय तथ्यांक प्रशोधनमा आधारित अनुसन्धान (EDP)	४८	४४८	०	२४	११४	०	१७४	११४	०	९२	४८	

आन्तरिक राजस्व विभागको सुधार योजना (२०१२-२०१५) मा कर अनुसन्धान समेत कुल करदाताहरूको २ प्रतिशत करपरीक्षण गर्ने लक्ष्य रहेकोमा कुनैपनि आ.ब मा तोकिएको संख्या पुगेको पाईएन । २०७३।७४ को अनुसन्धानतर्फको कर निर्धारणतर्फ ९९४ करदाताको कर परीक्षण सम्पन्न भएकोमा २०७४/७५ मा ८१४ भएको र २०७५।७६ मा गत बर्ष भन्दा लक्ष्य नै घटाई २६५ कायम गरेकोमा ३७१ को अनुसन्धान भएको तर उक्त संख्या गत बर्ष अनुसन्धान गरेको ८१४ को तुलनामा ४४३ अर्थात ५४.४२ प्रतिशतले घटी रहेको छ । त्यसैगरी २०७२।७३ मा १ हजार ३३२ प्रारम्भिक अनुसन्धान भएकोमा २०७५।७६ मा लक्ष्य नै घटाई १ हजार १८७कायम गरेकोमा १ हजार ४८ मात्र अनुसन्धान हुन गई २०७२।७३ को तुलनामा प्रारम्भिक अनुसन्धानमा समेत २१.३२ प्रतिशतले ह्रास आएको अवस्था छ । विद्युतीय तथ्यांक प्रशोधनमा आधारित अनुसन्धान (EDP) २०७२।७३ मा ४८ वटा गरिएको र २०७५।७६ मा ९२ को लक्ष्य राखिएकोमा ४८ मात्र सम्पादन भई लक्ष्यको ५२.१७ प्रतिशत मात्र प्रगति हासिल भएको छ । यसरी हेर्दा २०७२।७३ बाट २०७५।७६ मा आइपुग्दा निरन्तर घटी प्रगति हुन गई संख्या समेत घटेको देखिएको छ ।

सुझाउ-विद्युतीय सूचना तथा अन्तर निकायगत सूचनाको विश्लेषण गरी प्रभावकारी अनुसन्धान गरी कर अनुसन्धानमा प्रदर्शनीय प्रभाव पारी करदाताले कर छली गर्ने अवस्थाबाट बिमुख गराई कर असुलीमा योगदान गर्नुपर्दछ ।

३३. **कर राजस्वमा योगदान** - आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा अन्तस्शुल्क ऐन, २०५८ को व्यवस्थाबमोजिम पूर्ण कर परीक्षण र अनुसन्धनात्मक परीक्षणबाट कर राजस्वमा पुगेको योगदान निम्नानुसार देखिन्छ:

(रु.अर्बमा)

आर्थिक वर्ष	कुल कर राजस्व	पूर्ण कर परीक्षणबाटयोगदान		अनुसन्धनात्मक परीक्षणबाट योगदान	
		रकम	प्रतिशत	रकम	प्रतिशत
२०७१।७२	१६०.०९	८.३९	५.२४	१.७८	१.११
२०७२।७३	२०४.४३	८.२३	४.०२	०.८३	०.४०
२०७३।७४	२५८.१७	७०.१०	२७.१५	१.७१	०.६६

२०७४।७५	२९८.६५	२३.८८	८.००	१.६८	०.५६
२०७५।७६	३५८.३५	५०.७९	१४.१७	६.४५	१.८०

पूर्ण करपरीक्षणबाट २०७३।७४ मा सबैभन्दा बढी २७.१५ प्रतिशत अर्थात् ७० अर्ब १० करोड कर निर्धारण भएको देखिन्छ भने २०७४।७५ मा पुनः ८ प्रतिशतमा घटेको र २०७५।७६ मा पुनः १४.१७ प्रतिशत भई ५० अर्ब ७९ करोड कर निर्धारण गरेको देखिन्छ । विगत ५ वर्षमध्ये २०७३।७४ मा योगदान बढी देखिनुमा एक करदाताको ठूलो रकम कर निर्धारण हुनु कारक रहेको आन्तरिक राजस्व विभागले जनाएको छ । त्यसैगरी अनुसन्धनात्मक परीक्षणबाट कर निर्धारणतर्फ २०७२।७३ मा सबैभन्दा घटी ०.४० प्रतिशत रहेकोमा २०७५।७६ मा १.८० प्रतिशत पुगी रु.६ अर्ब ४५ करोड योगदान रहेको देखिन्छ । कर निर्धारणबाट वास्तविकरूपमा असुली भएको अभिलेख माग गरिएकोमा सोसमेत प्राप्त हुन सकेन ।

सुझाउ - स्वयं कर निर्धारणबाट भएको असुली एवं पूर्ण कर तथा अनुसन्धनात्मक परीक्षणबाट भएको असुली छुट्टिने गरी अभिलेख राख्न एकीकृत कर प्रणालीमा आवश्यक सुधार गर्नुपर्ने देखिन्छ ।

३४. **प्रशासकीय पुनरावलोकन –** आयकर ऐन २०५८ को दफा ११४ र ११५, मू.अ.कर ऐन २०५२ को दफा ३१क र अन्तःशुक ऐन २०५८ को दफा १९ मा प्रशासकीय पूनरावलोकन सम्वन्धी व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रशासकीय पुनरावलोकनका लागि गत वर्षसम्म १ हजार २७९ कारबाही हुन बाँकी रहेकोमा यो वर्ष ४६२ निवेदन थप भएकोमा यस वर्ष ५०१ निवेदन उपर कारबाही भई १ हजार २४० निवेदन कारबाही हुन बाँकी देखिन्छ । यसरी झण्डै १२.७८ प्रतिशत करदाता कर निर्धारणमा सन्तुष्ट नरहेको अवस्था छ । कारवाही टुंगो लगाएको ५०१ मध्ये १३२ राजस्व न्यायाधिकरणबाट र ३६९ विभागबाट भएको देखिन्छ । यो वर्ष प्रशासकीय पुनरावलोकनबाट टुंगो लागेको ३६९ मध्ये २९९ को कार्यालयको कर निर्धारण पुरै सदर भएको र ७० को कार्यालयको निणंय आंशिक सदर गरी केहि पुनः छानविन गर्न निर्णय भएको देखिन्छ । प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने करदाता, विवादित विषय टुंगो लगाएकोमा विवादलाई सदर वा बदर गरेको विषय र रकम सहितको अद्यावधिक अभिलेख राखेको देखिएन । ऐनको व्यवस्थानुसार निवेदन परेको ६० दिनभित्र कारबाही गरी निर्णय हुनुपर्नेमा १२४० निवेदन उपर टुंगो लागेको छैन । समयमा विवादित विषयमा टुंगो नलाग्दा प्राप्त हुनुपर्ने राजस्व र करदाताले प्राप्त गर्नुपर्ने सेवा दुवै प्रभावित भएको छ ।

सुझाउ - प्रशासकिय पुनरावलोकनबाट समयमै फछ्यौंट नहुँदा सोझै पुनरावेदनमा जाने संख्या बढी देखिएकोले यस सम्बन्धमा बिद्यमान कानुननमा पुनरावलोकन गर्ने तथा विभागले पुनरावलोकन उपर समयमै आवश्यक निर्णय लिनुपर्ने देखिन्छ ।

३५. **आन्तरिक पुनरावलोकन** - करपरीक्षणलाई प्रभावकारी बनाउन कर परीक्षण कार्यको आन्तरिक पुनरावलोकन गर्ने गरी विभागले आन्तरिक नियन्त्रणको विधि तय गरेको र कर परीक्षण पुनरावलोकन शाखाको संरचना समेत तय गरेको छ । यस वर्ष विभाग मातहतका कायांलयबाट ३ हजार ७९४ करदाताको पूर्ण कर परीक्षण भएकोमा गत वर्षको बांकी ६४ र यो वर्षको १०९ समेत १७३ फाइलको पूनरावलोकन गर्नुपर्नेमा १० प्रतिशत यो वर्ष पूर्ण कर परीक्षण भएका फाईलको २.७७प्रतिशत करदाताको फाइल मात्र आन्तरिक पुनरावलोकन भएकोले पुनरावलोकन कायं ज्यादै न्यून भईआन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन पक्ष कमजोर देखिएको छ । त्यस्तै कार्यरत जनशक्तिको कार्यक्षमता मूल्याङ्कन गर्न समेत करपरीक्षण पुनरावलोकनले सहयोग पुऱ्याउनेतर्फ समेत विचार गरी यसको दायरा विस्तार गर्नुपर्ने देखिन्छ । साथै परीक्षणबाट देखिएका व्यहोरा सम्बन्धित कर कार्यालयहरूलाई समयमै सम्प्रेषण गरी सोको अनुगमन गर्नुपनेंमा सो भएको पाइएन । करपरीक्षण पुनरावलोकनको फाइल छनौट कार्यविधि एवं परीक्षण कार्यविधि तय भएको समेत देखिएन । कर अधिकृतहरूले करदाताको श्रेस्तामा पहुँच प्राप्त गरी कर निर्धारण गर्दा वित्तिय विवरणहरू विशेष गरी वासलात, नाफा नोक्सान हिसाव एवं नगद प्रवाह विवरणका रकमहरू कारोवारसंग एवं विगतको वित्तिय विवरणसंग तुलना गरी करपरीक्षण प्रतिवेदनमा उल्लेख गरेको विषय, कर परीक्षणको सम्वन्धमा लिएको आधार एवं कारणहरू ऐन, नियम, निर्देशिका एवं परिपत्रमा भएका व्यवस्था अनुरूप भए नभएको विषयमा पुनरावलोकन गर्दछ । कर पुनरावलोकन गर्नु पछाडीको औचित्य कर अधिकृतले नियतवस वा अज्ञानताको कारणवाट हुन गएको कर चुहावटलाई नियन्त्रण गर्ने र कर निर्धारण कार्यमा एकरूपता ल्याउनु हो । न्यून सख्यामा कर परीक्षण फाइलको पनुरावलोकन हुने,

पुनरावलोकनको फाइल छनौट विधि र परीक्षण कार्यविधि तयार नहुनुले यस कार्यले प्राथमिकता नपाएको स्थिति छ । जसबाट पुनरावलोकनको उद्देश्य प्राप्त हुने अवस्था देखिँदैन ।

सुझाउ - कर प्रशासनलाई स्वच्छ, भरपर्दो, विश्वसनीय र करदातामैत्री बनाउने विभागको लक्ष्य हासिल गर्नआन्तरिक पुनरावलोकन पद्दतीको कार्यविधि बनाई कार्यान्वयन गर्नुपर्दछ ।

३६. **बक्यौता असूली** –आयकर ऐन, २०५८ को दफा १०९, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १२१ अनुसार बक्यौता राख्ने व्यक्तिलाई रकम बुझाउनुपर्ने व्यक्ति वा निजको रकम जिम्मा लिने व्यक्तिलाई रकम दाखिला गर्न आदेश दिई असुल गर्नसक्ने व्यवस्था छ । २०७५।७६ सम्मको वक्यौताको अवस्था निम्नानुसार छ ।

(रु.हजारमा)

क्यौता	वास्तविक वक्यौता		अपिल माग भएको		कुल जम्मा वक्यौता	
	करदाता संख्या	रकम	करदाता संख्या	रकम	करदाता संख्या	रकम रु.
मूल्य अभिवृद्धि कर	८९८७७	११३८८१५०	३१३३	१३०४७११९	९३०१०	२४४३५२६१
आयकर	३४४२५	३२५४४८९६	२७१६	३९५८०३७३	३७१४१	७२१२५२७०
जम्मा	१२४३०२	४३९३३०४६	५८४९	५२६२७४८४	१३०१५१	९६५६०५३१

सांविकमा कर निर्धारण भई रकम दाखिला नगरेका मध्ये स्थायी लेखा नम्बर समेत नभएका १५ हजार ८५४ करदाताको बक्यौता रु. १३ अर्ब ४१ करोड ७२ लाख रहेको छ। यस्ता करदाताको कारोबार स्थल, ठेगानाको अभिलेख तयार गरी असुल गर्ने कार्यमा प्रभावकारिता ल्याउने कार्यमा अपेक्षित सुधार आएको छैन । २०७५/७६ सम्म पुनरावेदनमा गएका समेतको कुल बक्यौता रु.९६ अर्ब ५६ करोड ५ लाख कायम भएको छ । जुन बिगत भन्दा
रु.४९ अर्ब ६५ करोड २७ लाख अर्थात ३३.९६ प्रतिशत घटी देखिन आएको छ । विभागको तथ्यांक अनुसार २०७४।७५ मा १ लाख १७ हजार करदाताको वक्यौता रहेकोमा २०७५।७६ मा १ लाख ३० हजार करदाताको वक्यौता देखिएकोले वक्यौता राख्ने करदाताको संख्या घटेको देखिएन । यसले गर्दा कर प्रशासनबाट निर्धारण भएको कर असुलीमा प्रतिकुल प्रभाव पर्न गई आन्तरिक राजश्व न्यून असुल भएको छ ।

सुझाउ - विभाग तथा मातहतका निकायहरूबाट अनुगमन गरी बक्यौता राख्ने करदाताको संख्या र रकम न्यून गर्ने अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।

३७. **राजश्व न्यायाधीकरण -** कर दायित्व निर्धारण भइसकेपछि पनि विभिन्न बहानामा कर दायित्व भुक्तानी नगर्ने प्रवृत्तिको विकास हुँदै गएको सन्दर्भमा राज्यलाई प्राप्त हुनुपर्ने यथार्थ कर रकमभन्दा निकै कम रकम असुली भएको देखिन्छ । कर अधिकृतले गरेको निर्णय र पुनरावलोकनकर्ताको निर्णय उपर चित्त नबुझी राजस्व न्यायाधीकरणतर्फ पुनरावेदन दिएका मुद्दा मध्ये २०७४।७५ बाट जिम्मेवारी सरी आएका २८० र २०७५।७६ मा थप भएका ४१४ समेत ६९४ मुद्दा कारवाही किनारा लगाउनु पर्नेमा २१५ मुद्दा फर्छ्यौट भई ४७९ मुद्दा अर्को वर्षलाई जिम्मेवारी सरेको देखिन्छ । यसबाट गत वर्षभन्दा फर्छ्यौट हुन बाँकी मुद्दामा ७१.०७ प्रतिशतले वृद्धि भएको तथा सोही बर्ष दर्ता भएको मुद्दा संख्यासँग तुलना गर्दा उक्त थप भएको संख्या मध्ये ५१.९३ मात्र फर्छ्यौट भएको देखिएको छ । फर्छ्यौट भएका २१५ मुद्दा मध्ये ९४ (४३.७२ प्रतिशत) सदर, ९२ (४२.७९ प्रतिशत) केहि उल्टी भएको, ८ (३.७२ प्रतिशत) उल्टी भएको, १० (४.६५ प्रतिशत) पुनर्निर्णय गर्न पठाइएको, १० खारेजी भएको र एक मुद्दा क्षेत्राधिकारका कारण विराटनगरमा फिर्ता गरेको देखिन्छ । राजश्व न्यायाधीकरणबाट ४७९ मुद्दा टुङ्गो लाग्न बाँकी रहेको कारणले पनि ठूलो राजश्व बक्यौता रहेको देखियो ।

सुझाउ- राजश्वसम्बन्धी मुद्दाहरूमा शीघ्र न्याय निरूपण भई राजश्व रकम निर्क्यौल हुनु जरुरी देखिन्छ ।

३८. **बजार अनुगमन**- कर प्रशासनले आर्थिक कारोवारमा पारदर्शिता ल्याउन, सहि कर निर्धारण गर्न समय समयमा अनुगमन गर्नुपर्दछ । करदाताको कारोवारको अनुगमनको स्थिति, विलिङ्ग इन्फोर्समेन्ट तथा कर परिपालना नतिजा मूल्यांकन गर्दा ३ वर्षको वजार अनुगमन अवस्था निम्नानुसार रहेको छ ।

विवरण	२०७२/७३	२०७३/७४	२०७४/७५
करदाता संख्या	१८३८६	८२९९	८५९८
स्वास्थ्य कर तथा शिक्षा सेवा शुल्कको अनुगमन संख्या	७४०	१५३३	७१८
गैर कानुनी मदिरा विरुद्धको कानुनी करवाही संख्या	२५२	३१९	२७९
स्वास्थ्य कर तथा शिक्षा सेवा शुल्क रकम (रु.)	१०३५०	५६०३२२	३६३९८९६

माथिको नतिजा मूल्याङ्कन गर्दा २०७२र७३ मा १८ हजार ३८६ करदाताको अनुगमन भएकोमा २०७४र७५ मा ८ हजार ५९८ करदाताको मात्र अनुगमन भएको र गैरकानुनी मदिरा विरुद्धको कार्यवाही २०७३र७४ मा ३१९ रहेकोमा २०७४ र ७५ मा २७९ मात्र रहेको छ । २०७५र७६ मा बजार अनुगमनको क्रममा कर कानुनको पालना नगर्ने करदातालाई स्थलगत रूपमा रु.३ करोड ७५ लाख ४८ हजार जरिवाना गरेकोछ । अनुगमन संख्या र गुणस्तर सुधारको कार्य वृद्धि हुन नसकेका कारण आन्तरिक राजश्वको लक्ष्य पुरा हुनसकेको छैन ।

सुझाउ- बजार अनुगमन संख्या वृद्धि गरी करदाताको संख्या बढाउने र अनुगमनको गुणस्तरमा सुधार गरी करको दायरा वृद्धि गर्नुपर्ने देखिन्छ ।

३९. **विद्युतीय बीजक -** २०७५।७६ को बजेट वक्तव्यको बुँदा नं.२६३ मा विभिन्न नियमनकारी निकायमा रहेको करदाता सम्बन्धि सूचनाहरूलाई एकीकृत गर्न करदाता सूचना व्यवस्थापन प्रणालीको विकास गरिने र बिल विजक लिने/दिने प्रणालीमा सुधार गरी कारोबारमा पारदर्शिता ल्याउन र कर प्रशासनको पहुँच स्थापित गर्न बिक्रेतालाई विद्युतीय माध्यमबाट विजक जारी गर्न अनिवार्य गरिने उल्लेख छ । साथै विद्युतीय माध्यमबाट जारी भएका विजकलाई आन्तरिक राजश्व बिभागको केन्द्रिय विजक अनुगमन प्रणालीमा आवद्ध गरिने उल्लेख छ ।मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(क)को उपदफा (२) तथा आयकर ऐन, २०५८ को दफा ८१(४) अनुसार पैंतिस करोड भन्दा बढी कारोबार हुने करदाताले अनिवार्य रूपमा विद्युतीय विजक जारी गर्ने तथा सो को अभिलेख राख्न विभागले सूचना प्रकाशन गरेको छ । त्यसैगरी बिद्युतीय बीजकसम्बन्धी कार्यविधि, २०७४ अनुसार विद्युतीय विजक सफ्टवेयर प्रमाणिकरण अनुमति लिनुपर्ने व्यवस्था छ । यस व्यवस्था बमोजिम २०७४।१०।२८ देखि हालसम्म एक सिस्टम प्रा.लि., काठमाडौं-३१ लगायतका सफ्टवेयर कम्पनीले ४३३ थरी सफ्टवेयर२०७७ जेष्ठ २२ सम्म सूचिकृत भई ४ हजार ६०३ करदाताले यस्तो कम्प्युटर बिलिङ्गको अनुमति लिएको देखिन्छ ।

शुरुमा विभागीयस्तरबाट अनुमति दिने गरेकोमा हाल आन्तरिक राजस्व कार्यालयले नै सामान्य चेकजाँच गरे पश्चात् यस्ता कम्पनीका सफ्टवेयर सूचिकृत गर्ने गरी लचिलो व्यवस्था लागु गरेको विभागले जनाएको छ । यसबाट यस्ता सफ्टवेयरको आधिकारिकता, डाटाबेसमा अनधिकृत पहुँच तथा डाटा मेनिपुलेशन हुन सक्ने जोखिम रहेको देखियो । २०७४।७५ को आय विवरण पेश गरेको तथ्याङ्कलाई आधारमान्दा तोकिएको ३५ करोड भन्दा बढी कारोबार गर्ने १ हजार ६८२ करदाताले कुल २६ खर्ब ९२ अर्ब ११ करोड ३३ लाख १० हजारको कारोबार गरेको देखिन्छ । बिद्युतीय बिलिङ्गको अनुमति अनिवार्य नभएका करदाताले समेत यस्तो विद्युतीय बिलिङ्गको अनुमति लिई प्रयोग गर्ने गरेको र अनिवार्य अनुमति लिनुपर्ने ३५ करोड माथिको कारोबार गर्ने करदाता सबैले यस्तो अनुमति लिए नलिएको सम्बन्धमा बिभागले स्पष्ट अभिलेख नराखेकाले विभागीय निर्देशनको पूर्ण पालना भएको छ भनि विश्वस्त हुन सकिदैन ।

सफ्टवेयर प्रमाणिकरणको अनुमति तथ्याङ्कलाई हेर्दा २०७७ फाल्गुणसम्म कुल व्यावसायीक स्थायी लेखा नम्बर लिएका १३ लाख ६० हजार ९३८ मध्ये ४ हजार ६०३ (०.३३ प्रतिशत) करदाताले मात्र विद्युतीय वीजक जारी गर्ने गरेको देखिएकाले कर प्रणालीमा विद्युतीय माध्यमबाट जारी हुनेविजकको प्रयोग न्यून देखिएको छ । विभागद्धारा केन्द्रीकृत बिलिङ व्यवस्थापन प्रणाली (CBMS) को सुरुवात गरिएको भएता पनि मूल्य अभिवृद्धी करमा दर्ता भएका २ लाख १२ हजार ४९३ करदाताहरू र प्यान दर्ता भएका उल्लेखित करदाताहरूमध्ये केवल ९२ करदाता सो प्रणालीमा समावेश गरिएका छन् । यसबाट कर प्रणालीमायथार्थ कारोबार भएको छ भनी विश्वस्त हुन सकिएन ।

सुझाउ- सफ्टवेयरको आधिकारिकता तथा साइबर सुरक्षा सम्बन्धमा सम्बन्धित विज्ञबाट बिस्तृत परीक्षण पश्चात मात्र प्रयोगको अनुमति दिने, विभागीय निर्देशनको पालना गर्ने गराउने तथा विद्युतीय विजक प्रणालीक्रमशः सबै करदातालाई अनिवार्य गराएमा मात्र अर्थतन्त्र वास्तविक स्वरूपमा आउने, कर परिपालनामा बढोत्तरी हुने र अनौपचारिक अर्थतन्त्रमा समेत नियन्त्रण हुने देखिन्छ ।

४०. **विद्युतीय अग्रिम कर कट्टी -** आयकर ऐन २०५८ को परिच्छेद १७ को दफा ८७,८८ र ८९ मा भुक्तानीमा कर कट्टी गर्ने व्यवस्था गरिएको छ । लेखापरीक्षणको क्रममा ४१ आन्तरिक राजस्व कार्यालयहरूमा भुक्तानीमा विद्युतीय माध्यमबाट गरिने अग्रिम कर कट्टी (e-TDS) गर्ने करदाताको विवरण माग गरिएकोमा प्राप्त विवरण बमोजिम २०७१।७२ मा ३२ वटा आन्तरिक राजस्व कार्यालय अन्तर्गतका ६० हजार ३०१

करदाताले रु. १८ अर्ब ४२ करोड अग्रिम कर बुझाएकोमा २०७५।७६ मा आईपुग्दा ४० आन्तरिक राजस्व कार्यालय अन्तर्गतका एक लाख एक हजार ८५४ करदाताबाट ४८ अर्ब ५३ करोड रकम अग्रिम करको रूपमा उठेको देखियो ।

(रु.करोडमा)

आ.व.	आ.रा.का. संख्या	e-TDS गरिएको पटक (संख्या)	कर कट्टी रकम रकम	आयकर असुली	e-TDS प्रतिशत
२०७१/७२	३२	६०३०१	१८४२	८८४६	२०.८२
२०७२/७३	३३	६८०८६	१९५०	११७१४	१६.६४
२०७३/७४	३३	८०९५३	२३९२	१४८२४	१६.१३
२०७४/७५	३३	८२८७४	३५५०	१५९९०	२२.२०
२०७५/७६	४०	१०१८५४	४८५३	१९२८४	२५.१७

कुल आयकरसंग विद्युतीय माध्यमबाट भएको अग्रिम कर कट्टीको तुलना गर्दा २०७१।७२ मा उठेको कुल आयकर रु. ८८ अर्ब ४६ करोडको २०.८२ प्रतिशत रकम भुक्तानीमा कर कट्टीको रूपमा असुल भएकोमा २०७५।७६ मा उठेको कुल आयकर रु. १ खर्ब ९२ अर्ब ८४ करोडमा २५.१५ प्रतिशत अर्थात रु. ४८ अर्ब ५३ करोड अग्रिम कर कट्टीको रूपमा उठेको देखियो । २०७२।७३ र २०७३।७४ मा यस्तो करको प्रतिशत २०७१।७२ को तुलनामा घटेर १६.६४ र १६.१३ प्रतिशत भएकोमा २०७४।७५ मा बढेर २२.२० प्रतिशत पुगेको देखिन्छ । संख्यात्मक रूपमा हेर्दा विद्युतीय अग्रिम कर कट्टी २०७१।७२ मा ६० हजार ३०१ पटक रहेकोमा २०७५।७६ मा १ लाख १ हजार ८५४ पटक रहेको छ । २०७५।७६ मा आयकरमा दर्ता कुल करदाता २२ लाख ३१ हजार ४५३ रहेकोमा १ लाख १ हजार ८५४ पटकको संख्यामा मात्र विद्युतीय माध्यमबाट गरिने अग्रिम कर कट्टी गरिएको छ ।

कुल करदातामध्ये विद्युतीय माध्यमबाट गरिने अग्रिम कर कट्टीगर्ने करदाता संख्या कति छ भन्ने तथ्याङ्क एकीकृत कर प्रणालीबाट देखिदैन । कुल आयकरमा भुक्तानीमा कर कट्टी गर्ने करदाताको स्थिती तथा असुली ज्यादै न्यून देखिएकाले करदाताको कारोबारको सूचना समयमा नै प्राप्त गरी कर निर्धारण तथा अनुसन्धान गर्न नसकिने अवस्था छ ।

सुझाउ- विद्युतीय माध्यमबाट भुक्तानीमा कर कट्टी गर्ने करदाता संख्या बढाउन सबै करदातालाई विद्युतीय माध्यमबाट गरिने अग्रिम कर कट्टीको दायरामा ल्याउनुपर्ने र कुल आयकरमा विद्युतीय माध्यमबाट गरिने अग्रिम कर कट्टी योगदानलाई बढाउनुपर्ने देखिन्छ ।

४१. **किस्ताबन्दीमा कर दाखिला -** आयकर ऐन २०५८ को दफा ९४(१) मा कुनै व्यवसाय वा लगानीबाट कुनै आय वर्षमा निर्धारणयोग्य आय भएको वा हुने व्यक्तिले ३ किस्तामा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस व्यवस्था बमोजिम पौष मसान्तसम्म अनुमानित करको ४० प्रतिशत, चैत्र मसान्तसम्म ७० प्रतिशत र असार मसान्तसम्म अनुमानित करको शतप्रतिशत रकम मध्ये तिर्न बाँकी कर रकम बुझाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त किस्तावापत संकलित आयकरको विवरण निम्नानुसार देखिएको छ ।

(रु.अर्बमा)

आ.व.	कुल आयकर रकम	किस्ताबन्दीमा संकलित			किस्ताबन्दीमा बुझाउने	
		रकम	प्रतिशत	कुल व्यवसायीक स्थायी लेखा नं.	करदाता संख्या	प्रतिशत
२०७१/७२	८८.४६	२६.३९	२९.८३		२०९६८	
२०७२/७३	११७.१४	३७.६३	३२.१२		१६९५६	
२०७३/७४	१४८.२४	४९.२९	३३.२५	९३४६५८	२३२८१	२.४९
२०७४/७५	१५९.९०	५०.२४	३१.४२	१०३८२६६	२४२२९	२.३३
२०७५/७६	१९२.८४	५४.३५	२८.१८	१२३५४१२	२४०६४	१.९५

किस्ताबन्दीमा आयकर बुझाउने करदाताको संख्या २०७१।७२ मा २० हजार ९६८ रहेकोमा २०७५।७६ मा २४ हजार ६४ पुगी ५ वर्षमा १४.७७ प्रतिशतले वृद्धि भएको र २०७५।७६ मा कुल व्यावसायिक स्थायी लेखा नम्बर लिएका १२ लाख ३५ हजार ४१२ रहेकोमा १.९५ प्रतिशतले मात्र किस्ताबन्दीमा कर बुझाएको देखिएको छ । यसबाट अधिकांश करदाताले व्यवसाय नोक्सानीमा देखाउने र

कर लाग्ने सीमा भन्दा घटी मुनाफा देखाउने गरेका कारण यस्तो संख्या अत्यन्त न्यून देखिएको छ । २०७१।७२ मा संकलित कुल आयकर रु. ८८ अर्ब ४६ करोड मध्ये किस्ताबन्दीमा २९.८३ प्रतिशत अर्थात् रु.२६ अर्ब ३९ करोड संकलन भएको देखिन्छ । त्यसैगरी २०७२र७३ देखि २०७५र७६ सम्म किस्ताबन्दीमा संकलित कर रकमको प्रतिशत क्रमशः ३२.१२, ३३.२५, ३१.४२ र २८.१८ रहेको देखिन्छ । अघिल्ला वर्षमा भन्दा घटेर २०७५।७६ मा कुल संकलित आयकर रु. १ अर्ब ९२ करोड ८४ लाखको २८.१८ प्रतिशत अर्थात् ५४ अर्ब ३५ करोड किस्ताबन्दीमा संकलन भएको देखिन्छ । यसबाट किस्ताबन्दीमा कर दाखिला गर्ने व्यवस्थाको कार्यान्वयन प्रभावकारी देखिएन ।

सुझाउ- आन्तरिक राजश्वविभाग तथा सम्बन्धित कार्यालयले प्रभावकारी बजार अनुगमन र राजस्व सूचना मार्फत करदाताले नियतवश नोक्सानी देखाउने परिपाटीलाई निरुत्साहित गरी करयोग्य आयमा बढोत्तरी गराउन सकेमा किस्ताबन्दीमा समयमै कर दाखिला हुने प्रणालीको कार्यान्वयनमा प्रभावकारिता आउने देखिन्छ ।

४२. **एकीकृत कर प्रणाली-** मूल्य अभिवृद्धि करको लागि प्रशासनिक पुनरावलोकनका लागि जम्मा गरिएको धरौटी रकम अडिट ट्रायल रिपोर्ट(ATR)फाराममा "हेल्ड" भनेर चिन्ह लगाइने व्यवस्था गरिएको छ । यसरी जम्मा गरिएको सबै धरौटी रकममा यस्तो "हेल्ड" भनेर चिन्ह लगाइएको छैन । परिणामतः यसले सरकारलाई ब्याज र जरिवाना कम संकलन भई राजस्व घाटा हुन जाने देखिएको छ । करदाताहरूद्वारा दाबी गरिएका स्रोतमा कर कट्टी (TDS) को जाँच सिस्टमले गर्दैन । परिणाम स्वरूप एउटै स्रोतमा कर कट्टी गरेको भौचरबाट बिभिन्न करदाताले क्रेडिट मिलान गर्न सक्ने जोखिम देखिएकोले यसमा सुधार हुनुपर्दछ । त्यसैगरी फाइलहरू कर परीक्षणका लागि चयन हुँदा र कर परीक्षण सम्पन्न हुँदा विद्युतीय आन्तरिक अनुगमन प्रणाली (EIMS) अद्यावधिक गरिनुपर्दछ । कर परीक्षणका लागि चयन गरिएका सबै फाइलहरू सफ्टवेयरमा अभिलेख गरिएका छैनन् । परिणाम स्वरूप चयन नगरिएका फाइलहरूको पनि कर परीक्षण भएको तर छनौट भएका फाइलको कर परीक्षण नहुन सक्ने अवस्था देखिएको छ । साथै कर परीक्षण भएका फाइलको संख्याको एकिन तथ्यांक समेत प्राप्त गर्न कठिनाई सिर्जना भएको छ । विभागको बार्षिक प्रतिवेदनमा २०७५।७६ मा विस्तृत सम्पन्न कर परीक्षणको संख्या ३ हजार ६९९ उल्लेख गरेकोमा वित्तिय लेखापरीक्षण अवधिमा ३ हजार १८४ कर परीक्षण गरेको तथ्यांक रहेको र कार्यमूलक लेखापरीक्षण अवधिमा माग गरिएको विवरण बमोजिम ३ हजार ७९४ वटा परीक्षण गरिएको उल्लेख गरिएको छ ।

यसबाट विद्युतीय आन्तरिक अनुगमन प्रणाली (EIMS) प्रणालीमा पूर्ण र समयमै प्रविष्ट नगर्दा यकिन जानकारी तथा तथ्यांक प्राप्त नहुने अवस्था सृजना भएको छ । त्यसैगरी बैंकबाट जारी भएका कतिपय राजस्व भौचरहरू राजस्व व्यवस्थापन प्रणालीमा प्रबिष्टि नभएको लेखापरीक्षणको क्रममा देखिन्छ । यसबाट राजस्व हिसाब एवं भौचरको यथार्थता यकिन गर्न कठिन हुने देखियो । राजस्व व्यवस्थापन प्रणालीमा भौचरहरूप्रबिष्टि हुँदा सम्बन्धित करदाताको खातामा समेत सो भौचर समावेश गरी भौचर जारी नहुँदा करदाताले राजस्व तिरेको हिसाब र राजश्व प्रणालीको हिसाव भिडान हुन नसकेको देखियो ।

सुझाउ- राजस्व व्यवस्थापन प्रणालीमा प्रविष्टि नभएसम्म भौचर जारी नहुने व्यवस्था मिलाउनुपर्ने साथै आय विवरण तथा मूल्य अभिवृद्धिकर विवरण अद्यावधिक पेश गरेका तथा बक्यौता नभएका करदाताले आय विवरणअनुसार दाखिला गरेको करको निस्सा (कर चुक्ता प्रमाणपत्र) करदाता स्वयंले एकीकृत कर प्रणालीबाट प्राप्त गर्नसक्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

४३. **कार्यसम्पादन सम्झौता -** नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा कार्यसम्पादन सम्झौताको व्यवस्था गरिएको छ ।विभागले प्रमुख कर अधिकृतसंग र प्रमुख कर अधिकृतले कर अधिकृतसंग कार्यसम्पादन सम्झौता गर्ने र छनौट भएका करदाताको कर निर्धारणको म्याद नजाने गरी कार्ययोजना बनाउन लगाउने र म्याद गुजारेको अवस्थामा सम्बन्धित कर अधिकृत र प्रमुख कर अधिकृतलाई जिम्मेवार बनाउनुपर्नेमा सो बमोजिम कार्यान्वयन भएको देखिएन । जसले गर्दा कर परीक्षणबाट राजश्वमा पुगेको योगदान न्युन देखियो । कर परीक्षण कार्यको प्रभावकारीतावाट राजश्वमा योगदानसंगै कर प्रणाली चुस्त तथा दुरुस्त हुन सक्दछ भने कर चुहावटका क्षेत्र समेत पहिचान भई कराधार समेत बृद्धि हुन सक्दछ । आन्तरिक राजश्व कार्यालयहरूले सम्झौताबमोजिम कर परीक्षणमा ध्यान नदिई म्याद जाने समयमा मात्र कर परीक्षण गर्ने परम्पराले कर परीक्षणको उद्देश्य समेत पुरा हुन सकेको देखिएन ।

सुझाउ - कार्यसम्पादन सम्झौताको आधारमा कर परीक्षण तथा अनुसन्धान कार्यलाई प्रभावकारी बनाई दण्ड र पुरस्कारको समेत व्यवस्था गरी कर परीक्षणमा गुणस्तरीयता अभिवृद्धि गर्नुपर्दछ ।

४४. **विवरणको पूर्णता -** आन्तरिक राजस्व विभाग मातहतका आन्तरिक राजस्व कार्यालयको लेखापरीक्षण गर्दा कर परीक्षण गरिएका अधिकांश फाइलमा आय विवरणका साथ पेश गर्नुपर्ने अनुसूची १३ लगायत विवरण पूर्णरूपमा पेश हुने गरेको छैन । यसप्रकार भरिने अनुसूची१३ लाई आय विवरण एवं वित्तिय विवरणको अभिन्न अंग एवं अनुसूचीको रूपमा व्यवस्थापन गर्न नसक्दा करदाताले आफ्ना सूचनाहरू नभर्ने, भर्नेले पनि फरक तथ्यांक भर्नेअवस्थाले गर्दा करदाताहरू एक आपसमा सूचनाहरूमा मिसम्याच देखिने र यर्थाथ कारोबार नदेखिँदा लाग्नुपर्ने कर छुटेको र कर निर्धारण गर्दा बढी समय लाग्ने अवस्था देखिएको छ । कार्यालयहरूबाट न्यून प्रतिशतमा मात्र कर परीक्षण हुने, कर परीक्षण गरेका करदाताले गलत सूचना अपलोड गरेकोमा रु.५,००० शुल्क लगाई उन्मुक्ति दिने गरेको देखिन्छ ।

सुझाउ- करदातालाई जरिवानाको भार न्यून गराउन एवं यर्थाथतामा आधारित तथ्यांक पेश गर्ने, यस्ता तथ्यांक मध्ये खरिद, बिक्रि, साहू, आसामीको अंक वित्तिय विवरणको अनुसूचीसँग मेल खाएमा मात्र सिस्टममा यस्ता विवरण भेरिफाइ हुने व्यवस्था गर्नुपर्ने देखिन्छ । सवै सरकारी निकायले पनि स्थायी लेखा नम्बर लिने व्यवस्था गर्नुपर्ने जसले गर्दा सरकारी निकाय र उक्त निकायसंग कारोबार गर्ने अन्य निकायबीचको कारोबार पारदर्शी हुने भएकाले सवै निकायले अनिवार्य रूपमा स्थायी लेखानम्बर लिएकालाई भुक्तानी गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

४५. **निष्कर्ष -** कर निर्धारण र कर असुली प्रवृत्ति सम्बन्धमा गरिएको विश्लेषणबाट कर परीक्षणको क्षेत्रविस्तार गर्नुपर्ने र कर अनुसन्धानबाट प्रदर्शन प्रभाव पार्नका लागि कर प्रशासनको भूमिका उल्लेखनीय हुनुपर्ने देखिएको छ । आय विवरणको प्राप्ति, सो अनुसार प्राप्त गर्नुपर्ने राजश्व एवं वक्यौता असुली, त्यस्तै करदाता शिक्षा प्रदान गरी स्वेच्छिक र स्वयंकरमा आधारित कर सहभागिताद्धारा राजश्व परिरचालनमा प्रभावकारीता ल्याउनुपर्दछ ।

उठाउनुपर्ने क्षेत्र र रकम भन्दा कम असुली भै राजस्व अन्तर घटाउनेतर्फध्यान दिने, कर विवरण नदिनेको संख्या, बक्यौता राख्ने करदाताको संख्या र रकम घटाउने, पूर्ण कर परीक्षण संख्या बढाउने, जोखिममा आधारित कर परीक्षण गर्ने, सूचना संकलन र विश्लेषण गर्ने भरपर्दो प्रणाली विकास गर्ने, पूर्ण कर परीक्षणतर्फ संलग्न अधिकृत, करनिर्धारण रकम र सोको असूलीवीच सह-सम्बन्ध स्थापित गर्ने, आन्तरिक राजस्व परिचालनलाई जोड दिने, प्रशासकीय पुनरावोलकनतर्फ ६० दिनभित्र फछर्यौट गर्ने कानुनी व्यवस्था पूर्ण कार्यान्वयन गर्ने, पुनरावलोकन गर्दा ऐनको व्याख्यामा सुधार ल्याई एकै प्रकारको कर निर्धारण हुदा धेरै करदाता प्रशासनिक तथा अदालती कार्यवाहिका लागि मुद्दामा जाने गरेको स्थितिमा सुधार ल्याउनुपर्दछ । करदाता शिक्षामा पहुँच र पृष्ठपोषणको आधारमा थप प्रभावकारी बनाउने, करप्रशासनको क्षमता अभिवृद्धिका लागि आन्तरिक र बहुराष्ट्रिय करसम्बन्धी तालिम लिएतापनि बहुराष्ट्रिय कर प्रणाली अनुसार आयकर निर्धारण हुन नसकेकोतर्फ ध्यान दिई सुधार गर्नुपर्ने देखिन्छ ।

कर्जा प्रयोजनका लागि पेश हुने र कर प्रयोजनका लागि पेश हुने वित्तीय विवरणमा एकपरूता ल्याउने सम्बन्धमा विभागले तयार गरेको प्रणालीलाई नेपाल राष्ट्र बैंक मार्फत् कार्यान्वयन गराउंदा हाल विद्यमान फरक फरक वित्तिय प्रतिवेदन पेश गर्ने प्रणालीमा सुधार हुने देखिन्छ । कुल राजस्वमा आन्तरिक राजस्वको योगदान बढाई कर प्रणालीलाई सवल र प्रभावकारी बनाउन विभागले बजार अनुगमनलाई थप प्रभावकारी र नतिजामूखी बनाउने,सूचना प्रविधिको प्रयोगमा व्यापकता ल्याउने, सूचना र जोखिममा आधारित अनुसन्धान र कर परीक्षणमा जोड दिने, मानव स्रोतको क्षमता, सीप विकासमा सघन रूपमा तालिम सञ्चालन गर्ने, करदाताको स्वेच्छिक करसहभागिताको माध्यमवाट अधिकतम कर राजस्व संकलन गर्न वार्षिक व्यवसायिक कार्ययोजनाको निर्माण र कार्यान्वयन गर्ने, कर कानुनको पालनामा जोड दिदै कर छली चुहावट नियन्त्रण गर्ने र कर प्रशासनलाई दक्ष स्वच्छ एवं सुदृढ बनाउनेतर्फ जोड दिइनुपर्दछ ।

करदाताहरू र कर प्रशासनबीचको विश्वासलाई अभिवृद्धि गर्ने कर प्रशासनको मूलमन्त्रलाई आत्मासात गर्दै तथ्य सूचनाको आधारमा मात्र अनुसन्धान गर्ने अन्तराष्ट्रिय प्रचलनको असल अभ्यासलाई नेपालको करलेखापरीक्षण तथा अनुसन्धानमा प्रयोग गर्न ढिला गर्नुहुदैन । बिल लिने दिने कार्यमा सुधार, बिल अनुसारको लेखा व्यवस्था र लाग्ने कर दाखिलाका लागी विस्तृत अनुसन्धानको संख्यामा वृद्धि गरी अनुसन्धानको दायरा फराकिलो गराउनु पर्दछ । समग्रमा असल र प्रगतिशिल कर नीति, सक्षम कर प्रशासन, शिक्षित करदाता, विद्युतीय प्रणालीमा आधारित स्वचालित र स्वनियन्त्रित बजार संयन्त्रबाट देशको कर प्रणाली मजबुद भई कर निर्धारण र असुलीमा प्रभावकारिता हासिल हुने देखिन्छ ।

काठमाडौं उपत्यकाको पर्यावरणीय अवस्थाको मूल्याङ्कन
परिचय

१. **पृष्ठभूमि -** वातावरण व्यवस्थापन, वातावरण संरक्षण, जलवायु परिवर्तन, जैविक विविधता संरक्षण, हरितअर्थतन्त्र लगायतका विषयहरूआज विश्वका सबै जसो मुलुकका सरकारहरूले प्रमुख प्राथमिकतामा राख्दै आएको छन् । वातावरण तथा जलवायु परिवर्तनको विश्वव्यापी समस्यालाई सम्बोधन गर्न १९९२ मा रियो द जेनेरियोमा सम्पन्न पृथ्वी शिखर सम्मेलनमा हस्ताक्षरको लागि खुला भएको संयुक्त राष्ट्रसंघीय महासन्धीको नेपाल पक्ष राष्ट्र हो । नेपालले जलवायु परिवर्तनसम्बन्धी २०१५ को पेरिस सम्झौता अनुमोदन गरी कार्यान्वयन प्रारम्भ गरेको छ। सो सम्झौता कार्यान्वयनको लागि वन तथा वातावरणमन्त्रालयले सामाजिक आर्थिक विकासमा न्युन कार्वनमुखी एवं जलवायु समानुकूलित सोचको अवलम्बन, स्रोत व्यवस्थापनमा कुशलता तथा सामाजिक रूपमा समावेशी दृष्टिकोणलाई आत्मसात गर्दै हरित अर्थतन्त्रमुखी रणनीति तर्जूमा गरी क्रमशः लागु गर्ने लक्ष्य लिएको छ। दिगो विकास लक्ष्यमा एघारौँदेखि पन्ध्रौँसम्मका ५ लक्ष्य प्रत्यक्षरूपमा पर्यावरणीय संरक्षणसँग सम्बन्धित रहेका छन्, जसमा विश्वका अधिकांश मुलुकहरूले ऐक्यबद्धता जनाएका छन् ।जल, जमिन र जङ्गलको समुचित परिचालन र संरक्षण गर्दै पर्यावरणीय दिगो विकासका सिद्धान्तको अवलम्बन गर्ने नेपालको संवैधानिक नीति रहेको छ । त्यसका साथै विभिन्न निकायहरूबाट पर्यावरण सम्बन्धमा विभिन्न कार्यक्रम सञ्चालन भईरहेका छन् । ईन्भाइरोमेण्ट पफमेन्स ईन्डेक्स, २०१९ अनुसार विश्वका १८० मुलुक मध्ये नेपाल १७६ औंश्रेणीमा रहेको छ। जसले गर्दा नेपालको पर्यावरणीय स्वच्छताको सम्बन्धमा सन्तोष लिन सकिने ठाउँ छैन । अव्यवस्थित सहरीकरण, अनियन्त्रित औद्योगिकरण, अत्याधिक वन फडाँनी, प्रदुषण लगायतका कारणले पर्यावरण प्राणी जगतका लागि प्रतिकुल रहँदा अनेकन समस्याहरू देखा पर्न थालेका छन् । काठमाडौं उपत्यकाको वातावरणलाई समेत बढ्दो सहरीकरण, वायु प्रदुषण, जल प्रदुषण, ध्वनी प्रदुषण, फोहरमैला व्यवस्थापन, ट्राफिक व्यवस्थापन लगायत विषयहरूले नकारात्मक रूपमा असर पारेको अवस्था छ । यसर्थ, यस्ता विषयहरूको कुशल व्यवस्थापनबाट नै काठमाडौं उपत्यकाको वातावरण स्वच्छहुने र मानवमैत्री हुने निश्चित छ ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

- नीति तथा मापदण्डको कार्यान्वयन
- वायू प्रदुषण
- ध्वनी प्रदुषण
- फोहोरमैला व्यवस्थापन

२. **संगठनात्मक संरचना -** वातावरण अन्तर सम्बन्धित विषय हो । यसको लागि संघीय, प्रदेशस्तरीय निकायहरू र स्थानीय तहले कार्य गरिरहेका छन् । सोका अतिरिक्त गैरसरकारी, निजी क्षेत्र, विकास साझेदार, अभियान, टोल समाज, क्लव, नागरिक समाजहरूको समेत संलग्नता रहेको छ । काठमाडौं उपत्यकाको वातावरणका सम्बन्धमा प्रत्यक्षरूपमा सरकारी निकायको रूपमा वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, सहरी विकास तथा भवन निर्माण विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण, वन विभाग, महानगरीय ट्राफिक प्रहरी महाशाखा, यातायात व्यवस्थापन विभाग र उपत्यका स्थित १८ स्थानीय तहले कार्य गरिरहेका छन् ।

३. **निकायको सोच, लक्ष्य, उद्देश्य र रणनीति**

(क) वन तथा वातावरण मन्त्रालय - वन तथा वातावरण मन्त्रालयले मन्त्रालयको सोच, लक्ष्य, उद्देश्य र रणनीति तयार गरेको पाइएन ।

(ख) वातावरण विभाग - वातावरण विभागले पनि सोच, उद्देश्य र रणनीति तयार गरेको पाइएन । यस विभागले लक्ष्यलाई समष्टिगत लक्ष्य र कार्यनीतिक लक्ष्य गरी वर्गीकरण गरेको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

समष्टिगत लक्ष्य

- वातावरण नीति, नियमसम्बन्धी संयन्त्रको सबलीकरण र संस्थागत क्षमता विकास गर्ने ।
- जनस्तरमा वातावरणीय सचेतना जगाउने ।
- सबै किसिमका वातावरणीय प्रदुषण रोकथाम गर्ने ।
- वातावरण व्यवस्थापनमा परिपालना अनुगमनलाई प्रभावकारी तुल्याउने ।

- प्राकृतिक सम्पदा तथा जैविक विविधताको संरक्षण गर्ने ।
- जलवायु परिवर्तनका जोखिमबाट बच्न न्यूनीकरण, अनुकुलन तथा समयानुकुल क्षमता अभिवृद्धि गर्ने ।
- वातावरण संरक्षण एवं प्रदुषण नियन्त्रणको लागि स्थानीयस्तरमा योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयनमा जोड दिने ।

कार्यनीतिक लक्ष्य

- वातावरणसम्बन्धी कानुनहरूको तर्जुमा गर्दा प्राविधिक सहयोग उपलब्ध गराउने ।
- वातावरणसँग सम्बन्धित कानुन, नीति तथा मापदण्डहरूको कार्यान्वयनका लागि योजना एवं कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा परीक्षण गर्ने ।
- कानुनद्वारा निर्दिष्ट अधिकारको कार्यान्वयन लगायत कानुनउल्लंङ्घन गर्नेलाई दण्ड एवं जरिवाना गर्न पहल गर्ने ।
- वातावरणीय तत्वहरू तथा वातावरणीय गुणस्तर पालना अनुगमन गर्ने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरूको कार्यान्वयन सम्बन्धमा अनुगमन, मूल्याङ्कन एवं परीक्षण गर्ने ।
- वातावरणमा प्रभाव पार्ने तत्वहरूको परीक्षण र प्रतिवेदन तयार गर्ने ।
- वातावरणीय सचेतना एवं जनचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- वातावरणीय तथ्याङ्क एवं सूचना प्रणालीको विकास एवं सूचना सामग्रीको वितरण गर्ने ।
- वातावरणका क्षेत्रमा कार्य गर्ने सरकारी, गैरसरकारी तथा निजी संस्थाहरूसँग सहकार्य गर्ने ।

(ग) काठमाडौं महानगरपालिका - महानगरपालिकाले परिकल्पना अभियान र लक्ष्य निम्नानुसार तय गरेको छ :

- नेपालको संविधानले तय गरेको स्वायत्तता र स्वशासनको अधिकारलाई सहकारीता, सहअस्तित्व र समन्वयका साथ उपयोग गर्नु ।
- पूर्ण पारदर्शी भई जनसहभागिता र उत्तरदायित्वको सुनिश्चितता गरी संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरू स्थानीयस्तरमा समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु ।
- दिगो विकासको अवधारणालाई आत्मसात गर्दै महानगरवासी सबैलाई संविधान रकानुन बमोजिमका सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नु ।

(घ) ललितपुर महानगरपालिका - यस महानगरपालिकाले सोच, लक्ष्य, उद्देश्यहरू निर्धारण गरेको पाइएन ।

४. **निकायको सञ्जाल तथा क्षेत्र -** विषयसँग सम्बन्धित मुख्य निकायहरूको सञ्जाल र कार्यक्षेत्र देहायनुसार प्रस्तुत गरिएको छ -

(क) वन तथा वातावरण मन्त्रालय - यस मन्त्रालयको निकायगत सञ्जाल निम्नानुसार रहेको छ :

महाशाखा	विभाग	केन्द्र	समिति तथा संस्थान
योजना, अनुगमन तथा समन्वय	वन तथा भूसंरक्षण	रेड कार्यान्वयन	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति
जलवायू परिवर्तन व्यवस्थापन	वनस्पति		जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड
वन तथा जलाधार	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र		नेपाल वन निगम लिमिटेड
सहभागितामूलक वन	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण		

वातावरण तथा जैविक विविधता	वातावरण		
प्रशासन			

यस मन्त्रालयका कार्यहरू धेरै रहेतापनि लेखापरीक्षणको विषयसँग सम्बन्धित निम्नानुसार रहेका छन्:

- वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरणसम्बन्धी नीति, कानुन र मापदण्ड,
- कार्बन सेवा र कार्बन सञ्चिति,
- वन, वनस्पति, वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी अध्ययन अनुसन्धान,
- प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको वातावरणीय संरक्षण एवं स्वच्छता कायमसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा,
- विकिरण, जल, ठोस, तापीय, नाभकीय, विद्युतीय, चुम्बकीय, रसायन, ध्वनिलगायतका प्रदूषण नियन्त्रण,
- हरितगृह ग्याँसको मापदण्ड र नियमन,
- राष्ट्रियस्तरमा वातावरणीय सूचना प्रणाली,
- वातावरणीय प्रभाव अध्ययनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन ।

(ख) वातावरण विभाग – वातावरण विभाग अन्तर्गत निम्नानुसारका शाखाहरू रहेका छन्-



विभाग अन्तर्गत ६ शाखा रहेका छन् । सोमध्ये ४ शाखा यस विषयसँग प्रत्यक्षरूपमा सम्बन्धित रहेका छन् । विभागको कार्यक्षेत्र अन्तर्गत विषयसँग सम्बन्धित कार्यक्षेत्र निम्नानुसार रहेको छ :

- मन्त्रालयबाट सम्पादन हुने नीति तथा कानुनको तर्जुमा गर्दा आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने ।
- नीति, कानुन तथा मापदण्डहरूको कार्यान्वयनको लागि योजना एवं कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन एवं मूल्याङ्कन कार्य गर्ने ।
- कानुनद्वारा निर्दिष्ट अधिकारको कार्यान्वयन लगायत कानुन उल्लङ्घन गर्नेलाई दण्ड एवं जरिवाना गराउन पहल कदम चाल्ने ।
- वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरूको कार्यान्वयन सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन परीक्षणसम्बन्धी कार्य गर्ने ।
- वातावरणीय गुणस्तर पालनासम्बन्धी अनुगमन गर्ने ।
- वातावरणीय सचेतता एवं जनचेतना अभिवृद्धि कार्यक्रम कार्यान्वयन गर्ने ।
- वातवरणीय तथ्याङ्क एवं सूचना प्रणालीको विकास एवं सूचना सामग्रीको वितरण गर्ने ।

- जलवायु परिवर्तन अनुकुलन, प्रभाव न्यूनीकरण, प्रविधि विकास, क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरण जस्ता मुख्य कार्यहरू गर्ने ।

(ग) काठमाडौं तथा ललितपुर महानगरपालिका - काठमाडौं महानगरपालिका अन्तर्गत ३२ र ललितपुर महानगरपालिका अन्तर्गत २९ वडा रहेका छन् । महानगरपालिकाहरूले आफ्नो तथा वडा कार्यालयहरूबाट समेत सेवा प्रवाह गरिरहेका छन् ।

दुई महानगरपालिकाहरूले स्थानीय तहको अधिकार अन्तर्गत पर्ने विभिन्न प्रकारका कार्यहरू गर्ने भए तापनि लेखापरीक्षण विषयसँग सम्बन्धित निम्नानुसारका कार्यहरू यी महानगरपालिकाले गर्दछन् :

- महानगरपालिकाभित्रको फोहरमैला व्यवस्थापन गर्ने ।
- महानगरभित्रका पार्क, उद्यानको निर्माण र संरक्षण गर्ने ।
- सहरी सौन्दर्यीकरणसम्बन्धी कार्य गर्ने ।

५. आवधिक योजना तथा बजेटमा उल्लेख रणनीति, कार्यनीति, कार्यक्रम र क्रियाकलाप

(क) पन्ध्रौ योजना (२०७६/७७ देखि २०८०/८१) - यस योजनाको वातावरण सम्बन्धमा निम्नानुसार सोच, लक्ष्य, उद्देश्य र रणनीति तथा कार्यनीति रहेको छ **-**

सोचः सफा, स्वच्छ र हरित वातावरण ।

लक्ष्यः प्रदूषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने ।

उद्देश्यः

- जल, वायु, माटो, ध्वनि तथा विद्युतीय लगायत सबै प्रकारका प्रदूषणको रोकथाम र नियन्त्रण गर्नु ।
- भौतिक पूर्वाधारको विकास र प्राकृतिक वातावरणबीच सन्तुलन कायम गर्नु ।
- प्रमुख सहर र औद्योगिक क्षेत्र लगायत सबै क्षेत्रबाट सिर्जित फोहरमैला (घरधुरी, औद्योगिक प्रतिष्ठान र अस्पताल) को व्यवस्थापन, नदीको स्वच्छता कायम र हरियाली विस्तार गर्नु ।
- प्रदूषण नियन्त्रण सहितको वातावरण व्यवस्थापनका लागि आवश्यक नीति, कानुन र प्रभावकारी संरचना निर्माण गर्नुका साथै शोध, अनुसन्धान र क्षमता अभिवृद्धि गर्नु ।

रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• जल, वायु, माटो, ध्वनि, विकिरणजन्य, घातक फोहरमैला तथा विद्युतीय प्रदूषण तहको राष्ट्रिय मापदण्ड तयार गरी सबै प्रकारका प्रदूषणको रोकथाम र नियन्त्रण गर्ने साथै प्रदूषण पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध व्यवस्था गर्ने ।	• जल, जमिन, ध्वनि, दृश्य तथा वायु प्रदूषण रोकथामसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय मापदण्ड तयार गरी मौजुदा तथा नयाँ बन्ने सहरहरूमा समेत कार्यान्वयन र सोको नियमित अनुगनम गरिनेछ । • प्रमुख सहरहरू, औद्योगिक प्रतिष्ठान र जोखिममा रहेका क्षेत्रमा वायु गुणस्तर मापन केन्द्र स्थापना र सञ्चालन, वायु गुणस्तरको एकीकृत नक्साङ्कन, वायु प्रदूषण क्षमता एकिन र पूर्वानुमान गरी उत्सर्जनका गतिविधिमा नियन्त्रण गरिनेछ । • औद्योगिक प्रतिष्ठानहरूमा प्रदूषण नियन्त्रण प्रणाली स्थापना गर्नुका साथै गैर औद्योगिक क्षेत्रबाट उत्सर्जन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिनेछ । • उद्योग र अन्य व्यवसायहरूबाट निष्कासन हुने प्रदूषणयुक्त धुँवा धुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइनेछ । • औद्योगिक प्रतिष्ठानबाट उत्पादन हुने वस्तुहरूमा प्रदूषणमूक्त भएको प्रमाणपत्रको व्यवस्था लागू गरिनेछ ।

	• तोकिएको मापदण्ड बाहेकका प्लाष्टिक उत्पादन र प्रयोगमा प्रतिवन्ध र प्लाष्टिकजन्य पदार्थको पुनः प्रयोगको नीति अवलम्वन गरिनेछ । • कृषिफर्म, उद्योग र अन्य व्यवसायहरूमा प्रयोग गरिने विषादीको नियमन र नियन्त्रण गरिनेछ ।
• पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम गर्न आवश्यक कानुन र संरचना निर्माण गरी वातावरणीय प्रभाव मूल्याङ्कन र न्यूनीकरणलाई पूर्वाधार विकासको अभिन्न अँग बनाउने ।	• संघ, प्रदेश र स्थानीय तहमा प्राथमिकता प्राप्त आयोजना र वातावरणमा प्रभाव पार्ने अन्य आयोजनाहरू व्यवस्थित गर्न वातावरण व्यवस्थापनको समग्र पक्ष समेट्ने गरी कानुन, मापदण्ड तथा संशोधन गरी कार्यान्वयन गरिनेछ । • वातावरणीय प्रभावबाट उत्पन्न जोखिम न्यूनीकरण गरिनेछ ।
• फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्रको सहभागिता सहित नवीन प्रविधिको अवलम्बन गर्ने	• सबै स्थानीय तहहरूमा वातावरणमैत्री कार्ययोजना तयार गरी जैविक उर्जा, प्राङगारिक मल उत्पादन र फोहरमैला व्यवस्थापनका लागि सार्वजनिक निजी साझेदारीमा प्लान्ट स्थापना र सञ्चालन गरिनेछ । • फोहरमैला व्यवस्थापन प्रणालीलाई आधुनिक प्रविधिमा आधारित यन्त्रशालाहरूको प्रयोग गरी प्रभावकारी बनाउँदै सिमसार क्षेत्र, धार्मिक स्थल, सडक, टोल वा अन्य सार्वजनिक स्थानमा फोहरमैला फाल्न पूर्णरूपले प्रतिवन्ध लगाइनेछ । • प्राकृतिक तथा गैरप्राकृतिक विपद्का कारण उत्पन्न हुने फोहरमैलाको व्यवस्थापन गरिनेछ । • नदी किनारा अतिक्रमणलाई रोकी सो ठाउँमा वृक्षारोपणलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । • नदीको स्वच्छता कायम राख्न प्रदूषित पानी, ढल र फोहरमैलालाई नदीमा मिसाउने कार्य नियन्त्रण गरिनेछ ।
• सहरी क्षेत्रमा योजनावद्ध एकीकृत नदी व्यवस्थापन र हरियाली प्रवर्द्धन गर्ने ।	• प्रमुख सहरहरू, औद्योगिक प्रतिष्ठान, नदी किनार र सडक किनारमा सरकार र स्थानीय समुदायको सहकार्यमा वृक्षारोपण र पुष्पवाटिका निर्माण जस्ता हरियाली प्रवर्द्धन कार्य गरिनेछ ।
• विश्वविद्यालय र अन्य निकायको सहकार्यमा प्रदूषण नियन्त्रण लगायत वातावरण व्यवस्थापनका क्षेत्रमा शोध, अध्ययन, अनुसन्धान एवं सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।	• वातावरणसम्बन्धी अनुसन्धानका क्रियाकलापहरू सञ्चालनमा संघ, प्रदेश र स्थानीय तह, दातृ निकाय, गैरसरकारी संस्था, सामुदायिक संस्था एवं प्राज्ञिक निकायहरूबीच समन्वय र साझेदारी गरिनेछ । • आवधिक रूपमा संघ र सबै प्रदेशको वातावरणीय अवस्थाको प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ । • वातावरण व्यवस्थापन सम्पूर्ण क्रियाकलापहरूको तथ्याङ्क अद्यावधिक गरी वातावरणीय सूचना प्रणाली सुदृढ गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ । • औद्योगिक घरयासी र अन्य स्रोतबाट उत्पन्न पुनः भरणयोग्य वस्तुहरूको सदुपयोग गर्ने उद्योगहरूको स्थापना गरिनेछ ।

(ख) बजेट वक्तव्य - २०७५/७६ को बजेट वक्तव्यमा वातावरणसँग सम्बन्धित निम्नानुसारका विषयहरू उल्लेख भएको देखिन्छ :

- प्रदुषण नियन्त्रणएवं नियमनका लागि सापेक्ष रूपमा वातावरणीय मापदण्डहरू परिमार्जन तथानिर्माण गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।
- राष्ट्रिय तथा स्थानीयस्तरमा जलवायु परिवर्तन अनूकुलन तथा न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिने छ ।

६. नीतिगत व्यवस्था तथा कानुनी व्यवस्था

(क) संवैधानिक व्यवस्था - नेपालको संविधानमा वातावरणसम्बन्धी हक र नीतिहरू स्पष्ट रूपमा निम्नानुसार उल्लेख गरिएको छ :

स्वच्छ वातावरणको हक (धारा ३०)

- प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।

- वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

स्वास्थ्यसम्बन्धी हक (धारा ३५)

- प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

राज्यका नीतिहरू (धारा ५१)

- देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने ।
- जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्नसक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने ।
- वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने ।
- प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्नसक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने ।
- वातावरण प्रदूषण गर्नेले सो बापत दायित्व व्यहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्व सूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्त अवलम्बन गर्ने ।
- अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने ।
- यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने ।

संविधानको अधिकार सूची - संविधानले संघ, प्रदेश र स्थानीय तहलाई वातावरणसम्बन्धी निम्नानुसारका अधिकार प्रदान गरेको छ :

संविधानको अनुसूची	वातावरणसम्बन्धी अधिकार
अनुसूची ५ : संघको अधिकार सूची	वातावरण व्यवस्थापन
	वातावरण अनुकूलन
अनुसूची ६ : प्रदेशको अधिकार सूची	वातावरण व्यवस्थापन
अनुसूची ७ : संघ र प्रदेशको साझा अधिकार सूची	वातावरण संरक्षण
अनुसूची ८ : स्थानीय तहको अधिकार सूची	वातावरण संरक्षण
अनुसूची ९ : संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची	वातावरण, पर्यावरण तथा जैविक विविधता

(ख) कानुनी आधार

- वातावरण संरक्षण ऐन, २०७६, र नियमावली, २०७७
- वन ऐन, २०४९ र नियमावली, २०५१
- राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजना, २०१८–२४
- वन क्षेत्र रणनीति, २०१६–२५
- नवीकरणीय उर्जा अनुदान नीति, २०७३
- जनसंख्यासम्बन्धी दीर्घकालीन कार्ययोजना, २०६७–८७
- जलवायु अनुकूलित गाँउ कार्यक्रम सञ्चालन कार्यविधि, २०७३

- नेपाल सवारी प्रदुषण मापदण्ड, २०५६
- नेपाल वायु गुणस्तरसम्बन्धी मापदण्ड, २०६९
- ध्वनि गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९
- घर भित्रको वायुको गुणस्तरसम्बन्धी मापदण्ड २०६६

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

७. **औचित्य -** नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुने उल्लेख छ । वातावरणीय प्रदुषण तथा ह्रासबाट हुने क्षतिको उचित क्षतिपूर्ति पीडितले पीडकबाट प्राप्त हुने हकले प्रत्याभूत गरेको छ । आवधिक योजनाहरूले वातावरण संरक्षणसम्बन्धीसोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति निर्धारण गरी सो अनुरूप कार्य हुँदै आइरहेको छ । दिगो विकास लक्ष्य, २०३० को एघारौंदेखि पन्ध्रौंसम्मको पाँच लक्ष्य पर्यावरणीय संरक्षणसँग सम्बन्धित छ । तथापि नेपाल र सोमा पनि काठमाडौंको पर्यावरणीय अवस्था प्रतिकुल रहेको देखिन्छ । काठमाडौं उपत्यकाको पर्यावरणको सन्दर्भमा संसद र राजनीतिक दलहरूले समेत चासो राखिरहेको, स्वच्छ वातावरणको लागि संघीय,प्रदेश तथा स्थानीय तहले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको भए तापनि सोबाट आशातित प्रतिफल प्राप्त नभएको, मिडिया एवं नागरिक समाजले समेत यस विषयलाई गम्भीरतापूर्वक उठान गरेको तथा वातावरणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूले समेत काठमाडौंको वातावरण प्रतिकुल रहेको भनी प्रतिवेदन जारी गरिरहेको सन्दर्भमा सोको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी सुधारका सुझाउ दिने उद्देश्यले वातावरणीय लेखापरीक्षणको लागि यो विषय छनौट गरिएको हो ।

८. **उद्देश्य -** पर्यावरण व्यवस्थापन तथा संरक्षणसँग सम्बन्धित मापदण्ड तथा कानुनको पालनाको अवस्था तथा काठमाडौं उपत्यकाको पर्यावरण अन्तर्गत वायु प्रदुषण, ध्वनी प्रदुषण र फोहरमैला व्यवस्थापनको दक्षता एवं प्रभावकारिताको अध्ययन विश्लेषण गरी सोको आधारमा प्रतिवदेन गर्नु यस लेखापरीक्षणको उद्देश्य रहेको छ ।

९. **क्षेत्र** - उपत्यकाको पर्यावरणीय अवस्थाका सम्बन्धमा अध्ययन गर्दा वायु प्रदूषण, ध्वनि प्रदूषण र फोहरमैला व्यवस्थापनमा लेखापरीक्षण केन्द्रित रहेको छ । वायु प्रदुषणको अध्ययनमा घर बाहिर हुने प्रदुषणलाई समावेश गरिएको छ । फोहरमैला व्यवस्थापन सम्बन्धमा काठमाडौं र ललितपुर महानगरपालिकाको सहरी ठोस फोहरमैला व्यवस्थापनको मात्र अध्ययन गरिएको छ । उक्त विषयवस्तुको सम्बन्धमा अध्ययन गर्न वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, काठमाडौं र ललितपुर महानगरपालिकालाई मुख्यरूपमा लेखापरीक्षण क्षेत्रभित्र राखिएको छ । अध्ययनको लागि विशेषतः ३ आर्थिक वर्षका तथ्याङ्क लिई विश्लेषण गरिएको छ ।

१०. **पद्धति र विधि -** यस विषयको लेखापरीक्षणका लागि समस्यामूलक तथा नतिजामूलक दुबै पद्धतिको अवलम्बन गरिएको छ ।काठमाडौं उपत्यकाको वातावरणसँग सम्बन्धित निकायहरूमध्ये वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, काठमाडौं महानगरपालिका र ललितपुर नगरपालिकाबाट प्रकाशित प्रतिवेदन, लेख, रचनाहरूको सङ्कलन गरी अध्ययन गरिएको छ । वातावरण सम्बन्धमा विभिन्न निकायले (विश्व स्वास्थ्य संगठन, नेपाल स्वास्थ्य अनुसन्धान काउन्सिल, युनेप आदि) प्रकाशन गरेका प्रतिवेदन एवं सूचकाङ्कहरूको विश्लेषण गरिएको छ । उक्त निकायका कर्मचारी तथा पदाधिकारीहरूसँग बसी छलफल गरिएको छ । काठमाडौं उपत्यकाको वातावरणसम्बन्धमा काठमाडौं बासिन्दाको धारणा लिनको लागि प्रश्नावली तयार गरी १५० सँग व्यक्तिगत अन्तरवार्ता गरिएको छ । सर्भेक्षणमाविद्यार्थी ५०, जागिरे ५२, गृहणी १८, निजी व्यवसाय गर्ने २६ र अन्य पेशासँग सम्बन्धित ४ जना सहभागी रहेका थिए । जसमा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाभित्रका स्थानीय तहमा बसोबास गर्ने क्रमशः ९९,२६ र२५ सहभागी भएका थिए । त्यसैगरी काठमाडौं उपत्यकामा ५, १०, १५, २० वर्षसम्म र २० वर्षभन्दा बढी बसोबास गरेका क्रमशः ४६, २९, २१, १० र ४४ जना सहभागी भएका थिए । सोको अतिरिक्त ध्वनीको मापन स्थलगत रूपमा उपत्यकाका १७ स्थानमा गरिएको छ । फोहोरमैला व्यवस्थापनको अध्ययनको लागि छुट्टै प्रश्नावली तयार गरी २ महानगरपालिकाबाट जवाफ लिइएको छ ।

११. **सीमितता-** प्राप्त सूचना, अभिलेख, विवरण, अन्तरवार्ता, तथा द्वितीयक स्रोतबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएकोछ । प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समय, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, लेखापरीक्षणको लागि उपलब्ध साधन स्रोतआदि लेखापरीक्षणका सीमा रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

लेखापरीक्षणको क्षेत्रलाई कानुन, मापदण्ड तथा परिपत्रहरूको पालना अवस्था; वायु र ध्वनी प्रदूषण र फोहरमैला व्यवस्थापनमा सीमित गरी अध्ययन विश्लेषण तथा मूल्याङ्कन गरिएकोमा लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

१२. **नेपालको वातावरणीय अवस्था-** नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हक हुने उल्लेख छ । संविधानको मौलिक हकलाई प्रत्याभूत गर्नका लागि विभिन्न कानुन तथा निकायहरू रहे तापनि नागरिकलाई स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने अवस्था सिर्जना भएको देखिदैन । विश्वव्यापीरूपमा स्वीकार गरिएको इन्भाइरोमेन्टल पफर्मेन्स इन्डेक्स (Environmental Performamce Index, EPI) ले कुनै पनि देशको वातावरणीय अवस्थालाई दर्शाउँछ । इन्भाइरोमेन्टल पर्फमेन्स इन्डेक्स, २०१८ अनुसार वातावरणीय सूचकाङ्कमा नेपाल र सार्क राष्ट्रको सूचकाङ्क निम्नानुसार रहेको छ :



इन्भाइरोमेण्टल पफमेन्स इन्डेक्स १८० राष्ट्रको गणना गरिएकोमानेपाल ३१.४४ अङ्क प्राप्त गरी १७६ औं श्रेणीमा छ । सार्क राष्ट्रहरूमा नेपालको स्थान बंगलादेश र भारतको भन्दा राम्रो छ भने अन्य राष्ट्र भन्दा कमजोर रहेको छ ।

नेपालको सन् २०१० देखि सन् २०१८ सम्मको इन्भाइरोमेन्टल पफमेन्स इन्डेक्सको श्रेणी र अङ्क निम्नानुसार रहेको पाइयो-

गणना साल (इ.सं.)	गणनामा समावेश राष्ट्र	श्रेणी	इपिआई अङ्क
२०१०	१६३	३८	६८.२
२०१४	१७८	१३९	३७
२०१६	१८०	१४९	५०.२१
२०१८	१८०	१७६	३१.४४

सन् २०१० मा १६३ राष्ट्रमा ३८ औं श्रेणीमा रहेको नेपाल, सन् २०१४ मा १७८ राष्ट्रमा १३९ औं श्रेणीमा, सन् २०१६ मा १८० राष्ट्रमा १४९ औं स्थानमा र सन् २०१८ मा १८० राष्ट्रमध्ये १७६ औं श्रेणीमा पुगेको छ । यसरी नेपालको वातावरणीय अवस्था प्रत्येक वर्ष बिग्रदै गएको देखिन्छ । विगत ८ वर्षको अवधिमा वातावरणीय अवस्था अत्यन्तै नाजुक हुन पुगको देखिन्छ । जसले गर्दा हाल नेपाल इपीआई श्रेणीको अन्तिम नजिक रहेको छ । नेपालभन्दा पछाडि भारत, बंगलादेश, डोमिनिकन रिपब्लिक अफ कंगो र बुरुण्डी मात्र रहेका छन् ।

त्यसैगरी लेखापरीक्षणको क्रममा **"तपाई काठमाडौंमा बस्न शुरु गर्दा र अहिले काठमाडौं उपत्यकाको वातावरण कस्तो भएको महसुस गर्नुभएको छ?"** भनी १५० उपत्यकावासीलाई अन्तर्वार्ता मार्फत् सोधिएकोमा प्राप्त जवाफ निम्नानुसार रहेको छ -



सहभागी १५० मध्ये ५३ ले हाल अत्यन्त दयनीय अवस्था रहेको, ७० ले खराब रहेको, १९ ले पहिले जस्तै रहेको, ७ले पहिलेभन्दा राम्रो रहेको र १ ले पहिलेभन्दा उत्कृष्ट रहेको जवाफ दिएका छन् । यसरी सर्भेक्षणबाट समेत काठमाडौं उपत्यकाको पर्यावरण बिग्रिदै गईरहेको अवस्था उजागर भएको छ ।

संविधानको मौलिक हकमा वातावरणीय हकलाई प्रत्याभूति गरिएको, तीनै तहको अधिकार सूचीमा वातावरणलाई समेटिएको, नेपालले वातावरणसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय अभिसन्धिहरूमा समेत हस्ताक्षर गरिसकेको, वातावरणसँग सम्बन्धित निकायहरूबाट विभिन्न कार्यक्रम सञ्चालन भई रहेतापनि नेपालको वातारवरणीय अवस्था अत्यन्त दयनीय रहेको देखिन्छ ।समग्र नेपालको अवस्थाबाट पनि काठमाडौं उपत्यकाको वातावरणीय अवस्थाको आङ्कलन गर्न सकिन्छ । अझ अव्यवस्थित सहरीकरण र प्रदुषणले गर्दा काठमाडौं उपत्यकाको पर्यावरणीय अवस्था समग्र नेपालको अवस्थाभन्दा खराब रहेको छ । वातावरण व्यवस्थापन तथा संरक्षण, प्रदुषण नियन्त्रणका लागि सरकारले गरेका प्रयासहरू तथा कार्यक्रमहरू प्रभावकारी नहुँदा यस्तो अवस्था आएको हो । यसको असर प्रभाव मानव, प्राणीजगत र प्रकृतिमा समेत नकारात्मक रूपमा परेको छ ।

सुझाउ- नेपाललाई एक स्वस्थ राष्ट्रको श्रेणीमा पुऱ्याउनको लागि सरकार र सम्बन्धित निकायहरूले तत्काल गर्नुपर्ने र भविष्यमा गर्नुपर्ने कार्यहरूको सूची तथा सो अनुसारको कार्ययोजना सहित एकीकृतरूपमा कार्यक्रम तयार गरी सोको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

१३. **समन्वय र सहकार्य-** वातावरण व्यवस्थापनअन्तरसम्बन्धित विषय (Cross-Cutting Issue) हो ।तसर्थ निकायबीच समन्वयात्मक तबरले कार्य सम्पादन गरिनुपर्दछ ।वातावरण व्यवस्थापन गर्नका लागि विभिन्न जिम्मेवार निकायहरूले कार्य गरिएका छन् । जसमा सरकारी, निजी, गैरसरकारी क्षेत्र, विकास साझेदारहरू, नागरिक समाज, अभियन्ताहरू क्रियाशील रहेका छन् ।वातावरणीय क्षेत्रमा कार्य गरिरहेका प्रमुख निकाय तथा संस्था निम्नानुसार रहेका छन् :

निकाय तथा संस्था	जिम्मेवारी
सरकारी निकाय	
वन तथा वातावरण मन्त्रालय	वातावरणसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्ने । प्रदूषण नियन्त्रण गर्ने । वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा गर्ने ।
वातावरण विभाग	वातावरणीय नीति, नियमसम्बन्धी संयन्त्रको सबलीकरण र संस्थागत क्षमता विकास गर्ने । सबै किसिमका वातावरणीय प्रदूषण रोकथाम गर्ने । वातावरण व्यवस्थापन परिचालन अनुगमनलाई प्रभावकारी तुल्याउने । योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयनमा जोड दिने । जनस्तरमा वातावरण सचेतना गर्ने ।

यातायात व्यवस्था विभाग	यातायात सेवालाई सुरक्षित, भरपर्दो र सुलभ बनाउने । रुट परमिट दिने । सवारी प्रदूषण चेकजाँच गर्ने ।
स्थानीय तह	प्रदूषण नियन्त्रण गर्ने । फोहरमैला व्यवस्थापन गर्ने । सहरी सौन्दर्यीकरण गर्ने ।
काठमाडौं उपत्यका विकास प्राधिकरण	सहरी व्यवस्थापन गर्ने । नदी करिडोरको व्यवस्थापन गर्ने । वातावरण संरक्षण र व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।
निजी क्षेत्र	
नेपाल उद्योग वाणिज्य महासंघ/नेपाल उद्योग परिसंघ	उद्योग, कलकारखाना, व्यापार क्षेत्रमा संलग्न उद्योगी तथा व्यवसायीको संगठनको रूपमा कार्य गर्ने
नाडा (अटोमोवाइल्स एसोसिएसन अफ नेपाल)	सवारी निर्मातासँग सम्बन्धित निजी क्षेत्रको संगठन ।
गैरसरकारी क्षेत्र	
नेफेज	वातावरण पत्रकारहरूको साझा मञ्च ।
वातावरणतथा सार्वजनिक स्वास्थ्य संगठन (ENPHO)	खानेपानी, सरसफाई, वातावरण, सार्वजनिक स्वास्थ्य क्षेत्रमा अनुसन्धान गर्ने ।
क्लिन एयर नेटवर्क नेपाल	वायु प्रदूषण नियन्त्रण गर्न सरोकारवाला निकायसँग समन्वय र सञ्जालीकरण गरी कार्य गर्ने ।
अन्तराष्ट्रिय संगठन/संस्था	
डेनिडा, इसिमोड, यूनेप, एशियाली विकास बैंक, विश्व बैंक	विभिन्न सरकारी, निजी तथा सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य गरी वातावरण संरक्षण, व्यवस्थापन सम्बन्ध अभिमुखीकरण, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरू सञ्चालन गर्ने

वातावरण संरक्षण र व्यवस्थापनमा उल्लिखित निकाय तथा संस्थाका अतिरिक्त विभिन्न नागरिक समाज, अभियानकर्ताहरू, टोल समाज तथा समूह लगायतले कार्य गरिरहेका छन् । यस कार्यमा धेरै निकाय र संस्थाको संलग्नता भए तापनि यिनीहरूबीच कार्यगत एकता, सहकार्य र समन्वय प्रभावकारी भएको देखिदैन । साथै एकै प्रकृतिको कार्य धेरै निकायहरूले सञ्चालन गरिरहेको अवस्था छ । काठमाडौं उपत्यका भित्रका सडक किनारा, खोला किनारा तथा मेडियनहरूमा वृक्षारोपण गर्ने कार्यमा वातावरण विभाग, वन विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण संलग्न रहेका छन् । चोक तथा बगैंचामा फूल रोप्ने कार्य वनस्पति विभागले गरेको छ । त्यसरी रोपिएका विरुवाहरूको संरक्षण र पानी राख्ने कार्य सम्बन्धित स्थानीय तहले गरिरहेका छन् । त्यसैगरी वातावरणसँग सम्बन्धित विषयहरूमा अध्ययन गर्ने कार्य वातावरण विभाग, त्रिभुवन विश्वविद्यालय अन्तर्गतको राष्ट्रिय वायुमण्डलीय स्रोत तथा वातावण अनुसन्धान प्रयोगशाला (नारेल), नेपाल स्वास्थ्य अनुसन्धान काउन्सिल तथा गैरसरकारी क्षेत्रबाट नेफेज, वातावरण तथा सार्वजनिक स्वास्थ्य संगठन, क्लिन एयर नेटवर्क नेपाल लगायतका संस्थाले गरिरहेको देखिन्छ । यस्ता अध्ययन कार्यलाई समन्वयात्मकरूपमा गर्नसके धेरै निकाय तथा संस्थाका विज्ञको संलग्नताले उत्कृष्ट नतिजा निस्कन सक्दछ भने अनुसन्धानमा हुने खर्चमा कटौति भई उक्त रकम वातावरण व्यवस्थापनका अन्य कार्यमा उपयोग गर्न सकिन्छ । यसरी समन्वय र सहकार्य नहुनुमा एकातर्फ वातावरण मन्त्रालयले प्रभावकारी भूमिका खेल्न नसक्नु रहेको छ। यसरी समन्वय बेगर कार्य गर्दा कार्यक्रम छरिने तथा दोहोरोपना भई लागत बढ्ने रदिगो संरक्षणको जिम्मेवारी नलिने प्रवृत्ति देखिन्छ ।

सुझाउ- वन तथा वातावरण मन्त्रालय तथा मातहत निकाय र अन्य सम्बन्धित निकायहरूबीच समन्वय गरी एकीकृतरूपमा उपत्यकाको वातावरण सुधार कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१४. **आवधिक योजना र उपलब्धि -** आवधिक योजनाहरूमा वातावरणीय पक्षलाई सदैव प्राथमिकतामा राखेको पाइन्छ । पन्ध्रौ योजनाले**समृद्ध नेपाल सुखी नेपालीको** (दीर्घकालीन सोच) निर्धारण गरेको छ । जसको लागि समृद्धि र सुखका दीर्घकालीन लक्ष्य निर्धारण गरिएको छ । सुखको दीर्घकालीन लक्ष्यहरूमध्ये स्वस्थ र सन्तुलित पर्यावरण (Healthy and Balanced Environment) कायम गर्ने रहेको छ । त्यसैगरी योजनाले सफा, स्वच्छ र हरित वातावरणको सोच राखेको छ । साथै प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्ने लक्ष्य रहेको छ । सोअनुरूप उद्देश्य, रणनीति र कार्यनीति कायम गरेको छ ।यद्यपि विगतका योजनाले जस्तै पन्ध्रौ योजनाले समेत कति वर्षमा समग्र नेपालको वातावरणीय अवस्था कुन स्तरमा स्तरोन्नति गर्ने भन्ने स्पष्ट लक्ष्य लिएको छैन ।

विगतका आवधिक योजनाहरूमा समेत वातावरणलाई समावेश गरी विभिन्न कार्यक्रमहरू राखिएको थियो । उक्त कार्यक्रममध्ये केही कार्यक्रमको कार्यान्वयन भए तापनि अधिकांश कार्यक्रमहरू कार्यान्वयन भएको पाइएन । चौधौ योजनामा राजधानी लगायत ठूला सहरमा रहेका नदीहरूको प्रदूषण न्यूनीकरण गर्ने तथा जल, जमिन, ध्वनि तथा वायु प्रदूषण रोकथाम गरिने, प्रदूषकले तिर्नुपर्दछ भन्ने सिद्धान्त लागुगर्न आवश्यक संयन्त्रको विकास एवं कार्यान्वयन गरिने, जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम सञ्चालन गरिने, वातावरण संरक्षणसँग सम्बन्धित कानुनहरूको तर्जुमा र विद्यमान कानुनहरू, वातावरणीय नीति नियम अद्यावधिक, संयन्त्रको सबलीकरण र संस्थागत क्षमता विकास गरिने, वातावरण र जलवायु परिवर्तनका क्रियाकलापमा दातृ निकाय, गैरसरकारी संस्था, स्थानीय निकाय, सामुदायिक संस्था एवं अन्य निकायहरूबीच समन्वय र साझेदारी गरिने लगायतका कार्यनीति रहेको भए तापनि उल्लेखित कार्यक्रमहरू पूर्णरूपमा कार्यान्वयनमा आएको पाइएन ।

त्यसैगरी लेखापरीक्षणका क्रममा उपत्यकामा बसोबास गर्ने १५० सँग गरिएको सर्भेक्षणमा **प्रदूषण नियन्त्रण गर्न सरकारले गरेका कामहरू बारे तपाईलाई केही थाहा छ?** भन्ने प्रश्नमा ८७ ले**थाहा छ** भन्ने जवाफ दिएका छन् भने ६१ ले **थाहा छैन** भन्ने जवाफ दिएका छन् । साथै **सरकारले गरेका कामबारे थाहा छ भने उक्त कामबाट तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ?** भन्ने प्रश्नमा सर्भेक्षणमा सहभागीहरूमध्ये ५४ प्रतिशतले सरकारले काम गरेको अनुभूति नभएको, ३६ प्रतिशतले सरकारले गरेका काममा सन्तुष्ट नभएको, ४ प्रतिशतले सन्तुष्ट भएको, ६ प्रतिशतले केही नभन्ने उल्लेख गरेका छन् । सहभागीमध्ये कुनैले पनि सरकारका कार्यक्रमबाट अत्यन्त सन्तुष्ट छु भनी उल्लेख गरेका छैनन् । यसबाट समेत सरकारी कार्यक्रम प्रभावकारी नभएको तथा उक्त कार्यक्रमहरूबाट जनसन्तुष्टि कायम नभएको स्पष्ट हुन्छ । यसो हुनुमाआवधिक योजना र बजेटबीच तथाबजेट र वार्षिक कार्यक्रमबीच तादाम्यता नहुनु, नीति एवंकानुनको पालना नहुनु, निकायहरूबीच कार्यगत समन्वय र सहकार्य नहुनु, नियमित अनुगमन तथा मूल्याङ्कन नहुनु, नयाँ प्रविधिको प्रयोग नगरिनु तथा नागरिकमा सचेतनामूलक कार्यक्रम सञ्चालन नगरिनु जस्ता कारण रहेका छन् ।

सुझाउ - आवधिक योजना, वजेट र निकायगत कार्यक्रमबीच तादाम्यता रहनुपर्दछ । योजनाको नतिजा खाका अनुसार अपेक्षित उपलब्धि हासिल गर्न निरन्तररूपमा अनुगमन तथा मूल्याङ्कन गरिनुपर्दछ । विगतका योजनाका समस्याहरू निरन्तररूपमा पछिल्ला योजनामा समेत उल्लेख भएको देखिन्छ । यसमा सुधार गरिनुपर्दछ ।

१५. **दिगो विकास लक्ष्य -** विश्वलाई भोक, अशिक्षा, गरिबी, असमानता र वातावरणीय असन्तुलनबाट मुक्त गरी स्वस्थ्य, शिक्षित, समुन्नत र सुरक्षित विश्व निर्माण गर्ने मार्गचित्रको रूपमा रहेको दिगो विकास लक्ष्यले विकासका अन्य आयामसँगै वातावरणीय पक्षलाई समेत प्रमुखताका साथ महत्व दिएको छ । सोको लागि राष्ट्रिय योजना आयोगले तयार गरेको प्रतिवेदनमा प्रत्येक लक्ष्यका समयबद्ध सूचकहरूनिर्धारण गरिएका छन् । नेपालको सन्दर्भमा लक्ष्य नं.११ र लक्ष्य नं.१३ पर्यावरणसँग सम्बन्धित रहेका छन् ।

लक्ष्य नं. ११ (घरहरू र मानव वस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने) मा स्वस्थएवं सुरक्षित सहर तथा मानव बसोवाससँग सम्बन्धित राष्ट्रिय लक्ष्य सूचकहरू तय गरिएको छ । जसमाहाल प्रतिहजार ५०० रहेको झुपडीबस्ती (स्लम) बसोवासलाई १२५ मा झार्ने,सहरमा सुरक्षित सडक ०.१ बाट ५० प्रतिशतमा पुऱ्याउने,योजनावद्ध नयाँ सहर १० बाट ६० मा पुऱ्याउने,५ वा सोभन्दा बढी सदस्य बसोवास भएको घरपरिवार ४६.७ प्रतिशतबाट २० प्रतिशतमा झार्ने, Concentration of Total

Suspension Particulates (µg/m3, 24 hours' average) from 230 to reduce115, Concentration of particulate matters (µg/m3, 24 hours' average) from 120 to reduce 50, Concentration of PM2.5 (µg/m3, 24 hours' average) from 40 to reduce 20, Concentration 0f Sulphur Dioxide (µg/m3, 24 hours' average) 70 constrant गर्ने लगायतका सूचकहरू रहेका छन् ।

परिमाणात्मक लक्ष्य ११.६ मा सन् २०३० सम्ममा वायुको गुणस्तर नगरस्तरमा तथा अन्य फोहरमैला व्यवस्थापनलाई विशेष ध्यान दिई सहरहरूको प्रतिकूल प्रतिव्यक्ति वातावरणीय प्रभावलाई घटाउने उल्लेख छ ।उक्त उपलब्धि हासिल गर्न राष्ट्रिय योजना आयोगले समयसारिणी सहितको कार्ययोजना तयार गरेको छ उक्त कार्य योजनामा सन् २०१९ सम्म निम्नानुसार उपलब्धि हासिल गर्ने उल्लेख गरेको छ :

परिमाणात्मक लक्ष्य तथा सूचकहरू	२०१५	२०१९	२०३०
अलग अलग कणको रूपमा रहेका द्रव्य/ठोस पदार्थहरूको मात्रा दर्शाउने सस्पेन्सन पार्टिकुलेटको गाढापन (Concentration) (µg/m3, २४ घण्टाको औसत)	१३०	१९९	११५
वायुमण्डलमा धूलोका कणहरूको गाढापन (µg/m3, २४ घण्टाको औसत)	१२०	१०१.३	५०
पीएम २.५ को गाढापन (µg/m3, २४ घण्टाको औसत)	४०	३४.७	२०
सल्फरडाइअक्साइडको गाढापन (µg/m3, २४ घण्टाको औसत)	७०	७०	७०

लक्ष्य नं. १३ (जलवायु परिवर्तन र यसको प्रभावहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने)माजलवायु परिवर्तनका असर न्यूनीकरणका लागि तत्काल कार्यसँग सम्बन्धित राष्ट्रिय लक्ष्य सूचकहरू निर्धारण गरिएको छ । परिमाणात्मक लक्ष्य १३.१ मा सबै देशहरूमा जलवायूसँग सम्बन्धित घातक हानिकारक कुराहरूको साथै प्राकृतिक विपद्हरूको सामना गर्न उत्थानशील (Resillient) र अनुकूल क्षमतालाई सुदृढ गर्ने उल्लेख छ । जसमा अन्य सूचकका अतिरिक्त हरित गृह ग्याँसलाई निम्नानुसार घटाउने लक्ष्य राखिएको छ :

परिमाणात्मक लक्ष्य तथा सूचकहरू	२०१५	२०१९	२०३०
यातायात क्षेत्रबाट हरितगृह ग्याँस उत्सर्जन (प्रतिशत)	१२	१०.४	६
औद्योगिक क्षेत्रबाट हरितगृह ग्याँस उत्सर्जन (प्रतिशत)	१२	१०.४	६
वाणिज्य क्षेत्रबाट हरितगृह ग्याँस उत्सर्जन (प्रतिशत)	५	४.३	२.५
कृषि क्षेत्रबाट हरितगृह ग्याँस उत्सर्जन (CH4) (Gg)	६१४	६६२.५	७९६
कृषि क्षेत्रबाट हरितगृह ग्याँस उत्सर्जन (प्रतिशत) (CO2) (Gg)	२३०१४	२४६२७.५	२९०६३
औद्योगिक क्षेत्र (सिमेन्ट, चुनबाट) हरितगृह ग्याँस उत्सर्जन (CO2) (Gg)	६३२	५४७.७	३१६
उर्जा (उद्योग, यातायात र अन्य) क्षेत्रबाट हरितगृह ग्याँस उत्सर्जन (CO2) (Gg)	७९५९	६८९७.८	३९७९

यसरीदिगो विकास लक्ष्यका उल्लेखित सूचकाङ्कहरूको सन् २०१९ को लक्ष्य हासिल भए नभएको सम्बन्धमा परीक्षण, मूल्याङ्कन तथा अध्ययन भएको पाइएन । वातावरणसम्बन्धी लक्ष्यको लागि जिम्मेबार निकायहरू रहेपनि उक्त निकायहरूले मुल्याङ्कन गरेको देखिदैन । त्यसैगरी लक्ष्य हासिल गरी अपेक्षित उपलब्धि हासिल गर्न संघ, प्रदेश र स्थानीय तहबीच कार्यक्रमहरूमा आन्तरिकीकरण भएको देखिँदैन । साथै तीनै तहबीच समन्वय र सहकार्यमा कार्यक्रमहरू सञ्चालन भएको देखिदैन । जसले गर्दा वातावरणीय कार्यक्रमहरू निष्प्रभावी भईरहेका छन् ।

सुझाउ - दिगो विकास लक्ष्य हासिल गर्नको लागि प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुका साथै सोको समय समयमा अनुगमन तथा मूल्याङ्कन गरिनुपर्दछ । निकायहरूबीच स्पष्ट जिम्मेवारी निर्धारण गरी सो अनुरूपको कार्यक्रम सञ्चालन गरिनुपर्दछ । राज्यका तीन तहबीच कार्यक्रममा आन्तरिकीकरण, समन्वय र सहकार्य हुनुपर्दछ । परिमाणात्मक लक्ष्य हासिल नभई दिगो विकासका लक्ष्यहरू हासिल नहुने हुँदा त्यसतर्फ सम्बन्धित निकायले समयमा नै ध्यान दिनुपर्दछ ।

१६. **कार्ययोजना र मापदण्डको कार्यान्वयन -** काठमाडौं उपत्याकाको वायुको गुणस्तर व्यवस्थापनको लागि वातावरण विभागले सन् २०१७ जुनमा Air Quality Management Action Plan for Kathmandu

Valley तयार गरी कार्यान्वयन गरेको पाइयो । उक्त कार्ययोजनामा उल्लेखित केही क्रियाकलाप, समयावधि र सोको कार्यान्वयन अवस्था निम्नानुसार छ:-

क्रियाकलाप	हासिल गर्नुपर्ने समयावधि	अवस्था
काठमाडौंका अस्पतालहरूसँग समन्वय गरी वायु प्रदुषणका कारण सिर्जित रोगहरूको डाटावेस तयार गर्ने	२०१७ बाट निरन्तर	अस्पतालहरूसँग समन्वय गरी वायुप्रदूषण र सोका कारण सिर्जित रोगहरूको सम्बन्धमा तथ्याङ्क लिएको र सोको अध्ययन गरेको पाइएन ।
विश्व स्वास्थ्य संगठनको मार्गदर्शनसँग मेलखाने गरी वायुको गुणस्तर मापदण्ड तयार गर्ने	प्रत्येक ५/५ वर्षमा	नेपालको वायु प्रदूषणको मापदण्डको विश्व स्वास्थ्य संगठनको भन्दा कम कायम गरिएको छ । साथै २०६९ सालमा तयार गरिएको वायु प्रदुषण मापदण्ड हालसम्म कार्यान्वयनमा रहेको छ ।
सवारी साधनहरूमा यूरो ५ मापदण्ड लागू गर्ने	तत्काल	यूरो ५ मापदण्ड लागू भएको छैन । यूरो ३ मापदण्ड कार्यान्वयनमा रहेको छ ।
ईटाभट्टामा प्रयोग हुने कोइलाको मापदण्ड तयार गर्ने	२०१७ बाट	ईटाभट्टामा प्रयोग हुने कोइलाको मापदण्ड तयार गरिएको छैन ।
काठमाडौं उपत्यका यातायात व्यवस्थापन प्राधिकरण नामक नयाँ निकायको स्थापना गर्ने	२०१८ बाट	प्राधिकरण स्थापना भएको छैन ।
Air Quality Management Decision Support System स्थापना गर्ने	तत्काल	स्थापना भएको पाइएन ।

त्यसैगरी वन तथा वातावरण मन्त्रालयले विभिन्न निर्णयहरू गरी राजपत्रमा सूचना प्रकाशन गरे तापनि कतिपय सूचनाहरूको कार्यान्वयन भएको पाइएन । उदाहरणका लागि-

सूचना	राजपत्रमा प्रकाशित मिति	लागू हुने मिति	अवस्था
२०*३५ इन्च साइज र ४० माइक्रोन मोटाई सम्मका प्लास्टिक झोलाहरूको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाइएको	२०७१ चैत्र १८	२०७२ बैशाख १ देखि	लागू नभएको
काठ वा काठसम्बन्धी वस्तुमा वा अन्य प्रयोजनका वस्तुमा प्रयोग हुने Nepatotoxic, Carcinogenic, Immunotoxic, Neurotoxic गुण भएका पेन्टा क्लोरोफेनोल, यसका यौगिक, लवण, मिश्रण जस्ता रसायनहरूमा हुने दीर्घायु गुण (POPs Nature) र ती रसायनहरूको प्रयोगबाट उत्पन्न हुने अत्यन्तै हानीकारक Dioxin/Furan समेतको कारणले मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल प्रभाव पार्ने भएकोले यी रसायनहरूको पैठारी, निकासी र प्रयोगमा प्रतिवन्ध लगाएको	२०७१ फागुन ४	१८१ औं दिनबाट	त्यस्ता रसायनको निकासी र प्रयोग भए नभएको सम्बन्धमा अनुगमन वा अध्ययन भएको पाइएन
नेपालमा आयात एवं उत्पादन हुने रङ्गहरूमा लिडको अधिकतम मात्रा Ninety (90) Part Per Million (PPM) वा Ninety (90) Miligram Per Liter (mg/L) हुनुपर्ने, बट्टामा लिडको मात्रा र व्यवसायजन्य	२०७१ पौष ७	१८१ औं दिनबाट	तोकिएको मात्रामा लिड भए नभएको परीक्षण गरेको पाइएन साथै बट्टामा सुरक्षासम्बन्धी

सुरक्षासम्बन्धी सावधानीमूलक सन्देश समेत उल्लेख गर्नुपर्ने गरी मापदण्ड तोकेको			सावधानीमूलक सन्देश उल्लेख गरेको पाइएन।

यसरी वन तथा वातावरण मन्त्रालय र विभागले गरेका सूचना तथा तयार गरेका कार्ययोजनाको कार्यान्वयन भएको पाइएन । सम्बन्धित निकायहरूले जिम्मेवारीपूर्वक कार्य नगर्दा यस्तो अवस्था देखापरेको छ । कार्ययोजना तथा सूचनाको कार्यान्वयन नहुँदा वातावरणीय गुणस्तर सुधारका सम्बन्धमा लिइएका सूचकाङ्कहरू हासिल नहुने र त्यसबाट मानव तथा प्राकृतिक पक्षमा समेत नकारात्मक असर पर्न जान्छ ।

त्यसैगरी वातावरण विभागले तयार गरेको काठमाडौं उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना,२०७६मिति २०७६/११/१२ मा मन्त्रिपरिषद्बाट पारित भएको छ । जसमा उपत्यकाको वायुको गुणस्तर सुधार गर्नका लागि विभिन्न कार्य समावेश गरिएको छ । यद्यपि उक्त कार्ययोजनामा समेत कति समय वा वर्षभित्र काठमाडौंको वायुको गुणस्तर कुन स्तरमा पुऱ्याउने भन्ने उल्लेख छैन । जसले गर्दा अपेक्षित उपलब्धिको आकलन गर्न सक्ने अवस्था रहेको छैन ।

सुझाउ- वन तथावातावरण मन्त्रालय तथा वातावरण विभागले तयार गरेका मापदण्डहरूको पालनाको परीक्षण गर्ने कार्य मन्त्रालय तथा विभागले नै गर्नुपर्दछ । मापदण्डको उल्लङ्घन हुन नदिने र गरेमा सम्बन्धित पक्षलाई दण्डित गरिनुपर्दछ । तयार गरिएका कार्ययोजनामा अपेक्षित उपलब्धि आँकलन गर्न सकिने गरी सूचङ्क निर्धारण गर्नुपर्दछ । साथै कार्ययोजना अनुरूपका क्रियाकलापको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

१७. **उपत्यकामा प्रदुषणकासघनता -** वातारणलाई प्रदुषण वनाउने तत्वहरूलाई प्रदुषक भनिन्छ । प्रदूषण अनुसार प्रदुषक तत्वहरू पनि फरक फरक हुन्छन् । वायु प्रदूषण गराउने तत्वहरूलाई वायु प्रदूषक (Air Pollutants) भनिन्छ । वायु प्रदूषणलाई प्राथमिक वायु प्रदूषक र द्वितीयक वायु प्रदूषक गरी विभाजन गरिन्छ । मुख्य प्राथमिक प्रदूषकमा कार्वनडाईअक्साईड (CO_2), सल्फरडाई क्साईड (SO_2), नाइट्रोजनअक्साइड (NO_2), कार्वन मोनोअक्साइड (CO), पाटिकुलेट म्याटर (PM), क्लोरोफ्लोरो कार्वन (CFCs), एमोनिया (NH_3) आदि रहेका छन् । त्यसैगरी मुख्य द्वितीयक प्रदूषकमा धूँवा, ग्राउण्ड लेभल ओजन (O_3) आदि रहेका छन् । वायु प्रदुषकका पनि विभिन्न स्रोतहरू हुन्छन् । वायु प्रदूषणका स्रोतलाई सामान्यतया मानवसिर्जित स्रोत र प्राकृतिक स्रोत गरी दुई स्रोतमा विभाजन गर्न सकिन्छ:

मानवसिर्जित स्रोत (Anthropogenic Sources)	**प्राकृतिक स्रोत (Natural Sources)**
उद्योग, कलकारखाना, उपकरण, मेशिन सञ्चालनबाट	हुरी, बतास
सवारी साधनबाट	भूकम्प
आगो वाल्दा, फोहर जलाउँदा	वाढीपहिरो, भूक्षय
कृषिजन्य कार्यहरू गर्दा	डढेलो
निर्माणसम्बन्धी कार्यहरू गर्दा	भाइरस तथा ब्याक्टेरिया संक्रमण

उपत्यकाको वायु प्रदुषणमा मानवसिर्जित स्रोतको प्रधानता रहेको छ । वातावरण विभागले २०१७ मा गरेको एक अध्ययन अनुसार उपत्यकाको वायु प्रदूषणको प्रमुख स्रोतहरूमध्ये पूर्वाधार निर्माण (५४ प्रतिशत), सवारी साधन (३० प्रतिशत), इँटाभट्टा (९ प्रतिशत), घरभित्रको धुँवा (५ प्रतिशत), फोहर जलाउँदा (१प्रतिशत) र कलकारखाना (१ प्रतिशत) रहेको उल्लेख छ ।

त्यसैगरी ध्वनीको उत्पन्न विभिन्न स्रोतहरूबाट हुनेगर्दछ । तसर्थ, ध्वनी प्रदुषणका स्रोतहरू स्थान विशेष अनुसार फरक फरक हुनेगर्दछ । तसर्थ एक स्थानका लागि ध्वनीका प्रमुख स्रोतहरू अर्को स्थानका लागि प्रमुख नहुन सक्दछ । सहरी क्षेत्रको ध्वनी प्रदुषणका स्रोतहरू यातायात (सडक सवारी, रेल, हवाइजहाज), निर्माण स्थल, उद्योग, कलकारखाना, समुदाय श्रोतहरू (छिमेकी, रेडियो, टेलिभिजन, रेष्टुरेन्ट, बार, आतिसवाजी, खेलौना, कन्सर्ट इत्यादिरहेका छन् । उपत्यकाको वायु तथा ध्वनी प्रदुषणका प्रमुख स्रोतहरू तथा सोको अवस्था निम्नानुसार रहेको छ :

१७.१. **उपत्यकाको अवस्थिति -** काठमाडौं उपत्यकाको भौगोलिक अवस्थितिले समेत वायु प्रदूषणलाई अनुकुल अवस्था सिर्जना गरेको छ । समुद्र सतहबाट करिब १३०० मीटर उचाईमा एक कचौरा आकारमा यस उपत्यका रहेको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गतको नारेलले गरेको उपत्यकामा बहने हावाको अध्ययन अनुसार सामान्य अवस्थामा दक्षिणकाली वागमती किनारा हुँदै तराईबाट, थानकोट तथा भीमढुङ्गा भन्ज्याङ हुँदै दक्षिण पश्चिमको धादिङबाट र मुड्खु तथा तीनपिप्ले भन्ज्याङ हुँदै उत्तर पश्चिमको नुवाकोटबाट उपत्यकामा हावा प्रवेश गर्दछ । यसरी प्रवेश गरेको हावा साँगा भन्ज्याङ हुँदै उपत्यकाबाट बाहिरिन्छ । कचौरा आकारको बनौट भएको कारण काठमाडौंलाई बन्द उपत्यका (Closed Valley) भनिन्छ जहाँहावाको प्रवेश र बाहिरिने काम निरन्तररूपमा सजिलो गरी हुँदैन । जसले गर्दा उपत्यकामा वायु स्वच्छ हुन समस्या रहेको छ ।



त्यसैगरी हिउँदमा उपत्यकामा वायु प्रदुषणको मात्रा उच्च हुनेगर्दछ । उपत्यकाको बनौटका कारण वायुमण्डलमा एटमसफेरिक इन्भर्सन (Atmospheric Inversion) का कारण यस्तो हुन गएको हो । उपत्यकामा हावाको आवागमन निरन्तर रूपमा नहुने तथा विभिन्न स्थानबाट तातो तथा चिसो हावाको प्रवाह भई रहने हुँदा यस्तो अवस्था देखापर्दछ । हिउँदमा रातमा चिसो हावा तल आउने र तातो भई माथि ताने क्रम भईरहन्छ जसका कारण तातो हावा र चिसो हावाको एक तह तयार भई वायुमण्डलमा विर्को लगाएको जस्तो अवस्था तयार हुन्छ । जसको कारण जमिन माथि प्रदूषणको एक तह हलचल नभई बस्दछ । जब विहान भएपश्चात घाम लाग्दै जान्छ चिसो हावा माथि जान्छ । तवमात्र तल जम्मा भएको प्रदूषणको तह हट्न जान्छ । कहिलेकाँही बढी चिसोको समयमा यस्तो तह लामो समयसम्म रहिरहँदा प्रदूषणले मानव स्वास्थ्यमा धेरै असर गर्ने गर्दछ ।तसर्थ भौगोलिक बनौटकै कारण उपत्यकामा थौरै प्रदुषण हुँदा समेत त्यसको असर धेरै पर्ने अवस्था छ ।



स्रोत: गुगल डट कम

त्यसैगरी नारेलकाअनुसार उपत्यकामा दैनिक रूपमा औसतमा टीएसपी १६१.६ टन, नाईट्रोजनडाईअक्साइड ४३.३ टन, कार्वनमोनोअक्साइड ८४०.९ टन निष्काशन हुने गर्दछ । यस्ता प्रदूषकले वातावरण प्रदुषणमा प्रमुख भूमिका खेलेका हुन्छन् । जसले गर्दा वायु प्रदूषण झन विकाराल बन्दै गएको छ ।

सुझाउ - भौगोलिक बनौटका कारण समेत उपत्यकाका वायु स्वच्छ भइरहन नसक्ने हुँदा वायु प्रदूषणलाई बढावा दिने मानवीय क्रियाकलापहरूलाई नियन्त्रण तथा निराकरण गर्नुपर्दछ ।

१७.२. **सहरीकरण -** नेपालको संविधानले सन्तुलित र समावेशी विकासको परिकल्पना गरेको छ, जसको लागि समृद्ध नेपाल, सुखी नेपालीको दीर्घकालीन सोच लिइएको छ । सुखी नेपालीको लक्ष्य हासिल गर्न सन्तुलित र व्यवस्थित बसोबासलाई जोड दिएको छ । सहरीकरण र पर्यावरणको सम्बन्ध प्रत्यक्ष र अन्योन्याश्रित रहेको हुन्छ । काठमाडौं उपत्यका र यसको पर्यावरण पनि एकआपसमा सम्बन्धित रहेका छन् ।अव्यवस्थित सहरीकरणले पर्यावरणलाई नकारात्मक असर पार्दछ । उपत्यकामा बढिरहेको जनसंख्याको चाप अव्यवस्थित सहरीकरणको प्रमुख कारण हो । काठमाडौं उपत्यकाको जनसंख्याको अवस्था निम्नानुसार रहेको छ :



यसरी काठमाडौंको उपत्यकामा बसोबास गर्ने जनसंख्या दिनानुदिन बढ्दै गईरहेको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार काठमाडौं उपत्यकाको जनसंख्या २५ लाख र जनसंख्या वृद्धिदर ४.२ प्रतिशत रहेको छ । जसको आधारमा उपत्यकामा २०७८ सम्ममा करिब ३८ लाख र २०८८ सम्ममा करिब ५७ लाख जनसंख्या पुग्ने आँकलन गरिएको छ ।साविकको काठमाडौं उपत्यकामा बस्तीले ओगटेको क्षेत्र र हालको अवस्था निम्नानुसार रहेको छ -



स्रोत: इन्भाइरोमेन्टस् पत्रिका, २०१७

जनसंख्या वृद्धिले गर्दा खेतीयोग्य जमिन, खुल्ला जमिन, वनजङ्गल, पोखरीहरू, खेलमैदानहरूकम हुँदै गएको छ भने त्यस्ता भू-भागमा घर र अन्य पूर्वाधार तयार भएका छन् । साविकमा काठमाडौंको चक्रपथ भित्र बढी जनघनत्व रहेकोमा हाल चक्रपथ बाहिर जनघनत्व वृद्धि भईरहेको छ । यसरी संरचनामा वृद्धि भईरहँदा उपत्यकाको भौगोलिक तथा भौगर्भिक संरचनाले कहिलेसम्म थेग्न सक्छ भन्ने सम्बन्धमा सरकारले अध्ययन गरी निष्कर्ष निकालेको छैन ।

उपत्यका भित्र हाल २ महानगरपालिका र १६ नगरपालिका रहेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिका तथा महानगरपालिका हुनका लागि जनसंख्या, वार्षिक आम्दानी लगायत विभिन्न पूर्वाधार, सेवा सुविधा र पहुँच हुनुपर्ने व्यवस्था गरेको छ । तर उक्त ऐनको प्रावधान अनुरूपका सम्पूर्ण आधार कुनै पनि नगरपालिकामा पुरा भएको अवस्था छैन । उपत्यकाकाभित्र वाल उद्यान, जेष्ठ नागरिक मनोरञ्जन स्थल, सहरी हरियालीको कमी रहेको छ । हरियाली व्यवस्थापन नहुँदा सहरी सौन्दर्यीकरण भएको छैन भने वायुको गुणस्तरमा सुधार हुनसकेको छैन ।

उपत्यका भित्रका नगरपालिकाहरूले स्मार्ट सिटीको परिकल्पना गरेको भए तापनि सोअनुरूपको कार्ययोजना तथा कार्यक्रम अगाडि बढाउनसकेको देखिदैन । ल्याण्ड पुलिङ्ग गरी जग्गा एकीकरण गर्ने र व्यवस्थितरूपमा पूर्वाधार सहितको बस्ती विकास गर्ने कार्य अगाडि बढेको छैन । काठमाडौं उपत्यका विकास प्राधिकरणले उपत्यका भित्रका ४ स्थानको जग्गा एकीकरण गरी नयाँ नगर स्थापना गर्ने कार्यको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरेको भए तापनि सोको स्वीकृति र कार्यान्वयन गर्ने कार्य बाँकी नै छ । सोही निकायबाट निर्माण गरिने बाहिरी चक्रपथको निर्माण समेत शुरु हुनसकेको छैन । जग्गालाई साना साना टुक्रामा कित्ताकाट गरी जग्गा विक्री गर्दा समेत मानव बस्तीहरू व्यवस्थित हुनसकेको देखिदैन ।



अव्यवस्थित बसोबास



व्यवस्थित बसोबास

जमिनको एकीकरण गरी आवश्यक पूर्वाधारहरूको व्यवस्थापन पश्चात घर तथा संरचना निर्माण गर्ने र उक्त संरचनाको स्वामित्व व्यक्तिलाई प्रदान गर्नुपर्नेमा उपत्यकामा व्यक्तिले जग्गा खरिद गरेर घर तथा संरचना तयार गर्ने र तत्पश्चात मात्र आवश्यक पूर्वाधार निर्माण तथा जडानका कार्य गर्ने परिपाटीले गर्दा बसोबास व्यवस्थित हुन सकेको छैन ।

काठमाडौं उपत्यकाको सहरीकरण व्यवस्थित नहुनुमा विकासका पूर्वाधार निर्माण सहर केन्द्रित हुनु, रोजगारीको अवसर तथा शिक्षा, स्वास्थ्य लगायतका सेवाको पहुँच र गुणस्तर सहरमा मात्र रहनु, सहरको भौगोलिक तथा भौगर्भिक अध्ययन र विश्लेषण बेगर सहरहरूको आकार बढ्दै जानु, सहरी सुविधाहरूको उपलब्धता र पर्याप्ततामा ध्यान नदिनु, भएका पूर्वाधारहरूको स्तरोन्नति र विस्तार नहुनु, जग्गाको स्वामित्व व्यक्तिमा रहनु, योजनाबद्ध रूपमा जग्गा एकीकरण गरी व्यवस्थित बसोबास विना घर निर्माण गर्न अनुमति प्रदान गर्नु लगायतका कारणहरू रहेका छन् । जसले गर्दा पर्यावरणलाई नकारात्मक असर पारेको छ भने मानव स्वास्थ्यमा पनि प्रत्यक्षरूपमा असर परिरहेको छ । उपत्यका मानव बसोबासको लागि दिनानुदिन प्रतिकुल बन्दै गईरहेको छ ।

सुझाउ - सहरी पूर्वाधारलाई व्यवस्थित गरिनुपर्दछ । यसको लागि सबै निकायबीच समन्वय र सहकार्य गर्नुपर्दछ । पूर्वाधारको निर्माण पश्चात घर निर्माण गर्न अनुमति दिनुपर्दछ । तयार गरिएका एकीकृत बस्ती र स्मार्ट सिटीका परिकल्पनाहरूलाई मूर्त रूप दिनु पर्दछ । उपत्यकाको भौगोलिक र भौगर्भिक अध्ययन गराई सो अनुसारको जनसंख्यामात्र बस्ने गरी व्यवस्थापन गर्नुपर्दछ । पुराना पोखरी, उद्यान, खुला स्थानहरूलाई संरक्षण, पुनःस्थापना र पुनर्निमाण गर्नुपर्दछ । हरियाली तथा सहरी सौन्दर्यीकरणलाई प्राथमिकतामा राखी स्थानीय तहले कार्य गर्नुपर्दछ ।

१७.३. **निर्माण कार्य–** उपत्यकाको वायु प्रदूषणको प्रमुख स्रोतको रूपमा सार्वजनिक निर्माण कार्य रहेको छ । सार्वजनिक निर्माण तथा निजी घर र अन्य निर्माणमा लागि विभिन्न निकायहरूले स्टाण्डर्ड स्पेसिफिकेसन, मापदण्ड, कार्यविधिहरू तयार गरेको छ । सोको परिपालना गर्नु सम्बन्धित निकाय तथा व्यक्तिको कर्तव्य तथा जिम्मेवारी हो । तर सोको परिपालनाको पक्ष अत्यन्त कमजोर रहेको छ ।

सडक तथा पुल निर्माणको स्टाण्डर्ड स्पेसिफिकेसन-२०७० मा क्वाइरी साइट व्यवस्थापन, निर्माणको फोहर व्यवस्थापन, क्रसिङ साइट, हटमिक्स प्लान्ट र व्याचिङ्ग प्लान्ट राख्ने स्थान, हानिकारक सामग्री व्यवस्थापन सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरेको छ । क्रसर हट प्लान्टलाई जनघनत्व भएको ठाउँभन्दा बाहिर राख्नुपर्ने, व्याचिङ्ग प्लान्टको काम गर्दा धूलो र धूँवा कम हुनेगरी गर्नुपर्ने व्यवस्था छ । तर सडक निर्माणका कार्यहरू हेर्दा सहरका मुख्य स्थानमा पनि हटमिक्स प्लान्ट र व्याचिङ्ग प्लान्ट सञ्चालन गरेको देखिन्छ ।

सडक निर्माण गर्दा उड्ने धुलोलाई कम गर्न निश्चित समयावधिमा पानी छर्कने गरी खरिद व्यवस्थापन भएको देखिदैन । समय समयमा पानी छर्कने गरी भएको खरिद कार्यमा समेत पानी नराख्दा धूँलो उडी सडक छेउछाउमा बसोबास गर्ने स्थानीयहरू आक्रान्त बनेको देखिन्छ । त्यसैगरी सडक कालोपत्रे गर्नुअघि ब्रुमर वा स्वीपर मेशीनबाट धूँलो तान्नुको सट्टा उडाउने कार्य (Brooming) गर्दा समेत वायु प्रदुषण बढेको छ ।

त्यसैगरी सहरभित्र हुने निर्माणमा निर्माण सामग्रीको व्यवस्थापन गरेको देखिँदैन । सिमेन्ट, रोडा, बालुवा, ईटा लगायतका सामग्री सडकको किरानामा यत्रतत्र राख्नु, निर्माणबाट निस्किएको फोहर (Debris) लाई उचित स्थानमा राखी व्यवस्थापन नगरिनु,निर्माण पश्चात बाँकी रहेको सामग्री सडक वा सार्वजनिक स्थानमा छरिएर रहनु आदि कारणहरूले समेत वायु प्रदुषणको मात्रा बढेको छ । तोकिएको मापदण्ड, स्पेसिफिकेसन तथा निर्देशिकाबमोजिम कार्य नगर्दा यस्तो समस्या देखिएको हो ।

सुझाउ - निर्माण कार्यका लागि तयार गरिएका स्पेसिफिकेसनहरूको पालना हुनुपर्दछ । पालना नगर्नेलाई कारबाही गर्नुपर्दछ । प्रदुषण कम हुने गरी निर्माण स्थल, निर्माण सामग्री तथा उपकरणको व्यवस्थापन गर्नुपर्दछ । निर्माणमा नयाँ मेशीन तथा इक्युपमेन्टहरूको प्रयोग गर्नुपर्दछ । तोकिएको स्थानमा फोहरमैला व्यवस्थापन गर्नुपर्दछ ।

१७.४. **सवारी साधन –** काठमाडौं उपत्यकाको वायु प्रदूषणको दोस्रो र ध्वनि प्रदुषणमा प्रमुख कारकको रूपमा सवारी साधन रहेको छ । नेपाल सरकारले सरकारी सवारी साधनबाट उत्सर्जन हुने धूँवालाई कम गर्न २० वर्षभन्दा बढी अवधिका सवारी साधनहरूलाई काठमाडौं उपत्यकामा सञ्चालन हुन नदिने, यूरो३ मापदण्डका सवारी साधनमात्र सञ्चालन गर्न दिने, नियमित रूपमा सवारी साधनको प्रदुषण परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । उपत्यका भित्र सवारी साधनबाट उत्पन्न ध्वनीलाई कम गर्न २०७४ बैशाख १ देखि अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन नपाउने नियम बनाएको छ ।

यातायात व्यवस्था विभागको तथ्याङ्क अनुसार २०७५/७६ को फाल्गुन मसान्तसम्म ३५ लाख ३९ हजार ५ सय १९ सवारी साधन नेपालभर दर्ता भएका छन् । त्यसैगरी २०७५/७६ सम्म वागमती अञ्चलमा १२ लाख ८१ हजार २ सय ३१ सवारी साधन दर्ता भएका छन् । वागमती अञ्चलमा दर्ता भएका सवारी साधनको संख्या निम्नानुसार छ :

आर्थिक वर्ष	बस/ मिनिबस	कार/जीप भ्यान	माइक्रो बस	ट्रक/मिनि ट्रक	मोटर साइकल	अन्य	जम्मा
२०४६/४७ सम्म	१८२५	९८६८	–	१५५६	१८५९४	१९७६३	३४६०६
२०५०/५१ मा	२४७	२१३१	–	९८८	६९०३	२२०५	११६०१
२०५५/५६ मा	३५५	१६५६	–	३६७	९५२२	५२०	१२४२३
२०६०/६१ मा	४०१	४९६१	६७५	५४०	१८२८९	३७८	२५२४४
२०६५/६६ मा	११६४	४३६२	५३	१२३०	४२०५४	१२२७	५००९०
२०७०/७१ मा	१०७७	८३९७	११५	६४७	५३४९४	३७१९	६७४४९
२०७३/७४ मा	३५३७	१४५४२	२२२	१८५०	९४७५१	५०५४	११९९५६
२०७४/७५ मा	१०९५	१४४५२	१४५७	१२२८	१०५८६९	६८८१	१३०९८२
२०७५/७६ मा	१४८६	१६५७७	३७१	१५२५	७९३००	८१३४	१०७३९३
२०७५/७६ सम्म जम्मा दर्ता	२६३३२	१७१०१०	४१७३	२३५३२	१००२६४२	५३५४२	१२८१२३१

स्रोत : यातायात व्यवस्थापन विभाग

वागमती अञ्चलमा २०४६/४७ सम्म ३४ हजार ६०६ सवारी साधन रहेकोमा त्यसपछिका प्रत्येक वर्ष सवारी साधनको संख्या उल्लेख्य मात्रामा बढेको देखिन्छ । सवारी साधनहरूमध्ये मोटरसाइकल र कार जीप र भ्यानको वृद्धि उच्च रूपमा रहेको छ । यस अञ्चलमा २०७४/७५ मा मात्र १ लाख ५ हजार ८६९ मोटरसाइकल र १४ हजार ४५२ कार जीप र भ्यान थपिएको देखिन्छ । सोको अतिरिक्त अन्य अञ्चल कार्यालयमा दर्ता भएका सवारी साधन समेत उपत्यकामा सञ्चालन हुने हुँदा यस्तो संख्यामा वृद्धि हुने अवस्था छ । उपत्यकाको सार्वजनिक यात्रुबाहक सवारी साधनमा ठूला सवारी साधनको संख्या कम रहेको र साना सवारी साधनको संख्यामा उल्लेख्य रूपमा वृद्धि भईरहेकोले सोको असर धूँवाको उच्च उत्सर्जनमा परेको छ ।

वातावरण विभाग, यातायात व्यवस्थापन विभाग र ट्राफिक प्रहरीको संयुक्त प्रयासमा २०७४ मंसिर १३ देखि २०७५ जेठ २० सम्म काठमाडौंमा १ हजार ३७४ सवारी साधनमा गरिएको सवारी प्रदुषण छड्के चेकजाँचमा ४६ प्रतिशत सवारी साधन अफसल भएका थिए । जाँच गरिएकोमा भाडाका सवारी ५६ प्रतिशत, निजी ३९ प्रतिशत र अन्य ५ प्रतिशत रहेका थिए । यस्तो चेकजाँचमा२४ प्रतिशतमा हरियो स्टिकर टाँस नगरिएको अवस्थामा पाइएको वातावरण विभागले जनाएको छ । यातायात व्यवस्थापन विभागबाट गरिने सवारी साधन चेकजाँच प्रभावकारी भएको देखिँदैन ।

नेपाल सडक मापदण्ड, २०७० अनुसार पैदलयात्रीको संख्या अनुसार फुटपाथको चौडाई हुनुपर्ने,साथै फुटपाथको न्यूनतम १.५ मिटर चौडाईको हुनुपर्ने रसोको हरेक ५० मिटरमा २ ह्वीलचेयर पास हुनेगरी १.५ मिटर चौडाई र २ मीटर लम्बाईको पासिङ जोन तयार गर्नुपर्ने व्यवस्था छ । तोकिएअनुसारको फुटपाथको व्यवस्था उपत्यकाका केही सडकहरूमा मात्र रहेकोछ ।उपत्यका कतिपय





सडकमा फुटपाथ अत्यन्त साँघुरो रहेको छ भने काठमाडौंको चक्रपथको अधिकांश खण्डमा फुटपाथ रहेको छैन । उपत्यकाका कतिपय सडकमा फुटपाथबाटजाँदैगर्दा फुटपाथ साँघुरिदै गई फुटपाथ नै नभएको अवस्था समेत देखिन्छ ।

त्यसैगरी उपत्यका भित्र चल्ने विद्युतीय सवारी साधनको संख्या अत्याधिक कम रहेको छ । साविकमा त्रिपुरेश्वरदेखि सूर्यविनायकसम्म सञ्चालनमा रहेको ट्रलीबस सेवा बन्द भएको छ । सञ्चालनमा रहेका सफा टेम्पोको संख्या समेत वर्षेनी कम हुँदै गइरहेको छ । उपत्यकाको प्रदूषण न्यूनीकरणका लागि विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्ने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्को २०७६ असार २९ को

फुटपाथविहीन सडकहरू

बैठकले विद्युतीय बस खरिदका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत साझा यातायात सहकारी संस्था लिमिटेडलाई ३०० विद्युतीय बस खरिद गर्न रु.३ अर्ब नेपाल सरकारको शेयर लगानीकारूपमा उपलब्ध गराउने निर्णय गरेकोमा उक्त लिमिटेडले तोकिएको समयमा खरिद प्रक्रिया सम्पन्न नगरेको उल्लेख गरी पुनः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले उक्त रकम फिर्ता लिएको छ ।

वर्षेनी उच्च दरमा सवारी साधनहरू थपिनु, सरकारद्वारा सार्वजनिक सवारीको व्यवस्थापन नगरिनु, सवारी साधनको गति कम हुनु, नियमित रूपमा सवारी प्रदूषण परीक्षण नहुनु, विद्युतीय सवारी साधनहरूको संख्या अत्याधिक कम रहनु, हिड्ने तथा साइकल रुट (Walking and Cycling Rote) सञ्जालीकरण नगरिनु, मापदण्ड अनुसारको फुटपाथ नहुनु, सवारी साधन पार्किङको लागि निश्चित स्थान नहुँदा सडकमा नै पार्किङ गरिनु, सडक समयमा मर्मतसम्भार नहुनु, निर्माण सामाग्री सडकमा नै थुपारेर राख्नु, चोकहरूमा ट्राफिक लाईट नहुनु, कच्ची सडकबाट कालोपत्रे सडकमा सवारी साधन आउँदा धूँलो तथा माटो सफा गरी प्रवेश गराउने विधि वा व्यवस्था नहुनु जस्ता कारणले गर्दा सवारी साधन प्रमुख प्रदूषकमा पर्न गएको देखिन्छ । जसले गर्दा मानवीय स्वास्थ्यमा नकारात्मक असर परेको छ ।

सुझाउ - सवारी साधनमा यूरो ४ लागू गर्नुपर्दछ । उपत्यकाभित्र विद्यूतीय सवारी साधनलाई प्राथमिकता र प्रश्रय दिनुपर्दछ । हिड्ने तथा साइकल रुट सञ्जालीकरण गरिनु पर्दछ । उपत्यकाभित्र एकीकृत सार्वजनिक बससेवा सञ्चालन गर्नुपर्दछ । ट्राफिक व्यवस्थापनलाई थप चुस्त र प्रणालीबद्ध बनाउनुपर्दछ । सडकको गुणस्तरमा वृद्धि तथा नियमित रूपमा मर्मत सम्भार गर्नुपर्दछ ।

१७.५. **ईटाभट्टा**– काठमाडौं उपत्यकाभित्रअधिकांश घर निर्माण र अन्य निर्माणमा समेत ईटाको प्रयोग हुन्छ ।केन्द्रीय तथ्याङ्क विभागले २०६९/७० मा लिएको तथ्याङ्कअनुसार काठमाडौं उपत्यकाभित्र ८४ ईटाभट्टा रहेको उल्लेख छ । यद्यपि वातावरण विभागले २०१७ मा गरेको ईटाभट्टासम्बन्धी अध्ययन अनुसार काठमाडौं उपत्यकामा १ सय १० ईटाभट्टा सञ्चालनमा रहेको उल्लेख छ । उपत्यकाका ईटाभट्टा, यसको प्रकार र ईटा उत्पादन दर निम्नानुसार रहेको छ -

प्रकार	संख्या	औसत उत्पादन (दशलाख प्रतिवर्ष)
Bull's Trench Kilns (Induced)	१०७	६१२
Hybrid Hoffmann Kiln	२	४०
Vertical Shaft Brick Kiln	१	८
जम्मा	**११०**	**६६०**

ईटाभट्टाबाट निस्कने धूँवाको गुणस्तर यसको प्रकार अनुसार फरक फरक हुन्छ । परम्परागत प्रविधिमा सञ्चालित उद्योगहरूले बढी हानिकारक धूँवा निष्कासन गर्दछन् । Bull's Trench Kilns भन्दा Hybrid Hoffmann KilnरVertical Shaft Brick Kiln नयाँ प्रविधियुक्त ईटाभट्टा हुनु । यी सुधारिएका प्रविधियुक्त ईटाभट्टाहरूले कम उर्जा खपत गर्दछन् भने प्रदुषकहरू र हरितगृह ग्याँसको निष्काशन पनि कम गर्दछन् । यद्यपि काठमाडौं उपत्यकामा १०७ पुरानो प्रविधिका ईटाभट्टा सञ्चालनमा रहेका छन् । त्यसैगरी सञ्चालित उद्योगहरूले वातावरण प्रदुषण कम गर्न अत्याधूनिक विधि तथा प्रविधि नअपनाएको हुँदा भारत र चीनमा सञ्चालित ईटाभट्टाभन्दा यी उद्योगहरूले अत्याधिक मात्रामा वातावरण प्रदुषक निष्कासन गर्ने

गरेको वातावरण विभागको प्रतिवेदनमा उल्लेख छ । वातावरण विभागले तयार गरेको मापदण्ड अनुसार ईटा भट्टाबाट निस्कने धूँवा (सस्पेण्डेड पार्टिकुलेट्स म्याटर्स) ३५० माइक्रोग्राम प्रति क्यूमिटर हुनुपर्ने उल्लेख छ । त्यसैगरी ईटा भट्टाको चिम्नीको उचाई १७ मिटर हुनुपर्ने उल्लेख छ । तर विभागबाट ईटाभट्टाहरूको नियमित रूपमा अनुगमन गर्ने गरेको पाइएन ।

त्यस्तै काँचो ईटा पोल्नको लागि कोइला, दाउरा, केमिकल तथा अन्य पदार्थ प्रयोग हुन्छ । वातावरण विभागको प्रतिवेदन अनुसार उल्लेखित संख्याका ईटाभट्टाहरूमा वार्षिक रूपमा औसतमा ५६ हजार १ सय टन कोइला र ३ सय ३० टन इन्धन प्रयोग हुने उल्लेख छ । ईटाभट्टाबाट निस्कने धूँवामा टीएसपी, पीएम, कार्बनडाइअक्साइड, सल्फरडाइअक्साइड, नाइट्रोजनडाइअक्साइड आदि प्रदूषकहरू निष्कासन गर्दछ । कोइलाको बनावट विभिन्न रासायनिक हिस्साहरूले बनेको हुन्छ, जसले बाह्य तापीय प्रतिक्रियाबाट ताप उत्पादन गर्दछ । कोइलाको केही हिस्सा जस्तै खरानीले कुनै ताप उत्पादन गर्दैन तर प्रयोग पश्चात यो भट्टामा रहिरहन्छ । खरानीलाई विशेषत: उड्ने र नउडीकन तल बस्ने गरी विभाजन गर्न सकिन्छ । उड्ने खरानी एसपिएमको रूपमा धुँवासँग मिलेर वायुमण्डलमा पुग्दछ । सोसँग नजलेको कार्बन समेत धूँवामा मिसिदा धूँवाको रंगसमेत कालो हुन्छ । तसर्थ कम गुणस्तरको कोइलाको प्रयोग हुने ईटाभट्टाले बढी प्रदुषण गराउँदछन् ।

त्यसैगरी सर्वोच्च अदालतको २०६२ मंसिर २४ को आदेशमा "राष्ट्रको ढुकुटीमा विदेशी मुद्रा आर्जन गर्ने पर्यटकका लागि बनेका ग्रामीण क्षेत्रमा भएका स्थानीय रिसोर्ट र बालबालिका पढ्ने स्कुल र घनावस्ती क्षेत्र वरपरका ईटा उद्योगहरू बन्द गर्न लगाउने" उल्लेख छ । त्यसैगरी सोही आदेशमा अन्यत्रका ईटा भट्टाहरूमा समेत प्रदूषण नियन्त्रण उपकरण जडान गर्न लगाई सञ्चालन गराउने उल्लेख छ । हालपनि बस्तीभित्र नै ईटाभट्टा सञ्चालन भैरहेको पाइएकोले सर्वोच्चको उल्लेखित फैसलाको कार्यान्वयन भएको पाइएन ।

परम्परागत प्रविधिको प्रयोग हुनु, कमसल कोइलाको प्रयोग हुनु, प्रदूषण नियन्त्रण गर्ने प्रविधिको प्रयोग नहुनु, वातावरण विभागको मापदण्ड र सर्वोच्च अदालतको फैसला कार्यान्वयन नहुँदा ईटाभट्टाले वायु प्रदूषणको मात्रा बढाउन सघाउँ पुऱ्याएको देखिन्छ ।

सुझाउ - सञ्चालनमा रहेका भट्टाहरूलाई आधुनिकीकरण गर्नुपर्दछ । सञ्चालित भट्टाहरूमा कम प्रदुषण हुने प्रविधिको जडान गर्नुपर्दछ । दीर्घकालीन रूपमा उपत्यकाका ईटाभट्टाहरूलाई उपत्यकाबाहिर स्थानान्तरण गर्नुपर्दछ । साथसाथै निर्माणमा ईट्टाको विकल्पको सम्बन्धमा अध्ययन गरिनुपर्दछ ।

१८. **वायु प्रदूषण -** वायुमण्डलमा सामान्यतया नाइट्रोजन ७८.०८%, अक्सिजन २०.९५%, आर्गन ०.९३%, कार्वनडाइअक्साइड ०.०३८% र अन्य (जेनन, नियोन, हाइट्रोजन, हेलियम, क्रिप्टन) ०.००२% रहेको हुन्छ । वायुमण्डलको उपयूक्त बनोटले नै पृथ्वीमा प्राणको अस्तित्व भएको छ । तर वायुमण्डलमा अन्य ग्याँसहरू, रसायन, धूँलोका कणहरू, धूँवा, जैविक तथा हानिकारक पदार्थ तथा धातुहरू सम्मिश्रण भई प्राणी जगतका लागि प्रतिकूल वातावरण तयार हुनु नै वायु प्रदूषण हो । वायु प्रदुषण नै उपत्यकाको प्रमुख वातावरणीय समस्या हो । सो कुरा लेखापरीक्षणको क्रममा गरिएको सर्भेक्षणबाट समेत देखिएको छ । सर्भेक्षणमा १५० सँग **तपाईले काठमाडौं उपत्यकाभित्र महशुस गरेको प्रमुख प्रदूषण कुन हो?** भनी सोधिएकोमासहभागीमध्ये १३३ ले वायु प्रदूषण, ७० ले ध्वनी प्रदूषण, ५३ ले जल प्रदूषण र ४२ ले भूमी प्रदूषणलाई प्रमुख प्रदूषणकोरूपमा लिएको पाइयो । त्यसैगरी मिडियाहरू तथा प्रतिवेदनमा समेत वायु प्रदूषणको मात्रा अत्याधिक रहेको भनी समाचार प्रकाशित भएका छन् । काठमाडौं उपत्यकाको वायु प्रदुषणलाई मापन गर्नका लागि वातावरण विभागले काठमाडौं उपत्यकाभित्र रत्नपार्क, पूल्चोक, भैसेपाटी, शंखपार्क र धुलिखेलमा वायुको गुणस्तर मापन केन्द्र स्थापना गरेको छ । सोको अतिरिक्त नेपालस्थित अमेरिकी दूतावासमा रहेको मापन केन्द्रको तथ्याङ्क समेत वातावरण विभागसँग जोडिएको विभागले जनाएको छ । उक्त केन्द्रबाट पीएम १०, पीएम २.५ र टिएसपीको नियमित मापन भईरहेको छ । तर सल्फरडाईअक्साइड, नाईट्रोजन डाईअक्साइड, कार्वन मोनोअक्साइड, लिड, वेन्जिन आदि मापनको लागि उपकरण नभएको विभागले जनाएको छ । यससम्बन्धमा देखिएका व्यहोरा निम्नानसार छन् :

१८.१. **पीएम (Particulate Matter, PM) -** हावामा रहेका अत्यन्त साना ठोस तथा तरल पदार्थको सम्मिश्रणलाई पार्टिकलस म्याटर्स भनिन्छ । त्यस्ता कणहरू अन्यन्त साना हुन्छन् जसलाई सामान्य आँखाले देख्न सकिँदैन । वायुमा धूलोका कणहरू, धूँवा, माटो, धातूहरू, केमिकलहरू, एसिड (जस्तै: नाइट्रेड्स, सल्फेट्स) मिलेर पार्टिकुलेटस् म्याटर्स तयार हुन्छ । वायुमा रहेका साना कणहरूलाई सोको साइजअनुसार वर्गीकरण गरिएको

छ । वायु प्रदुषणका सन्दर्भमा विश्वव्यापी रूपमा मापन गरिने त्यस्ता कणहरूलाई मुख्य रूपमा पीएम १० (PM10) र पीएम २.५ (PM2.5) गरी वर्गीकरण गरिएको छ । त्यस्तो कणहरूले मानव स्वास्थ्यलाई प्रत्यक्ष रूपमा नकरात्मक असर गर्दछन् । कुनै पनि राष्ट्र, सहर वा स्थानको वायु प्रदुषणको मात्रा कस्तो छ भनेर हेर्नको लागि पीएम १० र पीएम २.५ लाई नै मुख्य रूपमा अध्ययन गरिन्छ ।पीएम को मात्रालाई माइक्रोग्राम प्रतिघनमिटर ($\mu g/m^3$) मा मापन गरिन्छ ।

१८.१.१. **पीएम १० -** सामान्यतया १० माइक्रोमिटर व्यास तथा सो भन्दा साना कणहरूलाई पीएम १०भनिन्छ । वायुमा यसको मात्राको परीक्षणका लागि विश्व स्वास्थ्य संगठन (World Health Organization) ले मापदण्ड तयार गरेको छ । नेपालमा वन तथा वातावरण मन्त्रालयले २०६९ सालमा मापदण्ड तयार गरेको छ । उक्त मापदण्ड निम्नानुसार रहेको छ -

Parameter	Units	Averaging Time	Nepal Standard	WHO Guidelines	Test Methods
			Concentration in Ambient Air, Maximum		
PM10	$\mu g/m^3$	Aanual	-	20	High volume sampling & Gravimetric Analysis, TOEM, Beta Attenuation
		24-Hours	120	50	

विश्व स्वास्थ्य संगठनले तोकेको पीएम १० को मापदण्ड २४ घण्टाको औसत ५० माइक्रोग्राम प्रतिघनमिटर रहेको छ भने नेपालमा सो १२०माइक्रोग्राम प्रतिघनमिटर कायम गरिएको छ । जसले गर्दा वायुको गुणस्तर नेपालको सन्दर्भमा मापदण्ड भित्र देखिएतापनि विश्व मापदण्डभन्दा माथि रहन सक्दछ । काठमाडौं उपत्यकाभित्रका ५ मापन केन्द्रमा २०१९ मा मापन गरिएको (२४ घण्टाको औसत)पीएम १० को सबैभन्दा बढी मापन गरिएको दिनको मात्रा निम्नानुसार रहेको छ :



यसरी हेर्दा वर्षभरिको सबैभन्दा प्रदूषित दिनको काठमाडौ उपत्यकाभित्रको पीएम १० को मात्रा विश्व स्वास्थ संगठनले निर्धारण गरेकोभन्दा निकै नै उच्च रहेको छ । उल्लेखित ५ स्थानमध्ये वर्षभरिकै सबैभन्दा प्रदूषित दिनको पुल्चोक र शंखपार्कको पीएम १० को मात्रा नेपालको मापदण्ड भित्र नै देखिन्छ भने रत्नपार्क, भक्तपुर र भैसेपाटीको पीएम १० को मात्रा अत्याधिक रहेको पाइयो । सबैभन्दा धेरै भक्तपुरमा २८५.३७ माइक्रोग्राम प्रतिघनमिटर रहेको छ । सन् २०१९ मा पुल्चोकमा २५३ दिन र शंखपार्कमा ३०० दिन मापन गर्दा पीएम १० राष्ट्रिय मापदण्ड भित्र नै रहेको पाइयो । भक्तपुरमा २९८ दिनमा २६ दिन र रत्नपार्कमा ३२१ दिनमा ४५ दिन राष्ट्रिय मापदण्ड भन्दा उच्च रहेको पाइयो । त्यस्ता कण मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक हुन्छन् । जसले विशेषत: फोक्सोको समस्या, रक्तप्रणालीमा समस्या तथा मुटुरोग निम्त्याउँछन् ।

१८.१.२. **पीएम २.५-** वायुमण्डलमा रहेका २.५ माइक्रोमिटर व्यास वा सोभन्दा साना धूलो तथा ठोसपदार्थको सम्मिश्रणबाट बनेका कणहरूलाई पीएम २.५ भनिन्छ । वर्ल्ड एयर क्वालिटी रिपोर्टले २०१९ मा गरेको पीएम २.५ मापनको अध्ययनमा नेपाल विश्वको छैठौ प्रदूषित देशमा रहेको छ । जसअनुसार नेपालको अङ्क ४४.५ रहेको छ । सबैभन्दा प्रदूषित बंगलादेशको अङ्क ८३.३रहेको छ । सबैभन्दा कम प्रदूषित बहमासको अङ्क ३.३ रहेको छ । त्यसैगरी सो प्रतिवेदनमा विश्वका क्षेत्रीय राजधानीहरूमा ४८.० अङ्क सहित काठमाडौं पाँचौ प्रदूषित सहरमा परेको छ । सबैभन्दा प्रदूषित भारतको दिल्लीको ९८.६ अङ्क र सबैभन्दा कम प्रदूषित बहमासको नासउको ३.३ अङ्क रहेको छ । गतवर्षको प्रतिवेदनभन्दा यसवर्षको अङ्कमा सुधार भए तापनि

गतवर्ष नेपाल सातौ र काठमाडौं आठौँ स्थानमा रहेको थियो । दक्षिण एसियाली राष्ट्रका राजधानीहरूमा काठमाडौंकोभन्दा कोलम्बो, थिम्पु र मालेको वायुको गुणस्तर राम्रो रहेको छ ।

पीएम २.५ मापनको लागि नेपाल र विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड निम्नानुसार रहेको छ :

Parameter	Units	Averaging Time	Nepal Standard	WHO Guidelines	Test Methods
			Concentration in Ambient Air, Maximum		
PM 2.5	µg/m^3	24- Hours	40	25	PM2.5 Sampling Gravimetric and analysis

विश्व स्वास्थ्य संगठनले पीएम २.५ को मात्रा २४ घण्टाको औसतमा २५ माइक्रोग्राम प्रतिघनमिटर हुनुपर्ने गरी मापदण्ड तयार गरेको छ भने नेपालको मापदण्ड अनुसार उक्त मात्रा ४० माइक्रोग्राम प्रतिघनमिटर कायम गरिएको छ । वातावरण विभागले स्थापना गरेका वायु गुणस्तर मापन केन्द्रको तथ्याङ्क अनुसार २०१९ मा काठमाडौं उपत्यकाको वायुमा रहेको पीएम २.५को २४ घण्टा औसतमा लिएकोउच्चतम मात्रा निम्नानुसार छ:



वर्षभरिको सबैभन्दा प्रदूषित दिनको मापनलाई आधार मान्दा काठमाडौंका उल्लेखित ५ स्थानमा यसको मात्रा विश्व स्वास्थ्य संगठनको मापदण्ड भन्दा निकै नै उच्च र नेपालको मापदण्डभन्दा पनि उच्च रहेको पाइयो । काठमाडौंका ५ स्थानमध्ये रत्नपार्कमा सबैभन्दा बढी १४०.१९ माइक्रोग्राम प्रति घन मिटर रहेको छ भने सबैभन्दा कम भैसेपाटीमा ६२.३४ माइक्रोमिटर रहेको छ ।सन् २०१९ मा शंखपार्कमा २९९ दिन मापन गरिएकोमा २९ दिन, पूल्चोकमा ३५३ दिनमा ३७ दिन, भक्तपुरमा २९८ दिनमा ४८ दिन र रत्नपार्कमा ३२१ दिनमा १४३ दिन पीएम २.५ राष्ट्रिय मापदण्ड भन्दा उच्च रहेको पाइयो। मानव स्वास्थ्यका दृष्टिकोणले अत्यन्त घातक कणका कारण निमोनिया, मुटुरोग, फोक्सोको क्यान्सर, हृदयघात तथा मस्तिस्कघात, आँखा तथा छालारोग हुन्छ । यस्ता कणहरूको मात्रा अत्याधिक हुँदा काठमाडौंबासीको स्वास्थ्यमा गम्भीर असर परिरहेको अवस्था छ ।

१८.१.३. **टोटल सस्पेन्डेड पार्टिकल (Total Suspended Particles, TSP)-** यिनीहरू पीएमभन्दा ठुला आकारका कणहरू हुन्, जुन विकास निर्माणका क्रियाकलापहरू (सडक, खानेपानी, भवन निर्माण कार्य) गर्दा, सवारी साधन गुड्दा, मेसिनहरू चलाउँदा हावामा पुग्छन् । यिनीहरूको मात्रा व्यस्त सडकको वरिपरी बढी हुन्छ । वातावरण विभागले तयार गरेको मापदण्ड अनुसार यसको मात्रा २३० माइक्रोग्राम प्रतिघनमिटरसम्म (२४ घण्टाको औसत) हुनुपर्दछ ।

वातावरण विभागले २०१९ मा लिएको तथ्याङ्क अनुसार २४ घण्टाको औसतमा काठमाडौं उपत्यकाको हावामा रहेको टीएसपीको उच्चतम मात्रा निम्नानुसार रहेको छ :



वातावरण विभागले तयार गरेको वायुको गुणस्तर सम्बन्धी मापदण्ड अनुसार टिएसपिएको मात्रा २३० हुनुपर्ने उल्लेख छ। वर्षभरिको सबैभन्दा प्रदूषित दिनको मापनलाई आधार मान्दा उल्लेखित ५ स्थानको टिएसपीको मात्रा हेर्दा सबै स्थानहरूमा मापदण्ड भन्दा उच्च रहेको पाइयो । त्यसैगरी भैसेपाटीमा टिएसपीको मात्रा २२६९.५६ माइक्रोमिटर छ, जुन निकै नै उच्च रहेको छ । सन् २०१९ मा पूल्चोकमा ३५३ दिन मापन गरिएकोमा १ दिन, शंखपार्कमा ३०० दिनमा १ दिन, भक्तपुरमा २९८ दिनमा २८ दिन, रत्नपार्कमा ३२१ दिनमा ३८ दिन र भैसेपाटीमा ३८३ दिनमा १२२ दिन टिएसपीको मात्रा राष्ट्रिय मापदण्ड भन्दा उच्च रहेको पाइयो । यस्ता कणहरूले कपडाहरू छिट्टो फोहर हुने, घर र अन्य संरचनाहरूमा टाँसिएर फोहर हुने, वोटविरुवामा टाँसिएर रहने हुँदा वातावरणमा असर गर्दछ । हावामा यसको मात्रा बढी भएमा भिजिविलिटीलाई कम गराउँदछ ।

१८.१.४. **अन्य प्रदुषकहरू -** कार्वन मोनोअक्साइड (CO_2), सल्फर डाइअक्साइड (SO_2), नाइट्रोजन डाइअक्साइड (NO_x), ओजोन (Ozone), बेन्जिन (Benzene), लिड (Lead) आदि अन्य प्रदुषकहरू रहेका छन् । जसको सम्मिश्रणका कारण वायु हानिकारक बन्दछ । वातावरण विभागले यी प्रदुषकहरूको मात्रा नापजाँच गर्नको लागि मापदण्ड तयार गरेको छ । जुन निम्नानुसार रहेको छ :

Parameter	Units	Averaging Time	Nepal Standard	WHO Guidelines	Test Methods
			Concentration in Ambient Air, Maximum		
Sulphur Dioxide (SO_2)	µg/m^3	Annual	50	500	Ultraviolet Fluorescence, waste & Gaeke method
		24-Hours	70	20	Same as annual
Nitrogen Dioxide(NO_x)	µg/m^3	Annual	40	40	Chemiluminescence
		24-Hours	80	200	Same as annual
Carbon Monoxide (CO_2)	µg/m^3	8 Hours	10000		Non dispersive Infra Red Spectrophoto meter (NDR)
Lead	µg/m^3	Annual	0.5		High volume sampling, followed by atomic absorption spectrometry
Benzene	µg/m^3	Annual	5	10	Gas Chromatographic Technique
Ozone	µg/m^3	8 hours	157	100	UV Spectrophoto meter

वातावरण विभागबाटपीएम १०, पीएम २.५ र टी.एस.पी. बाहेकका अन्य प्रदुषकहरूको नियमित रूपमा मापन गर्ने गरेको छैन । त्यसैगरी वातावरण विभागमा रहेको प्रयोगशालामा यस्ता प्रदुषक मापन गर्ने क्षमता नभएको विभागले जनाएको छ । तसर्थ यस्ता प्रदुषकहरूको उपत्यकाको हावामा रहेको मात्राको विश्लेषण गर्न सकिएन । त्यस्ता प्रदुषकहरूको मात्रा उच्च रहँदा मानव स्वास्थ्यमा नकारात्मक असर पार्दछन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

प्रदूषक (Pollutants)	प्रमुख स्रोतहरू (Main Sources)	स्वास्थ्यमा पार्ने प्रभाव (Impact to Health)

कार्वनडाइअक्साइड (CO_2)	सवारी साधन चलाउँदा, इन्धनको प्रयोग, फोहर जलाउँदा	टाउको दुख्ने, रिङ्गटा लाग्ने, बेहोस हुने, असन्तुलन हुने ।
सल्फर डाइअक्साइड (SO_2)	उद्योग कलकारखानाबाट (जस्तै पेपर बनाउँदा, धातु पगाल्दा), कोइला बाल्दा, पेट्रोलियम पदार्थको प्रयोगबाट) सल्फरयुक्त ईन्धन, कोइला, खनिज तेल, औद्योगिक वोइलर, रिफाइनरी	छालाको रोग, आँखाको रोग, नाक कान घाँटीको समस्या, फोक्सोको समस्या, स्वासप्रश्वाससम्बन्धी समस्या, दम इत्यादि ।
नाइट्रोजन अक्साइड (NO_x)	चट्टयाङ पर्दा, ग्याँस बाल्दा, कोइला बाल्दा र सवारी साधन चलाउँदा, उर्जा दहन (Combustion Process),	श्वासप्रश्वासमा असर, फोक्सोमा समस्या गर्ने इत्यादि ।
कार्वन मोनोअक्साइड (CO)	सवारी साधन चलाउँदा, ग्याँस, कोइला, दाउरा बाल्दा,	रगतमा अक्सिजनको मात्रामा कमी गर्ने, जसले गर्दा सेल र टिस्यूमा समस्या आई दृष्टिमा समस्या, कार्यक्षमतामा ह्रास, काममा अपुणता इत्यादि ।
क्लोरोफ्लोरो कार्वन (CFCs)	एयर कण्डिसनर, रेफ्रिजेनेरेटर, एरोसोल स्प्रे,	छालाको क्यान्सर, आँखाको रोग इत्यादि ।
एमोनिया (NH_3)	कृषि कार्यहरू	स्वासप्रश्वासमा समस्या, छाला, आँखाको रोग इत्यादि ।
ओजोन (O_3)	फोटोकेमिकल तथा केमिकल सम्बन्धित कामहरू, कार, वस, ट्रक, उर्जा प्लान्ट, औद्योगिक वोइलर	आँखा, नाक, स्वासप्रश्वास, खोकी, दम, फोक्सोको समस्या, निमोनिया इत्यादि ।
टोक्सिमेटल (Pb2Hg)	कलकारखानाका कामहरू, खनिज, व्याट्री निर्माण, रंगरोगन, फोसिल फ्यूल बाल्दा ।	किड्नी, कलेजो, मुटुरोग, पाचन प्रणालीमा समस्या, क्यान्सर इत्यादि

सुझाउ – वायु प्रदूषणको लागि नेपालको मापदण्ड विश्व स्वास्थ्य संगठनसँग मिल्ने गरी तयार गरिनु पर्दछ । प्रमुख प्रदूषकहरूको नियमित रूपमा मापन गरी सोको नियन्त्रण र निराकरणको लागि जिम्मेवार निकायहरूले सबै पक्षको समन्वय र सहकार्यमा कार्य गर्नुपर्दछ । सबै प्रकारका प्रदूषकहरूको रियल टाइम तथ्याङ्क आउने गरी मापन केन्द्रहरूको स्थापना गरिनु पर्दछ । काठमाडौं उपत्यका लागि एकीकृत रूपमा कार्यक्रम सञ्चालन गरी नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितता गरिनुपर्दछ ।

१८.२. **वायु प्रदुषण र स्वास्थ्य -** विश्व स्वास्थ्य संगठनले २०१६ मा गरेको एक अध्ययन अनुसार घर बाहिर हुने व्यापक वायु प्रदुषण (Ambient Outdoor Air Pollution) का कारण प्रत्यक्षरूपमा ४२ लाख र अप्रत्यक्षरूपमा ७० लाख मानिसको अकालमा मृत्यु हुने गरेको र सोमध्ये दक्षिण पूर्वी एसियामा मात्र २० लाखभन्दा बढी मानिसहरूको मृत्यु हुने गरेको उल्लेख छ । सो प्रतिवेदनले विश्वमा अकालमा मृत्यु हुने ९ मध्ये १ कोमृत्यु वायुप्रदूषणको कारणले हुने जनाएको छ ।त्यस्ता मृत्युका कारणहरूमा स्केमिक हेल्थ डिजिजबाट ३४ प्रतिशत, निमोनियाबाट २१ प्रतिशत, स्ट्रोकबाट २० प्रतिशत, क्रोनिक अव्स्ट्रक्टिभ पल्मोनरी डिजिजबाट १९ प्रतिशत र फोक्सोको क्यान्सरबाट ६ प्रतिशत मानिसको मृत्युहुने उल्लेख गरेको छ ।

नेपालमा वायु प्रदुषणका कारण मानवीय स्वास्थ्यमा परेको असर र प्रभावका सन्दर्भमा वातावरण विभागले अध्ययन भएको पाइएन । तर अन्य निकायहरू तथा संस्थाबाट भने समय समयमा अध्ययन भएको देखिन्छ । नेपाल स्वास्थ अनुसन्धान काउन्सिलले २०१७ मा गरेको एक अध्ययनअनुसार प्रदुषणका कारण लाग्ने रोगहरूका कारण मृत्यु हुनेको संख्या १९९० को तुलनामा बढ्दै गएको देखिन्छ । अध्ययनअनुसार १९९० मा स्केमिक मुटु रोग मृत्युका कारणमध्ये तेस्रो श्रेणीमा रहेकोमा २०१७ मा प्रथम श्रेणीमा रहेको छ । त्यसैगरी क्रोनिक अव्स्ट्रक्टिभ पल्मोनरी रोग १९९० मा मृत्युका कारणमध्ये पाँचौ श्रेणीमा रहेकोमा २०१७ मा दोस्रो श्रेणीमा पुगेको छ । यसैगरी इन्ट्रासेरेवल ह्यामरेज बाह्रौबाट पाँचौमा,

स्केमिक स्ट्रोक पन्ध्रौबाट छैटौँमा, दम दशौंबाट सातौश्रेणीमा पुगेको छ। यी सम्पूर्ण रोगहरूको प्रमुख कारण वायु प्रदुषण नै हो। तसर्थ वायु प्रदुषणका कारण नेपाल र त्यसमा पनि काठमाडौंका बासिन्दालाई प्रत्यक्ष असर परिरहेको छ।

त्यसैगरी काठमाडौं उपत्यकाको पर्यावरणीय अवस्थाका सन्दर्भमा काठमाडौंमा बसोबास गर्ने १५० सँग गरिएको सर्भेक्षणमा सहभागीहरूले प्रदूषणका कारण निम्नानुसार समस्या भोगीरहेको उल्लेख गरेका छन् :

स्वास्थ्यसम्बन्धीसमस्या	संख्या	दैनिक समस्या	संख्या	अन्य समस्या
रुघाखोकी	५८	धुँवाधुलोले हिडडुल गर्न समस्या	२४	बच्चादेखि नै रोगको सिकार हुनुपरेको
निमोनिया	११	घर आगनको सफाईमा बढी समय दिनुपर्ने	४	वर्षामा अनियमितता
छालासम्बन्धी रोग	९	हरियो तरकारी बेच्न गाह्रो	१	स्वच्छ हावाको अभाव
आँखाको समस्या	१७	नियमित रूपमा मास्क र चस्मा लगाउनुपर्ने	१४	निलो आकाशको अभाव
ज्वरो आउने	९	मुख, कपाल छोपेर हिड्नुपर्ने	१	
कपाल झर्ने	१	जलवायू परिवर्तन	१	
क्यान्सर	४	तरकारी फलफुलमा विषादी प्रयोग	१	
एलर्जी	१५	ढल गन्हाउने	१	
टाउको दुख्ने	१०	वढी कोलाहल	१	
घाँटी दुख्ने	७	पढाईमा बाधा	५	
कानको समस्या	२	सवारी साधन जामको समस्या	३	
झाडापखला	९	सडक छेउका पसल र व्यवसाय गर्नेलाई समस्या	१	
मानसिक तनाव	५	नियमित घरायासी काममा अवरोध	१	
पिनासको समस्या	१			

रुघाखोकी, निमोनिया, छालाको एलर्जी, आँखाको समस्या, मानसिक तनाव जस्ता स्वास्थ्य समस्याहरू साथै दैनिक हिडडुलमा समस्या, नियमितरूपमा मास्क र चस्माको प्रयोग गर्नुपर्ने, स्वच्छ हावाको अभाव जस्ता समस्याहरू भोगिरहेको सर्वसाधारणले सर्भेक्षणमा उल्लेख गरेका छन् ।वायु प्रदूषणका कतिपय असर छिट्टै देखिने खालका हुन्छन् भने कतिपय असरहरू दीर्घकालमा देखिने खालका हुन्छन् । जसका कारण सर्वसाधारणले वर्षेनी ठूलो धनराशी खर्च गर्नुपरेको छ। वातावरण व्यवस्थापनसँग सम्बन्धित निकायको कार्य प्रभावकारी नहुँदा यस्तो समस्या देखापरेको हो।

सुझाउ - वायु प्रदूषणले मानव स्वास्थ्यमा, दैनिक क्रियाकलापहरूमा पारेको असर प्रभावका सन्दर्भमा नियमितरूपमा अध्ययन र विश्लेषण गर्नुपर्दछ। सोको लागि डाटावेस तयार गरी अध्ययन गर्नु जरुरी छ। अन्य चरहरूलाई यथावत राखी वायुप्रदूषणको कारणले मात्र स्वास्थ्यमा परेको असर सम्बन्धमा गहन अध्ययन गरी निराकरणका लागि कार्यान्वयन योग्य रणनीति तथा कार्यनीति तय गर्नुपर्दछ।

१९. **ध्वनी प्रदूषण –** अनावश्यक आवाज निस्कने, चर्को वा ठूलो ध्वनीका कारण मानवीय स्वास्थ्यलाई असर पार्ने अवस्थालाई ध्वनी प्रदूषण भनिन्छ। ध्वनीको मापन गर्ने इकाईलाई डेसिवल (dBA) भनिन्छ। तसर्थ अनावश्यक हल्ला (Noise) लाई नियन्त्रण तथा नियमन गरेर ध्वनीको गुणस्तरलाई कायम राख्नु आवश्यक छ। ध्वनीको नियमित मापन गरी मानवका लागि ग्रहण गर्नसक्ने अवस्थाको ध्वनीको मात्रा कायम गर्नु तोकिएका निकायहरूको जिम्मेवार हो ।वातावरण विभागले ध्वनीको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ लागू गरेको छ। यद्यपि तोकिएको मापदण्ड अनुसारको ध्वनीको अवस्था सम्बन्धमा नियमितरूपमा मापन गर्ने केन्द्र वा विधिको प्रयोग गरेको पाइएन।

ध्वनीको मात्राको परीक्षणको लागि वातावरण विभागका कर्मचारी र लेखापरीक्षण टोलीले काठमाडौं उपत्यकाका निम्नानुसारका स्थानमा २०७६ फागुन २० र २१ मा Noise Level Meter बाटपरीक्षण गरेको

थियो । उक्त स्थानहरूमा १० सेकेण्डको अन्तरालमा ९० नमुना लिई Equivalent Noise Level (Leq)= 10*Log(1/n*∑10^Li/10) सूत्रको प्रयोग गरी ध्वनीको मात्रा निकालिएको छ । ध्वनीको मात्रा दिउँसो १ बजेदेखि ३ बजेसम्म लिइएको थियो । वातावरण विभागले अध्ययन गरी २०७४ मंसिरमा प्रकाशन गरेको एक प्रतिवेदनअनुसार सोही स्थानहरूको सोही समयको ध्वनीको मात्रा र हालको मापनबाट देखिएको ध्वनीको मात्रा निम्नानुसार रहेको छ :

१९.१. **औद्योगिक क्षेत्र**- ध्वनीको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ अनुसार औद्योगिक क्षेत्रको लागि दिवा समयमा ७५ डेसिवल र रात्री समयमा ७० डेसिवलसम्मको सीमा तोकिएको छ । लेखापरीक्षणको क्रममा लिइएको र विगतको अध्ययनबाट उपत्यका तीन औद्योगिक क्षेत्रको ध्वनीको मात्रा देहायअनुसार रहेको छ:

स्थान	ध्वनीको मात्रा (Leq) डेसिवल	
	२०७४ मंसिर	२०७६ फागुन
बालाजु औद्योगिक क्षेत्र (प्रवेश गेट नजिक)	७५.५५	७५.२०
पाटन औद्योगिक क्षेत्र	७२.१२	६२.९०
भक्तपुर औद्योगिक क्षेत्र	६६.८५	६५.००

दुई औद्योगिक क्षेत्रभित्रको ध्वनीको मात्रा सीमाभित्र नै रहेको छ भनेबालाजु औद्योगिक क्षेत्रको ध्वनीको मात्रा भने सीमाभन्दा केही माथि रहेको छ ।

१९.२. **व्यापारिक क्षेत्र** - राष्ट्रिय मापदण्डअनुसार औद्योगिक क्षेत्रको लागि दिवा समयमा ६५ डेसिवल र रात्री समयमा ५५ डेसिवलसम्मको सीमा तोकिएको छ । काठमाडौं उपत्यकाका निम्न स्थानहरूको हालको र साविकको ध्वनीको मात्रा निम्नानुसार रहेको छ :

स्थान	ध्वनीको मात्रा (Leq)डेसिवल	
	२०७४ मंसीर	२०७६ फागुन
गोंगबु बसपार्क (आकासे पुलमुनि)	७८.३५	७६.४९
कोटेश्वर चोक	७८.९८	८२.३३
असन बजार	७६.०७	६६.५८
न्यूरोड गेट	८४.८४	६३.९८
लगनखेल चोक	७४.११	७०.९३
सूर्यविनायक चोक	८०.५३	७६.५४
गट्ठाघर चोक	७६.६४	७९.१७

नमुना परीक्षणकोरूपमा लिइएका उल्लेखित स्थानहरूमा सीमाभन्दा बढी ध्वनीको मात्रा रहेको पाइयो । दिनको समयमाभन्दा बिहान कार्यालय समय र साँझको समय उक्त स्थानहरूमा सवारी तथा पैदलयात्रुको चाप रहने हुँदा ध्वनीको मात्रा अझ बढी हुने देखिन्छ ।

१९.३. **सहरी आवास क्षेत्र -** राष्ट्रिय मापदण्डअनुसार औद्योगिक क्षेत्रको लागि दिवा समयमा ५५ डेसिवल र रात्री समयमा ५० डेसिवलसम्मको सीमा तोकिएको छ । दुई सहरी आवास क्षेत्रको ध्वनीको मात्रा देहायानुसार पाइयो:

स्थान	ध्वनीको मात्रा (Leq) डेसिवल	
	२०७४ मंसिर	२०७६ फागुन
बोहोराटार, काठमाडौं	६१.३३	७२.७५
सानेपा हाइट (होटल समिट नजिक)	७०.७७	६७.७४

उल्लेखित दुवै स्थानको ध्वनीको मात्रा सीमा भन्दा बढी रहेको पाइयो । विगतमा गरेको अध्ययनमा समेत ध्वनीको मात्रा बढी नै रहेको थियो ।

१९.४. **शान्त क्षेत्र -** राष्ट्रिय मापदण्डअनुसार औद्योगिक क्षेत्रको लागि दिवा समयमा ५० डेसिवल र रात्री समयमा ४० डेसिवलसम्मको सीमा तोकिएको छ । शान्त क्षेत्रकोरूपमा कलेज, विद्यालय, अस्पताल आदि क्षेत्रलाई निर्धारण गरिएकोमा ५ शान्त क्षेत्रको ध्वनीको मात्रा देहायानुसार रहेको पाइयो :

स्थान	ध्वनीको मात्रा (Leq) डेसिवल	
	२०७४ मंसिर	२०७६ फागुन

त्रिचन्द्र कलेज (मुख्य गेट)	७४.५६	७२.६२
हनुमान ढोका दरबार स्क्वायर	७०.८२	६२.७८
पाटन अस्पताल परिसर	६५.१४	५८.६५
राष्ट्रिय क्षयरोग केन्द्र भक्तपुर गेट	७६.९९	७७.४९
वीर अस्पताल	६५.९८	६६.८६

उल्लेखित शान्त क्षेत्रहरूमा दिनको समयमा ध्वनीको मात्रा निकै नै उच्च रहेको पाइयो । जसले गर्दा शान्त रहनुपर्ने क्याम्पस, विद्यालय, अस्पतालहरूमा समेत ध्वनी प्रदुषणको मात्रा उच्च रहेको पाइयो । जुन निकै नै गम्भीर विषय हो ।

ध्वनी प्रदूषणबाट मानिसहरूको श्रवणशक्ति कमजोर हुदै जाने, कानमा घण्टी बजे जस्तो आवाज आइरहने, कानको जालिमा असर गरी बहिरोपना हुने सम्भावना हुन्छ । त्यसैगरी ध्वनी प्रदूषणका कारण मानसिक रूपामा बेचैनी हुने, ध्यान केन्द्रीत गर्न नसक्ने, चिडचिडापन आउने, चिन्ताग्रस्त देखिने, शरीरको तापक्रम बढ्ने, मुटुको धड्कन बढ्ने, रक्तचाप बढ्ने, श्वासप्रश्वासको गति बढ्ने, पसिना आउने, काममा ढिलासुस्ती हुने, सुन्न कठिन हुने, आँखा हेर्न गाह्रो हुने, थकित देखिने, शिथिल हुने जस्ता समस्या देखापर्दछन् । साथै ध्वनी प्रदूषणले मुटु, फोक्सो र मस्तिस्कमा असर पर्दछ । नेपालको सन्दर्भमा ध्वनी प्रदुषणका कारण मानव स्वास्थ्यमा कस्तो असर वा प्रभाव परेको छ भन्ने सन्दर्भमा वातावरण विभागमार्फत अध्ययन गरेको पाइएन । ध्वनी प्रदुषण कम गर्न काठमाडौं उपत्यकामा २०७४ श्रावण १ देखि हर्न निषेध गर्नुका अतिरिक्त अन्य उल्लेखनीय प्रयास भएको देखिदैन ।

सुझाउ - ध्वनीको मापनको लागि मापन केन्द्रहरूको स्थापना गर्नुपर्दछ र नियमित रूपमा सोबाट सूचना लिई अध्ययन गर्नुपर्दछ । क्षेत्रगतरूपमा ध्वनी उर्त्सजनका कारक तत्वहरू पहिचान गरी नियन्त्रणका उपाय अवलम्बन गरिनुपर्दछ । साथै यससम्बन्धमा सचेतना अभिवृद्धि गर्नु जरुरी देखिन्छ । उपत्यकाभित्र सवारी साधनमा गरिएको हर्न निषेधलाई थप कडाईका साथ लागू गराउनुपर्दछ । उद्योग, कलकारखाना, रेष्टुरेण्ट, क्लव आदिबाट उत्पन्न हुने ध्वनीलाई नियन्त्रण गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । त्यस्ता व्यवसायहरूले ध्वनी कम गर्ने प्रविधिको जडान गर्नुपर्ने गरी बाध्यकारी व्यवस्था गरिनुपर्दछ । ध्वनी प्रदुषणबाट स्वास्थ्यमा परेको असर र प्रभावको अध्ययन गरी ध्वनी प्रदुषणलाई नियन्त्रण गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्दछ

२०. **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा २(ण) मा फोहरमैला भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्था जन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्दछ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका ठोस, तरल, ग्याँस, लेदो, धूँवा, धूलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका समाग्री लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरू वा अनधिकृत रूपमा सावर्जनिक स्थलमा टाँसिएका पोष्टर,पम्प्लेट र नेपाल सरकारले समय सयममा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँदछ भन्ने उल्लेख छ । सोही ऐनको दफा ३ मा फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लान्ट, कम्पोष्ट प्लान्ट, बायो ग्याँस प्लान्ट लगायत फोहरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । काठमाडौ उपत्यकाको फोहरमैला व्यवस्थापन एक जटिल र ज्वलन्त विषय हो । फोहरमैलाका कारण वातावरणलाई प्रदुषण गर्दछ । उपत्यकाको फोहरमैला व्यवस्थापनमा काठमाडौ महानगरपालिकाले संयोजनकारी भूमिका निर्वाह गरेको छ । यस लेखापरीक्षणमा काठमाडौ र ललितपुर महानगरपालिकाले गरेकोसहरी ठोस फोहरमैला व्यवस्थापन (Municipal Solid Waste Management) को मात्र अध्ययन गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार रहेका छन् -

२०.१. **फोहरमैला प्रवाह** - फोहरमैला व्यवस्थापन गर्दा यसको प्रवाहलाई ध्यान दिनु आवश्यक छ । फोहरमैला प्रवाह निम्नानुसार प्रस्तुत गरिएको:



स्रोत : इन्टोसाई वर्किङ ग्रुप अन इन्भाइरोमेन्ट अडिटिङ

दुई महानगरपालिकाले फोहर सङ्कलन, ढुवानी र विसर्जनलाई उच्च प्राथमिकतामा राखेको पाइयो । उपत्यकामा फोहरको गैरकानुनी रूपमा भण्डार गरेको अवस्था छैन । तर नगरपालिकाबाट स्वीकृति नलिई फोहरमैला व्यवस्थापनमा संलग्न रहेका निजी संस्थाहरूले उठाएको फोहर विभिन्न स्थानमा सङ्कलन केन्द्र राखी त्यहाँबाट समेत ल्याण्डफिल साइटमा पुऱ्याएको पाइयो । फोहरमैला उत्पादन नै हुन नदिने तथा उत्पादन पश्चात त्यसको विसर्जनसम्मका विभिन्न क्रियाकलापलाई अध्ययन गरी सोअनुरूपका क्रियाकलाप निर्धारण गरेको पाइएन । जसले गर्दा फोहरमैला व्यवस्थापन छरितो हुनसकेको पाइएन ।

सुझाउ- फोहरमैला प्रवाह अनुसारका हरेक क्रियाकलापहरूको पहिचान गरी सो अनुरूप व्यवस्थापनका कार्यहरू गर्नुपर्दछ ।

२०.२. **फोहरमैला उत्पादन दर-** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५ मा कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्दा उत्पन्न हुने फोहरमैला यथासक्य कम गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्र विसर्जन हुनसक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुने व्यवस्था गरेको छ । काठमाडौं उपत्यकामा रहेका स्थानीय तहले आफ्नो स्थानीय तहमा प्रतिदिन प्रतिव्यक्ति औसतमा जम्मा हुने फोहरमैलाको सम्बन्धमा अध्ययन गरेको पाइएन । एशियाली विकास बैंकले २०१३ मा नेपालका नगरपालिकाहरूको फोहरमैला व्यवस्थापन सम्बन्धमा गरेको एक अध्ययन अनुसार काठमाडौं महानगरपालिकामा प्रतिदिन प्रतिव्यक्ति औसतमा २३२.३१ ग्राम फोहर उत्सर्जन हुने उल्लेख गरेको छ । विश्व बैंकले २०१९ सेप्टेम्बरमा जारी गरेको एक प्रतिवेदनअनुसार औसतमा विश्वव्यापीरूपमा प्रतिव्यक्ति प्रतिदिन ०.७४ किलोग्राम फोहरमैला उत्पादन हुने उल्लेख छ । यसरी हेर्दा विश्वव्यापीरूपमा सहरमा प्रतिदिन प्रतिव्यक्ति औसत भन्दा उपत्यकामा उत्सर्जन हुने फोहरको मात्रा कम रहेको छ । विश्व बैंकको सोही प्रतिवेदनमा जनताको आयस्तरमा वृद्धिसँगै फोहर उत्सर्जनको दरमा पनि वृद्धि हुने उल्लेख छ । तसर्थ जनसंख्या र बासिन्दाको आयस्तरमा वृद्धिसँगै फोहरमा समेत वृद्धिहुने हुँदा स्थानीय तहहरूले सोको व्यवस्थापनको लागि दीर्घकालीन रणनीति तथा कार्ययोजनातयार गरी कार्य गर्नुपर्नेमा त्यस्तो रणनीति तथा कार्ययोजना तयार गरेको पाइएन । जसले गर्दा उपत्यकाको फोहरमैला व्यवस्थापनको मार्गचित्र प्रष्ट भएको छैन ।

सुझाउ - फोहरमैला उत्पादन दरको अध्ययन गर्नुपर्दछ । सोअनुरूप आवश्यक पर्ने जनशक्ति, मेशीन, इक्यूपमेन्ट, सवारी साधन र स्रोतको व्यवस्था गरी फोहरमैला व्यवस्थापन गर्नुपर्दछ ।

२०.३. **फोहरमैलाको प्रकृति –** उत्पादन हुने फोहरमैलाको प्रकृतिअनुसार सामान्यतया हानिकारक फोहर (Hazardous Waste) र ठोस फोहर (Non-Hazardous/Solid Waste) फोहर गरी दुई भागमा विभाजन गर्ने गरिन्छ ।ठोस फोहरमैलालाई घरबाट उत्पादन हुने फोहरमैला (Household Solid Waste), संगठनात्मक संरचनाहरूबाट उत्पादन हुने फोहरमैला (Institutional Solid Waste) र व्यावसायिक संस्थाबाट उत्पादन हुने फोहरमैला (Commercial Solid Waste) गरी ३ प्रकारमा विभाजन गरिन्छ । एसियाली विकास बैंकले

२०१३ मा गरेको अध्ययनअनुसार काठमाडौं महानगरपालिकामा उत्पादन हुने फोहरमैलाको मात्रा निम्नानुसार छ :

फोहरमैलाको प्रकार र उत्पादन हुने दर (प्रतिशतमा)

ठोस फोहरमैलाको प्रकार	घरबाट उत्पादन हुने	संगठनहरूबाट उत्पादन हुने	व्यवसायिक संस्थाबाट उत्पादन हुने
जैविक फोहर	६४.२४	२०.२९	४५.४४
प्लास्टिक	१५.९६	२४.५५	२४.२९
कागज तथा कागजजन्य उत्पादन	८.६६	४४.२८	२३.२९
शिशा	३.७५	१.३७	२.८६
धातुहरू	१.७२	१.१३	२.६५
टेक्सटाइल	३.४०	३.८९	१.०३
रबर र छाला	१.१२	१.१४	०.००
अन्य	१.१५	३.३५	०.४५

स्रोत: एसियाली विकास बैंक, अध्ययन प्रतिवेदन, २०१३

फोहरमैलाको प्रकृति अनुसार फोहरमैलाको मात्रा फरक फरक हुन्छ । त्यस्तो फोहरमैलाको व्यवस्थापन गर्दा उत्पादन हुने फोहरमैलाको प्रकृतिको अध्ययन गरी सोअनुसारको व्यवस्थापन विधि अपनाउनुपर्दछ। तर काठमाडौं र ललितपुर महानगरपालिकाले ठोस फोहरमैलालाई उल्लेखित तीन प्रकारमा विभाजन गरी सोको व्यवस्थापन विधि निर्धारण गरेको पाइएन ।

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ मा स्थानीय तहले फोहरमैलालाई कम्तिमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नुपर्ने व्यवस्था गरेको छ। तर काठमाडौ उपत्यकामा रहेका दुवै महानगरपालिकाले स्रोतमा नै फोहरको वर्गीकरण गरी विभाजन गर्ने कार्य गरेको पाइएन ।जसले गर्दा पुनः प्रयोग गर्न सकिने, पुनः चक्रिय प्रयोग गर्नसकिने र न्यूनीकरण गर्नसकिने फोहरसमेत एकमुष्टरूपमा सङ्कलन भएको छ। सबै प्रकृतिका फोहरमैला एकै ठाउँमा मिसाएर राख्दा फोहरमैला व्यवस्थापन प्रभावकारी भएको देखिँदैन । त्यसैगरी फोहरको सम्मिश्रणलाई हेर्दा अजैविक फोहरमा प्लाष्टिक तथा कागजात र टेक्सटाइलको मात्रा उल्लेखनीय रहेको छ। फोहरमा प्लाष्टिकको मात्रा बढी हुँदा सोको विसर्जन गर्ने कार्य जटिल बनेको छ भने सहरीसौन्दर्यीकरणमासमेत नकारात्मक असर परेको छ । उपत्याकाभित्र प्लाष्टिक र प्लाष्टिक जन्य पदार्थको प्रयोगमा कमी ल्याउने गरी भए गरेको निर्णयहरूको समेत पालना नहुँदा यसले वातावरणलाई प्रदुषित पारिरहेको छ ।

सुझाउ - फोहरमैलालाई सोको प्रकृति अनुसार वर्गीकरण गरी उत्पादनदेखि विर्सजनसम्म सोही अनुरूप व्यवस्थापन गर्नुपर्दछ । फोहरलाई स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्था कडाईका साथ लागू गर्नुपर्दछ । यस सम्बन्धमा जनचेतना अभिवृद्धि गर्नुपर्दछ साथै वर्गीकरण बेगरको फोहोर सङ्कलन एवं विर्सजन नगरिने व्यवस्था गरी सोको कार्यान्वयन गरिनुपर्दछ ।

२०.४. **सङ्कलन-** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ८ मा स्थानीय तहले फोहरमैलालाई व्यवस्थितरूपमा सङ्कलन गर्न प्रत्येक टोल वा बस्तीमा सङ्कलन केन्द्र तोकी यथासक्य टोल वा बस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रूपले उपयुक्त स्थान तोक्नुपर्ने साथै सङ्कलन केन्द्रमा फोहरमैला निष्कासन र सङ्कलन गर्ने समय र तरिका स्थानीय तहले निर्धारण गर्नसक्ने उल्लेख छ । फोहरमैला सङ्कलन गर्नका लागि दुवै

महानगरपालिकाले घरदैलो





सङ्कलन (Door to Door Collection), सडक वा बाटोबाट सङ्कलन (Street Collection), सडक बढार्ने र सङ्कलन गर्ने(Road Sweeping & Collection)विधि अपनाएको पाइयो । महानगरपालिकाहरूले सडक वा बाटोको किनारामा पर्याप्त मात्रामा डस्विन राख्ने व्यवस्था गर्नसकेको पाइएन। साथै राखिएका डस्टविनमा सङ्कलित फोहरहरू दैनिकरूपमा सङ्कलन नगरेको महानगरपालिकाले जनाएका छन् । बाटो बढार्नको लागि काठमाडौ महानगरपालिकामा ४ सय ९३ कर्मचारी र ७ ब्रुमर गाडी रहेको छ भने ललितपुर महानगरपालिकामा ८१ स्वीपर र ३ ठूला र १ सानो ब्रुमर गाडी रहेको छ । उक्त उपकरण र जनशक्ति भए तापनि उपत्यकाका सबै सडक तथा आसपासको क्षेत्र सफा र वातानुकूलित भएको पाइएन । महानगर भित्रका अधिकांशसडकमा धूलो यथावत रहेको छ ।

सडक छेउको फोहर (बाँयाबाट क्रमशः वल्खुपुल नजिक, स्वयम्भू हलचोक, कालीमाटी चोक)

नगरपालिकाहरूले फोहरसङ्कलन गर्दा दैनिकरूपमा बिहान सबेरै सङ्कलन गर्नुपर्दछ । यस सम्बन्धमा काठमाडौ महानगरपालिकासँग सूचना माग गर्दा बिहान ४ बजेदेखि १० बजेसम्म मुख्यरूपमा सङ्कलन गर्ने र दिउँसोको समयमा टिपनटापन मात्र गर्ने गरिएको उल्लेख गरेको छ । त्यसैगरी ललितपुर महानगरपालिकाले प्रत्येक दिन बिहान ६ बजेदेखि अपरान्ह १ बजेसम्म फोहरसङ्कलन गर्ने र बेलुकाको समयमा मर्मतसम्भार तथा सरसफाई गर्ने गरेको उल्लेख छ । जसले गर्दा दिनको समयमा व्यक्ति नहुने घरमा लामो समय फोहर रहिरहने अवस्था छ । घरघरबाट बिहान सबेरै फोहरमैला सङ्कलन नगर्दा त्यसले वातावरणमा असर गर्ने, विद्यालय वा कार्यालय समयमा यातायात आवागमनमा असर परिरहेको अवस्था छ । त्यस्तै दुई महानगरपालिकाले टोल वा वस्तीमा फोहरमैला सङ्कलन गर्न स्थान विशेष तोकेको पाइएन । जसले गर्दा सर्वसाधारणले फोहरमैलालाई घरभित्र नै सङ्कलन गर्नुपर्ने अवस्था छ । यसबाट घरभित्र सङ्क्रमण फैलिई मानवीय स्वास्थ्यमा असर पर्नसक्ने अवस्था देखिन्छ ।पर्याप्त डस्विन नहुँदा एकातर्फ पैदल यात्रु वा अन्यले फोहर सडक किनारामा फाल्ने गरेको अवस्था छ भने अर्कोतर्फ समयमा नै सङ्कलन नहुँदा दुर्गन्ध/संक्रमण फैलिई पर्यावरणलाई नै नकरात्मक असर पारिरहेको छ ।

सुझाउ - टोल वा वस्तीलाई पायक पर्ने गरी व्यवस्थित र आधुनिक फोहरमैला सङ्कलन स्थान तयार गर्नुपर्दछ वा त्यसको सट्टा दैनिकरूपमा टोल टोलबाट फोहरसङ्कलन गर्ने कार्य गर्नुपर्दछ । सडक छेउछाउमा पैदल यात्री वा अन्यले फालेका फोहरहरू नियमितरूपमा उठाउने कार्य गर्नुपर्दछ । ब्रुमरको संख्या थप गरी उपत्यका भित्रका सबै सडकहरूको धूँलो तान्ने काम गर्नुपर्दछ । घर घरबाट फोहरमैला उठाउने कार्य बिहान सबेरै सम्पन्न गर्नुपर्दछ । फोहरसङ्कलन कार्यलाई प्रभावकारी बनाउन आवश्यक पर्ने जनशक्ति र स्रोत साधनको व्यवस्थापन गर्नुपर्दछ । साथै तोकिएको भन्दा अन्य स्थानमा फोहरमैला फाल्ने व्यक्ति वा संस्थालाई कारबाही गर्नुपर्दछ ।

२०.५. **स्थानान्तरण केन्द्र–** वातावारण संरक्षण ऐन, २०६८ को दफा ११ मा स्थानीय तहले प्रारम्भिक चरणमा सङ्कलन भएको फोहरमैलालाई व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रूपमा तोक्नसक्ने उल्लेख छ । त्यसरी स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकुल असर नपर्ने गरी तोक्नुपर्ने र सो स्थलबाट दुर्गन्ध नआउने गरी आवश्यक व्यवस्था गर्नुपर्ने उल्लेख छ । काठमाडौं महानगरपालिका अन्तर्गत टेकुमा फोहरमैला स्थानान्तरण केन्द्र रहेको छ । जसको भण्डारण क्षमता ४ हजार ५ सय मेट्रिक टन रहेकोमा दैनिक ४५०मेट्रिक टन फोहरमैला सङ्कलन हुने महानगरपालिकाले जनाएको छ । सोको अतिरिक्त निजी क्षेत्रले सङ्कलन गरेको फोहर सिधै ल्याण्डफिल साइटमा लैजाने गरेको महानगरपालिकाले जनाएको छ । त्यसैगरी ललितपुर महानगरपालिका अन्तर्गत बालकुमारी स्थानान्तरण केन्द्र रहेको छ ।

जसको भण्डारण क्षमता २०० मेट्रिक टन रहेकोमा दैनिक ६५मेट्रिक टन फोहरमैला सङ्कलन हुने गरेको छ । हिउँदमा दैनिकरूपमा स्थानान्तरण केन्द्रबाट ल्याण्डफिल साइटमा फोहर लैजाने गरेतापनि वर्षातमा ल्याण्डफिल साइटसम्मको पहुँच मार्गको दुरावस्थाका कारण २ देखि ३ महिनासम्म फोहर जम्मा हुने र सोबाट दुर्गन्ध उत्पन्न हुने अवस्था रहेको पाइयो । दुर्गन्ध कम गर्न सेन्ट्रानोल, नोभान, जिवातु, फिनेल लगायतका औषधि छर्ने गरेको महानगरपालिकाहरूले जनाएतापनि दुर्गन्धको कारण स्थानीयबाट पटक पटक गुनासो गरेको पाइयो ।



काठमाडौं महानगरपालिका अन्तर्गतको टेकुको फोहर स्थानान्तरण केन्द्र

उक्त केन्द्रहरूको २०७६ फागुन २६ मा स्थलगत निरीक्षण गर्दा केन्द्रमा फोहरको मात्रा कम रहेको थियो । तर भएको फोहरलाई खुलारूपमा थुपारेर राखेको पाइयो । खुलारूपमा फोहर राख्दा दुर्गन्ध फैलने तथा झिँगा, चरा, मुसा, लोखर्के लगायतबाट सङ्क्रमण फैलनसक्ने देखिन्छ ।

त्यसैगरी काठमाडौं महानगर पालिकाको फोहरसङ्कलन केन्द्र वागमती र बिष्णुमती नदीको किनार (टेकु दोभान) मा रहेको छ । फोहरबाट निस्केको लिचेट सिधै नदीमा मिसिन सक्ने र पानी प्रदुषित हुने अवस्था देखिएकोले उक्त केन्द्र फोहर स्थानान्तरणको लागि उपयुक्त भएको पाइएन । घनाबस्तीको बिचमा खुला स्थानमा स्थानान्तरण केन्द्र रहेको हुँदा यसको असर केन्द्र नजिकका बस्ती र आम नागरिकमा समेत गरेको पाइयो ।

सुझाउ - स्थानान्तरण केन्द्रहरूलाई अत्याधुनिक र व्यवस्थित गर्नुपर्दछ । स्थानान्तरण केन्द्रमा फोहरमैला लामो समय नथुप्रने तथा झिँगा, चरा, लोखर्केबाट सङ्क्रमण फैलन नसक्ने गरी व्यवस्था गर्नुपर्दछ । हाल टेकुमा रहेको फोहरमैला सङ्कलन केन्द्रलाई मानवबस्ती नभएको वा कम भएको स्थानमा स्थानान्तरण गर्नसके सोबाट पर्ने नकारात्मक असर कम गर्न सकिन्छ ।

२०.६. **फोहरमैला ढुवानी–** फोहरमैला ढुवानीका सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छन् :

२०.६.१. फोहरमैला व्यवस्थापन नियमावली, २०७० को नियम ७ मा स्थानीय निकायले फोहरमैला ढुवानी गर्दा देहायबमोजिमका व्यवस्था भएका ढुवानी साधन प्रयोग गर्नेगरी व्यवस्था गर्नुपर्ने उल्लेख छ :

(क) फोहर नदेखिने, नझर्ने तथा झोल पदार्थ नचुहिने,
(ख) फोहरमैलाबाट गन्ध र लिचेट बाहिर ननिस्कने,
(ग) फोहरमैला सजिलै राख्न र निकाल्न सकिने,
(घ) सडकको क्षमता तथा अवस्थाको अनुकूल हुने ।

घरघरबाट फोहर सङ्कलन गर्दा खुलारूपमा सङ्कलन हुने, सङ्कलन पश्चात स्थानान्तरण केन्द्रसम्म र स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्दा फोहरसङ्कलन गर्ने सवारी साधनलाई छोपी लैजाने गरेको पाइयो । ढुवानीमा प्रयोग हुने सबै सवारी साधन बन्द गर्न मिल्ने तथा आधुनिकस्तरका नभएका कारण नियमावली नियम ७ उल्लेख भएका चारवटै व्यवस्थाको पालना भएको पाइएन ।जसले गर्दा फोहरमैला ढुवानीका क्रममा समेत वातावरणमा नकारात्मक असर परेको देखिन्छ ।

२०.६.२. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ९(२) मा ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नुपर्ने उल्लेख छ । काठमाडौ र ललितपुर महानगरपालिकाले उक्त ऐनको प्रावधान अनुसार ढुवानी साधनको तौल, क्षमता तरिका, सडकको क्षमता विचार गरेको पाइएन । त्यसैगरी फोहरमैला सङ्कलन र ढुवानी गर्न अत्याधुनिक साधनहरूको प्रयोग नभई अधिकांश पुराना ट्रक, ट्रिपर प्रयोग भएको पाइयो । उक्त साधनहरूमा सरसफाईमा संलग्न कामदारहरूले नै फोहरमैला लोड अनलोड गर्ने, मिलाउने, फोहरमाथि नै बसी आवतजावत गर्नेगरेको पाइयो । फोहरमैला सङ्कलन तथा ढुवानीमा संलग्न कर्मचारीहरूलाई स्वास्थ्य

सुरक्षाका लागि आवश्यक पर्ने पोशाक तथा औजारहरू पर्याप्त मात्रामा उपलब्ध गराएको पाइएन । यसरी फोहर सङ्कलन गर्दा एकातर्फ फोहरमैला व्यवस्थापनमा संलग्न कामदारको स्वास्थ्य समेत जोखिममा परेको छ भने वातावरणमा समेत नकारात्मक प्रभाव परेको छ ।

२०.६.३. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ९(३) मा फोहरमैला ढुवानी गर्दा स्थानीय तहले स्रोतमा नै जैविक अजैविक लगायत विभिन्न प्रकारका विभाजन गरी त्यस्तो फोहरमैलालाई अलग अलग ढुवानी गर्नुपर्ने उल्लेख छ । तर दुवै महानगरपालिकाले स्रोतमा नै फोहरमैला छुट्याउने नगरेको हुँदा जैविक तथा अजैविक फोहरकोढुवानी एउटै साधनमा राखी गरेको पाइयो । जसले गर्दा वातावरणमा दीर्घकालसम्म पर्नसक्ने असर प्रति महानगरपालिकाहरू गम्भीर भएको पाइएन । फोहरमैलालाई वर्गीकरण गरी सङ्कलन गर्न प्रयास गरेको भए तापनि जनचेतनाको अभावका कारण सफल नभएको काठमाडौं महानगरपालिकाले जनाएको छ ।

सुझाउ - फोहरमैला नदेखिने, दुर्गन्ध बाहिर नआउने, लिचेट बाहिर ननिस्कने खालका वातावरण मैत्री, आधुनिकफोहरमैला ढुवानी गर्ने साधनहरूको प्रयोग गर्नुपर्दछ । ढुवानीमा संलग्न हुने सरसफाई कर्मचारीको स्वास्थ्यलाई समेत विचार गरी निजहरूको सुरक्षाको उपाय अवलम्बन गरिनुपर्दछ । ।फोहरमैलालाई स्रोतमा नै जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी अलग अलग ढुवानी गर्ने व्यवस्था गर्नुपर्दछ ।

२०.७. **फोहरमैलाको न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग –** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १० मा स्थानीय तहलेफोहरमैला न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्न र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागु गर्नसक्ने व्यवस्था छ । त्यसैगरी फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई हाल विश्वव्यापी रूपमा फोहरमैला व्यवस्थापनको उत्तम उपायको रूपमा स्वीकार गरिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

२०.७.१. फोहरमैलाको उत्पादन नै नहुने गरी कार्य गर्नुपर्दछ । फोहरमैला व्यवस्थापन नियमावलीमा उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनःप्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग स्थानीय तहले समन्वय गर्नसक्ने उल्लेख छ । तर दुवै महानगरपालिकाले त्यस्ता उद्योगहरूको सूची बनाई समन्वय गरेको पाइएन । जसले गर्दा फोहर उत्पादन कम गर्न सकिने अवस्थाको उपयोग भएको पाइएन । त्यस्तै प्लास्टिकका झोला प्रयोगमा बन्देज गर्न सकेमाफोहरको मात्रामा कमी आउँदछ । साथसाथै उत्पादन हुने फोहरको मात्रालाई कम गर्ने गरी कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ । त्यसैगरी पुनः प्रयोग र पुनः चक्रीय प्रयोग गरी फोहरमैलालाई व्यवस्थापन गर्न सकिन्छ । प्रभावकारी प्रशोधन केन्द्र र प्रभावकारी आधुनिक विधि प्रक्रियाको प्रयोगद्वारा फोहरमैला व्यवस्थापन गर्न सकिन्छ । बाँकी रहेको फोहरलाई आधुनिक फोहरमैला व्यवस्थापन स्थलमा विसर्जन गरी व्यवस्थापन गर्न सकिन्छ । उपत्यकाका दुई महानगरपालिकाले फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा चक्रीय प्रयोगको लागि निर्देशिका तयार गरेको पाइएन । जसले गर्दा स्थानीय तहहरूले न्यूनीकरण, पुनःप्रयोग र पुनः चक्रीय प्रयोगलाई प्राथमिकतामा राखेको पाइएन ।



२०.७.२. फोहरमैला न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोगका लागि जनचेतनामूलक कार्यक्रमहरू, अभिमुखीकरण, तालिमजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्दछ । काठमाडौ र ललितपुर महानगरपालिकाले सोको लागि जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको, कौशीखेती र गड्यौला उत्पादन तालिम प्रदान गरेको उल्लेख छ । त्यसैगरी २०७३/७४ देखि



टेकु फोहर स्थानान्तरण केन्द्र भित्र रहेको इनर्जी विन

२०७५/७६ सम्म (३ आर्थिक वर्षमा) ललितपुर महानगरपालिकाले ८ हजार २०० कम्पोष्ट विन र काठमाडौ महानगरपालिकाले २ हजार ६१९ कम्पोष्ट विन वितरण गरेको उल्लेख छ । फोहरलाई जैविक र अजैविक गरी वर्गीकरण नगर्नु, प्लाष्टिक जन्य पदार्थको प्रयोगलाई कम गर्न नसक्नु, सर्वसाधारण जनतामा जनचेतनाको कार्यक्रम प्रभावकारीरूपामा सञ्चालन नगर्नु साथै कम्पोष्ट विन वितरण कार्यक्रम, कौसीखेती कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन नहुनु जस्ता कारणले फोहर घटाउने कार्य हुनसकेको पाइएन । फोहरलाई मोहरमा परिणत गर्ने अवस्थाको उपयोग गर्न सकेको पाइएन ।

२०.७.३. फोहरबाट मल बनाउनको लागि साविकमा टेकुमा रहेको कम्पोष्ट प्लान्ट हाल सञ्चालन रहेको पाइएन । पुरानो भएका कारण उक्त प्लान्टलाई विस्थापन गरिएको काठमाडौं महानगरपालिकाले जनाएको छ । त्यसैगरी यूनिसेफले ३ वर्ष अगाडि तयार गरेको इनर्जी विन समेत सञ्चालनमा रहेको छैन । दैनिक ३ टन जैविक फोहरबाट १४ किलोवाटसम्म विद्युत निकाल्न सकिने उक्त विन जैविक फोहरको उचित व्यवस्थापन गर्न नसकिँदा सञ्चालनमा नरहेको नगरपालिकाले जनाएको छ । यसरी एकातर्फ गरिएको लगानीको उपयोग भएको छैन भने अर्कोतर्फ फोहरलाई मोहरमा परिणत गर्ने विकल्प अलपत्र परेको छ ।

महानगरपालिकाहरूले फोहरमैलाको प्रवाह, फोहरको प्रकृति अनुसार सोको व्यवस्थापनको रणनीति तयार गरेको पाइएन । जसले गर्दा फोहरमैलाको मात्रामा वृद्धि हुने, फोहरमैलाको प्रकृति अनुरूप विभाजन नहुने, सोको विर्सजन प्रभावकारी नहुने जस्ता समस्या रहेका छन् । त्यसैगरी दीर्घकालीनरूपमा फोहरमैलाको व्यवस्थापन गर्न र फोहरलाई मोहरमा परिणत गर्नसकेको पाइएन । जसले गर्दा फोहरमैला व्यवस्थापन परम्परागत भई प्रभावकारी हुनसकेको छैन ।

सुझाउ - फोहर नै हुन नदिने, कम गर्ने, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग गर्ने, फोहर व्यवस्थापनमा व्यक्ति वा घर परिवार कै दायित्वबोध गराउने कार्यक्रम सञ्चालन गर्नुपर्दछ । सोको लागि चेतनामूलक तालिम अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कम्पोष्ट विनको वितरण र सोको प्रयोगलाई वृद्धि गरिनुपर्दछ । फोहरमैला व्यवस्थापन विषयलाई विद्यालय तथा क्याम्पसका पाठ्यक्रममा समावेश गरी पठनपाठन गराउनु पर्दछ ।

२०.८. **सहकार्य –** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १३ मा स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापनसम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था छ । त्यसैगरी फोहरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले अनुमतिको लागि स्थानीय तहमा निवेदन दिनुपर्ने र स्थानीय तहले निवेदन जाँचबुझ गरी अनुमति दिनसक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२०.८.१. स्थानीय तहहरूले फोहरमैला व्यवस्थापनका लागि निजी तथा सामुदायिक संस्था छनौट गर्दा बोलपत्रबाट प्रतिस्पर्धा गराई छनौट गर्नुपर्नेमा सो गरेको पाइएन । काठमाडौं उपत्यका भित्रको फोहरमैला सङ्कलन गरी ल्याण्डफिल साइटसम्म पुऱ्याउने कार्यमा स्थानीय तहका अतिरिक्त निजी संस्थाहरूले समेत कार्य गरेको काठमाडौं महानगरपालिकाले जनाएको छ । त्यस्ता संस्थाहरू ८० भन्दा बढी रहेको पाइयो । उक्त संस्थामध्ये एक संस्थालाई मात्र काठमाडौं महानगरपालिकाले स्वीकृति दिएको छ भने अन्य संस्थाले विना स्वीकृति कार्य गरिरहेका छन् । त्यस्ता संस्थाहरूले ल्याण्डफिल साइटमा फोहर फाल्दा ६ टनसम्मका सवारी साधनको प्रत्येक पटकको लागि रु.२५०।- र सोभन्दा बढी क्षमताको ढुवानी साधनको प्रत्येक पटकको लागि रु.३५०/- शुल्क महानगरपालिकालाई बुझाउने बाहेक छुट्टै शुल्क वा रकम बुझाएको पाइएन। त्यसैगरी त्यस्ता संस्थाहरूले सर्वसाधारणसँग लिने शुल्क निर्धारण गर्दा स्थानीय तहसँग समन्वय गरेको पाइएन ।निजी संस्थाहरूलाई फोहरमैला व्यवस्थापन कार्यमा सहकार्यताको लागि मार्गप्रशस्त गरिएतापनि सोको नियमन र नियन्त्रणको कार्य पर्याप्त भएको देखिदैन । जसले गर्दा निजी संस्थाबाट फोहरमैला व्यवस्थापनमा हेलचेक्राई र लापरवाही हुनसक्ने अवस्थालाई विचार गरेको पाइएन ।

२०.८.२. सोही ऐनमा फोहरमैला व्यवस्थापनमा संलग्न हुने संस्थाले उक्त कार्य व्यावसायिक रूपमा गर्ने हो वा नाफा कमाउने उद्देश्य नराखी सामुदायिक वा सामाजिकरूपमा गर्ने हो सो कुरा स्पष्ट खुलाउनपर्ने साथै फोहरमैला व्यवस्थापनबाट वातावरणमा पर्नसक्ने प्रभाव न्यूनिकरणका उपायहरू समेत खुलाउनुपर्ने उल्लेख छ । तर अनुमति बेगर कार्य सञ्चालन भईरहेको अवस्थामा संस्थाको उद्देश्य स्पष्ट नभएको अवस्था छ ।

२०.८.३. फोहरमैलाको व्यवस्थापन, पुनः चक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउनसक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई

सम्झौतामा उल्लिखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई स्थानीय तहले अनुमतिपत्र दिनसक्ने व्यवस्था ऐनमा भए तापनि हालसम्म कुनै विदेशी कम्पनी, संस्था वा निकायसँग सम्झौता भएको पाइएन । विदेशी संस्थाहरूसँग सहकार्य गर्ने गरी रणनीति तथा कार्यनीति तयार गरेका समेत छैनन् ।

सुझाउ - निजी संस्थासँग साझेदारी तथा सहकार्यलाई व्यवस्थित र प्रणालीवद्ध गरिनुपर्दछ। निजी संस्थालाई अनुमति प्रदान पश्चात मात्र फोहरमैला सङ्कलनमा संलग्न गराउनुपर्दछ । संस्थाहरूले शुल्क निर्धारण गर्दा स्थानीय तहसँग समन्वय गर्नुपर्दछ। त्यस्ता संस्थाले फोहरमैला सङ्कलन र विसर्जन गर्दा गर्नसक्ने लापरबाही वा हेलचेक्राई (जस्तैः हानीकारक फोहरमैला पनि मिसाएर सङ्कलन, ढुवानी तथा विसर्जन गर्ने) लगायतका विषयलाई समय समयमा अनुगमन गर्नुपर्दछ ।

२०.९. **सेवा शुल्क –** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १० मा स्थानीय तहले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउनसक्ने साथै शुल्कबाट प्राप्त हुने आम्दानी वा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने व्यवस्था छ । दुवै महानगरपालिकाले त्यसरी छुट्टै शीर्षक राखी शुल्क दाखिला गरेको पाइएन । प्राप्त शुल्क अन्य राजस्व सरह राजस्व खातामा जम्मा गर्ने र वार्षिक बजेट, नीति तथा कार्यक्रममा सम्बन्धित शीर्षकमा बजेट विनियोजन गरी खर्च गर्ने गरेको पाइयो । फोहरमैला व्यवस्थापनबाट प्राप्त रकम सोही प्रयोजनमा खर्च गर्ने ऐनको व्यवस्थाको पालना भएको छैन । जसले गर्दा सोको उपयोगको सन्दर्भमा स्पष्ट हुनसक्ने अवस्था देखिएन ।

सुझाउ - फोहरमैलाबाट प्राप्त आम्दानी सोको व्यवस्थापनका कार्यमा नै खर्च गर्नुपर्दछ । फोहरमैलाको वर्गीकरण गरी विक्री गरेमा, कम्पोष्ट मल तयार गरी विक्री गरेमा, फोहरबाट विद्युत उत्पादन गरी विक्री गरेमा वा प्रयोग गरेमा त्यस्तो आम्दानी बढ्नसक्ने हुँदा यसतर्फ स्थानीय तहहरूले ध्यान दिनुपर्दछ ।

२०.१०. **फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) –** फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १२ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायीरूपमा विसर्जन गर्नको लागि वातावरणसम्बन्धी प्रचलित कानुनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल तोक्नसक्ने उल्लेख छ । काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापन केन्द्रको लेखापरीक्षणको क्रममा २०७६/११/२६ मा स्थलगत निरीक्षण समेत गरियो ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

२०.१०.१. हाल सिसडोलमा सञ्चालित ल्याण्डफिल साइट सन् २००५ मा डेढ वर्षको लागि निर्माण गरिएकोमा हालसम्म सञ्चालनमा रहेको छ । शुरुमा स्यानिटरी ल्याण्डफिल साइटकोरूपमा तयार गरिएकोमा हाल ओपन अनकन्ट्रोल डम्पको रूपमा परिणत भएको छ । काठमाडौंभित्रका १८ स्थानीय तह र बनेपा नगरपालिकाको फोहरमैला यसै स्थलमा फाल्ने गरेको पाइयो । फोहरलाई स्रोतमा नै वर्गीकरण नगर्ने हुँदा उक्त स्थानमा सबै प्रकारका फोहरहरू फालेको देखिन्छ । जसले गर्दा यसको नकारात्मक प्रभाव दीर्घकालसम्म पर्ने देखिन्छ ।





सिसडोल ल्याण्डफिल साइट

२०.१०.२. ल्याण्डफिल साइटमा फोहर फालिसके पश्चात फोहरमैलालाई वर्गीकरण गरेको समेत पाइयो । वर्गीकरण पश्चात पुनः उक्त फोहर निजी संस्थाहरूले काठमाडौं ल्याउने गरेको पाइयो । डम्पिङ साइटबाट फोहरमैला वर्गीकरण गरी पुनः काठमाडौं आउने अवस्थालाई गम्भीर रूपमा लिएको पाइएन ।




काठमाडौ ल्याउन तयार गरिएका फोहरका बोराहरू

२०.१०.३. खुल्ला रूपमा डम्पिङ पश्चात फोहरलाई छोप्न माटो राखेको भए तापनि सम्पूर्ण फोहर छोपिएको पाइएन । उक्त स्थानमा झिँगा, मुसा, लोखर्के, चील, गिद्ध, चौपायाको पहुँचलाई नियन्त्रण गर्न विभिन्न उपायहरू अपनाउनु पर्नेमा सो गरेको पाइएन । जसले गर्दा जुनसुकै समयमा प्रकोप फैलन सक्ने अवस्था देखिन्छ । निरीक्षणका क्रममा डम्पिङ साइटमा बाखाहरूले फोहर खाईरहेको पाइयो । फोहरबाट चौपाया संक्रमित हुनसक्ने र चौपायाबाट मानिसमा सक्रमण सर्न सक्ने तर्फ नगरपालिकाले ध्यान दिएको देखिएन ।




ल्याण्डफिलसाइटमा फोहर खाईरहेका बाखाहरू

२०.१०.४. ल्याण्डफिल साइटको लिचेटको व्यवस्थापन गर्नुपर्दछ । तर उक्त डम्पिङ साइटबाट निस्केको लिचेट यत्रतत्र वगेको पाइयो । सोको व्यवस्थापनको लागि हाल कुनै विधि वा उपाय अपनाएको छैन । फोहरबाट निस्केको लिचेट डम्पिङ साइटभन्दा तल रहेको कोल्पुखोला मिसिएर बगिरहेको अवस्था छ । जसले गर्दा उक्त खोलाको पानी समेत प्रदुषित बनेको छ । यसरी लिचेट व्यवस्थापन नहुँदा जल, जमिन र समग्र पर्यावरणमा नै नकारात्मक असर परिरहेको छ ।

२०.१०.५. त्यसैगरी हाल प्रयोगमा आइरहेको ल्याण्डफिल साइटको क्षमता भरिई फोहरमैला फाल्नै नमिल्ने अवस्था भए तापनि वैकल्पिक स्थानको अभावका कारण सोही स्थानमा फोहर फालिरहेको पाइयो । डम्पिङ साइटमा पुग्ने पहुँच मार्ग साविकमा फोहर फाली जम्मा भएको फोहर माथिबाट रहेको तथा कच्ची र उकालो रहेको हुँदा वर्षातको समयमा फोहर ढुवानीका साधनहरू साइटमा पुग्न समस्या हुने देखियो । सिसडोल ल्याण्डफिल साइटको विकल्पको रूपमा निर्माण भएको बन्चरेडाँडा ल्याण्डफिल साइटमा स्थलगत निरीक्षणका क्रममा कार्य भईरहेको पाइयो ।



निर्माणाधीन बन्चरेडाँडा ल्याण्डफिल साइट

वर्षान्त अगाडि नै नयाँ ल्याण्डफिल साइट प्रयोगमा नआएमा सिसडोलमा फोहर व्यवस्थापन गर्न कठिनाई हुने देखिन्छ ।

सुझाउ - निर्माणाधीन ल्याण्डफिल साइटको कार्यलाई समयमा नै सम्पन्न गराउनुपर्दछ । हालको सिसडोल ल्याण्डफिल साइटलाई माथिबाट माटोले छोपी दुर्गन्ध नआउने व्यवस्था गर्नुपर्दछ । लिचेट यत्रतत्र बगीरहेको र कोल्पुखोलामा मिसिएको हुँदा सोको व्यवस्थापन गर्नुपर्दछ । उक्त केन्द्रबाट ग्याँस निष्काशन भईरहेको हुँदा सोको उचित व्यवस्थापन गर्नुपर्दछ । यस्तो केन्द्रमा स्थानीय तहका कर्मचारी बाहेक अन्यको पहुँचमा बन्देज गर्नुपर्दछ ।

२१. **निष्कर्ष -** नेपालको संविधानको मौलिक हकमा नै स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने व्यवस्था गरिएतापनि वायु, जल, भूमि, ध्वनी प्रदूषण तथा फोहोरमैला व्यवस्थापन प्रभावकारी नहुँदा उपत्यकाको पर्यावरणी अवस्था दयनीय छ । वातावरण विभागले उपत्यकाको वायुको गुणस्तर व्यवस्थापन कार्ययोजना र मापदण्डको कार्यान्वयन नगरेको, वातावरण संरक्षण सम्बन्धमा आवधिक योजना, वजेट र कार्यक्रमबीच तादाम्यता नरहेको, दिगो विकास लक्ष्य हासिल गर्न तय गरिएका कार्यक्रम प्रभावकारी कार्यान्वयन एवं अनुगमन मूल्याङ्कन नगरेको पाइयो । सरकारले सञ्चालन गरेका कार्यक्रम प्रभावकारी नहुँदा उपत्यकाको वातावरणमा प्रदुषणको कमी भएको छैन । पीएम १०, पीएम २.५, टीएसपी, तथा अन्य प्रदुषणका कारणले वायूको गुणस्तर विश्व स्वास्थ्य संगठन तथा नेपाल सरकारले कायम गरेको मापदण्ड भित्र छैन । त्यसैगरी ध्वनी प्रदुषण सीमा भन्दा माथि छ । फोहोरमैला व्यवस्थापन विधि र प्रक्रिया सम्मत भएको छैन । फलस्वरूप उपत्यकाबासीको स्वास्थ्यमा नकारात्मक असर परिरहेको छ । प्रदूषण सिर्जित रोगका कारण मृत्यू हुनेको संख्या वर्षेनी बढ्दो छ । उपत्यकाको वातावरण सुधारको लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी वातावरणीय मापदण्ड पालनाको नियमन र वातावरण संरक्षण कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, वातावरणीय मापदण्ड पालनाको अनुगमन कार्य प्रभावकारी बनाइनुपर्ने, स्थानीय निकायहरूले ऐनले व्यवस्था गरको विधि एवम प्रक्रिया अपनाई फोहोरमैला बिर्सजन स्थलको दक्ष व्यवस्थापनगर्नु पर्ने, वातावरणीय प्रदूषणका चुनौतीहरूलाई सम्बोधन गर्न वातावरण विभागले सम्बन्धित निकायहरूसंग समन्वय गरी वातावरण संरक्षणको कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्नुपर्ने सुझाउहरू सिफारिस गरिएको छ ।स्वच्छ र स्वस्थ वातावरण कायम भए **समृद्ध नेपाल सुखी नेपाली**को दीर्घकालीन सोच पुरा गर्न सघाउ पुग्ने निश्चित छ ।

वागमती नदी सफाई र सौन्दर्यीकरण
परिचय

१. **पृष्ठभूमी -** विश्व इतिहासमा मानव सभ्यताको विकास कुनै नदी विशेष वा पानीको स्रोत वरिपरी भएको पाइन्छ । नेपालको सन्दर्भमा बौद्ध धर्म ग्रन्थहरूमा उल्लेख भए अनुसार ईशापूर्व पाचौं शताब्दीमा नै नेपाल सभ्यताको विकास (काठमाडौ उपत्यका)गरिएको पाइन्छ । जुन वागमती सभ्यता समेतले चिनिन्छ । कालान्तरमा नदीसँग समाजको निरन्तर विभिन्न क्रियाकलापहरूको सम्बन्धका कारण कला र संस्कृतिहरूको विकास भई समयानुकुल रूपान्तरित समेत हुँदै आएको देखिन्छ । सन् १९६० को दशकसम्म पनि काठमाडौं उपत्यकाको मुख्य पेशा, खेतीपाती तथा माछा व्यवसाय रहेको र यसले उपत्यकाबासीको माग पुरा गरेको पाईन्छ ।

प्रमुख कार्य सम्पादन सूचक (KPI)
- वागमती सफाई अभियान कार्यक्रम
- फोहोरमैला तथा ढल व्यवस्थापन
- हरित बागमती कार्यक्रम
- वागमती नदी कटान र अतिक्रमण

वागमती नदी उच्च धार्मिक तथा सांस्कृतिक मूल्य र मान्यता बोकेको काठमाडौं उपत्यकाको एक महत्वपूर्ण र प्रमुख नदी हो । यसको उद्गमस्थल काठमाडौंदेखि १५ किलोमिटर उत्तरी भेगको शिवपुरी डाँडामा अवस्थित बागद्वार रहेको छ । यो नदी काठमाडौंको दक्षिण पश्चिम भएर बगी अन्तत्वगत्वा महाभारत श्रृङ्खलाको कटुवालदह भएर कोशीसँग समायोजन हुन जान्छ । उपत्यकाका वागमती नदीको मुख्य नौ सहायक नदीहरूमा मनोहरा, हनुमन्ते, कोड्कु, नख्खु, गोदावरी, बल्खु, विष्णुमती, मनमती र रुद्रमती पर्दछन् ।धेरैजसो महत्वपूर्ण मन्दिर, घाट र पवित्र स्थलहरू यिनै नदीहरूको किनारमा अवस्थित रहेको पाईन्छ । यस नदीमा पानीको मूल स्रोत प्राकृतिक मूल र वर्षाको पानी रहेको छ । यहाँ प्रतिवर्ष औसत रूपमा १ हजार ९ सय मिलिमिटर पानी पर्दछ, जसमध्ये जेठदेखि भदौसम्म ८० प्रतिशत पानी पर्ने गर्दछ । सोअनुसार वर्षात्मा वागमती नदीको औसत मासिक बहाव १ सय ९५ घनमिटर प्रतिसेकेन्ड हुन्छ भने सुख्खा याममा ०.५१ घनमिटर प्रतिसेकेन्ड मात्र मासिक औसत बहाव हुन्छ ।

राजधानीको बढ्दो जनसंख्या, अनियन्त्रित सहरीकरण, अव्यवस्थित ढल निकास र औद्योगिक एवं गार्हस्थ फोहोरमैला निष्काशनका कारण हिन्दुहरूको पवित्र तीर्थस्थल एवं सभ्यताको प्रतीकको रूपमा रहेको वागमती नदी एवं मुलुकको अमूल्य निधिको अस्तित्व नै संकटमा परेपछि सचेत नागरिक समाजको चर्को दवावका साथै सरकारी क्षेत्रबाट उच्च प्राथमिकताका साथ नदी प्रदूषणमुक्त गर्ने कार्यको थालनी नै वर्तमान समितिको आधारशीला हो ।वागमती नदीको शुद्धीकरणको लागि २०५१ चैत्र २८ गते तत्कालीन सरकारले पशुपति क्षेत्र वातावरण सुधार कार्यान्वयन तथा अनुगमन समिति गठन गरेकोमा २०५२ मंसिर ६ गतेको निर्णय अनुसार शिवपुरी जलाधारदेखि चोभारसम्मको वृहत् क्षेत्रलाई समेट्ने गरी अधिकार सम्पन्न वागमती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समितिको रूपमा पुनर्गठन गरेको थियो ।यस समितिलाई अझ बढी सशक्त बनाउन २०६५/२/२६ को निर्णयले नाम परिवर्तन गरी "अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति" बनाएको हो । वागमती नदी र यसका सहायक नदीनालाहरूलाई स्वच्छर सफा बनाई नदी क्षेत्र वरपरका धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका विश्व प्रसिद्ध सम्पदाहरूको संरक्षण गरी समग्र वागमती सभ्यताको संरक्षण गर्ने गरी कार्यक्षेत्र थप भएको छ । समिति र राष्ट्रिय प्रकृति संरक्षण कोषबीच समझदारी कायम गरी तयार गरिएको ५ वर्षे कार्ययोजनाको रूपमा नेपाल सरकार मन्त्रिपरिषद्बाट २०६६ श्रावण २७ मा वागमती कार्ययोजना सन् २००९-२०१४ स्वीकृत भई सोअनुसार यस समिति अन्तर्गत हाल **राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रूपमा वागमती क्षेत्र भौतिक पुर्वाधार विकास आयोजना** सञ्चालन भइरहेको छ ।वागमतीलाई पुनर्जीवन दिन र सफा राख्न२०७० साल जेष्ठ ५गतेबाट वागमतीसफाई सप्ताह कार्य शुरू भई २०७६ फागुन मसान्तसम्म ३ सय५६ हप्ता पूरा भइसकेको छ । वागमती नदी र यसका सहायक नदीहरूको वरपर ढल निर्माण गर्ने कार्यमा ३ दर्जनभन्दा बढी निकाय कार्यरत रहेका छन् । त्यस्तैंवागमतीलाई पुनर्जीवन दिन र संरक्षण प्रदान गर्न छरिएर रहेका प्रयासहरूले नै भए पनि महत्वपूर्ण भूमिका खेल्दै आईरहेका छन् ।

२. **सँगठनात्मक संरचना-**यस समितिको मुल समितिमा सहरी विकास मन्त्रीको अध्यक्षतामाजम्मा ३३ पदाधिकारी रहने व्यवस्थागठन आदेश, २०७३ ले गरेको छ । त्यसैगरी कार्यकारी अध्यक्ष सहितको १४

सदस्यीय कार्यकारी समिति रहेको छ । यस समिति अन्तर्गत आयोजना प्रमुख सहित १ सय ४कर्मचारीको दरवन्दी रहेकोमा २५ करारका कर्मचारी सहित १ सय २९ .कर्मचारी कार्यरत रहेका छन् ।

३. **निकायको सोच, लक्ष्य, उद्देश्य र रणनीति-** Clean, Green and Healthy River System that is full of life and valued by all लक्ष्यका साथ (IWRM)को अवधारणालाई आत्मसाथ गरी नीतिगत रूपमा सांगठनिक संरचनामा सुधार गर्दै सरोकारवालाहरूको सहकार्यमा विज्ञहरूको उपस्थितिमा वागमतीRiver Basin को Integrated Master plan तयार गर्नेसोचवागमती सभ्यता एकीकृत विकास समितिको रहेको जानकारी गराएकोछ ।

काठमाडौं उपत्यका भित्र वागमती र यसका सहायक नदी नालाहरूलाई स्वच्छ, सफा र हराभरा बनाएर नदी किनारमा रहेका धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका धरोहरहरूको जगेर्ना गर्नु अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिको मुख्य उद्देश्य हो । यस समितिको निम्नानुसार अन्य ७उद्देश्य रहेका छन् :

- वागमती नदीको उद्गमथलो शिवपुरी जलाधारदेखि चोभारसम्मको नदीलाई स्वच्छ र सफा राख्ने ।
- वागमती नदीमा कुनै प्रकारको दूषित (ठोस वा तरल) पदार्थ मिसाउन नपाउने र कुनै तरल पदार्थ मिसाउनै परेमा पनि प्रशोधन गरेर मात्र मिसाउन पाउने व्यवस्था गर्नको निमित्त नदी किनारामा ढल निर्माण गर्ने ।
- फोहोर पानी प्रशोधन केन्द्रहरूको निर्माण, सञ्चालन तथा सम्भार गर्ने ।
- नदी कटान नियन्त्रण गर्न तटबन्ध निर्माण गर्ने ।
- नदी किनारामा आवश्यकतानुसार सडक निर्माण र वृक्षारोपण गर्ने ।
- काठमाडौ उपत्यकाका अन्य नदीहरूको बहाव क्षेत्र र हरितक्षेत्र अतिक्रमण भैरहेकोले त्यसलाई नियन्त्रण गर्ने ।
- नदीको आसपास रहेको घाट/मठ/मन्दिर/सत्तल/पाटी/पौवा तथा सभ्यतासँग जोडिएका विभिन्न संरचनाहरूको संरक्षण, पुनः स्थापन तथा प्रवर्द्धन आदि कार्यहरू गर्ने ।

४. **निकायको संजाल तथा क्षेत्र-**निकायको सञ्जाल उपत्यकाका तीनै तहका सरकार र यहाँका बासिन्दासम्म फैलिएको छ ।काठमाडौं उपत्यकाका भित्रका अन्य नदीहरू रुद्रमती, मनमती, बल्खुखोला, नख्खुखोला, गोदावरी, कोड्कुखोला, हनुमन्ते, मनोहरा र विष्णुमती लगायतका वागमती नदीको सहायक नदीहरूका रूपमा बहने उपत्यका भित्रका सबै नदीनालाहरूबाट पनि वागमती नदी प्रदूषित हुने भएकोले उपत्यकाभित्र रहेका सबै नदीनाला, खोलाहरूको शुद्धीकरण, हरितक्षेत्र तथा सडक निर्माण र नदीको बहाव क्षेत्र निर्धारणका साथै नदी किनारमा रहेका धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका धरोहरहरूको जगेर्ना गर्ने समितिको कार्यक्षेत्र रहेको छ । यसका लागि समितिले वागमती नदीको किनारमा बहाव क्षेत्र कायम हुनेगरी पूर्वाधार निर्माणका कामहरू जस्तैं ढल, सडक, हरितक्षेत्र, तटबन्ध तथा चेक ड्याम र ढल प्रशोधन केन्द्रको निर्माण तथा सञ्चालन क्रमशः गर्दै जाने तथा सचेतनामूलक कार्यक्रमहरूको माध्यमवाट आम सरोकारवालाहरूमा नदीको बढ्दो प्रदूषणप्रति चासो र चिन्ता जगाउनु रहेको छ ।

५. **आवधिक योजना तथा बजेटमा उल्लेख रणनीति, कार्यनीति, कार्यक्रम र क्रियाकलाप-** काठमाडौं उपत्यकाका नदीहरूलाई हराभरा र स्वच्छ बनाउन नमुना परियोजनाको तर्जुमा र कार्यान्वयन गरिनेछ । राजधानी लगायतका ठूला सहरमा रहेका नदीहरूको प्रदुषण न्युनीकरण गर्ने तथा जल, जमिन, ध्वनी तथा वायु प्रदूषण रोकथाम गर्ने सम्बन्धी नीतिगत व्यवस्था निम्नानुसार रहेको छ :

५.१. **चौधौ आवधिक योजना** (२०७३/७४देखि २०७५/७६)-यस आवधिक योजनामावागमती नदीको सफाई र सौन्दर्यको सम्बन्धमा भएका व्यवस्थाहरू निम्नानुसार छन् :

उद्देश्य तथा लक्ष्य-तीव्र रूपमा भएको जनसंख्या वृद्धि तथा अव्यवस्थित सहरीकरण बढ्दै गएको क्रमले कुनै समयको स्वच्छ एवं पवित्र वागमती आज अत्याधिक प्रदुषित भएको छ । अप्रशोधित फोहोरमैला फ्याक्ने तथा घरायसी ढल र औद्योगिक फोहोर प्रत्यक्ष रूपमा नदी र यसको किनारामा फ्याक्नाले नदी

अझ बढी प्रदुषित हुँदै जाने समस्या देखा परेको छ । वागमती नदीलाई पुनःस्थापना गर्ने महत्वकांक्षी कार्यलाई सफलता प्राप्त गर्न सकिने प्रशस्त आधारहरू तयार गरी वागमती नदीका पाँच क्षेत्रको कार्य ढाँचा तयार पारी स्वच्छ, हराभरा र जीवन्त वागमती नदी प्राप्त गर्ने प्रतिवद्धता जाहेर गरेको छ । वागमती नदीको नयाँ जीवनका लागि स्पष्ट कार्य योजना तयार गरी सवैद्वारा मान्य हुने, जीवन्त, स्वच्छ, सफा, हराभरा र स्वस्थ नदी प्राप्त गर्ने उद्देश्यका साथवागमतीमा जलमा बस्ने र स्थलमा बस्ने जैविक विविधताको संरक्षण गर्नु, संस्कृति र सम्पदा क्षेत्रको संरक्षण गर्नु र पर्यावरणीय पर्यटनको विकास र प्रवर्द्धन गर्नु मुख्य लक्ष्य रहेको छ ।

रणनीति

- सबै जनसंख्यालाई आधारभुतस्तरको सरसफाई तथा शौचालयको सुविधा पुयाऊने ।
- सहरी तथा सहरउन्मुख क्षेत्रमा ढल तथा फोहोमैला व्यवस्थापनको कार्यलाई प्राथमिकतासाथ अगाडि बढाउने ।

कार्यनीति र कार्यक्रम

- वागमती नदी प्रणालीलाई ढलमुक्त बनाउने कार्यको प्राथमिकतासाथ कार्यान्वयन गरिनेछ ।
- नदीको स्वचछता र संरक्षणको लागि विकेन्द्रित ढल प्रशोधन प्रणाली विकास गर्ने कार्यक्रम प्रभावकारी रूपमा अगाडि बढाइनेछ ।
- ठुला सहरका खानेपानी तथा ढल निकाससम्बन्धी आयोजनाहरू स्तरोन्नति गरिनेछ ।
- सञ्चालनमा रहेका सबै खानेपानी तथा सरसफाई आयोजना सम्पन्न गरिनेछ ।
- सांस्कृतिक महत्वका नदी नालाहरू तथा अन्य पानीका स्रोतहरू र ताल तलैयाहरूको संरक्षण तथा वातावरणीय व्यवस्थापन गर्ने कार्य सञ्चालनमा ल्याइनेछ ।
- काठमाडौं उपत्यकामा ढल व्यवस्थापन आयोजनाको निरन्तरता दिइनेछ ।

५.२. **आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रम-**

- वागमती सुधार योजनालाई निरन्तरता दिने,
- काठमाडौं उपत्यकाको सभ्यताको रूपमा रहेका वागमती,विष्णुमती, इच्छुमती, मनोहरा, हनुमन्ते र नख्खुखोला लगायतका नदीहरू ढल तथा फोहोरमुक्त बनाइनेछ ।

६. **बजेट रखर्च व्यवस्था -** अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिले उपलव्ध गराएको वित्तीय प्रगति विवरणअनुसार नेपाल सरकारको स्रोतबाट २०७५/७६ सम्म यस समितिले निम्नानुसार रु.११ अर्ब ५१ करोड १२ लाख बजेट व्यवस्था भएकोमा रु.१० अर्ब ५ करोड ६ लाख खर्च गरेको पाईयो ।

आर्थिक वर्ष	बजेट	खर्च	प्रगति प्रतिशत	
			वित्तीय	भौतिक
२०५२/५३ देखि २०७१/७२ सम्म	५,४५२,६८०,०००	४,९८४,७४६,३५७	९१.४२	८१.००
२०७२/७३	४८५,९५४,०००	४५९,४७२,५१५	९४.५५	९८.१२
२०७३/७४	१,७६०,२६९,०००	१,५४५,८१६,७२४	८७.८२	९०.३८
२०७४/७५	१,५८२,०५५,०००	१,४८८,२३६,९८०	९४.०७	७५.८९
२०७५/७६	३,१२६,०५७,०००	२,३४२,४२२,०००	७४.९३	७५.२८
जम्मा	११,५११,२०७,०००	१०,०५०,६२६,३९०	८७.३१	

त्यसैगरी वागमती नदीको मुहान संरक्षण, जलाधार क्षेत्र संरक्षण, नदीको वातावरणीय सुधार तथा सौन्दर्यीकरण जस्ता कार्यहरू गर्न एशियाली विकास बैंक र नेपाल सरकारबीच ६ मार्च २०१४ मा भएको सम्झौता अनुसार ३१ अगष्ट२०१९ मा आयोजना सम्पन्न गर्ने लक्ष्य रहेकोमा १५ अक्टोबर२०२० सम्म म्याद थप भएको छ । आयोजनाको कुल लागत अमेरीकी डलर ३६ मिलियनमध्ये ऋण सहायता २५.५

मिलियन, अनुदान सहायता ४.५ मिलियन र नेपाल सरकारको स्रोततर्फ ६ मिलियन हुने उल्लेख छ । आयोजनाको कुल सम्झौता अवधिमध्ये ९७ प्रतिशत अवधि समाप्त हुँदासम्म रु.२ अर्ब ४२ करोड ८१ लाख २१ हजार खर्च गरी ४२.८८ प्रतिशत भौतिक प्रगति भएको छ । दुवैस्रोतबाट हालसम्म रु.१२ अर्ब ४७ करोड ८७ लाख खर्च भईसकेको छ ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

७. **विषय छनौटको सान्दर्भिकता/औचित्य -** नेपाल सरकार, राष्ट्रिय प्रकृति संरक्षण कोष, संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम संयुक्त राष्ट्रसंघीय पुनर्वास कार्यक्रम समेतको सहयोगमा वागमती कार्ययोजना सम्बन्धमा अध्ययन टोली गठन भई समितिले वागमती कार्ययोजना (सन् २००९–२०१४) पुस्तिका समेत तयार गरी वागमतीको उद्गम स्थलदेखि चोभारसम्मको वागमती नदी र यसका सहायक नदी नालाहरूलाई स्वच्छ र सफा बनाई नदी क्षेत्र वरपरका धार्मिक, साँस्कृतिक र पुरातात्विक महत्वका विश्व प्रसिद्ध सम्पदाहरूको संरक्षण गरी समग्र वागमती सभ्यताको संरक्षण गर्नुको साथै वागमती सभ्यता बचाउ अभियान अन्तर्गत यसको मुहान क्षेत्रमा बाँध निर्माणदेखि तल्लो तटीय क्षेत्रमा हरितक्षेत्र कायम गर्दै तटबन्ध, चेक ड्याम निर्माण गर्ने र नदीको सरसफाई गर्ने उद्देश्यले विभिन्न सरकारी निकायका साथै कैयौ गैरसरकारी संघ संस्था र सहकारी संस्थाहरू समेत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न भएका छन् ।

यसका लागि नागरिक समाज बाहेक नेपाल सरकार र वैदेशिक दाताबाट प्राप्त रकम रु.१२ अर्ब ४८ करोड २०७६ आषाढ मसान्तसम्म खर्च भईसकेको अवस्थामा पनि वागमतीको सफाई र सौन्दर्यीकरणमा सन्तोषजनकरूपमा प्रगति नभएको अवस्था देखिन्छ । सबै पक्षबाट भएको लगानी रस्रोतसाधन परिचालन अनुसार वागमती र यसका सहायक नदी नालाहरू स्वच्छ र सफा बनाई वागमती सभ्यताको संरक्षण गर्ने उद्देश्य हासिल हुनसकेको छैन। यससम्बन्धमा अध्ययन गरी मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको दृष्टिकोणबाट स्वतन्त्र एवं वस्तुगत मूल्याङ्कन गर्ने अभिप्रायले वातावरणीय लेखापरीक्षणका लागि यो विषयको छनौट भएको थियो ।

८. **लेखापरीक्षणको उद्देश्य-**वागमती सफाई र सौन्दर्यीकरण सम्बन्धमा सम्पादित कार्य दक्षतापूर्ण एवं प्रभावकारी तवरले सञ्चालन भए नभएकोसम्बन्धमा देहायकाविषय मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको थियो ।

- वागमती सफाई कार्य योजनाको मूल्याङ्कन गर्नु,
- कार्यक्रम, मापदण्ड र डिजाइनबमोजिम काम गराए, नगराएको सुनिश्चित गर्नु,
- पार्क, उद्यान, बगैँचा निर्माण तथा उपयोग र संरक्षणको मूल्याङ्कन गर्नु,
- नदी किनारको सार्वजनिक जग्गा संरक्षण भए नभएको सुनिश्चित गर्नु,
- नदीको ढल व्यवस्थापन र जल उत्पन्न प्रकोप नियन्त्रणको जोखिमको आङ्कलन गरे नगरेको सुनिश्चित गर्नु ।

९. **लेखापरीक्षणको क्षेत्र -** लेखापरीक्षणको उद्देश्य हासिल गर्न सहरी विकास मन्त्रालय, अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति तथा सौन्दर्यीकरण कार्यक्रमसँग आबद्ध अन्य सरकारी तथा गैरसरकारी निकाय र सरोकारवालाबाट वागमती सफाई तथा सौन्दर्यीकरणसम्बन्धमा गराईएका तथा गरेका कार्यहरूको क्षेत्रलाई नै लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएकोछ । भौगोलिक हिसावले यो कार्य उपत्यका भित्रवागमती नदी किनारा रसोसँग मिसिने मुख्य सहायक नदीहरूमा सीमित गरिएको छ ।वागमतीसफाईसँग सम्बन्धित काठमाडौ उपत्यका खानेपानी लिमिटेड, काठमाडौ र ललितपुर महानगरपालिकाबाट सञ्चालित कार्यक्रमहरू समेत अध्ययन गरिएको छ । समिति तथा अन्य निकायहरूबाट गरेको कार्यक्रम तथा क्रियाकलापहरूको लेखाजोखा गर्न २०५१ देखि हालसम्मको समितिको भौतिक प्रगति र वित्तीय पक्षलाई मूल्याङ्कन गर्नको लागि २०७२/७३ देखि २०७५/७६ फागुन मसान्तसम्म भए गरेका कार्यक्रम तथा क्रियाकलापहरू लिइएको छ ।

१०. **लेखापरीक्षणको पद्धति र विधि -** यस विषयको लेखापरीक्षणकालागि माथि विषय छनौटको औचित्यमा उल्लेख गरेअनुसारको उपलब्धि नदेखिएको सन्दर्भमा निम्नानसारको पद्धति तथा विधिको प्रयोग गरिएकोछ:

१०.१. **लेखापरीक्षणको पद्धति -** यस लेखापरीक्षणमा समस्यामूलक तथा नतिजामूलक दुवै विधिको उपयोग गरिएको छ । समितिको विद्यमान समस्याबाट त्यसको कार्यदक्षता र प्रभावकारितामा परिरहेको असरलाई मध्यनजर राखी त्यसको निराकरणको लागि समस्यामूलक पद्धति अँगिकार गरिएको छ । साथै समितिलेनिर्धारित उद्देश्य हासिलल गरे नगरेकोपक्षलाई ध्यानमा राखी नजितामूलक पद्धति अवलम्बन गरिएको छ ।

लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०६९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजनाले निर्दिष्ट गरेबमोजिम कार्यमूलक लेखापरीक्षण मापदण्डको तुलनात्मक अध्ययन मूल्याङ्कन र विश्लेषण गरिएको छ । साथैवातावरणीय लेखापरीक्षणमा समीक्षा तथा सर्वेक्षण विधिहरू प्रयोग गरिएको छ । समितिको कानुन, नीति तथा निर्णय, अनुगमन प्रतिवेदनहरू, आयोजनाका दस्तावेज, पानी गुणस्तरको अनुगमन प्रतिवेदन, वार्षिक प्रतिवेदन, योजना तथा कार्यक्रम, तथा अन्य सम्बन्धित प्रतिवेदन, लेख रचना, समाचार तथा सहायक तथ्याङ्क सङ्कलन गरी त्यसको विश्लेषणात्मक समीक्षा गरी त्यसको आधारमा लेखापरीक्षण अनुशिलन श्रृङ्खला तयार पारी सर्वेक्षण कार्य गरिएको छ ।सर्वेक्षणमा प्रश्नावली, परीक्षण सूची, अन्तरक्रिया जस्ता औजारहरू प्रयोग गरिएको छ ।वागमती किनारामा रहेका सर्वसाधारणहरूबाट समितिको क्रियाकलाप तथा कार्यक्रमहरूको अवस्था तथा त्यसको प्रभावकारिताबारे जानकारी लिने उद्देश्यले तिनीहरूको विचार-सर्वेक्षण (Opinion Survey) गर्न गैर नमूना पद्धतिको (Non-Sampling Method) आधारमा ५० सर्वसाधारण नागरिकको अन्तरवार्ता लिइएको छ । सर्वसाधारणहरू छनौट गर्दा विषयसँग सम्बन्धित मुख्य जानिफकारहरूमा केन्द्रित भई उद्देश्यमूलक नमूना छनौट विधिको (Purposive Sampling Approach) आधारमा गरिएको छ ।

त्यसै गरी समितिको क्रियाकलाप तथा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित समस्या, अवस्था, चुनौतीर व्यवधानहरूएवं यथार्थ प्रगतिको विश्लेषणका साथै त्यसको सान्दर्भिकता निक्यौंल गर्न व्यवस्थापनका मुख्य पदाधिकारीहरूको गहन अन्तरवार्ता लिनको लागि प्रश्नावली प्रयोग गरिएको छ । त्यसको अतिरिक्त समितिको मुख्य २ कार्यस्थल गुह्येश्वरी-गोर्कण तथा युएन पार्क आवद्ध संस्थाका३५ प्रतिनिधि तथा समितिका क्रियाकलापसँग सरोकार राखेका सरोकारवालाहरू समेत राखी वागमती नदी सफाई तथा संरक्षण प्रति चालिएका कदमहरूको प्रभावकारिता तथा त्यसका सबल पक्ष तथा कमी कमजोरीको लेखाजोखा गर्ने उद्देश्यले प्रश्नावली तथा परीक्षण सूचीको माध्यमबाट केन्द्रिकृत सामुहिक छलफल गरिएको छ । साथै तथ्याङ्क तथा सूचनाको विश्लेषण गर्ने प्रयोजनको लागि आवश्यकतानुसार विशेषज्ञ सेवाको उपयोग गरिएको छ ।

११. **लेखापरीक्षणको सीमा -** समय र यथार्थतामा आधारित भईउपलव्ध हुने सूचना, अभिलेख, विवरण, सेवाग्राहीसँगको अन्तरवार्ता, तथा वित्तीय स्रोतबाट सङ्कलित तथ्याङ्कको आधारमा प्रतिवेदन तयार गरिने हुँदा त्यसको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा उपलव्ध भएका स्रोत साधन आदि नै लेखापरीक्षणका सीमा रहेका छन् ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

लेखापरीक्षणको सन्दर्भमा सङ्कलन गरिएका तथ्याङ्क, सूचना तथा जानकारीको विश्लेषणात्मक समीक्षा, कागजात परीक्षण तथा सर्वेक्षणबाट प्राप्त सूचना तथा जानकारीको आधारमा देखिएका तात्विक महत्वका विषयहरूलाई मात्र लेखापरीक्षणबाट देखिएको व्यहोराको रूपमा प्रस्तुत गरिएको छ ।

१२. **समन्वयको कमी -**"अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति" अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३ अनुसार सञ्चालित छ । आदेशको दफा ५ ले समितिबाट सञ्चालन हुने योजना कार्यान्वयनको लागि सम्बद्ध मन्त्रालय वा निकायसँग समन्वय गर्ने जिम्मेवारी समितिमा रहेको छ । त्यसैगरी समितिको कार्यक्षेत्रमा सञ्चालित योजनाको तर्जुमा तथा प्रभावकारी कार्यान्वयनको लागि सहयोग, समन्वय तथा निर्देशन दिने जिम्मेवारी ''विकास समिति आदेशको दफा ११'' ले कार्यकारी समितिलाई दिएको छ । वागमती नदीको शुद्धता,स्वच्छता र सौन्दर्यतासँग सम्बन्धित कार्यक्रमहरू सहरी विकास, भौतिक पूर्वाधार तथा यातयात मन्त्रालय, सिँचाइ विभाग, काठमाडौ उपत्यका विकास प्राधिकरण, काठमाडौ उपत्यका खानेपानी लिमिटेड, स्थानीय तहहरू र विभिन्न संघ संस्थाहरूबाट समेत कार्यान्वयन हुने गरेको छ । समितिको कार्यक्षेत्र भित्र पर्ने कार्य गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने र कार्यकारी समितिले कुनै मन्त्रालयसँग सहयोग र सल्लाह माग गरेमा समितिलाई आवश्यक सहयोग र सल्लाह दिनु सम्बन्धित मन्त्रालयको कर्तव्य हुने व्यवस्था''अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत

विकास समिति आदेश" ले गरेको छ । तर समितिले कानुनबाट प्राप्त अधिकार यथोचित रूपमा प्रयोग नगर्नाले कार्यक्रम कार्यान्वयनमा विभिन्न मन्त्रालय तथा स्थानीय तहसँगको आबश्यक समन्वय हुन नसकेको र निकायगत कार्यक्षेत्रको विवादले गर्दा कार्यक्रम कार्यान्वयमा असर परेको अवस्था देहाय बमोजिम छ :

१२.१. वागमती नदी विकासको एक सहयात्री-काठमाडौ उपत्यका खानेपानी लिमिटेडले मनोहरा पुलमा ढल निर्माण कार्य गर्दा सम्बन्धित स्थानीय तहले आफ्नो अधिकार क्षेत्रमा पर्ने व्यहोरा जनाई काममा अवरोध गरेको पाइयो ।

१२.२. ललितपुर महानगरपालिकाको नख्खु, भैसेपाटी र काठमाडौं महानगरपालिकाको गोकर्ण-गुह्येश्वरी खण्डमा रहेका जग्गा नापी नक्सा तथा मुआब्जा विवादका कारण सौन्दर्यीकरण तथा अन्य विकासका कार्यहरूमा अवरोध भएको छ ।

१२.३. समितिले सम्बन्धित निकायहरू काठमाडौं उपत्यका खानेपानी लिमिटेड कम्पनी, राष्ट्रिय प्रकृति संरक्षण कोष, खानेपानी तथा ढल निकास विभाग, कृषि विभाग, सिँचाइ विभाग, सडक विभाग, स्थानीय तहहरू लगायत विभिन्न गैरसरकारी संस्थाहरू मार्फत कार्यान्वयन गरेको वा सो निकायले वागमती नदीको स्वच्छता, सुद्धता र सौन्दर्यीकरण सम्बन्धमा गरेको कामको वित्तीय एवं भौत्तिक प्रगतिको जानकारी आवश्यक समन्वयको अभावमा समितिसँग छैन ।

१२.४. वागमती नदी स्वच्छ गर्न ललितपुर महानगरपालिकाले दीर्घकालीन कार्य योजना तयार गरी वागमती किनारामा हरियाली प्रवर्द्धन गर्ने, वागमती नदी र सहायक नदीहरूमा फोहरमैला फ्याँक्ने तथा बालुवा झिक्ने र मापदण्ड विपरीत घर टहरा निर्माण रोक्ने, ढल प्रशोधन कार्यक्रम सञ्चालन गर्ने, फोहरमैला व्यवस्थापन सुधार र सम्पदा संरक्षण कार्यक्रम तयार गरेको छ । महानगरपालिकाले बालकुमारी ट्रान्सफर स्टेशनमा स्थानान्तरण केन्द्र निर्माण, महानगरीय प्रहरी प्रभाग, जावलाखेलमा बाँयो ग्याँस प्लान्ट ३,युरोपियन युनियनको सहयोगमा कम्पोष्ट मल प्लान्ट र फोहर प्रशोधन प्लान्ट निर्माण र विश्व बैंकको सहयोगमा अन्य पूर्वाधार निर्माण गरेको जनाएको छ । तर उपर्युक्त कार्यहरू समितिसँग समन्वय गरी कार्यक्रम स्वीकृत गराई अनुमति लिई गर्नुपर्ने व्यवस्था पालना नगरी समितिलाई जानकारीसम्म नदिई गरेकोले वागमती नदी सुधार तथा सौन्दर्यीकरणको काम गर्न सहयोग गर्ने निकाय, प्राप्त सहायता र खर्च रकम र भौतिक प्रगति यकिन हुने अवस्था छैन । समितिले निर्माण गरेको पूर्वाधारहरू दिगो सञ्चालनको लागि भबिष्यमा सम्बन्धित सरकारी निकायलाई हस्तान्तरण गरीने भएकोले कार्यान्वयन चरणदेखिनै समन्वय हुन जरुरी छ । कानुनबाट प्राप्त अधिकार यथोचित रूपमा प्रयोग नगर्नाले कार्यक्रम कार्यान्वयनमा विभिन्न मन्त्रालय, विभाग तथा स्थानीय तहसँगको आवश्यक समन्वय हुन नसकेकोले समयमा कार्यक्रम सम्पन्न गर्न ढीलाई भई समितिको उद्देश्य प्राप्तिमा असर गर्ने देखिन्छ ।

सुझाउ - समितिले विकास समिति आदेशबाट प्राप्त अधिकारको दक्षतापूर्वक उपयोग गरी सम्बन्धित निकायहरूबीच प्रभावकारी समन्वय गर्न कार्ययोजना वा विधि स्थापित गरी वागमती नदीको शुद्धता,स्वच्छता र सौन्दर्यतासँग सम्बन्धित क्रियाकलापहरू द्रुत कार्यान्वयमा सहयोग पुऱ्याउनुपर्दछ ।

१३. **मूल समितिको बैठक -** अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३ को दफा ६ मा समितिको बैठक अध्यक्षले तोकेको मिति,समय र स्थानमा वर्षमा कम्तिमा दुईपटक बस्नुपर्ने उल्लेख छ । तर उक्त आदेश जारी भएको २०७३/१०/०६ पश्चात सहरी विकास मन्त्री पदेन अध्यक्ष रहने यस समितिको बैठक विगत ४ वर्षमा २०७३/१२/१८ र २०७६/८/२ गरी २ पटकमात्र बसेको पाईयो । उक्त दुई बैठकमा वागमती नदीको बहाव क्षेत्र भित्रका जग्गाको मुआब्जा सम्बन्धमा छलफल भएको समितिको माइन्यूटबाट देखिन्छ । नियमित रूपमा समितिको बैठक बसी, समितिको गठन आदेशको दफा ५ बमोजिम समितिको वार्षिक कार्यक्रम र बजेट स्वीकृति, वागमती नदी र यसका सहायक नदीको संरक्षण सम्बर्द्धन तथा समुचित प्रयोगसम्बन्धी दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने, विभिन्न निकायसँग समन्वय गर्ने जस्ता महत्वपूर्ण विषयहरूमा छलफल गरी निर्णय गरेको देखिएन ।त्यसै गरीआदेशमा उल्लेखित व्यवस्थाबमोजिम वागमती नदीसँग सम्बन्धित कार्यक्रम तथा क्रियाकलापमा आबद्ध रहेका विभिन्न सरकारी, निजी तथा गैरसरकारी संस्था तथा नागरिक समाजबाट सञ्चालित कार्यको प्रगति समीक्षा गरी एकीकृत प्रगति प्रतिवेदन तयार गरेको पाइएन ।समितिले २०७३।७४ मा रु.१ अर्ब७६ करोड ३ लाख २०७४।७५ मा रु.१ अर्ब ५८ करोड २१ लाख र २०७५।७६ मा रु.३ अर्ब १२ करोड ६१लाख बजेट तयार गरी उक्त

वर्षहरूमा क्रमशः रु.१ अर्ब ५४ करोड ५८ लाख, रु.१ अर्ब ४८ करोड ८२ लाख र रु.२ अर्ब ३४ करोड २४ लाख खर्च गरेतापनि समितिको बैठक बसी वार्षिक योजना तथा कार्यक्रममा छलफल भएको छैन । आदेशले तोकेबमोजिम समितिको बैठक नियमित रूपमा नबस्दा र समितिको वार्षिक योजना तथा कार्यक्रमहरू तर्जुमा, कार्यान्वयन र प्रगतिको अनुगमन र अन्य निकायसँगको समन्वय प्रभावकारी हुनसकेन ।

सुझाउ - गठन आदेशले तोकेबमोजिम नियमित बैठक सञ्चालन गरी समितिले आदेशको दफा ५मा तोकेको जिम्मेवारी पुरा गर्नुपर्दछ ।

१४. **गुरुयोजना तथा कार्ययोजना-**वागमती नदीको संरक्षणको महत्वलाई महशुस गरी २०५१ सालमा "पशुपति क्षेत्र वातावरण सुधार कार्यान्वयन तथा अनुगमन समिति"कोरूपमा गठित यो संस्था विभिन्न चरणमा गठन आदेश तथा सांगठनिक स्वरूपमा परिवर्तन भई २०६५ मा आएर ***"अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति"*** को रूपमा स्थापित भएको छ । यस समितिले विज्ञहरूको सहयोगमा वागमती River Basin कोएकीकृत गुरुयोजना (Integrated Master Plan) तयार गर्ने दीर्घकालीन सोच राखेको छ । तथापि हालसम्म एकीकृत गुरुयोजना तयार भएको छैन । यो संस्था विभिन्न सांगठनिक बनौटबाट हालको संगठनात्मक संरचनामा रूपान्तर भई अढाई दशकको यात्रा पार गरिसकेको छ । समिति स्थापना भएको पनि एक दशक वितिसकेको छ र समितिको कार्य अवधि २०८० सम्म रहेको छ । यस अन्तरालमा समितिले गठन आदेशले तोकेबमोजिम उद्देश्य प्राप्त गर्न विभिन्न कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ ।

वागमतीको संरक्षण तथा सौन्दर्यताको लागि २०५१ सालदेखि हालसम्म नेपाल सरकारको स्रोतबाट रु.१० अर्ब ५ करोड., ए.डी.बी स्रोतबाट रु.२ अर्ब ४३ करोड गरी जम्मा रु.१२ अर्ब ४८ करोड खर्च भईसकेको छ । सोअनुरूप समितिको समुचित भौतिक प्रगति ७५.२८ प्रतिशत र वित्तीय प्रगति ७४.९३ प्रतिशत भएको छ । त्यसको अतिरिक्त देहायबमोजिम वागमतीमा विभिन्न सरकारी संस्थाहरू जस्तै– पशुपति क्षेत्र विकास कोष, काठमाडौ उपत्यका खानेपानी लिमिटेड, सिँचाइ विभाग, काठमाडौ महानगरपालिका, लगायत संस्थाहरूले समेत विभिन्न पूर्वाधार निर्माणको लागि बजेट व्यवस्था गरी यस सहयात्रामा साथ दिएका छन् ।

संस्था	बजेट रकम (लाखमा)	कैफियत
काठमाडौं उपत्यका खानेपानी लिमिटेड	२५,०००	के.यू.के.एल आफैले Treatment Plant को लागि ठेक्का दिएको, सहायक नदीमा ढल निर्माण कार्य गर्ने
पशुपति विकास कोष		हालसम्म कुनै बजेट नछुट्याएको
काठमाडौं महानगरपालिका	१०	प्रत्येक बर्ष रु. १० लाख समितिलाई काठमाडौ महानगरपालिले उपलब्ध गराउने व्यवस्था रहेको
सिञ्चाई विभाग	५,१०८	सिंचाई विभागले आफैले धाम डयाम निर्माण गरेको
विभिन्न स्थानीय सरकार		समितिसँग अभिलेख नरहेको

समितिकोवागमतीसंरक्षण कार्यक्रममा सहयात्री रूपमा रहेका उपर्युक्त संस्थाहरूको अतिरिक्त नेपाल प्रकृति संरक्षण कोषले कार्ययोजना तयार पारिदिएको छ । त्यस्तै विभिन्न गैरसरकारीसंस्थाहरूले सौन्दर्यीकरण तथा वागमती सफाईको लागि कार्य गरेका छन् ।

उपर्युक्त बाहेक एशियाली विकास बैंकको ऋण सहायताबाट २०२० को अन्त्यसम्ममा जलाधार क्षेत्रको स्तरोन्नति, नदी किनारमा वातावरण सुधार, समुदायमा चेतना जगाउने तथा लैङ्गिक रणनीति एवं फोहरमैला व्यवस्थापन, तटबन्ध निर्माण, धापड्याम निर्माण, शिवपुरी पार्कको सुदृढीकरण, नागमती ड्याम डिजाइन लगायत भौतिक पूर्वाधार सहितको कार्य गर्न चित्रमा उल्लेख भएअनुसार विभिन्न निकायहरूबाट कार्य गराउने गरी सोअनुरूप स्रोतको समेत बाँडफाँड गरी सम्झौता गरेको छ ।



गुरुयोजनाको अभावमा समितिले पञ्चवर्षीय वागमती सुधार कार्ययोजना (सन २००९ देखि २०१५) तयार गरी मन्त्रिपरिषदबाट स्वीकृत समेत गरेको थियो । सो कार्ययोजनाले (क) प्रकृति संरक्षणको प्रमुख क्षेत्र, (ख) ग्रामीण क्षेत्र, (ग) अर्ध-सहरी क्षेत्र(काँठ क्षेत्र), (घ) सहरी क्षेत्र र (ङ) तल्लो तटीय क्षेत्र गरी ५ क्षेत्र विभाजन गरी क्षेत्रगत २४ र अन्य २० गरी जम्मा ४४ क्रियाकलाप सञ्चालन गर्ने लक्ष्य तोकेको थियो । त्यसको लागि रु.१४ अर्ब ९६ करोड खर्च हुने कुल लागत अनुमान गरिएको थियो ।सो पञ्चवर्षीय योजनाको कार्यान्वयन गर्न विभिन्न साझेदार संस्थाहरू जस्तैं काठमाडौं उपत्यका खानेपानी लिमिटेड कम्पनी, राष्ट्रिय प्रकृति संरक्षण कोष, खानेपानी तथा ढल निकास विभाग, कृषि विभाग, सिँचाइ विभाग, सडक विभाग, विभिन्न स्थानीय तहहरू लगायत विभिन्न गैरसरकारी संस्थाहरू तोकिएको छ । सो योजनामा उल्लिखित संस्थाहरूले गर्ने कार्यहरूको लागि आवश्यक पर्ने बजेट तथा निकासा बारे समितिलाई जानकारी नभएको व्यहोरा अवगत गराएको छ । समितिले आफैले गरेका र समितिमार्फत अन्य निकायबाट कार्य गराएको वित्तीय प्रगतिसम्म मात्र उपलब्ध गराएको छ । यसको कार्यक्रमगत विस्तृत प्रगति विवरण अनुसूची १ मा उल्लेख गरिएको छ । उपर्युक्त बमोजिम कुल २६ कार्यक्रम रहेकोमा पर्यटनको प्रवर्द्धन गर्ने,दिगो कृषि प्रणालीको प्रवर्द्धन गर्ने, सहरी करण रऔद्योगिक गतिबिधिलाई नियमन गर्ने, नदी किनारबाट अनधिकृत बस्ती र सुकम्वासीहरूलाई अन्यत्रसारी अतिक्रमण नियन्त्रण गर्ने,मनोरञ्जन र पर्यटन स्थलको प्रवर्द्धन गर्ने, नदी आफै शुद्ध हुने प्राकृतिक प्रक्रियाका लागि आधार भूमि तयार गरिदिने, लगायतका ७ कार्यक्रममा शून्य प्रगति भएको देखिएको छ । प्रगतिको तुलना गर्दा नदीको वरिपरीको जग्गा, जलवासी जैविक विविधता र नदी एवं यस वरपरको कलात्मक सुन्दरताको जगेर्ना गर्न उपयुक्त उपायको अवलम्बन गर्ने कार्यक्रमको ०.२६ प्रतिशत मात्र प्रगति भएको छ । तर संस्कृति र सम्पदा क्षेत्रको जीर्णोद्धार र संरक्षण गर्ने कार्यक्रममा रु.६७ लाख मात्र बजेट छुट्याएकोमा रु.८ करोड ८० लाख खर्च गरेको र नदीमा पानीको बहाव अभिवृद्धि गर्न विविध उपायहरूको अवलम्बन गर्ने कार्यक्रमको लागि रु.७ करोड ८३ लाख बजेट राखेकोमा रु.३३ करोड ४८ लाख खर्च गरेको कारण कार्यक्रमगत प्रगतिमा ठूलो अन्तर रहेको कारण औसत प्रगतिभन्दा स्टान्डर्ड डेभियसन बढी देखिएको छ । यसबाट कार्यक्रमगत बजेट बाँडफाँडमा समिति प्रभावकारी हुन नसकेको इंगित गर्दछ ।

> गुरुयोजनाको अभावमा ल्याइएको कार्ययोजनाले समय सीमा समेत नाघी सकेता पनि कार्ययोजनाले उल्लेख गरेका सम्पूर्ण कार्यहुन सकेको छैन । गुरुयोजनाको अभावले गर्दा बागमतीको भोलिको स्वरुप के हुने हो, यसको के कस्तो संरचना तथा पूवार्धार रहने तथा नदीको पानी स्नानयुक्त कहिले सम्म हुने, र यसको लागि थप कति लगानी आवश्यक पर्दछ ? यी प्रश्नहरू अनुत्तरित रहेका छन् ।

त्यसै गरी एशियाली विकास बैङ्कको ऋण तथा अनुदान सहायता अन्तर्गतवागमती सुधार आयोजनाको कुल लागतमध्ये समिति आफैले गर्ने क्रियाकलापहरूको लागि रु.६ अर्ब ५ करोड २५ लाख ९१ हजारको बजेट अनुमान गरेको छ । सन् २०२० मार्चको अन्त्यसम्ममा सम्पन्न गर्नको लागि समितिलाई छुट्याइएको कुल बजेटको आधारमा २०७५/७६ माघसम्मको पूजीँगत कार्यक्रमको भौतिक प्रगति ३८.६६ प्रतिशत र समग्र भौतिक प्रगति ४७.५३ प्रतिशत र वित्तीय प्रगति ४०.१२ प्रतिशत मात्र रहेको छ । विस्तृत विवरण अनुसूची २ मा छ ।

१८ कार्यक्रममध्ये रु.४९ करोड ८२ लाख ८० हजार बराबरकोसडक कालेपत्रे गर्ने, सार्वजनिक निर्माण अन्य,गौरीघाट रेगुलेटर निर्माण,ऐतिहासिक मठ मन्दिर पाटी पौवा तथा पथ मर्मत सुधार, टुकुचा ढल निर्माण तथा सञ्चालन,थापाथलीदेखि बल्खुसम्मको नदी किनारमा हरियाली क्षेत्र निर्माण र सिँचाइ तथा नदी नियन्त्रणसम्बन्धी अनुसन्धान तथा परामर्शलगायत ७ कार्यको वित्तीय प्रगति अफिस तथा ल्याव उपकरण,सडक कालोपत्रे गर्ने कार्य,नागमती ड्यामको डिजाईन परामर्श लगायत ९ कार्यक्रमको भौतिक प्रगित शून्य प्रतिशत रहेको छ । साथै कार्यक्रमगत वित्तीय प्रगतिलाई विश्लेषण गर्दा EMP कार्यान्वयनका कार्यहरू(वातावरण अनुगमन वृक्षारोपण तथा आयोजना प्रभावित क्षेत्र निर्माण तथा बाँध निर्माण १.३५ प्रतिशतमात्र प्रगति भएको छ भने अफिस तथा ल्याब उपकरण) अन्य उपकरण तथा मेशिन औजार खरिद कार्यक्रममा स्वीकृत बजेट रु.१४ लाख ५० हजारभन्दा ५१.२५ गुणा खर्च भएको छ । ए.डी.बी. ऋण सम्झौता अन्तर्गतको कार्यक्रममा समेत स्वीकृत लागतभन्दा बढी खर्च गर्ने समितिको प्रचलनलाई यथोचित मान्न सकिएन ।

समिति आफैले तयार गरेको पञ्चवर्षीय योजनाअनुसार गर्ने कार्यक्रम तथा क्रियाकलापहरूको लागि नेपाल सरकारसँग बजेट माग गर्दा कार्यक्रमहरूको प्राथमिकीकरणअनुरूपपर्याप्त मात्रामा पुष्ट्याँई दिन नसक्नुको कारणसन् २०१५ भित्र सम्पन्न हुनुपर्ने कार्यहरूपनि हालसम्म सम्पन्न भएका छैनन् । तथापि समितिले सो पञ्चवर्षीय योजनाको आधारमा वर्षेनी नियमितरूपमा बजेट माग गर्ने र नेपाल सरकारले दिएको बजेटको सीमाको आधारमा कार्यक्रमहरू समायोजन गरी सञ्चालन गर्नेमा मात्र समितिको प्रयास सीमित भएको छ । त्यसको अतिरिक्त समितिले तयार गरेको पञ्चवर्षीय कार्ययोजनामा उल्लिखित कार्यक्रमहरू कार्यान्वयनका अन्य विभिन्न सहयात्री संस्थाहरू जस्तैं काठमाडौं उपत्यका खानेपानी लिमिटेड, सडक विभाग तथा सडक कार्यालय, खानेपानी, नगरपालिका तथा गाँउपालिहरू, जिल्ला समन्वय समिति, सिँचाइ विभाग तथा कार्यालय, कृषि विभाग, वातावरण-विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालयहरू, गुठी संस्थान, नापी विभाग तथा विभिन्न अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको योगदान लेखाजोखा गर्ने र ती संस्थाहरूसँग समन्वय गरी समितिले हालसम्मको एकीकृत प्रगति बनाउनसकेको छैन । यी संस्थाहरूले समितिलाई बजेट तथा खर्च र भौतिक प्रगति दिने नगरेकाले एकीकृत प्रगति तयार गर्न नसकेको व्यहोरा समितिले अवगत गराएको छ ।

यसले गर्दा अधिकार सम्पन्न समितिले हालसम्म प्रगति नै लेखाजोखा गर्नसक्ने अवस्थामा छैन । जसका कारणले गर्दा वास्तविक थप लगानी (Additional Investment) आवश्यकतासमितिले निक्यौंल गर्नसकेको छैन । यस प्रचलनले गर्दा शुरुमा गरिएको लागत अनुमानभन्दा लागत बढ्न जाने भएको छ । त्यसको अतिरिक्त कुल थप लगानीको आवश्यकता (Investment Gap) समेत आँकलन नभएको कारण समितिले कुनरूपमा आफ्नो कार्यक्रम अघि बढाउने भन्नेमा समेत अन्योल भएको देखिन्छ । गुरूयोजना बेगर समिति यस गतिमा क्रियाशिल भईरहेमा यसलाई दिएको जिम्मेवारीहरू कहिले सम्पन्न हुने र वागमती नदीको स्वच्छताको लाभ जनताले कहिले पाउने जस्ता प्रश्न अनुत्तरित रहेको छ । तसर्थ यस पक्षलाई सुधार गरी समितिको कार्यहरूलाई प्रभावकारी ढँगमा अघि बढ्न देहायबमोजिम गर्नुपर्दछ :

सुझाउ - समितिले सुधार कार्य योजनाको बाँकी कार्य निश्चित समय भित्र पुरा गर्न आवश्यक वित्तीय लगानी योजना तयार गरी सम्बन्धित निकायहरूसँगको समन्वयमा श्रोत व्यवस्था गरी कार्यान्वयन गनुपर्दछ ।

१५. **स्थानीयतहको कार्यक्रम -** स्वच्छ वागमती नदी कायम गर्न ललितपुर महानगरपालिकाले दीर्घकालीन कार्य योजना तयार गरेको जानकारी गराएको छ । जसमा स्वच्छ वागमती नदी कायम गर्न पर्ने मुख्य ५ कार्य क्रमशःवागमती किनारामा हरियाली प्रवर्द्धन कार्यक्रम गर्ने, वागमती नदी र सहायक नदीहरूमा फोहरमैला फ्याँक्ने तथा बालुवा झिक्ने र मापदण्ड विपरीत घर टहरा निर्माण रोक्ने, ढल प्रशोधन कार्यक्रम सञ्चालन गर्ने, फोहरमैला व्यवस्थापनमा सुधार कार्यक्रम र सम्पदा संरक्षण कार्यक्रम रहेका छन् । तीन चरणमा विभिन्न क्रियाकलापहरू सञ्चालन गरी वागमतीलाई सफा तथा सुन्दर बनाउन महानगरले अल्पकालीन योजना २०७५–२०७८, मध्यकालीन योजना २०७८–२०८१ र दीर्घकालीन योजना २०८१–२०८५ को १० वर्षे समयावधि तोकी कार्ययोजना तयार गरेको छ । हालसम्मको प्रगति अध्ययन गर्दा यस महानगरपालिकाले बालकुमारी ट्रान्सफर स्टेशनमा स्थानान्तरण केन्द्र २ निर्माण गर्नुपर्नेमा १ मात्र निर्माण गरेको र विश्व बैंकको सहयोगमा अन्य पूर्वाधार निर्माण कार्य गरेको, सिस्डोलमा ल्यान्डफिल साइट १ सञ्चालनमा रहेको, महानगरीय प्रहरी प्रभाग ललितपुर, जावलाखेलमा ४ बायो ग्याँस प्लान्ट निर्माण गर्नुपर्नेमा ३ निर्माण सम्पन्न भईसकेको, युरोपियन युनियनको आर्थिक सहयोगमा सञ्चालित फोहरमैला व्यवस्थापनका अभ्यासहरूमा सुधार परियोजनाद्वारा कम्पोष्टमलप्लान्ट, प्रशोधन प्लान्ट,सिर्जनसिल सेवा प्रा.लि., धापाखेल, राष्ट्रिय प्रदूषण नियन्त्रण केन्द्र, हरिसिद्धि, नेप्सेम्याक सेवा.प्रा.लि. चाल्नाखेलमा निर्माण गरिएको जनाएको छ ।

उपर्युक्तबमोजिम ललितपुर महानगरपालिकाले गरेका कार्यहरूको लागि समितिको गठन आदेश अनुसार वागमती नदीसँग आबद्ध सम्पूर्ण कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्नुपूर्व समितिसँग समन्वय गरी कार्यक्रम स्वीकृत गराई अनुमति लिई गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी स्थानीय निकायले गर्ने कार्यक्रम समितिको योजना तथा कार्यक्रममा समावेश गरी एकीकृत योजना बनाउनुपर्दछ । तर ललितपुर महानगरपालिको यस योजनाको बारेमा समितिलाई जानकारीसम्म नगराएको व्यहोरा समितिले जानकारी गराएको छ । यसले गर्दा ललितपुर महानगरपालिकालेवागमती नदी सुधार तथा सौन्दर्यीकरणको काम गर्न कुनकुन दातृ समुदायले के कति सहायता रकम उपलब्ध गराएको र त्यसबाट आयोजनागतरूपमा हालसम्म भएको खर्च तथा महानगरपालिकाको आफ्नै बजेटबाट खर्च गरेको रकम यकिन हुन नसक्नुको

साथै भौतिक प्रगति पनि यकिन हुनसक्ने अवस्था छैन । त्यसैगरी विभिन्न स्थानीय सरकारबाट भएका कार्यहरू पनि समितिमा समन्वय नगरी सम्पादन हुन थालेको कुरा यस विषयमा चासो राख्ने महानुभावहरूबाट जानकारी हुन आएको छ । यसले गर्दा समितिको कार्यमा एकरूपता कायम हुन नसक्नुको साथै भोलिको वागमतीको स्वरूप तथा आवश्यक थप बजेटको आँकलन गर्नमा समेत कठीनाई आउनसक्छ । साथै समितिले बनाउने कार्यक्रममा दोहोरोपना समेत आउनसक्ने सम्भावना रहेको छ ।

परिणामस्वरूप उपत्यकाबासीहरूले वागमती नदीबाट अपेक्षा गरेको लाभहरू समितिलाई दिएको समयसीमा भित्र प्राप्त गर्नसक्ने अवस्था देखिँदैन ।

सुझाउ - अधिकार सम्पन्न समितिले पञ्चवर्षीय योजनासँग आबद्ध सबै संस्था तथा निकायहरूलाई समन्वय गरी हालसम्मको क्रियाकलापगत भौतिक तथा वित्तीय प्रगति प्रस्तुत गर्ने गराउने व्यवस्था गर्नुपर्दछ ।

१६. **पूर्वाधार विकास -** वागमती सुधार कार्ययोजना (२००९-१५) अनुसार वागमती नदीको स्वच्छता तथा सौन्दर्यीकरण कायम गर्न समितिले जल प्रदूषण घटाउन ढल निर्माण गर्ने तथा ढलको फोहरलाई निर्मलीकरण गरी प्रदूषणरहित पानी वागमतीमा पठाउने, कोरिडोरमा सडक निर्माण गर्ने, नदीको बहाव क्षेत्र कायम गरी नदीको बहाव मार्गलाई स्थिर बनाउन तटबन्ध निर्माण गर्ने जस्ता विभिन्न कार्यहरूगर्ने व्यवस्था गरेको छ । समितिले तोकेको लक्ष्यअनुसारको कार्य समयमा तोकेको लागत भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा सो कार्ययोजना तथा त्यसभन्दापूर्व समितिले विगतमा गरेको पूर्वाधार निमाणको स्थिति देहायबमोजिम रहेको छ: विस्तृत विवरणअनुसूची ३मा छ ।

प्रगति विवरण	नदी तटवन्ध		सडक		ढल	
	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
कुल जम्मा (कि.मि)	५३.८७	४४.४१	३५.७०	१६.४८	८८.१२	७४.०८
समग्र भौतिक प्रगति प्रतिशत	८२.४४		४६.१६		८४.०७	
वार्षिक औसत भौतिक प्रगति प्रतिशत	८४.२		८९.६४		९१.८६	
कुल आयोजना संख्या	१४		९		१३	
सम्पन्न योजना संख्या	९		७		१०	
२०७४/७५ बाट शुरु गर्नुपर्ने आयोजना संख्या	४		४		४	
२०७४/७५ बाट शुरु गर्नुपर्नेमा शुरु नै नभएको आयोजना संख्या			४		२	
हालसम्मको समुचित खर्च (रु. लाखमा)	३७,४१९.११		७,५८९.०९		१३,५४०.८९	

उपर्युक्तबमोजिम कुल १३ स्थानमा ढल बिछ्याउने काममा ८४.०७ प्रतिशत, सडक निर्माणमा ४६.१६ प्रतिशत र नदी तटबन्ध निर्माणमा ८२.४४ प्रतिशत प्रगति भएको छ ।२०५१ देखि हालसम्मको समितिले निर्माण गरेको पूर्वाधारको मूल्याङ्कन गर्दासन्तोषजनक भएको मान्न सकिएन । कोरिडोर सडक निर्माणको प्रगति लेखाजोखा गर्ने हो भने न्यून छ ।

२०७४/७५ बाट शुरु गर्नुपर्ने आयोजना संख्या १२ मध्ये ढल निर्माणको कार्य मात्र सम्पन्न भएको छ । सडक निर्माणको लागि शुरुवातसम्म पनि भएको छैन । हालसम्म उपर्युक्तबमोजिमका निर्माण भएका पूर्वाधारमा रु.५ अर्ब ८५ करोड ४९ लाख खर्च भएको छ ।त्यसमध्ये सुन्दरीजल-गोकर्ण खण्डमा निर्माण भएको ढल तथा तटबन्धको खर्चको अभिलेख नपाएको कारण कुल खर्च समितिले प्रस्तुत गर्नसकेको छैन ।

१६.१. **कोरिडोर निर्माण -** नदी किनारका आसपासको जग्गालाई अतिक्रमण हुन नदिन, नदीको वरिपरीको क्षेत्र हरियाली बनाउन, नदीमा फोहर प्रदूषण कम गर्न र काठमाडौंमा बढ्दो सवारी चापलाई व्यवस्थित गर्न नेपाल सरकारले २०३३ मै काडमाडौ उपत्यकामा नदी वरिपरी कोरिडोर निर्माणको योजना ल्याएतापनि उक्त कार्य हालसम्म पुरा भएको छैन । २०५८मा शुरु भएको बिष्णुमती कोरिडोर, २०६७।६८ मा शुरु भएको धोवीखोला र वागमतीकोरिडोरको काम समयमै नसकिँदा कोरिडोरहरू सवारी बनाउने ग्यारेज, निर्माण सामग्री थुपार्ने थलो र फोहोरको डँगुर थुपार्ने डम्पीङ साइट बन्न गई वागमती सौन्दर्यीकरणलाई समेत असर परेको छ । यी कोरिडोर निर्माणमा विभिन्न समयमा भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, खानेपानी मन्त्रालय, काठमाडौ महानगरपालिका, काठमाडौ उपत्यका विकास प्राधिकरण र अधिकार

सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति लगायतका निकायहरूको सम्लग्नता रहेको देखिन्छ । उदाहरणको लागि काठमाडौ महा नगरपालिकाले एशियाली विकास बैंकको सहयोगमा २०६२ मा विष्णुमती कोरिडोरमा २.८ किलोमिटर सडक निर्माण कार्यकोलागि सम्झौता गरेको, २०७२ देखि अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिले यो कोरिडोर निर्माण शुरु गरी हालसम्म १ हजार ५५० मिटर कालोपत्रे सडक निर्माण, ९०० मिटर मर्मत तथा हाल ३.६ किलोमिटर कालोपत्रे सडक निर्माणको लागि सम्झौता गरी कामको शुरुवात गरेको, त्यसैगरी धोवीखोला कोरिडोरको निर्माणकार्य २०६७।६८मा सहरी विकास मन्त्रालय अन्तर्गत छुट्टै आयोजनाबाट काम शुरुभएको पाईयो । स्थानीयको अवरोध, मुआब्जा विवाद, सुकुम्बासी वस्ती जस्ता समस्याले कोरिडोर निर्माण सयममै सम्पन्नगर्न नसकिएको व्यहोरा समितिले जनाएको छ ।

सुझाउ - समितिले सम्बन्धित निकायहरूसँग समन्वय गरी मुआब्जा विवाद र निर्माण अवरोध समस्या सुल्झाई करीडोर निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१६.२. **ढल निर्माण -** समितिले आफै निर्माण गरेका तथा निर्माण गर्न बाँकी रहेका ढल विस्तार कार्यक्रमकोअतिरिक्त काठमाडौं उपत्यका खानेपानी कम्पनीले देहायबमोजिम ३ क्षेत्रमा ढल विस्तार गर्ने जिम्मा काठमाडौं उपत्यका खानेपानी कम्पनीलिमिटेड अन्तर्गतको आयोजना कार्यान्वयन निर्देशनालयललेलिएको पाईयो । तर आयोजनाले सञ्चालन गरेका कार्यहरूवागमती नदीको सफाई तथा सौन्दर्यीकरणसँग सम्बन्धित भएतापनि समयमा सम्पन्न नभएको कारण म्याद थप गरी कार्य अघि बढाउन लागेको व्यहोरा अवगत हुन आएको छ ।

क्र.सं.	स्थान	कामको विवरण	कुल निर्माण गर्नुपर्ने परिणाम	हालसम्मको समष्टिगत प्रगति	सम्पन्न हुने मिति	कैफियत
१	भक्तपुर	हनुमन्ते नदीको दायाँ–बायाँ ढल प्रणाली निर्माण कार्य (IS01)कोपाइप विछ्याउने कार्य	१६.६२	४२.३ प्रतिशत	31 Dec. 2019	EOT को तयारी
२	ललितपुर	मनोहरा ईन्टरसेप्टर निर्माण कार्य(IS02) को पाइप विछ्याउने काम	५.५	४८ प्रतिशत	17 Dec. 2019	EOT को तयारी
३	भक्तपुर	खस्याङ्गखुसुङ्ग ईन्टरसेप्टर निर्माण कार्य(IS03)को पाइप विछ्याउने काम	७.६	९३ प्रतिशत	7-Dec-19	EOT को तयारी

माथिका ३ कार्यमध्ये २०१९ डिसेम्बरको अन्त्यसम्म कार्य सम्पन्न गर्नुपर्नेमा २ स्थानमा औसतमा ४५.१५ प्रतिशतमा कार्य सम्पन्न भएको छ । ढल निर्माणमा ढिलाई हुँदा सोझै ढल नदीमा मिसाउने कार्य रोकिएको छैन । व्यवस्थापकीय कमजोरीको कारण वागमती सफाई तथा सौन्दर्यीकरण कार्य प्रभावकारी हुनसकेको देखिएन ।

नेपाल सरकारले हाल बगिरहेको नदीको किनाराबाट बीस बीस मिटर भित्रमा दायाँ बायाँ ढल प्रणाली निर्माण गर्ने क्रममा नदीले बहाव परिवर्तन गरेका स्थानहरूमा जग्गा विवाद हुँदा निर्माण कार्यमा अवरोध हुँदै आएको र पेप्सिकोलादेखि जडीबुटीबीचको क्षेत्रमा नदीलाई २०२१ सालको नदीको बहाव अनुसार परिवर्तन हुँदा करिब ४.१ किलोमिटर ढल राख्न अवरोध भएको साथै हनुमन्ते नदीमा राधेराधे पुलदेखि मनोहरा हनुमन्ते दोभानसम्म नदीले गरेको बहाव परिवर्तनको कारण जग्गा विवाद हुँदा करिब ८.४ किलोमिटर ढल प्रणाली राख्न समस्या भएकोले स्थानीय सरकारका प्रमुख, उपप्रमुखहरू, स्थानीय संघसंस्था, स्थानीय सामुदायिक उपभोक्ता समिति, त्यस क्षेत्रमा कार्यरत अन्य सरकारी तथा गैरसरकारी निकायहरू र ती क्षेत्रहरूबाट निर्वाचित प्रदेश तथा संघीय संसदका सभासद्ज्यूहरू साथै संघीय संसदको विकास समितिका सदस्यहरूलाई प्रभावित क्षेत्रमा भ्रमण गराई समस्या बारेमा विस्तृत छलफल जानकारी गराई समस्या समाधान गर्न प्रयास गरिए तापनि हालसम्म समस्याको समाधान हुन नसकेकोले हनुमन्ते र मनोहरा नदीमा दायाँ बाँया करिब १२.५ किलोमिटर ढल निर्माण गर्न नसकिएको निर्देशनालयको भनाई रहेको पाईयो ।

सुझाउ - आवास तथा सहरी विकास मन्त्रालय र समितिले सम्बन्धित निकायहरूसँग समन्वय गरी जग्गा विवाद सुल्झाई ढल निर्माण कार्य सम्पन्न हुने वातावरण तयार गर्नुपर्दछ ।

१६.३. **बाँध निर्माण -** वागमती नदीमा पानीको प्राकृतिक बहाव बढाउन काठमाडौँ उपत्यकाको उत्तरपूर्वमा पर्ने गोकर्णेश्वर नगरपालिका वडा नं १ धापमा८ लाख ५० हजार घनमिटर क्षमताको २४ मिटर अग्लो धाप बाँध निर्माण गरीवर्षायाममा पानी जम्मा गर्ने र हिउँदमा प्रतिसेकेण्ड ४० लिटर पानी छोडी करिब ५०० मिटर तल निर्माण गरीने ८० लाख घनमिटर क्षमताको ९५ मिटर अग्लो नाग्मती बाँधमा जम्मा गरी सुख्खा याममा प्रतिसेकेण्ड ४४० लिटर स्वच्छ पानी वागमती नदीमा बगाउने योजना छ । धाप बाँध निर्माण २ वर्ष भित्र सम्पन्न गर्ने गरी २०७२ आश्विन २२ मा रु.५१ करोड ७ लाखको ठेक्का सम्झौता गरेकोमा तोकिएको म्याद भित्र निर्माण सम्पन्न नहुँदा सम्झौता म्याद दुई पटक गरी २०७६ बैशाख १० सम्म थप गरिएको छ ।स्थलगत अवलोकनमा कङ्क्रिट फेस रकफिल प्रविधिबाट मूख्य ड्यामको प्याराफिट पर्खाल, फेश स्ल्याव,ग्राउटीङको कार्य हुँदै गरेको पाईयो । एउटा ठूलो पोखरी निर्माण भइरहेको र मझौला खालका अन्य दुई पोखरी निर्माणको शुरुवात मात्र गरेको पाईयो । निर्माण व्यवसायीबाट श्रोत परिचालनमा ढिलाई, सम्बन्धित ४ निकायबीच समन्वयमा प्रकृयागत कठिनाई,शुरुको डिजाइनमा केही परिवर्तन गरीएको कारणलेनिमार्ण सम्पन्न गर्न ढिलाई भएको समितिले जनाएको छ । २०७६ मंसिरसम्म लगभग ८० प्रतिशत प्रगति भएको छ ।कामशुरु भएको मितिले २ वर्षमा सम्पन्न गर्नुपर्ने काम ४ वर्षमा समेत लगभग ८० प्रतिशत काम मात्र सम्पन्न भएको भनिएको छ ।तर वागमतीबाँधको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनकार्य गत विगत वर्ष नै सम्पन्न भएकोमा सहरी विकास मन्त्रालयबाट स्वीकृतिमा ढिलाईलेठेक्का प्रक्रिया शुरु हुनसकेको छैन ।यसबाट वागमती नदीमा स्वच्छ पानीको बहाव बढाई पानीको शुद्धता र नदीको सौन्दर्य अभिवृद्धि गर्ने कार्यमा ढिलाई हुनुका साथै निर्माण लागत समेत बढ्ने देखिएको छ ।

सुझाउ - समितिले सम्बन्धित निकायहरूसँग समन्वय गरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र निर्माण कार्य तोकिएको समयसीमा भित्र सम्पन्न गर्ने वातावरण तयार गर्नुपर्दछ ।

१६.४. **अन्य पूर्वाधार-**वागमती नदी सुधार कार्ययोजना (२००९-२०१५) अनुसार सञ्चालक समितिले चेक ड्याम८७ निर्माण गर्नुपर्नेमा ६२ सम्पन्न गरी ७१ प्रतिशत, पुल निर्माण ४ सम्पन्न गर्नुपर्नेमा २ सम्पन्न गरी ५० प्रतिशत र खहरे सुधार कार्य ११ सम्पन्न गर्नुपर्नेमा ९ सम्पन्न गरी ८१ प्रतिशत प्रगति गरेको छ । समितिले कार्यन्वयनको जिम्मा लिएको पूर्वाधारका कार्यहरू बजेटको अभावमा समयमै सम्पन्न नगर्नाले नदीको पानीको मात्रा बढाउन तथा नदीको स्वच्छता तथा सौन्दर्यीकरणमा असर गरेको छ ।

क्र.सं	विवरण	इकाई	निर्माण सम्पन्न गर्नुपर्ने परिमाण	निर्माण सम्पन्न परिमाण	निर्माणाधीन परिमाण	प्रगति प्रतिशत
१	चेक ड्याम	वटा	८७	६२	२५	७१.२६
२	पुल निर्माण	वटा	४	२		५०
३	खहरे सुधार कार्य	वटा	११	९		८१.८२

सुझाउ - समितिले आवश्यक बजेटको व्यवस्था गरी संशोधित कार्ययोजना तयार गरी तोकिएको समर्यासिमा भित्र निर्माण कार्यसम्पन्न गर्नुपर्दछ

१७. **आधुनिक प्रविधिको प्रयोग -** अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति गठन आदेश, २०७३ को दफा ५ मा भएको समितिको काम, कर्तव्य र अधिकारमध्ये वागमती नदी र यसका सहायक नदीको संरक्षण सम्बर्द्धन तथा समुचित प्रयोगसम्बन्धी दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने र नदीसँग जोडिएको सभ्यताको संरक्षणका लागि उपर्युक्त नीति निर्माण तथा आधुनिक प्रविधिको प्रयोगका लागि नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था रहेको छ । सो व्यवस्थाअनुसार नदीको सफाई तथा सौन्दर्यीकरण एवं स्तरोन्नतिमा समितिले नयाँ प्रविधिहरू खोज गरी उपयुक्त प्रविधिको प्रयोग कार्यान्वयनमा समिति अग्रसर हुनुपर्दछ ।

यस सन्दर्भमा वागमती कार्ययोजना सन् २००९-२०१४ मा चीनको नान्जिङ्ग प्रान्तको कुन्हुई र सिकागो नदी लगायत विश्वका विभिन्न मुलुकले पानीको सामान्य स्रोत भएका नदीको पानीलाइ River Flushing Gateway को निर्माण र River Cleaning Machine को प्रयोग गरी नदीमा पानीको निरन्तर बहाव र सफाई कार्य गरेको उल्लेख गरेको छ । त्यसैगरीविभिन्न मुलुकहरूले वर्षायाममा हुने बाढीबाट

पानीको प्रवाह नियन्त्रणको लागि नदीको आसपासमा यस्ता बेशिनको निर्माण गरी बस्तीको सुरक्षा गर्न सहरी क्षेत्रबाट बग्ने नदीको सम्भव भएका स्थानहरूमा नदीको तट्मा ठुला ठुला पोखरीहरू निर्माण गरी वर्षातको समयमा आउने Flash Flood लाई नियन्त्रण गर्न Flood Retarding Basin निर्माण गरी व्यवस्थित गरेको छ। यस प्रविधिलाई UNCED Conference (Rio de Janeiro, 1992) in its Agenda 21 मा मान्यता प्रदान गरिएको छ ।

वागमतीमा पानीको निरन्तर स्रोत भएतापनि उपर्युक्त प्रविधिको प्रयोगबाट जल प्रवाह तथा सफाईको व्यवस्था गर्नेतर्फ समितिले सोच बनाएको देखिँदैन । पशुपति नजिकै विगतमा निर्माण गरिएको एउटा River Flushing Gateway समेत हाल काम नलाग्ने अवस्थामा पुगेकोमा यो वर्ष समितिले निर्माण गरी सञ्चालन गर्ने जानकारी गराएको छ ।

समितिले मनोहरा नदीको किनारा क्षेत्रमा मात्र यस्ता निर्माण कार्य गर्ने जानकारी दिएको छ । त्यसको लागि काठमाडौ उपत्यका विकास प्राधिकरण र यस समितिको समन्वयमा Flood Retarding Basin निर्माण कार्य प्रस्ताव गरी DPR तयारीको क्रममा रहेका जानकारी समितिले दिएको छ । तर Flood Retarding Basin को अवधारणा अन्य सम्भावित क्षेत्रमा समेत निर्माण गर्दै लाने रणनीति समितिले लिई अघि बढे भविष्यमा अन्य क्षेत्रमा समेत बाढीको प्रकोपबाट जोगाउनुको साथै भूमीगत जलको मात्रामा परिवर्तन ल्याउनेतर्फ सोच लिएको छैन । यसको मुल कारणहरूमा गुरुयोजना नहुनु, यस्ता प्रविधिहरूको अध्ययनको अभाव, तथा लगानीकर्ता एवं स्रोतको अभाव देखिन्छ। यस्ता प्रविधिहरूको समयमा अवलम्बन नगर्नाले विगतमा जस्तै वागमतीको बाढीले राष्ट्रले निकट भविष्यमा ठूलो नोक्सानी बहन गर्नसक्ने देखिन्छ ।

सुझाउ - सुधार कार्ययोजनाले सुझाएबमोजिम नदीको बहाव र स्वच्छता कायम गर्न आवश्यक बजेट व्यवस्था गरी रीभर फल्सिङ्ग गेटवे र रीभर किल्निङ्ग मेसिनको जडान गर्ने कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१८. **नदीको बहाव क्षेत्र निर्धारण -** नदीको बहावक्षेत्र निर्धारण गर्ने र दुबै किनारमा हरितक्षेत्र तथा बाटो निर्माणको लागि आवश्यक जग्गाको क्षेत्रफल यकिन गरी दीर्घकालीन रूपमा नदी किनारा कायम गरी नापी नक्सामा जनाउन तथा स्रेस्ता कायम गर्न सम्बन्धित नापी र मालपोत कार्यालयलाई लेखी पठाउने व्यवस्था वागमती सभ्यता एकीकृत विकास समिति गठन आदेश,२०७३ को दफा ११ ले गरेको छ । उक्त व्यवस्थाको कार्यान्वयनसम्बन्धमा देहायबमोजिम देखिएको छ :

१८.१. उपत्यका भित्र बहने मुल नदी वागमतीमा शुरुदेखि अन्त्यसम्ममा विभिन्न १९ नदीको मिलन हुन्छ। सहरी क्षेत्र हुँदै बहने यी नदीहरूमध्ये मुख्य रूपमा ७ नदीको किनारामा बढ्दो सहरीकरणका कारण अतिक्रमण भईरहेको छ । नेपाल सरकारले वागमती, बिष्णुमती, धोवीखोला, मनहरा, बल्खु, नख्खु नदीमा विभिन्न मितिमा नदीको बहाव क्षेत्र कायम गरेतापनि खुल्ला रूपमा ढल बग्ने ठाउँ बन्न पुगेकाटुकुचा (ईच्छुमती) को बहाव क्षेत्र कायम गर्नुपर्नेमा हालसम्म गरेको छैन । सहरको केन्द्रविन्दुमा रहेको नदीको दोहनले उपत्यकाको सरसफाई तथा सौन्दर्यीकरणमा गम्भीर असर परेकोले नदीको प्राकृतिक बहाव क्षेत्र कायम गरी यसको संरक्षणमा तदारुकता देखाउनुपर्दछ । हालसम्म समितिले नेपाल सरकारले २०६५ मा कायम गरेको ७ स्थानमा बहाव क्षेत्र निर्धारण गर्नुपर्नेमा टुकुचा बाहेकका ६ स्थान सुन्दरीजलदेखि गोकर्णसम्म २० मिटर, गोकर्णदेखि जोरपाटी पुलसम्म ३५मिटर, जोरपाटीदेखि गुह्येश्वरीसम्म ४० मिटर, सिनामंगलदेखि शंखमुलसम्म ३० मिटर, शंखमुलदेखि टेकु दोभानसम्म ६० मिटर,टेकु दोभानदेखि तल ८० मिटर बहाव क्षेत्रको चौडाइ कायम गरेको छ । हाल मिनभवन पुलको माथिल्लो भागमा करिब ४ सय मिटर लम्बाई भएको नदीको बहाव क्षेत्रमा निर्माण भई रहेको तटबन्ध पर्खाल (Retaining Wall) को स्थलगत निरीक्षण गर्दा नेपाल सरकारले कायम गरेको ३० मिटरको बहाव क्षेत्रलाई घटाई २० मिटरको क्षेत्रमा वाल निर्माण भई रहेको देखियो । यसरी नेपाल सरकारको पूर्वनिर्णय बेगर नै कायम भईसकेको बहाव क्षेत्र घटाई निर्माण कार्य गर्नाले आगामी दिनमा अन्य क्षेत्रमा समेत नजिरको रूप ग्रहण गरी समितिको कार्यक्रम कार्यान्वयनमा समस्या ल्याउनसक्दछ ।

सुझाउ - नेपाल सरकारले वागमती नदीमा वर्षायाममा बहने पानी समेतको अध्ययन गरी आवश्यक पर्ने बहाव क्षेत्र कायम गरी तटबन्ध पर्खाल निर्माण गर्ने गराउनुका साथै टुकुचाको बहाव क्षेत्र तोकी सोअनुरूप कार्यक्रम अघि बढाउनुपर्दछ ।

१८.२. नदिको बहाव क्षेत्रलाई समयमा नै नक्साङ्कन गर्नुपर्नेमा ढिलाई भएको कारण २०२१ मा नापीले निर्धारण गरेको वागमतीको बहाव क्षेत्रमा पटक पटक परिवर्तन हुनगएको छ । २०२१, २०४५ र २०६४ सम्ममा बहाव परिवर्तन देहायबमोजिम भएको छ :





समितिले वागमती नदीको बहाव परिवर्तनबाट प्राप्त भएको जग्गाको लगत देहायबमोजिम ६९० रोपनी ११ आना रहेको देखाएको छ :

आ.व.	जग्गा अधिग्रहण गरिएको स्थान	हाल सम्म जग्गा अधिग्रहण गरिएको क्षेत्रफल	अधिग्रहण गर्न बाँकी रहेको क्षेत्रफल	कैफियत
२०५२/०५३ देखि २०६८ सम्म	गोकर्ण-गुह्येश्वरी खण्ड	५८५-४-०-२	०६०/६१मा सुचना प्रकासित भएकोमध्ये १-१५-०-० बाँकी	तीलगंगादेखि तल अदालतका फैसला बाहेक अधिग्रहण हुन नसकेको ।
२०७२/०७४	सिनामंगल	०-१०-१-२	अदालतको फैसलाबाट	
२०७४/०७५	गोकर्ण	२४-१२-२-०	ट्रिटमेन्ट प्लान्ट निर्माणका लागि	
	जम्मा	**६९०-११-०-०**		

समितिले नदीको बहाव परिवर्तन भएर क्षतिपूर्ति बापत हालसम्म ६ सय ८ रोपनी १३ आना २ दाम जम्मा क्षेत्रफल बापत रु.७१ करोड ३४ लाख अधिग्रहण खर्च लेखेको छ । गुण कोलोनीमा ४३ रोपनी ५ आना ३ पैसा २ दाम तथा मनोहरामा २६ रोपनी १३ आना समेत गरीजम्मा७० रोपनी २ आना ३ पैसा जग्गा सम्बन्धमा मुद्दा फैसला भईसके पश्चात् गुण कोलोनीले करिब २ रोपनी क्षेत्रफल र बाँकी गुठी तथा अन्य व्यक्तिहरूले भोगचलन गर्दै आइरहेको सन्दर्भमा ती निकायहरू पुनरावलोकनका लागि अदालतमा गएको कारण यस क्षेत्रमा संरक्षण कार्य सम्पन्न गर्न कठिनाई भएको देखिन्छ ।

बहाव परिवर्तनबाट प्रभाव परेको जग्गा बापत समितिले क्षतिपूर्ति दिई अधिग्रहण गरेको जग्गाको मात्र लगत राखेको पाइयो । तर बहाव परिवर्तनबाट नदीबाट प्राप्त भएको जग्गाको समेत अधिग्रहण गरी त्यसको लगत राख्नुपर्नेमा सो लगत राख्नसकेको छैन । नदीको बहाव परिवर्तन हुँदा साविकबाट प्राप्त जग्गाको लगत नराख्नाले वागमती नदीका यस्ता जग्गामा प्रशस्त घर निर्माण भई बसोबास भई रहेको छ । २०२१ सालदेखि हालसम्म नदीको बहाव क्षेत्र परिवर्तन भएर कतिपय तत्कालीन अवस्थामा नदीको बहाव रहेको स्थानमा घरहरू बनेको र व्यक्तिगत जग्गाबाट नदी बगिरहेको अवस्था छ ।समयमा नदीको संरक्षण गर्न नसक्दा यस्तो स्थिति देखिएको हो । जसले गर्दा वर्तमानमा नदीको बहाव कायम गर्न समेत मुआब्जा माग गरी विवाद सिर्जना भएको छ । वागमतीनदीका विभिन्न पुलको डिजाईन तथा निर्माण नदीको बहाव क्षेत्रको आधारमा गरिएको छ । तर व्यक्तिहरूले वागमती नदीको जग्गा अतिक्रमण गरेकोकुरा विभिन्न पुलको स्थलगत निरीक्षणमा स्पष्ट छ ।

वागमती नदीको बहाव परिवर्तनबाटप्राप्त हुने जग्गा सरकारको नाममा आउनुपर्नेमा त्यसको लगतको अभावमा व्यक्ति वा संस्थाको नाममा दर्ता भई भोगचलन समेत गरिराखेको तथ्य उपर समिति लगायत नेपाल सरकारले कानुनी कारबाही गरी अधिग्रहण गर्नेतर्फ उदासिनता देखाएको छ । यस्ता प्रवृतिलाई निरुत्साही नगर्नाले अन्य व्यक्ति वा निकायलाई आगामी दिनमा हौसला बढ्छ ।

सुझाउ - समितिको कार्यहरूलाई प्रभावकारी ढंगले अघि बढाउन २०२१ देखि हालसम्ममा वागमती नदीको बहाव परिवर्तनबाट नेपाल सरकारलाई प्राप्त हुनुपर्ने जग्गाको गम्भीररूपमा छानबिन गरी वागमती नदीबाट खुद प्राप्त जग्गाको क्षेत्रफल यकिन गर्ने र यसरी वागमती नदीको जग्गा आफ्नो नाममा दर्ता गरी भोगचलन गर्ने उपर कडा कारबाही गर्नुपर्दछ ।

१९. **वागमतीको पानीको स्वच्छता र गुणस्तर -** वागमती नदीको पानीको गुणस्तर दैनिकरूपमा परीक्षण गरी त्यसको तथ्याङ्क समितिले राख्ने गरेको छ । समितिले पानीको गुणस्तरको परीक्षण २०५१ देखि नै शुरुवात गरेको पाइएको छ । तथापि शुरुमा समितिले मुख्यतया: ४ मापदण्ड (Parameters: BOD, COD, DO & Turbidity)को आधारमा गरेकोमा अधिकार सम्पन्न समितिको गठन पश्चात् ८ मापदण्ड(Parameters: BOD, COD, DO & Turbidity, TSS, TDS, Fecal Coliform, Total Phosphate) को आधारमा परीक्षण गर्ने गरेको छ । पानीको गुणस्तर मापन गर्ने विभिन्न प्रविधिमध्ये स्याप्रोबिक (Saprobic) एक यस्तो पद्धति हो, जसले जलजन्य जीवाणुको आधारमा पानीको गुणस्तर र नदीको पर्यायवरणीय अवस्थाबीचको सम्बन्धलाई वर्णन गर्छ । वागमती नदीको पानीको गुणस्तरलाई निर्मल र उच्चतमदेखि प्रदूषणको अन्तिमविन्दुसम्म गरेर प्रमुख ४ वर्गमा बाँड्न सकिन्छ । पहिलो वर्ग Saprobic WaterQuality (SWQ) मा अलिअली पनि प्रदूषण सहन नसक्ने जीवको विविधता भेटिने गर्छ भने दोस्रो वर्गमा हल्का रूपमा प्रदूषित भएको क्षेत्र पर्दछ, जहाँ मध्यम प्रदूषणलाई सहन गर्न सक्ने (Beta Mesosaprobic) जीव रहेका छन् । जसको सङ्ख्या र मात्रा पनि अधिक रहेको छ । तेस्रो समूहको प्रदूषणको वर्गमा धेरै प्रदूषण सहनसक्ने क्षमता भएका (Alpha-Mesosaprobic) जीवहरू रहेका छन् । यिनीहरूले स्वास प्रश्वासमा समेत असर गरिरहेका हुन्छन् । अन्तिमविन्दु र वर्गमा चाहीँ बहु प्रदूषणका चरणहरू सहन गर्नसक्ने जीवहरू (Poly-Saprobic) रहेका छन् । कुनै कुनै ठाउँमा तेस्रो वर्ग, दोस्रो तेस्रो वर्ग र तेस्रो चौँथो वर्गका मिश्रित जीवहरू रहेका हुन्छन् । यसरी पिँधमा रहनेदेखि माथिल्लो भागमा पाइने जीवले विविध विशेषता बोकेका हुन्छन् । यसका आधारमा निर्क्यौल निकाल्दा वागमतीको पानी निरन्तर रूपमा दूषित हुँदै गएको पुष्टी हुन्छ । (इसिमोडको प्रतिवेदन, २०७०)

विश्व स्वास्थ्य संगठनको प्रतिवेदनले Dissolved OxygenरBiochemical Oxygen Demand पानीमा कम्तीमा ५ मिलिग्राम प्रतिलिटर वा यसभन्दा माथि अक्सिजनको घुलनशीलता (DO) हुनुपर्दछ भन्ने मान्यता राख्दछ । त्यसैगरी International Symposium on Southeast Asian Water Environment, Vol. 11, 2014 अन्तर्गत Bagmati Basin Water Management Strategy and Investment Program का अनुसरा पानीमा अक्सिजनको घुलनशीलताको मात्रा जति बढी भयो त्यति नै पानीलाई गुणस्तरयुक्त मानिन्छ । पानीमा अक्सिजनको अधिकतम मात्रा क्रमश: पिउनका लागि ४ मिलिग्राम प्रतिलिटर, जलचरका लागि ६ मिलिग्राम प्रतिलिटर, कृषि र नुहाउनका लागि १० मिलिग्राम प्रतिलिटर हुनुपर्ने सो सम्मेलनले सिफारिस गरिएको छ । वर्षामासमा सुन्दरीजलको पानीमा अक्सिजनको घुलनशीलता (Dissolved Oxygen) ६-१० मिलिग्राम प्रतिलिटरको बीचमा छ, जुन विश्व स्वास्थ्य संगठनको मापदण्डअनुरूप रहेको छ । त्यसैगरी पानीको धमिलोपना (Turbidity NTU) २०-५० एन.टि.यु बीचमा, पानीको घुलनशिल अक्सिजन ५-७ मिलिग्रामर लिटर (DOmg/ l), बायोकेमिकल अक्सिजन ७ मिलिग्रामप्रतिलिटर (BOD-mg/l) केमीकल अक्सिजन डिसल्भड (COD) को मात्रा १० मिलिग्राम प्रतिलिटरसम्मको स्वीकार्य मापदण्ड मानेको छ ।

वागमती नदी तथा यसका सहायक नदीका गरी १० विभिन्न स्थानमा पानीको नमुना लिई समितिको प्रयोगशालामा परीक्षण गर्दा देखिएको पानीको गुणस्तर निम्नानुसार रहेको व्यहोरा सर्वसाधारणको जानकारीको लागि समितिले प्रकाशन गरेको छ । प्रकाशित विवरण अनुसार वागमतीनदीको पानीको २०७० को तुलनामा २०७५ मा पनि गुणस्तरमा सन्तोषजनक परिवर्तन आएको देखिएन ।

क्र स	नमूना पानी संकलन गरेको स्थल	पानीको धमिलोपना (Turbidity NTU)		पानीको घुलनशिल अक्सिजन मिलिग्राम/लिटर (DOmg/l)		केमिकल अक्सिजन डिमाण्ड मिलिग्राम/लिटर (CODmg/l)		बायोकेमिकल अक्सिजन मिलिग्राम/लिटर (BODmg/l)	
	साल/मिति बि.सं.मा	२०७०	२०७५	२०७०	२०७५	२०७०	२०७५	२०७०	२०७५
१	सुन्दरीजल	४	१४	९.३२	७.३	४.३९	१२	३	४

२	गोकर्ण	२८	१५०	६.६४	५.२	२५.८२	७२	१७	३०
३	गुह्येश्वरी	३०	७६	६.५५	१.६	३३.५१	४४	२२	१८
४	आर्यघाट	२५	८२	७.३४	१.४	३६.२३	६२	२४.४	२२
५	मिनभवन	१४७	२८०	०.९१	०	२८२..९	३१०	१९२.६	१५०
६	मनोहरा दोभान		३६६		०		२२४		१२४
७	थापाथली		३९२		०		३६४		२१०
८	सुन्दरीघाट		४०२		०		३७६		२६६
९	चोभार		३७२		०		४००		२१३

ईसिमोड(ICIMOD) ले सन् २०१३ अक्टोबरमा वागमती नदीको गुणस्तर मापनको लागि १५ मापदण्डको (Parameters)प्रयोग गरी सुन्दरीजल, गोर्कण, गौरीघाट, पशुपति, थापाथली, चोभार, रौतहट र ब्रम्हपुरीमा गुणस्तर मापनको अध्ययन गरेको थियो । सो अध्ययनले प्रयोग गरेको प्यारामिटरहरूमध्ये समितिले गरेको गुणस्तरको मापनमा प्रयोग गरेको मापदण्ड (Parameters) भन्दा घटी भएकोले सर्म्पूण प्यारामिटर तुलना गर्न नमिलेतापनि पानीको गुणस्तरमा अहम भूमिका रहेको BOD, CODर DOमात्र मापदण्डको (Parameters) को आधारमातुलना गर्दा देहाय स्थानहरूमा निम्नबमोजिम रहेको पाइयो :

स्थान	ICIMOD, 2013 (2069)			वागमती समिति, २०७६, मंसिर		
	Biological Oxygen Demand, (mg/l)r	Chemical Oxygen Demand, (mg/l)	Dissolved Oxygen, (mg/l)	Biological Oxygen Demand, (mg/l)r	Chemical Oxygen Demand, (mg/l)	Dissolved Oxygen, (mg/l)
सुन्दरीजल	१.३	४	७.९	१.६	१५	७.३
गोकर्ण	९	२५	५.६	१०	५६	५.९
गुह्येश्वरी	३५.३	४५	४.२	८	५४	३.५
पशुपति	३३.५	५०	३.९	१५	६४	३.७
थापाथली	६५	८८	०.५	१८७	३२५	०
चोभार	७९	१५०	३.२	१५६	२५०	०

उपर्युक्त तथ्याङ्कसँग हाल समितिले गरेको पानीको गुणस्तर परीक्षणको तथ्याङ्कमा खासै परिवर्तन आएको देखिँदैनर केही प्यारामिटरहरू झन् खस्किदो अवस्थामा रहेको छ । यसबाट स्पष्ट हुन्छ कि वागमती नदीको पानी केहीकेही स्थानमा स्नान र केही स्थानमा जलप्राणी र स्नानको लागि केही हदसम्म उपयुक्त भएको देखिए तापनि समष्टीगत रूपमा हालसम्म पनि वागमतीको पानी स्नानयुक्त हुन सकेको छैन ।

समितिले पानीको गुणस्तरमा BOD, COD, DO tyf Turbidity NTU, pH @ 25oC, Electrical Conductivity, (µmhos/cm), Total Hardness as CaCO3, (mg/l), Total Alkalinity as CaCO3, (mg/l), Ammonia, (mg/l), Nitrate, (mg/l), Nitrite, (mg/l), E. Coli Count, (MPN Index/100 ml), Iron, (mg/l), Manganese, (mg/l), Lead, (mg/l), Copper, (mg/l) जस्ता प्यारामिटरहरू समेत समावेश गरी कति समयावधिमा स्नानयुक्त पानीको गुणस्तरमा ल्याउने लक्ष्यको साथै स्नानयुक्त पानीको गुणस्तरमा पनि Recreation को लागिउपयुक्त हुने गरी Particle Contact को लागि आवश्यक मापदण्डहरू (Parameters) पुरा गर्ने लक्ष्य सहित समितिले कार्य गर्नसकेको छैन ।

त्यसको अतिरिक्त नदीमा ढल मिसाउने तथा फोहर फ्याक्ने प्रचलन एवं वागमती नदीमा लत्ताकपडा धुने पानी सिधै पठाउने जस्ता क्रियाकलाप गर्नेहरूलाई सजायको भागीदार बनाउन नसक्नु र उपर्युक्तरूपमा नागरिक समाज तथा वागमती नदीसँग आबद्ध सरोकारवालाहरूलाई एकीकृत गरी वागमतीको स्वच्छताको अभियान प्रभावकारी ढङ्गमा परिचालन गर्नेतर्फ समितिको गाम्भीर्यता नभएको कारणले गर्दा लक्ष्य निर्धारण गरे तापनि वागमती नदीको स्वच्छतालाई कायम गर्नमा सफल हुनमा प्रतिकूल असर परेको छ ।

सुझाउ - नदी किनाराको ढल निर्माण र फोहर प्रशोधन केन्द्र लगायतका पूर्वाधार निर्माण शीघ्र सम्पन्न गर्ने तथा नदीलाई प्रदुषित गर्ने क्रियाकलाप दण्डनीय बनाई कारबाही गर्ने र नागरिक समाज तथा वागमती

नदीसँग आवद्ध सरोकारवालाहरूबाट वागमतीको स्वच्छताको अभियान परीचालन गरी विश्व स्वास्थ संगठनको मापदण्ड अनुरूप नदीको स्वच्छता एवं गुणस्तर कायम गर्नुपर्दछ ।

२०. **सौन्दर्यीकरणका क्रियाकलाप -** वागमती सभ्यता एकीकृत विकास समिति गठन आदेश,२०७३को दफा ११ बमोजिम समितिले नदीको सुरक्षा तथा सुन्दरता अभिवृद्धिको लागि नदी किनारामा हरितक्षेत्र निर्माण गर्ने, नदी किनारामा गरीने विकास निर्माण तथा अन्य कामका सम्बन्धमा मापदण्ड तयार गरी कार्यान्वयनका लागि अन्य निकायमा लेखी पठाउने, निर्माण सम्पन्न भएका भौत्तिक पूर्वाधारहरूको नियमित सञ्चालन तथा मर्मतसंभार कार्यको लागि सम्बन्धितसरकारी निकायलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । नदीको स्वच्छता र सौन्दर्यकरणका सम्बन्धमा समिति तथा अन्य सम्बन्धित निकायहरूबाट सम्पादित कार्यको सम्बन्धमा देहायबमोजिम देखिएको छ :

२०.१. **वागमती नदी बेसीन सुधार आयोजना -** वागमती नदीको मुहान संरक्षण, जलाधार क्षेत्र संरक्षण, नदीको वातावरणीय सुधार तथा सौन्दर्यीकरणसम्बन्धी कार्यहरू गर्न वागमती नदी बेसीन सधार आयोजना कार्यान्वयनका लागि नेपाल सरकार र एशियाली विकास बैंकबीच ६ मार्च २०१४ मा ऋण सम्झौता भएको छ । आयोजनाको कुल लागत अमेरीकी डलर ३६ मिलियनमध्ये ऋण सहायता अमेरीकी डलर २५.५ मिलियन, अनुदान सहायता अमेरीकी डलर ४.५ मिलियन र नेपाल सरकारको स्रोततर्फ अमेरीकी डलर ६ मिलियन श्रोत व्यवस्था गरिएको छ । अगष्ट ३१, २०१९ भित्र आयोजना सम्पन्न गर्ने लक्ष्य रहेकोमा ९७ प्रतिशत अवधि समाप्त हुँदासम्म रु.२ अर्ब ४२ करोड ८१ लाख २१ हजार खर्च गरी ४१.८८ प्रतिशत मात्र भौतिक प्रगति गरेको छ । कृण सम्झौता भई कार्य सम्पन्न गर्न ढिलाईका कारण आयोजनाको अवधि १५ अक्टोबर २०२० सम्म म्याद थप भएको छ । सौन्दर्यीकरण कार्यक्रम अन्तर्गत भएका क्रियाकलापहरूको हालसम्मको प्रगति देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	इर्काइ	निर्माण सम्पन्न गर्नुपर्ने परिमाण	निर्माण सम्पन्न परिमाण	निर्माणाधिन परिमाण	प्रगति प्रतिशत	स्थान
१	उद्यान वा पार्क निर्माण	वटा	२८	१६	६	५७.१४	गोकर्ण देखि थापाथली सम्म
२	पैदल मार्ग	कि.मी	१२	८	–	६६.६७	गोकर्ण देखि सिनामंगल सम्म
२	साईकल मार्ग	कि.मी	१२	८	–	६६.६७	गोकर्ण देखि सिनामंगल सम्म
४	क्रियापुत्री घरहरू निर्माण	वटा	३		३	–	
५	पाटीहरू	वटा	८	१		१२.५०	गोकर्ण देखि गुहेश्वरी सम्म
६	दुवै किनारमा सौर्य बत्ती	वटा	८५९	४४७	४१२	५२.०४	गोकर्ण देखि थापाथली सम्म
७	घाट सुधार तथा निर्माण	वटा	१५	१२	३	८०.००	सुन्दरीजल देखि वल्खुसम्म
८	ऐतिहासिक मठ मन्दिर तथा सत्तलहरूको निर्माण वा जिर्णोद्धार	वटा	२६		२६	–	थापाथली देखि टेकु दोभानसम्म
	समग्र औसत प्रगति (%)					४१.८८	

आयोजनाको कुल अवधि ९७ प्रतिशत व्यतित हुँदा औसतमा ४१.८८ प्रतिशतमात्र कार्य सम्पन्न हुनाले समितिको कार्य दक्षतामा कमी रहेको इंगित गर्दछ। उपरोक्त कार्यहरू सम्पन्न गर्न ढिलाईले वागमती नदी किनाराको वातावरण स्वच्छ नहुनुका साथै वैदेशिक ऋणको सेवा शुल्क र निर्माण लागत समेत बढने सम्भावना रहेको छ ।

सुझाउ-तोकिएको समयावधिभित्र वागमती नदी सौन्दर्यीकरण कार्य सम्पन्न गर्न कार्ययोजना तथा समयतालिका संशोधन सहित नयाँ समयसीमा सहित कार्यतालिका तयार गर्ने र कुनकुन कार्य समानान्तर रूपमा सञ्चालन गर्नसकिने सोको विश्लेषण गरी CPM approach तयार गरीकार्यान्वयन गर्नुपर्दछ ।

२०.२. **संघ संस्थाहरूको सहभागिता -**विभिन्न संघ संस्था वा स्थानीय समुदायको सहभागितामा र लगानीमा वागमती नदी किनारमा उद्यान वाटिका निर्माण तथा हरियाली प्रवर्द्धन गर्नका २०७६ फागुन मसान्तसम्म विभिन्न ५५ समुदाय तथा संघ सस्थाबाट निवेदन प्राप्त गरेको थियो । सोमध्ये ३५ संघ संस्थासँग सम्झौता भएकोमा २४ संघ संस्थाले सम्झौता सम्पन्न गरेको, ८ संघ संस्थाले कार्य गरिरहेको, देहाका ३ संघ संस्थाले सम्झौता गरी काम शुरु नगरेको पाईयो:

संघ/संस्थाको नाम	सौन्दर्यीकरण कार्य गर्ने स्थान	संझौता मिति
नेपाल दशनामी समाज केन्द्रीय कार्य समिति, माइतीघर, काठमाडौं	का.म.न.पा वडा नं. १० सिट नं. १०२-११८६-१४ कि.नं. ७१४ को पूर्व पक्की सडक, पश्चिम कि.नं. ३३२, ३३३ उत्तर कच्ची सडक र दक्षिणमा कि.नं. ३९१ यी चार किल्ला भित्रको पूर्वतर्फबाट १-१-३-२ रोपनी क्षेत्रफल मध्ये ०-९-३-० रोपनी क्षेत्र	२०७१/१/१५
नेशनल भोलेन्टियर एसोशिएसन	वागमती नदीको पश्चिम किनार बानेश्वर क्याम्पस पुल देखि उत्तर सुकुम्बासी बस्ती नजिकको निलो पुल सम्म ९२ मि. लम्बाई ३ मि. चौडाइको २७६ वर्ग मिटर क्षेत्र	२०७०/१२/१३
निजि तथा आवासीय विद्यालय अर्गनाईजेशन नेपाल (प्याब्सन)	वागमती नदीको पूर्वी किनार भि.एस. निकेतन कलेज भवनको दक्षिण ६३ मि. लम्बाई, ६ मि. चौडाईको ३७८ वर्ग मिटर क्षेत्र	२०७१/४/३०

समितिले संघ संस्थाबाट काम गराउने कार्यविधि र सौन्दर्यीकरण कार्यको डिजाईन र मापदण्ड नतोकेको, सम्झौतामा कामको लागत नखुलाएको, कार्यसम्पन्न पश्चात् हस्तान्तरण र संरक्षणको व्यवस्था नगरेको, कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । एन.आर.एन.ले निर्माण सम्पन्न गरेको शंखमूल पार्क समितिमा आम्दानी जनाई समितिको निर्णयअनुसार संरक्षणको व्यवस्था सहित सम्बन्धित निकायलाई हस्तान्तरण गर्नुपर्नेमा सिधै ललितपुर महानगरपालिकालाई हस्तान्तरण गरिएको छ । निर्माण सम्पन्न भएको पार्क औपचारिक निर्णय बिना हस्तान्तरण गरिदा समन्वय, संरक्षण र अभिलेख व्यवस्थित हुने देखिएन । समितिबाट नियमित अनुगमनको कमीका कारण संघ संस्थाहरूबाट पार्क निर्माण कार्यमा ढिलाई भएको छ । साथै समितिले पार्कको मापदण्ड एवं डिजाईन तयार नगर्दा विभिन्न संघसस्थाहरूबाट तयार गरेको पार्कहरूमा एकरूपता नहुँदा नदी किनारको सौन्दर्य अपेक्षाकृत राम्रो नहुने अवस्था छ ।

सुझाउ-समितिले पार्क निर्माणको कार्यविधि तथा मापदण्ड तयार गरी सम्झौता र काममा एकरूपता कायम गर्नुका साथै नियमित अनुगमन गरी तोकिएको समयमा सम्बन्धितसंघ संस्थाहरूबाट काम सम्पन्न गराई सम्पन्न कार्यको संरक्षण र विकासको व्यवस्था सहित सम्बन्धित सरकारी निकायलाई हस्तान्तरण गर्नुपर्दछ ।

२०.३. **युएन पार्क -**संयुक्त राष्ट्रसंघको ५० सौं वार्षिक उत्सव मनाउने क्रममा वागमती नदी किनारको शंखमुल पुलदेखि टेकु दोभानसम्मको १ हजार ५ सय ७६ रोपनी क्षेत्रफलमा युएन पार्क बनाउने मन्त्रिपरिषदको २०५२।६।२६ को निर्णय अनुसार विकास समिति ऐन २०१३ बमोजिम एक उच्चस्तरीय संयुक्त राष्ट्रसंघ पार्क विकास समिति गठन गरी गुरुयोजना तयार भई कार्य गरिएको थियो । विभिन्न विकास समिति खारेज गर्ने सरकारको निर्णयसँगै यो पार्क निर्माण समिति पनि खारेज भएकोले केही समय निर्माणको काम रोकिएतापनि २०७५ आश्विनमा साबिक समितिको जिम्मेवारी सहित पार्क निर्माणको दायित्व अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितीले पाएको छ। वागमती नदी वरिपरीको सार्वजनिक जग्गाको संरक्षण गर्ने, भूक्ष्य नियन्त्रण गर्ने, वागमती नदीलाई फोहोर मैलाबाट जोगाउने, पार्क भित्र वातावरण मैत्री कार्यक्रमहरू सञ्चालन गरी पार्कलाई वातावरण संरक्षणको नमुनाको रूपमा विकास गर्ने उद्देश्य सहित शुरु भएको पार्क निर्माण कार्य २२ वर्ष वितिसक्दा पनि पुरा हुनसकेको छैन ।

सुझाउ - साबिक गुरूयोजनाको लक्ष्य तथा प्रगतिको मूल्याङ्कन गरी गुरुयोजनाबमोजिम पुरा गर्नुपर्ने कार्यहरू सम्पन्न गरी सम्बन्धित सरकारी निकायलाई हस्तान्तरण गरी दिगो सञ्चालनको व्यवस्था गर्नुपर्दछ ।

२०.४. **फोहोरपानी प्रशोधन केन्द्रको निर्माण -** उपत्यकामा भएको सहरीकरणलाई दृष्टिगत गर्दा झण्डै २३ लाख जनसंख्याबाट उत्पादित हुने दैनिक १३ करोड ८१ लाख लिटर फोहोरपानीको प्रशोधन गरी सन् २०२१ को मध्यसम्ममा पुनः नदीमा खसालिने लक्ष्य रहेकोमा सन् २०३० सम्म काठमाडौं उपत्यकामा जनसंख्या करिब ५७ लाख हुने प्रक्षेपणको आधारमा करिब ४९ करोड लिटर प्रतिदिन फोहोर पानी उत्सर्जन हुने अनुमानका साथ नदीको दायाँ बायाँ ढल प्रणाली र विभिन्न ठाउँमा फोहोरपानी प्रशोधन केन्द्रहरूको निर्माण गरी सञ्चालन गर्ने रणनीतिअनुरूप समितिले कार्य गर्नुपर्दछ । तथापि समितिले सोअनुरूप रणनीति बनाई कार्य अघि बढाउनसकेको छैन । ढल निर्माणको काय समितिले गरेतापनि प्रशोधन केन्द्र निर्माणको कार्य काठमाडौं उपत्यका खानेपानी लिमिटेड अन्तर्गतको आयोजना व्यवस्थापन निर्देशनालयले गरिरहेको छ । आयोजना

व्यवस्थापन निर्देशनालयले देहायबमोजिम ३ क्षेत्रमा ढल निर्माण गरी सञ्चालनमा ल्याउनुपर्ने गरी सम्झौता गरेकोमध्ये गुहेश्वरी ढल प्रशोधन केन्द्रको मात्र ९७.२५ प्रतिशत कार्य सम्पन्न भई सो प्रशोधन केन्द्र सञ्चालनमा ल्याउनसकेको छ। तर अन्य २ क्षेत्रमा निमार्ण गर्नुपर्ने ढल प्रशोधन केन्द्र समुचित प्रगति न्यून रहेको छ।

प्रशोधन केन्द्र	लागत	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	प्रगति प्रतिशत
गुह्येश्वरी ढल प्रशोधन केन्द्र निर्माण कार्य (दैनिक ३ करोड २० लाख लिटर)	२.५५ अर्ब (दश वर्ष सम्मको ओ एण्ड एम सहित)	सन् २०१६ अगस्ट १	सन् २०१९ डिसेम्बर ३१	९७.२५ प्रतिशत (सञ्चालन शुरु भएको)
सल्लाघारी, धोबीघाट तथा कोड्कु ढल प्रशोधन केन्द्र निमार्ण कार्य (दैनिक ६ करोड ८७ लाख लिटर)	३.९२ अर्ब (पाँच वर्षसम्मको ओ एण्ड एम सहित)	सन् २०१७ जनवरी २६	सन् २०१९ नोभेम्बर ६	१७.२४ प्रतिशत
धोबीघाट प्रशोधन केन्द्र निर्माण कार्य (दैनिक ३ करोड ७० लाख लिटर)	१.९६ अर्ब (पाँच वर्ष सम्मको ओ एण्ड एम सहित)	सन् २०१८ फेब्रुअरी २	सन् २०२० मार्च १४	८.१४ प्रतिशत

यससन्दर्भमा नदीको दायाँ बायाँ ढल प्रणाली र विभिन्न ठाँउमा फोहोर पानी प्रशोधन केन्द्रहरूको निर्माण गरी आयोजना कार्यान्वयन निर्देशनालयबाट उक्त कार्यमा यो वर्ष रु.१ अर्ब ५७ करोड १० लाख खर्च गरी ११.४६ प्रतिशतमात्र भौतिक प्रगति भएको जानकारी दिएको छ। वागमतीलाई स्वच्छ बनाउने लक्ष्य रहेपनि प्रशोधन केन्द्र निर्माणमध्ये सल्लाघरी, धोबी खोला तथा कोढकु खोला प्रशोधन केन्द्र निर्माणको म्याद समाप्त भएपनि प्रगति १७ प्रतिशतमात्र भएको र धोबीघाट प्रशोधन केन्द्रको समेत म्याद समाप्त हुने अवस्थामा ८ प्रतिशत प्रगति हुनुले कार्यसम्पादन दक्षतापूर्ण देखिँदैन। यसबाट ढल प्रशोधन केन्द्र निर्माण गरी वागमती सफा गर्ने लक्ष्य प्राप्त गर्न कठिनाई हुने देखिन्छ।

प्रशोधन केन्द्र समयमा सम्पन्न नभएको कारण अपेक्षित समयमा वागमती नदीको पानी प्रदूषण घटाई समितिको कार्यक्षेत्र अनुरूप कार्य अघि बढाउनमा समेत व्यवधान पुगेको छ। परिमाणस्वरूप, नदीको पानी बहाव वृद्धि गर्नमा समेत यसबाट प्रत्यक्ष प्रभाव पारेको छ। तसर्थ समितिको गठन आदेशले दिएका यस्ता प्रावधान समेत समितिबाट उचित ढङ्गमा अनुपालन नहुनुमा व्यवस्थापन तहबाट गाम्भीर्यतापूर्वक लिनुपर्दछ।

सुझाउ - समिति र काठमाडौं उपत्यका खानेपानी लिमिटेडले आपसी समन्वय गरी फोहोरपानी प्रशोधन केन्द्रको निर्माण कार्यको नियमित अनुगमन गरी शीघ्र सञ्चालन हुने व्यवस्था मिलाउनुकासाथै उपत्यकाको आवश्यकतालाई दृष्टिगत गरी थप फोहोर पानी प्रशोधन केन्द्रहरूको निर्माण प्रक्रिया थालनी गर्नुपर्दछ।

२१. **वागमती नदी सफाई अभियान -** समितिको कार्यक्षेत्र भित्र पर्ने नदीलाई प्रदुषित बनाउने कुनै किसिमको काम गरे गराएमा कानुनबमोजिम सजाय गर्न तथा सो कार्य निषेध गर्न सम्बन्धित निकायमा सिफारिस गर्नसक्ने व्यवस्था वागमती सभ्यता एकीकृत विकास समिति गठन आदेश,२०७३ को दफा ११ ले गरेको छ। वागमती र यसका सहायक नदीहरूमा प्रदुषण प्रमुख श्रोत उपत्यकाको सहर, बस्तीहरूबाट उत्सर्जित फोहर पानी, ढल, प्लाष्टिकजन्य र अन्य पदार्थहरूनै हुन। उद्योग, कारखाना, बस्ती, संस्थाहरूबाट उचित व्यवस्थापन नगरी फोहरलाई नदीमा निष्कासन गर्नाले वागमतीमा फोहरको मात्रा बढेको छ। वागमती नदी किनारलाई सफा र स्वच्छ राख्न नागरिकसमाज र विभिन्न क्षेत्रका अगुवाहरूको सहभागितामा २०७० जेष्ठबाट वागमती सफाई अभियान शुरु गरी प्रत्येक हप्ता नदीको विभिन्न स्थानमा सरसफाई गर्दै आएको छ। सफाई अभियानको ३५० सौं हप्तासम्म १२ हजार टन फोहोर नदीबाट निकाली व्यवस्थापन गरेको समितिले जनाएको छ।सफाई अभियानमा स्थानीय व्यक्ती र नागरिकसमाज सहभागी भई वागमती सरसफाईमा योगदान पुगी सकारात्मक नतिजा देखिएतापनि नदीमा फोहर फाल्न नियन्त्रण नहुदाँ, ढल निमार्णको कार्यहरू र फोहोरपानी प्रशोधन केन्द्रको निर्माणमा ढिलाईका कारण नदीको स्वच्छता असर गरेको छ।

सुझाउ - समितिले वागमती सफाई अभियानलाई निरन्तरता दिनुका साथै वागमती नदीमा नियमित अनुगमन गरी फोहोर फ्याँक्नेलाई सजायको भागीदार बनाउने र सफाईको दिगो व्यवस्था गर्नुपर्दछ।

२२. **वागमती सभ्यता कोषको परिचालन -** नेपाल सरकारद्वारा २०६५/६६ देखि काठमाडौ उपत्यकाभित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाहरू तथा गाविसहरूभित्र पारित हुने लिखतमा रजिष्ट्रेशन दस्तुर लिखतको थैली अङ्कमा शून्य दशमलव पाँच प्रतिशत (०.५ प्रतिशत) थप गरी वागमती सभ्यता कोषको लागि असुल गरिने व्यवस्था आर्थिक ऐन, २०६५ मा रहेको थियो । सो व्यवस्थामा उल्लेख भएअनुसार उपत्यकाका मालपोत कार्यालयहरूबाट शुल्क असुल भईरहेको छ । तथापि सो रकम यस समितिको कोषमा दाखिल भएको छैन ।२०७४/७५ सम्म उपत्यकाका मालपोत कार्यालय डिल्लीबजार लगायतका ८ मालपोत कार्यालयबाट उक्त कोषमा निम्नानुसार रु.७ अर्ब ४५ करोड ५६ लाख ४५ हजार जम्मा भएको जानकारी भूमी व्यवस्थापन तथा अभिलेख विभागले दिएको छ । तथापि आर्थिक ऐन, २०६५ तथा नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावनालाई कार्यान्वयन गर्न बनेको विधेयक अनुसार उक्त कोषको परिचालन भएको पाईएन । जुन उद्देश्यअनुसार जम्मा भएको रकम हो त्यसलाई समितिको वार्षिक आयव्ययमा समावेश गरी कार्यक्रमहरू छनौट तथा कार्यान्वनमा लैजानुपर्नेमा हालसम्म पनि गरेको पाइएन ।

क्र. सं.	आर्थिक बर्ष	वागमती सभ्यता शुल्क
१.	२०६५/६६ देखि २०७२/७२ सम्मको	२,७१,२२,३२,४७७
२.	२०७२/७३	९६,०७,२३,८१६
३.	२०७३/७४	१,२९,९५,१७,८६८
४.	२०७४/७५	१,३०,२३,४९,००३
५.	२०७५/७६	१,१८,०८,२२,०००
	जम्मा	**७,४५,५६,४५,१६४**

त्यसको अतिरिक्त अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति आदेश, २०७३ ले गरेको व्यवस्थाहरूको उचित ढङ्गमा पालना गर्ने समिति व्यवस्थापनको दायित्व तथा जिम्मेवारी हो । तर गठन आदेशको दफा २२ ले कोषको रकम समितिको उद्देश्य पूर्तिका लागि समितिको निर्णयअनुसार खर्च गरिने उल्लेख गरेको छ । तर समितिले आयोजनाको लागिरु.दश लाखबराबरकोफर्निचर लगायत अन्य सामानहरू र ३ सवारीसाधन उद्देश्य विपरीत सहरी विकास मन्त्रालयमा पठाएको छ । समितिको औचित्य सहितको निर्णय बिना एक प्रयोजनको लागि खरिद भएको सामानहरू अन्य निकायबाट भएको प्रयोग र अन्य निकायको खर्च आयोजनले व्यहोर्ने प्रचलन उद्देश्य अनुरूप भएको मान्न सकिएन । तसर्थ समितिको गठन आदेशमा दिएका यस्ता प्रावधान समेत समितिबाट उचित ढङ्गमा अनुपालन नहुनुमा व्यवस्थापन तहबाट गाम्भीर्यतापूर्वक लिनुपर्दछ ।

सुझाउ - वागमती सभ्यता शुल्क बापत प्राप्त रकम आर्थिक विवरणमा समावेश गर्ने र समितिको उद्धेश्य प्राप्तिकालागि कार्यक्रम बनाई कोषको रकम परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ ।

निष्कर्ष - पछिल्ला चार दशकमातीब्ररूपमा जनसंख्या वृद्धि र अव्यवस्थित सहरीकरण बढ्दै जानाले वागमती र यसका सहायक नदीहरूमा अतिक्रमण र प्रदुषण बढेको छ । वागमती नदी र यसका सहायक नदीहरूको उद्गमस्थलदेखि कटुवालदहसम्मको नदी प्रणाली प्रदुषण मुक्त गराई संरक्षण र सम्वर्द्धन गरी स्वच्छता, पवित्रता र सुन्दरता कायम गर्न अधिकार सम्पन्न "वागमती सभ्यता एकीकृत विकास समितिको गठन" भएको छ । उपरोक्त उद्देश्यपूर्तिका लागि पञ्चवर्षीय वागमती सुधार कार्ययोजना र वागमती नदी बेसिन सुधार आयोजनाहरू मार्फत वागमतीलाई स्वच्छ, सफा र हराभरा राख्ने कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । उपरोक्त कार्ययोजना र आयोजनाहरू अन्तर्गतकोरिडोर निर्माण, ढल निर्माण,फोहोरपानी प्रशोधन केन्द्र निर्माण, धाप बाँध निर्माण, वागमती बाँधको डिजाईन, फोहोरमौला व्यवस्थापन, पार्क निर्माण, शौर्यबत्ति जडान, नागरिक संघ संस्थाहरू परिचालन आदि कार्यक्रमहरू वागमती सभ्यता एकीकृत विकास समिति, जल तथा उर्जा आयोगको सचिवालय, सिँचाइ विभाग, खानेपानी तथा ढल निकास विभाग, काठमाडौं उपत्यका खानेपानी लिमिटेड,फोहरमैला व्यवस्थापन केन्द्र, स्थानीय तहहरू,विभिन्न संघ संस्थाहरूबाट सञ्चालन हुँदै आएको छ ।

वागमती नदी सफाई र सौन्दर्यीकरण कार्यक्रम कार्यान्वयनमा समितिले विभिन्न मन्त्रालय, विभाग तथा स्थानीय तहसँगको आवश्यक समन्वय गर्न नसकेको, अनुगमनको कमी, समितिको बैठक नियमितरूपमा नबसेको, जग्गा मुआब्जा विवाद, बजेटको अभाव जस्ता कारणहरूले गर्दा सन् २०१४ भित्र सम्पन्न हुनुपर्ने पञ्चवर्षीय सुधार कार्ययोजना थप ५ वर्ष व्यतित हुँदा समेत सम्पन्न नभएको, कोरिडोर,

ढल, धाप बाँध र फोहोरपानी प्रशोधन केन्द्रको निमार्ण सम्पन्न गर्न ढिलाई भएको छ । त्यसैगरी नागमतीबाँधको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनस्वीकृतिमा ढिलाई भएको, नदीको बहाव क्षेत्र संरक्षण गर्न नसकेकोर वागमती सभ्यता कोषको रकम निष्क्रिय रहेको, वागमती बेसिन सुधार आयोजनाको कुल अवधि ९७ प्रतिशत व्यतित हुँदा सौन्दर्यीकरण कार्यक्रममा ४१.८८ प्रतिशतमात्र कार्य सम्पन्न भएको अवस्था छ । वागमती नदी प्रणाली प्रदुषणमुक्त गराई संरक्षण र सम्वर्द्धन गरी स्वच्छता, पवित्रता र सुन्दरता कायम गर्न तयार गरिएका कार्यक्रमहरू सम्पन्न गर्न ढिलाई हुँदा कार्यक्रम लागत बढ्नुका साथै सहरबस्ती, उधोग, कारखानाको फोहोर सिधै नदीमा निष्काशन हुनाले वागमती र सहायक नदीको स्वच्छता विगतकोभन्दा राम्रो र विश्व स्वास्थ संगठनको मानदण्ड अनुरूप हुनसकेको छैन । त्यसैगरी नदी किनारमा सुन्दरता अभिवृद्धि लक्ष्य अनुरूप गर्नसकेको छैन ।

उपर्युक्त समस्याहरू समाधानका लागि समितिले सम्बन्धित निकायहरूबीच प्रभावकारी समन्वय गर्नुपर्ने, समितिको बैठक नियमितरूपमा सञ्चालन गर्ने, सुधार कार्य योजनाको बाँकी कार्य पुरा गर्न आवश्यक वित्तीय लगानी योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने, सम्बन्धित निकायहरूसँग समन्वय गरी मुआब्जा विवाद र निर्माण अवरोध समस्या सुल्झाई कोरिडोर र ढल निर्माण कार्य सम्पन्न गर्नुपर्ने, रीभर फल्सिङ्ग गेटवे र रीभर किल्निङ्ग मेसिनको जडान गर्ने कार्यक्रम तयारगरी कार्यान्वयन गर्नुपर्ने,वागमती नदीको बहाव परिवर्तनबाट प्राप्त हुनुपर्ने जग्गा यकिन गरी नदीको बहाव क्षेत्र संरक्षण गर्नुपर्ने, फोहोर प्रशोधन केन्द्र लगायतका सम्पन्न गर्नबाँकी कार्यहरू तोकिएको समायवधि भित्र सम्पन्न गर्न कार्ययोजना तथा समयतालिका संशोधन सहित नयाँ समयसीमा सहित कार्यतालिका तयार गर्ने र कुनकुन कार्य समानान्तर रूपमा सञ्चालन गर्न सकिने सोको विश्लेषण गरी CPM approach तयार गरीकार्यान्वयन गर्नुपर्ने, नदीलाई प्रदुषित गर्ने क्रियाकलाप दण्डनीय बनाई कारबाही गर्ने, नागरिकसमाज तथा वागमती नदीसँग आबद्ध सरोकारवालाहरूबाट वागमतीको स्वच्छताको अभियान परीचालन गर्नुपर्ने, विश्व स्वास्थ संगठनको मापदण्ड अनुरूप नदीको स्वच्छता एवं गुणस्तर कायम गर्नुपर्ने, समितिले पार्क निर्माणको कार्यविधि तथा मापदण्ड तयार गरी सम्झौता र काममा एकरूपता कायम गर्नुपर्ने, नियमित अनुगमन गरी तोकिएको समयमा सम्बन्धित संघ संस्थाहरूबाट काम सम्पन्न गराई सम्पन्न कार्यको संरक्षण र विकासको व्यवस्था सहित सम्बन्धित सरकारी निकायलाई हस्तान्तरण गर्नुपर्ने आदि सुझाउहरू कार्यान्वयनको लागि सिफारिस गरिएको छ ।

विद्युतीय सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रणालीको सूचना प्रविधि लेखापरीक्षण

परिचय

१. **परिचय -** यातायात व्यवस्था विभागले विद्युतीय सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता सम्बन्धी कार्यहरूलाई सजिलो भरपर्दो एवं विश्वसनीय रूपमा सम्पादन गर्न र चालक अनुमतिपत्रलाई स्मार्ट कार्डमा दिने व्यवस्थाको लागि विद्युतीय सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रणाली (Electronic Driving License and Vehicle Registration System, EDLVRS) विकास गरी सञ्चालनमा ल्याएको छ । विद्युतीय सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रणाली वेबमा आधारित प्रणाली हो । यस प्रणालीमा आवेदकले इन्टरनेट भएको जुनसुकै स्थान र समयमा पहुँच (Access) पाउँछन् । यसमा इलेक्ट्रोनिक ड्राइभिङ् लाइसेन्स र सवारी दर्ता प्रणाली गरी दुईवटा भाग (Components) रहेका छन्। यस प्रणाली अन्तर्गतको अनलाईन विद्युतीय सवारी चालक अनुमतिपत्र दर्ता प्रणाली विन्डोज सर्भर (Windows IIS Server) र डट नेट (NET), विभाग र कार्यालय प्रयोजनकालागि प्रयोग गरीने ईडिभिआरएस, जाभा तथा डाटावेश ओराकल (Oracale 12 g) प्लेटफर्ममा रहेको छ । साथै डाटावेशवाट डाटा एक्सेस (Read) गरी स्मार्ट कार्डमा प्रिन्ट गर्नकोलागि JAVA प्लेटफर्ममा डेस्कटप एप्लिकेशन सञ्चालन गरिएको छ । प्रणालीलाई विभागमा रहेको एप्लिकेशन सर्भर र डाटालाई सरकारी एकीकृत डाटा सेन्टरमा (जिआईडिसी) मा रहेको डाटावेश सर्भरमा सेटअप गरिएको छ । सबै यातायात व्यवस्था कार्यालय र ५ यातायात व्यवस्था सेवा कार्यालयहरूमा ईन्ट्रानेट मार्फत विद्युतीय सवारी चालक अनुमतिपत्र (EDL) प्रणाली सञ्चालन गरिएको छ । हालसम्म पनि एकीकृतरूपमा सञ्चालन गर्ने भनिएको सवारी दर्ता प्रणाली सञ्चालन गरिएको छैन ।

२. **कानुनी व्यवस्था -** कानुनी व्यवस्था अन्तर्गत सूचना प्रविधि विधेयक (संसदमा छलफलमा रहेको) विद्युतीय कारोबार ऐन २०६३ तथा नियमावली २०६४, दुरसञ्चार ऐन २०५३ रहेका छन् ।

३. **नीतिगत व्यवस्थाः** सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नीतिगत व्यवस्था अन्तर्गत सूचना तथा सञ्चार प्रविधि नीति २०७२, ब्रोडव्याण्ड नीति २०७१, दुरसञ्चार नीति २०६०, डिजिटल नेपाल फ्रेमवर्क २०७६, राष्ट्रिय विद्युतीय शासन गुरुयोजना, सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०६८, नेपाल सरकार इन्टरप्राईज आर्किटेक्चर (GEA), नेपाल सरकारका सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका २०७१, विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ रहेका छन् ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र पद्धति र सीमा

४. **लेखापरीक्षणको उद्देश्य -** यातायात व्यवस्था विभागले चालक अनुमतिपत्र तथा सवारी दर्ता सम्बन्धी कार्यहरू गर्न प्रयोग गरेको सूचना प्रविधि प्रणालीलाई सुरक्षित एवं विश्वसनीय बनाउन, गुणस्तरीय सेवा प्रदान गर्न तथा डाटा एवं सूचनाको सुरक्षा र गोपनीयता कायम राख्न अपनाईएको समग्र नियन्त्रण प्रणाली बारे आश्वस्तता प्रदान गर्नु सूचना प्रविधि लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ ।

५. **लेखापरीक्षणको क्षेत्र -** यातयात व्यवस्था विभागमा सञ्चालित चालक अनुमतिपत्र प्रदान गर्न प्रयोग गरिएको सूचना प्रबिधि प्रणालीवाट सम्पादन गरिने कार्यहरू, सूचना प्रविधि पूर्वाधार र हार्डवेयर तथा सफ्टवेयर प्रणालीको सुरक्षासँग जोडिएका विषयहरू लेखापरीक्षणमा समावेश गरिएको छ । सूचना प्रविधि लेखापरीक्षणमा विशेषगरी प्रणालीको सुरक्षित प्रयोगको लागि डाटा एवं सूचनाको विश्वसनीयता, प्रणालीको उपयुक्तता, सूचना तथा सञ्चार प्रविधि पूर्वाधार, जनशक्तिको व्यवस्थापन, कम्प्यूटर प्रणालीको कार्यदक्षता, सूचना प्रणालीको निष्पक्षता र गोपनियता, कानुनको परिपालना, प्रणालीको निरन्तरता जस्ता विषयहरूको अध्ययन गरी विश्लेषण एवं मूल्यांकन गरिएको छ।

६. **पद्धति -** सूचना प्रविधि लेखापरीक्षण गर्नको लागि यातायात व्यवस्था विभाग र अन्तर्गतका कार्यालयहरूमा भैरहेका सूचना प्रबिधि सम्बन्धि क्रियाकलापहरू, प्रयोग भएका सफ्टवेयर, हार्डवेयर, नेटवर्क, डाटा सेन्टर, प्रतिवेदन, दैनिक कार्यसम्पादनसँग सम्बन्धित सूचना एवं आर्थिक कारोबारसम्बन्धी विवरणहरू संकलन गरिएको छ। विवरण संकलनको लागि प्रश्नावली तयार गरिएको, आवश्यकतानसार निकायमा प्रयोग भएका

सफ्टवेयर, हार्डवेयर, नेटवर्क, डाटा सेन्टर आदिको स्थलगत निरिक्षण र परीक्षण गरिएको तथा सम्बन्धित अधिकारीहरूसँग छलफल एवं अन्तरक्रिया गरिएको थियो। लेखापरीक्षण सम्पन्न गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (INTOSAI), सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (ASOSAI) र Information Systems Audit and Control Association (ISACA) का मानक एवं सिद्धान्त लाई आधार लिइएको छ ।

७. **सीमा** - सूचना प्रविधि लेखापरीक्षणमा परीक्षण गरिने नमुनाको छनौट, मानवीय त्रुटि, प्राविधिक ज्ञानको कमी, सूचना प्रविधिको प्रयोगमा आउनसक्ने जटिलता एवं अनिश्चितता, पेशागत विवेकको प्रयोग, छोटो समयावधि, समयमै सूचना प्राप्त नहुनु र प्रणालीमा रहेका सबै किसिमका त्रुटी कमजोरी पत्ता नलाग्नु आदि कारणहरूले गर्दा लेखापरीक्षणमा अन्तर्निहित सीमितता रहन सक्छन् ।

लेखापरीक्षणबाट देखिएका ब्यहोरा

८. **व्यावसायिक आवश्यकताको पहिचान एवं अनुगमन -** विभागको कार्यक्षेत्र अन्तर्गत समय समयमा आउने व्यवसायिक एवं सूचना प्रविधिसँग सम्बन्धित नवीनतम सुधारका आवश्यकताहरूको पहिचान गरी सम्बोधन गर्न एक अधिकार प्राप्त उच्चस्तरीय समिति हुनुपर्दछ। समितिले कार्यसम्पादन अवस्थाको नियमित समीक्षा गरी सुधारको लागि प्रतिवेदन तयार गर्ने, बिकल्पको विश्लेषण गर्ने, प्राथमिकिकरण गर्ने र सुधारका कार्य शुरु गरी सोको नियमित अनुगमन गर्ने गर्नुपर्दछ। विभागले व्यावसायिक एवं सूचना प्रविधिसँग सम्बन्धित आवश्यकताहरूको पहिचान गरेको पाइएन। लेखापरीक्षणको क्रममा छुट्टै सूचना तथा सञ्चार प्रविधि निर्देशक समिति गठन भएको देखिएन। सूचना प्रविधि प्रणालीवाट प्रवाह गरिने सेवाहरूको कार्यसम्पादनको अवस्था अनुगमन गरी प्रतिवेदन पेश गर्ने गरेको पाइएन । सूचना प्रविधि निर्देशक समिति नहुँदा सूचना प्रविधिको माध्यमवाट हाँसिल गर्न खोजेको व्यवसायिक लक्ष्य तय गरी लागू गर्न सकिदैन ।

सुझाउ - विभागमा एक सूचना प्रविधि निर्देशक समिति गठन गर्नुपर्दछ। समितिले नियमित रूपमा व्यबसायिक आबश्यकताको अध्ययन गरी सुधारका रणनीति कार्ययोजना तयार गर्ने, श्रोत साधनको अधिकतम उपयोग गर्ने, सुरक्षण नीति निर्धारण गरी नियमित अनुगमन गर्ने ब्यबस्था मिलाउनुपर्दछ।

९. **सूचना प्रविधि रणनीति -** विभागको व्यावसायिक उद्देश्यलाई सूचना प्रविधिको माध्यमवाट पूरा गर्नको लागि आवश्यक पर्ने हार्डवेयर, सफ्टवेयर, नेटवर्क लगायतका सूचना प्रविधि पूर्वाधारहरूको बारेमा स्पष्ट रूपमा उल्लेख गरिएको सूचना प्रविधि रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्दछ । विभागले सूचना प्रविधि रणनीति तर्जुमा गरी लागू गरेको पाइएन। व्यवस्थापनसँग भएको छलफल अनुसार ईडिभिआरएस को कार्यान्वयनका लागि आयोजना कार्यान्वयन एकाइ (PIU) गठन भए पनि हाल यो निष्क्रिय रहेको पाइयो। रणनीतिक योजना विना प्रविधिमा गरेको लगानीको सदुपयोग गर्न कठिन हुन्छ । साथै सम्भाव्य जोखिमहरूको योजनाबद्ध रूपमा न्यूनीकरण वा व्यवस्थापन हुन नसक्दा ठूलो दुर्घटना हुनसक्छ (जस्तैः System Hack, Server Crash, Data Corruption आदि) ।

सुझाउ - विभागले सूचना प्रविधि प्रणालीसँग सम्बन्धित सबै किसिमका साधन श्रोतहरूको अधिकतम उपयोग एवं जोखिम व्यवस्थापनका लागि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१०. **प्रविधिको प्रयोगसम्बन्धी नीति र कार्यविधि -** विभागमा सूचना प्रविधिको भूमिका र जिम्मेवारीलाई उच्च प्राथमिकतामा राखि प्रमुख सूचना प्रविधि अधिकृतको नेतृत्वमा पर्याप्त दक्ष जनशक्ति सहितको निर्देशनालय वा महाशाखाको गठन गरी जिम्मेवार र उत्तरदायी बनाउनुपर्दछ । विभागको व्यावसायिक उद्देश्य अनुरूप सूचना प्रविधिको माध्यमवाट सेवा सुविधा प्रदान गर्नको लागि आवश्यक पर्ने नीति तथा कार्यविधिहरू लागू गर्नुपर्दछ। नीतिहरूमा सूचना प्रविधि सुरक्षण नीति जसले प्रणालीको अनाधिकृत पहुँचलाई नियन्त्रण गर्छ, प्रणालीको नियमित सञ्चालन र विपद व्यवस्थापन नीति तथा कार्ययोजना, सूचनाको गोपनियता, परामर्शदातावाट लिन सकिने कार्यहरू, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, व्याकअप (Backup), रिमोट पहुँच (Remote Access), आपतकालिन उद्धार (Incident Response), सूचना प्रविधि सम्बन्धी तालीम, प्रविधिको प्रयोगलाई स्वीकार्नुपर्ने लगायतका नीति तथा योजनाहरू पर्दछन् । विभागमा सूचना प्रबिधि शाखा रहेको भएपनि विभागको व्यावसायिक उद्देश्य अनुरूप प्रविधिको माध्यमवाट सेवा प्रवाह गर्न आवश्यक माथि उल्लेखित नीति, योजना तथा कार्यविधिहरू तर्जुमा गरी लागू गरिएको छैन । सूचना प्रबिधि प्रणाली सञ्चालनको लागि स्वीकृत नीति, योजना तथा कार्यविधिहरू नहुँदा सूचना प्रविधि प्रणाली र सम्बद्ध

पूर्वाधारहरूको प्रभावकारी रूपमा व्यवस्थापन एवं सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कार्यदिशाको अभाव हुन्छ । साथै सूचना प्रविधि प्रणालीको प्रभावकारिताको लागि अपनाउनुपर्ने व्यवस्थापकीय मापदण्डहरूको पालना हुन सक्दैन ।

सुझाउ - विभागले प्रविधिको माध्यमवाट प्रदान गरिने सेवा सुविधालाई प्रभावकारी बनाउनको लागि माथि उल्लेखित नीति, योजना तथा कार्यविधिहरू तर्जुमा गरी, अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई लागू गर्नुपर्दछ।

११. **मानव संसाधन विकास -** विभागको व्यावसायिक आवश्यकता (Business Needs) पूर्ति गर्नको लागि वर्तमान र भविष्यका आवश्यकताहरूलाई सम्बोधन गर्ने सूचना प्रविधिसँग सम्बन्धित जनशक्ति विकास योजना (Human Resource Development Plan) तयार हुनुपर्दछ । सूचना प्रबिधिमा काम गर्ने स्थायी कर्मचारीहरूको निरन्तरता सुनिश्चित गर्न समय समयमा उच्चस्तरीय तालिम तथा अभिमुखिकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ। विभागमा जनशक्ति विकास तथा तालिम अभिमुखिकरण कार्यक्रमको लागि योजना तर्जुमा गरी लागू गरिएको छैन । व्यवसायिक ज्ञान भएको जनशक्ति टिकाईराख्नका लागि कुनै खास व्यवस्था गरेको देखिएन । प्रणालीमा काम गर्ने कर्मचारीहरूको स्पष्ट कार्य विभाजन गरेको देखिदैन । पर्याप्त तालिम तथा प्रशिक्षण दिने गरेको पाईएन। विभागले आउटसोर्सिङ गर्न आवश्यक नीति बनाएको देखिएन। यसको बाबजुद कम्प्युटर प्रणालीको विकास र संचालनका लागि बाह्य सेवाप्रदायकसँग कार्यालय अत्यधिक मात्रामा निर्भर रहेको छ । सूचना प्रविधि शाखाका धेरैजसो कार्यहरू बाह्य सेवा प्रदायक (परामर्शदाता) वाट गर्ने गरेको पाइयो । जसले गर्दा सूचना प्रविधिको माध्यमवाट प्रदान गरिने सेवा सुविधाहरूलाई दिगो, प्रभावकारी एवं गुणस्तरीय बनाउन सकिदैन। कर्मचारीहरूको अभाव र कार्य विभाजन स्पष्ट नहुँदा केही कर्मचारी तथा परामर्शदातामा प्रणाली एवं डाटाको अत्याधिक र अनाधिकृत पहुँच हुन गई महत्वपूर्ण र गोप्य राखिनुपर्ने डाटा वा सूचनाको चोरी, फेरवदल लगायतका अनुचित कार्यहरू हुने जोखिम बढी हुन्छ । साथै कर्मचारीहरूले कार्यालय छाडने अथवा सरुवा हुने सम्भावना बढ्छ ।

सुझाउ - सूचना प्रविधिको क्षेत्रमा काम गर्ने दक्ष जनशक्तिको व्यवस्थापनको लागि जनशक्ति विकास योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ। आउटसोर्सिङ सम्बन्धी स्पष्ट नीति अख्तियार गरी बाह्य निर्भरता कम गर्दै लैजानुपर्दछ। परामर्शदातालाई विभागका महत्वपूर्ण डाटा अथवा सूचना (Core Business) मा पहुँच हुने गरी काम गर्न दिनुहुँदैन । पछिल्लो समय देखिएका सुरक्षा चुनौतीहरू (जस्तैः सफ्टवेयर ह्याकिङ, सूचना प्रविधि प्रणालीमा अनाधिकृत पहुँच, डाटा तथा सूचनाको चोरी आदि) को सामना गर्न सूचना प्रविधिमा दक्ष कर्मचारीहरूलाई उच्चस्तरीय प्राविधिक प्रशिक्षण (High Level Technical Training) को व्यवस्था गर्नुपर्दछ। तालीमलाई प्रभावकारी बनाउनको लागि दक्ष एवं अनुभवी प्रशिक्षक र सम्पूर्ण पूर्वाधार भएको कम्प्यूटर प्रयोगशाला (IT Lab) को व्यवस्था गरी तालीम सञ्चालन गर्नुपर्दछ ।

१२. **जोखिम विश्लेषण र परिपालना -** विभागले सूचना प्रविधिको प्रयोग गर्दा आँफ्नो व्यवसायसँग सम्बन्धित सबै किसिमका कानुन, नीति, नियम एवं विधि र प्रक्रियाहरूको पूर्णरूपमा पालना सूनिश्चित गर्न उपयुक्त संयन्त्रहरू (जस्तैः गुणस्तर परीक्षण समूह, आन्तरिक लेखापरीक्षण, स्थलगत निरिक्षण र चेकजाँच आदि) व्यवस्था गर्नुपर्नेमा गुणस्तर आश्वस्तता तथा परीक्षण, जोखिमहरूको स्वतन्त्ररूपमा विश्लेषण र मूल्याङ्कन गरेको छैन। सम्भाव्य जोखिमहरूको पहिचान गर्न सकिदैन र जोखिम नियन्त्रणको लागि अपनाईएका प्रयासहरू पनि प्रभावकारी हुन सक्दैनन् । जसको कारण विभागमा भैरहेका वा हुनसक्ने गलत क्रियाकलापहरू, सूचना प्रविधि प्रणालीमा आउन सक्ने चुनौतीहरू एवं गर्नुपर्ने सुधारका कार्यहरूको बारेमा व्यवस्थापन सचेत हुँदैन र दुर्घटना हुन सक्छ ।

सुझाउ - विभागले आँफ्नो कार्यसँग सम्बन्धित सबै किसिमका कानुन, नीति, नियम एवं विधि र प्रक्रियाहरूको पूर्णरूपमा पालना सम्बन्धमा स्वतन्त्र निकाय वा संयन्त्र मार्फत मूल्याङ्कन एवं परीक्षण तथा जोखिम बिश्लेषण गराई सुधार गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३. **परिवर्तन व्यवस्थापन (Change Management) -** सूचना प्रविधि प्रणालीसँग सम्बन्धित हार्डवेयर, सफ्टवेयर, नेटवर्क लगायतका उपकरणहरूको मर्मत संभार तथा प्रणालीको व्यवस्थापन एवं सञ्चालनको लागि अपनाईएका विधि, प्रक्रिया एवं प्रविधिको माध्यमवाट प्रदान गरिने सेवा सुविधाहरूमा कुनै किसिमको सुधार वा परिमार्जन गर्नुपरेमा औपचारिक प्रक्रिया (Formal Change Management Procedure) द्वारा गर्नुपर्दछ । परिवर्तन वा सुधारको लागि गरिएका मागहरूको समिक्षा गर्न, स्वीकृती दिन र परिवर्तन भएका

विषयहरूलाई सञ्चालनमा आउनुपूर्व आवश्यक चेकजाँच गरी स्वीकृत गर्न एक परिवर्तन अनुमोदन वोर्ड (Change Approval Board) गठन गरिनुपर्दछ। प्रणालीमा गर्नुपर्ने सुधार एवं परिवर्तन व्यवस्थापनका लागि कुनै मापदण्ड वा लिखित प्रक्रियाहरू निर्धारण गरेको पाईएन। तत्कालको आवश्यकता सम्बोधन गर्ने गरी (AD-hoc Manner) मा गर्ने गरेको पाईयो । सेवा प्रदायक (Consultant) ले प्रणालीमा परिवर्तन (Update) गरेपछि सोको बारेमा व्यवस्थापनलाई मौखिक रूपमा जानकारी गराउने गरेको पाइयो। सुधार गर्नुपर्ने मागको समीक्षा गर्न, सुधारको लागि स्वीकृती दिन र चेकजाँच गरी सञ्चालनमा ल्याउने अनुमति दिनको लागि Change Approval Board गठन गरिएको छैन। फलस्वरूप प्रणालीमा अनाधिकृत परिवर्तनहरू हुन सक्छन्। साथै सफ्टवेयर प्रणालीमा गरिएका सुधारका कार्यहरू (Update /Upgrade) को राम्रोसँग परीक्षण (Test) नगरी सञ्चालनमा ल्याएको अवस्थामा विभिन्न किसिमका त्रुटि एवं समस्याहरू देखापर्न सक्छन्।

सुझाउ - विभागले सूचना प्रविधि प्रणालीमा गर्नुपर्ने सुधार एवं परिवर्तनको लागि गरिने सम्पूर्ण कार्यहरूको लागि निश्चित विधि र प्रक्रियाहरू तर्जुमा गरी लागू गर्नुपर्दछ।

१४. **विपद् व्यवस्थापन योजना -** विभागले सूचना प्रविधिको माध्यमवाट प्रदान गर्ने सेवा सुविधामा कुनै किसिमको रोकावट हुन नदिई प्रणालीको निरन्तर सञ्चालनको व्यवस्था मिलाउनको लागि आवश्यक व्यवसायिक निरन्तरताको नीति बनाई लागू गर्नुपर्दछ । विभागले सूचना प्रविधि प्रणाली सञ्चालनका लागि सेटअप गरिएका सर्भर, डाटा स्टोरेज, नेटवर्क लगायतका उपकरणहरू राखिएको डाटा सेन्टरमा कुनै पनि बेला भुकम्प, बाढी जस्ता ठूला प्रकोपहरू (Disaster) आउन सक्छन् । जसले गर्दा महत्वपूर्ण डाटा, सूचना लगायत सम्पूर्ण प्रणालीनै नष्ट (Lost) हुनसक्ने भएकोले यसवाट बचाउनको लागि बिपद व्यवस्थापन योजना सहितको नीति कार्यान्वयन गर्नुपर्दछ । विभागले वैकल्पिक व्याकअप (Backup) को व्यवस्था गरेको हुनुपर्दछ ।विभागले विपद् व्यवस्थापनको लागि योजना तयार गरी लागू गरेको देखिएन। एप्लिकेशन सर्भरलाई विभागको परिसरमा राखिएको छ। एप्लिकेशन सर्भरमा एन्टिभाइरस जडान गरिएको छैन । डाटाबेस विभागको स्टोरेज सर्भरमा सेटअप गरी जिआईडीसीमा राखिएको छ । सेवाप्रदायकसँग गरिएको करार सम्झौतामा पनि व्यवसाय निरन्तरता नीति (BCP) र प्रकोप उद्दार योजना सम्वन्धि आवश्यक प्रतिवेदन उपलब्ध गराउने सम्वन्धि व्यवस्था गरेको पाइएन। यसले गर्दा विभागवाट सम्पादन हुने नियमित कार्यहरूमा अवरोध भएमा विभागले प्रवाह गर्ने व्यवसायसँग सम्बन्धित महत्वपूर्ण सेवा सुविधाहरू प्रभावित हुन जान्छन् । साथै सूचना प्रविधि प्रणाली एवं डाटाको क्षति भएमा समयमै पुनःस्थापना गर्न नसकिने वा कठिन हुने हुन्छ ।

सुझाउ - विभागले कम्प्युटर प्रणालीको निरन्तर प्रयोगमा आउन सक्ने जोखिमहरूको न्यूनीकरणका लागि व्यावसायिक निरन्तरता र विपद् व्यवस्थापन नीति तर्जुमा गरी लागू गर्नुपर्दछ ।

१५. **डाटा तथा सूचनाको सुरक्षा -** विभागमा डाटा एवं सूचनाको सुरक्षासम्बन्धी जोखिमहरूको रोकथाम गर्न वा दीर्घकालिन रूपमा व्यवस्थापन गर्न निश्चित प्रक्रिया निर्धारण गरेको हुनुपर्दछ । सूचना सुरक्षा नीति तर्जुमा गरी सम्बन्धित प्राविधिक एवं अन्य कर्मचारीहरूको भूमिका, जिम्मेवारी र कार्य विवरण लागू गरेको हुनुपर्दछ। सूचनाको सुरक्षा र गोपनीयताको लागि विभागले आवश्यकतानुसार कर्मचारी एवं सेवा प्रदायकसँग सम्झौता गर्नुपर्दछ। विभागसँग सूचना सुरक्षा सम्बन्धी जोखिम मूल्यांकन गर्ने छुट्टै संयन्त्र छैन । सूचना सुरक्षा नीति तर्जुमा गरेको देखिएन । सूचना सुरक्षाको लागि कर्मचारीहरूको भूमिका र जिम्मेवारी तोकिएको पाईएन। गोप्य राख्नुपर्ने सूचनाको संरक्षण गर्न आवश्यक नीति, नियम तर्जुमा गरिएको छैन। साथै गोपनीयताको स्तरअनुसार तथ्यांकको वर्गीकरण गरिएको छैन। सेवा प्रदायकसँग गोपनियता सम्बन्धि सम्झौता गरिएको छैन। जसले गर्दा महत्वपूर्ण र संवेदनशील डाटा एवं सूचनाहरू नष्ट हुन वा दुरूपयोग हुन सक्छन् ।

सुझाउ - सञ्चार तथा सूचना प्रविधि मन्त्रालय वा सूचना प्रविधि विभागसँगको सहकार्यमा स्थापित मापदण्ड अनुरूप विभागका सूचनाको सुरक्षा सम्बन्धी विषयलाई समेटी सूचना सुरक्षा नीति तयार कर्मचारीलाई जिम्मेबारी तोकिनुपर्दछ । सूचनाको सुरक्षाको लागि नीति तर्जुमा गरी लागू गर्नुपर्दछ । डाटा एवं सूचनाको संवेदनशीलता र गोपनीयतालाई लाई बिचार गरेर सूचनाको वर्गीकरण गर्नुपर्दछ । सेवाप्रदायकसँग संवेदनशील सूचना अनन्त कालसम्म गोपनीयता कायम राख्नुपर्ने शर्तहरू लागू गरिनुपर्दछ ।

१६. **सुरक्षा प्याच (Security Patches) -** सूचना प्रविधि प्रणालीसँग सम्बन्धित सफ्टवेयर एप्लिकेशन तथा डाटाबेसको सुरक्षा गर्न ठाउँ ठाउँमा सुरक्षा प्याच (समस्याको पहिचान र समाधानको लागि राखिने) हरू राख्नुपर्नेमा प्याच व्यवस्थापन नीति तथा प्रक्रिया निर्धारण गरेको छैन। कुनै कुनै ठाउँमा सुरक्षा प्याच तदर्थ रूपमा राखेको पाईयो। लागू गरिएका सुरक्षा प्याचको अभिलेख (Log) राखेको देखिएन। जसले गर्दा प्रणाली ह्ययाक भई डाटामा अनाधिकृत पहुँच हुने, सूचना हेरफेर हुनसक्ने तथा समग्र सफ्टवेयर प्रणालीनै अवरुद्ध हुने जोखिम बढाउँछ।

सुझाउ - विभागले सुरक्षा प्याच व्यवस्थापन नीति तयार गर्नुपर्दछ । व्यवस्थापनले हाल सञ्चालित अपरेटिङ सिस्टम, सफ्टवेयर एप्लिकेशन र डाटावेश नयाँ भर्सनमा छन् वा छैनन् यकीन गरी पुरानो भर्सनमा भए हुनसक्ने कमजोरी र जोखिमहरूको मूल्यांकन गरी रोकथाम गर्नुपर्दछ ।

१७. **फायरवाल (Firewall) -** सफ्टवेयर प्रणालीको सुरक्षाको लागि प्रणालीमा हुनसक्ने अनधिकृत प्रवेश (Intrusion) पत्ता लगाई सोको रोकथाम गर्ने उपकरण वा एप्लिकेशन (जस्तैः फायरवाल) प्रयोग गरिएको हुनुपर्दछ। विभागमा DAX फायरवाल प्रयोग गरेको पाइयो। एक सेवाप्रदायकसँग भएको सम्झौताको शर्त अनुसार १८ महिनासम्म फायरवाल निगरानी गर्न सेवा प्रदायक नै जिम्मेवार रहेको देखियो। तर १८ महिना पछिको अवधिको लागि फायरवाल निगरानीको व्यवस्था गरिएको छैन।बेभ सर्भर, HTTP प्रोटोकलमा चलिरहेको हुनाले सुरक्षित नरहेको पाइयो। सम्झौतामा (Secure Socket Layer) को प्रयोग गर्नुपर्ने प्रवधान रहेको छ। कुनै पनि कम्प्यूटरवाट टीम भियुअरमार्फत रिमोट पहुँच (Remote Access) दिने गरेको पाइयो। फायरवाल जडान गरिएता पनि एन्टिभाइरस जडान गरिएको पाइएन। असुरक्षित प्रोटोकल (TELNET) सार्वजनिक नेटवर्क (Public Network) मा चलिरहेको पाइयो। यस्तो अवस्थामा फायरवालले रोक्न सक्ने Malicious Attacks वाट पनि नेटवर्कलाई बचाउन सकिदैन।

सुझाउ - फायरवाल सेटअपका नियमहरू (Firewall Rules) लाई समय सापेक्ष अद्यावधिक गर्नुपर्दछ । कर्मचारीलाई फायरवाल निगरानीको लागि जिम्मेवारी दिनुपर्दछ। कुनै पनि किसिमको सञ्चार (Communication) गर्नुपर्दा सुरक्षित नेटवर्कवाट मात्र गरिनुपर्दछ ।

१८. **प्रणालीको कार्यसम्पादन -** कम्प्युटर प्रणालीको कार्यसम्पादनमा नतिजा दिने समय (Response Time), सेवा प्रवाह (Throughput), सूचना प्रविधिजन्य साधनस्रोतको उपयोग, ईन्टरनेट ब्याण्डवीड्थको उपयोग जस्ता विषयहरू समावेश गरिनुपर्दछ । विभागमा नेटवर्क सेवाहरू बाह्य सेवा प्रदायकवाट लिईएको छ । लेखापरीक्षण टोलीलाई नेटवर्क कहिले कहिले बन्द (Network Down) भएको थियो सोको प्रतिवेदन र सफ्टवेयर एप्लिकेशन मार्फत सम्पादन गरिएका कार्यहरूको अनुगमन तथा मूल्यांकन प्रतिवेदन उपलब्ध गराइएन। लेखापरीक्षणका क्रममा भएका छलफलवाट सेवा ग्राहीलाई प्रदान गरिने सेवा सुविधा प्रभावित हुने गरी प्रणालीमा अवरोध भएको समयावधि (System Down Time) उल्लेखनीय भएको पाइयो । लेखापरीक्षण अवधिमा अनलाईन सूचना प्रविधि प्रणाली (Online IT System) पुरै एक दिनभर सञ्चालनमा आएको थिएन । यस्तो समस्या बारम्बार दोहोरिने भए तापनि समस्याको वास्तविक कारण पहिचान हुन सकेको छैन । विभागलाई यातायात व्यवस्था कार्यालयहरूसँग ईन्ट्रानेट (L2 Connection) द्वारा जडान गरिएको छ र Multiprotocol Label Switching-MLPS VPN मार्फत सुरक्षित गरिएको छ। इन्टरनेटमा समस्या आएको अवस्थामा कुनै वैकल्पिक ईन्टरनेटको व्यवस्था गरेको पाईएन । सफ्टवेयर प्रणाली र ईन्टरनेट सुचारु हुँदा पनि विभागको कार्यसम्पादन ढिलो हुने गरेको पाइयो। यसको वास्तविक कारण पहिचान गरी समस्याको दीर्घकालिन समाधान खोजिएको छैन । यसबाट सूचना प्रविधि प्रणाली मार्फत प्रवाह गरिने सेवा प्रभावकारी भएन भने यसमा गरेको लगानी खेर व्यर्थ हुन जान्छ ।

सुझाउ - प्रणालीको प्रभावकारी कार्यसम्पादन र निर्वाध उपलब्धताको नजिकवाट अनुगमन निरीक्षण गरी नियमित प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नुपर्दछ । इन्टरनेट जडानमा केही समस्या हुँदा वैकल्पिक ईन्टरनेटको व्यवस्था हुनुपर्दछ ।

१९. **भौतिक सुरक्षा -** सबै किसिमका साधनश्रोत (हाडवेयर, सफ्टवेयर, नेटवर्क, डाटा, लिखित दस्तावेज आदी) हरूको अधिकारिक, अभिलेख (Log) राखिएको हुनुपर्दछ। अनाधिकृत व्यक्तिहरूले हेर्न र प्रयोग गर्न र आगो, बाढी, भूकम्प, विस्फोट, हुलदङ्गा र प्राकृतिक वा मानवीय कारणले हुनजाने विपत् वा यस्तै प्रकारका अन्य क्षतिहरू हुन नदिन भौतिक नियन्त्रण एवं सुरक्षाको राम्रो व्यवस्था गरिनुपर्दछ । भौतिक सुरक्षा मापदण्डरकार्यविधि तर्जुमा गरिएको छैन । परिसरमा प्रवेश गर्ने व्यक्तिको अभिलेख राख्ने गरिएको छैन ।

विभागमा टर्मिनलहरू (कम्प्युटरमा पहुँच हुने किवोर्ड र स्क्रिन सहितको विद्युतीय उपकरण) सुरक्षितरूपमा (प्रयोगकर्ता बाहेक अरुले नदेख्ने गरी) राखेको पाइएन । कोठा धुलाम्य भएको, केबल ट्याग नगरिएको, फायरवाल (Cyber Roam) जडान नगरिएको, बैकल्पिक एप्लिकेशन सर्भर नराखिएको, सर्भर राखिएको कोठामा आगो निभाउने उपकरण नभएको, सर्भर राखिएको सतह माथि नउठाईको र कोठामा एउटा मात्र ढोका रहेको पाइयो। जिआईडिसीको डाटा सेन्टर साईटको अवलोकन गर्दा केन्द्रको तापक्रम २६ डिग्री सेल्सियसमा राखेको (२०-२४ डिग्री हुनुपर्ने) पाइयो । तापमान र आर्द्रताको मापन गरिएको थिएन । काठको टेबल, तेल र ग्रीज जस्ता ज्वलन्त वस्तुहरू डाटा केन्द्रमा राखिएका थिए। हार्डवेयरहरू पुनः जडान गर्दा वा लिलामी गर्दा डाटा सुरक्षित रूपमा मेटाइएको कुरा सुनिश्चित गर्न कुनै प्रक्रिया निर्धारण गरिएको छैन। कमजोर भौतिक सुरक्षा नियन्त्रणले विभागको सूचना प्रविधिसँग सम्बन्धित उपकरण, सफ्टवेयर र डाटामा नोक्सानी पुऱ्याउन सक्दछ ।

सुझाउ - विभागले डाटा सेन्टर भएको भवन परिसरमा प्रवेश गर्ने व्यक्तिको अभिलेख राख्नुपर्दछ । गोप्य तथ्याङ्क प्रशोधन (Sensitive Data Manipulation) गर्ने टर्मिनलहरूको स्क्रिन अनाधिकृत व्यक्तिले नदेख्ने गरी राख्नुपर्दछ । हार्डवेयर पुनः जडान वा लिलाम गर्नुभन्दा पहिले त्यहाँ भएका तथ्यांकलाई स्थायी रूपले मेटाउने अथवा धुल्याउने गर्नुपर्दछ ।

२०. **पहुँच नियन्त्रण (Access Control) -** प्रयोगकर्ताको जिम्मेवारी अनुसार प्रणालीमा पहुँच सुनिश्चित गर्नको लागि स्पष्ट नीति हुनुपर्दछ । नयाँ कर्मचारी नियुक्ति वा पदस्थापन हुँदा शुरुमै अभिलेख राख्ने, स्वीकृत गर्ने र प्रणालीमा पहुँच दिने र अवकाश हुने कर्मचारीहरूको पहुँच अधिकार पुनः सक्रिय गर्न नमिल्ने गरी निष्क्रिय गर्नुपर्दछ । व्यावसायिक प्रक्रियाको स्वामित्व कार्यालयमै रहनुपर्दछ । विभागमा सूचना प्रविधि पहुँच सम्बन्धी नीति वा प्रक्रियाको निर्धारण गरिएको छैन । यातायात व्यवस्था कार्यालयको लागि प्रशासनिक अधिकारी (Administrative User) विभागका कम्प्युटर इन्जिनियरद्वारा सृजना गरिन्छ । त्यस पश्चात कार्यालय प्रमुखद्वारा कर्मचारीका लागि प्रयोगकर्ता (Username and Password) सृजना गरिन्छ । नियुक्ति पत्र रुजु गरी केन्द्रीय कार्यालयमा सर्वाधिकार प्रयोगकर्ताले (Superuser) नयाँ कर्मचारीको भूमिका तोक्दछ । एउटा कार्यालयवाट अर्को कार्यालयमा सरुवा भएमा प्रणालीबाट पहुँच निस्क्रिय गराई कर्मचारीले पदबहाली गर्ने कार्यालयमा रमाना पत्रको आधारमा पहुँच प्रदान गरिन्छ । यद्यपि, सरुवा भएको एउटा कर्मचारीको पहुँच कायमै रहेको पाइयो । प्रणाली (EDLVRS) को सोर्स कोड अझै विभागलाई हस्तान्तरण गरिएको छैन । सेवा करार सम्झौतामा विश्वसनीय तेस्रो पक्षको एस्क्रो एकाउण्ट (Escrow Account) मा सोर्स कोड राख्ने बारे कुनै प्रावधान रहेको छैन । अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच बढ्न सक्छ । आधिकारिक व्यक्तिले पनि चाहिनेभन्दा बढी पहुँच पाउन सक्छन् । यी दुवैको कारणले तथ्याङ्कको गोपनीयता र Intigrity जोखिममा पर्न सक्छ ।

सुझाउ - पहुँच नियन्त्रण सम्बन्धमा स्पष्ट नीति हुनुपर्दछ । तयार गरिएको प्रणालीको सोर्स कोड विभागले प्राप्त गरी सुरक्षित राख्नुपर्दछ ।

२१. **पासवर्ड (Password) -** प्रणाली प्रशासक (System Administrator) र सामान्य प्रयोगकर्ताहरूको लागि पासवर्ड नीति तयार गरी लागु गरेको हुनुपर्दछ। हार्डवेयर र सफ्टवेयरमा सेट भएका (Saved) पासवर्डहरू परिवर्तन गरिनु पर्दछ । पासवर्ड सेट गर्दा सजिलो अक्षरहरू (Plain Text) र चलन चल्तिमा प्रयोग भैरहने नाम तथा शव्दहरू राखिनु हुँदैन । पासवर्ड सम्बन्धी नीति तयार गरी लागु गरेको पाईएन । नयाँ प्रयोगकर्ता सेटअप गर्दा प्रयोगकर्ताले राख्नुपर्ने पासवर्ड कमजोर हुँदा पनि प्रणालीले स्वीकार गरेको पाइयो । प्रयोगकर्ताले पहिलो पटक सिस्टममा लगईन गर्दा पासवर्ड परिवर्तन गर्न अनुरोध गर्ने प्रक्रियालाई अनिवार्य गरिएको छैन । सुरक्षित पासवर्ड अभ्यासको अभावले अनधिकृत पहुँच र प्रणाली एवं डाटाको असुरक्षा हुन जान्छ ।

सुझाउ - विभागले अन्तर्राष्ट्रिय उत्तम अभ्यास अनुशरण गर्ने पासवर्ड नीति अपनाउनु पर्दछ । लोअर र अपर केश, नम्बर र सिम्बल सहितको आठ अङ्कको पासबर्ड हुनुपर्दछ ।

२२. **प्रणाली भित्रको लग ईन -** प्रणालीको सुरक्षा गर्न लगईन र लग आउट प्रक्रिया निर्धारण गरेको हुनुपर्दछ । कुनै प्रयोगकर्ताले तोकिएको भन्दा बढी पटक प्रणालीको पहुँच लगईन र लग आउट पाउन असफल प्रयास गरेमा उक्त प्रयोगकर्तालाई स्वतः निस्क्रिय गराईनुपर्दछ । लगईन र लग आउट नीति तयार गरी कार्यान्वयन गरेको पाईएन । तोकिए भन्दा बढीपटक असफल लगईन प्रयास गरेपछि प्रयोगकर्ताको एकाउन्ट स्वतः

निस्क्रिय हुने व्यवस्था लागु गरिएको छैन जसले गर्दा प्रणालीमा ब्रुट फोर्स अट्याक (Brute Force Attack) जस्ता जोखिम रहने देखिन्छ ।

सुझाउ - विभागले लगईन र लग आउट कार्यविधि बनाएर लागू गर्नुपर्दछ । केही पटक असफल लगईन प्रयासहरूपछि खाता स्वत: निष्क्रिय हुने सूचना सहित स्वचालित रूपमा प्रयोगकर्ताहरूलाई इमेल पठाउने प्रणाली हुनुपर्दछ ।

२३. **सेवा प्रदायक र करार अनुगमन -** प्रत्येक सेवा प्रदायकसँग करार संझौता गरिएको हुनुपर्दछ। सेवा प्रदायकसँग लिईने सेवाहरूको अनुगमनको व्यवस्था हुनुपर्दछ। सम्झौता मार्फत सेवाको गुणस्तर सुनिश्चितता गरिएको हुनुपर्दछ। सेवा सम्झौताका प्रावधानहरू कार्यान्वयन नहुँदा उचित कारबाहीको व्यवस्था गर्नुपर्दछ । ईडिएलभिआरएसको निर्माण गर्न विदेशी सेवाप्रदायकसँग बाह्यसेवा प्राप्त गरिएको छ। सेवा करार सम्झौताको खण्ड ४.२ को कार्यसम्पादन मानकमा, सेवाको कार्य सम्पादनको मापन (Performance Matrix) तोकिएको छ। यद्यपि, सोको अनुगमन गरी सुधारात्मक कदम चालिएको छैन । ईडिएलभिआरएसको लागि सेवा सम्झौता (Service Level Agreement- SLA) सेप्टेम्बर २०१३ मा गरिएको थियो । सो सम्झौताको करार अवधि १५ महिनाको रहेको थियो । पटक पटक नवीकरण भई ईडीएल खण्डको आधिकारिक स्वीकृति प्रदान गरिएको छ । सम्झौताको भिआरएस खण्ड अझै अपूरो छ । समयमा कार्य सम्पन्न नहुँदा करारको खण्ड २८ बमोजिम क्षतिपूर्ति दाबी गरिएको छैन । सेवा सम्झौताको खण्ड ५.२.८ अनुसार एन्टिभाइरस, एडवेयर र मालवेयर सफ्टवेयर सर्भरमा जडान गर्नुपर्ने उल्लेख गरिए तापनि एप्लिकेशन सर्भरमा एन्टिभाइरस जडान गरिएको छैन। सेवा सम्झौताको खण्ड ४.६ मा प्रणाली निष्क्रिय रहनसक्ने समय (Down-Time) र सो उल्लंघन भएमा दण्डहरूको व्वस्था गरिएता पनि सो समयको अनुगमन गरिएको छैन । यसबाट प्रणालीको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी बनाउन सकिदैन ।

सुझाउ - विभागले सेवाप्रदायकलाई सम्झौता भएका प्रमुख कार्यहरूको कार्य सम्पादन मापन (KPIs) को प्रतिवेदन नियमित बुझाउन लगाउनुपर्दछ र उच्च कार्यसम्पादन स्तर कायम गर्नका लागि अनुगमन, आन्तरिक रिपोर्टिङ र सुधारात्मक व्यवस्थाहरूको कार्यान्वयन गर्नुपर्दछ ।

२४. **इनपुट तथा त्रुटि व्यवस्थापन -** प्रबिष्टी हुने तथ्याङ्कमा त्रुटी नहुनेगरी नियन्त्रण कायम गरिनुपर्दछ । डाटा ईनपुट प्रक्रियाहरू प्रयोगकर्ताहरूले बुझ्ने हुनुपर्दछ। ऐप्लिकेशनमा डाटा प्रविष्टि हुनु अघि उचित लगिङ र स्रोत कागजातहरू (Source Document) को रेकर्ड राखेको हुनुपर्दछ । हरेक कारोवारको विशेष क्रम संख्या प्रदान गरिनुपर्दछ। असङ्गत डाटालाई एप्लिकेसनले अस्वीकार गर्नुपर्दछ । वैधिकरण मापदण्ड समयानुकूल, उपयुक्त र आधिकारीक तरिकाले अपडेट गर्नुपर्दछ । विभागको एप्लिकेशन आईडि विशेष प्रकारको भए तापनि, एउटै एप्लिकेसनबाट धेरै प्रकारका प्रविष्टिहरू गरिएका छन्। पहिले नै प्रणालीमा लग इन गरेका प्रयोगकर्ताले अर्को कम्प्युटरबाट प्रणालीमा पुन लगइन गर्दा सो प्रयोगकर्ताको अघिको लगइन निष्क्रिय हुदैन । नागरिकता लगायत विशेष परिचय पत्रको आधारमा जाँचपश्चात मात्र दर्ता गर्न अनुमति दिनुपर्नेमा एउटा आवेदकले एकै समयमा दुई पटक प्रणालीमा दर्ता गरेको देखियो । वैधिकरण जाँचहरू उचित रूपमा कन्फिगर(Configure) गरिएको छैन । उदाहरणको लागी एक व्यक्तिको इजाजत पत्र जारी भएको मिति २०६१।६।१२ देखाउँछ तर लाइसेन्स नवीकरणमा २०६०।०५।२४ मा देखाउँछ । गलत र अनुचित डाटा प्रणालीमा प्रविष्ट गर्न सकिने हुनाले प्रणालीले लक्षित उद्देश्य प्राप्त गर्न सक्दैन ।

सुझाउ - विभागले वैधिकरण नियन्त्रणहरू प्रभावकारी बनाइनु पर्दछ । इनपुटमा नियन्त्रणको लागि सत्र (Session) लग आउट उचित रूपले राखिएको हुनुपर्दछ ।

२५. **प्रशोधन (Processing)** सेवा प्राप्त गर्ने क्रममा सेवा प्राप्त गर्ने प्रकृयाको असामान्य समाप्ति (Process Termination) भएको खण्डमा पुन प्राप्ति र पुन: पेश गर्ने प्रक्रिया प्रणाली अद्यावधिक गरेको हुनुपर्दछ । एप्लिकेशनले पूर्णता, डाटा सत्यता, वैधता र विश्वसनीयता प्रदान गर्नुपर्दछ । यातायात व्यवस्थापन कार्यविधि निर्देशिकाको खण्ड १२.१३ मा एक पटक प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण भएका परीक्षार्थीले लिखित परीक्षा उत्तीर्ण भएको ९० दिनभित्र पुन: दुई पटक तोकिएको दस्तुर तिरी प्रयोगात्मक परीक्षा दिन पाउने छ भनी उल्लेख गरिएको छ । तर प्रणालीले सो समयावधि प्रयोगकर्ताले दर्ता गरेको मितिदेखि गणना गर्दछ । इजाजतपत्र ५ वर्षसम्म नवीकरण नगरिएमा प्रणालीले स्वत: सो इजाजतपत्र रद्द गर्नुपर्दछ । तथापि प्रणालीमा सो सम्बन्धी कुनै व्यवस्था रहेको देखिएन । सफ्टवेयरमा अंकगणितीय हिसाबमा त्रुटि देखिएको

छ । उदाहरणका लागि, २८५०० लाई ५०० देखाउँछ।नयाँ दर्ता श्रेणी "ए" मा गरिएको भए तापनि रसिद र बिलमा श्रेणी बी देखियो । गलत डाटा प्रशोधनले प्रणालीको विश्वसनीयता घटाउँछ ।

सुझाउ - असंगतिहरू सुधार गर्नका लागि ईडिएलभिआरएस को प्रयोगकर्ता स्वीकार्य परीक्षण (User Acceptance Test-UAT) ् सफ्टवेयर लेखापरीक्षण गराउनुपर्दछ ।

२६. **नतिजा -** एक वित्तीय प्रणालीबाट अर्को वित्तीय प्रणालीमा रेकर्डहरू पोस्ट गर्दा दोस्रोका ईनपुट पहिलेको आउटपुटसँग मिल्ने हुनुपर्दछ । प्रणालीहरूबीच तथ्याङ्क स्थानान्तरण हुँदा नमिल्ने सुचना तथा तथ्याङ्कलाई पहिचान गरी अनुसन्धान र सुधार गरिनुपर्दछ । एप्लिकेशनको रिपोर्टिंग प्रणाली कमजोर रहेको पाइयो । सुपर प्रशासक (Super Admin) ले युजर, लग इन (User Login) आदिको अडिट ट्रेल हेर्ने व्यवस्था एप्लिकेशनमा नभएकोले सोको निगरानी हुन सक्दैन । खोजी गर्दा (सर्च अप्सनमा) नाम वा मापदण्ड धेरैसँग मेल खाए पनि केवल १० रेकर्डहरू मात्र देखाइन्छ र अन्य मेल खाने रेकर्डहरू देखाईँदैन । प्रयोगकर्ता (User) अनुसार खाता रिपोर्टले नयाँ अनलाइन दर्ता गरिएको हो वा पुनः ट्रायल दर्ता (रजिष्ट्रेसन) हो भनी देखाउँदैन । रिपोर्टमा विषयहरूको दोहोरोपना भएको पाइयो। उदाहरणको लागि कुनै ड्राइभर परीक्षा उत्तीर्ण भएमा उसको नाम ट्रायल परीक्षाको तालिकामा दुई पटक भएको पाईयो । लिखित परीक्षाको तालिकामा पनि दोहोरो नाम रहेको पाईयो। अनलाईन सफ्टवेयर र राजश्व व्यवस्थापन सूचना प्रणाली बीच हिसाब मिलान गरेको पाइएन। राजस्व संकलनको एकीकृत रिपोर्ट प्रणालीबाट प्राप्त गर्न सकिँदैन।परीक्षाको विवरणमा एउटै व्यक्ति विभिन्न मितिमा दुई पटक पास भएको देखिन्छ । साथै यसको परीक्षा मिति खण्ड खाली रहेको छ । एउटै परिक्षार्थीले विभिन्न कार्यालयमा एउटै समयमा आवेदन गर्दापनि प्रणालीले रिजेक्ट गर्दैन । कमजोर रिपोर्टिंगले सेवारकार्यक्षमतालाई अप्रभावी तुल्याउँदछ। संकलन भएको राजस्व र राजश्व व्यवस्थापन सूचना प्रणालीका रेकर्डहरू मिलान गर्ने प्रणालीको अभाव हुँदा यकिन नहुने तथा हिनामिन हुनसक्ने अवस्था देखियो ।

सुझाउ - विभागले प्रणालीको रिपोर्टिङमा सुधार गर्नुपर्दछ। प्रणाली र राजस्व सूचना व्यवस्थापन प्रणालीको आँकडा हिसाब मिलान गरिनुपर्दछ ।

२७. **भल्नरेविलिटी मूल्याङ्कन र पेनिट्रेशन परीक्षण (VAPT) -** विभागले नेटवर्क र प्रणालीहरूको भिएपीटी नियमित रूपमा गर्नुपर्दछ। भिएपीटी मार्फत पहिचान भएका जोखिम र कमजोरीहरू कम गर्न र समाधान गर्न सुधारात्मक कदम चालिनुपर्नेमा विभागले भिएपीटी गरेको पाइएन। सूचना प्रविधि विभागद्वारा भलनरेबिलीटी परीक्षण गराइएको भए तापनि सोको प्रतिवेदन लेखापरीक्षण टोलीलाई उपलब्ध गराइएन । यसको अभावमा सबै सुरक्षा जोखिमहरू पत्ता लगाउन सकिँदैन र सुरक्षा जोखिम आउनुभन्दा अगावै निरोधात्मक उपायहरू लागू गर्न सकिँदैन ।

सुझाउ - आवधिकरूपमा भिएपीटी गरी जोखिम पहिचान गरी व्यवस्थापन वा न्यूनीकरण गर्नुपर्दछ ।

२८. **प्रयोगकर्ता स्वीकृति परीक्षण -** विभागले सबै नयाँ कम्प्युटर प्रणालीहरूको स्वीकृति अघि प्रयोगकर्ता स्वीकृति परीक्षण (User Acceptance Test (UAT) भएको हुनपर्दछ।अन्तिम प्रयोगकर्ताहरू सक्रिय रूपमा परीक्षण प्रक्रियामा संलग्न रहेको हुनुपर्दछ र अन्तिम प्रयोगकर्ताहरूले स्वीकृति औपचारिक रूपमा लिएको हुनुपर्दछ । विभागको सफ्टवेयर स्वीकृत हुनुभन्दा पहिले प्रयोगकर्ता स्वीकृति जाँच गराइएको पाईएना।यसको अभावमा लागू गरिएको प्रणालीले प्रयोगकर्ता तथा सेवाग्राहीका आवश्यकता पूरा गर्दैन र सुरक्षित नियन्त्रण वातावरण प्रदान गर्दैन ।

सुझाउ - सफ्टवेयर परिवर्तन र स्तरोन्नतिका लागि प्रयोगकर्ता स्वीकृति जाँच (UAT) गरिनुपर्दछ।

२९. **निष्कर्ष –** विद्युतीय सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता सम्बन्धी कार्यहरूलाई सजिलो भरपर्दो एवं विश्वसनीय रूपमा सम्पादन गर्न र चालक अनुमतिपत्रलाई स्मार्ट कार्डमा दिने व्यवस्थाको लागि विद्युतीय सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रणाली (Electronic Driving License and Vehicle Registration System, EDLVRS) विकास गरी एकीकृतरूपमा सञ्चालन गर्ने भनिए पनि सवारी दर्ता प्रणाली सञ्चालन हुन सकेको छैन ।

लेखापरीक्षणको क्रममा व्यावसायिक एवं सूचना प्रविधिसँग सम्बन्धित आवश्यकताहरूको पहिचान नगरेको, सूचना तथा सञ्चार प्रविधि निर्देशक समिति गठन नभएको,सूचना प्रविधि रणनीति, नीति,

कार्यविधि तर्जुमा गरी लागू नगरेको, बाह्य सेवाप्रदायकसँग कार्यालय अत्यधिक मात्रामा निर्भर रही धेरैजसो कार्यहरू बाह्य सेवा प्रदायक (परामर्शदाता) वाट गर्ने गरेकाकरार सम्झौतामा पनि व्यवसाय निरन्तरता नीति (BCP) र प्रकोप उद्दार योजना सम्वन्धि आवश्यक प्रतिवेदन उपलब्ध गराउनेसम्बन्धी व्यवस्था नभएको, परिवर्तन वा सुधारको लागि गरिएका मागहरूको समिक्षा गर्न, स्वीकृति दिन र परिवर्तन भएका विषयहरूलाई सञ्चालनमा आउनुपूर्व आवश्यक चेकजाँच गरी स्वीकृत गर्न एक परिवर्तन अनुमोदन वोर्ड गठन नगरी तत्कालको आवश्यकता सम्बोधन गर्ने गरी (AD-hoc Manner) मा गर्ने गरेको, विपद् व्यवस्थापनको लागि योजना तयार गरी लागू नगरेको, सूचना सुरक्षाको लागि कर्मचारीहरूको भूमिका र जिम्मेवारी नतोकिएको, गोप्य राख्नुपर्ने सूचनाको संरक्षण गर्न आवश्यक नीति, नियम तर्जुमा नगरिएको, सफ्टवेयर एप्लिकेशन तथा डाटाबेसको सुरक्षा गर्न ठाउँ ठाउँमा सुरक्षा प्याचहरू राख्नुपर्नेमा प्याच व्यवस्थापन नीति तथा प्रक्रिया निर्धारण गरेको, भौतिक सुरक्षा मापदण्ड र कार्यविधि तर्जुमा नगरिएको, प्रणाली निष्क्रिय रहन सक्ने समयको अनुगमन नगरिएको, असंगतिहरू सुधार गर्नका लागि ईडिएलभिआरएस को प्रयोगकर्ता स्विकार्य परीक्षण नगरिएको, विभागको प्रणाली र राजस्व सूचना व्यवस्थापन प्रणालीको आँकडा हिसाब मिलान नभएको, भिएपीटी मार्फत पहिचान भएका जोखिम र कमजोरीहरू कम गर्न र समाधान गर्न सुधारात्मक कदम चालिनुपर्नेमा विभागले भिएपीटी गरेको नपाइएको जस्ता व्यहोरा देखिएकोमा विद्युतीय सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता सम्बन्धी कार्यहरूलाई सजिलो भरपर्दो एवं विश्वसनीय बनाई सूचना प्रविधिमा आधारित बनाउन उल्लेखित सुधारका उपायहरू अवलम्बन गरिनुपर्दछ ।

कम्पनी रजिष्ट्रेशन प्रणालीको सूचना प्रबिधि लेखापरीक्षण

परिचय

१. **परिचय -** कम्पनी रजिष्ट्रारको कार्यालयले कम्पनी रजिष्ट्रेशन, कम्पनी प्रशासन र सेवा प्रवाहसँग सम्बन्धित कार्यहरूलाई सजिलो, भरपर्दो र प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग गरिरहेको छ। हाल सञ्चालनमा रहेको सूचना प्रविधि प्रणालीलाई थप मजबुत बनाउन र डाटालाई पूर्णरूपमा अद्यावधिक राख्नको लागि समय समयमा हार्डवेयर तथा सफ्टवेयर एप्लिकेशनको क्षमता विस्तार गर्ने गरेको छ। कम्पनी रजिष्ट्रारको कार्यालयमा सञ्चालित एप्लिकेशनका कार्यात्मक ढाँचा (Functional Module) मा कार्यालयको वेबसाईट, अनलाइन एप्लिकेशन, आन्तरिक ढाँचा (Internal Module), ई-भुक्तानी र अन्य कार्यालयका एप्लिकेशनसँग अन्तरक्रिया (Interface) गर्नको लागि एपिआई मोड्युल (API Module) समावेश छन्। यस प्रणालीको बेव एप्लिकेशन जाभा र डाटावेश एसक्यूएल सर्भर (SQL Server V17) मा रहेको छ । हाल सञ्चालित सफ्टवेयर एप्लिकेशन सिँहदरवारस्थित सरकारी एकीकृत डाटा सेन्टर (GIDC) मा रहेका सर्भर, स्टोरेज लगायतका हार्डवेयर उपकरणहरूमा सेटअप गरी सञ्चालनमा ल्याईएको छ।

२. **कानुनी व्यवस्था -** कानुनी व्यवस्था अन्तर्गत सूचना प्रविधि विधेयक (संसदमा छलफलमा रहेको) विद्युतीय कारोबार ऐन २०६३ तथा नियमावली २०६४, डिजिटल नेपाल फ्रेमवर्क २०७६, राष्ट्रिय विद्युतीय शासन गुरुयोजना, सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०६८, नेपाल सरकार इन्टरप्राइज आर्किटेक्चर (GEA), नेपाल सरकारका सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका २०७१, विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ रहेका छन।

३. **नीतिगत व्यवस्था -** सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नीतिगत व्यवस्था अन्तर्गत सूचना तथा सञ्चार प्रविधि नीति २०७२, ब्रोडव्याण्ड नीति २०७१, दुरसञ्चार नीति २०६० रहेका छन्। सरकारका नीति तथा आवधिक योजनामा सूचना प्रविधिबाट प्राप्त हुने लाभांशको पहुँच ग्रामीणस्तरसम्म पुऱ्याउने, सूचना प्रविधिको माध्यमवाट गरिने सरकारी कामकाज र सेवा प्रवाहलाई प्रादेशिक तहसम्म विस्तार गर्ने, एकीकृत सूचना प्रविधि पूर्वाधारको विकास गरी एकरूपता र मितव्ययिता कायम गर्न सरकारी क्लाउड (Government Cloud) को सञ्चालन गर्ने, नेपाल सरकारका विभिन्न निकायहरूले सञ्चालनमा ल्याएका सूचना प्रविधि प्रणालीहरूमा एकरूपता कायम गर्ने, नेपाल सरकारका विभिन्न निकायका वेब साइटहरूलाई राष्ट्रिय पोर्टलमा आवद्ध गरी एकद्वार प्रणालीमार्फत सेवा प्रदान गर्ने, डाटा सेन्टर तथा डिजास्टर रिकभरी सेन्टरको क्षमता अभिवृद्धि गर्ने लगायतका कार्यक्रमहरू रहेका छन्।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र पद्धति र सीमा

४. **लेखापरीक्षणको उद्देश्य -** कम्पनी रजिष्ट्रार कार्यालयले कम्पनी रजिष्ट्रेशन तथा व्यवस्थापनको लागि प्रयोग गरेको सूचना प्रविधि प्रणालीलाई सुरक्षित एवं विश्वसनीय बनाउनका लागि अपनाईएको नियन्त्रण प्रणाली, सेबाको गुणस्तरीयता, सूचनाको विश्वसनीयता तथा प्रणालीको सुरक्षित प्रयोगको लागि अपनाईएको पद्धतिबारे आश्वस्तता प्रदान गर्नु सूचना प्रविधि लेखापरीक्षणको उद्देश्य रहेको छ।

५. **लेखापरीक्षणको क्षेत्र -** राष्ट्रिय विद्युतीय शासन गुरुयोजना (National E-Government Master Plan) ले सरकारी निकायहरूमा सञ्चालित सूचना प्रविधि प्रणालीको लेखापरीक्षणका लागि विशेष जोड दिएको छ। कम्पनी रजिष्ट्रारको कार्यालयमा सञ्चालनमा रहेको कम्प्यूटर प्रणाली सरकारी निकायहरूबाट सञ्चालित सूचना प्रविधि प्रणाली ध्येको एक महत्वपूर्ण प्रणाली भएकोले गुरुयोजनाको कार्यान्वयनमा यसको महत्वपूर्ण भूमिका रहेको छ। उक्त प्रणालीको सूचना प्रविधि लेखापरीक्षणमा सो माध्यमबाट सम्पादन गरिने कार्यहरू, सूचना प्रविधि पूर्वाधार र कम्पनी प्रशासनको लागि सञ्चालित हार्डवेयर तथा सफ्टवेयर प्रणालीको सुरक्षासँग जोडिएका विषयहरू समावेश हुन्छन्। सूचना प्रविधि लेखापरीक्षणमा विशेषगरी प्रणालीसँग सम्बन्धित सूचनाको विश्वसनीयता, प्रयोग भएको प्रणालीको उपयुक्तता, सूचना प्रविधिको सुरक्षित प्रयोग, सूचना तथा सञ्चार प्रविधि पूर्वाधार, जनशक्तिको व्यवस्थापन, कम्प्यूटर प्रणालीको कार्यदक्षता, सूचना प्रणालीको निष्पक्षता र गोपनियता, कानुनको परिपालना, प्रणालीको निरन्तरता जस्ता विषयहरूको अध्ययन गरी विश्लेषण एवं मूल्याङ्कन गरिएको छ।

६. **पद्धति -** सूचना प्रविधि लेखापरीक्षण गर्नको लागि कम्पनी रजिष्ट्रार कार्यालयमा भैरहेका सूचना प्रविधिसम्बन्धी क्रियाकलापहरू, प्रयोग भएका सफ्टवेयर, हार्डवेयर, नेटवर्क, डाटा सेन्टर, प्रतिवेदन, दैनिक कार्यसम्पादनसँग सम्बन्धित सूचना एवं आर्थिक कारोबारसम्बन्धी विवरणहरू सङ्कलन गरिएको छ । यस क्रममा प्रश्नावली तयार गरी सूचना सङ्कलन गरिएको र आबश्यकतानुसार निकायमा प्रयोग भएका सफ्टवेयर, हार्डवेयर, नेटवर्क, डाटा सेन्टर आदिको स्थलगत निरीक्षण र परीक्षण तथा सम्बन्धित अधिकारीहरूसँग छलफल एंव अन्तरक्रिया गरिएको थियो सूचना प्रविधि लेखापरीक्षण सम्पन्न गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (INTOSAI), सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (ASOSAI) र Information Systems Audit and Control Association (ISACA) का मानक एवं सिद्धान्त लाई आधार लिइएको छ ।

७. **सीमा -** सूचना प्रविधि लेखापरीक्षणमा परीक्षण गरिने नमुनाको छनौट, मानवीय त्रुटि, प्राविधिक ज्ञानको कमी, सूचना प्रविधिको प्रयोगमा आउनसक्ने जटिलता एवं अनिश्चितता, पेशागत विवेकको प्रयोग, छोटो समयावधि, समयमै सूचना प्राप्त नहुनु र प्रणालीमा रहेका सबै किसिमका त्रुटी कमजोरी पत्ता नलाग्नु आदि कारणहरूले गर्दा लेखापरीक्षणमा अन्तर्निहित सीमितता रहन सक्छ ।

लेखापरीक्षणबाट देखिएका ब्यहोरा

८. **व्यावसायिक आवश्यकताको पहिचान र अनुगमन -** कार्यालयको कार्यक्षेत्र अन्तर्गत समय समयमा आउने व्यवसायिक एवं सूचना प्रविधिसँग सम्बन्धित नवीनतम सुधारका आवश्यकताहरूको पहिचान गरी सम्बोधन गर्न एक अधिकार प्राप्त उच्चस्तरीय समिति हुनुपर्दछ। समितिले कार्यसम्पादन अवस्थाको नियमित समीक्षा गरी सुधारको लागि प्रतिवेदन तयार गर्ने, बिकल्पको बिश्लेषण गर्ने, प्राथमिकिकरण गर्ने र सुधारका कार्य शुरु गरी सोको नियमित अनुगमन गर्ने गर्नुपर्दछ । कार्यालयले व्यावसायिक एवं सूचना प्रविधिसँग सम्बन्धित आवश्यकताहरूको पहिचान गरेको पाइएन । लेखापरीक्षणको क्रममा छुट्टै सूचना तथा सञ्चार प्रविधि निर्देशक समिति गठन भएको देखिएन । सूचना प्रविधि प्रणालीवाट प्रवाह गरिने सेवाहरूको कार्यसम्पादनको अवस्था अनुगमन गरी प्रतिवेदन पेश गर्ने गरेको पाइएन । सूचना प्रविधि निर्देशक समिति नहुँदा सूचना प्रविधिको माध्यमवाट हाँसिल गर्न खोजेको व्यवसायिक लक्ष्य तय गरी लागू गर्न सकिदैन ।

सुझाउ - कार्यालयमा एक सूचना प्रविधि निर्देशक समिति गठन गर्नुपर्दछ । समितिले नियमित रूपमा ब्यबसायिक आबश्यकताको अध्ययन गरी सुधारका रणनीति कार्ययोजना तयार गर्ने, श्रोत साधनको अधिकतम उपयोग गर्ने, सुरक्षण नीति निर्धारण गरी नियमित अनुगमन गर्ने ब्यबस्था मिलाउनुपर्दछ ।

९. **सूचना प्रविधि रणनीति -** कार्यालयको व्यावसायिक उद्देश्यलाई सूचना प्रविधिको माध्यमवाट पूरा गर्नको लागि स्पष्ट नीति, कार्यविधि र साधनश्रोत सहितको सूचना प्रविधि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । कार्यालयवाट सूचना प्रविधि प्रणालीसँग सम्बन्धित जोखिम व्यवस्थापन नीति तथा योजनाको कुनै लिखित दस्तावेज उपलब्ध भएन । साथै कार्यालयको सूचना प्रविधि रणनीतिक योजना पनि स्वीकृत गरी लागू गरेको पाइएन । रणनीतिक योजनाको मस्यौदा तयार भएता पनि मस्यौदालाई अन्तिमरूप दिई अनुमोदन गरिएको छैन । रणनीतिक योजनाको अभावमा सूचना प्रविधिमा गरिएको लगानीको सदुपयोग हुन सक्दैन । कार्यालयको व्यावसायिक मूल्य र मान्यतालाई दिगो रूपमा कायम राख्न सकिदैन । साथै सम्भाव्य जोखिमहरूको योजनाबद्ध रूपमा न्यूनीकरण वा व्यवस्थापन हुन नसक्दा ठूलो दुर्घटना हुनसक्छ, (जस्तैः System Hack, Server Crash, Data Corruption) आदि ।

सुझाउ - कार्यालयले सूचना प्रविधि प्रणालीसँग सम्बन्धित सबै किसिमका साधन श्रोतहरूको अधिकतम उपयोग तथा जोखिम व्यवस्थापनका लागि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१०. **प्रविधिको प्रयोगसम्बन्धी नीति र कार्यविधि -** कार्यालयको व्यावसायिक उद्देश्य अनुरूप सूचना प्रविधिको माध्यमवाट सेवा सुविधा प्रदान गर्नको लागि आवश्यक पर्ने नीति तथा कार्यविधिहरू लागू गर्नुपर्दछ । नीतिहरूमा सूचना प्रविधि सुरक्षण नीति जसले प्रणालीको अनाधिकृत पहुँचलाई नियन्त्रण गर्छ, प्रणालीको नियमित सञ्चालन र विपद व्यवस्थापन नीति तथा कार्ययोजना, सूचनाको गोपनियता, परामर्शदातावाट लिन सकिने कार्यहरू, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, व्याकअप (Backup), रिमोट पहुँच (Remote Access), आपतकालीन उद्धार (Incedent Response), परिवर्तन व्यवस्थापन (Change Management), सूचना प्रविधि तालीम, प्रविधिको प्रयोगलाई स्वीकार्नुपर्ने लगायतका नीति तथा योजनाहरू हुनसक्छन् ।

साथै कार्यालयको व्यावसायिक उद्देश्य अनुरूप प्रविधिको माध्यमवाट सेवा प्रवाह गर्न आवश्यक माथि उल्लेखित नीति, योजना तथा कार्यविधिहरू तर्जुमा गरी लागू गरिएको छैन् । जसले गर्दा कार्यालयका महत्वपूर्ण र गोप्य डाटा तथा सूचनाहरू वाहिर आउन सक्छन् । कार्यालयवाट स्वीकृत नीति, योजना तथा कार्यविधिहरू नहुँदा सूचना प्रविधि पूर्वाधारहरूको प्रभावकारीरूपमा व्यवस्थापन एवं सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कार्यदिशाको अभाव हुन्छ । प्रणालीको प्रभावकारिताको लागि अपनाउनुपर्ने व्यवस्थापकीय मापदण्डहरूको पालना हुन सक्दैन ।

सुझाउ - कार्यालयले सूचना प्रविधिको माध्यमवाट सेवा सुविधा प्रदान गर्नको लागि आवश्यक पर्ने माथि उल्लेखित नीति, योजना तथा कार्यविधिहरू तर्जुमा गरी, अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई लागू गर्नुपर्दछ ।

११. **मानव संसाधन विकास -** कार्यालयको व्यावसायिक आवश्यकता (Business Needs) पूर्ति गर्नका लागि वर्तमान र भविष्यका आवश्यकताहरूलाई सम्बोधन गर्ने सूचना प्रविधिसँग सम्बन्धित जनशक्ति विकास योजना (HRD Plan) तर्जुमा गर्नुपर्दछ । कार्यालयमा सूचना प्रविधिको भूमिका र जिम्मेवारीलाई उच्च प्राथमिकतामा राखि प्रमुख सूचना प्रविधि अधिकृतको नेतृत्वमा पर्याप्त दक्ष जनशक्ति सहितको सूचना प्रविधि निर्देशनालय वा महाशाखाको गठन गरी प्रविधिको सुरक्षित प्रयोगको लागि जिम्मेवार र उत्तरदायी बनाउनुपर्दछ । कार्यालयमा जनशक्ति विकास योजना तर्जुमा गरी लागू गरिएको छैन । व्यवसायिक ज्ञान भएको जनशक्ति टिकाई राख्नका लागि कुनै खास व्यवस्था गरेको देखिएन। कार्यालयमा सूचना प्रविधि निर्देशकको पद लामो समय देखि रिक्त रहेको र पदको कार्यविवरण स्पष्टसँग उल्लेख गरेको पाईएन । कार्यालयको सूचना प्रविधि शाखामा कम्प्यूटर ईन्जिनियर र अधिकृत गरी चार वटा दरवन्दी रहेकोमा तीनवटा दरवन्दी रिक्त रहेको छ। सूचना प्रविधिका धेरैजसो कार्यहरू तीनवटा बाह्य सेवा प्रदायकहरूमार्फत आउटसोर्सिङ गरिएका छन् । सेवा प्रदायकसँगको करार संझौताको पालनाको कार्यसम्पादन मापन तथा समीक्षा गर्न कार्यसम्पादन सूचक निर्धारण गरिएको छैन। साथै कर्मचारीलाई डाटा एवं सूचनाको सुरक्षा तथा गोपनियता सम्वन्धी तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गरेको पनि देखिएन। जसले गर्दा सूचना प्रविधिको माध्यमवाट प्रदान गरिने सेवा सुविधालाई दीगो, प्रभावकारी र गुणस्तरीय बनाउन सकिदैन। कर्मचारीहरूले सूचना प्रविधि प्रणालीमा राम्रोसँग काम गर्न नसक्नुका साथै डाटा एवं सूचनाको सुरक्षा संवेदनशीलताको बारेमा जानकार समेत हुँदैनन् ।

सुझाउ - यसको लागि जनशक्ति विकास योजना बनाई कार्यान्वयन गर्नुपर्दछ। सूचना प्रविधिमा दक्ष कर्मचारी नियुक्त गरी कार्यगत आधारमा भूमिका निर्धारण गरिनुपर्दछ । कर्मचारीहरूको कार्यालय छाड्ने प्रवृति (Turnover Trend) लाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाउनुपर्दछ । दक्ष कर्मचारी र प्रयोगकर्ताको लागि विभिन्न तहका तालीम एवं सूचना सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

१२. **जोखिम विश्लेषण र परिपालना -** कार्यालयले सूचना प्रविधिको प्रयोग गर्दा आँफ्नो व्यवसायसँग सम्बन्धित सबै किसिमका कानुन, नीति, नियम एवं विधि र प्रक्रियाहरूको पूर्णरूपमा पालना भएको सूनिश्चित गर्न उपयुक्त संयन्त्रहरू (जस्तैः गुणस्तर परीक्षण समूह, आन्तरिक लेखापरीक्षण, स्थलगत निरिक्षण र चेकजाँच आदि) गठन गर्नुपर्नेमा त्यस किसिमका संयन्त्र रहेको पाईएन। जसले गर्दा सम्भाव्य जोखिमहरूको पहिचान गर्न सकिदैन । जोखिम नियन्त्रणको लागि अपनाईएका प्रयासहरू पनि प्रभावकारी हुन सक्दैनन् ।

सुझाउ- कार्यालयले आँफ्नो कार्यसँग सम्बन्धित सबै किसिमका नीति नियमहरूको पूर्णरूपमा पालना भए नभएको सम्बन्धमा स्वतन्त्र निकाय वा संयन्त्र मार्फत परीक्षण गराई जोखिम व्यवस्थापन गर्नुपर्दछ ।

१३. **समस्या तथा दुर्घटनाहरूको व्यवस्थापन -** समय समयमा आउन सक्ने सूचना प्रविधिजन्य दुर्घटना तथा समस्याहरूको (IT Incidents and Issues) न्यूनीकरणको लागि प्रविधिमा काम गर्ने दक्ष कर्मचारी तथा प्रयोगकर्ताहरूलाई विभिन्न माध्यमवाट (जस्तैः अनलाइन शिक्षा, सूचना प्रविधिको प्रयोगसँग सम्बन्धित जिज्ञासाहरूको प्रश्नोत्तर संगालो आदि) प्रशिक्षण गर्नुपर्दछ । एकै किसिमका समस्याहरू दोहोरिन नदिन समस्याको वास्तविक कारण पहिचान (Root Cause Analysis) गरी स्थायी रूपमा समाधान गर्नुपर्दछ । तर कार्यालयले सुरक्षा खतरालाई कम गर्ने सम्बन्धमा प्रयोगकर्ताहरूले जान्नुपर्ने विषयहरूको प्रश्नोत्तर संगालो (FAQ) वेबसाइटमा राख्ने गरेको पाइएन । समस्याहरूलाई सूचना प्रविधि सहायता समूह (IT Support Team) द्वारा तत्कालिन आवश्यकता सम्बोधन हुने गरी (Ad hoc Manner) समाधान गरेको पाईयो । तर

वास्तविक समस्याको विश्लेषण र पहिचान गरी स्थायी समाधान खोज्ने गरेको पाईएन। त्रुटिहरू (Error) को अभिलेख (यिन) राख्ने गरेता पनि अभिलेखको निश्चित ढाँचा निर्धारण गरेको पाईएन । सूचना प्रविधिजन्य दुर्घटना तथा समस्या सम्बन्धी विवरण दर्ता गर्नुपर्‍यो भने नागरिकले कार्यालयको सूचना प्रविधि हेल्पडेस्कमा दर्ता गर्ने वा टेलिफोन गर्ने वा इमेल पठाउने व्यवस्था गरिएको छ । कार्यालयले सूचना प्रविधिजन्य दुर्घटना व्यवस्थापन कार्यविधि तर्जुमा गरेको छैन । सूचना प्रविधि हेल्पडेस्कले अनलाईन प्रविष्टि (Online Entry) गरी घटनाहरूको अभिलेख Google.Docs मा राख्ने गरेको पाईयो। घटना समाधान गर्ने गरेको भए तापनि के कस्ता घटना कसले, कुन समयमा समाधान गरेको भन्ने कुराको अभिलेख राख्ने गरेको पाइएन । सूचना प्रविधिजन्य दुर्घटना तथा समस्याहरूको उचित व्यवस्थापन हुन नसक्दा डाटा एवं सूचनाको चोरी हुने, फेरबदल हुने वा हराउने हुनसक्छ जसको समयमै व्यवस्थापन गर्न सकिदैन र ठुलो क्षति हुन जान्छ ।

सुझाउ - कार्यालयले सूचना प्रविधिजन्य दुर्घटनाको प्रभावकारी रूपमा व्यवस्थापन गर्नको लागि कार्यविधि तयार गरी लागू गर्नुपर्दछ। प्रयोगकर्ताहरूलाई प्रणाली, डाटा तथा सूचनाको सुरक्षा सम्बन्धी विषयहरूको बारेमा माथि उल्लेख गरिए बमोजिम विभिन्न माध्यमवाट सचेत गराउनुपर्दछ। साथै समस्याहरूको वास्तविक कारण पहिचान गरी दीर्घकालिन रूपमा समाधान गरिनुपर्दछ र यसको लागि कार्यालयले समस्याहरूको व्यवस्थापन सम्बन्धी कार्यविधि (Problem Management Procedure) तयार गरी लागू गर्नुपर्दछ ।

१४. **परिवर्तन व्यवस्थापन (Change Management) -** सूचना प्रविधि प्रणालीसँग सम्बन्धित हार्डवेयर, सफ्टवेयर, नेटवर्क लगायतका उपकरणहरूको मर्मत संभार तथा प्रणालीको व्यवस्थापन एवं सञ्चालनको लागि अपनाईएका विधि, प्रक्रिया एवं प्रविधिको माध्यमवाट प्रदान गरिने सेवा सुविधाहरूमा कुनै किसिमको सुधार वा परिमार्जन गर्नुपरेमा औपचारिक प्रक्रिया (Formal Change Management Procedure) द्वारा गर्नुपर्दछ । प्रणालीमा गरिएका सवै प्रकारका सुधार एवं परिवर्तनको अभिलेखीकरण गर्नको लागि उपयुक्त Tracking प्रणालीको व्यवस्था गर्नुपर्दछ । परिवर्तन वा सुधारको लागि गरिएका मागहरूको समिक्षा गर्न, स्वीकृती दिन र परिवर्तन भएका विषयहरूलाई सञ्चालनमा आउनुपूर्व आवश्यक चेकजाँच गरी स्वीकृत गर्न एक परीवर्तन अनुमोदन वोर्ड गठन गरिनुपर्दछ ।

प्रणालीमा गर्नुपर्ने सुधार एवं परिवर्तन व्यवस्थापनका लागि कुनै मापदण्ड वा लिखित प्रक्रियाहरू निर्धारण गरेको पाईएन। लेखापरीक्षणका क्रममा सुधार गर्नुपर्ने विषयका सम्बन्धमा मौखिक वा इमेल मार्फत माग हुने जानकारी प्राप्त भयो। उदाहरणको लागि, २०७६।४।२९ को ई-मेलमा ई-भुक्तानी प्रणालीमा सुधार गर्न अनुरोध गरेको देखियो। प्रणालीमा कुनै किसिमको परिवर्तन गर्दा पर्ने प्रभावको मूल्यांकन एवं विश्लेषण गरी सोको अभिलेख राख्ने गरिएको छैन । उदाहरणको लागि: Redhat Linux Technology मा जानुपर्नाको कारण उल्लेख गरिएको छैन । सेवा प्रदायकले प्रणालीमा परिवर्तन (Update) गरेपछि सोको बारेमा व्यवस्थापनलाई मौखिक रूपमा जानकारी गराउने गरेको पाइयो । सुधार गर्नुपर्ने मागको समीक्षा गर्न, सुधारको लागि स्वीकृती दिन र चेकजाँच गरी सञ्चालनमा ल्याउने अनुमति दिनको लागि परीवर्तन अनुमोदन वोर्ड गठन गरिएको छैन। जसले गर्दा प्रणालीमा अनाधिकृत परिवर्तनहरू हुन सक्छन् । सफ्टवेयर प्रणालीमा गरिएका सुधारका कार्यहरू (Update /Upgrade) को राम्रोसँग परीक्षण (Test) नगरी सञ्चालनमा ल्याएको अवस्थामा विभिन्न किसिमका त्रुटि एवं समस्याहरू देखापर्न सक्छन् ।

सुझाउ- कार्यालयले सूचना प्रविधि प्रणालीमा गर्नुपर्ने सुधार एवं परिवर्तनको लागि गरिने सम्पूर्ण कार्यहरूको लागि निश्चित विधि र प्रक्रियाहरू तर्जुमा गरी लागू गर्नुपर्दछ ।

१५. **प्रकोप पुनःस्थापना नीति -** कार्यालयले सूचना प्रविधि प्रणाली सञ्चालनका लागि सेटअप गरिएका सर्भर, डाटा स्टोरेज, नेटवर्क लगायतका उपकरणहरू राखिएको डाटा सेन्टरमा कुनै पनि बेला भुकम्प, बाढी जस्ता ठूला प्रकोपहरू (Disaster) आउन सक्छन् । जसले गर्दा महत्वपूर्ण डाटा, सूचना लगायत सम्पूर्ण प्रणालीनै नष्ट (Lost) हुनसक्ने भएकोले यसवाट बचाउनको लागि प्रकोप पूनःस्थापना योजना सहितको नीति कार्यान्वयन गर्नुपर्दछ । कार्यालयले वैकल्पिक व्याकअप (Backup) को व्यवस्था गरेको हुनुपर्दछ ।

कार्यालयले विपद् व्यवस्थापनको लागि योजना लागू गरेको देखिएन । जसले गर्दा सूचना प्रविधि प्रणाली एवं डाटाको क्षति भएमा समयमै पुनःस्थापना गर्न नसकिने वा कठिन हुने हुन्छ । एप्लिकेशन र डाटाबेस दुबै कार्यालयका सर्भर, स्टोरेजहरूमा सेटअप गरी सरकारी एकीकृत डाटा सेन्टर (GIDC) सिंहदरबारमा राखिएको छ। प्रकोप पूनःस्थापना केन्द्र (DRP) भैरहवामा राखिएको छ। सेवाप्रदायकसँग गरिएको करार सम्झौतामा पनि व्यवसाय निरन्तरता नीति (BCP) र प्रकोप उद्धार योजना (DRP)

सम्वन्धि आवश्यक प्रतिवेदन उपलब्ध गराउनेसम्बन्धी व्यवस्था गरेको पाइएन । यसले गर्दा कार्यालयवाट सम्पादन हुने नियमित कार्यहरूमा अवरोध भएमा कार्यालयले प्रवाह गर्ने व्यवसायसँग सम्बन्धित महत्वपूर्ण सेवा सुविधाहरू प्रभावित हुन जान्छन् ।

सुझाउ - कार्यालयले कम्प्युटर प्रणालीको निरन्तर प्रयोगमा आउन सक्ने जोखिमहरूको न्यूनीकरणका लागि व्यावसायिक निरन्तरता र विपद् व्यवस्थापन नीति तर्जुमा गरी लागू गर्नुपर्दछ ।

१६. **सुरक्षा प्याच (Security Patches) -** सूचना प्रविधि प्रणालीसँग सम्बन्धित सफ्टवेयर एप्लिकेशन तथा डाटाबेसको सुरक्षा गर्न ठाउँ ठाउँमा सुरक्षा प्याच (समस्याको पहिचान र समाधानको लागि राखिने शब्दावली) राख्नुपर्नेमा प्याच व्यवस्थापन नीति तथा प्रक्रिया निर्धारण गरिएको छैन । कुनै कुनै ठाऊँमा सुरक्षा प्याच तदर्थ रूपमा राखेको पाईयो। लागू गरिएका सुरक्षा प्याचको अभिलेख (Log) राखेको देखिएन । जसले गर्दा प्रणाली ह्ययाक भई डाटामा अनाधिकृत पहुँच हुने, सूचना हेरफेर हुने तथा समग्र प्रणालीनै अवरुद्ध हुने जोखिम बढाउँछ । साथै कार्यालयमा डाटा एवं सूचनाको सुरक्षा सम्बन्धी जोखिमको मूल्यांकन गर्ने प्रभावकारी संयन्त्र सूचना सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा सुचना सुरक्षा नीति तयार गरेको छैन ।

सुझाउ - कार्यालयले सुचना सुरक्षा एबं सुरक्षा प्याच व्यवस्थापन नीति तयार गर्नुपर्दछ । यसमा कर्मचारीको भूमिका निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ ।

१७. **फायरवालको प्रयोग -** सफ्टवेयर प्रणालीको सुरक्षाको लागि प्रणालीमा हुनसक्ने अनधिकृत प्रवेश (Intrusion) पत्ता लगाई सोको रोकथाम गर्ने उपकरण वा एप्लिकेशन (जस्तैः फायरवाल) प्रयोग गरिएको हुनुपर्दछ । कार्यालयले एउटा फायरवाल (Sonicos Enhanced 5.7.0.2480, Firmware version) प्रयोग गरेको छ । तर फायरवाल नीति वा कार्यविधि छैन । प्रणालीमा कुनै किसिमको गलत प्रवेश (Intrusion) पत्ता लगाउने प्रणाली फायरवालमा सक्रिय गराइएको छैन। फायरवाल प्रयोगको अध्ययन एवं विश्लेषण गर्दा कमजोरीहरू भेटिएका छन् । यस्तो अबस्थामा पहिचान गरी फायरवाललले रोक्न सक्ने Malicious Attacks बाट पनि नेटवर्कलाई बचाउन सकिदैन ।

सुझाउ - प्रणाली र डाटा सर्भरको पहँचलाई नियन्त्रण गर्न तथा केन्द्रीय रूपमा प्रयोगकर्ताहरूको व्यवस्थापन गर्न फायरवाललाई प्रमाणित गरिनुपर्दछ। फायरवाल नियमहरू अद्यावधिक गरिनुपर्दछ । आवश्यक रूपमा फायरवाल अनुगमन गर्न र कन्फिगर (Configure) गर्न कर्मचारी खटाइनुपर्दछ ।

१८. **प्रणालीको कार्यसम्पादन -** कम्प्युटर प्रणालीको कार्यसम्पादनमा नतिजा दिने समय (Response Time), सेवा प्रवाह (Throughput), ईन्टरनेट ब्याण्डविड्थको उपयोग जस्ता विषयहरू समावेश गरिनुपर्दछ । कार्यालयमा नेटवर्क सेवाहरू बाह्य सेवा प्रदायकवाट प्राप्त हुन्छ । लेखापरीक्षण टोलीलाई नेटवर्क कहिले कहिले बन्द (Network Down) भएको थियो सोको प्रतिवेदन र सफ्टवेयर एप्लिकेशन मार्फत सम्पादन गरिएका कार्यहरूको अनुगमन तथा मूल्यांकन प्रतिवेदन उपलब्ध गराइएन। लेखापरीक्षणका क्रममा भएका छलफलवाट सेवा ग्राहिलाई प्रदान गरिने सेवा सुविधामा अवरोध भएको र प्रणालीमा समस्या आएको समयावधि (System Down time) उल्लेखनीय भएको पाइयो। लेखापरीक्षण अवधिमा अनलाईन सूचना प्रविधि प्रणाली (Online IT System) पुरै एक दिनभर सञ्चालनमा आएको थिएन । यस्तो समस्या बारम्बार दोहोरिने भए तापनि समस्याको वास्तविक कारण पहिचान हुन सकेको छैन । इन्टरनेटमा समस्या आएको अवस्थामा कुनै वैकल्पिक व्यवस्था गरेको पाईएन । इन्टरनेट सेवा प्रदायकको प्रतिवेदनले २० अगस्ट २०१९मा १५ घण्टासम्म, ७ जुलाई २०१९ मा १६ मिनेट र १०-११ जुन २०१९ मा २३ घण्टा ३१ मिनेट सेवा अवरोध भएको देखाउँछ । सफ्टवेयर प्रणाली र ईन्टरनेट सुचारु हुँदा पनि कार्यालयको कार्यसम्पादन ढिलो हुने गरेको पाइयो। उदाहरणको लागि जरिवाना गणना गर्दा लगभग १ मिनेटको अवधि लागेको थियो । यसबाट सूचना प्रविधि प्रणाली मार्फत प्रवाह गरिने सेवा प्रभावकारी भएन भने यसम गरेको लगानी खेर व्यर्थ हुन जान्छ । साथै प्रणाली सञ्चालनमा समय समयमा अवरोध आयो भने अपूर्ण डाटा ईन्ट्रीको कारणले डाटा ईन्टिग्रिटी (Data Intigrity) को जोखिम बढाउँछ ।

सुझाउ - प्रणालीको प्रभावकारी कार्यसम्पादन र निर्वाध उपलब्धताको नजिकवाट अनुगमन निरिक्षण गरी नियमित प्रतिवेदन उपलब्ध गराउनुपर्दछ । इन्टरनेट जडानमा केही समस्या हुँदा कार्यसम्पादन सुचारु राख्नको लागि वैकल्पिक व्यवस्था गर्नुपर्दछ ।

१९. **भौतिक सुरक्षा -** सबै किसिमका साधनश्रोत (हाडवेयर, सफ्टवेयर, नेटवर्क, डाटा, लिखित दस्तावेज आदी) हरूको अधिकारिक, अभिलेख (Log) राखिएको र अनुगमन गरिएको हुनुपर्दछ । अनाधिकृत व्यक्तिहरूले हेर्न र प्रयोग गर्न र आगो, बाढी, भूकम्प, विस्फोट, हुलदङ्गा र प्राकृतिक वा मानवीय कारणले हुनजाने विपत् वा यस्तै प्रकारका अन्य क्षतिहरू हुन नदिन भौतिक नियन्त्रण एवं सुरक्षाको राम्रो व्यवस्था गरिनुपर्दछ ।

परिसर सीसीटीभीद्वारा अनुगमन गरिएको छ । यद्यपि: भौतिक सुरक्षा मापदण्ड र कार्यविधि तर्जुमा गरिएको छैन । परिसरमा प्रवेश गर्ने व्यक्तिको अभिलेख राख्ने गरिएको छैन । कार्यालयमा टर्मिनलहरू (कम्प्युटरमा पहुँच हुने किवोर्ड र स्क्रिन सहितको विद्युतीय उपकरण) सुरक्षितरूपमा (प्रयोगकर्ता बाहेक अरुले नदेख्ने गरी) राखेको पाइएन । लेखापरीक्षण टोलीले प्रणालिको प्रमुख डाटा सेन्टर GIDC डाटा सेन्टरमा रहेका सर्भर, स्टोरेज, नेटवर्क तथा विपद् व्यवस्थापन योजना (Disaster Recovery Plan) को परीक्षण गर्न डाटा सेन्टर साईटको अवलोकन गर्दा केन्द्रको तापक्रम २६ डिग्री सेल्सियसमा राखेको (२०-२४ डिग्री हुनुपर्ने) पाइयो । तापमान र आर्द्रताको मापन गरिएको थिएन । काठको टेबल, तेल र ग्रीज जस्ता ज्वलन्त वस्तुहरू डाटा केन्द्रमा राखिएका थिए । हार्डवेयरहरू पुनः जडान गर्दा वा लिलामी गर्दा डाटा सुरक्षित रूपमा मेटाइएको कुरा सुनिश्चित गर्न कुनै प्रक्रिया निर्धारण गरिएको छैन । जस्तै २०७३-०९-०७ मा ३० कम्प्यूटर पीसीहरूको डाटा नमेटी लिलामी गरिएको छ । कमजोर भौतिक सुरक्षा नियन्त्रणले कार्यालयको सूचना प्रविधिसँग सम्बन्धित उपकरण, सफ्टवेयर र डाटामा नोक्सानी पुऱ्याउन सक्दछ ।

सुझाउ- कार्यालयले परिसरमा प्रवेश गर्ने व्यक्तिको अभिलेख राख्नुपर्दछ । गोप्य तथ्यांक प्रशोधन (Sensitive Data Manipulation) गर्ने टर्मिनलहरूको स्क्रिन अनाधिकृत व्यक्तिले नदेख्ने गरी राख्नुपर्दछ । हार्डवेयर पुनः जडान वा लिलाम गर्नुभन्दा पहिले त्यहाँ भएका तथ्यांकलाई स्थायी रूपले मेटाउने अथवा धुल्याउने गर्नुपर्दछ ।

२०. **पहुँच नियन्त्रण (Access Control) -** प्रयोगकर्ताको जिम्मेवारी अनुसार प्रणालीमा पहुँच सुनिश्चित गर्नको लागि पहुँच नियन्त्रण सम्बन्धमा स्पष्ट नीति हुनुपर्दछ। नयाँ कर्मचारी नियुक्ति वा पदस्थापन हुँदा शुरुमै अभिलेख राख्ने, स्वीकृत गर्ने र प्रणालीमा पहुँच दिने र अवकाश हुने कर्मचारीहरूको पहुँच अधिकार पुनः सक्रिय गर्न नमिल्ने गरी निष्क्रिय गर्नुपर्दछ । कार्यालयमा सूचना प्रविधि पहुँच सम्बन्धी नीति वा प्रक्रियाको निर्धारण गरिएको छैन । नयाँ कर्मचारी पदस्थापन भएपछि कार्यालय प्रमुखले नतिजालाई प्रणालीमा आवश्यक पहुँच दिन निर्देशन दिने गरिएको छ।यसले गर्दा अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच बढ्न सक्छ । आधिकारिक व्यक्तिले पनि चाहिनेभन्दा बढी पहुँच पाउन सक्छन्। यी दुवैको कारणले तथ्यांकको गोपनीयता र Intigrity जोखिममा पर्न सक्छ ।

सुझाउ- पहुँच नियन्त्रण सम्बन्धमा स्पष्ट नीति हुनुपर्दछ ।

२१. **पासवर्ड (Password) -** प्रणाली प्रशासक (System Administrator) र सामान्य प्रयोगकर्ताहरूको लागि पासवर्ड नीति तयार गरी लागु गरेको हुनुपर्दछ । प्रयोगकर्ताहरूका लागि सुरक्षित पासवर्ड अभ्यास वारे सबै कर्मचारीलाई जानकारी गराउनुपर्दछ । हार्डवेयर र सफ्टवेयरमा सेट भएका (Saved) पासवर्डहरू परिवर्तन गरिनु पर्दछ। सफ्टवेयर, सर्भर र डाटामा सबै अधिकार सहितको पहुँच (System Administrator Access) को लागि टोकन वा स्मार्ट कार्ड जस्ता Multifactor Authentication (MFA) प्रयोग गर्नुपर्दछ । पासवर्ड सेट गर्दा सजिलो अक्षरहरू (Plain Text) र चलन चल्तिमा प्रयोग भैरहने नाम, शव्दहरू राखिनु हुँदैन । पासवर्ड सम्बन्धी नियम तयार गरी लागु गरेको पाईएन। नयाँ प्रयोगकर्ता सेटअप गर्दा प्रयोगकर्ताले राख्नुपर्ने पासवर्ड कमजोर हुँदा पनि प्रणालीले स्वीकार गरेको पाइयो। जटिल पासबर्ड मात्रै लिने गरेको पाईएन । प्रयोगकर्ताले पहिलो पटक प्रणालीमा Log In गर्दा पासवर्ड परिवर्तन गर्न अनुरोध गर्ने प्रक्रियालाई अनिवार्य गरिएको छैन । विशेषाधिकार प्राप्त प्रयोगकर्तालाई Multi Factor Authentication अनिवार्य गरिएको छैन । सुरक्षित पासवर्ड अभ्यासको अभावले अनधिकृत पहुँच र प्रणाली एवं डाटाको असुरक्षा हुन जान्छ ।

सुझाउ - कार्यालयले अन्तर्राष्ट्रिय उत्तम अभ्यास अनुशरण गर्ने पासवर्ड नीति अपनाउनु पर्दछ । लोअर र अपर केश, नम्बर र सिम्बल सहितको वलियो पासबर्ड हुनुपर्दछ ।

२२. **प्रणाली भित्रको लग ईन -** प्रणालीको सुरक्षा गर्न लग ईन र लग आउट (Log-In/Log-Out) प्रक्रिया निर्धारण गरेको हुनुपर्दछ। कुनै प्रयोगकर्ताले तोकिए भन्दा बढी पटक प्रणालीको पहुँच पाउन असफल प्रयास

गरेमा उक्त प्रयोगकर्तालाई स्वतः निस्क्रिय गराईनुपर्दछ। लग ईन र लग आउट नीति तयार गरी कार्यान्वयन गरेको पाईएन । तोकिए भन्दा बढी पटक असफल लग ईन प्रयास गरेपछि प्रयोगकर्ताको एकाउन्ट स्वतः निस्क्रिय हुने व्यवस्था लागु गरिएको छैन जसले गर्दा प्रणालीमा बुरुट फोर्स अट्याक् (Brute Force Attack) जस्ता जोखिम रहने देखिन्छ ।

सुझाउ- कार्यालयले सबै प्रयोगकर्ताहरूलाई जानकारी गराई स्पष्ट लगईन र लग आउट कार्यविधि बनाएर लागू गर्नुपर्दछ। केही पटक असफल लगईन प्रयासहरू पछि खाता स्वतः निष्कृय हुने सूचनासहित स्वचालित रूपमा प्रयोगकर्ताहरूलाई इमेल पठाउने प्रणाली हुनुपर्दछ ।

२३. **इनपुट तथा त्रुटि व्यवस्थापन (Input And Error Handling) -** प्रयोगकर्ताले बुझ्ने गरी डाटा प्रविष्टि गर्ने प्रक्रिया निर्धारण गर्नुपर्दछ । प्रयोगकर्ताले कम्पनीसम्बन्धी डाटा एवं सूचनाको प्रविष्टि (Entry) गर्दा डाटाको आधिकारिकता, पूर्णता, दोहोरोपना र शुद्धता जाँच गर्ने व्यवस्था (Input Control System) हुनपर्दछ । प्रणालीमा डाटा प्रविष्ट गर्ने विधि एवं प्रक्रियाले म्यानुअल ईन्ट्री न्यूनीकरणको मात्रालाई घटाउनु पर्दछ ।

कार्यालयको वेबसाइटले सेवाग्राहीलाई अनलाइन कम्पनी दर्ता र वार्षिक कागजातहरू पठाउन सहयोग गरेको छ। जसले गर्दा कार्यालयले आन्तरिक रूपमा गर्नुपर्ने तथ्यांक प्रविष्टिको कार्यलाई कम गर्न सहयोग पुगको छ । डिजिटाईज्ड (Scan) गरिएका दस्तावेज (Documents) विद्युतीय स्वरूपमा रहे तापनि भौतिक प्रतिलिपिहरू (Hard Copy) पनि सम्बन्धित फाइलमा प्रिन्ट गरेर राख्ने गरिएकोले तथ्यांकको दोहोरो भण्डारण भएको देखिन्छ ।

सुझाउ - कार्यालयले म्यानुअल ईन्ट्री न्यूनीकरण गर्ने प्रविधिहरू (जस्तैः XBRL) को प्रयोग गर्नुपर्दछ । रेकर्डहरूलाई विद्युतीय ढाँचामा राखिनुपर्दछ र रेकर्डहरूको दोहोरोपनालाई न्यूनीकरण गरिनुपर्दछ ।

२४. **नतिजा -** प्रणालीबाट प्राप्त हुने नतिजा (Output) पूर्ण, दोहोरोपना नभएको र सही हुनुपर्दछ । प्रणाली आँफैले हिसाब मिलानको सुविधा पनि दिनुपर्नेमा दिन सकेको छैन । उदाहरणको लागि, कार्यालयको कम्प्युटर प्रणालीबाट उपलब्ध विवरण र राजस्व व्यवस्थापन सूचना प्रणाली (RIMS) को तथ्यांक फरक रहेको देखिन्छ । आ.व. २०७५-०७६ मा RIMS अनुसार रु. ७७ करोड १८ लाख र कार्यालयको प्रणाली अनुसार रु. ७८ करोड ३५ लाख राजस्व सङ्कलन भएको देखिन्छ ।

कार्यालयको प्रणालीमा शुल्क वा जरिवाना प्रविष्टि (Entry) भएपछि रेकर्ड बन्नुपर्नेमा राजस्व व्यवस्थापन सूचना प्रणाली (च्क्ःक) वाट बैंकमा रकम जम्मा भएपछि मात्र प्रविष्टि हुन्छ । तथ्यांक प्रविष्टिमा हुनसक्ने त्रुटिहरूले पनि सङ्कलन हुने रकम फरक पार्न सक्छन् । ई-बैंकिङबाट संकलन भएको रकम कारोबार भएको अर्को दिन सेटल हुने हुनाले पनि हिसाब मिलान नहुन सक्छ ।

सुझाउ - राजश्व व्यवस्थापन सूचना प्रणाली (RIMS) र कार्यालयको कम्प्युटर प्रणालीको खाताको हिसाब के कारणले गर्दा फरक पर्न गएको हो यकीन गरी नियमित रूपमा हिसाव मिलान गर्नुपर्दछ ।

२५. **भल्नरेविलिटी मूल्याङ्कन र पेनिट्रेशन परीक्षण (VAPT) -** कार्यालयले नेटवर्क र प्रणालीहरूको भिएपीटी नियमित रूपमा गर्नुपर्दछ । भिएपीटी मार्फत पहिचान भएका जोखिम र कमजोरीहरू कम गर्न र समाधान गर्न सुधारात्मक कदम चालिनुपर्नेमा कार्यालयले भिएपीटी गरेको पाइएन। सूचना प्रविधि विभागद्वारा भलनरेबिलीटी परीक्षण गराइएको भए तापनि सोको प्रतिवेदन लेखापरीक्षण टोलीलाई उपलब्ध गराइएन । यसको अभावमा सबै सुरक्षा जोखिमहरू पत्ता लगाउन सकिँदैन र सुरक्षा जोखिम आउनुभन्दा अगावै निरोधात्मक उपायहरू लागू गर्न सकिँदैन ।

सुझाउ - समय समयमा VAPT गरी सम्भाव्य जोखिमहरूको पहिचान गर्ने र व्यवस्थापन गर्ने गर्नुपर्दछ ।

२६. **प्रयोगकर्ता स्वीकृती परीक्षण -** नयाँ सूचना प्रविधि प्रणाली वा प्रणालीमा गरिएका परिवर्तनहरू सञ्चालनमा (Live) आउनुपूर्व अनिवार्यरूपमा प्रयोगकर्ता स्वीकृति परीक्षण (User Acceptance Test, UAT) गरिएको हुनपर्दछ । प्रणालीका खास प्रयोगकर्ताहरू (End User) बाट प्रणालीको परीक्षण गराई स्वीकृति लिएको हुनुपर्दछ । कार्यालयको सफ्टवेयर स्वीकृत हुनुभन्दा अगाडि प्रयोगकर्ता स्वीकृति जाँच (UAT) गराइएको पाईएन । प्रयोगकर्ता स्वीकृति जाँच नभई लागू गरिएको प्रणालीले प्रयोगकर्ता तथा सेवाग्रहीका आवश्यकता पूरा गर्न सक्दैन र अपनत्व पनि कायम गर्दैन ।

सुझाउ - सफ्टवेयर परिवर्तन र स्तरोन्नतिका लागि प्रयोगकर्ता स्वीकृति जाँच (UAT) गरिनुपर्दछ ।

२७. **निष्कर्ष –** कम्पनी रजिष्ट्रारको कार्यालयले कम्पनी रजिष्ट्रेशन, कम्पनी प्रशासन र सेवा प्रवाहसँग सम्बन्धित कार्यहरूलाई सजिलो, भरपर्दो र प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा ल्याएतापनि यस प्रणालीको सुरक्षा तथा अन्य व्यवस्थापनका सम्बन्धमा हालसम्म कार्यालयले सूचना प्रविधि निर्देशक समिति, जोखिम व्यवस्थापन नीति, सेवा प्रवाह गर्न आवश्यक नीति, व्यावसायिक निरन्तरता र विपद् व्यवस्थापन नीति, Log-In/Log-Out नीति, जनशक्ति विकास योजना, सूचना प्रविधिजन्य दुर्घटनाको व्यवस्थापन कार्यविधि, विपद् व्यवस्थापन योजना तयार नगरेको, सुरक्षा प्याच व्यवस्थापन नीति तथा प्रक्रिया निर्धारण नगराएको, फायरवाल प्रयोग गरेको तर फायरवाल नीति तयार नगरेको, भौतिक सुरक्षा मापदण्ड र कार्यविधि तर्जुमा नगरिएको, विशेषाधिकार प्राप्त प्रयोगकर्तालाई Multi Factor Authentication अनिवार्य नगरिएको, भिएपीटी, प्रयोगकर्ता स्वीकृति जाँच (UAT) नगराएको जस्ता व्यहोरा देखिएकोमा यस प्रणालीको उद्देश्य प्राप्ती तथा अनलाईन प्रणालीलाई पूर्णत सूचना प्राणालीमा आधारित बनाउनका लागि उल्लेखित सुझाउका उपायहरू अवलम्बन गरिनु पर्दछ ।

एकीकृत कर प्रणालीको सूचना प्रबिधि लेखापरीक्षण
परिचय

१. **परिचय -** आन्तरिक राजस्व विभागले विद्युतीय माध्यमबाट आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तः शुल्कका विभिन्न आयामहरूको प्रशासन तथा अनुगमन गर्न लागु गरिएका विभिन्न सफ्टवेयर प्रणालीहरूलाई एउटै प्रणालीमा आवद्ध गरी विकास गरिएको एकीकृत कर प्रणाली (Integrated Tax System, ITS) २०७० ।७१ देखि सञ्चालनमा रहेको छ । वेबमा आधारित उक्त प्रणालीमा दुईवटा पोर्टल रहेका छन् । अफिसर पोर्टल (Officer Portal) ले विभाग तथा कार्यालयमा कार्यरत कर्मचारीले गर्नुपर्ने कार्यहरू गर्छ भने करदाता पोर्टल (Taxpayer Portal) ले करदाताले पेश गर्नुपर्ने विवरण विद्युतीय माध्यमबाट पेश गर्ने र आवश्यक परेको अवस्थामा प्रणालीबाट हेर्न सकिने गरी व्यवस्थापन गर्छ । इच्छुक करदाताले स्थायी लेखा नम्बरको आवेदन दर्ता, आयकर, अग्रिम करकट्टी विवरण, अनुमानित विवरण, मू.अ.कर, अन्तः शुल्कका नियमित कर विवरण विद्युतीय माध्यमबाटै पेश तथा रुजु समेत गर्नसक्ने व्यवस्था प्रणालीमा गरिएको छ । २०७५/७६ देखि यस प्रणाली मार्फत आफुले तिर्नुपर्ने कर विद्युतीय माध्यमबाट घरैमा बसी तिर्न सकिने गरी विस्तार एवं व्यवस्थित गरिएको छ । हालको लागि अधिकतम एक लाख रूपैयाँसम्म विद्युतीय भुक्तानी मार्फत् दाखिला गर्न सकिने र जतिसुकै राजश्व रकमको पनि बैंक भौचर करदाता पोर्टलबाट भर्न सकिने व्यवस्था लागु गरिएका छन् । अधिकृत पोर्टल (Officer Portal), कर अधिकृतको प्रशासनिक र व्यवस्थापकीय कार्य गर्ने पोर्टल हो जसमा प्रतिवेदन (Standard Report) तयार गर्ने व्यवस्था समेत रहेको छ । व्यावसायिक सम्बन्ध भएका अन्य सरकारी निकायहरू (जस्तैः भन्सार विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय) सँग डाटा तथा सूचनाको आदान प्रदान गर्न प्रणालीमा पहुँच ईन्टरफेस (Access Interface) रहेको छ ।

२. **कानुनी व्यवस्था -** कानुनी व्यवस्था अन्तर्गत सूचना प्रविधि विधेयक (संसदमा छलफलमा रहेको) विद्युतीय कारोबार ऐन २०६३ तथा नियमावली २०६४, दूरसञ्चार ऐन २०५३ रहेका छन् ।

३. **नीतिगत व्यवस्था -** सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नीतिगत व्यवस्था अन्तर्गत सूचना तथा सञ्चार प्रविधि नीति २०७२, ब्रोडव्याण्ड नीति २०७१, दूरसञ्चार नीति २०६० रहेका छन् । सरकारका नीति तथा आवधिक योजनामा सूचना प्रविधिबाट प्राप्त हुने लाभांशको पहुँच ग्रामीणस्तरसम्म पुऱ्याउने, सूचना प्रविधिको माध्यमबाट गरिने सरकारी कामकाज र सेवा प्रवाहलाई प्रादेशिक तहसम्म विस्तार गर्ने, एकीकृत सूचना प्रविधि पूर्वाधारको विकास गरी एकरूपता र मितव्ययिता कायम गर्न सरकारी क्लाउड (Government Cloud) को सञ्चालन गर्ने, नेपाल सरकारका विभिन्न निकायहरूले सञ्चालनमा ल्याएका सूचना प्रविधि प्रणालीहरूमा एकरूपता कायम गर्ने, नेपाल सरकारका विभिन्न निकायका वेब साइटहरूलाई राष्ट्रिय पोर्टलमा आबद्ध गरी एकद्वार प्रणालीमार्फत सेवा प्रदान गर्ने, डाटा सेन्टर तथा डिजास्टर रिकभरी सेन्टर (Data Center and Disaster Recovery Center) को क्षमता अभिवृद्धि गर्ने लगायतका कार्यक्रमहरू उल्लेख गरिएको छ ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र पद्धति र सीमा

४. **लेखापरीक्षणको उद्देश्य -** आन्तरिक राजस्व विभागले आयकर, मूल्य अभिवृद्धि कर तथा अन्तः शुल्क प्रशासन तथा अनुगमन सम्बन्धी कार्यहरू गर्न प्रयोग गरेको सूचना प्रविधि प्रणालीलाई सुरक्षित एवं विश्वसनीय बनाउन, गुणस्तरीय सेवा प्रदान गर्न तथा डाटा एवं सूचनाको सुरक्षा र गोपनीयता कायम राख्न अपनाईएको समग्र नियन्त्रण प्रणाली बारे आश्वस्तता प्रदान गर्नु सूचना प्रविधि लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ ।

५. **लेखापरीक्षणको क्षेत्र -** आन्तरिक राजस्व विभागद्वारा सञ्चालित, कर प्रशासन गर्न प्रयोग गरिएको सूचना प्रबिधि प्रणालीबाट सम्पादन गरिने कार्यहरू, सूचना प्रविधि पूर्वाधार र हार्डवेयर तथा सफ्टवेयर प्रणालीको सुरक्षासँग जोडिएका विषयहरू लेखापरीक्षणमा समावेश गरिएको छ । सूचना प्रविधि लेखापरीक्षणमा विशेषगरी प्रणालीको सुरक्षित प्रयोगको लागि डाटा एवं सूचनाको विश्वसनीयता, प्रणालीको उपयुक्तता, सूचना तथा सञ्चार प्रविधि पूर्वाधार, जनशक्तिको व्यवस्थापन, कम्प्यूटर प्रणालीको कार्यदक्षता, सूचना प्रणालीको निष्पक्षता र गोपनियता, कानुनको परिपालना, प्रणालीको निरन्तरता जस्ता विषयहरूको अध्ययन गरी विश्लेषण एवं मूल्यांकन गरिएको छ ।

६. **पद्धति -** सूचना प्रविधि लेखापरीक्षण गर्नको लागि आन्तरिक राजस्व बिभाग र अन्तर्गतका कार्यालयहरूमा भैरहेका सूचना प्रविधिसम्बन्धी क्रियाकलापहरू, प्रयोग भएका सफ्टवेयर, हार्डवेयर, नेटवर्क, डाटा सेन्टर,

प्रतिवेदन, दैनिक कार्यसम्पादनसँग सम्बन्धित सूचना एवं आर्थिक कारोबारसम्बन्धी विवरणहरू सङ्कलन गरिएको छ। विवरण सङ्कलनको लागि प्रश्नावली तयार गरिएको, आवश्यकतानुसार निकायमा प्रयोग भएका सफ्टवेयर, हार्डवेयर, नेटवर्क, डाटा सेन्टर आदिको स्थलगत निरिक्षण र परीक्षण गरिएको तथा सम्बन्धित अधिकारीहरूसँग छलफल एवं अन्तरक्रिया गरिएको थियो। लेखापरीक्षण सम्पन्न गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (INTOSAI), सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (ASOSAI) र Information Systems Audit and Control Association (ISACA) का मानक एवं सिद्धान्त लाई आधार लिइएको छ ।

७. **सीमा -** सूचना प्रविधि लेखापरीक्षणमा परीक्षण गरिने नमुनाको छनौट, मानवीय त्रुटि, प्राविधिक ज्ञानको कमी, सूचना प्रविधिको प्रयोगमा आउनसक्ने जटिलता एवं अनिश्चितता, पेशागत विवेकको प्रयोग, छोटो समयावधि, समयमै सूचना प्राप्त नहुनु र प्रणालीमा रहेका सबै किसिमका त्रुटि कमजोरी पत्ता नलाग्नु आदि कारणहरूले गर्दा लेखापरीक्षणमा अन्तर्निहित सीमितता रहन सक्छन् ।

लेखापरीक्षणबाट देखिएका ब्यहोरा

८. **व्यावसायिक आवश्यकताको पहिचान एवं अनुगमन -** विभागको कार्यक्षेत्र अन्तर्गत समय समयमा आउने व्यवसायिक तथा सूचना प्रविधिसँग सम्बन्धित नवीनतम सुधारका आवश्यकताहरूको पहिचान गर्न स्पष्ट विधि र प्रक्रिया हुनुपर्दछ। साथै पहिचान गरिएका आवश्यकताहरूको सम्बोधनको लागि निर्णय लिन अधिकार प्राप्त उच्चस्तरीय समिति हुनुपर्दछ। समितिले कार्यसम्पादन अवस्थाको नियमित अनुगमन समीक्षा गरी विकल्पको विश्लेषण गर्ने, प्राथमिकिकरण गर्ने र सुधारका कार्यहरू शुरु गर्ने हुनुपर्दछ ।

विभागले आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन, २०५८ अनुसार आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको सङ्कलन तथा व्यवस्थापनको लागि सूचना प्रविधि प्रणालीको प्रयोग गरेको पाइयो। प्रणालीको कार्यसम्पादन मूल्याङ्कन गर्ने मापदण्ड तयार गरिएको छैन। प्रविधिको माध्यमबाट भैरहेको कार्यसम्पादनको आवधिक समीक्षा गरी व्यवस्थापनलाई नियमित प्रतिवेदन पेश गर्नका लागि छुट्टै सूचना तथा सञ्चार प्रविधि निर्देशक समिति गठन गरेको पाईएन। उप-महानिर्देशक (सूचना प्रविधि) र निर्देशक - २ (नीति विश्लेषण महाशाखा र करदाता सेवा कार्यालय) रहेको सूचना प्रविधि कोर समूह (IT Core Group) को गठन गरिएको छ। यस समूहले विभागबाट प्रदान गरिने सेवा सुविधालाई थप प्रभावकारी बनाउन प्रणालीमा गर्नुपर्ने सुधारको सम्बन्धमा अध्ययन गरी सुझाउ दिने गरेको पाईयो। तथापि निर्देशक समितिको अभावमा सूचना प्रविधिको माध्यमबाट हांसिल गर्न खोजेको व्यवसायिक लक्ष्य तय गर्न, रणनीतिक र कार्यगत योजनाहरू तयार गरी लागु गर्न र सूचना प्रविधिसँग सम्बन्धित साधन श्रोतहरूको अधिकतम उपयोग गर्न कठिनाई हुने देखिन्छ ।

सुझाउ - विभागले व्यावसायिक र सूचना प्रविधिसँग सम्बन्धित नवीनतम आवश्यकताको पहिचान गरी कार्यान्वयन गर्न प्रविधिसँग सम्बन्धित सम्पूर्ण पूर्वाधार समेटिने गरी कार्य सम्पादन मापदण्ड स्थापित गर्नुपर्दछ। सूचना प्रविधिको विकास र कार्य सम्पादनको नियमित समीक्षा गरी सुधारात्मक कार्यहरूको थालनी तथा अनुगमन गर्न सूचना प्रविधि कोर समूहलाई आवश्यकतानुसार विस्तार गरी पूर्णरूपमा क्रियाशील रहने निर्देशक समितिको रूपमा विकास गर्नुपर्दछ।

९. **सूचना प्रविधि रणनीति -** विभागले व्यावसायिक उद्देश्यलाई सूचना प्रविधिको माध्यमबाट पूरा गर्नको लागि आवश्यक पर्ने हार्डवेयर, सफ्टवेयर, नेटवर्क लगायतका पूर्वाधारहरूको बारेमा स्पष्ट उल्लेख हुनेगरी सूचना प्रविधि रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ। विभागले सन २०१८-१९ देखि २०२२-२३ सम्मको लागि ५ वर्षे दोस्रो रणनीतिक योजना तयार गरेको छ तर त्यसमा सूचना प्रविधि रणनीति भनेर उल्लेख गरेको पाईएन। जोखिम व्यवस्थापनसम्बन्धी नीति र योजना तयार गरेको पाईएन। यद्यपि, रणनीतिक योजना कार्यान्वयनको सम्बन्धमा केही जोखिमहरू पहिचान गरिएको छ। जसमा प्रणाली तथा डाटाको कमजोर ब्याकअप, नियमित मर्मतसंभार, आवधिक लेखापरीक्षण तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप उच्चस्तरको सुरक्षा सञ्जाल स्थापना गर्ने जस्ता रणनीतिहरू उल्लेख गरिएको छ। रणनीतिक योजनाको अभावमा प्रविधिमा गरिएको लगानीको सदुपयोग हुन कठिनाई हुने देखिन्छ। साथै सम्भाव्य जोखिमहरूको योजनाबद्ध रूपमा न्यूनीकरण वा व्यवस्थापन हुन नसक्दा ठूलो दुर्घटना हुनसक्छ (जस्तैः System Hack, Server Crash, Data Corruption आदि) ।

सुझाउ - विभागले प्रणालीसँग सम्बन्धित सबै किसिमका साधन श्रोतहरूको अधिकतम उपयोग तथा जोखिम व्यवस्थापनका लागि रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

१०. प्रविधिको प्रयोग सम्बन्धी नीति र कार्यविधि : बिभागको व्यावसायिक उद्देश्य अनुरूप सूचना प्रविधिको माध्यमबाट सेवा सुविधा प्रदान गर्नको लागि आवश्यक पर्ने नीति तथा कार्यविधिहरू लागु गर्नुपर्दछ । नीतिहरूमा सूचना प्रविधि सुरक्षण नीति जसले प्रणालीको अनाधिकृत पहुँचलाई नियन्त्रण गर्छ, प्रणालीको नियमित सञ्चालन र विपद व्यवस्थापन नीति तथा कार्ययोजना, सूचनाको गोपनियता, परामर्शदाताबाट लिन सकिने कार्यहरू, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, व्याकअप (Backup), रिमोट पहुँच (Remote Access), आपतकालिन उद्धार (Incident Response), परिवर्तन व्यवस्थापन (Change Management), सूचना प्रविधि सम्बन्धी तालीम, प्रविधिको प्रयोगलाई स्वीकार्नुपर्ने लगायतका नीति तथा योजनाहरू हुनसक्छन् । बिभागमा उल्लेखित नीति तथा कार्यविधिहरूको तर्जुमा गरी कार्यान्वयन गरिएको छैन । विभागबाट स्वीकृत नीति, योजना तथा कार्यविधिहरू नहुँदा सूचना प्रविधि पूर्वाधारहरूको प्रभावकारीरूपमा व्यवस्थापन एवं सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कार्यदिशाको अभाव हुन्छ । समय समयमा गर्नुपर्ने सुधारात्मक कार्यहरूको लागि के गर्ने वा के नगर्ने भन्ने सम्बन्धमा अनिश्चितता बढाउँछ र प्रणालीको प्रभावकारिताको लागि अपनाउनुपर्ने व्यवस्थापकीय मापदण्डहरूको पालना हुन सक्दैन ।

सुझाउ - प्रविधिको माध्यमबाट सुरक्षित एवं प्रभावकारीरूपमा सेवा प्रवाह गर्नको लागि आवश्यक पर्ने माथि उल्लेखित नीति, योजना तथा कार्यविधिहरू तर्जुमा गरी, अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई लागु गर्नुपर्दछ ।

११. **मानव संसाधन विकास -** विभागको व्यावसायिक आवश्यकता (Business Needs) पूर्ति गर्नको लागि वर्तमान र भविष्यका आवश्यकताहरूलाई सम्बोधन गर्ने सूचना प्रविधिसँग सम्बन्धित जनशक्ति विकास योजना (Human Resource Development Plan) तयार हुनुपर्दछ । जसमा दक्ष एवं अनुभवी कर्मचारीको उपलब्धता, प्रविधिमा काम गर्न सक्ने जनशक्तिको विकास तथा तालिम एवं अभिमुखिकरण योजना समावेश हुनुपर्दछ । सूचना प्रणाली व्यवस्थापन (MIS) शाखामा ठ र सूचना सञ्चार प्रविधि (ICT) शाखामा ८ गरी जम्मा १५ दरबन्दी रहेकोमा केवल ५ जनाको मात्र पदपूर्ति भई बाँकी पदहरू रिक्त छन् । स्थायी कर्मचारीको निरन्तरता सुनिश्चित गर्न कुनै योजना तर्जुमा गरिएको छैन । कर्मचारीहरूबीच स्पष्ट कार्य विभाजन गरेको पाईएन । सूचना सुरक्षा सम्बन्धी तालिम तथा अभिमुखिकरण कार्यक्रमहरू पर्याप्त मात्रामा सञ्चालन गरेको पाईएन । कर्मचारीको दरबन्दी अनुसार पदपूर्ति नहुँदा अत्यधिक कामको बोझले त्रुटि हुने एवं सेवाको गुणस्तरमा कमी आउनसक्छ ।

सुझाउ - जनशक्ति विकास योजना बनाई कार्यान्वयन गर्नुपर्दछ । सूचना प्रविधिमा कार्यरत जनशक्तिको क्षमता अभिबृद्धि गरिनुपर्दछ ।

१२. **जोखिम विश्लेषण र परिपालना -** विभागले सूचना प्रविधिको प्रयोग गर्दा आँफ्नो व्यवसायसँग सम्बन्धित सबै किसिमका कानुन, नीति, नियम एवं विधि र प्रक्रियाहरूको पूर्णरूपमा पालना भएको सूनिश्चित गर्न उपयुक्त संयन्त्रहरू (जस्तैः गुणस्तर परीक्षण समूह, आन्तरिक लेखापरीक्षण, स्थलगत निरिक्षण र चेकजाँच आदि) गठन गर्नुपर्नेमा त्यस किसिमका संयन्त्र रहेको पाईएन । जसले गर्दा सम्भाव्य जोखिमहरूको पहिचान गर्न सकिदैन । जोखिम नियन्त्रणको लागि अपनाईएका प्रयासहरू पनि प्रभावकारी हुन सक्दैनन् ।

सुझाउ - विभागले आँफ्नो कार्यसँग सम्बन्धित सबै किसिमका नीति नियमहरूको पूर्णरूपमा पालना भए नभएको सम्बन्धमा स्वतन्त्र निकाय वा संयन्त्र मार्फत परीक्षण गराई जोखिम व्यवस्थापन गर्नुपर्दछ ।

१३. **समस्या तथा दुर्घटनाहरूको व्यवस्थापन -** समय समयमा आउनसक्ने प्रविधिजन्य दुर्घटना तथा समस्याहरूको (IT Incidents and Issues) न्यूनीकरणको लागि दक्ष कर्मचारी तथा प्रयोगकर्ताहरूलाई विभिन्न माध्यमबाट (जस्तैः अनलाइन शिक्षा, सूचना प्रविधिको प्रयोगसँग सम्बन्धित जिज्ञासाहरूको प्रश्नोत्तर संगालो आदि) प्रशिक्षण गर्नुपर्दछ । यसको लागि करदाताले उठाएका विषय तथा सुरक्षासँग सम्बन्धित अन्य विषयहरूको रिपोर्टिङ गर्न, समस्याको वास्तविक कारण पहिचान गर्न र स्थायी समाधान खोज्न दक्ष प्राविधिकहरू भएको संयन्त्र गठन गर्नुपर्दछ ।

विभागले अन्तिम प्रयोगकर्ता (End User) लाई करदाता पोर्टलमा रिपोर्टिङ गर्न टोल फ्रि नं, हन्टिङ लाईन (Hunting Line), पृष्ठपोषण फाराम, कल सेन्टर नम्बर, विभागको हेल्पडेस्क प्रयोगमा ल्याएको

छ । विभागको सूचना तथा सञ्चार प्रविधि सम्बन्धी कार्यसञ्चालन कार्यविधिहरू २०१४ मा बनाईए तापनि तत्पश्चात अद्यावधिक गरिएको छैन । कल सेन्टर व्यवस्थापन गर्न एमयू सफ्टवेयर प्रयोग गरिए तापनि हाल सञ्चालनमा नरहेको र त्रुटिहरूको लग राखेको पाईएन । विभागले सूचना प्रविधिमा हुनसक्ने दुर्घटना र आईपर्ने समस्याको व्यवस्थापन गर्न उपयुक्त नीति तर्जुमा गरी लागु गरेको छैन । सूचना प्रविधिजन्य दुर्घटना तथा समस्याहरूको उचित व्यवस्थापन हुन नसक्दा डाटा एवं सूचनाको चोरी हुने, फेरबदल हुने वा हराउने हुनसक्छ जसको समयमै व्यवस्थापन गर्न सकिदैन र ठुलो क्षति हुन जान्छ ।

सुझाउ - विभागले सूचना प्रविधिजन्य दुर्घटनाको प्रभावकारी रूपमा व्यवस्थापन गर्नको लागि स्पष्ट कार्यविधि (Problem Management Procedure) तयार गरी लागु गर्नुपर्दछ । प्रयोगकर्तालाई प्रणाली, डाटा तथा सूचनाको सुरक्षा सम्बन्धी विषयहरूको बारेमा माथि उल्लेख गरिए बमोजिम विभिन्न माध्यमबाट सचेत गराउनुपर्दछ । साथै कल सेन्टरका कर्मचारीलाई प्रणालीको प्रयोग सम्बन्धी जिज्ञासाहरूको समाधान गर्न प्रशिक्षण दिनुपर्दछ ।

१४. **प्रकोप पूनःस्थापना योजना -** बिभागले प्रणाली सञ्चालनका लागि सेटअप गरिएका सर्भर, डाटा स्टोरेज, नेटवर्क लगायतका उपकरणहरू राखिएको डाटा सेन्टरमा कुनै पनि बेला भुकम्प, बाढी जस्ता ठूला प्रकोपहरू (Disaster) आउन सक्छन् । जसले गर्दा महत्वपूर्ण डाटा, सूचना लगायत सम्पूर्ण प्रणालीनै नष्ट हुनसक्ने भएकोले यसबाट बचाउनको लागि प्रकोप पूनःस्थापना योजना सहितको नीति कार्यान्वयन गर्नुपर्दछ । यसको लागि प्रणाली तथा डाटाको वैकल्पिक व्याकअपको व्यवस्था हुनुपर्दछ । बिभागको डाटासेन्टर विभागमा रहेको र त्यसको वैकल्पिक डाटा सेन्टर जीआईडिसीमा तथा प्रकोप पूनःस्थापना केन्द्र (DRP) भैरहवामा राखिएको छ । विपद पूनःस्थापना योजनाको अभावमा नियमित कार्यमा अवरोध भएमा प्रणाली एवं डाटाको समयमै पुनःस्थापनामा कठिनाई भई देशको कराधारको रूपमा रहेको डाटा नष्ट भई सेवा अवरुद्ध हुनसक्छ । पुनःस्थापित डाटाको मिलान नभएमा अनाधिकृत हेरफेर भई पहिचान नहुन सक्छ ।

सुझाउ - बिभागले प्रणालीको जोखिम न्यूनीकरणका लागि व्यवसाय निरन्तरता नीति (BCP) रप्रकोप पुनस्स्थापना योजना (DRP) को तर्जुमा गरी लागु गर्नुपर्दछ ।

१५. **सुरक्षा प्याच (Security Patches) -** सूचना प्रविधि प्रणाली, डाटाबेस र एप्लिकेशनहरूको सुरक्षा गर्न नियमित रूपमा सुरक्षा प्याचहरू लागु गरिनुपर्दछ । बिभागले प्याच व्यवस्थापन नीति तथा प्रक्रिया निर्धारण गरेको छैन । केही सुरक्षा प्याचहरू लागु गरिएको छ तथापी सोको अभिलेख राख्ने र प्याच व्यवस्थापनको लागि कर्मचारीको भूमिका तोक्ने गरिएको छैन । नवीनतम सुरक्षा प्याच लागु गर्न असफल भएमा प्रणालीमा आक्रमण हुनसक्ने र सो आक्रमणले अनाधिकृत पहुँच बढाउने, डाटा फेरबदल हुने तथा प्रणाली अवरुद्ध हुने जोखिम बढाउँछ ।

सुझाउ - बिभागले सुरक्षा प्याच व्यवस्थापन नीति तयार गरी कर्मचारीको भूमिका निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ । व्यवस्थापनले सञ्चालित प्रणालीको अपरेटिङ सिस्टम, एप्लिकेशन र डाटावेश नयाँ भर्सनमा छन् र छैनन् यकीन गरी यसबाट हुनसक्ने जोखिमको मूल्यांकन र व्वस्थापन गर्नुपर्दछ ।

१६. **फायरवाल (Firewall) -** सफ्टवेयर प्रणालीको सुरक्षाको लागि सर्भरमा हुनसक्ने अनधिकृत प्रवेश (Intrusion) लाई पत्ता लगाई फिल्टर गर्ने (प्रवेश गर्न नदिने) हार्डवेयर वा सफ्टवेयरमा आधारित फायरवालको प्रयोग गर्नुपर्दछ । विभागमा हाल दुईवटा (Juniper SRX firewall (IRD-WALL) - JunOS 12.1 X44-D30.4 र SRX -IRD-SRX(WALL 2) - JUNOS 12.1X44-D35.5) फायरवाल प्रयोगमा रहेका छन् । फायरवाल प्रयोग गरिएता पनि यसले कस्तो कस्तो नेटवर्क ट्राफिकलाई नियन्त्रण गर्ने भन्ने सम्बन्धमा नीति बनाईएको छैन । Intrusion Detection System लाई फायरवालमा सक्रिय (Active) गरिएको छैन । यस्तो अवस्थामा फायरवालले पत्ता लगाई रोक्न सक्ने Malicious Attacks बाट नेटवर्कलाई खतरा हुनसक्छ ।

सुझाउ - प्रणाली र डाटा सर्भरको पहँचलाई नियन्त्रण गर्न तथा केन्द्रीय रूपमा प्रयोगकर्ताहरूको व्यवस्थापन गर्न Authentication, Authorization and Accounting (AAA) सर्भरबाट फायरवाललाई प्रमाणित गरिनुपर्दछ । फायरवाल नियमहरू अद्यावधिक गरिनुपर्दछ । आवश्यक रूपमा फायरवाल अनुगमन गर्न र Configure गर्न कर्मचारी खटाइनुपर्दछ ।

१७. **भौतिक सुरक्षा -** सबै किसिमका साधनश्रोत (हाडवेयर, सफ्टवेयर, नेटवर्क, डाटा, लिखित दस्तावेज आदि) हरूको अधिकारिक, अभिलेख (Log) राखिएको र अनुगमन गरिएको हुनुपर्दछ । अनाधिकृत व्यक्तिहरूले हेर्न

र प्रयोग गर्न तथा आगो, बाढी, भूकम्प, विस्फोट, हुलदङ्गा र प्राकृतिक वा मानवीय कारणले हुनजाने दुर्घटनाबाट क्षतिहरू हुन नदिन भौतिक नियन्त्रण एवं सुरक्षाको राम्रो व्यवस्था गरिनुपर्दछ ।

लेखापरीक्षणको क्रममा विभागमा अवस्थित डाटा सेन्टरको स्थलगत निरिक्षण गर्दा डाटा सेन्टर आगन्तुक अभिलेख राखिएको पाइएन, दोहोरो कारक प्रमाणीकरण (Dual Factor Authentication) लागु गरिएको छैन, छतको उचाइ पर्याप्त नभएकाले ताप फैलावट हुँदैन, रातको समयमा डाटा सेन्टरको रेखदेखका निमित्त डाटा सेन्टरको प्रवेश कार्ड इलेक्ट्रिसियनलाई हस्तान्तरण गर्ने गरेको पाइयो ।प्लास्टिक जस्ता प्रज्वलनशील वस्तुहरू डाटा सेन्टर कोठामा देखियो, वातावरण अनुकूलन सुविधा स्वचालित नभई म्यानुवली सञ्चालन भएको पाइयो, उपकरणको तारहरू अव्यवस्थित भएको र लेबल (Label) नगरिएको तथा भित्ता ओसिलो भएको पाइयो, डाटा सेन्टरको परीक्षण नियमित रूपमा गरिएको छैन, कर्मचारीको ड्युटी रोस्टर राखिएको छैन । कमजोर भौतिक सुरक्षा नियन्त्रणले विभागको सम्पत्ति र डाटामा नोक्सानी पुऱ्याउनसक्छ ।

सुझाउ - परिसरमा प्रवेश गर्ने व्यक्तिको अभिलेख राखिनुपर्दछ । गोप्य तथ्याङ्क प्रदर्शन गर्ने टर्मिनलहरू तथा स्क्रिन अनाधिकृत व्यक्तिहरूको पहुँच नहुने गरी राख्नुपर्दछ । डाटा सेन्टरमा वातावरणीय नियन्त्रणहरूलाई सुदृढ पार्नुपर्दछ ।

१८. **पहुँच नियन्त्रण (Access Control) -** प्रयोगकर्ताको जिम्मेवारी अनुसार प्रणालीमा पहुँच सुनिश्चित गर्नको लागि स्पष्ट नीति हुनुपर्दछ । संस्थामा सूचना प्रविधि पहुँच नीति वा प्रक्रियाको अभिलेख राखिएको छैन । करदाताहरू बाहेक सूचना प्रविधि प्रणालीमा कर अधिकृत, भन्सार विभाग, कम्पनी रजिष्टारको कार्यालय, महालेखा परीक्षकको कार्यालय, राजस्व सूचना व्यवस्थापन प्रणाली, राजस्व अनुसन्धान विभाग, नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था, राष्ट्रिय सूचना प्रविधि केन्द्र, GIDC, वाणिज्य बैंकहरूलाई अनुमति दिइएको छ । प्रणालीमा लग इन गर्न पासवर्ड आवश्यक हुन्छ तर दुई फ्याक्टर प्रमाणीकरण (Two Factor Authentication) अनिवार्य छैन । अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्छ । आधिकारिक व्यक्तिले पनि चाहिनेभन्दा बढी पहुँच पाउन सक्छन् । यी दुवैले तथ्याङ्कको गोपनीयता र ईन्टिग्रिटी (Intigrity) लाई जोखिममा पार्छन् ।

सुझाउ - पहुँच नियन्त्रण नीति तयार गरी लागु गर्नुपर्दछ ।

१९. **पासवर्ड (Password) -** प्रणाली प्रशासक (System Administrator) र सामान्य प्रयोगकर्ताहरूको लागि पासवर्ड नीति तयार गरी सुरक्षित पासवर्ड अभ्यास वारे सबै प्रयोगकर्तालाई जानकारी गराउनुपर्दछ । सफ्टवेयर, सर्भर र डाटामा सबै अधिकार सहितको पहुँच (System Administrator Access) को लागि टोकन वा स्मार्ट कार्ड जस्ता एक भन्दा बढी प्रमाणीकरण (Multifactor Authentication, MFA) प्रयोग गर्नुपर्दछ । पासवर्ड सेट गर्दा सजिलो अक्षरहरू (Plain Text) र चलन चल्तिमा प्रयोग भैरहने नाम तथा शव्दहरू राखिनु हुँदैन । पासवर्डसम्बन्धी नियम लागु गरेको पाइएन । नयाँ प्रयोगकर्ता सेटअप गर्दा प्रयोगकर्ताले राख्नुपर्ने पासवर्ड कमजोर हुँदा पनि प्रणालीले स्वीकार गरेको पाइयो । प्रयोगकर्ताले पहिलो पटक प्रणालीमा अग ईन गर्दा पासवर्ड परिवर्तनलाई अनिवार्य गरिएको छैन । विशेषाधिकार प्राप्त प्रयोगकर्तालाई MFA अनिवार्य गरिएको छैन । सुरक्षित पासवर्ड अभ्यासको अभावले अनधिकृत पहुँच र प्रणाली एवं डाटाको असुरक्षा हुन जान्छ ।

सुझाउ - बिभागले अन्तर्राष्ट्रिय उत्तम अभ्यास अनुशरण गर्ने पासवर्ड नीति अपनाउनुपर्दछ । लोअर र अपरकेश, नम्बर र सिम्बल सहितको कम्तिमा आठ अङ्कको पासबर्ड हुनुपर्दछ ।

२०. **प्रणाली भित्रको लग ईन -** प्रणालीको सुरक्षा गर्न लगईन र लग आउट प्रक्रिया निर्धारण गरेको हुनुपर्दछ । कुनै प्रयोगकर्ताले तोकिए भन्दा बढी पटक लगईनको असफल प्रयास गरेमा स्वतः निस्क्रिय गराईनुपर्दछ । यससम्बन्धी नियम लागु गरेको पाईएन । तोकिएभन्दा बढी पटक लगईनको असफल प्रयास गरेपछि एकाउन्ट स्वतः निस्क्रिय हुने व्यवस्था छैन । जसले गर्दा प्रणालीमा ब्रुट फोर्स अट्याक् (Brute Force Attack) जस्ता जोखिम रहने देखिन्छ ।

सुझाउ - बिभागले सबै प्रयोगकर्ताहरूलाई जानकारी गराई स्पष्ट लगईन र लगआउट कार्यविधि बनाई लागु गर्नुपर्दछ ।

२१. **बाह्य सेवा प्रदायक (Outsourcing) -** बिभागले बाह्य पक्षबाट सेवा लिने सम्बन्धमा स्पष्ट प्रावधानहरू सहितको नीति निर्धारण गरेको हुनुपर्दछ । सेवा प्रदायकसँग करार सम्झौता गर्दा सेवाको गुणस्तर निर्धारण गर्ने, कार्यसम्पादन मापन गर्ने, सुरक्षासम्बन्धी जोखिमको पहिचान गरी व्यवस्थापन गर्ने तथा सेवा प्रवाहको अनुगमन एवं कारबाही गर्ने व्यवस्था सुनिश्चित गर्नुपर्दछ। डाटा सुरक्षा र पहुँच अधिकार सम्वन्धि व्यवस्था सेवा करारमा समावेश हुनुपर्दछ । सेवा प्रदायकलाई महत्वपूर्ण र संवेदनशील डाटा एवं सूचनामा पहुँच दिनुहुँदैन । साथै सेवाप्रदायकले सेवा दिन असमर्थ भएमा पनि महत्वपूर्ण कार्यहरू सञ्चालन गर्न सकिने गरी बिभाग भित्रै व्यावसायिक ज्ञान भएका जनशक्तिको व्यवस्था गरी सेवा निरन्तरताको सुनिश्चितता गर्नुपर्दछ। बाह्य सेवा प्रदायकको निर्भरता कम गर्दै लग्नुपर्दछ।

विभागले बाह्यसेवा प्रदायकबाट सेवा लिने विषयमा आवश्यक नीति तर्जुमा गरेको छैन । सेवा प्रदायकद्वारा कार्य सम्पादन गर्ने परिपाटीलाई प्रतिस्थापन गर्न स्थायी कर्मचारीको पर्याप्त मात्रामा व्यवस्था भएको पाइएन । सम्झौता बमोजिम सेवा उपलव्ध नभएको खण्डमा जरिवाना तिर्नुपर्ने प्रावधान रहेकोमा सोको अनुगमन र कार्यान्वयन भएको देखिदैन । सम्झौतामा जोखिमसम्बन्धी विषयहरू उल्लेख गरेको पाइएन । हार्डवेयर, सफ्टवेयर, डाटा, नेटवर्कको ब्यक्अप र म्च्ए सुनिश्चित गर्नेबारे सम्झौतामा कुनै उल्लेख गरिएको छैन । बाह्य सेवामा अधिक निर्भरताका कारण विभागको आन्तरिक विज्ञता र नियन्त्रण गुम्ने, गोपनीयता र डाटाको शुद्धता घट्ने जस्ता जोखिमहरू आउनसक्ने देखिन्छ।

सुझाउ - कार्य सम्पादन अनुगमनको अभिलेख हुनुपर्दछ र आवश्यकता अनुसार क्षतिपूर्तिको दावी गरिनुपर्दछ। सम्झौतामा BCP / DRP को लागि सेवा प्रदायकको भूमिकालाई स्पष्टरूपमा उल्लेख गरी जिम्मेवार बनाउनुपर्दछ।

२२. **इनपुट तथा त्रुटि व्यवस्थापन (Input And Error Handling) -** प्रयोगकर्ताले बुझ्ने गरी डाटा प्रविष्टि गर्ने अनलाईन फारम (Interface) हुनुपर्दछ। प्रयोगकर्ताले सफ्टवेयर प्रणालीमा विवरण प्रविष्टि (Entry) गर्दा प्रणालीबाट नै नियन्त्रण गर्न सकिने विषयहरू जस्तैः कारोबारको आधिकारिक श्रोत, सूचनाको आधिकारिकता, पूर्णता, दोहोरोपना र शुद्धता जाँच गर्ने व्यवस्था (Input Control System) हुनपर्दछ। एप्लिकेशनमा डाटा प्रविष्टि हुनु अघि उचित लगिङ (Logging) र स्रोत कागजातहरू (Source Document) को रेकर्ड राखेको हुनुपर्दछ। कारोबार पूर्णरूपमा म्यानुअल वा इलेक्ट्रोनिक माध्यमद्वारा प्रमाणित गरिएको हुनुपर्दछ। इनपुटको लागि समय तालिका निर्धारण गरी पालना गरिएको हुनुपर्दछ। प्रत्येक त्रुटिलाई हल गर्न र समस्याहरूको सञ्चार गर्न स्पष्ट प्रणाली हुनुपर्दछ। कारोबार प्रशोधन हुनुभन्दा पहिले त्रुटिलाई सच्चाउनुपर्दछ। लगहरूको समय समयमा अनुमगन र समीक्षा गरी सुधारात्मक कदम चालिनुपर्दछ। करदाताले कागजातहरू इलेक्ट्रोनिक रूपमा अपलोड गर्ने व्यवस्था गरिएको छैन। वैधिकरण (Validation) जाँचको अभावले गलत डाटा प्रविष्टिको सम्भावना बढाउँछ।

जुन कागजात अपलोड गर्नुपर्ने हो सो बाहेक अन्य कुनै कागजात अपलोड गर्दा पनि प्रणालीले स्वीकार गर्दछ ।यसैगरी आय बिवरणको अनुसूचि १३ नभरे पनि वा पूर्णरूपमा नभरेको अबस्थामा समेत आय विवरण भिडान (Verify) हुन्छ। करदाताले विगत वर्ष र यस वर्षका विभिन्न कागजातमा फरक फरक तथ्याङ्क पेश गरेपनि प्रणालीले पहिचान गर्दैन । अनुगमनको लागि आवश्यक न्युनतम कागजातहरू पेश गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिएको छैन। पेश गर्नुपर्ने भनि तोकिएका कागजातहरू पेश नभएको अबस्थामा समेत भिडान (Verify) भएका उदाहरणहरू छन्। कागजातहरू पेश नगरेको र इलेक्ट्रोनिक रूपमा अपलोड गर्ने सुविधा पनि नभएको अवस्थामा पेश भएको कागजातको कुनै ट्रेल (Trail) नरहन सक्छ । कर योग्य आय निर्धारण गर्दा गत आ.व. बाट जिम्मेवारी सारेको व्यवसायको नोक्सानीको जाँच हुने व्यबस्था छैन । यसबाट गलत नतिजा निस्कने, कर निर्धारणमा समस्या हुने तथा करदाताको अनुगमन गर्न र करदाता बीचका कारोबार एक आपसमा भिडान गर्न समस्या पर्ने देखिन्छ ।

सुझाउ - यसको समधानको लागि वैधिकरण जाँच हुनुपर्दछ। कर अधिकृतले माग गरेका कागजातको इलेक्ट्रोनिक कपि अपलोड गर्ने सुविधा हुनुपर्दछ। न्युनतम कागजात पेश नभएसम्म भेरिफाई नहुने व्यबस्था गर्नुपर्दछ ।सबै कागजात पिडिएफ फरम्याटमा अपलोड गर्ने नभै सिस्टममा नै प्रबिष्टि गर्ने वा मेशीन रिडेबल ढाँचामा अपलोड गर्ने व्यबस्था मिलाउनुपर्दछ ।

२३. **प्रशोधन (Processing) -** व्यावसायिक नीति, नियम र विधि प्रक्रियाको पालना हुने गरी सफ्टवेयर एप्लिकेशनले डाटाको प्रशोधन गर्नुपर्दछ । एप्लिकेशनले प्रशोधनको क्रममा डाटाको पूर्णता, सत्यता, वैधता र विश्वसनीयता चेकजाँच गर्नुपर्दछ। असङ्गत डाटालाई एप्लिकेशनले स्वीकार गर्नु हुँदैन। सूचना प्रविधि

प्रणालीमा कर कानुनी प्रक्रिया अनुरूप मिलान भएको हुनुपर्दछ । तर कतिपय कानुनी व्यवस्थाहरू सिस्टममा समावेश छैनन । जस्तै करदाताले ढिला विवरण बुझाएको अवस्थामा आयकर ऐन २०५८ को दफा ११७, ११८ र ११९ बमोजिमको शुल्क र व्याज स्वत गणना हुँदैन र करदाताद्वारा प्रविष्टि गरिएका रकमको चेकजाँच हुने गरेको छैन । कर निर्धारण भैसकेपछि स्वचालितरूपमा आफै बक्यौता कायम हुने र RMIS मार्फत कर चुक्ता गरेपछि बक्यौता घटदै जाने विशेषता सिस्टममा छैन । एकीकृत कर प्रणाली र बक्यौताको सफ्टवेयर बेग्ला बेग्लै रहेको र ईन्टरफेस समेत नहुदाँ यस्तो स्थिति देखिएको छ । राजस्वसँग सम्बन्धित आवश्यक सबै म.ले.प.फारमहरू सिस्टममा राखिएका छैनन् । करदाताको कर परीक्षण प्रतिवेदन सिस्टममा अपलोड गरिदैन जसले गर्दा कुन करदाताको कहिले कर परीक्षण भयो यकीन गर्न र छुटेकालाई छनौट गर्न समस्या पर्ने देखिन्छ । सूचना प्रविधि प्रणालीमा कम्प्युटर बील, संशोधित विवरण र अनलाइन खरिदको भ्याट फिर्ता दावी गर्ने मोड्युलहरू रहेका छैनन् । व्यवसायिक आवश्यकता पुरा नहुदाँ सिस्टमले प्रभावकारी ढंगले नियन्त्रण प्रदान गर्न सक्दैन । प्रयोगकर्ताहरूका लागि अनलाईन ईनपुट प्रणाली असहज भएमा अनलाइन रजिष्ट्रेशन कार्य निरुत्साहित हुनजान्छ ।

सुझाउ - भविष्यमा प्रणालीको स्तरोन्नति गरी आवश्यक सुविधा प्रदान गर्नुपर्दछ ।

२४. **नतिजा -** नतिजाको लागि जिम्मेबार कर्मचारीले नतिजाको पूर्णता सुनिश्चित गर्नुपर्दछ । एक वित्तीय प्रणालीबाट अर्को वित्तीय प्रणालीमा डाटा पोष्ट गर्दा दोस्रोको ईनपुट डाटा पहिलेको डाटासँग मिल्नुपर्दछ । प्रणाली प्रणालीका बीचमा तथ्यांक आदान प्रदान हुँदा मिलान नभएका तथ्यांकलाई पहिचान गरी सुधार गर्नुपर्दछ । विभागको कम्प्युटर प्रणालीबाट जारी भएका नतिजामा नियन्त्रण तथा सुधार गरिनुपर्दछ । सुचना प्रबिधि प्रणालीका केही प्रतिवेदन असंगत छन् । उदाहरणका लागिः करदातालाई डेबिट रिपोर्ट र नन् फाइलर दुबै सूची देखाइएको छ । नतिजाको मिलान गरिएको छैन । उदाहरणको लागि बिभागको यस कम्प्युटर प्रणालीबाट उपलब्ध विवरण र राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) को संकलन तथ्यांकमा फरक देखिन्छ तर भिडान गर्ने सिस्टम छैन । अनलाईन कम्प्युटर प्रणालीबाट प्राप्त हुने तथ्यांक उपलब्ध नभएकोले मिलान भए नभएको यकिन हुन सकेन । ठूला करदाता कार्यालय भ्रमणको क्रममा प्रणालीको कार्यसम्पादनमा केही समस्याहरू रहेको पाइयो । उदाहरणका लागि रिपोर्ट आउन ढिलाइ हुने वा रिपोर्ट आउनुपूर्व नै सेसन लग आउट हुने गरेको पाइयो । यस सफ्टवेयरबाट राजस्व संकलन बक्यौता लगायतका तथ्याङ्कको आधारमा स्वचालित तबरले वित्तिय बिबरण तयार हुने व्यवस्था छैन जसले गर्दा सिस्टमको असुली र बक्यौता लगत बित्तिय बिबरणसंग भिडान हुदैन र सोको हिसाब मिलान पनि गरिएको हुदैन । फलस्वरूप लेखापरीक्षणबाट बित्तिय बिबरणको यथार्थता यकिन गर्न कठिन हुन्छ ।

सुझाउ - विभागले कम्प्युटर प्रणालीबाट प्राप्त नतिजा समीक्षा गरी इनपुटलाई स्वीकृत र प्रोसेसिङ गरी अपेक्षित आउटपुट भए नभएको पुष्टि गर्नुपर्दछ । विभागको कम्प्युटर प्रणाली र राजस्व सूचना व्यवस्थापन प्रणालीले संकलन गरेको डाटाको दैनिक रूपमा हिसाब मिलान गर्नुपर्दछ । एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणाली वीचमा देखिएको असन्तुलनको विवरण तयार गरी घटीरबढी भएमा विभागले अनुसन्धान गरी उक्त असन्तुलनलाई कम गर्न आवश्यक कार्य गर्नुपर्दछ । बित्तिय बिबरण समेत सिस्टमबाट तयार हुने र एक आपसमा भिडान हुने व्यवस्था मिलाउनुपर्दछ ।

२५. **स्वतन्त्र मुल्याङ्कन -** विभागमा सञ्चालित सफ्टवेयर प्रणालीको तेस्रो पक्षद्वारा सूचना प्रविधि लेखापरीक्षण गरी १ डिसेम्बर २०१६ मा प्रतिवेदन पेश गरेको पाईयो । सो लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका विभिन्न नीति तथा कार्यविधिको तर्जुमा, प्रणालीको सुरक्षा परीक्षण, प्रणालीमा सुधार वा परिमार्जन गर्दा प्रयोगकर्ता स्वीकार्यता परीक्षण, कर्मचारीहरूको स्पष्ट कार्यविभाजन, एन्टि मालवेयर सेटअप, सफ्टवेयर निर्माण, परीक्षण र सञ्चालनको छुट्टाछुट्टै वातावरणमा गर्ने, प्रणालीमा रहेका सुरक्षा सम्बन्धी जोखिमहरूको (Technical Vulnerabilities) पहिचान र व्यवस्थापनको लागि सुरक्षा प्याच (Security Patches) हरूको प्रयोग, व्याकअप प्रणालीमा सुधार गर्ने, अडिट ट्रायल तथा ईभेन्ट लगईन लगायतका सुझाबहरू कार्यान्वयन गरिएको छैन । लेखापरीक्षण सुझाउको कार्यान्वयन नगर्दा प्रणालीमा भएका जोखिम एवं कमि कमजोरीहरूको कारण दुर्घटना हुनगई ठूलो क्षति हुनसक्छ ।

सुझाउ - सूचना प्रविधि लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित सुझाउ तथा सिफारिसहरू समयमै कार्यान्वयन गरिनुपर्दछ ।

२६. **वित्तीय असर -** आन्तरिक नियन्त्रण प्रणालीमा भएको कमजोरीको कारणले सारभूत वित्तीय नोक्सानी हुनुहुदैन । आन्तरिक नियन्त्रण प्रणालीमा भएको कमजोरीको कारण वित्तीय आँकडा गलत हुन सक्छन् । वित्तीय आँकडा सारभूतरूपमा गलत गराउनसक्ने आन्तरीक नियन्त्रण प्रणालीका कमजोरी निम्न रहेकाछन् ।

२६.१ करदाताहरूद्वारा दाबी गरिएका स्रोतमा कर कट्टी (TDS) को जाँच सिस्टमले गर्दैन । परिणाम स्वरूप एउटै TDS दाखिला भएको भौचरबाट विभिन्न करदाताले क्रेडिट मिलान गरी सरकारलाई राजस्व घाटा हुन सक्छ ।

२६.२ केन्द्रीकृत बिलिङ व्यवस्थापन प्रणाली (CBMS) सुरुवात गरिएको छ । २०७६ आषाढ मसान्तसम्म मू.अ.कर दर्ता भएका करीब दुई लाख बाह्र हजार करदाताहरू र प्यान दर्ता भएका करीब एघार लाख बहत्तर हजार करदाताहरूमध्ये केवल बयान्नव्वे जना करदाताहरू मात्र सो प्रणालीमा समावेश गरिएका छन् ।

२६.३ प्रशासनिक पुनरावलोकन बापत धरौटी रकम दायित्व भए तापनि राजस्व भनेर लेखाङ्कन गरिएको छ । यसले गर्दा राजस्वको अधिक रिपोर्टिङ भएको देखिन्छ । २०७५।७६ मा मू.अ.क. रु. पैंचालीस करोड असी लाख छयान्नव्वे हजार र आयकर रु. पाँच अर्ब सन्तान्नव्वे करोड बहत्तर लाख अठतीस हजार गरी जम्मा विवादित रकम रु. छ अर्ब त्रिचालीस करोड त्रिपन्न लाख चौंतीस हजार रहेकोमा सोको २५ प्रतिशत रकम रु.१ अर्ब ६० करोड ८८ लाख ३३ हजार सिस्टमले राजस्व रिपोर्टिङ भएको देखिन्छ । पुनराबलोकन वा मुद्धामा गएको अबस्थामा कर निर्धारण गरिएको बक्यौता रकम लगत कट्टा गरिन्छ ।उक्त रकम विवादास्पद मात्र हो लगत नै कट्टा गर्ने रकम होईन तसर्थ बक्यौता हिसाब सिस्टमले सही देखाउँदैन ।

२६.४ मू.अ.कारको लागि प्रशासनिक पुनरावलोकनका लागि जम्मा गरिएको धरौटी रकम एटिआर फाराममा 'हेल्ड' भनेर चिन्ह लगाइने गरिन्छ । यद्यपि, केही धरौटी रकम "हेल्ड" भनेर चिन्ह लगाइएको छैन । परिणामत: सरकारलाई ब्याज र जरिवाना कम संकलन भई राजस्व घाटा हुन्छ ।

२६.५ पुनरावेदन व्यवस्थापन प्रणालीको नियमित समीक्षा र आवश्यकता अनुसार सिस्टममा अद्यावधिक गरिएको छैन ।

२६.६ फाइलहरू कर परीक्षणका लागि चयन हुँदा र कर परीक्षण सम्पन्न हुँदा EMIS मा अद्यावधिक गरिनुपर्दछ । यद्यपि, कर परीक्षणका लागि चयन गरिएका सबै फाइलहरू सफ्टवेयरमा अभिलेख गरिएका छैनन् । परिणाम स्वरूप चयन नगरिएका फाइलहरूको पहिचान गर्न कठिन छ ।करपरीक्षणको प्रतिवेदन सिस्टममा अपलोड हुदैन । जसले गर्दा करदाताको करनिर्धारण सम्बन्धी सबै बिषयको जानकारी सिस्टमबाट हुदैन ।

२६.७ बैंकबाट जारी भएका कतिपय राजस्व भौचरहरू राजस्व व्यवस्थापन प्रणालीमा प्रबिष्टि नभएको लेखापरीक्षणको क्रममा देखिन्छ । यसबाट राजस्व हिसाब एवं भौचरको यथार्थता यकिन गर्न किठन हुने देखिन्छ । राजस्व व्यवस्थापन प्रणालीमा प्रबिष्ट हुदाँ सम्बन्धित करदाताको खातामा समेत सो भौचर समाबेश हुने अन्यथा करदाताले राजस्व तिरेको हिसाब न्युन देखिने हुदाँ राजस्व ब्यबस्थापन प्रणालीमा प्रबिष्टि नभएसम्म भौचर जारी नहुने ब्यबस्था मिलाउनुपर्ने देखिन्छ ।

सुझाउ - आन्तरिक नियन्त्रण प्रणालीमा भएको कमजोरीको कारण राज्यलाई आर्थिक घाटा हुन सक्छ । लेखा परीक्षकलाई वित्तीय तथ्यांकको शुद्धताको बारेमा आश्वस्थता प्रदान गर्दैन । उल्लेखित विषयहरूका जोखिम निर्धारण गरी रोकथाम गर्न, पत्ता लगाउन र सुधार गर्न नियन्त्रणका उपाय अपनाउनुपर्दछ ।

२७. **निष्कर्ष -** आयकर, मूल्य अभिवृद्धि कर तथा अन्त: शुल्कका विभिन्न आयामहरूको प्रशासन गर्न सुचना प्रविधिमा आधारीत एकीकृत कर प्रणाली (Integrated Tax System, ITS) २०७०।७१ देखि सञ्चालन ल्याईएता पनि निर्देशक समिति नहुदा रणनीतिक र कार्यगत योजनाहरू तयार गरी लागु गर्न कठिनाई भएको, रणनीतिक योजना, नीति र कार्यविधि नहुदा काममा अन्योलता सृजना हुने, मानव संसाधन योजना नहुदा सेवा प्रवाह गुणस्तरीय तथा प्रभावकारी नहुने, प्रणालीमा आईपर्नसक्ने जोखिम विश्लेषण नगरिएको, प्रणालीको सुरक्षा व्यवस्था सुदृढ तुल्याउन आवश्यक नीति तयार गरी कार्यान्वयन नगरिएको, एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीबीच सन्तुलनको विवरण तयार नगरिएको तथा स्वतन्त्र मुल्याङ्कनका सुझाउको कार्यान्वयन नभएको जस्ता व्यहोरा देखिएकोमा उल्लेखित सुझाउहरूको पूर्णरूपमा कार्यान्वयन गरी कर प्रशासनलाई चुस्त, सरल र प्रभावकारी बनाईनुपर्दछ ।

दिगो विकास लक्ष्य (सन् २०१५-२०३०) कार्यान्वयनको लेखापरीक्षण

परिचय

१. **पृष्ठभूमि -** विश्वका १९३ राष्ट्रहरूका राष्ट्र तथा सरकार प्रमुख सहभागी सन् २०१५ सेप्टेम्बरको संयुक्त राष्ट्रसंघको महासभाले सन् २०३० सम्म दिगो विकास लक्ष्यका १७ प्रमुख लक्ष्यहरू हासिल गर्ने दिगो विकासको एजेन्डा २०३० लाई अनुमोदन गरेको छ । नेपाल पनि सो एजेण्डाको अनुमोदनकर्ता रहेको छ । आर्थिक, सामाजिक र वातावरणीय आयाम समेटिएका ती दिगो विकासका लक्ष्यहरूका विश्वव्यापी १६९ परिमाणात्मक गन्तव्यहरू र २३४ सूचकहरू रहेका छन् । सोमा नेपालले आफ्नो परिवेश अनुसार विश्वव्यापी लक्ष्य १४ बाहेक १६ प्रमुख लक्ष्यका १५९ गन्तव्यका लागि २४५ अतिरिक्त सूचक थप गरी ४७९ सूचक तय गरेको छ ।

२. **नीतिगत व्यवस्था -** नेपाल सरकारको एजेन्डा २०३० को प्रतिबद्धता बमोजिम आवधिक योजनाको मुल आधार दिगो विकास लक्ष्यलाई अंगीकार गरेको छ । सोही अनुरूप वार्षिक बजेट र कार्यक्रमहरू आबद्ध गर्ने नीति लिएको छ ।

लेखापरीक्षणको उद्धेश्य, क्षेत्र, पद्धति र सीमा

३. **उद्धेश्य -** दिगो विकास लक्ष्य प्राप्तिका लागि तीनै तहका सरकार संघ, प्रदेश र स्थानीय तहको तयारीका सम्बन्धमा उपयुक्त संरचना र विधि, लक्ष्य कार्यान्वयनका लागि नीति, बजेट र कार्यक्रमको आबद्धता र सुशासनको स्थिति, लक्ष्य प्राप्तिको लागि आवश्यक वित्तीय श्रोतको व्यवस्थापन, सन् २०१९ मा निर्धारित लक्ष्यको कोशेढुंगाको प्रगति स्थितिका साथै सो लक्ष्य कार्यान्वयनको अनुगमन र मुल्यांकनका लागि सान्दर्भिक सूचना र तथ्यांकको पर्याप्त उपलब्धताको स्थितिका सम्बन्धमा अध्ययन र विश्लेषण गर्ने लेखापरीक्षणको उद्धेश्य रहेको थियो ।

४. **क्षेत्र -** उपरोक्त लेखापरीक्षणको उद्धेश्यको लागि दिगो विकास लक्ष्यको राष्ट्रिय समीक्षा प्रतिवेदन, राष्ट्रिय योजना आयोगका दिगो विकास लक्ष्य सम्बन्धी प्रकाशन, लक्ष्य कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानिय तहका संरचना र व्यवस्था, दिगो विकास लक्ष्य हासिल गर्ने आवधिक योजना, बजेट, र विधि तथा केन्द्रीय तथ्यांक विभागसहित लक्ष्य मापन गर्नका लागि उपलब्ध सुचना र तथ्यांक तथा दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धी विगत वर्षका लेखापरीक्षण प्रतिवेदन एवं अन्य सार्वजनिक निकायका लेखापरीक्षण प्रतिवेदनलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको थियो ।

५. **पद्धति -** लेखापरीक्षणको क्षेत्रमा समेटिएका विषयहरूको अध्ययन र सोको विश्लेषण तथा राष्ट्रिय योजना आयोगका पदाधिकारी लगायत सरोकारवालासँग दिगो विकास लक्ष्य कार्यान्वयनका सम्बन्धमा गोष्ठी समेत गरी दिगो विकास लक्ष्य कार्यान्वयनमा रहेका प्रक्रिया, सोका अवस्था र सुधार गर्नुपर्ने क्षेत्रका सम्बन्धमा विश्लेषण गरिएको थियो ।

६. **सीमा -** लेखापरीक्षणका सन्दर्भमा द्वितीय पक्षद्वारा प्रकाशन गरिएका सूचना, तथ्यांक र प्रतिवेदनलाई समेटिएको छ । दिगो विकासका बहुआयामिक र अन्तरसम्बन्धित लक्ष्यहरूका सबै पक्षको कार्यान्वयन अवस्था बारे अध्ययन नगरी विगत वर्षहरूमा लेखापरीक्षण मार्फत दिगो विकास लक्ष्य कार्यान्वयनको तयारीका सम्बन्धमा औल्याइएका विषयको अवस्था र सन् २०१९ मा भएका केही परिमाणात्मक लक्ष्यहरूको प्रगति स्थिति तथा कार्यान्वयनका लागि सशक्त संस्थामा सुशासनका अवस्थालाई आधार लिइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोरा

७. **संस्थागत संरचना र विधि -** संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूमा दिगो विकास लक्ष्य कार्यान्वयन गर्न उपयुक्त संरचना निर्धारित लक्ष्यलाई बजेट र कार्यक्रममा रूपान्तरित गर्न, स्रोत व्यवस्थापन, परिचालन र उपलब्धिको मूल्याङ्कन तथा आवधिक समीक्षा गर्ने पद्धतिको व्यवस्था हुनुपर्दछ । दिगो विकास लक्ष्य कार्यान्वयनका लागि दिशा निर्देश गर्न प्रधानमन्त्रीको संयोजकत्वमा राष्ट्रिय निर्देशन समिति र दिगो विकास लक्ष्य सम्बन्धी योजना तथा बजेट, स्रोत परिचालन तथा कार्यक्रम कार्यान्वयनको अनुगमन गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा कार्यान्वयन तथा समन्वय समिति र आयोगका सदस्यहरूको अध्यक्षतामा ९ विषयगत समिति गठन भएतापनि सो अनुरूप प्रदेश सरकार र स्थानीय तहहरूमा दिगो विकास लक्ष्य सम्बन्धमा दिशा निर्देश र समन्वय गर्न उच्चस्तरीय समिति गठन भएको

छैन । संघीय र प्रदेश सरकारका विषयगत मन्त्रालयहरूका साथै स्थानीय तहहरूमा दिगो विकासका लक्ष्य र गन्तव्यलाई बजेट र कार्यक्रममा रूपान्तरण गर्ने, नक्साङ्कन गर्ने, बजेट कोडिङ्ग गर्ने, स्रोत परिचालन र व्यवस्थापन गर्ने, प्राप्त हुने उपलब्धिलाई मापन र मुल्यांकन गर्न आवश्यक पद्धतिको स्थापना गर्ने कार्यको प्रभावकारी व्यवस्था हुन सकेको छैन । संस्थागत संयन्त्रको अभावमा दिगो विकास लक्ष्य हासिल गर्नका लागि नीतिगत एकरूपता र लक्ष्य केन्द्रित योजना र बजेटको तर्जुमामा र सोको कार्यान्वयन तथा अनुगमनमा असामञ्जस्यता आउने हुन्छ ।

सुझाउ - दिगो विकास लक्ष्य कार्यान्वयन, समन्वय र अनुगमन तथा मुल्यांकन गर्नका लागि संघीय र प्रदेश सरकारका विषयगत मन्त्रालयहरूमा र स्थानीय तहहरूमा उपयुक्त संरचना र विधिको स्थापना तथा लक्ष्य कार्यान्वयनको अनुगमन र मुल्यांकन गर्ने व्यवस्था गर्नुपर्दछ ।

८. **प्रदेश र स्थानीय तहको आबद्धता -** दिगो विकास लक्ष्यहरूको कार्यान्वयनका लागि प्रदेश र अझ स्थानीय तह आम नागरिकसँग प्रत्यक्ष जोडिने हुनाले यिनका भुमिका महत्वपूर्ण छ । यस तहले लक्ष्यहरूको कार्यान्वयन गर्दा स्थानीय समुदायको सहभागिता रहने र नेपालको संविधानले कृषि, शिक्षा, स्वास्थ्य, सफा पानी र सरसफाई, लैङ्गिक समानता, स्थानीय आर्थिक विकास, वन, भुमिसुधार, सहकारी जस्ता क्षेत्रमा जस्ता कार्य गर्ने जिम्मेवारी रहेको हुँदा दिगो विकासका लक्ष्यहरू गरिबीको अन्त्य, शून्य भोकमरी, आरोग्य र कल्याण, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, सफा पानी तथा सरसफाई, असमानताको न्युनिकरण गर्न प्रदेश र स्थानीय तहको भुमिका अपरिहार्य छ । दिगो विकास लक्ष्यहरूलाई आन्तरिकिकरण गर्ने सन्दर्भमा गण्डकी र प्रदेश ५ लगायतका केही प्रदेशहरूले आधार रेखा सूचकाङ्क तयार गरी परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेका छन् । तर स्थानीय तहमा सोको शुरूवात हुन सकेको छैन । दिगो विकासका लक्ष्यहरूलाई प्रदेश र स्थानीय तहहरूले आ(आफ्ना नीति, कार्यक्रम र बजेटमा आबद्ध नगरेसम्म लक्ष्य प्राप्त गर्ने अपेक्षा गर्न सकिदैन ।

सुझाउ - संघबाट हस्तान्तरण गरिने सशर्त अनुदान लगायतका रकमलाई दिगो विकास लक्ष्यहरूसँग आबद्ध गरी कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने पद्धति अवलम्बन गर्नुपर्दछ । प्रदेश र स्थानीय तहहरूबाट आवधिक, वार्षिक विकास योजना तर्जुमा, खर्च र स्रोत साधनको अनुमान, कार्यान्वयन क्षमता वृद्धि, दिगो विकासका सन्दर्भमा आम नागरिक, गैर सरकारी संस्था, सहकारी लगायत सबै पक्षको सहभागिता रहने गरी दिगो विकास लक्ष्यलाई आन्तरिकिकरण गरी सोको कार्यान्वयन तथा अनुगमन र मुल्यांकन गर्नका लागि तीनै तहका सरकारले कार्य गर्नुपर्दछ ।

९. **दिगो विकासका लक्ष्यहरूको प्रगति -** आर्थिक, सामाजिक र वातावरणीय आयाम समाहित दिगो विकासका लक्ष्यहरू मध्ये १६ लक्ष्यहरूमा १५९ परिमाणात्मक गन्तव्यहरूका लागि नेपालले ४७९ सूचकहरू तय गरेको छ । सन् २०३० सम्मका लागि राखिएका उपलब्धि सूचक अङ्कहरू लाई प्रयोग गरेर २०३० सम्मकै लागि २०१९, २०२२ र २०२५ को निम्ति इन्ट्रापोलेट प्रक्षेपण गरी परिमाणात्मक लक्ष्य तय गरे अनुसार प्रगति गरेमा २०३० सम्म दिगो विकास लक्ष्य हासिल हुने आधार बन्दछ । परिमाणात्मक लक्ष्यहरू २०१९ सम्म हासिल गरेको प्रगति उपलब्ध गराउन अनुरोध गरेकोमा राष्ट्रिय योजना आयोगबाट मस्यौदा प्रतिवेदन तयार भएकोसम्म जानकारी प्राप्त भएको छ। सो प्रतिवेदनको अभावमा समष्टि परिमाणात्मक लक्ष्यहरूको प्रगति अवस्थाको विश्लेषण गर्न सकिएन । तथापि राष्ट्रिय लेखा, आर्थिक सर्वेक्षण, सरकारी विभिन्न सर्भेक्षण प्रतिवेदन, संयुक्त राष्ट्र संघीय, विश्व बैक तथा विकास साझेदारका प्रतिवेदन अनुसार २०१९ सम्म दिगो विकास लक्ष्यहरूका केही परिमाणात्मक लक्ष्यहरूमा कम प्रगति भएको आँकडा चार्टमा देखाइएको छ ।

निरपेक्ष गरीबीको दर र बहुआयामिक गरीबीको दरमा विगत वर्षहरूमा कमी भए तापनि २०१९मा प्रतिदिन अमेरिकी डलर १.२५ भन्दा कम आर्जन गर्ने जनसंख्या १७ प्रतिशतको सीमामा राख्ने लक्ष्य रहेतापनि अझै १८.७ प्रतिशत रहेको दिगो विकास लक्ष्यको समीक्षा प्रतिवेदन अनुसार प्रतिदिन अमेरिकी डलर १.९० आर्जन गर्ने जनसंख्या २८.५ प्रतिशतमा झार्ने लक्ष्य मध्ये १५ प्रतिशत रहेको देखाएको छ । त्यस्तैं गरी सामाजिक सुरक्षामा खर्च २३.७ प्रतिशतको लक्ष्यमध्ये १७ प्रतिशत मात्र पुगेको अवस्था छ । त्यस्तैं गरी सन् २०१९ को विश्व खाद्य सुरक्षा सूचकाङ्कमा ५७ अंक लक्ष्य रहेकोमा ४६ अंक मात्र प्राप्त गरेको स्थिति छ । खास गरी गरीब र सीमान्त वर्गमा खाद्य सुरक्षा प्रदान गर्न चुनौती रहेको स्थिति छ ।स्वास्थ्य सेवामा ३० मिटरको दुरीमा पहुँच ६९.३ लाई पुर्याउनुपर्नेमा ४९.३ प्रतिशतलाई मात्र पुगेकोले स्वास्थय सेबा पहँचमा अपेक्षित सुधार हुन सकेको छैन । मातृ मृत्युदर प्रतिलाखमा १२५ मा झार्ने लक्ष्य रहेपनि २३९ नै रहेकोले लक्षित सीमामा ल्याउन सकेको छैन । माध्यमिक शिक्षामा भर्नादर ७२ प्रतिशत पुर्याउने रहेकोमा ७१.४ प्रतिशत प्रगति भएको भएतापनि कक्षा ५ को गणित, नेपाली र अंग्रजीमा सिकाई उपलब्धि क्रमशः ५५,६६ र ५७ प्रतिशत हासिल गर्ने लक्ष्यको ३५, ३४ र ४१ प्रतिशत मात्र हासिल भएको स्थिति छ । त्यस्तै गरी लैङ्गिक असमानता घटाउने सूचकाङ्क पनि सन् २०१९ सम्म ०.३६ राख्ने भनिएकोमा ०.४७ रहेको स्थिति छ । नवीकरणीय उर्जातर्फ जलविद्युतको जडित क्षमता २ हजार ३०१ मेगावाट पुऱ्याउने लक्ष्यमध्ये १ हजार २५० मेगावाट मात्र जडान भएको छ । कुल अन्तिम उर्जा खपतमा नवीकरणीय उर्जाको हिस्सा २२.१ पुर्याउने लक्ष्य रहेकोमा ५ प्रतिशत मात्र पुगेको अवस्था छ । उद्योगको उत्पादकत्व र कुल गार्हस्थ उत्पादनमा यसको हिस्सा अपेक्षित हुनसकेको छैन । दिगो रोजगारीको दर सृजना गर्न चुनौती रहेको छ । जिनी गुणाङ्क २०१९ सम्म ०.४ कायम गर्ने लक्ष्यमा ०.३२ रहेको तथ्याङ्क अनुसार आयमा असमानता घटने क्रममा रहेतापनि पाल्मा सुचक १.२२ को लक्ष्य रहेकोमा १.३४ मात्र हासिल रहेको हुँदा निम्न वर्गमा आयको असमानता अपेक्षित घटन नसकेको अवस्था छ । यस कारण सन् २०२२ को कोसेढुङ्गा प्राप्त गर्न थप प्रयासको खाँचो छ ।



सुझाउ -कोही पछाडि नपरून भन्ने मर्म अनुरूप अनुकूल नीति, कानुन, योजना, श्रोतको प्रबन्ध र कार्यक्रम कार्यान्वयनका लागि जवाफदेहिता, संस्थागत व्यवस्था, सबै पक्षको सहभागिता र साझेदारी, संघ, प्रदेश र स्थानीय सरकारमा सहकार्य र समन्वयका साथ वातावरणीय पक्षलाई ध्यान दिई आर्थिक, सामाजिक र पूर्वाधारका लक्षित दिगो विकास लक्ष्यमा निर्दिष्ट कार्य गर्न तदारूकता अपनाउनु पर्दछ ।

१०. **वित्तिय श्रोत -** दिगो विकास लक्ष्य आवश्यकता पहिचान, लागत र वित्त आपूर्ति रणनीति विषयक प्रतिवेदन अनुसार दिगो विकास लक्ष्य कार्यान्वयन गर्न वार्षिक रु.२० खर्व २५ अर्व लगानी गर्नुपर्ने अनुमान गरेको छ । सो आवश्यक लगानी मध्ये सार्वजनिक क्षेत्र तर्फ रु.२ खर्व १८ अर्व र निजी क्षेत्रतर्फ रु.३ खर्व ६७ अर्व समेत वार्षिक रु.५ खर्व ८५ अर्ब नपुग हुने अनुमान गरिएको छ । सो आकलन सरकारले कुल गार्हस्थ उत्पादनको २७ प्रतिशत राजश्व प्राप्त गर्ने आधारमा गरिएको छ । तर गत २ वर्षको तथ्यांक हेर्दा राजश्व संकलन सो अनुमान भन्दा कम रहेको छ। यस स्थितीमा वित्तिय श्रोतको अन्तराल झन बढ्ने देखिन्छ । लगानीको लागि नपुग स्रोत मध्ये खानेपानी र सरसफाई, उर्जा, यातायात, औद्योगिक र शहरी पूर्वाधारमा ५९ प्रतिशत र सामाजिक क्षेत्रतर्फ गरीबी, स्वास्थ्य, शिक्षा र लैङ्गिक समानतातर्फ ३१ प्रतिशत स्रोतको

अभाव रहने र समष्टिमा १५ वर्षे लक्ष्य हासिल गर्ने अवधिमा कुल गार्हस्थ उत्पादनको वार्षिक १२.८ प्रतिशत श्रोतको कमी हुने प्रतिवेदनमा उल्लेख छ । राष्ट्रिय योजना आयोगको प्रतिवेदन र आर्थिक सर्वेक्षण अनुसार राष्ट्रिय गौरवका आयोजनाको धीमा प्रगति, न्युन पुँजी निर्माण, बहुआयामिक गरीबीको विद्यमानता, कठिन भौगोलिक क्षेत्र र पूर्वाधारमा उच्च लागतका कारण दिगो विकास लक्ष्यहरूको कार्यान्वयनका लागि ठुलो लगानी आवश्यक रहेको छ । खासगरी गरीबीको अन्त्य र पूर्वाधार विकासका लागि सार्वजनिक क्षेत्रबाट लगानी गर्न स्रोतको अपुग उच्च रहने देखिन्छ।व्यापक लागत सहभागिता जुटाउने सम्बन्धमा प्रतिवेदनमा दिइएका सुझाउ अनुसार वित्तिय स्रोत वृद्धिका लागि समता हुने गरी राजश्वका दायरा विस्तार र राजश्व उठती गर्न थप प्रयास गर्नुपर्दछ । दिगो विकास लक्ष्यहरू हासिल गर्न सबै प्रकारका पूर्वाधारको निर्माण गर्नुपर्ने र सोका लागि वैदेशिक सहायता अपरिहार्य छ ।

सुझाउ - वित्तिय स्रोत वृद्धिका लागि समता हुने गरी राजश्वका दायरा विस्तार र राजश्व उठती गर्न थप प्रयास गर्नुपर्दछ । लगानीका अवसरका साथै वैदेशिक सहायता तर्फ ऋणको प्रयोग बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्नुपर्ने र ऋणको तुलनामा अनुदानको हिस्सा बढी प्राप्त गर्ने तर्फ अग्रसर हुनुपर्दछ ।

११. **भरपर्दो सुचना र तथ्यांकको उपलब्धता -** दिगो विकास लक्ष्यको कार्यान्वयनलाई तीव्रता र दिशा निर्देश गर्न प्रभावकारी अनुगमन र मुल्यांकन गर्नुपर्दछ। सोका लागि भरपर्दो खण्डीकृत तथ्यांक समयमै उपलब्ध हुनुपर्दछ। दिगो विकास लक्ष्य: अवस्था र भावी मार्गचित्र अनुसार ४७९ सूचकको सूचनाका स्रोतहरू, सूचनाका खण्डीकरणका तहहरू, प्रतिवेदन गरिरहने समय र जिम्मेवार निकायहरू उल्लेख गरेको छ । यस सन्दर्भमा १५९ गन्तव्यहरूको अनुगमन गर्न तय गरिएका ४७९ सूचकहरू मध्ये करिव २५० भन्दा कम सूचकहरूकोलागि आवश्यक तथ्यांक मात्र हाल राष्ट्रियस्तरमा उपलब्ध हुन सक्ने व्यहोरा दिगो विकास लक्ष्य: आवश्यकता पहिचान, लागत र वित्त आपूर्ति रणनीति विषयक प्रतिवेदनमा उल्लेख छ । कतिपय मध्यकालीन गन्तव्य तथा सूचककालागि लक्ष्य र सोको आधार अंक उल्लेख गरेको देखिएन । विशेषगरी प्रदेश तथा स्थानीय तह र निजी तथा सहकारी क्षेत्रले गर्ने कार्यहरूको सम्बन्धमा यस किसिमको अवस्था रहेको देखिन्छ । तथ्यांक र सूचनाको श्रोतमा जनगणना, कृषि गणना, श्रमशक्ति सर्भेक्षण, घरपरिवार बजेट सर्भेक्षण १० वर्षको अन्तरालमा गरिन्छ । यसबाट निर्धारित लक्ष्य मापनको समयमा तथ्यांक र सूचना प्राप्त नहुने स्थिति पनि रहेको छ । विभिन्न संघ र प्रदेशका विषयगत मन्त्रालयबाट व्यवस्थापन सूचना प्रणाली मार्फत दिगो विकास लक्ष्यसम्बन्धी सूचना प्राप्त गरी सूचनाको एकीकृत अभिलेख, सोको प्रशोधन र यथार्थताको परीक्षण गर्ने संयोजनकारी निकाय रहेको छैन। स्थानीय तहबाट परिमाणात्मक सूचकबमोजिम सूचना र तथ्याङ्कको सृजना र त्यसको सामयिक उपलब्धता हुने व्यवस्था भएको छैन । साथै तीनै तहका सरकारबाट सञ्चालित योजना तथा कार्यक्रमबाट अन्तर सम्बन्धित लक्ष्यमा पुग्ने योगदानको गणना गर्ने विधि र प्रक्रिया समेत तयार हुनसकेको छैन । जसले गर्दा सङ्कलन र सम्प्रेषण गरिएका तथ्याङ्कहरू भरपर्दो नहुने अवस्था छ ।

सुझाउ - दिगो विकास लक्ष्यमा भएका प्रगतिको अनुगमन र मूल्याङ्कन गर्न सबै परिमाणात्मक लक्ष्यका सूचकहरूको खण्डीकृत गुणस्तरीय सूचना तथा तथ्याङ्क समयमै उपलब्ध हुने व्यवस्थाका लागि उपयुक्त संरचनागत व्यवस्था र प्रणाली विकास गर्न र उपलब्ध सूचना र तथ्याङ्कको संयोजनकारी कार्यमा केन्द्रिय तथ्याङ्क विभाग रहने नीतिगत व्यवस्था गर्नुपर्दछ । साथै अन्तरसम्बन्धित लक्ष्यको मूल्याङ्कन गर्ने उपयुक्त विधि र प्रक्रिया निर्धारण हुनु आवश्यक देखिन्छ ।

१२. **सुशासन -** दिगो विकास लक्ष्य हासिल गर्नका लागि तीनै तहका सरकारमा सार्वजनिक निकायमा वित्त र शासकीय सुशासन हुनु जरूरी छ । दिगो विकास लक्ष्य(१६ को शान्ति, न्याय र सशक्त संस्था कायम गर्ने लक्ष्य हासिल बेगर अन्य लक्ष्यहरू सफलतापुर्वक हासिल गर्न सकिदैन । राष्ट्रिय योजना आयोगको प्रतिवेदन र सार्वजनिक निकायको लेखापरीक्षण प्रतिवेदनले पनि आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका आयोजना संचालन गर्दा ठेक्का र करारमा रहेका समस्याको निरूपण समयमै गर्न नसक्नु, आयोजना कार्यान्वयन गर्ने पद्धति नै यकिन नहुनु, पर्याप्त तयारी बेगर आयोजना राख्, नियमनकारी निकायहरू प्रभावकारी नुहुन लगायतका कमजोरी औल्याएको छ । २०७५/७६ सम्म तीनै तहका सरकारी निकायको सञ्चित बेरूजु रु. ४१अर्ब ८३ करोड १७ लाख रहेको छ । यसबाट विकास निर्माण र सेवा प्रवाहमा बढी बजेट खर्च गर्ने निकायहरूका वित्तिय जवाफदेहितामा सुधार गर्नुपर्ने देखिन्छ। त्यस्तै गरी सेवा प्रवाह चुस्त दुरूस्त नरहनु र अन्तर सरकारी निकाय बीच प्रभावकारी समन्वय नरहेको कारण लाभको न्यायोचित वितरणमा समस्या रहेको स्थिति छ । वित्त क्षेत्रमा सुधारका कार्यक्रम लागु भएतापनि अझै आर्थिक अनुशासन, योजना र बजेट

कार्यान्वयन प्रणाली कमजोर रहेको पन्ध्रौं योजनामा उल्लेख छ ।साथै दिगो विकास लक्ष्यको राष्ट्रिय समीक्षा प्रतिवेदन अनुसार २०१९ मा भ्रष्टाचारको लागि असल शासनमा सूचक(ऋणात्मक २.५ देखि २.५ सम्म) शून्यमा झार्ने लक्ष्य रहेकोमा ऋणात्मक ०.८२ अंक हासिल गरेको स्थिति छ ।

सुझाउ - सुशासनका लागि शान्ति र सुरक्षाको बहुआयामिक पक्षको गुणात्मक विकासका साथै सार्वजनिक निकायको शासकीय क्षमता एवं प्रशासनिक सुधार गर्न, संघीयता कार्यान्वयनका लागि तीनै तहका सरकारबीच अन्तरसम्बन्ध समन्वय, विकास, सेवा प्रवाह सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्न, र बजेट कार्यान्वयन प्रति जिम्मेवार बनाउन आवश्यक व्यवस्था गर्नुपर्दछ ।

१३. **निष्कर्ष -** दिगो विकास लक्ष्यहरू हासिल गर्ने १५ वर्षे अवधि मध्ये अब १० वर्ष बाँकी रहेको छ । एक तिहाई समय व्यतित भई सकेको अवस्थामा ती लक्ष्यहरूको कार्यान्वयन, समीक्षा र अनुगमन तथा मुल्यांकनका लागि संघका विषयगत मन्त्रालय, प्रदेश र स्थानिय तहहरूमा उपयुक्त संरचना र विधिको व्यवस्था गरिनुपर्दछ । प्रदेश र स्थानिय तहहरूका नीति, योजना र कार्यक्रम दिगो विकास लक्ष्य अनुरूप आबद्ध हुनुपर्दछ । दिगो विकास लक्ष्यको कार्यान्वयन अवस्था सुधारोन्मुख रहेतापनि कमजोर र पिछडा वर्गको उत्थानका लागि खास गरी गरीबी न्युनीकरण, भोकमरीको अन्त्य र आयको असमानता हटाउन थप प्रयास गर्नुपर्ने स्थिति रहेको छ ।

त्यस्तैं गरी सन् २०३० भित्रै लक्ष्य हासिल गर्न नपुग वित्तिय श्रोतको लागि आन्तरिक राजश्वको व्यवस्थापन र अनुदान प्रधानता रहेको वैदेशिक सहायताको थप व्यवस्था गर्न तथा शासकीय प्रणालीमा जवाफदेहिता र सार्वजनिक निकायमा अर्थिक अनुशासन कायम गरी सशक्त सार्वजनिक संस्थाको उपस्थिति दिगो विकास लक्ष्य कार्यान्वयनका लागि अपरिहार्य रहेको छ । कोही नछुटुन् भन्ने मर्म अनुरूप तीनै तहका सरकारमा आपसी समन्वय र सहकार्य गरिनुका साथै लक्ष्यहरूको कार्यान्वयन गर्न सबै पक्षको सहभागिता सुनिश्चित हुने व्यवस्था गर्नुपर्दछ ।

अनुसूचीहरू

(वागमती नदी सफाइ र सौन्दर्यीकरणको दफा १४ सँग सम्बन्धित)

पञ्चवर्षीय कार्ययोजनाको सम्रग वित्तीय प्रगति

क्र.सं.	प्रमुख क्रियाकलाप	लाग्ने लागत (रु.लाखमा)	सम्पन्न हुने समय	खर्च	वित्तीय प्रगति प्रतिशत
१	पानीका स्रोतहरूको उन्नति र संरक्षण गरी नदीमा पानीको र सान मात्रा बढाउन विविध उपायहरूको अवलम्बन गर्नु	८७०	५ वर्ष	२९.२९	३.३७
२	जलाधार क्षेत्र र जलजन्य जैविक विविधताको संरक्षण गर्न विविध उपायहरूको अवलम्बन गर्नु	१०००	५ वर्ष	४४४	४४.४०
३	नदीको पानीको गुणस्तरलाई अभिवृद्धि र सम्भार गर्ने	१९३	५ वर्ष	२४	१२.४४
४	सम्पदा क्षेत्रको सम्भार र जिर्णोद्धार गर्ने	३५	५ वर्ष	३०	८५.७१
५	पर्यटनको प्रवर्द्धन गर्ने	१००	५ वर्ष	०	०.००
६	नदीमा पानीको बहाव अभिवृद्धि गर्न विविध उपायहरूको अवलम्बन गर्ने	७८३	५ वर्ष	३३४८	४२७.५९
७	फोहरमैला र दूषित पानी मिसाउने कार्यबाट नदीलाई जोगाउने	८८८	५ वर्ष	२२	२.४८
८	नदी क्षेत्रको भूमि संरक्षण, जलवासी जैविक विविधताको रक्षा र नदी एवं यस वरिपरीको सुन्दरताको संरक्षणमा विविध उपायहरूको अवलम्बन गर्ने,	७५५७	५ वर्ष	७१५४	९४.६७
९	संस्कृति र सम्पदा क्षेत्रको जीर्णोद्धार र संरक्षण गर्ने	२१२	५ वर्ष	२०८	९८.११
१०	दिगो कृषि प्रणालीको प्रवर्द्धन गर्ने	१७४	५ वर्ष	०	०.००
११	सहरीकरण र औद्योगिक गतिविधिलाई नियमन गर्ने	७३	५ वर्ष	०	०.००
१२	उपयुक्त व्यवस्थापन गरी नदीको पानीको परिमाण र गुणस्तर दुवैमा सुधार ल्याउने	२१५३३	५ वर्ष	२१४२६	९९.५०
१३	नदी क्षेत्रको भूमि, जलवासी जैविक विविधता र नदी वरपरको कलात्मक सुन्दरताको रक्षा गर्न विविध उपायहरूको अवलम्बन गर्ने	१११८७	५ वर्ष	९४१४	८४.१५
१४	नदी किनाराबाट अनधिकृत वस्ती र सुकुम्बासीहरूलाई अन्यत्र सारी अतिक्रमण नियन्त्रण गर्ने	१२०२	५ वर्ष	०	०.००
१५	संस्कृति र सम्पदा क्षेत्रको जीर्णोद्धार र संरक्षण गर्ने	६७	५ वर्ष	८८०	१३१३.४३
१६	उपयुक्त उपाय अवलम्बन गरी नदीको पानीको गुणस्तर र परिमाण दुवै बृद्धि गर्ने	५६२७२	५ वर्ष	५२४६३	९३.२३

क्र.सं.	प्रमुख क्रियाकलाप	लाग्ने लागत (रु.लाखमा)	सम्पन्न हुने समय	खर्च	वित्तीय प्रगति प्रतिशत
१७	नदीको वरिपरीको जग्गा, जलवासी जैविक विविधता र नदी एवं यस वरपरको कलात्मक सुन्दरताको जगेर्ना गर्न उपयुक्त उपायको अलबम्बन गर्ने,	९३०५	५ वर्ष	२४	०.२६
१८	नदीको किनारामा अवस्थित अनधिकृत बस्ती र सुकुम्बासीहरूलाई स्थानान्तरण र नियन्त्रण गर्ने	२४९७	५ वर्ष	१३	०.५२
१९	संस्कृति र सम्पदा क्षेत्रको जिर्णोद्धार र स्याहार सम्भार गर्ने,	५४०	५ वर्ष	२०	३.७०
२०	पर्यटन प्रवर्द्धन गर्ने	२१०.८८	५ वर्ष	०	०.००
२१	सफा पानी र फोहर पानीको समुचित व्यवस्थापन गरी नदीको पानीको गुणस्तर र परिमाणमा सुधार ल्याउने	७७५३.८५	५ वर्ष	१२२०	१५.७३
२२	नदी आफै शुद्ध हुने प्राकृतिक प्रक्रियाका लागि आधारभूमि तयार गरिदिने	२७	५ वर्ष	०	०.००
२३	नदी वरिपरीको भूमि, जलवासी जैविक विविधता र नदी वरिपरीको कलात्मक सौन्दर्यको रक्षा गर्न विविध उपायहरूको अवलम्बन गर्ने	१०४९०	५ वर्ष	२७७५	२६.४५
२४	सम्पदा क्षेत्रको मर्मत संभार र जीर्णोद्धार गर्ने	४७.८	५ वर्ष	५	१०.४६
२५	मनोरञ्जन र पर्यटन स्थलको प्रवर्द्धन गर्ने	६५	५ वर्ष	०	०.००
२६	मिश्रित गतिविधि	१६४९५	५ वर्ष	१०१५	६.१५
	जम्मा :	**१४९५७७.५३**	**५ वर्ष**	**१००५१४.३**	**६७.२०**
	औसत				**९३.१७**
	न्यूनतम				**०.००**
	अधिकतम				**१३१३.४३**
	Std				**२६३.६०**

(वागमती नदी सफाइ र सौन्दर्यीकरणको दफा १४ सँग सम्बन्धित)

ए.डी.बी ऋण तथा अनुदान सहायता अन्तर्गत समितिले गर्ने कार्यक्रमहरूको प्रगति स्थिति

(रु.हजारमा)

विवरण	परिमाण	भार	बजेट	परिमाण	भार	खर्च	कार्यक्रमगत वित्तीय प्रगति प्रतिशत	कार्यक्रमगत भौतिक प्रगति प्रतिशत
पुजिँगत खर्च अन्तर्गतका कार्यक्रमहरू	५	६	७	२७	२८	२९		
अफिस तथा ल्याब उपकरण(अन्य उपकरण तथा मेशिन औजार)	१०	०.१	१,४५०	०	०	७,४३१	५१२.४८	०.००
फोहोर मैला व्यवस्थापन सम्बन्धित खरिद(घरायसी तथा संस्थागत सहयोग) अन्य उपकरण तथा मेशिन औजार	१०	१.५	१५,०५०	५.७४	०.८६	८,६४२	५७.४२	५७.४०
सडक कालो पत्रे गर्ने कार्य(कालोपत्रे सडक)	१	१७.९१	१८०	०	०	-	०.००	०.००
पूजिंगत सुधार खर्च-सार्वजनिक निर्माण(अन्य)	१	०.९९	१००	०	०	-	०.००	०.००
गोकर्ण देखि सिनामंगल पुल सम्म बाग्मति तटबन्ध हरितक्षेत्र वातावरण सुधार तथा सौन्दर्यकरण गर्ने कार्य(अन्य)	३९.६६	३९.४५	१,९०२,८५८	५.२८	५.२५	१,४११,९९१	७४.२०	१३.३१
गौरीघाट रेगुलेटर निर्माण	१	०	२०,०००	०	०	-	०.००	०.००
ऐतिहासीक मठमन्दिर पाटी पौवा तथा पथ मर्मत सुधार	२०	९.९५	५०,०००	०	०	-	०.००	०.००
टुकुचा ढल निर्माण तथा सञ्चालन	१	०	२८,०००	०	०	-	०.००	०.००
थापाथलि देखि बल्खुसम्मको नदि किनारमा हरियाली क्षेत्र	१०	१४.९२	१५०,०००	०	०	-	०.००	०.००
घरायसी RAW GRAW निर्माण तथा सञ्चालन	१०	१.१९	११,९८०	८.१५	०.९७	९,७६७	८१.५२	८१.५०
PMDSC परामर्श(सिचाँइ तथा नदी नियन्त्रण सम्बन्धि अनुसन्धान तथा परामर्श)	१९.१४	९.५२	२,२५५,८१०	०.६४	१२.५	२८१,८४७	१२.४९	३.३४
PMDSC परामर्श(सिचाँइ तथा नदी नियन्त्रण सम्बन्धि अनुसन्धान तथा परामर्श)	१	०	२५०,०००	०	०	-	०.००	०.००
व्यक्तिगत परामर्शदाता खरिद	२०	०.१५	५,६५५	२.७९	१५	७८८	१३.९३	१३.९५

विवरण	परिमाण	भार	बजेट	परिमाण	भार	खर्च	कार्यक्रमगत वित्तीय प्रगति प्रतिशत	कार्यक्रमगत भौतिक प्रगति प्रतिशत
धाप ड्याम निर्माण(बाँध निर्माण)	७१	९८.२७	५१०,५००	४५.०८	६२.१७	३००,२२१	५८.८१	६३.४९
EMP कार्यान्यनका कार्यहरू(वातावरण अनुगमन वृक्षरोपण तथा आयोजना प्रभावित क्षेत्र निर्माण) बाँध निर्माण	५०	१.७२	३७०,०००	५०	३	५,०००	१.३५	१००.००
नाग्मति ड्यामको डिजाइन परामर्श(सिचाँइ तथा नदि नियन्त्रण सम्बन्धी अनुसन्धान तथा परामर्श)	१	०	७९,०००	०	०	३४,९८५	४४.२९	०.००
RBO र gauging station का मेशिनिरी औजार खरिद तथा जडान(अन्य उपकरण तथा मेशिन औजार)	१०	५.७३	१०,०००	९.८३	५.६३	९५४	९.५४	९८.३०
DSS Development बाडी पुर्व अनुमान, IRBDMP and WQ(सिचाँइ तथा नदि नियन्त्रण सम्बन्धि अनुसन्धान तथा परामर्श	८	९४.०४	२३२,०००	७.३९	८०	२१६,५०४	९३.३२	९२.३८
पूजिंगत खर्च कार्यक्रमको जम्मा	२८३.८	२९५.४४	५,८९२,५८३	१३४.९	१८५.३८	२,२७८,१३०	३८.६६	४७.५३
चालु खर्च		४.३	१६०,००८			१४९,९९१	९३.७४	
कुल जम्मा खर्च			**६,०५२,५९१**	**४७.५३**		**२,४२८,१२१**	**४०.१२**	

(वागमती नदी सफाइ र सौन्दर्यीकरणको दफा १६ सँग सम्बन्धित)

समितिले निर्माण गरेका पूर्वाधारको प्रगति स्थिति

ठेक्का विवरण	नदी तटबन्ध (किलोमिटर)		खर्च (रु.लाखमा)	सडक (किलोमिटर)		खर्च (रु.लाखमा)	ढल (किलोमिटर)		खर्च (रु.लाखमा)	कैफियत
	लक्ष्य	प्रगति		लक्ष्य	प्रगति		लक्ष्य	प्रगति		
वागमती-००१	०.३८	०.३८	२१९.२२	१.७५	१.२५	४१३.७३	५.३०	५.३०	१३९.३५	सम्पन्न
वागमती-००२	०.२६	०.२६	२६.१२	३.४२	३.२३	६२८.००	३.६९	३.६९	२८१.६९	सम्पन्न
वागमती-००३	१.५०	१.३७	६८.५०	२.१२	१.७४	२२०.१२	३.८१	२.५०	२१५.८०	सम्पन्न
वागमती-००४	२.४०	२.३०	२३१३.५३	६.६०	६.५७	२२५९.६१	५.१२	५.११	९१८.०३	सम्पन्न
वागमती-००५	४.२७	४.४०	४१७३.६४	१.१५	१.१०	३३१४.५०	३.१५	३.०५	१३५८.८८	DLP
वागमती-००६	३.४९	३.४९	४१६७.९१	०.१६	०.१६	९६.९१	३.७२	४.०४	१५८८.१२	सम्पन्न
वागमती-००७	२.८५	२.७४	३८३४.७४	१.३१	१.३१	४९१.४४	३.९२	४.९६	१८२३.७६	DLP
धोबीखोला-००१	०.००	०.००	०.००	०.००	०.००	०.००	१३.२६	१३.२६	२५०९.५४	DLP
बिष्णुमती-००१	५.०२	५.०२	५४६८.०३	१.१०	०.७०	१४०.१२	५.६३	५.६३	११२९.९६	
बिष्णुमती-००२	६.२०	४.८५	५५३७.६५	०.४२	०.४२	२४.६४	६.०२	४.७४	८८९.२६	यस आ.ब. मा सम्पन हुने
धोबीखोला-००२	०.००	०.००	०.००	०.००	०.००	०.००	८.००	७.७०	२०७१.३१	
वागमती-००८	५.१०	२.४४	४३०६.३६	०.७७	०.००	०.००	३.००	०.००	0	
नख्खु -१	४.००	२.३०	१८६९.६२	७.००	०.००	०.००	११.०८	३.१८	६१५.१९	आ.ब. २०७४/७५ बाट शुरु
बल्खु -१	४.३०	२.०६	१५७४.५५७	४.३०	०.००	०.००	४.५०	०.००	0	
हनुमन्ते -१	५.६००	४.३००	३८५९.२४	५.६००	०.००	०.००	०.००	०.००	०.००	
जम्मा	४५.३७	३५.९१	३७४१९.११	३५.७०	१६.४८	७५८९.०९	८०.२०	६३.१६	१३५४०.८९	

सुन्दरीजल-गोकर्ण	८.५	८.५				०.०	१२.०	१२.०	०.०	सम्पन्न
कुल जम्मा	५३.८७	४४.४१		३५.७०	१६.४८	०.००	९२.२०	७५.१६	०.००	
सम्रग प्रगति (%)	८२.४४			४६.१६			८१.५२			
बार्षिक औसत प्रगति (%)	८४.२			८९.६४			९१.८६			
कार्य नै शुरु नभएको योजना संख्या										
क. सडक	४									
ख. ढल	२									

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको दफा नं. २० संग सम्बन्धित

दोहोरो लाभ लिने लाभग्राहीको किस्ता विवरण

क्र.सं.	गैह्र सरकारी सस्थाको नाम	संस्थाले अनुदान उपलव्ध गराएका कुल लाभग्राही संख्या	प्राधिकरणले किस्ता भुक्तानी गरेको लाभग्राही संख्या		
			पहिलो किस्ता	दोस्रो किस्ता	तेस्रो किस्ता
१	समरितान पर्स ईन्टरनेश्नल रिलिफ	३८६	१६६	८	६
२	माल्टेसर, ईन्टरन्यास्नल	५६३	५२४	७	६
३	वर्ल्ड रिन्यू	१३९२	११६	०	०
४	कारितास नेपाल	१३३५०	५	५	५
५	चोईस ह्युमानिटेरियन	४४	२	१	१
६	धर्मुस सुन्तली फाउण्डेशन	६४	३	१	०
७	ब्राईट भिलेज विल्डिङ मुभमेन्ट	३०६	२७	०	०
८	लुथेरन वर्ल्ड रिलिफ	५८०	२४३	७	५
९	हेल्भटास स्वीस ईन्कर्पोरेशन	२३१४	१२२५	८१	२७
१०	वर्ल्ड भिजन ईन्टरन्याश्नल	६७१	३	०	०
११	बतास फाउण्डेशन	२००	१८६	२	२
१२	अक्सफाम ईन्टरन्याश्नल	४८९	४८९	३४०	३०५
१३	ओरेक नेपाल	४७	४६	३	०
१४	टियर फण्ड	१८३२	१६८४	०	०
१५	ओम नेपाल	५	५	०	०
१६	स्वेताश्री फाउण्डेशन	१२१	१२१	१२१	१२०
१७	ग्रुप अफ हेल्पिङ ह्याण्डस	४५	४३	३	३
१८	सस्टेनेवल ईन्वाईरोन्मेण्ट एण्ड ईकोलोजिकल	१५	१५	०	०
१९	हेभिटाट फर ह्युमानिटी ईन्टरन्याश्नल	१००९	४२५	५	३
२०	ईन्टरनेश्नल नेपाल फेलोशीप	३८९	५६	१२	०
२१	एस ओ एस चिल्ड्रेन भिलेज नेपाल	२८४	२४	१	०
२२	एन जे एस आई	१९२	७	४	४
२३	लुमन्ती	२३७९	२०१	१७	१५
२४	एन आर एन ए	५७०	०	०	०
२५	ई डब्लु डि ई	१९८	७८	०	०

२६	लुथरेन वर्ल्ड फेडरेसन	२७६३	२६६	६०	३९
२७	मेडएयर	६५३	०	०	०
२८	नेपाल रेडक्रस	२०४८९	१६	८७	१७१
२९	सेभ द चिलड्रेन	५३७०	७६८	१४२	१२४
	जम्मा	**३०८६१**	**६७४४**	**९०७**	**८३६**
	दोहोरो भुक्तानी भएको कुल रकम (रु लाखमा)		**३३७२**	**१३६०.५**	**८३६**

स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको दफा नं.२२ सँग सम्बन्धित

प्रवलीकरण लाभग्राही सम्बन्धी विवरण

क्र.सं.	जिल्लाको नाम	प्रवलीकरणको लागि सूचीकृत लाभग्राही संख्या	पुनर्निर्माणमा परिर्वतन हुन चाहने प्रवलीकरण लाभग्राही		प्रवलीकरण गर्ने लाभग्राही
			पुनर्निर्माणको लागि सिफारिस गरिएको प्रवलीकरण लाभग्राही	पुनर्निर्माणमा परिवर्तित प्रवलीकरण लाभग्राही	
१	धाधिङ्ग	४७११	१३७५	७	०
२	रसुवा	२२२	६५	३९	१
३	मकवनापुर	१२९४६	२५२	४	६६
४	रामेछाप	७४६०	३१८८	३	०
५	गोरखा	५३४९	२४६८	७१	२३
६	तनँहु	११८५	७	१	०
७	पर्वत	४१७४	२०	०	०
८	गुल्मी	१९५	१६	०	०
९	स्याङजा	५६७	२१	०	०
१०	चितवन	५९३	१३	२	२
११	ललितपुर	१३८१	४२७	१६	०
१२	नुवाकोट	१५१९	३७१	२५	१
१३	सिन्धुपाल्चोक	६२८	१६८	१६८	०
		४०९३०	८३९१	३३६	९३

स्रोत : केन्द्रीय आयोजना कार्यन्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको दफा नं.२८ सँग सम्बन्धित

मापदण्ड पालना नभएका अवासहरूको विवरण

क्र.सं.	जिल्लाको नाम	मापदण्ड पालना नभएका अवास संख्या
१	भक्तपुर	४७७
२	भोजपुर	५६
३	धाधिङ्ग	३४२५
४	धनकुटा	११
५	दोलखा	१७१६
६	गोरखा	३४५
७	काठमाडौ	६१
८	काभ्रेपलाञ्चोक	१६१९
९	खोटाङ्ग	१५
१०	ललितपुर	४१
११	लमजुङ्ग	२३
१२	मकवानपुर	१४५
१३	नुवाकोट	१२४४
१४	ओखलढुंगा	१३५
१५	पाल्पा	१
१६	रामेछाप	१८७२
१७	रसुवा	९४
१८	संखुवासभा	२
१९	सिन्धुली	२७६
२०	सिन्धुपाल्चोक	५३२
२१	सोलुखुम्बु	२४
२२	स्याङजा	१४
२३	तनहुँ	४३
	जम्मा	**१२१७१**

स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरण(मार्च ११, २०२०)

अनुसूची ३

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको दफा नं.२७ सँग सम्बन्धित

प्राविधिक आउनु पूर्व निर्माण सम्पन्न भएका आवासहरूको विवरण

क्र.सं.	जिल्लाको नाम	प्राविधिक आउनु पूर्व निर्माण सम्पन्न गर्ने लाभग्राही
१	धादिङ्ग	४०४
२	रसुवा	९
३	मकवनापुर	२३३
४	रामेछाप	१४१
६	गोरखा	५३
७	तनँहु	२८४
८	बाग्लुङ्ग	६०२
९	पर्वत	५१६
१०	गुल्मी	१०४९
११	स्याङजा	३९२
१२	चितवन	५२३
१३	ललितपुर	०
१४	नुवाकोट	६१३
१५	दोलखा	२२९
१६	सिन्धुपाल्चोक	८२
	जम्मा	**५१३०**

स्रोत : केन्द्रीय आयोजना कार्यन्वयन ईकाइ (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको दफा नं.२९ सँग सम्बन्धित

निजी आवास निर्माणमा आवद्ध गैरसरकारी संस्थाहरूको विवरण

क्र.सं.	गैर सरकारी संस्थाको नाम	कार्यरत स्थान	२०७५।७६ सम्मको खर्च
१	ACTED	ओखलढुंगा, धादिङ	७९१११०८९
२	Action Aid Nepal	ओखलढुंगा, दोलखा, रसुवा, काभ्रे	५६९५८३४४८
३	ADRA Nepal	धादिङ, काभ्रे	५४५०२४९०
४	Amda Minds	धादिङ	३२७३८७१०
५	Arbeiter-Samariter-Bund Duetshland	धादिङ	१२००००००
६	Asal Chhimeki Nepal	धादिङ, दोलखा, गोरखा, नुवाकोट, सिन्धुपाल्चोक	८३५२९०००
७	Batas Foundation	ललितपुर	३७३०३३००
८	Bright Village Building	काभ्रे	४२९०००००
९	Build Change	सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, काभ्रे	११२१८०७८८
	Build Change	सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, काभ्रे	९९६८४२१६
१०	Build Up Nepal	सिन्धुपाल्चोक	६३०८२९०
११	Calothic Relief Service	ओखलढुंगा	२८९९५४६१
१२	Calothic Relief Service	गोरखा	१२०९१७२४८४
१३	CARE Nepal	सिन्धु	११२६८२०७८५
	CARE Nepal	धाखिङ, दोलखा, गोरखा, मकवानपुर, सिन्धुपाल्चोक	४९८७५२२२
	CARE Nepal	दोलखा, मकवानपुर, सिन्धुपाल्चोक	८६७२३३
१४	Caritas Nepal	काभ्रे, दोलखा, सिन्धुपाल्चोक	१५३२३६१५३१
१५	Choice Humanitarian Nepal	लमजुङ्ग	१५९०००००
१६	Christian Aid Nepal	दोलखा	४८१८५०००
	Christian Aid Nepal	धादिङ	२६३२७३५
१७	Dan Church Aid-DCA	धादिङ, मकवानपुर, लमजुङ्ग	११९२५९३००
१८	Dhurmus Suntali foundation	सिन्धुपाल्चोक	५०१४८४४३
१९	Dwarika's Foundation	सिन्धुपाल्चोक	०

२०	EWDE-DKH	ललितपुर	११७०३८२९१
२१	Group of Helping Hands	गोरखा	१५५००१००
२२	Habitat For Humaninty	नुवाकोट, काभ्रे	२८६५९७८९
	Habitat For Humaninty	काभ्रे	०
२३	Handicap International	काभ्रे	७५६२६८४७
२४	Helvatas Nepal	सिन्धुपाल्चोक	३५७०५७३०१
	Helvatas Nepal	सिन्धुपाल्चोक	१०५०७६१७३
२५	Hyolmo Foundation	नुवाकोट	१५०००००
२६	ICIMOD	नुवाकोट	१२०२९९९९३
२७	IMF Nepal	गोरखा	१३२७८३०७९
२८	JICA	गोरखा, सिन्धुपाल्चोक	०
२९	Kadoorie Agri Aid Association	धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा, गोरखा	७४५१४२४६३
	Kadoorie Agri Aid Association	लमजुङ्ग, धाधिङ, रसुवा	०
३०	Kam for Sustainable Dev	रामेछाप	२२५०००००
३१	Ka-nying Shedurb Ling Monastry	धाखिङ,	४९४९६६२३
३२	Keurapani Aama Samuha	गोरखा	१५०००००
३३	Lumanti Support	ललितपुर	६१२९४९६९
	Lumanti Support	रसुवा	१५८३२००७७
	Lumanti Support	मकवानपुर	२३३९७००००
३४	Luthern World Federation	रसुवा	९३२२५९००
	Luthern World Federation	काभ्रेपलान्चोक	२२७९९९९९०
	Luthern World Federation	लमजुङ्ग, गोरखा	९९०६०३६१
३५	Malteser Internationa	नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे	२०२९२५२२९
३६	Medair	रामेछाप	१५१७११८१५
३७	Mennonite Central Committee	धादिङ, ओखलढुंगा, रामेछाप, ललितपुर	२१३८३४९३६
३८	Mercycorps Nepal	काभ्रे, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट	२१९७१४२५७
	Mercycorps Nepal	सिन्धुली, मकवानपुर, दोलखा	७२२३६३२५
३९	Nepal Jesuit Social institute	सिन्धुपाल्चोक	२५३०००००

	Nepal Jesuit Social institute	सिन्धुपाल्चोक	१७४५५७१२
४०	Nepal Redcross Society	गोरखा, काठमाडौ, भक्तपुर, ललितपुर सिन्धुपाल्चोक, रामेछाप, दोलखा, धादिङ, नुवाकोट, ओखलढुंगा	७३७९४०२०९१
४१	NSET Nepal	दोलखा, धादिङ, नुवाकोट, काठमाडौ	०
४२	Om Nepal	रसुवा	११२९९०६३
४३	Oxfam Nepal	गोरखा, नुवाकोट, काठमाडौ, सिन्धुपाल्चोक	११७७२४२००३
	Oxfam Nepal	सिन्धुपाल्चोक	०
४४	Paurakhi Nepal	दोलखा, रसुवा, धादिङ	५६०३६०२२
	Paurakhi Nepal	दोलखा, धाधिङ्ग	४०८००००
४५	Peace Winds Japan	सिन्धुपाल्चोक	२२२११७००
४६	People in Need	सिन्धुपाल्चोक	२२१०७१००
	People in Need	गोरखा	५१३१२८१६
४७	Practical Action	नुवाकोट	४६०२०००००
	Practical Action	काभ्रेपाल्चोक	४८२४२८२२
४८	Sakriya Sewa Samaj	पाल्पा	२६४४४५०
४९	Samarita Purse	रसुवा, काभ्रे, ललितपुर, नुवाकोट	२६५००००००
५०	Save the Children	गोरखा, सिन्धुपाल्चोक, धादिङ, दोलखा	५१६५२६९९१६
	Save the Children	दोलखा	१९३८७९५६
५१	SOS Child Village Nepal	सिन्धुली	१०४२२९४१३४
५२	Sweta shree foundationa	सिन्धुपाल्चोक	५७७८४०००
५३	Swisscontact Nepal	सिन्धुली	९७०७२५४०
	Swisscontact Nepal	सिन्धुली	४०१५३३७२
५४	Tearfund	मकवानपुर	६२१५३३९५२
५५	Triangle Generation Humanitarire	सिन्धुपाल्चोक	१४३१५०९३६
५६	World Renew	नुवाकोट	२४०८९३६९३
५७	World Vision International	नुवकोट, दोलखा, धादिङ, गोरखा, सिन्धुपाल्चोक	३४३६४६१२१०
	Total		**२९२४०५६९५३१**

स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, वार्षिक प्रतिवेदन (२०७६)

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको दफा नं.२९ सँग सम्बन्धित

निजी आवास निर्माणमा गैरसरकारी संस्थाको योगदान

क्र.सं.	जिल्लाको नाम	कुल लाभग्राही	सम्झौता भएका लाभग्राही	पहिलो किस्ता		दोस्रो किस्ता		तेस्रो किस्ता	
				नेपाल सरकार	गैरसरकारी संस्था	नेपाल सरकार	गैरसरकारी संस्था	नेपाल सरकार	गैरसरकारी संस्था
१	भक्तपुर	२८५२९	२४७२६	२४७२६	०	१०८५०	०	१०३३१	०
२	धाधिङ्ग	७९३३०	७७६२८	७४९४१	१२६	७०६४४	०	६३१०७	०
३	दोलखा	७०६७१	६८६८६	६६६८४	२००२	६१०८४	२१३६	५७२८४	२०८९
४	गोरखा	६६८६८	६५८०१	६४४४९	१३५२	६०४३८	१३४४	५६२६८	१३१०
५	काठमाडौ	४८१२२	४२९२८	४२५६१	११५	२०९५७	१२	१७६२५	८
६	काभ्रे	७८६०२	७३५११	७०६१४	२८९७	५८०३६	२७५३	४९१८२	२२७४
७	ललितपुर	२८७९१	२५४३४	२४१९५	११८९	११७१९	११९८	९९४३	९५४
८	मकवानपुर	३४६३८	३०४८५	२८६९०	१४४५	२५७२६	१४१७	२१०१६	१३९०
९	नुवाकोट	७७१२८	७३४८६	७०३३२	३१५४	६६९९९	३१५४	५८१०८	३१५४
१०	ओखलढुंगा	२२३७९	२०६५०	२०१०६	५२९	१८९९०	४९५	१७९२४	४८०
११	रामेछाप	४९९४२	४७४७९	४६१३४	१३२०	४३४९२	१२०७	३९१०८	११२८
१२	रसुवा	१२७८६	१२१२२	१११०१३	१०८५	१०४१५	१०६८	९८३८	१०४१
१३	सिन्धुली	३८५६२	३६४९३	३५५९८	८९५	२९५२०	८७१	२१५७७	७९९
१४	सिन्धुपाल्चोक	९००९३	८६१८६	८०४०७	५४८४	७८५९१	५२४०	७२१८१	४०३४
१५	अर्घखाँची	११७४	९५२	९५२	०	५७३	०	४७८	०
१६	बाग्लुङ	२४८३	२२८०	२२३६	०	१५९९	०	१३२९	०
१७	भोजपुर	६२४६	५२११	५१९९	०	४५२८	०	४०६९	०
१८	चितवन	७८२१	७४२३	७४२३	०	५९६१	०	५२१७	०
१९	धनकुटा	३२४४	२७९९	२६१०	०	२२९०	०	१४७७	०
२०	गुल्मी	४४६३	३९६४	३९६४	०	३२२७	०	२५२३	०
२१	कास्की	६३५५	५६४४	५६४४	०	२६१९	०	८९०	०
२२	खोटाङ	९२७६	८३४७	८३३२	०	७६६८	०	६३८३	०
२३	लमजुङ	१४६१९	१३७५३	१३३८५	३३५	८४४४	३३५	५३३२	१७९
२४	म्याग्दी	९८०	८०१	८०१	०	५८४	०	५१५	०

२५	नवलपरासी	८७६	८७१	८७०	०	८५४	०	८३९	०
२६	पाल्पा	४९२९	४२३७	४११८	०	२११७	०	१५९८	०
२७	पर्वत	५५२२	४९१९	४९१९	०	२८६१	०	१६९०	०
२८	संखुवासभा	२०५७	१८३०	१८२६	०	१२१३	०	१०३०	०
२९	सोलुखुम्बु	१२३७९	११८८२	११८८२	०	१०६६२	०	९२३१	०
३०	स्याङजा	९१९१	८४८७	८४८७	०	३८३६	०	१६५५	०
३१	तनँहु	१४३५२	१३३३७	१२९९९	०	८०९६	०	६२६७	०
	जम्मा	**८३२४०८**	**७८२३५२**	**७५६०९७**	**२१९२८**	**६३४५९३**	**२१२३०**	**५५४०१५**	**१८८४०**

स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको दफा नं.३३ सँग सम्बन्धित

को.ले.नि.का, बैंक तथा वित्तीय संस्था र जिल्ला आयोजना कार्यन्वयन ईकाइले अपलोड गरेको किस्ता संख्या

क्र.सं.	जिल्ला	को.ले.नि.का			बैंक तथा वित्तीय संस्था			जिल्ला आयोजना कार्यान्वयन इकाई		
		पहिलो	दोस्रो	तेस्रो	पहिलो	दोस्रो	तेस्रो	पहिलो	दोस्रो	तेस्रो
१.	अर्घखाची	९४३	३०७	५६	८६२	३३७	१९०	०	०	०
२.	बाग्लुङ्ग	२२९५	१५४८	१२७८	१६०५	७२५	५७०	०	०	०
३.	भक्तपुर	२४९३२	१०६०५	१००००	२३२४४	८७७०	८२११	२५०४२	१०४१९	९८२५
४.	भोजपुर	६०४४	४३८९	३९४७	५३३०	३५४१	३२००	०	०	०
५.	चितवन	८१५४	५४८२	४४२६	५३५७	२८६१	२२४७	०	०	०
६.	धाधिङ्ग	७९७५८	७०६११	६३१००	७२३९९	६२५००	५२४९७	७९२०९	७०२१६	६२३११
७.	धनकुटा	२७८५	१९४२	१३५२	१७३४	१०४२	८२८	०	०	०
८.	दोलखा	६४३६६	५८८७८	५५२१५	५५२९९	५४००२	४५८९५	६४४०९	५९२२८	५५४०४
९.	गोरखा	६७१८६	६०३८७	५५८६८	६०१६४	५३८८९	४८६३९	६६९२५	५९९९९	५५५४४
१०.	गुल्मी	२०७३	३१४१	२३७६	२७४४	२१०५	१४०६	०	०	०
११.	कास्की	६००१	३४२२	२२७३	३४१८	११८०	४२८	५८३०	३४२३	२४९१
१२.	काठमाडौ	४३१८८	२१०२९	१७९३३	३९६६८	१७३०६	१४०६७	४३२१०	२०९४८	१७७५६
१३.	काभ्रे	७४३९५	५९३०९	४८७५६	६५८५०	४८०२३	३७०८३	७४०८२	५७२०६	४८२३०
१४.	खोटाङ्ग	८२२०	७२२३	५८१६	७६४७	३८०७	२३४४	०	०	०
१५.	ललितपुर	२५५०५	११६८१	९७००	२२५६४	८५०५	६५८७	२६२६०	१२६११	१०५३५
१६.	लमजुङ्ग	१३१८६	८७०८	५२७८	१०८३५	५४६९	२९६६	०	०	०
१७.	मकवानपुर	३९०८९	२३७०८	१८९६४	३३४६१	२०२६६	१५६९४	३९८१६	२४९७१	२०२६१
१८.	म्याग्दी	७२२	५२६	४४९	५७७	३७०	३०७	०	०	०
१९.	नवलपरारी (पश्चिम)	८०३	६८८	३५६	६९३	५२८	४८३	०	०	०
२०.	नुवाकोट	७२०६६	६७१२१	५८०८७	६५४५५	५९३९४	४५४१४	७४४२६	७०११९	६१२०२
२१.	ओखलढुंगा	२४१५९	१८४५६	१७३५५	१९३५८	१६३८५	१४९०५	२३३२६	१९४३१	१८५३४
२२.	पाल्पा	४१७९	२०९६	१४२५	१५४६	६२६	४४७	०	०	०
२३.	पर्वत	५३३०	३६००	२१६७	४१४४	२९५९	१९०५	०	०	०
२४.	रामेछाप	४८७१७	४२६१०	३५६४१	४०३७९	३२१७०	२२२८८	४७७७६	४३१५५	३६८१०
२५.	रसुवा	११०९६	१०३२०	९७५६	९९४५	१०१०२	८६०७	१२२२१	११४७९	१०८६७
२६.	संखुवासभा	२०९२	१२१३	१०३०	१७४२	३०६	२१४	०	०	०
२७.	सिन्धुली	४६९९३	२९०६९	२०१५९	३८७००	२६४९०	१७९०६	५१४८१	३१५९५	२३०७०

क्र.सं.	जिल्ला	को.ले.नि.का			बैंक तथा वित्तीय संस्था			जिल्ला आयोजना कार्यान्वयन इकाई		
		पहिलो	दोस्रो	तेस्रो	पहिलो	दोस्रो	तेस्रो	पहिलो	दोस्रो	तेस्रो
२८.	सिन्धुपाल्चोक	८२३९९	७८४७१	७१२१७	८२२००	७३५६९	६०२३७	८१५८५	७७६४३	६९७५३
२९.	सोलुखुम्बु	१२५३३	१०६३२	८८६२	१०५२४	७५९१	५५५६	०	०	०
३०.	स्याङजा	८९१६	३९२९	१९८०	५७१४	२२३४	१०८०	०	०	०
३१.	तनहुँ	१३०६३	८६४४	६२७४	१०८८६	६०४५	३९५६	०	०	०
	जम्मा	**८०११८८**	**६२९७४५**	**५४१०९६**	**७०४०४४**	**५३३०९७**	**४२६१५७**	**७१५५९८**	**५७२४४३**	**५०२५९३**

स्रोत: प्राधिकरणको ईएचआरपी एमआइएस

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको दफा नं.३७ सँग सम्बन्धित

बैङ्किङ्ग भुक्तानीमा गल्ती देखिएका किस्ता संख्या

क्र.सं.	बैंक तथा वित्तीय संस्थाको नाम	पहिलो किस्ता	दोस्रो किस्ता	तेस्रो किस्ता	जम्मा किस्ता
१.	Ace Development Bank	०	०	०	०
२.	Agricultural Development Bank	२०६३	६८०२	४८४९	१३७१४
३.	Alpine Development Bank	१३९	०	०	१३९
४.	Araniko Dev Bank	०	०	०	०
५.	Bank Of Kathmandu Lumbini	४८१५	२६९३	१०८९	८५९७
६.	Birat Laxmi Development Bank	५५	०	०	५५
७.	Century Bank	७	१	०	८
८.	Citizen Bank International	०	०	०	०
९.	Civil Bank	२१	०	२३०	२५१
१०.	Cosmos Development Bank	०	०	०	०
११.	Country Dev Bank	२६	११	०	३७
१२.	Deva Dev Bank	०	०	१	१
१३.	Everest Bank	०	०	०	०
१४.	Gandaki Development Bank	१११	०	०	१११
१५.	Garima Development Bank	५	०	०	५
१६.	Global Ime Bank	१४२	३८५४	५१२	४५०८
१७.	Guheswori Merchant Banking & Finance Ltd	०	०	५	५
१८.	Hamro Bikash Bank	०	१२९	१२९	२५८
१९.	Himalayan Bank	४५७	९	८	४७४
२०.	Icfc	०	०	०	०
२१.	International Development Bank	०	०	०	०
२२.	Janata Bank	६०	१८	१६	९४
२३.	Jyoti Development Bank	०	०	०	०
२४.	Kaamana Development Bank	१५२	१३	१	१६६
२५.	Kailash Bikas Bank	२८	९	९	४६
२६.	Kalinchowk Dev Bank	०	०	०	०
२७.	Kaski Finance	०	१	०	१
२८.	Kumari Bank	१	७	२०	२८

क्र.सं.	बैंक तथा वित्तीय संस्थाको नाम	पहिलो किस्ता	दोस्रो किस्ता	तेस्रो किस्ता	जम्मा किस्ता
२९.	Laxmi Bank	१६	९१	०	१०७
३०.	Lumbini Bikas Bank Ltd	२	३	१३	१८
३१.	Machhapuchchhre Bank	०	१	०	१
३२.	Mahalaxmi Development Bank	०	२	०	२
३३.	Mahalaxmi Finance	०	०	०	०
३४.	Manaslu Dev Bank	०	१	०	१
३५.	Matribhumi Dev Bank	५	०	०	५
३६.	Mega Bank	०	२	७	९
३७.	Muktinath Bikas Bank	१३५१	३५१	१८	१७२०
३८.	Nabil Bank	१२८	४५८	१३६३	१९४९
३९.	Narayani National Finance	०	०	०	०
४०.	Ncc Bank	१२९८७	९३३	२३४७	१६२६७
४१.	Nepal Bangladesh Bank	२०	१७	१७	५४
४२.	Nepal Bank Ltd	८	२	२	१२
४३.	Nepal Investment Bank	०	०	०	०
४४.	Nepal Sbi Bank	५	११६	१७०	२९१
४५.	Nic Asia Bank	०	३	२	५
४६.	Nmb Bank	३६०९	५३७	४१६	४५६२
४७.	Om Development Bank	३१	१२	१०	५३
४८.	Prabhu Bank	२५	५	३	३३
४९.	Prime Commercial Bank	५०	२८	२८	१०६
५०.	Professional Diyalo Bank	०	०	०	०
५१.	Rastriya Banijya Bank	१६६९	८६४४	८६२४	१८९३७
५२.	Reliable Dev Bank	३११	०	१७८०	२०९१
५३.	Sagarmatha Finance	०	०	०	०
५४.	Sahayogi Bikash Bank	०	१	०	१
५५.	Salpa Bikash Bank	०	०	०	०
५६.	Sanima Bank	२४	१३७	१०	१७१
५७.	Sewa Bikas Bank	२	०	०	२
५८.	Shangrila Development Bank	०	९	१३	२२
५९.	Shine Resunga Development Bank	७	०	०	७

क्र.सं.	बैंक तथा वित्तीय संस्थाको नाम	पहिलो किस्ता	दोस्रो किस्ता	तेस्रो किस्ता	जम्मा किस्ता
६०.	Siddhartha Bank	२३	१३५३	०	१३७६
६१.	Sindhu Bikash Bank	८२	१४	३८९	४८५
६२.	Subhechha Bikash Bank	०	०	०	०
६३.	Sunrise Bank	५	२	०	७
६४.	Tourism Dev Bank	०	२	७	९
६५.	Triveni Dev Bank	३	०	०	३
६६.	Vibor Society Development Bank	०	०	०	०
६७.	Yeti Dev Bank	०	०	०	०
	Total	२८४४५	२६२७१	२२०८८	७६८०४

स्रोत : प्राधिकरणको ईएचआरपी एमआईएस

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको दफा नं.४४ सँग सम्बन्धित

लाभग्राहीहरूसँग लिइएको अन्तरवार्ताको साराँश

क्र.सं.	प्रश्नको संक्षिप्त विवरण	सोधिएका प्रश्नहरूको उत्तरहरूको संख्यात्मक विवरण				
		दोलखा	सिन्धुपाल्चोक	गोरखा	धादिङ	जम्मा
१	परिवारको आकार ५ वा ५ जना भन्दा बढी भएको लाभग्राही	२२	१७	११	६	५६
२	ऋण लिएर घर बनाएको भन्ने लाभग्राही संख्या	२०	२४	१५	०	५९
३	ने.रा.बै.को पुर्नकर्जा ऋण लिएर घर बनाएको भन्ने लाभग्राही	२	०	१	०	३
४	किस्ता प्राप्त गर्न सजिलो महसुस गर्ने लाभग्राही संख्या	२७	२४	३०	१०	९१
५	निर्मित भवन सबै मौसमको लागि उपयुक्त रहेको महसुस गर्ने	९	७	१३	०	२९
६	आफ्नो निजी जग्गा घर बनाएका लाभग्राही संख्या	३०	२०	३०	२	८२
७	प्राधिकरण र गैरसरकारी संस्था मध्ये प्राधिकरणको सहयोगमा	७	२१	१३	२	४३
८	आफ्नो घर आफैले बनाएको भन्ने लाभग्राही संख्या	१४	१२	१८	२	४६
९	प्राधिकरणबाट प्राविधिक सहयोग प्राप्त भएको महसुस गर्ने	२४	१८	१६	२	६०
१०	निर्मित घरबाट खेतवारी तथा अन्य बजारसम्मको पँहच सहज	३०	१५	३०	१०	८५

स्रोत: समुहगत छलफलमा लिइएको अर्न्तवार्ता

(स्वास्थ्य सेवाको नियमनको दफा २७ सँग सम्बन्धित)

स्वास्थ्य सेवा विभागको कार्यक्षेत्र अन्तर्गतका अस्पतालहरूको भौतिक पूर्वाधारको अवस्था

क्र.सं.	अस्पतालको नाम	ठेगाना	शैया क्षमता	अस्पतालको भौतिक पूर्वाधार अवस्था
१.	श्री ग्राण्डी इनटरनेशनल हस्पिटल लि.	धापासिकाठमाडौं	२००	अस्पताल प्रयोजन
२.	श्री बि.पी स्मृति सामुदायिक सहकारी अस्पताल लि.	बसुन्धरा, काठमाडौं	१००	अस्पतालप्रयोजन (शहरी विकास तथा भवन निर्माण बिभागबाट स्वीकृत हुन बाकी)
३.	श्री विनायक अस्पताल तथा प्रसुती गृह	गंगबु चोकसामाखुसी	५५	आवासीय
४.	श्री अल्का अस्पताल प्रा.लि	पुल्चोव्क, ललितपुर	१००	आवासीय
५.	श्री सुमेरु सामुदायिक अस्पताल प्रा.लि.	धापाखेल, ललितपुर	१००	अस्पताल प्रयोजन (शहरी विकास तथा भवन निर्माण बिभागबाट स्वीकृत हुन बाकी)
६.	श्री हेल्पिंग हेन्ड सामुदायिक अस्पताल	चाबहिलकाठमाडौं	१००	कमर्शियल
७.	श्री ओम हस्पिटल एंड रिसर्च सेन्टर	चाबहिल, काठमाडौं	१७५	अस्पतालप्रयोजन (प्रबलिकरण गर्नु पर्ने)
८.	श्री मेडिकेयर नेशनल हस्पिटल एंड रिसर्च सेन्टर प्रा. लि	चाबहिल, काठमाडौं	१००	अस्पतालप्रयोजन (शहरी विकास तथा भवन निर्माण बिभागबाट स्वीकृत हुन बाकी)
९.	श्री मोडेल अस्पताल (जन स्वास्थ्य सरोकार ट्रस्ट)	प्रदर्शनीमार्गकाठमाडौं	१००	अस्पतालप्रयोजन (आफ्नै स्वामित्वमा नरहेको करार सम्झौता)
१०.	श्री कान्तिपुर अस्पताल प्रा. लि.	तिनकुनेकाठमाडौं	१००	कमर्शियल
११.	श्री अन्नपूर्ण न्यूरोलोजिकल इन्सटिट्युट एंड एलाइड सैन्सेज	माइतीघर, काठमाडौं	५५	कमर्शियल
१२.	श्री नेपाल ओर्थोपेडीक अस्पताल	जोरपाटी, काठमाडौं	१००	अस्पतालप्रयोजन (प्रबलिकरण गर्नु पर्ने)
१३.	श्री स्तुपा सामुदायिक अस्पताल	बौद्ध, काठमाडौं	५५	हाल संचालनआवासिय (अस्पताल भवन बन्दै गरेको)
१४.	श्री संकरापुर हस्पिटल	जोरपाटी, काठमाडौं	५५	आवासिय

क्र.सं.	अस्पतालको नाम	ठेगाना	शैया क्षमता	अस्पतालको भौतिक पूर्वाधार अवस्था
१५.	श्री मनमोहन ममोरियल सामुदायिक अस्पताल	ठमेल, काठमाडौं	१००	आवासिय
१६.	श्री सुबेच्छा इन्टरनेशनल हस्पिटल एंड रिसर्च सेन्टर	सितापाइलाकाठमाडौं	५५	अस्पतालप्रयोजन
१७.	श्री किस्ट मेडिकल कलेज एंड टिचिङ हस्पिटल	इमाडोल, ललितपुर	१००	अस्पतालप्रयोजन (प्रबलिकरण गर्नु पर्ने)
१८.	श्री ग्लोबल हस्पिटल एंडएजुकेशन फाउण्डेसन	ग्वार्को, ललितपुर	५५	आवासिय
१९.	श्री नागरिक कम्युनिटी टिचिंग हस्पिटल लि.	गठाघर, काठमाडौ	१००	आवासिय
२०.	श्री मध्यपुर अस्पताल प्रा. लि	मध्यपुर, ठिमी भक्तपूर	५१	अस्पतालप्रयोजन (शहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत हुन बाकी
२१.	श्री डा. इवामुरा ममोरिअल हस्पिटल एंड रिसर्च सेन्टर प्रा. लि.	सल्लाघारीभक्तपुर	५१	अस्पतालप्रयोजन (शहरी विकास तथा भवन निर्माणबाट स्वीकृत नभएको)
२२.	श्री शहिद मेमोरियल अस्पताल	कलंकी काठमाडौं	१००	आवासिय
२३.	श्री ओम समाज हस्पिटल प्रा.लि.	सतुंगलकाठमाडौं	५५	आवासिय
२४.	श्री बि. एंड बिअस्पताल प्रा.लि.	ग्वार्कोललितपुर	१००	अस्पतालप्रयोजन
२५.	श्री गणेशमान सिंह मेमोरियल हस्पिटल प्रा.लि	ल.पु.-१५महालक्ष्मी स्थान	१००	आवासिय
२६.	श्री नेशनल इन्सटिट्युटइन्स्तु ओफ़ नयूरोलोगिकल एंड एलाइड सैन्सेज	बासबारी, काठमाडौं	१००	अस्पतालप्रयोजन
२७.	श्री काठमाडौं भ्याली हस्पिटल प्रा. लि.(लाइफ केयर हस्पिटल)	सुन्धाराकाठमाडौं	१००	कमर्शियल
२८.	श्री मनमोहन मेडिकल कलेज टिचिंग हस्पिटल	सितापाइलाकाठमाडौं	१००	अस्पतालप्रयोजन
२९.	श्री मेघा हस्पिटल प्रा. लि.	ललितपुर	१००	कमर्शियल
३०.	श्री नर्विक इन्टरनेशनल हस्पिटल लि.	थापाथलीकाठमाडौं	१००	अस्पतालप्रयोजन
३१.	श्री ग्रिन सिटी अस्पताल,	बसुन्धरा,काठमाडौं	१००	कर्मर्सियल

क्र.सं.	अस्पतालको नाम	ठेगाना	शैया क्षमता	अस्पतालको भौतिक पूर्वाधार अवस्था
३२.	श्री स्टार हस्पिटल लि।	सानेपा, ललितपुर	१००	अस्पतालप्रयोजन
३३.	श्री नोबेल हस्पिटल प्रा।लि।	सिनामंगल	१००	हाल संचालनआवासिय (आफ्नो अस्पताल भवन बन्दै गरेको)
३४.	श्री महेनद्र नारायण निधी मेमोरियल अस्पताल	काठमाडौं	१००	अस्पतालप्रयोजन
३५.	श्री भरोशा अस्पताल प्रा।लि।	बानेश्वर,काठमाडौं	५५	आवासिय
३६.	श्री यती हस्पिटल प्रा।लि।	सितापाइला, काठमाडौं	५५	आवासिय
३७.	श्री नेपाल अर्बुद रोग निवारण संस्था,भक्तपुर क्यान्सर	भक्तपुर	१००	अस्पतालप्रयोजन
३८.	श्री कान्तिपुर डेन्टल हस्पिटल प्रा.लि	सामाखुसीकाठमाडौं	१००	अस्पतालप्रयोजन (शहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत हुन बाकी)
३९.	श्री दिर्घायु गुरु हस्पिटल प्रा=लि	चाबहिलकाठमाडौं	५०	कर्मर्सियल
४०.	श्री न्युरो कार्डियो एण्ड मल्टि स्पेसियालिटि हस्पिटल प्रा।लि।	बिराटनगर.मोरङ	१५०	अस्पतालप्रयोजन
४१.	श्री लाइफ गार्ड हस्पिटल प्रा।लि।	बिराटनगर,मोरङ	१००	अस्पतालप्रयोजन (प्रबलिकरण गर्नु पर्ने)
४२.	श्री हाम्रो अस्पताल प्रा. लि.	बिराटनगर, मोरङ	१००	आवासीय
४३.	श्री सप्तकोशी हस्पिटलप्रा. लि.	बिराटनगर,मोरंग	७५	अस्पतालप्रयोजन (प्रबलिकरण गर्नु पर्ने)
४४.	श्री बिराटनगर अस्पताल प्रा. लि.	बिराटनगर,मोरंग	१००	अस्पतालप्रयोजन (प्रबलिकरण गर्नु पर्ने)
४५.	श्री विजयपुर अस्पताल प्रा. लि.	धरान, सुनसरी	१००	अस्पतालप्रयोजन (प्रबलिकरण गर्नु पर्ने)
४६.	श्री आम्दा नेपाल, आम्दा अस्पताल	दमक, झापा	७५	अस्पतालप्रयोजन (प्रबलिकरण गर्नु पर्ने)
४७.	श्री लाइफ लाइन अस्पताल प्रा. लि.	दमक,झापा	१००	अस्पतालप्रयोजन
४८.	श्री कन्काई अस्पताल प्रा. लि.	बिर्तामोड, झापा	५५	आवासिय

क्र.सं.	अस्पतालको नाम	ठेगाना	शैया क्षमता	अस्पतालको भौतिक पूर्वाधार अवस्था
४९.	श्री मनमोहन मेमोरियल पुर्वान्चल क्षेत्रिय सामुदायिक अस्पताल	बिर्तामोड,झापा	१००	आवासिय
५०.	श्री ओम साई पाथिभराहस्पिटल प्रा.लि.	भद्रपुर, झापा	१००	हाल संचालनआवासिय (आफ्नो अस्पताल भवन बन्दै गरेको)
५१.	श्री छिन्नमस्ता एजुकेशनल एकडेमी एण्ड मेडिकल कलेज	राजविराज	२००	आफ्नोअस्पताल भवन बन्दै गरेको
५२.	श्री युनिक एजुकेशन एकेडेमी प्रा. लि.	राजविराज	५५	शैक्षिकभवन
५३.	श्री ओशिस मेडिकल कलेज एण्ड टिचिग हस्पिटल प्रा.लि.	भरतपुर, चितवन	५५	अस्पतालप्रयोजन
५४.	श्री नेसनल सिटी हस्पिटल प्रा.लि.	भरतपुर,चितवन	५५	हाल संचालनआवासिय (आफ्नो अस्पताल भवन बन्दै गरेको)
५५.	श्री आशा अस्पताल प्रा.लि.	भरतपुर,चितवन	७५	हाल संचालनआवासिय
५६.	श्री चितवन मोडेल हस्पिटल प्रा. लि. (साविक चितवन भ्यालि मोडेलहस्पिटल प्रा.लि	भरतपुर,चितवन	५१	आवासिय
५७.	श्री मनकामना हस्पिटल, भ्रतुरचितवन	भरतपुर,चितवन	१००	अस्पतालप्रयोजन
५८.	पुस्पाञ्जली हस्पिटल प्रा. लि.	भरतपुर,चितवन	५५	आवासिय
५९.	श्री मौकालिका हस्पिटल प्रा.लि.	भरतपुर,चितवन	५१	आवासिय
६०.	श्री एन. पी. आई. नारायणी सामुदाइक हस्पिटल प्रा.लि.	भरतपुर,चितवन	१००	अस्पतालप्रयोजन (जग्गा आफ्नो स्वामित्वमा नभएको)
६१.	श्री चितवन हस्पिटल प्रा.लि.	भरतपुर,चितवन	५५	आवासिय
६२.	श्री भरतपुर सामुदायिक हस्पिटल लिमिटेड	भरतपुर,चितवन	५५	आवासिय
६३.	श्री शान्ति अस्पताल प्रा.लि.	भरतपुर,चितवन	५५	आवासिय
६४.	श्री भरतपुर सेन्ट्रल हस्पिटल प्रा.लि.	भरतपुर,चितवन	५५	आवासिय
६५.	श्री सहारा हस्पिटल प्रा.लि.	पोखरा,कास्की	५५	आवासिय

क्र.सं.	अस्पतालको नाम	ठेगाना	शैया क्षमता	अस्पतालको भौतिक पूर्वाधार अवस्था
६६.	श्री फेवा सिटी हस्पिटल प्रा. लि.	पोखरा, कास्की	१००	आवासिय
६७.	श्री कास्की सेवा हस्पिटल एंड रिसर्च सेन्टर प्रा. लि.	पोखरा,कास्की	१००	आवासिय
६८.	श्री फिस्टेल हस्पटल एण्ड रिसर्च सेन्टर प्रा. लि.	पोखरा,कास्की	१००	अस्पतालप्रयोजन
६९.	क्रिमसन हस्पिटल प्रा .लि	मणिग्राम, रुपन्देही	५०	अस्पतालप्रयोजन
७०.	श्री देवदेह मेडिकल कलेज एण्ड रिसर्च सेन्टर इन्सटिट्यसुट	देवदेह,रुपन्देही	१००	अस्पतालप्रयोजन (प्रबलिकरण गर्नु पर्ने)
७१.	श्री आम्दा नेपालसिद्धार्थ वाल तथा महिला अस्पताल	बुटवल,रुपन्दरेही	१००	अस्पतालप्रयोजन (जग्गा आफ्नो स्वामित्वमा नभएको)
७२.	श्री मेडिटेक इन्टरनेशनल हस्पिटल प्रालि।	बुटवल, रुपन्दरेही	५१	आवासिय
७३.	श्री गोरखा पब्लिक हस्पिटल प्रालि।	घोराहि,दाङ	५५	आवासिय
७४.	श्रीदीवज्योती अस्यताल प्रालि।	घोराहि,दाङ	५०	आवासिय
७५.	श्री रासी लाइफ केयर हस्पिटल प्रालि।	तुलसिपुर,दाङ	५५	आवासिय
७६.	श्री फ्लोरेज्स हस्पिटल प्रालि।	लमही, दाङ	१५	आवासिय
७७.	श्री देउखुरी सामुदायीक अस्पताल तथा रिसर्च सेन्टर लि।	लमही, दाङ	५१	आवासिय
७८.	श्री जानकी हेल्थ केयर एण्ड रिसर्च सेनटर प्रा। लि।	जनकपुरधनुषा	१००	आवासिय
७९.	श्री जनकपुर सिटीहस्पिटलएण्ड रिसर्च सेन्टर प्रालि।	जनकपुरधनुषा	५५	आवासिय
८०.	श्री विरगंज हेल्थ केयर हस्पिटल प्रालि।	विरगंजपर्सा	५५	अस्पतालप्रयोजन
८१.	श्री सहज सामुदाइक अस्यताल	गैडाकोट,नवलपरासी	५१	आवासिय
८२.	श्री काली गण्डकी हेल्थ फाउण्डेशन प्रालि	कावासोती,नवलपरासी	५१	आवासिय

क्र.सं.	अस्पतालको नाम	ठेगाना	शैया क्षमता	अस्पतालको भौतिक पूर्वाधार अवस्था
८३.	श्री नेपाल मध्यबिन्दु सामुदायिक स्मृति अस्पताल बिकास केन्द्र	कावासोती१६,नवलपरासी	५५	अस्पतालप्रयोजन
८४.	श्री सिन्धुसदावहार अस्पताल प्रालि	खाडिचौर, सिन्धुपाल्चोक	५५	आवासिय
८५.	श्री किस्टोल हस्पिटल प्रालि	बाह्रबिसे, सिन्धुपाल्चोक	५१	आवासिय
८६.	श्री च्छो रोल्पा जनरल अस्पताल प्रालि	चरीकोट, दोलखा	५५	आवासिय
८७.	श्री स्पाईनल इन्जुरी पुनस्थापना केन्द्र	सागाकाभ्रेपलाञ्चोक	५१	अस्पतालप्रयोजन
८८.	श्री अपाङ्ग बाल अस्पताल तथा पुनस्थापना केन्द्र	बनेपाकाभ्रे	१००	अस्पतालप्रयोजन
८९.	श्री सेवा नर्सिङ होम प्रालि	अत्तरीयाकैलाली	५१	आवासिय
९०.	श्री साउथ एसिया फाउण्डेसन फर एजुकेसन एण्ड रिसर्च प्रालिसेफर०	कञ्चनपुर	५५	कर्मर्सियल
९१.	नेपाल क्यान्सर हस्पिटल एंड रिसर्च सेन्टर, ललितपुर	ललितपुर	५०	अस्पतालप्रयोजन
९२.	श्री भेनस अस्पताल, बानेश्वोर	काठमाडौं	५०	कर्मर्सियल
९३.	श्री बयोधा हस्पिटल प्रा.लि	बल्खु काठमाडौं	५०	कर्मर्सियल
९४.	श्री नारायणीबयोधाहस्पिटल प्रा.लि	बीरगंज, पर्सा	१५०	अस्पतालप्रयोजन

स्वास्थ्य सेवामा हेरचाहको गुणस्तरको दफा १७ सँग सम्बन्धित

सघन उपचार केन्द्र संग आबद्ध स्वास्थ्यकर्मीहरूको हात धुने प्रचलन (%)

स्वास्थ्यकर्मीको प्रकार	२०१८	२०१९	२०२०		औसत
			अप्रिल-जुन	जुलाइ-सेप्टेमबर	
नर्स	६९	६९	६२	६८	६५
मेडिकल अफिसर	६२	६९	५०	७५	६२.५
डाक्टर (कन्सलट्यान्ट)	७९	६७	६५	५५	६०
एन डि सी	५४	५७	५६	५०	५३
फिजिओ	७०	६३	६६	४१	५३.५
हाउस किपिङ्ग कर्मचारी	७८	६६	६०	६४	६२
औसत	६८.६७	६५.१७	५९.८३	५८.८३	५९.३३

अनुसुची २

स्वास्थ्य सेवामा बिरामीको हेरचाहको गुणस्तरको दफा १७ सँग सम्बन्धित

विवरण	कान्ती बाल अस्पताल	ग्राण्डी अस्पताल	वीर अस्पताल	स्टार अस्पताल
	प्राप्ताङ्क			
उपचारको बिरामीको रगत, पिप, खकार, घाउ वा प्रदूषित चिजहरू छोए पछि	३	५	३	५
विभिन्न बिरामीहरूको सर्म्पक पछि	३	३	३	३
एउटै बिरामीको लागि गर्नु पर्ने पर्ने कार्य तथा प्रक्रिया गर्दा सो बिरामीको अन्य शरीरका भागबाट हुन सक्ने क्रस सङ्क्रमणबाट बचाउने कार्य गरे पछि	३	५	३	३
साधारण साबुन, एण्टीमाइकोबियल एजेण्ट जस्तै एलकोलिकल ह्याण्ड वास (स्यानिटाइजर वा पानीबिहिन एण्टीसेप्टीक झोल	३	५	३	३
बिरामीको उपचार गरी पञ्जा फुकाले पछि	३	३	३	३
फोहर वा सङ्क्रमित बस्तु छोए पछि	३	५	३	३
औसत	३	४.३	३	३.३

अनुसुची ३

स्वास्थ्य सेवामा बिरामीको हेरचाहको गुणस्तरको दफा १९ सँग सम्बन्धित

विवरण	कान्ती अस्पताल		ग्राण्डी अस्पताल		वीर अस्पताल		स्टार अस्पताल	
	व्यवस्था	सन्तुष्टी हद	व्यवस्था	सन्तुष्टी हद	व्यवस्था	सन्तुष्टी हद	व्यवस्था	सन्तुष्टी हद
ल्याटेक्स पञ्जा	कुनै उर्पयुक्त स्थानमा बिसर्जन गर्ने	३	सोडियम हाइड्रोक्लोराइडयुक्त रसायन राखेको बक्सामा	४	तोकेको बाल्टीनमा राख्ने	३	सोडियम हाइड्रोक्लोराइडयुक्त रसायन राखेको बक्सामा	३
इनजेक्सनको सुइ र सिरिञ्ज	निडिल डिस्टयाएर (Needal Destroyer)	४	निडिल डिस्टयाएर (Needal Destroyer)	४	निडिल डिस्टयाएर (Needal Destroyer) तथा पञ्चर प्रुफ बक्स	४	निडिल डिस्टयाएर (Needal Destroyer) तथा पञ्चर प्रुफ बक्स	३
धारिला वस्तु (Sharp & Sharpen)	बिशेष बक्सामा	३	बिशेष स्थानमा राखेको बक्सामा राखी अटोक्लाबको लागि पठाउने	५	बिशेष बक्सामा	३	बिशेष स्थानमा राखेको बक्सामा राखी अटोक्लाबको लागि पठाउने	४
अप्रेशन पछि सर्जिकल सामान तथा वस्तुहरू	निर्मलीकरणको लागि बिशेष स्थानमा राखेको बक्सामा	३	निर्मलीकरणको लागि बिशेष स्थानमा राखेको बक्सामा	५	निर्मलीकरणको लागि बिशेष स्थानमा राखेको बक्सामा	३	निर्मलीकरणको लागि बिशेष स्थानमा राखेको बक्सामा	४
रगत, रगतको क्लट, अप्रेशनका निकालेको अंग वा वस्तु सफाई र बिर्सजन	१५ -३० मिनेट भित्र सफा गर्ने	३	१० मिनेट भित्र सफा गर्ने	५	१५ -३० मिनेट भित्र सफा गर्ने	३	१५ मिनेट भित्र सफा गर्ने	४
औसत अङ्क		३.२		४.६		३.२		३.६

स्वास्थ्य सेवामा बिरामीको हेरचाहको गुणस्तरको दफा १९ सँग सम्बन्धित

व्यवस्था	कान्ती अस्पाताल			ग्राण्डी अस्पाताल			वीर अस्पाताल			स्टार अस्पाताल		
	फोहर मैला व्यवस्थापनको सन्तुष्टीको हद											
	छ	छैन	केही हद सम्म छ	छ	छैन	केही हद सम्म छ	छ	छैन	केही हद सम्म छ	छ	छैन	केही हद सम्म छ
जोखिमयुक्त फोहरको लागि उपयुक्त प्रविधि		✓		✓			✓			✓		
सङ्क्रमित फोहरलाई निसङ्क्रमित गर्ने प्रचलन		✓		✓			✓			✓		
मरकरीमा आधारित उपकरणको सट्टा डिजिटल प्रविधिको प्रयोग	✓			✓					✓	✓		
स्यानीटरी इकाईको स्थापना	✓					✓	✓				✓	
जोखिमयुक्त फोहरको गहन अनुगमन		✓		✓					✓			✓
छुट्याएका फोहर सङ्कलन गरी लैजाने गरेको ट्रली वा गाडा अन्य उद्देश्यको प्रयोग नगरेको	✓			✓			✓			✓		
जोखिमयुक्त फोहरको भण्डारण गर्न छुट्टै क्षेत्र वा कोठा		✓			✓		✓					✓
डिप क्लीनिङ/हाई वास	✓			✓			✓			✓		
भुइ सफाई	✓			✓			✓			✓		
फोहरको व्यवस्थापन, सफाई, सङ्कलन तथा ट्रान्सफरमा संग्लन कर्मचारीहरूले PPEअनिवार्य रूपमा लगाउने व्यवस्था तथा निर्देशन		✓				✓			✓			✓

स्वास्थ्य सेवामा बिरामीको हेरचाहको गुणस्तरको दफा १९ सँग सम्बन्धित

व्यवस्था	कान्ती अस्पाताल	ग्राण्डी अस्पाताल	वीर अस्पाताल	स्टार अस्पाताल
जोखिमयुक्त फोहरको लागि उपयुक्त प्रविधि	अलग्गै छुट्टै बक्सामा राख्ने	स्टीकर टास्ने तथा अक्षरमा पनि लेखेर राख्ने गरेको छ	अलग्गै छुट्टै बक्सामा राख्ने	स्टीकर टास्ने गरेको छ
सङ्क्रमित फोहरलाई निसङ्क्रमित गर्ने प्रचलन	खासै कुनै प्रचलन नभएको तर अटोक्लाभ सम्मा गर्ने गरेको छ ।	इन्सीयत गर्ने	अटोक्लाभ गरी ट्रान्सफर गर्ने गरेको छ ।	अटोक्लाभ गरी ट्रान्सफर गर्ने गरेको छ ।
मसकरीमा आधारित उपकरणको सट्टा डिजिटल प्रविधिको प्रयोग	र्मकरीमुक्त	र्मकरीमुक्त	र्मकरीमुक्त	र्मकरीमुक्त
स्यानीटरी इकाईको स्थापना	छ, तर अपेक्षित रूपमा काम गर्न सकेको छैन ।	फोहरको प्रकारअनुसार ट्रिटमेण्ट गने गरेको र अटोक्लाभ गरी बिक्रि हुने सामान त्रिक्री गरेको	फोहरको प्रकारअनुसार ट्रिटमेण्ट गने गरेको र अटोक्लाभ गरी पुनप्रयोग गन सक्नलाई अस्पतालले विभिन्न सिाइकल सामानहरू त्यषर गरी विक्रि गने गरेको	चाडै स्थापना गर्ने पक्षमा रहेको हात अटोक्लाव गरी बिक्री हुनु फोहर ठकेदारमार्फत लैजाने गरेको
जोखिमयुक्त फोहरको गहन अनुगमन	प्रभावकारी रूपमा हुने नगरेको	गर्ने गरेको र फोकल व्यक्ति नै तोकेको छ ।	गर्ने गरेको र फोकल व्यक्ति नै तोकेको छ ।	गर्ने गरेको र फोकल व्यक्ति नै तोकेको छ ।
छुट्याएका फोहर सङ्कलन गरी लैजाने गरेको ट्रली वा गाडा अन्य उद्देश्यको प्रयोग नगरेको	सङ्क्रमित र असङ्क्रमित फोहरको लागि छुट्टा छुट्टै ट्रली भएको तर कलर कोडिग नभएको	सङ्क्रमित र असङ्क्रमित फोहरको लागि कलर कोडिग सहित छुट्टा छुट्टै ट्रली भएको	सङ्क्रमित र असङ्क्रमित फोहरको लागि छुट्टा छुट्टै ट्रली भएको तर कलर कोडिग नभएको	सङ्क्रमित र असङ्क्रमित फोहरको लागि छुट्टा छुट्टै ट्रली भएको तर कलर कोडिग नभएको
जोखिमयुक्त फोहरको भण्डारण गर्न छुट्टै क्षेत्र वा कोठा	छैन	प्रत्येक दिन इन्सीयत गर्दछ ।	छैन	छुट्टै स्थान तोकेको
फोहरको व्यवस्थापन, सफाई, सङ्कलन तथा ट्रान्सफरमा संग्लन कर्मचारीहरूले PPE अनिवार्य रूपमा लगाउने व्यवस्था तथा निर्देशन	सामानहरू दिए तापनि निर्देशनको पालना नगरिने दिने बुंट पञ्जाको दुरूप्रयोग गरि दिने	व्यवस्थाको पालन नगरिने दिने	फोहर लैजानले यदाकदा प्रयोग नगरि दिने गर्दछ ।	फोहर लैजानले यदाकदा प्रयोग नगरि दिने गर्दछ ।

स्वास्थ्य सेवामा बिरामीको हेरचाहको गुणस्तरको दफा २२ सँग सम्बन्धित

उत्तर तालिका

1.विश्व स्वास्थ्य संगठनको परीक्षण सूचीकार्यान्वयनसम्बन्धी (Regarding implementation of the WHO checklist):	**उत्तर सिटअनुसार**	**कान्तीबाल अस्पताल**	**ग्राण्डी अस्पताल**	**वीर अस्पताल**	**स्टार अस्पताल**
a. एनेष्ठेटिष्टहरू अप्रेशन थ्रेटरको परीक्षण सूचीकार्यान्वयनको लागिजिम्मेवार हुन्छन । (Anaesthetists are responsible for implementing the checklist in theatre)	गलत	सही	सही	सही	सही
b. परीक्षण सूचीको कार्यान्वयनभनेको एक आदर्श विद्यार्थिको आयोजनाहो (Implementation of the checklist is an ideal student project)	गलत	सही	सही	सही	सही
c. तथ्याङ्क संङ्कलनको लागि यो प्रक्रिया महत्वपूर्ण हो, तर यो कार्यान्वयनप्रक्रियाको अन्त्यमा अप्रेशन थ्रेटरको टोलीलाई पृष्ठपोषित गर्नको लागि महत्वपूर्ण छ । (It is helpful to collect data, but it is important to only feed this back to the theatre team at the end of the implementation process)	गलत	सही	सही	सही	सही
d. स्रोतको अभावमा परीक्षण सूचीअनुसारमा कुनै सामाननभएको पुरा गर्न नसकेमा त्यसलाइ परीक्षण सूचीबाट हटाउनु पर्दछ (Where an item cannot be completed in your facility due to lack of resources, remove that item from the Checklist)	गलत	सही	गलत	गलत	गलत
e. कर्मचारीहरूले परीक्षण सूचीबाट बिरामीको सुरक्षा कसरी सुधार हुन्छ भनेर बुझेमा यसको प्रयोग गर्न तत्पर हुन्छ (Staff are more likely to use the checklist if they understand how it improves patient safety)	सही	सही	सही	सही	सही
		१	२	२	२
2. विश्व स्वास्थ्यसंगठनको परीक्षण सूची सञ्चालन गर्दा (When conducting the WHO Checklist):					
a. राम्रोसम्बादतथा सञ्चारएक महत्वपूर्ण पक्षहो - जसबाट जिज्ञासाहरू तथाप्रश्नहरू स्पष्ट पार्नुको साथै प्रत्यक्ष रूपमातिनीहरूको व्यक्तिगननामप्रयोगमा सघाउ पुऱ्याउंदछ (Good communication is important - use clear questions and direct them to an individual using their name)	सही	सही	सही	सही	सही
b.विश्व स्वास्थ्य संगठनको परीक्षण सूचीखास छनौट गरेको केशहरूको लागिमात्रहो । आकस्मिक सेवाकोलागिहोइन । (The WHO checklist is only for elective cases, not emergencies)	गलत	गलत	गलत	गलत	गलत
c. परीक्षण सूचीलागू गर्दा टोलीका सदस्यहरूको तहतथा स्थानको कायमहुनु जरुरी छ ताकि सबैले इन्चार्जको हुनथाहापाओस । (It is important to maintain status and hierarchy during the checklist so that everyone knows who is in charge)	गलत	सही	सही	सही	सही
d. एन्टीबायोटिक छाला काटेको केशमामात्र दिइन्छ । (Antibiotics are usually given after skin *incision)*	गलत	गलत	गलत	गलत	गलत
e.विश्वभर नैबचेका स्वाब, सुईहरू तथा उपकरणहरू प्रतिकूलअवस्था हुनबाट बचाउन महत्वपूर्ण हुने गर्दछ । स्टाण्डसाइज्ड प्याकतथा उपकरणहरूको सूचीको प्रयोग गन्तीप्रक्रिलाइ मद्दत पुऱ्याउंदछ । (च्भतबष्लभम swabs, needles and instruments are an important recurring adverse event worldwide. Use of standardized packs and lists of instruments helps the counting process)	सही	सही	सही	सही	सही
		४	४	४	४
3.सारको बिफ्रीङ्गतथाडिबिफ्रीङ्ग गर्दा **(When briefing and debriefing):**					

a. यि चरणहरू सर्जिकल केश अगाडी तथा पछाडि थप्न सकिन्छ। (These steps are added before and after each surgical case)	गलत	सही	सही	सही	सही
b. बिफ्रीङ्गगर्नाले एक अर्कासंग परिचितहुने र आ-आफनो भूमिकाको पहिचान हुन्छ (The briefing provides an opportunity for everyone to introduce himself or herself and identify their role)	सही	सही	सही	सही	सही
c.सर्जनहरू प्रायजसो व्यस्तहुने हुनाले चेकलिष्टको पूर्व छलफलमा उपस्थितिनभएकपनि हुन्छ। (Surgeons are usually very busy, so they do not need to attend the pre-list briefing)	गलत	गलत	गलत	सही	सही
d. बिफ्रिङ्ग धेरै लामो हुने हुनाले यसलाइएनियमित रूपमानगरे पनि हुन्छ। (The briefing takes too long for it to be used routinely	गलत	गलत	गलत	गलत	गलत
e. सबै कुरा ठीक तबरबाट गइ रहेको छ र नयां सिक्ने पर्ने केहीनहुने समेत भएकाले डिबिफ्रिङ्ग दिनहुं नगरे पनि हुन्छत। (There would be no reason to debrief a day that had run smoothly as there is nothing to learn).	गलत	गलत	गलत	गलत	गलत
		४	४	३	३
सहीउत्तर सँख्या		९	१०	९	९

स्वास्थ्य सेवामा बिरामीको हेरचाहको गुणस्तरको दफा २२ सँग सम्बन्धित

उत्तरहरूको विश्लेषण

विश्व स्वास्थ्य संगठनको परीक्षण सूचीकार्यान्वयनसम्बन्धी (Regarding implementation of the WHO checklist)	उत्तर	विश्व स्वास्थ्य संगठनको प्रावधानअनुसार को पुष्टयाई	निष्कर्ष
a. एनेष्ठेटिष्टहरू अप्रेशन थ्रेटरको परीक्षण सूची कार्यान्वयनको लागि जिम्मेवार हुन्छन । (Anaesthetists are responsible for implementing the checklist in theatre)	सबै अस्पतालहरूको उत्तर गलत	परीक्षण सूचीको कार्यान्वयन सिंगो टोलीको प्रयास हा । अप्रेशन थ्रेटर भित्र प्रतिनिधिनित्व गर्ने टालीका सबै सदस्यको जिम्मेवारी हो । (क्रउफिभलतबतष्यल या तजभ अजभअपष्कित ष्क ब तभक भाायचत। त्जभ तभक कजयगमि चभउचभकभलत भखभचथयलभ धजय धयचपक ष्ल तजभबतचभ ष्ल यचमभच तय नभत दगथ.ष्ल ाचिक बर्ी तजभबतचभ उभचकयललभा०	टोलीबीच सामुहिक भावना (Team Spirit) अभाव भएको स्पष्ट पार्छ । यसमा एनेष्ठेटिष्टहरूलाई मात्र जिम्मेवार ठहराई अन्य टोलीका सदस्यहरू उन्मुक्त हुन पाउदैन ।
b. परीक्षण सूचीको कार्यान्वयनभनेको एक आदर्श विद्यार्थिको आयोजनाहो (Implementation of the checklist is an ideal student project)	सबै अस्पतालहरूको उत्तर गलत	अनुभवी अप्रेशन थ्रेटरका टोली सदस्यहरू जो बिरामीको सुरक्षाको सुधार गर्नमा प्रतिबद्ध रहेकाले परीक्षण सूचीको कार्यान्वयनमा नेतृत्व लिनु पर्दछ । किनकी अनुभबी तथा वरिष्ठ कर्मचारीको प्रभाव दरिलो हुने हुँशले निजहरूलाई यसमा संग्लन गराउनु पर्दछ । विद्यार्थि वर्ग एउटा महत्वमूर्ण स्रोत रहेकोले तिनीहरूबाट कार्यान्वयन चरणमा सहयोग लिन सकिन्छ । ९भ्हउभचष्भलअभम ुभदभचक या तजभ तजभबतचभ तभक धजय बचभ अफ्ष्ततभम तय ष्कउचयखष्लन उबतष्भलत कबाभतथ कजयगमि भिबम तजभ ष्कउफिभलतबतष्यल उचयअभकक। क्भलष्यच ुभदभचक या कतबाा बचभ खभचथ प्लागिभलतष्बा बलम लभभम तय दभ भलनबनभमस कतगमभलतक बचभ ब खभचथ खबगिबदभि चभकयगचअभ बलम अबल जभउि कगउउयचत तजभ ष्कउफिभलतबतष्यल उचयअभकक ष तजभथ जबखभ कगउउयचत या तजभ भिबमभचक ष्ल तजभबतचभ।०	टोलीबीच सामुहिक भावना (Team Spirit) तथा सामञ्यस्ताको अभाब तथा सबल नेतृत्वमा टोली सदस्यहरूले विश्वासको नगर्ने परम्परा रहेको ।
c. तथ्याङ्क संङ्कलनको लागि यो प्रक्रिया महत्वपूर्ण हो, तर यो कार्यान्वयन प्रक्रियाको अन्त्यमा अप्रेशन थ्रेटरको टोलीलाई पृष्ठपोषित गर्नको लागि महत्वपूर्ण छ । (It is helpful to collect data, but it is important to only feed this back to the theatre team at the end of the implementation process)	सबै अस्पतालहरूको उत्तर गलत	अप्रेशन थेटरमा उपयुक्त समयमा दिएको सल्लाह तथा कार्यान्वयन प्रगतिको निरन्तर पृष्ठपोषण भनेको उत्साहजनक परिर्वतनको एउटा शक्तिशाली रणनीति हो । कार्यान्वयन चरण कहिले समाप्त हुन्छ र यसको कठीनाइहरूको मुल्याङ्कन गर्नेको पखाइएभन्दा यसको नियमित रूपमाअवलोकलन गर्नुको साथै कसरी यसलाई अझ सुधार गर्न सकिने बारे औपचारिक छलफल गर्नु बढी सार्थक हुन्छ । ९च्भबा तष्भ ुभलतयचकजष्उ ष्ल तजभबतचभ बलम अयलतष्लगबा ाभभमदबअप यल उचयनचभकक या ष्कउफिभलतबतष्यल ष्क ब उयधभचागा मचष्खभच तय ष्लागिभलअभ अजबलनभा क्षत ष्क गकभागा तय गकभ चभनगबिच यदकभचखबतष्यलक बलम ष्लायक्बा मष्कअगककष्यलक यल जयध तजष्लनक अयगमि दभ ष्कउचयखभम, चबतजभच तजबल धबष्तष्लन गलतर्ष तजभ भलम या बल ष्कउफिभलतबतष्यल उभचष्यम तय भखबगिबतभ तजभ मषाष्अगतिष्भक०	कार्यान्वयन चरणमा टोलीबीचमा सुधारको लागि छलफल गर्ने, समयमा सल्लाहदिने र निरन्तर प्रगतिको अवबलोकन तथा पृष्ठपोषण लिने संस्कृतिको विकास हुन सकेको छैन ।
d. स्रोतको अभावमा परीक्षण सूचीअनुसारमा कुनै सामाननभएको पुरा गर्न नसकेमा त्यसलाई परीक्षण सूचीबाट हटाउनु पर्दछ (Where an item cannot be completed in your facility due to lack of resources, remove that item from the Checklist)	ग्राण्डी अस्पताल बाहेक सबै अस्पतालको उत्तर गलत	सुरक्षाको चरणहरू प्राप्त गर्न नसकेको अवस्थामा हटाउनु हुदैन । उदाहरणको लागि नाडीको चालनमापनको कार्यको लागि अक्सीमिटर तथा उपयुक्त प्रोफिल्याक्टीक एन्टीबायोटिक ९उचयउजथबिअतष्अ बलतष्दष्यतष्अक० प्रयोग गर्न सकिन्छ । अस्पतालका कर्मचारीहरूलाई आइटमहरू जांचको संग्लन गराउन सकिन्छ । यसले जीवनरक्षाबक्साको रूपमाकार्य गर्दछ । ९क्बाभतथ कतभउक कजयगमि लयत दभ चभ्कयखभम धजभचभ तजभथ अबललयत दभ बअजष्भखभम। भ्हकउभिक ष्लअगिमभ गकष्लन ब ागलअतष्यलष्लन उगकिभ यहष्भतभच बलम बम्फष्लष्कतचबतष्यल या बउउचयउचष्बतभ उचयउजथबिअतष्अ बलतष्दष्यतष्अक। भ्लनबनभ तजभ बम्फष्लष्कतचबतष्खभ कतबाा ष्ल तजभ जयकउष्तबा कय तजबत बर्ी	सुरक्षाको लागि आवश्यक साम्रागीहरू जांच गर्ने र त्यसको बैकल्पिक व्यवस्था समेत गर्नमा अस्पताल व्यवस्थापनले गाम्भीयतापूर्वक ध्यान दिननसकेको ।

		तजभ ष्तभ्फक अबल दभ अजभअपभम। त्जष्क ञबथ बकिय प्लखयखिभ कगउउयचत ाचिक अजबचप्तष्भक कगअज बक ीषभदयह०।	
2. विश्व स्वास्थ्यसंगठनको परीक्षण सूची सञ्चालन गर्दा (When conducting the WHO Checklist):			
a. परीक्षण सूचीलागू गर्दा टोलीका सदस्यहरूको तहतथा स्थानको कायमहुनु जरुरी छ ताकि सबैले इन्चार्जको हुन थाहा पाओस । (It is important to maintain status and hierarchy during the checklist so that everyone knows who is in charge)	सबै अस्पतालहरूको उत्तर गलत	सबै टोली सदस्यहरू निर्भिक तथानिर्वाद रूपमाप्रश्न गर्न सकिने तथाखुला रूपमा छलफल गर्न सक्ने वातावरण हुनु पर्दछ । त्यसको लागि अप्रेशन थ्रेटरमा प्रशासनिकतहगतबिहिनव्यवस्थालागू गरेर यो वातावरण सृजना गर्न सक्दछ । ९द्वी कतबाा ञ्फदभचक कजयगमि ाभभी बदभि तय चबष्कभ त्रगभकतष्यलक बलम तबपि धप्तजयगत ाभवच यच भ्फदबचचबकक्कभलत। त्जष्क अबल दभ भलअयगचबनभम दथ अचभबतप्लन बल यउभल, लयल.जष्भचबचअजबी भलखप्चयलकभलत०।	कर्मचारीतन्त्रको तहगत तथा स्थानगत सस्कृतिबाट उन्मुत्तिन हुनु जसले गर्दा टोलीको संयुक्त प्रयासले प्रश्रय पाउनमा अवरोध सृजना गर्दछ र नेतृत्व लिने व्यक्तिबाट यस प्रकार टोली व्यवस्थपानमा जोड दिन नसकेको देखिन्छ ।
3.सारको बिफ्रीङ्ग तथा डिबिफ्रीङ्ग गर्दा **(When briefing and debriefing):**			
a. बिफ्रीङ्ग तथा डिबिफ्रीङ्ग यी चरणहरू सर्जिकल केश अगाडी तथा पछाडि थप्न सकिन्छ । (These steps are added before and after each surgical case)	सबै अस्पतालहरूको उत्तर गलत	बिफ्रीङ्गसूचीको विवेचना भन्दापूर्व सुरु हुन्छ र डिबिफ्रीङ्गसूची को छलफल पश्चात हुन्छ । ९त्जभ दचष्भाप्लन ष्क जभमि दभायचभ तजभ कतबचत या तजभ ष्किंत बलम मभदचष्भाप्लन बत तजभ भलम या तजभ ष्किंत चबतजभच तजबल दभायचभ बलम बातभच भखभचथ अबकभ।०	बिफ्रीङ्ग तथा डिबिफ्रीङ्गको गाम्भीर्यता राम्ररी अगांल्न नसकेको र यो संस्कृति अस्पतालहरूमा अझै फस्टाउन नसकेको स्पष्ट पार्दछ ।
b. सर्जनहरू प्रायजसो व्यस्तहुने हुनाले चेकलिष्टको पूर्व छलफलमा उपस्थितिनभएपनि हुन्छ । (Surgeons are usually very busy, so they do not need to attend the pre-list briefing)	कान्तीबाल अस्पताल र ग्राण्डी अस्पतालको बाहेक अन्य २ अस्पतालहरूको उत्तर गलत	सूचीपूर्व रोकथाम वा समस्या निराकरण वा सुरक्षासम्बन्धी बिषयहरू तथा चूनौतिहरूको सम्बोधन गर्ने औजारको रूपमा प्रयोग गर्न सकिन्छ । यसमा सबै टोली सदस्यहरूमा अनिर्वायरूपमा सहभागी हुनुपर्दछ । ९द्व उचभ.ष्किंत दचष्भाप्लन अबल दभ गकभम तय उचभ.झउत, यच तचयगदभि कजययत भत्रगष्ऊभलत यच कबाभतथ ष्ककगभक बलम बलतष्अष्उबतभ अजबाभिलनभक ायच तजभ ष्किंत। त्जभ धजयभि तभक कजयगमि दभ उचभकभलत ायच उचभ.ष्किंत दचष्भाप्लन।०	टोली व्यवस्थापनको संवेदशिलतामा ध्यान दिन नसक्नु र परम्परागत प्रशासनिक मान्यतालाई प्रश्रय दिने प्रचलनको व्यापकता ।

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको दफा नं. ७ सँग सम्बन्धित

लेखापरीक्षणका लागी छनौटमा परेका स्थानीय तहको २०७५/७६ को बजेट र खर्च

(रु.हजारमा)

स्थानीय तहको नाम	कुलविनियोजन		खर्च		राजश्व बाँडफाँड	समानीकरण	आन्तरिक आय	अन्य
	चालु	पूँजीगत	चालु	पूँजीगत				
ललितपुर	१३६५०००	३२४२२८७	१०७११७	१४०४०५७	२१९८००	४७६२००	१८४६१६६	१६६४२१४
दिपायल	३४३२९१	१५४३९६	३३१६८७	१५०००६	६७२५१	१२५३८२	१४६४३	६८६६
मेलम्ची	५२१८४५	६२१५९	५१००५३	५७८०७९	१०५७९१	२१५१९९	३२४९०	०
धनकुटा	५५८१६	३००००	३६२३४७	१७१२३८	६७५४८	१२४१६४	३३०४०	८५१७९
बुटवल	७५०२१६	९१४७९०	६६९०२६	६५०९५६	२०२५१०	२८२०४०	४४९४९०	७३६४३८
गौरादह	१२५८४१	३९९८२१	९५५५०	२६४६९६	७८५५६	१४९५००	१३२११९०	०
मोहन्याल	२८६७४०	१३८३७२	२६२८७८	११८५४८	७३६७५	८५९३१	२६१४	२२२४७७
उर्लावारी	४१७७५९	१९९६९९	३३१००४	१९९४७९	९६३१६	१५२५०९	७२५१५	३१३८२०
तिरहुत	४१९६३	१३३०९२	३९७६५	११२१८५	४११६७	८६३७२	४७५१५	०
परवानीपुर			१०९९४४	११३५६०	३४४५४	८७०७४	५३८६	२१६
जिरी			२०८२७१	१२१५९७	७६७२९	१०७०८४	९८८९	
त्रिपरासुन्दरी			२७१०७७	१७९७३३	८२६४०	१४३०३३	७३४८४	०
दक्षिणकाली			१०३८९७	२४९६०५	६७२६३	९८६६०	११०५६०	०
फेदीखोला	१८६०१८	१७२२५७	१७१७४१	९१४३२	३०११८	७१०७६	४२६०	२५२८२१
गोरखा			२१०५०३	२९२४१५	२३८४३८	२५१४३०	०	०
तानसेन			५०२८४८	१९९९६५	२७४३९३	१५४१००	५१८३०	०
रूपाकोट			२१०९३७	९५४५४	५३५१२	६२१००	१३५१८	०
मिथीला			२३४६१८	२२२१३५	७९३२२	१३९८६०	३२९२३	८३५०
अमरगढी			२५७४६३	८८०१०	५०६१२	९०१००	१५६०२	२००६४७
लमही			३३७८८३	२२६२१२	९४४४४	१७०२००	२२६५९	०

स्थानीय तहको नाम	कुलविनियोजन		खर्च		राजश्व बाँडफाँड	समानीकरण	आन्तरिक आय	अन्य
	चालु	पूँजीगत	चालु	पूँजीगत				
खजुरा			११९९९८	१३८५६१	५०४४४	१०२०००	२०००	०
दुल्लु			३८३०४०	२५७८५५	७६०५०	१३९६७८	६९९५	२७८८
गुर्भाकोट			३५५००	२५७८५५	७६०५०	१३९६७८	६९९५	२७८८
सिरहा			५२७०७६	१७१६२६	१११८३२	१९६७००	१३८९६	३७६२७४
गोलबजार		४८३०६८	३१७७३३	१४५६७९	८९००७	१४७६००	२२६८८	२५९२९५
जम्मा	**४०३८६७३**	**५४१६८७३**	**४३५००३८**	**४३८०६९३**	**१३९५४२३**	**२३५१६०५**	**४०१२९२९**	**४०३२८५२**

स्थानीय तह सञ्चालन तथा व्यवस्थापनको दफा नं.४० सँग सम्बन्धित

लेखापरीक्षणका लागी छनौटमा परेका स्थानीय तह सम्बन्धी विवरण

क्र. स.	प्रदेश	जिल्ला	स्थानीय तह	प्रश्नावली फिर्ता प्राप्त	प्रवेश बैठक मिति	कैफियत
१.	प्रदेश नं. १	झापा	गौरादह न. पा.	भएको	२०७६।०९।२४	
२.	प्रदेश नं. १	मोरङ्ग	उर्लाबारी नं. पा.	भएको	२०७६।०९।२४	
३.	प्रदेश नं. १	धनकुटा	धनकुटा न. पा.	भएको	२०७६।१०।०१	
४.	प्रदेश नं. २	सप्तरी	तिरहुतगा. पा.	नभएको	२०७६।०९।०२	
५.	प्रदेश नं. २	सिरहा	सिरहा न. पा.	नभएको	२०७६।१०।०४	
६.	प्रदेश नं. २		गोलबजार न. पा.	भएको	२०७६।१०।०३	
७.	प्रदेश नं. २	धनुषा	मिथीला न.पा.	भएको	२०७६।१०।०६	
८.	प्रदेश नं. २	महोत्तरी	गौशाला न. पा.	भएको	२०७६।१०।०७	
९.	प्रदेश नं. २		सम्सी गा.पा.	नभएको	२०७६।१०।०७	
१०.	प्रदेश नं. २	बारा	परवानीपुर गा. पा.	भएको	२०७६।१०।०८	
११.	बागमती	दोलखा	जिरी न.पा.	भएको	२०७६।१०।१८	
१२.	बागमती	सिन्धुपाल्चोक	मेलाम्ची न.पा.	भएको	२०७६।१०।२१	
१३.	बागमती	धादिङ्ग	त्रिपुरासुन्दरी न.पा.	नभएको	२०७६।१०।२७	
१४.	बागमती	काठकाडौं	दक्षिणकाली न.पा.	नभएको	२०७६।०९।१३	
१५.	बागमती	ललितपुर	ललितपुर महानगर स्थानीय तह	भएको	२०७६।०८।१७	
१६.	गण्डकी	गोरखा	गोरखा न.पा.	भएको	२०७६।१०।२४	
१७.	गण्डकी	कास्की	रूपाकोट गा.पा.	भएको	२०७६।११।०२	
१८.	गण्डकी	स्याङ्जा	फेदिखोलागा.पा.	भएको	२०७६।११।०१	
१९.	गण्डकी	पाल्पा	तानसेन न.पा.	भएको	२०७६।१०।२९	
२०.	प्रदेश नं. ५	रूपन्देही	बुटवलउपमहानगर स्थानीय तह	नभएको	२०७६।११।१३	
२१.	प्रदेश नं. ५	दाङ	लमही न. पा.	नभएको	२०७६।११।११	
२२.	प्रदेश नं. ५	बाँके	खजुरा गा.पा.	भएको	२०७६।१०।२७	
२३.	कर्णाली	दैलेख	दुल्लु न. पा.	नभएको	२०७६।११।०७	
२४.	कर्णली	सुर्खेत	गुर्भाकोट न.पा.	भएको	२०७६।११।०४	
२५.	सुदुरपश्चिम	डोटी	दिपायलसिलगढी नपा.	भएको	२०७६।११।०२	
२६.	सुदुरपश्चिम	डडेल्धुरा	अमरगढी न. पा.	भएको	२०७६।११।०३	
२७.	सुदुरपश्चिम	कैलाली	मोहन्याल गा.पा.	भएको	२०७६।१०।०५	

सामाजिक सुरक्षा कार्यक्रमको अवस्थाको दफा दफा ३ सँग सम्बन्धित

सामाजिक सेवा तथा सामाजिक सुरक्षा कार्यक्रमहरूको लक्षित समूहगत संवैधानिक तथा कानूनी व्यवस्था र हाल संचालित कार्यक्रमहरू

लक्षित समूह	संवैधानिक व्यवस्था	कानूनी व्यवस्था	आ.व. २०७५/७६ को बजेटमा भएको व्यवस्था	आ.व. २०७६/७७ को बजेटमा भएको व्यवस्था	संचालन भईरहेको कार्यक्रम
गर्भवती, सुत्केरी महिला तथा नवजात शिशु	**धारा ३८ महिलाको हक:** प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसर	**सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५:** निःशुल्क स्वास्थ्य तथा प्रसुती सेवा, नवजात शिशुको स्वास्थ्य स्याहार, प्रसुति विदा सुत्केरी भत्ता आदिको व्यवस्था	• आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भावस्थादेखि नै प्रसुती सुरक्षा सेवा, • ग्रामीण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको आपत्कालीन उद्धार गर्न एयर एम्बुलेन्सको व्यवस्था	• महिलाहरूको सर्भाइकल तथा स्तन क्यान्सर जस्ता घातक रोगको निःशुल्क स्वास्थ्य परीक्षण र सर्भाइकल क्यान्सर विरुद्धको खोप संचालन • सबै स्थानीय तहका स्वास्थ्य केन्द्रबाट सुरक्षित मातृत्व तथा प्रजनन् सेवा • गर्भवती जाँच सेवा • स्वास्थ्य संस्थामा प्रसुती गराउनेलाई यातायात खर्च	• सबै स्थानीय तहका स्वास्थ्य केन्द्रबाट सुरक्षित मातृत्व तथा प्रजनन् सेवा • गर्भवती जाँच सेवा स्वास्थ्य संस्थामा प्रसुती गराउनेलाई यातायात खर्च,
सबै बालबालिका	**धारा ३९: बालबालिकाको हक** **धारा ४३ सामाजिक सुरक्षाको हक:** आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षा	**अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र** **बालबालिका सम्बन्धी ऐन, २०७५:** अनिवार्य र निःशुल्क प्राथमिक तथा निःशुल्क माध्यामिक शिक्षा, निःशुल्क आधारभूत स्वास्थ्य सेवा, पोषणयुक्त आहार, शुद्ध पिउने पानी तथा २ वर्षसम्मका बालबालिकालाई स्तनपान	• प्राथमिक तहमा निःशुल्क र अनिवार्य शिक्षा, • खोप, पोषणयुक्त आहार, बाल संरक्षण अनुदान, • मानव विकास सूचकांक न्यून भएका जिल्लामा विद्यालय दिवा खाजा	• प्राथमिक तहमा निःशुल्क र अनिवार्य तथा माध्यामिक तहमा निःशुल्क शिक्षा, • खोप, पोषणयुक्त आहार, बाल संरक्षण अनुदान, • मानव विकास सूचकांक न्यून भएका ४३ जिल्लामा विद्यालय दिवा खाजा,	• प्राथमिक तहमा निःशुल्क र अनिवार्य तथा माध्यामिक तहमा निःशुल्क शिक्षा, • निःशुल्क खोप, स्वास्थ्य परीक्षण, • विद्यालय दिवा खाजा,
	धारा ४३: कानून बमोजिम सामाजिक सुरक्षाको हक	**सामाजिक सुरक्षा ऐन, २०७५:** दफा ३ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने, दफा ९ बमोजिम अति विपन्न, लोपोन्मुख र सरकारले तोकेका ५ वर्ष उमेर पूरा नगरेका बालबालिकाले बाल पोषण भत्ता पाउने	दलित, कर्णाली र मानव विकास सुचकांकमा पछि परेका तराई मधेशका ५ वर्ष मुनिका बालबालिकालाई रु ४००/- बाल संरक्षण अनुदान,	दलित, कर्णाली र मानव विकास सुचकांकमा पछि परेका तराई मधेशका ५ वर्ष मुनिका बालबालिकालाई रु ४००/- बाल संरक्षण अनुदान,	दलित, कर्णाली र मानव विकास सुचकांकमा पछि परेका तराई मधेशका ५ वर्ष मुनिका बालबालिकालाई रु ४००/- बाल संरक्षण अनुदान,
जोखिममा रहेका	**धारा ३९(९):** असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका	**सामाजिक सुरक्षा ऐन, २०७५:** दफा ३ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने			

लक्षित समूह	संवैधानिक व्यवस्था	कानूनी व्यवस्था	आ.व. २०७५/७६ को बजेटमा भएको व्यवस्था	आ.व. २०७६/७७ को बजेटमा भएको व्यवस्था	संचालन भईरहेको कार्यक्रम
बालबालिका	बालबालिका विशेष संरक्षण र सुविधाको हक सहित				
		अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५: निःशुल्क विद्यालय दिवा खाजा	मानव विकास सूचकांक न्यून भएका जिल्लामा विद्यालय दिवा खाजा	मानव विकास सूचकांक न्यून भएका ४३ जिल्लामा विद्यालय दिवा खाजा	मानव विकास सूचकांक न्यून भएका ४३ जिल्लामा विद्यालय दिवा खाजा
		बालबालिका सम्बन्धी ऐन, २०७५: जोखिममा रहेका बालबालिकाको हेरचाह, संरक्षण, स्वास्थ्य, शिक्षा तथा अन्य आधारभूत आवश्यकता राज्यबाट पाउने अधिकार	अभिभावकविहिन, जोखिममा परेका तथा सडक बालबालिकाहरूको उद्धार, व्यवस्थापन र पुनर्स्थापना	अभिभावकविहिन, जोखिममा परेका तथा सडक बालबालिकाहरूको उद्धार, व्यवस्थापन र पुनर्स्थापनामा सबै तहका सरकारहरूबीच समन्वय गरिने	अभिभावकविहिन, जोखिममा परेका तथा सडक बालबालिकाहरूको उद्धार, व्यवस्थापन र पुनर्स्थापना
श्रमिक तथा कामदार	**धारा ३४(२):** योगदानमा आधारित सामाजिक सुरक्षाको हक	**योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४:** • सामाजिक सुरक्षा कोषबाट औषधीउपचार, प्रसुति, दुर्घटना, अशक्तता, निवृत्तभरण, आश्रित परिवार तथा बेरोजगार सुविधाको व्यवस्था • औपचारिक, अनौपचारिक तथा स्वरोजगारीका क्षेत्रका श्रमिकहरू समेट्ने,	असंगठित क्षेत्रका किसान, श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्तिलाई व्यक्तिलाई समेत सामाजिक सुरक्षाको दायरामा समाहित गरिने,	योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई फराकिलो बनाउँदै लैजाने र योगदानकर्तालाई सामाजिक सुरक्षा नम्बर उपलब्ध गराउने,	सामाजिक सुरक्षा कोषबाट २०७५ मंसिर ११ गतेदेखि योगदानमा आधारित औषधिउपचार, प्रसुति, दुर्घटना, अशक्तता, निवृत्तभरण, आश्रित परिवार सुविधाको शुरुवात
		श्रम ऐन, २०७४: • सबै श्रमिकलाई सामाजिक सुरक्षा सहितको श्रम अधिकार, • एकभन्दा बढी रोजगारदातासँग आंशिक समयको लागि काम गर्ने श्रमिकको हकमा निज कार्यरत प्रत्येक रोजगारदाताले त्यस्तो श्रमिकले पाउने आधारभूत पारिश्रमिकको आधारमा उपदान, सञ्चय कोष वा सामाजिक सुरक्षा सम्बन्धी अन्य सुविधा बापतको योगदान गर्नु पर्नेछ ।	प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गरिने	प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गरिने,	आ.व. २०७५/७६ मा प्रधानमन्त्री रोजगार कार्यक्रम शुरु भई १ लाख ७२ हजार २ सय ७० जनालाई औसत १२.८ दिनको रोजगारी प्रदान गरिएको
वैदेशिक रोजगारीमा जाने नेपाली		**वैदेशिक रोजगार ऐन, २०६४:** • वैदेशिक रोजगारमा गएको कामदार जुनसुकै समयमा जुनसुकै कारणले मृत्यु भएमा वा अङ्गभङ्ग भएमा त्यसको क्षतिपूर्ति पाउने गरी कामदारलाई वैदेशिक रोजगारमा पठाउनुअघि इजाजतपत्रवालाले प्रत्येक			मृतक कामदारका परिवार, रोजगारीमा अंगभंग भएकालाई आर्थिक सहायता, परिवारलाई औषधी उपचार सहयोग, सन्तानलाई छात्रवृत्ति, अलपत्र परेका वा मृतक कामदारको शव झिकाउने जस्ता संरक्षणका कार्यक्रमहरू रहेका

लक्षित समूह	संवैधानिक व्यवस्था	कानूनी व्यवस्था	आ.व. २०७५/७६ को बजेटमा भएको व्यवस्था	आ.व. २०७६/७७ को बजेटमा भएको व्यवस्था	संचालन भईरहेको कार्यक्रम
		कामदारको करार अवधिभर कायम रहने गरी बीमा गराउनु पर्ने, ● वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्किआएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा कल्याणको लागि वैदेशिक रोजगार कल्याणकारी कोषको स्थापना,			
असहाय एकल महिला	**धारा ४३ सामाजिक सुरक्षाको हक:** आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका अवस्थामा रहेका, **असहाय एकल महिला,** अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षा	● **सामाजिक सुरक्षा ऐन, २०७५:** सामाजिक सुरक्षा भत्ता पाउने	सबै असहाय एकल महिलालाई मासिक रु. १,०००/- भत्ता,	सबै असहाय एकल महिला मासिक रु. २,०००/- भत्ता,	सबै असहाय एकल महिला मासिक रु. २,०००/- भत्ता
ज्येष्ठ नागरिक	**धारा ४१:** राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक		● प्रत्येक प्रदेशमा ज्येष्ठ नागरिक आरोग्य आश्रम संचालन गर्ने, ● ७० वर्ष पूरा भएका सबै ज्येष्ठ नागरिकको रु १ लाख सम्मको स्वास्थ्य बीमाको बीमा शुल्क सरकारले व्यहोर्ने ● एक सय सैयाभन्दा ठूला अस्पतालमा ज्येष्ठ नागरिक वार्ड स्थापना गरिने,	● प्रत्येक स्थानीय तहमा संघ, प्रदेश, स्थानीय तह र निजी क्षेत्रको सहकार्यमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन गरिर्ने, ● ७० वर्ष पूरा भएका सबै ज्येष्ठ नागरिकको रु १ लाख सम्मको स्वास्थ्य बीमाको बीमा शुल्क सरकारले व्यहोर्ने	● ७० वर्ष पूरा भएका सबै ज्येष्ठ नागरिकको रु १ लाख सम्मको स्वास्थ्य बीमाको बीमा शुल्क सरकारले व्यहोर्ने गरेको,
	धारा ४३: कानून बमोजिम सामाजिक सुरक्षाको हक	**सामाजिक सुरक्षा ऐन, २०७५:** दलित तथ कर्णालीका ६० वर्ष उमेर पुरा भएका अन्य क्षेत्रका ७० वर्ष उमेर पूरा भएकालाई सामाजिक सुरक्षा भत्ता पाउने	मासिक रु. २,०००/- सामाजिक सुरक्षा भत्ता	मासिक रु. ३,०००/- सामाजिक सुरक्षा भत्ता	वि.सं. २०५१ मा शुरु भएको हाल मासिक रु. ३,०००/- सामाजिक सुरक्षा भत्ता
आर्थिक रूपमा विपन्न	**धारा ३१(३)** : आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने	**अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५:** ● दफा २२(१): आवश्यक पर्ने कापी कलम, लगायतका शैक्षिक सामग्री प्रदान गर्न सक्ने, ● दफा २३: छात्रवृत्ति प्रदन गर्न सक्ने, ● दफा २५: दिवा खाजा सम्बन्धी व्यवस्था	छात्रवृत्ति, अनुदानमा शैक्षिक ऋण, निःशुल्क विद्यालय खाजा कार्यक्रम	छात्रवृत्ति, ४३ जिल्लाका सामुदायिक प्राथमिक विद्यालयमा निःशुल्क विद्यालय खाजा कार्यक्रम, निःशुल्क उच्च शिक्षा प्रदान गरिने,	छात्रवृत्ति, निःशुल्क विद्यालय खाजा कार्यक्रम

लक्षित समूह	संवैधानिक व्यवस्था	कानूनी व्यवस्था	आ.व. २०७५/७६ को बजेटमा भएको व्यवस्था	आ.व. २०७६/७७ को बजेटमा भएको व्यवस्था	संचालन भईरहेको कार्यक्रम
	धारा ४२(२): शिक्षा स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने,	• **जनस्वास्थ्य सेवा ऐन, २०७५:** दफा ४७ लक्षित समूहका लागि विशेष सामाजिक सुरक्षा तथा कार्यक्रमहरू,		विपन्न नागरिकलाई ८ प्रकारका जटिल र असाध्य रोगको नि:शुल्क उपचारका लागि अनुदानको व्यवस्था	विपन्न नागरिकलाई ८ प्रकारका जटिल र असाध्य रोगको नि:शुल्क उपचारका लागि अनुदान
		• **आवासको अधिकार सम्बन्धी ऐन, २०७५:** आवास हीन विपन्न तथा विपद पीडित व्यक्ति तथा परिवारलाई आवास सुविधा उपलब्ध गराउने,	गरीबीको रेखामुनि रहेका, भूमिहिन तथा प्रकोपको कारण आवासविहिन भएकाको घर निर्माणको लागि प्रति परिवार रु ५० हजार बजेट विनियोजन	• जनता आवास: ३० हजार घर निर्माण, • सुरक्षित आवास: २० हजार घर निर्माण, • जोखिमयुक्त वस्तीमा रहेका परिवारलाई एकीकृत वस्तीमा सार्ने,	प्रदेश सरकारहरूबाट जनता आवास कार्यक्रम सञ्चालन
		• **रोजगारीको हक सम्बन्धी ऐन, २०७५:** दफा ८(२) रोजगार कार्यक्रम सञ्चालन गर्दा महिला दलित, आर्थिक रूपले विपन्न व्यक्ति, शहिद परिवार र वेपत्ता पारिएका परिवारलाई प्राथमिकता दिनु पर्ने,		रोजगारीको विशेष कार्यक्रम	
		• **खाद्य अधिकार तथा खाद्य संप्रभुता सम्बन्धी ऐन, २०७५:** गरिब, भौगोलिक विकटता, विपद् आदिका कारण खाद्य असुरक्षाको जोखिममा रहेकाहरूलाई खाद्य सहायता परिचयपत्र दिइने,	राज्य सुरक्षा परिचयपत्र भएका नागरिकले सुपथ मूल्यमा आधारभूत खाद्यान्न प्राप्त गर्ने व्यवस्थाको लागि अनुदानको व्यवस्था गरिएको,	खाद्य सुरक्षाको लागि रोजगार कार्यक्रम	
		• **भूमी सम्बन्धी ऐन, २०२१** दफा ५२: भूमिहीन दलितलाई एकपटकको लागि जमिन उपलब्ध गराउने,			
		• **सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५** दफा ३३: अति विपन्न महिलालाई सुत्केरी भत्ता उपलब्ध गराउनु पर्ने,			
	धारा ४३ सामाजिक सुरक्षाको हक: आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षा	**सामाजिक सुरक्षा ऐन, २०७५:** सामाजिक सुरक्षा भत्ता पाउने, अति विपन्न बालबालिकाले बालपोषण भत्ता पाउने(दफा ९)	• २६ जिल्लामा पहिचान भएका गरीबहरूलाई **राज्य सुरक्षा परिचयपत्र** वितरण गर्ने, ५१ जिल्लामा सर्वेक्षण गर्ने,	• राज्यबाट संरक्षित भएको अनुभूति हुने गरी कार्यक्रम संचालन, • गरीब पहिचान कार्यक्रमलाई निरन्तरता दिने,	

लक्षित समूह	संवैधानिक व्यवस्था	कानूनी व्यवस्था	आ.व. २०७५/७६ को बजेटमा भएको व्यवस्था	आ.व. २०७६/७७ को बजेटमा भएको व्यवस्था	संचालन भईरहेको कार्यक्रम
अपांगता भएका व्यक्ति	• **धारा ३१(३)** : अपांगता भएका व्यक्तिलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक, • **धारा ३१(४)** दृष्टिविहिन नागरिकलाई ब्रेलिपी तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा पाउने हक	**अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५** • दफा २३: छात्रवृत्ति प्रदन गर्न सक्ने, • दफा २५: दिवा खाजा सम्बन्धी व्यवस्था, • दफा ३३: दृष्टिविहिन नागरिकलाई ब्रेलिपी तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा पाउने अधिकार सहितको विशेष व्यवस्था,	छात्रवृत्ति, निःशुल्क विद्यालय खाजा कार्यक्रम	• ६३ हजार अपांगता भएका विद्यार्थीलाई छात्रवृत्ति, • निःशुल्क उच्च शिक्षा प्रदान गरिने, • मनोबल बढाउन शिक्षा र तालीमको व्यवस्था,	छात्रवृत्ति
	धारा ४२(३): विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने तथा सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक,	• **जनस्वास्थ्य सेवा ऐन, २०७५:** अति गरीब जनतालाई निःशुल्क स्वास्थ्य सेवा तथा गरीब नागरिकहरूलाई स्वास्थ्य बीमामा अनुदान,		स्वास्थ्यका लागि अपांगमैत्री खेल परिसर र सुविधा	
		• **आवासको अधिकार सम्बन्धी ऐन, २०७५:** आवास सुविधाबाट वञ्चित गर्न वा भेदभाव गर्न नपाईने		अपांगता भएका व्यक्तिहरू सडकमा रहनु पर्ने अवस्थाको अन्त्य,	
		• **रोजगारीको हक सम्बन्धी ऐन, २०७५:**		अपांगता भएका व्यक्तिहरूको लागि प्रधानमन्त्री रोजगारी कार्यक्रममा सुचीकरण सञ्चालन गरिने	
		• **बालबालिका सम्बन्धी ऐन, २०७५:** दफा १२ अपांगता भएका बालबालिकाको विशेष अधिकार,	प्रदेश तहमा विशेष शिक्षा आवासीय संस्था स्थापना गर्ने	आवासीय विद्यालय	केही आवासीय विद्यालय संचालनमा
	धारा ४३ सामाजिक सुरक्षाको हक: आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षा	• **सामाजिक सुरक्षा ऐन, २०७५:** सामाजिक सुरक्षा भत्ता पाउने	(क) वर्गका अपांगता भएकालाई मासिक रु.२,०००/- र (ख) वर्गका अपांगता भएकालाई मासिक रु. ६००/- दिइने,	(क) वर्गका अपांगता भएकालाई मासिक रु.३,०००/- र (ख) वर्गका अपांगता भएकालाई मासिक रु. १,६००/- दिइने,	
		• **अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४:** विशेष अधिकारको व्यवस्था, शिक्षा, सीप विकास तथा रोजगारी, स्वास्थ्य, पुनर्स्थापना, सामाजिक सुरक्षा तथा			अपांगताको वर्गीकरण सहितको परिचयपत्र वितरण

लक्षित समूह	संवैधानिक व्यवस्था	कानूनी व्यवस्था	आ.व. २०७५/७६ को बजेटमा भएको व्यवस्था	आ.व. २०७६/७७ को बजेटमा भएको व्यवस्था	संचालन भईरहेको कार्यक्रम
		मनोरञ्जनमा विशेष व्यवस्था सहित सहुलियत र सुविधा, • अपांगताको वर्गीकरण सहितको परिचयपत्र वितरण			
		• **सामाजिक न्याय तथा कानूनी सहायता सम्बन्धी**		निःशुल्क कानूनी सहायता उपलब्ध गराईने,	
लोपोन्मुख आदिवासी जनजाति	**धारा ४३ सामाजिक सुरक्षाको हक:** आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षा	**सामाजिक सुरक्षा ऐन, २०७५:** दफा ३ बमोजिम सामाजिक सुरक्षा भत्ता पाउने, दफा ९ बमोजिम अति विपन्न, लोपोन्मुख र सरकारले तोकेका ५ वर्ष उमेर पूरा नगरेका बालबालिकाले बाल पोषण भत्ता पाउने	सबै व्यक्तिलाई मासिक रु. २,०००/-	सबै व्यक्तिलाई मासिक रु. ३,०००/-	१० अति लोपोन्मुख जातिका सबै व्यक्तिलाई मासिक तिव्यक्ति रु. ३,०००/-
दलित	**दफा ४०:** दलितको हक उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षा, दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्ने कानुनी व्यवस्था गरिने	• **अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५:** निःशुल्क उच्च शिक्षा • **बालबालिका सम्बन्धी ऐन, २०७५:** छात्रवृत्तिसहित निःशुल्क शिक्षा	छात्रवृत्तिको व्यवस्था	१० लाख ७६ हजार दलित विद्यार्थीलाई छात्रवृत्ति दिइने	विभिन्न छात्रवृत्तिको व्यवस्था
	धारा ४३: आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षा	**सामाजिक सुरक्षा ऐन, २०७५:** दफा	६० वर्ष पूरा भएका दलितलाई मासिक रु. १,०००/- र ५ वर्ष पूरा नभएका बालबालिकालाई मासिक रु.४००/- भत्ता	६० वर्ष पूरा भएका दलितलाई मासिक रु. २,०००/- र ५ वर्ष पूरा नभएका बालबालिकालाई मासिक रु.४००/- भत्ता	• ६० वर्ष पूरा भएका दलितलाई मासिक रु. २,०००/- • ५ वर्ष पूरा नभएका बालबालिकालाई मासिक रु.४००/- भत्ता, • जन्मदर्ता प्रोत्साहन भत्ता एकपटक रु १,०००/-
शहीद, द्वन्द्व पीडित परिवार र घाइते	**धारा ४२(५)** शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय र उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा प्राथमिकतासाथ अवसर पाउने हक	**अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५:** शहीद परिवार तथा द्वन्द्व पीडितका परिवारका बालबालिकालाई शिक्षामा विशेष अवसर	छात्रवृत्ति	छात्रवृत्ति, आकस्मिक स्वास्थ्य सेवा कोषबाट निःशुल्क स्वास्थ्य सेवा	छात्रवृत्ति
		रोजगारीको हक सम्बन्धी ऐन, २०७५ : बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न सञ्चालन गरिने रोजगार कार्यक्रममा महिला, दलित, आर्थिक रूपले		शहीद, द्वन्द्व पीडित, परिवार र घाइते सामाजिक सुरक्षाको दायरामा ल्याउने	एकमुष्ट राहत

लक्षित समूह	संवैधानिक व्यवस्था	कानूनी व्यवस्था	आ.व. २०७५/७६ को बजेटमा भएको व्यवस्था	आ.व. २०७६/७७ को बजेटमा भएको व्यवस्था	संचालन भईरहेको कार्यक्रम
		विपन्न व्यक्ति, शहीद परिवार र बेपत्ता पारिएका व्यक्तिका परिवारलाई प्राथमिकता दिनु पर्ने			
असंगठित क्षेत्रका किसान, श्रमिक तथा स्वरोजगारीमा रहेका			असंगठित क्षेत्रका किसान, श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्तिहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने		
अपराध पीडित	**धारा २१(२)** कानून बमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने	**अपराध पीडित संरक्षण ऐन, २०७५**	छात्रवृत्ति	छात्रवृत्ति, आकस्मिक स्वास्थ्य सेवा कोषबाट नि:शुल्क स्वास्थ्य सेवा	
सबै नागरिक	**धारा ३१ शिक्षा सम्बन्धी हक:** आधारभूत तहको शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यामिक तहको शिक्षा नि:शुल्क	**अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५:** • सबै नागरिकलाई आधारभूत तहसम्म अनिवार्य तथा नि:शुल्क र माध्यमिक तहसम्म नि:शुल्क शिक्षा, • माध्यामिक तहसम्म मातृभाषामा शिक्षा पाउने	सबैको लागि माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क बनाइने,	आधारभूत तहको शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यामिक तहको शिक्षा नि:शुल्क	आधारभूत तहको शिक्षा अनिवार्य तथा नि:शुल्क र माध्यामिक तहको शिक्षा नि:शुल्क
	धारा ३३ रोजगारीको हक: प्रत्येक नागरिकलाई रोजगारी हक	**रोजगारीको हक सम्बन्धी ऐन, २०७५ :** • न्यूनतम १ सय दिनको रोजगारी • बेरोजगार व्यक्तिले रोजगार सम्बन्धी सूचना, सीपमूलक तालिम तथा स्वरोजगारीको लागि सहुलियतमा ऋण पाउने हक, • बेरोजगार सहायता : १०० दिनको न्यूनतम ज्यालादरमा ५० प्रतिशत प्रदान गरिने,	• सबै नागरिकको लागि रोजगारी सिर्जना गर्ने, • प्रधामन्त्री रोजगार कार्यक्रम, • स्थानीय तहहरूमा रोजगार सूचना केन्द्रको स्थापना गर्ने, • बजारको मागबमोजिम नि:शुल्क सीपमूलक तालिम, • समान ज्याला, • न्यूनतम ज्यालादरको पुनरावलोकन गरिने, • स्वरोजगार प्रवर्द्धनको लागि उच्च शिक्षा अध्ययन गरेकाहरूलाई शैक्षिक	• प्रधानमन्त्री रोजगार कार्यक्रमको विस्तार र निरन्तरता, • खाद्य असुरक्षा भएका क्षत्रका बेरोजगारलाई लक्षित गरी रोजगारीका विशेष कार्यक्रम संचालन गरिने, • बेरोजगार लक्षित सीप विकास र उद्यमशीलताको प्रवर्द्धन गर्न एकीकृत नीति र संरचना संचालन गरिने,	• आ.व. २०७५/७६ मा प्रधानमन्त्री रोजगार कार्यक्रम शुरु भई १ लाख ७२ हजार २ सय ७० जनालाई औसत १२.८ दिनको रोजगारी प्रदान गरिएको, • न्यूनतम ज्यालादरको मिति २०७५ साउन ३१ मा पुनरावलोकन गरिएको,

लक्षित समूह	संवैधानिक व्यवस्था	कानूनी व्यवस्था	आ.व. २०७५/७६ को बजेटमा भएको व्यवस्था	आ.व. २०७६/७७ को बजेटमा भएको व्यवस्था	संचालन भईरहेको कार्यक्रम
			प्रमाणपत्रको धितोमा ५ प्रतिशत व्याजदरमा ऋणको व्यवस्था, • वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप प्रमाणीकरण गरी व्यवसाय संचालन गर्न कर्जाको सुरक्षण र व्यवसायको बीमा सहित रु १० सम्म ऋण दिने ।		
	धारा ३४ श्रमको हक: योगदानमा आधारित सामाजिक सुरक्षा	**योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४:** • सामाजिक सुरक्षा कोषबाट औषधि उपचार, प्रसुति, दुर्घटना, अशक्तता, निवृत्तभरण, आश्रित परिवार तथा बेरोजगार सुविधाको व्यवस्था • औपचारिक, अनौपचारिक तथा स्वरोजगारीका क्षेत्रका श्रमिकहरू समेट्ने,	असंगठित क्षेत्रका किसान, श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्तिलाई व्यक्तिलाई समेत सामाजिक सुरक्षाको दायरामा समाहित गरिने,	योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई फराकिलो बनाउँदै लैजाने र योगदानकर्तालाई सामाजिक सुरक्षा नम्बर उपलब्ध गराउने,	सामाजिक सुरक्षा कोषबाट २०७५ मंसिर ११ गतेदेखि योगदानमा आधारित औषधीउपचार, प्रसुति, दुर्घटना, अशक्तता, निवृत्तभरण, आश्रित परिवार सुविधाको शुरुवात
	धारा ३५ स्वास्थ्य सम्बन्धी हक: आधारभूत स्वास्थ्य सेवा नि:शुल्क	**जनस्वास्थ्य सेवा ऐन, २०७५**: • सबै नागरिकको लागि गुणस्तरीय स्वास्थ्य सेवा, • नवजातशिशु स्वास्थ्य, परिवार नियोजन, सरुवारोग, मानसिक स्वास्थ्य, ज्येष्ठावस्था स्वास्थ्य, आकस्मिक स्वास्थ्य सेवा लगायतका आधारभूत स्वास्थ्य नि:शुल्क पाउने हक, **सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५:** • सबै महिला तथा किशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श पाउने हक, • ९८ दिनको तलबी प्रसुती बिदा तथा १५ दिनको प्रसुती स्याहार बिदा	• स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो, गुणस्तरीय तुल्याइने, • सबै नागरिकहरू समेटिने गरी स्वास्थ्य बीमा कार्यक्रमको विस्तार गरिने, • नि:शुल्क स्वास्थ्य सेवाको लागि स्थानीय तहहरूका १२०० वडाहरूमा स्वास्थ्य संस्थाको स्थापना गरिने, • गर्भावस्था जाँच तथा स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती गराउनेलाई यातायात खर्च दोब्बर,	• देशभर स्वास्थ्य बीमा कार्यक्रमको विस्तार गरिने, • स्थानीय तहका सबै वडाहरूमा स्वास्थ्य संस्थाको स्थापना गरिने, • गर्भावस्था जाँच तथा स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती गराउनेलाई यातायात खर्च	२०७६ माघ मसान्तसम्म ५१ जिल्लाका ५०४ स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम विस्तार भएको, • गर्भावस्था जाँच तथा स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती गराउनेलाई यातायात खर्च • बहुक्षेत्रीय पोषण कार्यक्रम
	धारा ३६ खाद्य सम्बन्धी हक: खाद्यवस्तुको अभाववाट सुरक्षित हुने	**खाद्य अधिकार तथा खाद्य संप्रभुता सम्बन्धी ऐन, २०७५:**	• प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना, • कृषि, पशुपन्छी तथा मत्स्यपालनको ७५ प्रतिशत	• नागरिकको खाद्य अधिकार सुरक्षित गर्ने, • प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाको विस्तार,	• प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना • रासायनिक मल खरिदको अनुदान

लक्षित समूह	संवैधानिक व्यवस्था	कानूनी व्यवस्था	आ.व. २०७५/७६ को बजेटमा भएको व्यवस्था	आ.व. २०७६/७७ को बजेटमा भएको व्यवस्था	संचालन भईरहेको कार्यक्रम
		• प्रत्येक नागरिकलाई खाद्य सुरक्षाको लागि आवश्यक स्वस्थ्य खाद्य पदार्थको पहुँचको अधिकार, • भोकमरीको रोकथाम तथा नियन्त्रण, • खाद्य असुरक्षाको जोखिममा रहेकाको पहिचान, परिचयपत्र तथा नि:शुल्क वा सहुलियत मूल्यमा खाद्य सहायता, • आपतकालीन खाद्य तथा पोषण सुरक्षा, • स्थानीय खाद्यलाई प्राथमिकता,	बीमा शुल्कमा अनुदान सहित कृषि बीमा विस्तार गर्ने	• सबैलाई स्वस्थ्य आहार अभियान संचालन गरिने, • रासायनिक मल खरिदको अनुदान ५० प्रतिशतले वृद्धि,	
	धारा ३७ आवासको हक: आधारभूत स्वास्थ्य सेवा नि:शुल्क	**आवासको अधिकार सम्बन्धी ऐन, २०७५:** आवासविहीन व्यक्ति तथा परिवारलाई प्राथमिकीकरण गरी राज्यले आवासको सुविधा उपलब्ध गराउनु पर्ने,	गरीबीको रेखामुनि रहेका, भूमिहिन तथा प्रकोपको कारण आवासविहिन भएकाको घर निर्माणको लागि प्रति परिवार रु ५० हजार बजेट विनियोजन	• जनता आवास: ३० हजार घर निर्माण, • सुरक्षित आवास: २० हजार घर निर्माण, जोखिमयुक्त वस्तीमा रहेका परिवारलाई एकीकृत वस्तीमा सार्न,	प्रदेश सरकारहरूबाट जनता आवास कार्यक्रम सञ्चालन
	धारा ३८ महिलाको हक: शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसर सहितको हक	**सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५:** • सबै महिला तथा किशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी शिक्षा, सूचना, परामर्श पाउने हक, • ९८ दिनको तलबी प्रसुती बिदा,	• गर्भावस्था जाँच तथा स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती गराउनेलाई यातायात खर्च दोब्बर, • आमा र बच्चाको पोषण सुनिश्चित गर्न गर्भावस्थादेखि नै प्रसुती सुरक्षा सेवा, • ग्रामीण तथा दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको आपत्कालीन उद्धार गर्न एयर एम्बुलेन्सको व्यवस्था,	• गर्भावस्था जाँच तथा स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती गराउनेलाई यातायात खर्च, • महिलाहरूको सर्भाइकल तथा स्तन क्यान्सर जस्ता घातक रोगको नि:शुल्क स्वास्थ्य परीक्षण र सर्भाइकल क्यान्सर विरुद्धको खोप संचालन • सबै स्थानीय तहका स्वास्थ्य केन्द्रबाट सुरक्षित मातृत्व तथा प्रजनन् सेवा,	• गर्भावस्था जाँच तथा स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती गराउनेलाई यातायात खर्च, • सबै स्थानीय तहका स्वास्थ्य केन्द्रबाट सुरक्षित मातृत्व तथा प्रजनन् सेवा
राष्ट्रसेवक कर्मचारी(निजामती, सेना, प्रहरी, सशस्त्र प्रहरी,		• **निजामती सेवा ऐन, २०४९ नियमावली,** • **नेपाल संसद सेवा ऐन,** • **नेपाल स्वास्थ्य सेवा ऐन,** • **सैनिक ऐन तथा नियमावली** • **नेपाल प्रहरी ऐन तथा नियमावली** • **सशस्त्र प्रहरी ऐन २०५८ तथा नियमावली २०७२,**	• योगदानमा आधारित निवृत्तभरण	• योगदानमा आधारित निवृत्तभरण	• उपचार खर्च, • थप आर्थिक सहायता, • अशक्त वृत्ति, • अंगभंग चोटपटक सुविधा, • असाधारण पारिवारिक वृत्ति तथा उपदान, • शैक्षिक तथा सन्तति वृत्ति,

लक्षित समूह	संवैधानिक व्यवस्था	कानूनी व्यवस्था	आ.व. २०७५/७६ को बजेटमा भएको व्यवस्था	आ.व. २०७६/७७ को बजेटमा भएको व्यवस्था	संचालन भईरहेको कार्यक्रम
शिक्षक लगायत)		• **नेपाल विशेष सेवा ऐन, २०४२ तथा नियमावली** • **नेपाल शिक्षक सेवा ऐन तथा नियमावली** • **निवृत्तभरण कोष ऐन, २०७५** • **कर्मचारी संचय कोष ऐन, २०१९ र** • **सरकारी सेवा सम्बन्धित ऐन र नियमावली**			• दूर्घटनामा परी मृत्यु वा चोटपटक भएमा उपचार खर्च वा उपदान, • निवृत्तभरण, • शिशु स्याहार भत्ता, • काजकिरिया खर्च, • योगदानमा आधारित निवृत्तिभरण

अनुसूची-१

कार्यमूलक, सूचना प्रविधि तथा विशेष लेखापरीक्षण महानिर्देशनालयमा कार्यरत कर्मचारीहरू

क्र.सं.	पद	नाम
१	नायव महालेखापरीक्षक	श्री श्रीकुमार राई
२	निर्देशक	श्री राजेन्द्रराज ओझा
३	निर्देशक	श्री ध्रुवराज भुसाल
४	निर्देशक	श्री दिव्यदर्शन अधिकारी
५	निर्देशक	श्री हुमनाथ सुवेदी
६	निर्देशक (सूचना प्रविधि)	श्री रमेशराज सुवेदी
७	लेखापरीक्षण अधिकारी	श्री विष्णु रिजाल
८	लेखापरीक्षण अधिकारी	श्री यमनाथ खनाल
१०	लेखापरीक्षण अधिकारी	श्री यज्ञप्रसाद वस्ती
११	कम्प्युटर अधिकृत (सूचना प्रविधि)	श्री दिपक पौडेल
१२	कम्प्युटर अधिकृत (सूचना प्रविधि)	श्री सुवास अधिकारी
१३	लेखापरीक्षण अधिकारी	श्री हरिप्रसाद आचार्य
१४	लेखापरीक्षण अधिकारी	श्री छिरिङ तोप्के लामा तामाङ
१५	लेखापरीक्षण अधिकारी	श्री दिलकुमार राई
१६	लेखापरीक्षण अधिकारी	श्री विवेकानन्द झा
१७	लेखापरीक्षण अधिकारी	श्री विदुर सापकोटा
१८	लेखापरीक्षण अधिकारी	श्री योगेश चौधरी
१९	लेखापरीक्षण अधीक्षक	श्री सुरक्षा पोखरेल
२०	लेखापरीक्षण अधीक्षक	श्री सरोज खत्री
२१	लेखापरीक्षण अधीक्षक	श्री भरत भट्टराई
२२	लेखापरीक्षण अधीक्षक	श्री दुर्गाप्रसाद आचार्य
२३	लेखापरीक्षण निरीक्षक	श्री सुलोचना पाण्डे
२४	सहायक कम्प्यूटर अपरेटर	श्री सुप्रिया लामा
२५	हलुका सवारीचालक	श्री मधु राना मगर
२६	कार्यालय सहयोगी	श्री बिजय ढकाल